नेपाल

# मानव अधिकार वर्ष पुस्तक २०१८



## अपेक्षा राजनीतिक स्थिरताको

# नेपाल मानव अधिकार वर्ष पुस्तक २०१८

## (नेपाली संस्करण)

**(२०७३ पुस १७ देखि २०७४ पुस १६ गतेसम्म अर्थात् सन् २०१७ भरिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य/तथ्याङ्क सङ्कलन)**


**प्रधान सम्पादक**

मदन पौडेल

**सम्पादन मण्डल**

रमेशप्रसाद तिमल्सिना
राजेश मिश्र
राजु पासवान
सुमित्रा भट्टराई
नारायण सुवेदी
कृष्णबहादुर विश्वकर्मा

**तथ्याङ्क विश्लेषण**

अनुज के.सी.

**ले-आउट**

गोविन्दप्रसाद त्रिपाठी

**कभर डिजाइन**

गीता माली



मानव अधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

नागार्जुन नपा-१०, स्यूचाटार
पत्र मञ्जुषा २७२६, काठमाडौँ, नेपाल
फोन नं. ०१-५२१८७७०, फ्याक्स नं. ०१-५२१८२५१
e-mail: insec@insec.org.np
Web-site: www.insec.org.np; inseconline.org

# नेपाल मानव अधिकार वर्ष पुस्तक २०१८

**प्रकाशन मिति**
२०७४ फागुन ७ गते

**सङ्ख्या**
३ हजार प्रति

**प्रकाशक**
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

**सर्वाधिकार**
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको स्रोत उल्लेख गरी पुन:मुद्रण गर्न सकिनेछ।)

**मूल्य**
रु. ६००।-

**आईएसबीएन** : ९७८-९९३७-९२३९-०-३

**मुद्रक**
ड्रिम ग्राफिक्स प्रेस
धापासी, काठमाडौँ

# विषय सूची


पृष्ठ सङ्ख्या

**भूमिका**

**परिच्छेदहरू**

परिच्छेद १ सन् २०१७ को मानव अधिकार स्थिति : समग्र मूल्याङ्कन १

सन् २०१७ : मानव अधिकार प्रतिविम्ब १७

परिच्छेद २ राज्य र मानव अधिकार

२.१ न्यायपालिका २५

२.२ कार्यपालिका ४१

२.३ व्यवस्थापिका ५३

परिच्छेद ३ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

३.१ अति सीमान्तकृतको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था : पाँचथरका माझी ७१

३.२ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कसीमा महोत्तरीका मुसहर ८१

३.३ रसुवाको भूकम्प : सकसमा विस्थापन र पुनर्स्थापना ८९

३.४ केन्द्रविन्दु गोरखा : भूकम्पपछिको सुस्त पुनर्निर्माण ९६

३.५ बर्दियाका बाढीपीडित : पुनर्स्थापनाको बेवास्तामा १०४

३.६ कालीकोटमा कुपोषण : बालबालिकामा परेको असर ११३

३.७ बालविवाह : बैतडीको अवस्था १२१

**अनुसूचीहरू**

अनुसूची १ सन् २०१७ र मानव अधिकार उल्लङ्घनका तथ्यहरू

१. प्रदेश १ १३३

२. प्रदेश २ १८१

३. प्रदेश ३ २२३

४. प्रदेश ४ २७५

५. प्रदेश ५ ३११

६. प्रदेश ६ ३६१

७. प्रदेश ७ ४०५

अनुसूची २ मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्याङ्क २०१७ ४४१

अनुसूची ३ सन् २०१७ को मानव अधिकार अवस्थाबारे राजनीतिक दलका धारणा ४५१

अनुसूची ४ सन् २०१७ को मानव अधिकार अवस्थाबारे विभिन्न क्षेत्रको धारणा ४५९

अनुसूची ५ क्रिया/प्रतिक्रिया ४६८

अनुसूची ६ नेपाल मानव अधिकार वर्ष पुस्तक २०१८ तयारीका क्रममा संलग्न व्यक्तिहरू ४८३

**हार्दिक आभार**

**नेपाल मानव अधिकार वर्ष पुस्तक २०१८**
**तयार गर्ने क्रममा हामीलाई सहयोग गर्ने**
नर्वेजियन दूतावास
ब्रेड फर द वर्ल्ड (BFTW)
गभरनेन्स फ्यासिलिटी (GF)
इन्सेकका जिल्ला प्रतिनिधि
राजनीतिक दल
आयोगहरू
मन्त्रालयहरू
सुरक्षा निकाय
पेशागत सङ्घसंस्थाहरू
तथा
अन्य सबैप्रति **आभारी छौं।**

# जिल्लागत विषय सूची

## प्रदेश १


१.१ ताप्लेजुङ १३५
१.२ सङ्खुवासभा १३८
१.३ सोलुखुम्बु १४१
१.४ ओखलढुङ्गा १४४
१.५ खोटाङ १४७
१.६ भोजपुर १५१
१.७ धनकुटा १५५
१.८ तेह्रथुम १५८
१.९ पाँचथर १६०
१.१० इलाम १६३
१.११ झापा १६६
१.१२ मोरङ १७०
१.१३ सुनसरी १७४
१.१४ उदयपुर १७७


## प्रदेश २


२.१ सप्तरी १८३
२.२ सिरहा १९२
२.३ धनुषा १९७
२.४ महोत्तरी २०२
२.५ सर्लाही २०६
२.६ रौतहट २१०
२.७ बारा २१५
२.८ पर्सा २१९


## प्रदेश ३


३.१ दोलखा २२५
३.२ सिन्धुपाल्चोक २३०
३.३ रसुवा २३३
३.४ धादिङ २३७
३.५ नुवाकोट २४२
३.६ काठमाडौँ २४६
३.७ भक्तपुर २५१
३.८ ललितपुर २५४
३.९ काभ्रेपलाञ्चोक २५७
३.१० रामेछाप २६१
३.११ सिन्धुली २६५
३.१२ मकवानपुर २६८
३.१३ चितवन २७१


## प्रदेश ४


४.१ गोरखा २७७
४.२ मनाङ २८१
४.३ मुस्ताङ २८३
४.४ म्याग्दी २८५
४.५ कास्की २८८
४.६ लमजुङ २९१
४.७ तनहुँ २९४
४.८ नवलपरासी पूर्व २९८
४.९ स्याङ्जा ३०१
४.१० पर्वत ३०४
४.११ बागलुङ ३०७


## प्रदेश ५


५.१ रूकुम पूर्व ३१३
५.२ रोल्पा ३१५
५.३ प्यूठान ३१९
५.४ गुल्मी ३२३
५.५ अर्घाखाँची ३२६
५.६ पाल्पा ३३०
५.७ नवलपरासी पश्चिम ३३३
५.८ रूपन्देही ३३७
५.९ कपिलवस्तु ३४२
५.१० दाङ ३४६
५.११ बाँके ३५२
५.१२ बर्दिया ३५६


## प्रदेश ६


६.१ डोल्पा ३६३
६.२ मुगु ३६७
६.३ हुम्ला ३७०
६.४ जुम्ला ३७४
६.५ कालीकोट ३७८
६.६ दैलेख ३८३
६.७ जाजरकोट ३८७
६.८ रूकुम पश्चिम ३९१
६.९ सल्यान ३९६
६.१० सुर्खेत ४००


## प्रदेश ७


७.१ बाजुरा ४०७
७.२ बझाङ ४१२
७.३ दार्चुला ४१५
७.४ बैतडी ४१९
७.५ डडेल्धुरा ४२३
७.६ डोटी ४२५
७.७ अछाम ४२८
७.८ कैलाली ४३२
७.९ कञ्चनपुर ४३६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानव अधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। पाँच कार्यालय तथा ७७ जिल्लाका प्रतिनिधिहरू मार्फत् इन्सेकका नियमित कार्यक्रम तथा परियोजनाहरू सञ्चालन भइरहेका छन्। मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई अध्ययन/अनुगमन गर्नका लागि यसले देशका सतहत्तरै जिल्लामा प्रतिनिधिहरूको व्यवस्था गरेको छ।

**२०७३ जेठ २९ गते सम्पन्न साधारण सभाले तीन वर्षका लागि चयन गरेको कार्यसमिति**

**अध्यक्ष** – सुबोधराज प्याकुरेल

**महासचिव** - रमेशचन्द्र पौडेल

**कोषाध्यक्ष** - गीता बराल

**सदस्यहरू**

- रघुनाथ अधिकारी
- ईन्दिरा श्रेष्ठ
- रुद्रबहादुर चर्मकार
- विद्या यादव

**कार्यकारी निर्देशक तथा निम्नलिखित कार्यक्रमहरूमार्फत इन्सेकको दैनन्दिन कार्य सम्पादन गरिन्छ ।**

**मानव अधिकार प्रलेख तथा प्रसार कार्यक्रम**

यस विभाग अन्तर्गत मानव अधिकार उल्लङ्घन/ज्यादतीसम्बन्धी घटनाहरूको अनुगमन, अध्ययन, अनुसन्धान र प्रलेखीकरण तथा स्थलगत अध्ययनमा आधारित प्रतिवेदन प्रकाशन गर्ने गरिन्छ। *त्रैमासिक स्थितिसूचक, नेपाल मानव अधिकार वर्षपुस्तक, प्राची, इन्फर्मलल*गायतका प्रकाशन यही कार्यक्रमअन्तर्गत गरिँदै आएको छ। यसै कार्यक्रम अन्तर्गत *इन्सेक अनलाइन* कार्यक्रम पनि सञ्चालन गरिँदै आएको छ। पीडितहरूलाई तात्कालिक राहत सहयोग गर्न पहल गर्ने, अर्जेन्ट अपिल जारी गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार र सरोकारवाला सङ्घ-संस्थासँग समेत समन्वय कायम गर्नेलगायतका काम यस कार्यक्रममार्फत् हुँदै आएको छ।

**मानव अधिकार शिक्षा कार्यक्रम**

यस कार्यक्रमअन्तर्गत इन्सेकले स्थानीय मानव अधिकार संस्थाहरूसँगको सहकार्यमा मानव अधिकार शिक्षाको प्रचार प्रसार गरिँदै आएको छ। संचेतनामार्फत ग्रामीण क्षेत्रमा जागरण फैलाउन यस कार्यक्रममार्फत मानव अधिकारसम्बन्धी तालिम, समूह परिचालन, सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत मानव अधिकारसम्बन्धी पुस्तक तथा तालिम सामग्री पनि प्रकाशन तथा वितरण हुँदै आएको छ।

**मानव अधिकार शिक्षा रेडियो कार्यक्रम**

मानव अधिकारका विषयमा रेडियो नेपाल तथा स्थानीय एफएमहरूबाट सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको छ। समसामयिक मानव अधिकारका विषयवस्तुहरूलाई साप्ताहिक रूपमा यो कार्यक्रममार्फत् प्रशारण गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत रेडियो श्रोता क्लबसँग समन्वय गरी स्थानीय स्तरमा मानव अधिकारसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिन्छ। त्यसैगरी विभिन्न सरकारी विद्यालयहरूमा बाल अधिकार सचेतना समूह गठन गरी बाल अधिकारको विषयमा सचेतना तथा बालबालिकाको व्यक्तित्व विकाससम्बन्धी क्रियाकलापहरू यस कार्यक्रमअन्तर्गत सञ्चालन भइरहेका छन्।

**मानव अधिकार अभियान तथा पैरवी कार्यक्रम**

राज्यलाई अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय कानुनका आधारमा नीति-नियम बनाउन र सीमान्तकृत समुदायका अधिकार पहिचान गराउन दबावका लागि सिर्जना गर्नु यो कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ। कानुन पुनरावलोकन, मानव अधिकार सन्धि अनुगमन र मानव अधिकार अभियान कार्यक्रमको सञ्चालन पनि यही कार्यक्रमद्वारा हुँदै आएको छ।

**व्यवस्थापन कार्यक्रम**

यस कार्यक्रम अन्तर्गत इन्सेकको सम्पूर्ण प्रशासन तथा अर्थ व्यवस्थापन पर्दछ। यस कार्यक्रमले मानव संशाधन व्यवस्थापन अन्तर्गत कर्मचारीको वृत्ति विकासका सम्बन्धमा पनि काम गर्दै आएको छ। इन्सेकको संस्थागत योजना, अनुगमन र मूल्याङ्कन गर्ने काम पनि यस विभाग अन्तर्गत हुँदै आएको छ। इन्सेकको वार्षिक प्रतिवेदन, *इन्सेक अभियान*जस्ता नियमित प्रकाशनको व्यवस्थापन पनि यही कार्यक्रम अन्तर्गत हुँदै आएको छ। संस्थाको सूचना व्यवस्थापन गर्ने कार्य अन्तर्गत पुस्तकालय तथा सूचना प्रविधिसम्बन्धी शाखाहरू पनि यस कार्यक्रम अन्तर्गत रहेका छन्।

**इन्सेक कार्यालयहरू :**

- **बिराटनगर कार्यालय**, जनपथ टोल, विराटनगर, फोन नं. ०२१-४७१०२५, ४७११२७
- **काठमाडौँ कार्यालय**, नागार्जुन नपा-१०, स्यूचाटार, काठमाडौँ, फोन नं. ०१- ५२१८७७०
- **पोखरा कार्यालय**, जनप्रिय मार्ग, पोखरा, फोन नं. ०६१- ४६५५१२
- **नेपालगञ्ज कार्यालय**, नेसनल ट्रेडिङ रोड, नेपालगञ्ज, फोन नं. ०८१- ५२४५०४, ५२२०६८
- **धनगढी कार्यालय**, उत्तरबेहडी, धनगढी, फोन नं. ०९१- ५२२५७६, ५२१४४६

# आसलाग्दो वर्ष

मानव अधिकार वर्ष पुस्तकको २६ औँ शृङ्खला प्रस्तुत गर्न पाउँदा हामी खुसी छौँ। हामीले मानव अधिकारको समग्र स्थिति अभिलेख जारी गर्नुको अभिप्राय ती सूचनाले नागरिकको मर्यादा र स्वतन्त्रता रक्षाका लागि नागरिक र राज्यको तहमा सचेत पहल गर्ने चेत बढोस् भन्ने नै हो। सन् २०१७ अनेक प्रकारका अन्योलले ग्रस्त रह्यो। राष्ट्रिय नीति बनाउने, ती नीतिअनुरूपको व्यवहार होस् भनेर कार्यक्रम बनाउने र जनतामा सचेत ढङ्गले राष्ट्र निर्माणमा संलग्न हुन अभिप्रेरित गर्ने मानसिकता विकास गर्न सिङ्गो नागरिक समाजलाई उत्साहित गर्ने वातावरण बनाउन हामीले सन् २०१७ मा पनि सकेनौँ।

निर्वाचन लोकतन्त्रको जग हो त्यसले जनतामा निहित चेतनाको अद्यावधिक अभिव्यक्ति प्रकट गर्छ। नेपाल आफैँमा अल्पमत समुदायको मिलिजुली राष्ट्र हो। दुःख, पीडा सबै समुदायमा छ। हामीले मानव विकासका दृष्टिकोणले केही क्षेत्रमा प्रशंसनीय उपलब्धि हासिल गरेका छौँ। दिगो विकासको लक्ष्य हासिल गर्ने मामिलामा पनि हाम्रो प्रतिबद्धता प्रशंसनीय छ। अब हुने निर्वाचनले नेपालमा कस्तो ढाँचा स्थापित गर्ला भन्ने चिन्ताले आमनेपालीलाई वर्षभरि सताइरह्यो। जे होस्, यिनै अन्योलबीच पनि वर्ष २०१८ को पूर्वार्धदेखि जनतामा संशयपूर्वक नै भए पनि केही आशाको सञ्चार भने अवश्य भएको छ।

नेपालको संविधान सामाजिक न्याय र समावेशिताका दृष्टिकोणले राम्रो छ तर समावेशिताको अपव्याख्या र कमसल बुझाइले गर्दा सम्पूर्ण ध्यान जातीय प्रतिनिधित्वमा खुम्चन पुग्यो। निजामती प्रशासनले संविधानको मर्म बुझ्न अटेर गरेकाले संवैधानिक प्रावधानअनुसार नागरिकताको प्रमाणपत्र लिन पनि अदालतको शरण पर्नुपर्ने बाध्यतामा धेरै नागरिक परे। जनताका दैनन्दिन समस्या उजागर गरेबापत नागरिक समाज राजनीतिकर्मीको कोपभाजन भएको छ। झन् संयुक्त राष्ट्रसङ्घका अनेक मञ्चमा मानव अधिकारकर्मीले प्रस्तुत गर्ने समानान्तर प्रतिवेदनले वास्तविकता प्रकट गरिदिनाले सरकारी प्रशासक र शासकहरू नागरिक समाजसँग अति रुष्ट भएका छन्। सरकारी निकायहरू नियमन र सहजीकरण गर्न सक्ने गरी आफ्नो क्षमता विकास गर्दैनन् अनि आफ्नो कमजोरी, त्रुटि छोप्न अरूलाई आरोप लगाउँछन्। राज्यद्वारा गठित सङ्क्रमणकालीन निकायहरू आफ्नो जिम्मेवारी निर्वाह गर्न सक्षम भएनन्। न्यायका लागि सत्य उद्घाटन गर्ने र परिस्थितिजन्य प्रमाणसहित परिपूरण सिफारिस गर्ने मुख्य जिम्मेवारी पाएका आयोगहरू कानुन, नियम र स्रोत अभाव देखाउँदै अनि जिम्मेवारी अर्कोलाई पन्छाउँदै वर्षभरि त्यसैमा रुमलिएर बसे। यस अर्थमा पीडितले आफ्नो साथी हितैषीका रूपमा सङ्क्रमणकालीन न्यायका निकायलाई महसुस गर्न पाएनन्। उता पीडकहरू भने सबैलाई कारागारमा कोच्ने षड्यन्त्र मानव अधिकारकर्मीले गरे भनेर विषयलाई तोडमोड गर्न सफल रहे।

संविधानले परिलक्षित गरेअनुसारको देशको सामाजिक, सांस्कृतिक र आर्थिक लक्ष्य हासिल गर्ने कुरामा दलबीच प्रतिस्पर्धा हुने चरणमा हामी आइपुगेका छैनौँ। परिपालना गर्दै जाँदा प्राप्त हुने व्यावहारिक अनुभवका आधारमा संविधान संशोधन गर्ने, कानुनी जटिलता छिमोल्ने र जनतालाई सहजीकरण गर्ने कार्यक्रमिक योजना बनाउने चरणमा पनि हामी पुगिसकेका छैनौँ। तर ध्रुवसत्यचाहिँ यो हो कि हामी त्यो चरणमा नपुगी सुखै छैन। वर्ष पुस्तक २०१८ ले सन् २०१७ र त्यसअघिका अनुभवका आधारमा मानव अधिकार स्थिति आकलन गरेको छ। विषयहरू सान्दर्भिक होऊन् भनेर ख्याल गरेको छ। सँगै यस पटक वर्ष पुस्तकले आफूलाई थपिएका दुईसहित ७७ जिल्लाका साथै नौलो संरचनाका रूपमा मुलुकले अङ्गालेको सात प्रादेशिक ढाँचामा समाहित गरेको छ। स्थानीय सरकारको संवैधानिक अवधारणाले मूर्त रूप पाएको नेपालमा इन्सेकले आफूलाई पनि त्यसअनुरुप ढाल्ने प्रयत्न गरेको छ।

विगत वर्षहरूमा जस्तै हाम्रा साथीहरूले वर्षभरि नै थलोमै पुगेर विश्वसनीय ढङ्गले सूचना सङ्कलन गरेका छन्। कोही कतै अन्यायमा नपरुन् र नागरिक आफैँ आफ्नोमात्र नभई अरूको अधिकारप्रति समेत सचेष्ट रही जवाफदेही बनून् भन्ने प्रयासमा इन्सेक परिवार अडिग रहेकै फलस्वरुप यो अभिलेख सम्भव भएको हो।

वर्ष पुस्तक पुस्तकमात्र होइन, यो पीडा, सम्भावना र सचेत प्रयासको अभिलेख हो। हरेक ठाउँका आमनागरिक, सबै मानव अधिकारकर्मी, स्थानीय प्रशासन र सञ्चारलगायत क्षेत्रको आत्मीय सहयोगले गर्दा नै यो प्रकाशनले निरन्तरता पाउन सकेको हो। हाम्रो यो प्रयासमा सुरु देखि नै नर्वेजियन सरकारको सहयोग छ। २६ वर्षसम्म हामीसँग निरन्तर साझेदारी गर्ने नर्वेजियन दूतावास र अरू सबै सहयोगीप्रति वर्ष पुस्तक प्रकाशनको यो अवसरमा विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु। हरेक वर्ष नेपालको प्रजातन्त्र दिवसका दिन अर्थात फागुन ७ गते विमोचन हुने यो पुस्तक प्रकाशनका लागि अहोरात्र खट्ने इन्सेक परिवारका सम्पूर्ण दौंतरी तथा सचिवालयलाई सहजीकरण गर्नुहुने कार्यसमितिका सदस्यहरूप्रति हार्दिक आभार व्यक्त गर्छु।

२०७४ फागुन ७

**सुबोधराज प्याकुरेल**
अध्यक्ष

सन् २०१७ को मानव अधिकार स्थिति : समग्र मूल्याङ्कन

# १ अपेक्षा राजनीतिक स्थिरताको

**परिचय**

नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत इन्सेकले २६ वर्षदेखि देशका सबै जिल्लामा भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेखीकरण गरिरहेको छ। इन्सेकका ७७ जिल्लामा रहेका प्रतिनिधि यस पुस्तकका आधारस्रोत हुन्। इन्सेक प्रतिनिधिले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको प्राथमिक सूचना सङ्कलन गर्छन् र त्यस्ता घटनाको पुष्टि तथा पुनर्पुष्टिका लागि प्रहरी, स्थानीय प्रशासन, राजनीतिक दल, मानव अधिकारकर्मी तथा सङ्घ/संस्थालगायतसँग सहयोग लिन्छन्। जिल्ला प्रतिनिधिले यसरी पठाएका घटना सातै प्रदेश समेट्ने गरी पाँच स्थानमा स्थापना गरिएका इन्सेकका कार्यालयको डाटाबेसमा समाविष्ट गरिन्छ। वर्षको दुईपटक आयोजना गरिने सम्पादन भेला तथा सबै जिल्लामा आयोजना गरिने पूर्व समीक्षा बैठकहरूबाट प्राप्त सुझावहरूका आधारमा घटना विवरणलाई अन्तिम रूप दिइन्छ। नेपाल मानव अधिकार वर्ष पुस्तकले यसरी गर्ने अभिलेखीकरणले देशको समग्र मानव अधिकार अवस्था उजागर गर्छ।

सन् १९९२ देखि हरेक वर्ष प्रकाशन गरिएका नेपाल मानव अधिकार वर्ष पुस्तकले सन् २०१८ सम्म आइपुग्दा २६ औँ वसन्त पार गरेको छ। यो अवधिमा नेपालमा ठूला राजनीतिक परिवर्तन भए। वर्ष पुस्तक हरेक परिवर्तनको पदचाप पछ्याउँदै तिनकै साक्षीका रूपमा रहने गरेको छ।

तालिका १ : सन् २०१७ मा मारिएकाको सङ्ख्या र पीडक पक्ष



नेपालमा सन् १९९० पछि सुरू भएको प्रजातान्त्रिक अभ्यासका क्रममा इन्सेकले प्रजातन्त्र, मानव अधिकार र विधिको शासनप्रति समर्पित रही यसको समग्र विकासमा योगदान पुऱ्याउँदै आएको छ। यो अवधिका राजनीतिक घटनाक्रम नियाल्दा प्रजातान्त्रिक सरकार गठन, माओवादी सशस्त्र द्वन्द्वका १० वर्ष र पुनर्स्थापित प्रजातन्त्रका ११ वर्षको अवधिमा इन्सेकले आफूलाई एक सशक्त मानव अधिकार पहरेदारका रूपमा उभ्या( उन सफल भएको छ। सन् १९९२ देखि हामीले विभिन्न कालखण्डमा उठाउँदै आएका मानव अधिकारका सर्वव्यापी सिद्धान्तअनुरूप राज्यले गर्ने व्यवहार र आमनागरिकले प्राप्त गर्ने मानव अधिकारका विषयवस्तुले नै प्राथमिकता पाइरहेका छन्। यिनै विषयवस्तुको निरन्तरताको क्रम यस वर्ष पनि जारी रह्यो।

नेपाल मानव अधिकार वर्ष पुस्तक २०१८ मा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले मानव अधिकारको संरक्षणमा खेलेको भूमिकाको विश्लेषणात्मक प्रस्तुति संलग्न छ। साथै प्रदेशको प्रतिनिधित्व हुनेगरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी आलेख यो वर्ष समेटिएका छन्। यस वर्ष पाँचथरका माझी समुदाय, महोत्तरीका सीमान्तकृत मुसहर समुदाय, रसुवाका भूकम्पपीडितको पुनर्स्थापना, गोरखामा भूकम्पपछिको पुनर्निर्माण, बर्दियाका बाढीपीडित र बैतडीमा बालविवाह जस्ता आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयले वर्ष पुस्तकमा स्थान पायो। यस पुस्तकमा प्रकाशित सामग्रीहरू नेपालमा मानव अधिकारको अवस्था चित्रण गर्न सहयोगी हुने अपेक्षा छ।

## अपेक्षा राजनीतिक स्थिरताको पृष्ठभूमि

नेपालको संविधानले तोकेको समयसीमाभित्र स्थानीय तह तथा प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन सम्पन्न भई परिणामसमेत प्राप्त भएको छ। मतदाताको उत्साहपूर्ण सहभागितामा सम्पन्न यी निर्वाचनले जनताको लोकतन्त्रप्रतिको आस्था र विश्वास उजागरमात्रै गरेको छैन, परिवर्तन र समृद्धिप्रतिको उत्कट चाहना पनि प्रस्फुटन भएको छ। लामो सङ्क्रमणकाल अन्त्यको दिशातर्फ देशलाई डोऱ्याउन यी निर्वाचनले महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा सर्वत्र गरिएको छ।

१० वर्ष लामो सशस्त्र द्वन्द्व र यसका कारण देशमा सिर्जित विशृङ्खलताले वाक्क भएका नेपाली जनताको जोडबलले हिंसात्मक राजनीतिमा संलग्न शक्तिलाई पनि लोकतान्त्रिक मार्गमा हिँड्न बाध्य बनाएको थियो। नेकपा माओवादी शान्ति प्रक्रियामा प्रवेश गरेसँगै नेपाली जनतामा आशाको सञ्चार सुरु भएको थियो। संविधान सभाको दोस्रो निर्वाचनपछि देशमा व्याप्त बेथिति अन्त्यतर्फ मुलुकले पाइला चाल्ने जनअपेक्षा थियो र त्यस्ता समस्या सम्बोधन हुने विश्वास गरिएको थियो। तर, फेरि पनि राजनीतिक सङ्क्रमणका नाममा देशले विकासको बाटो ठम्याउन सकेन। यसबीचमा राजनीतिक नेतृत्वले पटकपटक 'सङ्क्रमणकाल' को बहाना बनाए र आफ्नो कमजोरीलाई ढाकछोप गर्ने प्रयास गरिरहे। सर्वसाधारण भने यसैमा चित्त बुझाएर बस्न बाध्य भए। अब गठन हुने सरकारले भने सङ्क्रमणकाल अन्त्य गरी देशलाई समृद्धिको मार्गतर्फ डोऱ्याउने आशा लिइएको छ।

आवधिक निर्वाचन लोकतन्त्रको सुन्दर पक्ष हो। जनताद्वारा निर्वाचित प्रतिनिधिमार्फत सरकार परिवर्तन हुने र आफूले निर्वाचित गरेका प्रतिनिधिमार्फत शासित हुने उन्नत विशेषता लोकतन्त्रमा हुन्छ। यसमा सरकार परिवर्तन त हुन्छ तर आवधिक निर्वाचनका माध्यमबाट शान्तिपूर्ण तरिकाले। त्यसैले लोकतन्त्रलाई संसारको सबैभन्दा उन्नत राजनीतिक व्यवस्था मानिँदै आएको छ। हाल कायम नेपालको संविधानले पनि यिनै विशेषतायुक्त पद्धति अनुशरण र संरक्षण गर्छ जसमा उल्लिखित अधिकार प्राप्तिका लागि नागरिकले पटकपटक ठूलो बलिदान र त्याग गरेका छन्। जनताका प्रतिनिधिले

**तालिका २**
**सन् २०१७ मा मारिएकाको सङ्ख्या र पीडक पक्ष**



संविधान लेख्ने र सो संविधानअन्तर्गत शासित हुने २००७ सालदेखिको जनअपेक्षा पूर्ण हुनुका पछाडि पनि यिनै बलिदान र त्यागको मुख्य भूमिका रहेकामा शङ्का छैन।

लामो सङ्क्रमण र राजनीतिक अस्थिरताबाट वाक्क भएको नेपाली समाजले यावत् विसङ्गतिबाट थोरै भए पनि राहत पाउने माध्यमका रूपमा यी निर्वाचनलाई लिएको देखिन्छ। त्यसैले लामो बलिदानबाट प्राप्त संविधान सभा र त्यसले बनाएको नेपालको संविधान कार्यान्वयनको दिशातर्फ मुलुक अगाडि बढिरहेको ज्वलन्त कदमका रूपमा पनि यी निर्वाचन साक्षी बनेका छन्। तीन चरणमा सम्पन्न स्थानीय तह निर्वाचनपछि प्रदेश सभा र केन्द्रको निर्वाचन सम्पन्न गरी नेपालको संविधानले तोकेका कार्यभार पूरा गर्ने दिशातर्फ मुलुक अगाडि बढेको छ। नयाँ संविधान जारी भइसकेपछि त्यसको पूर्ण र प्रभावकारी कार्यान्वयनको प्रमुख सिँढीका रूपमा लिइएका यी निर्वाचनको ऐतिहासिक महत्त्वसमेत छ।

**निर्वाचनमय वर्ष २०७४**

सन् २०१७ लाई नियाल्दा नेपाल निर्वाचनमय भएको आभास भयो। नेपालको संविधानअनुसार नेपाली जनताले पहिलोपटक सङ्घीय गणतान्त्रिक राजनीतिक व्यवस्थाअन्तर्गत स्थानीय, केन्द्रीय र प्रदेश सभाका लागि आफ्ना प्रतिनिधि निर्धक्क चुन्ने अवसर पाए। संविधानत: २०७४ माघ ७ भित्र स्थानीय तह, प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन भइसक्नै पर्थ्यो। राजनीतिक खिचातानी, आफ्ना मुद्दा सम्बोधन नभई निर्वाचनमा सहभागी नहुने मधेसकेन्द्रित दलहरूको अडान, अस्थिर सरकार जस्ता कारण संविधानले तोकिदिएको सीमाभित्र निर्वाचन नहोला कि भन्ने संशय धेरैमा थियो। विविध संशयबीच विभिन्न चरणमा भए पनि निर्वाचन सम्पन्न गर्न सरकार तथा निर्वाचन आयोग सफल भए।

**निर्वाचन आचारसंहिता उल्लङ्घन र बढ्दो निर्वाचन खर्च**

निर्वाचन हुनुमात्र ठूलो कुरा होइन। यसको इज्जत र प्रतिष्ठा कायम रहिरहन यो स्वच्छ, निष्पक्ष र भयरहित हुन पनि उत्तिकै आवश्यक छ।

**तालिका ३ : सन् २०१७ मा अपहरण गरिएको सङ्ख्या जिल्लागत आधारमा**



निर्वाचन आयोगले निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्नका लागि सरोकारवालाले पालना गर्नुपर्ने आचरण व्यवस्थित गर्न निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी आचारसंहिता जारी गऱ्यो। तर, निर्वाचन अवधिभर आचारसंहिता विपरीतका क्रियाकलाप सार्वजनिक भइरहे।

आचारसंहिता पालना गर्ने जिम्मेवारी राजनीतिक दलहरूको हुन्छ भने परिपालना गराउने मुख्य दायित्व निर्वाचन आयोगको। सरकार त आचारसंहिताको परिधिमा पूरै बाँधिएको हुन्छ। न दलले यो वास्तविकता बुझेर आचारसंहिता पालना गरे न त आयोगले नै यसप्रति उनीहरूलाई जिम्मेवार बनाउन सक्यो। आयोगले पनि आचारसंहिता उल्लङ्घन गर्ने राजनीतिक दललाई सचेत गराएको भन्ने केही सूचना प्रकाशन भए पनि आफूमा निहित अधिकार प्रयोग गरेको भने पाइएन। राजनीतिक दल र उम्मेदवारले आचारसंहिता उल्लङ्घन गरेका घटना अभिलेखित भए। निर्वाचन आयोगमा आचारसंहिता उल्लङ्घनका करिब २ हजारभन्दा बढी उजुरी पर्नुले पनि यसको पुष्टि हुन्छ।

अरु राजनीतिक दलले आयोजना गरेको चुनावी सभा, जुलुस, ऱ्याली जस्ता कार्यक्रममा अवरोध गर्न नहुने निर्वाचन आचारसंहिता २०७० को बुँदा नं. ३० मा उल्लेख छ। तर, यो प्रावधान विपरीत स्थानीय तहको पहिलो र दोस्रो चरणको निर्वाचनका बेला विशेषत: मधेसका जिल्लामा त्रास सिर्जना गर्ने गतिविधि भए। लोकतन्त्रमा नागरिकको मन जितेर मतका माध्यमबाट शासन गर्नुपर्नेमा बाहुबलका माध्यमबाट राजनीति सञ्चालन गर्न खोज्दा अराजकता र दण्डहीनताले ठाउँ पायो। निर्वाचन आयोगको उदासीनता, राजनीतिक दलको निर्वाचन आचारसंहिताप्रति बेवास्ता र सरकारको हेपाहा व्यवहार यस सन्दर्भमा ख्याल गर्नुपर्ने विषयका रूपमा इतिहासमा अङ्कित भए।

निर्वाचन आयोगले मतदाता शिक्षालाई जोड दिएको बताए पनि प्रभावकारी भएको पाइएन। मतदाता शिक्षाका लागि स्वयम्सेवक परिचालनदेखि आयोगले मिडियामा मतदान सिकाउँदै विज्ञापन गर्ने गरेको थियो। तर, बदर मत १० प्रतिशतको हाराहारीमा देखिनुले मतदाता शिक्षाको प्रभावकारितामा प्रश्न खडा भयो। मतदाता शिक्षाका नाममा निर्वाचन आयोगले करोडौँ खर्च गरेको समाचार प्रकाशन भएका थिए।

**तालिका ४ : सन् २०१७ मा पीडित सङ्ख्या प्रदेशका आधारमा**



तालिका ५ : सन् २०१७ मा घटना अनुसार पीडित सङ्ख्या प्रदेशका आधारमा

| घटनाको प्रकार | प्रदेश १ | प्रदेश २ | प्रदेश ३ | प्रदेश ४ | प्रदेश ५ | प्रदेश ६ | प्रदेश ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| अपहरण | | ६ | २ | ७ | २ | १ | | १८ |
| गिरफ्तारी | ३३ | | ३३ | १०८ | २२५ | ४७ | १९ | ४६५ |
| कुटपिट | ३५ | ५० | ५२ | ४८ | ८४ | १२३ | ५१ | ४४३ |
| बाल अधिकार | १७६ | १०८ | २०९ | ६२ | १५८ | ३८ | ४२ | ७८३ |
| हिरासत वा थुनामा मृत्यु | | १ | १ | | २ | | | ४ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | ६ | | ३ | | १ | २ | | १२ |
| अमानवीय व्यवहार | ६ | १४ | ४ | ३ | ७ | २ | १ | ३७ |
| घाइते | ३७ | ५७ | ६२ | २ | ४३ | २० | ३ | २२४ |
| हत्या | ४४ | ६४ | ५१ | १२ | ३८ | ३३ | ३३ | २५५ |
| जातीय विभेद | १ | २ | २ | २ | ९ | १२ | १७ | ४५ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | १ | १०४ | ४३ | | २२ | १ | | १७१ |
| धम्की | २ | ६ | १० | २ | ३ | ९ | ३ | ३५ |
| यातना | | १ | ५ | | १ | | | ७ |
| महिला अधिकार | ३५३ | ४२३ | ३३५ | ६५९ | ११५६ | २४८ | ३८६ | ३५६० |
| जम्मा | ६९४ | ८३६ | ८१२ | ९०५ | १७५१ | ५१६ | ५४५ | ६०५९ |

**निर्वाचनकेन्द्रित हिंसा र दण्डहीनता**

निर्वाचनका दौरान भएका हिंसाका घटना र ती घटनामा संलग्नहरूबारे सरकारले चित्तबुझ्दो जवाफ दिन सकेन। चुनावको मुखमा देशैभरि शृङ्खलाबद्ध बिष्फोटका घटना भए तर कसैले पनि यसलाई गम्भीररूपमा लिएनन्। दाङमा भएको बम विष्फोटमा म्यादी प्रहरी २३ वर्षीय विनोद चौधरीको मृत्यु भयो भने सातजनाभन्दा बढी घाइते भए। नुवाकोटमा नेपाली कङ्ग्रेसका नेता रामशरण महतलक्षित आक्रमण भयो भने काठमाडौँमा गगन थापालक्षित आक्रमणको घटना सार्वजनिक भयो। भोजपुरमा एमाले नेता शेरधन राई तथा इलाममा एमाले नेताहरूलक्षित आक्रमणका घटना सार्वजनिक भए।

त्यस्तै उदयपुरमा नेपाली काङ्ग्रेसका उम्मेदवार नारायण कार्कीलक्षित एम्बुस विष्फोटको घटनामा काङ्ग्रेस नेतृ मीरा कटुवालले घुँडामुनिको भाग नै गुमाउनु पऱ्यो। यसैगरी रौतहटको चन्द्रनिगाहपुरमा सर्वसाधारण लक्षित विष्फोटको घटनामा परी धेरै घाइते भए। तर विडम्बना, निर्वाचन सकिएलगत्तै यस्ता विषय ओझेलमा परेका छन्। निर्वाचनअघि भएका हिंसात्मक घटना र त्यसमा कसको संलग्नता थियो भन्नेबारे चर्चा नै हुन छाडेको छ।

चुनाव विरोधी गतिविधिमा संलग्न रहेको आरोपमा स्थानीय प्रशासनले नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका केही कार्यकर्ता पक्राउ गरेको थियो। धेरैजसो निर्वाचनलगत्तै रिहा भए भने केहीलाई मात्र मुद्दा चलाइएको छ। यस्ता घटनामा संलग्नहरू कारबाहीको दायरामा नआउनुले देशमा व्याप्त दण्डहीनतालाई नै प्रश्रय पुग्नेछ। पहिलो र दोस्रो संविधान सभाको निर्वाचनका क्रममा पनि चुनावकेन्द्रित हिंसाका घटना भएका थिए। चुनाव नचाहनेले पनि हिंसा मच्चाएका थिए। त्यसबेला पनि यस्ता घटनामा संलग्नहरू कानुनी दायरामा

**तालिका ६ :सन् २०१७ मा पीडित बालबालिकाहरूको सङ्ख्या (उमेरका आधारमा)**

| उमेर समूह | १–५ | ६–११ | १२–१७ | जम्मा |
|---|---|---|---|---|
| हत्याको प्रयास | १ | | | १ |
| बालविवाह | | ३ | ३३ | ३६ |
| बालबालिका बेचबिखन | | ५ | १८ | ३३ |
| विद्यालयमा शारीरिक सजाय | १ | ३ | ७ | ११ |
| नवजात शिशुको हत्या | १४ | | | १४ |
| बलात्कार | ४३ | १५० | ३३४ | ५३७ |
| यौन दुर्व्यवहार | १७ | ६६ | ९८ | १८१ |
| जम्मा | ७६ | ३३७ | ४८० | ७८३ |

समेटिएनन्। पछिल्लो चुनावमा देखिएको हिंसा र दण्डहीनता त्यसैको निरन्तरता हो भन्न सकिन्छ ।

### स्थिर सरकार र समृद्धिको आशा

संवैधानिक व्यवस्थाअनुसार नै स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन जनताको व्यापक उत्साह र सहभागितामा एक वर्षभित्रै सम्पन्न भए। जसलाई नेपालमात्र होइन, बाहिरका धेरै राजनीतिक विश्लेषकले समेत असम्भवप्रायः ठानेका थिए। त्यसैले शान्तिपूर्णरूपमा यी निर्वाचन सम्पन्न हुनुलाई ठूलो राजनीतिक उपलब्धि मान्न सकिन्छ। अन्तरिम संविधानको व्यवस्थाअनुसार भएका संविधान सभाको निर्वाचन र नेपालले अपनाएको समानुपातिक निर्वाचन प्रणालीका कारण संविधान सभामा ३० भन्दा बढी राजनीतिक दलको प्रतिनिधित्व थियो जसलाई कतिपय विश्लेषकले राजनीतिक अस्थिरताको कारणसमेत ठानेका थिए।

यो निर्वाचन परिणामको अर्को विशेषता राष्ट्रिय राजनीतिक दलको सङ्ख्या घट्नु पनि हो। हामीले प्राप्त उपलब्धिको सही उपयोग गर्न सक्यौं भने पनि देशले स्थायित्व र समृद्धितर्फ जाने बाटो अवलम्बन गरेको मान्न सकिन्छ। २००७ सालयता भोगिएका विविधखाले राजनीतिक प्रणाली र अभ्यासले नेपाली जनतालाई खुसी तुल्याउन सकेको छैन। सरकारहरू जनमुखी हुन नसक्दा देशले काँचुली फेर्न नसकेको अनुभव सबैसँग ताजै छ। नेपालमा विद्यमान गरिब र धनीबीचको बढ्दो खाडल र सरकार ढाल्ने र बनाउने कार्यमै बितेका धेरैजसो समयको स्मरण इतिहासदेखिकै प्रवृत्ति हुन्।

भर्खरै सम्पन्न निर्वाचन परिणामले नागरिकका आशा बृहत्तर तुल्याउन मद्दत गरेको छ। निर्वाचनमा स्पष्ट बहुमत पाएको वाम गठबन्धनले आफ्नो घोषणापत्रमा राजनीतिक स्थायित्व र समृद्धिको विषयलाई प्रमुखतासाथ उठाएको छ। राजनीतिक स्थायित्व र समृद्धिका आधार के-के हुन् र यिनलाई कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयमा धेरै छलफल बाँकी नै छ। तर पनि यही एउटै नारा जनतालाई 'अब मुलुकमा स्थिरता छाउने' प्रति आशावादी तुल्याउन भने काफी भयो।

राजनीतिक स्थिरताबाहेक निर्वाचनबाट आमनागरिकले अपेक्षा गरेको अर्को विषय आर्थिक समृद्धि हो। यसलाई सबैजसो राजनीतिक दलले प्रमुख चुनावी मुद्दाका रूपमा उठाउँदै आफ्ना चुनावी घोषणापत्रमा उल्लेख गरेका थिए। तर, हाम्रो सन्दर्भमा आर्थिक समृद्धि प्राप्तिका आधार तथा यसका लागि आवश्यक स्रोतसाधनबारे खासै चर्चा हुने गरेको छैन।

### सन् २०१७ र मानव अधिकारका मूलभूत विषय

#### स्वास्थ्य अधिकार

यो वर्ष पनि देशभरका स्वास्थ्य संस्थामा निःशुल्क वितरण गरिनुपर्ने औषधि अभाव भयो। स्थानीय तहको निर्वाचनसँगै स्वास्थ्य संस्था स्थानीय तहमा हस्तान्तरण भएपछि उत्पन्न अन्योल र ढिलासुस्तीका कारण देशभरका स्वास्थ्य संस्थामा औषधि अभाव भएको हो। स्थानीय तहले २० लाख रुपियाँसम्मको औषधि बोलपत्र आह्वान गरी खरिद गर्न सक्ने प्रवाधान छ। तर, भर्खरजसो निर्वाचित र अनुभव कम भएका कारण स्थानीय तहले आवश्यक कार्य गर्न/गराउन नसक्दा औषधि अभाव भएको स्वास्थ्य संस्थाले जनाए। स्थानीय तहमा हस्तान्तरण हुनुअघि पनि औषधि अभाव त हुन्थ्यो तर अहिले त्यसको आकार बढ्न पुग्यो। स्वास्थ्य संस्थाहरू स्थानीय तहअन्तर्गत भइसकेपछि सम्बन्धित नगर र गाउँपालिकाले स्वास्थ्य चौकीको जिम्मेवारी लिनुपर्ने प्रावधान छ।

आफ्ना माग पूरा गराउने बहानामा स्वास्थ्यकर्मीले स्वास्थ्य संस्थामा हड्ताल गर्दा बिरामी मर्कामा परे। वर्षको सुरुमै आमरण अनशनमा बसेका डा. गोविन्द केसीको मागप्रति समर्थन

तालिका ७ : सन् २०१७ मा महिला अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या




जनाउन भन्दै देशभरका अस्पताल बन्द गरिए। यसैगरी असोज सुरुमा उपचारका क्रममा बिरामीको मृत्यु भए उपचारमा संलग्न चिकित्सकले क्षतिपूर्ति दिनुपर्ने कानुन बनाउने सरकारको निर्णयप्रति आपत्ति जनाउँदै नेपाल चिकित्सक सङ्घको आह्वानमा देशभरका स्वास्थ्य संस्था करिब एक हप्ता बन्द गरिए। सरकारले यस्तो कानुन नबनाइने बताउँदा पनि चिकित्सकलाई हातपात गर्नेमाथि सजाय हुनुपर्नेलगायतका कानुन नबनुन्जेलसम्म हड्ताल जारी राख्ने सङ्घको आह्वानबमोजिम स्वास्थ्य संस्था थप समयका लागि बन्द भए।

अत्यावश्यक सेवा सञ्चालन ऐनमा स्वास्थ्य सेवा बन्द गर्न नपाइने व्यवस्था छ। स्वास्थ्य संस्था बन्द गर्ने जस्तो अमानवीय कार्य नेपालको संविधान तथा कानुनको ठाडो उल्लङ्घन हो। आफ्ना माग पूरा गराउने नाममा स्वास्थ्य सेवा जस्तो अत्यावश्यक सेवा बन्द गर्दा हजारौँ मानिसको जीवन जोखिममा पर्न सक्नेतर्फ स्वास्थ्यकर्मी सचेत भएको पाइएन। न ऐन उल्लङ्घन गरी सम्वेदनशील संस्थामा हड्ताल गर्नेलाई सरकारले कारबाहीको दायरामै ल्याउन सक्यो।

स्वास्थ्य संस्थामा दरबन्दीअनुसार चिकित्सक व्यवस्था नहुनु, औषधि उपलब्ध नहुनु तथा चेतना अभावका कारण सामान्य रोगबाटै पनि ग्रामीण भेगमा धेरै मानिसको मृत्यु भएका घटना सार्वजनिक भए। सरकारी तयारी अभाव, महामारीको रूप लिन सक्ने रोगबारे चेतना नहुनु तथा नदिइनु जस्ता कारण यसका लागि जिम्मेवार रहे। तराईमा शीतलहरबाट ज्यान गुमाउन नपर्ने व्यवस्था मिलाउन वा जाजरकोटको रुघा, खोकी र ज्वरोले थप ज्यान लिन नपाउने बन्दोबस्त गर्न केन्द्रीय र स्थानीय सरकारका साथै सबै जनप्रतिनिधि र कर्मचारीले प्रयत्न गर्नुपर्ने हो तर यस्ता विषयमा खासै कसैले चासो दिएका पाइएन।

### खाद्यान्न अधिकार

सरकारले खाद्य अधिकारको सुनिश्चितता र संरक्षणका लागि कानुनी व्यवस्था गर्न सकेन। खेतीयोग्य जमिन बाँझै रहनु, चाहिएको बेलामा मलखाद तथा बीउबिजन उपलब्ध नहुनु, खेतीयोग्य जमिन घडेरीका लागि खण्डीकरण गरिनु जस्ता कारणले खाद्य परनिर्भरताको अवस्था विकराल बन्दै गयो। कर्णालीलगायत क्षेत्रमा बर्सेनि हुने खाद्यान्न अभाव, खाद्यान्नसम्म पहुँचको समस्या र खाद्यान्न व्यवस्थापनको पाटोमा कदम चाल्न राज्य चुकेको देखियो। आधुनिक कृषि प्रणाली विकास

तालिका ८ : सन् २०१७ मा घटनाका आधारमा पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | | गैरराज्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | नखुलेको | जम्मा | महिला | पुरुष | नखुलेको | जम्मा |
| अपहरण | | | | | २ | १६ | | १८ |
| गिरफ्तारी | २४ | ४४१ | | ४६५ | | | | |
| कुटपिट | २० | ५९ | | ७९ | ४० | ३२४ | | ३६४ |
| बाल अधिकार | | | | | ७५६ | २७ | | ७८३ |
| हिरासत वा थुनामा मृत्यु | | ४ | | ४ | | | | |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | | २ | ९ | १ | १२ |
| अमानवीय व्यवहार | | १ | | १ | ४ | ३२ | | ३६ |
| घाइते | १ | ३८ | | ३९ | ५२ | १३३ | | १८५ |
| हत्या | | ११ | | ११ | १४० | १०४ | | २४४ |
| जातीय विभेद | | | | | १८ | २७ | | ४५ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | ३८ | ९७ | ३२ | १६७ | | ४ | | ४ |
| धम्की | | २ | | २ | ७ | २६ | | ३३ |
| यातना | १ | ६ | | ७ | | | | |
| महिला अधिकार | २ | | | २ | ३५५८ | | | ३५५८ |
| जम्मा | ८६ | ६५९ | ३२ | ७७७ | ४५७९ | ७०२ | १ | ५२८२ |

गर्ने नीति सरकारले लिएको भनिए पनि प्रभावकारी हुन सकेन। पहाडी तथा अति दुर्गम ३० जिल्लाका नागरिकलाई गुणस्तर तथा सुपथ मूल्यमा खाद्यान्न उपलब्ध गराइने मानव अधिकार राष्ट्रिय कार्ययोजनामा उल्लेख छ। तर पनि अति विपन्न चेपाङ, राउटे, मुसहर, दलित, वादी, हलिया, बोटे जस्ता समुदायका मानिसलाई भोकमरीबाट जोगाउने तर्फ खासै प्रगति भएको पाइएन। यी समुदाय चरम खाद्य सङ्कटमा रहेका खबर वर्षैभर आइरहे।

**सङ्क्रमणकालीन न्याय**

मन्त्रिपरिषद् बैठकले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको समयावधि एक वर्ष थप्ने गरी अध्यादेश जारी गर्ने निर्णय गऱ्यो। २०७१ माघ २८ गते गठित आयोगहरूको जिम्मेवारी द्वन्द्वपीडितका उजुरीहरूउपर छानबिन गरी सत्य निरूपण गर्ने, दोषी पहिचान गरी कारबाहीका लागि सिफारिस गर्ने, पीडितको सुरक्षा तथा परिपूरणको व्यवस्था गर्नेलगायत थियो। तर यी दुई आयोगका तीन वर्ष म्याद पीडितका उजुरी सङ्कलनमै बिते। ऐनले परिकल्पना गरेअनुसार काम भएको भए अहिलेसम्म यी आयोगले अन्तिम प्रतिवेदन बुझाइसक्नुपर्ने थियो।

आयोग ऐनलाई पीडितमुखी बनाउन सर्वोच्च अदालतले सरकारको नाममा परमादेश नै जारी गरेको थियो भने संयुक्त राष्ट्रसङ्घ, पीडित तथा मानव अधिकार संस्थाहरूले सरकारलाई पटकपटक अपिलसमेत गरेका थिए। तर सरकार तथा राजनीतिक दलहरूले सङ्क्रमणकालीन न्यायका विषयलाई सामान्य परिघटनाका रूपमा लिए जुन विस्तृत शान्ति सम्झौताको बर्खिलाप थियो। आन्तरिक किचलो, दलगत स्वार्थ, सिप तथा क्षमता अभाव, आवश्यक ऐन/कानुन तथा विनियम अभाव, इच्छाशक्ति आदि कारणले आयोगहरू निकम्मा साबित भए। आयोगको म्याद थप्न अध्यादेश जारी गर्नुअघि सर्वोच्च अदालतको परमादेश, संयुक्त राष्ट्र सङ्घ मानव अधिकार उच्चायुक्तको कार्यालय, पीडित तथा मानव अधिकार संस्थाले दिएका सुझावका

तालिका ५ : सन् २०१६ मा घटनाका आधारमा पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अपहरण | | | | ८ | ९ | १७ |
| गिरफ्तारी | | ३० | ३० | | | |
| कुटपिट | ४ | ३३ | ३६ | १९ | ६३ | ८१ |
| बाल अधिकार | | | | ६६८ | ५३ | ७३० |
| हिरासत वा थुनामा मृत्यु | | ३ | ३ | | | |
| जेलमा मृत्यु | | १ | १ | | | |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | १ | ३ | ३ |
| अमानवीय व्यवहार | | ३ | ३ | ३ | ११ | १३ |
| घाइते | | ७ | ७ | ७ | ५७ | ६४ |
| हत्या | १ | ३ | ४ | १५७ | १०९ | २६६ |
| भूमिहीन/सुकुमबासी समस्या | | | | | ८ | ८ |
| जातीय विभेद | | | | १८ | ३३ | ५१ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | ५४ | १७७ | ३३१ | | १ | १ |
| धम्की | | ४ | ४ | ३ | ९ | ११ |
| यातना | ३ | ३७ | ४० | | | |
| महिला अधिकार | | | | ३९०९ | | ३९०९ |
| जम्मा | ६३ | ३९६ | ३५८ | ३७९१ | ३५३ | ४१४४ |

आधारमा आयोग ऐनमा रहेका त्रुटि सच्याउने बेला यही थियो तर आफ्नै उदासीनताका कारण यसमा पनि सरकार चुक्यो। हालकै संरचना र कार्यपद्धति कायम राखी आयोगको म्यादमात्र थपिरहने हो भने सङ्क्रमणकालीन न्यायको विषय ओझेलमा पर्ने प्रष्ट छ।

### उपेक्षित भूकम्पपीडित

भूकम्पको तीन वर्ष पूरा हुनै लाग्दा पनि अधिकांश भूकम्पपीडित परिवार टहरामै बस्न बाध्य भए। उनीहरूका तीन/तीनवटा वर्षा र हिउँद टिनकै छानोमुनि बित्यो। निजी आवास निर्माणलाई प्राथमिकता दिने राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले बताइरहयो तर काम भने त्योअनुरूप अघि बढ्न सकेन। दुई वर्षको अवधिमा नेतृत्वकर्ता नै तीनजना फेरिए। एकातिर प्राधिकरण नै राजनीतिक खेलको चक्रव्यूहमा फस्यो भने अर्कोतिर त्यसको सिकारचाहिँ लाखौँ भूकम्पपीडित परिवार बने।

यो अवधिमा सरकारले तीन किस्ता गरी दिएको अनुदान ३ लाख रुपियाँ लिनेको सङ्ख्या २१ हजार २ सय ७२ परिवारमात्रै छन्। जुन कुल भूकम्पपीडित घरको ३ दशमलव १८ प्रतिशतमात्र हुन आउँछ। भूकम्पका कारण भत्किएका करिब साँढे ७ लाख निजी घरमध्ये ७९ हजार ५ सय १८ घरमात्रै निर्माण सम्पन्न हुनुले पनि भूकम्पपीडितको समस्यामा खासै ध्यान नपुगेको देखिन्छ।

## सम्मानितरूपले बाँच्न पाउने अधिकार

### सन् २०१७ र मानव अधिकार उल्लङ्घन : तथ्य र तथ्याङ्क

इन्सेकले गरेको अभिलेखअनुसार सन् २०१७ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा

६ हजार ५९ जना पीडित भए। सन् २०१६ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ४ हजार ५ सय २ जना पीडित भएका थिए। सन् २०१७ को तथ्याङ्क गत वर्षको तुलनामा १ हजार ५ सय ५७ ले बढी हो। गत वर्ष राज्य पक्षबाट ३ सय ५८ जना र गैरराज्य पक्षबाट ४ हजार १ सय ४४ जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भएका थिए। यस वर्ष राज्य पक्षबाट ८६ महिलासहित ७ सय ७७ जना तथा गैरराज्य पक्षबाट ४ हजार ५ सय ७९ महिलासहित ५ हजार २ सय ८२ जना पीडित भए। गत वर्षको तुलनामा राज्य पक्ष र गैरराज्य पक्ष दुवैबाट मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना बढी भएको अभिलेख गरियो।

२०७३ फागुन २३ गते सप्तरीको राजविराजमा नेकपा एमालेले गरेको आमसभा सकिएपछि मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच भएको झडपका क्रममा पाँचजनाको मृत्यु भयो। एमालेको मेची-महाकाली अभियानलाई मधेसी मोर्चाले अवरोध गर्ने कार्यक्रम राखेपछि सुरक्षाकर्मीले त्यसलाई रोक्ने प्रयत्न गर्दा घटना भएको जनायो। तर, एमालेले भने कार्यक्रम सकिएर अन्यत्र लागिसकेपछि घटना भएको जनायो। सन् २०१७ मा सुरक्षाकर्मीको गोली प्रहारबाट ११ जनाको मृत्यु भयो। यो वर्ष राज्यपक्षबाट भएका यातनाका घटनामा सात, गोली प्रहारबाट घाइते ३७, भेला तथा सङ्गठित हुने अधिकार नदिएर भएका घटनामा १ सय ६७ र कुटपिटका घटनाबाट ७९ जना पीडित भए।

**महिलामाथि हुने सबै प्रकारका दुर्व्यवहार**

यस वर्ष नेपाल ऐन संशोधन गर्ने ऐनमा महिलाका विषयमा विभेदकारी मानिएका ३३ वटा कानुन संशोधन वा खारेज गरिएका छन्। बलात्कारको मुद्दामा ३५ दिनभित्र उजुरी दिनुपर्ने हदम्याद बढाएर ६ महिना बनाइएको छ भने पीडकले क्षतिपूर्ति दिन नसक्ने अवस्था भएमा पीडितलाई क्षतिपूर्ति दिने दायित्व राज्यले लिएको छ। घरभित्र हुने हिंसा, कार्यस्थलमा हुने यौनशोषण, बोक्सीजस्ता कुप्रथाका लागि छुट्टै कानुन बनेका छन्। वैवाहिक बलात्कारमा सजाय बढेको छ।

यसैगरी हिंसापीडित महिलाको समस्या सम्बोधन गर्न केही संयन्त्र पनि बनाइएको छ। पीडित महिला न्यायिक, स्वास्थ्यलगायतका उपचार खोज्न छुट्टाछुट्टै ठाउँ भौतारिन नपरोस् भन्ने उद्देश्ले २१ वटा जिल्लामा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना गरिएको छ। यो विस्तार हुने क्रममा छ। हिंसापीडित महिलाको संरक्षण गर्न १७ वटा जिल्लामा सुरक्षा आवास छन्। तर यहाँ ४५ दिनभन्दा धेरै राख्ने व्यवस्था छैन। नेपाल प्रहरीमा देशैभर २ सय ७० वटा महिला तथा बालबालिका सेवा केन्द्र पनि छन्। तर यी सेवा केन्द्रमा सबै ठाउँमा महिला प्रहरीको व्यवस्था छैन भने कतिपय ठाउँमा हिंसापीडित महिलाले आफ्ना कुरा भन्न सक्ने वातावरण छैन अर्थात गोप्य स्थानको अभाव छ।

यो वर्ष विगतका वर्षहरूझैं महिला हिंसाका विभत्स घटनाहरू अभिलेखित भए। यस वर्ष दाइजोका कारण दुई महिलाको हत्या भयो।

सन् २०१७ मा परिवारबाट ८० जना महिलाको हत्या भयो। अघिल्लो वर्ष ८४ जना महिला यसरी मारिएका थिए। यस वर्ष २ सय ६५ महिला बलात्कृत भए। बोक्सी आरोपमा ३३ जना, यौन दुर्व्यवहारमा ४४ जना र बलात्कार प्रयासका घटनामा १ सय २२ जना महिला पीडित भए। त्यसैगरी बेचबिखन प्रयासका घटनामा ७३ जना र बेचबिखनबाट ४० जना महिला पीडित भए।

इन्सेकका ७५ जिल्ला प्रतिनिधिले देशका ७७ जिल्लाका प्रहरी कार्यालयमा रहेका महिला तथा बालबालिका सेवा केन्द्र अनुगमन गरेका थिए। यी कार्यालयमा दर्ता भएका अधिकांश घटनामा मिलापत्र भएको इन्सेकले अभिलेख गऱ्यो। घरेलु हिंसा नियन्त्रण तथा सजाय ऐनमा रहेको मेलमिलापसम्बन्धी व्यवस्थाअनुसार घरेलु हिंसाका घटनामा मिलापत्रलाई प्राथमिकता दिनुपरेको प्रहरी कार्यालयहरूले जनाए। यो ऐनको कमजोरीको फाइदा उठाउँदै जघन्यखालका घरेलु हिंसाका घटनामा पनि मेलमिलाप गर्ने परिपाटी यस वर्ष पनि देखियो।

*कपिलवस्तु नपा-६ तिलौराकोटकी ३५ वर्षीया मजार्दी मुराउलाई ४० वर्षीय पति रामलाल मुराउले २०७४ कात्तिक ७ गते बेलुकी घरमै निर्घात कुटपिट गर्दा गम्भीर घाइते भइन्। पाँच वर्षअघि घर छोडेर विदेश गएका पतिले घर आएको दिन नै निर्घात कुटपिट गरे। गम्भीर घाइते पीडितको उपचार जिल्ला अस्पतालमा भयो। आरोपितलाई प्रहरीले कात्तिक ८ गते पक्राउ गरेकामा जिल्ला प्रहरी कार्यालयस्थित महिला तथा बालबालिका सेवा केन्द्रमा कात्तिक १४ गते भएको छलफलमा आरोपितले गल्ती नदोहोऱ्याउने भनेर प्रतिबद्धता गरेपछि मिलापत्र भएको प्रहरीले जनायो।*

### बाल अधिकार

देशका कर्णधार वा भविष्य भनिने बालबालिकामध्ये कैयन् वर्तमानमै असुरक्षित छन्। बालश्रम, बालबालिका ओसारपसार, बेचबिखन, यौनजन्य हिंसा, शिक्षा र स्वास्थ्यको अवसरबाट वञ्चित हुनुपरेका जस्ता घटनाबाट बालबालिका आक्रान्त रहेको तथ्याङ्कहरूले दर्शाए।

इन्सेक प्रतिनिधिहरूले जिल्लाका विद्यालयहरूको अनुगमन गरेका थिए। धेरैजसो विद्यालयका भवन बालमैत्री थिएनन्। छात्राहरूका लागि उचित शौचालय थिएन। अत्यन्त न्यून सङ्ख्यामा अपाङ्गमैत्री विद्यालय भेटिए। *(हेर्नुहोस् यसै पुस्तकको जिल्लागत विवरणमा शिक्षाको अधिकार)*।

बालिकामाथि हुने गरेका यौन दुर्व्यवहारका घटनामा यस वर्ष पनि कमी आएन। गत वर्ष ४ सय ६८ बालिका बलात्कृत भएका घटना अभिलेख गरिएकामा सन् २०१७ मा त्यस्ता घटनाबाट ५ सय २७ बालिका पीडित भए। यौन दुर्व्यवहारका घटनामा ११ बालकसहित १ सय ८१ जना पीडित भए। २३ जना बालबालिका बेचविखन तथा ओसारपसार घटनाबाट पीडित भए। त्यसैगरी ६ जना बालकसहित ११ जनालाई विद्यालयमा शारीरिक दण्ड सजाय दिइएका घटना अभिलेखमा छन्।

## नेपाल सरकारको अन्तर्राष्ट्रिय प्रतिबद्धता

### मानव अधिकारको विश्वव्यापी समीक्षा (युपीआर)

मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा (युपीआर) संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूका सम्पूर्ण मानव अधिकारको आवधिक समीक्षा गर्नका लागि संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्को युपीआरअर्न्तगत नेपालको दोस्रो चरणको समीक्षा सन् २०१५ को नोभेम्बर ४ देखि ६ मा सम्पन्न भयो। युपीआर कार्यदलले नेपालबारेको प्रतिवेदन पनि सार्वजनिक गरिसकेको छ। त्यसैगरी ३ चैत २०७२ (१६ मार्च २०१६) मा बसेको मानव अधिकार परिषद्को ३१ औँ बैठकमा कार्यदलको प्रतिवेदनमा नेपाललाई प्राप्त सुझावहरू नेपाल सरकारले ग्रहणसमेत गरिसकेको छ।

युपीआर कार्यदलले तयार पारेको प्रतिवेदनमा नेपालले १ सय ९५ वटा सुझाव प्राप्त गर्‍यो। राष्ट्रहरूले नयाँ संविधानको स्वागत गर्दै मानव अधिकारसम्बन्धी पक्षहरूमा सुझाव दिएका थिए। सुझावमध्ये १ सय ५२ वटा स्वीकार गर्‍यो भने ४३ वटा अस्वीकार गर्‍यो। परिषद्का सदस्य राष्ट्रले संविधान, सङ्क्रमणकालीन न्याय, यातना, स्वेच्छाचारी थुना, गैरन्यायिक र सामूहिक हत्या, मानव अधिकार महासन्धि, बाल अधिकार, राष्ट्रिय मानव अधिकार आयोग, महिला अधिकार, सिमान्तीकृत समुदायका अधिकार, मानव बेचबिखन, प्राकृतिक प्रकोप, मानव अधिकार रक्षकसम्बन्धी सुझावहरू नेपाल सरकारलाई दिएका थिए।

### दिगो विकास लक्ष्य र कार्यान्वयनका चुनौती

संयुक्त राष्ट्रसङ्घको नेतृत्वमा विश्व सरकारद्वारा १७ वटा लक्ष्यसहित सन् २०१६ देखि २०३० सम्मको समयावधिका लागि दिगो विकास लक्ष्य तय गरिएका छन्। यो विकास लक्ष्यले सहस्राब्दी विकास लक्ष्यभन्दा आफैंमा कुनै पनि प्रकारको कानुनी दायित्व सिर्जना गर्दैनन्। नेपाल सरकारले यस लक्ष्यमा तय गरिएका विकास लक्ष्यहरू आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू प्राप्तिका लागि प्रतिबद्धता जनाएको छ जुन यी अधिकार उपभोगका लागि महत्त्वपूर्ण प्रस्थान विन्दु हुन्।

दिगो विकासका लागि विकासको कार्यसूचीका रूपमा राष्ट्र सङ्घ महासभाबाट अनुमोदित यी लक्ष्यले विकासलाई दिगो र विस्तृत बनाउन आवश्यक क्षेत्रहरू सबै समेटेको छ। जसले आधारभूत मानवीय आवश्यकता पूर्तिबाट कोही छुट्नु हुँदैन भन्ने मान्यता अङ्गालेको छ।

नेपाल पनि संयुक्त राष्ट्रसङ्घीय महासभाको यस लक्ष्य निर्धारणमा सहभागी भएको छ र यी विकासका लक्ष्य पूरा गर्ने सन्दर्भमा आन्तरिकरूपमा तयारी पनि गरेको छ। तथापि नेपालसामु थुप्रै चुनौती पनि छन्। जसमध्ये केही सहस्राब्दी विकास लक्ष्य कार्यान्वयनका सन्दर्भमा पनि देखिएका थिए भने मौजुदा अवस्थामा ती दाहोरिने सम्भावना त्यत्तिकै छ। केही नयाँ चुनौती पनि थपिएका छन्। पहिलो चुनौती दिगो विकासका लक्ष्य आवधिक योजना र वार्षिक विकास कार्यक्रममा गर्ने भन्नेमा देखिएको छ। दोस्रो, स्थानीय तहमा दिगो विकासका लक्ष्यलाई संस्थागत कसरी गर्ने भन्ने सवाल छ। तेस्रो कार्यान्वयनस्तर कसरी बढाउने भन्ने चिन्ता, चौथो दिगो विकासका लक्ष्य पूरा गर्न आन्तरिक र बाह्य साधन कसरी परिचालन गर्ने भन्ने चुनौती पनि छ। करिब तीन वर्षअघिको भूकम्पले विपद्पछिको व्यवस्थापन र पुनर्निर्माणलाई कसरी सम्बोधन

गर्ने भन्ने चुनौती पनि थपेको छ। साथै राज्यका विभिन्न तहबीचको शासकीय क्षमता विस्तार र सहकार्यसमेत कसरी गर्ने भन्ने चुनौती पनि उत्तिकै छ।

### मानव अधिकार राष्ट्रिय कार्ययोजना

सन् १९९३ को भियनामा सम्पन्न राष्ट्र सङ्घीय विश्व मानव अधिकार सम्मेलनले गरेको आह्वानसँगै नेपालमा मानव अधिकार राष्ट्रिय कार्ययोजना २०६१ सालबाट तर्जुमा गरी लागु गर्न थालियो। हाल चौथो पञ्चवर्षीय राष्ट्रिय कार्ययोजना (२०७१/०७२-०७५/०७६) कार्यान्वयनको चरणमा छ। विगतका कार्ययोजनाका कमजोर पक्षहरूमा समेत सुधार गरी मानव अधिकारका मुद्दालाई राज्यले कसरी सम्बोधन गर्छ र गरिरहेको छ भन्ने सन्दर्भलाई यस कार्ययोजनामा विस्तृतरूपमा समेटिएको छ।

मानव अधिकार राष्ट्रिय कार्ययोजना नेपाल सरकारको मानव अधिकारप्रतिको प्रतिबद्धतास्वरूप विकास भएको दृष्टिकोण हो। कार्ययोजनाले मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, विभिन्न अन्तर्राष्ट्रिय महासन्धिका विषयवस्तु, सन्धिजनित निकायका सिफारिससमेत सम्बोधन हुनेगरी तयार पारिएको हुनाले यसको प्रभावकारी कार्यान्वयनमा सरकारी निकायहरू नै बढी जिम्मेवार हुनुपर्नेमा दुई मत देखिँदैन। मुलुकका अधिकांश जिल्लामा राष्ट्रिय कार्ययोजना कार्यान्वयनका सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको अनुगमनबाट प्राप्त तथ्यअनुसार विगतको तुलनामा समग्रमा मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा केही सकारात्मक परिणाम देख्न सकिन्छ। समग्रतामा हेर्दा नागरिकका अधिकार र आफ्नो दायित्वप्रति सरकारका निकाय सजग हुँदै गएको अवस्था छ। मानव अधिकार शिक्षामा व्यापकता, साक्षरता दरमा वृद्धि, वातावरण र विकासमा सचेतना वृद्धि, घरेलु तथा महिला हिंसाका घटना उजागर, द्वन्द्वपीडितहरूले सरकारबाट अन्तरिम राहत प्राप्ति एवम् संस्थागत सुधारका कामहरूले केही हदसम्म गति लिँदैछ भन्न सकिन्छ।

## राज्य र मानव अधिकार

### न्यायपालिका

नागरिकको मौलिक हकमात्र नभएर जोकसैको अन्य हक अधिकार उल्लङ्घन भएको होस् वा उल्लङ्घन गर्ने या कुण्ठित गर्न लागिएको अवस्थामा त्यस्ता हक अधिकार पुनर्बहाली गराइ उपभोग गर्ने अवस्था सिर्जना गर्नका लागि स्थापित न्यायपालिका विधिको शासन र कानुनी राजको अन्तिम धरोहर हो। नेपालमा एक दशक लामो सशस्त्र द्वन्द्वका दौरान पनि राज्यसत्ताविरूद्ध सशस्त्र विद्रोह गरिरहेका तत्कालीन नेकपा माओवादीका कार्यकर्ताको जीवनप्रतिको हक, यातनाविरूद्धको हक, बलपूर्वक बेपत्ता नबनाइने जस्ता अति आधारभूत हक रक्षाका लागि पनि विश्वासिलो संस्थाका रूपमा नेपालको न्यायपालिकाले प्रतिष्ठा आर्जन गरेको थियो। नेपालको न्यायपालिकाले नागरिकका अधिकारको संरक्षकका रूपमा आफ्नो साख तथा विश्वास कायम गर्दै आएको छ।

### कार्यपालिका

यस वर्ष संविधान कार्यान्वयनका दृष्टिले महत्त्वपूर्ण रहेका स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन समयमै सम्पन्न गराउनु कार्यपालिकाको प्रमुख उपलब्धि हो भन्न सकिन्छ। संविधान जारी भएपछि मधेसकेन्द्रित राजनीतिक दलको निरन्तर आन्दोलनका कारण देशको मानव अधिकार अवस्था अत्यन्त तरल रहेका बेला ती दललाई समेत संलग्न गराइ निर्वाचन गराउन सक्नुलाई कार्यपालिकाको मात्र नभई मुलुकको संविधान कार्यान्वयनका दृष्टिले समेत सकारात्मकरूपमा लिन सकिन्छ। निर्वाचनका क्रममा राजधानीलगायत देशका कतिपय जिल्लामा झडप, बम विष्फोट, भय र त्रासको वातावरण रहेका कारण मानव अधिकारको समग्र अवस्था भने सन्तोषजनक रहन सकेन। यस वर्ष नेपाल संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार परिषद्मा तीन वर्षका लागि निर्वाचित हुनुलाई सकारात्मक पक्षका रूपमा लिन सकिन्छ। सरकारले यस वर्ष निर्वाचन सम्पन्न गरेर महत्त्वपूर्ण जिम्मेवारी पूरा गरेको भए पनि कतिपय सरकारी निर्णयहरू मानव अधिकार मैत्री रहेनन्। अनावश्यक सरकारी खर्च, इतिहासकै ठूलो मन्त्रिपरिषद्, कार्यकर्ता खुशी पार्न बाँडिएको रकम जस्ता विषयले बढी प्राथमिकता पाए।

**व्यवस्थापिका**

सन् २०१७ मा नेपालको व्यवस्थापिका-संसद्ले निर्वाह गरेको भूमिका समालोचना गर्दा दोस्रो संविधान सभाले मुलुकका लागि सङ्घीय संविधान निर्माण गरी यसको औपचारिक घोषणा गरेपश्चात् रूपान्तरित व्यवस्थापिका-संसद्ले १० वर्षको सङ्क्रमणकाल अन्त्य गर्न सकारात्मक योगदानको कुरा पनि स्मरणीय रहन्छ। नेपालमा सङ्घीयता कार्यान्वयनको दिशामा केन्द्रीय, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न गर्न आवश्यक ऐन, नियम र कानुन तर्जुमासमेत गऱ्यो। जसले नेपालमा लोकतन्त्रको संस्थागत विकास र यसको सुदृढीकरण गर्न महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो। साथै यसले सङ्घीयतालाई थप कार्यान्वयन गर्न प्रदेश र केन्द्रीय व्यवस्थापिका प्रतिनिधि सभा निर्वाचनका लागि आवश्यक पर्ने ऐन नियम र कानुन निर्माणमार्फत सकारात्मक वातावरण सिर्जना गरिदियो। यी सकारात्मक कार्य सङ्घीय संविधान कार्यान्वयनका दिशामा तीन महत्वपूर्ण उपलब्धि हुन्। तर व्यवस्थापिका-संसद्ले अपुरा छाडेका कार्यलाई नयाँ सङ्घीय संरचनाअन्तर्गतका केन्द्रीय, प्रदेश र स्थानीय सरकारले पूरा गर्नुपर्ने भएको छ। अर्कोतर्फ इतिहासबाट पाठ सिकी नराम्रा कार्य पुनरावृत्ति नगर्ने र राम्रा कार्यबाट पाठ सिक्नुपर्ने अवस्थासमेत आएको छ।

**आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार : प्रदेशगत सवाल**

**(क) पाँचथरका माझी समुदाय**

नेपालको पूर्वी पहाडी भेगमा माझी जातिको बसोबास तमोर नदीको आसपास रहेको पाइन्छ। यो नदी पाँचथर जिल्लाका केही भागमा समेत बग्ने हुनाले यहाँ यही भागमा बसोबास गर्ने माझी जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था के/कस्तो छ भन्नेबारे केलाउने प्रयास गरिएको छ। वर्तमान नेपालको भौगोलिक विभाजनअनुसार प्रदेश नं. १ र साविकको संरचनाअनुसार पूर्वाञ्चल विकास क्षेत्र, मेची अञ्चलमा पर्ने पाँचथर समग्र मुलुकजस्तै विविधता बोकेको जिल्ला हो। पछिल्लोपटक राज्य पुनःसंरचना गर्दा यस जिल्लालाई प्रतिनिधि सभाका लागि निर्वाचन क्षेत्र एक र प्रदेश सभाका लागि दुई निर्वाचन क्षेत्र तोकिएको छ। यहाँ किरात, हिन्दु, क्रिस्चियन, बौद्ध आदि धर्मावलम्बीको बसोबास छ। यसैगरी, यहाँ आदिवासी जनजाति, ब्राह्मण क्षत्री, दलित समुदायको बसोबास छ। यस जिल्लामा छ-सात पुस्ताअगाडि माझी जाति बसाइँ सरी आएको स्थानीय माझी बताउँछन्।

**तालिका १० : सन् २०१७ मा मानव अधिकार रक्षक पीडित सङ्ख्या**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | १ | २० | २१ | | | |
| कुटपिट | १ | ३ | ४ | २ | २८ | ३० |
| अमानवीय व्यवहार | | | | | ११ | ११ |
| घाइते | | २ | २ | | ५ | ५ |
| हत्या | | १ | १ | ३ | ३ | ६ |
| जातीय विभेद | | | | | १ | १ |
| धम्की | | | | २ | १० | १२ |
| जम्मा | २ | २६ | २८ | ६ | ५८ | ६५ |

**(ख) महोत्तरीका मुसहर समुदाय**

महोत्तरी सदरमुकाम जलेश्वरदेखि ६ किलो मिटर पश्चिमतर्फ बथनाहा मधवा नामक एउटा गाउँ छ। मनरा सिस्वा नपा-१० मा पर्ने यो गाउँ भारत सीमा क्षेत्रको किनारमा पर्छ। यहाँ अहिलेसम्म विकासको कुनै पहुँच छैन। करिब तीन सय घर रहेका यस गाउँमा पुग्न नेपाल-भारत दुवैतर्फको बाटो प्रयोग गर्न सकिन्छ। तर यातायातको पहुँच भने दुवै तर्फबाट छैन।

यो गाउँमा बस्ने मुसहर समुदाय अति सीमान्तकृतमा पर्छन्। उनीहरूको आफ्नै पहिचान र संस्कृति छ। विक्रम संवत् २०६८ सालको जनगणनाअनुसार मुसहरको जनसङ्ख्या मुलुकभर १ लाख ७२ हजार ४ सय ३४ छ। महोत्तरीमा चाहिँ ३ हजार २ सय ६२ परिवारका २३ हजार ३ सय ६४ जना बसोबास गर्छन्। त्यसमध्ये महिलाको सङ्ख्या ११ हजार ६ सय ३० छ भने पुरुषको ११ हजार ७ सय ३४। जिल्लाको धमौरा, बर्दिवास, फूलकाहाँ, गौशाला, जलेश्वर, लोहारपट्टी, सिङ्ग्याही, सिमरदही, हत्तिसर्वा, औरही, हरिहरपुर, हरिणमरीलगायत क्षेत्रमा मुसहरको बसोबास छ। बथनाहामा भने १४० घरमा करिब ४९० जना बस्छन्। मुसहरको मुख्य पेशा माछा मार्ने, नदीबाट घुँगी ल्याएर बेच्ने, दैनिक ज्याला मजदूरी

गर्ने, जङ्गलबाट दाउरा ल्याएर बेच्ने र खेती मजदूरीको काम रहँदै आएको छ।

**(ग) रसुवाका भूकम्पपीडित र पुनर्स्थापनाको सवाल**

नेपालको संविधानको भाग ३ अन्तर्गत मौलिक हकको धारा ३७ मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने उल्लेख छ। भाग ४ अन्तर्गत राज्यको निर्देशक सिद्धान्त र नीतिको उपदफा ञ को ६ मा मुक्त कमैया, कमलरी, हरूवा, चरुवा, हलिया भूमिहीन, सुकुमवासी पहिचान गरी उचित बसोबासका लागि घडेरी, जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारी व्यवस्था गर्दै पुनर्स्थापना गर्ने उल्लेख छ।

मानिस आफू बसिरहेको स्थानबाट अर्को ठाउँमा जाने, सर्ने (बसाइँ हिँड्ने) विविध परिस्थिति र कारण हुन्छन्। प्राकृतिक प्रकोप, युद्ध, राम्रो वैकल्पिक बासको खोजी, रोजगार, पारिवारिक विद्रोह जस्ता परिस्थितिजन्य बाध्यताबाट मानिस आफ्नो थातथलो छाडेर अन्यत्र बस्न बाध्य हुन्छन्। यसरी आफ्नो थातथलो छाडेर हिँड्ने परिस्थिति पनि फरकफरक हुन्छ। कोही एक्लै, कोही परिवारसहित, कोही आफन्तसमेत, कहीँचाहिँ गाउँ नै, कहीँ भने क्षेत्र, समुदाय, कहीँ जातीय तथा धार्मिक समूहमात्र र कहीँ देशको ठूलो हिस्सा नै बसाइँ सर्ने हुन्छ।

रसुवामा भने प्राकृतिक प्रकोप अर्थात २०७२ वैशाखको भूकम्पका कारण केही क्षेत्र/गाउँका सबै परिवार थातथलो छाडेर हिँड्न बाध्य भए। यसरी थातथलो छाडेर विस्थापित भएकाको पीडा एउटा ठाउँमा छ भने अर्कोतर्फ समस्या उनीहरूको पुनर्स्थापनमा छ। साविकको हाकु तथा डाँडागाउँ गाविसबाट विस्थापित भई रसुवाकै लहरेपौवा गाविस (हालको उत्तरगया गाउँपालिका-५ मा पर्ने बोगटीटार, नौबीसे र काभ्रे) तथा नुवाकोटको सातबीसे, शान्तिबजारलगायत स्थानमा थुप्रै परिवार बसोबास गरिरहेका छन्। हाकुका केही परिवार रसुवा सदरमुकाम धुन्चे आसपास पनि बसिरहेका छन्। यसरी विस्थापित भएकामध्ये सबैजसो कि गुठी र विर्तापीडित छन् कि त सुकुमबासी।

**(घ) भूकम्पपछिको पुनर्निर्माण : गोरखा**

२०७२ वैशाख १२ को भूकम्पको केन्द्र विन्दु गोरखामा सबैजसो निजी आवास, स्वास्थ्य संस्था, विद्यालय र सरकारी कार्यालय भत्कन पुगे। 'खाना र छाना ठूलो कुरो रहेछ' भन्ने बारपाकका सुरबहादुर घलेले बताए- 'भूकम्पपछि जाडो र वर्खा अस्थायी टहरोमा बिताउनुको पीडा हामीबाहेक कसले बुझ्यो र ?' बस्ने आवास नहुँदा उनीहरूको बसाइँ कष्टकर बन्न पुगेको छ। केही भूकम्पपीडित सरकारले उपलब्ध गराएको ३ लाख रुपियाँ लिएर आवास निर्माणमा ब्यस्त देखिन्छन् भने केही भूकम्पपीडितचाहिँ भूकम्पले चर्काएकै घरमा बसिरहेका छन्। जाडो र वर्खा छल्न चर्किएकै घर र टहरोमा बस्न बाध्य भूकम्पपीडितको सङ्ख्या यहाँ गनिसाध्य छैन।

**(ङ) कालीकोटमा कुपोषण**

विकट कर्णाली क्षेत्रमा कुपोषणको समस्या जटिल बन्दै गएको छ। यो क्षेत्रका कालीकोट, हुम्ला, जुम्ला, डोल्पा र मुगुमा सरकारी तथा गैरसरकारी कार्यालयले खाद्य सुरक्षा तथा पोषणका दर्जनौँ कार्यक्रम चलाए पनि प्रभाव देखिएको छैन। बर्सेनि सरकारी तथा गैरसरकारी निकायले करोडौँ रुपियाँ खर्च गरे पनि कुपोषण न्यून हुन सकेको छैन। पोषणयुक्त खाना र चेतनाको अभावमा दुर्गमका बालबालिका कुपोषणको सिकार हुने क्रम बढ्दो छ।

कर्णालीमा सरकारी निकायका विषयगत कार्यालयबाट बालबालिकाको पोषण र सुरक्षाका लागि कार्यक्रम सञ्चालनमा छन्। गैरसरकारी संस्थाहरूले पनि दर्जनौँ कार्यक्रम जारी राखेका छन्। हरेक वर्ष फरक-फरक नाममा परियोजना चलाउने क्रम रोकिएको छैन। तर पनि समस्या घट्नुको साटो कर्णालीका बालबालिका कुपोषणको जालोमा जेलिँदै गएका छन्। यसरी खर्चिएको ठूलो रकम बालुवामा पानीसरह भएको छ। अर्थात यहाँ देखिएको कुपोषणको डरलाग्दो आकार सबैका लागि चिन्ताको विषय बन्न पुगेको छ।

**(च) बर्दियाका बाढीपीडित**

बर्दिया प्राकृतिकरूपले चुरे पहाडी र समथर भूभागयुक्त जिल्ला हो। तर बाँसगढी नगरपालिका-१ स्थित चेपाङबाहेक सबै ठाउँ समथर छ। पहाडी क्षेत्र सबै बर्दिया राष्ट्रिय निकुञ्जले ओगटेको छ। यहाँ बसोबास गर्ने मानिसमा विविधता छ। तर पनि बाहुल्यता थारू समुदायको छ। अर्थात जिल्लाको ५२ प्रतिशत जनसङ्ख्या यो समुदायको छ।

तालिका ११ : सन् २०१७ मा ६० वर्षभन्दा माथिको उमेर समूहका पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | २ | १७ | १९ | | | |
| कुटपिट | | २ | २ | | ८ | ८ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | १ | ३ | ४ |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| घाइते | | १ | १ | ४ | ४ | ८ |
| हत्या | | | | ९ | १२ | २१ |
| जातीय विभेद | | | | | १ | १ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | २ | २ | | २ | २ |
| महिला अधिकार | | | | ६४ | | ६४ |
| जम्मा | २ | २२ | २४ | ८८ | ३१ | ११९ |

बाहुल्यता थारूको भए पनि सामाजिक, सांस्कृतिक, प्राकृतिक पक्षमा भने विविधता छ।

बर्दिया राष्ट्रिय निकुञ्जले २०२५ वर्ग किलो मिटर क्षेत्र ओगटेको छ। कर्णाली र बबई नदी जस्ता ठूला जलाधार यही जिल्लामा छ। जसबाट सिँचाइ र विद्युतीकरणको सम्भावना उत्तिकै छन्। ओराही, भाडा, कन्जरुवा, मान जस्ता चुरे मुहान भएका अरु खोला पनि यहाँका सम्भावना बोकेका स्रोत हुन्। तर यी प्राकृतिक सम्पदाको अधिकतम प्रयोग गरी फाइदा लिन सकेको देखिन्न। उल्टै जोखिम विपद्का सम्भावना व्यवस्थापन गर्न नसक्दा हरेक वर्ष बर्दियाबासीले दु:ख पाइरहेका छन्। कर्णाली, बबई र अन्य साना खोलानालामा आउने बाढी र पहिरोले धेरै जनधनको क्षति पुऱ्याउँदै आएको छ। हजारौँ विघा खेतीयोग्य जमिन कटान र पटानमा पर्दै आएको छ। यही कारण हजारौँ बासिन्दा बिस्थापितसमेत हुँदै आएका छन्।

**(छ) बैतडीमा बालविवाह**

नेपालको संविधान २०७२ ले बालविवाहलाई अपराधका रूपमा परिभाषित गरेको छ। त्यसैले बालविवाह गैरकानुनी हुँदाहुँदै पनि समाजमा भने विद्यमान छ। उमेर नपुग्दै विवाह गरेका कारण व्यक्ति र समाजका सबै क्षेत्रमा नराम्रो असर परेको हुन्छ। शारीरिक, मानसिक, आर्थिक र सामाजिक प्रभावले यसको असर पुस्तौँसम्म पर्ने गरेको विज्ञहरूको भनाइ छ। उमेर नपुग्दै बिहे गरेका कारण कुपोषण, रक्तअल्पता, गर्भ पतन, अपाङ्गता भएको शिशु जन्मनु, पुड्कोपनलगायत समस्या देखिएका छन्। महिलामाथि हुने हिंसाका घटनामा पनि बालविवाह प्रमुख कारणका रूपमा देखिँदै आएको छ। यसले सबै क्षेत्रमा असर गरेको देखिएकाले बालविवाहसम्बन्धी अध्ययन यसको समाधान माध्यमका हिसावले महत्वपूर्ण छ।

**निष्कर्ष**

यसपटकको निर्वाचन परिणामले नेपाली जनता स्थिर र टिकाउ सरकारको पक्षमा रहेको सन्देश दिएको छ। वाम गठबन्धनले स्पष्ट बहुमत प्राप्त गरेको छ। नेपाली जनताले आफूलाई सधैँ लोकतन्त्रप्रति निष्ठावान र परिवर्तनप्रति आतुर प्रमाणित गर्दै आएका छन्। लोकतन्त्रको पुनर्स्थापना, निरङ्कुशताको विरोध, अग्रगमन र प्रगतिप्रति उत्सुक जनाताले यी उपलब्धिका लागि ठूलो बलिदान गरेका छन्। बलिदान र सङ्घर्षको एउटै कारण समृद्धि नै हो जुन नेपाली जनताको उत्कट चाहना पनि हो। तर जनअपेक्षाअनुसार सरकारका नीति कार्यक्रम नहुनु, स्रोत र साधनमा केही सीमित व्यक्ति र संस्थाको हालिमुहाली चल्नु, गरिब र पाखा पारिएका मानिसको जीवनस्तर उकास्ने कार्य प्राथमिकतामा नपर्नु, रोजगारी

अभावमा ठूलो सङ्ख्यामा युवा जोखिमपूर्ण कामका लागि बाहिरिनुपर्ने जस्ता समस्याले देश आक्रान्त छ।

यस्तो निराशाजन्य अवस्थामा अब बन्ने सरकारले विद्यमान समस्या छिमोल्ने र जनताको चुलोसँग जोडिनेखालका जीविकोपार्जन, विकास र निर्माणका कार्य अगाडि नबढाउने हो भने जनमतको अवमूल्यन गरेको ठहरिनेछ। त्यसैले निर्वाचनअघि जनतालाई देखाइएको सपना पूरा गर्न आगामी सरकार लागिपरेमात्रै उन्नत भनिएको संविधानमा उल्लिखित अधिकार प्राप्तिका दिशामा देश अगाडि बढ्न सक्छ। यस्तो अवस्थामा मात्र मुलुकका करिब ३ करोड नेपालीले कामना गरेका स्थिरता र समृद्धिको गन्तव्य चुम्न सम्भव हुनेछ।

**सुझाव**

- संयुक्त राष्ट्रसङ्घीय विश्वव्यापी आवधिक समीक्षाका क्रममा नेपाललाई दिइएका सुझाव पालना गर्नुपर्ने।
- स्वतन्त्र न्यायपालिकाको अस्मिता जोगाउँदै अदालती आदेश कार्यान्वयन गर्न/गराउन सरकार जवाफदेही बन्नुपर्ने।
- राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वयन गर्ने साथै आयोगलाई थप स्रोत, साधन र शक्ति सम्पन्न बनाइनुपर्ने।
- दण्डहीनता अन्त्य गर्न विगतमा भएका मानव अधिकारका उल्लङ्घनका गम्भीर दोषीउपर कानुनी कारबाही आरम्भ गर्नुपर्ने।
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानमा हस्ताक्षर गर्नुपर्ने।
- भूकम्पपीडितलाई पुनर्स्थापना गर्ने कार्य तदारुकताका साथ अघि बढाउने।
- प्रवासी कामदार र तिनको परिवारको अधिकार सुरक्षासम्बन्धी महासन्धि अनुमोदन गर्नुपर्ने।
- शिक्षा, स्वास्थ्य खाद्यजस्ता मौलिक हक प्रभावकारी कार्यान्वयनका लागि कार्य गर्नुपर्ने। मानव अधिकार राष्ट्रिय कार्ययोजना प्रभावकारी कार्यान्वयन गर्नुपर्ने।
- दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय, प्रादेशिक र सङ्घीय सरकार नेतृत्व तथा नागरिक सङ्गठनहरूको संलग्नतामा भरपर्दो, पारदर्शी, सहभागितामूलक र जवाफदेही कार्ययोजना बनाइ लागु गर्नुपर्ने ।

**विजयराज गौतम**
कार्यकारी निर्देशक

# सन् २०१७

# मानव अधिकार प्रतिविम्ब

**सप्तरी** जिल्ला राजविराज नपा–९ का २६ वर्षीय सन्जन मेहता, ४ का ५० वर्षीय पिताम्बर मण्डल र अग्नीसाइर कृष्णासवरन गाउँपालिका–४ प्रसवनीका ४२ वर्षीय डिमन स्वास्थ्य चौकीका सिअहेव आनन्दकुमार साहको २०७३ फागुन २३ गते प्रहरीको गोली लागेर मृत्यु भयो । संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा, सप्तरीको आह्वानमा नेकपा (एमाले) को मेची/महाकाली अभियान बिथोल्न उत्रिएका बेला रुपनी गाउँपालिका–५ बसविट्टीमा भएको झडपमा सुरक्षाकर्मीले गोली प्रहार गरेको थियो । गोली लागेर घाइते भएका राजविराज नपा–९ मलेठका ३८ वर्षीय वीरेन्द्र मेहताको फागुन २५ गते र विष्णुपुर गाउँपालिका–१ कोटबीका ५७ वर्षीय इन्द्र भनिने इनरदेव यादवको फागुन २७ गते उपचारका क्रममा धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मृत्यु भयो । शवहरूको पोस्टमार्टम धरानस्थित विपी प्रतिष्ठानमा फागुन २७ गते भयो । मृत्यु भएकाको सम्बन्धमा जिल्ला प्रहरी कार्यालयले फागुन २३ गते भवितव्य ज्यानको उजुरी दर्ता गऱ्यो । मृतकका परिवारलाई जनही १० लाख रुपियाँ दिने सरकारले घोषणा गऱ्यो भने जिल्ला सुरक्षा समितिले फागुन २६ गते मृतकलाई शहीद घोषणा, मृतक परिवारका एक सदस्यलाई रोजगारीको व्यवस्था र घटनाको छानबिनका लागि उच्चस्तरीय न्यायिक छानबिन समिति गठन गर्न गृह मन्त्रालयमा लेखी पठाउने निर्णय गऱ्यो । पीडित पक्षहरूले फागुन २७ गते शव बुझेर फागुन २८ गते दाहसंस्कार गरे । राजविराजस्थित प्रमुख जिल्ला अधिकारीको निवासमा आयोजित कार्यक्रममा गृह मन्त्री विमलेन्द्र निधीले मृतकका परिवारलाई जेठ ३ गते राहतस्वरूप १० लाख रुपियाँको चेक दिए । सोही घटनामा सुरक्षाकर्मीको गोली लागेर छिन्नमस्ता गाउँपालिका–७ हाटीका दिलिप यादव, राजविराज नपा–६ खर्साल टोलका १३ वर्षीय सुरेन्द्र साह, अग्नीसाइर कृष्णासवरन गाउँपालिका–४ का जिल्ला बार एकाइका कोषाध्यक्ष एवम् व्यापारी ४३ वर्षीय दिगम्बर यादव र गोलीको छर्रा लागेर हनुमाननगर कङ्कालिनी नपा–१४ डलवाका अरूणकुमार यादव घाइते भए । घाइतेहरूको धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो ।

**फोटो** : मनोहरकुमार पोखरेल, सप्तरी

१७ वर्षीय छोरा कृष्णप्रसादको हत्यामा संलग्नलाई कानुनी कारबाहीको माग गर्दै १३ वर्षदेखि न्यायिक अभियानमा क्रियाशील र पछिल्लो समय अनशनमा बसेकी ५८ वर्षीया गङ्गमाया अधिकारीको न्यायको माग यस वर्ष पनि अधुरै रह्यो। ३ सय ३३ दिन लामो अनशनकै क्रममा २०७१ असोज ६ गते मृत्युवरण गरेका गङ्गामायाका पति नन्दप्रसादको शव सदगत् गर्ने कार्य हुन सकेन। उनको शव अहिले पनि त्रिवि शिक्षण अस्पताल, महाराजगञ्जमा राखिएको छ।

**फोटो** : विमलचन्द्र शर्मा, काठमाडौं



**नुवाकोट** जिल्ला ककनी गाउँपालिका– ४ मा २०७४ मङ्सिर १ गते प्रतिनिधिसभा क्षेत्र नं. १ का उम्मेदवार डा. रामशरण महत र प्रदेशसभा 'ख' का उम्मेदवार रमेशकुमार महतलाई लक्षित गरी गराइएको विष्फोटमा क्षति भएको गाडी। घटनामा नेपाली काङ्ग्रेसका पाँच जना कार्यकर्ता घाइते भए। उम्मेदवारहरूलाई भने केही भएन। यो वर्ष बम विष्फोटबाट ७० जना घाइते भएको अभिलेख छ।

**फोटो सौजन्य** : रमेशकुमार महत, नुवाकोट

**बाँके** जिल्ला नेपालगञ्ज उमनपा–१२ की २२ वर्षीया अनीता खटिकलाई २०७३ माघ ६ गते राति घरायसी विवादमा पति २६ वर्षीय राजेन्द्र खटिकले आगो लगाइ घाइते बनाए । पीडितको भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा प्राथमिक उपचारपछि थप उपचार काठमाडौँको शिक्षण अस्पतालमा भइरहेको अवस्थामा उनको माघ १८ गते मृत्यु भयो । आरोपितलाई प्रहरीले माघ १९ गते जमुनाहाबाट पक्राउ गऱ्यो । जिल्ला अदालतको आदेश अनुसार आरोपित फागुन १८ गते पुर्पक्षका लागि कारागार चलान भए । यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन । परिवारजनका सदस्यले महिलाको हत्या गर्ने क्रम यस वर्ष पनि रोकिएन । देशभर ८० महिलाको परिवारजनका सदस्यले हत्या गरेको अभिलेख भयो ।

**फोटो** : विनोद पाण्डे, बाँके

**सुर्खेत** जिल्ला बराहताल गाउँपालिका–८ दमारेका २५ वर्षीय बलबहादुर बिकले अन्तरजातीय विवाह गरेको आरोपमा उनका बुबा ५७ वर्षीय भक्तबहादुर बिक र ४८ वर्षीया आमा अमृता बिकलाई दैलेख डुङ्गेश्वर नपा–६ का २२ वर्षीय मोहन शाही र २४ वर्षीया नन्दा शाहीले २०७४ भदौ २५ गते उनीहरूको घरमा निर्घात कुटपिट गरे। कुटपिटबाट घाइते बलबहादुर, भक्तबहादुर र अमृताको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। शाहीसहित चार जनाले आफूहरूलाई हात बाँधेर कुटपिट गर्नुको साथै घरको अन्नपात नष्ट तथा भाँडाकुँडा र सोलारसमेत तोडफोड गरेको पीडितले आरोप लगाए। पीडित पक्षले असोज २ गते जातीय विभेद, कसुर र सजाय ऐन र ज्यान मार्ने उद्योगमा मुद्दा दायर गरेकामा आरोपितहरूले सम्पत्ति क्षतिबापत ७५ हजार र औषधि खर्च बापत २० हजार रुपियाँ दिने सर्तमा कात्तिक ६ गते जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा दुवैपक्षबीच मिलापत्र भयो। जातीय विभेदका गम्भीर खालका घटनामा मिलापत्र गराउने चलन यस वर्ष पनि अभिलेख भयो। इन्सेकले गरेको अनुगमनका क्रममा कमै मात्र आरोपित कानुनी दायरामा ल्याएको पाइयो। यस वर्ष जातीय विभेदका घटनामा ४५ जना पीडित भएको अभिलेख छ।

**फोटो** : दुर्गा थापा, सुर्खेत

**कालीकोट** जिल्लाकी कुपोषित बालिका । जिल्ला जनस्वास्थ्य कार्यालय, कालीकोटका अनुसार जिल्लाका ६३ प्रतिशत बालबालिका कुपोषणमा जेलिएका छन् । सरकारी/गैरसरकारी विभिन्न परियोजना सञ्चालनमा रहे पनि बालबालिकामाथि बढ्दो कुपोषणको प्रभाव रोकिन सकेको छैन । एक अध्ययन अनुसार कालीकोटका ४ हजार २ सय २३ बालबालिकामध्ये १ हजार ३ सय ७९ अर्थात् ३२ दशमलव ५६ प्रतिशत कुपोषित भएको फेला परेको थियो ।

**फोटो** : कालीबहादुर मल्ल, कालीकोट

**जाजरकोट** जिल्ला भेरी नपा–४ स्थित कस्तुरा बोडिङ्ग स्कुलको 'क' मतदान केन्द्रमा ह्वील चियरमा आई आफ्नो मताधिकारको प्रयोग गर्दै मतदाता कृष्णबहादुर थापा। यस वर्ष स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाका निर्वाचन मार्फत् चुन्ने काम भयो। दुई दशक यता स्थानीय निर्वाचन भएको थिएन। संविधान अनुसार नयाँ संरचनामा पहिलो पटक निर्वाचन भएको हो।

**फोटो** : दिनेश श्रेष्ठ, जाजरकोट

फोटो : रमेशप्रसाद तिमल्सिना




२.१ राज्य र मानव अधिकार

# न्यायपालिका

परिच्छेद

२

## १. पृष्ठभूमि

संविधानमा व्यवस्था गरिएका मौलिक हक र संवैधानिक हक तथा अन्य वैधानिक हकलगायत मानव अधिकार उपभोगमार्फत विधिको शासनमा आधारित शासन पद्धति निर्माणमा न्यायपालिका संरक्षकका रूपमा हुन्छ। स्वतन्त्र र सक्षम न्यायपालिकाको स्थापना र यसको निष्पक्ष एवम् अविचलित कार्य सम्पादनले विधिको शासन सम्भव तुल्याउँछ। नेपालको संविधान (२०७२) मा विधिको शासन वा कानुनी राज्यको प्रवर्धन, मौलिक हक तथा कानुनी हकलगायतका मानव अधिकारको संरक्षण तथा स्वच्छ एवम् निष्पक्ष न्याय सम्पादनका लागि स्वतन्त्र र सक्षम न्यायपालिका प्रत्याभूत गरी लोकतान्त्रिक प्रणालीमा नागरिकका अधिकारको संरक्षकका रूपमा न्यायपालिका परिकल्पना गरिएको छ। न्यायपालिकाको सक्षमता र स्वतन्त्रताबाट नागरिकका अधिकार कुन हदसम्म संरक्षित भएको छ, त्यसको समेत आँकलन गर्न सकिन्छ।

प्रस्तुत आलेखको समीक्षा अवधि २०७३ पुस १७ देखि २०७४ पुस १६ गतेसम्मको अवधि नेपालमा जननिर्वाचित दोस्रो संविधान सभाबाट संविधान जारी भएको दोस्रो वर्ष समाप्ति र तेस्रो वर्षको सुरूवाती अवस्था हो। त्यस्तैगरी अघिल्लो आर्थिक वर्ष २०७२/०७३ न्यायपालिकाको तेस्रो रणनीतिक योजना कार्यान्वयनको दोस्रो वर्ष हो भने यो समीक्षा अवधि सो रणनीतिक योजनाको तेस्रो वर्ष हो। न्यायपालिकाको रणनीतिक योजनाले निर्धारण गरेका विभिन्न लक्ष्यअन्तर्गत न्यायसम्पादनको कार्य छिटोछरितो तुल्याउने लक्ष्य प्राप्तिका लागि विभिन्न तहका अदालत एवम् न्यायाधिकरणहरूलाई विभिन्न समूहमा विभाजन गरी मुद्दा फर्स्योटको सङ्ख्यागत तथा अवधिगत लक्ष्य निर्धारण गरेको छ।[१] त्यसैगरी सोही रणनीतिक योजनामा बक्यौता मुद्दा न्यूनीकरणका लागि विभिन्न मापदण्ड तोकिएको छ।[२] मापदण्ड तोक्नु र कार्यक्रम बनाउनुमात्रै पर्याप्त हुँदैन। बरू मुद्दा फर्स्योट तथा फैसला कार्यान्वयनलगायतका कार्यमा योजनाले निर्धारण गरेका लक्ष्यको तुलनामा प्राप्त उपलब्धि एवम् लक्ष्य हासिल हुन नसक्नुका कारणसमेतको वस्तुनिष्ठ विश्लेषण जरूरी छ। जसबाट तय गरिएका लक्ष्य हासिल गर्न अवलम्बन गरिएका प्रक्रिया उपयोगी नभएको भए ती प्रक्रियामा समयसापेक्ष परिवर्तन गर्ने आधार खुलोस्।

नागरिकको मौलिक हकमात्र नभएर जो कसैको अन्य हक अधिकार उल्लङ्घन भएको होस् वा उल्लङ्घन गर्ने या कुण्ठित गर्न लागिएको अवस्थामा त्यस्ता हक अधिकार पुनर्बहाली गराइ उपभोग गर्ने अवस्था सिर्जना गर्नका लागि स्थापित न्यायपालिका विधिको शासन र कानुनी राजको अन्तिम धरोहर हो। नेपालमा एक दशक लामो सशस्त्र द्वन्द्वका दौरान पनि राज्य सत्ताविरूद्ध सशस्त्र विद्रोह गरिरहेका तत्कालीन नेकपा माओवादीका कार्यकर्ताको जीवनप्रतिको हक, यातनाविरूद्धको हक, बलपूर्वक बेपत्ता नबनाइने जस्ता अति आधारभूत हक रक्षाका लागि पनि विश्वासिलो संस्थाका रूपमा नेपालको न्यायपालिकाले प्रतिष्ठा आर्जन गरेको थियो।[३] तसर्थ नेपालको न्यायपालिकाले नागरिकका अधिकारको संरक्षकका रूपमा आफ्नो साख तथा विश्वास कायम गर्दै आएको छ।

मुद्दाको चापको हिसाब र फर्स्योटका हिसाबले नेपालको न्यायपालिकामा यो अवधिमा पनि निकै दबाव रहयो। आव २०७२/७३ मा सर्वोच्च अदालतमा ११,८३५ नयाँ मुद्दा दर्ता भए भने अघिल्लो आवबाट थुप्रिँदै आएका २३,३३४ मुद्दा गरी ३५,१६९ भए। यी मुद्दामध्ये सर्वोच्च अदालतले ३१.७८ प्रतिशत अर्थात ११,१७५ मुद्दामात्र फर्स्योट गर्न सक्यो। यसरी सर्वोच्च अदालतमा सोही आव र पहिलेबाट सरेर आएका मुद्दाको झण्डै ३२ प्रतिशतमात्रै फर्स्योट हुने देखियो।[४] करिब २५ हजार मुद्दामा न्याय निरूपण गर्न बाँकी रहने अवस्था देखिँदा समयमै न्याय पाउने आधारभूत मानव अधिकार र मौलिक हक दुवैको उपेक्षा भएको देखियो।

यो समीक्षा अवधिमा सर्वोच्च अदालतद्वारा निरोपित मुद्दाहरूमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्तलाई संवैधानिक व्यवस्थाअनुसारको योग्यता नपुगेको भनी पदबाट हटाउन गरेको फैसला चर्चित रहयो। तर, सो मुद्दा सम्पादनमा जुन तदारूकता देखाइयो, सो तदारूकता अन्य मुद्दामा पनि देखाइएको भए शायद सर्वोच्च

१. प्राक्कथन, सर्वोच्च अदालत वार्षिक प्रतिवेदन, २०७२/०७३
२. प्राक्कथन, सर्वोच्च अदालत वार्षिक प्रतिवेदन, २०७२/०७३
३. तेजमान श्रेष्ठ,नेपाल मानव अधिकार वर्ष पुस्तक, २०१६, (काठमाडौँ : इन्सेक, २०१६)
४. सर्वोच्च अदालत, वार्षिक प्रतिवेदन, २०७२/०७३, पृष्ठ क (तालिका १)

अदालतमा यति ठूलो सङ्ख्यामा पुराना मुद्दाको चाङ लाग्ने थिएन। त्यस्तै स्वास्थ्य र शिक्षा क्षेत्रमा गुणस्तरभन्दा पनि व्यापारलाई प्रश्रय दिएको भनी काठमाडौँ नेसनल मेडिकल कलेजको सम्बन्धन त्रिविले खारेज गरेकामा सोविरूद्धको फैसलालगायत मेडिकल कलेजको सम्बन्धन तथा सिट निर्धारणको पक्षमा दिएका फैसलालगायतका फैसलाबारे यस आलेखमा समीक्षा गरिएको छ।

हरेक व्यक्तिको हक अधिकार उपभोग गर्ने अवस्थाको सिर्जना गर्न न्यायपालिकाको महत्त्वपूर्ण भूमिका हुन्छ। नेपालको न्यायपालिकाले यो भूमिका निर्वाह गर्ने क्रममा सकारात्मक र निराशाजनक दुवै अवस्थाबीच सन् २०१७ (२०७३ पुस १७ –२०७४ पुस १६) व्यतीत भएको छ। यस आलेखमा न्यायपालिकाले यस वर्ष मानव अधिकारका क्षेत्रमा के/कस्ता योगदान पुऱ्याउन सक्यो ? थप के गर्न सक्थ्यो ? भनेर लेखाजोखा गर्नुका साथै यस क्षेत्रका अन्य विषयमा पनि विवेचना छ।

## २. कार्य सम्पादन

कार्य सम्पादनको मुख्य आधार अदालतमा दर्ता हुने मुद्दा समयमै फर्स्योट हुने तथ्य नै हो। यस उपशीर्षकमा गएको आवमा सर्वोच्च अदालतमा दर्ता भएका मुद्दा, पहिलेबाट सरेर आएका मुद्दाउपरको दायित्व र समग्र न्यायालयमा नै हुन आउने मुद्दाका विषयगत प्रवृत्ति समीक्षा गरिएको छ।

### २.१ आर्थिक वर्ष २०७२/०७३ को कार्य सम्पादन

न्यायपालिकाअन्तर्गत सर्वोच्च अदालत, मातहतका अदालत अर्थात उच्च अदालत तथा जिल्ला अदालतहरू, न्यायाधिकरण तथा न्यायपरिषद्समेत रहन्छन्। आव २०७२/०७३ मा नयाँ र पुराना मुद्दा गरी ३५ हजार १ सय ६९ दर्ता भएकामा त्यसको ३१.७८ प्रतिशत मुद्दामात्र सर्वोच्च अदालतले किनारा लगाउन सक्यो। आव २०७२/०७३ को वार्षिक प्रतिवेदनमा उल्लेख मुद्दा दर्ता तथा फर्स्योट विवरण यस्तो छ। *(हेर्नुहोस् तालिका १)*

*सर्वोच्च अदालत, वार्षिक प्रतिवेदन,*

| आर्थिक वर्ष | पुराना मुद्दा | नयाँ मुद्दा | जम्मा | फर्स्योट (प्रतिशतमा) | बाँकी (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| २०७२/७३ | २३,३३४ | ११,८३५ | ३५,१६९ | ११,१७५ | २३,९९४ |
| | | | | (३१.७८%) | (६८.२२ %) |

*२०७२/०७३, पृष्ठ क (तालिका १)*

सर्वोच्च अदालतले सिङ्गो न्यायपालिकाले वर्षभर गरेका कार्य समेटेर राष्ट्रपतिलाई वार्षिक प्रतिवेदन बुझाउने संवैधानिक दायित्वअनुरूप गत आव २०७२/०७३ मा यो प्रतिवेदन बुझाएको हो। तर, आर्थिक वर्ष २०७३/७४ को प्रतिवेदन भने अझै उपलब्ध हुन सकेको छैन। तसर्थ समीक्षा अवधिमा सर्वोच्च अदालतमा दर्ता भएका नयाँ मुद्दा, अघिल्ला आर्थिक वर्षबाट सरेर आएका मुद्दा र ती मुद्दाउपर कारबाहीको पछिल्लो अवस्था यस आलेखमा समावेश गर्न सकिएन।

### २.२ मुद्दाको चाप बढ्ने क्रम जारी

अघिल्लो आर्थिक वर्षको कार्य सम्पादनसँग तुलना गर्दा सर्वोच्च अदालतमा प्रत्येक आर्थिक वर्षको अन्त्यमा मुद्दाको अन्तिम सुनुवाइ हुन नसकी मुद्दाको सङ्ख्या बढ्ने क्रम जारी छ।

| आर्थिक वर्ष | अघिल्लो आर्थिक वर्षबाट सरेर आएको जिम्मेवारी | नयाँ दर्ता | जम्मा लागत | फर्स्योट सङ्ख्या | | बाँकी |
|---|---|---|---|---|---|---|
| २०६९/७० | १२७१४ | ८०९७ | २०८११ | ४३६० | २०.९५ | १६४५१ |
| २०७०/७१ | १६४५१ | ८२८४ | २४७३५ | ५९४६ | २०.०४ | १८७८९ |
| २०७१/७२ | १८७८९ | ९४८६ | २८२७५ | ६४४८ | २२.८० | २१८२७ |
| २०७२/७३ | २३३३४ | ११८३५ | ३५१६९ | १११७५ | ३१.७८ | २३९९४ |

*सर्वोच्च अदालत, वार्षिक प्रतिवेदन, २०७२/०७३ पृष्ठ ७ (तालिका २)*[५]

आर्थिक वर्ष २०६९/७० मा दर्ता भएका मुद्दाको २०.९५ प्रतिशतमात्र फर्स्योट भएको छ। आर्थिक वर्ष २०७०/७१ मा २०६९/७० को तुलनामा झण्डै एक प्रतिशतले कम मुद्दा फर्स्योट भएको छ। आर्थिक वर्ष २०७१/७२ मा दर्ता भएका मुद्दाको २२.८० प्रतिशतमात्र फर्स्योट भएको छ। आर्थिक वर्ष

५. सर्वोच्च अदालत, वार्षिक प्रतिवेदन, २०७२/०७३

२०७२/७३ मा भने २०७१/७२ को तुलनामा नौ प्रतिशतले बढी मुद्दा फर्स्योट भएको छ। आव २०७१/०७२ बाट आव २०७२/०७३ मा जिम्मेवारी सरेर आएका मुद्दाको सङ्ख्या २३ हजार ३ सय ३४ छ। सर्वोच्चमा प्रत्येक वर्ष मुद्दा बढ्ने क्रम अत्यधिक छ भने कूल भारको केवल ३१.७८ प्रतिशत मुद्दामात्र फर्स्योट हुन सकेबाट स्पष्ट हुन जान्छ। यसरी मुद्दा फर्स्योट हुन नसक्नुको प्रमुख कारणमध्ये मुद्दाको तुलनामा न्यायाधीशको सङ्ख्या कम हुनु पनि एक हो।

न्यायका सन्दर्भमा ध्यान नदिएको महत्वपूर्ण पक्ष भनेको सबैभन्दा बढी मुद्दा कुन विषयमा परेका छन् र यसको कारण के हो भनी सम्बोधनका लागि कुनै पनि निरोधको कदम नचालिनु पनि रहेको छ। मुद्दाको निपटाराबाट विवादको कानुनी समाधान भए पनि सामाजिक समाधान दियो कि दिएन भनेर खोज्ने प्रयास भएको छैन। आव २०७२/०७३ मा नयाँ पुराना गरी सर्वोच्च र पुनरावेदन दुवै तहका अदालतमा सबैभन्दा बढी मुद्दा परेको विषय जग्गासम्बन्धी हो। जिल्लामा सबैभन्दा बढी मुद्दा परेको विषय भने पारिवारिक मुद्दा हो।[६]

आव २०७०/०७१ मा भने नयाँ पुराना गरी सर्वोच्च, पुनरावेदन र जिल्ला गरी तीनै तहको अदालतमा सबैभन्दा बढी मुद्दा परेको विषय जग्गासम्बन्धी मुद्दा थियो। आव २०७०/७१ मा ४२ हजार ९ सय १० थान यस्ता मुद्दा दर्ता भएका थिए।[७] त्यसैगरी अघिल्लो आव २०६९/७० मा पनि नयाँ पुराना गरी सबैभन्दा बढी मुद्दा जग्गासम्बन्धी नै थियो। त्यस वर्ष ४२ हजार ९ सय १० थान मुद्दा दर्ता भएका थिए।[८] तर यस्ता मुद्दालाई छिटो, छरितो टुङ्ग्याउन र मुद्दा पर्नाका कारण खोज्न न्यायपालिकाले सारभूत पहल गरेको देखिँदैन।

आव २०७२- ०७३ समाप्त हुँदा यी अदालत (सर्वोच्च, पुनरावेदन र जिल्ला) ले वार्षिकरूपमा १ लाख १७ हजार ५ सय ४९ उजुरी फर्स्योट गरे भने ८७ हजार ५ सय ९४ उजुरी बाँकी छन्।[९] सबै अदालत तथा अन्य न्यायाधिकरणको सात वर्षको तुलानात्मक कार्यबोझ र कार्य सम्पादन स्थिति यसप्रकार।[१०] :

| आर्थिक वर्ष | जिम्मेवारी | नयाँ दर्ता | जम्मा | फर्स्योट | बाँकी |
|---|---|---|---|---|---|
| २०६६/०६७ | ५८९८५ | ६६३९५ | १२५३८० | ७००१७ | ५५३६३ |
| २०६७/०६८ | ५५३६३ | ७६५६४ | १३१९२७ | ७२४९३ | ५९४३४ |
| २०६८/०६९ | ५९६२१ | ९३९३२ | १५३५५३ | ८७७२८ | ६५८२५ |
| २०६९/०७० | ६५८२५ | १००३५१ | १६६१७६ | ८६९१९ | ७९२५७ |
| २०७०/०७१ | ७९२५७ | १००७६९ | १८००२६ | १०३८७८ | ७६१४८ |
| २०७१/०७२ | ७६१४८ | १२५६९६ | २०१८४४ | १२३९४८ | ७७८९६ |
| २०७२/०७३ | ७९४०३ | १२७९५८ | २०७३६१ | ११८२५१ | ८९११० |

*सर्वोच्च अदालत, वार्षिक प्रतिवेदन, २०७२/०७३ पृष्ठ ७ (तालिका ३)*

सर्वोच्च अदालतको मात्र नभएर तीनै तहका गरी सबै अदालतको कार्य सम्पादन बोझ हेर्दा उजुरी वा मुद्दा फर्स्योट सबैभन्दा ठूलो समस्या हो। यसरी आव २०७२/७३ मा ८९ हजार १ सय १० मुद्दाको अन्तिम किनारा लगाउन बाँकी छ। यसरी करिब ९० प्रतिशत मुद्दाको अन्तिम किनारा लगाउन बाँकी हुनु भनेको धेरै परिवारको विवाद निरूपण हुन नसक्नु हो। लामो समयसम्म मुद्दा निरूपण नहुनु भनेको पीडितलाई न्याय नदिनुसरह हो। किनकि ढिलो न्याय दिनु भनेको न्याय दिन इन्कार गर्नु हो।

### २.३. पेसी व्यवस्थापन

सर्वोच्च अदालतमा हरेक इजलासमा दैनिक बीसौँको सङ्ख्यामा पेसी चढ्ने गर्छन्। तर, ती सबैमा सुनुवाइ हुँदैनन्। जुन सम्भव पनि छैन। यसो हुनुमा

६. सर्वोच्च अदालत, वार्षिक प्रतिवेदन, २०७२/०७३ पृष्ठ ग
७. सर्वोच्च अदालत, वार्षिक प्रतिवेदन, २०७०/०७१
८. सर्वोच्च अदालत, वार्षिक प्रतिवेदन, २०६९/०७०, पृष्ठ घ
९. सर्वोच्च अदालत, वार्षिक प्रतिवेदन, २०७२/०७३ पृष्ठ क
१०. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन,२०७० २०७१ पृष्ठ १०, सर्वोच्च अदालत, वार्षिक प्रतिवेदन, २०७२/०७३ पृष्ठ १०

सम्भव हुनेभन्दा बढी सङ्ख्यामा मुद्दा पेसी चढाइनु एउटा महत्त्वपूर्ण कारण हो। आफ्नो मुद्दाको पेसी होला भनेर दिनभर पालो कुरेर बस्ने मुद्दाका पक्षहरूको मात्र नभएर सो मुद्दामा रक्षा प्रतिरक्षा गर्न बसेका कानुन व्यवसायीको समेत दिन प्रत्युत्पादक बन्छ।

### ३. न्यायपालिकाको नयाँ नेतृत्व र सन्देह

नेपालको न्यायिक इतिहासमा प्रधान न्यायाधीशको नियुक्ति सर्वोच्च अदालतका सबैभन्दा वरिष्ठतम न्यायाधीशबाटै गर्ने प्रचलन छ। यसका कारण प्रधान न्यायाधीशको कार्यकाल लामो हुन पाउँदैन। प्रतिवेदन अवधि सुरू हुँदा सर्वोच्च अदालतको प्रधानन्यायाधीश सुशीला कार्की हुनुहुन्थ्यो। जो २०७३ असार २७ गते सो पदमा नियुक्त भएर २०७४ जेठ २३ गते सो पदबाट निवृत्त हुनुभयो। प्रतिवेदन अवधि समाप्ति अर्थात २०७४ पुस १६ गतेसम्म प्रधान न्यायाधीशका रूपमा गोपाल पराजुली बहाल हुनुहुन्छ। २०७४ साल वैशाख १७ गते तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्कीमाथि महाभियोग लागेपछि गोपाल पराजुली कायममुकायम प्रधान न्यायाधीशका रूपमा सोही दिन नियुक्त हुनुभएको थियो।

एक राष्ट्रिय दैनिकमा प्रधान न्यायाधीशका रूपमा गोपाल पराजुलीको जन्म मिति सच्याइएको, एसएलसीको प्रमाणपत्र नभएको भन्ने समाचार एकदमै महत्त्वका साथ प्रवाह गरियो। तर, बडो महत्त्वका साथ उठाएको विषयमा भने संसदीय सुनुवाइ समितिमा कुनै उजुरी नै परेन। कुनै प्रधानन्यायाधीश नियुक्तिका लागि संवैधानिक परिषद्ले सिफारिस गर्दा सो व्यक्ति कुनै अमुक पार्टीको नजिक भए पनि ऊ सो पदमा नियुक्त भएपछि सो अमुक पार्टीकै स्वार्थका लागि प्रयोग हुन्छ वा न्यायपालिकाको गरिमा जोगाउन र पीडितलाई न्याय दिने काम गर्छ भन्ने महत्त्वपूर्ण कुरा हो। नियुक्तिअगावै निजको व्यक्त वा अव्यक्त राजनीतिक आस्थाका आधारमा निज वा निज बहाल अदालतप्रति दिने सन्देशले न्याय निरूपणलाई टेवा दिँदैन बरू विष वमन गर्छ। न्यायपालिकाप्रतिको सन्देह न्यायपालिकाको अवहेलनाभन्दा बढी विषकारी हुन्छ।[११] न्यायपालिका बलियो र व्यावसायिक भएमात्र नागरिकले शाषकविरुद्ध आफ्नो हक हनन् भएको अवस्थामा कानुनी उपचार पाउने प्रत्याभूति रहन सक्छ। न्यायपालिकामाथि आग्रहपूर्ण सन्देहले समाजमा नकारात्मक सन्देश प्रवाह हुन गई कानुन उल्लङ्घन गर्नेहरूलाई झनै अराजक बनाउन भूमिका खेल्छ।

### ४. सवैधानिक इजलास गठनका लागि परमादेश जारी

एकातिर समावेशी चरित्रको हिसावले नेपालको प्रशंसा भइरहँदा नेपालको न्यायपालिकाले केही नमीठो अनुभव पनि बेहोर्नु पऱ्यो। संवैधानिक विवाद छिनोफानो गर्नका लागि संवैधानिक व्यवस्थाअनुसार प्रधानन्यायाधीश सुशीला कार्की नियुक्त भएपछि पनि सो इजलास गठन हुन सकेन। प्रधानन्यायाधीश कार्कीले संवैधानिक इजलास गठन नगरेको भनी कार्कीविरूद्ध सो इजलास गठन गरिपाउन निजविरूद्ध अधिवक्ता माधवकुमार बस्नेतले परमादेशसमेतको आदेश जारी गरिपाउँ भनी सर्वोच्च अदालतमा रिट निवेदन गरेका थिए।[१२] सो निवेदनउपर सुनुवाइ गर्दै प्रधानन्यायाधीश कार्कीविरूद्ध सर्वोच्च अदालतका न्यायाधीश ईश्वर खतिवडासमेतको इजलासले परमादेश जारी गरेको थियो। सोपश्चात प्रधानन्यायाधीश कार्कीले सो संवैधानिक इजलास गठन गर्नुभएको थियो।

### ५. संसद्मा प्रधान न्यायाधीशमाथि महाभियोग प्रस्ताव दर्ता

नेपालको न्यायिक इतिहासमा पहिलो महिला प्रधान न्यायाधीशको रूपमा कार्कीको नियुक्ति २०७३ असार २७ गते भए पनि प्रधान न्यायाधीशका रूपमा निजको कार्यकाल यस प्रतिवेदन अवधिमा पनि कायम रहेकाले यस समीक्षामा निजको कार्यकालसमेत गणना गरिएको छ। प्रधानन्यायाधीश कार्कीलाई प्रहरी महानिरीक्षकको मुद्दा हेर्ने क्रममा कार्यकारीको अधिकार क्षेत्रमा हस्तक्षेप गरेको भन्दै नेकपा माओवादी केन्द्र र नेपाली काङ्ग्रेस पार्टीका २ सय ४९ जना सांसदले २०७४ वैशाख ११ गते महाभियोग प्रस्ताव दर्ता गराएका थिए।[१३]

---

११. विजय कुमार 'अदालतप्रति सन्देश, अवहेलना मन्दविषकारी हुने, न्यायपरिषद्मा प्रतिगमन' अन्नपूर्ण पोस्ट, २०७४ पुस २७,

१२. रिट नं. 073-WO-0779

१३. www.bbc.com/nepali/news-39762580 ; visited on 23 January 2018.

कार्कीमाथि संसद्मा महाभियोग प्रस्ताव दर्ता गर्दा लगाइएका अभियोग[१४] :

- सरकारको कार्यकारी अधिकारमा हस्तक्षेप हुने गरी प्रहरी नियमावली हुँदै नभएको प्रावधान उल्लेख गरी सरकारले उपयुक्त देखेको उम्मेदवारलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने अधिकारमाथि हस्तक्षेप हुने गरी फैसला गरेको,
- कार्य सम्पादन मूल्याङ्कनमा दोस्रोमा रहेकालाई पहिलो र बढी अङ्क पाएकोलाई दोस्रोमा रहेको भन्ने तथ्य तोडमोड गरी झुटो कुरा उल्लेख गरी फैसला गरेको,
- न्यायालयको स्वतन्त्रता र स्वच्छतामा प्रश्न उठ्ने गरी बारम्बार आफूसमेत संलग्न भई सर्वोच्च अदालतमा अन्य १९ जना न्यायाधीश हुँदाहुँदै सीमित न्यायाधीशलाई पटक-पटक राखेर इजलास गठन गरेको,
- न्याय सम्पादनमा महत्त्वपूर्ण र पालना नगरी नहुने कार्यविधि कानुनको पालना नगरेको,
- कानुनको मान्य सिद्धान्त पालना नगरी विभिन्न आदेश फैसला गरेको, न्यायालयमा गुटबन्दी गरेको।

सो रिट संवैधानिक नभएको भन्दै प्रधानन्यायाधीश सुशीला कार्कीविरूद्धको महाभियोग प्रस्ताव फिर्ता गर्न र उहाँलाई तत्काल पुनर्बहाली गर्न माग गर्दै सर्वोच्चमा रिट दायर भएको थियो।[१५] उक्त निवेदनमा प्रधानन्यायाधीश कार्कीविरूद्ध संविधान मिचेर महाभियोगको प्रस्ताव ल्याइएको भन्दै अधिवक्ता सुनिलरञ्जन सिंहले नेपाली काङ्ग्रेस, नेकपा माओवादी केन्द्र र व्यवस्थापिका-संसद्विरूद्ध दायर रिटमा कायममुकायम प्रधानन्यायाधीश गोपाल पराजुलीसमेतलाई विपक्षी बनाइएको थियो।[१६]

सर्वोच्च अदालतको न्यायिक निरूपणका क्रममा चोलेन्द्रशमशेर राणाको एकल बेन्चले सो प्रस्ताव निस्तेज गऱ्यो। नेपालको इतिहासमा महाभियोगको सामना गर्ने कार्की पहिलो

**नवराज सिलवालविरूद्ध नेपाल सरकार, प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौँसमेत,[१८]**

- प्रहरी महानिरीक्षक पदमा 'नेपाल सरकारले उपयुक्त देखेको उम्मेदवारलाई' बढुवा गरिने कुरा प्रहरी नियमावली, २०७१ को नियम ४१ मा प्रस्ट र किटानीरूपमा उल्लेख भएको छ। शक्तिपृथकीकरणको सिद्धान्त र मान्यताअनुसार पनि सुरक्षा निकायका प्रमुखलगायतका पदाधिकारीहरू नियुक्ति गर्ने कार्य सरकार (कार्यकारिणी) को क्षेत्राधिकारभित्र पर्ने विषय देखिन्छ। यस कुरामा तर्क/वितर्क गर्नुपर्ने वा द्विविधा हुनुपर्ने कुनै कारण देखिँदैन। निसन्देह प्रहरी महानिरीक्षक पदमा नियुक्ति (बढुवा) गर्ने अधिकार नेपाल सरकारको हो। तर यो अधिकार प्रयोगका सीमा छन्। सरकारलाई प्राप्त यो अधिकारको प्रयोग स्वेच्छाचारी र निरङ्कुशतवरबाट गर्न मिल्दैन। सरकारले आफ्नो अधिकार प्रयोग गर्दा वस्तुगत आधारमा, न्यायोचितरूपमा, स्वच्छ र निष्पक्षतवरबाट गर्नुपर्छ। कुनै तथ्यगत विवरण नखुलाइ अथवा कारणका लागि कारण खुलाई 'उपयुक्त देखेको' भन्ने कुराको आडमा मनोवाञ्छित वा स्वेच्छाचारीतवरबाट निर्णय गर्न मिल्दैन। 'उपयुक्त देखेको' भन्नुको तात्पर्य वस्तुगत आधार र कारणबाट 'उपयुक्त देखेको' भन्ने हो। कुनै उचित, पर्याप्त आधार र कारण नखुलाई 'उपयुक्त देखेको' भनी हचुवा, गोश्वारा र मनोगत एवम् मनोमानीतवरबाट निर्णय गरिएको कुराले मान्यता पाउन नसक्ने।
- नियुक्ति गर्न पाउने सरकारको अधिकार कुनै सीमा बन्देजरहित पूर्ण अधिकार वा कुनै प्रश्न नै उठाउन नपाउने पूर्ण उन्मुक्ति वा दण्डहीनताको विषय होइन। निर्णयले कानुनी मान्यता प्राप्त गर्नका लागि विधि र प्रक्रियाको पालना गरिएको तथा न्यायोचित परिणाम सुनिश्चित गरिएको देखिनु वाञ्छनीय हुन्छ। यस प्रकारका विधिसम्मत मान्यता र सम्बन्धित उम्मेदवारको वैध अपेक्षाका कुराहरूलाई नजरअन्दाज गरेर भएको निर्णयले वैधता प्राप्त गर्न नसक्ने।
- कानुनद्वारा निर्धारित सर्त, विधि र प्रक्रियाका दृष्टिले त्रुटिपूर्ण देखिएका सरकारका कामकारवाही तथा निर्णयउपर न्यायिक उपचार प्रदान गर्नु यस अदालतको नियमित तथा सामान्य कार्यप्रणालीअन्तर्गतको विषय हो। यसलाई अदालतको अधिकारको विषयमात्र नभएर संवैधानिक जिम्मेवारी र कर्तव्यका रूपमा समेत हेरिनुपर्ने।

१४. www.bbc.com/nepali/news-39762580 ; visited on 23 January 2018.
१५. http://bit.ly/2DQAI48
१६. मुद्दा नं. ०७३ –WF-००२१ , ०७३ –WF-००२२, ०७३ –FN-७४६१ नि न ९७२३, फैसला मिति २०७३ चैत ८ गते, ने का प भाग ५८, २०७३ चैत, अङ्क १२
१७. http://bit.ly/2DQAI48

प्रधानन्यायाधीश हुनुहुन्छ। महाभियोग लागेर कार्की निलम्बनमा परेलगत्तै सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीश कार्यबाहक प्रधान न्यायाधीशले कार्यभार सम्हालेका थिए।

महाभियोग प्रस्ताव दर्ताका लागि प्रयोग भएका केही हस्ताक्षर किर्ते भएको हस्ताक्षरकर्ताले बताएका थिए। सांसद राधेश्याम अधिकारी र शम्भुलाल श्रेष्ठले आफूहरूले हस्ताक्षर नै नगरेको बताए।[१८] संविधान सभाका अध्यक्ष एवम् पूर्वसभामुख सुवास नेम्वाङले 'सुशीला कार्कीविरूद्ध भएको यो दुर्भाग्यपूर्ण प्रहार स्वतन्त्र न्यायपालिकामाथिको प्रहार भएकाले यसको विरोध गर्ने' बताएका थिए।[१९] प्रधानन्यायाधीश कार्कीविरूद्ध व्यवस्थापिका-संसद्मा दर्ता गरिएको अभियोग प्रस्ताव फिर्ता लिन न्यायपालिका बचाउ अभियानले माग गरेको थियो। पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले स्वतन्त्र न्यायपालिकालाई बिनाप्रमाण लगाइएको महाभियोग फिर्ता हुनुपर्ने बताउनु भएको थियो। मानव अधिकारकर्मी, कानुन व्यवसायीहरूले महाभियोगको प्रावधानको गलत प्रयोग भएको भन्दै सो प्रस्ताव फिर्ताको माग गरेका थिए।[२०] सो महाभियोगको विरोधमा नागरिक अधिकारकर्मीहरूले ऐक्यबद्धता प्रकट गरेका थिए। सो महाभियोग निष्प्रभावी भएपछि प्रधानन्यायाधीश कार्की नियमितरूपमा अदालत फर्कनुभएको थियो। दीर्घकालमा यस महाभियोगको अभ्यासले नेपालको न्यायपालिकालाई कस्तो असर पुऱ्याउने हो, समीक्षा हुने नै छ।

### ६. सर्वोच्च अदालतमा तीन न्यायाधीश नियुक्ति

संविधानको धारा १२९ (१) मा सर्वोच्च अदालतमा प्रधान न्यायाधीशका अतिरिक्त बढीमा २० जना न्यायाधीश रहने प्रावधान छ। यसरी सर्वोच्च अदालतमा जम्मा २१ जना न्यायाधीश रहने संवैधानिक व्यवस्था छ। समीक्षा अवधिमा सर्वोच्च अदालतमा चार न्यायाधीशको पद रिक्त रहेकामा २०७४ असोज २४ गते तीनजना न्यायाधीश नियुक्त भए। राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा बमकुमार श्रेष्ठ, डम्बरबहादुर शाही र टङ्कबहादुर मोक्तानलाई सर्वोच्चको न्यायाधीशमा नियुक्त गरिएको हो। यसअघि न्यायाधीश श्रेष्ठ उच्च अदालत तुलसीपुरमा, शाही उच्च अदालत सुर्खेतमा र मोक्तान उच्च अदालत पाटनमा मुख्य न्यायायाधीश थिए। संसदीय सुनुवाइ विशेष समितिबाट अनुमोदनपछि उनीहरूको नियुक्ति र सपथ भएको हो।[२१] उपर्युक्त नियुक्तिसँगै सर्वोच्च अदालतमा प्रधानन्यायाधीशसहित २० जना न्यायाधीश भएका छन्। २०७४ भदौ २८ गते न्यायपरिषद्को बैठकले सर्वोच्चको न्यायाधीशमा उनीहरूलाई सिफारिस गर्ने निर्णय गरेको थियो।[२२]

### ७. सङ्क्रमणकालीन न्याय

सङ्क्रमणकालीन न्याय सम्पादनका क्रममा यो वर्ष सर्वोच्च अदालतले विधिशास्त्रले चिरकालसम्म असर पर्नेगरी अथवा सो शास्त्र विकास गर्नेगरी महत्वपूर्ण फैसला गरेको छैन। साथै सङ्क्रमणकालीन न्याय निरूपण गर्न गठित आयोगहरू र न्यायपालिकाबीच सजीव सम्वाद भएको पनि अनुभूति हुन सकेन। द्वन्द्वकालीन घटनासँग सम्बन्धित एक मुद्दा जिल्ला अदालतबाट ठहर भई सजाय काटिरहेका अवस्थामा तत्कालीन पुनरावेदन अदालतको आदेशबाट रिहा भएका माओवादी नेता तथा पहिलो संविधान सभा सदस्य बालकृष्ण ढुङ्गेललाई सर्वोच्च अदालतको आदेशमा पक्राउ गरी कारागार पठाइएको छ।

### ८. आर्थिक-सामाजिक-सांस्कृतिक अधिकार रक्षा

सहरीकरणले विकास अनिवार्य बनाएको छ। तर सो भौतिक विकासका कारण पर्यावरण बिग्रने, प्रदूषण बढ्न जाने भई जीवन बाँच्ने आधारभूत तत्वका रूपमा रहेको स्वच्छ वायु नै उपलब्ध नहुन सक्छ। यसको निराकरणका लागि पनि कानुनी उपचार महत्त्वपूर्ण हुन जान्छ। काठमाडौँको वायु प्रदूषण नियन्त्रण गर्न बाटो विस्तार गर्दा होस् वा पिउने पानीको पाइप बिच्छ्याउँदा, धुलो कम गर्न पानी राखी काम गर्नुपर्ने, जनस्वास्थ्यलाई ध्यान दिनुपर्ने भनी निवेदक

---

१८. https://www.onlinekhabar.com/2017/04/578241
१९. https://www.onlinekhabar.com/2017/04/578241
२०. www.dcnepal.com/-6353
२१. www.kharibot.com/news-details/3338/2017-10-10, visited on 23 January 2018.
२२. http://gorkhapatraonline.com/news/45423, visited on 23 January 2018.

अधिवक्ता पदमबहादुर श्रेष्ठ रहेको सार्वजनिक सरोकारको विषयमा सरकारको नाउँमा अन्तरिम आदेश जारी भएको छ।[३३] नेपालको हावाको गुणस्तर विश्वमै खराब[३४] भनी तथ्याङ्कहरू मापन भएका छन्। नेपालको हावाको गुणस्तर विश्वकै खराब भएको पछिल्लो अध्ययनले देखाएको छ। सेन्टर फर इन्भारोमेन्टल ल एन्ड पोलिसी (येल विश्वविद्यालय) र सेन्टर फर इन्टरनेसनल अर्थ साइन्स इन्फर्मेसन नेटवर्क, कोलम्बिया युनिभर्सिटीले वर्ल्ड इकोनोमिक फोरमसँग मिलेर नेपालसहित १ सय ८० देशको वातावरणीय अवस्थाबारे अध्ययन गरेको छ। यसले नेपाली हावाको गुणस्तर निकै खराब रहेको देखाएको छ। नेपालका धेरै घरमा अझै पनि दाउरा बाल्ने गरेको र जनसङ्ख्याको धेरै हिस्सा 'पिएम २.५' (आँखाले देख्न नसकिने प्रदूषणका कणहरू) को जोखिममा रहेको रिपोर्टमा उल्लेख छ। समग्र 'वातावरणको स्वास्थ्य सूचकाङ्क' हेर्ने हो भने पनि नेपालको अवस्था राम्रो देखिँदैन। इन्भाइरोमेन्ट पफर्मेन्स इन्डेक्स-२०१८ मा सहभागी १८० देशमा नेपाल १७६ औं स्थानमा परेको छ।

वातावरणको स्वास्थ्य सूचकाङ्कको अवस्था भयावह रहे पनि त्यसतर्फ सजग रहन नेपालले गरेका प्रयास पर्याप्त छैन। सो सम्बन्धमा अधिवक्ता अमिता गौतम पौडेल रिट निवदेक रहेको एक मुद्दामा[३५] सर्वोच्च अदालतको फैसलाले सरकारले विकास निर्माण कार्य गर्दा मानव जीवनलाई समृद्ध एवम् सहज बनाउन अति आवश्यक हुन्छ। तर विकास निर्माणको कार्य गर्दा मानवीय जीवनलाई नै खतरामा पार्नेगरी गर्न नहुने भनेर आदेश जारी गरेको छ।

> मानवीय जीवनलाई नै खतरामा पार्नेगरी गर्दा त्यो सन्तुलित विकास हुन नसक्ने। वातावरणमा गम्भीररूपले असर पार्नेगरी भएको विकासले मानवको अस्तित्वमा नै खतरा उत्पन्न गर्ने भएकाले त्यस प्रकारको विकास अभिशापमा परिणत हुन पनि सक्छ। यसले मानवीय जीवनलाई सहज तुल्याउनुको साटो झन् कठिन बनाउँदै लैजान्छ। वर्तमानमा गुणस्तरीय जीवन यापन गर्न, हाम्रो भविष्यलाई बचाइराख्न र भावी पुस्ताको जीवन सुरक्षित बनाउन उचित वातावरणीय स्तर कायम गराइराख्नु सबैको साझा दायित्व हुन आउने।
>
> दायित्व सबैबाट परिपालना गराउने मुख्य जिम्मेवारी सरकार तथा त्यस मातहतका निकायहरूको हुने कुरा निर्विवाद छ। यो नेपाल सरकारले वातावरणसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा व्यक्त गरेको प्रतिबद्धताको एउटा पाटो पनि हो। वातावरणप्रति सजगता देखाएर विभिन्न कानुन निर्माण पनि गरिएको छ। तर कानुन निर्माण गर्दैमा वातावरण संरक्षणप्रति राज्यको दायित्व पूरा भएको मान्न नसकिने।
>
> (प्रकरण नं. ७)

## ५. संविधान कार्यान्वयनतर्फ

### ९.१ सङ्घीयता कार्यान्वयन र समावेशिता

स्थानीय तह, प्रदेश र सङ्घको निर्वाचन गराउन भनी परेका रिट निवदेनहरूउपर पनि सर्वोच्चले परमादेशसहितको रिट जारी गरेको छ। अधिवक्ता चन्द्रकान्त ज्ञवालीले दायर गर्नुभएको[३६] रिट निवेदनमा लोकतन्त्र भनेको जनताद्वारा निर्वाचित प्रतिनिधिद्वारा शासन व्यवस्था सञ्चालन हुने पद्धति हो,

---

३३. अ पदमबहादुर श्रेष्ठ वि नेपाल सरकारसमेत

३४. अनलाइनखबर, 'नेपालको हावाको गुणस्तर विश्वमै खराब', २०७४ माघ १० गते, काठमाडौँ https://www.onlinekhabar.com/2018/01/654615

३५. अ. अमिता गौतम पौडेल वि विपक्षी प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौँसमेत निर्णय नं. ९८२९ (परमादेश), ने का प भाग ५९ २०७४ महिना असोज अङ्क ६, फैसला मिति २०७४ वैशाख २१ गते, सर्वोच्च अदालत, संयुक्त इजलास, न्यायाधीश ओमप्रकाश मिश्र र प्रकाशमानसिंह राउत, आदेश मिति २०७४ वैशाख २१ गते, रिट नं. 073-WO-0830

३६. निर्णय नं. ९७७० (परमादेश) भाग ५९, साल २०७४, महिना जेठ, अङ्क २, फैसला मिति २०७३ फागुन ११ गते

आवधिक निर्वाचन अभावको स्थितिमा लोकतन्त्रको परिकल्पनासमेत गर्न सकिँदैन। लोकतन्त्रको स्थापना र यसको संस्थागत विकासका लागि निर्वाचन निर्विकल्प सर्तका रूपमा रहने भनी अदालतबाट व्याख्या भएको छ।

> लोकतन्त्र भनेको जनताद्वारा निर्वाचित प्रतिनिधिद्वारा शासन व्यवस्था सञ्चालन हुने पद्धति हो। शासन व्यवस्थामा जनताको सहभागिता कायम गरी जनताको सर्वोत्तम हित हुने र जनताप्रति उत्तरदायी रहने पद्धति निर्माण भएमा नै लोकतान्त्रिक पद्धति कायम हुन सक्छ। शासन व्यवस्थामा जनताको सहभागिता र प्रतिनिधित्व नरहने पद्धतिलाई लोकतान्त्रिक पद्धति मान्न नमिल्ने।
>
> आवधिक निर्वाचन अभावको स्थितिमा लोकतन्त्रको परिकल्पनासमेत गर्न सकिँदैन। केवल कर्मचारीहरूद्वारा वा राजनीतिक दलको सिफारिसमा तोकिएका पदेन वा तदर्थ किसिमको प्रतिनिधित्वलाई निर्वाचनको विकल्पका रूपमा हेर्न हुँदैन। लोकतन्त्र स्थापना र यसको संस्थागत विकासका लागि निर्वाचन निर्विकल्प सर्तका रूपमा रहने।
>
> वालिग मताधिकारको प्रयोगसहित निर्वाचनमा सहभागी हुन पाउनु नागरिक अधिकारको महत्वपूर्ण पक्ष हो। आवधिक निर्वाचनमा भाग लिन पाउनु नागरिकको अधिकार हो भने सो अधिकारको प्रत्याभूति दिने गरी आवधिकरूपमा स्वतन्त्र र निष्पक्षतवरबाट निर्वाचन गराउनु प्रत्येक लोकतान्त्रिक राज्यको कर्तव्य र दायित्व हुन्छ। संविधानले सङ्घ (केन्द्र), प्रदेश र स्थानीय तह गरी तीन तहमा राज्यशक्तिको बाँडफाँटसम्बन्धी प्रावधान व्यवस्थित गरेको पाइन्छ। उल्लिखित प्रत्येक तहमा निर्वाचनको माध्यमबाट छानिएका जनप्रतिनिधिबाट शासन व्यवस्था सञ्चालन हुने र राज्यशक्तिको प्रयोग गरिने व्यवस्था संविधानले गरेको पाइने। (प्रकरण नं. २)

### ९.२ निर्वाचनसम्बन्धी कानुनी व्यवस्था र रिट गुञ्जमान बिकेसमेतविरुद्ध निर्वाचन आयोगसमेत[३६]

चितवनको भरतपुर महानगरपालिका-१९ को मतगणना हुँदै गर्दा नेकपा माओवादीका कार्यकर्ता मतगणना स्थलमा पुगी मतपत्र च्यात्ने काम भएपश्चात मत गणना कार्य स्थगित गरी निर्वाचन आयोगले सहन्यायाधिवक्ता गीताप्रसाद तिमल्सिनाको नेतृत्वमा एक अनुगमन समिति गठन गऱ्यो। सो समितिले स्थलगत अध्ययन गरी प्रतिवेदन बुझायो। प्रतिवेदन र मुख्य निर्वाचन अधिकृत कार्यालयबाट च्याती नोक्सान भएका मतपत्र सङ्ख्या ९० भएको व्यहोराको जानकारीका आधारमा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५० (१) को (ख) बमोजिम मतगणनास्थलको अनधिकृत कब्जा भएको भन्ने पुष्टि भएकाले सोही दफाको उपदफा (४) बमोजिम कब्जाबाट असर परेको चितवन जिल्ला भरतपुर महानगरपालिका-१९ को मतदान केन्द्रको सम्पूर्ण मत अवैध घोषित गरी पुनः मतदान गर्ने भन्नेसमेत व्यहोराको निर्णय निर्वाचन आयोगले २०७४ जेठ २० गते गरेको थियो। आयोगको सो निर्णय बदर गरी च्यातिइ नोक्सान भएका मतपत्र स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५१ (१) को (ग) बमोजिम बदर मतपत्रको सूचीमा राखी मतगणना सुचारु गरिपाउँ भन्ने माग दाबीसहितको रिट निवेदन सर्वोच्च अदालतमा पर्न आएकामा सर्वोच्च अदालतले २०७४ साउन १५ गते सो रिट निवेदनउपर फैसला सुनाएको थियो।

निर्वाचन आयोगले गरेका काम र निर्णयहरू स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५० (१) (ख), दफा ५० (२), ५० (३), ५० (४) र ५० (५) भएको ठहर गऱ्यो। उक्त फैसलामा सर्वोच्च अदालतले मतगणनास्थल अनधिकृत कब्जा हुनलाई आवश्यक तत्त्वको विद्यमानताका बारेमा पनि व्याख्या गरेको छ। 'मतगणनास्थल अनधिकृत कब्जा हुनलाई स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५० (१) को खण्ड (क) र (ख) मा उल्लिखित दुवै प्रावधानको विद्यमानता अनिवार्य छ भनी रिट निवेदकको जिकीर भए पनि उपरोक्त दफा ५० (१) को खण्ड (क) (ख) वा (ग) मध्ये कुनै एक अवस्थाको विद्यमानता देखिए पनि मतगणना स्थलको अनधिकृत कब्जा हुन सक्ने उपरोक्त कानुनी व्यवस्थाको अवलोकनबाट देखिएको छ।'[३८]

प्रस्तुत मुद्दामा नेकपा एमालेका तर्फबाट मेयर पदका उम्मेदवार देवी ज्ञवालीले मतपत्र च्यात्ने कार्य भइसकेपछि दिएको उजुरी निवेदनमा मतगणनास्थलमा अनधिकृततवरले मतगणना प्रतिनिधिका रूपमा बसेकै व्यक्तिहरूले मतपत्र च्यातेर नष्ट गरेको विवरण उल्लेख

३६. रिट नं. ०७४WO-१२७२, उत्प्रेषण
३८. फैसलाको पृष्ठ ४

गरेका थिए। तर, निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ अन्तर्गत मतपत्र च्यातिइ प्रतिवादीउपर दायर भई चलेको मुद्दामा वकपत्र गर्दा उजुरीको सो व्यहोराप्रति इन्कार रही अर्थात वकपत्रमा मतगणनास्थल कसैको कब्जामा नरहेको भनेर वकपत्र गरे। सर्वोच्च अदालतले सो सम्बन्धमा 'आफूले दिएको उजुरी आफैंले दिएको उजुरी भएको' र सोको जवाफदेहिता निज देवी ज्ञवालीमा नै रहेको भनी व्याख्या गरेको छ। अर्थात देवी ज्ञवालीको उजुरी निवदेनको उक्त व्यहोरालाई निजकै विरूद्ध प्रमाणका रूपमा लिइएको छ।

सो फैसलाबाट मतपत्र च्यात्ने कार्यलाई हौसला मिल्न गई गलत नजिर बस्ने भनी आलोचना भए पनि निवेदनमा माग गरिएजस्तै च्यातिइ नोक्सान पुग्न गएका मतपत्रमात्र बदर गरी मत गणना जारी गर्ने कानुनी व्यवस्था ऐनमा छैन। ऐनमा भएको व्यवस्था अदालतले स्पष्ट व्याख्या गरेको छ। यसबाट नेपालमा न्यायिक अराजकता सिर्जना हुनबाट बचेको छ। यस प्रकारको कानुनी छिद्रलाई सच्याउने काम विधायिकीकै हो। विधायिकीले आफ्नो विवेक प्रयोग गरी यसलाई सच्याउन जरूरी छ।

### १०. सर्वोच्च अदालतमा अतिरिक्त इजलास

न्यायिक कार्यलाई शीघ्र प्रदान गर्ने मनसायका साथ सर्वोच्च अदालतमा नियमित कार्यालय समयका अतिरिक्त समयमा पनि इजलास गठन गर्न सुरू गरिएको छ। मन्त्रिपरिषद्को २०७४ पुस १३ को निर्णयअनुसार सर्वोच्च अदालतमा यस प्रकारको इजलास दैनिक दुई घण्टा सञ्चालन गरेबापत सर्वोच्च अदालतका न्यायाधीशहरूले सुरु तलवको बढीमा ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता पाउने भएका छन्।

सोअनुसार बिहान ९ बजेदेखि अतिक्ति इजलास सञ्चालन गरिने व्यवस्था छ। तर सो निर्णयबमोजिम बिहान ९ बजेबाटै इजलास सञ्चालनमा भने आउन सकेको छैन। सोबापत पाउने अतिरिक्त भत्ता भने कार्यान्वयनमा आइसकेको छ।[२९]

सर्वोच्च अदालतले नयाँ नियमावली पारित गरेपछि अतिरिक्त समयमा पनि इजलास सञ्चालन गर्ने विकल्प खुला भएको छ। सो नियमावली जारी भएपछि सर्वोच्च अदालतले अदालत बन्द रहेको दिन तथा नियमितरूपमा अदालत खुलेको दिन पनि यसरी अतिरिक्त समयमा इजलास तोक्ने व्यवस्था गरेको हो।[30] दैनिक दुई घण्टा अतिरिक्त समय इजलास सञ्चालन गर्दा प्रतिइजलास दुईवटा मुद्दा फर्स्योट हुने विश्वास गरिएको छ। दैनिक १० वटा अतिरिक्त इजलास सञ्चालन गरिएमा २० थान मुद्दा फर्स्योट हुने र औसतमा मासिक २४ दिन काम भएमा मासिक ४ सय ८० थान मुद्दा छिनोफानो हुने देखिन्छ। यसले वार्षिक ५ हजार ७ सय ६० थान मुद्दा फर्स्योट हुने भन्दै यसप्रकारको इजलास सञ्चालन गर्ने प्रस्ताव गरिएको थियो।[३१] हाल सर्वोच्च अदालतमा २५ हजारभन्दा बढी मुद्दा रहेकामा यस प्रकारको अतिरिक्त इजलाज गठनबाट छिटो न्याय पाउने सम्बन्धमा केही आश गर्न सकिने ठाउँ भए पनि सर्वोच्च अदालतमा नियमित समयमा पनि इजलास छोटो समयका लागि गठन हुने हुँदा यसप्रकारको नयाँ व्यवस्था कति प्रभावकारी हुने हो, अहिले नै अनुमान लगाउन गाह्रो हुन्छ। यसप्रकारको अतिरिक्त इजलास गठनले कतिवटा मुद्दा छिनोफानो गर्न सक्यो भनेर सर्वोच्च अदालतले आगामी आर्थिक वर्षमा उल्लेख गरी नागरिकलाई सुसूचित गर्नुपर्छ।

### ११. महानिरीक्षकमा बढुवा तथा नियुक्ति प्रकरण र न्यायपालिका-कार्यपालिका जुधाइ

नेपाल प्रहरीको महानिरीक्षक पदमा बढुवा तथा नियुक्ति प्रकरणलाई लिएर न्यायपालिका र कार्यपालिकाबीचको जुधाइले यस वर्ष नेपालको न्यापालिकाको महत्त्वपूर्ण समय खर्च भएको छ। सो समयमा औसत नागरिकको मुद्दामा समय दिन सकेको भए सयौं सङ्ख्याका पुराना मुद्दामा न्याय निरूपण हुने थियो।

---

२९. गोरखापत्र राष्ट्रिय दैनिक, वर्ष ११७, अङ्क २४८, २०७४ माघ २ गते, पृष्ठ सङ्ख्या १
30. सर्वोच्च अदालतको नियमावली
३१. गोरखापत्र राष्ट्रिय दैनिक, वर्ष ११७, अङ्क २४८, २०७४ माघ २ गते, पृष्ठ सङ्ख्या १

**महानिरीक्षकमा बढुवा प्रकरण, पहिलो मुद्दा**[३३]

मन्त्रिपरिषद्को २०७३ चैत १ गतेको बैठकले नेपाल प्रहरीको महानिरीक्षक पद (आइजिपी) मा जयबहादुर चन्दलाई नियुक्त गरेपछि प्रहरी नायव महानिरीक्षक (डिआइजिपी) नवराज सिलवालले आफूलाई आइजिपी बनाउनुपर्ने मागसहितको रिट सर्वोच्च अदालतमा दायर गरेका थिए।[३३] प्रधानन्यायाधीश सुशीला कार्कीसहितको पूर्ण इजलासले जयबहादुर चन्दलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने नेपाल सरकारको निर्णय बदर गरी बहालवाला प्रहरी नायव महानिरीक्षकमध्ये योग्यतम र विगत चार आर्थिक वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत उच्च अङ्क प्राप्त गर्नेलाई तत्काल प्रहरी महानिरीक्षक नियुक्त गर्न सरकारको नाममा २०७३ चैत ८ गते आदेश गरेको थियो। सर्वोच्च अदालतको उक्त फैसलामा प्रहरी नायव महानिरीक्षक नवराज सिलवाललाई नै प्रहरी प्रमुख बनाउन भनिएको थिएन। तर, फैसलाको पृष्ठभूमिमा पछिल्लो चार आर्थिक वर्षको कार्य सम्पादन मूल्याङ्कनमा कूल औसत अङ्क हेर्दा नवराज सिलवाल नै पहिलो नम्बरमा रहेको उल्लेख थियो। तसर्थ उक्त फैसलामा 'नेपाल प्रहरीको महानिरीक्षक पदमा जयबहादुर चन्दको नियुक्ति बदर हुने ठहर्छ' भनी चन्दको बढुवालाई उत्प्रेषणको आदेशले बदर गरिदिएको थियो। यसरी सर्वोच्च अदालतको उपर्युक्त फैसला अवलोकन गर्दा सर्वोच्च अदालतले नवराज सिलवाललाई नै प्रहरी महानिरीक्षक पदमा नियुक्त दिन बाध्यकारी आदेश दिएको निष्कर्ष निकाल्न सकिन्छ र रिट निवेदकले पनि सोही व्यहोरा बनाएर प्रकाश अर्याललाई आइजिपी बनाएपछि पुनः सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।

**दोस्रो मुद्दा**[३४]

**पृष्ठभूमि**

निवेदक नवराज सिलवालद्वारा दायर रिट नम्बर ०७३–WF–००२२ मा सर्वोच्च अदालतद्वारा २०७३ चैत ८ गते जयबहादुर चन्दको प्रहरी महानिरीक्षक पदमा भएको बढुवालाई बदर गर्नेगरी विगत आठ वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत उच्चतम अङ्क प्राप्त गर्नेलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्नु/गराउनु भनी भएको आदेशलगत्तै मन्त्रिपरिषद्को २०७३ चैत २८ गतेको निर्णयले प्रकाश अर्याललाई प्रहरी महानिरीक्षक पदमा बढुवा गरेकामा चित्त नबुझी नवराज सिलवालले पुनः रिट दायर गरेका थिए।

**रिटको विषयवस्तु**

नवराज सिलवालका अनुसार कार्य सम्पादन मूल्याङ्कनमा उनी चार वर्षको औसत अङ्क जम्मा २६३ ल्याई अग्रस्थानमा हुँदाहुँदै उनीभन्दा कम अङ्क २६२ ल्याएका प्रकाश अर्याललाई प्रहरी महानिरीक्षक पदमा बढुवा गरेको प्रहरी नियमावली २०७१ नियम ४१, वैध अपेक्षाको सिद्धान्त र संविधानको धारा १७ (२)(च), १८(१)(२), २५, ३३, ७५, १२८ र रिट नं. ०७३–WF–००२२ मा सम्मानित अदालतद्वारा भएको आदेशविपरीत भएकाले २०७३ चैत २८ गतेको मन्त्रिपरिषद्को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी आफूलाई प्रहरी महानिरीक्षकको पदमा बढुवा गरियोस् भन्ने रिट निवेदक सिलवालको माग दाबी थियो।

**विपक्षीको प्रतिउत्तर**

विपक्षीहरूअनुरूप कार्य सम्पादन मूल्याङ्कनमा सोही मूल्याङ्कनको निमित्त खडा गरेको कमिटीको रिपोर्टअनुसार प्रकाश अर्यालले कूल औसत अङ्क ३८५.५ ल्याई नवराज सिलवालभन्दा (३८.११६७) अग्रस्थानमा रहेकाले संविधान, कानुन र अदालतको आदेशअनुसार नै प्रकाश अर्याललाई नियुक्त गरेको निर्णय कानुनसम्मत नै रहेकाले रिट निवेदन खारेज होस् भन्ने माग दाबी राखेका थिए।

**अदालतको निर्णय**

यस सन्दर्भमा सर्वोच्च अदालतका प्रधानन्यायाधीश नेतृत्वको इजलासले २०७४ भदौ २७ गते निम्नबमोजिमको आदेश जारी गरेको थियो :

---

३३. ०७३-WF-००२२, ०७३-WF-००२१, ०७३-FN-००७४६१, उत्प्रेषणसहित परमादेश, फैसला २०७३ चैत ८ गते

३३. मुद्दा ०७३-WF-००२२, ०७३-WF-००२१, ०७३-FN-००७४६१, उत्प्रेषणसहित परमादेश, फैसला २०७ ३ चैत ८ गते

३४. ०७३-WF-००२३, ०७३-FN-००५९७, उत्प्रेषणसहित परमादेश, फैसला २०७४ भदौ २७ गते

(१) शक्ति पृथकीकरणको सिद्धान्त र संविधानको मर्मअनुरूप कार्यपालिकालाई कानुन कार्यान्वयन गर्ने, प्रशासन सञ्चालन गर्ने, कर्मचारी नियुक्त गर्ने अधिकार पूर्णरूपले हुन्छ। संविधानको धारा ७५(१) बमोजिम कार्यकारी अधिकार प्रधानमन्त्री र मन्त्रिपरिषद्मा हुन्छ। तसर्थ धारा ७५(१) अनुसार प्रधानमन्त्रीले प्रहरी महानिरीक्षक पदमा बढुवा गर्न नसक्ने भन्न नमिल्ने। तर, यसरी कुनै पनि व्यक्तिलाई महानिरीक्षक पदमा बढुवा गर्दा सम्बन्धित निकायले कानुन संविधानको परिधिभित्र रहेर नै उक्त कार्य गर्नुपर्ने हुन्छ। कानुनले तोकेको प्रक्रिया, मापदण्ड निश्चितरूपमा पूरा गर्नुपर्ने हुन्छ, नगरी मनोमानी ढङ्गले वा रूपमा उक्त कार्य गरेमा न्यायपालिकालाई जुडिसियल रिभ्यु गर्ने अधिकार हुन्छ। तर, त्यसका लागि कानुनको त्रुटि वा उल्लङ्घन हुन जरूरी छ। अन्यथा न्यायपालिकाले कार्यपालिकाको अधिकार क्षेत्रभित्र हस्तक्षेप गर्न मिल्दैन र अधिकार पनि छैन। यसरी कार्यपालिकाको अधिकार न्यायपालिकाले ग्रहण गर्ने हो भने कानुनी राज्यको सिद्धान्त, शक्ति पृथकीकरणको सिद्धान्त निष्क्रिय हुन जान्छ। तसर्थ प्रस्तुत मुद्दामा निवेदक पक्षले कार्यपालिकाले निर्णय गर्दा कहाँ, कसरी, कुन कानुनको त्रुटि भयो भनी स्पष्टरूपमा भन्न नसकेको अवस्थामा आफ्नो काम कारवाही सञ्चालन गर्ने क्रममा कमिटी स्थापना गरी गरेको निर्णयलाई त्रुटिपूर्ण भन्न नमिल्ने।

(२) प्रहरी नियमावली २०७१ को नियम ४१ बमोजिम कार्य सम्पादन मूल्याङ्कन नम्बरमात्र नभई अन्य तत्वहरू पनि हुने हुनाले प्रहरी महानिरीक्षक बढुवामा समग्ररूपमा ध्यान दिनुपर्ने हुन्छ। तर, प्रस्तुत मुद्दामा कार्य सम्पादन मुल्याङ्कनमा प्रश्न उठेको हुनाले कार्य सम्पादन मूल्याङ्कन हेर्दा नवराज सिलवालले आफूले पेश गरेको कागजमा आफू अग्र अङ्क ल्याएको देखाए पनि लोक सेवा र अन्य सरकारी मान्यता प्राप्त आधिकारिक निकायले सिलबन्दी गरी अदालतमा पेश गरेको तथ्याङ्कहरूले नवराज सिलवालले पेश गरेको मूल्याङ्कनमा झुठो देखाई प्रकाश अर्याल नै अग्र रहेको देखाएवाट पनि मन्त्रिपरिषद्को निर्णय सही देखिएकाले निवेदकको माग दाबी पुग्न नसकी रिट निवेदन खारेज गरेको छ।

(३) यसै सन्दर्भमा रिट नं. ०७३–WF–००२२२ मा सर्वोच्च अदालतद्वारा बिनाकुनै आधिकारिक तथ्याङ्क र त्यसको उचित मूल्याङ्कनबिना नवराज सिलवाल कार्य सम्पादन मूल्याङ्कनमा अग्र स्थानमा रहेको भनी गरेको आदेशलाई प्रस्तुत आदेशले सच्याएको छ।

(४) साथसाथै कुनै अमुक व्यक्तिलाई फाइदा पुग्ने गरी अर्थात निजले आफ्नो व्यक्तिगत हक हितको विषयको मुद्दालाई आफ्ना कानुन व्यवसायीमार्फत पब्लिक इन्ट्रेस्ट लिटिगेसन (पिआइएल) को नाम दिई जोकोहीले यसको दुरूपयोग गर्न सक्नेप्रति पनि सर्वोच्च अदालतले समीक्षा गरेको छ र सो गर्न नमिल्ने कुरामा सबैलाई सजग बनाएको छ। साथै सोको अभिलेख नेपाल बार एसोसिएसनमा राख्नसमेत भनेको छ।

(५) निवेदक नवराज सिलवालले उक्त मामिलामा झुठा कागजात पेश गरेको भन्दै यस विषयमा थप अनुसन्धानका लागि सम्बन्धित निकायमा आदेश जारी गरेको छ।

**सवल पक्ष**

प्रस्तुत मुद्दाले संवैधानिक कानुन, प्रशासकीय कानुनको विभिन्न सैद्धान्तिक पक्ष जीवन्त राखी उचित प्रयोग गरेको छ। शक्ति पृथकीकरणको सिद्धान्तअनुरूप अदालतले कार्यपालिकाले कानुन र संविधानअनुरूप गरेको निर्णयमा हस्तक्षेप गर्नुहुँदैन। गरेमा कानुनी शासन, सुशासन, न्यायको अवधारणा निष्क्रिय हुन जान्छ भन्ने कुरालाई बडो राम्रो ढङ्गले प्रस्तुत गरेको छ र न्यायपालिकालाई सधैँ आफ्नो काम/कर्तव्य निष्ठावानतवरले जारी राख्न प्रेरित गरेको छ।

यसैगरी मुद्दाको बढ्दो चाप घटाउने उद्देश्यले एउटै इजलासमा परेका फरक-फरक पक्ष/विपक्ष भएका समान प्रकृतिका मुद्दालाई एउटै ठाउँमा राखी हेर्ने अभ्यास थालनी हुनुलाई यस वर्षको सवल पक्ष मान्न सकिन्छ।

**समीक्षा गर्नुपर्ने पक्ष**

बहालवाला प्रधानन्यायाधीशसमेतको बृहत् पूर्ण इजलासले एकजना डिआइजीको मुद्दा भने यति प्राथमिकताका साथ हेर्ने, यस्तै प्रकारको अन्य मुद्दा भने वर्षौंसम्म अड्किरहनुलाई स्वाभाविकरूपमा लिन नहुने

कानुनका समालोचकहरूको भनाइ छ। हुन पनि यसबाट न्यायालयको नेतृत्वले शङ्काको सुविधा प्रदान गरेको छ। आमजनमानसमा पर्न गएको यस प्रकारको दुविधा वा सन्देहलाई न्यायालय आफैँले निरूपण गर्नुपर्ने हुन्छ अर्थात् त्यस मुद्दामा न्यायपालिका प्रमुखको मुद्दाका पक्षहरूप्रति कुनै आग्रह थिएन भनेर दायित्व निवारण गर्नुपर्ने हुन्छ। आमनागरिक मात्र नभएर, कानुन तथा न्यायका प्राध्यापकहरू, न्यायकर्मीहरू, कानुनकर्मी सबैसमक्ष एउटा गम्भीर प्रश्न खडा भएको छ।

### १२. अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्तलाई हटाउने अदालतको ठहर[३५]

प्रतिवेदन अवधिको सुरुमै सर्वोच्च अदालतले अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीको नियुक्तिलाई बदर हुने गरी महत्वपूर्ण फैसला गऱ्यो। विवादित पृष्ठभूमिका कार्कीको विपक्षमा यो फैसला आउनु महत्त्वपूर्ण थियो। सर्वोच्च अदालतले निजको नियुक्ति उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर गऱ्यो। यसले तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्कीलाई धेरैले 'साहसी न्यायाधीश' का रूपमा चित्रण गरे। 'अयोग्य, अक्षम, भ्रष्ट वा उच्च नैतिक चरित्र नभएका व्यक्तिबाट कुनै सुखद् अभीष्ट पूरा हुँदैन। त्यस प्रकारका व्यक्तिलाई संवेदनशील अख्तियारी सुम्पियो भने अन्ततोगत्वा परिणाम प्रत्युत्पादक नै हुनेछ। यसप्रकारको अवस्था पैदा नहोस् भन्ने अभिप्रायले सार्वजनिक जवाफदेहिताको संवैधानिक पदमा नियुक्त हुने पदाधिकारीका लागि संविधान एवम् कानुनमा योग्यताका न्युनतम सर्तहरू निर्धारण गर्नुपरेको हो' - फैसलामा भनिएको थियो। *(हेर्नुहोस् बक्समा दिइएको बुँदा नं. ३८ र ४०)*

### १३. बन्दी प्रत्यक्षीकरणको व्याख्या कि दुरूपयोग ?[३६]

कर छली गरेको आरोपमा २०७४ जेठ १९ गते अख्तियार दुरूपयोग अनुसन्धान आयोगले चुडामणि शर्मालाई हिरासतमा लिएको थियो। उनलाई विशेष अदालतमा उपस्थित गराई सो अदालतको आदेशले अनुसन्धानका लागि थुनामा राखेकामा असार २४ गते उनलाई तीन अर्बभन्दा बढी रकम धरौटी तोकिएको थियो। सो धरौटी बुझाउन नसकेपछि शर्मा थुनामा बस्न बाध्य भए।[३७] अरबौँ रुपियाँको कर छली गरेको आरोप लागेका राजश्व विभागका निलम्बित महानिर्देशक एवम् कर फछ्यौँट आयोगका तत्कालीन सदस्य शर्मालाई सर्वोच्च अदालतको बृहत् पूर्ण इजलासले रिहा गर्नू भनी आदेश जारी गऱ्यो।[३८] निजकी पत्नी कल्पना उप्रेतीले सर्वोच्च अदालतमा दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिटमा सो आदेश जारी गरिएको हो।

कुनै पनि नागरिकको वैयक्तिक स्वतन्त्रता नेपालको संविधानको धारा १७ (१) ले सुनिश्चित गरेको परिप्रेक्ष्यमा अदुअआ ऐन, २०४८ को दफा १९ (४) को प्रयोग अन्त्यन्त जिम्मेवारीपूर्वक गर्नुपर्नेमा सो व्यवस्थाको मर्म र मनसायअनुरूप धरौटी माग गरेको देखिन आएन। निज शर्मालाई थुनामा राखिराख्नुपर्ने अवस्था नदेखिएकाले 'निजलाई आजै थुनाबाट मुक्त गरिदिनू' भनी बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरिएको छ।

कर फर्स्योट आयोगका सदस्यले असल नियतले गरेको कामबारे अदालतमा प्रश्न उठाउन नपाइने अदालतको आदेशमा उल्लेख छ। तर, शर्माले गरेको कामको नियत असल हो वा खराब हो भनेर तथ्य पत्ता लगाउने जिम्माचाहिँ सर्वोच्चले विशेष अदालतलाई नै छाडेको छ।[३९] सर्वोच्चको आदेशमा भनिएको छ-

---

३५. रिट नं. ०७३ -NF-०००३, अधिवक्ता ओमप्रकाश अर्याल वि.सम्माननीय राष्ट्रपतिको कार्यालय, शीतलनिवास, काठमाडौँसमेत, रिट नं. ०७३ - FN (०२०७ अधिवक्ता ओमप्रकाश अर्याल वि लोकमानसिंह कार्की, फैसला मिति २०७४ पुस २४

३६. अरुण बराल, 'चुडामणि शर्माको रिहाइ : बन्दी प्रत्यक्षीकरणको बन्ध्याकरण' अनलाइन खबर खोजिएको मिति २०७४।१०।०८

३७. अरुण बराल, चुडामणि शर्माको रिहाइ : बन्दी प्रत्यक्षीकरणको बन्ध्याकरण अनलाइन खबर, मिति २०७४।१०।०८

३८. मा न्या दीपकराज जोशी, दीपककुमार कार्की, केदारप्रसाद चालिसे, शारदाकुमार घिमिरे र अनिलकुमार सिन्हा रहेको सर्वोच्च इजलास

३९. अरुण बराल, 'चुडामणि शर्माको रिहाइ : बन्दी प्रत्यक्षीकरणको बन्ध्याकरण' अनलाइन खबर, खोजिएको मिति २०७४।१०।०८

३८. अब यस अदालतको संयुक्त इजलासबाट मिति २०७१।६।८ मा भएको आदेश मिलेको छ वा छैन, निवेदन मागबमोजिम उत्प्रेषण तथा परमादेशको आदेश जारी हुने, नहुने के हो ? भन्ने पाँचौं प्रश्नका सम्बन्धमा विचार गरिन्छ। माथि विश्लेषण गरिएका आधार, कारण र प्रमाणहरूबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ को उपधारा (५) (ग) बमोजिमको 'लेखा, राजश्व, इन्जिनियरिङ, कानुन, विकास वा अनुसन्धानको क्षेत्रमा कम्तीमा बीस वर्ष काम गरी अनुभव र ख्याति प्राप्त गरेको' भन्ने योग्यता विपक्षी लोकमानसिंह कार्कीमा रहेको देखिएन। धारा ११९ को उपधारा (५)(ङ) बमोजिमको 'उच्च नैतिक चरित्र कायम भएको' पनि पाइएन, निजले प्रमुख आयुक्त पदमा नियुक्त हुनका लागि विवरण पेस गर्दा झुटा विवरण पेस गरेको र अयोग्यतासम्बन्धी वास्तविक विवरण उल्लेख नगरी लुकाएकोसमेत देखिन आयो। संवैधानिक परिषद् बाट सिफारिस गर्दा नेपालको अन्तरिम संविधानको धारा ११९ को उपधारा (५) तथा संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को दफा ५ को उपदफा (२) बमोजिमको योग्यता निजमा रहेको छ वा छैन भन्ने सम्बन्धमा वस्तुगत तथ्यहरू परीक्षण नगरी हचुवा र स्वेच्छाचारीतवरबाट सिफारिस गरिएको देखियो। यस अवस्थामा भएको निजको नियुक्तिलाई संविधान एवम् कानुनअनुकूल मान्न मिलेन। तसर्थ, रिट निवेदन खारेज हुने ठहर गरेको यस अदालतको संयुक्त इजलासबाट मिति २०७१।६।८ मा भएको निर्णय उल्टी हुन्छ र तत्काल प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ को उपधारा (५) को देहाय (ग) र (ङ) बमोजिमको योग्यता नभएको व्यक्ति लोकमानसिंह कार्कीलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त पदमा नियुक्ति गर्न सिफारिस गर्ने गरी भएको संवैधानिक परिषद्को मिति २०७०।१।२२ को निर्णय, सो सिफारिसबमोजिम सम्माननीय राष्ट्रपतिबाट मिति २०७०।१।२५ मा गरिएको नियुक्ति, सम्माननीय प्रधान न्यायाधीशबाट निज लोकमानसिंह कार्कीलाई गराइएको प्रमुख आयुक्त पदको पथलगायत निजलाई नियुक्ति गर्दाका सन्दर्भमा भएका काम कारबाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ।

४०. कुनै पनि संस्था वा निकायको सक्षमता वा प्रभावकारिता त्यसमा कार्यरत जनशक्तिको योग्यता र क्षमतासँग अन्योन्याश्रितरूपमा अन्तरसम्बन्धित रहन्छ। संस्थाका सञ्चालकहरू सुयोग्य भएमा मात्रै सुखद् परिणाम निस्कन सक्तछ। अयोग्य, अक्षम, भ्रष्ट वा उच्च नैतिक चरित्र नभएका व्यक्तिबाट कुनै सुखद अभीष्ट पूरा हुँदैन। त्यस प्रकारका व्यक्तिलाई सम्वेदनशील अख्तियारी सुम्पियो भने अन्ततोगत्वा परिणाम प्रत्युत्पादक नै हुनेछ। यसप्रकारको अवस्था पैदा नहोस् भन्ने अभिप्रायले सार्वजनिक जवाफदेहिताको संवैधानिक पदमा नियुक्त हुने पदाधिकारीका लागि संविधान एवम् कानुनमा योग्यताका न्यूनतम सर्तहरू निर्धारण गर्नुपरेको हो। यसरी तोकिएका योग्यता कुनै अलङ्कारका विषय नभएर व्यावहारिकरूपमा अनुशरण गर्नुपर्ने कुरा हुन्। यसको पालना गर्नु अनिवार्य छ। उपलब्ध योग्य उम्मेदवारहरूमध्ये पनि योग्यतमलाई छनोट गर्ने, सिफारिस गर्ने तथा नियुक्ति गर्ने निकाय वा पदाधिकारीको कर्तव्य बन्दछ। सार्वजनिक प्रशासनको क्षेत्रमा प्रचलित 'उपयुक्त ठाउँमा उपयुक्त मानिस' भन्ने सूत्र संवैधानिक निकायका पदाधिकारीहरूको नियुक्तिका सन्दर्भमा पनि मननयोग्य छ। पदीय जिम्मेवारीअनुसारको योग्यता र क्षमता वस्तुगत आधारमा एकिन गरेर मात्र योग्यतम् व्यक्तिलाई संवैधानिक अङ्गको पदाधिकारीको पदमा नियुक्त गरिनु वाञ्छनीय देखिन्छ। योग्यता नै नपुगेका व्यक्तिलाई संवैधानिक पदाधिकारीको पदमा स्वेच्छाचारीतवरबाट नियुक्त गरिएमा संविधान उल्लङ्घन हुन पुग्दछ।

'शर्मामाथि छानबिन गर्नु अख्तियारको अधिकार क्षेत्रभित्रै पर्छ भनिसकेपछि निजसँग धरौटी माग्नु वा सो धरौटी दिन नसकेपछि थुन्नु गैरकानुनी कार्य कसरी भयो ? प्रभावित कसरी भयो ? यस्ता प्रश्नबारे सर्वोच्च अदालतको आदेशमा व्याख्या गरिएको छैन।'[80] उक्त फैसलाले चुडामणि शर्माको रिहाइले बन्दी प्रत्यक्षीकरणको बन्ध्याकरण गरेको भनी सर्वोच्च अदालतको उक्त फैसलाको एक अनलाइनले कटु आलोचना गरेको छ। निजको सम्बन्धमा मुद्दा विचाराधीन रहेकाले निष्कर्ष दिन हतार हुनेछ। तथापि यस मुद्दाले भ्रष्टाचारसम्बन्धी मुद्दामा अदालत कठोर नभएर कानुनका छिद्र खोतल्न लागेको हो कि भन्ने आलोचना एकातिर छ भने अभियोग लागेकालाई पर्याप्त सफाइको मौका दिनुपर्छ भन्ने मत पनि छ।

80. अरुण बराल, 'चुडामणि शर्माको रिहाइ : बन्दी प्रत्यक्षीकरणको बन्ध्याकरण' अनलाइन खबर, खोजिएको २०७४ माघ ८ गते

### १४. न्यायपालिकामा मुख्य रजिस्ट्रार पद सिर्जना र नियुक्ति

यस प्रतिवेदन वर्षको बीचमा अर्थात २०१७ को जुन महिनामा नेपालको न्यायपालिकाको इतिहासमा सर्वोच्च अदालतमा पहिलोपल्ट मुख्य रजिस्ट्रारको पद सिर्जना गरिएको छ।[४१] न्यायपालिका सङ्घीय संरचनामा गएपछि न्यायपालिकाको सर्वोच्च निकाय सर्वोच्च अदालतमा मुख्य सचिव सरहको पद सिर्जना गरिएको हो। न्याय सेवा आयोगको बैठकले उक्त पदमा तत्कालीन न्यायपरिषद्का सचिव रहेका नहकुल सुवेदीको नाम सिफारिस गरेको थियो।[४२] न्याय सेवा आयोगको सिफारिसअनुसार निज सुवेदीलाई नेपाल सरकारले सो पदमा नियुक्त गरेको हो।[४३] यसपूर्व नेपाल सरकारको निजामतीतर्फ मुख्य सचिव, संसद्तर्फ महासचिव रहेकाले न्यायपालिकामा पनि सोहीसरहको पद सिर्जना गर्नुपर्ने भनी सोहीअनुसारको तयारी गरिए पनि आवश्यक ऐन/नियम तर्जुमा तथा सोको कार्यान्वयन हुन सकेको थिएन। सरकारका तीनै अङ्गबीच आवश्यक समन्वय र न्यायपालिकाभित्रकै कर्मचारीको मनोबल उच्च पार्न पनि यस पद जरुरी थियो।

### १५. समाज सुधारमा न्यायपालिका

कुनै पनि मानिसमाथि बोक्सीको आरोप लगाउने कार्य कानुनीरूपमा निषेध छ भने पनि त्यसरी बोक्साबोक्सीको आरोप लगाई मानिसको कपाल काट्ने, अभक्ष खुवाउने, कुटिपट गर्ने, यातना दिने जस्ता अमानवीय कार्यसमेत हुने गरेकामा यस्तो कार्य गर्नेलाई कडारूपमा दण्डित गर्नुपर्छ भनी सर्वोच्च अदालतले ठहर गरेको छ। मानव समाजमा अन्धविश्वासका रूपमा रहको बोक्साबोक्सीको उन्मूलन गर्न कानुन बनाएरमात्र हुँदैन, यस्तो क्रियाकलाप गर्नेलाई कडा दण्ड दिने नीतिसमेत अपनाउन आवश्यक रहकाले सोहीअनुरूप कठोर सजाय दिन पनि आवश्यक हुने[४४] जनाएको छ। अदालतले दण्डमार्फत सजाय गरी सुधार गर्ने माध्यममा त जोड दियो तर यो सँगसँगै चेतना अभिवृद्धि गर्नेतर्फ पनि जोड दिएर सोअनुसारको कार्यक्रम तय गरी शिक्षा प्रदान गर्ने प्रणालीमा नै जोड्न आवश्यकसमेत छ।

### १६. निष्कर्ष

१ संविधानले तोकेको उच्च नैतिक योग्यतालगायतका योग्यता नपुगेको भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तको नियुक्ति बदर, प्रहरी महानिरीक्षक पदको नियुक्तिको विवाद निरूपण, सार्वजनिक सरोकारको विषयलाई दुरूपयोग गर्न नहुने जस्ता विषयमा साहसिक फैसला आएको छ। २०६३ सालदेखिको अन्तरिम संविधानले परिकल्पना गरेको सुरु अदालतमा न्यायाधीश नियुक्ति गर्दा परीक्षा प्रणाली अपनाउनुपर्नेमा सो व्यवस्थाको नजरअन्दाज गरिँदै आएकामा यस समीक्षा अवधिमा जिल्लाका ८० प्रतिशत न्यायाधीशको नियुक्ति परीक्षा प्रणालीबाट गर्ने व्यवस्था लागु भएको छ।

२. यो अवधि न्यायपालिकाका लागि त्यति सुखद् रहेन किनकि न्यायपालिका र कार्यपालिकाबीच कार्यक्षेत्रको विषयमा भएको टक्करलाई लिएर प्रधान न्यायाधीशमाथि संसद्मा महाअभियोगको प्रस्ताव दर्ता भयो। यसले भविष्यमा विधायिकीले न्यायपालिकालाई नियन्त्रण र निर्देशित गर्न महाभियोगको दुरूपयोग हुन सक्ने देखिन्छ।

३. न्यायपालिकामाथि प्रहार, उपलब्ध संवैधानिक तथा कानुनी उपचारको बृहत् उपचारको बाटोमा मौन रही आफूले खोजेअनुरूपको निर्देशित न्यायालय स्थापित गर्ने कलुषित उद्देश्यले न्यायपालिकामाथि आधारहीन सन्देह पैदा गरेको पनि पाइयो। वर्तमान प्रधानन्यायाधीश गोपाल पराजुलीको विषयलाई लिएर स्थापित मिडिया हाउसले प्राथमिकताका साथ समाचार सम्प्रेषण गरे तर निजका विरुद्ध प्रयोग गर्न सकिने संसदीय सुनुवाइमा उजुरी

---

४१. कृष्ण ज्ञवाली, कान्तिपुर राष्ट्रिय दैनिक
https://www.kantipurdaily.com/news/2017/06/25/20170625173646.html

४२. ibid

४३. http://bit.ly/2EUwOoa

४४. नेपाल कानुन पत्रिका २०७४ साउन

गर्ने कार्य कहीं कतैबाट भएन। यसले समग्र न्यायप्रणालीलाई कमजोर बनाई नागरिकको हक संरक्षकलाई नै निष्प्रभावी बनाउने खतरा रहन्छ।

४. सङ्घीयतामा मुलुक गइसकेको अवस्थामा वालिग मताधिकारका आधारमा निर्वाचित जनप्रतिनिधिद्वारा शासन सञ्चालन गर्न, संविधानले नै परिकल्पना गरेको समावेशी चरित्र राज्यका विधायिकी अङ्गहरूमा सुनिश्चित गर्न पनि अदालतले महत्त्वपूर्ण भूमिका खेल्यो।

५. यो अवधि मुद्दा तथा पेसी व्यवस्थापनका हिसावले निरुत्साहित हुनुपर्ने देखिन्छ। देशभर करिव ८० हजारभन्दा बढी मुद्दामा न्याय निरूपण गर्नुपर्ने देखिन्छ। न्याय ढिला दिनु भनेको न्याय दिन इन्कार गर्नु नै हो।

६. अन्त्यमा, न्यायपालिका र कार्यपालिकाबीच कटु शक्ति सङ्घर्ष, प्रधान न्यायाधीशमाथि महाभियोग प्रस्ताव दर्ता जस्ता नकारात्मक पक्षका साथै सङ्घीयता कार्यान्वयन, अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सवलीकरण, मौलिक हक रक्षाका हिसावले यो वर्ष न्यायपालिकाका लागि सवल नै रह्यो। तसर्थ नेपालको न्यायपालिकाको भूमिका नकारात्मकमात्र नभएर सकारात्मक पनि छ।

फोटो : रमेशप्रसाद तिमल्सिना

२.२ राज्य र मानव अधिकार

# कार्यपालिका

परिच्छेद

२

**पृष्ठभूमि**

स्थानीय तह, प्रदेश तथा प्रतिनिधि सभाको निर्वाचन नेपालको संविधानले तोकेको समयसीमाभित्रै सम्पन्न हुनुले संविधान कार्यान्वयनको दिशामा मुलुक अगाडि बढेको आभास भयो। मानव अधिकारको संरक्षण, संवर्द्धन र परिपालनका लागि राज्यको जिम्मेवार र अहम् भूमिका हुन्छ। राज्यका अङ्गमध्ये कार्यपालिकामा नै राज्यशक्ति र कार्यकारिणी अधिकार रहेकाले कार्यपालिकाप्रति आमनागरिकको विश्वास र भरोसा हुन्छ। व्यवस्थापिकाले तर्जुमा गर्ने कानुनका लागि सरकारी विधेयक प्रस्तुत गर्ने, व्यवस्थापिकालाई पर्याप्त एजेन्डा एवम् छलफलका विषय उपलब्ध गराउने, विधायिकाले तर्जुमा गरेको कानुन कार्यान्वयन गर्ने, नागरिकका मौलिक हक अधिकार प्रचलन गराउने, दैनिक शान्ति सुव्यवस्था, अमनचयन कायम गर्ने, विकास निर्माणका लागि नीति, कार्यक्रम, कार्ययोजना र बजेट तर्जुमा गरी नागरिकका मानव अधिकार संरक्षण गर्ने र अन्तर्राष्ट्रिय समुदायमा राज्यको छवि उच्च राख्नसमेत कार्यपालिकाको महत्त्वपूर्ण भूमिका हुन्छ। कार्यपालिकाको काम कारवाहीबाट नै नागरिकको मानव अधिकार संरक्षण र संवर्द्धन भई जनताले मानव अधिकार अनुभूति गर्न सक्छन्।

संसदीय लोकतान्त्रिक व्यवस्थामा प्रधानमन्त्रीलाई संसद्को नेता पनि मानिन्छ। संसद्को बहुमतबाट निर्वाचित नेता नै प्रधानमन्त्री रहने भएकाले प्रधानमन्त्रीय पद्धतिमा कार्यपालिकाको विशेष महत्त्व रहन्छ। जनताद्वारा निर्वाचित प्रतिनिधिले सरकार सञ्चालन गर्ने भएकाले जनताप्रति सबैभन्दा बढी उत्तरदायी र जवाफदेही कार्यपालिका नै हुने गर्छ। नेपाल कम्युनिस्ट पार्टी (एमाले) नेतृत्वको सरकार परिवर्तन गरी एकीकृत नेकपा माओवादी केन्द्रको नेतृत्वमा नेपाली कङ्ग्रेस सम्मिलित सरकारले स्थानीय तहको पहिलो चरणको निर्वाचन सम्पन्न गऱ्यो। स्थानीय तहको निर्वाचन २०७४ वैशाख ३१ गते ३४ जिल्लामा, २०७४ असार १४ गते ३५ जिल्लामा र असोज २ गते प्रदेश नं. २ का आठ जिल्लामा सम्पन्न भएको थियो। नेपाल सरकारले दुई चरणमा तोकेको निर्वाचन तराई मधेसमा आन्दोलनरत राजनीतिक दलका कारण प्रदेश नम्बर दुई बाहेक ६ वटा प्रदेशमा मात्र हुन गयो। तराई मधेसमा राजनीतिक दलको सहमतिमा मात्र प्रदेश नम्बर दुईको स्थानीय निर्वाचन २०७४ असोज २ गते भएको थियो।

दोस्रो र तेस्रो चरणको स्थानीय तहको निर्वाचनसहित प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन नेपाली कङ्ग्रेस नेतृत्वको नेकपा माओवादी केन्द्र सम्मिलित सरकारले सम्पन्न गऱ्यो। तर यो गठबन्धन प्रतिनिधि सभाको निर्वाचनसम्म टिक्न सकेन। प्रतिनिधि सभाको निर्वाचन हुनअघि नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेकपा माओवादी केन्द्रबीच गठबन्धन भएलगत्तै माओवादी पार्टीबाट सरकारमा सम्मिलित मन्त्रीहरू बिनाविभागीय बनाइए। सरकार छोटोछोटो समयमा परिवर्तन हुने र आलोपालो सरकार चलाउने राजनीतिक सहमतिले सरकारहरू स्थिर हुन सकेनन्।

प्रतिनिधि सभा र प्रदेश व्यवस्थापिकाको निर्वाचन दुई चरणमा (२०७४ मङ्सिर १० र २१ गते) सम्पन्न भयो। संविधान कार्यान्वयनका लागि २०७४ माघ ७ गतेभित्र तीन तहको निर्वाचन हुन सक्छ कि सक्दैन भन्ने राजनीतिक विवाद कायम रहेको अवस्थामा शान्तिपूर्णरूपमा निर्वाचन सम्पन्न भएको निर्वाचन आयोगले जनायो।[१] तथापि निर्वाचनका क्रममा भएका हिंसाका कारण आमनागरिकमा भय र त्रासको वातावरण कायमै रहन गएको राष्ट्रिय मानव अधिकार आयोगले जनायो।[२]

यसै वर्ष नेपाल राष्ट्रसङ्घीय मानव अधिकार परिषद्को सदस्यमा तीन वर्षका लागि निर्वाचित भयो। संयुक्त राष्ट्र सङ्घ मानव अधिकार परिषद्मा निर्वाचित हुनुले नेपालको छवि अन्तर्राष्ट्रिय जगतमा राम्रो हुन मद्दत पुग्यो।[३]

संविधानमा उल्लिखित मौलिक हकलाई संविधानको मुटु पनि भन्ने गरिन्छ। मौलिक हकमा कुनै पनि अधिकार राख्नुका पछाडि ती अधिकार प्रत्याभूत गर्न राज्यको स्रोत, साधन, क्षमता पुग्छ भन्ने अनुमान गरिन्छ। तर नेपालको संविधान (२०७२) जारी गर्दा देशको सामर्थ्य आर्थिक अवस्था, स्रोत, साधनलाई ध्यानमा राखेको पाइएन। संविधानको धारा ४७ बमोजिम मौलिक हक कार्यान्वयनका लागि

१. विस्तृत जानकारीका लागि निर्वाचन आयोगद्वारा २०७४ मङ्सिर २१ गते जारी विज्ञप्ति
२. राष्ट्रिय मानव अधिकार आयोगको २०७४ मङ्सिर २१ गतेको प्रेस विज्ञप्ति
३. राष्ट्रिय मानव अधिकार आयोगको २०७४ असोज ३१ गतेको प्रेस विज्ञप्ति

आवश्यकताअनुसार राज्यले संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानुनी व्यवस्था गर्ने उल्लेख छ। संविधान जारी भएको लामो समयसम्म पनि मौलिक हक कार्यान्वयनका लागि कुनै पनि कानुन तर्जुमा हुन सकेनन्। सरकारले मौलिक हक कार्यान्वयनका लागि आवश्यक कानुनका लागि विधेयक तर्जुमा गरी संसद्मा दर्ता गराउन नसक्दा मौलिक हक कार्यान्वयनमा नै नकारात्मक असर पर्न गएको छ। यस वर्ष सरकारले मौलिक हक कार्यान्वयन गर्ने कानुन बनाउने विषयलाई प्राथमिकतामा राखेको पाइएन।

आलोपालो सरकार परिवर्तन र राजनीतिक अस्थिरताको सिलसिलाले यस वर्ष पनि निरन्तरता पायो। मधेसका राजनीतिक दलको माग सम्बोधन गर्न सरकारले संसद्मा संविधान संशोधन प्रस्ताव प्रस्तुत गरे पनि उक्त प्रस्ताव असफल भयो। तर पनि राजनीतिक दलले तराई मधेसका मुद्दालाई चुनावी घोषणापत्रमा प्राथमिकता दिए। स्थानीय तहदेखि सुरु भएको राजनीतिक ध्रुवीकरण प्रदेश र सङ्घको चुनावमा थप उत्कर्षमा पुग्यो। आर्थिक समृद्धि, स्थिर सरकार र विकासलाई राजनीतिक दलले आफ्नो घोषणापत्रमा प्रमुख एजेन्डाका रूपमा प्रस्तुत गरे। निर्वाचनको परिणामबाट देशले स्थिर सरकार, राजनीतिक स्थायित्व, समृद्धि र विकासमा फड्को मार्ने जनताको आकाङ्क्षा सम्बोधन हुने आशा राख्न सकिन्छ। निर्वाचनअगाडि वाम गठबन्धन र लोकतान्त्रिक गठबन्धनले जारी गरेका प्रतिबद्धता, घोषणापत्रमा समेत राजनीतिक स्थिरता, समृद्धि र विकासको एजेन्डालाई प्रमुखता दिएको र निर्वाचनको परिणाम हेर्दा वाम गठबन्धनले सुविधाजनक बहुमत प्राप्त गरेको देखिँदा स्थिर सरकार, विकास र समृद्धि प्राप्त हुने जनअपेक्षा पाइन्छ।

यसै वर्ष सम्पन्न निर्वाचन सङ्घीयता र लोकतान्त्रिक व्यवस्था कार्यान्वयनमा कोसेढुङ्गा साबित हुन गएको छ। संविधानतः आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसहित आवश्यक सेवा, सुविधा प्रवाहमा समेत जनप्रतिनिधिबाट उल्लेख्य भूमिका निर्वाह हुन सक्ने देखिन्छ। नेपाल सरकारले तराई मधेस र थरुहटलगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलले गरेको आन्दोलनका क्रममा भएका हत्या, हिंसा, आगजनी, तोडफोडलगायत घटनाको सत्य तथ्य छानबिन गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरीशचन्द्र लालको संयोजकत्वमा उच्चस्तरीय जाँचबुझ आयोग गठन गऱ्यो। आयोगले वर्षको अन्त्यतिर प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरेको भए पनि उक्त प्रतिवेदन सरकारले सार्वजनिक भने गरेन।

**मानव अधिकार राष्ट्रिय कार्ययोजना**

नेपाल सरकारले चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना (२०७१/२०७२–२०७५/२०७६) लागु गरेको तीन वर्ष नाघिसकेको छ। शिक्षा, स्वास्थ्य, पोषण तथा जनसङ्ख्या, श्रम तथा रोजगार, संस्कृति, कानुनी सुधार तथा न्याय प्रशासन, वातावरण र दिगो विकास, महिला, बालबालिका, अपाङ्गता, ज्येष्ठ नागरिक र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, नेपालको अन्तर्राष्ट्रिय दायित्वको कार्यान्वयन, खाद्य सुरक्षा, सङ्क्रमणकालीन न्याय र द्वन्द्वपीडित, मानव अधिकार शिक्षा, समावेशी विकास, आवास, सामाजिक सेवा र सुरक्षा, सर्वोच्च अदालतको फैसला र राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन, हिरासत तथा कारागार सुधार र संस्थागत सुदृढीकरण गरी नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजनाले विभिन्न १८ वटा प्राथमिकताका क्षेत्र समेटेको छ। यस कार्ययोजनाको कार्यान्वयन पक्ष अत्यन्त कमजोर रहेको र कार्यान्वयनका सन्दर्भ तथा कार्ययोजना सम्बन्धमा अधिकांश प्रमुख जिल्ला अधिकारी र सहयोगी निकाय नै अनभिज्ञ देखिन्छन्। राष्ट्रिय मानव अधिकार आयोगले ५७ वटाभन्दा बढी जिल्लामा गरेको अनुगमनबाट यस कार्ययोजनाको कार्यान्वयन पक्ष सन्तोषजनक नदेखिएको र अनुगमन गरिएका जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू नै कार्ययोजना सम्बन्धमा अनभिज्ञ रहेको आयोगको वार्षिक प्रतिवेदनमा उल्लेख छ।[8]

कार्ययोजनालाई संयुक्त राष्ट्र सङ्घको दिगो विकास लक्ष्यसँग तालमेल गरी कार्ययोजना र दिगो विकास लक्ष्य दुवैको उद्देश्य पूरा हुनेगरी कार्य हुन सकेको पाइँदैन। यी दुवैको प्रभावकारी कार्यान्वयन र उचित मूल्याङ्कनबाट आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको संरक्षण भई समग्र मानव अधिकार अवस्थामा सुधार ल्याउन मद्दत पुग्छ। साथै मानव अधिकार संरक्षण र संवर्द्धनमा समेत योगदान पुग्ने देखिन्छ। प्रमुख जिल्ला अधिकारी नै कार्ययोजनाबारे अनभिज्ञ रहनु र कार्ययोजनाले निर्माण गरेको समितिहरूको बैठकसमेत समयमा बस्न नसक्नु

8. राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन २०७३/७४, पेज ९

नै कार्ययोजना कार्यान्वयनको मुख्य कमजोरीका रूपमा देखिएको छ।

### जीवनको अधिकार

तराई मधेसमा भएका आन्दोलनका क्रममा सप्तरीको मलेठमा सुरक्षाकर्मीको गोली लागी प्रदर्शनकारी र सर्वसाधारणको मृत्यु हुनु तथा आन्दोलनको नेतृत्व गरिरहेको संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताद्वारा तोडफोड र आगजनीजस्ता घटनाबाट जनताको बाँच्न पाउने अधिकारमा आघात पुग्यो।[५] तराई मधेस आन्दोलनका घटनामा मारिएका व्यक्तिलाई शहीद घोषणा गर्दै दश लाख रुपियाँका दरले क्षतिपूर्ति उपलब्ध गराउने निर्णय नेपाल सरकारले गऱ्यो।[६] निर्वाचनका क्रममा भएका हिंसाका घटनामा केही व्यक्तिको मृत्यु हुनुका साथै कैयौँ घाइते तथा अपाङ्ग भए। नुवाकोट, काठमाडौँ, उदयपुर, रोल्पा, रुकुमलगायत जिल्लामा उम्मेदवारलक्षित बम विष्फोटका घटना भए।[७] *(हेर्नुहोस् सम्बन्धित जिल्लाका विवरण)*

### सङ्क्रमणकालीन न्याय

नेपालको संविधान र विस्तृत शान्ति सम्झौता २०६३ ले परिकल्पना गरेको सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित संयन्त्रहरू निकै ढिलो गरी गठन गरिए। यी संयन्त्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड र सर्वोच्च अदालतको परमादेशबमोजिम गठन हुन सकेनन्[८]। ऐनले तोकेको समयसीमाभित्र यसले कार्य पनि गर्न सकेन र थपिएको समयभित्रसमेत बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगले सत्य अन्वेषण, छानबिनसहित पीडितलाई परिपूरणसहितको न्याय प्रदान गर्ने कार्य गर्न सकेको छैन।

यसप्रकारको ढिलासुस्तीले पीडितको विश्वास प्राप्त गर्न नसकेकाले समेत सङ्क्रमणकालीन संयन्त्रले काम गर्न सकेका छैनन्। समाजमा मेलमिलापको वातावरण सिर्जना गर्न, सशस्त्र द्वन्द्वका अवधिमा भएका मानव अधिकार हनन्का घटनाको प्रभावकारीरूपमा छानबिन गरी सत्य निरूपण गर्ने, गम्भीर प्रकृतिका मानव अधिकार हनन्का घटनाका दोषीहरूलाई कानुनी कारबाही र पीडितहरूलाई परिपूरणको व्यवस्था गर्नु सङ्क्रमणकालीन न्यायसम्बन्धी आयोगहरूको उद्देश्य र जिम्मेवारी थियो। लगभग तीन वर्षको अवधि व्यतीत भइसक्दा पनि यस सम्बन्धमा प्रभावकारी कार्य हुन सकेको छैन।[९] सङ्क्रमणकालीन न्यायका सम्बन्धमा गठन भएका आयोगहरूबाट पीडितहरूको उजुरी सङ्कलन गर्ने, उजुरी सम्बन्धमा छानबिन गर्न कार्यदल गठन गर्ने एवम् उजुरीउपर प्रारम्भिक जाँचबुझको कार्य अगाडि बढाएको देखिन्छ। कानुनले तोकेको दुई वर्षको म्याद एक वर्ष थप्दासमेत कानुनले निर्दिष्ट गरेको म्यादभित्र काम सम्पन्न गर्नेमा शङ्का उत्पन्न भएको छ। बेपत्ता पारिएको व्यक्तिको छानबिन आयोगमा २ हजार २ सय ८९[१०] र सत्य निरूपण तथा मेलमिलाप आयोगमा ६० हजार ३ सय १६[११] उजुरी दर्ता भएका छन्

सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानबिनसम्बन्धी आयोगप्रति राष्ट्रिय र अन्तर्राष्ट्रिय चासो छ। सर्वोच्च अदालतले दिएको निर्देशनबमोजिम कानुन बन्न नसक्नु, वर्तमान कानुन अन्तर्राष्ट्रिय मापदण्डअनुरूप नभएको भनी अन्तर्राष्ट्रिय रूपमा औपचारिक मान्यता ग्रहण गर्न नसक्नु, उजुरी व्यवस्थापन गर्न दक्ष जनशक्ति एवम् स्रोतको सञ्चय तथा कार्यान्वयन गर्न नसक्नु र पीडितको विश्वास जिती कार्य गर्न नसक्नु जस्ता कारणले यी दुवै आयोगले प्रभावकारीरूपमा कार्य गर्न सकेको देखिँदैन। सशस्त्र

---

५. राष्ट्रिय मानव अधिकार आयोगको २०७३ फागुन २६ को प्रेस विज्ञप्ति
६. नेपाल सरकार, मन्त्रिपरिषद्को २०७४ वैशाख २५ गतेको निर्णय
७. राष्ट्रिय मानव अधिकार आयोगको २०७४ मङ्सिर १३ गतेको प्रेस विज्ञप्ति
८. http://www.insec.org.np/press-release/8-january-2018/?lang=np २०७४ माघ ४ गते हेरिएको
९. राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन २०७३/७४ पेज १७
१०. http://ciedp.gov.np/uploads/files/bepatta%20name%20list%202073-8-13.pdf २०७४ माघ ४ गते हेरिएको
११. http://kathmandupost.ekantipur.com/news/2017-08-18/additional-2264-cases-registered-with-trc.html २०७४ माघ ४ गते हेरिएको

द्वन्द्वका क्रममा मारिएका व्यक्तिका परिवारले परिपूरण र यथोचित क्षतिपूर्ति नपाउनु, बेपत्ता व्यक्तिका परिवारजनले सत्यतथ्य जान्न नपाउनु, सम्पत्ति लुट तथा आगजनीमा परि आन्तरिकरूपमा विस्थापित भएकाले क्षतिपूर्ति नपाउनु जस्ता कारणले सङ्क्रमणकालीन न्याय थप जटिल र चुनौतीपूर्ण बन्न गएको छ। यसै वर्ष सशस्त्र द्वन्द्वका क्रममा घाइते भई अपाङ्गता भएका व्यक्तिहरूको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन कार्यविधि, २०७४ नेपाल सरकारले स्वीकृत गऱ्यो।[१२] यो कार्यविधि पनि परोक्षरूपमा सङ्क्रमणकालीन न्याय सम्बोधन गर्न मार्गदर्शनका रूपमा रहने विश्वास लिन सकिन्छ।

**कानुनी शासन**

कानुनी शासनको अभावमा मानव अधिकार कल्पना गर्न सकिँदैन। मानव अधिकार र कानुनको शासन एकअर्काका पूरक हुन्। नेपालको संविधानले कानुनी शासन र मानव अधिकार संरक्षणको परिकल्पना गरेको छ। तापनि कानुनी शासनको शत्रुका रूपमा नेपालका द्वन्द्वपीडितहरूले न्याय पाउन नसक्नु तथा द्वन्द्वका बेलामा गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनको आरोप लागेकाहरू कानुनी दायरमा नआउनुले दण्डहीनताले प्रश्रय पाइरहेको अनुभूति हुन्छ। मानव अधिकार संरक्षण गर्न दण्डहीनता प्रमुख चुनौतीका रूपमा रहृयो। दण्डहीनता रहुन्जेल कानुनी शासनको प्रत्याभूत र प्रचलन गर्न सकिँदैन। मानव अधिकार तथा मानवीय कानुनको उल्लङ्घन गर्ने, गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घन गरी सर्वोच्च अदालत तथा राष्ट्रिय मानव अधिकार आयोगले दोषी ठहर गरेका व्यक्तिलाई राज्यले कारबाही गर्न नसक्दा दण्डहीनताको संस्कृति मौलाएको र कानुनी शासनको अवस्थामा चुनौती देखिन्छ।

नेपालको सशस्त्र द्वन्द्वमा मानव अधिकार एवम् अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घन तथा घटनामा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याउन नसक्नु, घटनाको अनुसन्धान नगर्नु, अभियोजन नगर्नु र पीडितलाई न्याय दिन नसक्नु वा न्याय दिन प्रत्यक्ष वा परोक्षरूपमा इन्कार गर्नु आदि सबै दण्डहीनताका तत्त्व हुन् जसले नेपालमा कानुनको शासन अत्यन्त कमजोर रहेको देखिन्छ। नेपालको कानुनी शासनको पूर्ण प्रत्याभूतिका लागि संयुक्त राष्ट्र सङ्घीय सन्धिजनित मानव अधिकार समिति र विश्वव्यापी आवधिक समीक्षामा मानव अधिकार परिषद्बाट प्राप्त सिफारिसहरू राज्यले स्वीकार गरेको अवस्थामा समेत ती सिफारिस प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। तथापि नेपाल सरकारले विश्वव्यापी समीक्षामार्फत प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना स्वीकृत गरेको छ।[१३]

**यातनाविरुद्धको अधिकार र कैदी/बन्दीको अवस्था**

नेपाल पक्ष भएको यातनाविरुद्धको महासन्धि १९८४ अन्तर्गतको आवधिक प्रतिवेदनहरू नेपाल सरकारले संयुक्त राष्ट्र सङ्घीय समितिमा बुझाउन ढिला गऱ्यो। नेपाल सरकारलाई विश्वव्यापी आवधिक समीक्षाको दुईवटा चक्रबाट यातनाका सम्बन्धमा प्राप्त भएका सिफारिसहरूको प्रभावकारी कार्यान्वयन हुन सकेन। यातना दिने वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्ने कार्य नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७१ व्यवस्थापिका संसद्बाट पारित हुन सकेन। राष्ट्रिय मानव अधिकार आयोगबाट प्रकाशित प्रतिवेदनका अनुसार सामान्यतया अदालतबाट कैद तोकिएका गम्भीर प्रकृतिका अपराधमा दोषी देखिएका र सामान्य अपराधमा संलग्नलाई एकै श्रेणीको अपराधीसँग कारागारमा राख्दा यसले अन्य कैद ठेकिएका कैदीमाथिको मनोविज्ञानलाई समेत बेवास्ता गरेको पाइयो।

नेपालमा हिरासत तथा कारागारभित्रको बसाइँ मानवताका आधारमा तथा न्यूनतम मापदण्डभित्र नरहेको साथै खानेपानी, स्वास्थ्योपचारलगायत विषयमा पूर्वाधार र यथोचित बजेटको अभाव देखिन्छ। वर्तमान महँगीको अनुपातमा बन्दीहरूलाई जेलभित्रको जीविकोपार्जनका लागि दिइने दैनिक रकम ४५ रुपियाँ तथा आश्रित बालबालिकाका लागि उपलब्ध गराइँदै आएको १० रुपियाँ र चाडपर्व खर्च ३ सय रुपियाँ अत्यन्त न्यून देखिन्छ। हिरासत तथा कारागारको अवस्था र यसको भौतिक पूर्वाधार अत्यन्त कमजोर रहेको र क्षमताभन्दा अत्याधिक कैदी/बन्दी रहेको

१२. नेपाल सरकार, मन्त्रिपरिषद्को २०७४ जेठ ८ को निर्णय
१३. नेपाल सरकार, मन्त्रिपरिषद्को २०७३ फागुन २५ को निर्णय

समस्यालाई समेत राज्यले सम्बोधन गर्न सकेको छैन।[१४] नेपालभरका कारागारको क्षमता १० हजार जनाको भए तापनि हाल नेपालभर १८ हजारभन्दा बढी कैदी/बन्दी छन्।[१५]

### खाद्यान्नको अधिकार

खाद्यान्न अधिकार, स्वास्थ्य अधिकार र जीवनको अधिकारसँग गाँसिएको हुन्छ। नेपालको संविधान, २०७२ ले खाद्य अधिकार र खाद्य सम्प्रभुताको अधिकारलाई समेत मौलिक हकका रूपमा व्यवस्था गरेको छ। नेपाल आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि १९६६ को पक्ष राष्ट्र हो। राज्यले खाद्यान्न अधिकारको पूर्ण सुनिश्चितता र संरक्षणका लागि कानुनी व्यवस्था गर्न सकेको छैन। साथै कर्णालीलगायत क्षेत्रमा हरेक वर्षजसो हुने खाद्यान्न अभाव, खाद्यान्नसम्म पहुँचको समस्या, आधुनिक कृषि खेती प्रणाली सम्बन्धमा राज्यबाट योजनासहित कार्य हुन सकेको देखिँदैन। गोदाममा खाद्यान्न थन्किएर रहने तर आवश्यक स्थानमा ढुवानी नगरिँदा राज्यले खाद्यान्न अधिकार प्रत्याभूत गर्न गम्भीर ध्यान नदिएको आभास हुन्छ।

राज्यले संविधानले व्यवस्था गरेको खाद्यान्न अधिकार खाद्य सम्प्रभुतासम्बन्धी कानुनसमेत निर्माण गर्न सकेको छैन। जबकि पहाडी तथा अति दुर्गम हिमाली ३० जिल्लाका जनतालाई गुणस्तर तथा सुपथ मूल्यमा खाद्यान्न (चामल, मकै र गहुँ आदि) उपलब्ध गराउने (वर्षात्को आरम्भअगावै) उद्देश्य मानव अधिकार कार्ययोजनाले राखेको छ।[१६] खाद्यान्न अभावमा जीविकोपार्जन गर्न कठिन भएका चेपाङ, राउटे, मुसहर, दलित, वादी, हलिया, बोटे समुदायका लागि दीर्घकालीन योजनासहित राज्यले कार्य गर्न सकेको छैन। गरिबीका कारण खाद्यान्नसम्म पहुँच नपुगेका नागरिकका लागि गरिबी निवारण मन्त्रालय तथा गरिबी निवारण कोषको कार्य पनि प्रभावकारी भएको देखिँदैन।

### शैक्षिक अधिकार

विगतको तुलनामा नेपालमा साक्षरता प्रतिशत बढेको, साक्षर घोषित जिल्लाको सङ्ख्या बढेको देखिन्छ। प्रत्येक नागरिकलाई सामाजिक मूल्य/मान्यता, सिकाइ, सिप, दक्षता, प्राविधिक ज्ञान उपलब्ध गराई स्वरोजगारीको अवसर आफैँ निर्माण गर्नु भन्ने मान्यता एवम् सिद्धान्त रहिआएको छ। विद्यालयमा दरबन्दीअनुसार शिक्षक अभाव, जीर्ण भौतिक पूर्वाधार वा पूर्वाधार नै नभएको, पाठ्यपुस्तक तथा शैक्षिक सामग्री अभाव देखिन्छ। धेरैजसो विद्यालयमा प्लास्टिकको पाइप वा यस्तै साधन प्रयोग गरेर विद्यार्थीलाई हिर्काउने (खासगरी गाला चड्काउने), थप्पड हान्ने, कान तान्ने जस्ता क्रियाकलाप गरेको पाइएको छ र सामुदायिक विद्यालयको तुलनामा निजी विद्यालयमा शारीरिक सजाय दिने प्रचलन बढी देखिन्छ।[१७] संयुक्त राष्ट्र सङ्घले परिकल्पना गरेको दिगो विकास लक्ष्यअनुसार समेत राज्यले प्राथमिकता दिई कार्य गर्न सकेको पाइँदैन। शैक्षिक सामग्री, स्टेसनरी एवम् पोशाक किन्न नसक्ने अभिभावकका छोराछोरीलाई विद्यालयसम्म तान्ने तथा विद्यालय छाडेर जाने प्रवृत्ति निरुत्साहित पार्ने कार्यमा प्रभावकारिता देखिँदैन। भूकम्पबाट भत्किएका विद्यालयमध्ये अधिकांश भवन पुनर्निर्माण हुन नसक्दा सामुदायिक विद्यालयका विद्यार्थीको पठनपाठनमा असर परेको छ।

### स्वास्थ्यको अधिकार

नेपाल सरकारले क्यान्सर, अल्जाइमर्स जस्ता असाध्य रोगीका लागि केही अनुदान दिने व्यवस्था गरेको छ। यसैगरी, निःशुल्क डायलोसिस, निजी अस्पतालहरूमा गरिबहरूका लागि १० प्रतिशत निःशुल्क बेडको व्यवस्था, वृद्धहरूका लागि सहुलियत जेरिम्याट्रिक वार्डको व्यवस्था गरेको पाइन्छ। बाल मृत्यु दर र मातृ मृत्यु दर घटाउने तथा पोषणसम्बन्धी चेतना अभिवृद्धि जस्ता कार्य नेपाल सरकारबाट भएको पाइन्छ। सरुवा रोग, चाँडै फैलने रोग हैजा, डेंगु, बर्डफ्लू जस्ता रोगमा स्वास्थ्य मन्त्रालयले प्रभावकारीरूपमा कार्य

---

१४. कारागार तथा हिरासतमा मानव अधिकार अवस्था अनुगमन प्रतिवेदन २०७४, राष्ट्रिय मानव अधिकार आयोग, (२०७४) पेज ६२, ६३

१५. ऐ पेज १

१६. *नेपाल सरकारको चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना , प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (२०७१) पेज ५८*

१७. राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन आ. व २०७३/७४, पेज ३७

गरेको देखिन्छ। सरकारका तर्फबाट हुने स्वास्थ्य बिमा सम्बन्धमा कार्य सुरु भएको पाइन्छ। नेपाल सरकारले नि:शुल्करूपमा वितरण गर्ने औषधिहरूको अभाव हुने र त्यस्ता औषधि स्वास्थ्य केन्द्रसम्म नपुग्ने, सरकारी अस्पतालमा दरबन्दीअनुसारका चिकित्सक नभएको, स्वास्थ्य केन्द्रमा एक्सरेलगायत प्रयोगशाला अभाव भएको, सरकारी अस्पतालको व्यवस्थापनमा अत्यधिक राजनीति हुने गरेको जस्ता विषयले यस वर्ष पनि निरन्तरता पाएको देखिन्छ।

औषधि भण्डारण नगरिनु र भण्डारण गरिएका औषधि समयमा बिरामीसमक्ष पुग्न नसक्नु तथा पुगेका औषधि पनि समयमा वितरण नगर्नु जस्ता कारणले देशभरका स्वास्थ्य संस्थामा औषधि अभाव भएको समाचार प्रकाशित भए। भौगोलिक विकटता भएका क्षेत्रका बिरामीको स्वास्थ्य केन्द्रसम्म पहुँच नरहेको तथा सघन उपचार कक्ष एवम् स्वास्थ्य उपकरणहरूको अभावले यस वर्ष पनि निरन्तरता पाएको देखिन्छ।

### आवासको अधिकार

सरकारले मुक्त कमैया, हलिया तथा सुकुमवासीको आवास एवम् बसोबासको अधिकार सुनिश्चित गर्न प्रभावकारी कार्य गर्न सकेन। पूर्वाधारहरूको विकास र आवाससम्म पहुँच सिर्जना गर्नेतर्फ पनि राज्य अग्रसर भएको देखिँदैन। गरिब र विपन्न परिवारलाई आवास निर्माण गरी बसोवास गराउनेतर्फ पनि बजेटसहितको योजनबद्ध कार्यक्रम लागु हुन सकेन। भूकम्प, बाढी, पहिरोलगायतका प्राकृतिक प्रकोपहरूबाट घरवारबिहीन भएकाका लागि राज्यबाट भए/गरेका प्रयास र कार्य सन्तोषप्रद् भएनन्। आवास अभावमा भौगोलिकरूपमा विकट, गरिब, दलित, बालबालिका, ज्येष्ठ नागरिक, सुत्केरी महिला र बिरामी प्रभावित भए। तराई तथा पहाडमा बाढी तथा डुबानले घरवारबिहीन भएकालाई राहत सामग्रीसहित दुई लाख रुपियाँका दरले वितरण गर्ने निर्णय सरकारले गऱ्यो। स्थायीरूपमा घरवारबिहीन भएकाको पुनर्स्थापना हुन सकेको पाइएन। सुकुमबासी समस्या सम्बोधनमा समेत राज्यले तत्परता देखाएन।

### प्रवासी कामदारको अधिकार

नेपालको अर्थतन्त्रको ठूलो हिस्सामा नेपालबाट बाहिर गई काम गर्ने प्रवासी कामदारले योगदान गर्ने गरेका छन्। राष्ट्रिय मानव अधिकार आयोगले अनुमोदन गर्न सिफारिस गरे पनि नेपालले प्रवासी कामदार र उनीहरूका परिवारको अधिकार संरक्षणसम्बन्धी महासन्धि १९९० अनुमोदन गरेको छैन। प्रवासी कामदार अर्थात वैदेशिक रोजगारलाई व्यवस्थित र नियन्त्रित गर्न राज्यले वैदेशिक रोजगारसम्बन्धी ऐन, २०६४ र वैदेशिक रोजगार नीति कार्यान्वयन गरेको भए पनि वैदेशिक रोजगारीमा जाने नेपाली ठगिएको तथा अन्यायमा परेको घटनाहरूले यस वर्ष पनि निरन्तरता पाए। कानुनी तथा गैरकानुनी मार्गबाट विदेश जाने नेपाली कामदारहरूको यथार्थ विवरण र तथ्याङ्क राज्यले राख्न सकेको छैन। वैदेशिक कामदारको वैयक्तिक विवरण, कामसँग सम्बन्धित कागजातको विस्तृत विवरण तथा सम्झौतापत्रलगायत विषयमा पर्याप्त जानकारी नहुने साथै विमानस्थलदेखि विमानभित्रसमेत नेपालबाट विदेश जाने कामदारमाथि दुर्व्यवहार हुने र हेपिने चलन छ।

कामदारहरू कुन मुलुकमा कुन कामका लागि जाने, तलब तथा सेवा सुविधा के हो, कामको समय कति हो जस्ता विषयसमेत प्रस्ट छैन। खानपिन, सांस्कृतिक तथा भाषागत ज्ञान आदि अभावमा दक्ष कामदार वैदेशिक रोजगारका लागि पठाउन सकिएको छैन। एउटा श्रम सम्झौता गरेर रोजगारदाता कम्पनीमा पुगेपछि अर्को काममा लगाइने, गन्तव्य मुलुकमा पुगेपछि कम पारिश्रमिक र सुविधा दिने, स्थानीय भाषामा पृथक सम्झौता गर्न लगाइने जस्ता कार्यबाट नेपाली कामदारमाथि विदेशमा चरम श्रम शोषण भइरहेको देखिन्छ। पर्याप्त मात्रामा अभिमुखीकरण र सिपमूलक तालिम नहुँदा वैदेशिक कामदारले स्तरीय सेवा/सुविधा प्राप्त गर्न सकेका छैनन्। वैदेशिक रोजगारसम्बन्धी कानुन प्रभावकारी कार्यान्वयन भएको छैन भने सरकारी निकायबाट प्रभावकरी अनुगमनसमेत हुन सकेको छैन। 'फ्रि भिसा, फ्रि टिकट' को अवधारणाबमोजिम कार्य नहुँदा श्रमशोषणका घटना नेपालबाट सुरु भई गन्तव्य मुलुकमा पुग्दासम्म गम्भीर समस्याका रूपमा देखिने गरेको छ। नेपालले पाँचवटा मुलुकसँग मात्र श्रम सम्झौता गरेको छ भने ६ वटा मुलुकसँग न्यूनतम ज्यालाको सम्झौता गरेको छ।[१८] तर १ सय १० भन्दा बढी मुलुकमा नेपाली कामदार पुगेको अवस्था छ। जसका कारण नेपाली कामदार र

१८. राष्ट्रिय मानव अधिकार आयोगको वर्षिक प्रतिवेदन २०७३/७४ पेज ४६

तिनका परिवारको मानव अधिकारको अवस्था जोखिममा पर्न गएको छ।

यकिन तथ्याङ्कका साथ विदेशिने नेपालीको सङ्ख्यामा एकरूपता पाइँदैन। रोजगार व्यवसायीहरूले पनि कामदारसँग चर्को सेवा शुल्क लिने, सम्झौताबमोजिमको काम नदिने र व्यवसायीहरू कामदारको सुरक्षाभन्दा पनि आम्दानीमा मात्र केन्द्रित हुने चलन व्याप्त रहेको पाइन्छ। वैदेशिक रोजगारका लागि विदेश पठाइदिने भन्दै दलालहरूमार्फत मानव ओसारपसार तथा बेचबिखन र मानव तस्करीका घटना भइरहेका समाचार पनि सार्वजनिक भएका छन्। वैदेशिक रोजगारीका लागि गएर अलपत्र परेका नेपालीको उद्धार, मृत्यु भएका नेपालीको शव नेपाल तत्काल ल्याउने जस्ता कार्यमा राज्यबाट प्रभावकारी कार्य हुन सकेको छैन। रोजगार व्यवसायीबाट ठगिएका, रोजगारदाता कम्पनीबाट तोकिएबमोजिमको सेवा, सुविधा तथा पारिश्रमिक नपाएका नेपाली कामदार सम्बन्धमा सम्बन्धित दूतावास र श्रमसहचारीबाट गरिएका कार्य सन्तोषप्रद् र कामदारलाई छिटो न्याय प्रदान गर्नेतर्फ केन्द्रित भएका पाइँदैन। यस वर्ष वैदेशिक रोजगारमा घरेलु कामदार पठाउने निर्देशिका (तेस्रो संशोधन २०७३) मन्त्रिपरिषद्बाट पारित भएको पाइन्छ।[१९] त्यसैगरी रोजगार अनुमति प्रणाली (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका २०७३ मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ।[२०]

**बालबालिकाको अधिकार**

नेपालको जनसङ्ख्याको ठूलो हिस्सा बालबालिकाले ओगटेको छ। बाल अधिकार संरक्षणमा नेपाल सरकारका अलवा विभिन्न गैरसरकारी सङ्घ/संस्था तथा केन्द्रीय बाल कल्याण समिति र राष्ट्रिय मानव अधिकार आयोग क्रियाशील देखिन्छ। नेपालको संविधानको धारा ३९ ले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुने, पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुने, शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरुद्धको हकका साथै असहाय, अनाथ, सुस्तमनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा परेका र सडक बालबालिकालाई राज्यबाट विशेष सुविधा पाउने हक हुने, बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न नपाइने संवैधानिक व्यवस्था गरेको छ।

गरिबी तथा भौगोलिक विकटतालगायत कारणबाट शिक्षाको अधिकारबाट बालबालिका वञ्चित हुन पुगेका र अल्पसङ्ख्यक, दलित समुदायका बालबालिकामा चेतनाको स्तर परिस्कृत हुन नसकेको, अत्यन्त न्यून सङ्ख्यामा विद्यालय भर्ना हुने र विद्यालय छाड्ने क्रम रोकिएको देखिँदैन। विद्यालयमा हुने शारीरिक दण्डमा केही कमी आएको भए पनि यो पूर्णतया हट्न सकेको छैन। जोखिमयुक्त काममा रहेका, यातायात तथा होटल एवम् रेस्टुरेन्टमा काम गर्ने बाल मजदूरलाई राज्यले उद्धार गरी पुनर्स्थापना गर्न सकेको छैन। घरेलु बाल कामदारको चलन र बाल भरियाका रूपमा पहाडमा बालबालिकाको प्रयोग भएका कारण यस्ता बालबालिका प्रत्यक्षरूपले शिक्षाको अधिकारबाट वञ्चित भएका देखिन्छ। बालश्रम उन्मूलनका लागि ल्याइएका नीति तथा कार्यक्रमको प्रभावकारिता देखिन सकेको छैन। बालबालिकामाथि हुने हिंसा, बालविवाह विद्यालयमा शारीरिक दण्ड, तराई मधेसको आन्दोलनका कारण विद्यार्थीको पठनपाठनमा असर पर्न गएको, तीनै चरणको निर्वाचनमा राजनीतिक दलले बालबालिकालाई च्याली/जुलुसमा प्रयोग गर्दा यस वर्ष बाल अधिकार हननका घटना भई बाल अधिकार संरक्षण हुन सकेन।

**महिला अधिकार**

नेपालको संविधानले महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने, महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन्सम्बन्धी हक हुने कुरालाई मौलिक हकका रूपमा उल्लेख गरेको छ। यसैगरी, महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य नगरिने र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने, पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हकको प्रत्याभूति हुने व्यवस्था संविधानले गरेको छ। संवैधानिक तथा कानुनी व्यवस्थाहरू सशक्त देखिए तापनि महिलाहरू हाल पनि सामाजिक कुरीति, महिला हिंसा र विभेद एवम् छुवाछूतको सिकार हुनुपरेको तथा पुरुषसरह समाजमा स्थापित हुन नसकेको यथार्थ कायमै रहेयो।

१९. नेपाल सरकार, मन्त्रिपरिषद्को २०७३ फागुन २५ को निर्णय
२०. नेपाल सरकार, मन्त्रिपरिषद्को २०७३ पुस २७ को निर्णय

### जातीय भेदभावविरुद्धको अधिकार

कुनै पनि किसिमको जातीय तथा लैङ्गिक विभेद कानुनत: अन्त्य गरी कानुनका अगाडि सबै समान हुने तथा जातविशेषका आधारमा गरिने निषेध, बहिष्करण र विभेदजन्य कार्यलाई जातीय भेदभावका रूपमा लिई कानुनबमोजिम दण्डनीय बनाइएको छ। नेपालको संविधान, २०७२ को मौलिक हकअन्तर्गत समानताको हक सुनिश्चित गरी राज्यले नागरिकबीच जातजातिका आधारमा भेदभाव नगर्ने र कुनै किसिमको छुवाछूत तथा जातीय भेदभाव नगरिने, भेदभाव व्यवहार दण्डनीय हुने र पीडितले कानुनले निर्धारण गरेअनुसार क्षतिपूर्ति पाउने प्रावधान छ। जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ ले जातीय भेदभाव र छुवाछूतलाई दण्डनीय मानी सजाय व्यवस्था गरेको छ। समाजमा जातीय आधारमा गरिने भेदभाव एवम् छुवाछूत व्याप्त रहे तापनि जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ को प्रभावकारी कार्यान्वयन नभएको तथा भेदभाव तथा छुवाछूतजन्य घटनामा मिलापत्र गराउने प्रचलनले दण्डहीनताले पनि प्रश्रय पाएको देखिन्छ। यसै वर्ष जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) पहिलो संशोधन विधेयक २०७४ लाई व्यवस्थापिका-संसद्मा पेश गर्न स्वीकृति दिने निर्णय मन्त्रिपरिषद्ले गऱ्यो।[३१]

### ज्येष्ठ नागरिकका अधिकार

नेपालको कुल जनसङ्ख्याको ८.१३ प्रतिशत ज्येष्ठ नागरिक छन्। सरकारले ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक, दलित तथा कर्णालीका ६० वर्ष पुगेका नागरिकलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ। ज्येष्ठ नागरिक ऐन २०६३ बमोजिम ज्येष्ठ नागरिकलाई सार्वजनिक यातायात तथा अन्य सेवामा ५० प्रतिशत छुट दिने व्यवस्था छ। तर पनि ऐनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। ज्येष्ठ नागरिकप्रति गर्नुपर्ने सम्मान, सुरक्षा तथा ऐनको प्रभावकारी कार्यान्वयन पनि हुन सकेको पाइँदैन। ज्येष्ठ नागरिकको भत्ता बैङ्कमार्फत् वितरण हुने व्यवस्था मिलाइएको भए पनि ग्रामीण तहसम्म बैंकिङ सेवा नपुगेकाले समस्या उत्पन्न भएको पाइन्छ।

### अपाङ्गता भएका व्यक्तिको अधिकार

अपाङ्गता भएका व्यक्तिहरूको पहुँच, संरक्षणका लागि सरकारी सेवामा ५ प्रतिशत आरक्षणको व्यवस्था छ। तथापि अपाङ्गमैत्री संरचना निर्माण नहुँदा अपाङ्गता भएकाहरूको पहुँच सुनिश्चित हुन सकेको छैन। अपाङ्गता भएका बालबालिकाका लागि छात्रवृत्तिसहितको सुविधा नहुँदा अधिकांश ग्रामीण र भौगोलिक विकटतामा रहेका अपाङ्ग बालबालिका शिक्षाको पहुँचबाट अझैसम्म टाढा छन्। अपाङ्गतासम्बन्धी ऐन २०७४ को प्रभावकारी कार्यान्वयनका लागि स्थानीय निकायले भवन निर्माण अनुमति जारी गर्दा ऐन पालना गरी अपाङ्गमैत्री संरचनामा विशेष ध्यान दिन सकेको पाइएन।

### प्राकृतिक प्रकोप

यस वर्ष तराई, चुरेमा आएको भीषण बाढी/पहिरो तथा डुबानबाट प्रभावित व्यक्तिको खोज, उद्धार तथा राहतका सिलसिलामा कठिनाइ उत्पन्न हुन गयो। पर्याप्त तयारी अभाव हुँदा अविरल वर्षाका कारण बाढी तथा डुबानको समस्या सुरु भएपछि गृह मन्त्रालयबाट उद्धार/राहतका कार्यक्रम सञ्चालन गरिएको थियो। प्रभावित क्षेत्रमा भएको जन/धनको क्षति मूल्याङ्कन गरी तत्कालीन, अल्पकालीन र दीर्घकालीन योजना तयार गर्न गृह मन्त्रालयको समन्वयमा कार्यान्वयन गर्ने/गराउने, प्रकोपमा परी मृत्यु हुनेका हकदारलाई प्रतिमृतक २ लाख रुपियाँ आर्थिक सहायता उपलब्ध गराउने, घाइतेलाई सरकारी अस्पतालमा नि:शुल्क औषधोपचारको व्यवस्था मिलाउने जस्ता निर्णय मन्त्रिपरिषद्ले गरेको थियो।

### भूकम्पपीडितका सवाल

भूकम्प प्रभावितहरूको आवास अधिकारका लागि गठित राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा बारम्बार नेतृत्व परिवर्तन, राजनीतिक हस्तक्षेप, कानुनी जटिलता, दातृ निकायबाट प्रतिबद्धताअनुरूप सहयोग प्राप्त नहुनु आदि कारणले भूकम्पपीडितले आवास सुविधा प्राप्त गर्न सकेनन्। पुनर्निर्माण प्राधिकरणले २०७४ पुस मसान्तभित्र भूकम्पपीडितले पहिलो किस्ताको अनुदान लिई सक्नुपर्ने अवधि तोकेको छ। आवास निमार्णको अनुदान सम्झौता भएका ६ लाख ७७ हजार लाभग्राहीले पुस मसान्तभित्र पहिलो किस्ता नलिए अनुदान नपाउने व्यवस्था प्राधिकरणले गरेको पाइन्छ। हालसम्म २ लाख १५ हजार ५ सय ७० निजी आवास, १ सय २५ सरकारी भवन, १ हजार ४ शैक्षिक

३१. नेपाल सरकार, मन्त्रिपरिषद्को २०७४ वैशाख २१ को निर्णय

संस्था, १ सय ११ सांस्कृतिक सम्पदा, १ सय १९ स्वास्थ्य संस्था, १ सय ४० सुरक्षा निकाय भवन र १ सय ६५ खानेपानी पूर्वाधार निर्माण भइसकेका छन्।[३३]

एकमुष्ट अनुदान नहुँदा र निर्माण सामग्रीमा मूल्य वृद्धिलगायतका कारणले बहुसङ्ख्यक भूकम्प प्रभावित व्यक्तिले आवास निर्माण गर्न सकेनन्। प्राधिकरणका कार्यकारी अधिकृतको छोटो छोटो समयमा हुने फेरबदल, राजनीतिक खिचातानी, स्थानीय निकाय र प्राधिकरणबीच समन्वय अभाव, इन्जिनियरहरू गाउँमा जान नमान्ने तथा उनीहरूको सिफारिसका आधारमा मात्र दोस्रो र तेस्रो किस्ता उपलब्ध गराउने जस्ता कारणले प्राधिकरणको भूमिका पुनर्निर्माणमा प्रभावकारी रहन सकेन।

### *मानव अधिकारका क्षेत्रमा कार्यरत राष्ट्रिय संयन्त्र*

राष्ट्रिय मानव अधिकार आयोगका अतिरिक्त नेपालको संविधान (२०७२) ले अन्य विषयगत आयोगहरूलाई समेत संवैधानिक हैसियत दिएको छ। संविधानको भाग २७ मा विषयगत आयोगहरूलाई अन्य आयोगको शीर्षकमा राखी संविधानको धारा २६५ बमोजिम सङ्घीय संसद्ले संविधान प्रारम्भ भएको मितिले दश वर्षपछि ती आयोगका कामको प्रभावकारिता, आवश्यकता र औचित्यबारे मूल्याङ्कन गर्ने प्रावधान राखेको पाइन्छ। त्यसरी पुनरावलोकन गरिने आयोगहरूमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोग छन्। संविधानबमोजिम यस वर्ष ती आयोग गठनसम्बन्धी विधेयक पारित भएका छन्। पेरिस सिद्धान्तबमोजिम राष्ट्रिय मानव अधिकार संस्थाका रूपमा मान्यता प्राप्त राष्ट्रिय मानव अधिकार आयोगले संविधानबमोजिम निरन्तरता पाई कार्य सञ्चालन भइआएको छ भने यस वर्ष पनि अन्य आयोग गठन हुन सकेनन्।

राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग र राष्ट्रिय समावेशी आयोगका काम, कर्तव्य संविधान र कानुनमा तोकिएका छन्। ती आयोगलाई महिला, निश्चित जाति तथा समुदायको मानव अधिकार संरक्षण र संवर्द्धनको क्षेत्राधिकार तोकिएको छ। जसअन्तर्गत सम्बद्ध समुदायका व्यक्तिहरूबाट उजुरी लिने, सम्बद्ध निकायलाई मानव अधिकारको अवस्था सुधारका लागि निर्देशन दिन सक्ने सीमित अधिकार रहेको देखिन्छ।

आदिवासी जनजाति आयोग, मुस्लिम आयोगसम्बन्धी कानुनले ती आयोगलाई सम्बन्धित समुदायको सामूहिक अधिकारको संरक्षण संवर्द्धनका लागि काम गर्ने क्षेत्राधिकार तोकेको छ। ती आयोगमा उजुरी प्राप्त हुन आएमा सम्बन्धित अधिकारीलाई लेखी पठाउनुपर्ने व्यवस्था रहेको देखिन्छ। मानव अधिकार उल्लङ्घन भएमा कुन आयोगको क्षेत्राधिकार हुने, समन्वय कसरी गर्ने, राष्ट्रिय मानव अधिकार आयोग र अन्य आयोगबीच क्षेत्राधिकार बाझिएमा के/कसरी समन्वय गर्ने भन्ने सम्बन्धमा कानुन मौन रहेकाले कार्य सञ्चालनमा द्विविधा उत्पन्न हुन सक्ने देखिन्छ।

#### *(क) राष्ट्रिय मानव अधिकार आयोग*

राष्ट्रिय मानव अधिकार आयोग स्थापनाकालदेखि नै वर्गीकरणमा 'क' वर्गको हैसियत प्राप्त आयोग हो। मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु यसको दायित्वभित्र पर्छ। मानव अधिकार उल्लङ्घन भएको वा हुने शङ्का भएकामा पीडित वा पीडितका तर्फबाट जोसुकैले उजुरी लिई कारबाही प्रारम्भ गर्ने क्षेत्राधिकार आयोगको छ। आयोगले मानव अधिकार उल्लङ्घनबाट पीडित व्यक्तिको उद्धार गर्ने, क्षतिपूर्ति राहतका लागि सिफारिस गर्ने, दोषीलाई कारबाहीका लागि सिफारिस गर्ने, मानव अधिकार उल्लङ्घनमा आरोपितलाई आयोगको सिफारिसबमोजिम कारबाही नगर्ने वा आयोगको सिफारिस कार्यान्वयन नगर्ने व्यक्ति/संस्थाको नाम अभिलेखीकरण गर्ने जस्ता अधिकार प्राप्त छ।

आयोगले नेपाल सरकारलाई गरेको सिफारिसमध्ये केवल १२ प्रतिशत मात्र कार्यान्वयन भएका छन्। आयोगका सिफारिस कार्यान्वयन नगर्ने व्यक्ति वा पदाधिकारीको नाम सार्वजनिक गर्नका लागि निर्देशिका तर्जुमा गर्ने जस्ता कार्य प्रारम्भ गरे पनि यस वर्ष पनि संविधानबमोजिम नाम अभिलेखीकरण गरेको पाइएन।

#### *(ख) राष्ट्रिय महिला आयोग*

महिला वर्गको हक/हित संरक्षण र संवर्द्धन गरी उनीहरूलाई विकासको मूल प्रवाहमा ल्याउन र

३३. नयाँ पत्रिका राष्ट्रिय दैनिकको वर्ष ११ अङ्क २६१ को पृष्ठ १ मा २०७४ पुस २४ गते प्रकाशित समाचारअनुसार

लैङ्गिक न्याय कायम गर्ने उद्देश्य रहेको राष्ट्रिय महिला आयोगमा पदाधिकारीको नियुक्ति यस वर्ष हुन सकेन। पदावधि बाँकी रहेका एकजना सदस्यसमेतको यस वर्ष पदावधि सकिएपछि आयोग कर्मचारीकै भरमा रहृयो। महिलामाथि हुने विभेद, हिंसा, घरेलु हिंसा, छाउपडी आदि प्रथाका कारण महिलाका मानव अधिकार हनन् भएको विषयमा उजुरी लिने, पीडितलाई पुनर्स्थापना गर्ने, नि:शुल्क कानुनी सहायता उपलब्ध गराउने जस्ता गतिविधि भए। यस वर्ष महिला आयोगमा २४ सै घण्टा हटलाइन सेवा प्रदान गर्ने कार्य सुरु भयो। महिला हिंसासँग सम्बन्धित केही घटनाको अनुगमन गरी आरोपितलाई कारबाहीका लागि वकालत जस्ता उल्लेख्य कार्य यस वर्ष महिला आयोगले गऱ्यो।

### *(ग) राष्ट्रिय दलित आयोग*

दलित समुदायको हक/हित संरक्षण र संवर्द्धनका लागि संवैधानिक आयोगको हैसियत प्राप्त राष्ट्रिय दलित आयोगसम्बन्धी विधेयक यस वर्ष पारित भयो। गठन आदेशबमोजिम सरकारले गठन गरेको राष्ट्रिय दलित आयोगका पदाधिकारीहरूको म्याद समाप्त भएपछि कर्मचारीकै भरमा आयोगले कार्य सम्पादन गऱ्यो। जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन २०६८ ले जातको आधारमा हुने विभेद र छुवाछूतलाई फौजदारी अपराध माने पनि परम्परागत कुसंस्कार, चेतनाको कमी, विभेदको संस्कारका कारण छुवाछूत र विभेदका घटनामा कमी आएका छैनन्।

नेपालको संविधान (२०७२) को धारा ४० ले राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक प्रत्याभूत गरेको छ। सार्वजनिक सेवालगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिने, दलित विद्यार्थीलाई छात्रवृत्तिसहित नि:शुल्क शिक्षाको व्यवस्था गरिने, प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि विशेष व्यवस्था, स्वास्थ्य, सामाजिक सुरक्षा, भूमिहीन दलितहरूका लागि जमिनसहित आवासलगायत व्यवस्था कानुन अभावमा कार्यान्वयन हुन सकेन।

स्थानीय तहमा दलित महिलाको अनिवार्य प्रतिनिधित्व गर्ने कानुनी व्यवस्थाले निर्वाचित जनप्रतिनिधिमा दलित महिलाको पहुँच वृद्धि भएको छ। राष्ट्रिय दलित आयोगले उपयुक्त संवैधानिक व्यवस्थालाई व्यवहारमा उतार्न प्रभावकारी काम गर्न बाँकी नै छ। मूलत: संविधान र कानुनद्वारा प्रदत्त अधिकार प्रयोग गरी दलित समुदायको उत्थान र विकासका लागि सरकारले तयार गर्ने आवश्यक रणनीति, कार्यनीतिसहित तयार गर्ने योजना, नीति, बजेट र कार्यक्रममा दलित समुदायको समग्र विकासमा खासै अनुसन्धान गरी सरकारलाई सुझाव दिने कार्य हुन सकेनन्। तथापि जातीय भेदभाव, छुवाछूत, हिंसा भएका घटनामा यस वर्ष राष्ट्रिय दलित आयोगले राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको सहकार्यमा संयुक्त अनुगमन गरी आरोपित पीडिकलाई कारबाहीका लागि वकालत गरेको छ।

### *(घ) राष्ट्रिय मुस्लिम आयोग*

संवैधानिक हैसियत प्राप्त राष्ट्रिय मुस्लिम आयोग गठन नभएकाले यस आयोगले कर्मचारीकै भरमा कार्य सञ्चालन गऱ्यो। मुस्लिम समुदायको पहिचानका लागि लोक सेवा आयोगलगायत निकायमा सिफारिस गर्ने कार्य गर्दै आएको छ। मुस्लिम समुदायको हित र चासोका विषयमा केन्द्रीय, प्रादेशिक र स्थानीय तहमा विभिन्न गोष्ठी, छलफल, अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने, सञ्चार माध्यमबाट जनचेतना विस्तार गर्ने जस्ता जिम्मेवारी रहे पनि स्थानीय तहसम्म पहुँच नहुँदा नेपालको मुस्लिम समुदायको शिक्षा, स्वास्थ्यलगायत समग्र विकासका लागि मुस्लिम आयोगको पहुँच पुग्न सकेको छैन।

### निष्कर्ष

यस वर्ष संविधान कार्यान्वयनका दृष्टिले महत्त्वपूर्ण रहेका स्थानीय तह, प्रदेश र प्रतिनिधि सभाको निर्वाचन समयमै सम्पन्न गराउनु कार्यपालिकाको प्रमुख उपलब्धि हो भन्न सकिन्छ। संविधान जारी भएपछि तराई मधेसकेन्द्रित राजनीतिक दलको निरन्तर आन्दोलनका कारण देशको मानव अधिकार अवस्था अत्यन्त तरल रहेको अवस्थामा ती दललाई समेत संलग्न गराई निर्वाचन गराउन सक्नुलाई कार्यपालिकाको मात्र नभई मुलुकको संविधान कार्यान्वयनका दृष्टिले समेत सकारात्मकरूपमा लिन सकिन्छ। निर्वाचनका क्रममा राजधानीलगायत देशका कतिपय जिल्लामा झडप, बम विष्फोट, भय र त्रासको वातावरण रहेका कारण मानव अधिकारको समग्र अवस्था भने सन्तोषजनक रहन सकेन। यस वर्ष नेपाल

संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार परिषद्मा तीन वर्षका लागि निर्वाचित हुनुलाई सकारात्मक पक्षका रूपमा लिन सकिन्छ।

करिब २० वर्षपछि भएको स्थानीय तहको निर्वाचनबाट आमजनतामा ठूलो आशा र विश्वास जागेको छ। संविधानप्रदत्त स्थानीय तहका अधिकार सङ्कुचन गर्ने गरी जारी भएका कानुनबाट स्थानीय तहको स्वायत्ततामा प्रश्न खडा भएको छ भने पर्याप्त जनशक्ति व्यवस्थापन नहुनु, क्षमता सवलीकरण र भौतिक स्रोतसाधनको अभावका कारण स्थानीय तहको प्रभावकारितामा प्रश्न खडा भएको छ। यस वर्ष नागरिक र राजनीतिक अधिकारका लागि महत्त्वपूर्ण उपलब्धि भए पनि आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार, विकासको अधिकार र शान्ति सुरक्षाको दृष्टिकोणले मानव अधिकारको पूर्ण पालना हुन सकेन। संविधानबमोजिम गठन गर्नुपर्ने विषयगत संवैधानिक आयोगहरूसमेत यस वर्ष पनि गठन हुन सकेनन्।

नेपाल सरकारको चौथो पञ्चवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा पनि खासै उपलब्धि देखिएन। कार्ययोजना अनुगमन केन्द्रीय समिति र जिल्लास्थित समितिकै बैठक बस्न नसकेको, जिम्मेवार सरकारी निकायबीच कार्ययोजनाको बुझाइमा एकरूपता नहुनु साथै समन्वय र सहकार्यको अभाव देखियो। राष्ट्रिय मानव अधिकार आयोगका १२ प्रतिशत र सर्वोच्च अदालतबाट भएका फैसला २७ प्रतिशतमात्र कार्यान्वयन हुनुले फैसला र आदेश सिफारिस/कार्यान्वयन गर्नुपर्ने सरकारी निकायका काम कारबाहीलाई सन्तोषजनकरूपमा लिन सक्ने अवस्था छैन।

तसर्थ, यस वर्षको मानव अधिकार अवस्थालाई निराशाजनक भन्न नमिले पनि खासै सन्तोषजनक भन्न पनि मिल्दैन। आगामी दिनमा मानव अधिकारको समग्र अवस्था सुधारका लागि पर्याप्त ठाउँ देखिन्छ। सरकारले शान्ति, सुरक्षा, विकास र मानव अधिकारलाई अन्योन्याश्रितरूपमा अगाडि बढाउन विकासमा मानव अधिकारमुखी पद्धति अनुशरण गर्नुपर्ने देखिन्छ।

**सुझाव**

१. नेपालको संविधान २०७२ को मौलिक हक कार्यान्वयनका लागि संविधानले निर्दिष्ट गरेको समयभित्रै कानुन तर्जुमा गर्न प्राथमिकताका साथ विधेयक संसद्मा प्रस्तुत गरिनु आवश्यक देखिन्छ।

२. संविधानले परिकल्पना गरेका विषयगत आयोगहरू गठन गरी पर्याप्त स्रोत साधन उपलब्ध गराउनुपर्छ।

३. देशको समग्र विकासका लागि विकासमा मानव अधिकारमुखी पद्धति अवधारणाअनुसार विकास र समृद्धिलाई जनआकाङ्क्षाअनुरूप सङ्घ, प्रदेश र स्थानीय तहले प्रभावकारीरूपमा अगाडि बढाउन आवश्यक छ।

४. नेपाल सरकारको मानव अधिकार कार्ययोजना कार्यान्वयन अवस्थाबारे प्रभावकारी अनुगमन गरी त्यसलाई स्थानीय तहसम्म प्रचारप्रसार गरिनुपर्छ।

५. नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा मानव अधिकारप्रति जनाएको प्रतिबद्धताअनुरूप नेपालको विश्वव्यापी आवधिक समीक्षा, सन्धिजनित समितिका सिफारिस, सर्वोच्च अदालत र राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिस कार्यान्वयनका लागि कार्ययोजना, बजेट र कार्यक्रमसहित संलग्न कर्मचारीका लागि क्षमता सवलीकरण कार्यक्रम सञ्चालन गरिनुपर्छ।

६. देशभरका कारागार र हिरासतमा भौतिक संरचना सुदृढीकरण गरिनुपर्छ।

७. मानव अधिकार कार्यान्वयनमा प्रदेश सरकार र स्थानीय तहको समेत महत्त्वपूर्ण भूमिका रहने भएकाले ती तहका काम/कारबाही मानव अधिकारमैत्री बनाउन मानव अधिकारसम्बन्धी व्यापक प्रचारप्रसार गर्दै तालिम/क्षमता अभिवृद्धि गराउन आवश्यक छ।

८. भूकम्पको तीन वर्ष बित्न लाग्दासमेत भूकम्पपीडितको आवास निर्माण हुन नसक्दा कष्टकर अवस्थामा रही पुनर्निर्माणको पर्खाइमा रहेका पीडितको आवास अधिकार सुनिश्चितताका लागि प्रभावकारीरूपमा कार्य सम्पन्न गर्न/गराउन आवश्यक छ।

९. अपाङ्गता भएका व्यक्तिको सहज पहुँचका लागि आवश्यक बजेट कार्यक्रमसहित भौतिक संरचनामा सुधार गर्नुपर्छ।

१०. जातीय विभेद, महिला हिंसाका घटनामा संलग्न दोषीलाई कानुनी दायरामा ल्याउन प्रभावकारी कदम चाल्नु आवश्यक छ।



फोटो : विमलचन्द्र शर्मा

२.३ राज्य र मानव अधिकार

# व्यवस्थापिका

परिच्छेद

२

**परिचय/पृष्ठभूमि**

सन् २०१७ मा नेपालको व्यवस्थापिका-संसद्ले निर्वाह गरेको भूमिका समालोचना गर्नुपूर्व यो कुरा बिर्सन हुँदैन कि दोस्रो संविधान सभाले मुलुकका लागि सङ्घीय संविधान निर्माण गरी यसको औपचारिक घोषणा गरेपश्चात् रूपान्तरित व्यवस्थापिका-संसद्ले १० वर्षको सङ्क्रमणकाल अन्त्य गर्न सकारात्मक योगदान पुऱ्यायो। यतिमात्र हैन, यसले नेपालमा सङ्घीयता कार्यान्वयनको दिशामा केन्द्रीय, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न गर्न आवश्यक ऐन, नियम र कानुन तर्जुमासमेत गऱ्यो। जसले नेपालमा लोकतन्त्रको संस्थागत विकास र यसको सुदृढीकरण गर्न महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो। साथै यसले सङ्घीयतालाई थप कार्यान्वयन गर्न प्रदेश र केन्द्रीय व्यवस्थापिका प्रतिनिधि सभा निर्वाचनका लागि आवश्यक पर्ने ऐन नियम र कानुन निर्माणमार्फत सकारात्मक वातावरण सिर्जना गरिदियो। निश्चय पनि यी सकारात्मक कार्य सङ्घीय संविधान कार्यान्वयनका दिशामा तीन महत्वपूर्ण उपलब्धि हुन्। तर पनि व्यवस्थापिका-संसद्ले अपुरा छाडेका कार्यलाई नयाँ सङ्घीय संरचना केन्द्रीय, प्रदेश र स्थानीय सरकारले पूरा गर्नुपर्ने भएको छ। अर्कोतर्फ इतिहासबाट पाठ सिकी नराम्रा कार्य पुनरावृत्ति नगर्ने र राम्रा कार्यबाट पाठ सिक्नुपर्ने अवस्थासमेत आएको छ।

**आधुनिक राज्य व्यवस्था र व्यवस्थापिका**

फ्रेन्च दार्शनिक मन्टेस्क्युको शक्ति पृथकीकरणको सिद्धान्तमा आधारित आधुनिक राज्य व्यवस्थामा सरकारका तीन अङ्गमध्येको व्यवस्थापिका जनताद्वारा प्रत्यक्षरूपमा निर्वाचित जनप्रतिनिधिमूलक संस्था हो। यसले जनताका लागि कानुन बनाउने, कार्यपालिकामाथि नियन्त्रण गर्ने, परराष्ट्र नीति निर्धारण गर्ने, मुलुकका मूल नीति निर्धारण गर्ने जस्ता कार्य गर्छ। विश्वमा हाल प्रयोगमा रहेको ब्रिटिस शैलीको संसदीय व्यवस्था, अमेरिकी शैलीको राष्ट्रपतीय व्यवस्था, फ्रेन्च शैलीको मिश्रित व्यवस्था र चिनिया शैलीको साम्यवादी/समाजवादी व्यवस्थामा व्यवस्थापिकाको संरचना आफ्नै किसिमको हुन्छ। तापनि प्रायः व्यवस्थापिकाले गर्ने साझा कार्य भने यिनै हुन्। एक सदनात्मक र दुई सदनात्मक व्यवस्थापिका भएका मुलुकमा पनि प्रायः व्यवस्थापिकाले गर्ने मौलिक कार्य फरक छैनन्। सङ्घीय र एकात्मक व्यवस्थाका आफ्नै विशेषता रहे तापनि व्यवस्थापिकाले एक न एक रूपमा प्रायः यिनै कार्य गरेका पाइन्छ।

**व्यवस्थापिका र मानव अधिकार**

जनप्रतिनिधिमूलक संस्था भएका नाताले व्यवस्थापिकाले जनताका लागि ऐन, नियम, कानुन बनाएर, नागरिक अधिकारका विषयमा छलफल, बहस, पैरवी गरेर, मानव अधिकार हननका घटनालाई छलफलमा ल्याई यसको विरोधसमेत गर्छ। त्यतिमात्र हैन, यस्ता घटनाको अनुगमन गरी आफूअन्तर्गतका समितिमार्फत सरकारलाई आवश्यक निर्देशन जारी गर्छ। र, मानव अधिकार संरक्षण तथा संवर्द्धन गर्न विशेष भूमिका निर्वाह गर्छ।

**नेपालको व्यवस्थापिका-संसद् र सन् २०१७**

विश्वका अन्य मुलुकका व्यवस्थापिका अङ्गले मानव अधिकारको संरक्षण र संवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गरेजस्तै नेपालको जनप्रतिनिधिमूलक संस्थाका रूपमा रहेको एक सदनात्मक व्यवस्थापिका-संसद्ले सन् २०१७ मा मानव अधिकार संवर्द्धन र संरक्षणको दिशामा महत्वपूर्ण कार्य गरेको छ। यस्ता कार्यमा माथि उल्लिखित व्यवस्थापिकाले अन्य मुलुकमा गर्ने गरेका कार्य सबै सम्मिलित हुनेबाहेक केही थप कार्यसमेत सम्पन्न गरेर मानव अधिकारलाई प्राथमिकता दिने गरेको देखिएको छ।

**कार्य निर्धारणका निर्धारक तत्त्व**

नेपालको संविधान २०७२ को औपचारिक घोषणापश्चात् दोस्रो संविधान सभा कानुन निर्माण गर्ने निकाय व्यवस्थापिका-संसद्मा रूपान्तरित भएपछि यस निकायले यसको औपचारिक विघटन नभएसम्म व्यवस्थापिकाका रूपमा कार्य गर्दै आएको हो।

सन् २०१७ मा व्यवस्थापिका-संसद्को कार्यलाई विभिन्न तत्त्वले निर्धारण गरेका छन्। यसमा मुलुकभित्रका आर्थिक, भौगोलिक, राजनीतिक, सामाजिक, सांस्कृतिक आदि विविध तत्त्व जिम्मेवार छन्। नेपालको संविधान, २०७२ घोषणापश्चात् तराईकेन्द्रित दलहरूको तीव्र विरोध र संसद् बहिष्कार, घेराउ र संसद् अवरुद्ध आदि कार्य, व्यवस्थापिका-संसद्भित्र साना/ठूला गरी झण्डै तीन दर्जन दलको उपस्थिति र फरक राजनीतिक विचारधारा, नेपालका प्रमुख तीन दल नेपाली कङ्ग्रेस, नेकपा (एमाले),

माओवादी केन्द्रबीच अस्वस्थ प्रतिस्पर्धा, ध्रुवीकरण र फरक धारणाले व्यवस्थापिका-संसद्को कार्यलाई सीमाभित्र बाँध्ने प्रयास गऱ्यो। यस्ता आन्तरिक तत्त्वका साथै बाह्य तत्त्व छिमेकी मुलुक भारत, चीनलगायत देशका गतिविधि र नयाँ संविधानप्रतिको नकारात्मक दृष्टिकोण आदिले नेपाली व्यवस्थापिकाका कार्यलाई नकारात्मकरूपमा प्रभावित तुल्याउने कार्य गऱ्यो। यिनै विद्यमान आन्तरिक र बाह्य पृष्ठभूमिभित्र रहेर नेपाली व्यवस्थापिकाले मानव अधिकार संरक्षण र संवर्द्धन गर्ने दिशामा खेलेको भूमिकाबारे यहाँ उल्लेख छ।

यसै अवधिमा प्रधानमन्त्री केपी ओली, पुष्पकमल दाहाल र शेरबहादुर देउवाले गरेका कार्य र व्यवस्थापिका-कार्यपालिकाबीचको टकराव (अविश्वास प्रस्तावको मुद्दा उठाएर र नयाँ प्रधानमन्त्री चयन गरेर) ले व्यवस्थापिका-संसद्को भूमिकालाई कुनै न कुनै रूपमा प्रभावित तुल्यायो। सत्ता परिवर्तनको खेलमा पनि संलग्न हुनुपरेकाले विधेयक पारित गर्ने कार्य ओझेलमा पर्न गए। लगभग २ सय नयाँ कानुन बन्नुपर्नेमा अधिकांश थाती रहे।

### सकारात्मक कार्य

सन् २०१७ मा नेपालको व्यवस्थापिका-संसद्ले विभिन्न सकारात्मक कार्य गरेको छ। जसका आधारमा यी कार्यलाई ऐतिहासिक नै मान्नुपर्ने हुन्छ। यस्ता कार्यमा नेपालको संविधान, २०७२ को कार्यान्वयतर्फ भएको पहल, सङ्घीयता कार्यान्वयन गर्ने क्रममा बनाइएका विविध ऐन/कानुन, जनताका पीर/मर्का सदनभित्र उठाएर र मुलुकको समय र परिस्थितिको मागअनुसार गरेका कार्य मुख्य छन्।

### भ्रष्टाचार र गैरजिम्मेवारीपनविरुद्ध अभियान

भ्रष्टाचार र गैरजिम्मेवारीपनविरुद्ध व्यवस्थापिका-संसद्ले सन् २०१७ मा आवाज बुलन्द गर्ने प्रयास गऱ्यो। नेपाल आयल निगममा तेल भण्डारण गर्ने सिलसिलामा जग्गा खरिद गर्दा भ्रष्टाचार गरेको आरोप लागेका गोपाल खड्काविरुद्ध संसद्भित्र प्रशस्त छलफल, बहस र वादविवाद भए। दोषी भए उनलाई तत्काल कारवाही गर्न सरकारलाई दबाब दिइयो। साथै व्यवस्थापिका-संसद्का सदस्यले गैरजिम्मेवारीपनविरुद्ध पनि आवाज उठाए। संसद्को शून्य समय, विशेष समय आदिमा यस्ता कुरा उठिरहे। नेपाल आयल निगमका महाप्रबन्धक गोपाल खड्काले निगमको जग्गा खरिद सम्बन्धमा गरेको आर्थिक अनियमितताबारे संसद् र समितिमा चर्को स्वरमा आवाज उठाइएको थियो। त्यस्तै अन्य स्थानमा भएका आर्थिक अनियमितता (जस्तै- नेपाल टेलिभिजनलगायत) बारे पनि सदन र समितिमा प्रशस्त आवाज उठाइए।

सन् २०१७ मा व्यवस्थापिका-संसद्भित्र उठाइएका जनसरोकारका विषयको प्रभावकारितामाथि विभिन्न प्रतिक्रिया व्यक्त भएका छन्। यो वर्ष व्यवस्थापिका-संसद्ले शून्य समय र विशेष समयमा थुप्रै जनसरोकारका विषय उठायो तापनि थुप्रै विषय ओझेलमा समेत परे। भ्रष्टाचार, दैवीप्रकोप, सडकका दुर्गति, सडक विस्तारको आवश्यकता, मेलम्चीको पानी शीघ्र ल्याउनुपर्ने जस्ता जनसरोकारका कुरा व्यवस्थापिका-संसद्मा जोडदाररूपमा उठाइए। यसरी विकासको अधिकारसहित मानव अधिकारका मुद्दा उठाइए पनि ती प्रभावकारी नभएका आमगुनासो भने रहेयो।

आफ्ना/आफूले चुनेका जनप्रतिनिधिले आफ्ना क्षेत्रका विविध जनसरोकारका विषय, पीरमर्का, गुनासा व्यवस्थापिकाभित्र उठाइदेलान् भन्ने जनआकाङ्क्षा थिए धेरैका। तर आफ्ना प्रतिनिधिले यस्ता विषय आधिकारिक र अनौपचारिकरूपमा समेत नउठाएकाले उनीहरू मतदाताप्रति जिम्मेवार नबनेको गुनासो पनि गरिए।

### शून्य र विशेष समय

ब्रिटिस शैलीको संसदीय व्यवस्था भएका मुलुकमा संसद्भित्रको शून्य समय (जिरो आवर) अति नै महत्त्वपूर्ण मानिन्छ। औपचारिक कार्यसूची नै तयार नपारी छलफलमा सहभागी हुन पाइने यस व्यवस्थाले सांसदको वाक्स्वतन्त्रताको सम्मान गर्छ। यही सम्मानले जनताका पीरमर्का, गुनासा, मानव अधिकार उल्लङ्घनका घटना, भ्रष्टाचार, पदीय दुरुपयोग, आर्थिक अनियमितता आदि विषय उठानका लागि अवसर प्रदान गरेको हुन्छ। मानव अधिकारका दृष्टिले यो समय अति महत्त्वपूर्ण मानिन्छ। प्रतिपक्षमा बसेका ठूला तथा साना दल विशेष सक्रिय देखिए। राहत कार्यमा भएका ढिलाइ, अनियमितता, भ्रष्टाचार, भूकम्पपीडितलाई राहत दिने कार्यमा भएको सरकारी उदासीनता, भूकम्पछि सरकारले गर्नुपर्ने कार्य अपर्याप्त भएको, दैवी एवम् प्राकृतिक प्रकोपसँग सम्बन्धित विषय जोडदारतवरले उठाइए।

त्यसैगरी सभामुखसँग विशेष समय लिएर

सदनभित्र जनसरोकारका विषय प्रस्तुत गर्ने कार्यमा सांसद चुकेनन्। यस समयमा पनि माथिका विषय र सार्वजनिक सरोकारका विशेष विषय उठाइए। व्यवस्थापिका-संसद्भित्र बोलेका कुरा सभामुखको आदेशबाट मात्र रेकर्डमा राखिने र सम्पूर्ण कुरा रेकर्डमा समेत नदेखिने हुनाले कहिलेकाहीं यस्ता कार्यमा सांसदको भूमिका मूल्याङ्कन गर्नु पनि एक जटिल कार्य हुन्छ। तर पनि सङ्क्षेपमा भन्दा व्यवस्थापिका-संसद्भित्रको शून्य र विशेष समयलाई सांसदले सकारात्मकरूपमा जनताका पीरमर्का उजागर गर्ने मञ्चका रूपमा प्रयोग गरेको देखिन्छ।

**संविधान र सङ्घीयता कार्यान्वयनमा भूमिका**

नेपालको व्यवस्थापिका-संसद्ले सन् २०१७ मा नेपालको संविधान, २०७२ कार्यान्वयन र सङ्घीयतालाई मूर्त रूप दिन यसका अनुकूल वातावरण सिर्जना गर्ने महत्वपूर्ण कार्य गरेको छ। यसका लागि संसद्ले संविधान र सङ्घीयता कार्यान्वयन गर्न आवश्यक पर्ने ऐन/कानुन तर्जुमा गर्नेदेखि सङ्घ/प्रदेशका लागि कर्मचारीतन्त्रको संयन्त्र खडा गर्ने क्रममा आवश्यक कानुनी व्यवस्थासमेत गरिदिएको छ। यसका लागि संसद्ले नयाँ कानुन निर्माण गर्ने र विद्यमान कानुनलाई सङ्घीयताको ढाँचाअनुकूल बनाउन संशोधन गर्ने काम गरेको छ।

**पारित विधेयक**

नेपालको संविधान २०७२, ब्रिटिस शैलीको संसदीय व्यवस्थामा आधारित भएकाले यस्तो राजनीतिक व्यवस्थामा व्यवस्थापिकाभित्र विधेयक प्रस्तुत गर्ने आफ्नै शैली र संसदीय अभ्यास हुन्छ। व्यवस्थापिका-संसद् नियमावली, २०७३ मा उल्लिखित व्यवस्थाअनुसार नेपाली परिप्रेक्ष्यमा विधेयक प्रस्तुत गर्ने आफ्नै किसिमको शैली पाउन सकिन्छ।

विगतका वर्षमा झैं सन् २०१७ मा पनि नेपालको व्यवस्थापिका-संसद्ले जनताका समस्या, गुनासा, पीरमर्का सुल्झाउने, मानव अधिकार संरक्षण गर्ने र निर्वाचित जनप्रतिनिधिमूलक संस्थाका रूपमा देशको आवश्यकतानुसार विभिन्न ऐन, कानुन तर्जुमा गऱ्यो।[१] यस्ता ऐन नेपालको संविधान २०७२ र सङ्घीयता कार्यान्वयनसँग बढी सम्बन्धित थिए। २०७३ सालमा सङ्घीय संसद्का पदाधिकारी तथा संसद्को पारिश्रमिकसँग सम्बन्धित विधेयकलगायत अन्य विधेयक थिए।[२] यी विधेयकमा

- सङ्घीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक
- मतदाता नामावलीसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक
- निर्वाचन कसुर तथा सजायसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक
- स्थानीय तहको निर्वाचनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक
- निर्वाचन क्षेत्र निर्धारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- गाउँपालिका तथा नगरपालिकाको वडाको सङ्ख्या निर्धारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लाई संशोधन गर्न बनेको विधेयक
- राजनीतिक दलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक
- बैङ्क तथा वित्तीय संस्थासम्बन्धी कानुनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक
- सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्न बनेको विधेयक
- कम्पनी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक आदि थिए।[३]

त्यसैगरी २०७४ को व्यवस्थापिका-संसद् औपचारिकरूपमा विघटन नभएसम्मको अवधि (२०७४ कात्तिक १२ सम्म) मा जम्मा (व्यवस्थापिका-संसद् विधेयक शाखाले उपलब्ध गराएको तथ्याङ्कअनुसार) ४७ विधेयक (नयाँ विधेयक र

१. व्यवस्थापिका-संसद् सचिवालय (२०७३), संसद् दर्पण, वर्ष २, २०७३ कात्तिक, काठमाडौँ, पृ. ३८-६१
२. व्यवस्थापिका-संसद् सचिवालय, विधेयक शाखा (२०७३) विधेयक सङ्ग्रह, भाग २, २०७२-७३. काठमाडौँ, पृ. १-२१७
३. ऐऐ. पृपृ. १-२१७

संशोधन गर्न बनेका विधेयक) प्रमाणीकरण भए।[४]

सन् २०१७ मा पारित यी विधेयकमध्ये अति नै चर्चित र अति नै विवादका विषय बनेका केही विधेयकबारे यहाँ चर्चा गरिएको छ :

**मुलुकी ऐन प्रतिस्थापन विधेयक २०७४**

नेपालको व्यवस्थापिका-संसद्ले २०७४ असोज ३० मा हालको मुलुकी ऐनलाई प्रतिस्थापन गर्ने उद्देश्यले पाँचवटा विधेयक पारित गरेको छ। यस्ता विधेयकमा देवानी कानुनको संशोधन र एकीकरण गर्न बनेको विधेयक २०७४, देवानी मुद्दाको कार्यविधिसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०७४, फौजदारी कसुरसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०७४ र फौजदारी कसुरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७४ छन्।[५]

**मुलुकी ऐन प्रतिस्थापन विधेयक २०७४**

नेपालको व्यवस्थापिका-संसद्ले सन् २०१७ मा पारित गरेको विधेयकमध्ये मुलुकी ऐन प्रतिस्थापन विधेयक पनि हो जसले फौजदारी र देवानी कानुनका क्षेत्रमा ऐतिहासिक कार्य गरेको छ। राजा सुरेन्द्र वीरविक्रम शाहको पालामा प्रधान मन्त्री श्री ३ जङ्गबहादुर बेलायत यात्राबाट फर्केर नेपाल आएपछि बेलायती प्रभावमा मुलुकी ऐन घोषणा गरिएको थियो। १९१० सालको यो मुलुकी ऐन र राजा महेन्द्रबाट घोषणा गरिएको नयाँ मुलुकी ऐन २०२० लाई यसले प्रतिस्थापन गरेको छ। नयाँ मुलुकी ऐन २०२० मा सबै कुरा एउटैमा समावेश गरिएकाले फौजदारी र देवानी ऐन छुट्टाछुट्टै हुनुपर्ने माग नेपालमा उठिरहेको थियो। यसै सन्दर्भमा व्यवस्थापिका-संसद्ले जारी गरेको यस विधेयकले नयाँ मुलुकी ऐनमा व्यापक र आमूल परिवर्तन ल्याएको छ। जसका केही आफ्नै मौलिक विशेषता छन्।

२०७४ असोज ९ गते व्यवस्थापिका-संसद्ले मुलुकी देवानी संहिता र मुलुकी देवानी कार्यविधि विधेयक २०७४ पारित गरेर मुलुकी ऐन प्रतिस्थापनका दिशामा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। यसले देवानी कानुनका दिशामा महत्वपूर्ण योगदान पुऱ्याएको छ तर पनि यस नयाँ व्यवस्था देवानी-फौजदारी अपराध, कार्यविधि र दण्ड व्यवस्थामा भएका मौलिक परिवर्तन कार्यान्वयन गर्न भने थप एक वर्ष लाग्ने अनुमान छ। कार्यान्वयन जहिलेदेखि भए पनि व्यवस्थापिका-संसद्ले भने आफ्नो दायित्व पूरा गरेको छ।

**व्यवस्थापिका र फौजदारी संहिता**

व्यवस्थापिकाले यसअघि नै मुलुकी फौजदारी संहिता, मुलुकी फौजदारी मुद्दाको कार्यविधि, फौजदारी कसुरमा सजाय निर्धारण तथा कार्यान्वयन र केही नेपाल ऐन (संशोधन) विधेयक पहिले नै पारित गरिसकेको छ। प्रतिस्थापित विधेयकले केही प्रगतिशील व्यवस्था गरी नयाँ विशेषता थपिदिएको छ। नेपालको लिखित कानुनको इतिहासमा प्रथमपटक मानसिक र भौतिक यातनालाई अपराध मान्दै यसलाई दण्डनीय बनाएको छ।

फौजदारी संहिताले केही पारिवारिक कानुन जस्ता देवानी संहिताका विषयलाई पनि फौजदारी संहितामा समावेश गरेको छ। बहुविवाह जस्ता फौजदारी कसुरलाई थप दण्डनीय बनाउँदै वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को वैवाहिक सम्बन्ध कायम गर्ने पुरुष र महिलाका हकमा कुनै पुरुष विवाहित हो भन्ने थाहा पाइपाइ जानजानी कुनै पुरुषसँग विवाह गर्ने महिलालाई पाँच वर्षसम्म कैद र ५० हजार रुपियाँसम्म जरिवाना हुने र यो फौजदारी संहिता कार्यान्वयनमा आएपछि हुने यस्ता विवाह स्वत: बदर हुने कानुनी व्यवस्था गरेको छ।

संसद्ले यसअघि पारित गरेको मुलुकी ऐन प्रतिस्थापनसँग सम्बन्धित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) विधेयकले कसुरदारले पाउने दण्ड सजायको मात्राका विषयमा एक नयाँ व्यवस्था गरेको छ। यस व्यवस्थाअनुसार फौजदारी अभियोगमा मुद्दा चलेको अभियुक्तको अपराध ठहर भएपछि दोस्रो सुनुवाइमा मात्र अपराधीलाई कति दण्ड सजाय गर्ने भन्ने निर्णय गरिने व्यवस्था भएको छ।

---

४. व्यवस्थापिका-संसद् सचिवालय विधेयक शाखा (२०७४), २०७४ सालमा प्रमाणीकरण भएका विधेयकहरूको विवरण, काठमाडौँ (टाइप बुलेटिन), पृ. १-२

५. व्यवस्थापिका-संसद् सचिवालय विधेयक शाखा (२०७४), २०७४ सालमा प्रमाणीकरण भएका विधेयकहरूको विवरण, काठमाडौँ (टाइप गरिएको बुलेटिन), पृ. २

यसै फौजदारी संहिताकै सन्दर्भमा यातना दिने तथा निर्मम अमानवीय तथा अपमानजनक व्यवहार गर्ने कार्यलाई नियन्त्रण गर्ने सम्बन्धमा बनेको विधेयक भने व्यवस्थापिका-संसद्को राज्य व्यवस्था समितिको एक उपसमितिमा विचाराधीन अवस्थामा थियो।[६]

२०६७ सालमै व्यवस्थापिकामा पेश भएका मुलुकी ऐन प्रतिस्थापनसँग सम्बन्धित विधेयकहरूमाथि संसद्को विधायन समितिले संसद्बाहिरका सरोकारवालासँग आवश्यक छलफल सम्वाद चलाएर विधेयकबारे जनताको विचार बुझ्ने प्रयास गरेको थियो। विधेयकबारे जनताको विचार बुझ्ने कार्य पूरा भएपछि मात्र विधेयकलाई अन्तिमरूपमा पारित गरिएको थियो। सभामुखबाट औपचारिकरूपमा प्रमाणित भएपछि राष्ट्रपतिबाट प्रमाणीकरण भएपश्चात् मात्र ऐन कार्यान्वयनमा आउने हुन्छ।

### मुलुकी देवानी संहिता र मुलुकी देवानी कार्यविधि विधेयक २०७४ का विशेषता

मुलुकी देवानी संहिता र मुलुकी देवानी कार्यविधि विधेयकका आफ्नै किसिमका मौलिक विशेषता छन् जसले देवानी ऐनका क्षेत्रमा मौलिक योगदान दिने प्रयास गरेको छ।

### इच्छापत्र या अंशबन्डा

व्यवस्थापिका-संसद्भित्र बहस भएका देवानी संहितासँग सम्बन्धित विषयमा इच्छापत्र या अंशबन्डा कुनचाहिँलाई स्वीकार्ने भन्ने अत्यन्तै विवादित विषयवस्तुका रूपमा रहयो। अन्तिमरूपमा विधेयक पारित गर्दा देवानी संहिताबाट इच्छापत्रसम्बन्धी प्रावधान हटाएर अंशबन्डाको व्यवस्था स्वीकारियो। त्यसैले इच्छापत्रसम्बन्धी प्रावधान व्यवस्थापिका-संसद्भित्र र बाहिर अति नै विवादित विषय बन्यो। र, दुई विपरीत विचारधारा छलफलका क्रममा अगाडि सारियो। उक्त विधेयकमा आफ्ना विचार राख्ने पुरुष सांसदले अंशबन्डाभन्दा बढी प्रगतिशील भएकाले इच्छापत्रसम्बन्धी व्यवस्थालाई नै कानुनीरूपमा स्वीकारिनुपर्ने विचार आगाडि सारे। यस विचारधाराको विपरीत महिला सांसदले अंशबन्डाको पक्षमा वकालत गरेका थिए।

महिला सांसदद्वारा परम्परागतरूपमा नेपालमा व्यवहारमा अभ्यास गरिँदै आएको अंशबन्डाको व्यवस्था हटाउँदा यो विधेयक लागु भएको १८ वर्षपछि पैतृक सम्पत्तिमा छोरीको समान अधिकारसम्बन्धी हालको संवैधानिक व्यवस्था कार्यान्वयन नहुने तर्क अगाडि सारियो। यस तर्कलाई समर्थन गर्दै महिला अधिकारकर्मी, सबै राजनीतिक दलका महिला सांसद, प्रभावशाली नेतृहरूले यस कुरामा अडान लिई दबाब आन्दोलनसमेत गरे। संसदमा भएको छलफलका क्रममा महिला सांसदले इच्छापत्रसम्बन्धी पुरुष सांसदहरूद्वारा वकालत गरिएको कानुनी व्यवस्थाले महिला आन्दोलनद्वारा प्राप्त एक महत्त्वपूर्ण उपलब्धि गुम्ने धारणा राखेका थिए। यसबाट पैतृक सम्पत्तिमाथि छोरीले प्राप्त गरेको समान अधिकारको संवैधानिक व्यवस्थामा आघात पुग्ने र यो अधिकार कार्यान्वयनमा बाधा पुग्ने अडान उनीहरूको थियो।

### पैतृक सम्पत्तिमा इच्छापत्रको वकालत

महिला सांसदले उठाएका अंशबन्डाको व्यवस्थालाई अधिकांश पुरुष सांसदले विरोध गर्दै इच्छापत्रको प्रावधान अगाडि सारे। इच्छापत्रसम्बन्धी प्रावधान अंशबन्डाभन्दा बढी प्रगतिशील भएको वकालत गर्दै उनीहरूले अंशबन्डाको निरन्तरताले नेपाली समाजमा विभिन्न कमजोरी र समस्या पैदा गर्ने, सन्तानलाई पैतृक सम्पत्तिमा निर्भर बनाउने, सम्पत्तिका लागि परिवारमा बेमेल, झगडा, मुद्दा/मामिला आदि हुने, बूढाबूढीलाई वृद्ध अवस्थामा स्याहारसुसार गर्ने सन्तानलाई सम्पत्ति दिन नमिल्ने जस्ता कमजोरी औल्याएका थिए।

### विधेयकको अन्तिम प्रारूप

पैतृक सम्पत्तिमा अंशबन्डा या इच्छापत्र केको प्रावधान राख्ने भन्ने विषय नेपाली संसद्भित्र र बाहिर अत्यन्तै विवादित बन्न पुग्यो। सर्वसाधारण जनता र सरोकारवालाले पनि यसबारे आफ्नै ढङ्गले व्याख्या सुरु गरे। पुरुष सांसदको इच्छापत्र र महिला सांसदको अंशबन्डाको अडानकै बीच शीर्ष दलका नेताले हस्तक्षेप गर्नुपर्ने अवस्था सिर्जना भयो। शीर्ष दलका नेताहरूले अंशबन्डाको विचारलाई समर्थन गरेपछि इच्छापत्रसम्बन्धी प्रावधान विधेयकबाट हटाइयो। र, व्यवस्थापिका-संसद्ले उक्त विधेयकलाई विधायन समितिमा फिर्ता पठायो। यस देवानी संहितामा केही सदस्यको फरक मत देखिएकाले समितिका सभापति

६. राजेन्द्र फुयाँल 'मुलुकी ऐन प्रतिस्थापित विधेयक पारित', कान्तिपुर, २०७४ असोज १० गते, पृ. १४

गङ्गा चौधरीद्वारा सदनमा पुरक प्रतिवेदन पेश भएको थियो।

**देवानी कार्यविधि विधेयक २०७४ का विशेषता**

देवानी कार्यविधि विधेयक २०७४ को पनि आफ्नै विशेषता छ। यस विधेयकले देवानी कार्यविधि सम्बन्धमा केही नयाँ र मौलिक व्यवस्था थप गरेको छ:

*१) लिखत स्थानीय तहबाट प्रमाणित गराउनुपर्ने बाध्यात्मक व्यवस्था*

नेपाली समाजमा वर्षौंदेखि प्रचलनमा रहेका प्रमाणित गर्नुपर्ने घरसारका कागज, अंशबन्डा, व्यक्तिगत लेनदेन आदिका क्षेत्रमा बढ्दो विवाद र अदालतम मुद्दाको चापलाई ध्यान दिँदै सन् २०१७ मा व्यवस्थापिका-संसद् (२०७४ असोज ९) ले पारित गरेको विधेयकमा नयाँ प्रावधान थपेको छ। जसअनुसार व्यक्तिगत र घरसारका ५० हजारभन्दा माथिका कागजात आधिकारिकरूपमा प्रमाणित गराउनुपर्ने बाध्यात्मक व्यवस्था गरिएको छ।

**एकतर्फी फैसला पत्रिकामा सार्वजनिक गरिनुपर्ने**

मुलुकी देवानी कार्यविधिअनुसार मुद्दाका दुई पक्षमध्ये एक पक्षमात्र अदालतमा उपस्थिति भई अर्को पक्ष अनुपस्थित भएको मुद्दामा अदालतले एकतर्फी फैसला गर्नुपर्ने अवस्थामा उक्त एकतर्फी फैसला दैनिक पत्रपत्रिकामा सार्वजनिक गरिनुपर्ने नयाँ कानुनी व्यवस्था थपिएको छ। यस प्रावधानले नागरिकको सूचनाको हकको सम्मान गर्दै मुद्दाको अनुपस्थित हुने पक्षको हकलाई समेत सुनिश्चित गरिदिएको छ।

नेपालको कानुनी व्यवस्थामा प्रथमपटक जन्म कैदको परिभाषालाई फरक ढङ्गमा व्याख्या गरेको छ।[७] यसभन्दा पूर्व भएको कानुनी व्यवस्थाअनुसार अदालतबाट आजीवन कारावासको सजाय पाएका कसुरदारले अधिकतम २० वर्षको कैद सजाय भोग्नुपर्ने प्रावधान थियो। व्यवस्थापिका-संसद्ले ऐनमा गरेको नयाँ व्यवस्थाअनुसार आजीवन कारावास सजायलाई थप कठोर बनाउँदै ३० वर्ष जन्म कैदको सजाय तोकेको छ। प्रतिस्थापित विधेयकले केही ६ प्रकारका जन्म कैदको सजाय पाएका व्यक्तिका हकमा आजीवन कारावासको व्यवस्थासमेत गरेको छ।

नयाँ व्यवस्थाअनुसार यस्ता ६ प्रकारका जघन्य अपराधमा संलग्न भई जन्म कैदको सजाय पाएको अपराधीले आजीवन कारावास (जीवित रहेसम्म कैदमै बिताउनुपर्ने व्यवस्था) भोग्नुपर्ने व्यवस्था गरेको छ। यस्ता ६ प्रकारका जघन्य अपराधमा क्रूर यातना दिई निमर्मतापूर्वक ज्यान मारेको अपराध, विमान/वायुयान अपहरण वा विष्फोट गरी ज्यान मारेको अपराध, अपहरण वा शरीर बन्धक लिई ज्यान मारेको अपराध, सार्वजनिकरूपमा उपयोग हुने पेय पदार्थ वा खाद्य पदार्थमा विष मिसाइ ज्यान मारेको अपराध, जाति हत्या (जिनोसाइड) गरेको वा गर्ने उद्देश्यले कसुर गरेको अपराध र करणी गरी ज्यान मारेको अपराध आदि छन्। यस विधेयकमा थप नौला विशेषतासमेत छन्।

प्रतिस्थापित विधेयकले केही कार्यलाई समेत कानुनी हिसाबले दण्डनीय बनाएको छ जसमा पश्चिमी नेपालमा प्रचलनमा रहेको छाउपडी जस्तो सामाजिक व्यवस्थादेखि अन्तर्राष्ट्रिय प्रतियोगितामा हुने म्याच फिक्सिङजस्ता विषयसमेत समेटिएको छ।

**प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४**

व्यवस्थापिका-संसद्ले नेपालको संविधान २०७४ र सङ्घीय व्यवस्था कार्यान्वयन गर्ने क्रममा केही महत्वपूर्ण ऐन/कानुन तर्जुमा गऱ्यो। जसले गर्दा सङ्घीय व्यवस्था कार्यान्वयन गर्ने सिलसिलामा अनुकूल वातावरण सिर्जना भयो। यसै परिप्रेक्ष्यमा संसद्ले सन् २०१७ मा प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ पारित गऱ्यो। प्रदेश प्रमुखसँग सम्बन्धित सबै व्यवस्थासमेत गऱ्यो।

नेपालको संविधान २०७२ को धारा १६३ अनुसार प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिका रूपमा प्रदेश प्रमुख रहेको र निज कार्यपालिकाको अङ्ग हुने र निजको नियुक्ति राष्ट्रपतिबाट पाँच वर्षका लागि हुने व्यवस्था छ। धारा १६६ अनुसार निजले यो संविधान वा कानुनबमोजिम निजलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालना गर्ने, निजले सम्पादन गर्ने कार्य प्रदेश मन्त्रिपरिषद्को सिफारिस र सम्मतिबाट हुने र त्यस्तो सिफारिस र सम्मति मुख्य मन्त्रीमार्फत पेश हुने, प्रदेश प्रमुखको नाममा हुने निर्णय, आदेश र तत्सम्बन्धी

७. राजेन्द्र फुयाँल, 'मुलुकी ऐन प्रतिस्थापन विधेयक पारित', कान्तिपुर, २०७४ असोज १० गते, पृ. ४, १४

अधिकारपत्रको प्रमाणीकरण प्रदेश कानुनबमोजिम हुने संवैधानिक व्यवस्था छ।

सात प्रदेशमा नाममात्रका कार्यकारी प्रमुख रहने, प्रदेश प्रमुखलाई मासिक ६४ हजार, पोशाकका लागि १८ हजार, अतिथि सत्कार र भैपरी आउने खर्चबापत ४० हजार दिने, स्वदेश भ्रमणमा दैनिक तीन हजार, विदेश भ्रमणमा दैनिक तीन सय डलर र १५ लाखको बीमा गरिने आर्थिक व्यवस्था गरिएको छ। उनलाई आवास, टेलिफोन, इन्टरनेट सञ्चार र पत्रपत्रिका आदि सुविधा प्रदान गरिएको छ। साथै १ महिनाको तलब बराबरको चाड/पर्व भत्ता दिइनेसमेत व्यवस्था छ।

**शिक्षा ऐन नवौँ संशोधन**

२०७४ असोज ३ गते व्यवस्थापिका-संसद्ले पारित गरेको शिक्षा ऐन नवौँ संशोधन पनि महत्वपूर्ण विधेयकका रूपमा रह्यो।

**शिक्षा ऐन नवौँ संशोधनका विशेषता**

यस विधेयकका केही आफ्नै किसिमका विशेषता छन्। यस विधेयकमा भएको नयाँ व्यवस्थाअनुसार शिक्षकहरूको योग्यता परीक्षण गर्ने जिम्मा लिएको शिक्षा सेवा आयोगले लिखित परीक्षामा असफल भएकालाई पनि मौका सुविधा दिने व्यवस्था छ। २०६१ देखि २०७३ असोज १५ गतेसम्म कार्यरत अस्थायी शिक्षकहरू प्रतिस्पर्धाबाट स्थायी बनाउने क्रममा ७५ प्रतिशत आन्तरिक र २५ प्रतिशत खुला प्रतिस्पर्धाबाट शिक्षक नियुक्त गरिने व्यवस्था छ। यस विधेयकमा सुविधा लिएर जान चाहने शिक्षकलाई पनि एक साताको समय दिएर परीक्षामा सम्मिलित हुन सक्ने मौका दिने गरी ऐन संशोधनभन्दा पूर्व भएको कानुनी व्यवस्थाअनुसार २०७२ असोज २ गतेसम्मको दरबन्दीमा मात्र आन्तरिक प्रतिस्पर्धा गराउने भनिएकामा नवौँ संशोधनले यो अवधि बढाएर २०७३ असार १५ सम्म पुऱ्याएको छ।

राष्ट्रपतिबाट प्रमाणीकरण भई विधेयकले ऐनको रूप लिइसकेको शिक्षा ऐन नवौँ संशोधन २०७४ अत्यधिक विवादास्पद विषयका रूपमा रह्यो। उक्त ऐन गैरसंवैधानिक, मौलिक अधिकार र सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त विपरीत भएको भन्दै संशोधनविरुद्ध सर्वोच्च अदालतमा रिटसमेत परेको थियो। मुद्दामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्, प्रतिनिधि सभा, संसद् सचिवालयलगायत सरोकारवाला सबैलाई विपक्षी बनाइएको थियो। ऐनले नेपालको संविधान, २०७२ को धारा १७(७) (च) को पेशा रोजगारको स्वतन्त्रता, धारा १८ को नागरिकहरूले समानरूपमा प्रतिस्पर्धा गर्न पाउने हक, धारा २५ र ४२ तथा ३१ को शिक्षासम्बन्धी हक र धारा ४४ को गुणस्तरीय शिक्षा पाउने विद्यार्थी उपभोक्ताको हकमा अनुचित बन्देज लगाउने चरित्र भएको उल्लेख छ। अस्थायी शिक्षकको अनुचित दबाब र प्रभावमा परी योग्यता पुगेका प्रत्येक नेपाली नागरिकलाई स्थायी शिक्षक पदमा खुला प्रतिस्पिर्धा गर्न नदिई उनीहरूको मौलिक हकमाथि खेलवाड भएको कुरासमेत रिटमा उल्लेख छ।[८]

**राष्ट्रिय चिकित्सा विधेयक, २०७४**

राष्ट्रिय चिकित्सा विधेयक, २०७४ पनि व्यवस्थापिका-संसद्ले सन् २०१७ मा पारित गरेको विधेयकमध्ये अत्यन्तै विवादित बन्यो। स्वास्थ्य क्षेत्रमा विद्यमान समस्या समाधानको माग गर्दै बाह्रौँ पटक अनशन बसेका डा. गोविन्द केसी र केही स्वास्थ्यकर्मीले विधेयक पारित भएको विरोधमा अस्पताल परिसरमै हड्तालसमेत गरे।

राष्ट्रिय चिकित्सा विधेयक २०७४ असोज ९ गते रहस्यमय तरिकाले पारित गरिएको दाबी उनीहरूको रह्यो। स्वास्थ्यकर्मीहरूले यस विधेयकको विरोध पहिलेदेखि नै गरेपछि विधेयक पारित हुने अघिल्लो दिनसम्म संसद्को छलफलको कार्यसूचीमा समावेश नगरिएको तर भोलिपल्ट सोमबार बिहान ११ बजे सार्वजनिक कार्यसूचीको १६ औँ नम्बरमा उक्त विधेयकमाथि छलफल गर्ने र पारित गर्ने रहस्यमय प्रस्ताव गरिएको गुनासो गरिएको छ।[९] पारित विधेयकहरूमा चिकित्सा शिक्षा विधेयक, शिक्षा ऐन नवौँ संशोधन, राजर्षि जनक विश्वविद्यालय र स्वास्थ्य वीमा रहे।

**चिकित्सा विधेयक २०७४ र स्वास्थ्यकर्मीको प्रतिक्रिया**

चिकित्सा विधेयक स्वास्थ्य जगतमा अत्यन्तै विवादित विधेयकका रूपमा रह्यो। २०७४ असोज ९

८. कान्तिपुर, २०७४ कात्तिक १६ गते, पृ. १०
९. कान्तिपुर, २०७४ असोज १० गते, पृ. ३

गते व्यवस्थापिका-संसद्को कार्यसूचीमा १ बजे राखिएपछि १२ औँ पटक अनशनमा जुटेका र स्वास्थ्य क्षेत्रका विकृति हटाउने माग गर्दै आएका डा. गोविन्द केसी र अन्य स्वास्थ्यकर्मीले यसको चर्को विरोध गरे। संसद्को औपचारिक बैठकको औपचारिक कार्यसूचीमा समावेशपूर्व नै यो विधेयक चर्को विवादको विषय बन्दै आएको थियो। यस विधेयकलाई छलफलका लागि संसद्मा प्रस्तुत गर्न नदिने तयारीस्वरूप संसद् भवनअघि प्रदर्शनीसमेत गरिएको थियो। अप्रत्याशितरूपमा २०७४ असोज ९ गते बैठक कार्यसूचीमा ११ बजे उक्त विधेयक समावेश गरिएपछि विरोधको स्वर झन् तीव्र हुन गयो। चिकित्साकर्मीले अस्पतालमा हड्ताल गरे।[10]

### चिकित्साकर्मीको हड्तालले बिरामीको मानव अधिकार प्रभावित

असोज २०७४ मा डा. गोविन्द केसी बाह्रौँ पटक अनशन बसेको पृष्ठभूमि र चिकित्सा विधेयकको विरोधमा स्वास्थ्यकर्मीद्वारा स्वास्थ्य क्षेत्रमा विरोध र हड्तालका कार्यक्रम भयो। यसबाट बिरामीबाट स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकारबाट वञ्चित भएका गुनासा पनि आएका थिए। सञ्चारमाध्यमले समेत यसो नगर्न अपिल गरेका थिए।[11]

### व्यवस्थापिका-संसद्भित्रका समिति र मानव अधिकार

सन् २०१७ मा व्यवस्थापिका-संसद्भित्रका समितिले मानव अधिकार संवर्द्धन गर्ने कार्यमा महत्वपूर्ण सक्रियता प्रदर्शन गरेका छन्।

### संसदीय समितिका नेपाली अभ्यास

नेपालको व्यवस्थापिकामा समिति अभ्यास नौलो विषय होइन।[12] पञ्चायतकालीन व्यवस्थापिका राष्ट्रिय पञ्चायत, दोस्रो संसदीय अभ्यास (१९९१-२००५), प्रथम र दोस्रो संविधान सभामा समेत समिति प्रभावशाली रहे। दोस्रो संविधान सभा रूपान्तरित व्यवस्थापिका-संसद्भित्र समेत समितिले निरन्तरता पाए। सन् २०१७ मा पनि रूपान्तरित व्यवस्थापिका-संसद्भित्र विभिन्न समिति सक्रिय रहे। यी समितिले आफ्ना जिम्मेवारी विभिन्न हैसियतमा पूरा गरे।

### व्यवस्थापिका-संसद्भित्रका समिति

व्यवस्थापिका-संसद्भित्रका विभिन्न समितिमध्ये अर्थ समिति, अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति, उद्योग समिति तथा उपभोक्ता हित सम्बन्ध समिति, सामाजिक न्याय तथा मानव अधिकार समिति, कृषि तथा जलस्रोत समिति, विकास समिति, महिला, बालबालिका, ज्येष्ठ नागरिक र समाज कल्याण समिति, राज्य व्यवस्था समिति, वातावरण संरक्षण समिति, सार्वजनिक लेखा समिति सुशासन तथा अनुगम समिति[13] आदिले मानव अधिकारका विभिन्न विधा/क्षेत्रमा उत्साहवर्द्धक कार्य गरे।

### समितिका कार्य

ब्रिटिस शैलीको संसदीय व्यवस्था भएको नेपालमा अन्य संसदीय व्यवस्थाको संसद्भित्र जस्तै यस्ता समिति यो वर्ष पनि विशेष सक्रिय रहे। नेपाली जनताको मौलिक र मानवीय अधिकार संरक्षण गर्ने दिशामा यी समितिको कार्य उल्लेखनीय रहयो।

### व्यवस्थापिका-संसद् विधायन समितिका कार्य

सन् २०१७ मा विधायन समितिले संसद्भित्र उल्लेख्य कार्य गरेको छ। यस अवधिमा प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीश, उच्च अदालत र जिल्ला अदालतका न्यायाधीश र उनीहरूको पारिश्रमिक, सुविधा सेवासम्बन्धी विधेयकलगायतका विधेयकसम्बन्धी कार्य गऱ्यो।[14]

### राज्य व्यवस्था समितिका कार्य

अन्य वर्षझैँ यस वर्ष पनि राज्य व्यवस्था समितिले महत्वपूर्ण कार्य गरेको छ। २०७३ पुस १० गतेपश्चात् समितिले निर्वाचन आयोगसम्बन्धी विधेयक

---

१०. कान्तिपुर, २०७४ असोज १० गते, पृ. ८
११. 'स्वास्थ्य क्षेत्रमा हड्ताल नगरौँ', कान्तिपुर, २०७४ असोज १० गते, पृ. ६
१२. 'राज्य र मानव अधिकार : व्यवस्थापिका' नेपाल मानव अधिकार वर्ष पुस्तक २०१७, काठमाडौँ : इन्सेक, पृ. ७६-८७
१३. ऐ, पृ. ९५
१४. व्यवस्थापिका-संसद् सचिवालय (२०७४), संसद् दर्पण, वर्ष २, अङ्क ९, २०७४ साउन, काठमाडौँ, पृ. २-३

२०७३ र मतदाता नामावलीसम्बन्धी विधेयक २०७३ पारित गरी सदनमा पेश गऱ्यो। साथै सङ्घीय प्रणालीमा प्रशासनिक पुनर्संरचना तथा जनशक्ति व्यवस्थापनसम्बन्धी कार्यअन्तर्गत सङ्घीयता कार्यान्वयन गर्न तत्काल कर्मचारीलाई अल्पकालीन तालिम जस्ता कार्य गरेको छ।[१५]

**सार्वजनिक लेखा समिति**

सन् २०१७ मा पनि लेखा समिति निकै नै सक्रिय देखियो। आर्थिक अनियमितता नियन्त्रित गरी आर्थिक/वित्तीय अनुशासन कायम गर्न र आर्थिक अनियमितता गर्नेसँग त्यस्तो रकम असुलउपर गर्न यस समितिले सक्रियता देखाएको थियो। एनसेलको सेयर खरिद बिक्रीमा लाग्ने पुँजीगत लाभ कर आयकर ऐन्, २०५८ अनुसार असुलउपर गर्ने, कतिपय आयोजनामा छुट्याइएका बजेटभन्दा कम रकमको अख्तियारी दिएको विषयमा पनि निर्देशन जारी गर्ने कार्य भएको थियो।[१६]

संसद्भित्रको आर्थिक क्षेत्रको अति प्रभावशाली समितिका रूपमा रहेको यस समितिले यसपूर्व जस्तै सन् २०१७ मा पनि महत्वपूर्ण कार्य सम्पन्न गरेको छ। यस समितिले तोकिएको शीर्षकमा पुँजीगत नगर्ने, अन्य शीर्षकमा थप बजेट माग गर्ने र रकमान्तर गर्ने बढ्दो प्रवृत्तिसँग सम्बन्धित र भूकम्पपीडितहरूका लागि राहत उद्धार, पुनर्निर्माण, वन निर्माण सम्बन्धमा भएका लापरवाही, पुँजीगत खर्च फ्रिज हुन नपाउने व्यवस्था आदिसम्बन्धी अनेक निर्णय गरेको छ। त्यसैगरी बेरुजु छलफल उपसमितिहरू गठन गरेर, आर्थिक अनियमिततासम्बन्धी विभिन्न छानबिन उपसमिति गठन गरी अध्ययन/अनुसन्धान गरेको छ। नेपाल टेलिभिजनमा भएको अनियमिततासम्बन्धी छानबिनप्रति उपसमितिले अनुसन्धान गरेको थियो।[१७]

**सुशासन तथा अनुगमन समिति**

विगतका वर्षहरूमा झैं सन् २०१७ मा पनि सुशासन तथा अनुगमन समितिले मुलुकभित्र सुशासन प्रत्याभूतका लागि केही ठोस काम गरेको छ। यस समितिले अन्य कार्यका अतिरिक्त त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा व्यवस्थासम्बन्धी प्रतिवेदनमाथि छलफल गरी विभिन्न सुझाव प्रस्तुत गऱ्यो। काठमाडौंको एभरेस्ट होटलसम्बन्धी उजुरी, नेपाल सरकारसँग भएका सवारी साधनको तथयाङ्क राख्ने सम्बन्धमा प्रधान मन्त्रीको कार्यालय, मन्त्रिपरिषद् र गृह मन्त्रालयलाई निर्देशन दिने आदि कार्य भए।

यस समितिको निर्णय कार्यान्वयन, मूल्याङ्कन तथा उजुरी व्यवस्थापन उपसमितिले विभिन्न मितिमा जफत र अधिग्रहण गरी लिएको ललिता निवास बालुवाटार सम्बन्धमा पनि महत्वपूर्ण कदम चाल्यो। त्यसैगरी यस समितिअन्तर्गतको अर्को उपसमिति सरकारी तथा गैरसरकारी क्षेत्रबीचको सम्बन्ध तथा भूमिका व्यवस्थापन उपसमितिले राष्ट्र निर्माणमा सरकारी, गैरसरकारी र निजी क्षेत्रको भूमिका प्रस्ट सीमाङ्कन हुनुपर्नेमा जोड दिएको थियो।[१८]

**उद्योग वाणिज्य तथा उपभोक्ता हितसम्बन्धी समिति**

सन् २०१७ मा उद्योग वाणिज्य तथा उपभोक्ता हितसम्बन्धी समितिले पनि अन्य समितिले जस्तै उपभोक्ताका आर्थिक हित र उद्योग वाणिज्यसम्बन्धी नागरिक अधिकार संवर्द्धन गर्न केही ठोस कार्य गरेको छ। यस समितिले उपभोक्ता संरक्षण ऐन २०७३ मा हालको सन्दर्भमा गरिनुपर्ने समसामयिक परिवर्तन, महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, २०७३ मा नेपाल आयल निगमले छुट्याएको बोनस रकमसम्बन्धी विषय र यस्तो नगर्न आपूर्ति मन्त्रालय र निगमलाई निर्देशन, सहुलियत पसल सञ्चालन गर्दा अर्थ मन्त्रालयसहितको राय परामर्श लिन आपूर्ति मन्त्रालयलाई निर्देशन, एलपी ग्याँस आयात सम्बन्धमा छलफल आदि विविध कार्य गऱ्यो।[१९]

---

१५. व्यवस्थापिका-संसद् सचिवालय (२०७४), संसद् दर्पण, वर्ष २, अङ्क ८, २०७४ वैशाख, काठमाडौँ, पृ. ३-५
१६. पूर्ववत्, २०७४ वैशाख, काठमाडौँ, पृ. १४
१७. व्यवस्थापिका-संसद् सचिवालय (२०७४), संसद् दर्पण, वर्ष २, अङ्क ९, २०७४ साउन, काठमाडौँ, पृ. ५-१०
१८. ऐऐ, पृ. ४-०
१९. ऐऐ, पृ. १०-१२

### कृषि तथा जलस्रोत समिति

विगतका वर्षमा जस्तै यस वर्ष पनि कृषि तथा जलस्रोत समितिले केही ठोस कार्य गरेको छ। यस समितिबाट पटक-पटक निर्देशन भएबमोजिम सरकारबाट विद्युत् ऐन संसद्समक्ष पेश नभएकामा समितिको गम्भीर ध्यानाकर्षण भएको, गुणस्तरीयरूपमा क्वारेन्टाइन परीक्षण हुनुपर्ने, संसदीय समितिका निर्णय सरकारद्वारा पूर्ण पालना हुनुपर्ने आदि कार्य गरेको छ। सम्बन्धित निकायलाई निर्देशन दिएको छ र गम्भीर ध्यानाकर्षण गराएको छ।[३०]

### अर्थ समिति

अर्थ समितिले पनि यो वर्ष उल्लेख्य कार्य गरेको छ। बोनस ऐन २०१० लाई संशोधन गर्न बनेको विधेयक २०७३ मा विस्तृत छलफल, कर फछ्यौंट आयोग ऐन २०३३ लाई समायानुकूल संशोधन गर्न अर्थ मन्त्रालयलाई निर्देशन, अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट आर्थिक अनियमितितासम्बन्धी अनुसन्धानमा दोषी देखिएका व्यक्ति र सङ्घ/संस्थालाई कडा कारबाही गर्न र राजस्व छली भएको रकम तत्काल असुलउपर गर्न सम्बन्धित निकायलाई निर्देशन, वैदेशिक रोजगारीमा औपचारिकरूपमा विभिन्न देशमा गएका करिब ४० लाख जनशक्तिले श्रम गरी आर्जन गरेको रकम बैङ्किङ प्रणालीमार्फत स्वदेशमा ल्याउन अर्थ मन्त्रालयले श्रम मन्त्रालय र नेपाल राष्ट्र बैङ्कलाई निर्देशन दिने, वाणिज्य बैङ्कमा अनिवार्यरूपमा विप्रेषण खाता र परिवारका नाममा खाता खोल्न लगाई उनीहरूको रकम संरक्षित तरिकाले प्राप्त गर्ने सम्बन्धमा निर्देशन दिने जस्ता कार्य गरेको छ।[३१]

### वातावरण संरक्षण समिति

मुलुकको वातावरणलाई संरक्षण गर्ने उत्तरदायित्व बोकेको यस समितिले सन् २०१७ मा केही सकारात्मक कार्य गरेको छ। मेलम्ची खानेपानी आयोजनाले काठमाडौँ उपत्यकामा सडक भत्काइ पाइप बिछ्याउँदा त्यसबाट निस्किएको धुलो माटोले मानव स्वास्थ्यमा गम्भीर असर पारेको सन्दर्भमा दीर्घकालीन र अल्पकालीन विकल्प खोज्न खानेपानी तथा सरसफाइ मन्त्रालय, मेलम्ची खानेपानी आयोजना कार्यान्वयन निर्देशनालय र काठमाडौँ उपत्यका खानेपानी लिमिटेडलाई निर्देशन, जनसङ्ख्या तथा वातावरण मन्त्रालयलाई वायु प्रदूषण र प्लास्टिकका झोला प्रयोगमा लगाइएको प्रतिबन्धको निरन्तर अनुगमन गर्न निर्देशन दिई नेपाली नागरिकको स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार संरक्षण गर्ने कार्यमा चासो व्यक्त गऱ्यो।[३२]

### विकास समिति

विकास समितिले पनि यस वर्ष केही महत्त्वपूर्ण कार्य गरेको छ। मुलुकमा सञ्चालन भइरहेका विकास परियोजनाको समय/समयमा अनुगमन, आवश्यक निर्देशन दिएर यसले नागरिकको विकासको अधिकार (राइट टु डेभलपमेन्ट) लाई सम्मान गरेको छ। समितिका सदस्यबाट विभिन्न मितिमा भएको स्थलगत अवलोकन मैलुङ-स्याफ्रुवेसी सडक खण्ड, रसुवागढी-केरुङ नाकाको स्थलगत भ्रमण, नारायणघाट-मुग्लिन सडक खण्डको स्थलगत अवलोकन गरी यसबारे सम्बन्धित निकायलाई निर्देशन दिने कार्य भएको छ। काठमाडौँ उपत्यकाभित्रको सडक पूर्वाधारलाई नियमित र क्रमिकरूपमा स्तरोन्नति गर्न, सडक पेटी व्यवस्था गर्न, सडकको अवस्था सुधार गर्न, आकाशे पुल तीव्र गतिमा निर्माण गर्न सहरी विकास मन्त्रालय, उपत्यकाभित्रका महानगरपालिका र नगरपालिकाहरूलाई निर्देश गरेको छ। स्थानीय तहका कर्मचारीलाई समयमै प्रशिक्षण दिने, नेपालमा सडक निर्माण गर्ने सीमित निकायबीच समन्वय नभएको मुद्दा, सप्तरीको तिलाठीलगायत देशका विभिन्न भागमा परेका बाढी/पहिरो डुबान जस्ता समस्याबारे समितिले सम्बन्धित निकायलाई निर्देशन दिएको छ।[३३]

विकास समितिले आफ्नो प्रतिवेदनमा विगत ६/७ दशकको अवधिमा नेपालमा दीर्घकालीन महत्वको र राष्ट्रिय अर्थतन्त्रलाई कालान्तरसम्म योगदान दिन सक्ने एउटा पनि भौतिक पूर्वाधार निर्माण नभएको कुरा स्वीकार्दै नेपालमा खाली हचुवा र देखावटी विकासमात्र गर्न खोजेको औँल्याएको छ।

---

३०. ऐऐ, पृ. १२-१४
३१. ऐऐ, पृ. १४-१७
३२. ऐऐ, २०७४ वैशाख, पृ. २८-३१
३३. ऐऐ, २०७४ साउन, पृ. १८-२२

**महिला, बालबालिका, ज्येष्ठ नागरिक र समाज कल्याण समिति**

यस वर्ष यस समितिले पनि उल्लेख्य कार्य गऱ्यो। समितिले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयक २०७२ उपर छलफल गरी प्रस्तुत गऱ्यो। देशभर सञ्चालित आयुर्वेदिक औषधालयसँग समन्वय गर्दै पशुपति होमियोप्याथिक चिकित्सालय सञ्चालन गर्न स्वास्थ्य मन्त्रालयलाई निर्देशन र लिङ्ग पहिचानपश्चात् गर्भ पतन गर्नेलाई कडा कारबाही हुने साइनबोर्ड राख्ने व्यवस्था मिलाउन स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिने कार्य गऱ्यो।[३४]

**अन्तर्राष्ट्रिय सम्बन्ध र श्रम समिति**

विगतका वर्षमा झैं यस वर्ष पनि अन्तर्राष्ट्रिय सम्बन्ध र श्रम समितिले नागरिकको मौलिक अधिकार संरक्षण गर्दै जनताका चाहना र इच्छाअनुसार कार्य गरेको देखिन्छ। यस क्रममा सामाजिक सुरक्षा प्रदान गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७२ माथि छलफल गऱ्यो। खाडी मुलुक साउदी अरब, कतार, कुवेत र युएइको भ्रमणबारे स्थलगत अनुगमन उपसमितिद्वारा जानकारी गराइयो। श्रमसम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयक २०७२ माथि छलफल, खाडी मुलुकमा बेरोकटोक नेपाली महिलाको तस्करी भएको विषयमा वैदेशिक रोजगार विभागले म्यानपावर कम्पनीहरूको अनुगमन तथा नियमन राम्रोसँग नगरेको, पर्यटन क्षेत्रमा व्यवसाय सञ्चालन गरिरहेका क्यासिनोहरूले बुझाउनुपर्ने रोयल्टी दस्तुर वक्यौताबारे निर्देशन दिने कार्य भयो।[३५]

**सामाजिक न्याय तथा मानव अधिकार समिति**

सामाजिक न्याय तथा मानव अधिकार समिति व्यवस्थापिका-संसद्भित्र रहेका विभिन्न समितिमध्ये मानव अधिकारसँग प्रत्यक्ष सम्बन्ध राख्ने समिति हो। व्यवस्थापिका-संसद् नियमावली २०७३ अनुसार यस समितिले मानव अधिकारसँग सम्बन्धित विषयको छलफल, बहस, अनुगमन, मूल्याङ्कन र आवश्यक निर्देशन गर्ने कार्य गर्दै आएको छ। यसले गर्ने अनुगमन र मूल्याङ्कन विशेष महत्त्वको छ।[३६]

तर पनि विभिन्न कारण एवम् चुनौतीले गर्दा समितिले चाहेजस्तो उपलब्धि हासिल गर्न नसकिएको समिति आफैंले महसुस गरेको छ।[३७] समितिले आर्थिक वर्ष २०७३/७४ का लागि २०७४ मा निकालेको वार्षिक प्रतिवदेनमा पनि यसलाई स्वीकारेको छ।[३८]

**मानव अधिकार समिति**

संसद्का विभिन्न समितिमध्ये मानव अधिकार समिति एक प्रभावशाली समितिका रूपमा व्यवस्थापिका-संसद्भित्र थियो। समितिले राष्ट्रिय मानव अधिकार आयोगले राष्ट्रपतिसमक्ष बुझाएको आफ्नो वार्षिक प्रगति प्रतिवेदन र राष्ट्रपतिबाट व्यवस्थापिका-संसद्मा पठाइएको उक्त प्रतिवेदनमाथि सम्बन्धित समिति भएका कारण मानव अधिकार समितिले छलफल गरेको थियो। उक्त प्रतिवेदनमा उल्लेख भएअनुसार आवश्यक कार्य गर्नका लागि सरकारलाई मार्ग निर्देशन, सिफारिस आदिसमेत गरेको थियो।

मानव अधिकार समितिले यस वर्ष गरेका कार्यमध्ये राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमाथिको छलफल महत्त्वपूर्ण रह्यो। निसन्देहरूपमा नेपालको संसदीय व्यवस्थाको अभ्यासमा यसको आफ्नै महत्त्व रह्यो। यसको प्रभावकारिता कुन स्तरको थियो भन्नेबारे बहस भए तापनि यो अभ्यास आफैंमा सकारात्मक थियो। समितिले आफ्नो कार्य सम्पादनको सिलसिलामा आफ्नो कार्यक्षेत्रमा पर्ने मन्त्रालय र विभागसँग आफ्ना नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमत र मूल्याङ्कनका विषयमा जानकारी लिने कार्य गरेको थियो। देशमा परेको दैवी एवम् प्राकृतिक प्रकोप र

३४. ऐऐ, २०७४ वैशाख, पृ. १७-१९
३५. ऐऐ, पृ. १९-२४
३६. सामाजिक न्याय तथा मानव अधिकार समिति, व्यवस्थापिका-संसद् (२०७३), सामाजिक न्याय तथा मानव अधिकार समितिको वार्षिक प्रतिवेदन २०७३, काठमाडौं पृ. ४-५
३७. ऐऐ
३८. सामाजिक न्याय तथा मानव अधिकार समिति, व्यवस्थापिका-संसद् (२०७४), सामाजिक न्याय तथा मानव अधिकार समितिको वार्षिक प्रतिवेदन २०७४, काठमाडौं पृ. कार्यकारी सारांश

विपत्ति, बाढी, पहिरो, हत्या हिंसाका पृष्ठभूमिमा रही मानव अधिकार संरक्षण गर्ने कार्यमा योगदान पुऱ्याएको थियो। देशका विभिन्न भागमा भएका मानव अधिकार उल्लङ्घनका घटनाको छानबिन, स्थलगत अध्ययन, द्वन्द्वपीडितका लागि राहत, पुनर्स्थापना र पुनर्निर्माण सम्बन्धमा स्थलगत अध्ययन तथा सङ्क्रमणकालीन न्यायका सन्दर्भमा गठित सत्य निरूपण तथा मलेमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग सम्बन्धमा समितिले छलफल सञ्चालन गऱ्यो, अन्तरक्रिया आयोजना गऱ्यो, स्थलगत प्रतिवेदन तयार पाऱ्यो र सम्बन्धित निकायलाई निर्देशन दिने कार्य गऱ्यो।[२९] राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनउपर समितिले चलाएको 'ऐतिहासिक छलफल' र त्यसउपर "राय सुझावसहित प्रतिवेदन पेश गर्न सफल भएकामा यसलाई समितिले उपलब्धिका रूपमा लिएको छ।"[३०]

**संसदीय समितिका कामको मूल्याङ्कन**

संसदीय समितिका कामको मूल्याङ्कनले सरकारलाई विभिन्न समयमा विभिन्न निर्देशन जारी गरेका थिए तर त्यस्ता निर्देशन कार्यान्वयन भए/भएनन् भन्नेबारे समितिहरू त्यति सक्रिय देखिएनन्। आयल निगमका महाप्रबन्धक गोपाल खड्काको सन्दर्भमा पनि यस्तै कार्य भए। भ्रष्टाचारविरुद्धको समितिले खड्कालाई कारवाही गराउनतर्फ पहल गर्न नसकेको देखियो।

संसदीय समितिका सदस्यहरूले आफ्नो समितिसम्बन्धी कार्यको सिलसिलामा जिल्लाको भ्रमणसमेत गरे। समितिले सरकारलाई समय/समयमा निर्देशनसमेत दिने कार्य गरेर मानव अधिकार संरक्षण गर्न पहलसमेत गरेको देखिन्छ। तर बेवास्ता गरेको सन्दर्भमा सरकारमाथि ठोस दबाब दिन भने नसकेको देखियो।

शून्य समयमा छलफल गरिए तापनि त्यो कर्मकाण्ड पूरा गरेको अवस्थामा मात्र सीमित देखियो। सरकारमाथि यस्ता कार्य नगर्न दरिलो दबाब दिइए तापनि सरकारी उदासीनताका कारण शून्य समयमा उठाइएका मुद्दा ओझेलमा पर्न गए।

संसदीय समितिहरूले आआफ्नो क्षेत्रमा महत्वपूर्ण कार्य गरे तापनि सरोकारवालामा त्यसको खासै प्रभाव परेको देखिएन। अनियमितता रोक्न र मानव अधिकार उल्लङ्घन नगर्न बारम्बार दिइएका निर्देशन पनि सरकारबाटै पालना भएन। त्यसैले पनि समितिका काम प्रभावी हुन सकेनन्।

यसै सन्दर्भमा कृषि तथा जलस्रोत समितिले २०७४ जेठ २८ गतेको आफ्नो बैठकमा 'संसदीय समितिहरूले सरकारलाई दिने कतिपय निर्देशन पूरै कार्यान्वयनमा नजाने, कतिपय आंशिक कार्यान्वयनमा जाने प्रवृत्ति देखिएको हुँदा व्यवस्थापिका-संसद् नियमावली २०७३ ले दिएको अधिकार प्रयोग गरी सम्बद्ध मन्त्रालय तथा निकायहरूद्वारा सम्पादित क्रियाकलापहरूको सूक्ष्मरूपमा अध्ययन, अवलोकन, अनुगमन तथा मूल्याङ्कन गरी गरिएका सिफारिस, सुझाव, निर्देशनहरूलाई मन्त्रालय तथा सम्बद्ध निकायहरूले कार्यान्वयनमा ल्याइ सरकारलाई व्यवस्थापिका-संसद्प्रति उत्तरदायी र जवाफदेही बनाउने' निर्णय गरेको थियो।

संसद्का समितिहरूको कामको यथार्थ मूल्याङ्कन यस समितिको निर्णयले प्रस्ट गरेको छ। सरकार पूर्णरूपमा व्यवस्थापिका अङ्गभित्र जिम्मेवार र जवाफदेही नभएसम्म संसदीय निर्देशनको कुनै औचित्य नहुने प्रस्ट छ।[३१]

**संसदीय समितिका प्रतिवेदन**

संसदीय समितिहरूले आफूले गरेका सम्पूर्ण कामको प्रतिवेदन पूर्ण सदनसमक्ष पेश गर्ने संसदीय अभ्यासअनुरूप यस वर्ष पनि यस्ता प्रतिवेदन प्रस्तुत गरिए। सन् २०१६ मा संसदीय सुनुवाइ विशेष समितिबाहेक अन्य समितिले आफ्ना वार्षिक प्रतिवेदन तयार पारी पूर्ण संसद्मा प्रस्तुत गरेका थिए। सन् २०१७ मा व्यवस्थापिका-संसद्को एक स्रोतका अनुसार चार समिति विधायन समिति (२०७३-७४), सुशासन तथा अनुगमन समिति, विकास समिति र सामाजिक न्याय तथा मानव अधिकार समितिले मात्र वार्षिक प्रतिवेदन तयार पारे। यस वर्ष प्रतिनिधि सभा र प्रदेश सभाको चुनावका कारण माघ २०७४ मै व्यवस्थापिका-संसद् स्वत: विघटन भएकाले अन्य समितिले प्रतिवेदन तयार पार्न नभ्याएको स्रोतको दाबी छ। कति विश्लेषकले

२९. पूर्ववत्, वार्षिक प्रतिवेदन २०७४, काठमाडौँ, पृ. कार्यकारी सारांश
३०. पूर्ववत्, वार्षिक प्रतिवेदन २०७४, काठमाडौँ, पृ. कार्यकारी सारांश
३१. उही, २०७४ साउन, पृ. १३

यसलाई समितिको निष्क्रियताका रूपमा टिप्पणी गरेका छन्।

### संसदीय सुनुवाइ विशेष समिति

नेपाली व्यवस्थापिकाले केही वर्षयता प्रयोगमा ल्याएको यो सुनुवाइ प्रथाले पनि मानव अधिकार संरक्षणका दिशामा महत्वपूर्ण भूमिका खेल्ने गर्छ।[३२] सन् २०१७ मा यस समितिले स्पेनका लागि नेपाली राजदूत पदमा भरतबहादुर रायमाझीको नाम सिफारिस भएकामा, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त पदका लागि दीप बस्न्यात, महालेखा परीक्षकको पदमा टङ्कमणि शर्माको नाम, सर्वोच्च अदालतको प्रधान न्यायाधीशको पदमा गोपालप्रसाद पराजुलीको नाम प्राप्त भएकामा समितिले अनुमोदन गरेको थियो।[३३]

संसदीय सुनुवाइ विशेष समितिले २०७३-७४ मा गरेको सुनुवाइमा प्रस्तावित राजदूतको सुनुवाइ महत्त्वपूर्ण रहे तापनि उनीहरूको नियुक्तिका विरोधमा प्रशस्त आवाज उठे। तापनि समितिले गरेका कार्य खाली औपचारिक रीत पुऱ्याउने किसिमका मात्र देखिन पुग्यो। यही कारण प्रभावशाली भूमिका खेल्न नसकेको गुनासोसमेत गरिए। तर पनि यो प्रथालाई निरन्तरता दिने कार्य भने आफैंमा सकारात्मक छ।

### व्यवस्थापिका र महाभियोग प्रस्ताव

नेपालमा संसदीय सर्वोच्चता/सार्वजनिकताको सिद्धान्त स्वीकारिएको छ। यसमा राष्ट्रप्रमुख र संवैधानिक निकायका प्रमुखहरू संसद्प्रति जिम्मेवार र जवाफदेही हुनुपर्ने सैद्धान्तिक आधार छ। जसअनुसार नेपालका राष्ट्राध्यक्ष र संवैधानिक पदाधिकारीविरुद्ध महाभियोगको प्रस्ताव पारित गर्ने पद्धति स्वीकार गरिएको छ। विगतका संविधान (२०४७ र २०६३) ले झैं नेपालको संविधान २०७२ को धारा १०१ को १० उपधाराहरूले यसबारे व्यवस्था गरेका छन्। व्यवस्थापिका-संसद् नियमावली २०७३ को परिच्छेद २१ ले यसबारे थप व्याख्या गरेको छ। सन् २०१७ मा नेपालको व्यवस्थापिका-संसद्ले महाभियोग प्रस्ताव पेश गरी यस संसदीय अधिकार प्रयोग गरेको छ।

#### (क) अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीविरुद्धको महाभियोग प्रस्ताव

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीविरुद्ध संसद् सचिवालयमा दर्ता गरिएको महाभियोग प्रस्तावसम्बन्धी छानबिन प्रतिवेदन २०७३ फागुन १२ गते पेश भई छलफल भयो। २०७३ चैत १ गते उक्त छानबिन समितिको प्रतिवेदन पारित भयो।[३४] दुई सत्तासीन ठूला राजनीतिक दल एमाले र पुष्पकमल दाहालको नेतृत्वमा रहेको माओवादी केन्द्रका १ सय ५७ जना सांसदले अक्षमता र अख्तियार दुरुपयोगको आरोपमा उक्त प्रस्ताव दर्ता गराएका थिए। महाभियोग सुझाव समितिको एक उपसमितिले यसबारे गम्भीर अध्ययन गरी प्रमुख आयुक्त कार्की महाभियोग लगाइएका अधिकांश आरोपमा दोषी पाइएको ठहर गऱ्यो। कार्कीको नियुक्तिकै क्रममा उनी अयोग्य भएको ठहर सर्वोच्च अदालतको २०७३ पुस २५ गतेको निर्णयले गरेपछि संसद्भित्र प्रस्तुत महाभियोग प्रस्ताव स्वत: निष्क्रिय भयो।

#### (ख) प्रथम महिला प्रधानन्यायाधीश सुशीला कार्कीविरुद्धको महाभियोग प्रस्ताव

सन् २०१७ मा नेपालको व्यवस्थापिका-संसद्ले अर्को महाभियोग अभ्यास गऱ्यो। यसअनुसार सत्तासीन माओवादी केन्द्र र नेपाली काङ्ग्रेसले प्रधानन्यायाधीश सुशीला कार्कीविरुद्ध २०७४ वैशाख १७ गते महाभियोगको प्रस्ताव दर्ता गरे। नेपाली कङ्ग्रेस र माओवादी केन्द्रका २ सय ४९ सदस्यले हस्ताक्षर गरेका यो प्रस्ताव नेपाली काङ्ग्रेसका मीनबहादुर विश्वकर्माद्वारा प्रस्तावित तथा माओवादी केन्द्रका टेकबहादुर बस्नेतद्वारा समर्थित थियो। सर्वोच्च अदालतकी प्रथम महिला प्रधानन्यायाधीश कार्कीमाथि कार्यपालिकामा हस्तक्षेप गरेको र पक्षपातपूर्ण निर्णय गरेको आरोप थिए। व्यवस्थापिका-संसद्ले आवश्यक छानबिन गरी प्रधानन्यायाधीश कार्कीविरुद्ध महाभियोग प्रस्तावमा मतदान गर्ने तयारी गरिरहेका बेला सर्वोच्च अदालतका न्यायाधीश चोलेन्द्रशमशेर जबराको एक

३२ नेपाल मानव अधिकार वर्ष पुस्तक २०१७, इन्सेक, काठमाडौं, पृ. ९७
३३ पूर्ववत्, पृ. ९७
३४ पूर्ववत् २०७४ वैशाख, पृ. १

सदस्यीय इजलासले व्यवस्थापिका-संसद्लाई महाभियोग कार्य अगाडि नबढाउन र प्रधान न्यायाधीश कार्कीलाई पुन: पदमा बहाल गराउन आदेश दियो। यसपछि महाभियोग दर्ता गर्ने प्रमुख दुई दल नेपाली काङ्ग्रेस र माओवादी केन्द्रले प्रधानन्यायाधीशविरुद्धको महाभियोग प्रस्ताव फिर्ता लिएका थिए।

**संविधान संशोधनको प्रयासमा समय खेर**

सन् २०१७ को धेरै समय संविधान संशोधनका विषयमा सरकार र प्रतिपक्ष मधेसकेन्द्रित दलबीच जुहारीमै बित्यो। दुई तिहाइ बहुमत जुटाउन नसकिएका कारण संविधान संशोधन प्रस्ताव असफल भयो। संसदीय इतिहासमा नेपालको लगभग एक वर्ष समय संविधान संशोधनमै अलमलियो र व्यवस्थापिका-संसद्को १ वर्षको ऊर्वर समय खेर गयो। जबकि यस अवधिमा थुप्रै ऐन पारित गरेर २०७२ को संविधान र सङ्घीयता कार्यान्वयनमा ठूलो फड्को मार्न सकिन्थ्यो।

**बैठकमा अनुपस्थित हुने तर सुविधा उपयोग गर्ने प्रवृत्ति**

व्यवस्थापिका-संसद्का सदस्यको आचरणबारे पनि यो वर्ष धेरै गुनासा र असन्तुष्टि व्यक्त गरिए। महिनौँसम्म व्यवस्थापिकाका आधिकारिक बैठकमा अनुपस्थित रहने, गणपूरक सङ्ख्या (कोरम) नपुगेका कारण यस्ता बैठक स्थगित हुने घटना दोहोरिइरहे। तर अचम्म, सदस्यले व्यवस्थापिका सदस्यका हैसियतले पाउने सुविधा भने उपभोग गरिरहे। सुशासनको पाठ सिकाउनेहरू नै यसरी गैरजिम्मेवार भएपछि उनीहरूले धेरै आलोचना खप्नुपऱ्यो। खासगरी तराईका सांसद महिनौँसम्म बैठकमा अनुपस्थित रहने तर प्रधानमन्त्रीविरुद्धको अविश्वासको प्रस्तावमा मतदान हुँदा भने अकस्मात प्रकट हुने र मतदानपश्चात् पुन: अलप हुने प्रक्रिया पनि जारी रह्यो। तर पनि उनीहरूले संसदीय सुविधा भने उपयोग गरिरहे।

**औपचारिक बैठकमा न्यून उपस्थिति**

व्यवस्थापिका-संसद्को औपचारिक बैठकमा यो वर्ष सांसदको न्यून उपस्थिति रह्यो। सरकारमा बसेका र ठूला दलका नेता प्राय: बैठकमा अनुपस्थित रहे। यसले गर्दा कतिपय अवस्थामा गणपूरक सङ्ख्या (कोरम) नपुगी बैठकसमेत स्थगित हुन पुगे। व्यवस्थापिका-संसद्को धेरै महत्वपूर्ण समय त्यसै खेर गयो यही कारण। र, पारित गर्नुपर्ने महत्वपूर्ण विधेयक थाती रहे। लोकतान्त्रिक अभ्यासका लागि यो प्रवृत्ति अत्यन्तै घातक रह्यो।

**भ्रष्टाचारविरुद्ध कमजोर आवाज**

सन् २०१७ मा संसद्ले भ्रष्टाचारविरुद्ध दरो आवाज उठाउन सकेन। नेपाल आयल निगमका महाप्रबन्धकले निगमका लागि जग्गा खरिद गर्दा गरेका अनियमितताको विषयमा पनि संसद्ले दरिलो कदम लिन सकेन जसका कारण उनलाई सजाय हुन सकेन। यस्ता अरु विषयमा पनि संसद् निरीह देखियो।

**सांसदकै कारण विधेयक थाती**

व्यवस्थापिका-संसद्ले सन् २०१७ मा गरेका कार्यले १० वर्ष लामो सङ्क्रमणकाल अन्त्य गरी नेपालमा सङ्घीय व्यवस्था कार्यान्वयनमा सकारात्मक भूमिका निर्वाहमा सघायो। तापनि यसका कार्य र विषयमा अनेक टीकाटिप्पणी हुने गरेको पाइन्छ। यसले आफ्नो १ वर्षको अवधिमा थाती रहेका २ सय जति ऐन पारित गर्न सकेन। सङ्क्रमणकालीन न्याय (ट्रान्जिसनल जस्टिस) सम्बन्धी व्यवस्था अधुरै रह्यो। सङ्घीयता कार्यान्वयनका लागि आवश्यक पर्ने यी ऐन/कानुन अधुरै रहे। भ्रष्टाचारविरुद्ध अभियान कडा बनाउने ऐन नआएकाले मुलुकले शान्तिको सास फेर्न पाएन। सुशासन मजबुत बनाउने कानुन निर्माणतर्फ पनि ठोस पहल भएन।

**सुविधा बढाउने असफल प्रयास**

व्यवस्थापिका-संसद्ले सन् २०१७ मा प्रशस्त सकारात्मक कार्य गरे तापनि यो निकाय विभिन्न आलोचना र बदनामीबाट टाढा रहन सकेन। यस अवधिमा सांसदहरूले आफ्ना लागि निवृत्तिभरण व्यवस्था गराउन पहल गरे। नेपाली संसद्को तल्लो सदन प्रतिनिधि सभाले सन् १९९१-९४ को अवधिमा सभामुख दमननाथ ढुङ्गानाका समयमा यस्तो ऐन व्यवस्था गरिए पनि सर्वोच्च अदालतले खारेज गरिदिएको थियो। सर्वोच्च अदालतको विगतको यस्तो आदेशलाई जानाजानी अवज्ञा गर्दै पुन: गरिएको प्रयास असफल भयो।

**संसद् अवरुद्ध/बहिष्कार**

संसद् अवरुद्ध नेपाली व्यवस्थापिकाको इतिहासमा कुनै नौलो विषय होइन। नेपालको प्रथम निर्वाचित संसद् (१९९१-९४), दोस्रो (१९९४), तेस्रो

(१९९९) भित्र प्रतिपक्षद्वारा यस्ता काम भइरहे। दोस्रो संविधान सभाले संविधान निर्माण गरी घोषणासमेत (२०७२ साल/सन् २०१५) गरेपश्चात् रूपान्तरित व्यवस्थापिका-संसद्भित्र पनि संसद् अवरुद्ध गर्ने काम भइरहृयो। यसरी हेर्दा संसद् अवरुद्ध/बहिष्कार नेपाली व्यवस्थापिकाको एक अभिन्न अङ्ग नै बन्न पुगेको प्रस्टिन्छ।

### मधेसकेन्द्रित दलको संसद् बहिष्कार

नेपालको संविधान २०७२ (सन् २०१५) घोषणापश्चात यसको विरोधमा जुटेका मधेसकेन्द्रित दल केपी ओली नेतृत्वको सरकारविरुद्ध खनिएर निरन्तर बैठक बहिष्कारमा जुटे। प्रधानमन्त्री ओलीविरुद्ध पेश गर्ने भनिएको अविश्वासको प्रस्ताव र नयाँ प्रधान मन्त्रीबाट प्राप्त गर्नुपर्ने विश्वासको मतमा भने लामो समयसम्म संसद् बहिष्कारमा जुटेका मधेसकेन्द्रित दल अकस्मात प्रकट हुन पुगे। र, मतदान कार्यमा सरिक रहे।[३५] संविधान नमान्ने र संसद् बहिष्कार कार्यमा जुटेका मधेसकेन्द्रित दलले तलव भत्तालगायत सुविधा भने त्याग गर्न सकेनन्।

### सवैधानिक निकायको वार्षिक प्रतिवेदन

नेपालको विगतको र हालको संवैधानिक व्यवस्थाअनुसार नेपालका विभिन्न संवैधानिक निकायले आफ्ना वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष प्रस्तुत गर्नुपर्ने र उक्त प्रतिवेदनहरू राष्ट्रपतिबाट छलफलका लागि संसद्मा प्रस्तुत गर्ने व्यवस्था छ। जसअनुसार यो वर्ष व्यवस्थापिका-संसद्ले त्यस्ता वार्षिक प्रतिवेदन प्राप्त गरी छलफल गऱ्यो। व्यवस्थापिका-संसद्ले २०७३ चैत ९ गते सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०६९/७०, २०७०/७१ र २०७१/७३, चैत २८, २०७३ मा सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७२/७३, महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन २०७२/७३, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन २०७२/७३, लोक सेवा आयोगको वार्षिक प्रतिवेदन २०७१/७२ र २०७२/७३ र निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०७१/७२ र २०७२/७३ सदनमा प्रस्तुत भए।[३६] संसदीय सर्वोच्चता (पारलियामेन्टरी सुप्रिमेसी/सोभरेन्टी) हुने सम्पूर्ण निकाय संसद्प्रति उत्तरदायी र जवाफदेही हुने हुनाले यस्ता वार्षिक प्रतिवेदनको आफ्नै महत्व रहने गर्छ। माथि प्रस्तुत प्रतिवेदन हेर्दा सर्वोच्च अदालतले २०६९ देखि नै र लोक सेवा आयोग र निर्वाचन आयोगले २०७१ देखि नै राष्ट्रपतिलाई वार्षिक प्रतिवेदन नबुझाई ढिला गरेका देखिएको छ।

### पूर्वसांसदको छनोटमा योजना बाँड्न रोक

व्यवस्थापिका-संसद्का विविध कार्य सार्वजनिक आलोचनाको विषय बन्दै आएका छन्। यही क्रममा २०७४ भदौ २८ गते मध्यरातमा सांसदको म्याद सकिएको थियो। निर्वाचित, समानुपातिक र मनोनीत सबै सांसदका लागि ५० लाख रुपियाँको क्षेत्र विकास कार्यक्रम सञ्चालित छ। सांसदहरूको पदावधि एक महिनामात्रै बाँकी रहेका बेला दुईटै कार्यक्रमका लागि १० अर्ब २० करोड ५० लाख रुपियाँको योजना कार्यान्वयनको तयारी गरिएको थियो। त्यस्तै साविकको २ सय ४० निर्वाचन क्षेत्रमा पूर्वाधार विकास कार्यक्रमका लागि ३-३ करोड रुपियाँका दरले बजेट विनियोजित छ। निर्वाचन आयोगले निर्वाचनको स्वच्छता, निष्पक्षता र विश्वसनीयता कायम गर्न र आचारसंहिताको भावना र मर्मअनुसार निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रम कार्यान्वयनमा रोक लगाएको थियो। पूर्वसांसदले उक्त कार्यक्रम सञ्चालन गर्न नपाउने भन्दै आयोगले योजना छनोटका साथै रकम निकासामा पनि रोक लगायो। व्यवस्थापिका-संसद्को कार्यकाल समाप्त भइसकेकाले तत्कालीन सांसदहरूको सिफारिसमा योजना छनोट र त्यसको कार्यान्वयन गर्न नमिल्ने आयोगको तर्क थियो।[३७]

निर्वाचन आयोगले एक सार्वजनिक सूचनामार्फत पूर्वसांसदहरूले सिफारिससाथ छनोट गरेका आयोजना, परियोजना तथा कार्यक्रम नगर्न/नगराउनका साथै छनोट गरेका सम्पूर्ण योजना रद्द गर्ने र रद्द भएको तथा कोष तथा लेखा नियन्त्रण कार्यालयबाट रोक्का भएको सुनिश्चित गर्न सबै प्रमुख जिल्ला अधिकारीलाई निर्देशनसमेत दिएको थियो।[३८] यसअनुसार निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम र

३५ पूर्ववत्, २०७४ वैशाख, पृ. १
३६ पूर्ववत्, २०७४ वैशाख, पृ. १
३७ 'निर्वाचन क्षेत्र विकास कार्यक्रम रोक्नु', कान्तिपुर, २०७४ कात्तिक १३ गते, पृ. ८
३८ कान्तिपुर, २०७४ कात्तिक १३ गते, पृ. ८

निर्वाचन क्षेत्र विकास कार्यक्रम दुवै कार्यान्वयनमा रोक र योजना रद्ध हुन पुगे।

**प्रतिनिधि सभा, प्रदेश सभा, स्थानीय सरकार र चुनौती**

***सङ्घीयताका चुनौती र व्यावहारिक सुझाव***

सङ्घीयता कार्यान्वयनका दिशामा स्थानीय तहको निर्वाचन सम्पन्न भई २०७४ मङ्सिर १० र २१ गते केन्द्रीय व्यवस्थापिका प्रतिनिधि सभा र प्रदेश व्यवस्थापिकाको निर्वाचनसमेत भइसकेको छ। यो पृष्ठभूमिमा भोलिका दिनमा दुवै व्यवस्थापिका सभाले सङ्घीयताका चुनौती र नकारात्मक पक्ष बडो सावधानीसाथ सामना गर्नुपर्ने अवस्था छ। केन्द्रीय सरकार सञ्चालन गर्न त विदेशीको काँधमा निर्भर रहनुपर्ने वर्तमान नेपालमा सङ्घीय, प्रदेश र स्थानीय तहको सरकार सञ्चालन गर्नु आर्थिक हिसाबले सहज देखिन्न। विपन्नतामा बाँचेका नेपाली जनताको काँधमा करको बोझ बढाउनुपर्ने अवस्था समाजवादी राज्यका लागि उपयुक्त देखिँदैन। यी तीनै तहको सरकार सञ्चालनका लागि स्रोत जुटाउने कार्यमा तीनै तहका व्यवस्थापिकाले लोककल्याणकारी राज्यको आदर्शअनुसार नै कार्य गर्नुपर्ने हुन्छ। साथै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक, भौगोलिक, क्षेत्रीय, कानुनी, संवैधानिक आदि क्षेत्रमा सङ्घीयता कार्यान्वयनका क्रममा निसन्देहरूपमा विवाद/द्वन्द्व विकसित हुँदै जानेछन्। केन्द्र र प्रदेश, स्थानीय सरकारबीच अधिकारको विवाद विशेषरूपमै उठ्न सक्छ। यस्ता विवाद समाधान गर्न विभिन्न व्यावहारिक कदम अवलम्बन गर्नु आवश्यक हुनेछ। विवेकपूर्ण तरिकाले यस्ता समस्या समाधान गर्दै नेपालको स्वतन्त्रता, सर्वाभौमिकता, क्षेत्रीय अखण्डता र राष्ट्रियतालाई सम्मान गर्ने पहल आवश्यक छ।

***अपूरा कामको व्यवस्थापन***

सङ्घीय नेपालको केन्द्रीय र प्रदेश व्यवस्थापिकाले व्यवस्थापिका-संसद्ले गर्न नसकेका, नभ्याएका, प्राविधिक कारणले गर्न जटिल भएका सबै कार्य पूरा गर्नुका साथै सङ्घीयता कार्यान्वयन गर्ने दिशामा आवश्यक सबै ऐन/कानुन तत्कालै कुशलपूर्वक तर्जुमा गर्नुपर्ने देखिन्छ। त्यसैगरी *व्यवस्थापिका-संसद्ले गरेका राम्रा कार्यको निरन्तरता र नराम्रा कार्य नदोहोऱ्याउने राजनीतिक प्रतिबद्धता पनि यस सन्दर्भमा उत्तिकै जरुरी देखिन्छ।*

**निष्कर्ष**

संविधान निर्माण कार्य पूरा गरेपश्चात् दोस्रो संविधान सभा व्यवस्थापिका-संसद्मा रूपान्तरित भएयता यसले सन् २०१७ को वर्षमा महत्त्वपूर्ण सकारात्मक कार्यहरू गऱ्यो। दश वर्षको सङ्क्रमणकाल समाप्त भयो। नेपालको संविधान २०७२ र सङ्घीयतालाई क्रमिकरूपमा कार्यान्वयन गर्ने दिशामा पनि यस जननिर्वाचित निकायले उल्लेखनीय भूमिका निर्वाह गऱ्यो। यसका लागि आवश्यक पर्ने ऐन/कानुन तर्जुमा गरिए। संविधान/सङ्घीयता कार्यान्वयन गर्ने पहिलो कदमका रूपमा स्थानीय तहको निर्वाचन सम्पन्न भयो। मुलुक केन्द्रीय व्यवस्थापिका प्रतिनिधि सभा र प्रदेश व्यवस्थापिकाको निर्वाचनको तयारीमा जुटेको छ। यी सबै कार्यले नेपालमा लोकतन्त्रको सुदृढीकरण गर्न र यसको संस्थागत विकास गर्नमा व्यवस्थापिकाको महत्वपूर्ण भूमिका प्रस्टिएको छ। जनप्रतिनिधिमूलक संस्था व्यवस्थापिकाले विभिन्न ऐन/कानुन निर्माण गरिदिएर तीन तहको निर्वाचनका लागि सकारात्मक वातावरण तयार गर्ने कार्यमा ठूलो मद्दत पुऱ्यायो।

व्यवस्थापिका-संसद्ले सन् २०१७ मा माथि उल्लिखित सकारात्मक कार्य सफलतासाथ सम्पन्न गरे तापनि केही कामचाहिँ आलोचनामुक्त भएनन्। संसद् अवरुद्ध र बहिष्कार जस्ता कार्यले धेरै विधेयक पारित हुन सकेनन्। २ सयभन्दा बढी कानुन सङ्घीयता कार्यान्वयनका लागि आवश्यक मानिए तापनि यही कारण थाती रहे। लगभग एक वर्ष संविधान संशोधनको विवादमा फसेपछि संसद् कानुन बनाउने कार्यबाट टाढिन पुग्यो।

भोलिका दिनमा व्यवस्थापिका-संसद्ले बनाउन बाँकी र पारित हुन नसकेका विधेयकमाथि काम गर्नुपर्नेछ। व्यवस्थापिका-संसद्ले गरेका राम्रा कार्यको अनुशरण गर्दै यी निर्वाचित प्रतिनिधिमूलक संस्थाले नराम्रा कार्य भने सुधार्दै लोकतान्त्रिक बनाउनुपर्ने गहन दायित्व पनि बहन गर्नुपर्नेछ। यस्तो गर्न सकिएमात्र भावी दिनमा संसदीय अभ्यासको इतिहासमा व्यवस्थापिका निकायको गरिमा उच्च हुने आशा गर्न सकिन्छ।

**सन्दर्भ सामग्री**


- इन्सेक, नेपाल मानव अधिकार वर्ष पुस्तक २०१७, काठमाडौँ
- व्यवस्थापिका-संसद् सचिवालय, विधेयक शाखा (२०७३), विधेयक सङ्ग्रह, भाग १ (२०७२/७३)
- व्यवस्थापिका-संसद् सचिवालय, विधेयक शाखा (२०७३), विधेयक सङ्ग्रह, भाग २ (२०७२/७३)
- व्यवस्थापिका-संसद् सचिवालय (२०७४), संसद् दर्पण, वर्ष २, अङ्क ८, वैशाख २०७४
- व्यवस्थापिका-संसद् सचिवालय (२०७४), संसद् दर्पण, वर्ष २, अङ्क ९, साउन २०७४
- नेपाल सरकार कानुन, न्याय संविधान सभा तथा संसदीय मामिला मन्त्रालय, कानुन किताब व्यवस्था समिति २०७३, नेपालको संविधान २०७२, काठमाडौँ
- निर्वाचन आयोग २०६५ संविधान सभा सदस्य निर्वाचन २०६४ निर्वाचन परिणाम पुस्तिका, काठमाडौँ
- निर्वाचन आयोग २०७०, संविधान सभा सदस्य निर्वाचन २०७०, काठमाडौँ, निर्वाचन आयोग व्यवस्थापिका-संसद् सचिवालय २०७२
- व्यवस्थापिका-संसद् सेवा स्मारिका : संविधान विशेषाङ्क २०७२, काठमाडौँ
- व्यवस्थापिका-संसद् विधायन समिति (२०७४) समितिको वार्षिक प्रतिवेदन २०७३/७४, काठमाडौँ
- व्यवस्थापिका-संसद् विकास समिति (२०७४) समितिको वार्षिक प्रतिवेदन २०७४, काठमाडौँ
- व्यवस्थापिका-संसद् सुशासन तथा अनुगमन समिति (२०७४) समितिको वार्षिक प्रतिवेदन २०७४, काठमाडौँ
- व्यवस्थापिका-संसद् सामाजिक न्याय तथा मानव अधिकार समिति (२०७४) समितिको वार्षिक प्रतिवेदन २०७४, काठमाडौँ

परिच्छेद ३

# ३.१ अति सीमान्तकृतको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था : पाँचथरका माझी

**पृष्ठभूमि**

नेपाल बहुजाति, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र भौगालिक एवम् वातावरणीय विविधता भएको मुलुक हो। यहाँ विभिन्न जातजाति, भाषाभाषी र धर्मावलम्बी बसोबास गर्छन्। नेपालमा १ सय २५ जातजाति र १ सय २३ भाषाभाषीको बसोबास पाइन्छ।[१] भौगोलिकरूपले यो मुलुक हिमाल, पहाड र तराईमा विभाजित छ। वास्तवमा यहाँको यही विविधता नै हाम्रो पहिचान एवम् सम्पदाको स्रोत पनि हो।

नेपालमा बसोबास गर्ने जातजातिमध्ये आदिवासी जनजाति पनि यहाँका मुख्य बासिन्दा हुन्। आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदाय हुन्।[२] नेपालमा ३५.२ प्रतिशत आदिवासी जनजाति बसोबास गर्छन्।[३] नेपाल सरकारले यहाँका ५९ जातिलाई आदिवासी जनजातिमा सूचीकृत गरेको थियो। ती समुदायलाई पनि लोपोन्मुख, अति सीमान्तकृत, सीमान्तकृत, सुविधा वञ्चित र उन्नत गरी पाँच भागमा विभाजन गरिएको छ। यसमध्ये अति सीमान्तकृत समुदायमा सियार, माझी, ल्होमी, थुदाम, धानुक, चेपाङ, सतार (सन्थाल), झाँगड, थामी, बोटे, दनुवार र बरामलाई समावेश गरिएको छ।[४]

आदिवासी जनजातिमध्ये आफ्नो छुट्टै भाषा, संस्कार, संस्कृति, परम्परा र धर्म भएका माझी जाति पनि यहाँका प्रमुख बासिन्दा हुन्। यो जातिको पुख्यौंली बसोबास सप्तकोशी र यसका सहायक नदी किनार हुन्। सिन्धुपाल्चोकको इन्द्रावती, रामेछाप र दोलखाको तामाकोशी, रामेछाप र ओखलढुङ्गाको लिखु, ओखलढुङ्गा र खोटाङको दूधकोशी, भोजपुर, सङ्खुवासभा र धनकुटाको अरुण, धनकुटा, पाँचथर र तेह्रथुमको तमोर नदी आसपासका क्षेत्रमा माझी जाति बस्छन्। यसैगरी, सिन्धुपाल्चोकको सुनकोशी किनारको कापिङ माझी गाउँदेखि काभ्रे, सिन्धुली, रामेछाप, ओखलढुङ्गा, खोटाङ, भोजपुर, धनकुटा, उदयपुर र सुनसरीको मधुवन, सुनकोशी र सप्तकोशीको वारिपारि, वाग्मतीको आसपास मकवानपुर, काभ्रे, सिन्धुली, सिन्धुलीको मरिनखोला, कमला र उदयपुरको त्रियुगा नदीको वारिपारि यो जातिको बसोबास छ। नेपालमा पुख्यौंली थलो भई विभिन्न स्थानमा फैलिएका माझी यहींको एक स्थानबाट अर्को स्थानमा बसाइँ सरेका पाइन्छ। यसका साथै भारतको विहार राज्यको पूर्णिया जिल्लाको मकनहा र हरिपुर, दार्जिलिङ, आसाम र भुटानका गलेफु, चिराहाडमा समेत यिनै कोशी किनारबाट बढीमा सात-आठ पुस्तापहिले मात्र बसाइँ सरी गएको र आएको माझी बूढापाका बताउँछन्। नेपालको महाभारतदेखि दक्षिण मधेस भाग भारत र भुटानका माझी बूढापाका पुख्यौंली थलो यिनै कोशी किनारको घाट र गाउँको नाम बताउँछन्।[५]

नेपालको पूर्वी पहाडी भेगमा माझी जातिको बसोबास तमोर नदीको आसपास रहेको पाइन्छ। यो नदी पाँचथर जिल्लाका केही भागमा समेत बग्ने हुनाले यहाँ यही भागमा बसोबास गर्ने माझी जातिको आर्थिक, सामाजिक तथा संस्कृतिक अवस्था के/कस्तो भन्नेबारे केलाउने प्रयास गरिएको छ। वर्तमान नेपालको भौगोलिक विभाजनअनुसार प्रदेश नं. १ र साविकको

१. जिल्ला वस्तुगत विवरण पाँचथर-२०७१, तथ्याङ्क कार्यालय पाँचथर
२. आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन २०५८
३. राष्ट्रिय जनगणना २०६८
४. आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन २०५८
५. धनबहादुर माझी, माझी भाषाको वर्तमान अवस्था/नेपाली मातृभाषा भाग-१, सम्पादक कुमार योन्जन तामाङ

संरचनाअनुसार पूर्वाञ्चल विकास क्षेत्र, मेची अञ्चलमा पर्ने पाँचथर समग्र मुलुक जस्तै विविधता बोकेको जिल्ला हो। पछिल्लो पटक राज्य पुन:संरचना गर्दा यस जिल्लालाई प्रतिनिधि सभाका लागि निर्वाचन क्षेत्र एक र प्रदेश सभाका लागि दुई निर्वाचन क्षेत्र तोकिएको छ। यहाँ किरात, हिन्दु, क्रिस्चियन, बौद्ध आदि धर्मावलम्बीको बसोबास छ। यसैगरी, यहाँ आदिवासी जनजति, ब्राह्मण क्षत्री, दलित समुदायको बसोबास छ। यस जिल्लामा छ-सात पुस्ताअगाडि माझी जाति बसाइँ सरी आएको स्थानीय माझी बताउँछन्।[६]

आदिवासी जनजातिमध्ये तमोर खोलाको गढतिर माझी जाति बसोबास गर्ने गरेका छन्। यस जिल्लामा फिदिम नगरपालिका र हिलिहाङ गाउँपालिका-७ स्थित तमोर र हेवा खोलाको दोभान आसपासको माझीटार नै यहाँका माझी जातिको मुख्य बसोबासस्थल हो। निर्माणाधीन मध्यपहाडी लोकमार्गअन्तर्गत पाँचथरको फिदिम र तेह्रथुमको आठराई सडक खण्ड निर्माण भएपछि यस बस्तीका माझीको दैनिकी एवम् जीवनशैलीमा ठूलो परिवर्तन आएको छ। यहाँका माझी जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था अध्ययन गरी अति सीमान्तकृत समुदायभित्र पर्ने यो जातिलाई राज्यको मूल धारमा ल्याउन सरोकारवालाको ध्यानाकर्षण गर्ने प्रयोजनका लागि यो अध्ययन तयार गरिएको छ।

**अध्ययनको उद्देश्य**

- माझी जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थाबारे जानकारी लिने।
- माझी जातिका समस्या र निराकरणका उपाय पहिचान गर्ने।
- आदिवासी जनजाति समुदायका लागि राज्यले बनाएका नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्थाबारे जानकारी लिने।
- सरकारी नीति तथा कार्यक्रम प्रभावकारीरूपमा कार्यान्वयन नहुँदा लक्षित समुदायमा परेको असर थाहा पाउने।
- माझी जातिका समस्या प्रकाशमा ल्याई उनीहरूलाई राज्यको मूल प्रवाहमा ल्याउन सरोकारवाला निकायलाई घच्घच्याउने।

**अध्ययनको महत्व**

जनजातीय अध्ययन समाजको चित्रण हो। कुनै पनि जातिको अध्ययनबाट ऐतिहासिक संयोग, सामाजिक उद्विकास, अज्ञातप्रति जिज्ञासाको भावना, आफू स्वयम्लाई चिन्नका लागि, वस्तुनिष्ठ र रुचिपूर्ण अध्ययन, तीव्ररूपमा परिवर्तित समाज, मानव प्रकृतिको यथार्थ ज्ञान प्राप्त गर्नु र सांस्कृतिक सम्पर्कको परिणाम अध्ययन गर्न यस्ता अध्ययन महत्त्वपूर्ण हुन्छ।[७] यस अध्ययनमा अति सीमान्तकृत माझी जातिको आर्थिक स्थिति, पेशा, भाषा, संस्कार, संस्कृति, स्वास्थ्य र शिक्षाको अवस्थाबारे अध्ययन गरिएको छ। वर्तमान अवस्थामा भूमण्डलीकरणले जीवन र जगतमा पारेका प्रभाव र असरबारे अध्ययन गरी सरोकारवालालाई सचेतीकरण गर्नु उत्तिकै आवश्यक छ। यसले अति सीमान्तकृत समुदायमा पारेको असर प्राथमिकतासाथ बाहिर ल्याउन पनि आवश्यक छ। साथै राज्यले सो समुदायका लागि तयार गरेका नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था अनुगमन तथा मूल्याङ्कन पनि उत्तिकै खड्केको विषय हो। यिनै सन्दर्भमा मुलुकमा भएको राजनीतिक परिवर्तनसँगै आर्थिक, सामाजिक तथा सांस्कृतिक पाटोमा भएका प्रयासबारे अध्ययन आवश्यक ठानिएको हो।

यिनै विषयमा केन्द्रित रही पाँचथर जिल्लामा बसोबास गर्ने अति सीमान्तकृत माझी जातिसँग सम्बन्धित रहेर आलेख तयार गर्ने प्रयास गरिएको छ। यस अध्ययनबाट माझी जातिको अवस्था बुझ्न जिल्लामात्र नभएर समग्र मुलुककै लागि उपयुक्त सन्दर्भ सामग्री एवम् महत्वपूर्ण दस्तावेज तयार हुने देखिएको छ। यसर्थ, यसबाट वर्तमान अवस्थामा माझी जातिको अवस्था त झल्कन्छ नै, साथै भविष्यमा ती जातिबारे कुनै नीति, योजना तथा कार्यक्रम बनाउनुपरेमा समेत यो अध्ययन गतिलो सन्दर्भ सामग्री बन्न सक्ने भएकाले यसको महत्त्व राम्रै मान्न सकिन्छ।

**अध्ययन विधि**

- भ्रमण अवलोकन
- छलफल
- अन्तर्वार्ता
- व्याख्यान
- द्वितीय स्रोत सामग्री अध्ययन

६. नेपाल माझी उत्थान सङ्घ, पाँचथरका अध्यक्ष जसबहादुर माझीसँगको कुराकानीमा आधारित।
७. मधुसुदन पाण्डेय, भारतका जनजातिहरू/पृष्ठ १४

**अध्ययनको सीमा**

- यो अध्ययन पाँचथर जिल्लाको फिदिम नगरपालिका, हिलिहाङ गाउँपालिका र कुम्मायक गाउँपालिकाका विभिन्न वडामा बसोबास गर्ने आदिवासी जनजाति समुदायअन्तर्गत सूचीकृत अति सीमान्तकृत माझी जातिसँग केन्द्रित छ।
- यो अध्ययनमा अति सीमान्तकृत माझी जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्ष चर्चा गरिएको छ।
- अध्ययनमा आदिवासी जनजाति समुदायका लागि राज्यले बनाएका नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था केलाउने प्रयास गरिएको छ।
- अध्ययनमा उल्लिखित सूचना प्रारम्भिक र द्वितीय दुवै स्रोतबाट लिइएको छ।
- माझी जातिको अवस्था थप प्रस्ट पार्न सम्बन्धित समुदाय र अन्य सरोकारवाला निकायको भनाइ पनि समावेश छ।

**माझी जातिको बसोबास र जनसाङ्ख्यिक अवस्था**

नेपालमा माझी जातिको जनसङ्ख्या वि.सं. २०५८ सालमा ७२ हजार ६ सय १४ रहेकामा २०६८ मा वढेर ८३ हजार २ सय ७२ पुगेको तथ्याङ्क पाइन्छ।[८] सिन्धुली, मोरङ, रामेछाप, सिन्धुपाल्चोक र सर्लाही यो जातिको सघन बसोबास जिल्ला हुन् भने हाल ६८ भन्दा बढी जिल्लामा छरिएर बसोबास गर्छन्। यसरी छरिने क्रममा पाँचथरको फिदिम नगरपालिका, हिलिहाङ र कुम्मायक गाउँपालिकामा पनि बसोबास गरेका छन्। यस जिल्लाको फिदिम नगरपालिका-४ र हिलिहाङ गाउँपालिका-७ स्थित तमोर नदीको किनारमा माझीटार नामक बस्ती नै छ।

पाँचथर जिल्लामा माझी जाति कति छन् भन्ने एकीन तथ्याङ्क छैन। वि.सं. २०६८ सालको जनगणनाअनुसार जिल्लामा माझीको जनसङ्ख्या ५ सय १४ छ। जसमा महिला २ सय ७६ छन् भने पुरुष २ सय ३८ जना छन्। उक्त तथ्याङ्कअनुसार फिदिम नगरपालिका ४ मा ४५, हिलिहाङ गाउँपालिका-७ मा १ सय ३५, यही गाउँपालिका-२ मा २ सय २० र कुम्मायक गाउँपालिका-५ मा १ सय १४ जना छन्।[९] यस तथ्याङ्कमा कुम्मायक गाउँपालिका-३ स्थित रानीगाउँमा बसोबास गर्ने माझीको सङ्ख्या भने समावेश छैन। माझी उत्थान सङ्घले प्रकाशन गरेको तथ्याङ्कअनुसार भने एक नगरपालिका र दुई गाउँपालिकामा माझीका १ सय १८ घरमा ६ सय ९३ जना बस्छन्।

**पाँचथरमा माझी जातिको बसोबास र जनसङ्ख्या[१०]**

| क्र.सं. | बसोबास स्थान | घर | जम्मा | महिला | पुरुष |
|---|---|---|---|---|---|
| १. | फिदिम नगरपालिका-४ | ८ | ३२ | १५ | १७ |
| २. | हिलिहाङ गाउँपालिका-२ | ३५ | २०८ | १०० | १०८ |
| ३. | हिलिहाङ गाउँपालिका-७ | २९ | १७६ | ८९ | ८७ |
| ४. | हिलिहाङ गाउँपालिका-४ | ४ | २३ | ११ | १२ |
| ५. | कुम्मायक गाउँपालिका-३ | १० | ६४ | २९ | ३५ |
| ६. | कुम्मायक गाउँपालिका-५ | ३२ | १९० | ९६ | ९४ |
| | जम्मा | ११८ | ६९३ | ३४० | ५३५ |

उल्लिखित तथ्याङ्कमध्ये हिलिहाङ गाउँपालिका-४ मा बसोबास गर्ने ४ घरका २३ जना भने हाल बसाइँ सरी अन्यत्र गएको स्थानीय बताउँछन्।

**माझी जातिको पेशा र आर्थिक अवस्था**

माझीहरू माछा मारेर बिक्री गर्ने र त्यसबाट आएको आम्दानीले जीविकोपार्जन गर्ने गर्थे। यसैगरी उनीहरूको परम्परागत जीविकोपार्जनको आधार हेर्दा डुङ्गा चलाउनु पनि हो। नेपालको ३ लाख ९५ हजार हेक्टर नदीनाला, ५ हजार हेक्टर तालतलैया र १ हजार ५ सय रिजर्भ्वायरमा माझी तथा बोटेले माछा मार्ने गरेको तथ्याङ्क पाउन सकिन्छ।[११] पाँचथर जिल्लामा बसोबास गर्ने माझीले पनि यही माध्यमबाट जीवन यापन गर्ने गरेका थिए। मुलुकले विकासमा फड्को मार्ने क्रममा जब माझी जातिको बसोबास भएका स्थानमा पूर्वाधारका योजना सञ्चालन हुन थाले, उनीहरूको दिनचर्या, पेशा र आम्दानीमा यसले पूरै परिवर्तन ल्याइदियो। अन्तर्राष्ट्रिय श्रम सङ्गठन अभिसन्धि १६९ ले 'सरकारहरूले उपयुक्त भएको

८. राष्ट्रिय जनजणना २०६८, सङ्क्षिप्त नतिजा/तालिका : ४, जनसङ्ख्याको जात/जातिगत विवरण
९. जिल्ला वस्तुगत विवरण पाँचथर-२०७१, तथ्याङ्क कार्यालय, पाँचथर
१०. माझी जातिको चिनारी २०७३, नेपाल माझी उत्थान सङ्घ, पाँचथर
११. नेपाल लघु विश्व कोष, नेपाल प्रज्ञा प्रतिष्ठान/पृष्ठ १०२, सम्पादक वैरागी काइँला

अवस्थामा सम्बन्धित जनताको सहयोगमा योजनाबद्ध विकासका काम/कारवाहीबाट निजमा पर्ने सामाजिक, आध्यात्मिक, सांस्कृतिक र वातावरणीय प्रभाव मूल्याङ्कन गर्न अध्ययनहरू सञ्चालन गर्ने कुरा सुनिश्चित गर्नेछन्। त्यस्ता अध्ययनका निष्कर्षहरूलाई कार्यक्रम कार्यान्वयनका लागि मुख्य आधारका रूपमा लिइनेछ'[१२] भनी गरेको व्यवस्था माझी जातिको बसोबास भएका स्थानमा विकास निर्माण परियोजना सञ्चालन गर्दा पूर्णरूपमा पालना भएको देखिँदैन।

पाँचथर जिल्लामा बसोबास गर्ने माझी जाति पनि यिनै समस्याबाट गुज्रेका छन्। हिलिहाङ गाउँपालिका-२ मा अवस्थित काँचोबारी, पिनासी घाटमा माझीहरू डुङ्गा र नाउ चलाएर दैनिक तीन-चार सय रुपियाँसम्म आम्दानी गर्थे। यी दुवै स्थानमा अहिले पुल बनेको हुनाले ती डुङ्गा र नाउ लोप भएका छन्। यसैगरी माझीटारमा बसोबास गर्ने माझीहरू पनि खोला वारिपारि भारी तार्ने, माछा मार्ने र तेह्रथुम-पाँचथर ओहोर-दोहोर गर्ने बटुवालाई खाना, खाजा वा बासको व्यवस्था मिलाइदिएर आम्दानी गर्थे। पछिल्लो समय सो स्थानमा मध्यपहाडी लोकमार्ग निर्माणका क्रममा पक्की पुल बनेसँगै यातायातका साधन चल्न थालेपछि उनीहरूको आम्दानीको स्रोत सुकेको छ।

यसका साथै तमोर नदीको आसपास बस्ने माझीहरूले माछा मारेर बिक्री गरी आम्दानी लिन्थे। आजकाल करेन्ट लगाएर माछा मार्ने चलन बढेसँगै नदीमा माछाको सङ्ख्या घटेकाले उनीहरूको आम्दानीको स्रोत पनि घटेको छ। यसरी समयकालमा उनीहरूको परम्परागत पेशा केही हदसम्म परिवर्तन भएको देख्न सकिन्छ। उनीहरूले पछिल्लो समयकालमा माछा मार्ने कामका अलावा कृषि र पशुपालन पनि अङ्गाल्न थालेका छन्। साथै सरकारी सेवा र वैदेशिक रोगजारीमा समेत संलग्नता बढ्न थालेको छ।

माझी जातिको आर्थिक अवस्था मजबुत हुन नसक्नुको मुख्य कारण यो जातिको उत्पादनशील आफ्नै जमिन नहुनु पनि हो। अरुको खेतबारीमा अधिया, कुत वा बन्धकी लगाई खेतीपाती गर्नुपर्ने बाध्यताले पनि उनीहरूको आर्थिक अवस्था सुदृढ हुन सकेको छैन। माझी समुदायको बसोबाससमेत अर्काको जग्गा वा ऐलानीमा भएको पाउन सकिन्छ। यसको ज्वलन्त उदाहरणका रूपमा माझीटारमा बसोबास गर्ने माझीहरू धनी पुर्जाबिना घर बनाएर बसेका छन्।[१३]

परम्परागत पेशाले मात्र जीवन यापन गर्ने माझी समुदायका व्यक्ति अहिले पाउन सकिन्न। समयकालसँगै परिवर्तन भएको माझी जातिको आर्थिक अवस्था सुधारोन्मुख भए पनि गुणस्तरीय जीवन यापनका लागि पर्याप्त हुन सकेको छैन। यो जाति जाँड/रक्सी बनाएर बेच्ने, खुद्रा पसल गर्ने, बाखा, सुङ्गुर पालन गर्ने र मजदूरीमा लागेको पाउन सकिन्छ। यसैगरी सरकारी सेवाका साथै अन्य गैरसरकारी क्षेत्रमा समेत माझीहरू काम गर्न थालेका छन्। तर यस्ता क्षेत्रमा काम गर्ने माझीको सङ्ख्या भने अत्यन्तै सानो छ।

**पाँचथरमा बसोबास गर्ने माझीमध्ये कृषि, पशु र परम्परागतबाहेक अन्य पेशामा संलग्नको विवरण**

| क्र. सं. | रोजगारीको विवरण | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | शिक्षण | २ | | २ | १ निजी |
| २. | जल तथा मौसम विज्ञान | | ३ | ३ | |
| ३. | प्रहरी | | २ | २ | |
| ४. | सेना | | १ | १ | |
| ५. | बालविकास | २ | | २ | |
| ६. | स्वास्थ्यकर्मी | | १ | १ | |
| ७. | प्रहरीको भान्से | | १ | १ | |
| ८. | सेवा निवृत | | ३ | ३ | |

**माझीको सामाजिक तथा सांस्कृतिक अवस्था**

माझी जातिभित्र पनि सामाजिक सांस्कृतिक विविधता पाउन सकिन्छ। यो जातिभित्र पनि दनुवार, कुशुवार, कुमाले, बाँतर र थाल्थारू आदि थरका माझी भेटिन्छन्। पछिल्लो समयमा साहानी, गोडी, मलाहा, थारू, दुषाद, हलखोर, डुम, हाडीमाझी, मुसहर, बोटे, पश्चिम नेपालका केही क्षत्री, रायमाझी इत्यादिले पनि माझी लेख्न थालेको हुनाले माझी जातिको अस्तित्व सङ्कटमा परेको छ।[१४] भौगोलिक र थरगतरूपमा

१२. आइएलओ अभिसन्धि नं. १६९/धारा ७ को ३
१३. नेपाल माझी उत्थान सङ्घ, पाँचथरका अध्यक्ष जसबहादुर माझीसँगको कुराकानीमा आधारित
१४. धनबहादुर माझी, माझी जातिको संस्कार/संस्कृति/पृष्ठ १

सामान्य भिन्नता भए पनि मुख्य गरी माझी जातिले मान्ने संस्कार/संस्कृति यहाँ प्रस्तुत छ :

(**क**) **जन्म संस्कार**– माझी जातिका महिलाले बच्चा जन्माउने बेला भएपछि अनुभव भएका महिलाले सुडेनीको भूमिका खेल्छन्। बच्चा जन्मेपछि गर्नुपर्ने विधिविधान सुडेनीले नै गर्ने गरेको पाइन्छ। यसअनुसार छोरीको पाँच दिन र छोराको सात दिनमा न्वारान गरी चोखिने चलन छ। न्वारानको दिन सुतक लाग्ने सबै दाजुभाइले गहुँत खाई चोखिने गर्छन्। यस जातिमा बालबच्चाको नामाकरण पनि सुडेनीले नै गर्ने चलन छ। नाम भने बच्चा जन्मिएको बारअनुसार राख्ने प्रचलन छ। साथै न्वारानको दिन बच्चाबच्चीलाई सुडेनीले हातगोडा र घाँटीमा पहेँलो धागो बाँधिदिने गर्छन्। सुत्केरी भइसकेपछि प्रशस्त दूध आउने विश्वासले अगाडि नै पकाएर राखिएको जाँड खुवाउने गरिन्छ। कमैमात्र गर्भवती माझी महिला स्वास्थ्य परीक्षण गर्न जाने र स्वास्थ्य संस्थाहरूमा सुत्केरी गराउन जाने गरेका छन्। यसले गर्दा उनीहरूको स्वास्थ्य जोखिममा पर्ने गरेको छ। बच्चा जन्मिसकेपछि तीन, पाँच वा सात दिन पारेर न्वारान गर्ने गरिन्छ। यसरी न्वारान गर्दा बिजोर दिन पारेर गर्नु यो जातिको परम्परा हो।

(**ख**) **पास्नी/छेवर**– माझी जातिका बच्चा हुर्कने क्रममा पास्नी र छेवर गरिदिने प्रचनल छ। बच्चा जन्मिएपछि पहिलोपटक खाना खुवाउने अर्थात पास्नी गर्दा छोरो भए छ महिनामा र छोरी भए पाँच महिनामा गरिन्छ। बच्चाको छेवर आफ्नै मामाले कपाल काटी सम्पन्न गर्नुपर्छ। यदि मामा नभएको खण्डमा भने मामा नाता पर्नेले यो कार्य गर्छन्। यी दुवै कार्य गर्दा नातागोतावाट बच्चालाई आशीर्वाद दिने चलन छ।

(**ग**) **विवाह संस्कार**– माझी जातिमा विवाह गर्ने ६ किसिमका प्रचलन छन्- मागी, चोरी, जारी, विधवा, अन्तरजातीय र जबर्जस्ती विवाह। माझी जातिको सबै संस्कार मागी विवाहमा झल्कने गर्छ। यस प्रकारको विवाहमा केटी माग्न जाने, कुरा छिन्ने, ठेकी लगाउने, जन्ती जाने, सगुन खुवाउने, पर्सिने, साइमुन्द्री बुझाउने, बेहुली अन्माउने गरिन्छ। यसै क्रममा, बाटो छेक्ने, लोकन्डे पाहुना बोलाउने, जग्गे बनाउने, बेहुली भित्राउने, फुरौला उछार्ने, सिन्दूर हाल्ने, ठाउँ सार्ने, जुठो खुवाउने, लगन गाँठो पार्ने, माड घुम्ने, सिन्दूर धुने, ढोगभेट गर्ने र दुलान फर्काउने गरिन्छ। यसैगरी, चिनाउने, पाहुना खुवाउने, भान्छे बिदा गर्ने, ढोगभेट फुकाउने वा सम्धिनी जोडाउने, आशीष सेवा गर्ने र धर्मअक्षर वा बागदन्त गर्ने गरिन्छ।

चोरी विवाहमा भने केटीको अभिभावकलाई कुनै जानकारी नै नदिइ फकाइफुल्याइ वा राजीखुसी पारेर भगाउने प्रचलन छ भने जारी विवाहमा अरुसँगै विवाह भइसकेकी महिलालाई पत्नीका रूपमा ग्रहण गर्ने गरिन्छ। माझी जातिमा यदाकदा भाउजू स्वीकार्ने चलन पनि रहेकाले कुनै कारणबाट दाजुको मृत्यु भएमा देवरसँग उमेर र मन मिले विवाह गर्ने प्रचलन छ। यसलाई विधवा विवाह भनिन्छ। माझी जातिकाले अन्य जातिसँग विवाह गर्ने प्रचलनलाई अन्तरजातीय विवाह भनिन्छ भने केटीको मन्जुरीविना अन्य व्यक्तिको सहयोगमा बल प्रयोग गरी घर भित्र्याउने चलनलाई जबर्जस्ती विवाह भन्ने गरिन्छ।[१५]

यसरी हेर्दा माझी जातिको परम्परागत संस्कारअनुसारचाहिँ मागी विवाह हुने गर्छ। विधवा र जबर्जस्ती विवाह अहिले खासै प्रचलनमा छैन। माझी जातिका छोरीलाई पहिले-पहिले सानै उमेरमा बिहे गरिदिने गरे पनि अहिले भने त्यस्तो चलन कम हुँदै जान थालेको छ। अहिले धेरैजसो १६ वर्ष उमेर नाघेपछि मात्र बिहे गरिदिने चलन छ। यो जातिमा सट्टापट्टा बिहे निकै चल्तीमा छ। जुन घरबाट बुहारी ल्याइयो त्यही घरमा आफ्ना दिदीबहिनी पनि दिने चलन बढी छ। केटा र केटीले एकापसमा मन पराएपछि अभिभावकले मागी बिहे गरिदिने गर्छन्।[१६] यसरी माझी जातिको कतिपय विवाह नेपालको कानुनविपरितसमेत रहेको पाइन्छ। माझी जातिमा विवाह गर्ने बहानामा जाँड, रक्सी र मासुमा धेरै खर्च गर्ने चलन छ। जसका कारण उनीहरूको आर्थिक अवस्था कमजोर बन्न पुगेको देखिन्छ।

(**घ**) **मृत्यु संस्कार**– माझी जातिको मृत्यु संस्कार पनि आफ्नै छ। कसैको मृत्यु भएमा घारो बनाइ लास कात्रोले बेरेर चोया र जालले बाँधी घरदेखि पश्चिमपट्टि खोलामा जलाउने गरिन्छ। यसरी दाहसंस्कार गरेपछि धूप दिने, पारो गाउने, दुःख बोकाउने, पूर्णिमा मान्ने, सराद गर्ने, थान्ने दिने, पाल्ने, बाटो खन्ने र छिप्ने गरिन्छ। यसैगरी टाँड बनाउने, बोलाउने, जङ्गल पठाउने, बरनी गर्ने, भाराकी

१५. धनबहादुर माझी, माझी जातिको संस्कार/संस्कृति/पृष्ठ २१
१६. गुरुङ सामप्रकश समथिङ, माझी जातिको परिचय/पृष्ठ २८

ढुकाउने, बत्ती बाल्ने, खउला गाँस्ने, दु:ख झार्ने, बिलेदान बाँड्ने, पितृ बगाउने, भान्से बिदा गर्ने र वायु बकाउने गरिन्छ।[१६]

(ङ) **धर्म–** माझी जाति धर्मप्रति त्यति चासो र महत्त्व दिने गर्दैनन्। उनीहरू तान्त्रिक धर्म मान्ने गर्छन्। सुङ्गुर काटेर कूल पूजा गर्छन्। माझीको भाषामा यसलाई भुइँबाबा भन्ने गरिन्छ। वायु, सूर्य र देउरालीको पूजा गर्ने भएकाले यो जातिलाई प्रकृतिपूजक पनि भन्ने गरिन्छ। पाँचथरका माझी हिन्दु धर्म पनि मान्ने गर्छन्।

(च) **भाषा–** माझी जातिको आफ्नो छुट्टै मातृभाषा छ। यसलाई माझी भाषा वा माझी कुरो भनिन्छ। माझी भाषा भारोपेली भाषा परिवारमा पर्ने भाषाशास्त्रीहरू बताउँछन्। समग्र मुलुकमा मातृभाषाको सङ्ख्या बढे पनि मातृभाषीहरूको सङ्ख्या भने घट्दो क्रममा छ। वि.सं. २०५८ सालमा ९२ वटा मातृभाषा रहेकामा मातृभाषा बोल्नेको सङ्ख्या भने ४८.६ प्रतिशत थियो भने २०६८ सालको जनगणनामा १ सय २३ वटा मातृभाषा पुगे पनि मातृभाषा बोल्नेको जनसङ्ख्या ४४.६ प्रतिशतमात्र छ।[१८]

नेपालमा मातृभाषा बोल्ने माझीको सङ्ख्या २४ हजार ४ सय २२ छ।[१९] विभिन्न क्षेत्रमा छरिएर बसोबास गर्ने माझीको भाषामा समेत एकरूपता पाइँदैन। माझी भाषा लेखनका लागि वर्णसमेत निर्धारण भएको छ। यसअनुसार ११ स्वर वर्ण र २९ व्यञ्जन वर्ण छन्। यो भाषामा लेखन पद्धतिको सुरुवात भएको पाइन्छ भने शब्दकोशसमेत निर्माण भएको छ।[२०]

पाँचथर जिल्लाको हकमा माझी जातिको भाषा लोप हुने अवस्थामा पुगेको छ। एक अध्ययनका अनुसार २०५८ सालमा यो जिल्लामा ४ सय ७० जनसङ्ख्या हुँदा १ सय ४७ ले माझी भाषा बोल्ने गरेका थिए।[२१] वि.सं. २०६८ मा आउँदा माझी जातिको सङ्ख्या ५ सय १४ भए पनि ३३ जनाले मात्र आफ्नो मातृभाषा बोल्ने गरेको देखिन्छ। यो सङ्ख्या हेर्दा ०.०२ प्रतिशतले मात्र आफ्नो मातृभाषा बोल्ने गरेको तथ्याङ्क पाउन सकिन्छ।[२२] जुन तथ्यबाट पनि पाँचथरमा बसोबास गर्ने माझी जातिको मातृभाषाप्रतिको मोह क्रमश: घट्दो क्रममा देखिन्छ। पछिल्लो पुस्ताका माझीले आफ्नो मातृभाषा बोल्न छाडिसकेका छन्। माझी भाषामा गोरखापत्रमा लेख प्रकाशन भए पनि त्यसको अध्ययन गर्ने अवसरवाट यो जिल्लामा बसोबास गर्ने माझी पहुँचबाहिर छन्। केही स्थानीय एफएममा भाषिक कार्यक्रम वा समाचार प्रचारप्रसार भए पनि त्यसलाई यहाँका माझीले सुन्ने गरेका छैनन्।

(छ) **पोशाक–** यो जातिका महिलाले परम्परागतरूपमा फरिया, पटुका, चोली साथै गहनामा फुली, बुलाकी, कानमा मुन्द्रा, ढुङ्ग्री, तिलहरी, हातमा चुरा, गलामा पोते, खुट्टामा चाँदीको काँडे कल्ली, पाउजु, चाँदीको पैसाको अठनी र डब्बलीको हारी बनाइ लगाउने गर्छन्। यसैगरी पुरुषले लँगौटी, कछाड, भोटो र टोपी लगाउने गर्छन्। तर वर्तमान अवस्थामा भने यो जातिका कमैले मात्र आफ्नो परम्परागत पोशाक, गरगहना प्रयोग गरेको पाउन सकिन्छ।

(ज) **चार्डपर्व–** माझी जाति वैशाख पूर्णे, मङ्सिरे पूर्णे, संसारी, आइतबारे, साउने सङ्क्रान्ति, माघे सङ्क्रान्ति, गोठधूप पूजा मनाउँछन्। यसैगरी, दसैँ, तिहार र चैते दसैँलाई पनि चाडकै रूपमा विधिपूर्वक मान्ने गर्छन्। माझीले पूजापाठ पनि गर्ने गरेको पाइन्छ। यसअनुसार कुल पूजा घर्नी, कुल पूजा भीमसेन पूजा र कोशी पूजा गर्ने गरेको पाइन्छ। पाँचथरमा बसोबास गर्ने माझीले यी सबै चाडपर्व मनाउने तथा पूजा गर्ने गर्छन्। यी चाडपर्व र पूजामा हुने अधिक खर्च घटाइ सुधार गर्नुपर्ने देखिन्छ।

(झ) **स्वास्थ्य–** माझीको जीवनशैली, खानपान, उपचार विधि आदिले गर्दा स्वास्थ्य अवस्था नाजुक पाइएको छ। यहाँका माझीमा स्वच्छ पिउने पानीको अभावले विभिन्न रोग लागेको देखिन्छ। साथै सबै घरमा छुट्टै भान्सा नहुँदा धुँवा धुलोबाट खासगरी महिलाको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको देखिन्छ। तर पनि यो जातिमा बिरामी भइहालेमा आधुनिक औषधोपचार गर्नेभन्दा पनि धामी/झाँक्रीबाट झारफुक गराउने प्रचलन छ। यसैगरी यो समुदायका विवाहित महिला तथा पुरुषमा गर्भनिरोधक साधन प्रयोग गर्ने चलन

१६. धनबहादुर माझी, माझी जातिको संस्कार र संस्कृति/पृष्ठ ३८
१८. राष्ट्रिय जनजणना २०६८, सङ्क्षिप्त नतिजा/पृष्ठ ११, १२
१९. राष्ट्रिय जनजणना २०६८, सङ्क्षिप्त नतिजा/तालिका : ४ मातृभाषा अनुसार जनसङ्ख्या
२०. नेपाली मातृभाषा भाग-१, नेपाल प्रज्ञा प्रतिष्ठान/पृष्ठ १८३
२१. धनबहादुर माझी, माझी जातिको संस्कार र संस्कृति/पृष्ठ १३१
२२. जिल्ला वस्तुगत विवरण पाँचथर-२०७१, तथ्याङ्क कार्यालय पाँचथर

कमैमात्र पाउन सकिन्छ। यसले गर्दा पनि माझी महिलाको स्वास्थ्य अवस्था कमजोर देखिन्छ। अनि प्राय:जसो संयुक्त परिवारमा बसोबास गर्ने गरेको पाइन्छ।

(ञ) **शिक्षा–** प्रत्येक नेपालीले शिक्षा हासिल गर्न पाउने अधिकार राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय कानुनले व्यवस्था गरेको छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले पनि सबैका लागि समानताका आधारमा प्रत्येक उचित उपायद्वारा खासगरी नि:शुल्क शिक्षाको प्रगतिशील अवलम्बनबाट उच्च शिक्षा समानरूपमा पहुँचयुक्त बनाइनेछ[३३] भनी व्यवस्था गरेको छ। यसैगरी नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा अङ्गीकार गर्दै प्रत्येक नेपालीले मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ[३४] भनी उल्लेख गरेको छ।

यी कानुनी आधार हुँदाहुँदै पनि माझीहरू शैक्षिकरूपमा पछाडि परेका, पारिएका छन्। माझी जातिको मातृभाषामा पाठ्यक्रम र पाठ्पुस्तक निर्माण नभएकाले यी जातिले आफ्नो मातृभाषामा पठनपाठन गर्न पाएका छैनन्। बालबालिकालाई विद्यालय भर्ना नै नगर्ने र गरे पनि बीचैमा कक्षा छाड्ने चलनले गर्दा यी समुदायको शैक्षिक स्तर उठ्न नसकेको हो। कमजोर आर्थिक अवस्थाले गर्दा पनि यी समुदायका विद्यार्थीले पठनपाठनमा ध्यान दिन सकेको पाईदैन। 'अब बढी होस नगरेमा र समयअनुसार पढाइ, सिकाइ गरी सबैको बराबरीमा आउन सक्ने नतुल्याएमा यिनीहरूलाई बाँच्न धेरै गाह्रो पर्न सक्छ'[३५] भनी मानवशास्त्री डोरबहादुर बिष्टले औंल्याएका छन्।

**पाँचथरमा बसोबास गर्ने माझीको शैक्षिक अवस्था**

| क्र.सं. | तह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १. | एएली/एइइ | १ | ४ | ५ |
| २. | प्रमाणपत्र तह/+२ | २ | २ | ४ |

(ट) **सामाजिक सङ्घ/संस्थामा आबद्धता–** माझी जातिको संरक्षण संवर्द्धनका लागि भनेरै विभिन्न सङ्घ/संस्था स्थापित छन्। नेपाल माझी उत्थान सङ्घ, नेपाल माझी महिला उत्थान सङ्घ, नेपाल माझी विद्यार्थी सङ्घ, नेपाल माझी सांस्कृतिक मञ्च र माझी विकास तथा अनुसन्धान परिषद् नेपाल माझी जातिका समाजिक सङ्घ/संस्था हुन्। पाँचथरका माझी नेपाल माझी उत्थान सङ्घको जिल्ला शाखामा समेटिएका छन्। राजनीतिकरूपमा विभक्त भए पनि यो उनीहरूको सामाजिक संस्था भएकाले यसमा सबै आबद्ध छन्। नेपाल आदिवासी जनजाति महासङ्घमा पनि यसै संस्थामार्फत आबद्ध भएका छन् उनीहरू। राज्यले आदिवासी जनजातिका लागि विनियोजन गरेको बजेट पनि उनीहरूले यसै संस्थामार्फत उपभोग गर्ने गरेका छन्।

**मुख्य समस्या**

पाँचथरमा बसोबास गर्ने अति सीमान्तकृत माझी जाति आर्थिक, सामाजिक तथा सांस्कृतिकरूपमा पछाडि परेका वा पारिएका छन्। यो जातिमा देखिएका मुख्य समस्या निम्नबमोजिम छ :

(क) **कमजोर आर्थिक अवस्था–** गरिबी समग्र मुलुकको समस्या भए पनि अधिकांश माझी गरिब हुनु यो जातिको मुख्य समस्या हो। उनीहरूको परम्परागत सिप तथा पेशा राम्रो आम्दानी हुनेखालको नभएकाले यो समस्या सिर्जना भएको हो। त्यही निर्वाहमुखी पेशा पनि यतिबेला सङ्कटमा परेको छ। यसका साथै परिवर्तित समय एवम् परिस्थितिसँग यो जाति समायोजन हुन सकिरहेको छैन। तुरुन्त आम्दानी दिने, दिगो र ठूलो आकारमा व्यवसाय सञ्चालन गर्न नसक्दा पनि यो जातिको आर्थिक अवस्था कमजोर देखिएको छ। त्यसमाथि माझी जातिको संस्कार/संस्कृति नै खर्चालुखालको भएकाले पनि उनीहरूलाई गरिब हुन सघाइरहेको छ।

(ख) **शैक्षिकरूपमा पछाडि हुनु-** पाँचथरमा बसोबास गर्ने माझी जाति शैक्षिकरूपमा माथि उठ्न सकेका छैनन्। उच्च तहसम्म अध्ययन गर्ने माझी सीमित मात्रामा मात्र देखिएका छन्। यो जातिका बालबालिकालाई विद्यालय भर्ना नगर्ने र गरेकाले पनि बीचैमा कक्षा छाड्ने गरेकाले शैक्षिक स्तर उठ्न नसकेको हो। यसका साथै आफ्नै मातृभाषामा पठनपाठन गर्न नपाएकाले पनि माझी बालबालिका

३३. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६, धारा १३/२/ ग
३४. नेपालको संविधान २०७२ धारा ३१/५
३५. डोरबहादुर बिष्ट, सबै जातको फूलबारी/पृष्ठ ४८

पढाइप्रति आकर्षित हुन सकेका छैनन्। विद्यालय स्तरमा माझी भाषा पठनपाठनका लागि पाठ्यक्रम/पाठ्यपुस्तक तथा साहित्यिक पुस्तक र सन्दर्भ सामग्रीसमेत नगण्य भेटिनुले पनि यो समस्यालाई बढावा दिएको छ।

(ग) **सङ्कटमा परम्परागत सिप तथा पेशा**- यहाँका माझीको परम्परागत सिप तथा पेशा लोप हुने अवस्थामा पुगेको छ। उनीहरू डुङ्गा तथा नाउ सञ्चालन गर्थे। तर स्थानीय स्तरमा पूर्वाधार विकासका योजना सञ्चालन भएपछि यो पेशा सङ्कटमा परेको हो। उनीहरू बसोबास गर्ने तमोर नदी क्षेत्रमा सडक, पक्की पुल र झोलुङ्गे पुल निर्माण भएपछि डुङ्गा तथा नाउ स्वत: विस्थापित भए। आइएलओ अभिसन्धि नं. १६९ को मर्मअनुरूप पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गर्दा सीमान्तकृतको परम्परागत सिप तथा पेशालाई असर पर्नेगरी गर्न पाइन्न। त्यसैगरी उनीहरूको दिगो जीविकोपार्जनका लागि कार्यक्रम सञ्चालन गरिनुपर्छ। तर पाँचथरमा विकास/निर्माणका काम गर्दा यस पक्षमा ध्यान दिइएको पाइन्न। यसैगरी, विद्युतीय उपकरण प्रयोग गरी माछा मार्ने गरिँदा खोलामा माछा कम हुन गई यसको सोझो असर पनि उनीहरू खेप्न बाध्य भएका छन्।

(घ) **लोप हुने अवस्थामा मातृभाषा**- माझी जातिको मौलिक भाषा भए पनि अहिले बोलचालमा कमी आएको हुनाले यो लोप हुने अवस्थामा पुगेको छ। मातृभाषा लोप हुनुका पछाडि उनीहरूले गाउँघरमा बालबालिकालाई आफ्नै भाषामा सम्बोधन नगर्ने र विद्यालयमा पनि यो भाषा पठनपाठन नहुनु मुख्य कारण छन्। साथै माझी भाषाको छुट्टै लिपि नहुनु, भाषाका पाठ्य सामग्री कममात्र प्रकाशन हुनु, सञ्चार माध्यमहरूबाट पनि माझी भाषाका सामग्री प्रचारप्रसार नहुनुले यो भाषा लोप हुनेतर्फ अग्रसर भएको हो।

(ङ) **आफ्नै जमिन नहुनु**- माझी जातिको मुख्य समस्यामध्ये आफ्नो स्वामित्वमा खेतीयोग्य जमिन नहुनु पनि हो। यही कारण उनीहरू जीविकोपार्जनका लागि अर्काको जग्गा कमाउन बाध्य छन्। यसरी खेती गर्दा त्यसबाट आउने उत्पादनको आधा जग्गावाला लालाई बुझाउनुपर्ने भएकाले मेहनतअनुसारको आयस्ता हात पर्दैन। वर्षभर खेतीमा काम गरे पनि अपुग भएकाले खाद्यान्न बेसाउनुपर्ने अवस्था उनीहरूमाझ देखिन्छ। जग्गा नभएकै कारण बसोबासका लागि अत्यावश्यक घर बनाउनसमेत कठिनाइ हुने गरेको छ। धेरैजसो माझी ऐलानी वा अर्काको जग्गामा घर बनाएर बसेका छन्। जुन कुनै पनि बेला उठाइन सक्ने भएकाले माझीहरू चिन्तित देखिन्छन्।

(च) **चेतनाको कमी**- माझी जाति आर्थिक, सामाजिक तथा सांस्कृतिकरूपमा पछाडि पर्नुको प्रमुख कारणमध्ये चेतनाको कमी पनि हो। यही कारण बदलिँदो परिस्थितिसँग समायोजन हुन नसक्दा पनि उनीहरू पछि परेका/पारिएका हुन्। आफ्ना लागि राज्यले तय गरेको नीति तथा कार्यक्रमबारेसमेत जानकार नहुनु, त्यसैले यी कार्यक्रम उपभोग गर्न नसक्नु जस्ता कारण पनि उनीहरू पछि परेका हुन्। यसैगरी संस्कार/संस्कृतिसहित दैनिक खानपान बढी खर्चालु हुने गरेकाले पनि चेतना स्तर उठ्न नसकेको स्वयम् माझी नै बताउँछन्।[३६]

(छ) **प्रकोप**- माझीको बसोबास नदीको गढतिर हुने हुनाले खासगरी वर्षातको समयमा आउने बाढी/पहिरोबाट उनीहरू एकदमै सताइने गरेका छन्। त्यसबाहेक नदीकै छेउछाउ गरिने खेतीपाती पनि बाढीले बगाउने गरेको छ भने सिँचाइका लागि बनाइएका कुलोसमेत बगाएर हैरानी बेहोर्न बाध्य देखिन्छन्।

(ज) **नीतिगत समस्या**- नेपाल सरकारले तय गरेको नीति तथा कार्यक्रमले पनि माझी जातिको समस्या सम्बोधन हुन सकेको छैन। स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ ले आदिवासी जनजातिका लागि बजेट तथा कार्यक्रम समावेश गरेको थियो। पछिल्लो पटक आएको बजेट तर्जुमा निर्देशिका २०७४ ले लक्षित वर्ग तथा समुदायका लागि अनिवार्यरूपमा समावेश गर्नैपर्ने गरी कुनै नीति तथा कार्यक्रम समावेश गरेको पाइँदैन। यसले गर्दा पछाडि पारिएका माझी जाति राज्यको मूल प्रवाहबाट अझै टाढा पुग्ने सम्भावना देखिन्छ।

**माझीको उत्थानका लागि भएका नीति तथा कार्यक्रम**

**(क) गैरसरकारी संस्थाले गरेका कार्यक्रम**

माझीटारमा बसोबास गर्ने यो जातिका सामाजिक आर्थिक विकासका लागि मानव अधिकार चेतना र विकास केन्द्र (हुकोडेक) नेपालको सहजीकरणमा काम भइरहेको छ। जसअन्तर्गत स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमअन्तर्गत वि.सं. २०६६ माघदेखि नागरिक सचेतना केन्द्र स्थापना

३६. हिलिहाङ गाउँपालिका वडा नं. २ का निर्वाचित सदस्य मुक्तबहादुर माझीसँको कुराकानीमा आधारित

गरी सचेतीकरण तथा सशक्तीकरण गरिएको छ। सोही कार्यक्रमअन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रम शीर्षकमा सिँचाइका लागि कुलो निर्माण गर्नुका साथै आयआर्जनका लागि बीउ पुँजी निर्माण गरिएको छ।

यसैगरी सोही संस्थाले गरिबी निवारण कोष नेपालको सहयोगमा गरिबी निवारण कार्यक्रमअन्तर्गत सामाजिक परिचालन, क्षमता विकास, आयआर्जन र साना पूर्वाधार विकास कार्यक्रमहरू सञ्चालन गरेको छ। मिलन केन्द्र नेपालले स्थानीय युवा साझेदारी कार्यक्रमअन्तर्गत नेतृत्व विकास तालिम सञ्चालन गरेको थियो। माझीटारमा नेपाल जनउद्धार सङ्घले समेत संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को सहयोगमा सामाजिक सद्भाव तथा लोकतान्त्रिक सहभागिता कार्यक्रमअन्तर्गत आयआर्जनका क्रियाकलाप सञ्चालन गर्न सहयोग गरेको छ।

**(ख) माझी जातिका लागि स्थानीय सरकारको बजेट, नीति तथा कार्यक्रम**

नेपाल सरकारले तय गरेको नीति तथा कार्यक्रमअनुसार लक्षित समूह विकास कार्यक्रमअन्तर्गत अघिल्लो आर्थिक वर्षसम्म महिला र बालबालिकाका लागि न्यूनतम १०-१० प्रतिशत र आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, पिछडा वर्ग, दलित, ज्येष्ठ नागरिक, मधेसी मुस्लिम आदिका लागि १५ प्रतिशत बजेट विनियोजन गर्नुपर्ने व्यवस्था गरेको थियो।[२७] सोही व्यवस्थाअनुसार आदिवासी जनजाति समुदायमा पर्ने माझी जातिले फिदिम नगरपालिकावाट गत आवसम्म वार्षिकरूपमा बजेट सञ्चालन गर्ने गरेको सो कार्यालयले जनाएको छ।

जिल्ला विकास समितिको कार्यालय पाँचथरले पनि माझी जातिको स्वास्थ्य अवस्था सुधार गर्न पक्की चर्पी र सुधारिएको चुलो निर्माण गर्न सहयोग गरेको जनाएको छ। राज्यको पुन:संरचना भएसँगै लागु भएको बजेट तर्जुमा निर्देशिका २०७४ ले लक्षित समुदायका लागि लगानी गर्नुपर्ने नीतिगत व्यवस्था हटाएको छ। फिदिम नगरपालिकाको आव २०७४/७५ को वार्षिक बजेट, नीति तथा कार्यक्रमअन्तर्गत नीतिमा लोपोन्मुख अवस्थामा पुगेको माझी भाषाको संरक्षण संवर्द्धनमा विशेष जोड दिने[२८] उल्लेख छ।

हिलिहाङ गाउँपालिकाको आव २०७४/७५ को वार्षिक बजेट, नीति तथा कार्यक्रममा लोपोन्मुख आवस्थामा पुगेका लिम्बु, माझी, सुनुवारलगायत भाषाको संरक्षण र संवर्द्धनमा विशेष जोड दिने नीति अवलम्बन गरिने उल्लेख छ। माझी जातिको सांस्कृतिक तथा रहनसहनका विषयमा डकुमेन्ट्री तयार गरी युट्युबमा अपलोड गरिने जनाउँदै अन्य जनजातिका सांस्कृतिक महत्वबारे प्रचारप्रसार गरिँदै लगिने नीति लिइएको[२९] पनि उल्लेख छ।

कुम्मायक गाउँपालिकाको वार्षिक बजेट, नीति तथा कार्यक्रममा लोपोन्मुख अवस्थामा पुगेका लिम्बू, माझीलगायत भाषाको संरक्षण र संवर्द्धनमा विषेश जोड दिने नीति अवलम्बन गरिनेछ[३०] भन्ने उल्लेख छ। यी स्थानीय तहको नीतिमा माझी जातिका समस्या स्वीकार गरिए पनि छुट्टै कार्यक्रम भने समावेश गरिएका देखिन्न।

**निष्कर्ष**

नेपालमा बसोबास गर्ने अति सीमान्तकृत माझी जाति आर्थिक, सामाजिक तथा सांस्कृतिकरूपमा सवल हुन नसकेको देखिन्छ। पाँचथरको फिदिम नगरपालिका, हिलिहाङ र कुम्मायक गाउँपालिकामा बसोबास गर्ने माझी जाति पनि यसबाट अपवाद छैनन्। समाजका हरेक क्षेत्रमा आएको परिवर्तनसँगै उनीहरूको भाषा, संस्कार, संस्कृति, परम्परागत सिप तथा पेशा लोप हुने अवस्थामा पुगेको पाउन सकिन्छ भने जीवन यापन गर्ने क्रममा बदलिँदो परिस्थितिअनुसार यो जाति समायोजन हुन नसकेको देखिन्छ। यसले गर्दा माझी राज्यको मूल प्रवाहमा समाहित हुन नसकेको प्रस्टिन्छ। राज्यले यी समुदायका लागि बनाएका नीति तथा कार्यक्रमलाई कागजमा मात्र सीमित नराखी

२७. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९/पृष्ठ १३ र १४
२८. फिदिम नगरपालिकाको प्रथम नगर सभाबाट पारित आ.व. २०७४/७५ को वार्षिक बजेट, नीति तथा कार्यक्रम/पृष्ठ १३
२९. हिलिहाङ गाउँपालिकाको प्रथम गाउँ सभाबाट पारित आ.व. २०७४/७५ को वार्षिक बजेट, नीति तथा कार्यक्रम/संस्कृति, धार्मिक स्थलसम्बन्धी नीति
३०. कुम्मायक गाउँपालिकाको प्रथम गाउँ सभाबाट पारित आ.व. २०७४/७५ को वार्षिक बजेट, नीति तथा कार्यक्रम/संस्कृति, धार्मिक स्थलसम्बन्धी नीति

व्यावहारिकरूपमै प्रभावकारी कार्यान्वयन गर्नुपर्ने खाँचो यही कारण टड्कारो बनेको छ।

**सुझाव**

माझी जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था मजबुत बनाउन गर्नुपर्ने क्रियाकलाप निम्नानुसार सुझावका रूपमा प्रस्तुत छ :

- निर्वाहमुखी पेशालाई आयआर्जनमुखी बनाइ उनीहरूलाई आर्थिकरूपमा सवल तुल्याउन पहल गर्नुपर्ने।
- माझीको मातृभाषालाई संरक्षण/संवर्द्धन गर्न स्वयम् माझी र राज्यले पहल गर्नुपर्ने।
- माझीको शैक्षिक स्तर उठाउन मातृभाषामा पठनपाठनको व्यवस्था गर्नुपर्ने। साथै उनीहरूलाई छात्रवृत्तिको व्यवस्था गरी अध्ययनतर्फ आकर्षित तुल्याउने वातावरण सिर्जना गर्नुपर्ने।
- माझीको रहनसहन, संस्कार र संस्कृति मान्ने क्रममा हुने अधिक खर्चलाई न्यूनिकरण गर्न स्वयम् माझी सचेत हुनुपर्ने।
- माझीको स्वास्थ्य अवस्था मजबुत बनाउन सरसफाइ एवम् सचेतनाका कार्यक्रम सञ्चालन गर्नुपर्ने। साथै महिलालाई प्रजनन् स्वास्थ्यबारे जानकारी गराउनुपर्ने।
- माझीको बसोबास भएका स्थानमा पूर्वाधारका परियोजना सञ्चालन गर्दा उनीहरूलाई सुसूचित गराउने र सहभागी हुने अवसर प्रदान गर्नुपर्ने।
- कृतिम ताल बनाइ डुङ्गा चलाउने र माछा मार्ने माझी जातिको परम्परागत सिपको जगेर्ना गर्दै आयआर्जनको माध्यम बनाइनुपर्ने।

**सन्दर्भ सामग्री**


१. अन्तर्राष्ट्रिय श्रम सङ्गठन अभिसन्धि नं. १६९
२. आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन २०५८
३. उप्रेती, निर्मलकुमार, मानव अधिकार : ठूला नौ महासन्धि
४. कुम्मायक गाउँपालिकाको प्रथम गाउँ सभाबाट आ.व. २०७४/७५ का लागि पारित वार्षिक बजेट, नीति तथा कार्यक्रम
५. गुरुङ, रामप्रकाश समथिङ, पाँचथरका माझी जाति
६. गुरुङ, रामप्रकाश समथिङ, पाँचथरका आदिवासी जनजाति
७. तथ्याङ्क कार्यालय पाँचथरद्वारा प्रकाशित जिल्ला वस्तुगत विवरण- २०८१
८. नेम्वाङ तिलविक्रम (बैरागी काइँला) नेपाल लघु विश्वकोष
९. नेपालको संविधान २०७२
१०. पाण्डेय मधुसुदन, भारतका जनजातिहरू
११. पाण्डेय मधुसुदन, नेपालका जनजातिहरू
१२. फिदिम नगरपालिकाको प्रथम नगर सभाबाट पारित आ.व. २०७४/७५ को वार्षिक बजेट, नीति तथा कार्यक्रम
१३. माझी जातिको चिनारी २०७३, नेपाल माझी उत्थान सङ्घ पाँचथर
१४. माझी धनबहादुर, माझी भाषाको वर्तमान अवस्था/सम्पादक- योञ्जन अमृत, नेपालका मातृभाषा भाग- १
१५. माझी धनबहादुर, माझी जातिको संस्कार र संस्कृति
१६. राष्ट्रिय जनजणना २०६८, सङ्क्षिप्त नतिजा
१७. बिष्ट, डोरबहादुर, सबै जातको फूलबारी
१८. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९
१९. श्रेष्ठ दिनेश, माझी विद्रोह म्यागेजिन
२०. हिलिहाङ गाउँपालिकाको प्रथम गाउँ सभाबाट आ.व. २०७४/७५ का लागि पारित वार्षिक बजेट, नीति तथा कार्यक्रम

परिच्छेद ३

# ३.२ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कसीमा महोत्तरीका मुसहर

**दृश्य १**

बीचमा नेपाल-भारत छुटयाउने बाटोजस्तो लाग्ने दशगजा छ। नेपालतर्फको दशगजासँगै दुवैतर्फ लहरै फुसका झुपडी र टहरा ठडिएका छन्। यही बस्तीमा बस्छन् ७० परिवार मुसहर समुदाय। भारततर्फ पनि उतैका नागरिक यसैगरी बसेका छन्। त्यसैले को नेपाली को भारतीय ठम्याउन सकिन्न। नेपालतर्फ बसोबास गर्ने यी मुसहरसँग नागरिकतासमेत छैन। राज्यले उपलब्ध गराउने अरु सुविधा त निकै परको कुरा।

**दृश्य २**

पिलर नं. ३०५/१६ आधा भत्किसकेको छ। त्यही पिलरको छेउमै जग्गा अभावमा मुसहर समुदायले पालेका भैसी बाँधिएको छ। झट्ट हेर्दा ती भैंसीले पिलरको सुरक्षा गरिरहेको भान हुन्छ तर अवस्था फरक छ। झुपडीबाहेक भैंसी बाँध्ने ठाउँसमेत नभएकाले दशगजामै बाध्नुपर्ने बाध्यता छ।

**दृश्य ३**

वृद्धवृद्धादेखि काखे बालकसमेत पराल ओछ्याएर सुतेका देख्न सकिन्छ यिनै झुपडीमा। खर र पराले छानाले शीतलहर रोक्ने हैसियत राख्दैनन्। त्यसैले तप्तप् शीत चुहिरहेको 'ओछ्यान' मै गुट्मुटिनुको विकल्प छैन उनीहरूसँग। त्यतिमात्र भए त हुन्थ्यो नि, बेलावखत भारतीय एसएसबीले तिनै झुपडी पनि भत्काउने उर्दी जारी गर्दा उनीहरूको होसहवासै उड्ने गर्छ।

माथि उल्लिखित दृश्य हो- मनरा सिस्वा नगरपालिका-९ बथनाहास्थित मुसहर बस्तीको। हो, उनीहरू पुस्तौंदेखि यसरी नै नेपाली नागरिक भएर पनि अनागरिकका रूपमा बाँच्न विवश छन्। 'न राम्रो बस्ने बास छ, न त गरिखाने बाटो नै, हाम्रो जीवन भरोसामै कट्दैछ'- बस्तीकी रतियादेवी सदाको दुखेसो छ। बस्तीमा पुग्ने जोकोहीले पनि आफ्नो कष्टकर जीवन देखेर सहानभूति दर्शाउने गरे पनि सहयोगचाहिँ कतैबाट नपाइएको उनको भनाइ छ।

अरुको खेतबारीमा काम गर्ने र बनिबुतो गरेर जेनतेन पेट पाल्न पुगे पनि अरु प्रगतिचाहिँ यिनीहरूको जीवनमा कहिल्यै भित्रेन। त्यसैले रोगव्याधि आइलाग्दा र विवाह जस्ता कार्यका बेला महाजनसँग कर्जा लिनु अनि त्यही कर्जा तिर्न जिन्दगीभर भारतको पञ्जाब गएर काम गर्नु उनीहरूको दिनचर्या हुँदै आएको छ। यो बस्तीका अधिकांश पुरुष ६ महिना पञ्जाबमै बिताउँछन्, कमाउन हैन, ऋण तिर्न।

चिसो मौसममा शीतलहर र गर्मीमा रोगव्याधीले सताउनु सामान्य हुन्छ। अझ वर्षाको बेला न कुबेला आउने बाढीले समेत यिनै दु:खीलाई पछ्याउने गरेको छ। भारतीय सुरक्षाकर्मीले सताउने त छँदैछ। 'दु:खको बयान गरिसाध्य नै छैन'- फेकन सदा मुसहरले सुनाए। फेकनको भनाइअनुसार यो बस्तीको इतिहास बथनाहा गाउँको जत्तिकै पुरानो छ तर राज्यले यो वास्तविकता कहिल्यै बुझेन।

राजतन्त्र, प्रजातन्त्र, लोकतन्त्र हुँदै देशमा गणतन्त्र आएको फेकनहरूलाई राम्रैसँग थाहा छ तर आफ्नालागि किन कुनै तन्त्र आएन भन्नेचाहिँ थाहा छैन। जिल्ला समन्वय समितिका सदस्य तथा बथनाहाबासी सुदीप झा पनि फेकनको भनाइमा सहमति जनाउँछन् र भन्छन्- यो समुदायको पीडा अत्यन्तै दु:खदायी छ।

दशगजामा भौतिक संरचना निर्माण गर्न पाइन्न। तर यहाँका मुसहर भने लामो समयदेखि बस्दै आएका छन्। यस्तो बस्ती व्यवस्थापन/स्थानान्तरण गरिनुपर्थ्यो तर कसैले चासो देखाएन। उनीहरूको जग्गा समस्या समाधानका लागि पटकपटक प्रयास भएका पनि हुन तर निष्कर्षमा पुग्न भने कहिले पनि सकेन। पटक पटकका सुकुमवासी आयोग पनि यसमा सफल भएनन्।

मुसहर बस्तीको अवस्थाले आफूलाई पनि सोच्न बाध्य बनाएको महोत्तरीका प्रमुख जिल्ला

अधिकारी बाबुराम श्रेष्ठ बताउँछन्। तर थाहा छैन, उनले कहिले सोच्न सुरु गर्ने हो र मुसहरले कष्टकर जीवन यापनबाट मुक्ति पाउने हुन्।

**पृष्ठभूमि**

महोत्तरी सदरमुकाम जलेश्वरदेखि ६ किलोमिटर पश्चिमतर्फ बथनाहा मधवा नामक एउटा गाउँ छ। मनरा सिस्वा नगरपालिका-१० मा पर्ने यो गाउँ भारत सीमा क्षेत्रको किनारमा पर्छ। यहाँ अहिलेसम्म विकासको कुनै पहुँच छैन। करिब तीन सय घर रहेका यस गाउँमा पुग्न नेपाल-भारत दुवैतर्फको बाटो प्रयोग गर्न सकिन्छ। तर यातायातको पहुँच भने दुवैतर्फबाट छैन। नेपाल महोत्तरीको जलेश्वर न त भारतको बराही (बेला परिहार), दुवैतर्फको बाटो दुई पाङ्ग्रेमैत्री मात्र छ।

यो गाउँमा बस्ने मुसहर समुदाय अति सीमान्तकृतमा पर्छन्। उनीहरूको आफ्नै पहिचान र संस्कृति छ। विक्रम संवत् २०६८ सालको जनगणनाअनुसार मुसहरको जनसङ्ख्या मुलुकभर १ लाख ७२ हजार ४ सय ३४ छ। महोत्तरीमा चाहिँ ३ हजार २ सय ६२ परिवारका २३ हजार ३ सय ६४ जना बसोबास गर्छन्। त्यसमध्ये महिलाको सङ्ख्या ११ हजार ६ सय ३० छ भने पुरुषको ११ हजार ७ सय ३४। जिल्लाको धमौरा, बर्दिवास, फूलकाहाँ, गौशाला, जलेश्वर, लोहारपट्टी, सिङ्ग्याही, सिमरदही, हत्तिसर्वा, औरही, हरिहरपुर, हरिणमरीलगायत क्षेत्रमा मुसहरको बसोबास छ। बथनाहामा भने १ सय ४० घरमा करिब ४ सय ९० जना बस्छन्। मुसहरको मुख्य पेशा माछा मार्ने, नदीबाट घुँगी ल्याएर बेच्ने, दैनिक ज्याला मजदूरी गर्ने, जङ्गलबाट दाउरा ल्याएर बेच्ने अनि खेती मजदूरीको काम रहँदै आएको छ।

दलित समुदायभित्र पनि अल्पसङ्ख्यक मुसहरको परम्परागत पेशा त माटो काट्ने हो। जुन अहिले सङ्कटमा छ। त्यही कारण उनीहरू गुजारा सजिलो हुने ठाउँतिर क्रमशः विस्थापित हुँदैछन्। उनीहरू तराईका जङ्गली खेतमा खेतीपातीको काम गर्थे। माटो काट्ने, पुर्ने र बोक्ने उनीहरूको मुख्य काम हुने गर्थ्यो। भूमि सुधार लागु भएपछि भने यी निमुखा मुसहरले जोतभोग गर्दै आएका जग्गा पहाडबाट तराई झर्नेले हात पारे। त्यसपछि उनीहरू जङ्गलको सीमावर्ती इलाका, खोलाको किनार वा कुनै जमिन्दारका जग्गामा उसकै कामदारका रूपमा बस्न बाध्य भए।

जग्गा आफ्नो हातबाट फुत्के पनि मुसहरको भूमिका भने बाँकी नै रह्यो। अर्थात बाँझा र जङ्गली भूभागलाई खेतीयोग्य बनाउने काममा मुसहरलाई प्रयोग गरे बसाइँ आउनेले। यसैबाट उनीहरूको जीविकोपार्जन चल्दै आयो पनि। मुलुकमा बहुदलीय व्यवस्था आएपछि भने मुसहरले गर्दै आएका यी काम अन्य जातिका मानिसले पनि गर्न थाले। शिक्षा, चेतना र गरिबीबाट आक्रान्त मुसहरले काम पाउन छाडे। मुसहर बस्तीका विष्णु सदा भन्छन्- माटोको काम पाउन छाडेपछि जिल्लाका विभिन्न ठाउँमा आरा चिर्ने तथा जे पाइन्छ त्यही काम गर्न मुसहर बाध्य भए।

स्वास्थ्य र शिक्षाको अभावमा पिछडिएको यो समुदाय समयमा खान नपाएकै कारण कहिले हैजा त कहिले कालाजारको सिकारसमेत हुँदै आएको छ। जाडोमा शीतलहरले सताउँछ भने गर्मीमा हैजा, कालाजार, इन्सेफ्लाइटिस र मेनेन्जाइटिस जस्ता समस्याले ग्रस्त तुल्याउँछ। तर अचम्मचाहिँ यो छ कि बस्तीबाट ५ सय मिटरको दूरीमा रहेको स्वास्थ्य केन्द्रलाई उनीहरू मतलव गर्दैनन्, आफ्नै संस्कारअनुसार उपचार गराउँछन्। जसले गर्दा समस्या न्यून हुन सकेको छैन।

यसरी परम्परागत पेशामा आएको व्यवधानका कारण यो समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार धरापमा परेको छ। राज्यले आफ्नालागि घोषणा गरेका सेवा र सुविधाबारेसमेत जानकार नहुनुले यो समुदाय चेतनाका हिसाबले कति पछौटे अवस्थामा छ भन्ने बुझ्न सकिन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १ मा नै 'सबै व्यक्ति जन्मजात स्वतन्त्र हुन्छन् र ती सबैको समान प्रतिष्ठा र अधिकार हुन्छ' भनिएको छ। त्यसबाट प्रस्ट हुन्छ कि स्वतन्त्रताका साथै जतिबेला पनि आत्मसम्मान (प्रतिष्ठा) पूर्वक बाँच्न पाइन्छ। तर मुसहर समुदायसँग नभएको कुरै यही हो।

यो घोषणापत्रअनुसार मुसहर समुदाय त्यसबेला मात्रै स्वतन्त्र हुन्छन् जुनबेला तिनीहरूका आधारभूत अधिकार गाँस, बास र रोजगारी सुनिश्चित हुन्छ। तर वर्तमान अवस्थामा राज्यका निकायलाई उनीहरूका अधिकार परिपूर्ति गर्ने विषयमा कुनै चासो नै देखिन्न। नागरिकका लागि आधारभूत अधिकार उपभोग सबैभन्दा महत्त्वपूर्ण हुन्छ। बालकदेखि वृद्धसम्मको खाद्य अधिकारलाई अन्तर्राष्ट्रिय सन्धिहरूले समेत राज्यको दायित्वअन्तर्गत व्याख्या गरेका पनि छन्। यही घोषणापत्र पारित हुँदा पनि प्रत्येक नागरिकले 'अभाव र भयबाट मुक्ति' पाउनुपर्छ भन्ने मान्यता आत्मसात

गरियो प्रस्तावनामा नै समेटियो पनि। तर नेपालका मुसहर समुदायलाई भने यसले अहिलेसम्म पनि छुन सकेन।

घोषणापत्रमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई उत्तिकै प्राथमिकता दिइएको छ। जसले मानव अधिकारहरू अन्तरनिर्भर छन् र अविभाज्य छन् भन्दै नागरिक तथा राजनीतिक अधिकार मात्रैले पनि एउटा व्यक्तिको आत्मसम्मानपूर्वक बाँच्ने अधिकार पूरा हुन सक्दैन भनेको छ। र, सँगै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारले मात्रै पनि सबै स्वतन्त्रता पूर्ण नहुने उल्लेख गरेको छ। तसर्थ आत्मसम्मान र स्वतन्त्रताका लागि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार पनि उत्तिकै अपरिहार्य हुने यो घोषणापत्रको निष्कर्ष देखिन्छ। जसमा रोजगारी, शिक्षा, स्वास्थ्य, खाना, पानी, सरसफाइ, स्वच्छ वातावरण, आवास, सामाजिक सुरक्षा, संस्कृतिलगायत अधिकार पर्छन्।

यस्ता अधिकारलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय अभिसन्धि १९६६ ले पनि उत्तिकै महत्त्व दिएको छ। नागरिकको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बोधन गर्ने प्रमुख अन्तर्राष्ट्रिय कानुन आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि हो। अन्तरसम्बन्धित भन्नुको मतलव नागरिक र राजनीतिक अधिकारको सुनिश्चितता आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको परिपूर्तिसँग जोडिएको छ। यस अर्थमा यी दुईको सम्बन्ध नङ र मासुको जस्तो छ।

यो अभिसन्धिको पक्ष राष्ट्रले प्रत्येक नागरिकका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार कार्यान्वयन गरी नागरिकको सबै अधिकार सुनिश्चित गर्नुपर्छ। अनिमात्रै राज्यको दायित्व पूरा भएको मानिन्छ। यस्तो अधिकार परिपूर्ति सन्दर्भमा कुरा गर्दा यो मुसहर समुदायको मात्र नभई अन्य जातिका नागरिकको हकमा समेत प्रभावकारी नभएको देखिन्छ। आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धि राज्यले अनुमोदन गरिसकेपछि त्यसमा भएका व्यवस्था लागु गर्नु राज्यको दायित्व हुन आउँछ। नेपालले पनि यस अभिसन्धि सन् १९९१ मा नै अनुमोदन गरिसकेको छ। नेपालको संविधान २०७२ मा पनि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको व्यवस्था गरिएको छ। तर यसको कार्यान्वयनको अवस्था भने कमजोर छ। जसको मार मुसहर समुदायमाथि पनि परेको छ।

**अध्ययनको उद्देश्य तथा महत्त्व**

महोत्तरीमा आदिवासी, जनजाति, लापोन्मुख, अल्पसङ्ख्यक, दलित, ब्राह्मण, क्षत्रीलगायत धेरै जात/जातिको मिश्रित बसोबास छ। शिक्षा र चेतना अभावले गर्दा परम्परागत रुढीवादी मूल्य/मान्यता कायमै छ। त्यसैगरी गरिब, दलित, विपन्न र मुस्लिम समुदायमा बालविवाह र अनमेल विवाहको प्रचलन यद्यापि छ। साथै छुवाछूत पनि कायमै छ। अति सीमान्तकृत भए पनि मुसहर समुदायले राज्यप्रदत्त सेवा/सुविधा पाएका छैनन्।

आर्थिक अवस्था कमजोर भएकै कारण शिक्षा, स्वास्थ्य, खाद्य र रोजगारी जस्ता आधारभूत अधिकारबाट यो समुदाय वञ्चित हुँदै आएको छ। यस्तो अवस्थामा यो जातिका समस्या राज्यका सम्बन्धित निकायलाई जानकारी गराउन तथा राज्यप्रदत्त सुविधा यस जातिको पहुँचमा पुऱ्याउन यो अध्ययनको महत्त्व छ। यस अध्ययनले मुसहरको अवस्था चित्रण गरी राज्यले निर्वाह गर्नुपर्ने दायित्वका साथै यस जातिका विशिष्ट पहिचान उजागार गर्नसमेत मद्दत पुऱ्याउनेछ। यस अध्ययनको मुख्य उद्देश्य निम्नानुसार छ :

१. मुसहरको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारबारे जानकारी प्राप्त गर्नु।
२. मुसहरको अधिकार संरक्षणका लागि राज्यले गरेका काम खोतलेर सार्वजनिक गर्नु।
३. मुसहरका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ/संस्थाले सञ्चालन गरेका कार्यक्रम र त्यसले पारेका प्रभाव मूल्याङ्कन गर्नु।
४. मुसहर समुदायको अधिकार प्राप्तिका लागि सम्बन्धित निकायलाई सुझाव प्रदान गर्नु।

**अध्ययन विधि**

यो अध्ययन गर्ने क्रममा बथनाहा बस्ने मुसहर समुदायका अगुवासँग व्यक्तिगत तथा समूहगत छलफल गरिएको छ। साथै स्थानीय नागरिक अगुवा र सेवाप्रदायक सङ्घ/संस्थाका जिम्मेवार व्यक्तिसँग कुराकानी गरिएको छ। जिल्लास्तरमा सरोकार राख्ने कार्यालयका प्रमुख, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि र स्थानीय प्रशासनसँग अन्तरक्रिया पनि गरिएको थियो। यसका साथै मानव अधिकारसम्बन्धी दस्तावेज र विभिन्न लेखलाई द्वितीय स्रोतका रूपमा प्रयोग गरिएको छ।

### अध्ययनको सीमा

यो अध्ययनमा मनरा सिस्वा नपा-१० स्थित बथनाहामा बसोबास गर्ने अल्पसङ्ख्यक मुसहर समुदायलाई केन्द्रमा राखिएको छ। यो समुदायको सामान्य परिचय, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको अवस्था, उनीहरूको संस्कृति, भाषा र विशेषतावारे अधिकारका दृष्टिकोणबाट विश्लेषण गरिएको छ। यसले माथि उल्लिखित सबै क्षेत्रमा बसोबास गर्ने मुसहर समुदायलाई समेटेको छैन। त्यसैले अन्य स्थान तथा जिल्लामा बसोबास गर्ने मुसहरका कतिपय रीतिरिवाज, परम्परा आदि यो अध्ययनसँग मेल नखान सक्छन्।

### भाषा तथा संस्कृति

मुसहरको भाषा मैथिली नै भए पनि स्थानीय भाषाका रूपमा ढेटी भाषा बोल्ने गर्छन्। यो जातिको आफ्नै मुख्य पर्व छैन। हिन्दु धर्मावलम्बीले मान्ने होली, दीपावली र छठ नै उनीहरूको पनि मुख्य चाड हो। हिन्दु धर्मावलम्बीका अन्य समुदायले मानेझैं यिनीहरू यी चाड एकापसमा शुभकामना आदान-प्रदान गरी रमाइलोसाथ मनाउँछन्। त्यसबाहेक उनीहरू दिनाभद्री र भुइयाँ बाबाको पूजा गर्छन्। उनीहरूको आफ्नै कुल पूजा पनि हुने गर्छ। यस्तो पूजामा आफ्नो कूलदेवतालाई खुसी पार्न उम्लिरहेको दूधले नुहाउने चलन छ। उनीहरूको पूजा र विवाहमा चढाउनका लागि मदिरासमेत चाहिन्छ।

### जन्म, विवाह र मृत्यु संस्कार

मुसहर समुदायमा सुत्केरी भएका बेला छ दिन बार्ने चलन छ। कतिपय अवस्थामा तीन दिनमा पनि सुत्केरी कर्म सकाउने गर्छन्। सुत्केरीलाई कसैले पनि छुन हुन्न। यस्तो बेला बिरामी भएमा चाहिँ जुनसुकै दिनमा पनि सुत्केरी कर्म सिध्याइन्छ। यो समुदायमा बालविवाह स्वीकार्य मानिन्छ। केटा/केटीले मन पराएमा चाहिँ जुनसुकै उमेरमा पनि विवाह हुने गरेको देखिन्छ। यस्तै मृत्यु संस्कारअन्तर्गत हिन्दु धर्मावलम्बी धेरै समुदायझैं १३ दिनसम्म किरिया बस्ने चलन छ। शव दाहसंस्कार गर्ने आफ्नो छुट्टै घाट नभएको हुँदा नदी किनारमै जलाउने गर्छन्।

### आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका दृष्टिकोणबाट हेर्ने हो भने मुसहर समुदाय राज्यले प्रदान गर्ने अधिकारबाट वञ्चित पाइन्छ। सदरमुकाम नजिकै बसोबास गर्ने भए पनि यस समुदायको विकास निर्माण, योजना तर्जुमालगायत कुनै पनि कार्यक्रममा सहभागिता देखिन्न। नेपालको संविधान तथा कानुनले रोजगारी, शिक्षा, स्वास्थ्य, खाना, पानी, सरसफाइ, स्वच्छ वातावरण, आवास, सामाजिक सुरक्षा र संस्कृतिलगायतका अधिकार व्यवस्था गरेको छ। तर यस समुदायले ती अधिकार खासै उपभोग गर्न नपाएको लोकेन्द्र सदाले बताए। हुन त मुसहर अति सीमान्तकृत समुदायभित्र सूचीकृत छ तर यसरी सूचीकृत भएबापत राज्यले घोषणा गरेका थुप्रै सुविधा पाउनुपर्ने हो। तर विडम्बना, यो समुदायमा ज्येष्ठ नागरिकले पाउने सामाजिक सुरक्षा भत्तावाहेक अन्य कुनै पनि सुविधा लिएका कोही भेटिएनन्। जबकि यस्तो भत्ता सबैले पाउँछन्, सीमान्तकृत हुनै पर्दैन।

दुई वर्षअघि गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम (मेडेपा) अन्तर्गत सुङ्गुर पालन र बाँसको मुढा बनाउने कार्यमा सहयोग गरिएको थियो। तर अहिले खासै कसैले पनि त्यसअनुसार काम गरेको देखिँदैन। यसबाट पनि यो समुदायमा राज्यले आफूलाई दिएको सेवा/सुविधा उपभोग गर्नुपर्छ चेतना विकास नभएको बुझिन्छ। यो समुदायको राजनीतिमा पनि पहुँच छैन। संविधानबारे नबुझे पनि भोट हाल्नुपर्छ भन्नेचाहिँ थाहा छ उनीहरूलाई। तर अधिकांशले भने भोटै हाल्न पाउँदैनन्। किनकि उनीहरूसँग नागरिकता नै छैन। नगरपालिकाले योजना तर्जुमा बैठक गर्दा पनि उनीहरूलाई सम्झँदैन। त्यसै कारण आफ्ना कुनै पनि समस्या राख्न नपाएको उनीहरूको दुखेसो छ। चाडवाडका बेला कहिलेकाहीं पुरुषले महिलालाई कुट्ने गरेका भए पनि त्यस्ता समस्या गाउँमै मिलाइने भएकाले ठूलो रूप लिन पाउँदैन।

### शैक्षिक अधिकार

यस मुसहर समुदायमा लोकेन्द्र सदाबाहेक कसैले पनि एसएलसीसम्म पढेकै छैन। विद्यालय जाने उमेरका बालबालिकाको सङ्ख्या करिब ३ सयको हाराहारीमा भए पनि मुस्किलले ३०-४० जनामात्र विद्यालय जाने गरेका छन्। हुन त स्थानीय विद्यालयमा १ सय ५० भन्दा बढी विद्यार्थी भर्ना भएका छन् तर पनि नियमित पढ्न आउनेचाहिँ निकै कम रहेका शिक्षक रामयाद राउतले बताए। अधिकांश बालबालिका बाबु/आमासँगै मजदूरी गर्न र गाईवस्तु, बाख्रा, सुङ्गुर चराउन जाने गर्छन्। साथै बालविवाहको प्रचलन कायमै

रहेकाले पनि धेरैको पढाइ बिथोलिने गरेको छ। लोकेन्द्रका अनुसार यो समुदायका बालबालिकाको शिक्षामा पहुँच बढाउन सरकारीतवरबाट खासै प्रयास भएको देखिन्न।

मनरा सिस्वा नगरपालिका-१० मधवा गाउमै हनुमानदत्त विश्वनाथ जनता नाम गरेको सरकारी प्राथमिक विद्यालय छ। २०१० सालमा स्थापित यो विद्यालयको हाजिरकापी हेर्दा २ सय ८९ जना विद्यार्थी अध्ययनरत् देखिन्छ। तर हाजिरी हेर्दा भने दैनिक ४० प्रतिशत विद्यार्थी पनि पढ्न आउँदैनन्। शिक्षक रामयादका अनुसार मुसहर समुदायका केटाकेटी अभिभावकसँगै ज्याला मजदूरीमा जाने भएकाले पढ्नै आउँदैनन्।

### विद्यालय पढ्नयोग्य भएन

गत वर्षमात्रै छानोबिनाको सोही विद्यालयको समाचार इन्सेक अनलाइनमार्फत सार्वजनिक भएपछि जिल्ला शिक्षा कार्यालयको ध्यानाकर्षण भयो र तत्कालै दुई कोठाको मर्मतका लागि बजेट निकासा गरियो। केही डेस्क/बेन्चको पनि व्यवस्था भयो। तर, अझै ती डेस्क/बेन्च बसेर पढ्नयोग्य भइसकेका छैनन्। उक्त दुई कोठे भवन पनि अझै पढ्नयोग्य भइसकेको छैन। न बसेर पढ्न मिल्ने अरु कोठै छन्। त्यसैले विद्यालय आउने बालबालिका पनि खुला आकाशमुनि बसेर पढ्न बाध्य छन्। पढाइ विद्यार्थी र अभिभावकको रुचिमा नपर्नुको एउटा मुख्य कारण यो पनि भएको एक अभिभावक बताउँछन्।

मुसहर समुदायबाट एसएलसी उत्तीर्ण एकमात्र व्यक्ति लोकेन्द्र सदा भन्छन्- विद्यालयलाई अहिलेसम्म सबैले लुट्ने काममात्र गरे। अर्कोतर्फ कसैले छोराछोरीलाई पढ्न पठाउ भन्यो भने 'हाम्रो कामचाहिँ कसले गरिदिन्छ नि' भनेर उल्टै रिसाउने अभिभावकहरू पनि यसका लागि जिम्मेवार छन्। विद्यालयको इतिहास पुरानो भए पनि व्यवस्थापन समिति र विद्यालय प्रशासनसमेत खासै सक्रिय नभएकाले विद्यालयले गति नै लिन सकेन।

### स्वास्थ्य अधिकार

बथनाहामा स्वास्थ्य चौकी छ। तर कोही बिरामी भयो भने सबैभन्दा पहिले उनीहरू जाने भनेको धामी/झाँक्रीको शरणमा हो। तर अलि बढी नै बिरामी भएमा भने पछिल्लो समयचाहिँ कोही कोही स्वास्थ्य चौकी जान थालेका छन्। ठूलै उपचार गर्नुपरेमात्र सदरमुकाम जलेश्वरस्थित जिल्ला अस्पताल वा सीमापारि भारतको सुरसन्डको कुनै निजी स्वास्थ्य संस्था जाने गरेका छन्। भनाइको मतलव स्वास्थ्यसम्बन्धी चेतना उनीहरूमा छैन।

वर्षको आधा समय बाबु/आमासँगै ज्याला मजदूरी जाने मुसहर बालबालिकामा निमोनिया, कुपोषण जस्ता समस्या धेरै छन्। ओढ्ने/ओछ्याउने अभावमा पराल, प्लास्टिक र पातपतिङ्गर बालेर तथा बारेर रात गुजारा गर्ने भएकाले स्वास्थ्यसम्बन्धी समस्या देखिने गरेको छ। तर पनि यसबारे उनीहरू खासै चिन्तितचाहिँ देखिन्नन्। सरकारले सर्वसाधारणलाई तोकिएका केही औषधि निःशुल्क उपलब्ध गराउने व्यवस्था गरेको छ तर मुसहर समुदाय यसबारे पनि अनभिज्ञ छन्। यस्ता कुरा थाहा पाउन पत्रपत्रिका पढ्ने वा रेडियो सुन्ने र टेलिभिजन हेर्ने गनुपर्छ तर आफूहरूसँग यी केही साधन पनि नभएकाले जानकारी पाउनबाट वञ्चित भएको उनीहरूको भनाइ छ।

### प्रजनन् स्वास्थ्य अवस्था

यो समुदायका अधिकांश महिला घरमै सुत्केरी हुन्छन्। पछिल्ला वर्षहरूमा भने थोरैमात्र गर्भवती स्वास्थ्य चौकी जाने गरेका छन्। धेरैजसोको १३/१४ वर्षमै विवाह हुने गरेका कारण सुत्केरी हुने बेला रक्तस्राव जस्ता समस्या देखिँदै आएका छन्। तर कुनै पनि सरकारी निकाय र सङ्घ/संस्थाले हालसम्म यो ठाउँमा प्रजनन् स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गरेका जानकारी स्थानीयसँग छैन। जिल्ला अस्पताल जलेश्वरको पछिल्लो साउनदेखि पुससम्मको रेकर्डअनुसार ७ सय ७७ जनाले प्रसूति सेवा लिएकामा मुसहर महिला १८ जना रहेको अनमी रीनाकुमारी साहले बताइन्।

बथनाहाको मरुवाही टोलस्थित स्वास्थ्य चौकीमा प्रसूति सेवाको समेत सुविधा थियो तर एक वर्षदेखि भने यो सेवा बन्द छ। अनमी अभावमा सेवा बन्द भएको स्वास्थ्य चौकीका इन्चार्ज सिनियर अहेव राजेशकुमार यादवले बताए। मासिक १५ देखि २० जनाको प्रसूति गराइने सो स्वास्थ्य चौकीमा सेवा बन्द भएपछि हजारौँ रुपियाँ खर्च गरी भारत जानुपरेको राघो ठाकुर बताउँछन्। भारतको सुरसण्ड र सीतामढीलगायत ठाउँमा प्रसूति सेवाका लागि जाँदा २५ देखि ३० हजार भारतीय रुपियाँ खर्च हुने दुखेसो सुनाउँछन् राघोहरू।

करिव २६ वर्षपहिलेदेखि सञ्चालनमा रहेको उपस्वास्थ्य चौकीबाट स्वास्थ्य चौकीमा पदोन्नति भएको यहाँ प्रसूति सेवा सुरु भएको पनि ४ वर्षपहिले मात्र हो। इन्चार्ज यादवका अनुसार त्यतिबेला कर्मचारीलाई सेवा दिन भ्याइ/नभ्याई हुन्थ्यो। अहिले भने चौकीप्रति आकर्षण घटेको र यसको एक कारणमा औषधिसमेत पर्याप्त नहुनु रहेको उनको भनाइ छ।

अनमी पठाइदिन बारम्बार माग गरे पनि जिल्ला स्वास्थ्य कार्यालयले सुनुवाइ नगरेको बताउँदै उनले थपे- 'औषधिसमेत पर्याप्त नभएको अवस्थामा कसरी सुविधा दिन सकिन्छ र ?' यही कारण यो ठाउँबाट जलेश्वर आउनभन्दा भारतको सुरसण्ड जान सहज हुने भएकाले बिरामी जति उतै जाने गरेको स्थानीय ६५ वर्षीया रेवी महतोले बताइन्। स्थानीय समाजसेवी पङ्कजकुमार झा भन्छन्- पैसा र पहुँच भएकालाई त खासै समस्या छैन तर विहान कमाएर राति खाने निमुखालाई भने यसले हदैसम्मको समस्या पारेको छ।

औषधि र स्वास्थ्यकर्मी राम्रो व्यवस्था भएका बेला यो स्वास्थ्य चौकीमा बथनाहा, मरुवाही, मधवा, सकरी, हल्खोरी, भङ्गहिया तथा भारतबाट समेत बिरामी आउने गर्थे। हाल भने औषधि र अनमी अभावका कारण चौकी बन्दसरह भएपछि बिरामीको केही चाप सोही गाउँको सामुदायिक स्वास्थ्य एकाइमा पनि परेको छ। तर त्यो पनि वडा स्तरकै भएकाले चाप धान्न समस्या परेको यसकी प्रमुख हेल्थ असिस्टेन्ट पुष्पा यादवले बताइन् ।

**खाद्य अधिकार**

मुसहर समुदायका मानिसले खानका लागि गर्दै आएका काम भनेको दैनिक ज्याला मजदूरी, माटो काट्ने, धान रोप्ने, काट्ने, दाउरा खोजेर बेच्ने, नदीमा माछा र घुँगी मार्ने, गिट्टी छान्ने, गिट्टी कुट्ने आदि नै हुन्। उनीहरू पहिलेदेखि नै नदीमा स्वतन्त्रतवरले र आफ्नो मिल्ने समयमा माछा मार्थे, घुँगी चुनेर बेच्ने। यसरी मारिएका माछा र घुँगी खानेमात्र नभई बेच्ने पनि गर्थे। जसबाट आर्थिक अभाव धेरथोररूपमै भए पनि न्यून तुल्याउँदै आएका थिए।

तर अहिले भने माछा र घुँगी पर्याप्त पाइन छाड्यो। माटो काट्ने काम पनि बन्द भयो। यही कारण उनीहरूको जीविकामा समस्या उत्पन्न भएको छ। एक त आफ्नो नाममा जग्गा नै छैन, भएकाले पनि कृषि अनुदानका कार्यक्रम सञ्चालन नहुँदा र मल बीउ नपाउँदा त्यसलाई बाँझो राख्नुको विकल्प देखेका छैनन्। धान भित्र्याउने बेला गरिने मुसाको सिकारले पनि थोरैतिनो भरथेग गरेको देखिन्छ।

आफ्नै खेत खलिहान नभएको यो समुदाय स्थानीय जमिन्दार (जग्गावाला) को खेतमै काम गरेर जीवन पाल्छ भन्दा अत्युक्ति हुँदैन। पुर्ख्यौली पेशा सङ्कटमा परेपछि यो समुदाय यतिबेला जीविकोपार्जनकै लागि आफूले नजानेका वा थाहा नपाएको पेशामा समेत होमिन बाध्य भएको छ। कोही बालुवा सङ्कलन गर्ने, कोही इँटाभट्टामा काम गर्ने गर्छन् भने केही महिलाचाहिँ सामूहिकरूपमा सुङ्गुर/बङ्गुर पालनमा पनि लागेका भेटिन्छन्। यो समुदायबाट तीनजना वैदेशिक रोगजारीका क्रममा खाडी मुलुक गएका छन् भने ८-१० जना भारतको पञ्जाबमा छन्।

**पाँच वर्षअघि प्रधानमन्त्री डा. बाबुराम भट्टराई तामझामका साथ महोत्तरीको फुलकहा–६ मनहरवास्थित मुसहर बस्ती पसेका थिए। अति पछाडि परेको मधेसी दलित मुसहरको जिन्दगी नजिकबाट बुझ्न उनले मुसहरकै झुपडीमा रात बिताए। विष्णु सदाको सानो झुपडीमा भुइँमै पराल ओछ्याएर सुते, गरिबले भोग्दै आएको पीडा महसुस गर्न खोजे।**

**प्रत्येक महिनाको अन्तिम शनिबार दलित बस्तीमा रात बिताउने घोषणाअनुसार डा. भट्टराई २७ असोज २०६९ सालमा मुसहरको घरमा बास गरेका थिए। त्यतिबेला विष्णुले ६ हजार रुपियाँ ऋण काढेर त्यो दिन डा. भट्टराईको स्वागतसत्कार गरे।**

**मुसहरले आफूले खाने घुँगी (शङ्खेकीरा) को तरकारी, गङ्गटाको अचार, ढिकीमा कुटेको चामलको भातलगायत मुसहर परिकार खुवाए। प्रधानमन्त्री भट्टराईको आगमनले आफूहरूको दुःखको घाउमा मलम लाग्ने आस सङ्गालेर बसेका थिए मुसहर। तर उनीहरूले सोचेजस्तो केही भएन। बस्तीका मुसहरले देखेको सपना केवल सपनामै सीमित रह्यो। पहिलेभन्दा हिजोआज मुसहरको पीडा झनै बल्झिएको छ बरु।**

### भूमि अधिकार

बथानाहा मधवाका मुसहर समुदाय सबै भूमिहीन हुन्। राष्ट्रिय भूमि अधिकार मञ्च महोत्तरीका अध्यक्ष फौदसिंह स्याङ्वाका अनुसार यिनीहरू सबै ऐलानी जग्गामा बसोबास गरिरहेका छन्। बेलाबेलामा यहाँका मुसहरलगायत समुदायको घर टहरा भारतीय सीमा सुरक्षा बल (एसएसबी) का जवानले भत्काउने गर्छन् जतिबेला खुला आकाशमुनि बस्न बाध्य हुन्छन् मुसहर। दशगजा क्षेत्रमा पुस्तौँदेखि बसोबास गर्दै आएका उनीहरूको अन्यत्र कुनै ठेगाना र जायजेथासमेत छैन। गत वर्षमात्रै नेपालभित्रका ७ र भारततिरका ४० घर भत्काइएको थियो। हालसम्म यी पीडितले कुनै राहत नपाएकाले जीवन कष्टकर बनेको एक पीडित शङ्कर सदाले बताए।

### नागरिकता पीडा

'हामीलाई नागरिकताको कुनै लाभ नभए पनि नेतालाई मतको लोभ धेरै छ'- बथानाहाका मुसहरको सामूहिक भनाइ हो यो। चुनावका बेला ठूल्ठूला आश्वासन दिने तर जितेपछि मुखै नदेखाउने नेतालाई विश्वास गर्न गाह्रो भएको सन्तोलियादेवी सदाले बताइन्। उनले थपिन्- 'हाम्रो बालबच्चालाई पढ्न राम्रो विद्यालय छैन। सफा पानी छैन। बस्न घर छैन। लगाउन राम्रो लुगा छैन। यस्ता नेतालाई भोट दिएर के गर्ने ?' चुनावमा आश्वासन दिने नेताहरूले जितेपछि गाउँघरमा सान देखाउँदै घुम्ने तर आफूहरूको पीडामा मलम लगाउने र उद्धार गर्ने काममा भने सिन्को नभाँचेको उनको गुनासो छ।

पुस्तौँदेखि दसगजामा बस्दै आएका मुसहर बस्तीमा भारत र नेपालको प्रशासनिक निकायबाट घरहरू तोडफोड गर्ने र बस्ती हटाउने काम पटकपटक भएका छन्। तर आफूहरूको पुनर्बास वा व्यवस्थापनका लागि भने कसैले चासो दिएका छैनन्। स्थानीय श्रीचन माझीको दुखेसो छ- यो बस्तीमा कुनै यस्तो दु:ख छैन जुन हामीले नभोगेको होस्। तर पनि आजसम्म कुनै नेताले कहिल्यै आफूहरूको दु:ख नबुझेको बताउँछन् श्रीचन।

यसै गाउँका ३५ वर्षीय चैते सदाले २०६३ सालमा नेपाली नागरिकता पाएका हुन्। दसगजा सीमामा चैतेको खरको सानो झुपडी छ। उनको परिवार त्यही झुपडीमा गुजारा चलाउँदै आएको छ। ६ महिना पहिलेसम्म नेपालमा रहेको उनको घर अहिले भने भारतीय भूमिमा परेको छ। भारतीय प्रहरीले दसगजा खाली गर्ने भन्दै घर भत्काइदिएपछि चैते र उनका परिवार महिनौँ सडकमै बिताए। भारतीय प्रहरीले आफ्नो घर भत्काउँदा कुनै पनि नेता सोध्न आएन् भन्ने दुखेसो पोख्छन् उनी पनि।

'म सानो छँदा यो गाउँ जस्तो थियो, अहिले त्योभन्दा दयनीय अवस्थामा पुगेको छ', ८१ वर्षीय शिवलाल राउत भन्छन्- 'बाटो छैन, गाउँमा एउटा एम्बुलेन्ससमेत नहुँदा कोही बिरामी वा सुत्केरी भयो भने भारत वा नेपालको सहरसम्म कष्टसाथ पुग्नुपर्ने अवस्था छ।' यस्तो पीडा सुनाउने थुप्रै भेटिन्छन् यहाँ जो बालबालिकादेखि वृद्धसम्म छन्।

राष्ट्रिय दलित आयोगले जातिय अनुसूची प्रतिवेदनमा उल्लेख गरेअनुसार नेपालमा २६ जात दलितअन्तर्गत पर्छन्। जसमध्ये तराईका समुदायअन्तर्गत पानी नचल्ने, छोइछिटो हाल्ने जातिका रूपमा चिनिने कलर, ककैहिया, कोरी, खटिक, खत्वे (मण्डल ख), चमार (राम, मोची, हरिजन रविदास), चिडिमार, डोम (मरिक), तत्मा (ताँती, दास), दुसाध (पासवान हजरा), धोवी (रजक हिन्दू) पासी, बाँतर , मुसहर, मेस्तर (हलखोर), सरभ (सरवरिया), नटुवा, ढाँडी, धरिकरर, धन्कारलगायत पर्छन्। यसरी हेर्दा दलितको सङ्ख्या उल्लेख्यरूपमा हुँदाहुँदै पनि उनीहरू निरन्तर सामाजिक विभेदको सिकार हुने गरेका छन् भने यसलाई रोक्न पर्याप्त प्रयासचाहिँ भएको देखिन्न। जनसङ्ख्याको १३ प्रतिशत ओगट्ने दलित समुदाय यही कारण दोस्रो दर्जाको नागरिक बन्न बाध्य पारिएका छन्। मुसहर समुदायले अहिले भोगिरहेको जिन्दगी पनि यही हो।

### मुसहर समुदायको इतिहास

प्राचीन कथाअनुसार परमेश्वरले मानव जाति सिर्जना गरिसकेपछि उसलाई चढ्न भनी घोडा दिए। तर मानिसले चढ्न र ओर्लन सजिलो होस् भन्ने हेतुले सो घोडाको कम्मरमा औजारहरू प्रयोग गरी खोपिल्टो पारे। मान्छेको यस्तो मुर्खता देखेर परमेश्वरले श्राप दिए। यसरी मुसा मार्ने श्राप पाएका मानिस नै कालान्तरमा मुसहर हुन गएको किंवदन्ती पाइन्छ।

जे होस्, मुसहर नेपालको एक प्राचीन जाति हो। प्रचलित एउटा पौराणिक कथाअनुसार रावणले सीतालाई हरण गरेर लगेपछि भगवान रामले खोजी गर्ने क्रममा शबरी मुसहर्नीसँग भेट भएको र शबरीले खाँदै गरेको जुठो बयर रामलाई अर्पण गरेपछि उनको श्रद्धाबाट राम प्रभावित भएका पाइन्छ। त्यस क्रममा इच्छा लागेको कुरा आफूसँग माग्न अनुरोध गर्दा

शबरीले २ छोराको इच्छा राखेकी कथन छ। फलस्वरूप १० महिनापछि जोगिया जाँजर भन्ने ठाउँमा एक दम्पतीको कोखाबाट जुम्ल्याहा सन्तानको जन्म भएको थियो। तिनैमध्ये एकको नाम दिनाराम र अर्कोको नाम दिनाभद्री राखियो भन्ने गरिन्छ। मुसहरहरू यिनै दिनाराम र दिनाभद्रीको सन्तान भएको विश्वासमा कुलदेवता पनि उनैलाई मान्ने गर्छन्।

शैक्षिक दृष्टिकोणले हेर्दा अन्य दलित जातिको तुलनामा मुसहरको अवस्था दयनीय छ। देशभरका मुसहरमध्ये ६.९ प्रतिशतमात्र साक्षर छन्। गरिबी र भोकमरीका कारण यो समुदायमा पढाइ प्राथमिकतामा पर्दैन।

नेपालमा दलितहरूको छाता सङ्गठनले समेत मुसहर समुदायलाई 'महादलित' को सङ्ज्ञा दिँदै आएको छ। यो समुदायमाथि अहिले पनि चरम शोषण छ। उनीहरू भोट बैङ्कबाहेक केही हुन सकेका छैनन्। प्रत्यक्ष त परै जाओस्, आरक्षित तथा समानुपातिक सूचीमा समेत दलहरूले यो समुदायलाई स्थान दिन आवश्यक ठानेका छैनन्। यसबाटै पनि दल, समाज र राज्यले दलितभित्रका पनि मुसहरलाई हेर्ने दृष्टिकोण प्रस्टिन्छ।

### मुसहरको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार प्राप्तिमा सरकारी निकाय

तत्कालीन जिल्ला विकास समिति महोत्तरीले नियमित कार्यक्रमबाहेक मुसहरका लागि कुनै विशेष कार्यक्रम सञ्चालन नगरेको सामाजिक विकास अधिकृत शैलेन्द्र पाण्डे बताउँछन्। अति सीमान्तकृत समूहमा सीमा क्षेत्र विकास कार्यक्रमअन्तर्गत २ वर्षदेखि सञ्चालित कुखुरा र बाख्रा पालनमै यो समुदायले चित्त बुझाउनुपरेको छ। स्थानीयस्तरबाट तय हुने योजना छनोटमा समेत यो समुदायको सहभागिता आवश्यक नठानिनुले सरकारी निकायले मुसहरलाई हेर्ने दृष्टिकोण प्रस्ट हुन्छ।

### गैरसरकारी संस्थाको काम

कुनैबेला युएनडिपीको सहयोगमा सञ्चालित शान्तिका लागि जीविकोपार्जन परियोजना र एलजिसिडिपी कार्यक्रमअन्तर्गत मुसहरको समूह निर्माण, क्षमता अभिवृद्धि, जनवकालतलगायत विषयमा केही गैरसरकारी संस्थाले सामान्य काम गरेको देखिन्छ। यो समुदायमा राजनीति, कानुन, संविधानलगायत विषयमा खासै जानकारी छैन। सदरमुकामबाट नजिकै रहेको भए पनि यो समुदाय कसैको प्राथमिकतामा नपर्नु रहस्यकै विषय बनेको छ।

### सुझाव

भाषा, संस्कृति र परम्परा थाम्ने नाममा गठित गैरसरकारी र सरकारी सङ्घ/संस्थाबाट पनि मुसहर समुदायको शैक्षिक विकास र स्वास्थ्य चेतना अभिवृद्धिका लागि ठोस काम नभएकाले यस जातिको संरक्षण गर्न स्थानीयस्तरबाट पहल हुनुपर्ने देखिन्छ।

उच्च शिक्षा अध्ययन गर्ने यस समुदायका व्यक्तिलाई शैक्षिक छात्रवृत्ति व्यवस्था गरिनुपर्छ। परम्परागतरूपमा माटोको काम गर्ने, माछा मार्ने पेशालाई निरन्तरता दिने र त्यसो गर्न नसके उनीहरूका लागि वैकल्पिक व्यवस्था मिलाउनुपर्छ। यो समुदायमा जीविकोपार्जन सहज तुल्याउन आर्थिक उन्नतिका कार्यक्रम गरिनुपर्छ। उच्च शिक्षा अध्ययन गरेका युवायुवतीलाई रोजगारीको अवसर उपलब्ध गराइनुपर्छ।

यस समुदायमा कायम बालविवाह, बालमगनीविरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ। उनीहरूको परम्परा र संस्कृति संरक्षण गर्नुपर्छ। भूमिहीन हुने क्रम बढ्दो भएको हुँदा अन्य आयआर्जनका कार्यक्रम सञ्चालन गरिनुपर्छ ताकि भएको भूमि बेच्ने बाध्यता रोकियोस्। कृषि उत्पादन बढाउनेखालका लक्षित कार्यक्रम सञ्चालन गरिनुपर्छ।

सबैभन्दा महत्त्वपूर्ण कुरा उनीहरूलाई दशगजा क्षेत्रबाट सुरक्षित स्थानमा स्थानान्तरण गरिनुपर्छ। नागरिकता बनाउन सहयोग गर्नुपर्छ। अनिमात्र आर्थिक, सांस्कृतिक तथा राजनीतिक अधिकार दिलाउन मार्ग तयार हुन्छ।

### सन्दर्भ सामग्री


१. नेपालको जनगणना-२०६८, केन्द्रीय तथ्याङ्क विभाग
२. विभिन्न पत्रपत्रिकामा प्रकाशित सामग्री
३. मुसहर अगुवाहरूसँग गरिएको कुराकानी
४. मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८
५. आर्थिक सर्भेक्षण २०१२-१३, अर्थ मन्त्रालय
६. महोत्तरी जिल्लाको पार्श्वचित्र
७. मुसहर जातिको अधिकार प्राप्तिका लागि सङ्गठित संस्था शबरी सङ्कल्प समाज
८. नेपाल राष्ट्रिय मुसहर सङ्घको प्रकाशन

परिच्छेद ३

# ३.३ रसुवाको भूकम्प : सकसमा विस्थापन र पुनर्स्थापना

**पृष्ठभूमि**

नेपालको संविधानको भाग ३ अन्तर्गत मौलिक हकको धारा ३७ मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने उल्लेख छ। भाग ४ अन्तर्गत राज्यको निर्देशक सिद्धान्त र नीतिको उपदफा ञ को ६ मा मुक्त कमैया, कमलरी, हरूवा, चरुवा, हलिया भूमिहीन, सुकुमवासी पहिचान गरी उचित बसोबासका लागि घडेरी, जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारी व्यवस्था गर्दै पुनर्स्थापना गर्ने उल्लेख छ।

मानिस आफू बसिरहेको स्थानबाट अर्को ठाउँमा जाने, सर्ने (बसाइँ हिँड्ने) विविध परिस्थिति र कारण हुन्छन्। प्राकृतिक प्रकोप, युद्ध, राम्रो वैकल्पिक बासको खोजी, रोजगार, पारिवारिक विद्रोह जस्ता परिस्थितिजन्य बाध्यताबाट मानिस आफ्नो थातथलो छाडेर अन्यत्र बस्न बाध्य हुन्छन्। यसरी आफ्नो थातथलो छाडेर हिँड्ने परिस्थिति पनि फरकफरक हुन्छ। कोही एक्लै, कोही परिवारसहित, कोही आफन्तसमेत, कहींचाहिँ गाउँ नै, कहीं भने क्षेत्र, समुदाय, कहीं जातीय तथा धार्मिक समूहमात्र र कहीं देशको ठूलो हिस्सा नै बसाइँ सर्ने हुन्छ।

रसुवामा भने प्राकृतिक प्रकोप अर्थात २०७२ वैशाखको भूकम्पका कारण केही क्षेत्र/गाउँका सबै परिवार थातथलो छाडेर हिँड्न बाध्य भए। यसरी थातथलो छाडेर विस्थापित भएकाको पीडा एउटा ठाउँमा छ भने अर्कोतर्फ समस्या उनीहरूको पुनर्स्थापनमा छ। साविकको हाकु तथा डाँडागाउँ गाविसबाट विस्थापित भई रसुवाकै लहरेपौवा गाविस (हालको उत्तरगया गाउँपालिका-५ मा पर्ने बोगटीटार, नौबीसे र काभ्रे) तथा नुवाकोटको सातबीसे, शान्तिबजारलगायत स्थानमा थुप्रै परिवार बसोबास गरिरहेका छन्। हाकुका केही परिवार रसुवा सदरमुकाम धुन्चे आसपास पनि बसिरहेका छन्। यसरी विस्थापित भएकामध्ये सबैजसो कि गुठी र वितर्पीडित छन् कि त सुकुमवासी।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले रसुवाका ६७ स्थानलाई जोखिमयुक्त भनेर प्रतिवेदन सार्वजनिक गरेपछि विस्थापित भूकम्पपीडित झनै अन्योलमा परेका छन्। प्राधिकरणको जिल्ला समन्वय कार्यालयले जिल्लाभर ७ सय ८० परिवार जोखिममा रहेका र २९ वटा बस्ती स्थानान्तरण गर्नुपर्ने उल्लेख गरेको थियो। एक सर्वेक्षणअनुसार हाकु र डाँडागाउँबाट ५ सय ४८ परिवार विस्थापित भएका छन्। तर पनि अझै यस्ता बस्ती स्थानान्तरण हुन नसक्दा खासगरी महिला, सुत्केरी, गर्भवती, बालबालिका र ज्येष्ठ नागरिकको जीवन कष्टकर बन्दै आएको छ। उनीहरूको गुमेको आवास अधिकारसँगै शिक्षा, स्वास्थ्य जस्ता आधारभूत अधिकारसमेत सङ्कटमा परेको छ।

गैससहरूको वकालतीय अभियानपछि स्वेच्छिकरूपमा २ लाख रुपियाँ अनुदान लिएर आवास निर्माण गर्ने प्रक्रियाका लागि ७ सय २९ परिवारले नयाँ ठाउँमा जग्गा किन्ने प्रक्रिया अघि बढाएका छन्। जसको लाभग्राही सूची प्राधिकरणले प्रकाशन गरेको थियो। यसबाट ढिलै भए पनि उनीहरूलाई पुनर्वासका लागि सहयोग पुग्ने देखिएको छ।

**अध्ययनको महत्त्व**

आन्तिरिक विस्थापनसम्बन्धी निर्देशक सिद्धान्तले विस्थापितहरूका लागि आवश्यक क्षतिपूर्ति र पुनर्स्थापनाको लागि उपयुक्त उपायहरू अवलम्बन गरिने उल्लेख छ। यसर्थ पनि भूकम्पका कारण विस्थापनमा परेका प्रभावितको पुनर्स्थापना तथा व्यवस्थापनको दायित्व राज्यको हो। भूकम्पका कारण घर ध्वस्त भई विस्थापनमा परेका पीडितको वर्षा र जाडो दुवै मौसम कष्टकर बन्दै आएको छ। भूकम्पले तेस्रो वार्षिकी मनाउन लाग्दासमेत विस्थापितका समस्या सम्बोधन नहुनुले राज्य जिम्मेवार नरहेको प्रस्ट हुन्छ। यस्तो अवस्थामा पीडितका समस्या छर्लङ्ग पारिदिन सके राज्यलाई समस्या समाधानका लागि चौतर्फी दबाब सिर्जना हुन सक्ने भएकाले यो अध्ययनको महत्त्व निकै छ।

**अध्ययनको उद्देश्य**

१. भूकम्पका कारण रसुवाका केही साबिकका वडा नै घरबारविहीन भएका छन्। यसरी विस्थापित भएका भूकम्प प्रभावितका समस्या प्रकाशमा ल्याउनु।

२. प्राकृतिक प्रकोपलगायतका कारण विस्थापनमा परेकाका सम्बन्धमा राज्यको नीति, कानुन र गरिएका पहलबारे जानकारी दिन।

३. भूकम्पका कारण विस्थापित समुदायका लागि राज्यले घोषणा गरेको राहत, सेवा/सुविधा तथा प्रतिबद्धता कार्यान्वयनको अवस्था उजागर गर्न र समस्या समाधानका लागि राज्यलाई जिम्मेवार बनाउन।

४. विस्थापितहरूको कहालीलाग्दो अवस्था उजागर गरी उनीहरूको हक अधिकार स्थापित गराई उचित पुनर्स्थापनाका लागि राज्यलाई सचेत पार्न।

**अध्ययन विधि**

- स्थलगत अध्ययन/अवलोकन
- पीडितहरूसँग अन्तर्वार्ता/भेटघाट
- पत्रपत्रिकामा छापिएका सामग्री तथा घटना विवरण अध्ययन
- गैससहरूको प्रतिवेदन
- विज्ञहरूसँग छलफल
- पुनर्निर्माण प्राधिकरण तथा सरकारी निकायबाट भएका काम अवलोकन/सङ्कलन
- भूकम्प प्रभावित र सरोकारवाला निकायका प्रतिनिधिसँग कुराकानी
- विस्थापन र पुनर्स्थापनबारे प्रकाशित अध्ययन प्रतिवेदन तथा सूचना
- आत्मनिर्भर केन्द्रको सर्वे प्रतिवेदन

**अध्ययनको सीमा**

यो अध्ययन रसुवाका भूकम्प प्रभावितको विस्थापन र पुनर्स्थापन समस्यामा केन्द्रित छ। जसले निम्न परिधिभित्र रही वास्तविकता बाहिर ल्याउने प्रयास गरेको छ :

- यो भूकम्पबाट विस्थापित भएकाहरूको मानव अधिकारको पक्षसँग मात्र सम्बन्धित छ।
- भूकम्पपीडित विस्थापितहरूको अवस्था र पुनर्स्थापनाका लागि गर्नुपर्ने प्रयास समेटिएको छ।
- भूकम्पबाट पीडित भई सरकारको लाभग्राही सूचीमा रहेकाको थातथलो बसोबासका लागि उपयुक्त नभएका भौगोलिक क्षेत्रका पीडित तथा आफ्नो स्वामित्वमा जग्गा नभएका पीडितलाई मात्र समेटिएको छ।
- यो अध्ययन स्वतन्त्ररूपमा गरिएको छ।

**विस्थापितको अवस्था**

रसुवाको हाकु, डाँडागाउँ र राम्चेबाट विस्थापतहरू अहिले पनि बोगटीटारस्थित विस्थापित क्याम्पमा जस्ताको छाप्रोमै छन्। जहाँ अहिले उनीहरू बसिरहेका छन् सो ठाउँको भाडा मासिकरूपमा जग्गाधनीलाई तिर्नु परिरहेको छ। जसका कारण खानै समस्या झेलिरहेकाहरू थप आर्थिक मारमा परेका छन्। उनीहरू वर्षातमा पानीमा रुझेरै समय बिताउन बाध्य छन् भने चिसो मौसममा कठ्याङ्ग्रिदो जाडो खेप्न बाध्य भइरहेका छन्। चैत/वैशाखको गर्मीबाट उम्कने उपाय पनि उनीहरूसँग छैन। भौगोलिकरूपमा सुरक्षित र आफ्नो जग्गा हुने अन्य क्षेत्रका भूकम्पपीडित घरमा बसिसक्दा पनि आफूहरूचाहिँ आवासको अधिकारबाट वञ्चित भइरहनुपरेको बोगटीटार क्याम्प २ का विस्थापितको गुनासो छ।

सरकारले सुरक्षित स्थानमा घडेरीयोग्य जग्गा नभएका विस्थापितका लागि २ लाख रुपियाँ दिने कार्यविधि ल्याएको छ। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको तथ्याङ्कअनुसार करिब आठ सय परिवारलाई सुरक्षित स्थानमा पुनर्वास गराउनुपर्ने छ।[१] जसअनुरूप ७८ परिवारले २ उक्त रकम लिएर घडेरी खरिद गरी आवास निर्माण सुरु गरेका छन्। अरुले पनि निवेदन त दिएका छन् तर झन्झटिलो र लोसे प्रक्रियाका कारण समय बढी लागिरहेको छ। घर निर्माणको लागि जग्गा नहुनेलाई जग्गा बेच्ने धनीलाई भूकम्प पीडित प्रतिपरिवारलाई सरकारले दुई लाखसम्म भुक्तानी गर्ने नीति हुँदा चार दुई आना देखि १५ आनासम्म घडेरी खरिद गर्ने हुँदा पनि पीडितले आवश्यकता भन्दा अनुदान अनुसार घडेरी किन्दै आएको देखिन्छ। अर्कोतर्फ भूकम्पपछि नयाँ ठाउँमा घर बनाउनका लागि जग्गा खरिद गरिसकेका परिवारलाई यो कार्यविधिले समेट्न नसक्ने देखिन्छ, ऋण गरी जग्गा खरिद गर्ने परिवार यस्तो अवसरबाट वञ्चित भएका छन्।

१. http://www.nagariknews.com/news/35658/ २०७४ पुस ३१ गते हेरिएको

उनीहरूलाई भूकम्पपछि जग्गा खरिद गरिएको आधारमा उक्त रकम दिने व्यवस्था गरिदिने हो भने उनीहरूले राहत पाउने थिए।[१]

विस्थापित परिवार आफ्नो पुरानो थातथलोमा गएर बस्न सक्ने अवस्था छैन। भूकम्पले ठाउँ नै क्षत्विक्षत बनाएकाले उनीहरूका लागि नयाँ सुरक्षित स्थान आवश्यक परेको हो। लामो समयदेखि जमिनको समेत चर्को भाडा तिर्नुपरेकाले उनीहरूको जीविकोपार्जनसमेत प्रभावित बनेको छ। र, समस्यामाथि समस्या थपिँदै गएका छन्।

पुर्खौंदेखि गुठी, विर्ता जग्गामा बसोबास भएका, भूमिहीन, सुकुमबासी तथा भौगोलिकरूपमै जोखिममा परेको ठाउँका बासिन्दा आफ्नो थातथलोमा फर्केर घर बनाउने अवस्था नरहेकाले बढी समस्या झेल्नुपरेको गुनासो गर्छन्। एकातिर यी गरिब किसानसँग जग्गा धनी प्रमाण पुर्जा छैन अर्कोतिर त्यही जग्गा पनि घर निर्माणका लागि उपयुक्त नभएकाले बिस्थापित हुनुको विकल्प उनीहरूसँग नरहेको हो। आफ्नो नाममा जग्गा धनी पुर्जा नभएका ३ सय ३५ परिवारको वडा सरजमिन मुचुल्काका आधारमा सम्झौता लिने र घर बनाउने प्रक्रिया सुरु भएको छ। जसअन्तर्गत ठूलो हाकु र हाकुवेसीका भूकम्प प्रभावितले पहिलेकै स्थानमा नयाँ घर निर्माण थाल्न सकेका हुन्।

विस्थापित भएपछि यी परिवारका लागि विद्यालय, हावापानी र अन्य वातावरण प्रतिकूल देखिएका छन् भने एउटै विद्यालयमा धेरै बालबालिका थपिँदा पठनपाठन व्यवस्थामै समस्या आएको छ। उदाहरणका लागि बोगटीटारस्थित नीलकण्ठ माविमा हृवात्तै बढेका विद्यार्थी व्यवस्थापन गर्न विद्यालय प्रशासनलाई हम्मे परेको छ। हाकु गाविसबाट विस्थापित भई सदरमुकाम धुन्चेमा बसिरहेका करिब ४ सय परिवारको समस्या पनि उस्तै छ। पुर्खौंदेखि बसिरहेको जग्गासमेत आफ्नो नभई स्वयम्भु पुरानो घ्याङ गुठीको नाममा रहेका उनीहरू त्यही जग्गाको स्वामित्व माग्दामाग्दै थाकिसके तर पनि पाएका छैनन् बरु उल्टै भूकम्पपछि विस्थापित पो हुन पुगे।

### सरकारी भूमिका

भूकम्पपछि विपद्मा परेका जिल्लाभरका पीडितको उद्धार र राहतको काममा सरकारी निकायको भूमिका सराहनीय रहृयो। सरकारी कर्मचारी र सुरक्षाकर्मीले विभिन्न गैरसरकारी निकायसँगको समन्वयमा उद्धार तथा राहतमा निकै योगदान पुऱ्याए। तर राहत र उद्धारपछिको पुनर्निर्माण कार्य भने निकै सुस्त हुन पुग्यो। अझ त्यसमा पनि विस्थापितको समस्यामा ध्यान दिने फुर्सद सरकारसँग भएन। राजनीतिक अस्थिरता, भएकै नीति पनि लागु नहुनु, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख फेरबदल भइरहनु जस्ता कार्यले ढिलो पुनर्स्थापनालाई सघाउने काम गरे। जसको सोझो असर रसुवाका विस्थापितको पुनर्स्थापनामा पनि पऱ्यो।

विस्थापितका समस्या समाधानका लागि धेरै छलफल, भेला, बैठक भए। विस्थापित क्याम्पमा राज्यका विभिन्नतवरबाट अनुगमन पनि भयो। प्रमुख जिल्ला अधिकारी र सरोकारवाला निकायका जिम्मेवार व्यक्तिहरूले पनि उनीहरूका समस्या धेरैपटक बुझे। यी सबै कार्यको परिणामस्वरूप अनुदान दिलाउने र जग्गा किन्ने काम त भएको छ तर यो गति भने निकै सुस्त छ।

आन्तरिक रूपमा विस्थापित व्यक्तिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय निर्देशक सिद्धान्तहरूको पालना गर्दै सरकारले आन्तरिक रूपमा विस्थाति व्यक्तिसम्बन्धी राष्ट्रिय नीति-२०६३ ल्याएको छ। सोही नीति भित्रको राहत तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत विस्थापितहरूको समस्या समाधान गर्न सरकार लागि परेको देखिन्छ। जिल्ला समन्वय समिति, जिल्ला दैवी प्रकोप उद्धार समिति, तत्कालीन सभासद् जनार्दन ढकालसमेतको पहलबाट खाल्टेमा नयाँ बस्ती बसाउने प्रयास भएको थियो। तर यो क्षेत्र त्रिशूली नदी कटानका कारण असुरक्षित भएको भूगर्भविद्को अनुगमन प्रतिवेदनपछि त्यहाँ बस्ती स्थानान्तरण हुन सकेन। तर पनि हाकु र डाँडागाउँका केही विस्थापित भने छाप्रो हालेर बसेका छन्। जग्गाको भाडा तिर्न नसकेपछि उनीहरू यही असुरक्षित जग्गामा बस्नुको विकल्प देखिरहेका छैनन्।

गत वर्ष नै विस्थापितको पुनर्वासको प्रक्रिया अघि बढाउनको लागि सम्भाव्यता अध्ययन तथा छलफलका लागि रसुवा पुगेका राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत गोविन्दराज पोखरेलले रसुवाका सम्पूर्ण विस्थापितलाई उर्पयुक्त स्थानमा तत्काल पुनर्वास गरिने बताएका थिए। उनले हाकु र डाँडागाउँबाट विस्थापित भएर उत्तरगया

१. ऐजन

गाउँपालिका स्थित लहरेपौवामा बस्दै आएका तीन सयभन्दा बढी विस्थापितलाई सार्वजनिक तथा सरकारी जग्गामा राख्नका लागि प्रक्रिया अघि बढाउने र जिल्लाका सम्पूर्ण बिस्थापितहरूको पुनर्वास हुनेमा ढुक्क हुन आग्रह गरेका थिए।[3] तर त्यो आश्वाशन अझै पूरा हुन सकेको छैन। अहिले पनि सरकारी तथा अधिकारकर्मीहरू विस्थापित समुदायको समेत पहलमा सुरक्षित बस्तीयोग्य क्षेत्र खोजिरहेका छन्। यस्तो जग्गा खोजेर सकेसम्म सामूहिक बस्ती बसाउने पहल सबैतिरबाट भइरहेको छ। समग्रमा भन्दा पहल भइरहेका छन् तर गतिचाहिँ निकै ढिलो छ भन्ने हो।

**गैससको भूमिका**

भूकम्पलगत्तै भूकम्पपीडितलाई सघाउन जिल्लामा धेरै गैरसरकारी संस्था आए तर जति पछि भयो उति उति उनीहरूको उपस्थिति र सक्रियता ओरालो लाग्दै गएको देखिन्छ। तर पनि विस्थापितका सवालमा केही संस्थाले सहयोग उपलब्ध गराइरहेका छन्। उनीहरूको जीविका, स्वास्थ्य, सरसफाइ र अधिकार वकालतका लागि ती संस्थाको भूमिका सकारात्मक देखिन्छ। भूकम्पपछि जिल्लामा निजी आवास निर्माणमा सहयोग गर्नेदेखि विद्यालय र स्वास्थ्य केन्द्र बनाइदिनसम्म धेरै संस्था अघि सरे। यसै क्रममा इन्सेकले थाइ भोलेन्टियर्स समूहको सहयोगमा उत्तरगया गाउँपालिका-४, कर्मीडाँडाको दलित समुदायमा ४ वटा अस्थायी घर निर्माण गरेको थियो।

पछिल्लो समय जिल्ला भूमि अधिकार मञ्चको निरन्तर वकालतपछि सुरक्षित घडेरी नभएका विस्थापितका लागि थप २ लाख रुपियाँ अनुदान दिने निर्णय सरकारबाट भयो। त्यसपछिमात्र यसका लागि निवेदन दिने, पैसा लिने र जग्गा खरिद गर्ने प्रक्रिया सुरु भएको हो। ७८ परिवारले जग्गा खरिद गरी घर बनाउन सुरु गरेका यही प्रक्रियाअन्तर्गत हो। घडेरी खरिद गर्न २ लाख र आवास निर्माणका लागि ३ लाख पाएपछि धेरैको ध्यान यसतर्फ मोडिएको छ। अहिले जिल्लाभर ७ सयभन्दा बढी परिवार भौगोलिक जोखिम तथा आफ्नो स्वामित्वमा जग्गा नभएका कारण विस्थापित जीवन बिताइरहेका सन्दर्भमा गैससको समन्वय, सल्लाह र दबाबमा सरकारले ल्याएको 'घडेरी अनुदान नीति' समस्या समाधानको राम्रो मार्ग बन्न पुगेको छ। यो अभियानको अर्को सकारात्मक पक्ष भनेको यसरी किनिएको घडेरीमा श्रीमान्-श्रीमती दुवैको संयुक्त स्वामित्व हुने व्यवस्था हो।

**समस्या समाधानको मार्ग**

प्राकृतिक प्रकोपका कारण थातथलो छाड्नुपरेका विस्थापितले त्यही ठाउँमा पुनर्निर्माण सम्भव नभएको बुझिसकेका छन्। किनकि सरकारी निकायले नै यसलाई पुस्टि गरिसकेका छन्। यस्तो अवस्थामा तत्काल उनीहरूको बस्ती स्थानान्तरण गर्नुपर्थ्यो। तर तीन वर्ष बित्न लाग्दासमेत भर्खर प्रक्रिया सुरु हुनु सुखद् विषय हैन। त्यसैले अब ढिलै भए पनि प्रक्रिया सुरु भएको छ जसलाई राज्यले तीव्रतररूपमा अघि बढाउने नीति अख्तियार गर्नुपर्छ। सँगै जिल्लामा कार्यरत राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले पनि यसमा सक्दो सघाउनु आवश्यक छ।

कानुन र नीति छन् तर कार्यान्वयनमा समस्या छ। यही कारण पनि विस्थापितका समस्या समाधानको मिति लम्बिएको देखिन्छ। पहिलो कुरा त विस्थापितको बस्ती सुनिश्चित गर्न राज्य नै अग्रसर हुनुपर्छ भने दोस्रो कुराचाहिँ यसका लागि स्थानीय सरकार, राजनीतिक दल, सञ्चारकर्मी, अधिकारकर्मी तथा सामाजिक सङ्घ/संस्थाले हातेमालो गर्दै अघि बढ्नुपर्छ। सुरुका दिन केही संस्थाले पीडितहरूलाई तनावबाट मुक्त गराउने उद्देश्यले मनोसामाजिक परामर्श पनि दिएका थिए तर अहिले त्यसको पनि आवश्यकता खड्किएको छ। यसतर्फ पनि सोचिनु आवश्यक छ।

**विस्थापितका पीडा**

भूकम्पले ३२ महिना पूरा गर्दा तीन गर्मी र तीन जाडो मौसम पार भइसकेको छ। यस अवधिमा जस्ताको टहरोमा दिन/रात बिताउनु कम्ता दुःखको विषय हैन। अझ त्यसमाथि पनि ज्येष्ठ नागरिक, गर्भवती र सुत्केरी महिला, अपाङ्गता भएका तथा बालबालिकाको हालत त बिजोग हुने नै भइहाल्यो। अर्कोतर्फ दुई छाक खानकै लागि सङ्घर्ष गर्नुपरेको अवस्थामा बसेको जमिनको भाडासमेत तिर्नुपर्ने बाध्यताले ऋणमाथि ऋण थप्ने काममात्र गरेको छ। जसले उनीहरूलाई थप तनाव सिर्जना गरेको देखिन्छ।

बस्तीमा धेरै मानिस बस्ने र मजदूरीका अवसर सबैलाई प्राप्त नहुने भएकाले काम गर्नसमेत निकै टाढा जानुपर्छ। अझ यस्तो बेलाबेला छलफल, सार्वजनिक

३. http://www.todaykhabar.com/2017/03/15/72687/

सुनुवाइ, लागत सङ्कलन जस्ता विषयमा सरकारी तथा गैरसरकारी निकायमा मानिस आइरहने भएकाले त्यस्तो बेला काममा जान नपाउँदा छाक टार्नैसमेत समस्या हुने गरेको छ। त्यसमाथि स्थानीय जग्गावालाले पटकपटक जग्गा छाड्न दिने गरेको दबाबले पनि उनीहरू मानसिक तनाव झेल्न बाध्य हुँदै आएका छन्।

पहाडी बस्तीका यी विस्थापित भूकम्पपीडित आर्थिकरूपले हरितन्नम छन्। उनीहरूमध्ये कतिपयले त सरकारी अनुदानसमेत पाउन सकेका छैनन्। यसको कारण थाहा नपाए पनि बोलिदिनेसमेत कोही भेटेका छैनन्। पहुँच नपुगै कारण सम्बन्धित ठाउँमा गुनासोसमेत पुगेको छैन। घर बनाइरहेकाले पनि सरकारी अनुदानमा आफ्नो रकम थप्ने हैसियत नभएकाले एककोठे सानो घर बनाइरहेका छन्। जबकि यसबाट गुजारा चलाउन कठिन हुने चिन्ताले अहिल्यैदेखि सताउन थालिसकेको छ उनीहरूलाई।

### खाद्य अधिकार

आफ्नो थातथलो छाडेर आएका विस्थापितसँग न उनीहरूले जोत्दै आएको जमिन छ न त पशुपक्षी नै। उद्योग धन्दा नभएकाले रोजगारी हुने कुरै भएन। ज्याला मजदूरी गर्नसमेत अभाव छ। भूकम्पको सुरुसुरुताका त जसोतसो विभिन्न निकायले दिएका राहतले धानेको थियो। केही दिन निकै दुःख बेहोर्नुपरे पनि र भोकै पर्ने अवस्था आए पनि पछिल्ला केही दिन सहज भएका थिए। तर यतिखेर भने उनीहरूको खाद्य अधिकार सङ्कटमा परेको छ।

केही गिट्टी कुट्ने र केहीचाहिँ जे पाइन्छ त्यही ज्याला मजदूरी गर्ने काममा लागेका देखिन्छन्। तर अपा ता भएका, टुहुरा बालबालिका र ज्येष्ठ नागरिकमात्र भएको परिवारमा खाद्यन्नको जोहो हुन नसक्दा निकै समस्या देखिन्छ। पाए पनि ज्याला मजदूरी गर्न नसक्ने अशक्त परिवारको पनि स्थिति दयनीय देखिन्छ। कतै तरकारी खेती गरेर जीविका धानौं भने पनि एक टुक्रा जमिन छैन उनीहरूसँग। धेरै विस्थापितको खाद्यान्न समस्या चर्को रहेको एक विस्थापित पूर्ण तामाङले बताए।

मलेसियामा दुःख गरेर ल्याएको रकमले ८० वटा बाख्रा किनेर ८ महिनाअघि पाल्न सुरु गरेका थिए डाँडागाउँ-८ का किसान सिङ्गा लामाले। तर भूकम्पले घर र यी बाख्रा त लग्यो नै, साथै दुई छोरासमेत गुमाउनुपर्दाको पीडा राम्रोसँग सुनाउनसमेत सक्दैनन् उनी। अहिले उनी खड्कुमा छाप्रो हालेर बसेका छन्। यस्तो अवस्थामा खानकै लागि सङ्घर्ष गर्ने लामा जस्ता धेरै दुःखी भेटिन्छन् विस्थापित बस्तीभरि।

**तथ्य/तथ्याङ्क**

| क्र.सं. | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | जोखिममा रहेको बस्ती | २९ |
| २ | घर | ८२१ |
| ३ | विस्थापित जनसङ्ख्या | २६०९ |
| ४ | महिला | १२९८ |
| ५ | बालबालिका | १४७९ |
| ६ | जिल्लाभर विस्थापत परिवार | ६३९ |
| ७ | घरमूली पुरुष भएको परिवार | ५९८ |
| ८ | घरमूली महिला भएको परिवार | ५१ |
| ९ | टुहुरा बालबालिका | १४४ |
| १० | भूकम्पमा ज्यान गुमाएका बालबालिका | १५४ |
| ११ | घाइते बालबालिका | १२९ |
| १२ | भूकम्पका कारण अपाङ्गता भएका बालबालिका | ४ |
| १३ | हराइरहेका बालबालिका | ४ |
| १४ | टुहुरा बालबालिका | ९३ |

### भूमि अधिकार

तत्कालीन हाकु र डाँडागाउँ गाविसमा बस्दै आएका ५ सय ४५ परिवारको जग्गा भूकम्पपछि आएको सुक्खा पहिरोले बगायो। त्यसपछि बस्न सकिने अवस्था भएन। अनि विस्थापित हुनुको विकल्पै रहेन। उनीहरूको नाममा अन्य कुनै पनि ठाउँमा जग्गा छैन। पुस्तौंदेखि उपभोग गर्दै आएको जमिन बगाएपछि भूमिको अधिकारबाट वञ्चित हुने नै भए।

भूकम्पपीडित परिवारमध्ये घर आंशिक क्षति भएकालाई ७ हजार र पूर्णरूपमा क्षति भएकालाई १५ हजार रुपियाँ सरकारले तत्काल वितरण गरेको थियो। त्यसबाहेक जाडोका लागि न्यानो कपडा किन्न भनेर १० हजार रुपियाँ पनि प्रदान गरेको थियो। यसबाहेक सरकारले पटकपटक धेरै कुरा गरेको छ भूकम्पपीडितका लागि भनेर। तर जसको आवास निर्माण गर्ने जग्गा नै छैन, पहिलेकै थलोमा पनि बनाउने सम्भावना छैन, उनीहरूका लागि यी घोषणा 'कागलाई बेल पाक्यो हर्ष न बिस्मात' हुँदै आएको छ। 'जग्गा नै नभई कहाँ घर बनाउने ? सबैभन्दा पहिले

बस्न पाए पो अरु सुविधा खोज्ने', हाकुबाट विस्थापित स्वास्थ्य स्वयम्सेविका बुटी तामाङले भनिन्- ३२ महिना बित्यो गर्मी, चिसो, वर्षात खेपेको। अझै कतिवटा खेप्नुपर्ने हो पत्तो छैन। यस्तो अवस्थामा भूमि अधिकारको कुरै के रह्यो र ?

**विस्थापितका समस्या**

शिक्षा, स्वास्थ्य, खाद्यान्न, आवास र पिउने पानीलगायत समस्या झेलिरहेका विस्थापितहरू गर्मी, वर्षा र चिसोका कारण उत्पन्न हुने रोगबाट पनि सुरक्षित छैनन्। बस्ती स्थानान्तरण हुन नसक्दा उनीहरूका समस्या घट्नुको सट्टा दिनहुँ बढ्दो छ। त्यसमध्ये पनि ज्येष्ठ नागरिक, अपाङ्गता भएका, सुत्केरी र गर्भवतीले भोग्नुपरेका समस्या बयान गरिसाध्य नै छैन।

छोराछोरीलाई विद्यालय पठाउनका लागि विद्यालय पोशाक, कापी/कलम किन्नसमेत समस्या झेलिरहेको परिवार थुप्रै भेटिन्छन् बस्तीहरूमा। यसबाहेक स्थानीयले विस्थापितका रूपमा गर्ने व्यवहारले पनि कतिपय अवस्थामा उनीहरूको चित्त दुखाएको छ। अर्थात सामाजिकीकरण प्रक्रियामा पनि समस्या देखिएको छ।

**कानुनी तथा नीतिगत व्यवस्था**

विभिन्न समयमा सरकारद्वारा घोषित नीति, नियम, कार्यविधिमा भूकम्प प्रभावितहरूको आवास निर्माणका लागि अनुदान दिने, पुनर्निर्माण समयमै गर्ने र विस्थापितहरूको बस्ती स्थानान्तरण गरी उनीहरूलाई सुरक्षित स्थानमा सारिने उल्लेख हुँदै आएको छ। तर यस्ता घोषणा, नीति कार्यान्वयनमा भने समस्या देखिएको छ। कार्यान्वयन भएकाको गति पनि निकै ढिलो छ। विस्थापितको पुनर्स्थापनामा यसको पनि राम्रै भूमिका रह्यो।

**सहयोगको अवस्था**

विभिन्न सामाजिक सङ्घ/संस्थाले पनि विस्थापित क्याम्पमा सघाउने प्रतिबद्धता गरे। तर आवास निर्माण तथा उनीहरूको बस्ती स्थानान्तरणमा भने उल्लेख्य काम हुन सकेन। जिल्ला भूमि अधिकार मञ्चको पैरवीका कारण सामरिटेन्स पर्स नामक अन्तर्राष्ट्रिय संस्थाले खाल्टेमा बस्ती स्थानान्तरणका लागि जिल्ला दैवी प्रकोप उद्धार समितिसँग समन्वय गरेर जग्गा समथर बनाएको थियो। तर त्यहाँ त्रिशूली नदीले कटान गर्ने सम्भावना देखिएपछि त्यो कार्य पनि अघि बढ्न सकेन। अहिले पनि त्यहाँ हाकुबाट विस्थापित झण्डै १ सय परिवार छाप्रा हालेर बसेका त छन् तर उनीहरूको सुरक्षाका लागि पनि थप कार्य हुन सकेको छैन।

**टुहुरा बालबालिकाको समस्या**

विस्थापित क्याम्पहरूमा टुहुरा बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका, गर्भवती तथा सुत्केरी महिला कष्टकर जीवन व्यतीत गर्न बाध्य छन्। यिनीहरू उच्च जोखिममा देखिन्छन्। आवासमात्र नभई उनीहरूको शिक्षा, स्वास्थ्य जस्ता आधारभूत अधिकारसमेत खोसिएको छ। तर विडम्बना, टुहुरा बालबालिका तथा उच्च जोखिम मोलिरहेका विस्थापितका लागि विशेष कार्यक्रम थाल्नुपर्ने आवश्यकतासमेत कसैलाई महसुस हुन सकेको देखिन्न।

**सञ्चार माध्यमको भूमिका**

आफ्नो थातथलो छाडेर विस्थापित हुन बाध्य भूकम्प प्रभावितहरूको आवास अधिकार र जीविका सम्बन्धमा जिल्लामा क्रियाशील पत्रकारहरूले राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यममा समाचार, लेख प्रशस्त प्रशारण/प्रकाशन गरेका छन्। तर पनि राज्यले यसतर्फ उचित ध्यान दिन नसक्दा उनीहरूको आवास पुनर्निर्माणको कार्यमा ढिलाइ हुँदै आएको छ। त्रिशूली, प्रवाह, त्रिशूली खबर साप्ताहिकलगायत केन्द्रबाट प्रकाशन हुने नागरिक, कान्तिपुर, गोरखापत्र, नयाँ पत्रिका जस्ता दैनिक पत्रिकामा यसबारे धेरै समाचार छापिएका छन्। स्थानीय ३ वटा रेडियो, अनलाइन र छिमेकी जिल्लाका सञ्चार माध्यमले समेत यहाँका विस्थापितका सवाललाई प्राथमिकतासाथ प्रचार/प्रसार गरेका पाइन्छ। जसका कारण निर्णायक तहमा निर्णय लिन र नागरिक समाजका लागि पैरवी अभियान गर्न वातावरण सिर्जना भएको छ।

**निष्कर्ष तथा सुझाव**

- त्रिशूली नदी किनारमा बस्दै आएका विस्थापितको उचित बासस्थानका लागि जग्गा खोजी पुनर्स्थापित गर्नुपर्ने।
- भूकम्पपीडितलाई परिचयपत्र वितरण भएजस्तै विस्थापितको तथ्याङ्क सङ्कलन गरी परिचयपत्र वितरण गरिनुपर्ने।

- आफ्नो नाममा जग्गा नभएका पीडितलाई घडेरी किन्न दिने भनिएको २ लाख रुपियाँ अनुदान तत्काल उपलब्ध गराउनुपर्ने।
- निजी आवास निर्माण थालनी गर्दा अति गरिब परिवारका लागि सरकारले सामूहिक जमानीमा दिने भनिएको ३ लाख रुपियाँ निर्ब्याजी उपलब्ध गराउनुपर्ने। जसले गर्दा घर बनाउन सहज हुनेछ।
- उनीहरूका लागि आधारभूत सेवा गाँस, बास, कपास, शिक्षा, स्वास्थ्यको उचित प्रबन्ध मिलाउनुपर्ने।
- रोजगारी, आयआर्जन, स्वरोजगारलगायत कार्यक्रममा विस्थापितलाई प्राथमिकता दिनुपर्ने।
- राज्यले दैवी प्रकोप उद्धार, भूमि अधिकार, शिक्षा, खाद्य जस्ता ऐन, नियम, नीतिको अक्षरश: पालना गर्नु/गराउनुपर्ने।

**सन्दर्भ सामग्री**


१. इन्सेक अनलाइन
२. लाइटाइ न्युज डट कम
३. रसुवाखबर डट कम
४. नागरिकन्युजडटकम
५. नयाँ प्रवाह अनलाइन
६. त्रिशूलीप्रवाहडटकम
७. नेपालको संविधान २०७२
८. विपद् व्यवस्थापन दिग्दर्शन
९. जिल्ला दैवी प्रकोप उद्धार समिति, रसुवा
१०. जिल्ला समन्वय समिति, रसुवा
११. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
१२. पुनर्निर्माणसम्बन्धी ऐन, नियम, मापदण्ड तथा कार्यविधिहरू
१३. विभिन्न स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका
१४. नेपाल मानव अधिकार वर्ष पुस्तक २०१६ र २०१७
१५. स्थानीय पत्रपत्रिका
१६. जिल्ला भूमि अधिकार मञ्च र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका प्रतिवेदनहरू

परिच्छेद ३

# ३.४ केन्द्रविन्दु गोरखा : भूकम्पपछिको सुस्त पुनर्निर्माण

**पृष्ठभूमि**

२०७२ वैशाख १२ गते शनिबार ११.५६ बजे गोरखाको बारपाक केन्द्रविन्दु भएर ७.८ रेक्टर स्केलको भूकम्प आयो। जसमा परेर गोरखामा मात्र ४ सय ७२ जनाले ज्यान गुमाए। १ हजार जना घाइते भए। जिल्लाका अधिकांश सरकारी र निजी संरचनामा पूर्ण वा आंशिक क्षति पुग्यो।

धर्ती हल्लिएर भएको मानवीय र भौतिक क्षति गोरखाली जनताको मानसपटलबाट अझै हट्न सकेको छैन। त्यसपछि पनि लगातार पराकम्प आइरहे। यस्ता पराकम्पले पनि क्षति बढाउने मात्र काम गऱ्यो। भूकम्पको खपेका स्थानीयको त्यसपछिको दैनिकी झनै कष्टकर बन्न पुग्यो। 'भूकम्पको त्रासमात्र भोग्नुभन्दा पनि यो गोरखालीका लागि अवसर पनि हो, अब भूकम्प बेचेर खानुपर्छ' भन्दै जिल्लामा पुनर्निर्माण अभियान सुरु भयो।

भूकम्पको केही महिनापछि गोरखाको विकास निर्माण र पुनर्निर्माण गरी जिल्लाकै मुहार फेर्न भूकम्पले अवसर सिर्जना गरेको बताउँदै भाषण गर्नेहरूको प्रतिस्पर्धा नै चल्यो। भूकम्पको केन्द्रविन्दु बारपाकमा राष्ट्रपति विद्यादेवी भण्डारी देखि तत्कालीन प्रधानमन्त्री सुशील कोइराला, केपी शर्मा ओली, पुष्पकमल दाहाल सबै आए। उनीहरू सबैले उस्तै भाषण दोहोऱ्याए- 'अब पुनर्निर्माणले तीव्रता पाउँछ।' भूकम्पपछि पनि देशमा ठूला ठूला राजनीतिक परिवर्तन भए। स्थानीय र सङ्घीय तथा प्रादेशिक चुनाव सम्पन्न भयो। देश सङ्घीयतामा गयो। चुनावमा मत माग्न जाने सबै उम्मेदवारको मसला बन्यो- पुनर्निर्माण।

तर, भूकम्पको ३२ महिना बितिसक्दा समेत पुनर्निर्माण कार्यले गति लिएको छैन। पीडितका समस्या उस्तै छन्। तेस्रो बर्खा र तेस्रो हिउँद पनि टहरोमै बिताएका भूकम्प पीडित झनै समस्यामा पर्दै गएका छन्। तर पुनर्निर्माण कार्यकै लागि गठित राष्ट्रिय पुनर्निर्माण प्राधिकरण यसप्रति चिन्तित देखिन्न।

**अध्ययनको उद्देश्य**

गोरखा २०७२ वैशाख १२ गते आएको भूकम्पको केन्द्रविन्दु भएको जिल्ला हो। भूकम्पले पुऱ्याएको क्षतिपछि जिल्लाको पुनर्निर्माण कहाँ पुग्यो, पीडितको अवस्था कस्तो छ भनेर प्रकाशमा ल्याउनु यो अध्ययनको मुख्य उद्देश्य हो। यसबाहेक अध्ययनका सहायक उद्देश्य निम्न छन् :

- भूकम्पपछि पुनर्निर्माण कार्यले कतिको तीव्रता पायो र जिल्लामा पुनर्निर्माण किन तीव्र गतिमा हुन सकेन भन्ने खोतल्नु।
- भूकम्पको ३२ महिना पुग्दा पीडितको अवस्था कस्तो छ ? उनीहरूका समस्या कस्ता छन् भन्ने विषय प्रकाशमा ल्याउनु।
- सरकारी निकायले भूकम्प पीडितका समस्यालाई कसरी लिएका छन् ? जिल्लाको पुनर्निर्माण कार्यमा किन तीव्रता आएन भनेर सम्बन्धित निकायको ध्यानाकर्षण गराउनु।

**अध्ययनको महत्त्व**

भूकम्प पीडितको समस्या अन्य जिल्लाको तुलनामा गोरखामा बढी छ। इपिसेन्टर भएकै कारण यहाँ अन्यत्र भन्दा धनजन र मानवीय संवेदनाको क्षति बढी छ। हुन त भूकम्पबाट अति प्रभावित १४ जिल्लाकै पुनर्निर्माण कार्यले तीव्रता पाउन सकेको छैन। भूकम्पको केन्द्र भएकाले गोरखाले पुनर्निर्माणमा प्राथमिकता पाउनु पर्थ्यो तर अन्य जिल्लाको स्थितिभन्दा पृथक अवस्था रहेन। यस्तो सन्दर्भमा पुनर्निर्माणले तीव्रता पाउन नसक्नुका कारण खोतल्दै समस्या बताइदिने र समाधान पनि सुझाउने भएकाले यो अध्ययनबाट पुनर्निर्माण प्राधिकरण तथा अन्य सम्बन्धित निकायलाई पनि समस्या समाधानका लागि सघाउ पुग्न सक्छ। सरकार, पुनर्निर्माण प्राधिकरण मात्र हैन, जिल्ला समन्वय समिति, स्थानिय तहहरू र राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले पनि वास्तविक समस्या र त्यसलाई

छिमोल्ने सामग्रीका रूपमा यो अध्ययनलाई उपयोग गर्न सक्ने भएकाले यसको महत्त्व दूरगामी छ।

### अध्ययनको विधि

- स्थलगत अध्ययन (भूकम्प प्रभावित गाउँ र बस्तीहरू)
- भूकम्पपीडितसँग छलफल र अन्तरक्रिया
- सम्बन्धित कार्यालयका पुनर्निर्माण हेर्ने प्रमुखसँग प्रत्यक्ष कुराकानी
- स्रोत सामग्री (पत्रपत्रिका) सञ्चार माध्यम

### अध्ययनको सीमा

- यो अध्ययन भूकम्प पीडितले भोग्दै आएका समस्या र त्यस्तो समस्या समाधानका लागि राज्य र सरोकारवालालाई सचेत गराउनेमा केन्द्रित छ।
- ३२ महिनादेखि सरकारले पुनर्निर्माण कार्यमा गरेको काम र यस क्रममा देखिएका चुनौतीका विषयमा जानकारी गराउन खोजिएको छ।
- पीडितका समस्या सम्बन्धित ठाउँ र व्यक्ति/परिवारबाटै सङ्कलन गरिएको छ।

### समस्याको परिचय

२०७२ वैशाख १२ को भूकम्पको केन्द्रविन्दु गोरखामा सबैजसो निजी आवास, स्वास्थ्य संस्था, विद्यालय र सरकारी कार्यालय भत्कन पुगे। 'खाना र छाना ठूलो कुरो रहेछ' बारपाकका सुरबहादुर घलेले बताए- 'भूकम्पपछि जाडो र वर्षात अस्थायी टहरोमा बिताउनुको पीडा हामी बाहेक कसले बुझ्यो र ?' हो पनि, बस्ने आवास नहुँदा उनीहरूको बसाइँ कष्टकर बन्न पुगेको छ। अधिकांश पीडितहरू जस्तापाताले बनेको अस्थायी टहरोमा दिनरात काटिरहेका छन्। केही भूकम्प पीडित सरकारले उपलब्ध गराएको ३ लाख रुपियाँ लिएर आवास निर्माणमा व्यस्त देखिन्छन् भने केही भूकम्प पीडित चाहिँ भूकम्पले चर्काएकै जोखिमपूर्ण घरहरूमा बसिरहेका छन्।

### स्वास्थ्य संस्थाको अवस्था

भूकम्पका कारण जिल्लाको ५५ वटा स्वास्थ्य संस्थामा पूर्णरूपमा क्षति पुग्यो। २२ वटा आंशिक क्षति भए। राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सहयोगमा जिल्लाका अधिकांश स्वास्थ्य संस्थाको भवन निर्माण भइसकेको छ। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार ४७ वटा स्वास्थ्य संस्थाको भवन पुनर्निर्माण भइसकेको छ। पुनर्निर्माण हुन बाँकी ८ वटा स्वास्थ्य संस्था मध्ये केही बनिसकेर हस्तान्तरण हुन बाँकी छन् भने एकाध चाहिँ निर्माण कार्य नै सुरु नै भएको छैन।

लाप्राक र माछाखोला स्वास्थ्य चौकीको सेवा अझै पनि टहरोबाट दिनुपर्ने बाध्यता छ। माछाखोला स्वास्थ्य चौकी भवन अझै निर्माण सुरु नभएको जिल्ला जनस्वास्थ्य कार्यालयका हेल्थ असिस्टेन्ट नानीबाबु दानीले जानकारी दिए। लाप्राक, नाम्जुङ, आरुपोखरी, थुमी, लापु र मान्बु स्वास्थ्य चौकी भवन भने निर्माणाधीन छ। नाम्जुङ, आरुपोखरी, लाप्राक, गुम्दा र माछाखोला स्वास्थ्य संस्था निर्माणको जिम्मा युनिसेफले लिएको छ। थुमी र लापुको भवन निर्माणको जिम्मा गुड नेभर्स इन्टरनेसनलले पाएको छ। १६ डिसेम्बरसम्म भवन निर्माण सक्ने लक्ष्य भएपनि यो अवधि सकिँदासम्म केही स्वास्थ्य संस्थाको भवन निर्माण भएका छैनन्।

आंशिक क्षति पुगेका स्वास्थ्य संस्थाको भवन भने मर्मत गरिएको जनस्वास्थ्य कार्यालयले जनाएको छ। पुनर्निर्माण नभएका स्वास्थ्य संस्थाले अस्थायी टहरोबाटै सेवा दिइरहेका छन्। यस्ता चौकीमा औषधि राख्न देखि दिनभर स्वास्थ्यकर्मी बस्न समेत कठिन हुने गरेको स्वास्थ्यकर्मीको गुनासो छ। बिरामीहरूको उपचार त झन चुनौतिपूर्ण छ।

### गोरखा अस्पताल

जिल्ला सदरमुकामस्थित गोरखा अस्पतालको भवनमा पनि भूकम्पबाट क्षति पुग्यो। भूकम्प लगत्तै अस्पतालमा पाल टेण्ट हालेर सेवा दिइए पनि अहिले भने पुरानै भवन मर्मत गरेर सेवा उपलब्ध गराइएको छ। अस्पतालको नयाँ भवन बन्ने प्रक्रियामा रहेको मेडिकल सुपरिटेन्डेन्ट श्रीराम तिवारीले जानकारी दिए। यो अस्पतालको भवन जर्मनीको केएफडब्लु नामक संस्थाले मन्त्रालयसँग समन्वय गरेर बनाउन लागेको हो। १५ बाट ५० शैयामा स्तरोन्नति भएको अस्पतालमा नयाँ भवन नबन्दा 'फुल फेज' मा चलाउन समस्या परेको छ। यतिबेला पुरानै भवन 'रेक्ट्रोफिटिङ' गरेर जेनतेन चलाइएको छ।

### पिउने पानी

भूकम्पका कारण गोरखाका ५ सय १३ ठाउँका पानीको मुहान तथा धारामा क्षति पुग्यो। तीमध्ये ३ सय ५ वटा धारा र मुहानको मर्मत भइसकेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय गोरखाले जनाएको छ। ७५ वटा क्रमागत योजना अन्तर्गत काम

भइरहेको सोही कार्यालयका प्रमुख रत्न लामिछानेले जानकारी दिए। पानीकै कारण कतिपय ठाउँमा पुनर्निर्माण नै प्रभावित भएको छ। त्यस्ता ठाउँमा ठूला आयोजना सञ्चालन गर्नुको विकल्प नभएको लामिछाने बताउँछन्। ताकुकोट, बुङ्कोटको वयाक लगायत क्षेत्रमा भूकम्पपछि पानीको ठूलो समस्या देखिएको छ। र, यही कारण पुनर्निर्माण समेत प्रभावित बनेको छ। पानी नभएकै कारण कतिपय भूकम्पपीडित घर बनाउन वर्खा याम कुरेकोसमेत पाइन्छ। बुंकोट, नाम्जुङ, ताकुकोट, पाँचखुवा देउराली, मुच्चोक, सौरपानी, लाप्राक र गुम्दामा पानीको समस्या देखिएको छ। 'खानेपानी छैन, खानेपानी लिन घण्टौ लाइन वस्नुपर्छ,' ताकुकोटकी मैयाँ सुनारले भनिन् 'घर बनाउने पानी कहाँ बाट ल्याउने अब वर्खा शुरु भएपछि घर बनाउने सोच बनाएका छौं।'

**बनेका घर**

भूकम्पको केन्द्र विन्दु गोरखाका ६ हजार १ सय ७ भूकम्पपीडितलाई निजी अवास निर्माणका लागि तेस्रो किस्ता सिफारिस भएको छ। जिल्ला पुनर्निर्माण कार्यालयका अनुसार १७ हजार ४ सय९२ जनाले दोस्रो किस्ता बापतको १ लाख ५० हजार बुझेका छन्। निजी आवास निर्माणका लागि ५६ हजार ७ सय २६ जनाले पहिलो किस्ताको ५० हजार रकम लगे पनि आधा भन्दा बढीले घर निर्माण नै सुरु गरेका छैनन्। गोरखामा ६१ हजार ३ सय ९३ भूकम्प पीडितको नाम लाभग्राही सूचीमा समावेश छ।

पुनर्निर्माण प्राधिकरणको अनुदान वितरण कार्य विधिमा कडाइ हुँदा पछिल्लो समय केही भूकम्प पीडितले घर निर्माणमा तीव्रता दिएको देखिन्छ। तर अनुदान सम्झौताको दर हेर्दा पर्याप्त भने छैन। अनुदान वितरण कार्यविधिमा यसअघि पहिलो किस्ता लिइसकेका भूकम्प पीडितले २०७४ पुस मसान्तभित्र दोस्रो किस्ता लिनुपर्ने उल्लेख छ भने २०७५ जेठ मसान्तभित्र तेस्रो किस्ता लिनैपर्छ। 'पहिलो किस्ता नलिएका भूकम्पपीडितले २०७४ पुस मसान्तभित्र पहिलो किस्ता, २०७४ चैत मसान्तभित्र दोस्रो र २०७५ असार मसान्तभित्र तेस्रो किस्ता लिनुपर्ने कार्यविधिमा छ'- पुनर्निर्माण प्राधिकरण गोरखाका प्रमुख शिव पौडेलले भने- 'कार्यविधिको कुरो भूकम्पपीडितसम्म पनि पुगिसकेको छ, त्यही भएर पनि घर निर्माण हुन थालेका देखिन्छ।'

**अलमलको कारण**

भूकम्प पीडितहरूले निर्माण सामग्रीको अभाव, दक्ष कामदार नभेटिनु र पानी समस्याका कारण घर निर्माण गर्न नसकेको पुनर्निर्माण प्राधिकरणका शिव पौडेल बताउँछन्। 'कतिपय ठाउँमा पानी नै छैन, ढुङ्गा इँटा, बालुवा र काठ पनि अभाव छ', पौडेलले थपे- 'उत्तरी गोरखामा सडक नहुँदा खच्चडबाट रड, सिमेन्ट, बालुवा लगायत निर्माण सामग्री बोकाएर लैजान समेत समस्या छ। यसकारण पनि घर बनाउन ढिला भएको छ।' ताकुकोट, बुङ्कोट लगायत क्षेत्रमा पानीकै समस्याले घर बनाउन ढिलाइ भएको पनि उनले दोहोऱ्याए। कतिपय ठाउँमा त सरकारले दिने ३ लाख रुपैयाँले घर बनाउन नपुग्ने भन्दै सुरु नगर्ने पनि भेटिएका छन्। उनीहरूको भनाइ छ- यति पैसाले निर्माण सामग्री किन्न पनि पुग्दैन। अरु थप्न आफूसँग छैन। 'तीन लाख रकमले के गर्ने, पैसा भएकाहरूको सँगैको घर विल्डीङ छ, तीन लाखले घर बनाउन त के सामान ल्याउन पनि पुग्दैन', बारपाककी नानु मायाँ घलेले भनिन् 'तीन लाख पैसाले घर बनाउन पुग्दैन भनेर बुझेर नै मैले घरको जग हाल्ने आँट गरेकी छैन।'

एकातिर धेरैको घर बनिसकेको अवस्था छ भने अर्कोतिर वास्तविक भूकम्प पीडित भएर पनि आफूहरू सरकारी अनुदान पाउनबाट वञ्चित भएको भन्दै निवेदन हाल्ने क्रम पनि पछिसम्म जारी छ। यसै क्रममा छुट घरको सर्वेक्षण समेत भएको छ। पुनर्निर्माण प्राधिकरणका अनुसार १२ हजार ३ सय २२ घरको पुनःसर्वेक्षण भएको छ। भदौमा यस्तो सर्वेक्षण भए पनि अझै टुङ्गोमा भने पुग्न सकेको छैन। त्यसबाहेक पनि १ हजार जतिले आफूहरू भूकम्प पीडित भए पनि सर्वेक्षणमा नपरेको भन्दै पुनर्निर्माण प्राधिकरण गोरखामा निवेदन दिएका प्रमुख पौडेलले जानकारी दिए। यी पनि यस्ता कारण हुन्, जसले गर्दा पुनर्निर्माणले गति लिन सकेको छैन।

**अलमल बस्ती स्थानान्तरणमा पनि**

भूकम्पका कारण गोरखाका धेरै बस्तीमा धाँजा फाटे भने केही बस्ती पहिरोको जोखिममा पनि परे। स्थानान्तरण गर्नुपर्ने बस्तीमध्ये लाप्राकमा घरहरू बनिरहेका छन्। एकै ठाउँमा गुजुमुञ्ज बस्ती रहेको लाप्राक गाउँका सबै घर पहिरोको जोखिममा परेपछि लाप्राककै गुप्सीपाखामा स्थानान्तरण गर्न लागिएको हो। ५ सय ७३ मध्ये ४ सय घर निर्माण भइरहेको छ। यहाँ सरकारी तथा गैरआवासीय नेपाली संघ (एनआरएन) ले

संयुक्त रूपमा पुनर्निर्माणको काम गरिरहेका छन्। त्यस्तै बगुवाको बस्ती स्थानान्तरण प्रक्रिया पनि जारी रहेको पुनर्निर्माण प्राधिकरणले जनाएको छ। त्यहाँको १ सय ३२ घरलाई बगुवाकै साविकको ४ नम्वर वडामा स्थानान्तरण गर्न लागिएको हो।

भूकम्पपछि जोखिममा रहेको केरौंजाको बस्ती स्थानान्तरणको प्रक्रिया भने कुरोमै सीमित छ। पुनर्निर्माण प्राधिकरणले भने यहाँको अवस्थाबारे भूगर्वविद्को प्रतिवेदन आउनै लागेको जनाएको छ। अन्य बस्ती स्थानान्तरणको भने प्रक्रियासमेत अघि बढ्न सकेको छैन। भूकम्पपछि मुच्चोकको घोप्टेस्थित २६ घर दलित बस्ती, सावदुर र राम्चेका घर स्थानान्तरण गर्नुपर्ने देखिएको छ।

त्यस्तै आरुघाट गाउँपालिका-५ आरुआर्वाडको राना गाउँका १३ घर पनि स्थानान्तरण गर्नुपर्ने भए पनि प्रक्रियासमेत सुरु भएको छैन। त्यस्तै बारपाकको मान्द्रेका ३२ घर स्थानान्तरण प्रक्रिया पनि अघि बढ्न सकेको छैन। ती सबै बस्तीमा भूकम्पपछि धाँजा फाटेका छन् भने बस्नका लागि अयोग्य देखिएको छ। केरौंजा र बगुवा बाहेक अन्य बस्न अयोग्य बस्तीहरूमा भुगर्वविद्ले विस्तृत अध्ययन गरेका छैनन्। स्थानीयहरू भने बस्तीमा धाँजा फाटेर वस्न नहुने भएको बताउँछन्। 'तलबाट पनि पहिरो गएको छ', केरौंजाका सुनबहादुर गुरुङले भने 'बस्न अयोग्य भनेकै ठाउँमा हामी बसिरहेका छौं।'

### के भन्छन् भूकम्पपीडित?

आफूहरूलाई तला भएको घरको नक्सा उपलब्ध गराइदिन जिल्लाका धेरैजसो भूकम्प पीडितले माग गरेका छन्। 'तला छापे पैसा पाईदैन भनेको छ, सरकारको ३ लाख र आफूले ३ लाख ऋण गरेर घर बनायो, दुई कोठे घरमा केही अट्दैन'- अश्राङका खड्कबहादुर आले मगरले गुनासो गरे। भूकम्प प्रतिरोधी घर कम्तीमा पनि एक तले बनाउन पाएको भए अन्नपात राख्न सहज हुने उनीहरूको भनाइ छ। 'भुइँतलामा सिमेन्ट प्रयोग गरेर अर्को तला माटोको हुनैपर्छ', ताकुमाझ लाकुरीबोटका खोपराज पोखरेलले भने- तला नभएको गोठ जस्तो घर हामीलाई कामै छैन।

भूकम्पअघि नै छुट्टिएर बसेको र कच्ची ढुङ्गा माटोको घर भत्किएको भए पनि लाभग्राही सूचीमा नाम ननिक्लिएको गुनासो अश्राङकै सविना खातुनले गरिन्। भीमसेन गाउँपालिकाका अध्यक्ष ईश्वर पाण्डे भने अनुदान पाउन छुटेका घरलाई यस्तो रकम उपलब्ध गराएरै छाड्ने दाबी गर्छन्।

भूकम्प पीडितहरू निजी आवास पुनर्निर्माण गर्न सरकारले दिने भनेको ३ लाखले नपुग्दा आफूहरू के गर्ने के भन्ने अन्योलमा परेको सुनाउँछन्। 'सरकारले दिन्छु भनेको रकमले घर बनाउने सामान किन्न पनि पुग्दैन,५० हजार त लिइयो तर यही कारण बनाइहाल्ने आँटै आउँदैन, ऋण कसैले पत्याउँदैन'- सौरपानीका डिल्ली ढकालको भनाइ छ। यस्तै यस्तै कारणले घर बनाउन नसक्दा पनि उनीहरू भत्किएकै घरमा टालटुल पारेर दिन/रात कटाउन बाध्य देखिन्छन्।

यसरी बस्नु रहर नभएर बाध्यता हो भन्ने उनीहरू बर्खामा पानी र जाडोमा सित चुहिएर सुत्नै गाह्रो परेको दु:ख पनि सुनाउँछन्। 'दुई कोठे घर बनाउन विभिन्न सर्त छ, ५० हजार बुझेर त राखेका छौं, खाएका छनौं, तर यो ५० हजारले भूकम्पले चर्काएको घर भत्काउन पनि पुग्दैन'- लाकुरीबोटका लोकबहादुर थापाले आक्रोश व्यक्त गरे। सरकारले मापदण्ड जारी नगर्दै बनेका घरलाई पनि एकमुष्ठ रकम दिन पीडितले माग गरेका छन्। अर्कोतर्फ कामदारको अभाव पनि घर निर्माणमा ढिलाइको कारण बनेको छ। भूकम्पअघि दुई/तीन सयमा कामदार पाइने गरेकामा अहिले दिनकै १ हजार रुपियाँ दिन्छु भन्दा पनि नपाइने गरेको पीडितको गुनासो छ।

### सुरक्षाकर्मी नै पालमा

बुङ्कोट, आर्खेत, सौरपानी, मान्वु, रातमाटे, बालुवा र घ्याम्पेसालका प्रहरी चौकी अझै पनि पालमुनि र टहरोमै छन्। हर्मीस्थित इलाका प्रहरी कार्यालयसमेतपालकै भरमा छ। पाल र टहरोबाट सेवा प्रवाह गर्न निकै समस्या भएको डिएसपी भेषराज रिजालले बताए। बुङ्कोट, रातमाटे र घ्याम्पेसालमा प्रहरी चौकी भवन बनिरहेका छन्। इलाका प्रहरी कार्यालय पालुङटारको भवन भने निर्माण भइसकेको छ। दु:ख र समस्यामा परेकालाई ओत दिनुपर्ने सुरक्षाकर्मीकै हालत यस्तो हुनुले पनि गोरखाको पुनर्निर्माण कुन गतिमा अघि बढिरहेको छ भन्ने जान्न मद्दत गर्छ।

### शैक्षिक अवस्था

#### विद्यालय

भूकम्पका कारण जिल्लाका सबैजसो विद्यालय आंशिक र पूर्णरूपमा क्षति भए। तर ४ सय ४४ विद्यालय मध्ये २ सय ५ वटाको मात्र पुनर्निर्माण

सम्पन्न भएको जानकारी जिल्ला आयोजना कार्यान्वयन एकाइ प्रमुख रामप्रसाद आचार्यले दिए। यसैगरी ३ हजार ५२ कक्षा कोठा पूर्णरूपमा ध्वस्त भएका थिए भने ११ सय ८५ कक्षाकोठामा आंशिक क्षति पुगेको थियो। १ सय ९ विद्यालय निर्माणाधीन अवस्थामा रहेको जानकारी जिल्ला शिक्षा कार्यालयले दिएको छ। धेरैजसो विद्यालयले अस्थायी टहरोमै कक्षा सञ्चालन गरिरहेका छन्।

विभिन्न गैरसरकारी संस्थाको सहयोगमा ती विद्यालय पुनर्निर्माण भएका हुन्। बाँकी विद्यालयका भवन पनि शिक्षा विभागले तोकेको मापदण्डभित्र रहेर शौचालय, पिउने पानीको सुविधासहित भूकम्प प्रतिरोधी हुने शिक्षा कार्यालयको दाबी छ।

जिल्ला शिक्षा कार्यालयले एकदेखि तीन कक्षासम्मको विद्यालयलाई ६ कोठा, एकदेखि पाँचसम्मकालाई आठ, एकदेखि आठसम्म सञ्चालनमा रहेका विद्यालयलाई १२ कक्षा कोठा आवश्यक पर्ने जनाउँदै त्यसैअनुसार भवन निर्माण भइरहेको जानकारी दिएको छ। त्यस्तै एक कक्षादेखि १० सम्म सञ्चालनमा रहेको विद्यालयलाई १५ र एकदेखि १२ कक्षासम्म सञ्चालनमा रहेका विद्यालयलाई १८ कक्षाकोठा आवश्यक पर्ने यो कार्यालयले जनाएको छ।

जिल्लाको २ सय ४४ विद्यालयमा घेराबार लगाउनुपर्ने देखिएको कार्यालयले जनाएको छ। २ सय ४४ वटै विद्यालयमा शौचालयसमेत बन्न सकेको छैन। त्यस्तै १ सय ५३ विद्यालयमा पिउने पानी सुविधा छ भने २ सय ९१ विद्यालयमा यस्तो सुविधा छैन। अन्तिमपटक विद्यालय पुनर्निर्माणको तथ्याङ्क प्राप्त गर्ने चरणमा रहेको पनि शिक्षा कार्यालयले जनाएको छ।

**विद्यालय निर्माणकर्ता**

जाइकाको सहयोगमा जिल्लामा २८ वटा विद्यालय निर्माणाधीन अवस्थामा छन्। यी सबै विद्यालय टेन्डर भएर निर्माणको प्रक्रियामा गएको छ भने ३० वटा विद्यालयचाहिँ जाइकाकै ऋण सहयोगमा निर्माणका लागि सर्वेको चरणमा छन्।

भारतीय दूतावासमार्फत १० वटा विद्यालय निर्माण हुने भनिएकामा कुनै पनि निर्माण सुरुभएको छैन। पाँच वटाको डिपिआर तयार भएको र अरुको चाहिँ सर्वे हुनै बाँकी रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ। भूकम्पअगावै भारतीय दूतावासले निर्माण प्रक्रिया सुरु गरेको हिमालय मावि घैरुङको भवन भने निर्माण प्रक्रियामा छ।

चीन सरकारले निर्माणको जिम्मा लिएको सिंजाली मावि, ताक्लुङको भवन पनि निर्माण प्रक्रिया नै सुरु भएको छैन। जिल्ला कार्यान्वयन एकाइले आर्थिक वर्ष २०७३/७४ मा निर्माण सुरु गरेको ९९ विद्यालयमध्ये ३० वटाको मात्र निर्माण सम्पन्न भएको छ। आर्थिक वर्ष २०७४/७५ मा पनि थप ९९ वटै विद्यालयको भवन निर्माण कार्यान्वयन एकाइले सुरु गरेको छ। सेभ द चिल्ड्रेनले चारवटा विद्यालय भवन निर्माणको जिम्मा लिएकामा सबै निर्माणाधीन अवस्थामा छन्।

उत्तरी गोरखामा निर्माण सामग्री लैजानै समस्या भएकाले साविकका १० गाविसका विद्यालय निर्माण प्रक्रियामै जान सकेका छैनन्। 'डिजाइन परिवर्तन गरेर भवन निर्माण गर्ने तयारी गरेका छौँ', कार्यान्वयन एकाइका आचार्यले भने- आरसिसी भवन बनाउनका लागि निर्माण सामग्री लैजानै समस्या भयो।

विद्यालय पुनर्निर्माण नहुँदा अस्थायी सिकाइ कक्षा निर्माण गरेर अध्ययन/अध्यापन गराइएको छ। ८ सय ६१ अस्थायी सिकाइ कक्षा निर्माण गरिएको छ। विद्यालय भवन पुनर्निर्माणमा प्रमुख चुनौतीका रूपमा कामदार अभाव पनि रहेको जिल्ला शिक्षा कार्यालय बताउँछ। 'निर्माण सामग्रीको अभाव त छ नै', आचार्यले थपे- कामदार पाउन पनि सकसै छ।

**समस्या काठको पनि**

भूकम्प पीडितका लागि जिल्ला वन कार्यालयले उपलब्ध गराउने भनिएको सहुलियत दरको काठ अझै वितरण हुन सकेको छैन। आर्थिक वर्ष २०७२/७३ मा चितवनबाट काठ ल्याएर भूकम्पपीडितलाई वितरण गर्ने जिल्ला वन कार्यालयको योजना थियो। तर ढुवानी नै नहुँदा वितरण गर्न नसकिएको उक्त कार्यालयले जनाएको छ। वन विभागले गोरखाका भूकम्प पीडितलाई पहिलो चरणमा प्रतिघर ३० सेफ्टीका दरले उपलब्ध गराउन १० हजार क्यु फिट काठ पठाउने तयारी गरेको थियो। यही कारण केही पीडितले पुरानै (भत्किएको) घरको काठ प्रयोग गरेर घर बनाउन थालेका छन्। केहीले सामुदायिक वनसँग समन्वय गरेर काठ खरिद गरेका छन्। धेरैचाहिँ काठकै अभावमा अलमलमा परेको अवस्था पनि छ।

# के भन्छन् सरोकारवाला ?

## सामुदायिक समिति उपयुक्त हुन्थ्यो

भूकम्प पुनर्निर्माण प्राधिकरण गठन हुँदा निजी आवास पुनर्निर्माण कसरी अगाडि बढाउने भन्ने स्पष्ट भएको थिएन। त्यसैले पुनर्निर्माण प्राधिकरण गठनताका पाँच महिना अलमलमै बित्यो। २०७३ जेठबाट लाभाग्राही सँग अनुदान सम्झौता गर्ने काम भयो । त्यतिखेर म पुनर्निर्माण प्राधिकरण गोरखामै कार्यरत थिएँ।

२०७३ असारभित्र १७ हजार भूकम्पपीडितको खातामा पहिलो किस्ताको ५० हजार दियौँ। २०७३ भदौ मसान्तभित्र ५४ हजार लाभग्राहीलाई पहिलो किस्ता उपलब्ध गराइसकेका थियौँ। गैरसरकारी संस्थाको सहयोगमा अनुदान सम्झौता गर्यौँ। हिमाली भेगमा हेलिकप्टरमार्फत कर्मचारी पठाएर पहिलो किस्ताको रकम उपलब्ध गराएका थियौँ।

पहिलो किस्ता लगेपछि पीडितले घर निर्माण थाल्नेछन्,स्थायी घरमा सर्नेछन् भन्ने सोच्यौँ। त्यो समयमा ५८ हजारमध्ये ५४ हजार भूकम्पपीडितलाई ४ महिनामा पहिलो किस्ता उपलब्ध गराउँदा फास्ट ट्र्याकमै काम भएको थियो। धेरै भूकम्पपीडितलाई पहिलो किस्ताको रकम उपलब्ध गराउने जिल्लामा गोरखा पहिलो नै भएको थियो। त्यो बेला पुनर्निर्माण प्राधिकरणले मलाई पुरस्कृत पनि गरेको थियो। जुन किसिममा पीडितले पहिलो किस्ता लगे, त्यहीगतिमा निजी आवास निर्माण गर्ने काम भने सुरु भएन। संयोगवश,म प्रमुख जिल्ला अधिकारी भएर यहीं जिल्ला आएँ। जिल्ला समन्वय समिति मातहतको जिल्लास्तरीय आयोजना कार्यान्वयन एकाइलाई अग्रसर बनाएँ। बैठकहरू भयो।

लाप्राक बस्ती पुनर्निर्माणका लागि धेरै नै प्रयास गरेका हौँ। वनको जग्गा आयोजनाको नाममा ल्याउन प्रयत्न भए। पछिल्लो चरणमा पहिलो किस्ताको रकम वितरणका लागि जसरी अभियान नै चलायौँ तर घर निर्माण गर्ने अभियान सफल हुन नसकेको हो कि भन्ने मेरो व्यक्तिगत समीक्षा छ। प्रत्येक समुदायमा सामुदायिकसमिति गठन गरेर घर निर्माण अभियान चलाएको भए यो अभियानले तीव्रता पाउँथ्यो भन्ने लाग्छ।

दक्ष कामदार समयमा नपाउने, पानीको अभावआदिले हामीले भनेजस्तो हिसावले भूकम्पपीडितले घर निर्माण सुरु गर्न सकेका छैनन्।प्राधिकरणको कार्ययोजनाअनुसारदबावमा अहिले भूकम्पपीडितले घर निर्माण गरिरहेका पाएको छु। अहिले घर निर्माण गर्दा पैसा धेरै लाग्ने भएको छ जबकि पहिलो किस्ता पाएदेखि नै बनाउनसुरु गरेको भए कम लाग्थ्यो।

मेरो बुझाइ के हो भने निजी आवास पुनर्निर्माणको काम सन्तोषजनक छैन। अहिलेसम्म २५ प्रतिशतले मात्र दोस्रो किस्ता लगेका छन् भनेतेस्रो किस्ता लानेचाहिँ १० प्रतिशतमात्र छन्।जबकि यो समयसम्म ७० प्रतिशत भूकम्पपीडितले घर निर्माण सक्नुपर्थ्यो। अनिमात्र हामी सफल भयौँ भन्नपाइन्थ्यो। अब हामी सबै यो विषयमा समीक्षा गरेर अघि बढ्छौँ।

**जितेन्द्र बस्नेत**
प्रमुख जिल्ला अधिकारी, गोरखा

## सक्रिय छ गाउँपालिका पनि

अहिले पीडितहरूले एकैचोटि घर निर्माण सुरु गर्दा निर्माण सामग्री महँगियो। पुस मसान्तभित्र डीपीसी सकाउनुपर्छ भनेर उनीहरू घर निर्माणमा लागिरहेका छन्। एकैचोटि घर निर्माण सुरु गर्दा कामदार पनि अभाव हुन पुगेको छ। त्यसैले पीडितहरू दोहोरो मारमा परेका छन्। हामीले अहिले गाउँपालिकाभरिका सुकुमवासीको लगत सङ्कलन गरिरहेका छौँ। आर्थिक विपन्नता भएका र रकम पाएर पनि घर बनाउन नसक्नेहरूको घर निर्माणमाहामीले पनि सघाइरहेका छौँ। भवन डिभिजन कार्यालयले दिएको सिकर्मी/डकर्मी तालिम लिएकालाई घर निर्माणमा खटाएका छौँ। सिरानचोक गाउँपालिका-४ र छोप्राकको ४ र ५ नम्बरको घर तालिम प्राप्त डकर्मीले निर्माण गरिरहेका छन्। असार मसान्तभित्र सबै घर निर्माण सक्ने हाम्रो लक्ष्य थियो। हाम्रो गाउँपालिकाको ५ हजार ३ सय घर पुनर्निर्माण गर्नुपर्नेछ। अहिले ३५ प्रतिशत घर निर्माण भइसके। अर्को वर्ष यतिखेरतिर धेरै घर बन्छ भन्ने अनुमान गरेको छु। हामीले निजी आवास निर्माण गर्न प्रोत्साहन गरिरहेका छौँ।

**राजु गुरुङ**
अध्यक्ष, सिरानचोक गाउँपालिका

### तयारी पुनर्निर्माण वर्षको

हाम्रो गाउँपालिकाको ९० प्रतिशत घर दोस्रो किस्ता लिने तयारीमा छन्। अहिले घर निर्माण तीव्र भयो तर कामदारको अभाव छ। निर्माण सामग्रीको भाउ छोइसक्नु छैन। पुनर्निर्माण प्राधिकरणले छुट भएका घरको गुनासो सम्बोधन नगर्दा पनि समस्या छ। गाउँपालिकाले दुई वर्ष पुनर्निर्माण वर्ष बनाउने भनेर प्रयत्न गरिरहेको छ। हामीले किस्ता पाउन अड्किएकाको किस्ता उपलब्ध गराउने र घर निर्माणमा प्रोत्साहित गर्ने काम गरिरहेका छौं।

**विष्णु भट्ट**
अध्यक्ष, सुलिकोट गाउँपालिका

### अर्को वर्षसम्म सक्छौं

अधिकांश विद्यालय निर्माणाधीन अवस्थामा छ। थोरै विद्यालयको स्रोत सुनिश्चित हुन सकेको छैन। एकदेखि पाँचसम्म चलेको १ सय २९ विद्यालय कसले बनाउने भनेर स्रोत सुनिश्चित भएको छैन। यो वर्षभित्र कुन संस्थाले कुन विद्यालय बनाउने भन्ने निश्चित गर्छौं।अर्को वर्ष कसले विद्यालय भवन बनाइदेला भनेर कुनुपर्ने छैन।

अहिले पनि विद्यालय निर्माणको जिम्मा लिएका भारतीय सरकार र चीन सरकारबाट ढिलाइ भइरहेको छ। अहिले धेरैजसो विद्यालय पुनर्निर्माणको चरणमा छन्। विद्यालय पुनर्निर्माणसँगै शौचालय, घेराबार, खेलकुद मैदान निर्माणतर्फ हाम्रो ध्यान जान्छ। सुरक्षित विद्यालयको अवधारणा अघि बढाउँछौं। अहिले १ सय ९१ विद्यालयमा मात्र शौचालय छ। १ सय २० विद्यालयमा शौचालय निर्माण गर्नुपर्नेछ। अब सबै काम अघि बढाउँछौं। अर्को आर्थिक वर्षसम्म जिल्लाका सबै विद्यालय पुनर्निर्माण सक्ने हाम्रो लक्ष्य छ।

**दीपेन्द्र सुवेदी**
जिल्ला शिक्षा अधिकारी

**कुरा पुनर्निर्माण प्राधिकरणको**

भूकम्पको नौ महिनापछि अर्थात २०७२ पुस १२ गते केन्द्रमा पुनर्निर्माण प्राधिकरण गठन भयो। गोरखामा भने माघ १४ गते यसको कार्यालय स्थापना गरियो। कार्यालय स्थापना हुँदा उपसचिवको नेतृत्वमा एकजना इन्जिनियर, दुईजना सबइन्जिनियर, शाखा अधिकृत, नायव सुब्बा, लेखापाल र कम्प्युटर अप्रेटरको दरबन्दी थियो। २०७३ कात्तिक ५ गतेपछि भने यो कार्यालय सुब्बाको नेतृत्वमा चल्दै आएको छ। तीनजना प्राविधिकको दरबन्दी रहेकामा एकजना पनि कार्यरत छैनन्। यही कारणले बुझ्न आउने पीडितलाई प्राविधिक जानकारीसमेत दिन सक्ने अवस्थामा छैन प्राधिकरण।

तर पनि भवन डिभिजन कार्यालय, जिल्ला समन्वय समिति आदिसँग समन्वय गर्ने काममा कुनै समस्या नरहेको प्राधिकरणका प्रमुख अर्थात सुब्बा शिव पौडेल बताउँछन्। 'सुरुका दिनमा कानुनी समस्या थिए, कार्यविधि नआउँदा घर निर्माणदेखि किस्ता सिफारिस गर्न पनि समस्या थिए तर अहिले छैन'- पौडेलले भने। अहिले भूकम्पपीडितमा व्याप्त अन्योलसमेत हटेको बताउँदै उनले थपे- भत्किएका सबै घरवालामा घरमै आएर पैसा दिए हुन्थ्यो भन्ने थियो, यस अर्थमा बुझाइकै कमी थयो। हामीले प्रक्रिया र कानुनी पाटाका विषयमा गर्नुपर्ने सहजीकरण गरेका छौं।

पुनर्निर्माणमा कामदारकै अभाव भएको गुनासो भूकम्पपीडितबाट बढी आउने गरेको पनि पौडेलले बताए। अहिले अधिकांश कामदार तराई, रुकुम, रोल्पा, जुम्लादेखि आएर खटिएका छन्। अहिलेकै तवरले पुनर्निर्माण अघि बढे आगामी असारसम्म ४३ प्रतिशत निजी अवास निर्माण भइसक्ने उनको दावी छ। 'यही रफ्तारमा गए अर्को आर्थिक वर्ष त लगभग निजी आवास निर्माणको अन्तिम अन्तिममा पुग्छौं'- उनले थपे। अहिले पुनर्निर्माण प्राधिकरणले गाउँपालिका र नगरपालिका पुगेर गुनासो व्यवस्थापन, घर निर्माणमा उत्प्रेरित गर्नुका साथै नीतिगत र कानुनी जटिलताबारे भूकम्पपीडितलाई जानकारी गराएको भनाइ पनि उनको छ।

**पृथक समस्यामा सुकुमबासी**

नयाँ साँघुमा वर्षौंदेखि सार्वजनिक जग्गामा बस्दै आएका भूमिहीनको घर पनि २०७२ वैशाखको भूकम्पले भत्काएको थियो। तर उनीहरूले भने

सरकारले भूकम्प पीडितलाई उपलब्ध गराउने अनुदान रकम पाएनन्। 'वर्षौंदेखि यहीँ बस्दै आएका छौँ, भूकम्पले घर भत्कियो, पैसा पाउने सूचीमा नाम पनि निक्लिएको छ, तर जग्गा धनी पुर्जा नभएकाले घर बनाउनै पाएनौँ'- मनबहादुर परियारले गुनासो गरे। ४० वर्षदेखि आफूहरू सार्वजनिक स्थलमा झुप्रो हालेर बसेको र ज्याला मजदूरी गरेर जीविकोपार्जन गरिरहेको दुर्गे परियारले बताए।

'अहिले त त्यही झुप्रो पनि छैन, भूकम्पले भत्काइहाल्यो, अर्को घर बनाउन लालपुर्जा चाहिन्छ रे'- परियारले भने। सरकारले घर बनाउन ३ लाखमात्र दिएर नहुने र पैसाका साथमा आफूहरूलाई घर बनाउने जग्गा पनि देखाइदिनुपर्ने जिल्लाका अधिकांश सुकुमवासीको माग छ। जिल्लाका कति भूमिहीनले घर बनाउन पाएका छैनन् भन्ने आधिकारिक तथ्याङ्क कुनै पनि सरकारी कार्यालयसँग छैन। करिब एक हजार सुकुमवासी भूकम्पपीडित रहेको अनुमान पुनर्निर्माण प्राधिकरण्णको छ। तथ्याङ्क सङ्कलन गाउँपालिकाले गरिरहेको पुनर्निर्माण प्राधिकरणले जनाएको छ। सरकारले भुमिहिन भूकम्प पीडितलाई जग्गा किन्न रकम दिने भनिए पनि गोरखामा अहिलेसम्म त्यसको कुनै प्रक्रिया शुरु भएको छैन। 'सुकुमवासी हुँ भन्ने परिचय खुल्ने कार्ड बनाउनु, हामी सुकुमवासी र भूमिहीनको समस्या समाधान गर्नेतर्फ ध्यान केन्द्रित गछौँ'- पौडेलले भने।

## निष्कर्ष र सुझाव

भूकम्पको ३२ महिना पुगिसक्दा पनि कतिपय पीडित टहरोमै कष्टपूर्वक जीवन यापन गर्दैछन्। तीन वर्षको बर्खा र हिउँद टहरोमा बिताएका भूकम्पपीडितको पीडा हेर्दा/सुन्दा उनीहरूको जीवनयापन निकै दुःखदायी देखिन्छ। निजी आवास पुनर्निर्माणको पहिलो किस्ता लिएर पनि धेरैजसो भूकम्पपीडितले घर निर्माण गरेका छैनन्। उनीहरूलाई निजी आवास पुनर्निर्माणका लागि उत्प्रेरित गर्नुआवश्यक छ। कतिपय भूकम्पपीडित सरकारले दिने भनिएको तीन लाख रुपियाँले घर निर्माण गर्न नपुग्ने भन्दै घरको जग हाल्नसमेत आँट गरेका छैनन्। उनीहरूलाई पनि घर बनाउन उत्साहित तुल्याउनु जरुरी छ।

यसैगरी कामदार र निर्माण सामग्री अभावमा पनि घर निर्माण प्रक्रिया प्रभावित भएको छ। दक्ष कामदार उत्पादन तथा व्यवस्थापन गर्न पुनर्निर्माणसँग सम्बन्धित भवन डिभिजन कार्यालयलगायतका सरकारी/गैरसरकारी निकायले ध्यान दिनु जरुरी छ। भूकम्पपीडितलाई सहजरूपमा निर्माण सामग्री उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालयले पहलकदमी लिनुपर्छ। त्यसैगरी निकै अप्ठेरो भूगोल भएको गोरखाको उत्तरी क्षेत्रका चुम नुब्री गाउँपालिका र धार्चे गाउँपालिकाका केही वडामा सरकारले उपलब्ध गराउने रकमले निर्माण सामग्री ढुवानी गर्न पनि पुग्दैन। त्यसैले सुगम र दुर्गम क्षेत्रमा एकै प्रकारको अनुदान सहयोग रकम उपलब्ध गराउँदा दुर्गमका बासिन्दामाथि न्याय हुन सकेको छैन। यसमा पुनर्विचार आवश्यक छ। साथै पुनर्निर्माण प्रक्रियामा राजनीतिक दलले पनिआफ्नो क्षेत्रबाट भरपुरसहयोग उपलब्ध गराउनु उत्तिकै आवश्यक छ।

## सन्दर्भ सामग्री


१. नेपाल मानव अधिकार वर्ष पुस्तक २०१३ र २०१७
२. सुरुवात दैनिक, दरौँदी दैनिक
३. प्रमुख जिल्ला अधिकारी, जितेन्द्र बस्नेतसँग २०७४ पुस २१ गते गरिएको कुराकानी
४. जिल्ला शिक्षा अधिकारी, दीपेन्द्र सुवेदीसँग २०७४ पुस २१ गते गरेको कुराकानी
५. जिल्ला जनस्वास्थ्य कार्यालयका हेल्थ असिस्टेन्ट नानीबाबु दानीसँग २०७४ पुस २० गते गरिएको कुराकानी
६. पुनर्निर्माण प्राधिकरणका नायब सुब्बा शिव पौडेलसँग पुस २१, २१, २२ र २३ गते गरिएको कुराकानी
७. सुलिकोट गाउँपालिकाका अध्यक्ष विष्णु भट्ट र सिरानचोक गाउँपालिकाका अध्यक्ष राजु गुरुङसँग २०७४ पुस २३ गते गरिएको कुराकानी
८. बारपाकका सुरबहादुर घले,गाँखुस्थित नयाँ साघुँका मनबहादुर परियारसँग पुस १९ गते गरिएको कुराकानी
९. २०७४ असोज २८ गते भीमसेन गाउँपालिका-६ अश्राङ, २०७४ भदौ २१ गते, सिरानचोक गाउँपालिका-६ गाँखु, २०७४ वैशाख १८ गते शहीद लखन गाउँपालिका-६ घैरुङ र २०७३ चैत १२ गते सुलिकोट गाउँपालिका-५ ताकुमाझ लाकुरीबोटमा इन्सेकले आयोजना गरेको सार्वजनिक सुनुवाइ कार्यक्रम भूकम्प पीडितले व्यक्त गरेका भनाइहरू

परिच्छेद ३

# ३.५ बर्दियाका बाढीपीडित : पुनर्स्थापनाको बेवास्तामा

**पृष्ठभूमि**

बर्दिया प्राकृतिकरूपले चुरे पहाडी र समथर भूभागयुक्त जिल्ला हो। तर बाँसगढी नगरपालिका-१ स्थित चेपाङबाहेक सबै ठाउँ समथर छ। पहाडी क्षेत्र सबै बर्दिया राष्ट्रिय निकुञ्जले ओगटेको छ। यहाँ बसोबास गर्ने मानिसमा विविधता छ। तर पनि बाहुल्यता थारू समुदायको छ। अर्थात जिल्लाको ५२ प्रतिशत जनसङ्ख्या यो समुदायको छ। बाहुल्यता थारूको भए पनि सामाजिक, सांस्कृतिक, प्राकृतिक पक्षमा भने विविधता छ।

बर्दिया राष्ट्रिय निकुञ्जले २०२५ वर्ग किलोमिटर क्षेत्र ओगटेको छ। कर्णाली र बबई नदी जस्ता ठूला जलाधार यही जिल्लामा छ। जसबाट सिँचाइ र विद्युतीकरणको सम्भावना उत्तिकै छन्। ओराही, भाडा, कन्जरुवा, मान जस्ता चुरे मुहान भएका अरु खोला पनि यहाँका सम्भावना बोकेका स्रोत हुन्। तर यी प्राकृतिक सम्पदाको अधिकतम प्रयोग गरी फाइदा लिन सकेको देखिन्न। उल्टै जोखिम विपद्का सम्भावना व्यवस्थापन गर्न नसक्दा हरेक वर्ष बर्दियाबासीले दुःख पाइरहेका छन्। कर्णाली, बबई र अन्य साना खोलानालामा आउने बाढी र पहिरोले धेरै जनधनको क्षति पुऱ्याउँदै आएको छ। हजारौँ विघा खेतीयोग्य जमिन कटान र पटानमा पर्दै आएको छ। यही कारण हजारौँ बासिन्दा बिस्थापितसमेत हुँदै आएका छन्।

अझ २०७१ साउन २९ र ३० गते परेको अविरल वर्षाका कारण आएको बाढीले अकल्पनीय जनधनको क्षति भयो। अरबौंको भौत्तिक पूर्वाधारमा क्षति पुऱ्यायो। उक्त बाढीबाट पीडितहरूको पुनर्स्थापना भइसकेकै थिएन। यहीबेला २०७४ साउन २८.गतेको अविरल वर्षाका कारण आएको बाढीले पुनः क्षति पुऱ्यायो। जो अहिलेसम्म पनि राहत क्षतिपूर्ति पाउनबाट वञ्चित छन् भने पुनर्स्थापनामा पनि समेटिन सकेका छैनन्। बाढीले नै भत्काएका बाटो र पुलसमेत पुनर्निर्माण हुन नसक्दा उनीहरूको दैनिकीसमेत प्रभावित हुन पुगेको छ।

**अध्ययनको उद्देश्य**

१. प्राकृतिक प्रकोपका कारण घरबास गुमाएका भूमिहीन तथा बाढीपीडितका लागि राज्यले निर्माण गरेका नीति, कानुनी तथा अख्तियार गरेका कार्यक्रमको व्यावहारिक कार्यान्वयनको अवस्थाबारे जानकारी लिनु।
२. बर्दियालगायत मुलुकभरका बाढीपीडित परिवारलाई राज्यले घोषणा गरेको सेवा/सुविधा तथा प्रतिबद्धताहरू कार्यान्वयनको अवस्था उजागर गर्नु।
३. बाढीपीडित परिवारले भोग्नुपरेका समस्या उजागर गरी समाधानका लागि राज्यलाई जिम्मेवार बनाउनु।
४. बर्दियामा त्रासयुक्त जीवन यापन गरिरहेका बाढीपीडित तथा घरबासविहीन परिवारको हक अधिकार स्थापित गराउन राज्यको ध्यानाकर्षण गराउनु।
५. हरेक वर्षायाममा बाढीबाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्न स्थानीय तथा केन्द्र स्तरबाट गर्नुपर्ने कामबारे सुझाउनु।
६. प्रकोप जोखिमबाट सुरक्षित हुनका लागि दीर्घकालीन योजना बनाउन सम्बन्धित निकायलाई घच्घच्याउनु।

**अध्ययनको महत्त्व**

बाढीपीडित परिवारले पीडा भोगेका धेरै समय बितिसके पनि राज्यले चासो देखाएको छैन। उनीहरूका समस्या तत्कालै समाधानका लागि ठोस योजना र कार्यक्रमसमेत बनाउन आवश्यक ठानेको छैन। आएका कतिपय कार्यक्रम पनि एकदमै सुस्त छन् भने कतिपय विभिन्न बहानामा सुरु हुन नै सकेका छैनन्। लागु भएकाले पनि पूर्णता पाएका छैनन्। त्यसैले बर्दियाका बाढीबाट बिस्थापितहरू अहिले पनि पालको ओतमा बास बस्न बाध्य छन्। जो बाढीबाट बिस्थापित भए उचित पुनर्स्थापनाको अभावमा अहिले पनि उनीहरू

नदी, खोलाको तटीय क्षेत्रमै बस्न बाध्य हुनु भनेको राज्यको चरम लापरबाहीको प्रमाण हो। त्यसैले उनीहरू अहिले पनि जोखिममा छन् भन्ने पुस्टि हुन्छ। यस्तो विकराल समस्या उजागर गरी सम्बन्धित निकायलाई समाधानका लागि घोत्लिन बाध्य पार्ने भएकाले यो अध्ययनको महत्त्व निकै छ भन्न सकिन्छ।

**अध्ययन विधि**

१. स्थलगत अनुगमन (बाढी, पहिरो गएको क्षेत्र तथा बाढीपीडित शिविरहरू)
२. अन्तर्वार्ता (बाढीपीडित, बाढीपीडित सङ्घर्ष समितिका पदाधिकारी, राजनीतिक दल, स्थानीय प्रशासन, अधिकारकर्मी, सञ्चारकर्मी र अन्य सरोकारवाला निकायका पदाधिकारी आदि )
३. स्रोत सामग्री (बाढीपीडित परिवारका सवालमा प्रकाशित पुस्तक, समाचार, लेख रचना, फोटो तथा बाढीपीडित परिवारलाई व्यवस्थित गर्न राज्यले अख्तियार गरेका कानुन तथा प्रतिबद्धता )
४. डिडिआरसीको प्रतिवेदन

**अध्ययनको सीमा**

१. यो अध्ययन बाढीपीडित परिवारले भोग्दै आएका पीडा र उनीहरूलाई पुनर्स्थापना गर्न राज्य तथा अन्य सरोकारवालालाई सचेत पार्न केन्द्रित छ।
२. वर्षौंदेखि बर्दियाका बाढीपीडित परिवारले खेप्नुपरेको पीडाप्रति राज्यले गर्दै आएको व्यवहार र चुनौती तथा बाढीपीडितका नाममा गैरबाढीपीडितको सहभागितालेनिम्त्याएको समस्या पहिल्याउने र यसलाई कसरी निराकरण गर्ने भन्नेबारे सचेत बनाउने प्रयास गरिएको छ।
३. अध्ययनमा प्रस्तुत तथ्याङ्कहरू जिल्ला दैवीप्रकोप उद्दार समिति, नेपाल रेडक्रस बर्दिया शाखा, जिल्ला शिक्षा कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु विकास सेवा केन्द्र, जिल्ला स्वास्थ्य कार्यालय र बाढीपीडित सङ्घर्ष समिति परिवारबाट लिइएको हो।
४. बाढीपीडित परिवारले भोग्नुपरेका पीडा स्वयम् उनीहरूबाटै प्राप्त भएका हुन्।

**सामान्य परिचय**

बर्दिया हरेक दृष्टिकोणबाट विकासको सम्भावना हुँदाहुँदै पनि समयान्तरसँगै जसरी, जुन रूप र गतिमा अघि बढ्नुपर्ने हो, बढ्न सकेको छैन। जहिले पनि राज्य र राजनीतिक दलबाट नजरअन्दाज गरिँदै आएको छ। यहाँ गरिबी, अशिक्षा, अन्धविश्वास, भोकमरी, पछौटेपन यथावत अवस्थामा छन्। अर्को पाटोबाट हेर्ने हो भने विभिन्न प्राकृतिक प्रकोपबाट पनि यहाँका बासिन्दा प्रताडित हुँदै आएका छन्। विशेषत: बर्दिया भएर बग्ने कर्णाली गेरुवा र बबई नदीले बर्सेनि सयौँ विघा खेतीयोग्य जमिन कटान र पटान गर्दै आएको छ। जसबाट गाउँबस्ती नै विस्थापित हुनुपर्ने बाध्यता बढ्दो छ। यस्ता जग्गा बगरमा परिणत भएका छन्। बस्ती बिस्थापित हुँदो छ भने कटान र पटानमा परेकाहरू रातारात सुकुमवासीमा परिणत हुन पुगेका छन्। यही कारण सयौँ मानिस साँझ/बिहान पेट भर्नकै लागि काम गर्न भारत जानुपर्ने बाध्यतामा छन्। नदी कटान रोकथाम कार्यक्रम त हुँदै आएका छन् तर ती नाममात्र छन्। हरेक वर्ष न्यून रकम छुट्याउने, त्यो पनि वर्षातको समय लागिसकेपछि काम सुरु गर्ने र अनि पुन: बाढीले त्यसैलाई बगाएर लैजाने गरेको तीतो यथार्थ बर्दियाबासीले भोग्दै आएका छन्।

गेरुवा गाउँपालिकाका १ सय ४७ परिवार यसका उदाहरण हुन्। गेरुवा गाउँपालिका उत्तर साविक पाताभार गाविस जुन कैलाली जिल्लासँग पनि जोडिएको छ। गेरुवा गाउँपालिका-६ साविक मनाउँ र राजापुर नपा-१० साविक खैरीचन्दनपुर गाविस खैरीका बाढीपीडित भई घरजग्गा गुमाएर करिब दश वर्षदेखि विस्थापित भई अन्यत्र बस्न बाध्य हुँदै आएका छन् । ती बाढीपीडितहरू बस्दै आएको जमिनमा अहिले कर्णालीको एक भाग स्थानीय भाषामा गेरुवा नदी बग्दै आएको छ। नदी छेउ बचेको केही जमिन पनि बगर बनेर बस्न सक्ने अवस्थामा छैन।

यस्ता समस्याको दीर्घकालीन समाधान अर्थात आफ्ना नागरिकको सुरक्षाका लागि राज्यले अहिलेसम्म दिगोपनाको कुनै भरपर्दो कार्यक्रम ल्याउन सकेको छैन। उल्टै यसरी विस्थापित पीडितहरूले सरकारी जग्गामा छाप्रो बनाएर बस्दा उठाइ बिचल्ली बनाउने काम हुँदै आएको छ।

हरेक वर्षजसो नदी र खोलानालामा बढ्ने वर्षातको पानीले बस्ती तथा खेतीयोग्य जमिन डुवान र कटान गर्दै आएका छन्। बर्दियाबासीले २०७१ साउन २९ र ३० गते परेको अविरल वर्षाबाट नसोचेको पीडा

भोग्नुपऱ्यो। बबई नदीमा तीव्र गतिमा आएको भेलले सबैभन्दा बढी जनधनको क्षति तुल्यायो। दाङमा उद्गमस्थल रहेको बबई दाङ र सल्यानको बानी बर्दिया हुँदै भारततर्फ लाग्ने गर्छ। दाङमा दिउँसो परेको मुसलधारे पानी बबई हुँदै बर्दिया आइपुग्दा रात परेको थियो। जतिबेला तटीय क्षेत्रमा बस्ने मानिसले थाहै पाएनन्। पाएकाले पनि भण्डारण गरिराखिएका अन्न तथा अन्य सम्पत्ति जोगाउनै सकेनन्। आफू र परिवारका सदस्य बचाउन पनि धौ धौ भयो। नदीमा पानीको बहाब वेग यति थियो कि बिहान उज्यालो भएका बेला पनि सदरमुकाम गुलरियाका धेरै बासिन्दा यसको चपेटमा पर्न पुगे। बबईले सबैभन्दा बढी क्षति बनियाभार गाविसको ढुगैहवा गाउँमा पुऱ्यायो। बबई नदी नजिकको शिवपुर चेक पोस्ट राति नै बग्यो। पदनाहा गाविसको रानीपुर बरवट्टा, गुरुवागाउँ र गुलरिया नगरपालिकाको टप्परमा धेरै जनधनको क्षति भयो। तटीय क्षेत्रका हजारौँ मानिसलाई मानसिकरूपमा विक्षिप्त बनायो।

एकातिर अवस्था साह्रै दयनीय थियो। अर्कोतर्फ सबै पीडा बिस्तारै बिर्सिएर मानसिक तथा भौतिकरूपमा तङ्ग्रिँदै थिए बिस्थापित। आफ्नो पुनर्स्थापना होला र जीवन यापनमा केही सहजता होला भन्ने आशमा दिन बिताइरहेका थिए। त्यति नै बेला पुन: २०७४ साउन २८ गते आएको अर्को बाढीले उनीहरूलाई नै पीडा थोपऱ्यो। यसपछि त बाढीपीडित झनै समस्यामा परे।

**बाढीपीडितका समस्या**

बर्दियामा हरेक वर्षजस्तो बाढीले क्षति पुऱ्याउने गरेको छ। बाढीका घटनापछि सरकारी र गैरसरकारी क्षेत्रबाट उद्दार तथा पीडित परिवारलाई राहतको व्यवस्था पनि हुँदै आएको छ। तर नदी कटान र पटानबाट थातबास नै गुमाउन पुगेका पीडितको उचित पुनर्स्थापनामा भने कुनै पनि निकाय जिम्मेवार भएको पाइन्न। जबकि मानव अधिकारको विश्वव्यापी घोषणापत्रले सन १९४८ मै र नेपालको संविधान २०७२ ले समेत नागरिकलाई सुरक्षित आवासको अधिकार हुने उल्लेख गरेको छ। यसबाहेक प्राकृतिक प्रकोप न्यूनीकरण गर्न र नागरिकको सुरक्षा गर्न राज्यका केही ऐन, कानुन र नीति पनि बनेका छन्। तर बर्दियाका बाढीपीडितका सन्दर्भमा भने यी खासै कामयावी सावित हुन सकेनन्।

यसैको परिणाम हो कि २०७१ साउन २९ र ३० गते आएको ठूलो बाढीले जिल्लाभर अकल्पनीय मानवीय क्षति पुऱ्यायो भने र धन सम्पत्ति पनि नोक्सान गऱ्यो। त्यसपछि ३८ वटा आश्रयस्थलमा १९ हजार बासिन्दा बसोबास गरेका थिए। जबकि यो बाढीबाट १ लाख ६५ हजारजना प्रभावित भए। जसमा ९३ हजार १ सय ३८ पूर्णप्रभावित थिए भने ७१ हजार ८ सय ११ जना सामान्यरूपमा प्रभावित भए।

यो बाढीले ३ हजार ८ सय ५९ वटा घर पूर्ण क्षति तुल्यायो। जसमा २० हजार ३ सय ७६ जना बस्थे। आंशिक क्षति पुगेका १३ हजार ५ सय १७ घरमा चाहिँ ७२ हजार ८ सय १३ जना बस्थे। गुलरियामा मात्र १ हजार ६ सय ८१ घर पूर्ण क्षति हुन पुग्यो। जसबाट ती घरमा बस्ने ८ हजार ४ सय ३४ जना सोझै प्रभावित भए। अनि ५ हजार ६ सय ३३ घर आंशिक क्षति हुँदा.त्यहाँ बस्ने २७ हजार ६ सय ३ जना प्रभावित बन्न पुगे। यसैगरी बनियाभार.गाविसमा ७ सय ६६ घर पूर्णरूपले क्षति हुँदा ४ हजार २ सय २१ जना प्रभावित भए भने १ हजार ८ सय ९९ घर आंशिक क्षति हुँदा १० हजार ३ सय ५७ जना प्रभावित बनेका थिए।

यसैगरी बगनाहा गाविसमा ३ सय ७४ पूर्ण क्षति हुँदा २ हजार २२ जना र ७ हजार ९४ घरमा आंशिक क्षति हुँदा ४ हजार ४ सय ९८ जना प्रभावित बने। अनि मोहम्मदपुर गाविसमा २ सय ६५ घर पूर्ण क्षति भएकामा १ हजार ४ सय २९ र ३ सय ३९ घर आंशिक क्षति भएकामा १ हजार ९ सय १९ जना प्रभावित भए। मगरागडी गाविसमा ८३ घर पूर्ण क्षति भएकामा ४ सय ४८ र ६ सय ३० घर आंशिक क्षति भएकामा ३ हजार ५ सय ८८ जना प्रभावित भए। पदनाहा गाविसमा १ सय ३५ घर पूर्ण क्षति भएकामा ८ सय २५ जना र ६ सय ५९ घर आंशिक क्षति भएकामा ४ हजार १ सय ६५ जना प्रभावित भए। सोरहवा गाविसमा ९६ घर पूर्ण क्षति भएकामा ५ सय २२ र १ सय ४२ घर आंशिक क्षति भएकामा ८ सय ३८ जना प्रभावित भए।

यसैगरी शिवपुर गाविसमा ६४ घर पूर्ण क्षति भएकामा ३ सय ५३ जना र १ सय ६० घर आंशिक क्षति भएकामा ८ सय ८१ जना प्रभावित भए। धधवार गाविसमा ६७ घर पूर्ण क्षति भएकामा ३ सय ६३ जना र ३ सय ९६ घर आंशिक क्षति भएकामा २ सय ४९ जना प्रभावित भए। ठाकुरद्वारा गाविसमा ६१ घर पूर्ण क्षति भएकामा ४ सय ९ जना २ सय ९२ घर आंशिक क्षति भएकामा १ हजार ९ सय ६९ जना प्रभावित भए। बेलवा गाविसमा ६६ घर पूर्ण क्षति भएकामा २ सय

८८ जना र ३९ घर आंशिक क्षति भएकामा १ सय ५२ जना प्रभावित भए। राजापुर नपामा ३७ घर पूर्ण क्षति भएकामा १ सय ७२ जना र ८ सय १५ घर आंशिक क्षति भएकामा ४ हजार ५ सय ८७ जना प्रभावित बने।

यसरी नै सूर्यपटुवा गाविसमा ४६ घर पूर्ण क्षति भएकामा २ सय ८६ जना र ८ सय ७५ घर आंशिक क्षति भएकामा ५ हजार ४ सय २३ जना प्रभावित भए। नेउलापुर गाविसमा ९१ घर पूर्ण क्षति भएकामा ४ सय ७७ जना र १ सय ९० घर आंशिक क्षति भएकामा ८ सय ६६ जना प्रभावित भए। जमुनी गाविसमा १२ घर पूर्ण क्षति भएकामा ४८ जना र ३ घर आंशिक क्षति भएकामा २२ जना प्रभावित भए। ढोढरी गाविसमा ५ घर पूर्ण क्षति भएकामा २७ जना र १ सय ८६ घर आंशिक क्षति भएकामा १ हजार १ सय ७६ प्रभावित भए। पाताभार गाविसमा ३ घर पूर्ण क्षति भएकामा २१ जना र १ सय ४३ घर आंशिक क्षति भएकामा ७ सय ६७ जना प्रभावित भए। डेउढाकला गाविसमा २ घर पूर्ण क्षति भएकामा ९ जना र ३० घर आंशिक क्षति भएकामा १ सय ६४ जना प्रभावित भए।

यसबाहेक खैरीचन्दपुर गाविसमा २ पूर्ण क्षति हुँदा ९ जना र २ सय ३९ घरमा आंशिक क्षति पुग्दा १ हजार ३ सय ३९ जना प्रभावित भए। मोतिपुर गाविसमा १ घर पूर्ण क्षति हुँदा ५ जना र २७ घर आंशिक क्षति हुँदा १ सय १९ जना प्रभावित भए। मनाउ गाविसमा १ घर पूर्ण क्षति हुँदा ३ जना र ५ घरमा आंशिक क्षति हुँदा २८ जना प्रभावित भए। मैनापोखर गाविसमा १ घर पूर्ण क्षति हुँदा ५ जना र ९ घरमा आंशिक क्षति हुँदा ४१ जना प्रभावित भए। कालिका गाविसमा १२ घरमा आंशिक क्षति पुग्दा ६२ जना प्रभावित भए। उक्त बाढीका कारण १७ हजार ३ सय ७६ घरका ९३ हजार १ सय ८९ जना पीडित भएका थिए।

**मानवीय क्षति**

बाढीमा परी मृत्यु हुनेमा २० जना र बेपत्ता हुनेमा १३ जना छन्। जसमा बनियाभार गाविसका सबैभन्दा बढी अर्थात १० जना बेपत्ता भए। जसमा एकजना बालिकासमेत थिइन्। यसैगरी गुलरिया नपामा मृत्यु हुनेमा चारजना र बेपत्ता हुनेमा एक बालिकासहित तीनजना, बेलवा गाविस-७ चेपाङमा मृत्यु हुनेमा दुईजना र बेपत्ता हुनेमा चारजना बालबालिकासहित आठजना, बाँकेको मनिकापुर-८ मा एकजनाको मृत्यु, खोटाङको बराहा पोखरी गाविसका एकजनाको मृत्यु र काभ्रेपलान्चोकको भकुण्डे घर भई शिवपुर पोस्टमा कार्यरत नेपाली सेनाका एक जवानको मृत्यु भएको थियो। शव फेला परे पनि सनाखत हुन नसकेको सङ्ख्या १२ थियो।

२०७१ सालमै बाढीपीडितको उद्दार, राहत वितरण र पुनर्स्थापनाका लागि डिडिआरसीमा गृह मन्त्रालयबाट ३३ करोड ५६ लाख ४२ हजार ५ सय रुपियाँ र दातृ निकाय, सङ्घ/संस्था, दाताबाट ५४ लाख ६२ हजार ९ सय ३९ गरी ३४ करोड ११ लाख ५ हजार ४ सय ३९ रुपियाँ आएको थियो। जसमा बाढीपीडितमध्ये पूर्ण क्षति भएका ३ हजार ६ सय ५६ घर लाई ५ हजार रुपियाँका दरले १ करोड ८२ लाख ८५ हजार, आंशिक क्षति भएका १२ हजार ९ सय ६० घरलाई ३ हजारका दरले ३ करोड ९१ लाख १० हजार वितरण गरिएको थियो। खाद्यान्न, कपडा ८९ हजार ५ सय ९९ घरलाई ८ सय ९० का दरले गरी ७ करोड ६१ लाख ५९ हजार १ सय ५० रुपियाँ बराबरको बाँडिएको थियो।

त्यसैगरी चाडपर्व खर्चबापत १६ हजार ५ सय ३८ घर लाई ३ हजारका दरले ४ करोड ९६ लाख १४ हजार, खाद्यान्न ९० हजार १ सय ५२ जनालाई १ हजार ५ सयका दरले १३ करोड ५२ लाख २८ हजार, मृतक/बेपत्ता परिवारलाई ३३ लाख ८ हजार, सुक्खा खाना, खाद्यान्न, गाडी भाडा, इन्धन, कर्मचारीलाई भत्ता ८१ हजार ३३ हजार २ सय ५६ गरी ३३ करोड ३७ लाख ५५ हजार १ सय ५६ रुपियाँ खर्च भएको छ। गैरखाद्यवस्तु डिडिआरसी, नेपाल रेडक्रस सोसाइटीलगायत संस्थाद्वारा ५ हजार ६ सय ४६ थान वितरण गरिएको थियो।

बर्दियामा २०७४ साउन २८ गते आएको अर्को ठूलो बाढीबाट ५ जनाको मृत्यु भयो। पुरुष १७ जना र महिला ११ जना गरी २८ जना घाइते भए। २४ हजार ९ सय ४२ घरका महिला ६६ हजार १५ जना र पुरुष ६८ हजार ७ सय ८९ गरी १ लाख ३४ हजार ८ सय ४ जना प्रभावित भए। १० हजार १ सय २० घरका ४९ हजार २ सय ७९ जना विस्थापित भए। ६ हजार १ सय १८ घर पूर्ण र १४ हजार ७ सय ९७ घर आंशिक क्षति हुन पुगे। यसरी क्षति हुने घरको सङ्ख्या २० हजार ९ सय १५ रहृयो।

**भौतिक क्षति**

स्वास्थ्यतर्फ जिल्ला अस्पताल, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकीको पूर्वाधार यन्त्र, औषधि र फर्निचरसमेत गरी ७ लाख ५५ हजार, हुलाकी सडकतर्फ मुर्तिया गुलरिया बेलवा चोक (ढोढरी-भुरीगाउँ सडक) अन्तर्गत भएको क्षति ४ करोड ३५ लाख, सडक डिभिजनतर्फ नेपालगन्ज-गुलरिया, देउराली, हर्रे खण्ड, पूर्वपश्चिम राजमार्ग भुरीगाउँ, कर्णाली खण्ड, अम्रेनी ठाकुरद्वारा सडक क्षेत्रमा ६ करोड ७१ लाख बराबरको क्षति भयो।

यसैगरी बबई सिँचाइ प्रणालीमा २५ करोड, बेलवा गाविस ७ बाटुले कुरु, डेउढाकलाको रेहुखोला, प्रतापपुर, नेउलापुर, मोहनपुर, मढेला, भुट्कैया, शिवपुर, गटेनाला, सूर्यपटुवा, ठाकुरद्वारा, भादाखोला, धधवारलगायतमा २ करोड ५ लाख, बबई नदीको किनारअन्तर्गत बनियाभार, सानोश्री, पदनाहा तथा गुलरिया नपाका विभिन्न स्थानमा तट्बन्धन पुन:निर्माण १ अरब २० करोड, कर्णाली नदीअन्तर्गत पाताभार दौलतपुर, सूर्यपटुवा तथा राजापुर नपाको विभिन्न स्थानमा ६५ करोड ५५ लाखको क्षति भएको छ।

संरचनातर्फ लट्कनिया, पञ्चागपुर, रामपुर, तापु, कुसम्वाघातलगायत ठाउँमा १ करोड, स्थानीय पूर्वाधारतर्फ, सडक कल्भर्टलगायतका भौतिक संरचना गरेर १० करोडको र गुलरिया नगर क्षेत्रमा पूर्वाधार ५ करोड ८५ लाखको क्षति भयो। त्यसैगरी पिउने पानीतर्फ पाइप बोरिङ क्षति ४९ लाख भयो भने विद्युत्तर्फ पोल/तारलगायत विद्युत् आपूर्तिका सामग्री २७ लाख ३ हजार क्षति भयो। सस्पेन्सनतर्फ झोलुङ्गे पुल, कुसम्वाघाट, चन्दनपुरको झोलुङ्गे पुल निर्माण गरी १ करोड ६८ लाख ६३ हजार ७ सय क्षति भयो। यसरी सबै जोड्दा भौतिक क्षति ३ अर्ब ७६ करोड ६९ लाख ८३ हजार पुग्छ।

तर यसरी क्षति भएको तीन वर्ष पूरा भइसक्दा पनि यी क्षतिलाई पूर्ववत् अवस्थामा ल्याउने काम भने हुन सकेको छैन। न त बाढीबाट बिस्थापित भएकालाई सुरक्षित स्थलमा पुनर्स्थापना गर्ने काम नै हुन सकेको छ।

**आर्थिक अधिकार**

जिल्लाको विभिन्न स्थानमा रहेका बाढीपीडित परिवार अहिलेसम्म आर्थिक अधिकारबाट वञ्चित हुनुपरेको छ। सन् १९६६ को १६ डिसेम्बरमा पारित तथा सन् १९९१ मे १४ का दिन नेपाल पक्ष राष्ट्र बनेको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारअनुरूप उनीहरूलाई भरपुर सहयोग गर्नुपर्ने हो। तर बाढीपीडितलाई तत्कालीन राहत र केही क्षतिपूर्तिबाहेक अन्य व्यवस्था गर्न सकेको छैन। सरकारले बाढीबाट घर आंशिक र पूर्ण क्षति भएका पीडितलाई पहिलो किस्ता रकम दिनेबाहेक थप रकम दिनसमेत सकेको छैन। जग्गा नभएका बाढीपीडितलाई घर बनाउन ५० हजार र जग्गा खरिद गर्न एक लाख रुपियाँ दिने भनिए पनि अहिलेसम्म पाउन सकेका छैनन्।

**खाद्य अधिकार**

बर्दियामा आफ्नो जिल्लामात्र नभई सिङ्गो मध्यपश्चिमका बासिन्दा पाल्न सक्ने खाद्यान्न उत्पादन हुन्छ। तर बाढीकै कारण यहाँका मानिस भोकैभोकै बस्न विवश छन्। २०७१ साउनको बाढीले मात्र विभिन्न ठाउँका २५ विघा कृषियोग्य जमिन कटान गऱ्यो। ६ सय ५३ हेक्टर क्षेत्रफलमा लगाएको धान, मकै तरकारी माछालगायत खाद्यान्न नष्ट गऱ्यो। जसलाई मूल्यमा रूपान्तरण गर्दा ४७ करोड १३ लाख ५२ हजार हुन आउँछ। त्यसैगरी भण्डारण गरिएको बीउविजनलगायत खाद्यान्न ६३ करोड रुपियाँ बराबरको क्षति भयो। बाढीकै कारण कृषि बालीमा रोग देखियो। तत्कालै उपचारका लागि विषादी खरिद गर्न डिडिआरसीबाट ५ लाख रुपियाँ उपलब्ध गराइएको थियो। यसैगरी २ जार ५२ चौपाया, १९ हजार ८ सय ५३ पक्षी गरी २१ हजार ९ सय ५ पशुपक्षी नष्ट भए। जसलाई पैसामा रूपान्तरण गर्दा ६ करोड ७६ लाख २६ हजार ७ सय ५० हुन आउँछ।

त्यसैगरी २०७४ साउन २८ को बाढीले कृषि बालीतर्फ ४५ करोड ९१ लाख २८ हजार १ सय ९० रुपियाँ बराबर क्षति भयो। राहत कार्यक्रमअन्तर्गत कृषि विकास कार्यक्रमबाट ६ करोड १ लाख ३ सय ९० रुपियाँ खर्च भएको थियो। पशुतर्फ ४ करोड १९ लाख ६८ हजार ५ सय रुपियाँ बराबर क्षति भयो।

**भूमि अधिकार**

जीविकाका लागि कर्णाली, गेरुवा, बबई नदीको पानी वरदान मानिए पनि बर्दियामा तिनै नदी बेलाबेला अभिशापका रूपमा परिणत हुँदै आएका छन्। जसले सयौँ परिवारको जग्गा र घर कटान गरी उठिवास

लगाएर रातारात सुकमवासीमा परिणत गराउँदै आएको छ। यस्तो अवस्थामा बाढीपीडितको भूमि अधिकार सङ्कटमा नपर्ने कुरै भएन।

२०७१ साउनको अन्तिम हप्तामा आएको बाढीले पूर्ण क्षतिमा परेका ३ हजार ८ सय ५९ घरपरिवार भएपनि साविक बाँसगढी नपा-७ हाल वडा नं. १ चेपाङका २५ घरपरिवार, साविक बनियाभार गाविस-१ हालको बारबर्दिया नपा-१ ढुङ्ग्रहवाका करिब ४० घरपरिवार, गुलरिया नपा-५ रामपुरका ४० घरपरिवार  सुरक्षित ठाउँमा जग्गाको व्यवस्था गरी पुनःस्थापना गर्नुपर्ने अवस्था थियो। लामो समयसम्म सरकारले कुनै व्यवस्था नगरेपछि गुलरिया नपा-५ रामपुरका बाढीपीडित बाहेक अन्य पीडित कसैले आफ्नै तरिकाले जोखिमयुक्त खोलाको तटीय क्षेत्रमा, कसैले आफन्तको जग्गामा र केही भाडाको घरमा बसेका छन्। सरकारले पूर्णक्षतिमा परेका सबै पीडितलाई ५० हजारका दरले १९ करोड २९ लाख ५० हजार रुपियाँ वितरण गरेको थियो।

गुलरिया नपा-५ रामपुरका बाढी पीडितले सरकारबाट घर बनाउन जग्गा खरिदका लागि प्रति परिवार ५० हजार रुपियाँ पहिलो किस्ताबापत पाएको भएपनि सरकारले लागु गरेको कृषि योग्य जग्गा घडेरीका लागि टुक्र्याएर बेच्न नमिल्ने नीतिका कारण उनीहरूले जग्गा किनेर घर बनाउन पाएका छैनन। उनीहरूलाई जग्गा खण्डीकरणमा रोक लगाउने सरकारी निर्णय नै बाधक बनेको छ। बाढीले घरवारविहीन भएकाहरूलाई जग्गा खरिद गरी घर निर्माणका लागि अनुदान वितरण गर्न सुरु गरेको भए पनि सरकारले २०७४ साउन २६ गते कृषि योग्य जमिन खण्डीकरण गर्नमा रोक लगाउने निर्णय गरेपछि सो निर्णय पुनःस्थापनामा बाधक बनेको हो।

सरकारले राम्रो उद्देश्यले जग्गा खण्डीकरणमा रोक लगाए पनि विपत्तीमा परेकाहरूलाई जग्गा खरिदका लागि पहल नगर्दा सरकारकै कारण पुनःस्थापनामा असहज भएको हो। वि.सं २०७१ साल साउन मसान्तमा बाढीबाट सर्वस्व गुमाएका बर्दियाका बाढीपीडितलाई सरकारले निजी घर निर्माण अनुदानसम्बन्धी ३० महिनापछि गत २०७४ माघको पहिलो साता मन्त्रिपरिषद्को बैठकबाट कार्यविधि स्वीकृत गरेको थियो। कार्यविधि स्वीकृत भएसँगै घर निर्माणका लागि जग्गा भएकाले प्रतिपरिवार तीन लाख र जग्गा नभएकाले ३ लाख ५० हजार रुपियाँ अनुदान उपलब्ध गराउने भन्दै २०७४ असार महिनामा पहिलो किस्तावापत ५० हजार रुपियाँ उपलब्ध गराइसकेको छ।

पहिलो किस्तावापतको रकम पाएपछि बाढी पीडित ४० परिवारले गुलरिया नपा-४ स्थित जग्गा खरिदका लागि २० लाख रुपियाँ एकमुष्ट बैना बुझाएका छन्। उनीहरूले तुरुन्त जग्गा पास गरेर अर्को किस्ता निकासा भएपछि तिर्नेगरी जग्गा धनीसँग सहमति गरेका थिए। तर जग्गा खरिदका लागि बैना बुझाएर पास गर्ने प्रक्रियामा जग्गा प्लटिङग गरी कित्ताकाटमा मालपोत कार्यालयले रोक लगाएको पीडितको भनाइ छ।

बाढीबाट बुबा, आमा र बहिनीसहित सर्वस्व गुमाएर चार वर्षदेखि तुल्सीपुरको खेलकुद मैदानमा कष्टपूर्ण जीवन निर्वाह गर्दै आएका गोविन्द खत्रीले सरकारले राम्रै उद्देश्यले जग्गा खण्डीकरणमा रोक लगाए पनि हामीजस्ता विपत्तीमा परेका पीडितलाई समेत रोक्नु आफूहरूमाथि अन्याए भएको बताए। उनले प्रतिप्रश्न गरे, 'हामीलाई पीडामाथि झनै पीडा थप्ने काम भएको छ।'

नेपाल सरकार, मन्त्रिपरिषद्को २०७४ साउन २६ गतेको वैठकले कृषियोग्य जमिनमाथिको बढ्दो खण्डीकरणलाई नियन्त्रण गर्दै उत्पादकत्व वृद्धि गर्नका लागि कुनै प्रकारले खण्डीकरण गर्न नपाइने निर्णय गरेको थियो। सोही निर्णयबमोजिम भूमिसुधार तथा व्यवस्था विभागले मालपोत कार्यालयलाई २०७४ साउन २७ गते पत्र पठाएर जग्गा कित्ताकाट नगर्न निर्देशन जारी गरेपछि जिल्ला मालपोत कार्यालय बर्दियाले जग्गा प्लानिङमा रोक लगाएको जनाएको छ।

भूमिसुधार तथा व्यवस्था विभागको जग्गा प्लानिङमा खण्डीकरण गर्न नपाइने नीतिअनुसार जग्गा पास गर्न नसकिएको जिल्ला मालपोत कार्यालय, बर्दियाले जनाएको छ। प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराईले पहिलो किस्ताको रकम पाएर पीडितले बैना गरिसकेको अवस्थामा सरकारी निकायकै कारण खण्डीकरण हुन नसकेको बताउँदै सो सम्बन्धमा टिप्पणी उठाएर केन्द्रमा पठाउन सम्बन्धित कार्यालयलाई अनुरोध गरेको बताए। यता पीडितले पाउनुपर्ने दोस्रो किस्ताको रकमसमेत केन्द्रबाट निकासा हुन नसकेको सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय नेपालगञ्जले जनाएको छ। कार्यालयका इन्जिनियर होमनाथ भुसालले केन्द्रबाट निकासा भएपनि बाढीपीडितले जग्गा खरिद गरेको

लालपुर्जाको प्रतिलिपि नल्याएसम्म रकम वितरण गर्न नसकिने बताए। 'दोस्रो किस्ताका लागि लालपुर्जा अनिवार्य चाहिन्छ', उनले भने, 'जग्गा किनेको प्रमाणकै आधारमा दोस्रो किस्ता वितरण गर्ने प्रावधान छ।'

बाढीबाट क्षति पुगेका बस्तीमै उनीहरूलाई पुनर्स्थापना गर्न समस्या छ। अर्कोतर्फ सबैलाई पुग्ने जग्गा जिल्लामा अभाव भएकाले पनि उचित पुनर्स्थापनामा समस्या हुँदै आएको छ। विपद्पीडितहरूलाई पुनर्वास कार्यविधि २०७१ अनुसार समिति गठन भइसके पनि कार्यविधिअनुसार उपलब्ध गराइने जग्गाको परिमाण र कतिपयले फारमसमेत नभरेका कारण समितिको कार्य अगाडि बढ्न सकेको छैन। बाढीले पूर्ण क्षति तुल्याएका धेरै घर भूमिहीनका छन्। त्यसैले बाढीपीडितको भूमि अधिकार झनै सङ्कटमय बन्न पुगेको छ।

### शैक्षिक अधिकार

२०७१ साउनको बाढीबाट ९५ वटा विद्यालयमा क्षति पुग्यो। विद्यालयमा क्षति पुग्ने क्रममा सबै बालविकास केन्द्र पनि प्रभावित भए। जसबाट ३० हजार ६ सय ७६ विद्यार्थी प्रत्यक्ष प्रभावित भए भने उनीहरूको पाठ्यपुस्तक, शैक्षिक सामग्री आदि पनि क्षति भयो। शिक्षातर्फ ९ करोड ८४ लाख ६६ हजार ८ सय रुपियाँ बराबर युनिसेफ, सेभ द चिल्ड्रेनलगायत संस्थाले सहयोग गरेका थियो। २०७४ साउनको बाढीले पनि.पहिलेजस्तै क्षति नगरे पनि ६४ विद्यालयलाई प्रभावित पाऱ्यो। जसबाट १२ विद्यालय पूर्ण र ५२ आंशिक क्षति भए। जसबाट १ करोड ११ लाख रुपियाँ बराबरको क्षति भयो भने १२ हजार ४ सय ३७ विद्यार्थी प्रभावित भए।

### सरकारको भूमिका

बाढी आएलगत्तै सरकारी निकाय उद्दार तथा राहत सङ्कलन र वितरणमा जुटे। गृह मन्त्रालयबाट ३३ करोड ५६ लाख ४२ हजार ५ सय रुपियाँ यसका लागि दैवी प्रकोप उद्दार समितिमा निकासा भएको थियो। जसमा बाढीबाट पूर्ण क्षति भएका ३ हजार ६ सय ५७ घरलाई ५ हजारका दरले १८ करोड २८ लाख ५ हजार रुपियाँ उपलब्ध गराइएको थियो। त्यसैगरी आंशिक क्षति भएकालाई १२ हजार ९ सय ७० घरलाई ३ हजारका दरले ३८ करोड ९ लाख १० हजार, खाद्यान्न/कपडा ८९ हजार ५ सय ९९ जनालाई ८ सय ९० का दरले ७ करोड ६१ लाख ५९ हजार १ सय ५०, चाड पर्व खर्च १६ हजार ५ सय ३८ घरलाई ३ हजारका दरले ४ करोड ९६ लाख १४ हजार, खाद्यान्न ९० हजार १ सय ५३ जनालाई १ हजार ५ सयका दरले १३ करोड ५२ लाख २८ हजार, मृतक/बेपत्ता परिवारलाई ३३ लाख ८० हजार उपलब्ध गराइएको जिल्ला दैवि प्रकोप उद्दार समिति, बर्दियाले जनायो।

बर्दिया जिल्लामा २०७४ साउन महिनाको अन्तिम हप्तामा आएको बाढीपछि प्रारम्भिक चरणमा जिल्ला दैवि प्रकोप उद्दार समिति बर्दियामार्फत चामल २ लाख ५१ हजार ८३ किलो, दाल ३४ हजार ५ सय १३ केजी, चिउरा ९ सय ८८ केजी (२७ प्याकेट), भुजिया चिउरा २ सय १६ प्याकेट, दालमोट ७ सय १३ प्याकेट, विस्कुट ८५ काटुन (९० प्याकेट), पानी ९२ काटुन, तेल १६ हजार ४ सय ५९ लिटर, चाउचाउ ३ सय ६८ काटुन, नुन ८ हजार ७ सय ६२ केजी, चिनी ५ हजार १ सय ५७ केजी, तयारी खाना ४ हजार ५ सय सेट वितरण गरिएको थियो। यसैगरी गैरखाद्यान्न वस्तुतर्फ त्रिपाल ३८ वण्डल, कर्कटपाता १ सय ३० थान, गैरखाद्यान्न वस्तु २ हजार ६ सय ७ सेट वितरण भएको थियो।

पछिल्लो समयमा नेपाल खाद्य संस्थानबाट प्राप्त ५ सय ७७.२० केजी चामल वितरण भयो। गृह मन्त्रालयबाट प्राप्तमध्ये ३ सय ४ बण्डल त्रिपाल, स्थानीय तह मार्फत रु.७० का दरले ३० दिनको १ लाख ११ हजार ७ सय ६४ जनालाई २३ करोड ४७ लाख ४ हजार ४ सय रुपियाँ वितरण भएको थियो।

यसैगरी विभिन्न संस्था/व्यक्तिबाट प्राप्त त्रिपाल ३ सय ५६ वण्डल (९१ थान), गैरखाद्यय सामाग्री ५ सय सेट, चामल ८३ हजार १ सय ८७ केजी, दाल ६ हजार ७ सय १३ केजी, चिउरा ५ सय ४ केजी, भुजा १० केजी, २० प्याकेट, भुजा चिउरा ६७ बोरा, भुजिया ५ केजी, भुजिया चिउरा ५ सय १० पोका, दालमोट ५ सय १४ प्याकेट, विस्कुट ३८ काटुन (१ हजार ५ सय ९० प्याकेट), पानी ५५ काटुन (२ सय ६४ बोतल), तेल ३ काटुन (६ हजार ६ सय ६४ लिटर), चाउचाउ ३ सय ७ काटुन, नुन २ हजार ८ सय ६७ केजी र चिनी ८८ केजी वितरण गरिएको थियो।

### गैरसरकारी संस्थाको भूमिका

बाढीपीडितहरूको उद्दार, राहत वितरण आदिमा नेपाल रेडक्रस सोसाइटी, बर्दियाले उल्लेख्य

भूमिका निर्वाह गरेको थियो। पीडितलाई सहयोग गर्न विभिन्न दातृ निकाय, सङ्घ/संस्था, दाता आदिले ५४ लाख ६२ हजार ९ सय ३९ रुपियाँ दैवी प्रकोप उद्दार समितिलाई उपलब्ध गराएका थिए। २०७४ सालको बाढीका बेला भने एकद्वार प्रणालीमार्फत मात्र पीडितलाई सहयोग गर्ने सरकारी घोषणाका कारण सहयोग प्रक्रिया केही प्रभावितसमेत भएको थियो। तर चौतर्फी दबाबका कारण सरकारले उक्त निर्णय फिर्ता गरेपछि सहयोग गर्न चाहने सबैले गच्छे र मनअनुसार स्वस्फूर्त मद्दत गरेका थिए।

**अधिकार प्राप्तिको कानुनी बाटो**

प्राकृतिक विपद्मा परेका पीडितले राज्यबाट पाउनुपर्ने अधिकार नपाएपछि कानुनी बाटो अपनाउनुपर्ने अवस्था सिर्जेको छ। नवलपरासीस्थित वेलाहारी गाविस-६ का तीलबहादुर झेडी मगर, मोरङस्थित इटहरी गाविस-१ का डिलबहादुर थापा र सोही गाविस-४ का डिलबहादुर गुरागाईंले २०६४ सालमा रिट हलेका थिए। जसमा सर्वोच्च अदालतले २०६८ चैत २० गते नेपाल सरकारका सम्बन्धित कार्यालयहरूका नाममा बाढीग्रस्त क्षेत्र र बाढीपीडितको अवस्थाबारे जाँचबुझ अध्ययन/सर्वेक्षण गरी/गराई संरक्षित जलाधार क्षेत्र घोषणा गर्न पहल गर्न निर्देशनात्मक आदेशसमेत जारी गरेको थियो।

सो फैसला आदेश कार्यान्वयन गर्न सम्बन्धित निकायहरूमा पटकपटक पत्र पठाइए पनि कुनै प्रगति भएको देखिँदैन। बाढीपीडित सरोकार समिति परिवार बर्दियाका अनुसार विशेषत: अहिलेको गेरुवा गाउँपालिका १ सय ४७ परिवार बाढीबाट घर जग्गा गुमेको र पुनर्स्थापना पनि हुन नसकेपछि भौंतारिइरहेका छन्। परिवारका अध्यक्ष शेरबहादुर खड्का भन्छन्- 'आफ्ना जनताको समस्या राज्य आफैंले बुझ्नुपर्ने हो तर यहाँ त अदालतको आदेश पनि सुनुवाइ नहुनु विडम्बनाको विषय बन्न पुगेको छ।'

यस्तै बाँके र बर्दियामा २०७४ साउन २८ गतेको बाढीका कारण पीडित र प्रभावितका धनजनको क्षतिका साथै नागरिकलाई परेको असर, पीडितको उद्दार, स्वास्थ्य उपचारका सम्बन्धमा इन्सेकले कानुन व्यवसायीसँगको समन्वयमा पीडितका पक्षबाट उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासमा २०७४ भदौ २० गते रिट हालेको थियो। उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासले विपक्षीका नाममा कारण देखाउ आदेश जारी गऱ्यो।

**बाढी आउनुका कारण**

बाढीबाट बर्सेनि मानवीय तथा भौतिक क्षति हुँदै आएको छ। यसबाट मानिसमात्र नभई सिङ्गो प्राणी जगतलाई नै नकारात्मक असर पुगिरहेको छ। यो क्रम जतिपछि भयो उति उति बढिरहेको छ। जसको कारण खोज्न आवश्यक छ। अनि दीर्घकालीन योजना बनाएर अघि बढ्नुको विकल्प छैन। प्राकृतिक स्रोतको स्वार्थी दोहन र औद्योगिकीकरणले उत्सर्जन गर्ने कार्बनले पनि यस्ता प्रकोपमा भूमिका खेलेको हुन्छ। त्यसैले कारण पत्ता लगाउने र तिनीहरूको व्यवस्थापनमा ढिलाइ नगर्ने पनि बाढी जस्ता प्रकोपबाट हुने क्षति घटाउने उपाय हुन्। अर्कोतर्फ विकासका नाममा बनाइएका भौतिक पूर्वाधारले पनि प्रकृतिलाई ताण्डव मच्चाउन सहयोग गरेका पाइएका छन् कतिपय ठाउँमा। त्यसैले यस्ता पूर्वाधार बनाइँदा पनि विशेष विचार पुऱ्याउनु आवश्यक छ।

जस्तो कि २०४० सालमा बर्दियाको भौरा टप्पामा बाढी आयो। यो टप्पाको पश्चिममा कर्णाली र पूर्वमा गेरुवा नदीले घेरिएर बगेको छ। जुन बाढीबाट सयौं मानिस मरे। धेरै धनको क्षति भयो। त्यो बाढी बर्दियाभन्दा केही किलोमिटर दक्षिणमा पर्ने भारतको कैलासीमा बनेको बाँधसहितको पुलका कारण आएको थियो। उक्त बाँधको पूरै ढोका थुनिएकाले पानी जम्दै नेपालतर्फ आएकामा एकैचोटि ढोका खोलिदिएपछि बगाएर जनधनको क्षति भएको थियो। त्यसैले संरचना पनि यस्ता प्रकोपको कारण बन्दै आएका छन्। यसतर्फ विचार पुऱ्याउनुपर्छ।

**समाधान मार्ग**

प्रकोपलाई दैवको लीला ठानिन्थ्यो केही वर्षअघिसम्म। त्यसैले नेपालका नियम/कानुन पनि यसलाई दैवी लीला ठान्दै निर्माण भए। अर्थात प्रकोपले पुऱ्याउने हानि रोक्न सकिन्न, त्यसैले हानि भइसकेपछि उद्दार र राहत सहयोगमात्र गर्न सकिन्छ भन्ने मान्यताअनुरूप नियम/कानुन बनाइए। भनाइको मतलब प्रकोपको पूर्वतयारीमा ध्यान दिइयो भने जोखिम कम हुन्छ र क्षति पनि न्यून गराउन सकिन्छ भन्नेतर्फ ध्यानै दिइएन। जबकि प्रकोप रोक्न नसकिए पनि धेरै पूर्वतयारीका कारण धेरै हदसम्म क्षति न्यून पार्न सकिन्छ। त्यसैले बाढी, पहिरो, आगलागी, भूक्षय जस्ता प्रकोपलाई हेर्ने, बुझ्ने सोचाइमा परिवर्तन आवश्यक छ भने तयारी पनि त्यहीअनुसार गर्नु आवश्यक छ। यतिमात्र हैन, यससम्बन्धी नियम कानुनसमेत

प्रतिकार्यमा आधारित बनाउन सबै लागिपर्नुपर्छ।

लामो रस्साकस्सीपछि संसद्ले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बनाएको छ। जसले विपद् दैवले चाहेमा आउने र उसले गराउन चाहेको क्षति कसैले रोक्न नसक्ने पुरानो ऐनको मान्यता चिरेको छ। अनि पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ, पुनर्व्यवस्थापन र पुनर्निर्माणमा जोड दिएको छ। यसलाई पछ्याउँदै त्यहीअनुसार काम गराउन सकियो भने बाढी आउने जस्ता समस्या न्यूनीकरणमा सहयोग पुग्छ।

यो ऐनले प्रदेश स्तरमा विपद् व्यवस्थापन गर्न प्रत्येक प्रदेशमा मुख्य मन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन समिति पनि गठन गरिने व्यवस्था पनि गरेको छ। त्यसैगरी प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समिति पनि गठन हुनेछ। त्यतिमात्र हैन, गाउँपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखको अध्यक्षतामा प्रत्येक गाउँपालिका तथा नगरपालिकामा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिने व्यवस्था पनि ऐनमा छ। त्यसैले ऐनका प्रावधान लागु गराइ स्थानीय स्तरबाटै समाधान खोजिने प्रयास गर्नुपर्छ।

राजनीतिक दलसम्बन्धी कानुनले दलको काम, कर्तव्य र अधिकारमा विपद् जोखिम न्यूनीकरण शिक्षा अभियान सञ्चालन गरी पूर्वतयारी कार्यमा सहयोग पुऱ्याउने राष्ट्रिय विपत्तिको समयमा खोज, उद्दार, सहयोग, पुनर्स्थापनागायत अन्य आवश्यक सहयोग गर्ने उल्लेख गरेको छ। त्यसैले दलहरूका स्थानीय प्रतिनिधिलाई यिनै प्रावधानका आधारमा विपद्प्रति बढी जिम्मेवार र सक्रिय बनाउनेतर्फ लाग्नुपर्छ।

यति हुँदाहुँदै पनि बाढीपीडित भई बिस्थापितलाई सक्दो चाँडो पुनर्स्थापना गर्ने कार्य खासगरी सरकारको प्राथमिकतामा पर्नैपर्छ। यसका लागि योजना, बजेट आदि निकासामा कन्जुस्याइँ गर्नुहुँदैन।

पुनर्स्थापना गर्दा भूमिहीनलाई विशेष ख्याल राखिनुपर्छ। किनकि उनीहरूसँग जमिन नभएकै कारण राज्यले घरमात्र बनाउन पैसा दिए पनि पुनर्स्थापना सम्भव छैन। त्यसैले सहयोग गरिँदा सबैलाई एकमुष्ठभन्दा पनि उसको अवस्था र आर्थिक पाटो हेरेर गर्नुपर्छ।

**सन्दर्भ सामग्री**


१. जिल्ला दैवी प्रकोप उद्दार समिति, बर्दिया
२. बाढी पीडित सङ्घर्ष समिति परिवार, बर्दिया
३. विभिन्न पत्र पत्रिकाहरू
४. पीडित व्यक्ति, सरोकारवाला व्यक्तिसँगको छलफल
५. नेपाल रेडक्रस सोसाइटी शाखा कार्यालय, बर्दिया
६. नेपाल मानव अधिकार वर्ष पुस्तक २०१७

परिच्छेद ३

# ३.६ कालीकोटमा कुपोषण : बालबालिकामा परेको असर

**पृष्ठभूमि**

कालीकोट प्रदेश-६ अन्तर्गत पर्ने १० जिल्लामध्ये एउटा हो। कर्णाली क्षेत्रमा रहेको यो क्षेत्रफलका दृष्टिकोणले सबैभन्दा सानो तर नेपालकै कान्छो एवम् दुर्गम पहाडी जिल्ला हो। प्राचीन कालदेखि नै पवित्र भूमिका रूपमा चिनिएको यो जिल्ला राजधानी काठमाडौँबाट ७३८.८ किलोमिटरको दूरीमा छ। कालीकोटको सिमाना दहिखोलादेखि नाग्मसम्मको सडक सञ्जाल ७५ किमि छ। यस जिल्लाको पूर्वमा जुम्ला, पश्चिममा अछाम, उत्तरमा बाजुरा र मुगु अनि दक्षिणमा दैलेख र जाजरकोट जिल्ला पर्छन्। आर्थिक दृष्टिकोणले यो निकै विपन्न मानिन्छ। यसको सदरमुकाम मान्म बजार हो।

नेपालको संविधान २०७२ ले निर्दिष्ट गरेअनुसार गुणस्तरीय स्वास्थ्य सेवा पाउनु सम्पूर्ण नेपाली जनताको नैसर्गिक अधिकार हो। यसको प्रत्याभूतिका लागि नेपाल स्वास्थ्य सेवा ऐन २०५३, नेपाल स्वास्थ्य सेवा नियमावली २०५५, नेपाल मेडिकल काउन्सिल ऐन २०२०, नेपाल मेडिकल काउन्सिल नियमावली २०२४, राष्ट्रिय स्वास्थ्य नीति २०४८ अनुसार विभिन्न कार्यक्रम लागु भइरहेका छन्। तथापि राष्ट्रिय स्वास्थ्य नीति २०७१ जारी भइसकेको अवस्थामा पनि यहाँका बालबालिका पौष्टिक आहार खान नपाएर कुपोषित अवस्थाबाट गुज्रिरहनुपरेको छ। कतिपय त यही कारण मृत्यु वरण गर्नसमेत बाध्य छन्।

आधारभूत स्वास्थ्य सेवालाई सरकारले नि:शुल्करूपमा सर्वसुलभ बनाउने घोषणा गरेको छ। त्यसैगरी सरकारले दिगो विकासका लक्ष्यहरूलगायत संयुक्त राष्ट्रसङ्घीय तथा अन्तर्राष्ट्रिय स्वास्थ्यसम्बन्धी घोषणाका प्रावधानहरूप्रति प्रतिबद्धता जनाइसकेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सन् २००४ देखि २०१० सम्मको नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम कार्यान्वयन योजना निर्माण गरी जनतामुखी कार्यक्रमहरू कार्यान्वयन गरेको भए पनि विशेषगरी मातृ तथा बाल स्वास्थ्यमा उल्लेखनीय सुधार भएको देखिँदैन। नेपाल सहस्राब्दी विकास लक्ष्यमा विषेशगरी बाल स्वास्थ्य र मातृ स्वास्थ्यको नजिक पुगेको छ। सरकारी तथा दातृ निकायहरूको संयुक्त पहलमा सन् २०१० देखि २०१५ सम्मका लागि नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम-दोस्रो लागु भए पनि नतिजा सन्तोषजनक देखिन्न।

देशमा विद्यमान नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी कालीकोटबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरी समग्र जीवनस्तर उकास्ने मह महत्त्वपूर्ण उद्देश्यका साथ विभिन्न कार्यक्रम सञ्चालित छन्। तर पनि जिल्लाको पृथक वस्तुस्थिति तथा विद्यमान भौगोलिक, सामाजिक तथा आर्थिक परिस्थतिका कारण लक्ष्यबमोजिम उपलब्धि हासिल हुन सकेका छैनन्।

कर्णालीका बालबालिकामा गत वर्ष १.७ प्रतिशत कुपोषण पाइएकामा यो वर्ष बढेर २.२ प्रतिशत पुगेको पाइएको छ। खासगरी आमाहरूलाई तौल अनुगमनको महत्त्व ज्ञान नहुनु र स्वास्थ्यकर्मीले पनि उचित जानकारी गराउन नसक्नुले समस्या झन् वृद्धि हुँदै गएको देखिन्छ।

**अध्ययनको महत्त्व**

विकट कर्णाली क्षेत्रमा कुपोषणको समस्या जटिल बन्दै गएको छ। यो क्षेत्रका कालीकोट, हुम्ला, जुम्ला, डोल्पा र मुगुमा सरकारी तथा गैरसरकारी कार्यालयले खाद्य सुरक्षा तथा पोषणका दर्जनौँ कार्यक्रम चलाए पनि प्रभाव देखिएको छैन। बर्सेनि सरकारी तथा गैरसरकारी निकायले करोडौँ रुपियाँ खर्च गरे पनि कुपोषण न्यून हुन सकेको छैन। पोषणयुक्त खाना र चेतनाको अभावमा दुर्गमका बालबालिका कुपोषणको सिकार हुने क्रम बढ्दो छ।

कर्णालीमा सरकारी निकायका विषयगत कार्यालयबाट बालबालिकाको पोषण र सुरक्षाका लागि कार्यक्रम सञ्चालनमा छन्। हरेक वर्ष फरक-फरक नाममा परियोजना चलाउने क्रम रोकिएको छैन। तर

पनि समस्या घट्नुको साटो कर्णालीका बालबालिका कुपोषणको जालोमा जेलिँदै गएका छन्। यसरी खर्चिएको ठूलो रकम बालुवामा पानीसरह भएको छ। अर्थात यहाँ देखिएको कुपोषणको डरलाग्दो आकार सबैका लागि चिन्ताको विषय बन्न पुगेको छ।

एकातर्फ कुपोषणविरुद्धका कार्यक्रम सदरमुकाम र तुलनात्मक सुविधायुक्त स्थानमा केन्द्रित हुँदा दुर्गमका नवजात शिशु र बालबालिकाले प्राण नै त्याग्नुपर्ने अवस्था जारी छ। अर्कोतर्फ ठूलो रकम खर्चिएकै ठाउँको प्रगति पनि उत्साहजनक देखिन्न।

आर्थिकरूपमा विपन्न र सामाजिकरूपमा पिछडिएको कर्णालीका अधिकांश बस्तीका नागरिक वर्षभर पेट भरी खानै पाउँदैनन्। छाक टार्नै मुस्किल हुने उनीहरूका लागि पोषणयुक्त खाना केवल परिकल्पनामा मात्र सीमित छ। लामो समयदेखि कर्णालीमा पोषणसम्बन्धी वृद्धि अनुगमन, मातृशिशु तथा बाल्यकालीन पोषण, कृषि तथा खाद्य सुरक्षा आयोजना, बहुक्षेत्रीय पोषण योजना, शीघ्र कुपोषण एकीकृत व्यवस्थापन कार्यक्रम, किशोरीलाई आइरन चक्की वितरण, सुनौला हजार दिन सञ्चार अभियान र सर्वोत्तम लिटो वितरण कार्यक्रम सञ्चालन भइरहेका छन्। यी कार्यक्रमका लागि थुप्रै रकम खर्च हुने गरेका छन्। यद्यपि कति रकम खर्च भयो भन्ने एकीन हिसाब भने कसैसँग छैन।

कुपोषण न्यूनीकरणकै लागि दर्जनौँ परियोजना र अभियानहरू सञ्चालनमा भए पनि त्यसको प्रभावकारिता नदेखिनु विडम्बनाकै विषय भएको छ। परियोजनाले केही कर्मचारी पाल्नेबाहेक कुनै उपलब्धि हासिल हुन नसकेको स्थानीयकै बुझाइ। अधिकांश सरकारी कार्यक्रम दुर्गममा पुग्नै सकेका छैनन्।

अभियान र कार्यक्रमका नाममा रकममात्र खर्च भएको र लक्षित वर्गसम्म पुग्न नसकेको भन्दै नागरिक अगुवाले अब यी परियोजना गाउँकेन्द्रित हुनुपर्ने सुझाव दिएका धेरै समय बितिसकेको छ। तर पनि सुनुवाइ भने हुन सकेको छैन। त्यसैले कुपोषित बालबालिकालाई उपचार/हेरचाह गर्न तथा यही कारणले मर्नुपर्ने अवस्था अन्त्यका लागि सरोकारवाला निकायको ध्यान केन्द्रित गराउन आवश्यक छ। यो वास्तविकता महसुस गराउन सकियो भने अध्ययनकै कारण ठूलो उपलब्धि हासिल हुने सम्भावना छ।

**अध्ययनको उद्देश्य**

कालीकोटलगायत कर्णाली क्षेत्रमा कुपोषणले बालबालिकामाथि पारेको असर सार्वजनिक गर्नु यसको मुख्य उद्देश्य हो। त्यसबाहेक यस्तो विकराल अवस्थाप्रति सम्बन्धित निकायको ध्यानाकर्षण गराउनु पनि यसको अर्को उद्देश्य हो।

**अध्ययन विधि**

यो अध्ययन तयार पार्ने क्रममा प्राथमिक र द्वितीय स्रोत प्रयोग भएका छन्। प्राथमिक स्रोतअन्तर्गत सरोकारवालासँग अन्तर्वार्ता, सोधखोज, स्थानीय स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी आदिसँग भेटघाट गरी सूचना सङ्कलन गरिएको छ। द्वितीय स्रोतअन्तर्गत इन्सेक अनलाइन, प्राची, स्थानीय सञ्चार माध्यम आदि प्रयोग भएको छ।

**अध्ययनको सीमा**

खासगरी कालीकोटका बालबालिकामाथि कुपोषणको प्रभाव हेर्न खोजिएका कारण यसले समग्र बालबालिकाको प्रतिनिधित्व गर्दैन।

**कुपोषणको अवस्था**

जिल्ला स्वास्थ्य कार्यालय कालीकोटका अनुसार जिल्लाका ६३ प्रतिशत बालबालिका कुपोषणमा जेलिएका छन्। सरकारी/गैरसरकारी विभिन्न परियोजना सञ्चालनमा रहे पनि बालबालिकामाथि बढ्दो कुपोषणको प्रभाव रोकिन सकेको छैन। यस्तै हुम्लामा पछिल्लो समय संयुक्त राष्ट्र सङ्घीय बाल कार्यक्रम (युनिसेफ) को आर्थिक सहयोगमा सञ्चालित एक कार्यक्रमले स्क्रिनिङ गरेका जिल्लाका ४ हजार २ सय २३ बालबालिकामध्ये १ हजार ३ सय ७९ अर्थात् ३२ दशमलव ५६ प्रतिशत कुपोषित भएको फेला पारेको थियो।

मुगुमा भने ६१ प्रतिशत बालबालिका कुपोषित छन्। जिल्ला स्वास्थ्य कार्यालय, मुगुको वार्षिक तथ्याङ्कअनुसार तीन महिनाभन्दा माथि पाँच वर्षभन्दा मुनिका बालबालिकामा कुपोषणको समस्या बढी छ। यस्तै डोल्पामा ११ प्रतिशत र जुम्लामा नौ प्रतिशत बालबालिका कुपोषणग्रस्त छन्। यी जिल्लामा पोषणका लागि अभियानहरू अहिले पनि जारी छन् तर पनि बालबालिका यसबाट मुक्त हुन सकेका छैनन्।

यो आर्थिक वर्षमा कुपोषणकै कारण कालीकोटमा मात्र तीन बालिकाको मृत्यु भएको जानकारीमा आएको छ। गत चैतमा रास्कोट नगरपालिका सिप्खाना-२ कोलीगाउँकी १४ महिने बालिका सुशीला योगी, रास्कोट नगरपालिका स्युना-५ की एक वर्षीया कोपिला फर्साल र तिलागुफा नगरपालिका-१० राचुँलीकी मनसरा चदाराँको यसरी ज्यान गएको हो। पोषणयुक्त खानाको अभावमा कुपोषणमा परी ती बालिकाको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालयका पोषण कार्यक्रमका फोकल पर्सन कटक महतले जनाए।

**कुपोषणका कारण**

कर्णालीमा कुपोषणको समस्या हुनुको मुख्य कारण पोषिलो खानाको अभाव नै हो। अर्कोतर्फ पोषणयुक्त खानामा ध्यान नदिनु, सरसफाइमा कमी र जनचेतना अभावका कारण पनि बालबालिका कुपोषणको सिकार भएका हुन्। कोदो, मकै, फापर, भटमास, जौ, स्याउ, ओखर जस्ता खाद्यान्न र फलफूलको महत्त्वबारे धेरै स्थानीय अनविज्ञ छन्। सञ्चार माध्यमले पनि चामल मात्रै खाद्यान्न हो भन्ने जसरी समाचारहरू प्रकाशन/प्रसारण गर्नु र सरकारी तथा गैरसरकारी निकायले समेत स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न तथा फलफूललाई महत्त्व दिन नसक्नु कुपोषण वृद्धिको अर्को कारण हो। ग्रामीण स्वास्थ्य क्षेत्रमा कार्यरत किशोरकुमार रावल पनि स्थानीय उत्पादनलाई महत्त्व नदिनु र आयातीत चामलमै जोड दिने नीति पनि कुपोषणको मुख्य कारण हो भन्छन्।

'कुपोषणको अवस्था भयावह हुनुमा खानपानको कमी नै हो', उनी भन्छन्- 'स्थानीय उत्पादन प्रयोग गरेर यसमा कमी ल्याउन सकिन्छ।' कर्णालीमा चामल पुगेन, कर्णालीबासीले भात खान पाएनन् जस्ता समाचारले मात्रै सञ्चार माध्यममा स्थान पाइरहेको भन्दै उनले थपे- यसको सट्टा स्वास्थ्यवर्द्धक स्थानीय बाली, फलफूल र कन्दमूलको महत्त्वसम्बन्धी समाचार दिएका भए त्यसले गाउँमा चेतना फैलाउँथ्यो र कुपोषण न्यूनीकरणमा भूमिका निर्वाह गर्थ्यो।

कर्णालीका बालबालिकामा हुने कडाखालको कुपोषणको उपचारका लागि स्थानीय स्वास्थ्य चौकीहरूमा बहिरङ्ग सेवा सञ्चालन ल्याइएको छ। सरकारले पहिलो चरणमा अञ्चलभरका ५० स्वास्थ्य चौकीमा कडा कुपोषणको शीघ्र उपचारका लागि बहिरङ्ग सेवा केन्द्र स्थापना गरेको हो। अहिले सरकारी तथा गैरसरकारी संस्थाहरूले कुपोषणमा कमी ल्याउन गर्भवती महिलालाई कुखुरा र बच्चाहरूलाई सर्वोत्तम पिठो वितरणलगायतका विभिन्न कार्यक्रम पनि सञ्चालन गरिरहेका छन्।

**कालीकोटमा खाद्य अधिकार र कुपोषण**

बाँच्नका लागि पर्याप्त खान पाउनुका साथै स्वस्थ जीवन यापन गर्न पाउनु प्रत्येक मानिसको आधारभूत अधिकार हो। आफ्ना नागरिकलाई गुणस्तरिय पोषणयुक्त खाना, शारीरिक आवश्यकताअनुसारको खाद्यान्न प्राप्त गराउनु राज्यको दायित्व हो। तर पोषणयुक्त खाना पाउनु त कता हो कता, कालीकोट जस्ता विकट जिल्लामा टन्न खानसमेत नपाएर मृत्यु हुनेको सङ्ख्या पनि वृद्धि भइरहेको पाइन्छ।

खाद्य अधिकार भन्नाले मानवीय आवश्यकताअनुसार पाउनुपर्ने उचित पोषणयुक्त स्वच्छ खाना बुझिन्छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार प्रत्येक मानिसले २४ घण्टामा तीनपटक अनिवार्य खान पाउनुपर्छ। संयुक्त राष्ट्र सङ्घको कृषि तथा खाद्य सङ्गठन (एफएओ) का अनुसार दैनिक १८ सय किलो क्यालोरीभन्दा कम शक्तिको खाद्य उपभोगको अवस्थालाई भोकमरी वा भोक भनिन्छ।

कालीकोटका नौवटा स्थानीय तहका ८२ वडामा १ लाख ३६ हजार ९ सय ४८ जनसङ्ख्या छ। उनीहरूको जीविकोपार्जनको प्रमुख आधार कृषि नै हो। जनसङ्ख्यानुसार २७ हजार ५० मेट्रिक टन खाद्यान्न आवश्यक पर्ने यो जिल्लामा १४ हजार ४ सय ७९ मेट्रिक टनमात्र उत्पादन हुने गरेको कृषि विकास कार्यालय, कालीकोटको तथ्याङ्क बताउँछ। जसअनुसार वार्षिक १२ हजार ५ सय ७१ मेट्रिक टन खाद्यान्न अपुग हुने गरेको जिल्ला कृषि विकास कार्यालय कालीकोटको वार्षिक प्रतिवेदन २०७३/०७४ मा उल्लेख छ।

एकातिर जिल्ला खाद्य संस्थानको गोदाममा चामल जगेडा छ। अर्कोतिर ढुवानीको समस्याले गर्दा भोकमरी लागेका गाउँमा त्यो चामल पुग्न नसकेको अवस्था छ। माओवादी द्वन्द्वका बेला ध्वस्त पारिएका स्थानीय खाद्य डिपोहरू पुनर्स्थापना हुन नसक्दा सर्वसाधारणले सरकारद्वारा अनुदानमा उपलब्ध गराइएको चामलसमेत उपयोग गर्न पाएका छैनन्। अर्कोतर्फ यस जिल्लामा वितरण गरिने खाद्यान्नको गुणस्तर मध्यमखालको हुने गरेको छ। कहीं कतै

उपलब्ध हुने यही चामल पनि पहुँचवालाले सजिलै भेट्ने तर अधिकांश सर्वसाधारण रित्तो हात फर्कनुपर्ने आवस्था अझै छ। जिल्लाका विभिन्न स्थानमा वितरण हुनुपर्ने खाद्यान्न करिब ६ महिनासम्म भण्डारण हुने गर्छ। त्यसैले पनि यसको स्तरमा ह्रास आउने गरेको छ।

यसैगरी यो वर्ष पलाता गाउँपालिकामा खडेरीका कारण अन्न उत्पादन हुन सकेन। यही कारण २०७४ साउन आधाआधीदेखि खाद्यान्न सङ्कट चुलिएको थियो। सङ्कट बढे पनि सरकारले ढुवानी अनुदानमा उपलब्ध गराउँदै आएको चामल गाउँका डिपोमा ढुवानी गर्नै सकेन। सदरमुकाम मान्मबाट पश्चिम उत्तरी पलाता भेगमा पर्ने धौलागोह, खिन, थिर्पु, राम्नाकोट, नानीकोट र बदालकोटको ४ देखि ९ नम्बर वडासम्म खडेरीले निकै समस्या निम्त्याएको थियो। जुन सङ्कट वर्षको अन्त्यसम्म पनि समाधान हुन सकेन। यही कारण पलाता क्षेत्रका करिब ३५ हजार बासिन्दा प्रत्यक्ष प्रभावित हुन पुगे।

**समस्या**

(१) संविधानको मर्म र भावनाअनुसार सबै क्षेत्र, तह, तप्का, वर्ग तथा समुदायका नागरिकका लागि गुणस्तरीय पोषणयुक्त खाना र स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुऱ्याउन नसकिनु।

(२) राज्यको निरन्तर प्रयास रहँदारहँदै पनि ५ वर्षमुनिका करिब आधा बालबालिका र प्रजनन उमेरका महिलामा न्यून पोषण व्याप्त हुनु।

(३) जलवायु परिवर्तन, बढ्दो खाद्य असुरक्षा तथा प्राकृतिक विपद्ले सिर्जना हुने मानवीय स्वास्थ्य, स्थानीय अर्गानिक खाद्यहरूको कम प्रयोग र आयातीत विषदीयुक्त खानाको अत्यधिक प्रयोगले समस्या बढ्दो अवस्थामा हुनु।

(४) गुणस्तरीय खाद्यमा जनताको पहुँच, पोषणयुक्त खानाको समुचित प्रयोग, अत्यावश्यक औषधि र उपकरण राष्ट्रिय स्तरमा उत्पादन हुन नसक्नु र वितरण प्रभावकारी तथा जनमुखी बनाउन नसकिनु।

**कुपोषण न्यूनीकरणका लागि थालिएका प्रयास र सरोकारवालाको भनाइ**

शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रम लागु गरी कुपोषण न्यूनीकरणको प्रयास गरिएको जिल्ला स्वास्थ्य कार्यालयले जानकारी दिएको छ। हाल जिल्लामा दुईवटा बहिरङ्ग सेवा केन्द्र थप गरी १० वटा पुऱ्याइएको जिल्ला अस्पताल कालीकोटका प्रमुख कौशल अलीले बताए। 'धौलागोह, स्युना, मेहेलमुडी रक्, कुमालगाउँ, राँचुली, गेला स्वास्थ्य चौकी र जिल्ला अस्पतालमा यस्ता बहिरङ्ग उपचार केन्द्र सञ्चालन गरिएको उनले बताए। खाद्य तथा पोषण सुरक्षाका दृष्टिकोणले कालीकोट अति संवेदनशील र पछाडि परेको देखिन्छ। परम्परागत खानपिन शैली, रुढिवादी परम्परामा विश्वास, स्वास्थ्य सेवामा कम पहुँच, गरिबी, लैङ्गिक विभेद, न्यून जनचेतना आदिका कारण सुनौला हजार दिनका आमा तथा बालबालिकामा शीघ्र कुपोषणको समस्या देखिएको छ।

यस्तै समस्यालाई मध्यनजर गर्दै नेपाल सरकारले जिल्लाका विभिन्न गाउँमा कृषि तथा खाद्य सुरक्षा आयोजना, बहुक्षेत्रीय पोषण कार्यक्रम, शीघ्र कुपोषण एकीकृत व्यवस्थापन कार्यक्रम, बालपोषण नगद अनुदानलगायतका कार्यक्रम सञ्चालन भइरहेको भए पनि अपेक्षित उपलब्धि भने प्राप्त हुन नसकेको जिल्ला स्वास्थ्य कार्यालयका पोषण सम्पर्क व्यक्ति कटकबहादुर महतले बताए।

**पोषणसम्बन्धी कार्यक्रम**

५ वर्षमुनिका बालबालिका तथा प्रजनन उमेरका महिलामा प्रोटिन शक्तिको कमीले हुने कुपोषण सन् २००० को तुलनामा ५० प्रतिशतले घटाउने, ५ वर्षमुनिका बालबालिका तथा प्रजनन उमेरका महिलामा रक्तअल्पता दर ४० प्रतिशतभन्दा कममा ल्याउने, आयोडिनको कमीबाट हुने विकृतिहरू निर्मूल गर्ने, भिटामिन 'ए' को कमी निर्मूल गर्ने, बालबालिका तथा गर्भवती महिलामा हुने जुकाको सङ्क्रमण १० प्रतिशतभन्दा कममा ल्याउने, जन्मँदा नै कम तौल हुने दर १२ प्रतिशतभन्दा कममा ल्याउने, विद्यालय स्वास्थ्य कार्यक्रमको माध्यमबाट विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार ल्याउने जस्ता उद्देश्यका साथ कुपोषण अन्त्यका लागि जिल्लामा विभिन्न प्रयास भएका छन्।

पोषण कार्यक्रम जनस्वास्थ्यका दृष्टिकोणले प्राथमिकता प्राप्त कार्यक्रम हो। कुपोषणले तत्कालीन र दीर्घकालीनरूपमा असर पार्छ भने अन्य स्वास्थ्य समस्यामा समेत प्रभाव पार्ने हुन्छ। नेपालमा खासगरी प्रोटिन शक्तिको कमी, भिटामिन 'ए' को कमी, आयोडिन तथा आइरन तत्त्वको कमीका कारण कुपोषित

भएको पाइएको छ। सबै उमेर समूहमा कुपोषण हुने भए तापनि यसले ५ वर्षमुनिका बालबालिका, गर्भवती तथा सुत्केरी आमा बढी मात्रामा जोखिममा हुन्छन्।

सन् २०११ मा गरिएको नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षणअनुसार नेपालमा ४१ प्रतिशत पुड्का (उमेरअनुसार उचाइ नहुनु) तथा २९ प्रतिशत कम तौल (उमेरअनुसारको तौल नहुनु) र ११ प्रतिशत ख्याउटे भएको पाइएको छ। त्यसैले कुपोषणको जोखिममा रहेका समूहलाई लक्षित गरी यो कार्यक्रम सञ्चालन गरिएको हो। यस कार्यक्रमअन्तर्गत बालबालिकाको वृद्धि अनुगमन, गर्भवती तथा सुत्केरी महिलालाई आइरन चक्की वितरण, भिटामिन ए तथा जुकाको औषधि वितरण तथा पोषणसम्बन्धी परामर्श दिने गरिन्छ। यस कार्यक्रम सहस्राब्दी विकास लक्ष्यमा समावेश नवशिशु मृत्यु दर, ५ वर्षमुनिको मृत्यु दर, मातृ मृत्यु दर कम गर्न गरिने पोषणसम्बन्धी गतिविधिअन्तर्गत सञ्चालित छ।

**बहुक्षेत्रीय पोषण योजना**

दीर्घ कुपोषण घटाउनेतर्फ समग्र मुलुकलाई उन्मुख गराउने र मानव पूँजी र समग्र सामाजिक-आर्थिक विकासमा कुपोषण बाधकका रूपमा रहिरहने छैन भन्ने सुनिश्चित गर्न (विशेषगरी समाजका विपन्न वर्गका मातृशिशुको पोषण र स्वास्थ्यमा सुधार गरी मानव पुँजीको विकास गर्ने) निर्दिष्ट लक्ष्य प्राप्तिका लागि राष्ट्रिय योजना आयोग तथा सम्बद्ध प्रमुख क्षेत्रगत मन्त्रालयको क्षमता सुदृढ गरी बहुक्षेत्रीय पोषण कार्यवक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्न समर्थ बनाउनु यो योजनाको लक्ष्य हो। यसै लक्ष्य र उद्देश्यअनुरूप यस आर्थिक वर्षदेखि पोषण तथा खाद्यको दृष्टिकोणले असुरक्षित कालीकोटमा बहुक्षेत्रीय पोषण योजना लागु भएको हो। यहाँका बालबालिकामा न्यून पोषण, दीर्घ कुपोषण तथा मातृ पोषणको अवस्था हेर्ने हो भने निकै कहालिलाग्दो स्थिति देखिन्छ। युनिसेफ नेपालको एक अध्ययनअनुसार कर्णालीका हरेक १० बालबालिकामध्ये ६ जनामा पुड्कोपना, ४ जनामा ख्याउटेपना र ३ जनामा कम तौल देखिन्छ। यस्तो गम्भीर अवस्था दृष्टिगत गर्दै यसको अन्त्य गर्ने उद्देश्य र लक्ष्यका साथ बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन भएको छ।

बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन गर्ने सिलसिलामा जिल्लास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका ७ वटा कार्यालयको संयुक्त टोलीद्वारा नानीकोट, बदालकोट, खिन र धौलागोह गाविसमा निम्नानुसार कार्यक्रम सञ्चालन गरिएको थियो। नेपाल विश्वव्यापी पोषण आन्दोलनको सहयात्री हो र आमरूपमा स्वीकृत सूचकका आधारमा आफ्ना नागरिकको पोषणको स्थितिमा सुधार ल्याउन प्रतिबद्ध छ। अघिल्लो परिच्छेदमा गरिएका कारणहरूको विश्लेषणबाट देखिएजस्तै नेपालमा पोषण न्यूनताका लागि थुप्रै परस्पर सम्बन्धित कारक तत्व जिम्मेवार छन् जसले समाधानका लागि विविध क्षेत्रबाट व्यापक सुधारको अपेक्षा गर्छन्।

पोषणको सवाललाई बहुक्षेत्रीय दृष्टिकोण अवलम्बन गरी क्रमबद्ध र समन्वित ढङ्गले सम्बोधन गर्ने प्रयासस्वरूप यो योजना तयार गरिएको हो। विगतका प्रयासहरू विशेष क्षेत्रकेन्द्रित, परस्पर असम्बद्ध र छरिएका हुनाले वाञ्छित उपलब्धि हासिल हुन सकेन। प्रस्तुत पोषण योजना र विगतका योजनाबीचको भिन्नता के छ भने यो बढी लक्ष्यकेन्द्रित छ र यसले सम्बद्ध विभिन्न क्षेत्रको समन्वित प्रयासमा जोड दिन्छ। यसले आमा र शिशुमा पोषण न्यूनताका लागि न्यूनीकरणको प्रक्रियालाई तीव्रता दिन खोजेको छ जसको मापन बालबालिकामा देखिने पुड्कोपनबाट हुन्छ। शैशव अवस्थाको पुड्कोपन आगामी पुस्ताको मानव पुँजीको गुणस्तर कस्तो हुनेछ भन्ने कुराको एक उत्तम सूचक मान्ने गरिन्छ। पुड्कोपनको यो प्रक्रिया गर्भधारणबाटै सुरु हुन्छ र बच्चा दुई वर्षको उमेर हुँदासम्म निरन्तर रहन्छ। यसै समयमा मस्तिष्क र प्रतिरक्षा प्रणाली पनि विकास पनि भइरहेको हुन्छ।

यस अवधिको वृद्धिमा हुने अवरोधले पछि गएर व्यक्तिको ज्ञान प्राप्त गर्ने क्षमता, उत्पादकत्व, कार्यसम्पादन, जीवनका विभिन्न चरणमा देखिने ह्रासोन्मुख बिमारीका सन्दर्भमा अत्यन्त नकारात्मक परिणाम प्राप्त हुन्छन्। अन्य मुलुकको अनुभव हेर्दा एक दशकभित्र दुई वर्षसम्मका बालबालिकालाई पुड्को हुनबाट बचाउन सकिने प्रस्ट हुन्छ। आमा र शिशुको पोषण न्यूनतामा जोड दिनुका अतिरिक्त प्रस्तुत कार्ययोजनाले अन्य उमेर, सामाजिक समूह र समग्र जनताका पोषणसम्बन्धी आवश्यकता पनि सम्बोधन गर्नेछ। यसले स्रोतहरूको उपयोगमा विभिन्न क्षेत्रबीच प्रभावकारी सहसम्बन्ध र समन्वय स्थापना गरी स्वीकार्य पोषणको स्तर प्राप्त गर्ने कार्यमा सम्पूर्ण राष्ट्रलाई जागरुक र प्रेरित गर्ने अपेक्षा गरिएको छ।

पोषण लक्षित र पोषणप्रति संवेदनशील दुवै प्रकारका आधारभूत कार्यक्रम विस्तार गरी यो लक्ष्य

हासिल गरिनेछ। पोषण लक्षित कार्यक्रमहरू मूलत: स्वास्थ्य क्षेत्रबाट प्रवाहित गरिनेछ भने अन्य कार्यक्रम शिक्षा, कृषि, पिउने पानी तथा सरसफाइलगायत क्षेत्रबाट स्थानीय निकायको सहकार्यमा सामाजिक सुरक्षाका कार्यक्रमसँग समन्वय गरी सञ्चालन गरिनेछ। यी सबै कार्यक्रमले शारीरिक वृद्धिको गम्भीर जोखिम हुने अथवा पुड्कोपन आरम्भ हुने अवस्था (गर्भ धारणदेखि दुई वर्षको उमेरसम्म) लाई प्रभावित पार्ने प्रयास भएको छ।

**कृषि तथा खाद्य सुरक्षा आयोजना**

कार्यक्रम लागु भएका जिल्लाका सम्बन्धित गाविसमा गर्भवती, सुत्केरी तथा २ वर्षमुनिका बालबालिकाका साथसाथै घरपरिवार स्तरमा खाद्य तथा पोषण सुरक्षामा सुधार ल्याउनु नै यस कार्यक्रमको प्रमुख लक्ष्य हो। कार्यक्रम लागु भएका जिल्लामा लक्षित गाविसका गर्भवती, सुत्केरी र ६ देखि २३ महिनाका बालबालिकाको खानपानमा सुधार ल्याउन खाद्य तथा पोषण सुरक्षा व्यवहार परिवर्तन गराउने लक्ष्य र उद्देश्यअनुसार कृषि तथा खाद्य सुरक्षा आयोजना सञ्चालन गरी कुपोषण अन्त्य गर्ने प्रयास भएको छ।

कृषि तथा खाद्य सुरक्षा आयोजना बहुदाताहरूको सहयोगमा स्थापित ग्लोबल एग्रिकल्चर एन्ड फुड सेक्युरिटी प्रोग्रामको अनुदान सहयोगमा नेपाल सरकारले सञ्चालन गर्दै आएको एक प्राथमिकतायुक्त आयोजना हो। यो आयोजना सन् २०१३ (आ.व. २०६९/०७०) देखि सन् २०१८ (आव २०७४/०७५) सम्म अर्थात ५ वर्षका लागि सञ्चालनमा रहनेछ। नेपालको मध्यपश्चिमाञ्चल तथा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका खाद्य सुरक्षाको दृष्टिकोणबाट जोखिममा रहेका मध्यपहाड र उच्चपहाडका १९ जिल्लामा यो आयोजना लागु छ।

नेपाल सरकारको कृषि विकास मन्त्रालयले मूलरूपमा कार्यान्वयन गर्ने तथा पशुपक्षी विकास मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सहयोगी भूमिकामा सञ्चालन हुने यस आयोजनाको योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनका लागि विश्व बैङ्कले सुपरीवेक्षणकर्ताको भूमिका निर्वाह गर्दै आएको छ। यसका साथै संयुक्त राष्ट्र सङ्घीय खाद्य तथा कृषि सङ्गठनले यस आयोजनाको प्रभावकारी कार्यान्वयनका निम्ति प्राविधिक सहयोग गर्दै आएको छ।

आयोजना क्षेत्रका खाद्य तथा पोषण सुरक्षाको दृष्टिकोणबाट संवेदनशील विपन्न घर परिवार र व्यक्तिहरूको जीविकोपार्जन तथा खाद्य र पोषण स्थितिमा सुधार ल्याउनु यस आयोजनाको प्रमुख लक्ष्य छ। कृषि तथा पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व बढाइ खाद्यान्न तथा पौष्टिक खाद्य पदार्थको उपलब्धता र पहुँच बढाउनुका साथै खाद्य पोषणसम्बन्धी आनिबानीमा परिवर्तन ल्याई लक्षित वर्गको समग्र खाद्य तथा पोषण सुरक्षामा सुधार ल्याउने दृष्टिकोण आयोजनाको छ।

यस आयोजनाको ४ संभागमध्ये तेस्रो 'खाद्य तथा पोषण सुरक्षाको अवस्थामा सुधार' ल्याउन समुदायस्तरमा पोषण बगैँचा र घरायसी कुखुरा पालन स्थापना, स्थानीय स्तरमा पोषिला खानेकुरा वा परिकार तयार गर्ने, प्रशोधन तथा सोको संरक्षण र प्रवर्धनका साथै स्थानीय स्तरमा उपलब्ध वनस्पतिजन्य तथा पशुजन्य खाद्यान्नलाई समुचित ढङ्गले उपयोग गर्नका लागि यस आयोजनाले पोषणका लागि व्यवहार परिवर्तन सञ्चारसम्बन्धी समुदाय स्तरसम्म तालिम एवम् पोषण शिक्षामार्फत कृषकहरूमा पोषणको महत्त्वबारे चेतना बढाइ घरपरिवारको खानपान र हेरचाहसम्बन्धी अभ्यासमा सुधार ल्याउनेछ।

साथै खाद्य तथा पोषण सुरक्षाका दृष्टिबाट लक्षित समूहहरू खासगरी गर्भवती तथा स्तनपान गराइरहेका महिला र २ वर्षमुनिका बालबालिकाको खानपान र हेरचाहसम्बन्धी अभ्यासमा सुधार ल्याउन, भोजनमा विविधता प्रवर्धन गर्न, पौष्टिक तत्वयुक्त खाद्यान्नको उपभोग बढाउन खाद्य तथा पोषणसम्बन्धी आनिबानीमा परिवर्तन कार्यक्रम सञ्चालन गरेको छ। यस आयोजनाले महिला, दलित, जनजाति तथा विपन्न वर्ग समूहको सहभागिता र उनीहरूको क्षमता विकासलाई केन्द्रविन्दुमा राखेको छ। साथै महिलाको कार्यबोझ न्यून गर्ने प्रविधिहरू प्रवर्धन गर्ने कार्यक्रम छ। यस संभागअन्तर्गत महिलाको कार्यबोझ घटाउन र सो परिवारको जीविकोपार्जन सुधारका लागि स्वास्थ्य आमा समूहहरूलाई प्रतिस्पर्धात्मकरूपमा साना अनुदान सहयोग कार्यक्रममार्फत कार्यबोझ न्यून गर्ने प्रविधिहरू प्रवर्धन गर्ने पनि व्यवस्था गरेको छ।

बाल स्वास्थ्य महाशाखाको जिल्लास्तरीय वार्षिक कार्यक्रमका अतिरिक्त कृषि तथा खाद्य सुरक्षा आयोजनाका क्रियाकलापहरू पनि मध्य र सुदूरपश्चिमका १९ जिल्लामा सञ्चालित छन्। यी

आयोजनाअन्तर्गतका क्रियाकलाप सम्बन्धित जिल्लाले निम्नानुसार सञ्चालन गर्न/गराउनुपर्नेछ।

स्वास्थ्य क्षेत्रले मात्रै पोषणमा काम गरेर विद्यमान मातृ शिशु तथा बाल्यकालीन न्यून पोषण घटाउन सम्भव नहुने प्रस्टै छ। तसर्थ नेपाल सरकारले पोषण सेवालाई राष्ट्रियस्तरमै उच्च प्राथमिकता दिँदै बहुक्षेत्रीय पोषण योजनाको अवधारणाअनुरूप पोषण तथा खाद्य असुरक्षा भएका जिल्लामा पोषण लक्षित र पोषण संवेदनशील दुवै प्रकारका कार्यक्रम सञ्चालन गर्दै आएको छ। यस जिल्लामा पनि दुई वर्षदेखि कृषि तथा खाद्य सुरक्षा आयोजना र यस वर्षदेखि बहुक्षेत्रीय पोषण योजना लागु भई विभिन्न क्रियाकलाप सञ्चालन गरिएको छ।

**कुपोषण वृद्धि अनुगमन**

राष्ट्रियस्तरमा जन्मँदा कम तौल भएका नवजात शिशुहरूको प्रतिशतको तुलनामा कालीकोटमा विगत दुई वर्षको जन्मँदा कम तौल भएका नवशिशुको प्रतिशत कम नै देखिन्छ। जसमा आव २०७१/७२ मा ६.३ प्रतिशत र आव २०७२/०७३ मा ६.७ प्रतिशत छ।

विगत वर्षका तुलनामा वृद्धि अनुगमनको कभरेजमा वृद्धि हुँदै गएको जिल्ला स्वास्थ्य कार्यालय कालीकोटका पोषण सम्पर्क व्यक्ति कटक महतको भनाइ छ। उनका अनुसार आव २०७०/०७१ मा ६२ प्रतिशत २ वर्षमुनिका बालबालिकाको वृद्धि अनुगमन गरिएको थियो भने आव २०७१/०७२ मा ८२ प्रतिशत र आव २०७२/०७३ मा ९८ प्रतिशत बालबालिकाको तौल अनुगमन गरिएको छ। त्यसैगरी औसत भेट उल्लेखनीयरूपमा वृद्धि नभए तापनि क्रमिकरूपमा बढेको पाइन्छ। यसरी वृद्धि अनुगमनको कभरेज बढ्नुमा परिवार तहमा वृद्धि अनुगमन गर्नुपर्छ भन्ने चेतना जागरण भए पनि सोही बच्चालाई दोहोऱ्याएर हरेक महिना तौल लिनुपर्छ भन्ने ज्ञानको अझै पनि कमी देखिन्छ।

तौल लिएका बालबालिकामध्ये कुपोषणको दर हेर्ने हो भने आव २०७०/७१ को तुलनामा आव २०७१/७२ मा १० प्रतिशतले वृद्धि भएको पाइन्छ। त्यसैगरी आव २०७३/७४ मा कुपोषणको दर आव २०७२/७३ भन्दा अत्याधिक बढेको पाइन्छ। समग्रमा यस आवमा जिल्लाको संस्थागत विश्लेषण गर्दा नयाँ वृद्धि अनुगमन गरिएका बच्चामध्ये २० प्रतिशतभन्दा माथि न्यून पोषण भएका गाविसमा नानीकोट, रुप्सा, बदालकोट, लालु, राम्नाकोट, धौलागोह र मुग्राहा हुन् भने १० देखि २० प्रतिशतसम्म न्यून पोषण भएका गाविस राँचुली, फुकोट, थिर्पु, मुम्रा, खिन, मान्म, रकु, माल्कोट, सिप्खाना, सुकाटिया, मेहेलमुडी, चिल्खाया, कोटबाडा, दाँहा र स्युना हुन्। त्यसैगरी १० प्रतिशतभन्दा कम न्यून पोषण भएका गाविसमा भर्ता, ओदानकु, पाखा, जुविथा, गेला, फोइमहादेव हुन् भने कुमाल गाउँ र छाप्रेमा न्यून पोषण भएका बालबालिकाको सङ्ख्या शून्य देखिन्छ।

**शिशु तथा बाल्यकालीन पोषणको अवस्था**

शिशु तथा बाल्यकालीन पोषणको अवस्था विश्लेषण गरेर हेर्दा आव २०७१/७२ को तुलनामा आव २०७२/७३ मा शिशु तथा बाल्यकालीन पोषणका दुवै सूचक वृद्धि भएको देखिन्छ। जसमा ० देखि ६ महिनाभित्र पूर्ण स्तन पान गर्ने बच्चाको प्रतिशत अघिल्लो वर्षभन्दा ६ ले बढेर ८६ पुगेको देखिन्छ। यसैगरी ६ देखि ८ महिनाभित्र समयमै थप तथा पूरक खाना सुरुवात गर्नेको प्रतिशत अघिल्लो वर्षको तुलनामा यस वर्ष ४ प्रतिशतले बढेर ८० पुगेको देखिन्छ। यसरी हेर्दा शिशु तथा बाल्यकालीन पोषणको अवस्था अपेक्षितरूपमा सुधार आइरहेको देखिन्छ।

**विद्यालय स्वास्थ्य तथा पोषण**

कुपोषणको अवस्था सुधार गर्न समुदायलाई पोषणसम्बन्धी जानकारी दिन समुदायस्तरमा र विद्यालय स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याउन विद्यालयस्तरमा जेठ १ देखि ७ गतेसम्म विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन भएको थियो। यतिबेला पोषणसम्बन्धी सकारात्मक व्यवहार अपनाउन पोषण सप्ताह नै आयोजना गरिएको थियो। साथै सो अवधिमा कक्षा १ देखि १० सम्मका विद्यार्थीलाई अल्बेन्डाजोल चक्की वितरण गरिएको छ।

**निष्कर्ष**

नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकका रूपमा उल्लेख गरेको छ। जसअन्तर्गत प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक हुन, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने, प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारका सम्बन्धमा जानकारी पाउने

हक हुने आदि अधिकार सुनिश्चित छ। प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने र स्वच्छ पिउने पानी तथा सरसफाइमा पहुँचको हक हुने पनि उल्लेख छ।

तर यस्ता व्यवस्था कालीकोटका सन्दर्भमा लागु हुन सकेका छैनन्। त्यसैले यहाँका बालबालिका कुपोषणको सिकार भइरहेका छन्। यो समस्या अन्त्यका लागि सिफारिस गरिएका स्तनपानसम्बन्धी व्यवहार प्रवर्द्धन गरी शिशुकालीन कुपोषण घटाउन समुदायस्तरमा अभियान सञ्चालन गर्नु आवश्यक छ। त्यसैगरी जन्मेदेखि ६ महिनासम्म आमाको दूधमात्र खुवाउने कार्यलाई प्रोत्साहन पुऱ्याउन विभिन्न कार्यक्रम गरिनुपर्छ। यस्ता कार्यक्रम गर्दा प्ले कार्डसहितको च्याली, अन्तर्क्रिया, आमा समूहमा स्तनपानको महत्त्वसम्बन्धी छलफल, स्थानीय एफएमहरूबाट जानकारी प्रवाह, रेडियो बहस जस्ता गतिविधि अपनाउनु उचित हुन्छ।

साथै स्थानीय अन्नको महत्त्व बुझाउँदै यसलाई प्रवर्द्धन र उपभोग गर्न लगाउने, लगानीअनुरूप प्रतिफल नआउनुको कारण पत्ता लगाइ सोहीअनुसार कार्यक्रम प्रभावकारी बनाउने, सुगमकेन्द्रित कार्यक्रमलाई दुर्गमकेन्द्रित बनाउने, स्वास्थ्य केन्द्रहरूलाई थप सक्रिय बनाउने जस्ता गतिविधिमा ध्यान दिइनु आवश्यक छ। साथै खाद्यान्न व्यवस्थापनमा पनि ध्यान दिइनुपर्छ। यसो भएमा मात्र कालीकोटका बालबालिकाले कुपोषणका कारण ज्यान गुमाउनुपर्ने बाध्यता अन्त्य हुने देखिन्छ।

**सन्दर्भ सामग्री**


१. जिल्ला स्वास्थ्य कार्यालय, कालीकोटको तथ्याङ्क
२. जिल्ला कृषि विकास कार्यालय, कालीकोटको तथ्याङ्क
३. विभिन्न पत्रपत्रपत्रिकाका प्रकाशित समाचारहरू
४. इन्सेक अनलाइन
५. नेपाल मानव अधिकार वर्षपुस्तक २०१६ र २०१७
६. नेपालको संविधान २०७२
७. सरोकारवालासँग गरिएको कुराकानी

परिच्छेद ३

# ३.७ बालविवाह : बैतडीको अवस्था

**परिभाषा**

उमेर, परिपक्वता, परिवारको स्थिति, वातावरण, सक्षमता, अनुभव र उनीहरूले पाएका अवसर, सामाजिकीकरणका आधारमा बालबालिकाको परिभाषामा विविधता पाइन्छ। तर विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार १६ वर्षभन्दा कम उमेरका सबै बालबालिका हुन्। नेपालले पनि १६ वर्षको उमेरमा नागरिक अधिकारको व्यवस्था गरेको छ। तर नेपालको संविधानअनुसार मताधिकारका लागि भने १८ वर्ष पूरा भएको हुनपर्छ। नेपालको कानुनले पनि विवाहको उमेर २० वर्ष तोकेको छ। नेपालको संविधान २०७२ जारी हुनुभन्दा पहिलेचाहिँ विवाहका लागि केटीको उमेर १८ वर्ष र केटाको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था थियो। तर संयुक्त राष्ट्रसङ्घ र नेपालको कानुन बाझिएपछि नेपालको संविधानले पुरानो व्यवस्थालाई संशोधन गर्दै दुवैको हकमा २० वर्ष तोकेको हो। नेपाल संयुक्त राष्ट्र सङ्घको पक्ष राष्ट्र भएकाले पनि आफ्ना कानुन संयुक्त राष्ट्रसङ्घीय दस्तावेजअनुकूल मिलाउन बाध्यकारी छ। एकातिर १६ देखि ४० वर्षसम्मका सबैलाई युवाका रूपमा परिभाषित गरिएको छ भने नेपालको कानुनले २० वर्ष नपुगी गरिएको विवाहलाई भने बालविवाहका रूपमा लिँदै यस्तोलाई कारवाहीयोग्यसमेत बनाएको छ।

**पृष्ठभूमि**

बैतडी प्रदेश नं. ७ को पहाडी जिल्ला हो। यस जिल्लामा २ लाख ५० हजार ८ सय ९८ जनसङ्ख्या छ। तीमध्ये १० देखि २० वर्षसम्मको जनसङ्ख्या ६२ हजार ७ सय ७२ छ। विभिन्न सामाजिक मान्यता र अन्धविश्वास बढी नै झाङ्गिएको यस जिल्लामा बालविवाह ठूलो चुनौतीका रूपमा देखिएको छ। नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ ले गरेको सर्वेक्षणअनुसार मुलुकमै बालविवाह बढी हुने ६ जिल्लामध्ये बैतडी पनि पर्छ। सर्वेक्षणअनुसार सप्तरी, रौतहट, कपिलवस्तु, बझाङ, बैतडी र दैलेख सबैभन्दा बढी बालविवाह हुने जिल्ला हुन्।

सन् २०१४ मा 'बालिका दुलही होइनन्' नामक राष्ट्रिय सञ्जालले जिल्लाका तत्कालीन ५ गाविसमा गरेको सर्वेक्षणले ५९ दशमलव ५ प्रतिशतको विवाह २० वर्ष नपुग्दै भएको देखाएको थियो। १२ प्रतिशतको १४ वर्षभन्दा पनि कम उमेरमा विवाह हुने गरेको छ। १५ देखि १९ वर्षसम्म ४७ दशमलव ५ प्रतिशतको विवाह हुने गरेको तथ्याङ्कमा उल्लेख छ। बालकको तुलनामा बालिकाको विवाह दर बढी रहेको पनि उक्त तथ्याङ्कले देखाएको छ।

संयुक्त राष्ट्रसङ्घको तथ्याङ्कअनुसार बालविवाह हुने राष्ट्रमध्ये नेपाल विश्वमा सातौँ र एशियामा तेस्रो स्थानमा पर्छ। एशियामा बङ्गलादेश पहिलोमा छ भने भारत दोस्रोमा। नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ ले नेपालमा २० देखि २४ वर्ष उमेर समूहका ४१ प्रतिशत महिलाको विवाह १८ वर्ष पुग्नुअगावै भएको उल्लेख गरेको छ। अर्कोतर्फ यही उमेर समूहका ११ प्रतिशतमात्र पुरुषको विवाह १८ वर्षभन्दा कम उमेरमा हुने गरेको छ।

नेपालमा बालविवाहको दर विकास क्षेत्र, बसोबास क्षेत्र, आर्थिक-सामाजिक अवस्था, जातजाति, धर्म, समुदाय तथा शैक्षिक अवस्थाको विविधता र अन्य भिन्नताका आधारमा फरक फरक देखिएको छ। संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष (युएनएफपिए) का अनुसार ग्रामीण क्षेत्रमा बसोबास गर्नेमध्ये ४३ प्रतिशत र सहरमा बस्नेमध्ये २७ प्रतिशत महिलाले १८ वर्ष नपुग्दै बिहे गर्छन्। अशिक्षा र कम आयस्रोत भएका परिवारका बालिका बालविवाहको बढी जोखिममा रहेका पाइएको छ। प्रवेशिका वा सोभन्दा धेरै पढेका महिलाको विवाह गर्ने उमेर २२ वर्ष रहेको देखिन्छ भने विद्यालय नगएका महिलाको विवाह गर्ने उमेर १७ वर्ष भएको देखिन्छ। नेपालमा महिलाको विवाह गर्ने औसत उमेर १७.२ वर्ष छ। जिल्ला स्वास्थ्य कार्यालय, बैतडीको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७३/७४ मा मात्रै २०

वर्षभन्दा मुनिका ५ सय ७६ जना विवाहित किशोरी/बालिकाले गर्भ जाँच गराएका छन्।

**बालविवाहसम्बन्धी कानुन**

संयुक्त राष्ट्रसङ्घले विश्वव्यापी स्तरमा बालविवाहलाई सहस्राब्दी विकास लक्ष्य प्राप्तिका लागि बाधकका रूपमा पहिचान गरेको छ। अनि दिगो विकासका लक्ष्यहरूको कार्यसूची (२०१६-२०३०) मा बालविवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरेको छ। सन् २०१३ को सेप्टेम्बरमा संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार समितिबाट बालविवाह तथा जबर्जस्ती हुने विवाह रोकथाम तथा उन्मूलनको सवलीकरण, चुनौती, उपलब्धि, उदाहरणीय अभ्यास र कार्यान्वयनमा रहेका समस्या विषयक प्रस्ताव पारित भएको थियो। सोही वर्षको डिसेम्बरमा संयुक्त राष्ट्र सङ्घको ६८ औँ साधारण सभाबाट बालविवाह तथा जबर्जस्ती हुने विवाह विषयक प्रस्ताव पारित गरियो। यसपछि बालविवाहविरुद्धका कार्यक्रम विश्वव्यापीरूपमै उच्च प्राथमिकतामा पर्दै आएका छन्। यस्तै बालविवाह र चाँडो उमेरमा हुने विवाहलाई नेपालको संविधानले पनि दण्डनीय अपराधका रूपमा लिएको छ।

**नेपालको संविधानमा भएको व्यवस्था**

- नेपालको संविधान २०७२, भाग ३ धारा ३९ को उपधारा ५ मा 'कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन' भन्ने व्यवस्था छ।
- केही नेपाल कानुन संशोधन तथा खारेज गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७२ ले मुलुकी ऐन २०२० मा भएको व्यवस्था संशोधन गरी 'विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकेको छ। उक्त कानुनी व्यवस्था उल्लङ्घन गरेमा बालबालिकाको उमेरअनुसार बढीमा तीन वर्षसम्म कैद र १० हजार रुपियाँसम्म जरिवाना गर्न सक्ने' व्यवस्थासमेत गरिएको छ।

**उमेरअनुसार सजाय**

- १० वर्ष नपुगेका बालबालिकाको विवाह गरे/गराएमा छ महिनादेखि तीन वर्षसम्म कैद र एक हजार रुपियाँदेखि १० हजार रुपियाँसम्म जरिवाना हुने।
- १० वर्षदेखि माथि १४ वर्ष नपुगेका बालबालिकाको विवाह गरे/गराएमा तीन महिनादेखि एक वर्षसम्म कैद र पाँच हजार रुपियाँसम्म जरिवाना हुने।
- १४ वर्षदेखि माथि १८ वर्ष नपुगेका बालबालिकाको विवाह गरे/गराएमा छ महिनासम्म कैद वा १० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुने।
- २० वर्ष उमेर नपुगेका महिला वा पुरुषको विवाह गरे/गराएमा छ महिनासम्म कैद वा १० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुने।

**राष्ट्रिय नीति**

- बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ ले बालविवाहलाई बालबालिकाको हक अधिकार प्रचलनका लागि बाधकका रूपमा पहिचान गरेको छ।
- नीतिको रणनीति नं. ८.९ मा बालविवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरूको सहकार्यमा समुदायस्तरका सङ्घ/संस्था परिचालन गर्ने, बालविवाहविरुद्धको उजुरी सक्रियताका साथ लिने र कारवाही गर्ने व्यवस्थाका साथै बालविवाह रोक्ने कार्यका लागि स्थानीय तहलाई थप जिम्मेवारी दिइने उल्लेख छ।
- यसैगरी रणनीति नं. ९.३ मा स्थानीय स्तरसम्म बालबालिकाको बेचबिखन, ओसारपसार र बालविवाहविरुद्ध चेतना जागरण कार्यक्रम सञ्चालन र गाउँस्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न सञ्चारलगायत अन्य उपयुक्त माध्यम परिचालन गरिने उल्लेख छ।
- तेह्रौँ योजना (२०७०–२०७१/२०७२–२०७३) मा बालविवाह रोकथामलगायत विभिन्न प्रकारका सामाजिक दुर्व्यवहार अन्त्य गर्ने लक्ष्य लिइएको छ।
- त्यसैगरी किशोर/किशोरीका लागि समग्र राष्ट्रिय कार्ययोजना (२०७०/०७१-२०७४/०७५) ले खासगरी सीमान्तकृत किशोर/किशोरीलाई असर पार्ने हानिकारक सामाजिक परम्परा, विभेद न्यूनीकरणसम्बन्धी नीतिगत व्यवस्था गर्ने र निर्देशिका तयार वा सुधार गरी प्रयोगमा ल्याउने साथै बालविवाहमा परेका किशोर/किशोरी मूलत: किशोरीलाई औपचारिक शिक्षाको मूलधारमा ल्याउन खुला र वैकल्पिक शिक्षा प्रदान गर्ने उल्लेख छ।

**अध्ययनको उद्देश्य**

- बालविवाहको अवस्थाबारे जानकारी दिई

सरोकारवाला निकायहरूलाई बालविवाह रोक्न उत्प्रेरणा प्रदान गर्ने।

- बालविवाहका कारण र यसले पारेका केही असरबारे जानकारी गराउने।
- बाल अधिकार संरक्षण र सम्बर्धनमा सबैलाई जिम्मेवार बनाइ मानव विकासको मुख्य चुनौतीका रूपमा रहेको बालविवाह अन्त्य गर्ने।
- बालविवाह अन्त्यका लागि सबैको भूमिका रहने सन्देश दिनुका साथै यसको कानुनी उपचारबारे जानकारी दिन।
- कानुनको प्रभावकारी कार्यान्वयन गर्न सम्बन्धित निकायलाई दबाब दिन।
- बालविवाहबारे जिल्लास्थित सरोकारवालाको भनाइ बाहिर ल्याउन।
- बालविवाह अन्त्यका लागि लागिपरेका निकायलाई हौसला प्रदान गरी आमनागरिकलाई यस्तो कुप्रथाविरुद्ध जुट्न अभिप्रेरित गर्न।

**अध्ययनको महत्व**

नेपालको संविधान २०७२ ले बालविवाहलाई अपराधका रूपमा परिभाषित गरेको छ। त्यसैले बालविवाह गैरकानुनी हुँदाहुँदै पनि समाजमा भने विद्यमान छ। उमेर नपुग्दै विवाह गरेका कारण व्यक्ति र समाजका सबै क्षेत्रमा नराम्रो असर परेको हुन्छ। शारीरिक, मानसिक, आर्थिक र समाजिक प्रभावले यसको असर पुस्तौँसम्म पर्ने गरेको विज्ञहरुको भनाइ छ। उमेर नपुग्दै बिहे गरेका कारण कुपोषण, रक्तअल्पता, गर्भ पतन, अपाङ्गता भएको शिशु जन्मनु, पुड्कोपनलगायत समस्या देखिएका छन्। महिलामाथि हुने हिंसाका घटनामा पनि बालविवाह प्रमुख कारणका रूपमा देखिँदै आएको छ। यसले सबै क्षेत्रमा असर गरेको देखिएकाले बालविवाहसम्बन्धी अध्ययन यसको समाधान माध्यमका हिसावले महत्त्वपूर्ण छ।

**अध्ययन विधि**

यो अध्ययन गर्ने क्रममा बैतडीका विभिन्न ग्रामीण बस्तीमा स्थलगत अध्ययन गरिएको थियो। जिल्ला र गाउँस्तरमा हुने बैठक, गोष्ठी र अन्तरक्रियामा सहभागी भई तथ्याङ्क र अवस्थाबारे जानकारी लिइएको थियो। बालबालिका र किशोर/किशोरीका क्षेत्रमा क्रियाशील संस्थासँगको छलफलबाट राय सङ्कलन गरिएको थियो। जिल्लामा भएका अध्ययनका तथ्याङ्क द्वितीय स्रोतका रूपमा समावेश गरिएको छ। बालविवाह न्यूनीकरणमा सक्रिय सबै सरोकारवालासँगको छलफलबाट यो अध्ययन दरिलो बनाउने प्रयास भएको छ।

**अध्ययनको सीमा**

बालविवाह यो प्रदेशकै ठूलो सामाजिक विकासको चुनौतीका रूपमा छ। बालविवाहले मानव विकासमा चौतर्फी असर पारेको छ। यीमध्ये बालविवाहको अवस्था, अन्धविश्वासविरुद्ध चालिएका कदमसम्बन्धी अध्ययन गर्ने प्रयास यसमा भएको छ।

**मुख्य कारण**

१) **धार्मिक मान्यता/अन्धविश्वास** : रजश्वला नहुँदै कन्न्या दान गरे स्वर्ग तरिन्छ भन्ने अन्धविश्वासका कारण अधिकांश बालविवाहका घटना हुने गरेका छन्। सहरी क्षेत्रमा उक्त अन्धविश्वास हट्दै गएको पाइए पनि ग्रामीण क्षेत्रमा भने यो ज्युका त्युँ छ। पाटन नगरपालिकास्थित प्रतिष्ठित धामी समूहका अध्यक्ष हरिप्रसाद जोशी अहिले पनि गाउँघरमा यस्तो विश्वास निकै गहिरोसँग जरा गाडेर बसेको बताउँछन्।

२) **गरिबी र आर्थिक समस्या** : गरिबी र आर्थिकरूपमा कमजोर समुदाय तथा परिवारका बालबालिकाको बिहे अरुको तुलनामा छिटै हुने गरेको छ। विद्यालय पठाउन नसक्दा र समुदायका अन्य व्यक्तिसरह पालनपोषण गर्न नसक्दा छिटै विवाह गरिदिने चलन छ। स्थानीय पत्रकार खगेन्द्र अवस्थीका अनुसार अन्य समुदायको भन्दा दलित समुदायमा बालविवाहको समस्या डरलाग्दो छ।

३) **शिक्षा र चेतनाको कमी** : यहाँका ग्रामीण क्षेत्रमा शिक्षा र चेतनाको कमी छ। त्यसैले बालविवाहले पार्ने नकारात्मक असरबारे जानकारी नहुँदा बालविवाहका घटना बढेका छन्। विक्रम संवत् २०६८ को जनगणनाअनुसार यस जिल्लाको साक्षरता प्रतिशत ६३ छ। जनचेतनाका विभिन्न कार्यक्रम सञ्चालन गरिएका भए पनि ग्रामीण क्षेत्रका अभिभावकलाई बुझाउने किसिमका कार्यक्रम सञ्चालन नहुँदा अझै गाउँमा चेतना फस्टाउन सकेको छैन। जिल्ला बाल सञ्जालका अध्यक्ष निशा भट्ट पनि गाउँमा अझै चेतना अभावकै कारण बालविवाहले प्रश्रय पाइरहेको अनुभव सुनाउँछिन्।

४) **प्रविधिको दुरुपयोग** : पछिल्लो समय मोबाइल, फेसबुक र अन्य सामाजिक सञ्जालको दुरुपयोग गरी आफूखुसी भागेर विवाह गर्ने समस्याले पनि बालविवाह बढेको पाइन्छ। आफूखुसी कुन जात, धर्म र वर्गको केटा वा केटीसँग आफ्ना छोराछोरीले

विवाह गर्छन् र पछि सामाजिकरूपमा बहिस्कृत हुनुपर्छ भन्ने डरका कारण पनि आमा/बाबुले छिटै विवाह गरिदिने समस्या छ। गएको आर्थिक वर्ष २०७३/७४ मा मात्रै आफूखुसी विवाह गर्न भागेका ४० जोडीलाई जिल्ला प्रहरी कार्यालय, बैतडीले अभिभावकको जिम्मा लगाएको प्रहरीको तथ्याङ्कमा उल्लेख छ। जिल्ला प्रहरीका अनुसार आर्थिक वर्ष २०७४/७५ को मङ्सिरसम्ममा आफूखुसी विवाह गर्न भागेका ११ जोडीलाई नियन्त्रणमा लिई अभिभावकको जिम्मा लगाइएको छ।

५) **लैङ्गिक विभेद** : छोरी जति भए पनि छोरा हुनैपर्ने भन्ने मान्यता जिल्लामा अझै पनि व्याप्त छ। छोराको आशमा धेरै छोरी जन्माउने र पालनपोषण गर्न नसक्दा छोरीलाई पारिवारिक बोझका रूपमा लिई छिटै विवाह गरिदिने चलन छ। शिक्षित व्यक्तिहरूले पनि छोराको आसमा धेरै छोरी जन्माउने गरेका बालविवाहका क्षेत्रमा कार्यरत संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष (युएनएफपिए) का जिल्ला अधिकृत गणेश शाहीको भनाइ छ।

६) **कानुनको प्रभावकारी कार्यान्वयन** : बालविवाहको कुनै उजुरी नआउँदासम्म सम्बन्धित निकायले खोजी नगर्ने र बालविवाह भएको पाइएमा पनि कानुनको प्रभावकारीरूपमा कार्यान्वयन नहुँदा बालविवाहका घटनाले प्रश्रय पाइरहेका छन्। बालविवाह धेरै रहेको यस जिल्लामा अलिहेसम्म बालविवाह गरेको एउटामात्र मुद्दा दर्ता भएको छ। समाजकै प्रतिष्ठित व्यक्तिहरूको संलग्नतामा हुने भएकाले बालविवाहको जानकारी प्रहरीसम्म आउँदै नआउने जिल्ला प्रहरी कार्यालय, बैतडीका प्रमुख डिएसपी हेरम्ब शर्माले बताउँछन्।

७) **शिक्षित व्यक्तिको कमजोरी** : समाज र गाउँ-टोलमा शिक्षित व्यक्ति पनि छन्। तर उनीहरूबाटै बालविवाह गर्ने र गराउनेको संरक्षण भएको पाइन्छ। शिक्षक/शिक्षिकाले विद्यालयमा बालविवाह न्यूनीकरणका कुरा गरे पनि आफन्तको बालविवाह रोक्नचाहिँ प्रयास गर्दैनन्। त्यतिमात्र हैन, यस्तो जानकारी पाउँदा पनि सम्बन्धित निकायलाई खबरसमेत गर्दैनन्।

८) **सामाजिक वैमनष्यता** : कुनै बालविवाह भएको खबर सम्बन्धित निकायलाई कुनै व्यक्तिले गर्दा उसलाई समाजमा बस्ने समस्या हुनुका साथै अनेक किसिमका डर, धम्की र असहयोग गर्ने गरिन्छ। साथै समाजमा एकअर्काबीच दुश्मनीसमेत बढ्ने गरेका कारण बालविवाहका कुनै पनि घटना प्रहरी प्रशासनसम्म पुग्नै पाउँदैनन्। बालविवाहमै काम गर्ने संस्था महिला उत्थान समाज बैतडीका अध्यक्ष काशीसिंह बिष्टका अनुसार समाजमा वैमनष्यता बढ्ने डरले शिक्षित व्यक्तिले समेत घटना थामथुम पार्ने सहयोग गर्ने गरेका छन्।

**बालविवाहका असर**

**पढाइ छुट्ने** : विद्यालय पढ्ने उमेरमै बिहे गरेपछि यहाँका अधिकांश किशोरी पढाइ छाड्छन्। घरायसी जिम्मेवारीका कारण, बिहेपछि बेग्लै पहिचान देखिने, बुहारीलाई पढाउनुहुँदैन भन्ने मान्यता जस्ता कारण बिहे गरेका किशोरीको पढाइ छुट्ने गरेको छ। जिल्ला शिक्षा कार्यालय, बैतडीका सूचना अधिकारी शङ्करदत्त भट्टका अनुसार गएको शैक्षिक सत्रमा कक्षा एकदेखि १० सम्मका दुई दशमलव पाँच प्रतिशत विद्यार्थीले बीचैमा पढाइ छाडे। यसरी पढाइ छाड्नेमा कक्षा आठदेखि १० सम्मका छात्रा बढी रहेका उनको भनाइ छ। गएको शैक्षिक सत्रमा मात्र कक्षा एकदेखि १० सम्म ७८ हजार ५ सय ४९ विद्यार्थी भर्ना भएका थिए जसमध्ये १ हजार ९ सय ६० जनाले बीचैमा विद्यालय छाडे।

**शिशु मृत्यु** : कमै उमेरमा हुने गर्भ धारणले आमा र बच्चा दुवैको ज्यान खतरामा हुन्छ। जिल्ला स्वास्थ्य कार्यालयको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७३/०७४ मा मात्रै स्वास्थ्य संस्थामा सुत्केरी हुन आएकामध्ये नौ शिशुको जन्मेदेखि २८ दिनभित्र मृत्यु भएको थियो। बैतडी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. गुणराज अवस्थीका अनुसार कमै उमेरमा हुने गर्भ धारणले आमा र बच्चामा कुनै न कुनै किसिमको असर परेकै हुन्छ। आर्थिक वर्ष २०७३/०७४ मा ५९ शिशु मृत जन्मेका उनले बताए।

**कुपोषण** : उमेर नपुग्दै भएको बिहेलगत्तै हुने गर्भ धारणले आमा र बच्चामा शारीरिक समस्या देखिन्छन्। स्वास्थ्य कार्यालयका अनुसार कुपोषण देखिने बालबालिकाको बढी सङ्ख्या २० वर्षमुनिका आमाबाट जन्मनेमा छ। पुड्कोपना र रक्तअल्पता जस्ता समस्याले आमा र बच्चामा शारीरिक र मानसिक असर परेको देखिन्छ। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार गएको आर्थिक वर्ष २०७३/७४ मा मात्रै १ हजार ३ सय बालबालिकामा कुपोषणको समस्या देखिएको थियो। तीमध्ये अधिकांश कम उमेरका आमाबाट जन्मेका बच्चा रहेका जिल्ला स्वास्थ्य कार्यालय, बैतडीका

कुपोषण सम्पर्क व्यक्ति सन्तोष पाण्डेयले बताए। उनका अनुसार आर्थिक वर्ष २०७३/७४ मा जन्मिएका ३ हजार ८ सय ७७ शिशुमध्ये २ सय ४२ शिशु अढाइ किलोग्रामभन्दा कम, २७ शिशु डेढ किलोग्रामभन्दा कम र ४ शिशु बिकलाङ्ग जन्मिएका थिए। बैतडी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट अवस्थीका अनुसार सामान्यतया शिशु जन्मने बेलामा अढाइ किलोग्राम वा सोभन्दा बढीको हुनुपर्छ।

**गर्भ पतन** : शारीरिक विकास नहुँदै रहेका धेरैजसो गर्भ आफैँ पतन हुने समस्या छ। जिल्ला स्वास्थ्य कार्यालयका अनुसार जिल्लाका स्वास्थ्य संस्थामा गर्भ पतन गर्न आउनेको भन्दा बढी सङ्ख्या छिमेकी देश भारत र अन्य निजी स्वास्थ्य संस्थामा गर्भ पतन गरेपछि उत्पन्न हुने समस्या लिएर अस्पताल आउनेको छ। जिल्ला स्वास्थ्य कार्यालय बैतडीमा मात्रै गएको आर्थिक वर्ष २०७३/०७४ मा २० वर्षमुनिका ४ जना विवाहित किशोरीले गर्भ पतन गराएका थिए। कमै उमेरमा गर्भ धारण हुँदा आफैँ गर्भ पतन हुने समस्या बढी देखिएको डा. अवस्थीको भनाइ छ।

**पाठेघर खस्ने** : शारीरिकरूपमा परिपक्व नभई गर्भ धारण गर्ने र धेरैपटक गर्भ पतन गराउने समस्याका कारण यहाँका महिलामा पाठेघर खस्ने समस्या देखिएको बैतडी अस्पतालले जनाएको छ। अपहेलित हुने डरले पाठेघर खसेको समस्या परिवारमा भन्नचाहिँ सक्दैनन्। जटिल अवस्था भएपछि मात्रै थाहा पाउँदा महिला हिंसाको सिकार हुने र शारीरिक र मानसिकरूपमा समेत अशक्त हुने गरेका छन्। छोरा नहुँदासम्म धेरै सन्तान जन्माउने यहाँका महिलामा पाठेघरको समस्या अधिक देखिने गरेको जिल्ला स्वास्थ्य कार्यालय, बैतडीका पब्लिक हेल्थ नर्स ममता जोशीको भनाइ छ।

**आर्थिक समस्या** : बालविवाहका कारण यहाँ अधिकांश परिवारले आर्थिक समस्या झेल्नुपरेको छ। कमै उमेरमा विवाह हुँदा शिक्षाबाट वञ्चित यस क्षेत्रका महिला तथा पुरुषले विभिन्न किसिमका कठिन काम गर्दा पनि आर्थिक समस्या सामना गरिरहेका हुन्छन्। शिक्षाबाट वञ्चित यहाँका दम्पतीलाई पारिवारिक संरचनाबारे समेत जानकारी नहुँदा धेरै बच्चा जन्मने र पछि आर्थिक समस्या हुनेलगायत समस्या आइलाग्ने गरेको छ। विद्यालय उमेरमै हुने विवाहले बालकहरू कामका लागि भारतका विभिन्न सहरमा जान्छन्। परिवारको आर्थिक अवस्था कमजोरीका कारण भारतको पिथौरागढमा मात्रै यहाँका करिब डेढ हजारभन्दा बढी किशोर मजदूरका रूपमा काम गरिरहेका पुर्चौडी नगरपालिका-१० विजयपुरका १८ वर्षीय शङ्कर बिष्ट (जो भारतको पिथौरागढमा काम गरिरहेका छन्) को भनाइ छ।

**किशोरी बुहारीको व्यथा**

हेर्दा ५-६ कक्षा पढ्ने उमेर छ। सिन्दूर लगाएका किशोरी घाँसको डोको बोकेर गफ गर्दै थिए। विद्यालय जाने उमेरमा बिहे गरेर घरबार सम्हालेका उनीहरूले साँझ/बिहान घरको काम र दिउँसो घाँस दाउरा गर्नुपर्ने बाध्यता छ। किशोरावस्थामै कसैका पत्नी र बुहारी भइसकेका उनीहरूको उमेर सुन्दा पत्यारै लाग्दैन। सिउँदो र एको देखेरमात्र सहजै बिहे भएको थाहा पाइन्छ। तीमध्येकी एक हुन्- दोगडाकेदार गाउँपालिका-६ डोलकी लक्ष्मी सार्की।

लक्ष्मी अहिले १८ वर्षमात्र टेकिन्। तीन भाइ र दुई बहिनीकी दिदी हुन् उनी। गाउँकै विद्यालयमा ८ कक्षा पढ्दै गरेका बेला लक्ष्मीको १४ वर्षमै विवाह भयो। परिवारले विवाह गरिदिएपछि उनलाई पढाइको चिन्ता लागेको छ। डोल गाउँमा २१ परिवार सार्की समुदाय बस्छन्। उनको मात्रै होइन, उनका १२-१३ दौतरीको बिहे भइसकेको छ। ६ कक्षामा पढ्दै गरेकी १३ वर्षकी हजारी सार्की, १५ वर्षकी कलावती सार्की... आफूजस्तै सानै उमेरमा बिहे भएकाका नाम थुप्रै बताउँछिन् उनी।

यी किशोरी बुहारीहरू कोही हात मोडेर थकाइ मारिरहेका भेटिन्छन्। कोहीचाहिँ कन्चटमा हात टेकाएर विसौनीको मज्जा लिइरहेका देखिन्छन्। डोल गाउँका लक्ष्मी, कलावती र हजारीजस्ता अरूलाई पनि पढ्ने निकै रहर छ। तर के गर्नु ? उनीहरूको यो रहर बाल्यवस्थामै भएको बिहेले हरिसकेको उनीहरूले पत्तै पाएका छैनन्।

किशोरावस्थामै पारिवारिक बोझले उनीहरूलाई थिचिसकेको छ। यही कारण उनीहरूको बाल अधिकारसमेत कुण्ठित भएको अधिकारकर्मी बताउँछन्। इन्सेककर्मीसहितको टोली डोल गाउँ पुग्दा टाउको मात्रै घुमाएर क्यामेरातर्फ हेरेका उनीहरू फेरि आफ्नै गफमा व्यस्त भए। उनीहरूको गफ ठूलो सपनाको थिएन। कसैले आज बेलुकी के खाने भनिरहेका थिए भने कोहीचाहिँ जङ्गलमा घाँस नै छैन कसरी डोको भर्ने होला भनेर चिन्ता व्यक्त गर्दै थिए। घरमा जाँदा सासूले बढी घाँस किन नल्याएको भनी सोध्दा के भन्ने होला ? लगायत गफका विषय थिए उनीहरूका।

**मर्कामा माधवी**

एक वर्षे छोरालाई काखमा च्यापेर कहिले प्रहरी चौकी त कहिले प्रहरी कार्यालय पुगिरहन्छिन्। उनको त्यसरी धाउने कुनै रहर होइन। विवाह गर्ने इच्छा नहुँदै समाज र परिवारको निर्णयमा १७ वर्षमै विवाह भयो। १८ वर्षमा छोरा जन्माइन्। अहिले उनी २० वर्षकी भइन् तर प्रहरीमा निवेदन दिन जाँदा भने वर्ष बढाएर २२ लेखाउँछिन्। कारण, सही उमेर लेखाइन् भने बालविवाह गरेको कसुरमा सजाय पाउँछिन्। बालविवाह कानुनविरुद्ध हो भन्ने थाहा पाएर नै उनले यसरी उमेर ढाँट्ने गरेकी हुन्।

जब उनको विवाह भयो, पति २० वर्षका थिए। विवाह भएको केही महिनामै उनी कामको खोजीमा भारत गए। यता माधवीले भने घरमा सासू-ससुराबाट यातना पाउन थालिन्। यो थेग्न नसकेर उनी माइतीको शरणमा पुगिन्। माइतीले पनि धेरै समय पाल्न सकिँदैन भन्ने कुरा गर्न थालेपछि फर्केर घरमै गइन्। एक वर्षपछि पति घर फर्किए। उनले सोचेकी थिइन्- अब पतिले कुरा बुझ्छन् र सुख पाइएला।

तर भयो उल्टो। सासू ससुराले कुरा लगाएपछि उनलाई पतिले पनि यातना दिन थाले। जिल्ला प्रहरी कार्यालय, बैतडीको महिला तथा बालबालिका सेवा केन्द्रमा कार्यरत प्रहरी जवान पार्वती अवस्थीका अनुसार माधवी आफूलाई पति र सासू-ससुराले यातना दिएकाले न्याय पाउँ भन्दै ४ पटक जिल्ला प्रहरी कार्यालय आइसकेकी छिन्। न उनी सम्बन्ध विच्छेद गर्न चाहन्छिन्, न बस्न सकिने अवस्थै छ।

उनको विवाह दर्ता पनि भएको छैन। सासू-ससुरालाई दुईचोटि जिल्ला प्रहरी कार्यालयमा झिकाइसकिएको छ। प्रहरीमा आजउप्रान्त माधवीलाई यातना नदिने भनेर मिलापत्र गरिन्छ। फेरि एक-दुई हप्तापछि यातनाको क्रम सुरु हुन्छ। उनी प्रहरीकोमा पुगिहाल्छिन्। छोरीको उमेर नपुग्दै बिहे गरेकामा उनका बुबालाई अहिले पछुतो लागेको छ। 'केटाको राम्रै घरबार हो भन्ने सुनेँ, छोरीले एसएलसी पनि पास गर्न सकिनन्, आर्थिक समस्या भएकाले माधवीको विवाह गरिदिएँ तर अहिले उनको हालत देखेर सारै पछुतो लाग्छ'- जिल्ला प्रहरी कार्यालयमा भेटिएका माधवीका बुबाले गुनासो गरे।

माधवीलाई यतिखेर घर/परिवार र पतिको हैन, अवोध छोराको चिन्ता छ। त्यसैले उनी पतिसँग छोडपत्र गर्न सक्दिनन्। अझै पनि विवाह गर्ने उमेर नपुगेकी माधवी सानै उमेरमा विवाह गरिदिएकाले दुःख पाएँ भनेर आफ्ना बुबासँग गुनासो गर्छिन्, अनि कहिलेचाहिँ आफ्नै कर्मलाई पनि दोष दिन्छिन्। यतिमात्र हैन, माधवीका अनुसार उनका पति दीपेन्द्रले आजभोलि अर्कै केटीसँग सम्बन्ध बढाएका छन्। यस कारण पनि माधवीलाई विभिन्न बहानामा दुःख दिइरहन्छन्।

केटाले जति विवाह गरे पनि कुनै अचम्म नमान्ने यहाँको समाज दोस्रो बिहे गर्ने केटीलाई चाहिँ अपराधी नै ठान्छ। फेरि साथमा बच्चा भएकाले दोस्रो बिहे पनि कहाँ सजिलो छ र ? जिल्ला प्रहरी कार्यालयमै पनि दीपेन्द्र माधवीलाई विभिन्न आरोप लगाउँछन्। अनि बाहिरफेरचाहिँ माधवीसँग छुट्टिनै चाहेको खुलेआम बताउँछन्। २०७४ जेठमा फेरि एकपटक माधवीलाई दुःख नदिने भनेर मिलापत्र त गराइएको छ तर २०७४ कात्तिकमा भेटिएकी उनले परिवारको व्यवहारमा सुधार नआएको दुखेसो पोखिन्।

अब चूपचाप यातना सहनुको कुनै विकल्प नभएको बताउने माधवी यो सब सानै उमेरमा भएको विवाहले निम्त्याएको परिणाम ठान्छिन्। 'त्यति बेला विवाह भन्ने के हो पनि थाहा थिएन्। सबै बेहुली भएको देख्दा रमाइलै लाग्थ्यो। त्यसैले मैले पनि परिवारको विवाह गर्ने प्रस्ताव स्वीकार गर्न बाध्य भएँ। तर जब यस्तो पीडा पाउनु पऱ्यो अनि मलाई सानै उमेरमा हुने विवाहदेखि घृणा लाग्न थाल्यो। अहिले त यति घृणा लाग्छ कि कुरै छाड्नोस्'- माधवी एकै सासमा भन्छिन्। 'पहिले छोरीको विवाह कसरी गर्ने भन्ने चिन्ता थियो। अहिले उनलाई कतै मार्ने पो हुन् कि भन्ने चिन्ता छ'- माधवीका बुबा देवदत्त पनि कम्ता पछुतोमा छैनन् अहिले।

'सानैमा विवाह गरिदिए पालनपोषणको जिम्मेवारी घट्छ भने बुहारी भित्रिएपछि घरायसी काममा सजिलो हुन्छ', वृद्ध लालुले भने- 'आर्थिक अवस्था कमजोर भएका कारण पनि चाँडै विवाह गरेर जिम्मेवारी कम गर्न चाहन्छन् यहाँका बासिन्दा।' विवाहपछि थोरैले मात्र पढाइलाई निरन्तरता दिन्छन्। पारिवारिक जिम्मेवारी बढ्न थालेपछि कामको खोजीमा युवाहरू भारत जाने गरेको गोमती सार्कीले सुनाइन्। विवाहपछि युवाचाहिँ भारत पलायन हुँदै आएका छन्। महिला घरधन्दा सम्हाल्छन्। बाबुबाजेको पालामा डोका, डालो र छालाका सामान बनाएर गुजारा गर्दै आए पनि अहिले यो पेशाले धान्न सक्ने अवस्था

नभएपछि विदेशिने बाध्यता आएको सुनाउँछन् स्थानीय।

सन् २०१४ मा बालिका दुलही होइनन् नामक सञ्जालले गरेको अध्ययनअनुसार बैतडीमा ५९ दशमलव ५ प्रतिशत विवाह कम उमेरमा हुने गरेका छन्। अन्य समुदायमा बिहे गरेपछि छोरी/बुहारीलाई सकेसम्म केही समय भए पनि विद्यालय पठाउने चलन छ। तर दलित किशोरीहरू भने बिहेपछि विद्यालय जान पाउँदैनन्। महिला तथा बालबालिका कार्यालय र विभिन्न सङ्घ/संस्था सचेतनामूलक कार्यक्रम गरेर बालविवाह कम गरेको दाबी गर्छन् तर बालिका भने अझै बुहारी हुन बाध्य छन्। सामूहिकरूपमा घाँस काट्न जाँदा भन्दा एक्लै गए छिटो घाँसले डोको भरिन्छ। तर सुख-दु:खका कुरा गर्न र घरसारका दु:खसुख बाँडचुँड गर्न किशोरी बुहारीहरू दौतरीसँगै डोको नाम्लो बोकेर घाँस काट्न जान रमाउँछन्।

घाँसको भारी लिएर घर पुग्दा भने उनीहरूले कुनै न कुनै निहुँमा सासू र परिवारका अन्य सदस्यको गाली खानुपर्छ। कहिले घाँस कम काटेको भनेर त कहिले घाँस राम्रो आएन, भैँसीले खाएन भनेर मानसिक यातना भोग्छन्। बिहानको झिसमिसेमा सबै काम सकेर डोको पिठ्युँमा हाली ज ल चाहार्ने यहाँका किशोरी बुहारीलाई आनन्दका साथ जीवन बिताउने इच्छा पूरा हुने आशैसमेत छैन।

### अभियानकर्मी दोहोरो मारमा

बालविवाह न्यूनीकरण अभियानमा संलग्न अभियन्तासामु विभिन्न चुनौती छन्। बैतडी सदरमुकाम दशरथचन्द नगरपालिका गोठलापानी आसपासमै दुई वर्षअघि बालविवाह भइरहेको थाहा पाएपछि बाल क्लबकी तत्कालीन अध्यक्ष सीता भट्टले प्रहरीमा उजुरी दिइन्। यसपछि बालविवाह रोकियो। त्यसपछि सीतालाई दु:ख दिने प्रयास थालिए। विवाह हुन लागेकी बालिकाका आफन्तले सीताको घर घेर्नेदेखि उनका विरुद्ध मन्दिरमा बोका भाकल्ने कामसम्म गर्न पुगे।

२०७३ माघमा हालको सुर्नया गाउँपालिकाको रौलेश्वरमा किशोरी वृत समूहको सक्रियतामा बालविवाह रोकियो। लगत्तै किशोरीहरूको पहलमा माघ र फागुनमा हुने तय भएका दुई/तीनवटा अन्य बालविवाह पनि रद्द भए। सुर्नयामा पनि यसरी बिहे रोक्नेको नराम्रो होस् भन्दै विवाह रोकिएका परिवारले ती किशोरीविरुद्ध मन्दिरमा बोका लगेर बलि दिए। 'तिमीहरूले हाम्रा छोराछोरीको विवाह रोक्यौ, त्यसैले मन्दिरमा बोका भाकेर राखेका छौँ। अब तिमीहरूको नराम्रो हुनेछ भनेर हामीलाई बारम्बार सुनाइरहन्छन्', चम्किला तारा किशोरी वृतकी जानकी चन्दले भनिन्- 'हामी त बोका भाके पनि केही मान्दैनौँ तर पुरानो चलन भएकाले देवीदेवताले केही गर्ने हुन् कि भनेर परिवारका अरु सदस्यले चाहिँ चिन्ता गर्छन्। हामी अभियानमा लागेकाहरूको नाममा बोका काट्छौँ भन्ने धम्कीले समस्याचाहिँ निम्त्याएको छ।

### सक्रियता किशोरी समूहको

गएको तीन वर्षदेखि बालविवाह न्यूनीकरणको अभियानमा किशोरीलाई नै सक्रिय गराइन थालिएको छ। उनीहरूलाई समूहमा आबद्ध गरेर यो अभियानमा लगाइएपछि त्यसको प्रभाव पनि सकारात्मक देखिन थालेको छ। ३३ स्थानमा गठित किशोरी समूहकै पहलमा ५० भन्दा बढी बालविवाह रोकिसकिएको संयुक्त राष्ट्र सङ्घीय जनसंङ्या कोष जिल्ला कार्यालयको तथ्याङ्क छ। किशोरीहरूले बालविवाहको बेफाइदाबारे थाहा पाएपछि अहिले गाउँगाउँमा अभियान सञ्चालन भएको छ। यसले केही हदसम्म बालविवाह न्यूनीकरणमा सघाएको छ।

बालविवाह न्यूनीकरण अभियानलाई अझै प्रभावकारी बनाउन केही समयअघि मात्रै २१ सदस्यीय जिल्ला किशोरी सञ्जाल गठन गरिएको छ। सञ्जालले जिल्लाभर बालविवाह न्यूनीकरण अभियानलाई प्रभावकारी बनाउनका लागि काम गर्ने सञ्जालकी अध्यक्ष सीता भट्टले बताइन्। उनले भनिन्- हामीलाई केही धार्मिक, सांस्कृतिक कुरा देखाएर बालविवाहविरुद्धको अभियान असफल बनाउने प्रयास भइरहेको छ तर हामी झन् सशक्त भएर उभिएका छौँ। हाम्रो यो अभियान निरन्तर जारी रहनेछ।

### जुटे धार्मिक अगुवा पनि

धार्मिक मान्यताका कारण बालविवाह नियन्त्रणमा समस्या आउन थालेपछि सरोकारवाला निकायले गाउँका धार्मिक अगुवालाई पनि सङ्गठित गरेको छ। बालविवाह रोकथाम अभियान प्रभावकारी बनाउन धामी, पुजारी र ज्योतिषीलगायतको सञ्जाल गठन गरिएको छ। उनीहरूलाई बालविवाहले पार्ने असर र कानुनी प्रावधान तथा सजायबारे अभिमुखीकरणसमेत गरिन थालिएको छ।

महिला तथा प्रजनन अधिकारलगायत क्षेत्रमा कार्यरत संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष (युएनएफपिए) को सहयोगमा १५ गाविसका ४५ अगुवा धामी, पुजारी र ज्योतिषीलाई अभिमुखीकरणमा सहभागी

गराइएको हो। पहिलो चरणमा ४० जनालाई प्रशिक्षण दिएको बताइएको छ।

बालविवाह न्यूनीकरणका लागि धार्मिक अगुवा परिचालन गर्दा सर्वसाधारणमा राम्रो प्रभाव पर्ने भएपछि उनीहरूको चेतना बढाउन अभिमुखीकरण गर्न थालिएको हो। 'पहिला बालविवाहबाट पर्ने असरबारे जानकारी थिएन, यसबाट पर्ने असरबारे जानकारी पाएपछि बालविवाह रोक्ने अभियानमा लागेको छु'- प्रतिष्ठित धामी समूह पाटनका सचिव हरिप्रसाद जोशीले बताए। चेतना अभाव र धार्मिक अन्धविश्वासले यहाँ कम उमेरमै बिहे गर्ने चलन छ। छोरीलाई कम उमेरमै कन्न्या दान गर्दा पुण्य मिल्ने मान्यता छ। धामी, झाँक्री, पुजारीलगायत व्यक्तिलाई देउताको अंशका रूपमा मानिन्छ।

**दोष प्रविधिको पनि**

जिल्लामा पछिल्लो समय विवाह हुने तरिका पनि फरक पाइन थालेको छ। कानुनले बालविवाहलाई दण्डनीय अपराधका रूपमा समेटेपछि विवाहको फरक तरिका अपनाइन थालेको हो। यस जिल्लाका किशोर/किशोरी अहिले मोबाइल, फेसबुकलगायत प्रविधिको माध्यमबाट बालविवाह गरिरहेका छन्। मोबाइल र फेसबुकबाटै प्रेम गर्ने र भागेर बिहेसमेत गर्ने समस्या ठूलो चुनौतीका रूपमा देखिएको पुचौँडी नगरपालिका-१ स्थित हाट स्वास्थ्य चौकीका इन्चार्ज विनोद कुवरले बताए। उनका अनुसार तत्कालीन हाट गाविस (हालको पुचौँडी नगरपालिका-१) मा मात्रै आर्थिक वर्ष २०७२/७३ मा भएका ३४ विवाहमध्ये २७ जोडीले कम उमेरमै, त्यो पनि भागेर विवाह गरेका थिए। मोबाइल सम्पर्कबाट प्रेममा परी उनीहरूले भागेर विवाह गरेको कुँवरको भनाइ छ।

'बालविवाह रोक्न अभिभावकलाई सचेत बनाउन थाल्यौँ, किशोरीहरू फटाफट भागेर विवाह गर्न थाले', उनले सुनाए- 'त्यसपछि किशोर/किशोरी र अभिभावक सबैलाई सँगै राखी सचेतीकरण अभियान फैलाउँदा गएको आर्थिक वर्ष २०७३/७४ मा भने बालविवाहका घटनामा कमी आए।' स्वास्थ्य चौकी इन्चार्ज कुवरका अनुसार बालविवाह गरेका अधिकांश बालिका विभिन्न किसिमका प्रजनन् स्वास्थ्यसम्बन्धी समस्या लिएर स्वास्थ्य चौकी हाटमा आउने गरेका छन्। पछिल्लो समय संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष, महिला तथा बालबालिका कार्यालय, नेपाल रेडक्रस सोसाइटी, अक्सफाम नेपाललगायत विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ/संस्थाले प्रविधि प्रयोगबारे सचेतीकरण फैलाउनुका साथै किशोरीको सशक्तीकरणसमेत गरिरहेका छन्।

त्यसैगरी जिल्लामा गठित बाल सञ्जाल, किशोरी समूह, किशोरी वृतलगायतलाई सशक्तीकरण गर्न लागिएको संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोषका जिल्ला संयोजक गणेश शाहीले जानकारी दिए। २०७४ पुस ८ गते जिल्ला शिक्षा कार्यालय र संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोषले आयोजना गरेको बालविवाह न्यूनीकरणका लगि शिक्षक सम्मेलनले ९ बुँदे घोषणापत्रसमेत जारी गरेको छ। सबै विद्यालयका प्रधानाध्यापकको सहभागिता रहेको जिल्ला शिक्षक सम्मेलनले किशोरीहरूलाई विद्यालय समयमा मोबाइल फोन प्रयोगमा प्रतिबन्ध लगाउने र उनीहरूलाई सचेतसमेत गराउने प्रतिबद्धता व्यक्त गरेका छन्।

**साथ स्थानीय प्रशासनको**

बालविवाह कानुनविरुद्धको कार्य भएकाले यसलाई रोक्न स्थानीय प्रशासनले पनि साथ दिने बताएको छ। किशोरी वृत्तमार्फत सञ्चालित बालविवाहविरुद्धको अभियानमा केही समस्या भए सुरक्षाको प्रत्याभूति दिने सहायक प्रमुख जिल्ला अधिकारी दीपककुमार आचार्यले जानकारी दिए। उनले भने- बालविवाह कानुनविरुद्धको कार्य हो। यसलाई रोक्न किशोरीहरूले गरेको प्रयास सराहनीय छ। यसमा कुनै सुरक्षा चुनौती भए हामी सहयोग गर्न तयार छौँ।

बालविवाह न्यूनीकरणका लागि जिल्लाभरका प्रहरी युनिटलाई खबर गरिसकेको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रहरी निरीक्षक सुरेन्द्र बमले जानकारी दिएका छन्। उनले भने- समाजमा रहेका हानिकारक प्रचलन हटाउन प्रहरी एक्लैले सक्तैन। यसका लागि सबैको सहयोग चाहिन्छ। बालविवाह न्यूनीकरण अभियानमा लागेका किशोरीहरूसँगै हामी पनि सहयोग गरिरहेका छौँ।

**स्थानीय सरकारको प्रतिबद्धता**

स्थानीय तहको निर्वाचन सकिएलगत्तै स्वास्थ्य कार्यालयले नगर र गाउँपालिका प्रमुख/उपप्रमुख र वडा अध्यक्षहरूलाई जिल्ला बोलाएर बालविवाह न्यूनीकरणसम्बन्धी प्रशिक्षण आयोजना गऱ्यो। भेलामा आएका सबै जनप्रतिनिधिले २ वर्षभित्र बालविवाह अन्त्यको प्रयास गर्ने प्रतिबद्धता जनाए। केही

## सरोकारवालाको भनाइ

**सिद्धराज जोशी, प्रजिअ, बैतडी**

बालविवाह न्यूनीकरणका लागि एक व्यक्ति लागेर हुँदैन्। व्यक्ति शिक्षित हुनुभन्दा उनीहरूमा चेतना विकास हुन जरुरी छ। जुन धार्मिक मान्यताको कुरा छ, त्यो समयअनुसार परिवर्तन हुने कुरा हो। आफ्नो गाउँ/समाजमा भइरहेका बालविवाहका घटना रोक्न स्थानीय बासिन्दा तथा स्थानीय क्षेत्रमा कार्यरत सम्बन्धित सङ्घ/संस्थाले जिल्ला प्रशासन र प्रहरीलाई खबर गर्नुपर्छ। बालबालिकालाई शिक्षाबाट वञ्चित गर्नुहुँदैन। उनीहरूलाई धेरै बन्देज पनि गर्नुहुँदैन। बालबालिकालाई खुलेर बोल्ने र रमाउने वातावरण सिर्जना गर्न जरुरी छ।

**हेरम्ब शर्मा, डिएसपी, जिल्ला प्रहरी कार्यालय, बैतडी**

बालविवाहका घटना प्रहरीमा निकै कम आउँछन्। हामी बर्दीवाला प्रहरी भए पनि समाजका सबै सचेत नागरिक बिनाबर्दीका प्रहरी हुन्। समाजमा हुने हरेक अपराध र गलत कार्यबारे सबैले खबरदारी गर्न जरुरी छ। यदि कुनै बालविवाहसम्बन्धी घटना प्रहरीमा आउँछ भने त्यसलाई कानुनअनुसार कारबाही हुन्छ। कहिलेकाहीं समाज सन्तुलनका लागि व्यावहारिकता अपनाउन पनि जरुरी छ। अरुलाई देखेर वा हौसिएर कुनै बालबालिका विवाह गर्न भागेर आउँछन् भने के गर्ने ? यस्ता धेरे बालबालिका प्रहरीले नियन्त्रणमा लिइ अभिभावकको जिम्मा पनि लगाएको छ। उनीहरूलाई विवाह के हो भन्ने नै थाहा हुँदैन्। तर अरु बेहुला र बेहुली बनेको देख्दा रहर लागेर पनि भागेर विवाह गर्न तयार हुन्छन्। त्यसैले ग्रामीण क्षेत्रमा जनचेतना प्रभावकारीरूपमा प्रचारप्रसार गर्न जरुरी छ। तर कुनै अभिभावकले आफ्ना छोराछोरीको कम उमेरमा विवाह गराउँदैछन् भने जुनसुकै व्यक्ति तथा निकायले पनि प्रहरीलाई खबर गर्नुपर्छ। हामी तुरुन्त दोषीलाई कारबाहीको दायरामा ल्याउन तयार छौं।

**गणेश शाही, जिल्ला अधिकृत, संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (युएनएफपीए)**

म छ वर्षदेखि बैतडीमा बालविवाह अन्त्यको अभियानमा सक्रियरूपमा लागिरहेको छु। यस जिल्लामा विभिन्न कारणले गर्दा बालविवाह भइरहेको छ। समाजका हरेक वर्ग (शिक्षित, अशिक्षित, धनी, गरिब, सहरी, ग्रामीण, महिला, पुरुष, बाहुन, क्षत्री, दलित, कर्मचारी, व्यापारी) बालविवाहलाई प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा समर्थन गरिरहेका पाइन्छ। यस जिल्लामा किशोरीहरूले किशोरी वृत्तहरू गठन गरी बालविवाह न्यूनीकरणमा उल्लेख्य योगदान पुऱ्याएका छन् तर समयसमयमा समाजका प्रतिष्ठित व्यक्ति, राजनीतिक दलका नेता र शिक्षक/कर्मचारीबाटै उनीहरूको अभियानलाई कमजोर पार्न दबाब सिर्जना गर्ने काम हुने गरेका छन्।

बालविवाह रोक्न खोज्दा उल्टै धम्की दिने, राजनीतिक दलका नेताहरूद्वारा फोन गर्न लगाउने, किशोरीहरूलाई नराम्रो होस् भनी देवी/देउता भाक्ने, अधिकारकर्मीलाई धम्क्याउने, किशोर/किशोरीको उमेर बढाइ विवाह गर्ने र केही सिप नलागे केही दिनपछि बाहिरी जिल्ला लगेर विवाह गर्छन्। मेरो भनाइ के हो भने बालविवाहका घटनामा कानुनको कार्यान्वयन प्रभावकारीरूपमा हुन जरुरी छ। समाजका गण्यमान्य व्यक्ति, शिक्षक, विद्यार्थी, कर्मचारी र राजनीतिक दलका नेता/कार्यकर्ताले मात्रै बालविवाह गर्नुहुँदैन, यो कानुनीरूपमा अपराध हो भन्नेबारे स्थानीयलाई चेतना दिए र आफूहरू त्यसमा संलग्न नभए बालविवाह रोकिनेमा दुई मत छैन।

**लोकेन्द्र पन्त, कार्यक्रम संयोजक, बहुउद्देश्यीय विकास समाज, डडेल्धुरा**

सुदूरपश्चिमका जिल्लामा मानव विकास सूचकाङ्कका रूपमा बाधक रहेको बालविवाह अन्त्य गर्न अभिभावक बढी जिम्मेवार बन्न जरुरी छ। बालबालिकालाई रमाउने, खुलेर बोल्न सक्ने, साथीभाइ एकापसमा घुलमिल हुन सक्ने र प्रविधिको सकारात्मक प्रयोग गराउनेखालको वातावरण बनाउन अभिभावकको भूमिका महत्वपूर्ण हुन्छ।

निरक्षर अभिभावकको हकमा सम्बन्धित गाउँका जान्ने/बुझ्ने व्यक्तिले यसमा विशेष पहल गर्न जरुरी छ। बालविवाहले पार्ने नकारात्मक असरबारे सबैलाई जानकारी गराउन जरुरी छ। लैङ्गिक विभेद पनि बालविवाहको प्रमुख कारण भएकाले यसमा पनि नागरिकलाई सचेत गराउन जरुरी छ। नागरिकलाई आत्मनिर्भर बनाउन विभिन्न किसिमका स्वरोजगारमूलक कार्यक्रम पनि सिर्जना गर्न आवश्यक छ।

**हरिप्रसाद जोशी, सचिव, प्रतिष्ठित धामी समूह**

सामाजमा शिक्षित व्यक्तिमात्रै होइन, चेतनशील व्यक्तिको बढी भूमिका हुन्छ। आजको २१ औँ शताब्दीमा धर्मका बारेमा हामीजस्ता धामी, पण्डितहरूले सकारात्मक वर्णन गर्न जरुरी छ। एउटी सानी बालिकालाई अर्काको घरमा विभिन्न किसिमका दु:ख/पीडा सहन बाध्य गराउने आमा/बाबुले स्वर्ग तर्ने होइन, बरु नर्क जान्छन्।

पहिला के थियो, त्यो छाड्नुहोस्। सानै उमेरमा विवाह गरी कसैलाई अनेक किसिमका दु:खमा आफ्नो जीवन बिताउन बाध्य गराउनु धार्मिक, कानुनी र सामाजिक सबै हिसाबले अपराध हो। समाजमा भएका ज्योतिष, धामी र अन्य व्यक्तिको बालविवाहमा प्रत्यक्ष संलग्नता हुने भएकाले जिल्लाभरिका ज्योतिष, धामी र पण्डितलाई बालविवाहका नकारात्मक असरबारे जानकारी दिनुका साथै कानुनीरूपमा बालविवाह दण्डनीय अपराध हो भनेर पनि बुझाउन जरुरी छ।

स्थानवाहेक अधिकांशमा त्यसयता कुनै पहल भने भएका छैनन्।

केही ठाउँमा स्थानीय सरोकारवालाको संलग्नतामा बालविवाहविरुद्ध अभियान बढाइएको छ। पुर्चौडी नगरपालिका-१ का जनप्रतिनिधिले बालविवाह अन्त्यका लागि घरदैलो अभियान सुरु गरे। वडामा क्रियाशील बालक्लब, महिला समूह, स्वास्थ्य स्वयम्सेविकासँगै जनप्रतिनिधि पनि बालविवाह अन्त्यका लागि घरदैलो अभियानमा संलग्न छन्। बालविवाहले पार्ने असर र बालविवाह गरेमा हुने कानुनी कारबाहीबारे सर्वसाधारणलाई जानकारी दिँदै आएका छन्।

पुर्चौडी नगरपालिका-१ का वडा अध्यक्ष गणेशबहादुर गडालले भने- 'बालविवाहले समग्र समाजमा समस्या निम्त्याएको छ। यसको अन्त्य गर्नैपर्छ। यसको अन्त्यका लागि हामीले वडा कार्यसमितिको पहिलो बैठकबाट निर्णयसमेत गरिसकेका छौँ। सो निर्णय कार्यान्वयन गर्नका लागि हामीले घरदैलो अभियान सञ्चालन गरेका हौँ।' प्रत्येक बस्तीमा अन्तरपुस्ता संवाद, घरका बूढापाका र किशोर/किशोरीलाई एकै ठाउँमा राखेर बालविवाहले पार्ने असरबारे बुझाउने जस्ता काम यसअन्तर्गत भएका छन्।

बैतडी बालविवाह बढी हुने जिल्लामध्ये पर्ने भएकाले बालविवाह न्यूनीकरणका लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका छन्। स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिले पनि बालविवाह अन्त्य गर्ने विषयलाई प्राथमिकतामा राखेका छन्। धेरैजसो स्थानीय तहका जनप्रतिनिधिले एक वर्षको अवधिमा आफ्ना स्थानीय तहलाई बालविवाहमुक्त बनाउने घोषणासमेत गरेका छन्। करिब डेढ वर्षअघि बैतडीमा सम्पन्न बालिका सम्मेलनले जिल्लालाई २०७५ सालभित्र बालविवाहमुक्त बनाउने प्रतिबद्धता गरेको थियो।

**सन्दर्भ सामग्री**


१. इन्सेक अनलाइन
२. जिल्ला स्वास्थ्य कार्यालयको तथ्याङ्क (आर्थिक वर्ष ०७२/०७३, ०७३/०७४)
३. जिल्ला शिक्षा कार्यालयको तथ्याङ्क (शैक्षिक भर्ना, किशोरावस्थामा विद्यालय छोड्ने विद्यार्थीको दर)
४. 'बालिका दुलही होइनन्' अभियानको तथ्याङ्क (जिल्लाका पाँच गाविसमा गरिएको सर्वेक्षण)
५. जिल्ला प्रहरी कार्यालयको तथ्याङ्क (आफुखुशी भागेर प्रहरीले समातेका जोडीहरुको तथ्याङ्क, घरलु हिसा तथा महिला हिंसाका घटना, रोकिएका बालविवाह)
६. संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोषको तथ्याङ्क
७. विभिन्न पत्रपत्रिका तथा अन्य सञ्चार माध्यम
८. जिल्लामा सञ्चालित विभिन्न अन्तरक्रिया, गोष्ठी, सेमिनारमा प्रस्तुत कागजपत्र ०७३/०७४
९. नेपालको संविधान २०७२ (नेपालको संविधान २०७२, भाग ३ धारा ३९ को उपधारा ५)
१०. जिल्ला बालविवाह न्यूनीकरण रणनीति २०७४

अनुसूची १

# सन् २०१७ र मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

## उल्लेख गर्नैपर्ने केही कुरा

१. नामै वर्ष पुस्तक भएकाले यसमा सन् २०१७ (२०७३ पुस १७ गतेदेखि २०७४ पुस १६ गतेसम्म) का घटनामात्र उल्लेख छन्।

२. जनसङ्ख्या, महिला, परिवार सङ्ख्या, आश्रित जनसङ्ख्या (केन्द्रीय तथ्याङ्क विभागको अनुमान २०१५), गरिबीको रेखामुनि रहेको सङ्ख्या, कामका लागि बाहिरिएका, अपाङ्गता भएका, ५ वर्षमाथिको साक्षरता प्रतिशत र सरकारी विद्यालय प्रत्येक जिल्लामा उल्लेख गर्नुको कारण यिनले मानव अधिकार प्राप्तिमा जगको काम गर्ने भएकाले हो। जसको आधार केन्द्रीय तथ्याङ्क विभागको विक्रम संवत् २०६८ को जनगणना हो।

३. कारागारका बन्दी र कैदीको सङ्ख्या वर्षको अन्तिम (२०७४ पुस दोस्रो साता) को हो।

४. अदालतले थुन्ने आदेश दिएको भन्नुको मतलव आरोपित पुर्पक्षका लागि थुनामा रहेको र मुद्दा चलिरहेको भन्ने हो।

५. जिल्लाका न्यायिक र अर्धन्यायिक निकाय तथा इन्सेक प्रतिनिधिको जानकारीमा नआएका मानव अधिकार उल्लङ्घटनका घटना यसमा समावेश छैन।

६. बलात्कार जस्ता संवेदनशील घटनामा आफ्नै बाबु वा नजिकको आफन्त संलग्न भएकामा पीडितको परिचय नखुलोस् भन्ने अभिप्रायले आरोपितको नाम उल्लेख गरिएको छैन।

७. नेपालको बालबालिकासम्बन्धी ऐनले १६ वर्षभन्दा मुनिकालाई बालबालिका भन्नुपर्ने जनाए पनि बाल अधिकार महासन्धिले १८ वर्षभन्दा मुनिकालाई बालबालिका मानेकाले यो पुस्तकले पनि १८ वर्षमुनिकालाई बालबालिका मानेको छ।

८. राम्रो कि नराम्रो भन्ने विषय तुलनाबाट मात्र प्रष्ट हुन्छ। त्यसैले यो वर्ष जिल्लाको मानव अधिकार उल्लङ्घनका घटना बढे कि घटे भन्ने सहजै थाहा पाउन पृष्ठभूमिमै गत वर्षको सामान्य तथ्याङ्क दिइएको हो।

९. स्वास्थ्य संस्था, विद्यालय, न्यायालय आदिमा दरबन्दीअनुसार कार्यरत भएकालाई भन्दा रिक्त अवस्थालाई जोड दिइएको छ किनकि राज्यप्रदत्त यस्तो अवस्थाले मानव अधिकार प्राप्तिमा सोझै अवरोध सिर्जना गर्छ।

१०. सीमान्तकृत दलित समुदायलाई राज्यले उपलब्ध गराउने छात्रवृत्ति र अपाङ्गता भएका व्यक्तिलाई पढ्ने वातावरण उपलब्ध भए/नभएकोलाई विशेष स्थान दिइएको छ ताकि सेवाग्राही र प्रदायक दुवैलाई यस विषयमा मिलेर जान सहज हुन सकोस्।

११. कारागारलगायत अन्य निकायमा भएका राम्रा व्यवस्थालाई भन्दा पनि समस्या उजागर गर्नमा जोड दिइएको छ। यसको मतलव पुस्तकको उद्देश्य नै उल्लङ्घनमा जोड दिएर सेवा प्रदायकलाई यसप्रति जवाफदेही बनाउनु हो।

१२. अदालतमा फैसला हुन बाँकी मुद्दा भन्नुको

मतलव सन् २०१७ को अन्तिमसम्म नटुङ्गिएका हुन्। जुन जुन जिल्लामा २ वर्षभन्दा पुराना मुद्दाको सन्दर्भ उल्लेख छैन तिनमा बाँकी नरहेकाले हो।

१३. तथ्याङ्कहरू जिल्ला शिक्षा कार्यालय, स्वास्थ्य कार्यालय, अदालत, कारागार कार्यालय जस्ता सम्बन्धित निकायबाट लिइएका हुन्।

१४. तह तोकिएकामा बाहेक अन्यत्र उल्लेख अदालत शब्दले जिल्ला अदालत बुझाउँछ।

१५. न्यायिक/अर्धन्यायिक निकाय, सञ्चारमाध्यम, प्रत्यक्षदर्शी आदिबाट प्राप्त सूचनालाई पुष्टि भएपछिमात्र उल्लेख गरिएको छ । कतिपय घटना इन्सेकको जानकारीमा आए पनि पुष्टि नभएकाले प्रकाशन गर्न सकिएन।

१५. कारागार व्यवस्थापन विभागले कारागारलाई कर्मचारीको स्वीकृत दरबन्दी, राख्ने क्षमता र भौतिक अवस्थाका आधारमा पाँच श्रेणीमा वर्गीकरण गरेको छ।

१६. नेपालले अनुमोदन गरेका मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमध्ये ठूला ६ ओटा (ICCPR, ICESCR, CAT, CEDAW, CRC / CERD) का आधारमा शीर्षकहरू विभाजन गरी जिल्लागत रूपमा तथ्याङ्क एवम् विवरण प्रस्तुत गरिएको छ।

१७. विस्थापन, संरचना/सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षकअन्तर्गत समावेश गरिएको छ।

१८. विभिन्न सशस्त्र समूह, अज्ञात समूह, राजनीतिक दलहरूबाट भएका घटना गैरराज्यपक्ष अन्तर्गत राखिएको छ। त्यसको विस्तृत विवरण अनुसूची २ मा उपलब्ध तथ्याङ्कमा राखिएको छ। सामान्यत: व्यक्तिगत हत्याका घटनालाई विवरणमा नदिई तथ्याङ्कमा मात्र समावेश गरिएको छ।

१९. विवादास्पद घटनाहरू (पीडकको स्पष्ट पहिचान नभएका) लाई पनि 'अन्यबाट' शीर्षकअन्तर्गत समावेश गरेका छौँ।

२०. स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिनु हुन हामी सबैमा हार्दिक अनुरोध गर्दछौँ।

२१. अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकारअन्तर्गतका तथ्याङ्क तत्काल घटनास्थलमा गिरफ्तार गरिएका र सामान्य चोटपटक लागेका पीडितहरूको मात्र तथ्याङ्क हो।

२२. बालमैत्री कार्यक्रम सञ्चालन गरिएका विद्यालयलाई बालमैत्री विद्यालय भनिएको हो। कम्तीमा ह्वीलचेयर गुड्ने, सजिलो शौचालय र कक्षा परिवर्तन गरिरहनु नपर्ने गरी सञ्चालित विद्यालयलाई अपाङ्गमैत्री भनिएको हो। यौन हिंसाअन्तर्गत बलात् यौनसम्बन्ध वा प्रयास वा लागु औषधि प्रयोग गरी अनिच्छित गरिएका यौनजन्य क्रियाकलापका घटना समावेश गरिएका हुन्।

२३. तथ्य तथ्याङ्क समावेश गर्दा त्रुटि नहोस् भनी सजगता अपनाइएको छ। भुलवश कुनै त्रुटि भएमा मूल अभिलेखमा भएको तथ्य तथ्याङ्क नै आधिकारिक हुनेछ।

**तथ्याङ्कका अन्य स्रोत**

१. केन्द्रीय तथ्याङ्क विभागको सङ्क्षिप्त प्रतिवेदन २०१३

२. स्थानीय सामाजिक संस्था र व्यक्तिहरू

३. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू

४. १९९२ देखि २०१७ सम्मका इन्सेक मानव अधिकार वर्ष पुस्तकहरू

५. वर्ष पुस्तक तयार गर्ने क्रममा इन्सेक पुस्तकालयमा रहेका पुस्तक तथा अभिलेखहरू सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ।

६. शिक्षासम्बन्धी तथ्याङ्क जिल्लाका शिक्षा कार्यालय, स्वास्थ्यसम्बन्धी तथ्याङ्क जिल्ला जनस्वास्थ्य कार्यालयबाट उपलब्ध गराइएका हुन्।

७. प्रदेश र स्थानीय तहको विस्तृत विवरण मदरल्याण्ड पब्लिकेशन प्रा.लि.

८. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# प्रदेश १

- क्षेत्रफल : २५,५०५ वर्ग कि.मि.
- जनसङ्ख्या : ४५,३४,५४३
- साक्षरता प्रतिशत : ७१.१७
- जिल्ला : १४
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : २८
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ५६
- महानगरपालिका : १
- उपमहानगरपालिका : २
- नगरपालिका : ४६
- गाउँपालिका : ८८
- कूल वडा सङ्ख्या : १,१५७

# प्रदेश परिचय १

प्रदेश नं. १ साबिकका १४ जिल्ला मिलाएर बनाइएको छ । यसको जनसङ्ख्या ४५ लाख ३४ हजार ९ सय ४३ छ। यो प्रदेश २५ हजार ९ सय ५ वर्ग किलोमिटरमा फैलिएको छ । यसमा प्रतिनिधि सभा निर्वाचन क्षेत्र २८ वटा छन् भने प्रदेश सभा निर्वाचन क्षेत्र ५६ वटा छन् । सबभन्दा बढी मोरङमा छवटा प्रतिनिधि सभा निर्वाचन क्षेत्र छन् भने झापामा पाँचवटा र सुनसरीमा चारवटा छ। त्यसैगरी इलाम र उदयपुरमा दुई/दुई क्षेत्र छन् । बाँकी नौवटा जिल्लामा भने एक/एकवटा क्षेत्रमात्र तोकिएको छ।

प्राकृतिक साधन तथा स्रोतका हिसावले यो प्रदेशमा सगरमाथा हिमशृङ्खला, कोशी नदी, त्यसका शाखा अनि मकालु र कञ्चनजङ्घा जस्ता हिमाल छन् । जसबाट राम्रो रोयल्टी प्राप्त हुने सम्भावना देखिन्छ। नेपाल मानव विकास प्रतिवेदनअनुसार यो प्रदेशमा १७.१२ प्रतिशत जनसङ्ख्या बस्छन् भने मुलुकको कुल गार्हस्थ्य उत्पादनमा जनसङ्ख्या बराबर नै अर्थात् १७.४६ प्रतिशत योगदान पुऱ्याउँछन्। आर्थिक सर्वेक्षण २०७२/७३ अनुसार कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३१ प्रतिशत छ । यसरी कृषिमार्फत सबैभन्दा बढी योगदान दिने जिल्ला चितवन (३.५ प्रतिशत) हो। त्यसपछि दोस्रो मोरङ (२.९१) र तेस्रोमा पर्ने झापा (२.३५ प्रतिशत) यही प्रदेशमा पर्छ।

सरकारले यो प्रदेशको अस्थायी राजधानी मोरङ सदरमुकाम विराटनगरलाई तोकेको छ। प्रदेश सभाको बहुमतले राजधानी कहाँ राख्ने भन्ने निर्णय गर्न सक्ने व्यवस्था भएकाले हाललाई अस्थायी केन्द्र तोकिएको हो।

### सन् २०१७ र मानव अधिकार अवस्था

सन् २०१७ मा यो प्रदेशमा राज्यपक्षबाट ४२ जना र गैरराज्यपक्षबाट ६ सय ५२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये महिलाको सङ्ख्या राज्यपक्षबाट ६ जना र गैरराज्यपक्षबाट ५ सय ५९ जना रहेको छ। महिला अधिकार उल्लङ्घनका घटनामा ३ सय ५३ जना महिला पीडित भए।

## सन् २०१७ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



# १.१ ताप्लेजुङ




**जम्मा जनसङ्ख्या**
**१,२४,७१४**

**महिला**
**६६,२८६**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**३४,०६६**

**कामका लागि बाहिरिएका**
**५,७५३**

**अपाङ्गता भएका**
**३,७३०**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७१.३**

**आश्रित जनसङ्ख्या**
**५५,२५४**

**ताप्लेजुङमा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १५ जना पीडित भएकामा यस वर्ष १४ जना पीडित भए। सबै घटनाका आरोपित गैरराज्य पक्षका छन्।**

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारमा २२ थुनुवा र ७५ कैदी गरी कूल ९७ जना रहेका छन्। कारागारको क्षमता २५ जना रहेको छ। क्षमताभन्दा तेब्बर कैदी तथा थुनुवा राखिनाले व्यवस्थापनमा समस्या छ। १९५२ मा निर्माण भएको कारागारको अवस्था जीर्ण रहेको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक मात्र जिल्ला अदालत रहेको छ। सन् २०१७ मा देवानी मुद्दा १ सय १२ थान रहेका छन्। सरकावारीवादी मुद्दा ३२ थान र दुनीयाँवादी मुद्दा ७३ थान गरी जम्मा १ सय ५ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना मुद्दा नरहेको जिल्ला अदालतले जनाएको छ।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय २४ प्रावि छन्। निमावि ७१ वटा छन्। मावि र उच्च मावि दुवै गरी ६१ वटा छन्। शिक्षकको दरबन्दी १ हजार १ सय ३८ छन्। दरबन्दी अनुसार शिक्षक तथा शिक्षिका कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ। जिल्ला शिक्षा कार्यालयको यस वर्षको बजेट उपलब्ध भएन।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | पुरुष |
| बाल अधिकार | ५ | ५ |
| महिला अधिकार | ८ | ८ |
| हत्या | १ | १ |
| जम्मा | १४ | १४ |

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ४ | ४ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ५ | ५ |

*सन् २०१६ मा बालबालिकामाथि हुने हिंसाका घटनाबाट पाँच जना पीडित भएकामा सन् २०१७ मा पनि पाँच जना पीडित भएका घटना अभिलेख गरिएको छ। यो वर्ष बलात्कार घटनाबाट चार जना र यौन दुर्व्यवहार घटनाबाट एक जना बालिका पीडित भए।*

**बलात्कार, यौन दुर्व्यवहार**

१० वर्षीया बालिकालाई २०७३ फागुन १५ गते बलात्कार गरेको आरोपमा पाथिभरा याङवरक गाउँपालिका-६ का २० वर्षीय विकास बिकविरूद्ध पीडित पक्षले फागुन १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन १७ गते जिल्ला अस्पतालमा गरियो। उजुरी दिएकै दिन पक्राउ परेका आरोपितलाई अदालतले २०७३ चैत १२ गते १४ वर्ष कैद सजायको आदेश सुनायो। साथै पीडितलाई महिला तथा बालबालिका कार्यालयबाट क्षतिपूर्तिबापत ७५ हजार रुपियाँ उपलब्ध गराउन निर्देशन दियो। आदेशअनुसार पीडितलाई उक्त रुपियाँ उपलब्ध गराइएको महिला तथा बालबालिका कार्यालय प्रमुख सुशीला चौधरीले जानकारी दिइन्।

१५ वर्षीया बालिकालाई २०७३ फागुन २६ गते बलात्कार गरेको आरोपमा आठराई त्रिवेणी गाउँपालिका-३ फूलबारीका १९ वर्षीय तार्मे भन्ने विजय शेर्पाविरूद्ध पीडित पक्षले फागुन ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण भोलिपल्ट जिल्ला अस्पतालमा भयो। फागुन २७ गते नै पक्राउ परेका आरोपितलाई अदालतले २०७४ वैशाख २२ गते ६ वर्ष कैद सजाय सुनायो। साथै पीडितलाई ५० हजार रुपियाँ उपलब्ध गराउन सरकारलाई आदेश पनि दियो।

**महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*जिल्ला प्रहरी कार्यालयस्थित महिला तथा बालबालिका सेवा केन्द्रमा कुटपिट गरेको १०, खान लाउन नदिएको चार, विवाह दर्ता र नागरिकता नबनाइदिएको एक, सामान्य घरायसी विवादमा ६ गरी २१ वटा उजुरी परेको थियो। ती उजुरीपछि दुवै पक्षलाई मिलापत्र गराइएको छ। मिलापत्र पश्चात पुन: विवाद तथा झैझगडा भएको उजुरी आएको छैन।*

*गत वर्ष विभिन्न घटनामा सात महिला पीडित भएकामा सन् २०१७ मा त्यस्ता घटनाबाट आठ महिला पीडित भए। गत वर्ष घरेलु हिंसाका कारण पाँचजना पीडित भएकामा यस वर्ष त्यस्ता घटना भएनन्। बलात्कारका घटनाबाट गत वर्ष एकजना पीडित भएकामा यस वर्ष पनि एकै जना पीडित भइन्। त्यसैगरी यो वर्ष बहुविवाहका कारण चार र बलात्कार प्रयासबाट तीनजना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| बलात्कार प्रयास | ३ | ३ |
| बहुविवाह | ४ | ४ |
| जम्मा | ८ | ८ |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

६४ वर्षीया महिलालाई २०७३ चैत १४ गते बलात्कार गरेको आरोपमा सिरीजङ्घा गाउँपालिका-३ का २८ वर्षीय आइतराज लिम्बूविरूद्ध पीडित पक्षले चैत १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत १५ गते जिल्ला अस्पतालमा गरियो। मौखिक उजुरीका आधारमा चैत १५ गते नै पक्राउ परेका आरोपितलाई अदालतले २०७४ जेठ २९ गते १० वर्ष कैद सजाय र लिम्बूको जायजेथाबाट पीडितलाई ७५ हजार रुपियाँ क्षतिपूर्ति भराउने आदेश दियो।

**स्वास्थ्य सेवाको अवस्था**

ताप्लेजुङमा एक सरकारी र एक निजी अस्पताल छन्। ५१ स्वास्थ्यचौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, आठ सामुदायिक स्वास्थ्य इकाई, तीन सहरी स्वास्थ्य केन्द्र छन्। पाँच जना डक्टरको दरबन्दीमा हाल सात जना डक्टर कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी नभएकाले विशेषज्ञ छैनन्। स्टाफ नर्सको ६ दरबन्दीमध्ये दुई जना रिक्त छन्। ल्याब असिस्टेन्ट दरबन्दी तीन जनामध्ये दुई रिक्त छन्। अहेव १ सय १६ मध्ये ९३ जना कार्यरत छन्। बाँकी रिक्त छन्। अनमी दरबन्दी १ सय १४

मध्ये नौ वटा मात्र रिक्त छन्। क्षयरोग तथा कुष्ठरोग सुपरभाइजर दरबन्दी एक जना भएकोमा कार्यरत छन्। हेल्थअसिस्टेन्ट दरबन्दी ५९ जनाको छ। कार्यरत ४२ छन् भने १७ रिक्त छन्। जिल्ला स्वास्थ्य कार्यालयको यस आर्थिक वर्षको बजेट ३ करोड ६५ लाख ८५ हजार २ सय रहेको छ। तीमध्ये प्रशासनिक खर्च १ करोड ३५ लाख ७४ हजार २ सय र औषधि खरिद १० लाख ३५ हजार रहेको छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | १ | ४ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | ३ | २ | ५ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | १ | | १ |
| बलात्कार प्रयास | | १ | २ | ३ |
| बहुविवाह | २ | | २ | ४ |
| जम्मा | २ | २ | ४ | ८ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

# १.२ सङ्खुवासभा

**जम्मा जनसङ्ख्या**
**१,५८,७४२**

**महिला**
**८४,४००**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**३३,१४६**

**कामका लागि बाहिरिएका**
**१४,८६३**

**अपाङ्गता भएका**
**४,०५४**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**८२**

**आश्रित जनसङ्ख्या**
**७०,६३०**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | २ | ३ | ५ |
| बाल अधिकार | | | २ | | २ |
| महिला अधिकार | | | ११ | | ११ |
| गिरफ्तारी | १ | १ | | | |
| कुटपिट | | | | ५ | ५ |
| हत्या | | | | ५ | ५ |
| जम्मा | १ | १ | १५ | १३ | २८ |

**सङ्खुवासभामा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ३४ जना पीडित भएकामा सन् २०१७ मा २५ जना पीडित भए। जसमध्ये एकजना राज्यपक्षबाट पीडित भए।**

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। ७१ कैदी र ३४ थुनुवा गरी १ सय ५ जना छन्। जसमा सात महिला छन्। २०२१ सालमा बनेको कारागारको महिला बन्दी गृह भवन पुरानो र जीर्ण छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष देवानीतर्फ ८४ थान मुद्दामध्ये ११ थान फैसला भए। फौजदारीतर्फ ७४ थान मुद्दा दर्ता भएकामा १६ थान फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका देवानीतर्फका एक र फौजदारीतर्फका एक मुद्दा बाँकी छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ५४ प्रावि, ६३ निमावि, ६३ मावि र २० उमावि छन्। १ हजार ६ सय ४० शिक्षक दरबन्दी रहेकामा ४४ दरबन्दी रिक्त छ। सबै विद्यालयमा सुविधायुक्त शौचालय रहेका र कुनै पनि विद्यालय अपाङ्गमैत्री नभएको शिक्षा कार्यालयले*

*जनायो। जिल्लाको वार्षिक बजेट १९ करोड ४२ लाख ७० हजार रुपियाँ रहेकामा ६७ लाख ५५ हजार रुपियाँ प्रशासनिक बजेट रहेको कार्यालयले जनायो।*

*गत वर्ष बालबालिकामाथि हुने हिंसाका घटनाबाट तीनजना पीडित भएकामा सन् २०१७ मा दुईजना पीडित भए। यो वर्ष बलात्कार घटनाबाट दुई बालिका पीडित भए। गत वर्ष यस्तो घटनामा एकजना पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| जम्मा | ३ | ३ |

**बलात्कार, यौन दुर्व्यवहार**

१६ वर्षीया बालिकालाई २०७४ असोज २४ गते २९ वर्षीय नातेदारले बलात्कार गरेको आरोपमा पीडित पक्षले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण असोज २५ गते जिल्ला अस्पतालमा गरियो। उजुरी दिएकै दिन पक्राउ परेका आरोपितलाई अदालतले कात्तिक ७ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २१ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा खान/लाउन नदिएको सात, विवाह दर्ता र नागरिकता नबनाएको एक र घरायसी झैझगडाका १३ वटा घटना छन्। सबै घटनामा मिलापत्र भएको प्रहरीले जनायो।*

*गत वर्ष घरेलु हिंसाका घटनामा २७ जना पीडित भएकामा यस वर्ष सात जना पीडित भए। त्यसैगरी बलात्कारका घटनाबाट गत वर्ष एकजना पीडित भएकामा यस वर्ष पनि एकजना पीडित भइन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| घरेलु हिंसा | ७ | ७ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | ११ | ११ |

*त्यसैगरी यो वर्ष यौन दुर्व्यवहारका घटनामा तीनजना पीडित भए।*

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

३७ वर्षीया महिलालाई २०७३ फागुन १० गते चिचिला गाउँपालिका-५ का ६४ वर्षीय कविर विश्वकर्माले बलात्कार गरेको आरोपमा पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित महिलाको स्वास्थ्य परीक्षण खाँदबारी अस्पतालमा फागुन ११ गते गरियो। फागुन ११ गते पक्राउ परेका आरोपितलाई अदालतले चैत २ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

चैनपुर नपा-७ मा वाम गठबन्धनले चुनावी प्रचारमा प्रयोग गरेको जिपमा अज्ञात समूहले २०७४ मङ्सिर ४ गते बिहान २ बजे आगजनी गऱ्यो। सो समूहले को १ ज २१२३ नम्बरको ल्यान्डरोबर जिपमा आगजनी गरेको डिएसपी सन्तोष खड्काले बताए। उक्त समूहले बसपार्क नजिकै पार्किङमा राखिएको चैनपुरका आशीष शाक्यको गाडी जलाएको हो। तर, आरोपित पीडक पत्ता लागेन।

## स्वास्थ्य सेवाको अवस्था

सङ्खुवासभामा एउटा अस्पताल, २४ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र र ६ वटा सहरी स्वास्थ्य केन्द्र छन्। यस जिल्लामा आठजना डक्टरको दरबन्दी रहेकामा पाँच कार्यरत छन्। एकजना स्त्री रोग विशेषज्ञको दरबन्दी रहेकामा त्यो पनि खाली छ। त्यसैगरी ८६ जना अहेवको दरबन्दी रहेकामा ५५ जना कार्यरत छन् भने ८६ जना अनमीको दरबन्दीमध्ये ३५ जना कार्यरत छन्। यसैगरी १० जना स्टाफ नर्सको दरबन्दी रहेकामा ६ जना कार्यरत छन्। ६ जना ल्याब असिस्टेन्टको दरबन्दी रहेकामा दुईजना कार्यरत छन्। खोप सुपरभाइजरको एउटा दरबन्दी रहेकामा कार्यरत छन्। त्यसरी नै ४६ जना हेल्थ असिस्टेन्टको दरबन्दी रहेकामा ३५ जना कार्यरत छन्। यसै वर्षदेखि स्वास्थ्यको काम स्थानीय तहले गर्ने भन्दै जिल्ला जनस्वास्थ्य कार्यालयले बजेटबारे जानकारी दिएन।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | २ |
| जम्मा | २ | २ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | | | १ |
| घरेलु हिंसा | | ६ | | ६ |
| यौन दुर्व्यवहार | | ३ | १ | ३ |
| जम्मा | १ | ९ | १ | ११ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ५ | ५ |

# १.३ सोलुखुम्बु




**जम्मा जनसङ्ख्या**
**१,०५,१८७**

**महिला**
**५४,७५५**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**२६,९६४**

**कामका लागि बाहिरिएका**
**५,६१७**

**अपाङ्गता भएका**
**२,६०५**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६७.५४**

**आश्रित जनसङ्ख्या**
**४५,३१८**

**सोलुखुम्बुमा गत वर्ष गैरराज्यपक्षबाट भएका घटनामा ५५ महिला पीडित भएकामा सन् २०१७ मा ५२ महिला र ३ पुरुष गरी ५५ जना पीडित भए। जसमा दुई पुरुषको गैरराज्यपक्षबाट हत्या भयो।**

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। ४५ पुरुष र चार महिला गरी ४९ जना कैदी छन् भने १९ पुरुष र एक महिला गरी २० जना थुनुवा छन्। २५ जना क्षमताको कारागारमा ६९ जना बस्नुपर्दा समस्या उत्पन्न भएको छ। जेलर सुवास तामाङका अनुसार यहाँ औषधि उपचार र सिपमूलक काममा समस्या छैन भने टिभी हेर्ने र रेडियो सुन्ने व्यवस्था पनि छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष देवानीतर्फ ६८ थान मुद्दामध्ये ४७ थान फैसला भए। फौजदारीतर्फ १ सय ६२ थान मुद्दामध्ये ९४ थान फैसला भए। दुई वर्ष नाघेका दुई थान देवानीतर्फका मुद्दा छन्।

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| घाइते | | १ | १ |
| बाल अधिकार | १ | | १ |
| महिला अधिकार | ५१ | | ५१ |
| हत्या | | २ | २ |
| जम्मा | ५२ | ३ | ५५ |

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २९ हजार २ सय ५५ मध्ये छात्र १३ हजार ९ सय ९५ र छात्रा १५ हजार २ सय ६० जना विद्यालय भर्ना भए। यसमध्ये दलित छात्रा १६ सय २२ जना र छात्र १२ सय २८ जना छन्। त्यस्तै जनजाति छात्रातर्फ ११ हजार २ सय ८४ जना र छात्र १० हजार ८ सय १४ जना छन्। प्रावि तहमा महिला ४ सय ६२ जना र पुरुष ४ सय ४८ गरी ९ सय १० शिक्षक कार्यरत छन्। निमावि तहमा महिला ९४ जना र पुरुष १ सय ३३ गरी २ सय २७ शिक्षक कार्यरत छन्। यसैगरी मावि तहमा महिला १८ र पुरुष १ सय ५८ गरी १ सय ७६ शिक्षक कार्यरत छन्। बाल विकास केन्द्रतर्फ बालक १ हजार ६ सय ४२ र बालिका १ हजार ७ सय ४५ गरी ३ हजार ३ सय ८७ जना छन्। जसमध्ये दलित बालक २ सय ४८ र बालिका १ सय ८२ जना छन्।*

*सन् २०१७ मा जिल्लामा एक बालिका यौन दुर्व्यवहारका घटनामा पीडित भइन्। अघिल्लो वर्ष पनि एक बालिका यौन दुर्व्यवहार र दुई बालिका बलात्कारको घटनामा पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | १ | १ |

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ५४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका तीन, खान/लाउन नदिएको चार, कुटपिट गरिएको ४१ र सामान्य घरायसी झगडाका ६ घटना छन्। यीमध्ये प्रहरीले ४५ वटामा मिलापत्र गरायो भने तीन उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ भने ६ जना पीडित सम्पर्कमा आएनन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ४ | ४ |
| बलात्कार प्रयास | ३ | ३ |
| घरेलु हिंसा | ४५ | ४५ |
| जम्मा | ५१ | ५१ |

*सन् २०१६ मा घरेलु हिंसाका घटनामा ५५ जना पीडित भएकामा यस वर्ष ४५ जना पीडित भए। त्यसैगरी गत वर्ष बलात्कार र बलात्कार प्रयासका घटना अभिलेखमा आएनन्। यस वर्ष बलात्कारबाट चार र बलात्कार प्रयासबाट दुईजना पीडित भए। त्यसै गरी बहुविवाहको घटनाबाट गत वर्ष एकजना पीडित भएकामा यस वर्ष यस्ता घटना भएनन्।*

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३५ वर्षीया महिलालाई २०७३ चैत ७ गते सोलुदुधकुण्ड नपा-६ का ३७ वर्षीय दावा शेर्पाले बलात्कार गरेको भन्दै पीडितले आरोपितविरुद्ध भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको उजुरी दिएकै दिन जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपित फरार रहे।

### स्वास्थ्य सेवाको अवस्था

सोलुखुम्बुमा एउटा अस्पताल र ३२ स्वास्थ्य चौकी छन्। यस जिल्लामा तीनजना डक्टरको दरबन्दी रहेकामा एकमात्र कार्यरत छन्। एकजनाको दरबन्दी रहेको स्त्री रोग विशेषज्ञ कार्यरत छन्। त्यसैगरी चारजना स्टाफ नर्स, ल्याब असिस्टेन्ट एकजना, अहेव दुईजना, अनमी दुईजना, खोप सुपरभाइजर एकजना, क्षयरोग/कुष्ठरोग सुपरभाइजर एकजना, हेल्थ असिस्टेन्ट दुईजना र मासिका ७२ जनाको दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको यस आर्थिक वर्षको बजेट ७ करोड २२ लाख रुपियाँ छ।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | १ | १ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | | | ३ | ४ |
| बलात्कार प्रयास | | | | ३ | ३ |
| घरेलु हिंसा | | १ | ४४ | | ४५ |
| जम्मा | ३ | १ | ४४ | ४ | ५१ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | ३ |

# १.४ ओखलढुङ्गा




**जम्मा जनसङ्ख्या**
**१,४४,६८०**

**महिला**
**७८,४५४**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**३०,०१७**

**कामका लागि बाहिरिएका**
**१०,५५२**

**अपाङ्गता भएका**
**३,४५०**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६४.४२**

**आश्रित जनसङ्ख्या**
**६५,७५८**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| घाइते | | ५ | ५ |
| बाल अधिकार | ३ | | ३ |
| अमानवीय व्यवहार | १ | | १ |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | | १ | १ |
| महिला अधिकार | ३६ | | ३६ |
| कुटपिट | ३ | ६ | ९ |
| हत्या | | ३ | ३ |
| जम्मा | ३३ | १४ | ४७ |

**ओखलढुङ्गामा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २६ जना पीडित भएकामा सन् २०१७ मा ४७ जना पीडित भए।**

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

चम्पादेवी गाउँपालिका-९ दुम्सेमा २०७४ मङ्सिर ७ गते राति नेपाली काङ्ग्रेस र नेकपा माओवादी केन्द्रका कार्यकर्ताबीच भएको झडपमा काङ्ग्रेस कार्यकर्ता सोही ठाउँका २० वर्षीय दुर्गाबहादुर श्रेष्ठ र ३२ वर्षीय उत्तम कार्की घाइते भए। उनीहरूको टाउको र अनुहारमा चोट लाग्यो। उपचारका लागि उनीहरूलाई मङ्सिर ८ गते हेलिकोप्टरबाट काठमाडौंको शिक्षण अस्पताल महाराजगन्ज लगियो। घटनामा संलग्न रहेको आरोपमा सोही ठाउँका २५ वर्षीय महेश सुनुवार, २२ वर्षीय खिलक सुनुवार, २० वर्षीय शान्ति कार्की र ३८ वर्षीय बेनीबहादुर श्रेष्ठविरुद्ध पीडितका आफन्तले मङ्सिर ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपित फरार रहे।

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। ४७ कैदी र ११ थुनुवा गरी ५८ जना छन्। जसमा नौ महिला छन्। तीन वर्षीय आश्रित एक बालक पनि छन्। ६५ वर्षमाथिका दुई जना छन्। क्षमताभन्दा झण्डै दुई गुणा बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। २०४५ सालमा बनेको यो कारागारको एउटा भवन जीर्ण छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी रहेकामा कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ६६ र फौजदारीतर्फ ६१ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्। यसैगरी तीन न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी र फौजदारी गरी १ सय ६२ थान छन्। दुई वर्ष पुराना मुद्दा तीन थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ८ प्रावि, ५० निमावि, ४१ मावि र ३० उमावि छन्। १ हजार ५ सय ७५ शिक्षक दरबन्दी रहेकामा १० रिक्त छ। यस वर्ष १५ हजार ६ सय ९३ बालक र १६ हजार ६ सय ५७ बालिका भर्ना भए। जिल्लामा दुई अपाङ्गमैत्री विद्यालय छन्। कक्षा १-८ सम्म ३ हजार ७ सय ७८ दलित बालबालिका र ९-१० कक्षामा ५ सय २६ जना दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो। द्वन्द्वपीडित परिवारका आठ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*गत वर्ष बालबालिकामाथि हुने हिंसाका घटनाबाट चारजना पीडित भएकामा सन् २०१७ मा तीनजना पीडित भए। यो वर्ष यौन दुर्व्यवहारका घटनाबाट तीन बालिका पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | ३ | ३ |

### बलात्कार, यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई २०७४ साउन ४ गते मोलुङ गाउँपालिका-५ प्राप्चाका २१ वर्षीय कृष्णबहादुर खत्रीले यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। उनको सोही दिन जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपित फरार रहे।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका दुई, खान/लाउन नदिएको छ, अर्की पत्नी ल्याएर हेला गरेका दुई र सामान्य घरायसी झगडाका दुई घटना छन्। यीमध्ये प्रहरीले ६ वटामा मिलापत्र गरायो भने एउटा कानुनी प्रक्रियामा छ।*

*गत वर्ष महिलामाथि हुने हिंसाका घटनामा २१ जना पीडित भएकामा यस वर्ष २६ जना पीडित भए। त्यसैगरी बलात्कारका घटनाबाट गत वर्ष दुईजना पीडित भएकामा यस वर्ष पाँचजना पीडित भए। त्यसैगरी बलात्कार प्रयासबाट एक र घरेलु हिंसाका कारण २० जना पीडित भए। गत वर्ष घरेलु हिंसाबाट १४ जना पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ५ | ५ |
| बलात्कार प्रयास | १ | १ |
| घरेलु हिंसा | ३० | ३० |
| जम्मा | ३६ | ३६ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१८ वर्षीया युवतीलाई २०७४ साउन १७ गते सिद्धिचरण नपा-९ का २४ वर्षीय नवराज खड्काले बलात्कार गरेको आरोपमा पीडितका आफन्तले २०७४ भदौ ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको सोही दिन रुम्जाटार अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपित फरार रहे।

## स्वास्थ्य सेवाको अवस्था

ओखलढुङ्गामा एउटा जिल्ला अस्पताल, ५४ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा तीन डक्टरको दरबन्दी रहेकामा दुईजना कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। अहेवको १ सय १३ दरबन्दी रहेकामा ९४ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २ करोड ९ लाख ३८ हजार र औषधि खर्चबापतको रकम ४५ लाख रुपियाँ छ।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
| यौन दुर्व्यवहार | १ | २ | ३ |
| जम्मा | १ | २ | ३ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | २ | | | ३ | ५ |
| बलात्कार प्रयास | १ | | | | | १ |
| घरेलु हिंसा | | १ | ११ | ५ | ३ | २० |
| जम्मा | १ | ३ | ११ | ५ | ६ | २६ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | २ |

# १.५ खोटाङ




**जम्मा जनसङ्ख्या**
**१,४७,१२५**

**महिला**
**१,०५,६४२**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**५१,३१५**

**कामका लागि बाहिरिएका**
**१७,६६२**

**अपाङ्गता भएका**
**१,१५८**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**८७.२**

**आश्रित जनसङ्ख्या**
**५२,२१४**

**खोटाङमा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ६४ जना पीडित भएकामा सन् २०१७ मा ६१ जना पीडित भए। यस वर्ष राज्यपक्षबाट एक र गैरराज्यपक्षबाट ६० जना पीडित भए।**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | १ | १ | २ |
| बाल अधिकार | | | १४ | | १४ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | ४ | ४ |
| महिला अधिकार | | | ३६ | | ३६ |
| गिरफ्तारी | १ | १ | | | |
| कुटपिट | | | | ५ | ५ |
| हत्या | | | ६ | १ | ८ |
| जम्मा | १ | १ | ४९ | ११ | ६० |

### गोली/विष्फोटक पदार्थद्वारा घाइते

रूपाकोट मझुवागढी नपा-८ मा एमालेका तर्फबाट वडाध्यक्षका उम्मेदवार ३२ वर्षीय लीला चौहानको घरमा २०७४ असार ६ गते अज्ञात समूहले बम विष्फोट गरायो। विष्फोटमा परी लीलाकी २४ वर्षीया बुहारी शकुन्तलाका दुवै गोडा डढ्नुका साथै शरीरका अन्य भागमा समेत चोट लाग्यो। उनको उपचार स्थानीय रुपक मेडिकल सेन्टरमा भयो। घरसामुन्नेको भान्छा कोठामा लीलाका दाजु टेकबहादुर, बुहारी शकुन्तला र आठ महिने भतिज किस्मत बसेर खाना खाइरहेका बेला दुईवटा सुतली बम विष्फोट भएको थियो। पहिलोपटक हानिएको बम विष्फोट नभएपछि तत्काल दोस्रो बम हानिएको चौहान परिवारले जनायो। विष्फोटबाट घरमा समेत सामान्य क्षति पुगेको छ। दोषी पहिचानका लागि पीडित

पक्षले साउन २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि प्रहरीले पत्ता लगाउन सकेन।

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ९९ जनाको छ। ७७ कैदी र २२ थुनुवा गरी ९९ जना छन्। जसमा नौ महिला छन्। आश्रित बालक तीनजना छन्। कमजोर जमीन, पटक-पटकको भूकम्प र वर्षाको पानीका कारण भवन चर्किएर ध्वजाध्वजा भएकाले कुनै पनि बेला भत्कन सक्ने जोखिम छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष देवानीतर्फ ३८ थान मुद्दा जिम्मेवारी सरेका र ६ थान नयाँ परेकामा पाँच थान फैसला भए। फौजदारी व्यक्तिवादीतर्फ ३८ जिम्मेवारी सरेका र ३० थान नयाँ परेकामा २५ थान फैसला भए। यस्तै सरकारवादी फौजदारीतर्फ ३७ थान जिम्मेवारी सरेका र २९ थान नयाँ परेकामा नौ थान फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका दुई थान देवानी मुद्दा छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय १६ प्राविमा १३ हजार ३ सय ६६ जना छात्रा र १३ हजार ७५ छात्र, ८४ निमाविमा ७ हजार ४ सय २३ छात्रा र ६ हजार ५ सय ७२ छात्र छन्। त्यसैगरी ९० वटा माविमा ४ हजार ६० जना छात्रा र ३ हजार ७ सय ७१ जना छात्र छन्। कक्षा ११ र १२ मा ७ सय ३९ जना छात्रा र ५ सय ४ जना छात्र छन्। यो वर्ष २३ हजार ७ सय ९३ बालक र २५ हजार ६ सय ३६ बालिका विद्यालय भर्ना भए। जिल्लामा २ हजार १ सय ५७ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष १ करोड ३९ लाख ९६ हजार ९ सय ६० रुपियाँ बराबरको छात्रवृत्ति वितरण गरियो। जिल्ला शिक्षा कार्यालयको यस वर्षको बजेट १९ करोड ३६ लाख २ हजार रुपियाँ छ।*

*गत वर्ष बालबालिकामाथि हुने हिंसाका घटनाबाट १० जना पीडित भएकामा सन् २०१७ मा १४ जना पीडित भए। यो वर्ष विद्यालयमा हुने शारीरिक हिंसाका कारण एक बालिका पीडित भइन्। बलात्कार घटनाबाट नौजना र यौन दुर्व्यवहार घटनाबाट तीन बालिका पीडित भए।*

#### बलात्कार, यौन दुर्व्यवहार

१२ वर्षीया बालिकालाई २०७४ साउन २८ गते हलेसी तुवाचुङ नपा-७ का ५६ वर्षीय इवे विश्वकर्माले बलात्कार गरेको आरोपमा पीडित पक्षले इलाका प्रहरी कार्यालय हलेसीमा सोही दिन उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण साउन ३१ गते जिल्ला स्वास्थ्य कार्यालयमा भयो। उजुरीकै दिन पक्राउ परेका आरोपितलाई अदालतले भदौ १९ गते पुर्पक्षका लागि थुन्ने आदेश दियो।

#### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २२ जना महिलाले प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दिए। जसमा कुटपिटका तीन, खान/लाउन नदिएको ६, विवाह दर्ता र नागरिकता नबनाएको पाँच, बहुविवाहका दुई, घरायसी झैझगडाका तीन र गालीगलौजका तीनवटा छन्। दर्ता उजुरीमध्ये तीनवटा कानुनी प्रक्रियामा छन् भने अन्य घटनामा मिलापत्र भएको प्रहरीले जनायो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ९ | ९ |
| नवजात शिशुको हत्या | १ | १ |
| विद्यालयमा शारीरिक सजाय | १ | १ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | १४ | १४ |

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| बलात्कार प्रयास | ३ | ३ |
| बहुविवाह | ८ | ८ |
| घरेलु हिंसा | १३ | १३ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | ३६ | ३६ |

*गत वर्ष महिला हिंसाका घटनामा ४८ जना पीडित भएकामा यस वर्ष २७ जना पीडित भए। बलात्कारका घटनाबाट गत वर्ष ६ जना पीडित भएकामा यस वर्ष दुईजना पीडित भए। त्यसैगरी यो वर्ष बहुविवाहका घटनामा आठजना, बलात्कार प्रयासबाट दुईजना, यौन दुर्व्यवहारका घटनामा दुईजना र घरेलु हिंसामा १३ जना पीडित भए।*

**परिवारजनबाट हत्या**

दिप्रुङ गाउँपालिका-४ बतासेकी ४५ वर्षीया मैयाँ राईलाई २०७३ चैत १० गते ५७ वर्षीय पति कैलाश राईले लाठी प्रहार गर्दा गम्भीर घाइते भएकामा उपचारका क्रममा भोलिपल्ट जिल्ला अस्पतालमा मृत्यु भयो। पीडित पक्षद्वारा मृत्यु भएकै दिन कैलाशविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइयो। अदालतले आरोपितलाई चैत ३० गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। शवको पोस्टमार्टम चैत ११ गते जिल्ला अस्पतालमा भयो।

कोपिलासगढी गाउँपालिका-१ की ५२ वर्षीया दिलकुमारी राईलाई २०७४ असार ४ गते ५५ वर्षीय पति रामकुमार राईले मादक पदार्थ सेवन गरेर कुटपिट गरी हत्या गरेको आरोपमा उनका ३३ वर्षीय छोरा जुवान राईले जिल्ला प्रहरी कार्यालयमा भोलिपल्ट उजुरी दिए। सोही दिन पक्राउ परेका आरोपितलाई अदालतले असार २८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। शवको पोस्टमार्टम असार ५ गते जिल्ला अस्पतालमा भयो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

५० वर्षीया महिलालाई २०७३ फागुन ९ गते साकेला गाउँपालिका-२ का ५१ वर्षीय टीकाराम दमाईंले बलात्कार गरेको आरोपमा फागुन १२ गते पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन १२ गते नै जिल्ला अस्पताल, खोटाङमा भयो। फागुन १५ गते पक्राउ परेका आरोपितलाई अदालतले चैत २ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएकामा २०७४ भदौ ८ गते १० वर्ष कैद र १ लाख रुपियाँ जरिवानाको आदेश सुनायो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संरचना तथा सम्पत्ति क्षति**

रूपाकोट मझुवागढी नपा-१२ स्थित

*आगलागीबाट क्षतिग्रस्त विद्यालय भवन*

ज्योति माविमा २०७४ जेठ १५ गते मध्यरातमा अज्ञात समूहले आगजनी गऱ्यो। आगजनीबाट विद्यालयको नौवटा कोठा, कार्यालय, कागजपत्र, पुस्तकालय, फर्निचरलगायत सामग्री पूर्णरूपमा जले। जिल्लाकै नमुना मानिएको विद्यालयमा आगजनी हुँदा २ करोड ५० हजार भन्दा बढीको क्षति भएको प्रहरीले जनायो। पेट्रोल छर्केर आगजनी गरेको अनुमान जिल्ला शिक्षा कार्यालयको रहयो। तर, दोषी पत्ता लागेन।

**स्वास्थ्य सेवाको अवस्था**

खोटाङमा एउटा अस्पताल, ७१ स्वास्थ्य चौकी, दुई उपस्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, एक जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र दुई आयुर्वेद औषधालय छन्। यस जिल्लामा चार डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। त्यसैगरी ७६ हेल्थ असिस्टेन्टको दरबन्दी रहेकामा ५८ जना कार्यरत छन् भने जनस्वास्थ्य अधिकृतको एक दरबन्दी रहेकामा कार्यरत छन्। त्यसैगरी ६ स्टाफ नर्सको दरबन्दीमध्ये पाँच, ल्याब असिस्टेन्टको तीन दरबन्दीमध्ये दुई, अहेवको १ सय ५४ दरबन्दीमध्ये १ सय २१ र अनमीको १ सय ५३ दरबन्दीमध्ये १ सय ४३ जना कार्यरत छन्। दुई सहरी स्वास्थ्य केन्द्रमा दुई अहेव र दुई अनमी कार्यरत छन्। जिल्लाभर २ सय २८ गाउँघर क्लिनिक छन् भने ८ सय ९८ स्वास्थ्य स्वयम्सेविका छन्। जिल्ला स्वास्थ्य कार्यालयको यस आर्थिक वर्षको बजेट ३ करोड ६६ लाख ३२ हजार ४ सय रुपियाँ छ। जसमा औषधि खर्च ४ लाख रुपियाँ रहेको छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | | १ | ७ | ९ |
| नवजात शिशुको हत्या | | | | १ | १ |
| विद्यालयमा शारीरिक सजाय | | १ | | | १ |
| यौन दुर्व्यवहार | १ | १ | | १ | ३ |
| जम्मा | २ | २ | १ | ९ | १४ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | १ | | | १ | २ |
| बलात्कार प्रयास | | | | | २ | २ |
| बहुविवाह | ३ | | | | ५ | ८ |
| घरेलु हिंसा | | | ८ | १ | ४ | १३ |
| यौन दुर्व्यवहार | | | | | २ | २ |
| जम्मा | ३ | १ | ८ | १ | १४ | २७ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | १ | ५ | ८ |

# १.६ भोजपुर




**जम्मा जनसङ्ख्या**
**१,७४,८५०**

**महिला**
**५३,०७८**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**४४,२६८**

**कामका लागि बाहिरिएका**
**१२,१५८**

**अपाङ्गता भएका**
**४,६१८**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६५.५**

**आश्रित जनसङ्ख्या**
**७७,१६५**

**भोजपुरमा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ४१ जना पीडित भएकामा सन् २०१७ मा ५४ जना पीडित भए। यस वर्ष राज्यपक्षबाट दुई र गैरराज्यपक्षबाट ५२ जना पीडित भए।**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | | ४ | ४ |
| बाल अधिकार | | | | ८ | | ८ |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | | १ | १ |
| महिला अधिकार | | | | ११ | | ११ |
| जातीय विभेद | | | | १ | | १ |
| गिरफ्तारी | १ | १ | २ | | | |
| कुटपिट | | | | १ | ८ | ९ |
| धम्की | | | | १ | | १ |
| हत्या | | | | २ | ३ | ५ |
| जम्मा | १ | १ | २ | ३५ | १७ | ५२ |

## विष्फोटक पदार्थद्वारा घाइते

### गैरराज्यपक्षबाट

युवा सङ्घ नेपाल भोजपुरका सचिवालय सदस्य तथा ट्याम्केमैयुम गाउँपालिका-७ कोटगाउँ निवासी एमाले पार्टी सचिव ३३ वर्षीय विक्रम राई २०७४ मङ्सिर २ गते षडानन्द नपा-१३ भिरथप्लामा अज्ञात समूहले राखेको बम पड्कँदा गम्भीर घाइते भए। टाउकोमा चोट लागेका राईको उपचार मङ्सिर ३ गते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भयो। प्रहरीले घटनाको अनुसन्धान भइरहेको बतायो।

### धम्की/कुटपिट

#### गैरराज्यपक्षबाट

नेकपा एमालेका वैकल्पिक पोलिटब्युरो सदस्य पूर्व सूचना तथा सञ्चार मन्त्री भोजपुर प्रदेश नं. ख का उम्मेदवार शेरधन राई चढेको गाडीमा २०७४ कात्तिक २७ गते अज्ञात समूहले ट्याम्केमैयुम गाउँपालिका-६ कोटको सिक्तेल खोलामा बम र गोली प्रहार गऱ्यो। जसबाट बा १५ ज ५६०८ नम्बरको ल्यान्डरोवर गाडी क्षतिग्रस्त भयो भने सुरक्षा गार्ड असई डिल्ली देवकोटाको दाहिने हातमा गोली लाग्यो। बम प्रहारपछि उम्मेदवारलाई लक्षित गरी २१ राउन्ड गोलीसमेत प्रहार भएको थियो। घटनामा संलग्नलाई कुनै कारबाही भएन।

अरुण गाउँपालिका-१ याङपाङका वडा अध्यक्ष ४५ वर्षीय नगेन्द्र खत्रीलाई २०७४ पुस ५ गते नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताले कुटपिट गरे। खत्रीलाई कार्यकक्ष जाँदै गरेको बेला पाँचजनाले मुख थुनेर कुटेका थिए। टाउको र खुट्टामा चोट लागेका उनको उपचार पुस ७ गते शिक्षण अस्पताल काठमाडौँमा भयो। पीडित पक्षले पुस ६ गते नै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि कसैलाई कारबाही भएन।

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर, ७९ जना कैदी र १७ जना थुनुवा गरी ९६ जना छन्। जसमा ६ महिला छन्। भूकम्पले जीर्ण बनेको यो कारागार क्षमताभन्दा बढी कैदीबन्दीका कारण समस्यामा परेको छ। पुरुष कैदी भुइँ, भान्सा कोठा र त्रिपालमुनि सुत्ने गरेका छन्।

जिल्ला कारागारमा एकजना अहेवको दरबन्दी रहे पनि खाली छ। त्यसैले सामान्य स्वास्थ्य समस्या आउँदा पनि जिल्ला अस्पताल लानुपर्ने बाध्यता जेलर खगेन्द्र अधिकारीले सुनाए।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा जिल्ला अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ४६ र दुनियावादी फौजदारीतर्फ २२, सरकारवादी फौजदारीतर्फ २२ गरी ९० थान छन्। २ वर्षभन्दा पुराना कुनै मुद्दा छैनन्। यस वर्ष देवानी मुद्दातर्फ १२, दुनियावादी फौजदारी १८ र सरकारवादी फौजदारीतर्फ २८ गरी ५८ मुद्दा फैसला भए।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा सामुदायिकतर्फ २ सय ६४ प्रावि, ५६ आधारभूत (साविकको निमावि), ३९ मावि र २७ उमावि छन्। जिल्लामा १२ सय ४३ प्राथमिक, २ सय ९३ निमावि, २ सय २७ माध्यमिक र ५४ उच्च माध्यमिक शिक्षक दरबन्दी छ। यस वर्ष २१ हजार ४ सय ८१ बालक र २१ हजार ६ सय ११ बालिका भर्ना भए। जिल्लामा ५७ अपाङ्गमैत्री विद्यालय छन्। १६ हजार १ सय ७४ छात्रा, ४ सय ६५ दलित र २ सय ८८ अपाङ्गता छात्रवृत्ति (आधारभूततर्फ) प्रदान गरियो। साथै ९ सय छात्र/छात्रा, ४ सय ८६ दलित र ३० अपाङ्गता छात्रवृत्ति माध्यमिक तहका बालबालिकालाई वितरण गरियो।*

*गत वर्ष बालबालिकामाथि भएका हिंसाका घटनामा सात जना पीडित भएकोमा यो वर्ष यस्ता घटनामा आठ बालिका पीडित भए। जसमध्ये सातजना बलात्कारका घटनाबाट पीडित भए भने एक नवजात शिशुको हत्या भयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ७ | ७ |
| नवजात शिशुको हत्या | १ | १ |
| जम्मा | ८ | ८ |

#### बलात्कार, यौन दुर्व्यवहार

१० वर्षीया बालिकालाई २०७३ फागुन १ गते भोजपुर नपा-७ का ४५ वर्षीय पूर्णबहादुर कार्की र सोही नपा-८ का २५ वर्षीय देवबहादुर गजमेरले बलात्कार गरेको आरोपमा पीडित पक्षले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण फागुन २ गते जिल्ला अस्पतालमा भयो। पीडित पक्षको उजुरीपछि आरोपित दुवैजनालाई प्रहरीले फागुन २ गते पक्राउ गऱ्यो। आरोपितद्वयलाई अदालतले २०७४ जेठ १९ गते चार/चार वर्ष कैद सजाय सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ६० महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएका ५० खान/लाउन नदिएको पाँच, विवाह दर्ता र नागरिकता*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| बहुविवाह | ४ | ४ |
| घरेलु हिंसा | १३ | १३ |
| यौन दुर्व्यवहार | ४ | ४ |
| जम्मा | ३३ | ३३ |

*नबनाएको १८, अर्की पत्नी ल्याएर हेला गरेको २३ र सामान्य घरायसी झगडाका ६४ घटना छन्। यीमध्ये प्रहरीले ९५ वटामा मिलापत्र गरायो भने ४३ उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ भने २२ जना सम्पर्कमा आएनन्।*

*गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा २७ जना पीडित भएकामा यो वर्ष त्यस्ता घटनाबाट २२ जना पीडित भए। गत वर्ष घरेलु हिंसामा ११ जना पीडित भएकामा यस वर्ष १२ जना पीडित भए। त्यसैगरी बलात्कारका घटनाबाट गत वर्ष ११ जना पीडित भएकामा यस वर्ष दुईजना पीडित भए। यो वर्ष बहुविवाहका कारण चारजना र यौन दुर्व्यवहारबाट चारजना महिला पीडित भए।*

**परिवारजनबाट हत्या**

भोजपुर नपा-१ आम्तेककी ३२ वर्षीया मुना मोक्तानलाई २०७३ चैत २० गते पति ३८ वर्षीय हर्क मोक्तानले खुर्पा प्रहार गरी हत्या गरेको आरोपमा पीडितका आफन्तले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम चैत २२ गते जिल्ला अस्पतालमा भयो। मादक पदार्थ सेवन गरेका पतिले राति १२ बजे विवाद हुँदा खुर्पा प्रहार गरेका थिए। भाग्दै गरेका बेला धनकुटाबाट पक्राउ परेका हर्कलाई अदालतले २०७४ असार ३ गते १० वर्ष कैद सजायको आदेश दियो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

६२ वर्षीया महिलालाई २०७३ चैत २८ गते भोजपुर नपा-९ टक्सारका ५२ वर्षीय बद्रीनाथ श्रेष्ठले बलात्कार गरेको आरोपमा पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको जिल्ला अस्पतालमा चैत २८ गते स्वास्थ्य परीक्षण भयो। घटना भएकै दिन पक्राउ परेका आरोपितलाई अदालतले २०७४ वैशाख ३ गते ५ वर्ष कैद र पीडितलाई ३५ हजार रुपियाँ पीडकपक्षबाट भराइदिने आदेश सुनायो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

दरबन्दीअनुसारका कर्मचारी नहुँदा स्थानीय तहबाट पाउने सेवा लिनबाट सर्वसाधारण वञ्चित भए। दुई नपा र सात गाउँपालिकामध्ये धेरैमा कर्मचारी अभाव र भएका पनि धमाधम सरुवा भएपछि जनताले सेवा पाउन समस्या झेल्नुपऱ्यो। यसबाट सामाजिक सुरक्षा भत्ता पाउन ढिलाइ भयो भने सिफारिससमेत प्रभावित बन्न पुग्यो। यस्तो भत्ता दशैँमा समेत नपाउँदा चाडपर्व नै प्रभावित बन्यो। जिल्लाभर २५ हजारको सङ्ख्यामा रहेका लक्षित वर्गका लागि ८ करोड ४९ लाख ६० हजार ८ सय रुपियाँ सामाजिक सुरक्षा भत्ता वितरण हुने गर्छ।

## स्वास्थ्य सेवाको अवस्था

भोजपुर जिल्लामा एउटा जिल्ला अस्पताल, ६० स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा पाँच डक्टरको दरबन्दी रहेकामा पाँच जनामात्रै कार्यरत छन्। एक प्रसुति सेवा दिने डक्टरको दरबन्दी भएपनि ५ महिनादेखि रिक्त रहेको छ। अहेवको एक सय २९ दरबन्दी रहेकामा ६४ जना कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट १२ करोड ८७ हजार ४ सय ३२ र औषधि खर्चबापतको रकम १५ लाख रुपियाँ छ। यस वर्ष समयमा औषधिको टेन्डर हुन नसक्दा जिल्लाका स्वास्थ्य संस्थाहरूमा अत्यावश्यक औषधि अभाव भएको जिल्ला जनस्वास्थ्य कार्यालयले जनायो।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | ४ | ७ |
| नवजात शिशुको हत्या | १ | | १ |
| जम्मा | ४ | ४ | ८ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | | १ | २ |
| बहुविवाह | २ | | २ | ४ |
| घरेलु हिंसा | | ११ | १ | १२ |
| यौन दुर्व्यवहार | | ३ | १ | ४ |
| जम्मा | ३ | १४ | ५ | २२ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | ३ | १ | ५ |

# १.७ धनकुटा




**जम्मा जनसङ्ख्या**
**१,६२,३००**

**महिला**
**८७,८१७**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**२५,६७७**

**कामका लागि बाहिरिएका**
**१४,४१५**

**अपाङ्गता भएका**
**४।८८१**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५५**

**आश्रित जनसङ्ख्या**
**६५,५०५**

**धनकुटामा गत वर्ष राज्यपक्षबाट भएका घटनामा दुई पुरुष पीडित भएकामा सन् २०१७ मा यस्ता घटना भएनन्। गत वर्ष गैरराज्यपक्षबाट ४४ जना महिला र दुईजना पुरुष गरी ४६ जना पीडित भएकामा यो वर्ष ३५ महिला र दुई पुरुष गरी ३७ जना पीडित भए।**

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ४० जनाको छ। तर, ४९ कैदी र पाँच थुनुवा गरी ५४ जना छन्। जसमा पाँचजना महिला छन्। आश्रित बालक एकजना छन्। क्षमताभन्दा बढी कैदी/बन्दी भएकाले बस्नै समस्या भएको चौकीदार देवराज अधिकारीले बताए। जिल्ला अदालतको पुरानो भवनमा रहेको कारागार पटक-पटकको भूकम्पका कारण जीर्ण छ। महिला कैदी/बन्दीका लागि भने छुटै भवन छ। ठाउँ साँघुरो भएका कारण आयआर्जनका लागि सिपमूलक काम गर्न समस्या भएको जेलर जानुका न्यौपानेले बताइन्।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा जिल्ला र उच्च अदालत विराटनगर धनकुटा इजलास गरी दुई अदालत छन्। जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी रहेकामा कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ९० र फौजदारीतर्फ ७५ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा भने छैनन्। यसैगरी चार न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत विराटनगर धनकुटा इजलासमा चार जना नै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | १ | | १ |
| महिला अधिकार | ३४ | | ३४ |
| हत्या | | १ | १ |
| जम्मा | ३५ | १ | ३६ |

१४ र फौजदारीतर्फ ४४ थान छन्। दुई वर्ष पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा १ सय ८७ प्रावि, ३७ निमावि, ३४ मावि र ३९ उमावि छन्। १ हजार २ सय २९ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष १५ हजार २ सय ७९ बालक र १६ हजार ९ सय ६६ बालिका भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्। जिल्लाका सबै विद्यालय शौचालय सुविधायुक्त र बालमैत्री रहेका जिल्ला शिक्षा अधिकारी रामबहादुर थापाले बताए। दलित छात्रवृत्ति यस वर्ष वितरण गरिएन। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ९० करोड ४१ लाख ३६ हजार ४ सय ७७ रुपियाँ र प्रशासनिक खर्च १ करोड १६ लाख २६ हजार रुपियाँ छ।*

*सन् २०१७ मा जिल्लामा एक बालिका बलात्कारको घटनमा पीडित भइन्। अघिल्लो वर्ष पनि एक बालिका बलात्कारको घटनामा पीडित भएकी थिइन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

### बलात्कार, यौन दुर्व्यवहार

१२ वर्षीया बालिकालाई २०७४ साउन ८ गते बलात्कार गरेको आरोपमा महालक्ष्मी नपा-५ का २४ वर्षीय उमेश रस्तेलविरुद्ध पीडितका आफन्तले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा साउन ९ गते गरियो। उजुरीकै दिन पक्राउ परेका आरोपितलाई अदालतले २०७४ कात्तिक २८ गते आठ वर्ष कैद सजायको आदेश सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ५६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका २२, खान/लाउन नदिएको दुई र सामान्य घरायसी झगडाका ३२ घटना छन्। यीमध्ये प्रहरीले ३० वटामा मिलापत्र गरायो भने दुई उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ।*

*सन् २०१६ मा घरेलु हिंसामा ४० जना पीडित भएकामा यस वर्ष ३१ जना पीडित भए। बलात्कारका घटनाबाट गत वर्ष एकजना पीडित भएकामा यस वर्ष पनि एकजना नै पीडित भए। त्यसैगरी बहुविवाहको घटनाबाट गत वर्ष एकजना पीडित भएकामा यस वर्ष दुईजना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | ३१ | ३१ |
| जम्मा | ३४ | ३४ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

६७ वर्षीया महिलालाई २०७४ साउन २ गते बलात्कार गरेको आरोपमा शहीद भूमि गाउँपालिका-२ का २९ वर्षीय झलकमान राईविरुद्ध पीडितका आफन्तले साउन १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा साउन १२ गते भयो। आरोपितको धम्कीका कारण घटना बाहिर नआएको भए पनि स्थानीय महिलाको प्रयासमा साउन १० गतेमात्र घटना सार्वजनिक भएको थियो। आरोपित फरार रहे।

## स्वास्थ्य सेवाको अवस्था

यो जिल्लामा एउटा जिल्ला अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ३५ स्वास्थ्य चौकी छन्। जिल्लामा पाँच डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। स्टाफ नर्सको ६ र ल्याब असिस्टेन्टको सात दरबन्दीमध्ये सबै कार्यरत छन्। अहेवको ७८ दरबन्दी रहेकामा सबै कार्यरत छन्। अनमीको ७८ दरबन्दी रहेकामा ६७ कार्यरत छन्। खोप सुपरभाइजर एक दरबन्दी रहेकामा कार्यरत छन्। त्यस्तै क्षयरोग/कुष्ठरोग सुपरभाइजर एक दरबन्दी रहेकामा कार्यरत छन्। हेल्थ असिस्टेन्ट ३८ दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक

बजेट १४ करोड ९४ लाख २० हजार ७ सय २८ रुपियाँ र औषधि खर्चबापतको रकम ६१ लाख ११ हजार रुपियाँ तथा प्रशासनिक खर्च ८ करोड ८५ लाख ३५ हजार २ सय ७८ रुपियाँ छ।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | | | १ | १ |
| बहुविवाह | | | | | ३ | ३ |
| घरेलु हिंसा | १ | ५ | ३३ | १ | १ | ३१ |
| जम्मा | १ | ५ | ३३ | १ | ४ | ३४ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | ३ |

# १.८ तेह्रथुम




**जम्मा जनसङ्ख्या**
**५७,३५०**

**महिला**
**५२,५५३**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१४,६७७**

**कामका लागि बाहिरिएका**
**७,५५१**

**अपाङ्गता भएका**
**२,६२६**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६८.३**

**आश्रित जनसङ्ख्या**
**४१,०७५**

**तेह्रथुममा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १७ जना पीडित भएकामा सन् २०१७ मा १६ जना पीडित भए। जसमा राज्यपक्षबाट भएका घटनामा दुईजना पीडित भए।**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | | ७ | | ७ |
| महिला अधिकार | | | | ४ | | ४ |
| कुटपिट | १ | १ | २ | | २ | २ |
| धम्की | | | | | १ | १ |
| जम्मा | १ | १ | २ | ११ | ३ | १४ |

## धम्की/कुटपिट

### राज्यपक्षबाट

आठराई गाउँपालिका-२ का ५५ वर्षीय सन्तबहादुर कार्की र १८ वर्षीया दीपा तामाङ २०७३ चैत १६ गते इलाका प्रहरी कार्यालय सङ्क्रान्तिका प्रहरीको लठ्ठी प्रहारबाट घाइते भए। आठराई गाउँपालिका-३ की २६ वर्षीया सरिता तामाङको मृत्युको घटनाको निष्पक्ष छानबिन गर्नुपर्ने माग गर्दै प्रहरी कार्यालय पुगेको समूहलाई प्रहरीले लठ्ठी प्रहार गरेको थियो। घाइतेहरूको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। चैत १८ गते बसेको सर्वदलीय छलफलमा इन्स्पेक्टर डम्बर पुरीले घटनाको निष्पक्ष छानबिन गर्न सहमति जनाएपछि मिलापत्र भएको थियो। तर, छानबिन समिति भने बनेन।

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ३५ जनाको छ। तर, १८ कैदी ७० थुनुवा र दुई आश्रित नाबालक गरी ९० जना छन्। जसमा सातजना महिला छन्। क्षमताभन्दा झण्डै तीन गुणा बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। २०२८ सालमा बनेको यो कारागार भवन जीर्ण छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा एकजना न्यायाधीशसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ४७ र फौजदारीतर्फ ४० थान छन्। दुई वर्षभन्दा पुराना चार थान मुद्दा बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा आधारभूत विद्यालय १ सय ८२, माबि ४६ र क्याम्पस दुईवटा छन्। १ हजार ३ सय ३७ शिक्षक दरबन्दी रहेकामा ४२ दरबन्दी रिक्त छ। यस वर्ष १३ हजार ४ सय ११ बालक र २५ हजार ५ सय ४४ बालिका भर्ना भए। जिल्लामा अहिलेसम्म अपाङ्गमैत्री विद्यालय छैनन्। १ हजार ९० दलित बालक र १ हजार ७ सय दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका चार जनालाई पनि छात्रवृत्ति दिइयो।*

*गत वर्ष बालबालिकामाथि हुने हिंसाका घटनाबाट तीनजना पीडित भएकामा सन् २०१७ मा सातजना पीडित भए। गत वर्ष बलात्कार घटनाबाट तीनजना पीडित भएकामा यो वर्ष सातजना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ७ | ७ |
| जम्मा | ७ | ७ |

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३४ जना महिलाले प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। दर्ता उजुरीमध्ये बहुविवाहको एउटा घटना कानुनी प्रकृयामा रहेको छ भने अन्य सबै घटनामा मिलापत्र भएको प्रहरीले जनायो।*

*यो वर्ष महिला हिंसाका विभिन्न घटनामा चार महिला पीडित भए। गत वर्ष यो सङ्ख्या ११ थियो। गत वर्ष बलात्कारबाट तीन र घरेलु हिंसाका कारण पाँच महिला पीडित भएकामा यो वर्ष घरेलु हिंसाका दुई र बहुविवाहका कारण दुईजना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बहुविवाह | २ | २ |
| घरेलु हिंसा | ३ | ३ |
| जम्मा | ४ | ४ |

## स्वास्थ्य सेवाको अवस्था

तेह्रथुममा एउटा जिल्ला अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र २९ स्वास्थ्य चौकी छन्। जिल्लामा चार डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। अहेवको ६६ दरबन्दी रहेकामा ३८ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ११ करोड २८ लाख र औषधि खर्चबापतको रकम २३ लाख रुपियाँ छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ७ | ७ |
| जम्मा | ७ | ७ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बहुविवाह | १ | १ | २ |
| घरेलु हिंसा | ३ | | ३ |
| जम्मा | ३ | १ | ४ |

# १.९ पाँचथर




**जम्मा जनसङ्ख्या**
**१,८७,५५२**

**महिला**
**१,०१,०८३**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**२१,७२४**

**कामका लागि बाहिरिएका**
**१७,८४२**

**अपाङ्गता भएका**
**५,०४५**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७२**

**आश्रित जनसङ्ख्या**
**७५,३१७**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | १ | १ | २ |
| बाल अधिकार | | | ९ | २ | ११ |
| महिला अधिकार | | | १० | | १० |
| गिरफ्तारी | ४ | ४ | | | |
| हत्या | | | १ | | १ |
| जम्मा | ४ | ४ | २१ | ३ | २४ |

**पाँचथरमा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ३१ जना पीडित भएकामा सन् २०१७ मा २८ जना पीडित भए। यो वर्ष राज्यपक्षबाट चार जना पीडित भए।**

### गोली/विष्फोटक पदार्थद्वारा घाइते
#### गैरराज्यपक्षबाट

हिलिहाङ गाउँपालिका-७ स्थित जङ्गलको ओडारमा २०७४ वैशाख ४ गते विष्फोटक पदार्थ विष्फोट हुँदा स्थानीय १५ वर्षीय लक्ष्मी राई र १७ वर्षीय सुजन राई घाइते भए। बाख्रा चराउन गएका बेला ओडारमा आगो बालेपछि विष्फोट हुँदा उनीहरू घाइते भएका हुन्। पेट र खुट्टामा चोट लागेका घाइतेद्वयको प्रारम्भिक उपचार जिल्ला अस्पतालमा भयो। पछि झापाको विर्तामोडस्थित बी एन्ड सी हस्पिटलमा उपचार भयो। घटनास्थलमा टिनका टुक्रा फेला परेकाले द्वन्द्वकालमा छाडिएको बम विष्फोट भएको अनुमान गरिएको डिएसपी नकुल पोखरेलले बताए।

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २० पुरुष र पाँच महिला गरी २५ जनाको छ। जहाँ थुनुवा २६ र कैदी ९३ जना गरी जम्मा १ सय १९ जना छन्। यसमध्ये महिला १४ जना छन्। यसै गरी यस कारागारमा एक बालक र एक बालिका गरी दुईजना आश्रित पनि छन्। एउटा कच्ची भवनको नौ कोठामध्ये चारवटा महिलाले र पाँचवटा पुरुषले प्रयोग गर्ने गरेका छन्। जुन भवन जीर्ण छ। कारागारमा पत्रपत्रिका, रेडियो, टेलिभिजन, पुस्तकालय र भलिबल, ब्याडमिन्टन, क्यारेमबोर्ड, बुद्धिचाल, लुँडो जस्ता खेलकुदका सामग्री उपलब्ध छन्।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

निर्वाचन विरोधी गतिविधिमा संलग्न रहेको आरोपमा २०७४ जेठ २ गते नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्ता फाल्गुनन्द गाउँपालिका-२ का ४४ वर्षीय गोपालप्रसाद आचार्य, ५ का २६ वर्षीय वीरेन्द्र मगराती, इलामको फाकफोकथोम गाउँपालिका-७ का ३९ वर्षीय अभिषेक भनिने शेरबहादुर लिम्बू र ताप्लेजुङको सिदिङ्वा गाउँपालिका-४ का ३२ वर्षीय सक्कल भनिने सागर लिम्बूलाई प्रहरीले फिदिम बजारबाट पक्राउ गऱ्यो। आरोपितहरूविरुद्ध केही सार्वजनिक ऐनअन्तर्गत मुद्दा दायर गरिएकामा जिल्ला प्रशासन कार्यालयले जेठ २८ गते जनही दुई हजार रुपियाँ धरौटीमा छाड्ने आदेश दियो। उनीहरूलाई सोही आरोपमा पुन: जेठ २९ गते प्रहरीले पक्राउ गरेकामा असार १८ गते जनही १ सय रुपियाँ धरौटी बुझाइ छुटेका छन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यो वर्ष देवानीतर्फ १ सय ८३ र फौजदारीतर्फ १ सय ७७ थान मुद्दा फैसला हुन बाँकी छन्। दुई वर्ष नाघेका मुद्दा यस अदालतमा छैनन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ५२ आधारभूत र ८९ मावि छन्। शिक्षक दरबन्दी १ हजार ८ सय ६१ रहेकामा सबै कार्यरत छन्। यो शैक्षिक सत्रमा २ हजार ५ सय ९६ छात्र र २ हजार ५ सय ५८ छात्रा निजी तथा सामुदायिक विद्यालयमा भर्ना भए। जिल्ला शिक्षा कार्यालयले यस वर्ष १ हजार ४ सय १ दलित छात्र र १ हजार ६ सय ४८ दलित छात्रालाई १२ लाख १९ हजार ६ सय रुपियाँ छात्रवृत्ति प्रदान गऱ्यो। यसैगरी ६७ जना द्वन्द्वपीडित छात्र/छात्रालाई छात्रवृत्ति वितरण गर्न ८ लाख ४० हजार रुपियाँ विनियोजन भएको शिक्षा कार्यालयले जनाएको छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | ८ | | ८ |
| नवजात शिशुको हत्या | | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ | २ |
| जम्मा | ९ | २ | ११ |

*यो वर्ष बाल अधिकार उल्लङ्घनका विभिन्न घटनामा नौजना बालिका र दुईजना बालक पीडित भए। बलात्कार घटनामा आठ र यौन दुर्व्यवहार घटनामा एक बालिका तथा एक बालक पीडित भए। गत वर्ष त्यस्ता घटनामा १० जना पीडित भएका थिए।*

#### बलात्कार, यौन दुर्व्यवहार

पाँच वर्षीया बालिकालाई २०७३ माघ १८ गते बलात्कार गरेको आरोपमा आफन्तले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि प्रहरीले आरोपित १२ वर्षीय बालकलाई माघ २५ गते पक्राउ गऱ्यो। पीडितको माघ २५ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण तथा उपचार भयो। अदालतले माघ २६ गते आरोपितलाई अभिभावकको जिम्मा लगाउन आदेश दिएकामा २०७३ चैत १५ गते एक महिना कैद सजायको आदेश सुनायो। तर नाबालक भएकाले कैद स्थगन गरी अभिभावको जिम्मा लगाइएको छ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यस वर्ष घरेलु हिंसापीडित भन्दै ५४ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दिए। जसमा खान/लाउन नदिएको १०, कुटपिट तथा घर निकाला गरेको १५, विवाह दर्ता वा नागरिकता नबनाइदिएका आठ, अर्की पत्नी ल्याएर हेला गरेको तीन, मार्ने धम्की दिएको तीन र सामान्य झगडा वा विवाद भएका १५ घटना थिए। यसमध्ये ४२ वटामा मेलमिलाप गराइएको, तीनवटा कानुनी प्रक्रियामा पठाइएको र नौवटा बाँकी रहेको सेवा केन्द्रले जनायो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बोक्सीको आरोप | १ | १ |
| बलात्कार | १ | १ |
| बहुविवाह | ६ | ६ |
| घरेलु हिंसा | १ | १ |
| जम्मा | १० | १० |

*गत वर्ष महिला अधिकारका विभिन्न घटनामा १५ जना पीडित भएकामा यस वर्ष १० जना पीडित भए। गत वर्ष बलात्कार घटनाबाट ६ जना र बलात्कार प्रयासका घटनाबाट चार महिला पीडित भएकामा यो वर्ष*

*बलात्कार घटनाबाट एक महिला पीडित भइन्। त्यसैगरी परिवारजनबाट एकजनाको हत्या भयो भने बोक्सीको आरोपमा भएको दुर्व्यवहारबाट एकजना र बहुविवाहका कारण सातजना पीडित भए।*

**परिवारजनबाट हत्या**

फाल्गुनन्द गाउँपालिका-४ की ५२ वर्षीया यशोदा राईलाई २०७४ असार २९ गते हत्या गरेको आरोपमा पति बन्चरे भनिने नेत्रबहादुर चेम्जोङविरुद्ध पीडितका आफन्तले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम असार ३० गते जिल्ला अस्पतालमा भयो। उजुरी दिएकै दिन पक्राउ परेका आरोपितलाई अदालतले साउन १० गते पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो।

**बोक्सीको आरोपमा अमानवीय व्यवहार**

तुम्बेवा गाउँपालिका-३ की ४५ वर्षीया फूलकुमारी माझ्लाकलाई २०७४ कात्तिक २ गते बोक्सी लागेको भन्दै सोही ठाउँकी दीपा भनिने दिव्याकुमारी माझ्लाकले झारफुक गर्ने बहानामा पन्यू तताएर डामेको आरोपमा पीडितले सोही दिन प्रहरीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण तथा उपचार कात्तिक ६ गते जिल्ला अस्पतालमा भयो। ७ गते पक्राउ परेकी आरोपितलाई अदालतले कात्तिक २० गते ५५ हजार रुपियाँ धरौटी बुझाउन आदेश दिएपछि बुझाएर छुटेका छन्।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एक अस्पताल, ४२ स्वास्थ्य चौकी, ११ सामुदायिक स्वास्थ्य एकाइ र दुईवटा सहरी स्वास्थ्य केन्द्र सञ्चालनमा छन्। मेडिकल अधिकृतको दरबन्दी पाँच रहे पनि करारसहित ११ डक्टर कार्यरत छन्। जिल्लामा स्त्रीरोग विशेषज्ञ छैनन्। ६ जना स्टाफ नर्सको दरबन्दी भएकामा चार जना कार्यरत छन्। यसैगरी ८८ दरबन्दी रहेको अहेव पदमा ५३ जना कार्यरत छन् भने अनमीको दरबन्दी ८९ रहेकामा ८१ जना कार्यरत छन्। हेल्थ असिस्टेन्ट पदमा दरबन्दीअनुसार ४५ जना नै कार्यरत छन्। यसैगरी दरबन्दीअनुसार खोप सुपरभाइजर र क्षयरोग तथा कुष्ठरोग सुपरभाइजर एक-एक जना कार्यरत छन्।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ४ | ४ | ८ |
| नवजात शिशुको हत्या | | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ | ३ |
| जम्मा | ५ | ६ | ११ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बोक्सीको आरोप | | १ | १ |
| बलात्कार | | १ | १ |
| बहुविवाह | ३ | ४ | ७ |
| घरेलु हिंसा | | १ | १ |
| जम्मा | ३ | ७ | १० |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

# १.१० इलाम




**जम्मा जनसङ्ख्या**
**२,५३,३८८**

**महिला**
**१,५२,७८१**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**२**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**४**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**२१,००५**

**कामका लागि बाहिरिएका**
**६,६५७**

**अपाङ्गता भएका**
**७,६३६**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५७**

**आश्रित जनसङ्ख्या**
**१,०७,३२४**

**इलाममा गत वर्ष राज्यपक्षबाट एकजना महिला पीडित भएकामा सन् २०१७ मा चार जना महिलासहित १५ जना पीडित भए। गत वर्ष गैरराज्यपक्षबाट विभिन्न घटनामा ५७ जना पीडित भएकामा यो वर्ष ३५ जना पीडित भए। यो वर्ष केही निर्वाचन विरोधी गतिविधि भए।**

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय २५ जनाको छ। तर १ सय ९८ कैदी र ५४ थुनुवा गरी २ सय ५२ जना छन्। जसमा १८ महिला छन्। ६५ वर्षमाथिका ६ जना पुरुष छन्। क्षमताभन्दा निकै बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। यो कारागारको २०६९ सालमा बनेको एक भवन नयाँ छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी रहेकामा कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय ५१ र फौजदारीतर्फ १ सय ८३ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्। यसैगरी ६ न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय ८० र फौजदारीतर्फ २ सय ९८ थान छन्। दुई वर्ष पुराना मुद्दा सातवटा छन्। प्रतिन्यायाधीश मुद्दा ७९ दशमलव ६८ प्रतिशत छ।

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | | १८ | | १८ |
| महिला अधिकार | | | | १७ | | १७ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | | | | १ | १ |
| गिरफ्तारी | ४ | १५ | १९ | | | |
| कुटपिट | | | | | १ | १ |
| हत्या | | | | | ३ | ३ |
| जम्मा | ४ | १५ | १९ | ३५ | ४ | ३९ |

## बाल अधिकार

### शिक्षाको अवस्था

*इलाममा ३ सय ३० आधारभूत विद्यालय र ८९ माबि छन्। आधारभूत तहमा १ हजार ६ सय ४९ शिक्षक दरबन्दी र ३ सय ५७ राहत दरबन्दी छ। आधारभूततर्फ १ सय ७ दरबन्दी रिक्त छ। माबितर्फ १ सय ७७ शिक्षकको स्थायी दरबन्दी र १ सय २ राहत दरबन्दी छ। जसमध्ये १४ दरबन्दी रिक्त छ। आधारभूत तहको कक्षा १-५ मा यो वर्ष ९ हजार २ सय ८६ बालिका र ९ हजार २ सय ६९ बालक भर्ना भए। जेहेन्दार र सीमान्तकृत गरी माबितर्फ ८ सय २९ छात्रछात्रा र आधारभूततर्फ ५ सय १२ जनालाई छात्रवृत्ति दिइयो। यो वर्ष दलित र द्वन्द्वपीडित बालबालिकाका लागि भने स्थानीय तहमार्फत छात्रवृत्ति वितरण गरियो।*

*सन् २०१६ मा बालबालिकामाथि हुने हिंसाका घटनाबाट १० जना पीडित भएकामा सन् २०१७ मा १८ जना पीडित भए। गत वर्ष बलात्कार घटनाबाट सातजना र यौन दुर्व्यवहार घटनाबाट दुई बालिका पीडित भएकामा यो वर्ष बलात्कार घटनाबाट १८ जना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १८ | १८ |
| जम्मा | १८ | १८ |

### बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७३ माघ १९ गते बलात्कार गरेको आरोपमा माङसेबुङ गाउँपालिका-६ बाँझोका २५ वर्षीय धिरज राईविरुद्ध पीडितका आफन्तले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण माघ २० गते नै जिल्ला अस्पतालमा गरियो। सोही दिन पक्राउ परेका राईलाई अदालतले २०७४ मङ्सिर २६ गते ८ वर्ष कैद र ५० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति भराउने आदेश सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ६८ जना महिलाले महिला तथा बालबालिका कार्यालयमा निवेदन दिए। जसमा कुटपिट गरी घर निकाला गरिएका, खान/लाउन नदिएका, विवाह दर्ता र नागरिकता नबनाएका, अर्की पत्नी ल्याएर हेला गरेका, वैदेशिक रोजगारीले पारिवारिक बेमेलमा परेका र सामान्य घरायसी झगडाका घटना छन्। यीमध्ये सबैजसोलाई कानुनी सहायतासहित मेलमिलापकर्ता तथा प्रहरी र अदालत पठाइएको यो कार्यालयकी निमित्त प्रमुख भगवती धिमिरेले जानकारी दिइन्।*

*सन् २०१६ मा घरेलु हिंसाका घटनामा ३० जना पीडित भएकामा यस वर्ष पाँच जना पीडित भए। त्यसैगरी बलात्कारका घटनाबाट गत वर्ष पाँचजना पीडित भएकामा यस वर्ष आठजना पीडित भए। यो वर्ष बहुविवाहका कारण दुईजना र बेचबिखन प्रयास घटनाबाट दुईजना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ८ | ८ |
| बहुविवाह | ३ | ३ |
| बेचबिखन प्रयास | ३ | ३ |
| घरेलु हिंसा | ५ | ५ |
| जम्मा | १७ | १७ |

### बेचबिखन प्रयास

१९ र २२ वर्षीया दुई महिलालाई वैदेशिक रोजगारीमा लगाइदिने भन्दै २०७४ साउन २१ गते घरबाट लगेको र सुनसरीको इटहरीमा पुऱ्याएर बन्धक बनाएको भन्दै पीडितले साउन २५ गते इलाम आमचोकका ३३ वर्षीय गर्जमान राई र धरान घर भई तेह्रथुम छथर गाउँपालिका-४ का ४६ वर्षीया आशा गुरुङविरुद्ध जिल्ला प्रहरी कार्यालयमा लिखित उजुरी दिए। इटहरीमा बन्धक बनाएको थाहा पाएपछि आफन्तको सहयोगमा प्रहरीले साउन २४ गते पीडितको उद्धार गरी राई र गुरुङलाई पक्राउ गऱ्यो। अदालतले २०७४ भदौ २८ गते दुवैजनासँग जनही १ लाख ७५ हजार रुपियाँका दरले धरौटी लिइ रिहा गर्ने आदेश दियो।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

५८ वर्षीया महिलालाई २०७३ माघ १८ गते बलात्कार गरेको आरोपमा चुलाचुली गाउँपालिका-३ चुलाचुलीका २३ वर्षीय प्रेम पौड्यालविरुद्ध भोलिपल्ट पीडित आफैंले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ १९ गते

जिल्ला अस्पतालमा  गरियो। अदालतले २०७४ पुस १६ गते आरोपितलाई १० वर्ष कैद र पीडितलाई २५ हजार क्षतिपूर्ति भराउने आदेश सुनायो। पीडित सुस्तमनस्थितिकी भएकाले थप पाँच वर्ष सजाय सुनाइएको फैसलामा उल्लेख छ।

### सबै प्रकारका जातीय विभेद

माईजोगमाई गाउँपालिका-५ सोयाङकी २१ वर्षीया रोमा खातीले आफूसँग विवाह गरेर पनि विवाह दर्ता नगरिदिएको साथै छोराको जन्म दर्तासमेत नगराएकाले गराइपाउँ भन्दै २०७३ माघ ४ गते माईजोगमाई गाउँपालिका-३ नामसालिङका १८ वर्षीय बुद्ध यल्मोविरुद्ध तत्कालीन नामसालिङ गाविस कार्यालयमा निवेदन दिइन्। पढ्ने क्रममा यल्मोसँग प्रेम सम्बन्ध भई २०७३ कात्तिक २४ गते विवाह गरेको अनि २०७३ पुस १९ गते छोरा जन्मेको उनले निवेदनमा उल्लेख गरेकी छिन्। छोराको न्वारनसमेत नगरिदिएको उनले बताइन्। बिहेलगत्तै यल्मोले आफूलाई मामाघर पठाएर आफू सम्पर्कमै नरहेको तथा घरपरिवारले पनि मतलव नगरेको उनको भनाइ छ। गाविसले निवेदनबारे खासै चासो नदेखाएपछि विवाह दर्ता र शिशुको जन्म दर्ता गराउन आफूहरूबाट पहल भइरहेको अधिकारकर्मी देवेन्द्र बिकले जानकारी दिए। यल्मो कहाँ छन् भन्ने टुङ्गो नलागेको पनि बिकले जानकारी दिए।

### स्वास्थ्य सेवाको अवस्था

इलाममा एउटा जिल्ला अस्पताल, ४४ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र, दुई निजी अस्पताल, नगर स्वास्थ्य केन्द्र चार र सामुदायिक स्वास्थ्य एकाइ चार वटा छन्। जिल्ला जनस्वास्थ्य कार्यालयमा चार डक्टरको दरबन्दी रहेकामा एकमात्र कार्यरत छन्। अहेवको १ सय दरबन्दी रहेकामा दुई जनामात्र कार्यरत छन्। हेल्थ असिस्टेण्टको ४८ दरबन्दीमा ४४ कार्यरत छन्। १ सय अनमी दरबन्दीमा ८१ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयमा औषधिको बजेट खर्चबापत ५ लाख रुपियाँ छ। जिल्ला अस्पतालमा १६ डक्टरको दरबन्दीमा एक डेन्टल सर्जन र एक स्त्री रोग विषेशज्ञ गरी दुईजना स्थायी दरबन्दीमा कार्यरत छन्। ६ जना करारमा कार्यरत छन्। बाँकी आठ रिक्त छ। एकजना नर्सिङ अधिकृत, आठ जना स्टाफ नर्स र पाँच अनमी दरबन्दी रहेको जिल्ला अस्पतालमा एक नर्सिङ अधिकृत, चार जना स्टाफ नर्स र चार जना अनमी कार्यरत छन्।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | ३ | ४ | ११ | १८ |
| जम्मा | ३ | ४ | ११ | १८ |

**महिला अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | ३ | २ | | ३ | ८ |
| बहुविवाह | | | | २ | २ |
| बेचबिखन प्रयास | | | | १ | १ |
| घरेलु हिंसा | | | १ | ४ | ५ |
| जम्मा | ३ | २ | १ | १० | १६ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | १ | २ |

# १.११ झापा




**जम्मा जनसङ्ख्या**
**८,६५,०६४**

**महिला**
**४,६५,०५२**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**५**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**१०**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**८५,७३६**

**कामका लागि बाहिरिएका**
**८०,६२५**

**अपाङ्गता भएका**
**१५,३६७**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७७.७**

**आश्रित जनसङ्ख्या**
**३,५२,००६**

**झापामा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट ३२ जना पीडित भएकामा सन् २०१७ मा ३५ जना पीडित भए। गत वर्ष राज्यपक्षबाट भएका घटना अभिलेखित थिएनन् भने यो वर्ष ६ जना पीडित भए। यो वर्ष प्रहरीको गोलीबाट एकजनाको मृत्यु भएको अभिलेख छ। स्थानीय तह, प्रदेश र प्रतिनिधि सभाका निर्वाचन क्रममा केही निर्वाचन विरोधी गतिविधि भए।**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | ५ | ५ | | | |
| बाल अधिकार | | | ३० | | ३० |
| महिला अधिकार | | | ८ | | ८ |
| हत्या | १ | १ | १ | ४ | ५ |
| जम्मा | ६ | ६ | ३९ | ४ | ३३ |

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानितरूपले बाँच्ने अधिकार

### हत्या

#### राज्यपक्षबाट

अर्जुनधारा नपा-११ का ११ वर्षीय लक्ष्मण शिवाकोटी मृत्यु प्रकरणको निष्पक्ष छानबिन नभएको भन्दै आफन्त र स्थानीयले २०७४ कात्तिक १० गते विरोध कार्यक्रम गरे। त्यस क्रममा प्रदर्शनकारीले आगजनी तथा ढुङ्गा प्रहार गरेको र सरकारी कार्यालय तोडफोड गरेको भन्दै प्रहरीले गोली चलायो। अर्जुनधारा नपा-११ का ३२ वर्षीय नरेश थापा मगरको बिर्तामोडस्थित इलाका प्रहरी कार्यालयअगाडि राजमार्गमा गोली लागेर मृत्यु भयो। सोही घटनामा प्रहरीको गोली लागी इलामको माई नपा-५ का ३५ वर्षीय मणि नेपाली, बाह्रदशी गाउँपालिका-३ का २५ वर्षीय सुनिल पाण्डे, अर्जुनधारा नपा-६ का ३५ वर्षीय पूर्ण लुइँटेल, मेचीनगर नपा-९ का ३० वर्षीय अशोक बस्नेत र कनकाई नपा-५ का २२ वर्षीय नवराज कोइराला घाइते भए। घाइतेमध्ये छातीमा गोली लागेका मणि नेपालीको काठमाडौँस्थित वीर अस्पतालमा उपचार भइरहेको छ। अन्य घाइतेको भने बिर्तामोडस्थित बिएन्डसी अस्पतालमा उपचार

भइरहेको छ। घाइतेहरूको छाती, हात, पाखुरा तथा तिघ्रामा गोली लागेको छ।

घटनामा प्रहरीले अत्यधिक बल प्रयोग गरेको भन्दै विरोध भएपछि पीडित पक्ष, झापाका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारी, एसपी विष्णु केसी, एसएसपी पिताम्बर न्यौपाने, राजनीतिक दलका नेता, नगर प्रमुख तथा स्थानीयबीच छलफल भएको थियो। जसमा सरकारले मृतकका परिवारलाई १० लाख रुपियाँ दिने, वितामोडका डिएसपी राजकुमार सिलवाललाई कारबाही गर्ने, घाइतेहरूको नि:शुल्क उपचार तथा लक्ष्मण शिवाकोटी हत्या प्रकरणको निष्पक्ष छानबिन हुने निर्णयपछि आन्दोलनका कार्यक्रम फिर्ता भएका थिए। २०७४ कात्तिक ११ गते मेची अञ्चल अस्पताल, भद्रपुरमा शव पोस्टमार्टमपछि परिवारले दाहसंस्कार गरेका थिए। मृतकका परिवारले १० लाख रुपियाँ पाएका छैनन्। अन्य पीडितको उपचार खर्च ९० लाख रुपियाँभन्दा बढी लागेको र रकम माग गरिएको जिल्ला प्रशासन कार्यालयले जनायो।

लक्ष्मण शिवाकोटीको २०७४ असोज १४ गते अर्जुनधारा नपा-६ वितामोडस्थित आफन्तको घरमा पाहुना आएकामा भोलिपल्ट वितामोड नपा-१ को पानीपोखरीमा शव फेला परेको थियो। प्रदर्शनकारीले वितामोडको ट्राफिक प्रहरी कार्यालय, सशस्त्र प्रहरी गुल्म शनिश्चरेको मे १ झ ९३ नं. को भ्यान, एमाले क्षेत्र नं. ४ का सांसद प्रेम गिरीको वा ५६ प ३३३८ नं. को माटरसाइकल, ट्राफिक प्रहरी कार्यालय वितामोडका असइ याम खड्काको मे ९ प १७ नं. को मोटरसाइकल, हवल्दार कुमार भट्टराईको मे ८ प १५४६ को मोटरसाइकल, दमक नपा-४ का राजकुमार थापाको वा १७ च ४४४ नं. को हाइलेक्स जिप, यान्त्रिक कार्यालयको डोजर, ट्रयाक्टर, हाइलेक्स जिप, वितामोड नपाका मेयरको निजी गाडी, नगरपालिकाको मे १ झ १२१ नं. को गाडी, मोटरसाइकललगायत २० वटा गाडी र कार्यालय भवनमा तोडफोड र आगजनी गरेका थिए। यस क्रममा निजी घर पनि तोडफोड भएका थिए।

### कारागार र बन्दी

'ख' श्रेणीको झापा कारागारको क्षमता ३ सय जनाको छ। जसमा ४ सय २९ पुरुष कैदी र ३५ महिला कैदी गरी ४ सय ६४ जना छन्। त्यस्तै ३ सय ६३ पुरुष र २८ जना महिला थुनुवा गरी ३ सय ९१ जना थुनुवा छन्। दुई बालक र एक बालिका आश्रितसमेत गरी ८ सय ३१ जना छन्। क्षमताभन्दा झण्डै तीन गुणा बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या रहेको, शौचालय जान पनि घण्टौं पालो पर्खनुपर्ने समस्या रहेको कैदी/बन्दीले बताएका छन्। पुरुष कारागार जीर्ण अवस्थामा रहेकाले तत्कालै नयाँ भवन निर्माण गर्नुपर्ने जेलर यज्ञ निरौलाले सुझाए।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा एउटा जिल्ला अदालत छ। पाँच न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष देवानीतर्फ १ हजार २ सय ९० मुद्दा परेकामा ४ सय ८१ थान फैसला भए। जसमा ५२ थान दुई वर्ष नाघेका मुद्दा छन्। त्यस्तै फौजदारीतर्फ १ हजार ३ सय २३ थान मुद्दा परेकामा ५ सय ९ थान फैसला भए। दुई वर्ष नाघेका मुद्दा २६ थान छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा १ सय ६० प्रावि, ९३ निमावि, ४८ मावि र ६४ वटा उमावि छन्। जसमा प्रावितर्फ २२ हजार २ सय ७६ छात्रा र २० हजार ८ सय ४२ जना छात्र अध्ययनरत छन्। निमावितर्फ १५ हजार ५ सय १५ छात्रा र १४ हजार ३ सय ८९ छात्र अध्ययनरत छन्। त्यस्तै मावितर्फ ९ हजार ८ सय २ छात्रा र ८ हजार १ सय ६६ जना छात्र अध्ययनरत छन्। उच्चमावितर्फ ७ हजार ५ सय ८० जना छात्रा र ६ हजार १ सय ५० जना छात्र जिल्लाभर अध्ययनरत छन्। जिल्लाभर ७ सय ५ वटा बाल विकास केन्द्र रहेकामा ५ हजार ९ सय ३१ छात्रा र ७ हजार २ सय १३ जना छात्र अध्ययनरत छन्। सबै शैक्षिक तहमा ४ हजार ७ सय २३ जना छात्रा र ३ हजार ६ सय ७७ जना छात्र दलित छन्। प्राविमा २ हजार ५ सय ३ जना, निमाविमा ६ सय ६१ जना, माविमा ४ सय ९६ जना र उमाविमा १ सय ५१ जना शिक्षक/शिक्षिकाले अध्यापन गराइरहेका छन्। जिल्ला शिक्षा कार्यालयको यस वर्षको बजेट ३९ करोड ८० लाख रुपियाँ छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १७ | १७ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | ३० | ३० |

*बाल अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा अघिल्लो वर्ष १२ जना पीडित भएकामा सन् २०१७ मा २० जना पीडित भए। गत वर्ष बलात्कार घटनाबाट नौजना बालिका पीडित भएकामा यो वर्ष १७ जना पीडित भए। गत वर्ष जस्तै यो वर्ष पनि यौन दुर्व्यवहारका कारण तीनजना पीडित भए।*

**हत्या**

१७ वर्षीया बालिकालाई दमक नपा-२ का ४३ वर्षीय लक्ष्मीप्रसाद अधिकारीले २०७४ जेठ २४ गते बलात्कार गरे। बलात्कार गरेको देखेकी पीडितकी बहिनी नौ वर्षीया बालिकालाई आरोपितले सोही समयमा बन्चरोले टाउको तथा शरीरका विभिन्न भागमा प्रहार गरी घटनास्थलमै हत्या गरे। सोही दिन पक्राउ परेका आरोपित अदालतको असार २३ गतेको आदेशअनुसार पुर्पक्षका लागि थुनामा छन्। शव मोरङको मङ्गलबारेस्थित स्वास्थ्य केन्द्रमा जेठ २५ गते पोस्टमार्टम भयो भने उनकी दिदीको स्वास्थ्य परीक्षण सोही दिन मेची अञ्चल अस्पतालमा भयो।

**बलात्कार, यौन दुर्व्यवहार**

१२ वर्षीया बालिकालाई २०७४ वैशाख ४ गते कनकाई नपा-८ का १८ वर्षीय गोपाल हेमरमले बलात्कार गरेको भन्दै पीडितका परिवारले भोलिपल्ट इलाका प्रहरी कार्यालय वितामोडमा उजुरी गरेपछि आरोपित पक्राउ परे। बालिकाको उजुरी दिएकै दिन मेची अञ्चल अस्पताल भद्रपुरमा स्वास्थ्य परीक्षण भयो। अदालतको २०७४ जेठ १ गतेको आदेशअनुसार आरोपितलाई पुर्पक्षका लागि थुनामा राखिएकामा २०७४ असार २५ गते ७ वर्षको कैद सजाय सुनाइयो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष महिला तथा बालबालिका सेवा केन्द्रमा ५६ ओटा उजुरी दर्ता भए। उजुरी घटनामा घरेलु हिंसाका २९, धम्की तथा कुटपिटका १०, बहुविवाहका ६ वटा लगायतका छन्। ती मध्ये ३७ ओटा उजुरी मिलापत्र भएका, पाँच ओटा उजुरी कानुनी प्रक्रियाको लागि अदालत गएको तथा १४ ओटा उजुरी उपर छानबिन चलिरहेको प्रहरीले जनायो।*

*गत वर्ष यस जिल्लामा विभिन्न घटनामा पाँच महिला पीडित भएका थिए भने सन् २०१७ मा आठजना पीडित भएका छन्। अघिल्लो वर्ष बलात्कारका घटनाबाट तीनजना र बलात्कार प्रयासबाट दुईजना पीडित भएकामा यस वर्ष बलात्कारका घटनाबाट सात र बलात्कार प्रयासबाट एकजना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ७ | ७ |
| बलात्कार प्रयास | १ | १ |
| जम्मा | ८ | ८ |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२८ वर्षीया सुस्तमनस्थितिकी महिलालाई २०७३ माघ १५ गते भद्रपुर नपा-८ का ५८ वर्षीय गोविन्द राजवंशीले बलात्कार गरेको भन्दै पीडित पक्षले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको माघ १६ गते मेची अञ्चल अस्पताल, भद्रपुरमा स्वास्थ्य परीक्षण भयो। आरोपित भोलिपल्ट पक्राउ परे। अदालतको २०७३ फागुन १२ गतेको आदेशअनुसार आरोपितलाई पुर्पक्षका लागि थुनामा राखिएकामा २०७४ मङ्सिर २८ गते पाँच वर्षको कैद सजाय सुनाइयो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संरचना र सम्पत्ति क्षति**

**अज्ञात समूहबाट**

अर्जुनधारा नपा-७ स्थित नेपाली काङ्ग्रेसका जिल्ला सभापति तथा झापा क्षेत्र नं. २ का प्रतिनिधि सभाका उम्मेदवार उद्धव थापाको घर परिसरमा रहेको गाडी ग्यारेजमा अज्ञात समूहले २०७४ मङ्सिर ९ गते बम विष्फोट गराए। जसबाट वा ७ च ६८९५ नं. को बोलेरो जिपको अगाडितर्फ बोनटको भाग र सिसा फुटेर क्षतिग्रस्त भयो। विष्फोटक पदार्थ गाडीमाथि विष्फोट गराइएको र गाडीको अगाडिको भाग क्षतिग्रस्त भएको इलाका प्रहरी कार्यालय वितामोडका डिएसपी कृष्णप्रसाद कोइरालाले बताए। पीडक र कारण पत्ता लाग्न सकेन।

**स्वास्थ्य सेवाको अवस्था**

झापामा एउटा अञ्चल अस्पताल, एउटा अस्पताल तथा ४३ स्वास्थ्य चौकी र ६ प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा छ डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। ६ जना स्टाफ नर्सको दरबन्दी रहेकामा सबै कार्यरत छन्। त्यस्तै १५ जना

ल्याब असिस्टेन्टमा सबै कार्यरत छन्। १ सय ४७ जना अहेवको दरबन्दी रहेकामा सबै कार्यरत छन्। १ सय ४ जना अनमी दरबन्दी रहेकामा सबै कार्यरत छन्। खोप सुपरभाइजर एकजनाको दरबन्दी रहेकामा कार्यरत छन्। क्षयरोग, कुष्ठरोग सुपरभाइजर एकजना छन्। हेल्थ असिस्टेन्टको ५१ दरबन्दी रहेकामा सबै कार्यरत छन्। स्त्रीरोग विशेषज्ञको दरबन्दी पाँच रहेकामा चार जना कार्यरत छन्। १५ ओटा सहरी स्वास्थ्य केन्द्रमा १५ जना हेल्थ असिस्टेन्ट र १५ जना अनमी कार्यरत छन्। जिल्लाभर २ सय ५७ ओटा गाउँघर क्लिनिक र खोप केन्द्र छन्। ६ सय ६० जना स्वास्थ्य स्वयम्सेविका कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट करिब १६ करोड रुपियाँ छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ५ | ११ | १६ |
| यौन दुर्व्यवहार | | ३ | ३ |
| जम्मा | ५ | १४ | १९ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | १ | ५ | ७ |
| बलात्कार प्रयास | | १ | | १ |
| जम्मा | १ | २ | ५ | ८ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | ४ | ६ |

# १.१२ मोरङ




**जम्मा जनसङ्ख्या**
**१०,१५,४२१**

**महिला**
**५,३३,५३७**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**६**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**१२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१,५८,२६१**

**कामका लागि बाहिरिएका**
**७०,४६२**

**अपाङ्गता भएका**
**१७,०५३**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**८६**

**आश्रित जनसङ्ख्या**
**३,५८,५१५**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ४८ | ३ | ५१ |
| अमानवीय व्यवहार | | | २ | २ | ४ |
| महिला अधिकार | | | ६७ | | ६७ |
| गिरफ्तारी | ६ | ६ | | | |
| कुटपिट | १ | १ | | १ | १ |
| हत्या | | | ३ | ३ | ६ |
| जम्मा | ७ | ७ | १३० | ९ | १३९ |

**गत वर्ष मोरङमा राज्यपक्षबाट मानव अधिकार उल्लङ्घनका घटनामा नौ जना पीडित भएकामा यो वर्ष सात जना पुरुष पीडित भए। त्यसैगरी गैरराज्यपक्षबाट गत वर्ष १४ पुरुषसहित १ सय ५ जना पीडित भएकामा यो वर्ष नौ जना पुरुषसहित १ सय २५ जना पीडित भएका छन्।**

### धम्की/कुटपिट

**राज्यपक्षबाट**

जिल्ला ट्राफिक प्रहरी कार्यालय, मोरङमा कार्यरत प्रहरी जवान २७ वर्षीय उमेश पुरीलाई ड्युटी सकेर कार्यालयमा आउँदा विवाद गरेको आरोपमा २०७४ जेठ २० गते सोही कार्यालयमा कार्यरत असई ३८ वर्षीय तुलामणि आचार्यले कुटपिट गरे। घटनाको विषयमा छानबिन गर्न क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय, इटहरीका एसपी सौरभ रानाको संयोजकत्वमा गठित छानबिन टोलीले आचार्यलाई दोषी ठहर गर्दै ६ महिना निलम्बन गरी विभागीय कारबाही गरेको जनायो।

प्रदेश तथा प्रतिनिधि सभा निर्वाचनको समयमा ड्यूटीमा रहेकी म्यादी प्रहरी २३ वर्षीया वर्षा सुवेदीलाई २०७४ मङ्सिर २१ गते इलाका प्रहरी कार्यालय निमुवाका सई टङ्कप्रसाद कोइरालाले अपशब्द प्रयोग गर्दै दुर्व्यवहार गरे। पीडित पक्षले घटनाको विरोध गर्दै मङ्सिर २३ गते कार्यालय घेराउ गर्दै आन्दोलन गऱ्यो। कोइरालाले छाडा बोल्दै अपशब्द प्रयोग गरेको पीडितले जनाइन्।

जिल्ला प्रहरी कार्यालयका डिएसपी विष्णुहरि कोइरालाको नेतृत्वमा छानबिन समिति गठन गरेको भए पनि प्रतिवेदन सार्वजनिक भएन।

## कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता पुरुषतर्फ २ सय ५० र महिलातर्फ ५० जनाको छ। तर पुरुषतर्फ ६ सय ७३ र महिलातर्फ ६१ जना छन्। जसमा कैद तोकिएका ४ सय ९७ जना छन् भने कैद नतोकिएका २ सय ३७ जना छन्। ६५ वर्षमाथिका १५ जना रहेकामा दुई महिला छन्। कारागारमा आश्रित बालक ६ जना छन् जसमा दुईजना विद्यालय जाने उमेरका छन्। भारतीय, भुटानी र पाकिस्तानी गरी ७४ जना विदेशी नागरिक पनि कैदी/बन्दीका रूपमा छन्। विभिन्न जिल्लाबाट उपचारका क्रममा ल्याइएकामध्ये जिल्ला कारागारमा यस वर्ष १३ बन्दीको निधन भयो। क्षमताभन्दा तेब्बर कैदी/बन्दी भएका कारण बस्न तथा हिँडडुल गर्न समस्या भएको र खुट्टासमेत दुख्ने गरेको उनीहरूको गुनासो छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा उच्च र जिल्ला गरी दुई अदालत छन्। जिल्ला अदालतमा नौ न्यायाधीशको दरबन्दी रहेकामा ६ जना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ८२ र फौजदारीतर्फ ३५ थान छन्। यसैगरी १२ न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा ११ जना कार्यरत छन्। यसवर्ष ९ सय ९७ देवानी, ७ सय ९१ फौजदारी र ३ सय १ थान रिटसहित २ हजार ८९ मुद्दा दर्ता भए। जिम्मेवारी सरिआएका १ हजार ५ सय ५६ थान मुद्दा छन्। यस वर्ष २ हजार ६ सय ३६ थान मुद्दा फैसला भएकोमा १ हजार २ सय ६२ देवानी, १ हजार ५४ फौजदारी र ४ सय २० रिट छन्। दुई वर्ष नाघेका मुद्दा ५१ थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ७६ प्रावि, १ सय ५ निमावि, ९८ मावि र ६० उमावि गरी जम्मा ५ सय ३७ सामुदायिक विद्यालय छन्। यिनमा ६२ हजार ७० छात्रा र ५४ हजार ५ सय ३५ छात्र छन्। यसमध्ये २८ हजार ५ सय ३२ जना दलित समुदायका छन्। जिल्लामा प्रावि, निमावि र माविमा ४ हजार १५ दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष जिल्ला शिक्षा कार्यालयको बजेट ३८ करोड २७ लाख ८९ हजार रुपियाँ छ। यस वर्ष १४ हजार ४ सय ५५ जना दलित र १८ हजार ६ सय ५६ जना सीमान्तकृत छात्रछात्राले छात्रवृत्ति पाए। त्यसैगरी ४६ जना द्वन्द्वपीडित र अपाङ्गता भएका ७ सय ५ जनाले छात्रवृत्ति पाए।*

*गत वर्ष बालबालिकामाथि हुने हिंसाका घटनाबाट १७ जना पीडित भएकामा यस वर्ष तीन बालकसहित ५१ जना पीडित भए। यो वर्ष बलात्कारका घटनाबाट ३८ जना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालबालिका बेचबिखन | | ३ | ३ |
| बलात्कार | ३८ | | ३८ |
| नवजात शिशुको हत्या | १ | | १ |
| यौन दुर्व्यवहार | ९ | | ९ |
| जम्मा | ४८ | ३ | ५१ |

### बेचबिखन प्रयास

मोरङ र सुनसरीमा रहेका सडक बालबालिकालाई फकाई भारतमा बेच्न लगेको आरोपमा मोरङ प्रहरीले २०७४ कात्तिक ७ गते सुनसरी इटहरी नपा-४ का ३६ वर्षीय राजु भण्डारी, सोही नपा-१० का २८ वर्षीय सुरज ऋषिदेव र ३१ वर्षीय भारतीय नागरिक मन्जित सिंहलाई पक्राउ गऱ्यो। तीनजना बालकसहित जोगबनीमा रेल चढ्न लागेका बेला 'साना हात नेपाल' को सहयोगमा उनीहरूलाई पक्राउ गरी मानव बेचविखन मुद्दा दर्ता गरिएको हो। पक्राउ परेकामध्ये राजु र सुरजलाई अदालतले २ लाख ३५ हजार धरौटी तिर्न नसकेपछि कारागार पठायो। भारतीय नागरिक भएकाले मन्जितलाई अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। धरौटीमा रिहा गर्दा उनी भारतमा जाने र पछि उनलाई उपस्थित गराउन नसक्ने भएकाले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको अदालतले जनायो।

### बलात्कार, यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई २०७३ माघ ९ गते विराटनगर उमनपा-५ का ५९ वर्षीय असिराम

माझीले बलात्कार गरेको भन्दै पीडित पक्षले माघ १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको माघ १९ गते कोशी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। माघ १८ गते पक्राउ परेका आरोपितलाई अदालतले २०७४ जेठ १ गते ६ वर्ष कैद सजाय तथा ३० हजार रुपियाँ पीडितलाई भराउने आदेश सुनायो।

**अमानवीय व्यवहार**

बेलवारी नपा-२ की १४ वर्षीया सम्झना परियारलाई चोरीको आरोपमा २०७४ असोज १९ गते सोही ठाउँका ४५ वर्षीया दुर्गा चौधरी, ६५ वर्षीय कुलदीप चौधरी, २२ वर्षीया अनीता दनुवार, २१ वर्षीय गोविन्द मगर, ४४ वर्षीया हर्कमाया थापा मगर, ५२ वर्षीया मनकुमारी तामाङ र २४ वर्षीय वीरगन्ज परियारले मोसो दलेर, जुत्ताको माला लगाइ गाउँ घुमाए। सोही दिन पक्राउ परेका आरोपितविरुद्ध असोज २० गते सार्वजनिक अपराधमा मुद्दा दर्ता भएकामा फैसला भएन।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा सबै घटना कुटपिट गर्दै मानसिक यातना दिएका छन्। यीमध्ये आठवटा मिलापत्र भए भने अरुमा पीडितले नै कारबाही प्रक्रिया अघि बढाउन चाहेनन्।*

*गत वर्ष महिलामाथि हुने हिंसाका कारण ६८ जना पीडित भएकामा सन् २०१७ मा ६७ जना पीडित भए। यो वर्ष बलात्कार घटनामा १३, बलात्कार प्रयासका घटनामा १३, बेचबिखन प्रयासका कारण चार र यौन दुर्व्यवहार घटनाका कारण एक र घरेलु हिंसाका कारण २२ जना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखनको प्रयास | ४ | ४ |
| बलात्कार | १३ | १३ |
| बलात्कार प्रयास | १३ | १३ |
| बहुविवाह | १४ | १४ |
| घरेलु हिंसा | २२ | २२ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ६७ | ६७ |

**परिवारजनबाट हत्या**

रतुवामाई नपा-७ की २५ वर्षीया शान्तदेवी भनिने पुतली सुतिहारलाई २०७३ माघ २६ गते २६ वर्षीय पति उदय भनिने सकल सुतिहारले धारिलो हतियार प्रहार गरी हत्या गरेको आरोपमा पीडित पक्षले सोही दिन प्रहरीमा उजुरी दियो। शवको पोस्टमार्टम जिल्ला अस्पतालमा भयो। मादक पदार्थ सेवन गरेका उदयले घरायसी विषयमा विवाद हुँदा टाउकोमा प्रहार गरी घाइते बनाएपछि रङ्गेली अस्पतालमा उपचारका क्रममा उनको सोही दिन मृत्यु भएको थियो। सोही दिन पक्राउ परेका आरोपितलाई अदालतले फागुन १५ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

१८ वर्षीया महिलालाई २०७३ पुस २४ गते कटहरी गाउँपालिका-६ का २५ वर्षीय सन्तोष शर्मा बडहीले बलात्कार गरेको आरोपमा पीडित पक्षले माघ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको माघ ३ गते कोशी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। घटनापछि फरार रहँदै आएकामा २०७४ साउन २३ गते पक्राउ परेका आरोपितलाई अदालतले भदौ ८ गते पाँच वर्ष कैद र ४० हजार रुपियाँ पीडितलाई भराउने फैसला सुनायो।

**अमानवीय व्यवहार**

रङ्गेली नपा-५ की ३० वर्षीया सावित्री सरदार र ३५ वर्षीय राजकुमार ठाकुरलाई दोस्रो विवाह गरेको आरोपमा २०७४ पुस १४ गते सोही ठाउँका स्थानीयबासीले कुटपिट गर्दै मोसो दलेर गाउँ निकाला गरे। प्रहरीले घटनामा संलग्न रहेको आरोपमा सोही ठाउँका २० वर्षीय रञ्जीत ठाकुर, ६४ वर्षीय कुलानन्द ठाकुर, ४२ वर्षीय गोबर्धन ठाकुर, ३८ वर्षीय जयप्रकाश ठाकुर, १७ वर्षीय सतिष ठाकुर र ३४ वर्षीय मायानन्द ठाकुरलाई सोही दिन पक्राउ गऱ्यो। उनीहरूविरुद्ध पुस १६ गते सार्वजनिक मुद्दा दर्ता भएको प्रहरीले जनायो। घटनामा संलग्न भनिएका स्थानीय एमाले नेता दिनेश ठाकुर फरार रहे। पीडित महिला विराटनगरस्थित सेफ हाउसमा छिन् भने पुरुषलाई उपचारका लागि सोही दिन परिवारले भारत लगे।

जिल्ला शिक्षा अधिकारी देवेन्द्रराज खनाललाई शिक्षक नियुक्तिमा अनियमितता गरेको आरोपमा २०७३ माघ १२ गते नेपाल कम्युनिस्ट पार्टी निकट अनेरास्ववियु (क्रा.) का कार्यकर्ताले कार्यकक्षमा मोसो दलेर अमानवीय व्यवहार गरे। कार्यालय समयमा ६ जनाको सङ्ख्यामा आएका उनीहरूले जिशिअलाई कार्यकक्षबाट प्रशासन फाँटमा बोलाएर मोसो दलेका थिए।

### स्वास्थ्य सेवाको अवस्था

मोरङमा एउटा अञ्चल अस्पताल, एउटा जिल्ला अस्पताल (रङ्गेली) र एउटा मङ्गलबारे अस्पताल छन्। त्यसैगरी प्राथमिक उपचार केन्द्र ६ र स्वास्थ्य चौकी ६० वटा छन्। जिल्लामा मेडिकल अधिकृतको छ दरबन्दीमध्ये पाँचजना कार्यरत छन्। हेल्थ असिस्टेन्ट ६६ जनामा ६३ जना कार्यरत छन् भने अहेव १ सय ९८ दरबन्दीमा १ सय ८८ कार्यरत छन्। यसैगरी स्टाफ नर्स ६ जनाको दरबन्दी रहेकामा एक खाली छ। ६ जना ल्याब असिस्टेन्टको दरबन्दी रहेकामा सबै कार्यरत छन भने १ सय ३८ जना अनमीको दरबन्दी रहेकामा सबै कार्यरत छन। जिल्ला स्वास्थ्य कार्यालयको यस वर्षको बजेट १० करोड ८३ लाख ३० हजार २ सय ७४ रुपियाँ रहेकामा औषधि खर्चबापतको बजेट १५ लाख रुपियाँ छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बालबालिका बेचबिखन | | | | १ | १ |
| बलात्कार | ७ | १ | ८ | ३३ | ३८ |
| नवजात शिशुको हत्या | | | | १ | १ |
| यौन दुर्व्यवहार | ३ | | १ | ५ | ९ |
| जम्मा | १० | १ | ९ | ३९ | ४९ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|---|
| बेचबिखनको प्रयास | १ | | | | | | १ |
| बलात्कार | ३ | | १ | | | ९ | १३ |
| बलात्कार प्रयास | ६ | | | | | ७ | १३ |
| बहुविवाह | ५ | २ | १ | | | ६ | १४ |
| घरेलु हिंसा | | | | ११ | ९ | २ | २२ |
| यौन दुर्व्यवहार | १ | | | | | | १ |
| जम्मा | १६ | २ | २ | ११ | ९ | २४ | ६४ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | ४ | ५ |

# १.१३ सुनसरी




**जम्मा जनसङ्ख्या**
**७,३३,५३५**

**महिला**
**३,८१,५६३**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**४**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**८**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**८५,८८८**

**कामका लागि बाहिरिएका**
**५०,२८१**

**अपाङ्गता भएका**
**१०,४०५**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६४.४६**

**आश्रित जनसङ्ख्या**
**३,२४,०३६**

**सुनसरीमा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट ५३ जना पीडित भएकामा सन् २०१७ मा ५४ जना पीडित भए। सुनसरी क्षेत्र नं. १ बाट प्रतिनिधि सभाका एमाले उम्मेदवार जयकुमार राईको घर परिसरमा २०७४ मङ्सिर ७ गते बम विष्फोट भयो। र २०७४ असार १२ गते धरान उपमहानगरका मेयर तारा सुब्बाको घर परिसरमा बम विष्फोट भयो। यस्तै २०७४ मङ्सिर ७ गते इटहरी उमनपा-५ मा एमालले आयोजना गरेको चुनावी सभा नजिकै विष्फोट गराइयो। यी विष्फोटका घटनाको जिम्मेवारी कसैले लिएन।**

### गोली/विष्फोटक पदार्थद्वारा घाइते

इटहरी उमनपा-९ भलाद्मी टोलमा २०७४ मङ्सिर १४ गते बम विष्फोट हुँदा सोही ठाउँका १४ महिने बालक यमन न्यौपाने, १६ वर्षीया सर्मिना अधिकारी, ४० वर्षीय धनबहादुर श्रेष्ठ, ४५ वर्षीया कुमारी कट्वाल र १६ वर्षीया सिर्जना अधिकारी घाइते भए। घाइतेहरूको उपचार धरान र विराटनगरका अस्पतालमा भयो। नेपाली काङ्ग्रेसले आयोजना गरेको वडास्तरीय भेला भइरहेका बेला नजिकै बम विष्फोट भएको थियो। पीडक पत्ता लागेन।

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| घाइते | ३ | ३ | ६ |
| बाल अधिकार | १३ | | १३ |
| महिला अधिकार | ३३ | | ३३ |
| हत्या | १ | २ | ३ |
| जम्मा | ४९ | ५ | ५४ |

## कारागार र बन्दी

देशकै दोस्रो ठूलो झुम्का कारागारको क्षमता १ हजार ६ सय जनाको छ। 'ख' श्रेणीको यो कारागारमा ९ सय ८१ कैदी र ४ सय २२ बन्दी गरी १ हजार ४ सय ८ जना छन्। २०६६ सालमा बनेको यो क्षेत्रीयस्तरको कारागारमा महिला र आश्रित बालबालिका छैनन्।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सुनसरी जिल्ला अदालतमा ६ न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ हजार ६ सय ३२ र फौजदारीतर्फ १ हजार ४ सय ७४ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा १ सय ३७ थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ८२ आधारभूत र ९७ माबि छन्। २ हजार ७ सय ५३ शिक्षक दरबन्दी छ। यस वर्ष ८८ हजार ३ सय ९९ बालक र ८६ हजार ८ सय ३५ बालिका गरी १ लाख ७५ हजार २ सय ३४ बालबालिका विद्यालयमा अध्ययन गरिरहेका छन्। ७ सय ७० जना अपाङ्गता भएका बालबालिका विद्यालय जान्छन्। जिल्लाका सबै स्थानीय तहले नीति तथा कार्यक्रम निर्माण गरिनसकेकाले सुनसरीमा यो वर्षको शिक्षाको बजेट एकिन भएको छैन।*

*गत वर्ष बालबालिकामाथि हुने हिंसाका घटनाबाट २४ जना पीडित भएकामा यस वर्ष १३ जना पीडित भए। यो वर्ष बलात्कारका घटनाबाट १२ जना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालविवाह | १ | १ |
| बलात्कार | १२ | १२ |
| जम्मा | १३ | १३ |

### बलात्कारपछि हत्या

इनरुवा नपा-७ की ११ वर्षीया अमिताकुमारी मुडियारीको २०७३ फागुन १२ गते बलात्कार पछि हत्या भयो। सोही दिन राति छिमेकीको घरमा विवाह भइरहेको ठाउँबाट बेपत्ता भएकी बालिकाको शव फागुन १४ गते घर नजिकको हयुम पाइपभित्र भेटिएको थियो। घटनामा संलग्न भएको आरोपमा २०७४ वैशाख २ गते पक्राउ परेका बालिकाका काकालाई अदालतले २०७४ वैशाख १८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो।

### बलात्कार, यौन दुर्व्यवहार

१६ वर्षीया बालिकालाई २०७४ साउन २६ गते सिन्धुली जिल्ला कमलामाई नपा-७ घर भई इटहरी उमनपा-५ बस्ने ३१ वर्षीय राजकुमार खड्काले बलात्कार गरेको भन्दै पीडितका आफन्तले भोलिपल्ट इलाका प्रहरी कार्यालय धरानमा उजुरी दिए। बालिकाको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा साउन २७ गते नै स्वास्थ्य परीक्षण भयो। आरोपित फरार रहे।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ३ सय ५७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएका १ सय ५३, खान/लाउन नदिएको १ सय ३३ र सामान्य घरायसी झगडाका ७१ घटना छन्। यीमध्ये प्रहरीले २ सय ४९ वटामा मिलापत्र गरायो भने १ सय ८ उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ७ | ७ |
| बलात्कार प्रयास | २ | २ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | ३० | ३० |
| जम्मा | ३२ | ३२ |

*गत वर्ष बलात्कार घटनामा १४, बलात्कार प्रयासका घटनामा चार, बेचबिखनका कारण एक र यौन दुर्व्यवहार घटनाका कारण दुईजना पीडित भएकामा यो वर्ष घरेलु हिंसाका कारण २०, बहुविवाहका कारण तीन, बलात्कारका घटनाबाट सात र बलात्कार प्रयासका घटनाबाट दुईजना पीडित भए।*

### अमानवीय व्यवहार

दुहवी नपा-८ की २६ वर्षीया सैरा खातुनलाई तलाक दिन नमानेको भन्दै दुहवी नपा-८ कै ३३ वर्षीय

मइर उद्दिन, ३२ वर्षीय अला उद्दिन, ३० वर्षीय सद्दाम हुसैन र ३४ वर्षीय भोला मियाले कुटपिट गर्दै २०७४ साउन १० गते १२ घण्टा इँटा बोकाएर यातना दिए। दुहवी नपा-८ का वडाध्यक्ष ४५ वर्षीय मेहदी हुसैनको रोहवरमा यसरी यातना दिइएको स्थानीय महबुल मियाले बताए। कुटपिटबाट गम्भीर घाइते भएकी खातुनको उपचार इनरुवा अस्पतालको एकद्वार सङ्कट व्यवस्थापन केन्द्रमा भयो। ३२ वर्षीय सुभान मियासँग विवाह गरेकी उनले पति विदेश गएपछि देवर ३० वर्षीय सुहान मियासँग पुन: विवाह गरेपछि मुस्लिम कानुनअनुसार तलाक दिन दबाब दिइएको थियो। गर्भवती पीडितलाई घरमा बस्ने अवस्था नभएपछि एक महिनासम्म जिल्ला महिला बालबालिका कार्यालयको सेफ हाउसमा राखिएकामा त्यसपछि भने आफन्तको शरणमा छिन्। उनले पीडिकविरुद्ध २०७४ भदौ ९ गते जिल्ला अदालतमा मुद्दा दायर गरे पनि फैसला भएन।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

४५ वर्षीया महिलालाई २०७३ फागुन २० गते मोरङ जिल्ला ग्रामथान गाउँपालिका-५ का २० वर्षीय सञ्जीप बिकले बलात्कार गरको भन्दै पीडितले सोही दिन इलाका प्रहरी कार्यालय धरानमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन २० गते नै इनरुवा अस्पतालमा भयो। उजुरी दिएकै दिन पक्राउ परेका आरोपितलाई अदालतले २०७४ जेठ २९ गते १० वर्ष कैद र पीडितलाई २० हजार रुपियाँ भराउने आदेश सुनायो।

**स्वास्थ्य सेवाको अवस्था**

सुनसरीमा एउटा जिल्ला अस्पताल, ४७ स्वास्थ्य चौकी र पाँच प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा १० डक्टरको दरबन्दी रहेकामा नौ दरबन्दी रिक्त छ। अहेवको १ सय ४१ दरबन्दी रहेकामा तीन दरबन्दी रिक्त छ। त्यस्तै ९४ जना अनमीको दरबन्दी रहेकामा सबै कार्यरत छन्। स्टाफ नर्स चार दरबन्दी रहेकामा एक खाली छ। यो जिल्लामा मेडिकल कलेजसहितको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान विश्वविद्यालय छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | | १ | १ |
| बलात्कार | १ | ११ | १२ |
| जम्मा | १ | १२ | १३ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | १ | | ५ | ६ |
| बलात्कार प्रयास | | | | २ | २ |
| बहुविवाह | | | | ३ | ३ |
| घरेलु हिंसा | | | १८ | २ | २० |
| जम्मा | १ | १ | १८ | १२ | ३२ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | ३ |

# १.१४ उदयपुर

**जम्मा जनसङ्ख्या**
३,३०,६१३

**महिला**
१,७८,४५०

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
८१,६१८

**कामका लागि बाहिरिएका**
२२,०६०

**अपाङ्गता भएका**
७,७८१

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
६५

**आश्रित जनसङ्ख्या**
१,४६,६८४

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| घाइते | ३ | ५ | ८ |
| बाल अधिकार | ३३ | | ३३ |
| महिला अधिकार | ३६ | | ३६ |
| हत्या | १ | | १ |
| जम्मा | ६१ | ५ | ६६ |

**उदयपुरमा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ५३ जना पीडित भएकामा सन् २०१७ मा ६६ जना पीडित भए।**

### विष्फोटक पदार्थद्वारा घाइते

कटारी नपा-७ रिस्कुका नेपाली काङ्ग्रेस, उदयपुर प्रदेश सभाका उम्मेदवार ६९ वर्षीय नारायणबहादुर कार्की, नेविसङ्घ नेतृ कटारी नपा-३ की २३ वर्षीया मीरा कटुवाल, उदयपुरगढी गाउँपालिका-८ की धनमाया धौलाकोटी, कटारी नपा-७ रिस्कुका ३६ वर्षीय राजन कार्की, प्रहरी जवान कटारी नपा-३ का ३५ वर्षीय कालीदास श्रेष्ठ, कटारी नपा-३ का पत्रकार ३० वर्षीय नवराज पौडेल र उदयपुरगढी गाउँपालिका-२ का ५१ वर्षीय गणेश पुरी सवार गाडीलाई लक्षित गरी २०७४ मङ्सिर १३ गते बिहान एम्बुस विष्फोट हुँदा गम्भीर घाइते भए। घाइते मध्ये उम्मेदवार कार्की र मीरा कटुवाललाई तत्कालै र अन्य घाइतेहरूलाई पनि उपचारका लागि सोही दिन साँझ काठमाडौँ लगियो। यो वर्षको अन्त्यसम्म घाइते सबै जनाको उपचार काठमाडौँको महाराजगञ्जस्थित शिक्षण अस्पतालमा भइरहेको छ। उम्मेदवार कार्कीको आँखा, हात र शरीरका विभिन्न अङ्गमा गम्भीर चोट लागेको थियो भने कटुवालको घुँडामुनीको

*विष्फोटमा परी घाइते भएका नारायणबहादुर कार्की*

भाग चुँडियो। कार्की २०७० सालमा क्षेत्र नं ३ बाट निर्वाचित संविधानसभा सदस्य हुन्। घटनामा संलग्न भएको आरोपमा जिल्ला प्रहरी कार्यालयले मङ्सिर १४ गते नेपाल कम्युनिष्ट पार्टीका जिल्ला सेक्रेटरी रामपुर ठोक्सिला बेलका नपा-४ का बाबुराम सुवेदी, उदयपुरगढी गाउँपालिका-५ का वलबहादुर पुलामी मगरलाई पक्राउ गरी मुद्दा चलाएकोमा जिल्ला अदालतले उनीहरूलाई पुस ११ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ५० जनाको छ। तर, ५६ कैदी र ८१ थुनुवा गरी १ सय ३७ जना छन्। महिला आठजना छन्। २०३७/३८ सालमा निर्माण भएको यो कारागारमा ६ वटा कोठामात्र रहेकाले भुइँमा सुत्नुपर्ने बाध्यता छ भने पिउने पानी र शौचालयसमेत अभाव छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुई न्यायाधीशको दरबन्दी रहेकामा दुवै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ २ सय ८६ र फौजदारीतर्फ ३ सय १३ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी १२ र फौजदारी १३ थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय २७ प्रावि, १ सय १७ निमावि, ६७ मावि र ४३ उमावि छन्। २ हजार १ सय ५५ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष ३१ हजार ९ सय २० जना छात्र र ३५ हजार ५९ जना छात्रा विद्यालय भर्ना भए। दलिततर्फ ४ हजार ५ सय ७२ छात्र र ५ हजार १० छात्रा भर्ना भए। जिल्लाभर अपाङ्गमैत्री विद्यालय छैनन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालबालिका बेचबिखन | ३ | ३ |
| बलात्कार | १७ | १७ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | ११ | ११ |

*गत वर्ष बालबालिकामाथि हुने हिंसाका घटनाबाट १६ जना पीडित भएकामा सन् २०१७ मा २२ जना पीडित भए। यो वर्ष बेचबिखनका कारण दुईजना, बलात्कार घटनाबाट १७ जना र यौन दुर्व्यवहार घटनाबाट तीन बालिका पीडित भए।*

### बलात्कारपछि हत्या

त्रियुगा नपा-९ की ३ वर्षीया निरुता राईलाई २०७४ कात्तिक ४ गते सोही ठाउँका २२ वर्षीय शङ्कर राईले बलात्कार गरी हत्या गरेको आरोपमा मृतक बालिकाका परिवारले जिल्ला प्रहरी कार्यालय बोक्सेमा भोलिपल्ट उजुरी दिए। शवको पोस्टमार्टम जिल्ला अस्पतालमा कात्तिक ५ गते भयो। घटनालगत्तै पक्राउ परेका आरोपितलाई अदालतले कात्तिक ३० गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### बलात्कार, यौन दुर्व्यवहार

सात वर्षीया बालिकालाई २०७४ भदौ १६ गते १५ वर्षीय बालकले बलात्कार गरेको आरोपमा पीडित पक्षले भदौ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको सोही दिन जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। उजुरीकै दिन पक्राउ परेका आरोपितलाई अदालतले असोज २३ गते बालक ठहर गर्दै पुर्पक्षका लागि बाल सुधार गृह विराटनगर पठाउने आदेश दियो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ६८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये ४९ घटनामा मिलापत्र भयो भने १९ उजुरी प्रक्रियामा छन्। घरेलु हिंसाअन्तर्गत ३९ शारीरिक यातना, २७ मानसिक यातना र दुई आर्थिक यातनासम्बन्धी उजुरी छन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ५ | ५ |
| बलात्कार प्रयास | ५ | ५ |
| बहुविवाह | ६ | ६ |
| घरेलु हिंसा | ३० | ३० |
| जम्मा | ३६ | ३६ |

*गत वर्ष घरेलु हिंसाका घटनामा ५९ जना पीडित भएकामा यस वर्ष २० जना पीडित भए। त्यसै गरी बलात्कारका घटनाबाट गत वर्ष पाँचजना पीडित भएकामा यस वर्ष पनि पाँच जना पीडित भए। यो वर्ष बहुविवाहका कारण ६ जना, बलात्कार प्रयासबाट पाँच जना पीडित भए।*

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

१९ वर्षीया महिलालाई २०७३ फागुन १४ गते सप्तरीको सुरुङ्गा नपा-१ स्थायी घर भई गाईघाट दिक्तेल सडक आयोजनाअर्न्तगत खोटाङ बराहपोखरी गाउँपालिका-३ दियालेमा सडक नालीको हेल्पर काम गर्दै आएका १९ वर्षीय प्रमोदकुमार सदाले बलात्कारको प्रयास गरेको आरोपमा पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। महिलाको सोही दिन जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। सोही दिन पक्राउ परेका आरोपितलाई अदालतले २०७४ जेठ २२ गते २ वर्ष ६ महिना कैद सजायको आदेश सुनायो।

**स्वास्थ्य सेवाको अवस्था**

उदयपुरमा दुई अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र र ४४ स्वास्थ्य चौकी छन्। जिल्लामा १९ डक्टरको दरबन्दी भए पनि सातजनामात्र कार्यरत छन्। आठजना स्टाफ नर्सको दरबन्दी रहेकामा चार जना कार्यरत छन्। त्यसैगरी १ सय ५२ जना अहेवको दरबन्दी रहेकामा ७९ जना कार्यरत छन् भने १ सय अनमीको दरबन्दी रहेकामा ८२ जना कार्यरत छन्।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालबालिका बेचबिखन | | १ | १ |
| बलात्कार | १ | १६ | १७ |
| यौन दुर्व्यवहार | | ३ | ३ |
| जम्मा | १ | ३० | ३१ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | | | | ४ | ५ |
| बलात्कार प्रयास | ३ | १ | | | ३ | ५ |
| बहुविवाह | | १ | | | ५ | ६ |
| घरेलु हिंसा | | ४ | १ | १ | १४ | ३० |
| जम्मा | ३ | ६ | १ | १ | ३५ | ३६ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

# प्रदेश २

- क्षेत्रफल : ५,६६१ वर्ग कि.मि.
- जनसङ्ख्या : ५४,०४,१४५
- साक्षरता प्रतिशत : ४५.७२
- जिल्ला : ८
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : ३२
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ६४
- महानगरपालिका : १
- उपमहानगरपालिका : ३
- नगरपालिका : ७३
- गाउँपालिका : ५५
- कूल वडा सङ्ख्या : १,२७१

# प्रदेश परिचय २

मधेसका आठ जिल्लाहरू मिलाएर प्रदेश २ बनाइएको छ । यस प्रदेशको जनसङ्ख्या ५४ लाख ४ हजार १ सय ४५ रहेको छ । यो प्रदेश ९ हजार ६ सय ६१ वर्ग किलोमिटरमा फैलिएको छ । यसमा प्रतिनिधि सभा निर्वाचन क्षेत्र ३२ वटा छन् भने प्रदेश सभा निर्वाचन क्षेत्र ६४ वटा छन् । प्रदेश २ का आठ वटै जिल्लामा चार/चार वटा निर्वाचन क्षेत्र रहेका छन् ।

यो प्रदेशका ४५.३० प्रतिशतले मैथिली, १८.५८ प्रतिशतले भोजपुरी, १४.६५ प्रतिशतले बज्जिका, ६.६७ प्रतिशतले नेपाली र बाँकी अन्यको उर्दु, थारु, तामाङ, मगर मातृभाषा बोल्छन् । यो प्रदेशमा १४.६२ प्रशित यादव, ११.६२ मुसलमान, ५.२७ प्रतिशत थारु, ५.०९ तेली प्रतिशत, ४.२१ चमार, ३.४६ धानुक, ३.०१ प्रतिशत मुसहर, २.८३ कुर्मी प्रतिशत, २.७९ दुशाध र अन्य जातजातिको सङ्ख्या ४२.५७ प्रतिशत रहेको छ। यस प्रदेशका मानिसहरूको प्रतिव्यक्ति आय ९ सय २२ डलर र औसत आयु ७०.४३ वर्ष रहेको छ।

समथर भूभाग भएका कारण कृषि उत्पादनको प्रचुर सम्भावना यस प्रदेशमा रहेको छ। यस प्रदेशमा रहेका पर्यटकीयस्थल, धार्मिक तथा सांस्कृतिक धरोहरको विकास गर्न सकिए पर्यटकको आगमन वृद्धि भई प्रदेशको अर्थतन्त्रलाई सकारात्मक प्रभाव पार्न सक्छ।

यस प्रदेशको अस्थायी राजधानी जनकपुर तोकिएको छ। प्रदेश सभाको बहुमतले राजधानी कहाँ राख्ने भन्ने निर्णय गर्न सक्ने संवैधाकि व्यवस्था भएकाले हाललाई अस्थायी केन्द्र तोकिएको हो।

## सन् २०१७ र मानव अधिकार अवस्था

यस प्रदेशमा सन् २०१७ मा राज्यपक्षबाट पाँच जनाको हत्या भएको अभिलेख भयो । धम्की तथा कुटपिटका घटनामा राज्यपक्षबाट नौ जना र गैरराज्यपक्षबाट ४७ जना पीडित भए। जातीय विभेदका घटनामा दुई जना, भेला तथा सङ्गठित हुने अधिकार बाट १ सय ४ जना, महिला अधिकार उल्लङ्घनका घटनामा ४ सय २३ जना, बाल अधिकार उल्लङ्घनका घटनामा १ सय ८ जना बालबालिका पीडित भएको अभिलेख छ।

### सन् २०१७ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



# २.१ सप्तरी




जम्मा जनसङ्ख्या
६,६५,४७०

महिला
३,४६,१७३

प्रतिनिधिसभा निर्वाचन क्षेत्र
४

प्रदेशसभा निर्वाचन क्षेत्र
८

गरिबीको रेखामुनि रहेको सङ्ख्या
२,५१,५७५

कामका लागि बाहिरिएका
२६,४३३

अपाङ्गता भएका
८,०४४

५ वर्षमाथिको साक्षरता प्रतिशत
६५

आश्रित जनसङ्ख्या
२,९६,६५७

**सप्तरीमा सन् २०१७ मा राज्य पक्षबाट पाँच पुरुषको तथा परिवारजनबाट एक बालक, तीन महिला र अज्ञात समूहबाट एक महिलाको हत्या भयो। यस अवधिमा प्रगतिशील तराई मुक्ति मोर्चाको गोली प्रहारबाट एक घाइते र एक एम्बुस विष्फोट, तराई जनतान्त्रिक मुक्ति मोर्चा (क्रान्तिकारी) बाट बम विष्फोटको दुई घटना भए। संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताबाट एमालेका नेतालाई मोसो दलेर दुर्व्यवहार गर्ने, बैठक पुस्तिका खोस्ने, च्यात्ने, घरदैलो कार्यक्रम रोक्ने, घरमा कालो झण्डा झुण्ड्याउने, बहिष्कार र दुर्व्यवहार गर्ने जस्ता कार्य भए।**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | ४ | ४ | | ४ | ४ |
| बाल अधिकार | | | १८ | | १८ |
| अमानवीय व्यवहार | | | | ४ | ४ |
| अपहरण | | | १ | | १ |
| महिला अधिकार | | | ६७ | | ६७ |
| अभिव्यक्ति भेला तथा सङ्गठित हुने अधिकार | | | | ३ | ३ |
| जातीय विभेद | | | १ | १ | ३ |
| कुटपिट | | | ३ | १५ | १८ |
| धम्की | | | ३ | | ३ |
| हत्या | ५ | ५ | ४ | १ | ५ |
| जम्मा | ९ | ९ | ९७ | ३७ | १२४ |

## नागरिक तथा राजनीतिक अधिकार सम्मानितरूपले बाँच्ने अधिकार

### हत्या

#### राज्यपक्षबाट

राजविराज नपा-९ का २६ वर्षीय सन्जन मेहता, सोही नपा-४ का ५० वर्षीय पिताम्बर मण्डल र अग्नीसाइर कृष्णासवरन गाउँपालिका-४ प्रसवनीका ४२ वर्षीय डिमन स्वास्थ्य चौकीका सिअहेव आनन्दकुमार साहको २०७३ फागुन २३ गते प्रहरीको गोली लागेर मृत्यु भयो। संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा, सप्तरीको आह्वानमा नेकपा (एमाले) को मेची/महाकाली अभियान बिथोल्न उत्रिएका बेला रुपनी गाउँपालिका-५ बसविट्टीमा भएको झडपमा सुरक्षाकर्मीले गोली प्रहार गरेको थियो। गोली लागेर घाइते भएका राजविराज नपा-९ मलेठका ३८ वर्षीय वीरेन्द्र मेहताको फागुन २५ गते र विष्णुपुर गाउँपालिका-१ कोटबीका

*प्रहरीको गोली लागी मृत्यु भएका सन्जन मेहता, पिताम्बर मण्डल, आनन्दकुमार साह, वीरेन्द्र मेहता र इन्द्र भनिने इनरदेव यादव*

५७ वर्षीय इन्द्र भनिने इनरदेव यादवको फागुन २७ गते उपचारका क्रममा धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मृत्यु भयो। शवहरूको पोस्टमार्टम धरानस्थित विपी प्रतिष्ठानमा फागुन २७ गते भयो। मृत्यु भएकाको सम्बन्धमा जिल्ला प्रहरी कार्यालयले फागुन २३ गते भवितव्य ज्यानको उजुरी दर्ता गऱ्यो। मृतकका परिवारलाई जनही १० लाख रुपियाँ दिने सरकारले घोषणा गऱ्यो भने जिल्ला सुरक्षा समितिले फागुन २६ गते मृतकलाई शहीद घोषणा, मृतक परिवारका एक सदस्यलाई रोजगारीको व्यवस्था र घटनाको छानबिनका लागि उच्चस्तरीय न्यायिक छानबिन समिति गठन गर्न गृह मन्त्रालयमा लेखी पठाउने निर्णय गऱ्यो। पीडित पक्षहरूले फागुन २७ गते शव बुझेर फागुन २८ गते दाहसंस्कार गरे। राजविराजस्थित प्रमुख जिल्ला अधिकारीको निवासमा आयोजित कार्यक्रममा गृह मन्त्री विमलेन्द्र निधीले मृतकका परिवारलाई जेठ ३ गते राहतस्वरूप १० लाख रुपियाँको चेक दिए। सोही घटनामा सुरक्षाकर्मीको गोली लागेर छिन्नमस्ता गाउँपालिका-७ हाटीका दिलिप यादव, राजविराज नपा-६ खर्साल टोलका १३ वर्षीय सुरेन्द्र साह, अग्नीसाइर कृष्णासवरन गाउँपालिका-४ का जिल्ला बार एकाइका कोषाध्यक्ष एवम् व्यापारी ४३ वर्षीय दिगम्बर यादव र गोलीको छर्रा लागेर हनुमाननगर कङ्कालिनी नपा-१४ डलवाका अरूणकुमार यादव घाइते भए। घाइतेहरूको धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो।

### गोली/विष्फोटक पदार्थद्वारा घाइते/क्षति

#### गैरराज्यपक्षबाट

राजविराज नपा-८ स्थित नापी कार्यालयमा अखिल तराई जनतान्त्रिक मुक्ति मोर्चा (क्रान्तिकारी) ले २०७४ वैशाख २९ गते अपराह्न शक्तिशाली कुकर बम विष्फोट गरायो। जसबाट एउटा साइकलमा क्षति भयो। विष्फोट गराएको आरोपमा प्रहरीले जेठ १३ गते विष्णुपुर गाउँपालिका-७ का १९ वर्षीय आदित्य शर्मालाई राजविराज नपा-६ बाट एक थान पेस्तोल र सोमा प्रयोग हुने दुई राउण्ड गोली, पाँच सय ग्राम लागु औषध गाँजा, जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी) को पर्चासहित पक्राउ गऱ्यो। उनको बयानका आधारमा रुपनी गाउँपालिका-१ का ३३ वर्षीय मो. नसिरलाई जेठ १४ गते राजविराज नपा-५ बाट पक्राउ गऱ्यो। मोर्चा (क्रान्तिकारी) का संयोजक जयकृष्ण गोइतले भने ती व्यक्ति आफ्ना कार्यकर्ता नभएको बताए। प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवालको आदेशमा आरोपितहरू असार १३ गतेदेखि पुपर्क्षका लागि थुनामा छन्।

बोदेबर्साइन नपा-१ स्थित इलाका प्रशासन कार्यालय रहेको घरमा तराई जनतान्त्रिक मुक्ति मोर्चा (क्रान्तिकारी) ले २०७४ जेठ ६ गते बिहान शक्तिशाली कुकर बम विष्फोट गरायो। रोहित साहको घरको तल्लो तलामा रहेको हरिशङ्कर साहको किराना पसलमा बम विष्फोट हुँदा पसलको झ्यालको सिसा र सोकेस दराजको सिसा फुटेर क्षति भयो। माथिल्लो तलामा रहेको इलाका प्रशासन कार्यालयमा भने कुनै क्षति भएन। पीडक फेला परेनन्।

इलाका प्रहरी कार्यालय कडरबोनाको वा. १ झ ७३९२ नम्बरको भ्यानमा सप्तरी प्रगतिशील तराई मुक्ति मोर्चाले २०७४ साउन २१ गते राति प्रेसर कुकर बम विष्फोट गराई क्षति पुऱ्यायो। गस्तीमा हिँडेको प्रहरी भ्यानलाई लक्षित गरी सुरूङ्गा नपा-६ श्रीपुर गाउँस्थित सडकमा खाल्डो खनी बिछ्याएको एम्बुस विष्फोटले अगाडिको भाग क्षतिग्रस्त भयो। साउन ४ गते अस्तित्वमा आएको सो समूहका संयोजक

सिजनले साउन २१ गते राति बम विष्फोट गराएको जिम्मा लिए। आरोपित पत्ता लागेका छैनन्।

**अज्ञात समूहबाट**

सुरूङ्गा नपा-६ स्थित त्रियुगा डिस्टिलरी प्रालिका सुरक्षा गार्ड मोरङ जिल्ला सुन्दरहरैचा नपा-६ का २५ वर्षीय नवराज कोइरालामाथि अज्ञात समूहले असोज २४ गते राति गोली प्रहार गऱ्यो। दाहिने छातीमा गोली लागेका पीडितको सिरहा जिल्ला लहान नपा-३ स्थित सप्तऋषि अस्पतालमा उपचार भयो। पैदल आएका आरोपित राजमार्गमा रोकिराखेको मोटरसाइकलमा चढेर भागेको पीडितले बताए। प्रगतिशील तराई मुक्ति मोर्चाका सिजन भन्नेले मेनेजरसँग फोनमार्फत केही दिनअगाडि आर्थिक सहयोग माग गरेको मेनेजर नायकले बताए। यसबारे उजुरी परेन भने आरोपित पनि फेला परेनन्।

**अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार**

नेपाल मजदूर किसान पार्टीको भातृ सङ्गठन नेपाल क्रान्तिकारी किसान सङ्घको राजविराज नपा-१ स्थित हरिनन्देश्वर महादेव मन्दिरको प्राङ्गणमा भइरहेको दोस्रो राष्ट्रिय अधिवेशन उद्घाटनको ब्यानर, झण्डा च्यात्दै अध्यक्ष नारायणमान बिजुक्छेविरूद्ध नाराबाजी गरेर २०७३ माघ २८ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले बिथोल्ने प्रयास गरे। यस क्रममा प्रहरीले ४८ जनालाई पक्राउ गरेर सोही दिन अपराह्न रिहा गऱ्यो।

नेकपा (एमाले) का क्षेत्रीय अध्यक्ष सत्यनारायण यादवसँग रहेको बैठक पुस्तिका २०७३ फागुन ११ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले बोदेबर्साइन नपा-७ बाट खोसेर लगे। त्यसैगरी २०७३ फागुन १२ गते बथनाहामा गरिन लागेको नेकपा (एमाले) को २ नम्बर क्षेत्रीय भेला संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा सप्तरीका कार्यकर्ताले बिथोलेर हुन दिएनन्।

नेकपा (एमाले) को मेची-महाकाली अभियानलाई सफल बनाउन आह्वान गर्दै जिल्ला अध्यक्ष गोविन्द न्यौपानेको नेतृत्वमा २०७३ फागुन १९ गते राजविराजमा घरदैलो कार्यक्रममा निक्लिएका एमालेका नेता/कार्यकर्तालाई कालो झण्डा र लाठीसहित निस्किएको मोर्चाका नेता/कार्यकर्ताले रोक लगाए। एमाले सप्तरीले मोर्चाको अलोकतान्त्रिक प्रवृत्तिको विज्ञप्तिमार्फत खेद व्यक्त गऱ्यो।

नेकपा (एमाले) सप्तरीका उपसचिव ५० वर्षीय प्रतापनारायण चौधरीलाई राजविराज नपा-१ स्थित मालपोत कार्यालयअगाडि संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले २०७३ फागुन २० गते मोसो दलेर दुर्व्यवहार गरे। मेची-महाकाली राष्ट्रिय अभियानको तयारी बैठक गरी घर फर्किरहेका चौधरी चढेको मोटरसाइकल १०-१२ वटा मोटरसाइकलमा आएका मोर्चाका स्थानीय नेता/कार्यकर्ताले घेराउ गरी दुर्व्यवहार गर्दै मोसो दलेर भागेका थिए। त्यसैगरी नेकपा (एमाले) का जिल्ला सचिव ४५ वर्षीय शम्भु यादवलाई जिल्ला पार्टी कार्यालय आइरहेका बेला मोर्चाका कार्यकर्ताले २०७३ फागुन २० गते बाटोमा कुटपिट र दुर्व्यवहार गर्दै पार्टीको दस्तावेज र १४ हजार ३ सय रुपियाँ रहेको झोलासमेत खोसे। मोर्चाका कार्यकर्ताले उनलाई राजनीति नगर्न वा एमाले पार्टी परित्याग गर्न चेतावनी दिँदै धम्क्याए। मोर्चा कार्यकर्ताले पीडितको बेल्ही चपेना गाउँपालिका-३ स्थित घरमा गई उनकी पत्नी ईन्दु यादवलाई समेत धम्क्याउँदै घरमा आगो लगाइदिने चेतावनीसमेत दिए।

नेकपा (एमाले) को झण्डा बाँधेर २०७३ फागुन २३ गते रुपनी गाउँपालिका-५ स्थित गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रमा भइरहेको एमालेको मेची-महाकाली राष्ट्रिय अभियानको सभातर्फ गइरहेका नेकपा (एमाले) सप्तरीका जिल्ला सदस्य बोदेबर्साइन नपा-७, का ५५ वर्षीय देवचन्द्र झालाई राजविराज नपा-८ स्थित सडक कब्जामा लिएर प्रदर्शन गरिरहेका मोर्चाका कार्यकर्ताले मोसो दलेर दुर्व्यवहार गर्नुका साथै कुटपिट गरेर कमिजसमेत च्यातिदिए। एमालेको सभातर्फ साइकलमा गइरहेका रुपनी गाउँपालिका-२ का ६१ वर्षीय लखन रामलाई रुपनी गाउँपालिका-५ मा कुटपिट गर्दै उनको साइकल तोडफोड गरे। राजविराज नपा-१० का पशुपति यादवलाई राजविराज नपा-९ मा मोर्चाका कार्यकर्ताले फागुन २३ गते दुर्व्यवहार गर्दै कुटपिट गरी घाइते बनाए। पीडितको टाउको फुट्यो भने दायाँ हातको औंला नै भाँच्चियो। घाइतेको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार भयो। एमालेको कार्यक्रममा जुलुससहित आइरहेका राजविराज नपा-१० का ७५ वर्षीय बेचन सदा, सोमन सदा, चौठी सदा, सोनाइ सदा र सोही नपाका बेचु खड्गलाई मोर्चा कार्यकर्ताले कुटपिट गरेर घाइते बनाए। तर, कुटपिट तथा दुर्व्यवहारमा संलग्न कसैलाई पनि कारबाही भएन।

राजविराज नपा-६ का ५० वर्षीय अधिवक्ता सुजित पोखरेललाई राजविराज नपा-१ स्थित अदालत अगाडि रहेको उनको ल फर्मअगाडि संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले २०७३ फागुन २४ गते मोसो दलेर दुर्व्यवहार गरे। उच्च अदालत राजविराज इजलास बार एकाइले घटनाको निन्दा गर्दै भर्त्सना गऱ्यो। तर, कारबाही भएन।

नेकपा (एमाले) समर्थकलाई सामाजिक बहिष्कार गर्न संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा सप्तरीको बैठकले २०७३ फागुन २४ गते निर्णय नै गऱ्यो। त्यसपछि मोर्चाका प्रदर्शनकारीले एमाले समर्थकहरूको घर, स्कुल आदिमा ढुङ्गामुढा गर्न थालेपछि समर्थकले राजविराज बजार छाडी लुकेर बस्नुपर्ने अवस्था सिर्जना भयो। तर, पीडकलाई कारबाही भएन।

राजविराज नपा-४ स्थित घरमा नेकपा (एमाले) का केन्द्रीय सदस्य सुमनराज प्याकुरेलकी पत्नी ५४ वर्षीया ज्योति प्याकुरेल र बुहारी ३० वर्षीया रक्तिम प्याकुरेललाई २०७३ चैत १५ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा सप्तरीका कार्यकर्ताले दुर्व्यवहार गरे। पीडितहरू चढ्न लागेको बा १० ज ५४३७ नम्बरको गाडी घेराउ गरी उनीहरूले नाराबाजी गर्दै दुर्व्यवहार गरेका थिए। प्याकुरेल परिवारलाई त्यहाँबाट उद्धार गरी प्रहरीले सकुशल विराटनगर पठाएको प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटवालले बताए। दुर्व्यवहार गर्नेलाई कारबाही भएन।

नेकपा (एमाले) द्वारा सुरूङ्गा नपा-५ कुशहामा २०७३ चैत २६ गते आयोजित महिला भेलामा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले अवरोध गर्ने प्रयास गरे। कार्यक्रम बिथोल्न खोजेको आरोपमा प्रहरीले सद्भावना पार्टीका केन्द्रीय सदस्य दिनेशकुमार यादव र मोर्चाका नेता ब्रमा ठाकुरलाई पक्राउ गरी पाँच घण्टापछि रिहा गऱ्यो।

सप्तकोशी नपा-५ कमलपुरस्थित नेकपा (एमाले) स्थायी कमिटी सदस्य एवम् प्रदेश नं. २ का संयोजक सत्यनारायण मण्डलको घरमा २०७३ चैत २७ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले कालो झण्डा झुण्ड्याए। मोर्चाका जिल्ला संयोजक दिनेशकुमार यादवको नेतृत्वमा मोटरसाइकल ऱ्यालीसहित गएको मोर्चाका कार्यकर्ताले पूर्वखेलकुद मन्त्री मण्डलको घरमा उनका ६० वर्षीया पत्नी र २१ वर्षीया बुहारी अस्मिता मण्डलमात्र भएका गालीगलौजसमेत गरेको मण्डलले बताए।

नेपाली कङ्ग्रेसले छिन्नमस्ता गाउँपालिका-५ स्थित राप्रावि लोखरममा २०७३ चैत २७ गते आयोजना गरेको चुनावी सभालाई संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले बिथोले। झडपको सम्भावना भएपछि कार्यक्रम स्थगित गरेको कङ्ग्रेसका नेता शम्भुलाल देवले बताए।

महादेवा गाउँपालिका-१ स्थित नरबहादुर थापा मावि सोनराका प्रधानाध्यापक ५० वर्षीय प्रदीपकुमार चौधरीलाई २०७४ असार ८ गते सोही ठाउँका ५२ वर्षीय हरिनारायण यादव, ३७ वर्षीया राखी यादव र ३० वर्षीया निशा यादवले दुर्व्यवहार गरे। प्रधानाध्यापकको कार्यकक्षमा तालाबन्दी गर्नुका साथै मोसो दल्ने र जुत्ताको माला लगाउने प्रयास गरेको आरोपमा प्रहरीले आरोपितहरूलाई असार ८ गते पक्राउ गऱ्यो। आरोपितहरूलाई जिल्ला प्रशासन कार्यालयले २०७४ असार १३ गते साधारण तारेखमा रिहा गऱ्यो। प्रधानाध्यापकमाथि विद्यालयमा अनियमितता गरेको आरोप लाग्दै आएको छ।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय २५ जनाको छ। जहाँ कैद तोकिएका १ सय ८२ र नतोकिएका १ सय ५ जना गरी २ सय ८७ कैदी/बन्दी छन्। जसमा महिला १६ जना छन्। तीन वर्षीय एक आश्रित बालिका छिन्। यो कारागारमा ७० वर्षमाथिका आठजना कैदी/बन्दी रहेका कारागार प्रमुख कृष्ण दाहालले जानकारी दिए। २०१० सालमा बनेको यस कारागारको पुरुष बस्ने भवन जीर्ण छ।

यो वर्ष यस कारागारमा दुई कैदीको मृत्यु भयो। कर्तव्य ज्यान मुद्दामा जन्म कैद सजाय भोगिरहेका डाँढा गाविसका पूर्व अध्यक्ष महादेवा गाउँपालिका-४ का ७१ वर्षीय नथुनी यादवको मधुमेह र झाडापखालाका कारण २०७३ चैत २१ गते उपचारका क्रममा राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा मृत्यु भयो। यस्तै नागरिकता किर्ते मुद्दामा कैदी जीवन बिताइरहेका क्षयरोगी, चिनी र फोक्सोमा पानी जमेका बिरामी तिलाठीका चारूचन्द्र मिश्रको २०७४ जेठ २० गते उपचारका क्रममा मृत्यु भयो।

बन्दीहरू ठाउँ नपुगेर चिसो भुइँमा वरण्डा, भान्सामा कोचाकोच भएर सुत्छन्। यही कारण बेलाबेलामा कैदी/बन्दीबीच झडपसमेत हुने गरेको छ

भने भाइरल ज्वरो जस्ता रोगको प्रकोप पनि फैलने गरेको छ। चौकिदार जितेन्द्रप्रसाद यादवका अनुसार मानसिक सन्तुलन गुमेका दुईजना कैदीसमेत सँगै भएकाले सबैलाई समस्या थपिएको बताए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सप्तरीमा जिल्ला अदालत र उच्च अदालतको इजलास छन्। जिल्ला अदालतमा नौ न्यायाधीशको दरबन्दी रहेकामा पाँचजना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ २ हजार ८ सय ६३ र फौजदारीतर्फ १ हजार ७१ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी ३ सय ८३ र फौजदारी १ सय ४५ थान छन्। अदालतमा प्रतिन्यायाधीश मुद्दा सङ्ख्या ७ सय ८७ वटा पर्छ।

यसैगरी ११ न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत जनकपुर, राजविराज इजलासमा ६ जना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ३ सय ६९ र फौजदारीतर्फ १ सय ३२ थान छन्। दुई वर्ष पुराना मुद्दा देवानी ३ सय ६९ र फौजदारी ७६ थान छन्। रिट निवेदन परेका ५ सय ३१ मध्ये १ सय ४२ फैसला भएका छन् भने सुरु मुद्दा परेका ६७ थानमध्ये १९ थान फैसला भएको छ। रिटतर्फ दुई वर्ष नाघेका दुई र सुरु मुद्दातर्फ चार थान छन्।

न्यायपरिषद्द्वारा २०७३ पुस २८ गते समानुपातिक समावेशिताको सिद्धान्त प्रतिकूल उच्च अदालतका न्यायाधीशहरूको नियुक्ति गरेको भन्दै विरोधस्वरूप माघ ११ गतेदेखि इजलास बहिष्कार गर्दै आएका कानुन व्यवसायीले माघ २४ गते राजविराजस्थित उच्च अदालत जनकपुर राजविराज इजलास र जिल्ला अदालतको मुख्य ढोकामा धर्ना दिए।

## बाल अधिकार

### शिक्षाको अवस्था

*सप्तरीमा २ सय ३६ प्रावि, ९९ निमावि, ४४ मावि र ३३ उच्चमावि छन्। एउटा सरकारी क्याम्पस छ। स्थायी १ हजार ८ सय ३१ र राहत ७ सय ६६ गरी २ हजार ५ सय ९७ शिक्षक दरबन्दीमध्ये २ हजार ५ सय २७ कार्यरत छन्। २१ जना अपाङ्गता भएका शिक्षक छन्। यस वर्ष सामुदायिक विद्यालयतर्फ ५७ हजार ७ सय ३ छात्रा र ४६ हजार ७ सय १७ छात्र भर्ना भए। अझै पनि जिल्लाभर विद्यालयभन्दा बाहिर ६ हजार ५ सय ४५ बालिबालिका छन्। यस वर्ष जनही चार सय रुपियाँका दरले कक्षा एकदेखि आठसम्मका १२ हजार १ सय ८ दलित बालक र १३ हजार ४ सय ५२ दलित बालिकालाई गरी १ करोड २ लाख २४ हजार रुपियाँ छात्रवृति प्रदान गरियो। जिल्ला शिक्षा कार्यालयको बजेट २६ करोड ६९ लाख ९९ हजार रुपियाँ छ।*

*अरनीसाइर कृष्णासावरन गाउँपालिका-३ स्थित सूर्य इङ्गलिस बोर्डिङ स्कुलमा अज्ञात समूहले २०७३ फागुन २१ गते राति गरेको आगजनीले स्कुलको फुसको घर भएको ब्लक पूर्णरूपले क्षतिग्रस्त भयो।*

*साउनको अन्तिम साता आएको बाढीका कारण विद्यालय डुबानमा परेपछि करिब एक महिना तिलाठी, कोइलाडी, को. बर्साइन, बमनगामा कट्टी, कुशहा, हनुमाननगर कङ्कालिनी, मधवापुर, रम्पुरा मल्हनिया, सकरपुरा, कञ्चनरूप, प्रसवनीलगायतका ७५ वटा विद्यालयको पठनपाठन बन्द रह्यो। राजविराज नपा-२ स्थित राजदेवी राप्रावि, त्रिकोल, मधवापुर अर्जी टोलका विद्यालय एक सातासम्म विस्थापितको आश्रयस्थल बन्यो।*

*सप्तरीमा यो वर्ष बलात्कारका घटनामा बोल्न नसक्ने अपाङ्गता भएका १३ वर्षीया दुई बालिकासहित ११ जना पीडित भए। यौन दुर्व्यवहार का घटनामा ६ जना पीडित भए। गत वर्ष बलात्कार का घटनामा नौजना, यौन दुर्व्यवहारका घटनामा नौ जना, बेचबिखनबाट एकजना र विद्यालयमा दिइएको शारीरिक सजायबाट एकजना पीडित भएका थिए। यो वर्ष बालविवाहका कारण एक बालिका पीडित भइन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालविवाह | १ | १ |
| बलात्कार | ११ | ११ |
| यौन दुर्व्यवहार | ६ | ६ |
| जम्मा | १८ | १८ |

### हत्या

डाक्नेश्वरी नपा-५ का तीन वर्षीय रामअवतार खड्ग मण्डललाई २०७३ माघ २३ गते दिउँसो उनकै काकी २५ वर्षीया उर्मिलादेवी खड्ग मण्डलले घाँटी थिचेर हत्या गरेको आरोपमा पीडित पक्षले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा

उजुरी दियो। शवको पोस्टमार्टम माघ २४ गते गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पताल र ाजविराजमा गरियो। आरोपितका पाँच वर्षीय छोरा विकास खड्ग मण्डलले रामअवतारलाई आफ्नी आमाले हत्या गरेर पातको थुप्रोमा लुकाएको बताएपछि लाश फेला परेको थियो। घटनालगत्तै पक्राउ परेकी आरोपितलाई अदालतले २०७३ फागुन १२ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो।

**बलात्कार, यौन दुर्व्यवहार**

१३ वर्षीया बोल्न नसक्ने अपाङ्गता भएकी बालिकालाई २०७४ भदौ २२ गते बलात्कार गरेको आरोपमा रूपनी गाउँपालिका-२ का ४२ वर्षीय विलैतिया भनिने देवनारायण यादवविरुद्ध पीडितका ६३ वर्षीय बुबाले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। भदौ २३ गते पक्राउ परेका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २ सय ८३ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ४७, खान/लाउन नदिएको ४७, विवाह दर्ता र नागरिकता नबनाएको ११, अर्की श्रीमती ल्याएर हेला गरेको ३०, दाइजोका कारण कुटपिट गरिएको ११ र सामान्य घरायसी झगडाका १ सय ३७ घटना छन्। यीमध्ये प्रहरीले ५५ वटामा मिलापत्र गरायो भने चार उजुरी कानुनी प्रक्रियामा रहेको केन्द्रले जानकारी दियो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बोक्सीको आरोप | ४ | ४ |
| बलात्कार | १० | १० |
| बलात्कार प्रयास | ८ | ८ |
| बहुविवाह | ७ | ७ |
| घरेलु हिंसा | ३६ | ३६ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | ६७ | ६७ |

*यो वर्ष जिल्लामा बलात्कारमा १०, बलात्कार प्रयासमा आठ र यौन दुर्व्यवहारमा दुई जना पीडित भए। गत वर्ष घरेलु हिंसाका घटनामा २ सय ३८ जना पीडित भएकामा यो वर्ष यस्ता घटना ३६ जना पीडित भए। त्यसैगरी बोक्सीको आरोपमा चार र बहुविवाहका कारण सात महिला पीडित भए।*

**परिवारजनबाट हत्या**

रुपनी गाउँपालिका-१ की २९ वर्षीया प्रभाकुमारी चौधरीलाई २०७४ भदौ ९ गते ससुरा ६७ वर्षीय देवनारायण चौधरीले कुटपिट गरी हत्या गरेको भन्दै मृतकका दाजु हरि चौधरीले भदौ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पताल राजविराजमा भदौ १० गते पोस्टमार्टम भयो। आरोपित पक्राउ परेनन्।

बोदेबर्साइन नपा-३ गौराकी ४० वर्षीया ललितादेवी यादवलाई २०७४ कात्तिक २८ गते बिहान पति ४२ वर्षीय जयप्रकाश यादवले खेतमा घाँटी रेटेर हत्या गरेको भन्दै ससुरा नन्कु यादवले इलाका प्रहरी कार्यालय कल्याणपुरमा सोही दिन उजुरी दिए। शवको पोस्टमार्टम लहानस्थित रामकुमार उमाप्रसाद शारदा स्मारक अस्पतालमा कात्तिक २८ गते भयो। पति-पत्नीबीच केही दिनदेखि पारिवारिक कलह र विवाद भइरहेको र कात्तिक ९ गते पनि खुकुरी प्रहार गरी पत्नीलाई घाइते बनाएको छिमेकीले बताए। आरोपितलाई अदालतले मङ्सिर २५ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

शम्भुनाथ नपा-३ की ४० वर्षीया कुसुमदेवी चौधरी पाण्डेलाई घरायसी विवाद हुँदा पति ४५ वर्षीय महेश पाण्डेले २०७४ मङ्सिर १ गते ओखलको फलामे मुस्लोले टाउकोमा प्रहार गरी गम्भीर घाइते बनाएकामा उपचारकै क्रममा मङ्सिर १० गते मृत्यु भएको भन्दै मृतककी छोरी कविता पाण्डेले जिल्ला प्रहरी कार्यालयमा सोही दिन उजुरी दिइन्। भोलिपल्टै पक्राउ परेका आरोपितलाई अदालतले २०७४ पुस १२ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

१९ वर्षीया सुस्त मनस्थितिकी महिलालाई २०७४ जेठ ७ गते बलात्कार गरेको आरोपमा कृष्णासवरन गाउँपालिका-२ का २६ वर्षीय

जयनारायण पौडेलविरुद्ध पीडितकी आमाले इलाका प्रहरी कार्यालय, कञ्चनरूपमा सोही दिन उजुरी दिइन्। पीडितको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जेठ ७ गते स्वास्थ्य परीक्षण भयो। लगत्तै पक्राउ परेका आरोपितलाई अदालतले जेठ ३१ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**अमानवीय व्यवहार**

रुपनी गाउँपालिका-२ की ४० वर्षीया विणादेवी साहलाई २०७४ असार ५ गते साँझ सोही ठाउँका ३७ वर्षीय शिवकुमार मण्डल, उनका भाइ ३२ वर्षीय चन्द्रशेखर मण्डल र ३५ वर्षीय धर्मदेव मण्डलले बोक्सीको आरोप लगाई गालीगलौज र कुटपिट गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयमा असार ९ गते उजुरी दिइन्। आफूलाई कपाल समातेर घिसार्दै आगो लगाई जलाउने प्रयाससमेत गरेको पीडितले बताइन्। आफ्नी आमालाई कुटिरहेको दृष्य मोबाइलबाट खिचिरहेकी छोरी १८ वर्षीया सरीता साहलाई समेत आरोपितले कुटपिट गर्दै मोबाइल खोसेका थिए। आरोपितहरू पक्राउ परेनन्।

शम्भुनाथ नपा-५ मोहनपुरकी ३५ वर्षीया सुनीताकुमारी साहलाई उनकै घरमा २०७४ भदौ १७ गते साँझ सोही ठाउँका ५८ वर्षीय पुलकित साह, उनकी पत्नी ५५ वर्षीया सोनादेवी दास, उनका छोरा २५ वर्षीय रामनारायण साह र बुहारी २२ वर्षीया गीताकुमारी साहले बोक्सीको आरोप लगाई लछारपछार गरी मलमूत्र खुवाउने प्रयास गरेको आरोप लगाउँदै पीडितले इलाका प्रहरी कार्यालय कल्याणपुरमा भदौ १८ गते उजुरी दिइन्। तर आरोपितहरू पक्राउ परेनन्।

**दुर्व्यवहार**

शम्भुनाथ नपा-२ खोक्सर प्रवाहा कनकपट्टीकी २८ वर्षीया पुनमदेवी साहलाई २०७३ माघ १४ गते सोही ठाउँकी ४८ वर्षीया रफिदन खातुन, निजकी छोरी २८ वर्षीया महिरून खातुन, छोरा २१ वर्षीय लुकमान मियाँ, ३० वर्षीय मो. जालम मियाँ, ३५ वर्षीया जमिला खातुन र ५२ वर्षीय भुवन साहले बोक्सी भन्दै कुटपिट गर्दा उनको पाँच महिनाको गर्भपतन भयो। आरोपितले आफ्नो घरछेउमा बोक्सीलाई घर बनाउन नदिने भन्दै कुटपिट गरेका पीडितले बताइन्। गर्भपतन भएको भ्रुणको पोस्टमार्टम धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा माघ २० गते भयो। माघ १९ गते पक्राउ परेका रफिदनलाई अदालतले फागुन १७ गते २५ हजार रुपियाँ धरौटी लिइ छाड्न आदेश दियो। चैत २८ गते अदालतमा हाजिर हुन पुगेका भुवनलाई २५ हजार, वैशाख ५ गते पुगेका लुकमान र महिरुन तथा वैशाख ७ गते गएका जमिला र जालमलाई जनही १५ हजार रुपियाँ धरौटीमा छाड्ने आदेश सुनायो।

## सबै प्रकारका जातीय विभेद

बोदेबर्साइन नपा-८ का ४२ वर्षीय लीलाधर दास तत्मा र उनकी पत्नी ३५ वर्षीया दुखनीदेवी दास तत्मालाई २०७४ असार १३ गते साँझ ग्राम डिहवार थान मन्दिरमा असारी पूजा गर्न गएका बेला सोही ठाउँका ४५ वर्षीय राजकुमार यादव, ३० वर्षीय काशिन्द्र यादव, ५५ वर्षीय रामचन्द्र यादव, ४२ वर्षीय सकलदेव यादव र ४१ वर्षीय जितेन्द्र साहले 'तल्लो जातको भएर मन्दिरभित्र पस्ने' भन्दै कुटपिट गरेको आरोपमा पीडितले सोही दिन इलाका प्रहरी कार्यालय बोदे बर्साइन र असार १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। लीलाधरको कुमको हड्डी नै भाँचिएको छ भने उनकी पत्नी दुखनीलाई चोट लागेको छ। तर, आरोपित पक्राउ परेनन्।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संरचना/सम्पत्ति क्षति**

राजविराज नपा-१ स्थित राजविराज नगरपालिका कार्यालय र सोही नपा-८ स्थित जिल्ला शिक्षा कार्यालयमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका प्रदर्शनकारीले २०७३ फागुन ११ गते ढुङ्गा प्रहार गरी तोडफोड गरे। संविधान संशोधन नगरी स्थानीय निकायको निर्वाचन घोषणा गरेको विरोधमा मोर्चाले गरेको बन्द आह्वान अवज्ञा गरेको भन्दै तोडफोड गरेका थिए।

राजविराज नपा-६ स्थित राधा पोखरेलको घरमा भाडामा रहेको स्थानीय शान्ति समितिको कार्यालयमा २०७३ फागुन २४ गते दिउँसो संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले आगजनी गरेर क्षति पुऱ्याए। सोही दिन गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र प्रमुखको कार्यकक्षमा पनि आगजनी गरे। उनीहरूले आमसभाका लागि बनाइएको मञ्चका सामग्री लैजानुका साथै छेउमा रहेको मिलन डेरी उद्योगमा पनि ढुङ्गा प्रहार गरी क्षति पुऱ्याए।

*मधेसी मोर्चाका कार्यकर्ताहरूले आगजनी गरेका स्थानीय शान्ति समितिको कार्यालय र तोडफोड गरेको राष्ट्रिय मानव अधिकार आयोगको गाडी*

राजविराज नपा-९ स्थित प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको घरमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले २०७३ फागुन २५ गते ढुङ्गा प्रहार गरे। २० वटा मोटरसाइकलमा पुगेका आक्रोशित मोर्चाका कार्यकर्ताले गालीगलौज गर्दै ढुङ्गामुढा गरेका थिए। यसैगरी प्याब्सनका केन्द्रीय सदस्य एवम् राष्ट्रिय योजना आयोगका पूर्वसदस्य प्रा. डा. कामानन्द देवको राजविराज नपा-९ स्थित लिटिल फ्लावर सेकेन्डरी स्कुलमा पनि सोही दिन तोडफोड गरे।

राजविराज नपा-६ स्थित जिल्ला निर्वाचन कार्यालयको बोर्ड निकालेर संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले राजविराज नपा-५ मदननगरस्थित नेकपा (एमाले) जिल्ला पार्टी कार्यालयमा लगी पार्टीको झण्डासँगै फागुन २५ गते आगजनी गरे।

राजविराज नपा-४ मा स्थित भूमि सुधार कार्यालयमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले २०७३ फागुन २६ गते आगजनीको प्रयास गरे।

विष्णुपुर गाउँपालिका-१ जमुनी मधेपुरास्थित जनता आधारभूत विद्यालय प्रसाहीको पर्खालमा २०७३ चैत १५ गते साँझ सोही ठाउँका २५ वर्षीय जितेन्द्र यादव र २१ वर्षीय धर्मेन्द्र यादवले तोडफोड गरी क्षति पुऱ्याए। आरोपितहरूलाई जिल्ला प्रशासन कार्यालयले चैत २५ गते जनही ३३ हजार रुपियाँ धरौटीमा छाड्ने आदेश दियो।

नागरिक तथा राजनीतिक अधिकारका ११ तथा भौतिक संरचना, सम्पति क्षतिका १६ घटना सङ्कलित भए। क्षतिका १६ घटनामा ४५ वटा सवारी साधन, कार्यालय भवनलगायतमा नोक्सान भयो। संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र राजपाको आन्दोलनका कारण यस अवधिमा संरचना, भौतिक सम्पति क्षति भए भने अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकारमा अवरोध पुग्यो। राष्ट्रिय मानव अधिकार आयोगको बा.७ च ७४७३ र ७४७९ नम्बरको गाडी, सांसद रन्जु झा चढेको बा.१ झ ८४८९ नम्बरको गाडीमा तोडफोड भयो। राजविराज नपा- ९ स्थित लिटिल फ्लावर सेकेण्डरी स्कुल, प्रमुख निर्वाचन आयुक्तको घर, सांसद रन्जु झाको सम्पर्क कार्यालय, एमाले केन्द्रीय सदस्य सुमनराज प्याकुरेलको घरमा ढुङ्गामुढा र केस नेपाल कार्यालयको सूचना पाटीमा आगजनी भयो। स्थानीय शान्ति समितिको कार्यालय, औधोगिक क्षेत्र, ना.५ ख. ६७१३ नम्बरको बसमा आगजनी भयो। जिल्ला निर्वाचन कार्यालयको बोर्ड र एमाले पार्टी कार्यालयको झण्डामा आगजनी, भूमिसुधार कार्यालय, वन कार्यालयमा आगजनी प्रयास, जिल्ला शिक्षा कार्यालय, नेपाल टेलिकम, मिलन डेरी, राजविराज नगरपालिका कार्यालय र जिल्ला समन्वय समितिको कार्यालय, भारदह गाविस-१ सशस्त्र प्रहरीको चेक पोस्ट तोडफोड, राबा बैंकमा पेट्रोल बम प्रहार, ना.५ ख १५१७ नम्बरको बस र ना.५ ख २०१९ नम्बरको बसमा ढुङ्गा प्रहारले सिसा फुट्यो। नेमकिपाको भातृ सङ्गठन नेपाल क्रान्तिकारी किसान सङ्घको अधिवेशनको उद्घाटनको व्यानर, झण्डा च्यात्दै मोर्चाका कार्यकर्ताहरूले बिथोल्ने प्रयास गरे। साह धर्मशालामा आयोजित नेकपा (एमाले) को राजविराज नगरस्तरीय अगुवा कार्यकर्ता भेलामा प्रवेश गरी राजपाका नेता, कार्यकर्ताहरूले तोडफोड र आगजनी गर्दै कार्यक्रम बिथोले।

## स्वास्थ्य सेवाको अवस्था

सप्तरीमा एउटा अञ्चल अस्पताल, जिल्ला जनस्वास्थ्य कार्यालयअन्तर्गत एउटा भारदह अस्पताल, चार प्राथमिक स्वास्थ्य केन्द्र र १ सय ११ स्वास्थ्य चौकी छन्। जिल्लामा ३० डक्टरको दरबन्दी रहेकामा अञ्चल अस्पतालमा चार र प्राथमिक स्वास्थ्य केन्द्रमा चार गरी आठजना कार्यरत छन्। अञ्चल अस्पतालमा अहेवको पाँच दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयअन्तर्गतका ३ सय ४७ अहेव दरबन्दीमा भने ३ सय ३३ जना कार्यरत छन्। स्टाफ नर्सको चार दरबन्दीमध्ये सबै कार्यरत छन्। अञ्चल अस्पतालमा भने १८ दरबन्दीमा १० जनामात्र कार्यरत छन्।अञ्चल अस्पतालमा अनमीको चार दरबन्दीमध्ये चारैजना कार्यरत रहेकामा जनस्वास्थ्यमा भने २ सय ३४ दरबन्दीमा २ सय १८ जना कार्यरत छन्। ल्याब असिस्टेन्टको अञ्चल अस्पतालमा दरबन्दी अनुसार एकजना रहेकामा कार्यरत छन् भने जनस्वास्थ्यमा सातमध्ये ६ जना कार्यरत छन्। हेल्थ असिस्टेन्टको अञ्चल अस्पतालमा एक दरबन्दीमा कार्यरत छन् भने जनस्वास्थ्यमा १ सय ११ दरबन्दीमा ९६ जना कार्यरत छन्।

अञ्चल अस्पतालतर्फ वार्षिक बजेट ४ करोड ३८ लाख १८ हजार रूपियाँ र औषधि खर्चबापतको रकम ३० लाख रुपियाँ छ। त्यसैगरी जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ४ करोड ८६ लाख ९५ हजार रुपियाँ र औषधि खर्चबापतको रकम १७ लाख ७५ हजार रुपियाँ छ।

बाढीले सर्वाधिक प्रभावित बनेको तिलाठी कोइलाडी गाउँपालिका-३ सकरपुराको दलित बस्तीमा २०७४ असोजको दोस्रो साता झाडापखाला रोगको सङ्क्रमण फैलियो। एक दम्पतीको अवस्था गम्भीर भएपछि उनीहरूलाई विराटनगर पठाइएको थियो भने ९० जनाको उपचार गाउँकै शिविर र केहीको स्थानीय गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा भयो।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | | १ | | १ |
| बलात्कार | १ | | ९ | १० |
| यौन दुर्व्यवहार | | | ६ | ६ |
| जम्मा | १ | १ | १५ | १७ |

| महिला अधिकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बोक्सीको आरोप | | १ | | | | ३ | ४ |
| बलात्कार | | | | | | १० | १० |
| बलात्कार प्रयास | २ | | | | १ | ५ | ८ |
| बहुविवाह | | | १ | | | ६ | ७ |
| घरेलु हिंसा | | २ | २ | ९ | ४ | १७ | ३४ |
| यौन दुर्व्यवहार | | | | | | २ | २ |
| जम्मा | २ | ३ | ३ | ९ | ५ | ४३ | ६५ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | ४ | ६ |

# २.२ सिरहा

**जम्मा जनसङ्ख्या**
६,६५,८५८

**महिला**
३,४५,०४४

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
४

**प्रदेशसभा निर्वाचन क्षेत्र**
८

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
२,१५,३३५

**कामका लागि बाहिरिएका**
४५,७५०

**अपाङ्गता भएका**
६,६६५

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
५८.०५

**आश्रित जनसङ्ख्या**
३,०५,२५१

**सिरहामा गत वर्ष राज्यपक्षबाट भएको मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पाँचजना पीडित भएकामा सन् २०१७ मा चारजना पीडित भएका छन्। गत वर्ष गैरराज्यपक्षबाट ८१ जना महिला र सातजना पुरुष गरी ८८ जना पीडित भएकामा यो वर्ष ५२ जना महिला र १५ जना पुरुष गरी १ सय ७ जना पीडित भए।**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | | ६ | ६ |
| बाल अधिकार | | | | ३३ | | ३३ |
| अमानवीय व्यवहार | | | | १ | १ | २ |
| महिला अधिकार | | | | ५० | | ५० |
| कुटपिट | २ | २ | ४ | | २ | २ |
| धम्की | | | | | २ | २ |
| हत्या | | | | ८ | ३ | ११ |
| जम्मा | २ | २ | ४ | ९२ | १५ | १०६ |

### गोली/विष्फोटक पदार्थद्वारा घाइते
**गैरराज्यपक्षबाट**

कल्याणपुर नपा-८ का ३१ वर्षीय वाईसीएल नेता लालु खानलाई २०७३ फागुन १ गते बिहान अज्ञात समूहले गोली प्रहार गऱ्यो। जनयुद्ध दिवसका अवसरमा माओवादी केन्द्रले आयोजना गरेको कार्यक्रममा जाँदै गर्दा मिर्चैया नपा-२ स्थित नहर चोकमा मोटरसाइकलमा आएका अज्ञात समूहले खानमाथि गोली प्रहार गरेको थियो। खानको उपचार धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। इलाका प्रहरी कार्यालय, मिर्चैयाका डिएसपी गजुसिद्धि वज्राचार्यले धनुषाको सिङ्ग्याही मडानका २० वर्षीय देवेन्द्रकुमार यादव र २२ वर्षीय रवीन्द्रकुमार यादवलाई फागुन १० गते पक्राउ गरेको बताए। आरोपितहरूलाई अदालते चैत ४ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## धम्की/कुटपिट

### राज्यपक्षबाट

लहान नपा-८ का ३० वर्षीय धनन्जय यादवलाई २०७४ मङ्सिर ३ गते जिल्ला ट्राफिक प्रहरी कार्यालय लहानका सइ लोकबहादुर दियालीले निर्घात कुटपिट गरे। आफूलाई ट्राफिक प्रहरी कार्यालयमै लगेर कुटिएको पीडितले बताए। ट्राफिक प्रहरीले मोटरसाइकल रोक्न सङ्केत गर्दा केही अगाडि रोकिन पुगेपछि किन नरोकेको भन्दै केही समय भनाभन भएको र त्यसपछि कार्यालयमा पुऱ्याइ कुटपिट गरेको पीडितको भनाइ छ। प्रहरीको कुटपिटबाट यादवको दाहिने आँखामुनि काटिएको र नाकबाट रगत बगेको थियो। पीडितको उपचार स्थानीय लीला मदन पोलिक्लिनिकमा भएको थियो। जिल्ला ट्राफिक कार्यालयका प्रहरी इन्स्पेक्टर रुद्र चुडालले आरोपित सइलाई विभागीय कारबाही भएको बताए।

*प्रहरीको कुटपिटबाट घाइते भएका धनन्जय यादव*

### गैरराज्यपक्षबाट

लहान नपा-२० निवासी नयाँ पत्रिका दैनिकका संवाददाता ३० वर्षीय दिलीप सिंहलाई २०७३ चैत ७ गते लहान नपा-१ स्थित देव आइडियल इङ्गलिस बोर्डिङ स्कुलका प्रिन्सिपल ४५ वर्षीय मुरारी साहले सामाचारको विषयलाई लिएर कुटपिट गर्ने धम्की दिए। लहान नपा-१ स्थित सीता नोबेल न्युज सेन्टर भित्र कम्प्युटरमा सामाचार लेखिरहेका बेला माध्यमिक शिक्षा परीक्षाअन्तर्गत लहान नपा-११ स्थित पडरिया थारू टोल केन्द्रमा चैत ६ गते भएको गणित विषयको परीक्षामा जिल्ला प्रशासन कार्यालय, सिरहाका निमित्त प्रमुख जिल्ला अधिकारी सोमराज भट्टराई, जिल्ला प्रहरी कार्यालयका एसपी शेखर कोइरालासहितको अनुगमन टोलीले नक्कली निरीक्षक पक्राउ गरेको समाचार नयाँ पत्रिकामा प्रकाशित भएको थियो। उक्त समाचारको विषयलाई लिएर प्रिन्सिपल साहले धम्की दिएको दिलिपले बताए। प्रिन्सिपल साहले भने आफूले पूर्ण समाचार लेख्न सुझाउँदा बढी बोलेकाले कुटछु भनेको स्वीकार गरेका थिए। चैत ८ गते इलाका प्रहरी कार्यालय लहानमा सञ्चारकर्मी, अधिकारकर्मी, प्रहरी तथा शिक्षकहरूको रोहबरमा प्रिन्सिपल साहले माफी मागेपछि घटनाबारे मिलापत्र भएको थियो। घटनाको विरोधमा शेख मिडिया हाउस, प्रेस चौतारी, मानव अधिकार संरक्षण केन्द्र सञ्जाल आदिले खेद प्रकट गर्दै आरोपितलाई कारबाहीको माग गरेका थिए।

## अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

लहान नपा-१० स्थित जेएस मुरारका बहुमुखी क्याम्पसमा २०७३ फागुन १७ गते विद्यार्थीले तोडफोड गरे। फागुन १८ गते हुने भनिएको स्ववियु निर्वाचन क्याम्पस प्रशासनले हुन नसक्ने बताएपछि त्यसको विरोधमा अनेरास्ववियु र नेविसङ्घले तोकेको मितिमा स्ववियु निर्वाचन हुनुपर्ने भन्दै क्याम्पस तोडफोड गरेका थिए। निर्वाचन गराउन नेविसङ्घ र अनेरास्ववियुले क्याम्पस प्रमुख तुलसी पोखरेललाई दबाब दिएका थिए। तर क्याम्पस प्रमुखले नसक्ने बताएपछि यो घटना भएको थियो। उनीहरूले पुस्तकालय शाखामा तोडफोड गरी क्याम्पस प्रमुखसहित अन्य शिक्षकलाई पाँच घण्टासम्म कोठामै थुनेका थिए।

नेकपा एमाले सिरहाले २०७३ फागुन २३ गते पत्रकार सम्मेलन गर्न नदिन संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले होटल सञ्चालक शिव सिंहलाई धम्की दियो। मेची-महाकाली राष्ट्रिय अभियान तयारीको जानकारी दिन नेकपा एमालेले गोलबजार नपा-६ स्थित एलिसा फुड कोर्ट एन्ड फ्यामली होटलमा आयोजना गर्न लागेको पत्रकार सम्मेलन रोक्न धम्काएको होटल सञ्चालकले बताए। होटल सञ्चालकले आयोजकलाई जानकारी गराएपछि कार्यक्रम एमालेका केन्द्रीय सदस्य लीलानाथ श्रेष्ठको घरमा गरिएको थियो।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय ५० जनाको छ। तर, १ सय ७४ कैदी र १ सय ५४ थुनुवा गरी ३ सय २८ जना छन्। जसमा २३

महिला छन्। यो वर्ष एक कैदीको उपचारका क्रममा अस्पतालमा मृत्यु भयो। क्षमताभन्दा झण्डै दोब्बर बढी कैदीबन्दी भएकाले व्यवस्थापनमा समस्या छ। २०२६ सालमा बनेको यो कारागार भवन जीर्ण छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा एउटा जिल्ला अदालत छ। सात न्यायाधीशको दरबन्दी रहेकामा पाँचजना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १६ सय ७३ र फौजदारीतर्फ ६ सय ७३ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी १ सय ७० र फौजदारी ५० थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ५१ आधारभूत विद्यालय र ७२ मावि छन्। १ हजार ६ सय ६३ शिक्षक दरबन्दी रहेकामा ७६ रिक्त छ। यस वर्ष ११ हजार २८ बालक र ११ हजार ३ सय ६६ बालिका भर्ना भए। जिल्लामा ४ सय ३५ अपाङ्गमैत्री विद्यालय छन्। ३१ हजार ३ सय ७२ दलित बालक र दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो।*

*गत वर्ष बालबालिकामाथि हुने हिंसाका घटनाबाट १९ बालिकासहित २१ जना पीडित भएकामा सन् २०१७ मा ३३ बालिका पीडित भए। यो वर्ष बलात्कार घटनाबाट २२ र यौन दुर्व्यवहार घटनाबाट ११ बालिका पीडित भए। यो वर्ष भएका अधिकांश घटनाका आरोपित फरार रहे।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३३ | ३३ |
| यौन दुर्व्यवहार | ११ | ११ |
| जम्मा | ३३ | ३३ |

### कुटपिट

लहान नपा-३ की ९ वर्षीया प्रीति कुशवाहा र ७ वर्षीया प्रिया कुशवाहालाई २०७३ फागुन २४ गते साँझ प्रहरीले कुटपिट गरेको पीडित परिवारले बताए। घरबाट खेल्न बेलुका निस्किएका बालिकाहरूलाई लहान नपा-३ स्थित गोधूलि होटल नजिक सुरक्षामा खटिएका इलाका प्रहरी कार्यालय लहानका प्रहरीले कुटेको पीडित बालिकाले बताए। टायर बालेर प्रदर्शन गरिरहेका युवाहरूलाई तितरबितर पार्ने क्रममा प्रहरीको कुटाइबाट प्रीतिको खुट्टा तथा प्रियाको हात मर्किएको थियो। दुवै बालिकाको उपचार लहानस्थित सप्तऋषि अस्पतालमा भएको थियो। इलाका प्रहरी कार्यालय, लहानका डिएसपी हिराबहादुर पाण्डेले गल्ती भएको बताए। आइन्दा यस्तो घटना हुन नदिन आफू सजग रहने भन्दै बालिकाद्वयको उपचारका लागि १० हजार रुपियाँ तिरेको पनि उनले बताए।

### बलात्कार, यौन दुर्व्यवहार

१७ वर्षीया सुस्तमनस्थिति भएकी बालिकालाई २०७४ असोज ९ गते सुखीपुर नपा-१ का ४५ वर्षीय मोहीनारायण चौधरीले बलात्कार गरेको आरोपमा पीडित परिवारले भोलिपल्ट इलाका प्रहरी कार्यालय लहानमा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण लहानस्थित रामकुमार उमाप्रसाद अस्पतालमा असोज १० गते गरियो। आरोपित फरार रहे।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २ सय ३६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका २४, खान/लाउन नदिएको ११३, विवाह दर्ता र नागरिकता नबनाएको ३०, अर्की पत्नी ल्याएर हेला गरेको १५ र सामान्य घरायसी झगडाका ५४ घटना छन्। यीमध्ये प्रहरीले १ सय ८५ वटामा मिलापत्र गरायो भने २१ उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ भने ३० जना पीडित सम्पर्कमा आएनन्।*

*गत वर्ष घरेलु हिंसामा ३१ जना पीडित भएकामा यस वर्ष २७ जना पीडित भए। त्यसैगरी*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ३ | ३ |
| बलात्कार प्रयास | ५ | ५ |
| बहुविवाह | ९ | ९ |
| घरेलु हिंसा | ३७ | ३७ |
| यौन दुर्व्यवहार | ५ | ५ |
| जम्मा | ५० | ५० |

*बलात्कारका घटनाबाट गत वर्ष सातजना पीडित भएकामा यस वर्ष तीनजना पीडित भए। यो वर्ष बहुविवाहका कारण नौ, बलात्कार प्रयासबाट पाँच र यौन दुर्व्यवहारका कारण पाँचजना पीडित भए। बोक्सीको आरोपमा एकजना पीडित भए।*

**परिवारजनबाट हत्या**

लहान नपा-१५ की ५३ वर्षीया दुःखनी तामाङको २०७३ चैत ३ गते राति पति ६० वर्षीय काले तामाङले हत्या गरेको आरोपमा मृतकको छोरी शीतलीदेवी तामाङले इलाका प्रहरी कार्यालय लहानमा भोलिपल्ट उजुरी दिइन्। घरायसी विवाद हुँदा आरोपितले राति घाँटी थिची हत्या गरेको मृतकको छोरीले बताइन्। शवको पोस्टमार्टम लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पतालमा चैत ५ गते गरियो। चैत ४ गते पक्राउ परेका आरोपितलाई अदालतले चैत २९ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएकामा २०७४ कात्तिक १४ गते सर्वस्वसहित जन्म कैदको आदेश सुनायो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

३७ वर्षीया महिलालाई २०७४ जेठ ७ गते लक्ष्मीपुर पतारी गाउँपालिका-६ का ४५ वर्षीय देवेन्द्र यादवले बलात्कार गरेको आरोपमा पीडित परिवारले इलाका प्रहरी कार्यालय, लहानमा जेठ १३ गते उजुरी दिए। महिलाको स्वास्थ्य परीक्षण रामकुमार उमाप्रसाद स्मारक अस्पताल लहानमा जेठ १३ गते गरियो। आरोपित फरार रहे।

**बोक्सीको आरोपमा दुर्व्यवहार**

धनगढीमाई नपा-६ की ५५ वर्षीया कुश्मादेवी यादवलाई २०७३ चैत ३१ गते सोही ठाउँका ३८ वर्षीय शिवकुमार यादव, ३४ वर्षीय विजयकुमार यादव, ३६ वर्षीय आशाराम दास र ४० वर्षीय जयलाल दासले बोक्सीको आरोप लगाई कुटपिट गरेको आरोपमा पीडित परिवारले इलाका प्रहरी कार्यालय, लहानमा वैशाख ४ गते उजुरी दिए। पीडितले टुनामुना गरी आरोपितकी छोरी किरणलाई पटक-पटक बिरामी पारेको आरोप लगाउँदै धारिलो हतियार प्रयोग गरी कुटपिट गरेको बताइन्। कुटाइबाट घाइते उनको लहानस्थित लीलामदन पोलिक्लिनिक एन्ड प्रसूति गृहमा उपचार भएको थियो। आरोपितमध्ये २०७४ वैशाख ४ गते पक्राउ परेका शिवकुमार यादवलाई अदालतले वैशाख २२ गते ६५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। अन्य आरोपित फरार रहे।

**सबै प्रकारका जातीय विभेद**

धनगढीमाई नपा-२ की १८ वर्षीया रमिता सदायलाई २०७४ असोज ८ गतेदेखि सोही ठाउँका ५५ वर्षीय श्यामसुन्दर सदायको अगुवाइमा सामाजिक बहिष्कार गरेको आरोपमा मानव अधिकार संरक्षण केन्द्र सञ्जालले इलाका प्रहरी कार्यालय लहानमा असोज १२ गते उजुरी दियो। मुस्लिम युवकसँग प्रेम गरी उनको गर्भ बोकेको भन्दै दलित समुदायभित्रकै करिव ४० घर सदाय समुदायले श्यामसुन्दरको अगुवाइमा पीडितलाई उनकै घरमा नाकाबन्दी गरेर राखेका थिए भने गाउँमा पानी खानसमेत दिइएको थिएन। असोज १२ गते पक्राउ परेका आरोपितलाई अदालतले २०७४ कात्तिक १ गते २० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संरचना तथा सम्पति क्षति**

**संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबाट**

गोलबजार नपा-६ मा विआर ५१ ए ४०१३ नम्बरको भारतीय ट्रकमा २०७३ फागुन २३ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले आगजनी गरे। सप्तरीमा प्रहरीको गोली लागी मोर्चाका कार्यकर्ताको मृत्यु भएको घटनाले आक्रोशित बनेका मोर्चाका कार्यकर्ताले रोकिरहेको उक्त ट्रकमा आगजनी गरे। आगजनीबाट गाडीको अगाडिको भाग जलेर नष्ट भएको इलाका प्रहरी कार्यालय गोलबजारका इन्स्पेक्टर राजेन्द्रकुमार उपाध्यायले बताए।

**स्वास्थ्य सेवाको अवस्था**

सिरहा जिल्लामा दुई अस्पताल, १ सय ४ स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा आठ डक्टरको दरबन्दी रहेकामा पाँच कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन्। हेल्थ असिस्टेन्ट/अहेवको ४ सय ३८ दरबन्दी रहेकामा ३ सय ८३ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ४० करोड ३१ लाख ५८ हजार ४१ र औषधि खर्चबापतको बजेट ९४ लाख २३ हजार रुपियाँ छ।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ९ | ३ | १ | ९ | ३३ |
| यौन दुर्व्यवहार | | | १ | १० | ११ |
| जम्मा | ९ | ३ | २ | १९ | ३३ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बोक्सीको आरोप | | | | १ | १ |
| बलात्कार | १ | १ | | १ | ३ |
| बलात्कार प्रयास | १ | | | ३ | ४ |
| बहुविवाह | ५ | १ | | ३ | ९ |
| घरेलु हिंसा | | | ३५ | २ | ३७ |
| यौन दुर्व्यवहार | १ | | | ३ | ४ |
| जम्मा | ८ | २ | ३५ | १३ | ४८ |

| मारिएकाको घटना सङ्ख्या | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | १ | १ | ७ | ११ |

# २.३ धनुषा




**जम्मा जनसङ्ख्या**
७,५१,२५३

**महिला**
३,५०,८५३

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
४

**प्रदेशसभा निर्वाचन क्षेत्र**
८

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१,७४,०७१

**कामका लागि बाहिरिएका**
६०,४००

**अपाङ्गता भएका**
८,४१२

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
५०.४४

**आश्रित जनसङ्ख्या**
३,४६,८२४

**धनुषामा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ८८ महिलासहित १ सय ११ जना पीडित भएकामा सन् २०१७ मा ८४ महिलासहित १ सय ८३ जना पीडित भए। यस वर्ष राज्यपक्षबाट भएका उल्लङ्घनका घटनामा ३२ महिलासहित १ सय ४ जना पीडित भए। गत वर्ष राज्यपक्षबाट भएका उल्लङ्घनका घटनामा दुई महिलासहित १२ जना पीडित भएका थिए।**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | २ | ९ | ११ |
| बाल अधिकार | | | | १२ | | १२ |
| अपहरण | | | | | ३ | ३ |
| महिला अधिकार | | | | ३२ | | ३२ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | ३२ | ७० | १०२ | | | |
| यातना | | १ | १ | | | |
| कुटपिट | | १ | १ | | १० | १० |
| हत्या | | | | ६ | ५ | ११ |
| जम्मा | ३२ | ७२ | १०४ | ५२ | २७ | ७९ |

### गोली /विष्फोटक पदार्थबाट घाइते

**अन्यबाट**

जनकपुर उमनपा-७ निवासी विलट साह सर्वोदय माबि सिनुरजोडाका प्रधानाध्यापक ५० वर्षीय नरेन्द्रकुमार शर्मालाई २०७४ असार ११ गते बिहान विद्यालय जाँदै गर्दा लक्ष्मीनियादेखि पश्चिम सिनुरजोडा जाने बाटोमा मोटरसाइकमा आएका हतियारधारीको समूहले गोली प्रहार गरी घाइते बनाएको भन्दै पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा २०७४ असार २७ गते उजुरी दियो। बायाँ गालामा

गोली लागी घाइते भएका शर्माको जनकपुर अञ्चल अस्पतालमा उपचार सम्भव नभएपछि हेलिकप्टरबाट काठमाडौँस्थित ग्रान्डी अस्पताल लगिएको थियो। घटनामा संलग्न रहेको आरोपमा जनकपुर उमनपा-४ का ३८ वर्षीय राजु भनिने राजकिशोर मण्डल, सोही उमनपा-७ का ४० वर्षीय गणेशप्रसाद साह र रौतहट जिल्ला गरुडा नपा-६ का २७ वर्षीय साहेब कुमारलाई प्रहरीले २०७४ असार २५ गते पक्राउ गऱ्यो। आरोपितमध्ये राजकिशोर मण्डल र गणेशप्रसाद साहलाई अदालतले २०७४ साउन २७ गते पुपर्क्षका लागि थुनामा राख्ने आदेश दियो भने साहेवकुमार ४५ हजार रुपियाँ धरौटीमा रिहा भए।

### कुटपिट

नगराइन नपा-८ का १८ वर्षीय इन्द्रकुमार पासमान, ३२ वर्षीय पहलाद पासमान, ३५ वर्षीय अरविन्द पासमान, ३० वर्षीय बीरेन्द्र राउत र २५ वर्षीय ललन दासले २०७४ भदौ ३१ राति नेपाली काङ्ग्रेसका उम्मेदवारलाई अवरोध गरेको आरोपमा नगराइन नपा-८ स्थित अकौरामा सो पार्टीका कार्यकर्ताहरू ६५ वर्षीय परमेश्वर यादव, ३५ वर्षीय महेन्द्र यादव, ३० वर्षीय कासिन्द्र यादवलगायतले कुटपिट गरी घाइते बनाए। घाइते उनीहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। घाइतेहरूमध्ये इन्द्रकुमार पासमानको जनकपुर अञ्चल अस्पतालमा उपचार गरी थप उपचार काठमाडौँमा भयो। जिल्ला प्रहरी कार्यालयले पीडितको उजुरी यस वर्षको अन्त्यसम्म दर्ता गर्न मानेन।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

स्थानीय तह दोस्रो चरण निर्वाचनका लागि मनोनयन दर्ता भइरहँदा निर्वाचन बहिष्कार गरी आन्दोलन गरिरहेको राष्ट्रिय जनता पार्टी नेपालकी नेतृ सरीता साह, सांसद दिनेश साहसहित ४१ जना नेता तथा कार्यकर्तालाई जनकपुरको जनक चोकबाट प्रहरीले २०७४ असार ४ पक्राउ गरी सोही दिन साँझ रिहा गरियो। घटनामा प्रहरीले लठ्ठी प्रहार गर्दा राजपा नेपालका धनुषा संयोजक परमेश्वर साह, अध्यक्ष मण्डलका सदस्य सञ्जयकुमार सिंह, राजपा नेता पुनम झा, कुन्ती पाठक, रीता झा र सीता चौधरी घाइते भए। उनीहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। निर्वाचन प्रभावित गर्न राजपाले गरेको बन्दका कारण यातायात पूर्णरूपमा ठप्प हुँदा यात्रु मर्कामा परेका थिए।

पार्टीको कार्यक्रममा सहभागी हुन २०७३ फागुन १० गते आएका एमाले नेता वामदेव गौतम, रघुवीर महासेठको जनकपुरस्थित घरमा बसेका बेला संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका नेता तथा कार्यकर्ताले भोलिपल्ट बिहानैदेखि घेराउ गरेपछि एमाले र मोर्चाका कार्यकर्ताबीच झडप भयो। झडपमा सबैल नपा-१३ निवासी सद्भावना पार्टीका गाउँ एकाइ कमिटी अध्यक्ष ३५ वर्षीय राजकुमार साह, विदेह नपा चक्कर निवासी रारा बहुमुखी क्याम्पस जनकपुर विद्यार्थी मञ्चका उपाध्यक्ष २२ वर्षीय कुलदीप साह, चक्कर निवासी एमाले कार्यकर्ता लालबहादुर लहेरी घाइते भए। राजकुमारको खुट्टामा, कुलदीपको निधार र लालबहादुरको कानमा चोट लागेको थियो। जनकपुर उमनपा-८ निवासी नेपाल पत्रकार महासङ्घका पूर्वकोषाध्यक्ष एवम् रेडियो जनकपुरको सञ्चालक समिति अध्यक्ष ५२ वर्षीय शीतल साहलाई मोर्चाका कार्यकर्ताले ढुङ्गा प्रहार गर्दा टाउकोमा चोट लागेको थियो। उनीहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। मोर्चाका कार्यकर्ताले महासेठको घरमा ढुङ्गा प्रहार गरेका थिए।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा जिल्ला र उच्च गरी दुई

*नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूले कुटपिट गरी घाइते बनाइएका इन्द्रकुमार पासमान*

*मधेसी मोर्चाका कार्यकर्ताहरूको आक्रमणमा परी घाइते भएका शितल साह र कुलदीप साह*

अदालत छन्। जिल्ला अदालतमा आठ न्यायाधीशको दरबन्दी रहेकामा चार कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ २ हजार ३ सय १६ र फौजदारीतर्फ ९ सय ६३ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी २ सय ७५ र फौजदारी १ सय ५९ थान छन्।

यसैगरी ११ न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ हजार ३ सय ४३ र फौजदारीतर्फ ९ सय २ थान छन्। दुई वर्ष पुराना मुद्दा देवानी २ सय ५६ र फौजदारी १ सय ६४ थान छन्।

## यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

औरही गाउँपालिका -४ का २१ वर्षीय जयकिशोर यादवलाई २०७४ कात्तिक १४ र १५ गते इलाका प्रहरी कार्यालय औरहीले थुनामा राखी यातना दिएको भन्दै पीडितले राष्ट्रिय मानव अधिकार आयोग जनकपुरमा कात्तिक १६ गते उजुरी दिए। यादवको जनकपुर अञ्चल अस्पतालमा कात्तिक १६ गते उपचार भयो। उनको पैताला, गाला र ढाडमा चोट लागेको थियो। गाउँको बाटो हुँदै बेचबिखनका लागि लगिएका गाईगोरु व्यापारीसँग स्थानीय युवाले अवरोध गरेको विषयमा विवाद हुँदा प्रहरीले कात्तिक १४ गते यादवलाई पक्राउ गरेको थियो। तर, अदालतबाट निर्णय भएन।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा २ सय ४२ प्रावि, ६३ निमावि, ४९ मावि र ३६ उमावि छन्। २ हजार २ सय ७७ शिक्षक दरबन्दी रहेकामा ८७ रिक्त छ। यस वर्ष ७४ हजार ८ सय ९५ बालक र ७६ हजार ५ बालिका भर्ना भए। जिल्लामा ४० अपाङ्गमैत्री विद्यालय छन्। ११ हजार ८ सय ८० दलित बालक र १२ हजार २० दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद परिवारका आठ र द्वन्द्वपीडित परिवारका १६ बालबालिकालाई छात्रवृत्ति दिइयो।*

*यो वर्ष ६ वर्षीय दुई बालकको हत्या भयो भने १२ वर्षीया एक बालिकाको बलात्कारपछि हत्या भयो। अपहरणमा परेका कमला नपा-३ पर्साका सात महिने बालक प्रहरीको सक्रियतामा अपहरणमुक्त भए।*

*यो वर्ष ६ देखि १५ वर्ष उमेर समूहका पाँच बालिका बलात्कार घटनाबाट पीडित भए भने सात बालिका यौन दुर्व्यवहारबाट पीडित भए। यौन दुर्व्यवहारका तीन घटनाका आरोपित फरार रहे। १५ वर्षीया बालिका सामूहिक बलात्कारको घटनामा पीडित भइन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ५ | ५ |
| यौन दुर्व्यवहार | ७ | ७ |
| जम्मा | १२ | १२ |

### बलात्कारपछि हत्या

जनकपुर उमनपा-१ की १२ वर्षीया विविकाकुमारी साहलाई २०७४ साउन ३१ गते मुखियापट्टी मुसहरनिया गाउँपालिका-५ बहेडाबेला घर भई जनकपुर उमनपा-१ बस्ने ३५ वर्षीय रामचन्द्र महतोले जनकपुर उमनपा-१ धर्मवान टोलस्थित घरमा २०७४ साउन ३१ गते बलात्कार गरी हत्या गरेको भन्दै पीडित परिवारले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। हत्या गरी बाकसमा बन्द गरेर राखिएको अवस्थामा स्थानीयबासीले शव फेला पारेका थिए। शवको पोस्टमार्टम जनकपुर अञ्चल अस्पतालमा २०७४ साउन ३२ गते गरियो। सोही दिन पक्राउ परेका आरोपितलाई अदालतले २०७४ भदौ २७ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## महिलामाथि हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ५ सय २८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ३ सय ८०, खान/लाउन नदिएको ५८, विवाह दर्ता र नागरिकता नबनाएको १९, अर्की पत्नी ल्याएर हेला गरेको २३ र सामान्य घरायसी झगडाका ४८ घटना छन्। यीमध्ये प्रहरीले ३ सय ८२ वटामा मिलापत्र गरायो भने १२ उजुरीमा कानुनी प्रक्रिया अघि बढेको र १ सय ३४ घटनाका पीडित सम्पर्कमै नआएको सेवा केन्द्रले जनायो।*

*यो वर्ष चार महिलाको परिवारबाट हत्या भएको भन्दै माइती पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। जसमा दाइजो नल्याएका कारण दुई महिलाको हत्या भएको उजुरी पर्‍यो। गत वर्ष*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| बलात्कार प्रयास | ३ | ३ |
| बहुविवाह | ४ | ४ |
| घरेलु हिंसा | २४ | २४ |
| जम्मा | ३२ | ३२ |

*परिवारबाटै एक महिलाको हत्या भएको थियो। यस वर्ष सामूहिक बलात्कारको घटनामा एक महिला पीडित भइन्। बलात्कार प्रयासका घटनामा तीन महिला पीडित भए। गत वर्ष दुई महिला बलात्कार घटनामा पीडित भएका थिए। यस वर्ष चार बहुविवाह र २४ महिला घरेलु हिंसाबाट पीडित भए।*

**बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार**

१९ वर्षीया महिलालाई २०७४ जेठ २३ गते जङ्गलमा घाँस काट्न गएका बेला धनुषाधाम नपा-४ सरसाहका २२ वर्षीय दीपक यादव र २९ वर्षीय सन्तोष यादवले सामूहिक बलात्कार गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा जेठ ३० गते उजुरी दिए। महिलाको जनकपुर अञ्चल अस्पतालमा २०७४ जेठ ३० गते स्वास्थ्य परीक्षण भयो। आरोपित फरार रहे।

**परिवारजनबाट हत्या**

क्षिरेश्वरनाथ नपा-१० इच्छापुरकी १८ वर्षीया मिन्ता भनिने मीनादेवी दासलाई २०७३ चैत ८ गते छोरी जन्माएको र दाइजो कम ल्याएको भन्दै पति २५ वर्षीय कमलु दास, ससुरा ५५ वर्षीय सिरिया दास र छिमेकी ५० वर्षीया अमिरो यादवले राति झुण्ड्याएर हत्या गरेको भन्दै माइती पक्षले जिल्ला प्रहरी कार्यालयमा भोलिपल्ट उजुरी दिए। शवको पोस्टमार्टम चैत १० गते जनकपुर अञ्चल अस्पतालमा गरियो। चैत ११ गते पक्राउ परेका आरोपित सिरिया दास र अमिरो यादवलाई अदालतले २०७४ वैशाख ६ गते साधरण तारेखमा रिहा गर्ने आदेश दियो। अर्का आरोपित कमलु फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

जनकपुर उमनपा-२ की २२ वर्षीया रञ्जना शर्मालाई माइतीबाट दाइजोका रूपमा मोटरसाइकल नल्याएको आरोपमा २०७४ मङ्सिर ८ गते राति ससुरा ६५ वर्षीय देवनारायण ठाकुरलगायत पाँच व्यक्तिले हत्या गरेको भन्दै पीडित परिवारले २०७४ मङ्सिर १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। दाइजोमा १५ लाख रुपियाँ नगद र सात तोला सुन दिए पनि मोटरसाइकलका लागि छोरीको हत्या गरेको पीडितका बुबा रामनारायण ठाकुरले बताए। मङ्सिर ९ गते पक्राउ परेका ससुरा देवनारायण र सासू ६० वर्षीया सुमित्रादेवी ठाकुरमध्ये अदालतले २०७४ पुस ९ गते देवनारायणलाई पुर्पक्षका लागि थुनामा राख्ने र सुमित्रालाई रिहा गर्ने आदेश दियो। अन्य आरोपित फरार रहे।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एउटा अञ्चल अस्पताल, ९८ स्वास्थ्य चौकी र पाँच प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा पाँच डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दुई दरबन्दी रहेकामा दुवै कार्यरत छन्। अहेवको ३ सय ९ दरबन्दी रहेकामा ३ सय ५ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ४ करोड ७७ लाख १२ हजार र औषधि खर्चबापतको रकम १५ लाख रुपियाँ छ। यस वर्ष जिल्ला तथा स्वास्थ्य चौकीहरूमा समेत अत्यावश्यक औषधि अभाव भयो।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कारबाही प्रक्रिाय अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | २ | ३ | ५ |
| यौन दुर्व्यवहार | २ | १ | | २ | ५ |
| जम्मा | २ | १ | २ | ५ | १० |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिाय अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | | | | | १ |
| बलात्कार प्रयास | १ | | १ | | १ | ३ |
| बहुविवाह | | | | १ | ३ | ४ |
| घरेलु हिंसा | ४ | १ | ११ | ८ | | २४ |
| जम्मा | ६ | १ | १२ | ९ | ४ | ३२ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | ९ | ११ |

# २.४ महोत्तरी




**जम्मा जनसङ्ख्या**
६,६०,३७४

**महिला**
३,३५,६०२

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
४

**प्रदेशसभा निर्वाचन क्षेत्र**
८

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१,००,५४४

**कामका लागि बाहिरिएका**
४०,५४१

**अपाङ्गता भएका**
१०,१६६

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
४७

**आश्रित जनसङ्ख्या**
३,१५,७६७

**महोत्तरीमा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्यपक्षबाट एकजना र गैरराज्यपक्षबाट २ सय १६ महिलासहित २ सय २८ जना पीडित भएकामा सन् २०१७ मा गैरराज्यपक्षबाट २ सय ३२ महिलासहित २ सय ३४ जना पीडित भए।**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ५ | | ५ |
| अमानवीय व्यवहार | | १ | १ |
| महिला अधिकार | २२६ | | २२६ |
| हत्या | १ | १ | २ |
| जम्मा | २३२ | २ | २३४ |

## कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय ३५ जनाको छ। तर, १ सय ५४ कैदी र २ सय ६७ थुनुवा गरी ४ सय २१ जना छन्। जसमा ४० महिला छन्। दुई वर्षीय आश्रित बालक पनि छन्। क्षमताभन्दा झण्डै तीन गुणा बढी कैदीबन्दी भएकाले व्यवस्थापनमा

समस्या छ। १ सय ५४ वर्षपहिले निर्माण भएको यस कारागार भवन जीर्ण छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा एक जिल्ला अदालत छ। पाँच न्यायाधीशको दरबन्दी रहेकामा चारजना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ २ हजार ७ सय २ र फौजदारीतर्फ ४ सय ४१ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी १ सय ५ र फौजदारी ४५ थान छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा प्रावि ४ सय ११, निमावि १ सय २७, मावि ६५ र उच्च मावि ४२ वटा छन्। १ हजार ५ सय ५ शिक्षक दरबन्दी रहेकामा ५५ रिक्त छ। यस वर्ष ४८ हजार ६ सय ५३ बालक र ४२ हजार ६ सय ११ बालिका भर्ना भए। जिल्लामा १६ अपाङ्गमैत्री विद्यालय छन्। आधारभूत विद्यालयस्तर मा २० हजार २ सय ५३ र माविस्तरमा २ हजार २ सय ८९ दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका २९ बालबालिकालाई छात्रवृत्ति दिइयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ४ | ४ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ५ | ५ |

*गत वर्ष बालबालिकामाथि हुने हिंसाका घटनाबाट आठजना पीडित भएकामा यो वर्ष पाँच बालिका पीडित भए। गत वर्ष बलात्कारबाट सात र यौन दुर्व्यवहारबाट एक गरी आठजना पीडित भएका थिए। यस वर्ष बलात्कारबाट चार र यौन दुर्व्यवहारबाट एक बालिका पीडित भए।*

#### बलात्कार, यौन दुर्व्यवहार

१६ वर्षीया बालिकालाई २०७४ चैत २२ गते साँझ यौन दुर्व्यवहार गरेको आरोपमा बर्दिबास नपा-३ घर भई गौशाला नपा-५ स्थित जनता माविका शिक्षक ३८ वर्षीय रामदुलार साह सोनार विरुद्ध पीडित पक्षले सोही दिन इलाका प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण चैत २२ गते नै जिल्ला अस्पतालमा भयो। सोही दिन पक्राउ परेका आरोपितलाई अदालतले २०७४ वैशाख १८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

#### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यस वर्ष घरेलु हिंसापीडित भन्दै २ सय ७६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका १ सय ३५, खान/लाउन नदिएको ७४, विवाह दर्ता तथा नागरिकता नबनाएको १६, अर्की पत्नी ल्याएर हेला गरेको पाँच र मार्ने धम्की दिएको २० र सामान्य घरायसीका २६ घटना थिए। ती घटनामध्ये प्रहरीले ९२ वटामा मिलापत्र गरायो भने १ सय ८४ घटनामा कानुनी प्रक्रिया अगाडि बढेको छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखनको प्रयास | ४ | ४ |
| बलात्कार | ६ | ६ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | ३१४ | ३१४ |
| जम्मा | ३३६ | ३३६ |

*गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा २ सय ३ जना पीडित भएकामा यो वर्ष २ सय २६ जना पीडित भए। गत वर्ष बलात्कार घटनाबाट दुई, बलात्कार प्रयासका घटनाबाट एक, यौन दुर्व्यवहारका घटनामा एक, बहुविवाहका कारण आठ र घरेलु हिंसाका घटनामा १ सय ९१ जना पीडित भएकामा यो वर्ष, बलात्कारका घटनाबाट ६, बलात्कार प्रयासबाट एक, बहुविवाहका घटनामा एक, महिला बेचबिखनको प्रयासबाट चार जना र घरेलु हिंसाका घटनाबाट २ सय १४ जना पीडित भए।*

#### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१९ वर्षीया महिलालाई २०७४ जेठ २८ गते राति औरही नपा-२ का २६ वर्षीय सुनिल साह, २० वर्षीय अनिकेत यादव, २१ वर्षीय रमेश पञ्जियार र २०

वर्षीय सुरेश यादवले सामूहिक बलात्कार गरेको आरोपमा पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितमध्ये सुनिल साहलाई स्थानीयले जेठ २८ गते नै नियन्त्रणमा लिएर प्रहरीको जिम्मा लगाएका थिए भने अन्य आरोपित असार ८ गते पक्राउ परे। महिलाको उपचार तथा स्वास्थ्य परीक्षण जनकपुर अञ्चल अस्पतालमा जेठ २८ गते गरियो। आरोपितहरूलाई अदालतले असार २५ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**बलात्कारपछि हत्या**

भँगाहा गाउँपालिका-९ पोखरी टोलकी ३५ वर्षीया शीलादेवी दासलाई २०७४ वैशाख १९ गते राति बलात्कारपश्चात हत्या गरेको आरोपमा लोहारपट्टी नपा-१ बगडा गाउँका ४६ वर्षीय वरुणकुमार यादव, भँगाहा गाउँपालिका-९ की ३७ वर्षीया अमृतादेवी र लोहारपट्टी नपा-१ सुखैनिया गाउँका २८ वर्षीय जिवरुल राइन कवारीलाई प्रहरीले साउन ३ गते पक्राउ गऱ्यो। शीलादेवीको शव वैशाख २० गते दुवै हात सारीले बाँधेको अवस्थामा फेला परेको थियो। मृतकका पति १५ वर्षदेखि वैदेशिक रोजगारीको सिलसिलामा मलेसियामा छन्। शवको पोस्टमार्टम वैशाख १९ गते नै जलेश्वर अस्पतालमा भयो। आरोपितहरूलाई अदालतले २०७४ भदौ १ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**दाइजोका कारण हिंसा**

बर्दिबास नपा-८ फूलबारी टोलकी १९ वर्षीया अमृताकुमारी कापरलाई २०७३ माघ ९ गते भएको बिहेपछि दाइजोमा लैनो भैंसी नपाएको भनी धनुषाको धनुषाधाम नपा-८ कान्छीबजारका २२ वर्षीय रौदी कापरले माघ ११ गते छाडेर भन्दै अमृताका बाबु रामप्रकाश कापरले एकीकृत सेवा केन्द्र बर्दिबासमा २०७३ फागुन १२ गते सहयोगका लागि निवेदन दिए। सेवा केन्द्रको सहयोगमा फागुन १३ गते पक्राउ परेका रौदीलाई पछि पीडित पक्षले वास्ता नगरेपछि फागुन २० गते बोलाएको बेला उपस्थित हुने गरी रिहा गरिएको प्रहरीले बतायो। सार्वजनिक अपराध अन्तर्गत जिल्ला प्रशासन कार्यालयमा फागुन १२ गते दर्ता भएको मुद्दामा ०७४ मङ्सिर ६ गते ५ हजार रुपियाँ जरिवाना गरी टुङ्ग्याइएको जिल्ला प्रशासन कार्यालयले जनायो।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई जिल्ला अस्पताल, ७० स्वास्थ्य चौकी र पाँच प्राथमिक स्वास्थ्य केन्द्र छन्। आठ डक्टरको दरबन्दी रहेकामा ६ कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। अहेवको २ सय ३० दरबन्दी रहेकामा २ सय २० कार्यरत छन्। स्टाफ नर्सको दरबन्दी नौ रहेकामा सातजना कार्यरत छन्। अनमीको दरबन्दी १ सय ६१ रहेकामा १ सय ५५ कार्यरत छन् भने हेल्थ असिस्टेन्टको ७६ दरबन्दी रहे कामा ४० कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १६ करोड २१ लाख २१ हजार र औषधि खर्चबापतको बजेट ७ करोड ४० लाख १९ हजार रुपियाँ छ।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | २ | ४ |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | ३ | २ | ५ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखनको प्रयास | | | | | १ | १ |
| बलात्कार | २ | | | | ४ | ६ |
| बलात्कार प्रयास | १ | | | | | १ |
| बहुविवाह | १ | | | | | १ |
| घरेलु हिंसा | १३ | १ | ५५ | १४४ | १ | २१४ |
| जम्मा | १८ | १ | ५५ | १४४ | ६ | २३३ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | २ |

# २.५ सर्लाही




- जम्मा जनसङ्ख्या
  ८,३१,०६७
- महिला
  ४,१४,०६७
- प्रतिनिधिसभा निर्वाचन क्षेत्र
  ४
- प्रदेशसभा निर्वाचन क्षेत्र
  ८
- गरिबीको रेखामुनि रहेको सङ्ख्या
  १,३५,२६८
- कामका लागि बाहिरिएका
  २१,४०१
- अपाङ्गता भएका
  ५,५८५
- ५ वर्षमाथिको साक्षरता प्रतिशत
  ८५
- आश्रित जनसङ्ख्या
  ३,८६,५७६

**सर्लाहीमा गत वर्ष गैरराज्यपक्षबाट भएका घटनामा ३१ महिलासहित ३५ जना पीडित भएकामा यो वर्ष गैरराज्यपक्षबाट २३ महिलासहित २७ जना पीडित भएका घटना अभिलेखित छन्। गत वर्ष जस्तै यस वर्ष पनि राज्यपक्षबाट मानव अधिकार उल्लङ्घनका घटना अभिलेखमा आएनन्।**

**नेपालको संविधानको धारा १६ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने सवैधानिक व्यवस्था गरिएको छ। त्यस्तै संविधानको धारा ३६ को उपधारा २ मा प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुने भनिएको छ। तर, गरिबीका कारण छोरा छोरीलाई विष खुवाएर आफू पनि विषसेवन गरी आमाले आत्महत्या गरेको दुई ओटा घटना अभिलेख भए।**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| घाइते | १ | १ | २ |
| बाल अधिकार | ११ | | ११ |
| अपहरण | | १ | १ |
| महिला अधिकार | ४ | | ४ |
| कुटपिट | ३ | | ३ |
| हत्या | ४ | २ | ६ |
| जम्मा | २३ | ४ | २७ |

## नागरिक तथा राजनीतिक अधिकार
## सम्मानितरूपले बाँच्ने अधिकार
### हत्या
#### गैरराज्यपक्षबाट

कविलासी नपा-२ का २२ वर्षीय सुन व्यापारी सुनिलकुमार साहलाई २०७४ असोज २४ गते पसलबाट मोटरसाइकलमा घर फर्कदै गर्दा गोली प्रहार गरी हत्या गरेको आरोपमा बरहथवा नपा-१६ का २३ वर्षीय कृष्ण साह, लालबन्दी नपा-२ का २७ वर्षीय जयप्रकाश पासवान, बरहथवा नपा-१६ का

२५ वर्षीय प्रभुनारायण महतो र कविलासी नपा-१ का २१ वर्षीय भोला मण्डललाई प्रहरीले कात्तिक ५ गते पक्राउ गऱ्यो। मृतकका आफन्तले असोज २७ गते प्रहरी कार्यालयमा उजुरी दिए। जिल्ला अदालतको आदेश अनुसार आरोपित मङ्सिर १८ गते पुर्पक्षका लागि कारागार चलान भए।

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार जीर्ण भएपछि चार वर्षदेखि यहाँका कैदी/बन्दीलाई अन्य जिल्लाको कारागारमा राखिएको छ। कारागारको क्षमता ७५ पुरुष र २५ महिला गरी १ सय जनाको छ। कारागार भवन जीर्ण भएकाले कारण यहाँका १ सय ८० कैदी/बन्दीलाई २०६९ माघ १५ गते अन्यत्र सारिएको थियो। २०६२ चैत २३ गते नेकपा माओवादीको आक्रमणले पर्खाल चर्केको र २०६८ असोज १ गते भूकम्पमा छत चर्किएपछि नयाँ भवन निर्माणको प्रक्रिया सुरु भएको तीन वर्ष बिते पनि निर्माण कार्य सम्पन्न भएको छैन।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा पाँच न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ हजार ७ सय ५३ र फौजदारीतर्फ ७ सय थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी १ सय ४ र फौजदारी ३५ थान छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

जिल्लामा ३ सय १८ प्रावि, ५८ निमावि, ८० मावि र ३८ *उमावि छन्। १ हजार ६ सय ६० शिक्षक दरबन्दी रहेको छ। यस वर्ष १६ हजार ५ सय ४६ बालक र १५ हजार ३ सय ७९ बालिका भर्ना भए। जिल्लामा २८ अपाङ्गमैत्री विद्यालय छन्। १२ हजार ५ सय १७ दलित बालक र ११ हजार ४ सय ३० दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। द्वन्द्वपीडित परिवारका लागि १० लाख ९४ हजार रकम छात्रवृत्ति वितरण गरिएको शिक्षा कार्यालयले जनायो।*

*सन् २०१६ मा बालबालिकामाथि हुने हिंसाका घटनाबाट ११ जना पीडित भएका घटना अभिलेख गरिएकामा यो वर्ष पनि ११ बालिका पीडित भएका घटना अभिलेखित भए। गत वर्ष नवजात शिशुको*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ८ | ८ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | ११ | ११ |

*हत्याबाट एक, बलात्कारबाट ६ र यौन दुर्व्यवहारबाट चार बालिका पीडित भए भने यस वर्ष बलात्कारबाट आठ र यौन दुर्व्यवहारबाट तीन बालिका पीडित भएका घटना अभिलेखित भए। बलात्कार र यौन दुर्व्यवहारका कुनै घटना अदालतबाट फैसला भएनन्। यस वर्ष दुई बालिका आफ्नो बाबुबाट बलात्कारको घटनामा परेको भन्दै प्रहरी कार्यालयमा उजुरी पऱ्यो।*

#### बलात्कार, यौन दुर्व्यवहार

आठ वर्षीया बालिकालाई २०७४ असार १५ गते लालबन्दी नपा-१० का २२ वर्षीय ज्ञानबहादुर रुम्बाले बलात्कार गरेको भन्दै पीडितपक्षले सोही दिन इलाका प्रहरी कार्यालय लालबन्दीमा उजुरी दियो। पीडितको असार १५ गते जिल्ला अस्पताल मलङ्गवामा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई असार १५ गते प्रहरीले पक्राउ गरेकोमा जिल्ला अदालतको आदेश अनुसार भदौ १३ गते पुर्पक्षका लागि कारागार चलान भए।

#### महिलाविरुद्ध हुने सबै प्रकारका, भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय ६७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ३६, खान/लाउन नदिएको र कुटपिट गरेको २ सय २८, विवाह दर्ता र नागरिकता नबनाएको एक, अर्की पत्नी ल्याएर हेला गरेको दुई घटना छन्। यीमध्ये प्रहरीले २ सय २७ वटामा मिलापत्र गरायो भने ३९ उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ३ | ३ |
| बलात्कार प्रयास | १ | १ |
| जम्मा | ४ | ४ |

*गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा १७ जना पीडित भएकामा यो वर्ष चार जना पीडित भएका घटना अभिलेखमा छन्। सन् २०१६ मा बोक्सीको आरोपमा एक जना, बलात्कारबाट तीन, बलात्कार प्रयासबाट चार, बहुविवाहबाट एक, महिला बेचबिखनबाट एक र घरेलु हिंसाबाट सात जना पीडित भएका घटना अभिलेखित थिए भने यो वर्ष बोक्सीको आरोपमा एक, बलात्कारबाट दुई र बलात्कार प्रयासबाट एक जना पीडित भएका घटना अभिलेखित छन्।*

**परिवारजनबाट हत्या प्रयास**

रौतहट जिल्ला घर भई लालबन्दी नपा-१ मा बस्दै आएकी ३२ वर्षीया तारा खातुनलाई घरायसी विवादमा २०७३ माघ १९ गते ४७ वर्षीय पति मुस्किम शेषले पेटमा छुरा प्रहार गरी हत्या प्रयास गरेको भन्दै पीडित पक्षले माघ २५ गते इलाका प्रहरी कार्यालय, लालबन्दीमा उजुरी दिए। आरोपितलाई प्रहरीले माघ २५ गते पक्राउ गऱ्यो। जिल्ला अदालतको आदेश अनुसार फागुन २३ गते आरोपित १० हजार रुपियाँ धरौटीमा रिहा गर्न आदेश दियो। आरोपितले धरौटी बुझाउन नसकेपछि सुनसरीस्थित झुम्का कारागार पठाइयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

३९ वर्षीया महिलालाई २०७३ फागुन ५ गते लालबन्दी नपा-९ का ३३ वर्षीय फुर्वा सिंह पाखिनले बलात्कार गरेको भन्दै पीडित पक्षले फागुन ६ गते इलाका प्रहरी कार्यालय ईश्वरपुरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण सर्लाही जिल्ला अस्पतालमा फागुन ६ गते भयो। प्रहरीले आरोपितलाई फागुन ६ गते पक्राउ गरेकोमा अदालतको आदेशअनुसार फागुन २९ पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**बोक्सीको आरोपमा कुटपिट**

बागमती नपा-३ की ३६ वर्षीया सुनीता मोक्तानलाई २०७४ साउन ३ गते राति सोही ठाउँकी ५५ वर्षीया सानुमाया लो र उनकी १८ वर्षीया छोरी लालीमाया लोले बोक्सीको आरोपमा बलिरहेको अगुल्टो र चिरपटले टाउकोमा प्रहार गरे। पीडित पक्षले साउन ४ गते इलाका प्रहरी कार्यालय, हरिवनमा उजुरी दियो। घाइतेको नमूना अस्पताल, हरिवनमा प्राथमिक उपचार भयो भने थप उपचार भरतपुरमा भयो। प्रहरीले आरोपित दुबैलाई साउन ४ गते पक्राउ गरेकोमा साउन २९ जिल्ला अदालतको आदेश अनुसार आरोपित दुबै जना ४० हजार रुपियाँ धरौटीमा रिहा भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**गरिबीको परिणाम**

कविलासी नपा-१ की ३० वर्षीया गुन्द्र देवीले २०७३ पुस १८ गते १३ वर्षीया छोरी पूजाकुमारी, १० वर्षीया छोरी चन्दा कुमारी र तीन वर्षीया छोरी राधाकुमारीलाई घरको ढोका बन्द गरी विष खुवाएर आफू पनि सेवन गरी आत्महत्या गरिन्। विष सेवनबाट गुन्द्रदेवी र चन्दा कुमारीको मृत्यु भयो भने विष सेवनबाट असक्त भएकी पूजा कुमारी र राधाकुमारी नेशनल मेडिकल अस्पताल वीरगञ्जमा उपचार गराएपछि स्वस्थ्यमा सुधार भयो। अनुसन्धानको क्रममा मृत्युको कारण गरिबी भएको घटनास्थल पुगेका डिएसपी सिताराम रिजालले बताए। घरमा एक बोरा धान र आँगनमा भैसी मात्र सम्पत्ति भएकी गुन्द्र देवीले पाँच छोरी र एक छोराको पालनपोषण तथा छोरीको विवाह सम्भव नदेखेरै आत्महत्याको बाटो रोज्न बाध्य भएको प्रारम्भिक अनुसन्धानमा देखिएको प्रहरीले जनायो। छोरीहरू पुजा कुमारी, चन्दा कुमारी, रोशनी कुमारी, काजल कुमारी, राधा कुमारी र एक छोरा शिवाका लागि कमाउने बुबाको समस्या देख्न नसकेरै विष खाएको हुन सक्ने आफन्तले जनाए।

बरहथवा नपा-११ की २२ वर्षीया सविता पालले २०७३ पुस २१ गते दिउँसो पाँच वर्षीया छोरी अमन पाल र तीन वर्षीय छोरा प्रिन्स पाललाई विष खुवाएर आत्महत्या गरिन्। विष सेवनबाट सविता र अमनको मृत्यु भयो भने तीन वर्षीय प्रिन्सको वीरगञ्जमा उपचार भयो। गरिबीका कारण आफ्ना छोराछोरीसहित विष सेवन गरी आत्महत्या गरेको प्रहरीले जनायो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, ९४ स्वास्थ्य चौकी र पाँच प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा १० डक्टरको दरबन्दी रहेकामा चार कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी अनुसार एक जना कार्यरत छन्। अहेवको २ सय ८२ दरबन्दी रहेकामा २ सय ६७ जना कार्यरत छन्। जिल्ला जनस्वास्थय कार्यालयको वार्षिक बजेट ३ करोड ८६ लाख ३६ हजार ७ सय ५५ रुपियाँ र औषधि खर्च बापत १९ लाख ७५ हजार रुपियाँ छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ८ | ८ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | ११ | ११ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बोक्सीको आरोप | | १ | १ |
| बलात्कार | १ | १ | २ |
| बलात्कार प्रयास | | १ | १ |
| जम्मा | १ | ३ | ४ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | २ | २ | ६ |

# २.६ रौतहट




**जम्मा जनसङ्ख्या**
७,५३,२०५

**महिला**
३,७०,१०२

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
४

**प्रदेशसभा निर्वाचन क्षेत्र**
८

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
२,२७,०००

**कामका लागि बाहिरिएका**
५,३३१

**अपाङ्गता भएका**
८,६५८

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
४७

**आश्रित जनसङ्ख्या**
३,६४,७५१

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | ३ | ३ | १६ | ८ | ३४ |
| बाल अधिकार | | | ८ | | ८ |
| अमानवीय व्यवहार | | | | १ | १ |
| अपहरण | | | | १ | १ |
| महिला अधिकार | | | ३५ | | ३५ |
| धम्की | | | | १ | १ |
| हत्या | | | ४ | ५ | ९ |
| जम्मा | ३ | ३ | ५३ | १६ | ६९ |

रौतहटमा सन् २०१७ मा राज्यपक्षबाट दुई जना र गैरराज्यपक्षबाट ६५ जना पीडित भए। सन् २०१६ मा राज्यपक्षबाट पाँच जना र गैरराज्यपक्षबाट ३७ जना पीडित भएको अभिलेख गरिएको थियो। राज्यपक्षबाट भएका घटनामा यस वर्ष दुई जना घाइते भएको अभिलेख भयो। अघिल्लो वर्ष राज्यपक्षबाट एक जनाको हत्या भएको थियो भने कुटपिटका घटनाबाट चार जना पीडित भएको अभिलेख गरिएको थियो। अघिल्लो वर्ष गैरराज्यपक्षबाट भएका बाल अधिकारका घटनामा १६ र महिला अधिकार घटनामा १६ जना पीडित भएको घटना अभिलेख गरिएको थियो। सन् २०१७ मा गैरराज्यपक्षबाट भएका घटना मध्ये अपहरणमा एक, बाल अधिकार घटनामा आठ, अमानवीय व्यवहार घटनामा एक जना पीडित भए भने महिला अधिकारका घटनामा २५ जना पीडित भएको घटना अभिलेख भयो। यसैवर्ष गैरराज्यपक्षबाट भएका विभिन्न घटनामा ५३ जना महिला सहित ६५ जना घाइते भए।

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानितरूपले बाँच्ने अधिकार

### हत्या

**गैरराज्यपक्षबाट**

कटहरीया नपा-८ का ५० वर्षीय रामपुकार राय यादवलाई स्थानीय तहको निर्वाचनमा राष्ट्रिय जनता पार्टीले आयोजना गरेको भोज खाएर सो पार्टीलाई भोट नदिएको आरोपमा २०७४ असोज ४ गते राति सोही ठाउँका २७ वर्षीय बैजु साह, २३ वर्षीय दिपेन्द्र राय यादव, ३४ वर्षीय अनुठा रायले कुटपिट गरी हत्या गरेको भन्दै पीडित पक्षले असोज ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपित सबैलाई असोज ५ गते पक्राउ गऱ्यो। अदालतको आदेश अनुसार आरोपित सबै जना असोज ३० गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्तसम्म मुद्दाको फैसला भएन।

### गोली/बम/विष्फोटक पदार्थबाट घाइते

**अज्ञात समूहबाट**

चन्द्रपुर नपा-५ की ३१ वर्षीया सरिता राई, उनका ७ वर्षीय छोरा जैविक राई, सोही ठाउँका ४५ वर्षीय लक्ष्मी राई, ५४ वर्षीय रामबहादुर बिक, ४८ वर्षीय कुन्ता खत्री, ३९ वर्षीय गोपाल बिक, ४५ वर्षीया दिलमाया राई र ५० वर्षीया यमुना काफ्ले २०७४ मङ्सिर २ गते दिउँसो अज्ञात समूहले गराएको बम विष्फोटमा परी घाइते भए। चन्द्रपुर नपा-५ स्थित राधाकृष्ण मन्दिरमा संयुक्त बाम गठबन्धनको कार्यक्रमलाई लक्षित गरी बम विष्फोट भएको थियो। घाइतेहरूको चितवनस्थित मेडिकल कलेजमा उपचार भयो। घाइते मध्येकी सरीता राईको देब्रे खुट्टा काटिएको छ भने लक्ष्मी राईको दुवै खुट्टामा ठुलो चोट लागेको छ। घाइतेहरूको उपचारको लागि सरकारले कुनै व्यवस्था गरेन। यस वर्षको अन्त्यसम्म घटनामा संलग्न रहेकाहरू पक्राउ भएनन्।

*अज्ञात समूहले बम विष्फोट गराउँदा घाइते भएका जैविक राई र खुट्टा गुमाएकी सरीता राई*

### अमानवीय व्यवहार

देवाही गोनाही नपा-७ बस्ने नेपाल राष्ट्रिय शिक्षक सङ्गठन रौतहटका जिल्ला अध्यक्ष ४७ वर्षीय मणिशङ्कर निधिलाई २०७३ फागुन २३ गते साँझ संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले मोसो दलेर दुर्व्यवहार गरे। जिल्ला सदरमुकाम गौरबाट मोटरसाइकलमा आफ्नो निवासतर्फ गइरहेका निधिलाई मोर्चाका दुई जना कार्यकर्ताले मोटरसाइकल रोकी अनुहार र शरीरमा मोबिल खन्याएर भागेको नेकपा एमालेका जिल्ला सचिव लक्ष्मण रेग्मीले बताए। एमालेले मधेसी मोर्चाको मागमा समर्थन नगरेको भन्दै सो घटना भएको मोर्चाको आरोप छ। निधि एमालेको मेची महाकाली अभियान कार्यक्रमको प्रचार प्रसारको काममा रहेको एमालेले जनायो। पीडित पक्षले घटनाको मौखिक उजुरी गरेकोमा प्रहरीले कसैलाई पक्राउ गरेन। यस वर्षको अन्त्यसम्म घटना अनुसन्धानकै क्रममा रहेको प्रहरीले जनायो।

### कारागार र बन्दी

'ख' श्रेणीको गौर कारागारको क्षमता १ सय जनाको छ। तर ७८ कैदी र ९२ थुनुवा गरी १ सय ७० जना छन्। जसमा नौ जना महिला छन्। यस कारागारमा हाल आश्रित बालबालिका छैनन्। कारागारमा ६५ वर्षमाथिका एकजना छन्। क्षमताभन्दा झण्डै दोब्बर बढी कैदी बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। १९९० सालमा बनेको यो कारागारको दुई तले भवन एक र महिला बन्दी गृह भवन एक पुरानो र जीर्ण छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक ओटा जिल्ला अदालत छ। जिल्ला अदालतमा सात जना न्यायाधीशको दरबन्दी रहेकामा पाँच जना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ २ हजार ९०, दुनियावादी फौजदारीतर्फ ५ सय २८, सरकारवादी फौजदारीतर्फ ३ सय ६ छन्। जिल्ला अदालतमा दुई वर्ष भन्दा पुराना मुद्दा

देवानी १ सय ४९ दुनियावादी फौजदारी ३१, सरकारवादी फौजदारी ३३ र निषेधाज्ञा एक थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा उच्च मावि सहितका मावि ६९ निमावि ६८ र प्रावि २ सय ३७ समेत जम्मा ३ सय ७४ सामुदायिक विद्यालयहरू रहेका छन्। सामुदायिक विद्यालयहरूमा यस वर्ष कक्षा १ देखि ५ सम्म बालिका २४ हजार ९ सय ३० र बालक २३ हजार ८ सय ७० समेत जम्मा ४८ हजार ८ सय ९ जना छन्। कक्षा ६ देखि ८ सम्म बालिका ७ हजार ९ सय ४७ र बालक ८ हजार ४ सय १५ समेत जम्मा १६ हजार ३ सय ६२, कक्षा ९ देखि १० सम्ममा बालिका ३ हजार ८ सय ७ र बालक ४ हजार ९ सय २३ समेत जम्मा ८ हजार ७ सय ३० र कक्षा ११ र १२ मा बालिका ८ सय ९३ र बालक १ हजार २ सय २२ समेत जम्मा २ हजार १ सय १५ विद्यार्थी भर्ना भएको जिल्ला शिक्षा कार्यालयले जनायो।*

*जिल्लामा यस वर्ष आठ बालिका बालअधिकार हननका घटनामा पीडित भएको अभिलेख भयो। अघिल्लो वर्ष १६ जना पीडित भएको अभिलेख गरिएको थियो। यस वर्ष अभिलेख गरिएका घटनामध्ये बेचबिखन घटनामा एक, बलात्कारका घटनामा पाँच र यौन दुर्व्यवहारका घटनामा दुई जना पीडित भएको अभिलेख भयो। अघिल्लो वर्ष बलात्कारका घटनामा १२ जना बालिका र यौन दुर्व्यवहारका घटनामा चार बालिका पीडित भएको अभिलेख गरिएको थियो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालबालिका बेचबिखन | १ | १ |
| बलात्कार | ५ | ५ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | ८ | ८ |

### बलात्कार, यौन दुर्व्यवहार

११ वर्षीया बालिकालाई २०७३ फागुन ९ गते बृन्दावन नपा-४ का ४२ वर्षीय नागेश्वर राय यादवले बलात्कार गरेको आरोपमा पीडितपक्षले चैत १ गते ईलाका प्रहरी कार्यालय, गरुडामा उजुरी दियो। घटनाको गाउँघरमा नै मिलापत्र गराउने प्रयास गर्दा जाहेरी दिन ढिला भएको थियो। पीडितको चैत १ गते गौर अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपित यादवलाई प्रहरीले यस वर्षको अन्त्यसम्म पक्राउ गर्न सकेन।

### बेचविखन तथा ओसार पसार

१५ वर्षीया एक बालिकालाई २०७४ साउन २१ गते ईशानाथ नपा-५ का ५८ वर्षीय जुलेखा धुनिया राइन, ५० वर्षीय सेख मन्सुरी, भारत पूर्वी चम्पारणका २२ वर्षीय मुस्ताक मन्सुरीले पीडितको घरबाट अपहरण गरी भारतमा लगी बेचेको भन्दै पीडित बालिकाका बाबुले साउन २५ गते जिल्ला प्रहरी कार्यालय रौतहटमा उजुरी दर्ता गराए। यस वर्षको अन्त्यसम्म प्रहरीले आरोपितहरूलाई पक्राउ गर्न सकेन।

### महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४ सय ५२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा पतिले कुटपिट गरेका १ सय ४५, पतिले वास्ता नगरेको १ सय १५, खान लाउन नदिएको ३२, घर निकाला गरिएका १५, सासू/ससुरा र देवर/जेठाजुले कुटपिट गरेको ९७, विवाह दर्ता र नागरिकता नबनाएको ८ र छोरा बुहारीले कुटपिट गरेको ३३ र घर परिवारका व्यक्तिले गाली बेइज्जती गरेका ७ घटना छन्। यीमध्ये प्रहरीले २ सय ३९ ओटा घटनामा मिलापत्र गरायो। केन्द्रमा दर्ता भएका मुद्दा मध्ये ६ ओटा उजुरी कानुनी प्रक्रियाका लागि अदालतमा गएका छन् भने १ सय ९१ उजुरीका निवेदक सम्पर्कमा नआएको र १६ ओटा उजुरी फर्स्यौट हुन बाँकी छन्।*

*सन् २०१७ मा गैरराज्यपक्षबाट भएका विभिन्न घटनामा २५ जना महिला पीडित भएको*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ४ | ४ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | १८ | १८ |
| जम्मा | ३५ | ३५ |

*अभिलेख भयो। अघिल्लो वर्ष १६ जना महिला पीडित भएको अभिलेख गरिएको थियो। यस वर्ष अभिलेख गरिएका घटनामा घरेलु हिंसाका घटनामा १८, बोक्सीको आरोपमा एक, बहुविवाहका घटनामा दुई र बलात्कारसम्बन्धी घटनामा चार जना पीडित भएको अभिलेख भयो। अघिल्लो वर्ष बलात्कारका घटनामा एक, बहुविवाहका घटनामा एक र घरेलु हिंसाका घटनामा १४ जना पीडित भएको अभिलेख गरिएको थियो।*

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

मनोसामाजिक अपाङ्गता भएकी ३५ वर्षीया महिलालाई २०७४ साउन ५ गते राति दुर्गा भगवती गाउँपालिका-२ का ४५ वर्षीय जवाहिर सहनीले बलात्कार गरेको भन्दै आरोपितलाई प्रहरीले साउन ६ गते पक्राउ गऱ्यो। पीडितको साउन ६ गते गौर अस्पतालमा स्वास्थ्य परीक्षण भयो। पीडित पक्षले साउन ६ गते नै प्रहरीमा उजुरी दिएका थिए। आरोपित सहनी जिल्ला अदालतको भदौ १ गतेको आदेशले पुर्पक्षको लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला हुन सकेन।

**परिवारजनबाट हत्या**

परोहा नपा-६ की २० वर्षीया कान्तीदेवी राउतलाई २०७४ असोज ८ गते राति पति २२ वर्षीय जङ्गबहादुर राउत र ससुरा ६० वर्षीय सहदेव पटेलले घरायसी विवादका कारण कुटपिट गरी हत्या गरी लास समेत जलाई नष्ट गरेको भन्दै मृतकका दाजु जयप्रकाश पटेलले असोज ९ गते जिल्ला प्रहरी कार्यालय रौतहटमा उजुरी दिए। पीडित पक्षको उजुरीपछि आरोपित दुवै जनालाई प्रहरीले असोज ९ गते पक्राउ गऱ्यो। जिल्ला अदालतको ०७४ कात्तिक ७ गतेको आदेशले आरोपित दुवै पुर्पक्षका लागि थुनामा रहेका छन्। यस वर्षको अन्त्यसम्ममा मुद्दाको फैसला भएन।

फतुवा विजयपुर नपा-२ की २५ वर्षीया जगीयादेवी कुर्मीलाई २०७४ जेठ ४ गते पति बौधीमाइ नपा-३ का ४२ वर्षीय रामपुकार राउत कुर्मीले शरीरमा मट्टितेल खन्याइ आगो लगाइ हत्या गरेको आरोपमा पीडितको बाबु विसुनदयाल राउतले जेठ १८ गते जिल्ला प्रहरी कार्यालय, रौतहटमा उजुरी दिए। घरेलु हिंसाका कारण पीडितलाई आगो लगाएको पीडित पक्षको भनाइ छ। पीडितको उपचारको क्रममा जेठ १७ गते गौर अस्पतालमा मृत्यु भएको थियो। घटनाका आरोपित फरार रहे।

**बोक्सीको आरोपमा दुर्व्यवहार**

ईशनाथ नपा-४ की ४५ वर्षीया जानकीदेवी चमारलाई २०७४ असोज ३ गते इसानाथ नपा-४ का ४० वर्षीय सुरेन्द्र महरा चमार, सोही ठाउँका ३५ वर्षीय महेन्द्र महरा चमारले बोक्सीको आरोपमा कुटपिट गरी घाइते बनाएको भन्दै पीडितका पति राजेन्द्र महरा चमारले असोज ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको असोज ३ गते जिल्ला अस्पताल, गौरमा उपचार भयो। आरोपित मध्येका सुरेन्द्र महरालाई असोज ५ गते प्रहरीले पक्राउ गऱ्यो। घटनाका अर्का आरोपित यस वर्षको अन्त्यसम्म फरार छन्। जिल्ला अदालतको असोज २९ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला हुन सकेन।

## स्वास्थ्य सेवाको अवस्था

रौतहट जिल्लामा जिल्ला अस्पताल एक र चन्द्रनिगाहपुर अस्पातल एकसमेत दुई ओटा अस्पताल रहेका छन्। यस जिल्लामा प्राथमिक स्वास्थ केन्द्र चार, स्वास्थ्य चौकी ८५ र सामुदायिक स्वास्थ्य केन्द्र ६ रहेका छन्। जिल्ला अस्पताल गौर ५० शैय्याको छ। जिल्लामा १२ जना डक्टरको दरबन्दी रहेकोमा एक जना स्त्रीरोग विशेषज्ञ सहित तीन महिला डक्टर र १० जना डक्टर कार्यरत छन्। जसमध्ये स्थायी एक जना र नौ जना करारमा छन्। १५ शैय्या रहेको चन्द्रनिगाहपुर अस्पतालमा तीन जना डक्टरको दरबन्दी रहेकामा दुई जना कार्यरत छन्। औषधिको वार्षिक बजेट ४६ लाख रुपियाँ रहेको छ।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालबालिका बेचबिखन | १ | | १ |
| बलात्कार | | ५ | ५ |
| यौन दुर्व्यवहार | | २ | २ |
| जम्मा | १ | ७ | ८ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बोक्सीको आरोप | | | | १ | १ |
| बलात्कार | | | | ४ | ४ |
| बहुविवाह | | | | २ | २ |
| घरेलु हिंसा | १ | १५ | २ | | १८ |
| जम्मा | १ | १५ | २ | ७ | २५ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | ८ | ९ |

# २.७ बारा




**जम्मा जनसङ्ख्या**
७,४७,१०५

**महिला**
३,६७,५६८

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
४

**प्रदेशसभा निर्वाचन क्षेत्र**
८

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
२,०३,४८४

**कामका लागि बाहिरिएका**
१२,५३०

**अपाङ्गता भएका**
११,६४५

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
५२

**आश्रित जनसङ्ख्या**
३,४३,८५७

**बारामा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट ४५ जना पीडित भएकामा सन् २०१७ मा ४५ जना पीडित भए। गत वर्ष राज्यपक्षबाट भएका घटनामा तीनजना र गैरराज्यपक्षबाट ४६ जना पीडित भएका थिए। यो वर्ष राज्यपक्षबाट भएका घटनामा पाँचजना र गैरराज्यपक्षबाट भएका घटनामा १७ जना पुरुषसहित ४० जना पीडित भए। यो वर्ष जिल्लामा आठ महिलाको हत्या भएकामा तीनजनाको परिवारबाटै भएको छ।**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | ३ | ३ |
| बाल अधिकार | | | ९ | | ९ |
| अमानवीय व्यवहार | | | | ५ | ५ |
| महिला अधिकार | | | ५ | | ५ |
| हिरासत वा थुनामा मृत्यु | १ | १ | | | |
| कुटपिट | ४ | ४ | १ | ५ | ६ |
| हत्या | | | ८ | ४ | १३ |
| जम्मा | ५ | ५ | ३३ | १७ | ४० |

## अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

व्यवस्थापिका-संसद्अन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिको आयोजनामा प्रस्तावित दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढको प्रगति अनुगमनबारे २०७३ फागुन १७ गते निजगढमा आयोजित अन्तरक्रिया कार्यक्रममा एमाले बारा क्षेत्र नम्बर-६ का सांसद ४८ वर्षीय पुरूषोत्तम पौडेलमाथि माओवादी केन्द्र समर्थकले आक्रमण प्रयास गर्दै दुर्व्यवहार गरे। त्यही कारण तनाव हुँदा कार्यक्रम नै

बिथोलिएको थियो। सांसद पौडेलले मन्तव्य राख्दै गर्दा माओवादी समर्थकले मञ्चमा चढेर आक्रमण प्रयास गरेका थिए। आक्रमण प्रयासलाई सहभागी एमाले समर्थकले प्रतिरोध गरेपछि थप तनाव भएको थियो। पूर्वप्रधानमन्त्री एवम् एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल विशिष्ट अतिथि रहेका सो कार्यक्रममा सांसदहरू जीतेन्द्रदेव, उमेशकुमार मण्डल, राधादेवी तिमल्सिना र राज्यलक्ष्मी श्रेष्ठसमेत सहभागी थिए।

## दुर्व्यवहार

### गैरराज्यपक्षबाट

कलैया उमनपा-४ निवासी नेकपा एमालेका कार्यालय सचिव ५३ वर्षीय शङ्कर भट्टराई र कलैया उमनपा-२ निवासी नेकपा एमाले, कलैया नगर कमिटी सदस्य ५० वर्षीय रामएकवाल पटेललाई २०७३ फागुन २५ गते कलैयाको मुख्य चोकमा बिहान घुमफिर गरिरहँदा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले अनुहारमा मोसो दलेर दुर्व्यवहार गरे। पीडितद्वयले उजुरी दिएनन्।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लास्थित अदालतमा सात न्यायाधीशको दरबन्दी रहेकामा छजना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ हजार ५ सय ८१ र फौजदारीतर्फ ६ सय ६७ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानीतर्फ ४६ र फौजदारी २० थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ६१ प्रावि, ८२ निमावि, २८ मावि र ४३ उमावि छन्। २ हजार २ सय ४९ शिक्षक दरबन्दी रहेकामा ४० रिक्त छन्। यस वर्ष ११ हजार बालक र १० हजार बालिका भर्ना भए। १० हजार दलित बालक र ९ हजार ६२ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद र द्वन्द्वपीडित परिवारका १८ जना बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*बाल अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा अघिल्लो वर्ष सात बालकसहित १८ जना पीडित भएकामा सन् २०१७ मा त्यस्ता घटनाबाट नौ बालिका पीडित भए। गत वर्ष बलात्कार घटनाबाट १० बालिका पीडित भएकामा यो वर्ष पाँचजना पीडित भए। यो वर्ष बाल विवाहबाट एक र यौन दुर्व्यवहारका कारण तीनजना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालविवाह | १ | १ |
| बलात्कार | ५ | ५ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | ९ | ९ |

### बलात्कार, यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई २०७३ पुस २२ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले कलैया उमनपा-२२ का २४ वर्षीय सोनालाल साह तेलीविरुद्ध भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण पुस २३ गते कलैया अस्पतालमा गरियो। फागुन ८ गते पक्राउ परेका आरोपितलाई अदालतले चैत ६ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएकामा २०७४ असार २२ गते तीन वर्षको कैद सजाय सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ६ सय ५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १७, खान/लाउन नदिएको १ सय ८६, विवाह दर्ता र नागरिकता नबनाएको ८५, अर्की पत्नी ल्याएर हेला गरेको २३ र सामान्य घरायसी झगडाका २ सय ९४ घटना छन्। यीमध्ये प्रहरीले ४ सय ३४ वटामा मिलापत्र गरायो भने ९ घटनामा कानुनी प्रक्रिया अघि बढेको छ भने १ सय ६२ पीडित सम्पर्कमा आएनन्।*

*गत वर्ष महिला हिंसाविरुद्धका घटनामा सात महिला पीडित भएकामा यो वर्ष पाँचजना पीडित भए। अघिल्लो वर्ष बलात्कारका घटनाबाट दुई र*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | ४ | ४ |
| जम्मा | ५ | ५ |

*बलात्कार प्रयासबाट चार तथा बहुविवाहका घटनामा एकजना पीडित भएकामा यस वर्ष बलात्कार प्रयासको घटनामा एक र बहुविवाहका घटनाबाट चारजना पीडित भए।*

**परिवारजनबाट हत्या**

कलैया उमनपा-२४ मनहर्वाकी ३० वर्षीया कुन्तीदेवीराम चमारलाई २०७४ साउन १० गते ३५ वर्षीय पति किसुन रामले बन्चरो प्रहार गरी राति आफ्नै घरमा हत्या गरेको भन्दै पीडित पक्षले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम कलैया अस्पतालमा साउन ११ गते भयो। साउन १४ गते पक्राउ परेका आरोपितलाई अदालतले भदौ १२ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२३ वर्षीया महिलालाई २०७३ चैत २४ गते पचरौता नपा-८ का २८ वर्षीय अनुराग यादवले बलात्कार प्रयास गरेको भन्दै भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपित फरार रहे।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संरचना क्षति**

सप्तरीको मलेठमा २०७३ फागुन २३ गते भएको घटनाको विरोधमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले आह्वान गरेको मधेस बन्दको पहिलो दिन २०७३ फागुन २४ गते सो मोर्चाका कार्यकर्ताले नेकपा एमालेको कलैयास्थित पार्टी कार्यालयमा आगजनी गरे। प्रहरी तत्काल घटनास्थल पुगेपछि थप क्षति हुनबाट जोगाइएको डिएसपी राजेन्द्रबाबु रेग्मीले बताए। मोर्चाका स्थानीय नेता रामबाबुकुमार यादवले भने आगलागीमा मोर्चाको संलग्नता नरहेको बताए।

**स्वास्थ्य सेवाको अवस्था**

बारामा एउटा जिल्ला अस्पताल, ९४ स्वास्थ्य चौकी र पाँच प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा १६ डक्टरको दरबन्दी रहेकामा ६ जना कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी अनुसार एकजना कार्यरत छन्। अहेवको ३ सय दरबन्दी रहेकामा १ सय ७८ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ५ करोड रुपियाँ छ। औषधि खर्चबापतको रकम भने १३ लाख रुपियाँ छ।

बढुवा भएका स्वास्थ्यका कर्मचारीको यथास्थानमा पदस्थापन हुनुपर्ने माग राख्दै २०७३ फागुन ५ गतेदेखि स्वास्थ्यकर्मीले गरेको आन्दोलनका कारण पाँच वर्षमुनिका १ लाख ४० हजार बालबालिका पोलियो थोपा खानबाट वञ्चित भए। २०७३ फागुन ७ र ८ गते पोलियो थोपा खुवाउने कार्यक्रम भए पनि आन्दोलनले पोलियो थोपा खुवाइएन। त्यसपछि सरकारले फागुन २१ र २२ गते पोलियो थोपा खुवाउने कार्यक्रम तय गऱ्यो। तर, आन्दोलनकै कारण तयारी हुन नसकेकाले यो दिन पनि पोलियो थोपा खुवाउने काम भएन।

### विगतको घटना अनुगमन

दुई वर्षअघि हिरासतमा राखी यातना दिएको ठहर गर्दै जिल्ला अदालतले दुई प्रहरी अधिकृतलाई विभागीय कारबाही र पीडितलाई सरकारबाट ७५ हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनाएको छ। तत्कालीन डिएसपी विनोद शर्मा र इन्स्पेक्टर शशीकुमार ठाकुरलाई विभागीय कारबाही गर्न अदालतले २०७४ वैशाख १७ गते आदेश सुनाएको हो। कलैया उमनपा-१० मटिअर्वाका जय माँ दुर्गा ट्रेडर्सका सञ्चालक बृजकिशोर साहले आफूलाई अनाहकमा हिरासतमा राखी यातना दिएको भन्दै दायर गरेको मुद्दामा अदालतले यस्तो फैसला गरेको हो। डिएसपी शर्माले २०७३ जेठ २३ गते पक्राउ गरी १२ दिन आफ्नो कोठामा राखी बाँसको लठ्ठी, मुक्का र बुटले कुटपिट गरी यातना दिँदा पीडितको टाउको, आँखा, हात, कानमा समस्या भएको भन्दै पीडित साहले २०७३ असार १५ गते मुद्दा दायर गरेका थिए। आफूमाथि प्रहरीले गरेको ज्यादतीविरुद्ध न्यायालयको आदेशले खुशी लागेको पीडित साहले बताए।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | | | १ | १ |
| बलात्कार | १ | १ | ३ | ५ |
| यौन दुर्व्यवहार | १ | | २ | ३ |
| जम्मा | २ | १ | ६ | ९ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार प्रयास | १ | | | १ |
| बहुविवाह | | २ | २ | ४ |
| जम्मा | १ | २ | २ | ५ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | १ | ८ | १२ |

# २.८ पर्सा




जम्मा जनसङ्ख्या
६,४८,३८१

महिला
३,१२,४५०

प्रतिनिधिसभा निर्वाचन क्षेत्र
४

प्रदेशसभा निर्वाचन क्षेत्र
८

गरिबीको रेखामुनि रहेको सङ्ख्या
१,७२,५५५

कामका लागि बाहिरिएका
८,०५३

अपाङ्गता भएका
६,२१५

५ वर्षमाथिको साक्षरता प्रतिशत
८०

आश्रित जनसङ्ख्या
२,८७,५७८

**पर्सामा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा गैरराज्यपक्षबाट ११ पुरुषसहित १ सय १३ जना पीडित भएकामा सन् २०१७ मा गैरराज्यपक्षबाट दुई पुरुषसहित ३२ जना पीडित भए।**

## कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता ७ सय जनाको छ। तर ६ सय ५ कैदी र ६ सय ७ थुनुवा गरी १२ सय १४ जना छन्। जसमा १ सय २ महिला छन्। दुई जना आश्रितमध्ये एक बालक र एक बालिका छन्। क्षमताभन्दा झण्डै दोब्बर बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा ६ न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ २ हजार २ सय ९५ र फौजदारीतर्फ १ हजार २ सय ४६ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी १ सय ५५ र फौजदारी ७४ थान छन्।

यसैगरी १५ न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा ११ जना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ हजार २ सय ६२ र फौजदारीतर्फ १ हजार ६ सय ६६ थान छन्। दुई वर्ष पुराना मुद्दा देवानी १ सय ४० र फौजदारी ९६ थान छन्।

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | १३ | | १३ |
| अमानवीय व्यवहार | | १ | १ |
| महिला अधिकार | १४ | | १४ |
| कुटपिट | १ | १ | २ |
| हत्या | ३ | | ३ |
| जम्मा | ३० | २ | ३२ |

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ३ प्रावि, ३२ मदरसा, दुई खुला विद्यालय, वैकल्पिक विद्यालय पाँच, बाल विकास केन्द्र ५ सय ८, समाहित शिक्षाअन्तर्गत स्रोत कक्षा पाँचवटा, ८७ निमावि, ८६ मावि र ३० उमावि छन्। १ हजार ७ सय ५ शिक्षक दरबन्दी रहेकामा २४ रिक्त छ। यस वर्ष १ लाख ८६ हजार ६ सय ८ बालक र ५९ हजार ५ सय १५ बालिका भर्ना भए। जिल्लामा ३२ अपाङ्गमैत्री विद्यालय छन्। २४ हजार १९ दलित बालक र ९ हजार ३ सय ४६ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो।*

*बाल अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा अघिल्लो वर्ष दुई बालकसहित १८ जना पीडित भएकामा यो वर्ष त्यस्ता घटनाबाट १२ बालिका पीडित भए। गत वर्ष बलात्कार घटनाबाट १२ बालिका पीडित भएकामा यो वर्ष सातजना पीडित भए। त्यस्तै गत वर्ष बेचबिखन तथा यौन दुर्व्यवहार घटनाबाट तीन/तीनजना पीडित भएकामा यो वर्ष बालविवाहको एक, बेचबिखनबाट एक र यौन दुर्व्यवहारका घटनाबाट तीनजना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालबालिका बेचबिखन | १ | १ |
| बालविवाह | १ | १ |
| बलात्कार | ६ | ६ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | १३ | १३ |

### बलात्कार, यौन दुर्व्यवहार

चार वर्षीया बालिकालाई २०७३ चैत २९ गते बलात्कार गरेको आरोपमा पर्सागढी नपा-१ बागवानाका २९ वर्षीय रमेशदास थारूविरुद्ध बालिकाका आफन्तले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। चैत २९ गते नै पक्राउ परेका आरोपितलाई अदालतले २०७४ वैशाख २५ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएकामा ०७४ पुस १७ गते १० वर्ष कैद र ५० हजार रुपियाँ जरिवाना हुने आदेश सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ५ सय ६० महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका २ सय ११, खान/लाउन नदिएको १ सय ९८, विवाह दर्ता र नागरिकता नबनाएको ६१, गाली बेइज्जती गरेको १ सय ४८, अर्की पत्नी ल्याएर हेला गरेको ३८ र सामान्य घरायसी झगडाका ५२ घटना छन्। यसमध्ये ५ सय ५९ वटामा मिलापत्र भयो भने १ सय ११ उजुरी कानुनी प्रक्रियामै छ।*

*गत वर्ष महिलाविरुद्ध हिंसाका घटनामा ८३ जना महिला पीडित भएकामा यो वर्ष १४ जना पीडित भए। अघिल्लो वर्ष बलात्कारका घटनाबाट एक र बलात्कार प्रयासबाट एकजना, बहुविवाहका कारण चारजना, बेचबिखन घटनाबाट १० र घरेलु हिंसाबाट ६७ जना पीडित भएकामा यस वर्ष बेचबिखनको प्रयासबाट दुई, बोक्सीको आरोपमा दुई, बलात्कारका कारण पाँच र बलात्कार प्रयासका घटनामा पाँचजना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखनको प्रयास | ३ | ३ |
| बोक्सीको आरोप | ३ | ३ |
| बलात्कार | ५ | ५ |
| बलात्कार प्रयास | ५ | ५ |
| जम्मा | १४ | १४ |

### बलात्कारपछि हत्या

ठोरी गाउँपालिका-५ सुवर्णपुरकी ५० वर्षीया सानीलक्ष्मी बम्जनको २०७४ असोज १९ गते बलात्कारपछि हत्या गरेको आरोपमा पीडित पक्षले सोही ठाउँका ३२ वर्षीय उमेश हजराविरुद्ध असोज २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। सानीलक्ष्मीलाई बलात्कारपछि टाउकोमा कोदालो र खुर्पीले घाँटीमा पटकपटक प्रहार गरी हत्या गरिएको उजुरीमा उल्लेख छ। शवको पोस्टमार्टम असोज २१ गते नारायणी उपक्षेत्रीय अस्पतालमा भयो। असोज २३ गते पक्राउ परेका आरोपितलाई अदालतले कात्तिक २२ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**परिवारजनबाट हत्या**

ठोरी गाउँपालिका-१ सरस्वतीचोककी २१ वर्षीया एलिसा सुनारको २०७३ फागुन १० गते हत्या गरेको आरोपमा ३५ वर्षीय पति अशोक लोहार र अशोककी जेठी पत्नी ३३ वर्षीया जमुना लोहारविरुद्ध पीडित पक्षले घटनाको पर्सिपल्ट इलाका प्रहरी कार्यालय, पोखरीयामा उजुरी दिए। टाउकोमा धारिलो हतियार प्रयोग गरी हत्या गरिएको अवस्थामा एलिसाको शव भान्सा कोठामा फेला परेको इलाका प्रहरी कार्यालय ठोरीका इन्स्पेक्टर लोकेन्द्रसिंह गुरुङले बताए। एलिसालाई दुई दिनअघिमात्र अशोकले कान्छी पत्नीका रूपमा घर भित्र्याएका थिए। शवको पोस्टमार्टम नारायणी उपक्षेत्रीय अस्पतालमा फागुन ११ गते गरियो। घटनाकै दिन पक्राउ परेका आरोपितहरूलाई अदालतले २०७४ वैशाख २२ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो।

वीरगञ्ज महानगरपालिका-१४ ठूलो पिप्राकी २३ वर्षीया निलु पटेललाई ०७३ चैत २८ गते राति घरायसी विवादमा गोली प्रहार गरी हत्या गरेको आरोपमा २६ वर्षीय पति धिरेन्द्र पटेललाई २०७४ वैशाख २ गते प्रहरीले पक्राउ गऱ्यो। गोली लागी घाइते भएकी निलुको वीरगञ्जस्थित नेशनल मेडिकल कलेजमा उपचारका क्रममा चैत ३० गते मृत्यु भयो। पटेलको देब्रे कन्चटमा गोली लागेको जिल्ला प्रहरी कार्यालयले जनाएको थियो। अनुसन्धानको क्रममा नीलुलाई गोली हान्ने काममा उनकै पतिको संलग्नता देखिएको भन्दै प्रहरीले पटेल विरुद्ध वैशाख २ गते नै जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गऱ्यो। जिल्ला अदालत पर्साले जेठ १८ गते आरोपित पटेललाई पुर्पक्षका लागि जेल चलानको आदेश दियो। यस वर्षको अन्त्य सम्ममा मुद्दाको फैसला भएन।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२२ वर्षीया महिलाले आफूलाई २०७४ असार २७ गते सामूहिक बलात्कार गरेको भन्दै वीरगन्ज मनपा-१६ इनर्वाका ३० वर्षीय महम्मदतैयब हुसेन, २९ वर्षीय नुरुल होदा र ३० वर्षीय महम्मद तबरेजविरुद्ध सोही दिन जिल्ला प्रहरी कार्यालय पर्सामा उजुरी दिइन्। आरोपितहरूले महिलासँग रहेको २५ हजार भारतीय रुपियाँसमेत लुटेको प्रहरी कार्यालयले जनायो। महिलाको स्वास्थ्य परीक्षण असार २७ गते नै वीरगन्जको नारायणी उपक्षेत्रीय अस्पतालमा गरियो। घटनाकै दिन पक्राउ परेका आरोपितहरूलाई अदालतले साउन १८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो।

**बोक्सीको आरोपमा दुर्व्यवहार**

जिल्ला महिला अधिकार मञ्च पर्साकी अध्यक्ष ५५ वर्षीया राजकुमारी उपाध्यायले आफूलाई २०७४ असोज ८ गते बोक्सीको आरोपमा दुर्व्यवहार गरेको भन्दै वीरगन्ज मनपा-८ की २६ वर्षीय सरिता श्रेष्ठ, २८ वर्षीया सोनु कार्की, ३५ वर्षीया प्रीति तामाङ, ४० वर्षीय सुनिल गुरुङ र ३० वर्षीय भोगेन्द्र कार्कीविरुद्ध सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। असोज १० गते पक्राउ परेका सबै आरोपितलाई अदालतले मङ्सिर ८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो। पीडित उपाध्यायको उपचार असोज १० गतेदेखि १४ गतेसम्म नारायणी उपक्षेत्रीय अस्पतालमा भएकामा थप उपचारका लागि असोज २४ गते त्रिवि शिक्षण अस्पताल, महाराजगन्ज लगियो। उनी यो वर्षको अन्त्यसम्म स्वास्थ्यकर्मीको निगरानीमा औषधि खाइरहेकी छन्।

## स्वास्थ्य सेवाको अवस्था

पर्सामा एउटा अञ्चल अस्पताल, एउटा अस्पताल, ७९ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा ६ डक्टरको दरबन्दी रहेकामा दुई कार्यरत छन्। अहेवको १ सय ६९ दरबन्दी रहेकामा १ सय ४७ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ४ करोड १ लाख ७५ हजार रुपियाँ र औषधि खर्चबापतको रकम १६ लाख रुपियाँ छ।

यस वर्ष औषधि खरिदका लागि रकम सोझै स्थानीय तहमा गएको भए पनि स्थानीय तहले औषधि खरिद गरिसकेका छैनन्। जसका कारण जिल्ला तथा स्वास्थ्य चौकीमा समेत अत्यावश्यक औषधि अभाव भयो।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालबालिका बेचबिखन | | १ | | १ |
| बालविवाह | | | १ | १ |
| बलात्कार | १ | १ | ५ | ७ |
| यौन दुर्व्यवहार | | १ | २ | ३ |
| जम्मा | १ | ३ | ८ | १२ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखनको प्रयास | | १ | १ |
| बोक्सीको आरोप | | २ | २ |
| बलात्कार | | ५ | ५ |
| बलात्कार प्रयास | ३ | २ | ५ |
| जम्मा | ३ | १० | १३ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | ३ |

# प्रदेश ३

- क्षेत्रफल : २०,३०० वर्ग कि.मि.
- जनसङ्ख्या : ५५,२५,४५२
- साक्षरता प्रतिशत : ६८.४६
- जिल्ला : १३
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : ३३
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ६६
- महानगरपालिका : ३
- उप-महानगरपालिका : १
- नगरपालिका : ४१
- गाउँपालिका : ७४
- कूल वडा सङ्ख्या : १,१२१

# प्रदेश परिचय ३

प्रदेश नं. ३ साबिकका सिन्धुली, रामेछाप, दोलखा, चितवन, मकवानपुर, ललितपुर, काभ्रे, भक्तपुर, काठमाडौँ, धादिङ, सिन्धुपाल्चोक, नुवाकोट र रसुवा गरी १३ जिल्ला मिलाएर बनाइएको छ। यसको जनसङ्ख्या ५५ लाख २९ हजार ४ सय ५२ छ। यो प्रदेश २० हजार ३ सय वर्ग किलोमिटरमा फैलिएको छ। यसमा प्रतिनिधि सभा निर्वाचन क्षेत्र ३३ वटा छन् भने प्रदेश सभा निर्वाचन क्षेत्र ६६ वटा छन्। सबभन्दा बढी काठमाडौँमा १० वटा प्रतिनिधि सभा निर्वाचन क्षेत्र छन् भने चितवन र ललितपुरमा तीन/तीन वटा छ। त्यसैगरी धादिङ, नुवाकोट, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक र मकवानपुरमा २/२ वटा क्षेत्र छन्। बाँकी दोलखा, रामेछाप, रसुवा गरी तीन जिल्लामा भने एक/एक वटा क्षेत्र मात्र तोकिएको छ।

यस प्रदेशमा २०.४५ प्रशित तामाङ, १८.२८ ब्राह्मण, १७.२८ क्षेत्री, १६.९१ नेवार, ४.८९ मगर, २.५ कामी, २.२५ गुरुङ, १.६६ थारु, १.५३ राई, १.३५ दमाइ र अन्य जातजातिको सङ्ख्या १२.९० प्रतिशत बसोबास गर्दछन्। यो प्रदेशमा नेपाली ५७.४२, १८.३२ तामाङ, १२.३० नेवार, १.८२ मगर, १.३४ थारु, १.२१ मैथली, ०.९५ गुरुङ, ०.८४ चेपाङ, ०.७६ भोजरपुरी, ०.५१ राई र ४.५२ प्रतिशतले अन्य भाषा बोल्छन्।

यो प्रदेशमा नेपालको कूल जनसङ्ख्याको २०.८७ प्रतिशत जनसङ्ख्याको बसोबास रहेको छ । यो प्रदेशले मुलुकको कूल गार्हस्थ्य उत्पादनमा जनसङ्ख्या बराबर नै अर्थात् १७.४६ प्रतिशत योगदान पुऱ्याउँछ । आर्थिक सर्वेक्षण २०७२/७३ अनुसार कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३१ प्रतिशत छ । यसरी कृषिमार्फत सबैभन्दा बढी योगदान दिने जिल्ला चितवन (३.५ प्रतिशत) यही प्रदेशमा पर्छ । सरकारले यो प्रदेशको अस्थायी राजधानी मकवानपुर सदरमुकाम हेटौँडालाई तोकेको छ । प्रदेश सभाको बहुमतले राजधानी कहाँ राख्ने भन्ने निर्णय गर्न सक्ने व्यवस्था भएकाले हाललाई अस्थायी केन्द्र तोकिएको हो।

**सन् २०१७ र मानव अधिकार अवस्था**

सन् २०१७ मा यो प्रदेशमा राज्यपक्षबाट १ सय १० जना र गैरराज्यपक्षबाट ७ सय २ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये महिलाको सङ्ख्या राज्यपक्षबाट आठ जना र गैरराज्यपक्षबाट ५ सय ७७ जना रहेको छ। यस प्रदेशमा राज्यपक्षबाट तीन जनाको हत्या भएको घटना अभिलेख भयो । यस अवधिमा यस प्रदेश अन्तर्गत भएका घटनामा यातनाबाट पाँच, अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकारबाट ४३ र कुटपिटबाट ५२ जना पीडित भए। यस प्रदेशमा महिला अधिकार उल्लङ्घनका घटनामा ३ सय ३५ जना महिला पीडित भए भने बाल अधिकार उल्लङ्घनका घटनामा २ सय ९ जना बालबालिका पीडित भए।

# ३.१ दोलखा

**जम्मा जनसङ्ख्या**
१,८०,०३२

**महिला**
८२,३०२

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
४८,०६४

**कामका लागि बाहिरिएका**
१०,१२१

**अपाङ्गता भएका**
५,५८७

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
९५.४१

**आश्रित जनसङ्ख्या**
८६,७७२

**दोलखामा गत वर्ष गैरराज्यपक्षबाट भएका घटनामा १७ जना पीडित भएकामा यो वर्ष राज्यपक्षबाट दुई महिलासहित १७ जना र गैरराज्यपक्षबाट १७ महिलासहित २६ जना पीडित भएका घटना अभिलेखित छन्। यस वर्ष मेलुङ गाउँपालिका-१ सत्यश्वर माविको मतदान केन्द्रमा प्रहरीले चलाएको गोली लागी सोही ठाउँका नहकुल भुजेलको हत्या भयो भने माओवादी केन्द्रका कार्यकर्ताको कुटपिटबाट कुलबहादुर तमाङ्गको मृत्यु भयो। चोरीको आरोपमा प्रहरीले गिरफ्तार गरेका १४ वर्षीय बालक रवी केसीको प्रहरी हिरासत मृत्यु भएको भन्दै आफन्तले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए।**

## नागरिक तथा राजनीतिक अधिकार सम्मानितरूपले बाँच्ने अधिकार

| घटनाको प्रकार | | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | १ | ११ | १२ | | १ | १ |
| बाल अधिकार | | | | १० | | १० |
| महिला अधिकार | | | | ६ | | ६ |
| गिरफ्तारी | १ | २ | ३ | | | |
| हिरासत वा थुनामा मृत्यु | | १ | १ | | | |
| कुटपिट | | | | | ७ | ७ |
| हत्या | | १ | १ | १ | १ | २ |
| जम्मा | २ | १५ | १७ | १७ | ९ | २६ |

### हत्या

**राज्यपक्षबाट**

मेलुङ गाउँपालिका-१ का ३२ वर्षीय नहकुल भुजेलको २०७४ वैशाख ३१ गते सोही ठाउँस्थित सत्यश्वर माविको मतदान केन्द्रमा प्रहरीले चलाएको गोली लागी मृत्यु भयो। मतदान भइरहेको समयमा बुथ कब्जामा लिई मतपत्र च्यातेको र प्रहरीमाथि नै कुटपिट गर्न

*प्रहरीको गोली लागी मृत्यु भएका नहकुल भुजेल*

खोज्दा प्रहार गरेको गोली पीडितलाई लागेको प्रहरीले जनायो। घटनामा सोही ठाउँका ४१ वर्षीय निर्मलकुमार कोइराला, ३२ वर्षीय रोशन भुजेल, १८ वर्षीय बुढाराज बस्नेत, ३४ वर्षीय प्रवीण बस्नेत, २३ वर्षीय गुणराज बस्नेत, २१ वर्षीय उद्धव बुढाथोकी, २८ वर्षीय भुवन थापा, ४५ वर्षीय चिरञ्जीवी ठकुरी, ३३ वर्षीय घलेन्द्रबहादुर बुढाथोकी, २१ वर्षीय प्रकाश खत्री र ३७ वर्षीय मनहरि बुढाथोकी प्रहरीको गोलीबाट घाइते भए। घाइतेलाई हेलिकप्टरबाट काठमाडौँ लगिएकामा महाराजगन्जस्थित शिक्षण अस्पतालमा उपचार भयो।

### गैरराज्यपक्षबाट

गौरीशङ्कर गाउँपालिका-१ का ३३ वर्षीय कुलबहादुर तामाङको २०७४ वैशाख २६ गते राति सोही गाउँपालिकाको रेशमडाँडास्थित नीलकण्ठेश्वर मावि‌को चौरमा झडप हुँदा मृत्यु भयो। स्थानीयको घरमा बसिरहेका पीडितलाई नेकपा माओवादी केन्द्रका कार्यकर्ताहरूले चारैतिरबाट घेरा हाली आक्रमण गर्दा उनको मृत्यु भयो। मृतकका परिवारले वैशाख २७ गते जिल्ला प्रहरी कार्यालयमा दिएको उजुरीमा नेकपा माओवादी केन्द्रका कार्यकर्ताहरूले आक्रमण गरी हत्या गरेको उल्लेख छ। सोही आक्रमणमा परी गौरीशङ्कर गाउँपालिका-२ का ५६ वर्षीय दिलबहादुर बुढाथोकी घाइते भए। उनको

*नेकपा माओवादी केन्द्रका कार्यकर्ताको आक्रमणमा परी मारिएका कुलबहादुर तामाङ*

*नेकपा माओवादी केन्द्रका कार्यकर्ताको कुटपिटबाट घाइते भएका दिलबहादुर बुढाथोकी*

*प्रहरीको गोली लागी घाइते भएका भुवन थापा*

उपचार काठमाडौँस्थित त्रिवि शिक्षण अस्पतालमा भयो। घटनामा संलग्न रहेको आरोपमा सोही गाउँपालिका-२ का २३ वर्षीय सुरेश कार्की, २४ वर्षीय एन्डिज कार्की, १९ वर्षीय रमेश कार्की, सोही गाउँपालिका-१ का २० वर्षीय मिलन जिरेल, सोही नपा-३ का साङ्दोर्जे शेर्पा, कालिञ्चोक गाउँपालिका-१ का २८ वर्षीय नीमा तामाङ र २३ वर्षीय प्रेम तामाङ, रामेछापको उमाकुण्ड गाउँपालिका-४ का २३ वर्षीय दीपक तामाङ र झापा जिल्ला बाउने गाउँपालिका-९ का २३ वर्षीय प्रेमबहादुर तामाङलाई वैशाख २७ गते प्रहरीले पक्राउ गऱ्यो। उनीहरू जेठ २६ गते साधारण तारेखमा रिहा भए। मानव अधिकार सङ्घ-संस्थाका प्रतिनिधिले वैशाख २८ र २९ गते घटनास्थलको अवलोकन गर्नुका साथै प्रत्यक्षदर्शी, जिल्लास्थित प्रशासनिक तथा सुरक्षा निकायका प्रमुख, राजनीतिक दलका प्रतिनिधिहरूसँग भेटघाट गरी घटनाको सत्यतथ्य बुझ्ने प्रयास गरेका थिए।

### गोली/विष्फोटबाट घाइते

तामाकोशी गाउँपालिका-५ की ४५ वर्षीया लीला खड्का २०७४ वैशाख ३१ गते जनजागृति मावि‌को मतदान केन्द्रमा प्रहरीको गोलीबाट घाइते भइन्। मतदान भइरहेको समयमा नेकपा माओवादी केन्द्र, नेपाली काङ्ग्रेस र नेकपा एमालेका कार्यकर्ताबीच झगडा भई मतदान अवरोध गर्न खोज्दा प्रहरीले हवाइफायर गरेको थियो। पीडितको किर्नेटार स्वास्थ्य चौकीमा उपचार भयो।

### धम्की/कुटपिट

तामाकोशी गाउँपालिका-२ का ५८ वर्षीय भरत कार्की, सोही ठाउँका ५४ वर्षीय यज्ञबहादुर कार्की, ३४ वर्षीय पुष्कर थापा र ३२ वर्षीय सन्तोष कार्कीलाई तामाकोशी गाउँपालिका-२ स्थित अमर मावि मतदान केन्द्र झुलेमा २०७४ वैशाख

*नेपाली काङ्ग्रेस र नेकपा माओवादी केन्द्रका कार्यकर्ताहरूको कुटपिटबाट घाइते भएका भरतबहादुर कार्की र यज्ञबहादुर कार्की*

३१ गते बिहान मतदान गर्न गइरहेको बेला नेपाली काङ्ग्रेस र माओवादी केन्द्रका कार्यकर्ताले स्थानीय स्वास्थ्य चौकी नजिक बाटो छेकेर कुटपिट गरेको भन्दै पीडित पक्षले राष्ट्रिय मानव अधिकार आयोगमा जेठ १ गते उजुरी दिए। घाइते मध्ये यज्ञबहादुर र भरतबहादुरको चरिकोटस्थित सामुदायिक अस्पताल, पुष्करको चरिकोटस्थित प्राथमिक स्वास्थ्य केन्द्र र सन्तोषको काठमाडौंको त्रिविवि शिक्षण अस्पताल महाराजगन्जमा उपचार भयो। पीडित पक्षले यस वर्षको अन्त्यसम्म कहीं उजुरी दिएनन्।

## कारागार र बन्दी

१७ जना क्षमता रहेको जिल्लाको महिला कारागारमा ५४ कैदी र ३५ थुनुवा गरी ८९ जना छन्। ६५ वर्षमाथिका दुई जना पुरुष यस कारागारमा छन्। पुरुष कैदी बन्दीका लागि कारागार निर्माण अवस्थामा रहेकाले महिला कारागारमा पुरुष कैदी र थुनुवा राख्ने गरिएको र महिला कैदी तथा बन्दीलाई जिल्ला बाहिरका कारागारमा लैजाने गरिएको कारागार प्रशासनले जनायो।

## हिरासतमा मृत्यु

भोजपुर घर भई भीमेश्वर नपा-५ मावली घरमा बस्दै आएका १४ वर्षीय रवि केसीको प्रहरी हिरासत नै मृत्यु भएको भन्दै आफन्तले २०७४ भदौ २३ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। बालक केसीलाई भदौ १८ गते चोरीको आरोपमा प्रहरीले पक्राउ गरेको आफन्तले बताए भने जिल्ला प्रहरी कार्यालयले भदौ १९ गते पक्राउ गरेको जनाएको थियो। हिरासतमा नै बालक अकस्मात बिरामी भएपछि भदौ २२ गते प्राथमिक स्वास्थ्य केन्द्र चरिकोटमा लगिए पनि उपचार हुन नसकेपछि काठमाडौं लैजाँदा बाटोमा मृत्यु भएको प्रहरीले जनायो। बालकको स्वास्थ्यमा गम्भीर समस्या देखिँदासमेत उपचारमा ढिलाइ गरेकाले मृत्यु भएको र गैरकानुनीरूपमा हिरासतमा राखिएको पीडित पक्षले उजुरीमा उल्लेख गरे पनि कसैलाई कारबाही भएन।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुईजना न्यायाधीशको दरबन्दी रहेकामा दुवै कार्यरत छन्। यस वर्षको अन्त्यसम्म फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय ४७ र फौजदारीतर्फ १ सय ३४ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी १० र फौजदारी पाँच थान रहेका छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ५ आधारभूत र ९५ माध्यमिक विद्यालय छन् भने क्याम्पस ११ वटा छन्। १ हजार ८ सय ५४ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष सामुदायिक विद्यालयतर्फ २१ हजार ७ सय ९७ बालक र २४ हजार २ सय २३ बालिका भर्ना भए। २ हजार ४ सय ६ दलित बालक र २ हजार ७९ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका २७ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*सन् २०१६ मा बालबालिकामाथि हुने हिंसाका घटनाबाट सात जना पीडित भएका घटना अभिलेख गरिएकामा यो वर्ष १० जना बालिका पीडित भएका घटना अभिलेखित भए। गत वर्ष बलात्कारबाट पाँच, बालविवाह र यौनदुर्व्यवहारबाट एक/एक जना पीडित भएका थिए भने यस वर्ष बलात्कारबाट चार, यौन दुर्व्यवहारबाट पाँच र बालविवाहबाट एक बालिका पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालविवाह | १ | १ |
| बलात्कार | ४ | ४ |
| यौन दुर्व्यवहार | ५ | ५ |
| जम्मा | १० | १० |

**बलात्कार, यौन दुर्व्यवहार**

सात वर्षीया बालिकालाई २०७४ जेठ ६ गते जिरी नपा-३ का ६१ वर्षीय दिलबहादुर बस्नेतले यौन दुर्व्यवहार गरेको आरोपमा बालिकाका आफन्तले जेठ १६ गते इलाका प्रहरी कार्यालय, जिरीमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण जेठ १६ गते जिल्ला अस्पताल जिरीमा गरियो। जेठ १६ गते पक्राउ परेका आरोपितलाई अदालतले जेठ ३० गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ८४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका सात, खान/लाउन नदिएको ३३, अर्की पत्नी ल्याएर हेला गरेको दुई र सामान्य घरायसी झगडाका ६० घटना छन्। यीमध्ये प्रहरीले ८८ वटामा मिलापत्र गरायो भने सातवटा घटना कानुनी प्रक्रियामा छन्। उजुरी दिएका मध्ये १३ जना पीडित सम्पर्कमा आएनन्।*

*गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा १० जना पीडित भएकामा यो वर्ष ६ जना पीडित भएका घटना अभिलेखमा छन्। सन् २०१६ मा बलात्कार घटनाबाट पाँच जना, बहुविवाहका कारण चार जना र बोक्सीको आरोपमा एक जना पीडित भएका घटना अभिलेखित थिए भने यो वर्ष, बहुविवाहका कारण एक जना, बलात्कारबाट दुई र बलात्कार प्रयासबाट तीन जना पीडित भएका घटना अभिलेखित छन् ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| बलात्कार प्रयास | ३ | ३ |
| बहुविवाह | १ | १ |
| जम्मा | ६ | ६ |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

१९ वर्षीया महिलालाई गौरीशङ्कर गाउँपालिका-५ सुरीका ३० वर्षीय अनेन्द्र खड्काले २०७३ फागुन १७ गते बलात्कार गरेको आरोपमा पीडितका आफन्तले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। महिलाको स्वास्थ्य परीक्षण फागुन १८ गते प्राथमिक स्वास्थ्य केन्द्र चरिकोटमा भयो। उजुरी दिएकै दिन पक्राउ परेका आरोपितलाई अदालते चैत १० गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो।

**परिवारजनबाट हत्या**

भीमेश्वर नपा-८ मेहर टोलकी ७१ वर्षीया खड्गमाया बस्नेतलाई छोरा ३५ वर्षीय कुमार बस्नेतले २०७४ असोज २२ गते दाउराले प्रहार गरी हत्या गरेको आरोपमा पीडित पक्षले असोज २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम भोलिपल्ट प्राथमिक स्वास्थ्य केन्द्र, चरिकोटमा भयो। घटनाकै दिन पक्राउ परेका आरोपितलाई अदालतले २०७४ असोज २६ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो।

**स्वास्थ्य सेवाको अवस्था**

यस जिल्लामा एक जिल्ला अस्पताल, ५२ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। पाँच डक्टरको दरबन्दी रहेकामा चारजना कार्यरत छन्। १ सय १६ अहेवको दरबन्दी रहेकामा ९२ जना कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट १ करोड ७२ लाख ११ हजार रुपियाँ रहेकामा औषधि खरिदतर्फ १० लाख रुपियाँ छ।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | | १ | १ |
| बलात्कार | | ४ | ४ |
| यौन दुर्व्यवहार | १ | ४ | ५ |
| जम्मा | १ | ९ | १० |

| महिला अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | २ |
| बलात्कार प्रयास | ३ | ३ |
| बहुविवाह | १ | १ |
| जम्मा | ६ | ६ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | २ | ३ |

# ३.२ सिन्धुपाल्चोक

**जम्मा जनसङ्ख्या**
२,८०,५६०

**महिला**
१,४७,७२३

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
७२,६१३

**कामका लागि बाहिरिएका**
१५,७१२

**अपाङ्गता भएका**
६,६०८

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
५८.८५

**आश्रित जनसङ्ख्या**
१,२२,७८५

**सिन्धुपाल्चोकमा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा गैरराज्यपक्षबाट २६ जना पीडित भएकामा यो वर्ष २३ महिलासहित २६ जना पीडित भए। यस वर्ष प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनका क्रममा बलेफी गाउँपालिकाको टोप्कास्थित कालीदेवी प्रावि मतदान केन्द्रमा लोकतान्त्रिक र वाम गठबन्धनका कार्यकर्ताबीच मतदाता परिचयपत्र नभए पनि मतदान गर्न पाउने र नपाउने विषयमा भएको झडपमा दुईजना घाइते भए।**

### झडप

बलेफी गाउँपालिका-८ टोप्कास्थित कालीदेवी प्रावि मतदान केन्द्रमा लोकतान्त्रिक र वाम गठबन्धनका कार्यकर्ताबीच २०७४ मङ्सिर १० गते झडप भयो। झडपमा बलेफी गाउँपालिका-८ का वडा सदस्य तथा वाम गठबन्धनका कार्यकर्ता ४५ वर्षीय लक्ष्मण अधिकारी र सोही ठाउँका लोकतान्त्रिक गठबन्धनका कार्यकर्ता ६२ वर्षीय सुकुमान तामाङ सामान्य घाइते भए। मतदाता परिचयपत्र नभए पनि मतदान गर्न पाउने र नपाउने पक्षबीचको विवादका कारण भएको झडप नियन्त्रणमा लिन प्रहरीले दुई राउन्ड हवाइफायर गरेको थियो।

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार २०७२ वैशाख १२ गतेको भूकम्पले पूर्ण क्षति भएको छ। तर, पनि

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ११ | | ११ |
| महिला अधिकार | १२ | | १२ |
| कुटपिट | | ३ | ३ |
| जम्मा | २३ | ३ | २६ |

पुनर्निर्माण हुन सकेको छैन। यस कारागार मातहत १७ कैदी र १ सय १ थुनुवा गरी १ सय १८ जना छन्। जसमा आठ महिला छन्। कारागार नभएकै कारण अदातलबाट कैद तोकिएका तथा पुर्पक्षका लागि थुनामा राख्ने आदेश भएकालाई विभिन्न कारागार पठाइने गरिएको छ। जसमध्ये रामेछाप कारागारमा १०, ललितपुरको नख्खु कारागारमा तीन, काठमाडौँको जगन्नाथदेवलमा १०, डिल्लीबजार कारागारमा दुई, मकवानपुरको भीमफेदीमा दुई र धुलिखेलमा ७५ जना राखिएका छन् भने जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षमा १६ जना छन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय ६४ र फौजदारीतर्फ १ सय ५५ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी दुई र फौजदारी आठ थान छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*जिल्लामा ३ सय ९ आधारभूत र २ सय २१ माबि गरी ५ सय ३० विद्यालय छन्। १७ सय ५ प्राबि, ४ सय १९ निमाबि र ३ सय ४२ माबि शिक्षक दर बन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष १५ हजार ६ सय ९९ बालक र १५ हजार ७ सय ५३ बालिका भर्ना भए। जिल्लामा चारवटा अपाङ्गमैत्री विद्यालय छन्। २ हजार २ सय ७५ दलित बालक र २ हजार ५ सय ३१ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका १८ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*गत वर्ष बालबालिकामाथि हुने हिंसाका घटनाबाट ६ जना पीडित भएकामा यो वर्ष ११ जना बालिका पीडित भए। गत वर्ष बलात्कारबाट पाँच र यौन दुर्व्यवहारबाट एकजना पीडित भएकामा यस वर्ष बलात्कारबाट सात र यौन दुर्व्यवहारबाट चार बालिका पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ६ | ६ |
| यौन दुर्व्यवहार | ४ | ४ |
| जम्मा | ११ | ११ |

#### बलात्कार, यौन दुर्व्यवहार

१६ वर्षीया बालिकालाई २०७३ पुस २९ गते १५ वर्षीय बालकले बलात्कार गरेको भन्दै पीडित पक्षले माघ ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण माघ ४ गते चौतारा अस्पतालमा भयो। माघ ११ गते पक्राउ परेका आरोपितलाई अदालतले २०७४ असार २५ गते तीन वर्ष कैद सजायको फैसला सुनायो। बालकलाई बालसुधार गृह भक्तपुर लगिएको जिल्ला बाल कल्याण समितिले जनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ३९ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएका १ सय २४ घटना छन् भने बाँकी अन्य शीर्षकका छन्। यीमध्ये प्रहरीले ९५ वटामा मिलापत्र गरायो भने ४४ घटनाका पीडित सम्पर्कमै आएनन्।*

*गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा १५ जना पीडित भएकामा यो वर्ष १२ जना पीडित भए। गत वर्ष बलात्कार घटनाबाट ६, बहुविवाहका कारण चार, बोक्सीको आरोपमा दुई, महिला बेचबिखन घटनाबाट एक र घरेलु हिंसाबाट दुईजना पीडित भएकामा यो वर्ष बलात्कारबाट चार, बलात्कार प्रयासबाट दुई, बोक्सीको आरोपमा एक र घरेलु हिंसाबाट पाँचजना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ४ | ४ |
| बलात्कार प्रयास | २ | २ |
| घरेलु हिंसा | ५ | ५ |
| जम्मा | १२ | १२ |

#### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

६५ वर्षीया महिलालाई २०७४ साउन १७ गते बलेफी गाउँपालिका-३ का ५० वर्षीय सेते तामाङले बलात्कार गरेको भन्दै पीडित पक्षले भदौ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण भदौ २ गते चौतारा अस्पतालमा भयो। भदौ ६ गते पक्राउ परेका आरोपितलाई अदालतले भदौ

२१ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो। न्यायका लागि पहल गरिदिन पीडितले अनुरोध गरेपछि इन्सेक जिल्ला प्रतिनिधिको पहलमा उजुरी दर्ता गराइएको थियो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र र ७५ स्वास्थ्य चौकी छन्। ६ जना डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। एचएको दरबन्दी ७६ रहेकामा ३७ जना कार्यरत छन्। स्टाफ नर्सको दरबन्दी सात रहेकामा दुई छन्। अहेवको दरबन्दी १ सय ५८ रहेकामा ७१ कार्यरत छन्। त्यसैगरी ल्याब असिस्टेन्टको दरबन्दी पाँच रहेकामा एकजना कार्यरत छन्। अनमीको दरबन्दी १ सय ५८ रहेकामा १ सय ५ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ७ करोड रहेकामा औषधि खर्चबापतको रकम १० लाख रुपियाँ छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | ५ | ७ |
| यौन दुर्व्यवहार | १ | २ | ३ |
| जम्मा | ३ | ७ | १० |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बोक्सीको आरोप | | १ | १ |
| बलात्कार | | ४ | ४ |
| बलात्कार प्रयास | | २ | २ |
| घरेलु हिंसा | २ | ३ | ५ |
| जम्मा | २ | १० | १२ |

# ३.३ रसुवा




जम्मा जनसङ्ख्या
४२,७७३

महिला
२२,००७

प्रतिनिधिसभा निर्वाचन क्षेत्र
१

प्रदेशसभा निर्वाचन क्षेत्र
२

गरिबीको रेखामुनि रहेको सङ्ख्या
१३,३२४

कामका लागि बाहिरिएका
३,१०८

अपाङ्गता भएका
१,०१६

५ वर्षमाथिको साक्षरता प्रतिशत
५५.५

आश्रित जनसङ्ख्या
१८,७५८

**रसुवामा गत वर्ष गैरराज्यपक्षबाट भएका घटनामा चार जना पीडित भएकामा यो वर्ष राज्यपक्षबाट एक महिलासहित दुई जना र गैरराज्यपक्षबाट १० महिलासहित १६ जना पीडित भएका घटना अभिलेखित छन्। यस वर्ष स्थानीय तहको निर्वाचन, प्रतिनिधि तथा प्रदेश सभाको निर्वाचनका क्रममा राजनीतिक दलका कार्यकर्ता बीचको झडप तथा कुटपिटका घटनामा नौ जना घाइते भए।**

**भूकम्पका कारण आफ्नो गाउँ नै पहिरोको जोखिममा परेकोले रसुवाको हाकु, डाडागाउँ, राम्चे, धुन्चे, लाडटाङका करिब ४ सय ५० परिवार विस्थापित भए। हाकु र डाडागाउँका विस्थापितहरू उत्तरगया गाउँपालिका-५ बोगटीटार, नौबिसे, खाल्टे लगायतका ठाउँमा बसेको साढे दुई वर्ष बित्दा समेत यस वर्षको अन्त्यसम्म बस्ती स्थान्तरण हुन सकेन। बसोबासको बैकल्पिक व्यवस्था सरकारले नगरिदिँदा जग्गाधनी र विस्थापित बीच बेलाबेला विवाद बढ्न थालेको छ। जग्गाधनीले विस्थापितलाई उठ्नको लागि दबाव दिइरहेका छन्। विस्थापितहरूले सरकरसँग आवास निर्माण अनुदान सम्झौता समेत गर्न पाएनन्।**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | १ | ३ | ४ |
| बाल अधिकार | | | | ४ | | ४ |
| महिला अधिकार | १ | | १ | ३ | | ३ |
| गिरफ्तारी | | १ | १ | | | |
| कुटपिट | | | | ३ | ३ | ५ |
| जम्मा | १ | १ | ३ | १० | ६ | १६ |

## धम्की/कुटपिट

### गैरराज्यपक्षबाट

कालिका गाउँपालिका-३ निवासी नयाँ शक्तिका कार्यकर्ता ३५ वर्षीय कृष्णबहादुर तामाङलाई वाइसिएल अध्यक्ष २९ वर्षीय गणेश बिकले धारिलो हतियार प्रयोग गरी २०७४ मङ्सिर ९ गते साँझ घाइते बनाएको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा सोही दिन मौखिक उजुरी दिए। आरोपित पक्राउ

परेनन्। मतदातालाई पैसा बाँडेको भन्दै तामाङले बिकलाई नियन्त्रणमा लिन खोजेपछि बिकले कुटपिट गरेको पीडितले बताए।

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर १ सय ५ जना कैदीबन्दी छन्। जसमध्ये कैद तोकिएका ८० र नतोकिका २५ जना छन्। यसमध्ये महिला बन्दी ६ जना छन्। जसमा चारजना कैद तोकिएका छन्। क्षमताभन्दा बढी कैदीबन्दी राखिएकाले पिउने पानी, शौचालय र स्वास्थ्य परीक्षणमा समस्या छ।

२०३३ सालमा बनेको यो कारागार भवनको अगाडिको भाग २०७२ वैशाख १२ गतेको भूकम्पका कारण ढलेको छ। सामान्य मर्मत गरेर जस्तापाताले तयार गरेका कोठामा बस्नुपर्दा चिसोका कारण धेरै स्वास्थ्य समस्या हुने गरेको कैदीबन्दीले बताए।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

नौकुण्ड गाउँपालिका-३ का वडा सचिव ३४ वर्षीय पूर्णबहादुर बुलुनले आफूलाई २०७४ मङ्सिर २८ गते बेलुकी घरनजिकै सडकमा नेपाली काङ्ग्रेसका कार्यकर्ता ३५ वर्षीय दिलबहादुर तामाङ र नयाँ शक्ति पार्टीका कार्यकर्ता २९ वर्षीय सिन्की लामालगायतको समूहले कुटपिट गरी घाइते बनाएको भन्दै भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। घाइतेको उपचार स्थानीय पारच्याङ स्वास्थ्य चौकीमा भयो। आरोपित पक्राउ परेनन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी रहेकामा कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ११ र फौजदारीतर्फ नौ थान छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा संस्थागत र सामुदायिक गरी ९७ विद्यालय छन्। जसमध्ये १८ प्रावि, ६० निमावि र १९ मावि छन्। ४ सय ३९ शिक्षक दरबन्दी रहेकामा १३ रिक्त छ। विद्यालय जाने उमेरका १२ हजार २ सय ८४ मध्ये छात्र ५ हजार ४ सय ३५ र छात्रा ६ हजार ८ सय ४९ प्राथमिक तहदेखि माविसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १ सय ३१ र छात्र १ सय १५ छन्। जिल्लाभर ३ सय ८० प्रावि, ७९ जना मावि र ७२ जना निमावि शिक्षक कार्यरत छन्। विद्यालय गाभिने र बन्द हुने क्रममा रहेकाले दरबन्दी मिलान हुन बाँकी छ।*

*भूकम्पबाट जिल्लाका अधिकाँश विद्यालय भत्केकामा यस वर्ष २५ विद्यालय भवन निर्माण भएको छ भने १८ वटाको भवन निर्माणको चरणमा छन्। जिल्लामा एउटामात्र अपाङ्गमैत्री विद्यालय छ। यस वर्ष ९ हजार ६ सय ९० दलित बालक र ८ हजार ७ सय दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद परिवारका दुई र द्वन्द्वपीडित परिवारका २ सय ४१ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*सन् २०१६ मा बालबालिकामाथि हुने हिंसाका घटनाबाट तीन जना पीडित भएका घटना अभिलेख गरिएकामा यो वर्ष चार जना बालिका पीडित भएका घटना अभिलेखित भए । गत वर्ष बलात्कारबाट तीन जना पीडित भएका थिए भने यस वर्ष बलात्कार र यौन दुर्व्यवहारबाट एक/एक जना पीडित भए भने बेचबिखनबाट दुई बालिका पीडित भए ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालबालिका बेचबिखन | ३ | ३ |
| बलात्कार | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ४ | ४ |

#### बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई २०७४ असार २२ गते बेलुकी गोसाइँकुण्ड गाउँपालिका-२ टिमुरेको एक होटलमा काम गरिरहेको अवस्थामा टाटासुमो चालक सिन्धुपाल्चोक जिल्ला मेलम्ची गाउँपालिका-४ का २८ वर्षीय उमेश चालिसेले बलात्कार गरेको भन्दै पीडितका आफन्तले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण तथा उपचार असार २३ गते जिल्ला अस्पतालमा भयो। उजुरी दिएकै दिन पक्राउ परेका आरोपितलाई अदालतले २०७४ साउन ९ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो। बालिकालाई महिला तथा बालबालिका कार्यालयले उद्धार गृहमा राखेकामा २०७४ भदौ ३ गते काठमाडौँस्थित माइती नेपालको संरक्षण गृहमा पठायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै पाँच महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका एक, विवाह दर्ता र नागरिकता नबनाएको एक, अर्की पत्नी ल्याएर हेला गरेको एक र सामान्य घरायसी झगडाका दुई उजुरी छन्। यीमध्ये प्रहरीले तीन वटामा मिलापत्र गरायो भने दुई उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ।*

*गत वर्ष महिलामाथि भएका हिंसाका घटना जानकारीमा आएनन । यो वर्ष चार जना पीडित भएका घटना अभिलेखमा छन् । यो वर्ष बलात्कार प्रयासबाट एक जना, घरेलु हिंसाका कारण एक जना, बोक्सीको आरोपमा एक जना र प्रसूति सेवाबाट एक जना पीडित भएका घटना अभिलेखित छन्।*

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | |
|---|---|---|---|---|
| | महिला | जम्मा | महिला | जम्मा |
| बोक्सीको आरोप | | | १ | १ |
| बलात्कार प्रयास | | | १ | १ |
| प्रसूति सेवा | १ | १ | | |
| घरेलु हिंसा | | | १ | १ |
| जम्मा | १ | १ | ३ | ३ |

### बोक्सीको आरोपमा दुर्व्यवहार

नौकुण्ड गाउँपालिका-५ खाल्चेतकी ३७ वर्षीया राधा ग्लान तामाङले आफूलाई बोक्सी आरोपमा जेठाजु ५२ वर्षीय सन्तबहादुर ग्लान तामाङ र उनका छोरा २० वर्षीय सन्तोष ग्लान र १७ वर्षीय विशाल ग्लानसमेतले २०७४ कात्तिक १ गते राति कोदालोसमेत प्रयोग गरेर कुटपिट गरेको भन्दै कालिकास्थानस्थित प्रहरी चौकीमा पर्सिपल्ट उजुरी दिइन्। राधाको काठमाडौंको वसुन्धरास्थित ग्रिन सिटी अस्पतालमा उपचार भयो। सोही दिन पक्राउ परेका सन्तबहादुर र सन्तोषलाई अदालतले कात्तिक २५ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो। आरोपित विशाल पक्राउ परेनन्।

### घरेलु हिंसा

कालिका गाउँपालिका-२ का पति ३० वर्षीय शिव भनिने चेतनाथ न्यौपानेले आफूलाई पटकपटक कुटपिट गर्ने र मार्ने धम्की दिएको भन्दै तनहुँ जिल्ला भानु नपा-५ की २८ वर्षीया इन्दिरा विश्वकर्माले २०७४ जेठ २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। इन्दिराले २०७० सालमा न्यौपानेले आफूसँग विवाह गरी सँगै बसेको र एक छोरीको जन्मसमेत भएको तर विवाह तथा छोरीको जन्म दर्तासमेत नगरेको उजुरीमा उल्लेख गरेकी छिन्। यसबारे जिल्ला प्रहरी कार्यालयमा २०७४ जेठ २५ गते भएको छलफलपछि विवाद समाधानका लागि अदालत जाने सहमति भएको थियो। तर अर्को विवाह गरी धम्की दिन नछाडेपछि छोरी लिएर भागेको पीडितले बताइन्। आरोपितलाई कारबाही भएन।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### सम्पत्ति क्षति

आमाछोदिङमो गाउँपालिका-२ ग्रे गाउँमा २०७४ मङ्सिर ३ गते साँझ प्रनिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन प्रचारका क्रममा वाम गठबन्धनका तीन वटा मोटरसाइकल लोकतान्त्रिक गठबन्धनको एक समूहले जलायो। नेपाली काङ्ग्रेसका युवाहरूले आक्रमण गरी मोटरसाइकल जलाएको एमालेले दाबी गऱ्यो। सोही दिन वाम गठबन्धनले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि कसैलाई कारबाही भएन।

*लोकतान्त्रिक गठबन्धनका कार्यकर्ताले आगजनी गरेको मोटरसाइकल*

### स्वास्थ्य सेवाको अवस्था

रसुवामा एक जिल्ला अस्पताल, १७ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा दुई डक्टरको दरबन्दी रहेकामा दुवैजना कार्यरत छन्। यसबाहेक चार डक्टर करार सेवामा कार्यरत छन्। अहेवको ४० दरबन्दी रहेकामा २३ जना कार्यरत छन्। अनमी ४० दरबन्दी रहेकामा २७ जना कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट १८ करोड ६४ लाख र औषधि खर्चबापतको रकम ८५ लाख रुपियाँ छ।

**प्रसूति सेवा**

आमाछोदिङमो गाउँपालिका-५ का २७ वर्षीया तिपतोङ तामाङको स्वास्थ्य उपचार अभावमा सुत्केरी हुन नसकेर २०७४ साउन ३१ गते राति मृत्यु भयो। उनका पति नुर्पुछिरिङ तामाङसहित परिवार नै गोठमा बस्दै आएका थिए। चिलिमेमा रहेको स्वास्थ्य संस्थाबाट साङ्जेन खर्क पुग्न एक दिन पैदल हिँड्नुपर्छ। उनलाई ३५ घण्टादेखि कडा प्रसव पीडा भएपनि स्वास्थ्य संस्था लान नसकिएकाले मृत्यु भएको सो वडाका सचिव छोवाङ तामाङले बताए।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालबालिका बेचबिखन | १ | १ |
| बलात्कार | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ३ | ३ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बोक्सीको आरोप | | | १ | १ |
| बलात्कार प्रयास | | | १ | १ |
| प्रसूति सेवा | १ | | | १ |
| घरेलु हिंसा | | १ | | १ |
| जम्मा | १ | १ | २ | ४ |

# ३.४ धादिङ

जम्मा जनसङ्ख्या
३,३५,१८८

महिला
१,८०,४५६

प्रतिनिधिसभा निर्वाचन क्षेत्र
२

प्रदेशसभा निर्वाचन क्षेत्र
४

गरिबीको रेखामुनि रहेको सङ्ख्या
६२,६२१

कामका लागि बाहिरिएका
२२,५३७

अपाङ्गता भएका
७,८२७

५ वर्षमाथिको साक्षरता प्रतिशत
५८

आश्रित जनसङ्ख्या
१,४८,७७१

**धादिङमा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्यपक्षबाट तीन पुरुष र गैरराज्यपक्षबाट ३१ महिलासहित ३२ जना पीडित भएकामा सन् २०१७ मा राज्यपक्षबाट पाँच पुरुष र गैरराज्यपक्षबाट ३५ महिलासहित ६१ जना पीडित भए। स्थानीय तह, प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनका क्रममा दलका कार्यकर्ताबीच भएका झडपमा चार महिलासहित १७ जना घाइते भए। प्रहरीले पक्राउ गरी यातना दिएको भन्दै पाँचजना पीडितले यस वर्ष जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए।**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | ४ | १३ | १७ |
| बाल अधिकार | | | १४ | | १४ |
| महिला अधिकार | | | ३१ | | ३१ |
| यातना | ५ | ५ | | | |
| कुटपिट | | | | ६ | ६ |
| धम्की | | | | १ | १ |
| हत्या | | | | ३ | ३ |
| जम्मा | ५ | ५ | ३९ | ३३ | ६१ |

### धम्की/कुटपिट

**गैरराज्यपक्षबाट**

थाक्रे गाउँपालिका–१० का ४२ वर्षीय शिवहरि बास्कोटा र सोही गाउँपालिका-११ का ३२ वर्षीय जीवन तामाङ, सोही गाउँपालिका-६ का थाक्रे गाउँकार्यपालिका सदस्य ३५ वर्षीय कुमार बैरागीलाई गाउँपालिका कार्यालयमा बैठक चलिरहेका बेला २०७४ भदौ ४ गते सोही गापा–६ का माओवादी केन्द्रका कार्यकर्ता ४० वर्षीय यन्त्रबहादुर थापाको नेतृत्वमा आएका करिब ६० जनाको समूहले आक्रमण गऱ्यो। घाइतेको मनमोहन अस्पताल काठमाडौँमा उपचार भयो। केही घाइतेको भने महादेववेसी स्वास्थ्य चौकीमा उपचार भयो।

नेत्रावती डबजोङ गाउँपालिका-१ का २२ वर्षीय राजु थापा मगरलाई २०७४ मङ्सिर ९ गते राति

लोकतान्त्रिक गठबन्धनलाई सहयोग नगरेको आरोपमा काङ्ग्रेस कार्याकर्ताले कुटपिट गरे। माओवादी केन्द्रले मङ्सिर १० गते प्रेस विज्ञप्तिमार्फत घटनामा संलग्नलाई कारबाहीको माग गऱ्यो। पीडितलाई स्थानीयबासीले उद्धारपछि मार्पाक स्वास्थ्य चौकीमा उपचार गराएका थिए। पीडितले कतै उजुरी दिएनन्।

खनियाबास गाउँपालिका-२ का २३ वर्षीय अभिषेक तामाङलाई २०७४ मङ्सिर १० गते बिहान लोकतान्त्रिक गठबन्धनका कार्यकर्ताले ढुङ्गा प्रहार गर्दा उनको देब्रे हात भाँच्चियो। पीडित मतदान केन्द्रमा बुथ प्रतिनिधि बस्न जान लाग्दा एमाले र माओवादी प्रतिनिधिलाई लोकतान्त्रिक गठबन्धनका कार्यकर्ताले रोकेका थिए। घटनापछि विवाद भएकाले बिहान ११ बजे नेपाली सेना र सशस्त्र प्रहरीको थप टोली पुगे पछि मतदान सुरु भएको थियो। घाइते तामाङको वीर अस्पताल काठमाडौंको ट्रमा सेन्टरमा उपचार भयो। पीडितले कतै उजुरी दिएनन्।

### कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय ५० जनाको छ। तर कैद तोकिएका महिला सात र पुरुष ६४ गरी ७१ जना छन्। त्यसैगरी कैद नतोकिएका महिला ११ र पुरुष १ सय ३२ गरी १ सय ४३ जना छन्। एक बालक र एक बालिका आश्रित छन्। ६५ वर्ष उमेर नाघेका एक महिलासहित चार कैदी छन्। २०७३ सालमा पुरुषका लागिमात्र बनाइएको यहाँको नयाँ भवनमा महिला बन्दीसमेत राखिएको र क्षमता भन्दा बढी भएकाले व्यवस्थापनमा समस्या छ।

### यातना तथा अन्य क्रुर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

बेनीघाट रोराङ्ग गाउँपालिका-७ का २३ वर्षीय निर्मल नेपाल, ३३ वर्षीय सूर्य चेपाङ, ४५ वर्षीय कृष्ण गुरुङ, १७ वर्षीय सन्तोष यादव र १७ वर्षीय अङ्कित तामाङलाई २०७४ जेठ १७ गते सवारी चालकलाई कुटपिट गरेको आरोपमा जोगिमारास्थित प्रहरीले पक्राउ गरी यातना दिएको भन्दै पीडित पक्षले भोलिपल्ट जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। जोगिमारास्थित गुडलक होटलमा खाजा खाएका एक गाडी चालकसहितले २ हजार ४ सय रुपियाँ नतिरी हिँडेपछि गाडी चालकलाई ती युवाले कुटपिट गरेका थिए। असइ राजु पौडेलको नेतृत्वमा पुगेको प्रहरीले युवाहरूलाई पक्राउ गरी प्रहरी चौकीमा पुऱ्याइ कुटपिट गरेको पीडित पक्षले आरोप लगायो। पीडितहरूको शरीरमा निलडाम थियो। उनीहरू सबैको जेठ १८ गते जिल्ला अस्पतालमा उपचार भयो। घटनापछि सइ पौडेललाई जिल्ला प्रहरी कार्यालय झिकाइएको डिएसपी दीपेन्द्र पञ्जियारले बताए।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

अनेरास्ववियु (क्रान्तिकारी), नेविसङ्घ र अनेरास्ववियुका कार्यकर्ताबीच २०७३ फागुन १८ गते बेनिघाट रोराङ्ग गाउँपालिका–३ मलेखुमा झडप भयो। जसमा स्ववियु समानुपातिक उम्मेदवार रहेका अनेरास्ववियु (क्रा.) का बेनिघाट रोराङ्ग गाउँपालिका-३ की १९ वर्षीया सुजाता भट्ट र नेविसङ्घका तर्फबाट समानुपातिक उम्मेदवार रहेका बेनिघाट रोराङ्ग गाउँपालिका-३ की २० वर्षीया सुस्मिता रुपाखेती घाइते भए। घाइते सबैको न्युरो अस्पताल काठमाडौंमा उपचार भयो।

नीलकण्ठ नपा-५ देउरालीमा काङ्ग्रेस र एमाले कार्यकर्ता बिच २०७४ वैशाख ३१ गते झडप हुँदा सोही ठाउँका एमालेका कार्यकर्ता ४२ वर्षीय राजेन्द्र थापामगर, २५ वर्षीय ललितबहादुर थापामगर, १९ वर्षीय गणेशबहादुर थापामगर र नेपाली काङ्ग्रेसका २४ वर्षीय रामबहादुर थापामगर घाइते

*झडपमा परी घाइते भएका नरेन्द्र भट्ट, दामोदर भट्ट र नारायण पुरी*

*झडपमा परी घाइते भएका ललितबहादुर थापामगर, गणेशबहादुर थापामगर र अमृत आले*

भए। स्थानीय तह निर्वाचनको मतदान सकिएपछि साँझ घर फर्किने क्रममा काङ्ग्रेस कार्यकर्ताले बाटो छेकेर आक्रमण गरेको र खुकुरी प्रहार गरिएको एमालेले आरोप लगायो। घटना सम्बन्धमा छानबिन भइरहेको र दोषीलाई कारबाहीको दायरामा ल्याउने जिल्ला प्रहरी कार्यालयले जनाएपनि यस वर्षको अन्त्यसम्म कसैलाई कारबाही गरिएन।

ज्वालामुखी गाउँपालिका-३ कोलेमा २०७४ जेठ ६ गते राति नेकपा एमाले र नेपाली काङ्ग्रेस कार्यकर्ता बिच २०७४ जेठ ६ गते झडप हुँदा ६ जना घाइते भए। झडपमा नेपाली काङ्ग्रेसका कार्यकर्ता ज्वालामूखी गाउँपालिका ३२ वर्षीय नरेन्द्र भट्ट, नेपाली काङ्ग्रेसका जिल्ला सचिव तथा गाउँपालिकाका निर्वाचित अध्यक्ष ४२ वर्षीय विनोद तिमल्सिना, नेपाली काङ्ग्रेस कार्यकर्ता ३० वर्षीय दामोदर भट्ट र एमालेका समर्थक ज्वालामूखी गाउँपालिका-३ का ३३ वर्षीय नारायण पुरी, १४ वर्षीय अमृत आले र ५५ वर्षीया लोककुमारी पुरी घाइते भए। उनीहरूमध्ये दुई भट्टको काठमाडौँस्थित ट्रमा सेन्टरमा उपचार भयो। उपचार पछि डिस्चार्ज गरिए पनि पुनः ग्रिनसीटि अस्पतालमा उपचारका लागि लगिएको नेपाली काङ्ग्रेसले जनायो। नेपाली काङ्ग्रेस पूर्वसभापति रामनाथ अधिकारीको नेतृत्वमा जेठ ७ गते सदरमुकाम धादिङबेसी बजार बन्द भएको थियो। सो गाउँपालिकामा काङ्ग्रेस र एमालेले जेठ ६ गते छुट्टाछुट्टै विजयसभा गरेका थिए। विजयसभाबाट घर फर्कदै गरेका एमाले कार्यकर्ता चढेको तीन ओटा गाडीमा वियरको बोतल र ढुङ्गा हानेपछि झडप भएको नेकपा एमालेको आरोप छ। काङ्ग्रेसले भने आफूहरूमाथि आक्रमण गरेको आरोप लगायो। झडपमा घाइते भएका एमाले समर्थकको जेठ ७ गते र लोक कुमारीको जेठ ८ गते जिल्ला अस्पतालमा उपचार भयो। काङ्ग्रेस कार्याकर्ताहरूको अवरोधका कारण एमाले कार्यकर्ताले समयमा उपचार गराउन नपाएको जनायो।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय ७९ र फौजदारीतर्फ २ सय ८४ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा ४ सय ५० अधारभूत र १ सय २७ मावि छन्। २ हजार ६ सय ३ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छ। विद्यार्थी सङ्ख्याका आधारमा ८ सय ८६ शिक्षक अपुग रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ। यस वर्ष ३८ हजार ४ सय ४१ बालक र ४२ हजार ५ सय ८२ बालिका भर्ना भए। अपाङ्गता भएका व्यक्तिका लागि तीनवटा विद्यालय छन्। जिल्लामा ३ हजार*

*झडपमा परी घाइते भएका राजेन्द्रबहादुर थापामगर र रामबहादुर थापामगर*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालबालिका बेचबिखन | १ | १ |
| बालविवाह | ३ | ३ |
| बलात्कार | ९ | ९ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | १४ | १४ |

*२ सय १२ जना अपाङ्ग बालबालिका अध्ययनरत छन्। १२ हजार ३ सय ९८ दलित बालक र १३ हजार ५ सय ८९ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद र द्वन्द्वपीडित परिवारका ३९ जनालाई छात्रवृत्ति दिइयो।*

*गत वर्ष बालबालिकामाथि हुने हिंसाका घटनाबाट सातजना पीडित भएकामा यो वर्ष १४ बालिका पीडित भए। गत वर्ष बलात्कारबाट चार, बेचबिखनबाट एक र यौन दुर्व्यवहारबाट दुई बालिका पीडित भएका थिए। यस वर्ष बलात्कारबाट नौ, यौन दुर्व्यवहारबाट दुई, बाल विवाहबाट दुई र बेचबिखनबाट एक बालिका पीडित भए।*

**बलात्कार, यौन दुर्व्यवहार**

१६ वर्षीया बालिकालाई २०७४ वैशाख १४ गते गङ्गाजमुना गाउँपालिका–९ का ५५ वर्षीय श्याम बानियाँले बलात्कार गरेको भन्दै पीडित पक्षले वैशाख १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख १७ गते भयो। सोही दिन पक्राउ परेका आरोपितलाई अदालतले वैशाख २४ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय २६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ३५, खान/लाउन नदिएको र यातना दिएको १३, अर्की पत्नी ल्याएर हेला गरेको २२ र सामान्य घरायसी झगडाका ५६ घटना छन्। यीमध्ये ७८ उजुरीमा मिलापत्र भयो भने दुई उजुरी कानुनी प्रक्रियामा छन्। बाँकी उजुरी छानबिनको प्रक्रियामा छन्।*

*गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा १८ जना पीडित भएकामा यो वर्ष २१ जना पीडित भए। गत वर्ष बलात्कार घटनाबाट ६ जना, बलात्कार प्रयास र बहुविवाहबाट एक/एक जना, बेचबिखनबाट दुई र घरेलु हिंसाबाट आठजना पीडित भएका थिए। यो वर्ष बलात्कारबाट ६, बलात्कार प्रयासबाट एक, बहुविवाहबाट चार र घरेलु हिंसाबाट १० जना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ६ | ६ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | ४ | ४ |
| घरेलु हिंसा | १० | १० |
| जम्मा | ३१ | ३१ |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२० वर्षीया महिलालाई २०७४ वैशाख २८ गते नेत्रावती डबजोङ गाउँपालिका-१ का २० वर्षीय रिठ्ठे भनिने सुवास अधिकारीले बलात्कार गरेको भन्दै पीडित पक्षले जेठ १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। महिलाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ १ गते भयो। सोही दिन पक्राउ परेका आरोपितलाई अदालतले भदौ २६ गते पाँच वर्ष कैद र पीडितलाई १५ हजार रुपियाँ भराउने फैसला सुनायो।

**घरेलु हिंसा**

सिद्धलेक गाउँपालिका-१ की २९ वर्षीया सीता गुरुङ २०७३ माघ ६ गते सम्बन्ध विच्छेदका लागि विवाह दर्ता र बच्चाको जन्म दर्ता लिन घर गएका बेला २८ वर्षीय पति रामकुमार परियारले धारिलो हतियार प्रहार गरेको आरोपमा पीडित पक्षले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। टाउको, हात र शरीरका विभिन्न ठाउँमा चोट लागेकी घाइतेको जिल्ला अस्पतालमा प्राथमिक उपचार भयो भने थप उपचार काठमाडौँस्थित वीर अस्पतालमा भयो। यसअघि पतिले कुटपिट गरी माघ ४ गते घरबाट निकालेका थिए। माघ ६ गते पक्राउ परेका आरोपितलाई अदालतले फागुन २ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो। जिल्ला अदालतको ०७४ पुस २ गतेको फैसला बमोजिम सो मुद्दा

ज्यानमार्ने उद्योगबाट कुटपिट मुद्दामा परिणत भयो। साथै आरोपितलाई सोही दिन रिहा गर्ने आदेश पनि दियो। सम्बन्ध विच्छेद मुद्दा विचाराधीन छ।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**सम्पत्ति/भौतिक संरचना क्षति**

नेपाली काङ्ग्रेसले स्थानीय तह निर्वाचनका लागि प्रयोग गरेको बा १२ च १२७६ नम्बरको बोलेरो जिप र बा ३ च १७०३ नम्बरको जिप्सी गाडीमा २०७४ वैशाख २३ गते राति धुनीवेसी नपा-५ बटारमा रोकिराखेको अवस्थामा अज्ञात समूहले आगजनी गरे। निर्वाचन कार्यक्रमबाट फर्केपछि राति रोकेर राखेको ठाउँमा आगजनी गरिएको नेपाली काङ्ग्रेसका विदुर अकौलियाले जानकारी दिए। घटनामा संलग्नको पहिचान भएन।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, ४९ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। पाँच डक्टरको दरबन्दी रहेकामा तीन कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। हेल्थ असिस्टेन्टको ५४ दरबन्दी रहेकामा ४३ जना, अहेवको १ सय ६ दरबन्दी रहेकामा ८२ जना र अनमी १ सय ८ जनाको दरबन्दी रहेकामा ९४ जना कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट ६ करोड ३० लाख ६४ हजार र औषधि खर्चबापतको रकम १० लाख रुपियाँ रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनायो। यो रकमले नीलकण्ठ नगरपालिकाका लागि नि:शुल्क औषधि खरिद गरिने छ भने गाउँपालिकाहरूका लागि गाउँपालिकामै बजेट पठाइएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख महेश्वर श्रेष्ठले जनाए। यस वर्ष गाउँपालिका र नगरपालिकामा बजेट पठाइएको र कसरी नि:शुल्क वितरण गरिने औषधि खरिद प्रकृया अघि बढाउने भन्ने अन्यौलका कारण स्वास्थ्य चौकीहरूमा औषधि अभाव भएको जिल्ला स्वास्थ्य कार्यालयले जनायो।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बालबालिका बेचबिखन | | | | १ | १ |
| बालविवाह | | २ | | | २ |
| बलात्कार | २ | | | ७ | ९ |
| यौन दुर्व्यवहार | | | १ | १ | २ |
| जम्मा | २ | २ | १ | ९ | १४ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| बलात्कार | १ | १ | १ | | ३ | ६ |
| बलात्कार प्रयास | | | | | १ | १ |
| बहुविवाह | | | | | ४ | ४ |
| घरेलु हिंसा | | | ३ | ३ | ४ | १० |
| जम्मा | १ | १ | ४ | ३ | १२ | २१ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | १ | २ |

# ३.५ नुवाकोट




**जम्मा जनसङ्ख्या**
**२,७३,२६७**

**महिला**
**१,४४,२६१**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**२**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**४**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**५५,८५५**

**कामका लागि बाहिरिएका**
**१४,३११**

**अपाङ्गता भएका**
**४,६५०**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५८.१५**

**आश्रित जनसङ्ख्या**
**१,१३,५८२**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | ६ | ६ | | ५ | ५ |
| बाल अधिकार | | | ९ | | ९ |
| अमानवीय व्यवहार | | | | ३ | ३ |
| महिला अधिकार | | | १५ | | १५ |
| गिरफ्तारी | ३ | ३ | | | |
| कुटपिट | १ | १ | १ | ३ | ४ |
| हत्या | | | १ | १ | ३ |
| जम्मा | ९ | ९ | ३६ | ११ | ३७ |

**नुवाकोटमा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा गैरराज्यपक्षबाट २६ महिलासहित २८ जना पीडित भएकामा सन् २०१७ मा राज्यपक्षबाट नौ र गैरराज्यपक्षबाट ३७ जना पीडित भए। यस वर्ष राज्यपक्षबाट पक्राउका घटनामा दुई र कुटपिटका घटनामा एकजना पीडित भए भने ६ जना घाइते भए। जिल्लामा नौ बालबालिका र १५ महिला पीडित भए। गैरराज्यपक्षबाट भएका कुटपिटका घटनामा एक महिलासहित चारजना पीडित भए भने अमानवीय व्यवहारका घटनाबाट दुईजना पीडित भए।**

**स्थानीय निकाय पुनर्संरचनाअन्तर्गत भएको सीमाङ्कनको विरोधमा आन्दोलनरत स्थानीय र प्रहरीबीच झडप हुँदा प्रहरीको गोली लागी ६ जना घाइते भए। प्रतिनिधि सभा सदस्यका उम्मेदवार डा. रामशरण महतलाई लक्षित गरी अज्ञात पक्षबाट ककनी गाउँपालिका-५ डाँडागाउँ सिकारीचौरमा थापिएको एम्बुसमा परी पाँचजना घाइते भए।**

### गोली तथा विष्फोटक पदार्थद्वारा घाइते
**गैरराज्यपक्षबाट**

पञ्चकन्या गाउँपालिका-२ कविलास निवासी काङ्ग्रेस नेता तथा नुवाकोट क्षेत्र नं. १ का उम्मेदवार डा. रामशरण महत र प्रदेश 'ख' का काङ्ग्रेस उम्मेदवार रमेशकुमार महतलाई लक्षित गरी २०७४ मङ्सिर १ गते अज्ञात पक्षबाट ककनी गाउँपालिका-५ डाँडागाउँ सिकारीचौरमा एम्बुस आक्रमण भयो। जसमा परी बा १६ च ६६५ नम्बरको स्कार्पियो गाडीमा सवार पञ्चकन्या गाउँपालिका-२ का ३० वर्षीय उपेन्द्र मिश्र, शिवपुरी गाउँपालिका-७ का २५ वर्षीय सविन लामा, २५ वर्षीय भेषकुमार तामाङ, २७ वर्षीय लीलाबहादुर घर्ती मगर र

*विष्फोटमा परी घाइते भएका सविन लामा र उपेन्द्र मिश्र*

चालक रमेश राई घाइते भए। घाइतेहरूको सोही दिन काठमाडौँको ग्रान्डी अस्पतालमा उपचार भयो। उम्मेदवारहरूलाई लक्षित गरी विष्फोट गराइएको भए पनि सो विष्फोट हुँदा डा. रामशरण महत चढेको गाडी भने पाँच सय मिटर पर पुगिसकेको थियो।

### झडप

लिखु गाउँपालिका-१ ढिकुरेमा स्थानीय निकाय पुनर्संरचनाअन्तर्गत भएको सीमाङ्कनको विरोधमा आन्दोलनरत स्थानीय र प्रहरीबीच २०७३ माघ १२ गते झडप हुँदा ६ जना प्रदर्शनकारी घाइते भए। प्रदर्शनकारीलाई तितरबितर बनाउनु प्रहरीले २३ राउन्ड रबर गोली र २३ सेल अश्रुग्यास प्रहार गरेको थियो। सो घटनामा गोली लागी लिखु गाउँपालिका-३ का २२ वर्षीय सुजन न्यौपाने, ५५ वर्षीय लक्ष्मण गुणी, २७ वर्षीय कान्छा भण्डारी, ४० वर्षीय कृष्ण गजुरेल, २६ वर्षीय विकास मगर र लिखु गाउँपालिका-६ का ३५ वर्षीय नवराज रोका घाइते भए। घाइतेहरूको सोही दिन स्थानीय स्वास्थ्य संस्थामा उपचार भयो। पुनर्संरचनाका लागि जिल्ला प्राविधिक समितिले सिफारिस गरेको लिखु गाउँपालिका बदर गरिएपछि माघ २ गतेबाट नुवाकोटको खानीगाउँ, थानसिङ, सूर्यमति र चौघडा गाविस बन्द गरी स्थानीय आन्दोलनमा उत्रेका थिए। माघ ७ गते यी चार गाविसका आन्दोलनकारीले विदुरस्थित जिल्ला विकास समितिको कार्यालय तोडफोडसमेत गरेका थिए। जिल्लाको पूर्वी भेग जोड्ने सडक यही गाविस हुँदै गएकाले ११ दिनसम्म बन्द हुँदा साविकका २० वटा गाविसका बासिन्दा प्रभावित भए।

### धम्की/कुटपिट

#### गैरराज्यपक्षबाट

किस्पाङ गाउँपालिका-१ भाल्चेकी २३ वर्षीया मञ्जुमाया घलेलाई नेपाली काङ्ग्रेसका कार्यकर्ताले रुख चिन्हमा भोट नदिएको आरोप लगाउँदै २०७४ जेठ १० गते राति कुटपिट गरी घाइते बनाएको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा जेठ १२ गते उजुरी दिए। पीडितको जिल्ला अस्पतालमा उपचार भयो। जेठ १५ गते पक्राउ परेका सोही ठाउँका ३२ वर्षीय उत्तम तामाङ, २४ वर्षीय राम तामाङ र २८ वर्षीय प्रकाश तामाङलाई अदालतले २०७४ असार ८ गते तारेखमा रिहा गर्ने आदेश सुनायो।

### अमानवीय व्यवहार

सूर्यगढी गाउँपालिका-५ गणेशस्थान बस्ने दुप्चेश्वर गाउँपालिका-१ घ्याङफेदीस्थित इन्द्रायणी प्राविका प्रधानाध्यापक ४८ वर्षीय रामकृष्ण श्रेष्ठलाई २०७४ भदौ ३० गते विद्यालयबाट घर आउने क्रममा दुप्चेश्वर गाउँपालिका-६ समुन्द्रटारका अनन्त धितालसहितको समूहले मोसो दलेको भन्दै पीडितले असोज १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्ताले मोसो दलेको श्रेष्ठले बताए। उनीहरूले भौतिक आक्रमणको समेत धम्की दिएकाले सुरक्षा व्यवस्था मिलाउन पनि पीडितले माग गरे। आरोपितलाई कारबाही भएन।

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ८० जनाको छ। तर १ सय ११ कैदी र ३८ थुनुवा गरी १ सय ४९ जना छन्। जसमध्ये महिला १४ कैदी र दुई थुनुवा छन्। कारागारमा आठ महिने शिशु (नाबालिका) पनि आमासँग छिन्। क्षमताभन्दा धेरै भएका कारण २२ जना कैदी/बन्दी पेटीमा सुत्न बाध्य छन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय ३९ र फौजदारीतर्फ १ सय ३ थान मुद्दा छन्। दुई वर्ष पुराना मुद्दा देवानी आठ र फौजदारी पाँच थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा ४ सय ७६ बाल विकास केन्द्र, २ सय ६६ प्रावि, ७२ निमावि, ६४ मावि र ४८ उच्च मावि छन्। २ हजार १ सय ७४ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष ३० हजार १ सय १ बालक र ३६ हजार ३ सय ४९ बालिका विद्यालय भर्ना भए। जिल्लामा ५० वटा विद्यालय अपाङ्गमैत्री छन्। २ हजार ६ सय ५८ दलित बालक र २ हजार ८ सय ७९ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। यो वर्ष कर्मचारी र शिक्षकको तलबबाहेक जिल्ला शिक्षा कार्यालयको बजेट १६ करोड ९० लाख रुपियाँ छ।*

*यस वर्ष जिल्लामा नौजना बालिका बाल अधिकारसँग सम्बन्धित घटनाबाट पीडित भए। गत वर्ष १० जना बालिका पीडित भएका थिए। यस वर्ष दुई नवजात शिशुको हत्या भयो। बलात्कारका घटनामा चार र यौन दुर्व्यवहारका घटनामा तीनजना पीडित भए। अघिल्लो वर्ष बालविवाहका घटनामा दुई, बलात्कारका घटनामा ६ र यौन दुर्व्यवहारका घटनामा दुईजना पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ४ | ४ |
| नवजात शिशुको हत्या | २ | २ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | ९ | ९ |

### बेचबिखन तथा ओसारपसार

११ वर्षीया बालिकालाई २०६५ वैशाख १२ गते काठमाडौँमा काम लगाइदिने भन्दै भारतमा लगेर बेचेको आरोपमा दुप्चेश्वर गाउँपालिका-१ घ्याङफेदीका ४४ वर्षीय मानबहादुर तामाङविरुद्ध पीडित पक्षले २०७४ असार १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। साउन ८ गते पक्राउ परेका आरोपितलाई अदालतले साउन २२ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो।

### बलात्कार, यौन दुर्व्यवहार

सात वर्षीया बालिकालाई विदुर नपा-४ बट्टारका ६० वर्षीय ढलकबहादुर डङ्गोल र ६५ वर्षीय रामबहादुर खतिवडाले एक वर्षदेखि बलात्कार गर्दै आएको भन्दै बालिकाकी आमाले २०७४ वैशाख २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। बालिकाको स्वास्थ्य परीक्षण वैशाख २६ गते नै जिल्ला अस्पतालमा गरियो। ढलकबहादुर उजुरी दिएकै दिन तथा रामबहादुर भोलिपल्ट काठमाडौँबाट पक्राउ परे। आरोपित दुवै जनालाई अदालतले २०७४ साउन २४ गते जनही पाँच/पाँच वर्ष कैद र ५० हजार रुपियाँ जरिवानाको आदेश सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ५६ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा मानसिक यातनाका नौ, खान लाउन नदिएका २१, कुटपिटका सात, बहुविवाहका पाँच र सामान्य घरायसी झगडाका १४ उजुरी छन्। यीमध्ये ३६ वटामा मिलापत्र भयो भने सातवटा कानुनी प्रक्रियामा छन्। १३ वटा उजुरीका पीडित भने सम्पर्कमै आएनन्।*

*यस वर्ष जिल्लामा १५ महिला विभिन्न घटनाबाट पीडित भए। जसमध्ये बेचबिखनसम्बन्धी घटनामा एक, घरेलु हिंसामा ६, बहुविवाहका कारण सात र बलात्कारका घटनामा एकजना पीडित भए। अघिल्लो वर्ष बोक्सीको आरोपमा एक, बलात्कारका घटनामा तीन, बहुविवाहका घटनामा पाँच र घरेलु हिंसाका कारण तीनजना पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखनको प्रयास | १ | १ |
| बलात्कार | १ | १ |
| बहुविवाह | ७ | ७ |
| घरेलु हिंसा | ६ | ६ |
| जम्मा | १५ | १५ |

### परिवारजनबाट हत्या

शिवपुरी गाउँपालिका-३ लिखुकी २६ वर्षीया उर्मिला तामाङलाई २८ वर्षीय पति मानबहादुर तामाङले २०७३ माघ १३ गते कुटपिट गरी हत्या गरेको भन्दै पीडित पक्षले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। माघ १३ गते राति छिमेकीको घरमा भोज र मादक पदार्थ सेवन गरी आएका तामाङ दम्पतीबीच घरको साँचोको विषयमा झगडा हुँदा

मानबहादुरले कुटपिट गरेकाले राति नै उर्मिलाको मृत्यु भएको डिएसपी ऋषिराम कँडेलले जानकारी दिए। उनी पाँच महिनाकी गर्भवती थिइन्। शवको पोस्टमार्टम माघ १४ गते जिल्ला अस्पतालमा भयो। माघ १४ गते पक्राउ परेका आरोपितलाई अदालतले २०७३ माघ २६ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो।

### आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार

#### सम्पत्ति क्षति

नेपाली काङ्ग्रेसका तर्फबाट शिवपुरी गाउँपालिकाका अध्यक्षका उम्मेदवार ६२ वर्षीय रामकृष्ण थापाले निर्वाचन प्रयोजनका लागि प्रयोग गरेका वा ११ च ३४९९ नं. को स्कार्पियो पञ्चकन्या गाउँपालिका-५ शिवालयमा रोकिराखिएको अवस्थामा अज्ञात समूहले २०७४ वैशाख २२ गते राति तोडफोड तथा आगजनी गऱ्यो। पीडित पक्षले वैशाख २२ गते प्रहरीमा मौखिक उजुरी दिए पनि घटनामा संलग्नको पहिचान हुन सकेन।

#### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र, ६४ स्वास्थ्य चौकी, पाँच सामुदायिक स्वास्थ्य क्लिनिक, १ सय ८१ गाउँघर स्वास्थ्य चौकी, चार नगर स्वास्थ्य चौकी, २ सय ४ खोप केन्द्र र एक सामुदायिक आँखा केन्द्र छन्। जिल्ला अस्पतालमा १७ डक्टरको दरबन्दी रहेकामा पाँचजना कार्यरत छन्। प्राथमिक स्वास्थ्य केन्द्रमा तीन डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। एक स्त्री रोग विशेषज्ञको दरबन्दी रहेकामा कार्यरत छन्। स्वास्थ्य सहायक ७२ दरबन्दी रहेकामा ६६, अहेव १ सय २६ दरबन्दी रहेकामा १ सय ११, अनमी १ सय ३२ दरबन्दी रहेकामा ९८, स्टाफ नर्स १६ दरबन्दी रहेकामा ९ र ल्याब टेक्निसियन दुई दरबन्दी रहेकामा एकजना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयमा यो वर्ष औषधि खरिदका लागि १० लाख रुपियाँ बजेट छ। कर्मचारीको तलबभत्ताबाहेक तीन करोड रुपियाँ अरु बजेट छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | ३ | ४ |
| नवजात शिशुको हत्या | | १ | १ |
| यौन दुर्व्यवहार | | ३ | ३ |
| जम्मा | १ | ८ | ९ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखनको प्रयास | | | १ | १ |
| बलात्कार | | | १ | १ |
| बहुविवाह | ३ | | ४ | ७ |
| घरेलु हिंसा | | ५ | १ | ६ |
| जम्मा | ३ | ५ | ७ | १५ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

# ३.६ काठमाडौँ




**जम्मा जनसङ्ख्या**
**२१,११,६५१**

**महिला**
**१०,१३,५४१**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१०**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२०**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१,२८,५७३**

**कामका लागि बाहिरिएका**
**५५,८०५**

**अपाङ्गता भएका**
**१७,१२२**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७६.४**

**आश्रित जनसङ्ख्या**
**६,०३,१२१**

**काठमाडौँमा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्यपक्षबाट ३३ महिलासहित ७३ जना पीडित भएकामा सन् २०१७ मा यस्ता घटनाबाट पाँच महिलासहित ४२ जना पीडित भए। यस वर्ष गैरराज्यपक्षबाट भएका घटनामा १ सय ४८ महिलासहित १ सय ६४ जना पीडित भए। गत वर्ष २ सय ७२ महिलासहित २ सय ७४ जना पीडित भएका थिए।**

**यस वर्ष काठमाडौँको नयाँ बानेश्वरमा एक समूहले गोली हानी नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष शरदकुमार गौचनको २०७४ असोज २३ गते हत्या गऱ्यो। अज्ञात समूहले बूढानीलकण्ठ नपा-२ चपलीको भङ्गालमा गराएको बम विष्फोटमा परी नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य एवम् काठमाडौँ क्षेत्र नं. ४ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार गगन थापासहित ११ जना घाइते भए।**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | नखुलेको | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | | ३ | ९ | ११ |
| बाल अधिकार | | | | | ६५ | १ | ६६ |
| अपहरण | | | | | | १ | १ |
| महिला अधिकार | | | | | ७४ | | ७४ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | ५ | ५ | ३३ | ४३ | | | |
| कुटपिट | | | | | १ | १ | ३ |
| धम्की | | | | | | ३ | ३ |
| हत्या | | | | | ६ | ३ | ८ |
| जम्मा | ५ | ५ | ३३ | ४३ | १४८ | १६ | १६४ |

## नागरिक तथा राजनीति अधिकार

### सम्मानितरूपले बाँच्ने अधिकार

### हत्या

#### अन्यबाट

काठमाडौँ मनपा-३१ नयाँ बानेश्वर शान्तिनगर घर भएका नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष ५८ वर्षीय शरदकुमार गौचनको २०७४ असोज २३ गते नयाँ बानेश्वरमा गोली हानी हत्या भयो। प्रहरीले घटनामा संलग्न भएको आरोपमा प्रहरीले मुख्य योजनाकार मानिएका समिरमानसिंह बस्नेतसहित नुवाकोटको पञ्चकन्या गाउँपालिका-५ का २१ वर्षीय राजीव स्याङ्ताङ, पर्साको कालिकामाई गाउँपालिका-१ का ३५ वर्षीय शिवजी महतो, भारतको बिहारस्थित बेतिया चौबेटोल-७

का २४ वर्षीय मुकेशकुमार पाण्डे, पर्साको ठोरी गाउँपालिका-५ का १८ वर्षीय सन्तोष गुरुङ र काठमाडौँको नागार्जुन नपा-४ का २२ वर्षीय प्रकाश बुढाथोकीलाई पक्राउ गरी मङ्सिर १७ गते सार्वजनिक गऱ्यो। बा १३ च ४९४८ नम्बरको गाडीमा गौचन घरबाट अफिसतर्फ जाने क्रममा दिउँसो उनीमाथि गोली प्रहार भएको थियो। तीनवटा गोली लागेका उनलाई उपचारका लागि निजामती अस्पताल ल्याउँदै गर्दा मृत्यु भएको थियो। नेपाल निर्माण व्यवसायी महासङ्घ कास्कीका संस्थापक अध्यक्षसमेत रहेका गौचन डाँफे कन्स्ट्रक्सनका सञ्चालक पनि थिए। मोटरसाइकलमा आएका दुई व्यक्तिले गौचनमाथि गोली प्रहार गरेका थिए। उनका गाडी चालक रामकुमार खत्रीलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान गरेको थियो। प्रहरीले हुलाकी राजमार्गको १३ अर्ब ६८ करोड ठेक्कामा २ प्रतिशत अर्थात २७ करोड कमिसन नदिएको भन्दै मुख्य योजनाकार बस्नेतको योजनामा गौचनको हत्या भएको प्रारम्भिक छानबिनबाट देखिएको बताउँदै थप अनुसन्धान जारी रहेको प्रहरीले जनायो।

### बम विष्फोटबाट घाइते

**गैरराज्यपक्षबाट**

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य एवम् काठमाडौँ क्षेत्र नं. ४ का उम्मेदवार ४० वर्षीय गगन

*बम विष्फोटमा परी घाइते भएका नेपाली काङ्ग्रेसका नेता गगन थापा*

थापालगायत ११ जना काठमाडौँ जिल्ला बूढानीलकण्ठ नपा-२ चपलीको भङ्गालमा २०७४ मङ्सिर १८ गते अज्ञात समूहले गराएको बम विष्फोटमा परी घाइते भए। घाइतेमध्ये थापाको कान र पिठ्युँमा चोट लागेको थियो। घाइते हुने अन्यमा काङ्ग्रेसका नेता ३५ वर्षीय राजकाजी श्रेष्ठ, ३२ वर्षीया रेनु बडुवाल, ४७ वर्षीय श्यामकृष्ण श्रेष्ठ थिए। सामान्य घाइते हुने मा २७ वर्षीय जयराज लामिछाने, ३५ वर्षीय राजकाजी श्रेष्ठ, ४० वर्षीय ध्रुव खडका, ४७ वर्षीय पूर्णबहादुर श्रेष्ठ, २३ वर्षीय सुमन खड्का, ४४ वर्षीय रवीन्द्र कार्की, ४७ वर्षीय काशीलाल श्रेष्ठ र ५२ वर्षीय पशुराम थापा थिए।

### झडप

काठमाडौँको ठमेलस्थित सरस्वती बहुमुखी क्यापसमा एमाले निकट अनेरास्ववियु र एकीकृत नेकपा माओवादी निकट अनेरास्ववियु (क्रा.)का विद्यार्थीबीच २०७३ माघ १८ गते झडप भयो। जसमा अनेरास्ववियु सरस्वती क्याम्पस कमिटी अध्यक्ष शङ्कर गौतम घाइते भए। गौतमको आँखामाथिको भाग र शरीरका केही भागमा चोट लागेको थियो। घाइतेको मनमोहन अस्पतालमा उपचार भयो। लामिछानेका अनुसार अनेरास्ववियुका विद्यार्थीले क्याम्पस हाताभित्र नेपालको राष्ट्रिय झण्डा गाड्न खोज्दा अनेरास्ववियु (क्रा.)का विद्यार्थीले आक्रमण गरेका थिए। आरोपित फरार रहे।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

नयाँ शक्ति पार्टीका संयोजक तथा पूर्वप्रधान मन्त्री डा. बाबुराम भट्टराईलगायतलाई कान्तिपथस्थित निर्वाचन आयोगमा २०७३ चैत २० गते बिहान धर्ना दिन गएका बेला प्रहरीले हस्तक्षेप गर्दै पक्राउ गऱ्यो। नयाँ शक्तिलगायतका पार्टीले स्थानीय तह निर्वाचनमा चुनाव चिन्ह माग गर्दै निर्वाचन आयोगमा धर्ना दिने क्रममा भट्टराई, सांसद गङ्गा चौधरी, क्रान्तिकारी माओवादीका नेता सिपी गजुरेल, पूर्वमन्त्री हिसिला यमी, परशुराम तामाङ लगायतलाई प्रहरीले पक्राउ गरी साँझ रिहा गरेको थियो।

पार्टीको विधानबाट 'हिन्दु धर्म र राजसंस्था' शब्द हटाएको भन्दै राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता तथा कार्यकर्ताले २०७३ चैत ७ गते काठमाडौँको जमलमा विरोध प्रदर्शन गरिरहेका बेला प्रहरीसँग भएको झडपमा प्रहरीले लठ्ठी प्रहार

गर्नुका साथै अश्रुग्याँस समेत प्रहार गर्दा केही नेता तथा कार्यकर्ता घाइते भए। घाइते हुनेमा राप्रपाका पूर्वअध्यक्ष पशुपतिशमशेर जवरासहित ववि‍ता शाही, सावित्री थापा, सिर्जना रानी, बर्मा बस्नेत, कोमल वलीलगायत ३७ जना थिए। घाइतेको ट्रमा सेन्टर र मोडेल अस्पतालमा उपचार भयो।

## कारागार र बन्दी

'क' श्रेणीको केन्द्रीय कारागारको क्षमता १ हजार ५ सय जनाको छ। तर ८ सय २४ कैदी र ७ सय ३६ थुनुवा गरी १ हजार ५ सय ६० जना छन्। ६५ वर्षमाथिका २८ जना छन्। वि.सं. १९७१ सालमा बनेको यो कारागारको भवन जीर्ण छ।

'क' श्रेणीको भद्र बन्दी गृह कारागारको क्षमता ५ सय जनाको छ। तर ४ सय २५ कैदी र २ सय २८ थुनुवा गरी ६ सय ५३ जना छन्। ६५ वर्षमाथिका १४ जना छन्। १९७१ सालमा बनेको यो कारागारको भवन जीर्ण छ।

'घ' श्रेणीको महिला कारागारको क्षमता ३ सय जनाको छ। तर १ सय ६८ कैदी र १ सय ६८ थुनुवा गरी ३ सय ३६ जना छन्। १० जना आश्रित बालक/बालिका पनि छन्। ६५ वर्षमाथिका तीन जना छन्। १९७१ सालमा बनेको यो कारागारको भवन जीर्ण छ।

'क' श्रेणीको डिल्लीबजार कारागारको क्षमता ३ सय जनाको छ। तर ३ सय १९ कैदी र २ सय ६६ थुनुवा गरी ५ सय ८५ जना छन्। ६५ वर्षमाथिका एक जना छन्। वि.सं. १९७८ सालमा बनेको यो कारागार को भवन जीर्ण छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

काठमाडौँमा जिल्ला र सर्वोच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा ३३ न्यायाधीशको दरबन्दी रहेकामा २७ कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ४ हजार ९ सय ३५ र फौजदारीतर्फ ४ हजार १ सय ४१ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी २ सय ३ र फौजदारी १ सय ५३ थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा प्रारम्भिक बाल विकास कक्षा ३ सय १८ विद्यालयमा आधारित, आठ समुदायमा आधारित, १ सय १० आधारभूत विद्यालय, १ सय ६२ माध्यमिक विद्यालय र ११ प्राविधिक विद्यालय छन्। ४ हजार ३ सय ५२ शिक्षक दरबन्दी रहेकामा २१ रिक्त छ। यस वर्ष १४ हजार ४ सय ८९ बालबालिका भर्ना भए। जिल्लामा १९ अपाङ्गमैत्री विद्यालय छन्। ७ हजार १ सय ५१ दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद परिवारका ३७ र द्वन्द्वपीडित परिवारका २ सय ७ बालबालिकालाई छात्रवृत्ति दिइयो।*

*गत वर्ष बालबालिकामाथि हुने हिंसाका घटनाबाट ५४ जना पीडित भएकामा यो वर्ष ६६ जना बालबालिका पीडित भए। यस वर्ष बलात्कार घटनाबाट ५० र यौन दुर्व्यवहार घटनाबाट १५ जना बालिका पीडित भए। गत वर्ष बलात्कारबाट ४० र यौन दुर्व्यवहारका घटनामा १४ जना पीडित भएका थिए। यस वर्ष एक बालिकाको हत्या भयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | ५० | | ५० |
| नवजात शिशुको हत्या | | १ | १ |
| यौन दुर्व्यवहार | १५ | | १५ |
| जम्मा | ६५ | १ | ६६ |

### बलात्कार, यौन दुर्व्यवहार

१७ वर्षीया बालिकालाई कैलाली जिल्ला जानकी गाउँपालिका-२ घर भई कीर्तिपुर नपा-९ बस्ने ३१ वर्षीय सुरेशकुमार थारूले २०७४ साउन ३० गते बलात्कार गरेको भन्दै पीडितले २०७४ भदौ १ गते महानगरीय प्रहरी वृत्त कीर्तिपुरमा उजुरी दिइन्। बालिकाको स्वास्थ्य परीक्षण भदौ १ गते परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल थापाथलीमा गरियो। भदौ १ गते पक्राउ परेका आरोपितलाई अदालतले भदौ २५ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो।

११ वर्षीया बालिकालाई २०७४ भदौ ३० गते १५ वर्षीय बालकले बलात्कार गरेको भन्दै पीडित पक्षले महानगरीय प्रहरी वृत्त महाराजगन्जमा २०७४ असोज १ गते उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण असोज १ गते परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल थापाथलीमा भयो। असोज १ गते पक्राउ परेका आरोपितलाई अदालतले २०७४ असोज २२ गते पुर्पक्षका लागि बाल सुधार गृह भक्तपुरमा राख्ने आदेश सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ हजार ८ सय महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १७, कुटपिट ४ सय ४, खान/लाउन नदिएको ६ सय ३२, विवाह दर्ता र नागरिकता नबनाएको १२, अर्की श्रीमती ल्याएर हेला गरेको ५१, गालीबेइज्जती ४ सय २४ र सामान्य घरायसी झगडाका २ सय ६० घटना छन्। यीमध्ये प्रहरीले १ हजार १ सय ८८ वटा उजुरीमा मिलापत्र गरायो भने ६ सय १२ उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ।*

*गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा २ सय १६ जना पीडित भएकामा यो वर्ष ७४ जना पीडित भए। गत वर्ष बलात्कारबाट २३, बलात्कार प्रयासका घटनामा तीन, बहुविवाहबाट १६, महिला बेचविखनका घटनामा आठ र घरेलु हिंसाका घटनामा १ सय ६६ जना पीडित भएका थिए। यो वर्ष बलात्कार का २९, बलात्कार प्रयास घटनामा ११, यौन दुर्व्यवहार घटनामा एक, बहुविवाह घटनामा ३०, घरेलु हिंसाका घटनामा एक, महिला बेचबिखनबाट एक र बोक्सीको आरोपमा एकजना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ३९ | ३९ |
| बलात्कार प्रयास | ११ | ११ |
| बहुविवाह | ३० | ३० |
| महिला बेचबिखन | १ | १ |
| घरेलु हिंसा | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ७४ | ७४ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

४५ वर्षीया महिलालाई २०७४ मङ्सिर ४ गते उपचार गर्ने बहानामा यौन दुर्व्यवहार गरेको आरोपमा सिन्धुलीको कुशेश्वर घर भई दक्षिणकाली नपा चाल्नाखेलस्थित गुम्बामा बस्ने धर्मगुरु रिम्पोछे छुल्ठिम दोर्जे योन्जन भनिने ४६ वर्षीय टुल्कु लामाविरुद्ध प्रहरीमा मङ्सिर ५ गते उजुरी पऱ्यो। उजुरी दिएकै दिन पक्राउ परेका आरोपितलाई अदालतले पुस ४ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो। लामाले उपचारको बहानामा महिलालाई गुम्बाभित्रै यौनशोषण गर्दै आएको पीडितले बताइन्। १० वर्षअघिदेखि आरोपितले चाल्नाखेलमा जग्गा किनेर निजी गुम्बा चलाउँदै यौनशोषण गर्दै आएको आरोप छ।

### बलात्कारपछि हत्या

सुनसरी जिल्ला बराह नपा-१ घर भई काठमाडौँको कपन बस्ने २४ वर्षीया पूजा तामाङलाई २०७४ असार ३ गते राति मोरङ जिल्ला सुन्दर हरैचा नपा-६ घर भएका २२ वर्षीय हिमाल भनिने सागर आचार्यले बलात्कार गरी हत्या गरेको भन्दै पीडित पक्षले असार ४ गते महानगरीय प्रहरी वृत्त गौशालामा उजुरी दिए। आरोपित आचार्यले काठमाडौँ मनपा-७ चावहिलस्थित लुम्बिनी गेस्ट हाउसको दोस्रो तलामा रहेको २०३ नम्बर कोठामा लगी बलात्कार गरेपछि बेहोस भएपछि उपचारका लागि चावहिलस्थित हेल्पिङ हेन्ड्स अस्पताल लगिएकामा उपचारकै क्रममा सोही राति मृत्यु भएको मृतककी बहिनी पुनम तामाङले बताइन्। असार ५ गते पक्राउ परेका आरोपितलाई अदालतले २०७४ भदौ २६ गते १ वर्ष ६ महिना कैद सजायको आदेश सुनायो।

### बोक्सीको आरोपमा घर निकाला

गोकर्णेश्वर नपा-१६ आरुबारीकी २४ वर्षीया उपमा भण्डारीलाई विवाहको दुई साता नबित्दै बोक्सीको आरोपमा घरबाट निकाला गरेको भन्दै पीडितले २०७३ फागुन २५ गते महानगरीय प्रहरी वृत्त बौद्धमा उजुरी दिइन्। फागुन १२ गतेमात्र उपमाको गोकर्णेश्वर नपा-१५ बेँसीगाउँका २७ वर्षीय दिनेश केसीसँग विवाह भएको थियो। केसी सैनिक जनसम्पर्क निर्देशनालयमा उपसेनानी पदमा कार्यरत छन्। प्रहरीले फागुन २५ गते पीडित पति दिनेश, सासू ४७ वर्षीया राधिका केसी र सुसरा ५० वर्षीय कृष्ण खत्रीलाई पक्राउ गऱ्यो। आरोपित दिनेशलाई भने बोलाएका बेला हाजिर हुने सर्तमा सोही दिन रिहा गरिएको प्रहरीले जनायो। आरोपित राधिका र कृष्णलाई ०७३ चैत ७ गते काठमाडौँ जिल्ला अदालतको आदेशले साधारण तारेखमा रिहा गऱ्यो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**सम्पत्ति क्षति**

साझा यातायातको वा ४ ख ५६४८ नम्बरको बसका चालक, परिचालक र सुरक्षामा खटिएका प्रहरी खाना खान गएको अवस्थामा बालाजु बाइपासमा २०७३ फागुन २८ गते रोकिराखिएको उक्त बसबाट यात्रु ओराली पेट्रोल छर्केर अज्ञात समूहले आगो लगाए। आगलागीबाट बसका आठ सिट पूर्णरूपमा जल्दा १ लाख रुपियाँ बराबरको क्षति भएको उनले जनाए।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा १३ केन्द्रीय अस्पताल, ५८ स्वास्थ्य चौकी र आठ प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा १३ डक्टरको दरबन्दी रहेकामा १० कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी अनुसार दुईजना कार्यरत छन्। अहेवको १ सय ९९ दरबन्दी रहेकामा १ सय ८९ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २५ करोड १२ लाख र औषधि खर्चबापतको रकम १४ लाख ६४ हजार रुपियाँ छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | ५० | ५० |
| नवजात शिशुको हत्या | | १ | १ |
| यौन दुर्व्यवहार | १ | १४ | १५ |
| जम्मा | १ | ६५ | ६६ |

| महिला अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ३९ | ३९ |
| बलात्कार प्रयास | ११ | ११ |
| बहुविवाह | ३० | ३० |
| महिला बेचबिखन | १ | १ |
| घरेलु हिंसा | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ७४ | ७४ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ८ | ८ |

# ३.७ भक्तपुर




**जम्मा जनसङ्ख्या**
**३,४३,६३३**

**महिला**
**१,६९,०३७**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**२**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**४**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**३६,९९९**

**कामका लागि बाहिरिएका**
**१०,२१५**

**अपाङ्गता भएका**
**३,२०४**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**९६.५**

**आश्रित जनसङ्ख्या**
**१,०४,६८८**

**भक्तपुरमा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा गैरराज्यपक्षबाट एक पुरुषसहित ७८ जना पीडित भएकामा सन् २०१७ मा यस्ता घटनामा २० महिलासहित २७ जना पीडित भए। अघिल्लो वर्ष जस्तै यस वर्ष पनि राज्यपक्षबाट मानव अधिकार हननका घटना जानकारीमा आएन। यस वर्ष एक घटनामा पतिलाई पत्नीले नसालु पदार्थ खुवाइ पेट्रोल छर्केर आगो लगाई हत्या गरेको भन्दै पीडित पक्षले प्रहरी कार्यालयमा उजुरी दिए।**

### धम्की/कुटपिट

**गैरराज्यपक्षबाट**

दोलखाको शैलुङ गाउँपालिका-३ घर भई सूर्यविनायक नपा बस्ने कान्तिपुर दैनिकमा आवद्ध पत्रकार २९ वर्षीया लीला श्रेष्ठ, मध्यपुर थिमी बस्ने राससका फोटो पत्रकार ४२ वर्षीय रत्नकृष्ण श्रेष्ठ, सूर्यविनायक नपा-१ सिरुटार बस्ने राससका पत्रकार ४० वर्षीय रमेश गिरी र मध्यपुर थिमी बस्ने सञ्चारकर्मी ३२ वर्षीय सुदीपकुमार पौडेललाई २०७४ जेठ २७ गते मध्यपुर थिमी नपा-३ र सूर्यविनायक नपा-३ बालकोटको सिमानामा रहेको हनुमन्ते खोलाको धार स्काभेटर र डोजर लगाएर परिवर्तन गराइएको विषयमा समाचार सङ्कलन गर्न गएको अवस्थामा स्थानीयबासीले दुर्व्यवहार गरे। उनीहरूले पत्रकारका क्यामेरा तथा मोबाइल खोसेर फुटाउने तथा फुटेज डिलिट गर्ने प्रयास गर्दै समाचार नलेख्न धम्की दिए। भक्तपुरको हनुमन्ते खोलाको धार रातारात परिवर्तन गराइएपछि मध्यपुर थिमी र बालकोटका बासिन्दाबीच झडपसमेत भएको थियो।

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ८ | | ८ |
| महिला अधिकार | १० | | १० |
| धम्की | १ | ३ | ४ |
| हत्या | १ | ४ | ५ |
| जम्मा | २० | ८ | २८ |

### बाल सुधार गृह

जिल्लामा गैरसरकारी संस्थाको सहयोगमा २०५८ सालदेखि बाल सुधार गृह सञ्चालनमा छ। 'ग' श्रेणीको बाल सुधार गृहको क्षमता १ सय ५० जनाको छ। जसमा कैदी १ सय, थुनुवा ३८ गरी १ सय ३८ बालबालिका बाल सुधार गृहमा छन्। जसमध्ये ६ जना बालिका छन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा पाँच न्यायाधीशको दरबन्दी रहेकामा तीनजना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ हजार ५६ र फौजदारीतर्फ ४ सय ६१ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी १७ र फौजदारी ६ थान छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*जिल्लामा ५५ प्रावि, ३५ निमावि, २५ मावि र १७ उमावि छन्। १ हजार ६ सय ६ शिक्षक दरबन्दी रहेकामा १२ रिक्त छ। यस वर्ष २० हजार ५ सय ७३ बालक र २४ हजार १ सय ७५ बालिका भर्ना भए। जिल्लामा एक अपाङ्गमैत्री विद्यालय छ। ६ सय ५ दलित बालक र ६ सय ९८ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका ९५ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*गत वर्ष बालबालिका माथि हुने हिंसाका घटनाबाट ११ जना बालिका पीडित भए। गत वर्ष बलात्कारबाट सात र यौन दुर्व्यवहारबाट चार बालिका पीडित भएका थिए। यस वर्ष बलात्कारबाट ६ र यौन दुर्व्यवहारबाट दुई जना बालिका पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ६ | ६ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | ८ | ८ |

#### बलात्कार, यौन दुर्व्यवहार

पाँच वर्षीया बालिकालाई २०७४ असार १३ गते काभ्रेपलाञ्चोकको रोशी गाउँपालिकाका २२ वर्षीय सुमन लामाले बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन महानगरीय प्रहरी वृत्त, थिमीमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण असार १४ गते त्रिवि शिक्षण अस्पताल काठमाडौँमा भयो। असार १३ गते नै पक्राउ परेका आरोपितलाई अदालतले साउन ५ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय २४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका २९, खान/लाउन नदिएको ७२, विवाह दर्ता र नागरिकता नबनाइदिएको २३ र सामानय घरायसी झगडामा ३५ उजुरी छन्। यीमध्ये प्रहरीले ७० वटामा मिलापत्र गरायो भने १२ उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ। ४२ उजुरीका पीडित भने सम्पर्कमै आएनन्।*

*यो वर्ष महिला अधिकार उल्लङ्घन घटनामा १० जना पीडित भए। अघिल्लो वर्ष ६२ जना पीडित भएका थिए। यस वर्ष बलात्कार तीन, बलात्कारको प्रयास दुई र बहुविवाहबाट पाँच महिला पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| बलात्कार प्रयास | २ | २ |
| बहुविवाह | ५ | ५ |
| जम्मा | १० | १० |

#### बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

४३ वर्षीया महिलालाई २०७४ वैशाख ८ गते काभ्रेपलाञ्चोकको पाँचखाल नपा-१५ घर भई भक्तपुर सूर्यविनायक नपा-४ बस्ने २५ वर्षीय राज भनिने भीमराज गौतमले बलात्कार गरेको भन्दै पीडित पक्षले वैशाख १४ गते महानगरीय प्रहरी वृत्त, जगातीमा उजुरी दिए। महिलाको स्वास्थ्य परीक्षण वैशाख १४ गते त्रिवि शिक्षण अस्पताल काठमाडौँमा भयो। वैशाख १४ गते पक्राउ परेका आरोपितलाई अदालतले जेठ ३ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, दुई स्वास्थ्य चौकी, १९ प्राथमिक स्वास्थ्य केन्द्र र ६ वटा सहरी स्वास्थ्य केन्द्र छन्। जिल्लामा दुई डक्टरको दरबन्दी रहेकामा दुवैजना कार्यरत छन्। स्टाफ नर्सको दुई दरबन्दी रहेकामा दुवै कार्यरत छन्। अहेवको ६३ दरबन्दी रहेकामा सबै कार्यरत छन्। हेल्थ असिस्टेन्टको दरबन्दी २१ रहेकामा सबै कार्यरत छन्। त्यस्तै अनमीको दरबन्दी ४४ रहेकामा सबै कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १६ करोड ५१ लाख ३ सय ६२ र औषधि खर्चबापतको र कम ४३ लाख रुपियाँ छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ६ | ६ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | ८ | ८ |

| महिला अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | ३ |
| बलात्कार प्रयास | २ | २ |
| बहुविवाह | ५ | ५ |
| जम्मा | १० | १० |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ५ | ५ |

# ३.८ ललितपुर




**जम्मा जनसङ्ख्या**
५,३३,४१०

**महिला**
२,६२,५४५

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
३

**प्रदेशसभा निर्वाचन क्षेत्र**
६

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
३४,५५४

**कामका लागि बाहिरिएका**
२४,३८६

**अपाङ्गता भएका**
४,५३४

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
५८.४

**आश्रित जनसङ्ख्या**
१,६२,४४७

**ललितपुरमा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्यपक्षबाट तीन महिलासहित ३२ जना र गैरराज्यपक्षबाट चार पुरुषसहित २६ जना पीडित भएकामा सन् २०१७ मा राज्यपक्षबाट एकजना पीडित भए। त्यसैगरी यो वर्ष गैरराज्यपक्षबाट ६ पुरुषसहित ७० जना पीडित भए।**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | ३ | ३ |
| बाल अधिकार | | | ९ | १ | १० |
| महिला अधिकार | | | ५३ | | ५३ |
| जातीय विभेद | | | १ | | १ |
| हत्या | १ | १ | १ | ३ | ४ |
| जम्मा | १ | १ | ६४ | ६ | ७० |

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानितरूपले बाँच्ने अधिकार

#### हत्या

**राज्यपक्षबाट**

ललितपुर मनपा-१३ कुसुन्तीका ३२ वर्षीय प्रवीण खत्रीको २०७४ साउन २३ गते प्रहरीसँगको भिडन्तमा मृत्यु भयो। लागु औषध र अवैध हातहतियारको कारोबारी भएको आशङ्कामा खत्रीको घर खानतलासी गर्न पुगेका महानगरीय प्रहरी अपराध महाशाखा टेकुको टोलीमाथि गोली प्रहार गर्दै भाग्न खोज्दा प्रहरीको तर्फबाट भएको जवाफी फायरिङमा खत्रीको मृत्यु भएको प्रहरीले जनायो। खत्रीलाई पाटन अस्पताल लगिएकामा त्यहीँ मृत्यु भएको थियो। महानगरीय प्रहरी परिसर ललितपुरका प्रवक्ता इश्वर कार्कीका अनुसार

खत्रीले आफैं कन्चटमा गोली हानेर आत्महत्या गरेका हुन्। प्रवीणका बाबु प्रमोद खत्रीले भने प्रहरीले छोरालाई घरमै आएर गोली हानी हत्या गरेको बताए। अपराधी नै भए पनि पक्राउ गरी कारबाही गर्नुपर्नेमा हत्या गरेको भन्दै पीडितका आफन्तले २०७४ साउन २३ गते महानगरी प्रहरी परिसर ललितपुरमा दोषीलाई कारबाहीका लागि उजुरी दिए। तर, उजुरी अनुसन्धानकै क्रममा रहयो।

*प्रहरीको कारबाहीमा मारिएका प्रवीण खत्री*

### कारागार र बन्दी

'क' श्रेणीको नख्खु कारागारको क्षमता ६ सय जनाको छ। तर, ४ सय ७५ कैदी र ३ सय २५ थुनुवा गरी ८ सयजना छन्। २०७२ वैशाखको भूकम्पले दुईवटा भवन भत्काएका कारण कैदी/बन्दीलाई बस्न समस्या छ। महिला र बालबालिका छैनन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा ६ जना न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ९ सय १ र फौजदारीतर्फ ५ सय १७ थान छन्। अदालतमा दुई वर्षभन्दा पुराना मुद्दा बाँकी छैनन्।

यसैगरी उच्च अदालतमा ३६ जना न्यायाधीशको दरबन्दी रहेकामा २९ जना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ २ हजार ४ सय ५६ र फौजदारीतर्फ ३ हजार ४ सय ३१ थान छन्। दुई वर्ष पुराना मुद्दा देवानी २ सय २७ र फौजदारी २ सय ६७ थान छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा ८२ प्रावि, ३० निमावि, ३५ मावि र ३९ उमावि छन्। १ हजार ७ सय ६३ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष १८ हजार ४ सय ९६ बालक र १७ हजार ४ सय २६ बालिका भर्ना भए। जसमा अपाङ्गता भएका १ सय ६ बालिका र १ सय ५२ बालक थिए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्।*

*बाल अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा अघिल्लो वर्ष १६ जना बालबालिका पीडित भएकामा यो वर्ष त्यस्ता घटनाबाट एक बालकसहित १० जना पीडित भए। गत वर्ष बलात्कार घटनाबाट १२ र यौन दुर्व्यवहारका घटनाबाट दुई बालिका सहित चार जना पीडित भएकामा यो वर्ष बलात्कारका घटनामा चार र यौन दुर्व्यवहारका घटनामा पाँचजना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | ४ | | ४ |
| नवजात शिशुको हत्या | १ | | १ |
| यौन दुर्व्यवहार | ४ | १ | ५ |
| जम्मा | ९ | १ | १० |

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ३ सय ८६ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। घरायसी झैझगडामा दर्ता भएका उजुरीमध्ये सबैमा मिलापत्र भयो।*

*गत वर्ष महिलाविरुद्धका हिंसाका घटनामा तीनजना पीडित भएकामा यो वर्ष त्यस्ता घटनामा ५३ जना पीडित भए। अघिल्लो वर्ष बलात्कारका घटनाबाट तीनजना पीडित भएकामा यस वर्ष बलात्कारका घटनामा पाँच, बहुविवाहका कारण एक र घरेलु हिंसाका कारण ४७ जना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ५ | ५ |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | ४७ | ४७ |
| जम्मा | ५३ | ५३ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१८ वर्षीया युवतीलाई महालक्ष्मी नपा-५ का २८ वर्षीय अनीषकुमार बिकले २०७३ पुस २७ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले सोही दिन महानगरीय प्रहरी वृत्त सातदोबाटोमा उजुरी

दिए। महिलाको स्वास्थ्य परीक्षण उजुरी परेकै दिन पाटन अस्पतालमा भयो। सोही दिन पक्राउ परेका आरोपितलाई अदालतले २०७३ माघ १० गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो।

### सबै प्रकारका जातीय विभेद

झापा जिल्ला कमल गाउँपालिका-५ घर भई ललितपुर मनपा-२५ नख्खुडोल बस्ने ४९ वर्षीया मतिमाया दर्जीलाई २०७४ जेठ १८ गते ललितपुर मनपा-२५ की २९ वर्षीया सावित्री खत्री र ३२ वर्षीय गणेशकुमार खत्रीले जातीय विभेद तथा छुवाछूत गरेको भन्दै पीडितले महानगरीय प्रहरी परिसर जावलाखेलमा २०७४ जेठ २९ गते उजुरी दिइन्। जेठ २९ गते पक्राउ परेका आरोपितद्वयलाई अदालतले असार २ गते जनही १ हजार ५ सय रुपियाँ धरौटीमा रिहा गर्ने आदेश सुनायो। दर्जी सावित्रीको घरमा डेरा लिएर बसेकी थिइन्।

### स्वास्थ्य सेवाको अवस्था

ललितपुरमा केन्द्रीय अस्पताल एक, शिक्षण अस्पताल तीन, स्वास्थ्य चौकी २८ र प्राथमिक स्वास्थ्य केन्द्र तीनवटा छन्। अहेवको १ सय ३३ दरबन्दी रहेकामा १ सय २ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ४ करोड १० लाख रुपियाँ रहेकोमा औषधिबापतको खर्च १२ लाख रुपियाँ छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ४ | ४ |
| नवजात शिशुको हत्या | १ | १ |
| यौन दुर्व्यवहार | ५ | ५ |
| जम्मा | १० | १० |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | ५ | ५ |
| बहुविवाह | | | १ | १ |
| घरेलु हिंसा | ३ | ४५ | | ४८ |
| जम्मा | ३ | ४५ | ६ | ५३ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | ३ | ५ |

# ३.९ काभ्रेपलाञ्चोक




**जम्मा जनसङ्ख्या**
**३,८०,५०४**

**महिला**
**१,९४,९१९**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**२**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**४**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**५२,०१८**

**कामका लागि बाहिरिएका**
**१४,५३१**

**अपाङ्गता भएका**
**६,६७०**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६५.८**

**आश्रित जनसङ्ख्या**
**१,४७,२८५**

**काभ्रेपलाञ्चोकमा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा गैरराज्यपक्षबाट ६१ जना पीडित भएकामा सन् २०१७ मा ५७ महिलासहित ६४ जना पीडित भए। यसैगरी राज्यपक्षबाट १५ जना पुरुष पीडित भए। निर्वाचन विरोधी गतिविधिमा संलग्न रहेको आरोपमा प्रहरीले १४ जना पक्राउ गऱ्यो।**

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानितरूपले बाँच्ने अधिकार

#### हत्या

**राज्यपक्षबाट**

नमोबुद्ध नपा-४ का २६ वर्षीय राम भनिने नमराज पाठकको २०७४ वैशाख ३० गते राति घरअगाडिको बाटोमा छिमेकीसँग कुराकानी गरिरहेको अवस्थामा सशस्त्र प्रहरीले प्रहार गरेको गोली लागी मृत्यु भयो। तलतिरबाट सशस्त्र प्रहरीको टोली आइपुग्नु र गोली लाग्नु एकैपटक भएका कारण उक्त गोली सशस्त्र प्रहरीले प्रहार गरेको पीडित परिवारले आरोप लगायो। नमराज स्थानीय निर्वाचनमा नयाँ शक्तिका उपप्रमुख उम्मेदवार कुमार दाहालको प्रचारमा संलग्न थिए। घटनापछि सशस्त्र प्रहरीले आफ्नै गाडीमा धुलिखेल अस्पताल लग्दै गरेका बेला पीडितको मृत्यु भएको प्रहरीले जनायो। मृतकका परिवारलाई सरकारले असार २१ गते १० लाख रुपियाँ प्रदान गऱ्यो।

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ३३ | | ३३ |
| महिला अधिकार | | | ३३ | | ३३ |
| गिरफ्तारी | १४ | १४ | | | |
| कुटपिट | | | | १ | १ |
| हत्या | १ | १ | ३ | ६ | ९ |
| जम्मा | १५ | १५ | ५८ | ८ | ६४ |

*सुरक्षाकर्मीको गोली प्रहारबाट मृत्यु भएका नमराज पाठक*

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ६१ जनाको छ। तर १ सय १४ कैदी र १ सय ३४ थुनुवा गरी २ सय ४८ जना छन्। २० जना मानसिक रोगीसमेत छन्। यस कारागारमा महिला र बालबालिका राख्ने व्यवस्था छैन तर दुई बालकको उमेर बढाएर राखेको देखिन्छ। ६५ वर्षमाथिका १० जना छन्। क्षमताभन्दा झण्डै चार गुणा बढी कैदीबन्दी भएकाले व्यवस्थापनमा समस्या छ। वि.सं. १९६० सालमा बनेको यो भवन जीर्ण छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा तीनजना न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ४ सय ४ र फौजदारीतर्फ २ सय ९८ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दामा देवानी र फौजदारी दुई/दुई थान छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*जिल्लामा ३ सय ४३ प्रावि, ९९ निमावि, १ सय ४५ मावि र ६१ उमावि छन्। निजीस्तरका १ सय ३ विद्यालय छन्। प्रारम्भिक बाल विकास केन्द्र ४ सय ९६ छन्। २ हजार २ सय ८० शिक्षक दरबन्दी रहेकामा ६८ रिक्त छ। सामुदायिक विद्यालयमा ८ सय ३८ राहत शिक्षकसमेत कार्यरत छन्। यस वर्ष सामुदायिक विद्यालयमा ३४ हजार २ सय ८७ बालक र ३५ हजार ८ सय ८ जना बालिका भर्ना भए। भर्ना भएका दलित छात्र २ हजार ४ सय ७ र छात्रा २ हजार ५ सय ६४ जना छन्। जिल्लामा १ सय ६४ अपाङ्गमैत्री विद्यालय छन्। यस वर्ष दलित र बालिका छात्रवृत्ति स्थानीय तहबाटै वितरण गरियो। सहिद परिवारका दुईजना, द्वन्द्वपीडित परिवारका ४७ जना, अपाङ्गता भएका २ सय ६ जना र कक्षा ८ उत्तीर्ण गरेका अति विपन्न ४० बालबालिकालाई छात्रवृत्ति दिइयो।*

*गत वर्ष बालबालिकामाथि हुने हिंसाका घटनाबाट १४ जना पीडित भएकामा यो वर्ष २२ बालिका पीडित भए। गत वर्ष बलात्कारबाट नौ, यौन दुर्व्यवहारबाट एक बालकसहित चार जना पीडित भएका थिए भने एक नवजात शिशुको हत्या भएको थियो। यस वर्ष बलात्कारबाट १२ र यौन दुर्व्यवहार बाट नौजना पीडित भए भने एक नवजात शिशुको हत्या भयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १२ | १२ |
| नवजात शिशुको हत्या | १ | १ |
| यौन दुर्व्यवहार | ९ | ९ |
| जम्मा | २२ | २२ |

#### बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७३ पुस २९ गते बेथानचोक गाउँपालिका-१ का २१ वर्षीय उमेश भनिने ढकप्रसाद तिमल्सिनाले बलात्कार गरेको भन्दै पीडित पक्षले फागुन ९ गते इलाका प्रहरी कार्यालय बनेपामा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण काठमाडौंको थापाथलीस्थित प्रसूती गृहमा फागुन ९ गते भयो। उजुरी दिएकै दिन पक्राउ परेका आरोपितलाई अदालतले २०७४ असार २८ गते आठ वर्ष कैद सजाय र १ लाख रुपियाँ पीडितलाई भराउने आदेश सुनायो।

#### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ९० महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएका ८७, कुटपिट गरी घर निकाला गरिएका एक, खान/लाउन नदिएको ५१, अर्की पत्नी ल्याएर हेला गरेको तीन र*

*सामान्य घरायसी झगडाका २५, बेवारिसे अवस्थामा छाडेर भागेका १४ र नागरिकता नबनाइदिएका नौ घटना छन्। यीमध्ये प्रहरीले ६७ घटनामा मिलापत्र गरायो भने १ सय १४ वटा उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ। यस्ता घटनामध्ये सबैभन्दा बढी (७१ वटा) घटनामा जनजाति महिला पीडित पाइयो। यस वर्ष १२ जना पुरुषले पनि घरेलु हिंसा भएको भन्दै पत्नीविरुद्ध सेवा केन्द्रमा उजुरी दिए। घरेलु हिंसाका घटनामा सबैभन्दा बढी (१ सय ५५ घटनामा) पतिको संलग्नता भेटियो।*

*गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा ३३ जना पीडित भएकामा यो वर्ष ३२ जना पीडित भए। अघिल्लो वर्ष बलात्कार र बलात्कार प्रयासका घटनाबाट १४, बहुविवाहबाट १५, बोक्सीको आरोपमा दुई, महिला बेचबिखन र घरेलु हिंसाबाट एक/एक जना पीडित भएकामा यो वर्ष बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहारबाट १०, बहुविवाहका कारण २० र बोक्सीको आरोपबाट दुईजना पीडित भए। यस वर्ष परिवारबाटै एक र सामूहिक बलात्कारपछि एक महिलाको हत्या भयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बोक्सीको आरोप | ३ | ३ |
| बलात्कार | ४ | ४ |
| बलात्कार प्रयास | ५ | ५ |
| बहुविवाह | ३० | ३० |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ३३ | ३३ |

**परिवारजनबाट हत्या**

तेमाल गाउँपालिका-८ की २१ वर्षीया जानुका रायलाई २०७४ साउन २५ गते राति २८ वर्षीय पति नारायणबाबु रायमाझीले हत्या गरी खोलामा फालेको भन्दै मृतकका बाबु वीरबहादुर थापाले साउन २७ गते जिल्ला प्रहरी कार्यालय धुलिखेलमा उजुरी दिए। रोशी गाउँपालिका-१२ भीमखोरीमा ज्वाइँ छोरी कुखुरा फर्म सञ्चालन गरी बसेकामा पत्नीलाई हत्या गरेर खोलामा फालेपछि डुबेर मृत्यु भएको भनी नारायणबाबुले प्रहरीलाई खबर गरेका थिए। शवको पोस्टमार्टम साउन ३२ गते शीर मेमोरियल अस्पताल बनेपामा भयो। साउन २७ गते पक्राउ परेका आरोपितलाई अदालतले भदौ २१ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो।

**सामूहिक बलात्कारपछि हत्या**

बनेपा नपा-१० की ५७ वर्षीया नानु आलेमगरलाई २०७४ भदौ ११ गते सामूहिक बलात्कार गरी हत्या गरेको आरोपमा प्रहरीले भुम्लु गाउँपालिका-८ का ३२ वर्षीय गोपाल परियार, धुलिखेल नपा-७ का ३० वर्षीय साधुराम विश्वकर्मा, नमोबुद्ध नपाका २७ वर्षीय महेश परियार, चौरीदेउराली गाउँपालिका-२ का ३३ वर्षीय दिलबहादुर प्रधान, सिन्धुपाल्चोकको मेलम्ची नपाका ३२ वर्षीय सीताराम थापा र रामेछाप जिल्ला दोरम्बा गाउँपालिका-६ का २४ वर्षीय प्रकाश परियारलाई भदौ १३ गते पक्राउ गऱ्यो। नानु साथीको घरमा जान्छु भन्दै भदौ ११ गते घरबाट निस्केकामा १३ गते नजिकैको मकैबारीमा प्रहरीले निर्वस्त्र अवस्थामा शव फेला पारेको थियो। सबै आरोपितलाई अदालतले असोज २२ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो।

**बोक्सीको आरोपमा कुटपिट**

पाँचखाल नपा-११ की ६१ वर्षीया कान्छीमाया तामाङलाई २०७४ मङ्सिर २ गते सोही ठाउँका ३४ वर्षीय कृष्णबहादुर तामाङले बोक्सीको आरोपमा कुटपिट गरेको भन्दै पीडित पक्षले पुस १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपित पुस १४ गते नै पक्राउ परे।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संरचना/सम्पत्ति क्षति**

चौरीदेउराली गाउँपालिका-९ का २५ वर्षीय युवराज चौलागाईंले प्रयोग गर्ने बा ७३ प २९१४, ४५ वर्षीय यज्ञप्रसाद चौलागाईंको बा ५३ प ७० ९४, २३ वर्षीय मोहन चौलागाईंको बा ७३ प १२२३ र ४७ वर्षीय कमल चौलागाईंको बा ८३ प ४४५५ नम्बरको मोटरसाइकल मङ्सिर १७ गते राति चौरीदेउराली गाउँपालिका-९ गोठपानीमा पार्किङ गरिराखेको अवस्थामा आगो लगाएर नष्ट गरियो। घटनामा संलग्न रहेको आशङ्कामा सोही ठाउँका नेपाली काङ्ग्रेस कार्यकर्ता २२ वर्षीय हरिशरण चौलागाईं र देवप्रसाद चौलागाईंलाई कात्तिके देउरालीबाट प्रहरीले सोही दिन पक्राउ गऱ्यो। घटनास्थलमा उनीहरूले लगाउँदै आएको टोपी र

चप्पल फेला परेको थियो। आरोपितमध्येका हरिशरण स्थानीय महिलालाई कुटपिट गरेको आरोपमा थुनामा रहे पनि उनलाई आगो लगाउने शीर्षकमा अर्को मुद्दा लगाइयो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, ८६ स्वास्थ्य चौकी, तीन उपस्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा चार डक्टरको दरबन्दी रहेकामा थप १२ जना करारमा कार्यरत छन्। जिल्लामा अहेवको १ सय ९० दरबन्दी रहेकामा ७० रिक्त छ। अनमीको १ सय ८८ दरबन्दीमा ५४ रिक्त छ। हेल्थ असिस्टेन्टको ९२ दरबन्दीमा २० रिक्त छ। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिकको बजेट ४ करोड ७३ लाख ४३ हजार रुपियाँ र औषधि खर्चबापतको रकम १४ लाख ७५ हजार रुपियाँ छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | ११ | १२ |
| नवजात शिशुको हत्या | | १ | १ |
| यौन दुर्व्यवहार | २ | ६ | ९ |
| जम्मा | ३ | १९ | २२ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बोक्सीको आरोप | | | २ | २ |
| बलात्कार | | | ४ | ४ |
| बलात्कार प्रयास | १ | १ | ३ | ५ |
| बहुविवाह | | ६ | १३ | २० |
| यौन दुर्व्यवहार | १ | | | १ |
| जम्मा | २ | ८ | २२ | ३२ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | २ | ६ | १० |

# ३.१० रामेछाप




**जम्मा जनसङ्ख्या**
**१,५८,५१२**

**महिला**
**१,०८,३५५**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**५१,४६७**

**कामका लागि बाहिरिएका**
**११,१५५**

**अपाङ्गता भएका**
**४,४१८**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५७**

**आश्रित जनसङ्ख्या**
**८८,८६१**

**रामेछापमा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाअन्तर्गत राज्यपक्षबाट एक पुरुष र गैरराज्यपक्षबाट १३ महिलासहित १७ जना पीडित भएकामा सन् २०१७ मा राज्यपक्षबाट १३ पुरुष र गैरराज्यपक्षबाट १० महिलासहित ३१ जना पीडित भए।**

**जिल्लाका तत्कालीन आठवटा गाविसका बासिन्दालाई सेवा प्रवाह गर्ने उद्देश्यले स्थापना भएको इलाका प्रशासन कार्यालय प्रिति लाप्चानेको सेवा २०७३ पुसदेखि २०७४ साउनको तेस्रो हप्तासम्म बन्द हुँदा सेवाग्राही मर्कामा परे। इलाका प्रशासन कार्यालयमा एक महिनासम्म सरकारले अधिकृत स्तरको कर्मचारी नखटाउँदा नागरिकताको प्रमाणपत्र, राहदानी, नाता प्रमाणितलगायतका सेवा प्रभावित भयो। सो कार्यालय २०७३ साउनमा स्थापना गरिएको थियो।**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | ३ | ३ |
| बाल अधिकार | | | १ | | १ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | १ | १ |
| महिला अधिकार | | | ६ | | ६ |
| जातीय विभेद | | | | १ | १ |
| गिरफ्तारी | १३ | १३ | | | |
| कुटपिट | | | १ | १३ | १४ |
| धम्की | | | | ३ | ३ |
| हत्या | | | ३ | १ | ३ |
| जम्मा | १३ | १३ | १० | ३१ | ३१ |

### धम्की/कुटपिट

**गैरराज्यपक्षबाट**

लिखु गाउँपालिका-२ निवासी नेकपा एमालेका वैकल्पिक केन्द्रीय सदस्य ५५ वर्षीय देवशङ्कर पौडेल र गोकुलगङ्गा गाउँपालिका-५ निवासी एमाले रामेछापका जिल्ला अध्यक्ष ५० वर्षीय शान्तिप्रसाद पौडेललाई २०७३ पुस २८ गते खाँडादेवी गाउँपालिका-७ निवासी एमाले आबद्ध युवा सङ्घ नेपालका पूर्व सचिवालय सदस्य ३९ वर्षीय शेरबहादुर तामाङलगायतले

पार्टीको कार्यक्रममा खाँडादेवी गइरहेका बेला खाँडादेवी गाउँपालिका-५ देउरालीपाखामा गाडी रोकी मार्ने धम्की दिए। गाडी जलाउने र गोली हान्ने धम्की दिएको भन्दै पीडित पक्षले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। माघ ३ गते पक्राउ परेका आरोपितलाई जिल्ला प्रशासन कार्यालयले माघ ९ गते ५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

मन्थली नपा-९ निवासी माओवादी केन्द्रका कार्यकर्ता २७ वर्षीय दीपेन्द्र गिरी, ३० वर्षीय कपिलराज गिरी, १९ वर्षीय महेन्द्र गिरीलगायतलाई २०७४ मङ्सिर ९ गते दिउँसो पुरानागाउँको पाँचघरेमा नेपाली काङ्ग्रेसका कार्यकर्ता २७ वर्षीय दोवे मगरलगायतले डाँडामाथिबाट ढुङ्गा प्रहार र कुटपिट गरी घाइते बनाए। घाइतेहरूको जिल्ला सदरमुकाम मन्थलीस्थित सामुदायिक अस्पतालमा उपचार भयो। पीडित पक्षले मङ्सिर ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि कारबाही भएन।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २ सय जनाको छ। तर, २ सय ४५ कैदी र २६ थुनुवा गरी २ सय ७१ जना छन्। जसमा दुई थुनुवा र चार कैदी गरी ६ महिला छन्। ६५ वर्षमाथिका चारजना पुरुष छन्। कारागारमा पिउने पानी तथा सरसफाइको समस्या छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ६१ र फौजदारीतर्फ ५७ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा २ सय ५२ प्रावि, ७६ निमावि, ४५ मावि र ४६ उमावि छन्। १ हजार ९ सय १० शिक्षक दरबन्दी रहेकामा सबैमा कार्यरत छन्। यस वर्ष २३ हजार ५ सय ४४ बालक र २५ हजार ७ सय ८४ बालिका भर्ना भए। २ हजार ५ सय ४६ दलित बालक र २ हजार ६ सय ९८ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका २४ बालबालिकालाई पनि छात्रवृत्ति प्रदान गरियो।*

*गत वर्ष बालबालिकामाथि हुने हिंसाका घटनाबाट सातजना पीडित भएकामा यो वर्ष एक बालिका पीडित भइन्। गत वर्ष बलात्कारबाट चार, बालविवाहबाट एक र विद्यालयमा शारीरिक सजायबाट एक बालिकासहित दुईजना पीडित भए। एक बालिकाको हत्या भयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ६३ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ६५, विवाह दर्ता र नागरिकता नबनाएको २० र सामान्य घरायसी झगडाका ७८ घटना छन्। यीमध्ये प्रहरीले १ सय ३१ घटनामा मिलापत्र गरायो भने ३२ घटनाका पीडित सम्पर्कमै आएनन्।*

*गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा सातजना पीडित भएकामा यो वर्ष ६ जना पीडित भए। अघिल्लो वर्ष यौन दुर्व्यवहारबाट एक र घरेलु हिंसाबाट ६ जना पीडित भएकामा यो वर्ष बलात्कार बाट एक र घरेलु हिंसाबाट पाँचजना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| घरेलु हिंसा | ५ | ५ |
| जम्मा | ६ | ६ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

४७ वर्षीया सुस्त मनस्थितिकी महिलालाई २०७४ कात्तिक १८ गते रामेछाप नपा-८ का २२ वर्षीय मनोज तामाङले बलात्कार गरको भन्दै पीडित पक्षले कात्तिक २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित महिलाको स्वास्थ्य परीक्षण कात्तिक २० गते जिल्ला अस्पतालमा भयो। कात्तिक २० गते पक्राउ परेका आरोपितलाई अदालतले मङ्सिर ८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### सबै प्रकारका जातीय विभेद

गोकुलगङ्गा गाउँपालिका-४ का ४० वर्षीय कृष्णकुमार विश्वकर्मालाई २०७३ माघ २२ गते स्थानीय सेराकाली मन्दिरमा प्रवेश गरेका आरोपमा मन्दिरका पूजारी ४० वर्षीय छत्रबहादुर बुढाथोकी र ५० वर्षीय भीमबहादुर बुढाथोकीले ५६ वर्षीय गुञ्जबहादुर कार्की र ५० वर्षीय मकरनाथ जोगीको निर्देशनमा ५ हजार रुपियाँ जरिवाना गराई त्यसबाट मन्दिरमा रुद्री लगाएर चोख्याउने काम गरी जातीय विभेद गरे। कृष्णकुमारले भोलिपल्ट प्रहरी चौकी बेतालीमा उजुरी दिए। चारै जनालाई अदालतले ०७४ पुस १६ गते प्रतिव्यक्ति २ हजार रुपियाँका दरले जरिवाना तिर्नुपर्ने तथा पीडितलाई आरोपितबाट २५ हजार रुपियाँ क्षतिपूर्ति भराउने आदेश सुनायो।

*मन्दिर प्रवेश गरेको आरोपमा जरिवाना तिराइएका कृष्णकुमार विश्वकर्मा*

गोकुलगङ्गा गाउँपालिका-४ बेतालीका ४० वर्षीय कृष्णकुमार विश्वकर्मालाई ०७३ माघ २२ गते स्थानीय शेराकाली मन्दिरमा प्रवेश गरेको भनी मन्दिरका पूजारीहरू सोही ठाउँका ४० वर्षीय छत्रबहादुर बुढाथोकी र ५० वर्षीय भीमबहादुर बुढाथोकीले ५६ वर्षीय गुञ्जबहादुर कार्की र ५० वर्षीय मकरनाथ जोगीको निर्देशनमा ५ हजार रुपियाँ जरिवाना गराई मन्दिरमा रुद्री लगाई चोख्याएको भन्दै पीडितले माघ २३ गते प्रहरी चौकी बेतालीमा उजुरी दिए। आरोपितमध्ये दुवै जना पुजारीलाई माघ २४ गते प्रहरीले पक्राउ गरेकामा माघ २५ गते जिल्ला प्रहरी कार्यालयमा चार जना विरुद्ध उजुरी दर्ता भयो। पक्राउ आरोपित दुवै जना आरोपित पुजारी जनही पाँच हजार रुपियाँ धरौटीमा माघ ३० गते रिहा भए। अर्का दुईजना आरोपित फरार थिए। जातीय विभेद गर्ने चारै जनालाई जिल्ला अदालत रामेछापले जनही २ हजार रुपियाँका दरले जरिवाना तथा पीडितलाई पीडकहरूबाट २५ हजार रुपियाँ क्षतिपूर्ति भराउने निर्णय ०७४ पुस १६ गते गऱ्यो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

#### भौतिक सम्पत्ति/संरचना क्षति

रामेछाप नपा-८ रामेछाप बजारमा २०७४ साउन ७ गते राति नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल चढेको गाडी तोडफोड भयो। पुष्पलाल स्मृति प्रतिष्ठानले उनको स्मृतिमा पुष्पलालको जन्मस्थल रामेछाप बजारमा आयोजना गरेको कार्यक्रममा भाग लिन त्यहाँ पुगेका नेपाल चढेको बा ५ प २७५० नम्बरको निजी जिप पार्किङ गरेर राखेको अवस्थामा तोडफोड भएको थियो। घटनामा संलग्न भएको आरोपमा प्रहरीले रामेछाप नपा-८ निवासी नेपाली काङ्ग्रेसका कार्यकर्ता २५ वर्षीय सागरकुमार श्रेष्ठ र ३० वर्षीय मनोज श्रेष्ठलाई साउन ८ गते पक्राउ परेकामा सोही दिन रिहा गऱ्यो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा जिल्ला अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र, ५१ स्वास्थ्य चौकी, सहरी स्वास्थ्य केन्द्र छ र सामुदायिक स्वास्थ्य एकाइ १२ छन्। जिल्लामा ६ डक्टरको दरबन्दी रहेकामा १३ जना कार्यरत छन्। एचएको ५७ जनाको दबन्दी रहेकामा ४१ जना कार्यरत छन् भने १ सय १५ अहेवको दरबन्दी रहेकामा ७५ जना कार्यरत छन्। त्यसैगरी १ सय १४ अनमीको दरबन्दी रहेकामा ९४ जना कार्यरत छन् भने ल्याब असिस्टेन्टको तीन दरबन्दी रहेकामा दुईजना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ८ करोड रहेकामा औषधि खर्चबापतको रकम १० लाख रुपियाँ छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | १ | १ |
| घरेलु हिंसा | १ | १ | ३ | ५ |
| जम्मा | १ | १ | ४ | ६ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | २ | ३ |

# ३.११ सिन्धुली

**जम्मा जनसङ्ख्या**
**३,०३,११४**

**महिला**
**१,५४,८३८**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**२**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**४**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१,१२,३०२**

**कामका लागि बाहिरिएका**
**१५,२८७**

**अपाङ्गता भएका**
**६,४६६**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७५**

**आश्रित जनसङ्ख्या**
**१,४१,८७०**

**सिन्धुलीमा गत वर्ष मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा राज्यपक्षबाट दुईजना यातनाका घटनामा र गैरराज्यपक्षबाट ५६ जना पीडित भएकमा सन् २०१७ मा गैरराज्यपक्षबाट चार पुरुषसहित ८० जना पीडित भए। राज्यपक्षबाट कोही पनि पीडित भएनन्।**

## धम्की/कुटपिट

### गैरराज्यपक्षबाट

दुधौली नपा-९ बस्ने अनलाइन दुधौली खबरमा कार्यरत २१ वर्षीय रवीन्द्र भट्टराईलाई मतगणनास्थलमा भएको विवादको भिडियो खिचेको भन्दै २०७४ जेठ १ गते दिउँसो वाइसिएल कार्यकर्ता ४१ वर्षीया विन्दा अधिकारीको नेतृत्वमा रहेको समूहले कुटपिट गऱ्यो। घाँटीमा चोट लागेका भट्टराईको स्वास्थ्य केन्द्र दुधौलीमा उपचार भयो। पीडितले दुधौली प्रहरी चौकीमा सोही दिन उजुरी दिए पनि कारबाही प्रक्रिया अघि बढेन।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ३५ जनाको छ। तर, कैद तोकिएका ७२ र नतोकिएका २३ जना गरी ९५ जना कैदीबन्दी छन्। जसमा महिला कैदी दुई र बन्दी चारजना छन्। महिला बन्दी राख्ने ठाउँ यस वर्ष पनि बनाउन नसकेको कारागारले जनाएको छ। लामो समयदेखि कारागार कार्यालयको एक कोठामा महिला कैदीबन्दीलाई राखिएका कारण उनीहरूको बसोबास असहज बनेको छ। वि.सं. २०२९ सालमा निर्माण भएको यो कारागार जीर्ण छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी रहेकामा कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ९९ र फौजदारीतर्फ ९२

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ६ | | ६ |
| महिला अधिकार | ६८ | | ६८ |
| कुटपिट | | ३ | ३ |
| हत्या | २ | १ | ३ |
| जम्मा | ७६ | ४ | ८० |

थान छन्। अदालतमा दुई वर्षभन्दा पुराना मुद्दा बाँकी छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ८३ प्रावि, ८६ निमावि, ५३ मावि र ६१ उमावि छन्। २ हजार ३ सय ५३ शिक्षक दरबन्दी रहेकामा ७२ रिक्त छ। यस वर्ष जिल्लामा ४१ हजार ६ सय ९० बालक र ४५ हजार ४ सय ८२ बालिका भर्ना भए। जिल्लामा ६ अपाङ्गमैत्री विद्यालय छन्। यो वर्ष जिल्लामा ५ हजार ३ सय ९२ दलित बालक र ५ हजार ९ सय ३२ दलित बालिकालाई दलित छात्रवृत्ति प्रदान गरियो। त्यसैगरी सीमान्तकृत समुदायका ४ हजार ५ सय ९३ बालक र ४ हजार १ सय ८२ बालिकालाई छात्रवृत्ति प्रदान गरियो। एकदेखि आठ कक्षासम्मका लागि प्रदान गरिने छात्रवृत्ति ९ हजार ७ सय १५ जना बालबालिकाले पाए।*

*यो वर्ष जिल्लामा बाल अधिकार हननका घटनाबाट ६ जना पीडित भए। अघिल्लो वर्ष १० जना पीडित भएका थिए। यस वर्ष बलात्कार घटनामा पाँच र यौन दुर्व्यवहार घटनामा एक बालिका पीडित भए। गत वर्ष बलात्कार घटनामा नौ र यौन दुर्व्यवहार घटनामा एक बालिका पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ५ | ५ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ६ | ६ |

### बलात्कारपछि हत्या

कमलामाई नपा-१३ की १७ वर्षीया विपना माझीको २०७३ माघ १९ गते राति सामूहिक बलात्कारपछि हत्या गरेको आरोपमा पीडित पक्षले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा कमलामाई नपा-१३ का १७ वर्षीय तीन बालक र १८ वर्षीय रन्जे भनिने पदमबहादुर कामी, १८ वर्षीय रामजी खत्रीविरुद्ध उजुरी दिए। शवको पोस्टमार्टम २०७३ माघ २० गते जिल्ला अस्पतालमा गरियो। उजुरी दिएकै दिन पक्राउ परेका आरोपितलाई अदालतले २०७३ फागुन २० गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो।

### बलात्कार, यौन दुर्व्यवहार

११ वर्षीया बालिकालाई २०७३ फागुन १६ गते बलात्कार गरेको भन्दै पीडितका आफन्तले पर्सिपल्ट जिल्ला प्रहरी कार्यालयमा १७ वर्षीय बालकविरुद्ध उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण २०७३ फागुन १८ गते जिल्ला अस्पताल सिन्धुलीमा भयो। उजुरी दिएकै दिन पक्राउ परेका आरोपितलाई अदालतले २०७४ जेठ ३१ गते ८ वर्ष कैद सजायको आदेश सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ६२ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका २४, खान लाउन नदिएको १७, विवाह दर्ता तथा नागरिकता नबनाएको ६, मार्ने धम्की दिइएका १५ घटना छन्। दर्ता भएका घटनामध्ये प्रहरीले ३९ वटामा मिलापत्र गरायो भने १२ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाइएको छ। ११ घटनाका पीडित पक्ष भने सम्पर्कमै आएनन्।*

*यो वर्ष महिला हिंसासम्बन्धी घटनामा ६८ महिला पीडित भए। अघिल्लो वर्ष ८१ जना पीडित भएका थिए। यस वर्ष घरेलु हिंसाका घटनामा ५८, बहुविवाहका घटनामा चार, बलात्कारका घटनामा चार र बलात्कार प्रयासका घटनामा दुईजना पीडित भए। अघिल्लो वर्ष बलात्कारका घटनामा तीन, बहुविवाहका घटनामा तीन र घरेलु हिंसाका घटनामा ७५ गरी ८१ महिला पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ४ | ४ |
| बलात्कार प्रयास | २ | २ |
| बहुविवाह | ४ | ४ |
| घरेलु हिंसा | ५८ | ५८ |
| जम्मा | ६८ | ६८ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

५१ वर्षीया महिलालाई २०७४ वैशाख २७ गते बलात्कार गरेको भन्दै घ्याङ्लेख गाउँपालिका-४ नेत्रकालीका ४५ वर्षीय केदार काजी श्रेष्ठ विरुद्ध पीडितले जेठ १९ गते जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा मुद्दा दर्ता गरिन्। पीडितको स्वास्थ्य

परीक्षण  जेठ १९ गते नै जिल्ला अस्पताल सिन्धुलीमा गराइएको छ। आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालय सिन्धुलीले जनाएको छ।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, ५१ स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। चार डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। अहेवको १ सय १४ दरबन्दी रहेकामा ८५ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २ करोड ५४ लाख ४५ हजार र औषधि खर्चबापतको रकम १० लाख रुपियाँ छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | ३ | ५ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | २ | ४ | ६ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | | | | ३ | ४ |
| बलात्कार प्रयास | | | | | २ | २ |
| बहुविवाह | १ | | | | ३ | ४ |
| घरेलु हिंसा | | १ | ३४ | ३ | २० | ५८ |
| जम्मा | २ | १ | ३४ | ३ | २८ | ६८ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | २ | ३ |

# ३.१२ मकवानपुर




**जम्मा जनसङ्ख्या**
**४,३२,२५२**

**महिला**
**२,२२,५१२**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**२**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**४**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१,१५,४७३**

**कामका लागि बाहिरिएका**
**१६,५४७**

**अपाङ्गता भएका**
**८,४६७**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५८**

**आश्रित जनसङ्ख्या**
**१,७५,७३७**

**मकवानपुरमा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा गैरराज्यपक्षबाट २८ जना पीडित भएकामा सन् २०१७ मा २५ जना पीडित भए। गत वर्ष १३ जना बालबालिका र १४ जना महिला पीडित भएकामा यस वर्ष १३ बालिका र नौ महिला पीडित भए।**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| घाइते | | १ | १ |
| बाल अधिकार | १३ | | १३ |
| अपहरण | | १ | १ |
| महिला अधिकार | ९ | | ९ |
| हत्या | | १ | १ |
| जम्मा | ३१ | ३ | ३५ |

## गोली/विष्फोटक पदार्थबाट घाइते

हेटौँडा उमनपा-१६ का ३४ वर्षीय श्याम दाहाल २०७४ वैशाख २८ गते सिलिन्डर बम विष्फोटमा परी घाइते भए। दाहालको घरअगाडि आगो बालेर सडकबीचमा सिलिन्डर बम राखिएको थियो। आगो निभाउन जाँदा पड्केर दाहाल घाइते भएका थिए। उनको उपचार काठमाडौँस्थित निजामती अस्पतालमा भयो। सो घटनाको प्रेस विज्ञप्तिमार्फत वैशाख २९ गते नेपाल कम्युनिस्ट पार्टीले जिम्मा लियो। पीडित महान्यायाधिवक्ता कार्यालय काठमाडौँका अधिकृत हुन्।

## अपहरण

मनहरी गाउँपालिका–१ निवासी माओवादी केन्द्रका वडाध्यक्ष उम्मेदवार ३८ वर्षीय रामकुमार उप्रेतीलाई २०७४ वैशाख ३० गते नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताले अपहरण गरेकामा निर्वाचन सकिएपछि जेठ १ गते मुक्त गरे। पीडितले कतै उजुरी दिएनन्।

## कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता १ हजार २ सय जनाको छ। तर ५ सय ११ कैदी र ३ सय ४ थुनुवा गरी ८ सय १५ जना छन्। महिला बन्दी छैनन्। मकवानपुरको पूर्वसदरमुकाम भीमफेदीस्थित

'घ' श्रेणीको कारागार अत्यन्त जीर्ण भएकाले निर्माण गरिएको यो क्षेत्रीय कारागारको महिला वार्डमा पुरुष राखिएका हुन्। क्षेत्रीय कारागार भीमफेदीमा महिला वार्डमात्र तयार भएकाले पुरुष बन्दीलाई २०६८ भदौ १४ गतेदेखि यहाँ राख्न थालिएको हो। यहाँका महिला बन्दी भने वीरगन्ज पठाउने गरिएको छ। 'ख' ब्लकमा २०७४ पुस १३ गते चौकीदार पक्ष र अन्य पक्षबीच झडप हुँदा ६ जना कैदीबन्दी घाइते भए। घाइते हुनेहरूमा काठमाडौं घर भएका ५८ वर्षीय दिव्यकुमार श्रेष्ठ, कास्की घर भएका २२ वर्षीय शुवाष प्रधान, मकवानपुर घर भएका २४ वर्षीय सुरेश थिङ, मकवानपुर घर भएका २२ वर्षीय बाबु रेग्मी, सुनसरी घर भएका २८ वर्षीय आशिष राई र रुपन्देही घर भएका ३५ वर्षीय मधु गिरी छन्। घाइतेहरूको उपचार हेटौंडा अस्पताल र चुरे हिल अस्पताल हेटौंडामा गरियो। चौकीदार रमेशकुमार लामा पक्ष र उनको विपक्षमा रहेका बन्दीहरूबीच झगडा भएको जेल प्रशासनले जनायो। चौकीदार लामा पक्षले जेल भित्रको पसलमा शोषण गरेको, बन्दीहरूलाई बोल्न नदिएको, आफ्नो पक्षलाई मात्र नाइके, भाइ नाइकेहरूमा भर्ती गरेको भन्दै अधिकाँश बन्दीहरू रूष्ट रहेका थिए। चौकीदार लामालगायतले जेल भित्रको कोठा निरीक्षण गरिरहेको अवस्थामा दुई पक्षबीच झडप भएको थियो।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा तीनजना न्यायाधीशको दरबन्दी रहेकामा तीनैजना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय ८३ र फौजदारीतर्फ १ सय ८० थान छन्। दुई वर्ष पुराना मुद्दा छैनन्।

यसैगरी सात न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय १० र फौजदारीतर्फ २ सय ७७ थान छन्। उच्च अदालतमा दुई वर्ष पुराना मुद्दा देवानी सात र फौजदारी आठ थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ७३ प्रावि, ९७ निमावि, ८६ मावि र ३६ उमावि छन्। २ हजार २ सय २५ शिक्षक दरबन्दी रहेकामा २ सय ५ रिक्त छ। यस वर्ष २ हजार १ सय ३३ बालक र २ हजार ४ सय ७७ बालिका भर्ना भए। जिल्लामा ३ सय ७५ अपाङ्ग मैत्री विद्यालय छन्। १ हजार ७ सय ५५ दलित बालक र १ हजार ८ सय ३३ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो।*

*यस वर्ष १३ बालिका बाल अधिकार उल्लङ्घनका घटनाबाट पीडित भए। अघिल्लो वर्ष पनि १३ जना बालिका पीडित भएका थिए। गत वर्ष बेचबिखन घटनामा एक, बलात्कार घटनामा १० र यौन दुर्व्यवहारका घटनामा एकजना पीडित भएका थिए भने एक नवजात शिशुको हत्या भएको थियो। यो वर्ष बलात्कारका घटनामा १२ र यौन दुर्व्यवहारका घटनामा एक बालिका पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १३ | १३ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | १३ | १३ |

### बलात्कार, यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई २०७३ पुस २० गते बलात्कार गरेको आरोपमा कैलाश गाउँपालिका-४ बस्ने ६६ वर्षीय रामबहादुर थिङविरुद्ध पीडित पक्षले भोलिपल्ट इलाका प्रहरी कार्यालय मनहरीमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण मनहरीस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा २०७३ पुस २२ गते भयो। घटनालगत्तै पक्राउ परेका आरोपितलाई अदालतले २०७४ पुस २० गते ७ वर्ष कैद सजायको आदेश सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ३ सय १८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दिए। जसमा कुटपिट गरी घर निकाला*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखनको प्रयास | १ | १ |
| बलात्कार | ४ | ४ |
| बहुविवाह | ४ | ४ |
| जम्मा | ९ | ९ |

*गरिएका १ सय २, खान/लाउन नदिएका ७९, विवाह दर्ता र नागरिकता नबनाएको १५, अर्की पत्नी ल्याएर हेला गरेको ५५ र सामान्य घरायसी झगडाका ६७ घटना छन्। यीमध्ये प्रहरीले २ सय ७१ वटा घटनामा मिलापत्र गरायो भने २३ वटा उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ। २४ वटा उजुरीका भने निवेदनकर्ता नै सम्पर्कमा आएनन्।*

*यस वर्ष नौ महिला अधिकारका घटनामा पीडित भए। गत वर्ष यस्ता घटनामा १४ जना पीडित भएका थिए। यस वर्ष बेचबिखन प्रयासका घटनामा एक, बहुविवाहका घटनामा चार र बलात्कारका घटनामा चार महिला पीडित भए। अघिल्लो वर्ष बलात्कारका घटनामा चार, बहुविवाहका घटनामा आठ र बेचबिखनका घटनामा दुईजना पीडित भएका थिए।*

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

१८ वर्षीया मनोसामाजिक अपाङ्गता भएकी युवतीलाई २०७४ भदौ १० गते हेटौँडा उमनपा-१८ का ४० वर्षीय प्रदीप पोखरेलले बलात्कार गरेको आरोपमा पीडित पक्षले हटियास्थित प्रहरी चौकीमा भोलिपल्ट उजुरी दिए। पीडित महिलाको स्वास्थ्य परीक्षण २०७४ भदौ १२ गते हेटौँडा अस्पतालमा गरियो। भदौ १२ गते पक्राउ परेका आरोपितलाई अदालतले मङ्सिर ७ गते ११ वर्ष कैद र १ लाख रुपियाँ पीडितलाई भराउने आदेश सुनायो।

**स्वास्थ्य सेवाको अवस्था**

मकवानपुरमा सरकारी, निजी र सहकारी गरी चारवटा अस्पताल, ४० स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा ११ डक्टरको दरबन्दी रहेकामा करारसहित २९ जना कार्यरत् छन्। एकजना स्त्री रोग विशेषज्ञको दरबन्दी रहेकामा करारसहित दुईजना कार्यरत् छन्। अहेवको ९५ दरबन्दी रहेकामा ९४ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ६ करोड ५७ लाख १९ हजार छ भने औषधि खर्चबापतको रकम ८ लाख रुपियाँ छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | ५ | ४ | १३ |
| यौन दुर्व्यवहार | | १ | | १ |
| जम्मा | ३ | ६ | ४ | १३ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखनको प्रयास | | | १ | १ |
| बलात्कार | २ | २ | | ४ |
| बहुविवाह | | १ | ३ | ४ |
| जम्मा | २ | ३ | ४ | ९ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

# ३.१३ चितवन




**जम्मा जनसङ्ख्या**
**६,२५,५७८**

**महिला**
**३,३१,०६४**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**३**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**६**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**५०,४५४**

**कामका लागि बाहिरिएका**
**५०,४२१**

**अपाङ्गता भएका**
**१२,५३७**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५७.५**

**आश्रित जनसङ्ख्या**
**२,३०,३७३**

**चितवनमा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा गैरराज्यपक्षबाट ४८ जना पीडित भएकामा यो वर्ष ६५ महिला सहित ७५ जना पीडित भए। यस वर्ष राज्यपक्षबाट ६ जना पीडित भए।**

### धम्की/कुटपिट

**राज्यपक्षबाट**

भरतपुर मनपा-११ का १४ वर्षीय पुष्कर तामाङ, १७ वर्षीय अमित थापामगर, १७ वर्षीया दानु हमाल र १७ वर्षीय विमल बिकलाई वनमा आगो लगाएको आरोपमा २०७३ चैत ४ गते सीमा सुरक्षा बल आँपटारीका सशस्त्र प्रहरीले नियन्त्रणमा लिएर कुटपिट गरे। आँखा, ढाड, पाखुरा र घुँडालगायत शरीरका अङ्गमा चोट लागेको पीडितको स्थानीय मेडिकलमा उपचार भयो। सशस्त्र प्रहरी सीमा सुरक्षा बल आँपटारीका प्रमुख एसपी श्याम कोइरालाले यस घटनामा आफूहरूको संलग्नता नरहेको जनाए। पीडितले कुटपिट भएको घटना चैत ७ गतेमात्र पत्रकार र मानव अधिकारकर्मीलाई जानकारी गराए। गल्ती नगर्ने सर्तमा सबैलाई चैत १० गते छाडियो।

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २ सय ५५ जनाको छ। तर ३ सय ९ कैदी र २ सय ८८ थुनुवा गरी ५ सय ९७ जना छन्। जसमा ५६ महिला छन्। पाँचजना बालक आश्रित छन्। ६५ वर्षमाथिका १८

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | नखुलेको | जम्मा |
| घाइते | १ | १ | | | | |
| बाल अधिकार | | | ३३ | ३ | | ३५ |
| अमानवीय व्यवहार | | | | ३ | | ३ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | १ | १ | ३ |
| महिला अधिकार | | | ३५ | | | ३५ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | १ | १ | | | | |
| कुटपिट | ४ | ४ | | ३ | | ३ |
| हत्या | | | ६ | ३ | | ९ |
| जम्मा | ६ | ६ | ६५ | ९ | १ | ७५ |

जना पुरुष छन्। २०२५ सालमा बनेको यो कारागार को एक भवन जीर्ण छ।

### अमानवीय व्यवहार

रत्ननगर नपाका इन्जिनियर ५२ वर्षीय प्रकाशचन्द्र ढुङ्गानालाई २०७४ असोज १ गते नपा परिसरभित्र नेपाल कम्युनिस्ट पार्टीका चारजनाको सङ्ख्यामा आएका कार्यकर्ताले मोबिल खन्याए दुर्व्यवहार गरे। ढुङ्गानाले भ्रष्टाचार गरेकाले कारबाही गरिएको कार्यालय परिसरमा छाडिएको पर्चामा उल्लेख थियो। ढुङ्गानाले आफूले चन्दा नदिएपछि अमानवीय व्यवहार भएको बताए। कसैलाई कारबाही भएन।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

नेपाल कम्युनिस्ट पार्टीले २०७४ वैशाख ७ गते आयोजना गरेको कार्यक्रममा प्रहरीले हस्तेक्षप गर्दा झडप भयो। कार्यक्रममा उक्त पार्टीका स्थायी कमिटी सदस्य धर्मेन्द्र बास्तोलाले सम्बोधन गर्दैगर्दा प्रहरीले हस्तक्षेप गरेको थियो। प्रहरीको लठ्ठी प्रहारबाट भरतपुर मनपा-२२ का कृष्णप्रसाद पौडेल घाइते भए। पार्टीका कार्यकर्ताले पनि प्रहरीमाथि ढुङ्गा प्रहार गरेका थिए।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ६ न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ७ सय २४ र फौजदारीतर्फ ६ सय ६५ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दामध्ये फौजदारी दुई थान छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ३८ प्रावि, ९८ निमावि, १ सय ४३ मावि र ६५ उमावि छन्। २ हजार ६ सय ११ शिक्षक दरबन्दी रहेकामा १७ रिक्त छ। यस वर्ष ९१ हजार १ सय १२ सामुदायिकतर्फ र ८२ हजार ९ सय १४ विद्यार्थी निजीतर्फ भर्ना भए। जिल्लामा ५७ अपाङ्गमैत्री विद्यालय छन्। १० हजारले दलित बालबालिका, ४९ जनाले द्वन्द्वपीडित एकजनाले शहीद परिवार भएबापत छात्रवृत्ति पाए।*

*गत वर्ष बालबालिकामाथि हुने हिंसाका घटनाबाट २५ जना पीडित भएकामा यो वर्ष ३३ बालिकासहित ३५ जना पीडित भए। गत वर्ष बलात्कार बाट १७ र यौन दुर्व्यवहारबाट सातजना पीडित भएका थिए। यस वर्ष बलात्कारबाट २२ बालिका, यौन दुर्व्यवहारबाट ११ बालिका पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | ११ | | ११ |
| यौन दुर्व्यवहार | ११ | २ | १३ |
| जम्मा | ३३ | २ | ३५ |

#### बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७४ वैशाख १३ गते रुपन्देहीको देवदह नपा-११ घर भई चालक पेशा गर्ने ३८ वर्षीय मिलन परियारले बलात्कार गरे को भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा वैशाख १५ गते उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण वैशाख १६ गते भरतपुर अस्पतालमा भयो। वैशाख १४ गते पक्राउ आरोपितलाई अदालतले असार १५ गते ११ वर्ष कैद सजायको आदेश सुनायो।

#### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय १० महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ४०, खान/लाउन नदिएको २५, विवाह दर्ता र नागरिकता नबनाएको पाँच, अर्की पत्नी ल्याएर हेला गरेको १७ र सामान्य घरायसी झगडाका २३ घटना थिए। जसमध्ये प्रहरीले १ सय ५ वटामा मिलापत्र गरायो भने १५ उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखनको प्रयास | १ | १ |
| बोक्सीको आरोप | २ | २ |
| बलात्कार | ६ | ६ |
| बलात्कार प्रयास | २ | २ |
| बहुविवाह | ६ | ६ |
| महिला बेचबिखन | ३ | ३ |
| यौन दुर्व्यवहार | ५ | ५ |
| जम्मा | ३५ | ३५ |

*गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा १५ जना पीडित भएकामा यो वर्ष २५ जना पीडित भए। अघिल्लो वर्ष बलात्कार र बलात्कार प्रयास घटनाबाट सातजना, बहुविवाहका कारण एकजना र महिला बेचबिखनबाट सातजना पीडित भएकामा यो वर्ष बलात्काबाट ६, बलात्कार प्रयासबाट दुई, बोक्सीको आरोपमा दुई , बहुविवाहका ६ र यौन दुर्व्यवहारबाट पाँचजना पीडित भए।*

**परिवारजनबाट हत्या**

भरतपुर मनपा-१५ की ३९ वर्षीया सविना दराईलाई २०७४ भदौ १४ गते छोरा १७ वर्षीय आशीष दराईले कुटपिट गरेकामा अस्पताल लैजाने क्रममा मृत्यु भएको भन्दै जेठा छोरा २५ वर्षीय विक्रम दराईले भदौ १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको भदौ १५ गते भरतपुर अस्पतालमा पोस्टमार्टम भयो। घटनाकै दिन पक्राउ परेका आरोपितलाई अदालतले पुस १६ गते सर्वस्वसहित जन्मकैदको फैसला सुनायो।

**बोक्सीको आरोपमा दुर्व्यवहार**

भरतपुर मनपा-११ की ४८ वर्षीया सुन्दरी बिक, ६९ वर्षीय रणबहादुर सारू र ४८ वर्षीया काली गुरुङलाई २०७४ जेठ ३० गते दिउँसो सोही ठाउँकी २८ वर्षीया सीता राई, २५ वर्षीया लालमाया राई र २३ वर्षीय कान्छा राईले बोक्सीको आरोपमा दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले असार २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। असार २ गते पक्राउ परेका आरोपितलाई जिल्ला प्रशासन कार्यालयले असार ७ गते जनही पाँच हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश सुनायो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक सम्पति/संरचना क्षति**

भरतपुर मनपा-१३ का विजय शाहको नाममा रहेको १० विघा जग्गा २०७४ असार २७ गते दिउँसो नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्ताले झण्डा गाडेर कब्जा गरेको भन्दै पार्टीले पर्चासमेत छाडेको प्रहरीले जनायो। झण्डा गाड्ने पत्तो लागेन।

खैरहनी नपा-१२ स्थित मर्कन्टायलको ८४ विघा जग्गा नेपाल कम्युनिस्ट पार्टीका चितवन इन्चार्ज लालबहादुर बिसीले २०७४ कात्तिक १९ गते विज्ञप्ति जारी गरी २०५९ सालदेखि पार्टीको कब्जामा रहेको जग्गा अहिले विभिन्न भूमाफियाले चलखेल गरी किनबेचको तयारी भएको पाइएकाले पुन: आफ्नो पार्टीले नियन्त्रणमा लिएको जनाए। कसैले उपभोग र किनबेच गरेमा कडा कारबाही गर्ने धम्कीसमेत दिए। उक्त जग्गामा खतरा लेखेर राखेको वस्तु र झण्डा प्रहरीले हटायो।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा चार सरकारी अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र र ३६ स्वास्थ्य चौकी छन्। त्यस्तै १५ वटा नगर स्वास्थ्य केन्द्र र तीन सामुदायिक स्वास्थ्य एकाइ छन्। भरतपुर अस्पतालमा ६६ डक्टर को दरबन्दी रहेकामा ४३ जना कार्यरत छन्। जसमा पाँचजना स्त्री रोग विशेषज्ञ छन्। त्यस्तै चितवनमा १ सय २४ जना हेल्थ सहायकको दरबन्दी रहेकामा १ सय ९ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ३ करोड ८४ लाख रुपियाँ र औषधि खर्चबापत १४ लाख ७५ हजार रुपियाँ छ।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | ५ | १५ | २१ |
| यौन दुर्व्यवहार | | ४ | ७ | ११ |
| जम्मा | १ | ९ | २२ | ३२ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखनको प्रयास | | १ | १ |
| बोक्सीको आरोप | | १ | १ |
| बलात्कार | १ | ५ | ६ |
| बलात्कार प्रयास | | २ | २ |
| बहुविवाह | | ६ | ६ |
| महिला बेचबिखन | | २ | २ |
| यौन दुर्व्यवहार | | २ | २ |
| जम्मा | १ | १९ | २० |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | ६ | ८ |

# प्रदेश ४

- क्षेत्रफल : २१,८२८ वर्ग कि.मि.
- जनसङ्ख्या : २४,१३,५०८
- साक्षरता प्रतिशत : ७३.३३
- जिल्ला : ११
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : १८
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ३६
- महानगरपालिका : १
- नगरपालिका : २६
- गाउँपालिका : ५८
- कूल वडा सङ्ख्या : ७५५

# प्रदेश परिचय ४

गोरखा, लमजुङ, स्याङ्जा, कास्की, मनाङ, मुस्ताङ, म्याग्दी, पर्वत, बाग्लुङ र तनहुँ जिल्ला मिलाएर प्रदेश नं. ४ बनाइएको छ । यस प्रदेशको जनसङ्ख्या २४ लाख १३ हजार ९ सय ८ रहेको छ । २१ हजार ८ सय २८ वर्ग किलोमिटरमा फैलिएको यो प्रदेशले नेपालको कूल क्षेत्रफलको १४.८३ प्रतिशत भूभाग ओगटेको छ । यस प्रदेशमा प्रतिनिधि सभा निर्वाचन क्षेत्र १८ र प्रदेश सभा निर्वाचन क्षेत्र ३६ वटा छन् ।

यो प्रदेशको जनसङ्ख्यामध्ये ७०.६८ ले नेपाली, ८.५५ ले मगर मगर, ८.५५ ले गुरुङ, ४.७९ ले भोजपुरी, १.६४ ले नेवारी र बाँकीले अन्य मातृभाषा बोल्छन् । यस प्रदेशका मानिसहरूको प्रतिव्यक्ति आय १ हजार १ सय ६९ अमेरिकी डलर र औसत आयु ६८.८० वर्ष रहेको छ ।

यस प्रदेशमा रहेका पर्यटकीयस्थल, धार्मिक तथा सांस्कृतिक धरोहरको विकास गर्न सकिए पर्यटकको आगमन बृद्धि भई प्रदेशको अर्थतन्त्रलाई सकारात्मक प्रभाव पार्न सक्छ ।

यस प्रदेशको अस्थायी राजधानी पोखरा तोकिएको छ । प्रदेश सभाको बहुमतले राजधानी कहाँ राख्ने भन्ने निर्णय गर्न सक्ने संवैधाकि व्यवस्था भएकाले हाललाई अस्थायी केन्द्र तोकिएको हो ।

**सन् २०१७ र मानव अधिकार अवस्था**

यस प्रदेशमा सन् २०१७ मा गैरराज्यपक्षबाट १२ जनाको हत्या भयो । धम्की तथा कुटपिटका घटनामा गैरराज्यपक्षबाट ४५ जना पीडित भए । जातीय विभेदका घटनामा दुई जना, महिला अधिकार उल्लङ्घनका घटनामा ६ सय ५९ जना, बाल अधिकार उल्लङ्घनका घटनामा ६२ जना बालबालिका पीडित भएको अभिलेख छ ।

## सन् २०१७ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



# ४.१ गोरखा




**जम्मा जनसङ्ख्या**
**२,६४,६३७**

**महिला**
**१,४८,५६२**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**२**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**४**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**५४,८७५**

**कामका लागि बाहिरिएका**
**२८,१०४**

**अपाङ्गता भएका**
**१२,९३७**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६६.०३**

**आश्रित जनसङ्ख्या**
**१,१९,३३४**

**गोरखामा गत वर्ष राज्यपक्षबाट १५ जना पुरुष र गैरराज्यपक्षबाट तीन जना पुरुषसहित २७ जना पीडित भएका घटना अभिलेख गरिएकामा यस वर्ष राज्यपक्षबाट भएका घटनामा १७ जना पुरुष तथा गैरराज्यपक्षबाट नौ जना पुरुषसहित ३६ जना पीडित भए। गोरखामा यो वर्ष निर्वाचन हिंसाका घटना बढी अभिलेखित भए। सन् २०१७ मा चुमनुव्री गाउँपालिका-१ सामागाउँको आफ्नै नियम विपरीत अन्यत्रबाट यार्सा गुम्बा टिप्न आएका भन्दै धार्चे गाउँपालिका-४ लाप्राकका पाँच जना व्यक्तिलाई सो ठाउँका स्थानीयले पाँच दिनसम्म बन्धक बनाएका थिए।**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | १ | १ |
| बाल अधिकार | | | १२ | | १२ |
| अपहरण | | | | ५ | ५ |
| महिला अधिकार | | | १४ | | १४ |
| गिरफ्तारी | १३ | १३ | | | |
| कुटपिट | ४ | ४ | | ३ | ३ |
| हत्या | | | १ | | १ |
| जम्मा | १७ | १७ | २७ | ९ | ३६ |

## झडप/कुटपिट

### गैरराज्यपक्षबाट

शहीद लखन गाउँपालिका-९ नाम्जुङ गुठेधारामा २०७४ वैशाख २८ गते राति स्थानीय तहको निर्वाचन प्रचारमा रहेका माओवादी केन्द्र र नयाँ शक्ति पार्टीका कार्यकर्ताबीच झडप हुँदा शहीद लखन गाउँपालिका-९ निवासी नयाँ शक्ति पार्टीका ३६ वर्षीय अर्जुन श्रेष्ठ घाइते भए। पीडितको उपचार नाम्जुङस्थित स्थानीय स्वास्थ्य संस्थामा भयो। माओवादी

केन्द्रका कार्यकर्ताले आक्रमण गरेको नयाँ शक्तिका पार्टीकातर्फबाट वडा अध्यक्षका उम्मेदवार रामकुमार श्रेष्ठले बताए भने नयाँ शक्तिका कार्यकर्ताले हात छाडेपछि कुटाकुट भएको माओवादी केन्द्रका खड्क श्रेष्ठले बताए। जिल्ला प्रहरी कार्यालय, गोरखाले भने घटनालाई सामान्य भन्दै चासो देखाएन।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

गोरखा नपा-१० छेवेटारका ३७ वर्षीय शिक्षक विनोद पाण्डेलाई २०७४ वैशाख ३० गते प्रहरीले पक्राउ गऱ्यो। पाण्डे तारा माबि छेवेटारका निमाबि तहका विज्ञान शिक्षक हुन्। निर्वाचन विरोधी गतिविधिमा संलग्न हुन सक्ने भन्दै उनलाई पक्राउ गरिएको एसपी जनकराज पाण्डेयले बताए। शिक्षक पाण्डेलाई स्थानीय तहको निर्वाचन सम्पन्न भए पश्चात जेठ २ गते रिहा गरिएको प्रहरीले जनायो।

जनता टेलिभिजनका गोरखा संवाददाता पालुङटार नपा-१, खोप्लाडका २४ वर्षीय विकास भट्टराईलाई प्रहरीले नेपाल कम्युनिष्ट पार्टीसँग आवद्ध भएको र चुनाव विरोधी गतिविधिमा संलग्न भएको आरोपमा २०७४ जेठ २ गते पक्राउ गऱ्यो। पत्रकार महासङ्घलगायत मानव अधिकार सङ्घ संस्थाको दबावपछि पीडितलाई प्रहरीले जेठ ११ गते रिहा गऱ्यो। सार्वजनिक अपराध ऐन अन्तर्गत जेठ ३ गते मुद्दा दर्ता गरी नौ दिनसम्म जिल्ला प्रहरी कार्यालयले हिरासतमा राखेको थियो।

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ५५ जनाको छ। तर ६९ कैदी र ३१ थुनवा गरी १ सय जना रहेका छन्। जसमा आठ महिला छन् भने पुरुष ९२ जना रहेका छन्। ६० वर्षमाथिका १३ जना पुरुष रहेका छन्। पुरुष कैदी बन्दीको क्षमता ५५ जनाको भएपनि झण्डै दोब्बर ९२ जना कोचिएर वस्न वाध्य भएका छन्। महिलाको क्षमता १२ जना भएपनि आठ जना मात्र रहेका छन्। कारागारको पुरुष कक्षमा क्षमता भन्दा बढी कैदी बन्दी हुँदा सुत्न बस्न र खानेपानीको समस्या भएको छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दी सहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ७४ र फौजदारीतर्फ ८७ थान रहेका छन्। फैसला हुन बाँकी मुद्दामध्ये व्यक्तिवादी फौजदारी ४८ र सरकारवादी फौजदारी ३९ थान छन्। दुई वर्ष पुराना मुद्दा छैनन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा ४ सय ४४ वटा सामुदायिक र ४६ संस्थागत विद्यालय रहेका छन्। बालविकास केन्द्र ३ सय ९३, प्राबि २ सय ६९, ६४ निमाबि, ५४ माबि र ५७ उमाबि छन्। जिल्लामा २ हजार ६ सय २५ शिक्षकको दरबन्दी रहेकामा सबै कार्यरत छन्। अपाङ्गता भएका विद्यालय अध्ययन गर्ने १२ वटा स्रोत कक्षा रहेका छन्। गोरखा जिल्लामा ६१ हजार ४ सय ३० जना विद्यार्थी अध्ययनरत छन्। यस वर्ष प्राविमा ९९.६, निमाविमा ९६.४, माविमा ४१.९ भर्नादर रहेको छ। द्वन्द्वपीडित परिवारका ३४ जनालाई छात्रवृत्ति दिइएको छ। २०७२ वैशाख १२ गतेको भूकम्पले जिल्लाको ३ हजार ५२ कक्षा कोठा पूर्णरूपमा ध्वस्त भए भने १ हजार १ सय ८५ कक्षा कोठा आंशिक रूपमा क्षति पुगेको थियो। अहिले भूकम्पले भत्किएका विद्यालयहरू यो वर्ष पुनर्निर्माण भइरहेका छन्।*

*सन् २०१६ मा बालबालिकामाथि हुने हिंसाका घटनाबाट १४ जना बालिका पीडित भएकामा सन् २०१७ मा त्यस्ता घटनाबाट १२ जना पीडित भए। यो वर्ष बलात्कार घटनाबाट ६ जना र यौन दुर्व्यवहारका घटनाबाट ६ जना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ६ | ६ |
| यौन दुर्व्यवहार | ६ | ६ |
| जम्मा | १२ | १२ |

#### बलात्कार, यौन दुर्व्यवहार

सात वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको आरोपमा बारा जिल्ला जितपुर सिमरा उमनपा डुमरवाना घर भई गोरखा नपा-९ सोह्रकिलोमा बस्ने २८ वर्षीय शिवशङ्कर चौधरीलाई प्रहरीले २०७३ चैत १३ गते पक्राउ गऱ्यो। पीडितका आफन्तले सोही दिन दिएको मौखिक उजुरीका आधारमा आरोपितलाई पक्राउ गरिएको डिएसपी वीरेन्द्र थापाले बताए। पीडितका आफन्तले

चैत १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत १४ गते नै जिल्ला अस्पतालमा भयो। जिल्ला अदालतको २०७४ वैशाख ५ गतेको आदेशअनुसार आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएकोमा असार १५ गते तीन वर्ष कैद सजायको फैसला गऱ्यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै ८७ जनाले जिल्ला प्रहरी कार्यालयको महिला सेलमा उजुरी दिए। जसमा श्रीमानले वास्ता नगरेको र कुटपिट गरेको भन्दै ३९, नागरिकता नवनाएको एक, अर्को पत्नी ल्याएर हेला गरेको नौ, सामान्य घरायसी झगडाका ३८ वटा छन्। ती मध्ये १३ उजुरी जिल्ला अदालत पठाइएको, ५५ वटा मिलापत्र गरिएको र १९ वटा कानुनी प्रक्रियामा छन्।*

*गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा १० जना पीडित भएका थिए। यो वर्ष त्यस्ता घटनामा १४ जना पीडित भए। यो वर्ष घरेलु हिंसाका कारण तीन जना, बहुविवाहबाट ६ जना, बलात्कार घटनाबाट दुई जना, बलात्कार प्रयासका घटनाबाट दुई जना र यौन दुर्व्यवहारको घटनामा एक जना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| बलात्कार प्रयास | ३ | ३ |
| बहुविवाह | ६ | ६ |
| घरेलु हिंसा | ३ | ३ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | १४ | १४ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सुस्तमनस्थिति भएकी २९ वर्षीया महिलालाई २०७३ फागुन ५ गते धादिङ रोराङ गाउँपालिका-५ चरौंदीका २० वर्षीय भीष्म विसुराल र गोरखा जिल्ला अजिरकोट गाउँपालिका-१ घ्याल्चोकका २१ वर्षीय रविन लामिछानेले बलात्कार गरेको आरोपमा प्रहरीले फागुन ८ गते पक्राउ गऱ्यो। महिलाको स्वास्थ्य परीक्षण फागुन ८ गते जिल्ला अस्पतालमा भयो। आरोपित दुवैलाई फागुन २४ गते जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएकामा २०७४ असार ७ गते जिल्ला अदालतले जनही २ वर्ष ६ महिना कैद सजाय सुनायो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल, ६६ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्ला स्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार जिल्लामा चार डक्टरको दरबन्दी रहेकामा चार जना नै कार्यरत छन्। जिल्ला अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। अहेबको दरबन्दी १ सय ४२ रहेकोमा हाल १ सय ६ जना कार्यरत छन् भने ३६ जनाको दरबन्दी रिक्त छ। अनमीको दरबन्दी १ सय ४३ रहेकामा १ सय २५ जना कार्यरत छन् भने १८ जना रिक्त रहेको छ। हेल्थ असिस्टेन्टको दरबन्दी ७० रहेकामा ५८ कार्यरत छन् १२ जना रिक्त छ। जिल्ला स्वास्थ्य कार्यालयका अनुसार गाउँपालिकामा गएको रकम र औषधि खरिद गरे नगरेको बारेमा बुझ्ने काम भइरहेको छ। जनस्वास्थ्यमा औषधि खरिदका लागि आएको पाँच लाखको भने औषधि खरिद भइसकेको छ। जिल्लामा स्त्रीरोग विशेषज्ञ नहुँदा स्त्रीरोग विरामीहरू पोखरा, भरतपुर तथा काठमाडौंस्थित सुविधा सम्पन्न अस्पतालमा उपचारका लागि जान बाध्य छन्।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | ३ | ५ |
| यौन दुर्व्यवहार | २ | ४ | ६ |
| जम्मा | ४ | ७ | ११ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | २ | | | २ |
| बलात्कार प्रयास | | १ | | | १ | २ |
| बहुविवाह | १ | | १ | | ४ | ६ |
| घरेलु हिंसा | | | | ३ | | ३ |
| यौन दुर्व्यवहार | | | | | १ | १ |
| जम्मा | १ | १ | ३ | ३ | ६ | १४ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

# ४.२ मनाङ




**जम्मा जनसङ्ख्या**
५,६१८

**महिला**
२,३५४

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
२,१५०

**कामका लागि बाहिरिएका**
२७५

**अपाङ्गता भएका**
२०४

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७४.८

**आश्रित जनसङ्ख्या**
१,७४७

## कारागार र बन्दी

जिल्लाको श्रेणीविहिन कारागारमा नौ जना पुरुष कैदी छन्। जिल्ला कारागारको आफ्नो भवन नभएकाले कारागारमा उपलब्ध हुनुपर्ने सेवाहरू यहाँ देखिएन। कैदीलाई खेलकुद सामग्री अपुग देखिन्छ। पत्रपत्रिका, सिपमूलक तालिमहरूको व्यवस्था गर्नु पर्ने अवस्था छ भने जाडो मौसममा निकै जाडो हुने भएकाले आगो ताप्ने व्यवस्था नभएको गुनासो यहाँका कैदीको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना जिल्ला न्यायाधीशको दरबन्दी रहेको यस जिल्लामा सन् २०१७ मा एउटामात्रै बहुविवाह सम्बन्धी मुद्दा दर्ता भएको जिल्ला अदालतले जनायो। मुखिया प्रथा रहेको मनाङ जिल्लामा अदालतमा न्यायका लागि उजुरी निकै कम मात्रामा आउने गरेका छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*मनाङमा २७ ओटा सामुदायिक र एक निजी गरी २८ विद्यालय छन्। जिल्लामा २३ आधारभूत, चार माबि रहेका छन्। १ सय १९ शिक्षकको दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्लाभर ६ सय ७६ जना विद्यार्थी सङ्ख्या रहेको जिल्ला शिक्षा कार्यालय, मनाङले प्रकाशित गरेको शैक्षिक स्मारिका २०७४ मा उल्लेख छ। विद्यालय शिक्षाको सुविधाबाट कुनै पनि बालबालिका वञ्चित नभएको जिल्ला शिक्षा कार्यालयले जनायो। तथापि जिल्ला सदरमुकाम लगायत अन्य स्थानहरूमा बालबालिका होटलमा बालश्रमिकका रूपमा कार्यरत रहेको पाइन्छ।*

### महिलाविरूद्ध हुने सबै भेदभाव, दुर्व्यवहार

*जिल्लामा गम्भीर प्रकृतिका समस्याहरू देखिदैन। मातृसत्तात्मक प्रचलनले थोरै बढी मान्यता पाएको मनाङमा सामान्य प्रकृतिका घटनाहरू गाँउघरमै मिलापत्र गर्ने र आवश्यकता अनुसार महिला तथा बालबालिकाका कार्यालय र प्रहरी प्रशासनबाट समझदारी कायम गरेको देखिन्छ।*

### स्वास्थ्य सेवाको अवस्था

राष्ट्रिय जनगणना २०६८ अनुसार ६ हजार ५ सय ३८ जनसङ्ख्या रहेको यस जिल्ला भौगोलिक रूपले विकट मानिन्छ। सामानय स्वास्थ्य समस्या बाहेक जटिल अवस्था र आकस्मिक उपचार गर्न यही कारण निकै कठिन छ। सबै कुरा जिल्ला अस्पतालमै भर पर्नुपर्ने स्थिति छ।

जिल्लामा एक अस्पताल, तीन सामुदायिक स्वास्थ्य इकाई, १३ स्वास्थ्य चौकी छन्। दुई दरबन्दी रहेका डक्टर मध्ये सबै कार्यरत छन्। हेल्थ असिस्टेन्टको १५ र २९ अहेब दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २ करोड रहेको छ भने औषधि खर्च २ लाख ७० हजार रुपियाँ छ।

# ४.३ मुस्ताङ

**जम्मा जनसङ्ख्या**
**१२,८५०**

**महिला**
**६,१५०**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**४,६३२**

**कामका लागि बाहिरिएका**
**१,४२५**

**अपाङ्गता भएका**
**२०४**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६६.२**

**आश्रित जनसङ्ख्या**
**४,३४२**

**मुस्ताङ मुखिया प्रथामा चलेको जिल्ला हो। परम्परागत रूपमा चल्दै आएको यो प्रथा अनुसार स्थानीय गाउँघरमै चुनिने मुखियाले गाउँठाउँका सबै सवाल छिनोफानो गर्छन्। स्थानीयले यसलाई हुबहु मान्नु आफ्नो धर्म र संस्कार ठान्छन्। यही कारण प्रायः मानव अधिकार उल्लङ्घनका घटना न्यायिक र अर्ध न्यायिक निकायसम्म आइनै पुग्दैनन्। त्यसैले यो जिल्लामा मानव अधिकार उल्लङ्घनका घटना तथा पीडित र पीडकको सङ्ख्या मापन गर्नु निकै चुनौतीपूर्ण कार्य हुने गर्छ।**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कुटपिट | १ | १ |
| जम्मा | १ | १ |

### धम्की/कुटपिट
**गैरराज्यपक्षबाट**

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका उपाध्यक्ष ४६ वर्षीया ढिकी गुरुङलाई सोही गाउँपालिका-४, कागबेनीका वडा अध्यक्ष ३४ वर्षीय तेञ्जिङ गुरुङले ०७४ भदौ १२ गते दिउँसो कार्यकक्षमै हातपात गरेको पीडित पक्षले बतायो। सो गाउँपालिकामा रहेको एम्बुलेन्सका बारेमा कुराकानी चलिरहँदा आफूमाथि गुरुङले एक्कासि हातपात गरेको पीडितको भनाइ छ। सो घटनापछि पीडित इलाका प्रहरी कार्यालय, कागबेनीमा उजुरी गर्न जाँदा आरोपितका बुवा नेपाली काङ्ग्रेसका जिल्ला कार्यबाहक अध्यक्ष ६७ वर्षीय नोर्बु गुरुङले पनि प्रहरीकै अगाडि कपाल तानेर कुटपिट गरेको पीडितले बताइन्। उजुरी गर्न जाँदा गुरुङले थप कुटपिट गरेपछि आरोपितद्वयलाई प्रहरीले सोही दिन पक्राउ गरेको थियो। ०७४ भदौ १४

गते आरोपितद्वयले पीडित सामु माफी मागेपछि दुवै पक्षबीच मेलमिलाप भयो।

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। यस कारागारमा हाल सात थुनुवा छन्। जसमा एक महिला छन्। प्रशासनिक प्रयोजनका लागि बनेको भवन कारागारका लागि उपयुक्त छैन। पर्खाल समेत व्यवस्था नभएको यो भवन सुरक्षाका दृष्टिले पनि अनुपयुक्त छ।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष जिल्ला अदालतमा १३ थान मुद्दा दर्ता भए। जसमध्ये सात थान मुद्दा फर्स्यौट भए भने बाँकी मुद्दा प्रक्रियामा छन्। जिल्ला अदालतमा दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा ४९ आधारभूत, सात माबि, तीन संस्थागत, ११ गुम्बा विद्यालय, तीन उच्च माबि र एउटा क्याम्पस रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ। जिल्ला शिक्षा कार्यालयका अनुसार जिल्लामा ३ सय २७ जना शिक्षकको दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्लामा कूल ३ हजार १ सय ५९ जना विद्यार्थी छन्। यस वर्ष जिल्लाका ३ सय ५७ छात्रा र ३ सय ५५ छात्र गरी ७ सय १२ जना विद्यार्थीलाई दलित छात्रवृत्ति प्रदान गरियो। जिल्लामा ९० जना विद्यार्थीलाई हिमाली छात्रवृत्ति अर्न्तगत मासिक ४ हजार रुपियाँ छात्रवृत्ति प्रदान गरिने जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट २२ करोड ९२ लाख २७ हजार रुपियाँ रहेको छ।*

### महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसाका घटनाबाट पीडित तीन जनाले न्यायका लागि जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। दर्ता भएका तीनओटै घटनामा पीडित र आरोपित पक्षबीच मिलापत्र भएको महिला सेवा केन्द्रले जनायो।*

### स्वास्थ्य सेवाको अवस्था

मुस्ताङमा एक जिल्ला अस्पताल, एक प्राथमिक स्वास्थ केन्द्र र १६ स्वास्थ्य चौकी छन्। जिल्लामा तीन डक्टरको दरबन्दी रहेकामा दुई कार्यरत छन्। जिल्ला अस्पतालको क्षमता १५ शैयाको छ। यस जिल्लाबाट गम्भीर रोगका बिरामीलाई पोखरा तथा काठमाडौँमा लैजाने गरिन्छ।

# ४.४ म्याग्दी




**जम्मा जनसङ्ख्या**
**१,१३,३४०**

**महिला**
**६२,६४१**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**३१,३२३**

**कामका लागि बाहिरिएका**
**१४,३१४**

**अपाङ्गता भएका**
**६,१२२**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७१.५**

**आश्रित जनसङ्ख्या**
**५२,१५७**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | १ | | १ |
| अपहरण | | १ | १ |
| महिला अधिकार | ३७ | | ३७ |
| कुटपिट | | १ | १ |
| जम्मा | ३८ | २ | ४० |

**म्याग्दीमा गत वर्ष गैरराज्यपक्षबाट भएका घटनामा दुई बालिका र १५ महिला पीडित भएकामा यस वर्ष गैरराज्यपक्षबाट भएका विभिन्न घटनामा एक बालिका, ३७ महिला र दुई पुरुष गरी ४० जना पीडित भए। यस वर्ष निर्वाचन प्रचारप्रसारका क्रममा भएको कुटपिट घटनामा एक व्यक्ति पीडित भए।**

## अपहरण

### गैरराज्यपक्षबाट

बेनी नपा-३ का नेपाली काङ्ग्रेसको तर्फबाट वडा अध्यक्षका उम्मेदवार ५० वर्षीय जसबहादुर पुनलाई नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको मङ्गला गाउँपालिका-३ बस्ने ४० वर्षीय जिल्ला नेता गमबहादुर श्रीष नेतृत्वको टोलीले २०७४ वैशाख १८ गते अपहरण गरेको भन्दै पीडित पक्षले सोही दिन प्रहरीमा उजुरी दियो। अपहरण गर्ने टोलीसँग सम्पर्क गरी सेना र प्रहरीको घेरा बनाएर खोजी कार्य सुरू गरेपछि पुनः सोही दिन अपहरण मुक्त भएको जिल्ला प्रहरी कार्यालयले जनायो।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ३२ जनाको छ। २५ पुरूष र ७ महिलाको क्षमता रहेको जिल्ला कारागारमा ६१ कैदी र २१ थुनुवा गरी ८२ जना छन्। जसमा चार महिला छन्। जिल्ला कारागार म्याग्दीमा अहिले कुनै पनि बालबालिका आश्रित छैनन्। ६५ वर्षमाथिका दुई जना व्यक्ति बलात्कार घटनामा कैद भुक्तान गरिरहेका छन्। क्षमताभन्दा बढी कैदीबन्दी भएकाले व्यवस्थापनमा समस्या छ। २०५२ सालमा बनेको यो कारागारको एउटा भवन छ। क्षमता भन्दा दोब्बर बढी कैदी बन्दी भएका कारण कारागारको व्यवस्थापनमा समस्या रहेको छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा एउटा जिल्ला अदालत छ। जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी रहेकामा कार्यरत छन्। जिल्ला अदालतमा यस वर्ष दर्ता भएका घटनामध्ये फैसला हुन बाँकी देवानीतर्फ ५६ र फौजदारीतर्फ ६८ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा १ सय ३८ प्रावि, ३६ निमावि, ४० मावि र १९ उमावि छन्। १ हजार २ सय ८० शिक्षक दरबन्दी रहेकोमा सबै कार्यरत छन्। यस वर्ष १ हजार १ सय ९० जना बालक र १ हजार १ सय १८ जना बालिका कक्षा एकमा नयाँ भर्ना भए। जिल्लामा तीनओटा अपाङ्गमैत्री विद्यालय छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार यस वर्ष ७ हजार २ सय ५१ जना दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो।*

*यस वर्ष जिल्लामा एक बालिका बलात्कारका घटनामा पीडित भइन्। अघिल्लो वर्ष दुई बालिका बलात्कारका घटनामा पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ४२ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका, खान/लाउन नदिएको, बहुविवाह गरेको र गालीगलौजका रहेका छन्। जिल्ला प्रहरी कार्यालयमा दर्ता भएका ४२ घटनामध्ये दुईओटा घटनामात्रै कानुनी प्रक्रियामा गएका र बाँकी घटना मिलापत्रमा टुङ्गिएका जिल्ला प्रहरी कार्यालय, म्याग्दी स्थित महिला तथा बालबालिका सेवा केन्द्रले जनायो। प्रहरीका अनुसार बहुविवाहसम्बन्धी घटना कानुनी प्रक्रियाबाट अगाडि बढे भने अन्य उजुरीमा मिलापत्र भयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| घरेलु हिंसा | ३६ | ३६ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ३७ | ३७ |

*यस वर्ष घरेलु हिंसा तथा यौनजन्य हिंसामा परेर जिल्लामा ३७ जना महिला पीडित भए। जसमध्ये घरेलु हिंसामा ३६ जना र यौन दुर्व्यवहारका घटनामा एकजना पीडित भएको अभिलेख गरिएको छ। अघिल्लो वर्ष १९ जना महिला महिला घरेलु हिंसा, बहुविवाह, बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहारका घटनामा पीडित भएको अभिलेख गरिएको थियो।*

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३८ वर्षीय महिलालाई यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले बागलुङ नपा-६ का ५७ वर्षीय काजी भन्ने कर्णबहादुर किसानलाई २०७४ असार २३ गते पक्राउ गऱ्यो। आरोपितले असार १८ गते बेनी नपा-३ मा झारफुक गर्ने क्रममा यौन दुर्व्यवहार गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालय, म्याग्दीमा असार २२ गते उजुरी दिएकी थिइन्। पीडितको स्वास्थ्य परीक्षण असार २२ गते जिल्ला अस्पतालमा भयो। आरोपितले पाठेघर तथा यौन जन्य समस्याको झारफुक गर्ने निहुँमा यौन दुर्व्यवहार गर्दै आएको आरोप लागेको थियो। जिल्ला अदालत म्याग्दीले साउन १७ गतेको आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो।

### स्वास्थ्य सेवाको अवस्था

म्याग्दी जिल्लामा एउटा जिल्ला अस्पताल, ४० स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा १८ डाक्टरको दरबन्दी रहेकामा चार जना कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी रहेको भए पनि उक्त पद रिक्त छ। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ३ करोड ३२ लाख र औषधि खर्चबापतको रकम ४ लाख रुपियाँ छ। यस जिल्लामा गम्भीर रोग तथा घटनाका बिरामीलाई उपचारका लागि पोखरा तथा काठमाडौँ लैजाने गरिएको छ।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | ३६ | | ३६ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | ३६ | १ | ३७ |

# ४.५ कास्की

**जम्मा जनसङ्ख्या**
**५,४५,४२४**

**महिला**
**२,८४,६८६**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**३**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**६**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१५,३३०**

**कामका लागि बाहिरिएका**
**५७,३०५**

**अपाङ्गता भएका**
**५,२१५**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**८२.०४**

**आश्रित जनसङ्ख्या**
**१,५६,५१५**

**कास्कीमा गत वर्ष गैरराज्यपक्षबाट ४७ जना पीडित भएका घटना अभिलेख गरिएकामा यस वर्ष राज्यपक्षबाट भएका घटनामा दुई जना महिलासहित ५८ जना तथा गैरराज्यपक्षबाट तीन जना पुरुषसहित २ सय ३१ जना पीडित भए।**

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय जनाको रहेको छ। तर, ५ सय १९ कैदी र १ सय ६२ थुनुवा गरी ६ सय ८१ जना छन्। जसमा ५४ जना महिला छन्। विदेशी महिला एक जना र विदेशी पुरुष २५ जना रहेका छन्। एक जना चार वर्षीय आश्रित बालक पनि छन्। ६५ वर्षमाथिका तीन महिलासहित पाँच जना छन्। क्षमताभन्दा झण्डै सात गुणा बढी कैदीबन्दी भएकाले व्यवस्थापनमा समस्या छ। २०२२ सालमा बनेको यो कारागारको एउटा भवन पुरानो र जीर्ण छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा ६ न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ९ सय ३५ र फौजदारीतर्फ १ सय १५ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी चार र फौजदारी तीन थान छन्। यसैगरी आठ न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय ७३ र

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | | १३ | २ | १५ |
| महिला अधिकार | | | | २१४ | | २१४ |
| गिरफ्तारी | २ | ५६ | ५८ | | | |
| कुटपिट | | | | | १ | १ |
| धम्की | | | | १ | | १ |
| जम्मा | २ | ५६ | ५८ | २३८ | ३ | २३१ |

फौजदारीतर्फ २ सय ३९ थान छन्। दुई वर्ष पुराना मुद्दा बाँकी छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय २२ प्रावि, ५५ निमावि, १ सय १५ मावि र ६१ उमावि छन्। २ हजार ४ सय ५८ शिक्षक दरबन्दी रहेकामा ९ सय ४३ सर कारी दरबन्दी रिक्त छ। यस वर्ष ८१ हजार ६ सय ३३ बालक र ७० हजार ६ सय ३४ बालिका भर्ना भए। १३ हजार ५३ दलित बालक र १५ हजार ७ सय २८ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै सहिद परिवार तथा द्वन्द्वपीडित परिवारका ३ सय ३४ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*सन् २०१६ मा बालबालिकामाथि हुने हिंसाका घटनाबाट दुई बालकसहित १९ जना पीडित भएका घटना अभिलेख गरिएकामा यो वर्ष त्यस्ता घटनाबाट दुई बालकसहित १५ जना पीडित भएका छन्। सन् २०१७ मा बेचबिखनबाट दुई, बलात्कार का घटनामा १० र यौन दुर्व्यवहारको घटनामा एक बालिका सहित तीन जना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालबालिका बेचबिखन | ३ | | ३ |
| बलात्कार | १० | | १० |
| यौन दुर्व्यवहार | १ | ३ | ३ |
| जम्मा | १३ | ३ | १५ |

### बलात्कार, यौन दुर्व्यवहार

सात वर्षीया बालिकालाई २०७४ जेठ १६ गते यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले पर्वत फलेबास घर भई पोखरा-लेखनाथ मनपा-१ बस्ने २८ वर्षीय अशोक पौडेललाई सोही दिन पक्राउ गऱ्यो। आरोपितले पीडित बालिकालाई यौन दुर्व्यवहार गरेको भनी पीडित पक्षले जेठ १६ गते नै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि प्रहरीले पक्राउ गरी आरोपितलाई अदालत पेश गरेकामा जिल्ला अदालतले असार ८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ १६ गते नै पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भयो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ९७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका नौ, खान/लाउन नदिएको ९०, विवाह दर्ता र नागरिकता नबनाएको १०, अर्की पत्नी ल्याएर हेला गरेको तीन र सामान्य घरायसी झगडाका ८५ घटना छन्। यीमध्ये प्रहरीले ९३ ओटामा मिलापत्र गरायो भने ५२ उजुरीमा कानुनी प्रक्रियाअघि बढेको छ। भने ५२ उजुरी सम्पर्कमा नआएको महिला तथा बालबालिका सेवा केन्दले जनायो।*

*गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा १३ जना पीडित भएका थिए। यो वर्ष त्यस्ता घटनामा २ सय १४ जना पीडित भएका अभिलेख छ। यो वर्ष २ सय ४ जना घरेलु हिंसाका कारण पीडित भए। त्यसैगरी तीन जना बहुविवाहका कारण पीडित भएभने बलात्कारका घटनामा चार, बलात्कार प्रयास घटनाबाट एक, यौन दुर्व्यवहारको घटनाबाट एक र बेचबिखनका कारण एक जना पीडित भएका घटना अभिलेख गरिएको छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ४ | ४ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | ३ | ३ |
| महिला बेचबिखन | १ | १ |
| घरेलु हिंसा | २०४ | २०४ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | २१४ | २१४ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१८ वर्षीया युवतीलाई २०७४ साउन ३ गते बलात्कार गरेको आरोपमा प्रहरीले तनहुँ म्यारदे गाउँपालिका-७ घर भई हाल पोखरा-लेखनाथ मनपा-८ बस्ने ४८ वर्षीय रामजीसिङ ठकुरीलाई २०७४ साउन ४ गते पक्राउ गऱ्यो। पीडित पक्षले साउन ४ गते प्रहरीमा उजुरी दिएको थियो। पीडितको

स्वास्थ्य परीक्षण साउन ४ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भयो। जिल्ला अदालतले साउन ३१ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएकामा यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

#### भौतिक संरचना तथा सम्पति क्षति

नेकपा एमालेको चुनावी प्रचारप्रसारमा प्रयोग गरिएको पिकअप भ्यानमा अज्ञात समूहले ०७४ वैशाख २८ गते पेट्रोल बम प्रहार गऱ्यो। अल्फाबेट नखुलेको ४४४६ नम्बरको मोटरसाइकलमा आएका दुई जनाले ग १ ज २९११ नम्बरको पिकअप भ्यानमा पोखरा-लेखनाथ मनपा-१० उत्तम चोकमा पेट्रोल बम प्रहार गरी भागेका थिए। बम प्रहारबाट गाडीमा सामान्य क्षति भयो।

माछापुच्छ्रे गाँउपालिका-१ मा नेपाली काङ्ग्रेसका तर्फबाट वडा अध्यक्ष पदका उम्मेदवार वीरेन्द्र गुरूङले चुनाव प्रचारप्रसारका क्रममा प्रयोग गरेको ग १ ज ५१४८ नम्बरको बोलेरो जिपमा अज्ञात समूहले २०७४ वैशाख २७ गते मध्यरातमा आगजनी गऱ्यो। आगजनीबाट जिप पूर्णरूपमा जलेको भएपनि प्रहरीमा कुनै उजुरी नआएको र कुनै कारबाही नभएको प्रहरीले जनायो।

#### स्वास्थ्य सेवाको अवस्था

कास्की जिल्लामा एउटा क्षेत्रीय अस्पताल, ४३ स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा तीन जना डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी चार जनाको रहेकामा सबै जना कार्यरत छन्। अहेवको ९६ दरबन्दी रहेकामा ९१ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ५० करोड ६१ लाख ६ हजार र औषधि खर्चबापतको र कम १० लाख रुपियाँ छ। यस वर्ष जिल्ला तथा स्वास्थ्य चौकीमा अत्यावश्यक औषधि अभाव नभएको जिल्ला जनस्वास्थ्य कार्यालयले जनायो।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालबालिका बेचबिखन | १ | १ |
| बलात्कार | १० | १० |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | १४ | १४ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | ४ | ४ |
| बलात्कार प्रयास | | | १ | १ |
| बहुविवाह | | | ३ | ३ |
| महिला बेचबिखन | | | १ | १ |
| घरेलु हिंसा | ९३ | ६३ | ४८ | २०४ |
| यौन दुर्व्यवहार | | १ | | १ |
| जम्मा | ९३ | ६४ | ५७ | २१४ |

# ४.६ लमजुङ




**जम्मा जनसङ्ख्या**
**१,६४,१५७**

**महिला**
**९१,०४९**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**२७,८९५**

**कामका लागि बाहिरिएका**
**२१,१६१**

**अपाङ्गता भएका**
**४,७४५**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७१.१**

**आश्रित जनसङ्ख्या**
**७१,८९५**

**लमजुङमा गत वर्ष महिला र बालबालिका पीडित भएका घटना मात्रै अभिलेख गरिएकोमा यस वर्ष राज्यपक्षबाट पाँच जना तथा गैरराज्यपक्षबाट भएका घटनामा सात जना पुरुषसहित ३७ जना पीडित भएका घटना इन्सेकमा अभिलेखित भयो। गत वर्ष मानव अधिकार उल्लङ्घन र ज्यादतीका विभिन्न घटनामा २५ जना पीडित भएका थिए।**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | २ | | २ |
| महिला अधिकार | | | ३८ | | ३८ |
| गिरफ्तारी | ५ | ५ | | | |
| कुटपिट | | | १ | ७ | ८ |
| जम्मा | ५ | ५ | ३० | ७ | ३७ |

## दोहोरो झडप/कुटपिट

### गैरराज्यपक्षबाट

सुन्दरबजार नपा-७ मा रहेको कृषि क्याम्पसमा नेविसङ्घ र अनेरास्ववियुका कार्यकर्ताबीच २०७३ माघ १७ गते स्ववियु चुनावको विषयमा झडप हुँदा अनेरास्ववियु क्याम्पस प्रारम्भिक कमिटीका निवर्तमान उपाध्यक्ष २२ वर्षीय महेन्द्रसिंह धामी घाइते हुनुका साथै १५ लाख रुपियाँ बराबरको क्षति भएको क्याम्पस प्रशासनले जनायो। घाइतेको उपचार सुन्दर बजारमा रहेको कर्मदा अस्पतालमा भयो। झडपमा संलग्न भएको आरोपमा प्रहरीले नेविसङ्घ क्याम्पस इकाई समिति सदस्यहरू आंशिक बिक, लोकराज भट्ट, जगदीश चौधरी, निरज दाहाल, दीपक पपानी, अनिश लामिछाने, साजन क्षेत्री र अनेरास्ववियुका क्याम्पस प्राक सदस्य विपिन पराजुलीलाई माघ १८ गते पक्राउ गऱ्यो। पक्राउ परेका सबैजना क्षतिपूर्ति व्यहोर्ने सहमतिपछि माघ २० गते रिहा भए।

लमजुङ जिल्ला सुन्दरबजार नपा-७ स्थित सुन्दर बजार कृषि क्याम्पसमा अनेरास्ववियूले आयो

जना गरेको विद्यार्थी स्वागत कार्यक्रममा नेविसङ्घका कार्यकर्ताले अवरोध गर्न खोजेपछि ०७३ फागुन १८ गते झडप हुँदा सोही क्याम्पसमा अध्ययनरत नेविसङ्घका कार्यकर्ता कपिलवस्तुका २४ वर्षीय दीपेन्द्र रेग्मी र गोर्खाकी २३ वर्षीय आकृति खनाल घाइते भए। अनेरास्ववियु कार्यकर्ताको आक्रमणबाट घाइते रेग्मीको उपचार त्रिवि शिक्षण अस्पतालमा र आकृतिको उपचार सुन्दरबजारस्थित कर्मदा अस्पतालमा ०७३ फागुन २० गते भयो। कुटपिटमा संलग्न रहेको आरोपमा प्रहरीले ०७३ फागुन १८ गते १२ जना विद्यार्थीहरूलाई पक्राउ गऱ्यो। पक्राउ हुनेहरूमा गुल्मीका २४ वर्षीय विपिन पराजुली, उदयपुरका २३ वर्षीय अमित चौधरी, बझाङका २४ वर्षीय नविन खड्का, स्याङजाका २२ वर्षीय अर्जुन चापागाईं, काठमाडौंका २२ वर्षीय सुरज गौतम, रुपन्देहीका २३ वर्षीय शालिकराम घिमिरे, रोल्पाका २२ वर्षीय विवेक अचार्य, कास्कीका २३ वर्षीय सन्दिप अधिकारी, मोरङका २१ वर्षीय प्रदीप घिमिरे, कैलालीका २१ वर्षीय दिपेश चौधरी, रामेछापका २० वर्षीय नवीन कार्की, धादिङका २० वर्षीय अञ्जान थपलिया थिए। घाइतेलाई उपचार खर्च दिने सर्तमा पीडित र आरोपित पक्षबीच ०७३ चैत ८ गते मेलमिलाप भएको जिल्ला प्रहरी कार्यालय लमजुङले जनायो।

सुन्दरबजार नपा-७ कृषि क्याम्पस अनेरास्ववियुका विद्यार्थीहरू कैलालीका २२ वर्षीय प्रयास अधिकारी, चितवनका २२ वर्षीय सुजन सुवेदी र काठमाडौंका २३ वर्षीय सुरज गौतमलाई ०७३ चैत १४ गते नेविसङ्घका २४ वर्षीय आमिर सिङ र २३ वर्षीय अवास न्यौपानेले लुकेर आक्रमण गरी घाइते बनाए। उनीहरूबीच घाइतेहरूको सुन्दर बजारको कर्मदा अस्पतालमा ०७३ साल चैत १५ गते उपचार गरियो। उपचार खर्च व्योहोर्ने गरी चैत २० गते स्थानीय प्रशासन, प्रहरी, विद्यार्थी सङ्गठन र क्याम्पस प्रशासनको रोहवरमा मेलमिलाप गरिएको क्याम्पस प्रमुख लालप्रसाद अमगाईले बताए।

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर, ७५ जना कैदी छन्। जसमा ६ महिला र ६९ जना पुरुष छन्। ६५ वर्षमाथिका कैदी छैनन्। क्षमताभन्दा बढी कैदी बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। २०२८ सालमा बनेको यो कारागारको भवन पुरानो र जीर्ण छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा एउटा जिल्ला अदालत छ। जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकामा एक जना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ८९ र फौजदारीतर्फ २ सय ३३ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी र फौजदारी छैनन् । यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ६९ र फौजदारीतर्फ १ सय ६१ थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ४९ प्रावि, ३८ निमावि, ५६ मावि र ४४ उमावि छन्। २ हजार ५१ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष २८ हजार ३ सय ९२ विद्यार्थी भर्ना भए जसमा बालक १३ हजार ९ सय १३ र १४ हजार ४ सय ७९ बालिका भर्ना भए। जिल्लामा ३७ अपाङ्गमैत्री विद्यालय छन्। ८ हजार ३ सय ४५ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका २६ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*सन् २०१६ मा बालबालिकामाथि हुने हिंसाका घटनाबाट पाँच बालिका पीडित भएकामा यो वर्ष त्यस्ता घटनाबाट दुई जना बालिका पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| जम्मा | ३ | ३ |

### बलात्कार, यौन दुर्व्यवहार

१२ वर्षीया सुस्त मनस्थिति एवम् शारीरिक अपङ्गता भएकी बालिकालाई २०७४ असार १९ गते नुवाकोट जिल्ला किस्पाङ गाउँपालिका-१ स्थायी घर भई बेसीशहर नपा-८ मा बस्दै आएका २९ वर्षीय रेशम तामाङले बलात्कार गरेको आरोपमा प्रहरीले असार २० गते आरोपितलाई पक्राउ गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला सामुदायिक अस्पताल बेशीसहरमा असार २१ गते गरियो। जिल्ला अदालतले भदौ ११ गते आरोपितलाई पुर्पक्षको लागि थुनामा राख्ने आदेश सुनायो। यो वर्षको अन्तिमसम्म मुद्दाको फैसला भएको छैन।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै ६५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १७, खान/लाउन नदिएको २३, विवाह दर्ता र नागरिकता नबनाएको ७, अर्की पत्नी ल्याएर हेला गरेको ३ र सामान्य घरायसी झगडाका १५ घटना छन्। यीमध्ये प्रहरीले ५८ ओटामा मिलापत्र गरायो भने ८ उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ।*

*गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा २० जना पीडित भएका थिए। यो वर्ष त्यस्ता घटनामा २७ जना पीडित भए। यो वर्ष २४ जना घरेलु हिंसाका कारण पीडित भए। त्यसैगरी तीन जना बहुविवाहका कारण पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | २४ | २४ |
| जम्मा | २७ | २७ |

### स्वास्थ्य सेवाको अवस्था

लमजुङ जिल्लामा एउटा सरकारी अस्पताल, दुईओटा प्राथमिक स्वास्थ्य केन्द्र, ५७ स्वास्थ्य चौकी छन्। जिल्लामा दुई जना डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। एच.ए. ५९ दरबन्दीमा रहेकामा ५३ कार्यरत छन्। अहेवको १ सय १० दरबन्दी रहेकामा ६७ जना कार्यरत छन्। अनमी १ सय १२ दरबन्दीमा ८५ कार्यरत छन्। जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ५ करोड १७ लाख ४५ हजार रहेकोमा औषधि बापतको वार्षिक बजेट ८ लाख ७५ हजार रुपियाँ छ। यो वर्ष जिल्लामा अति आवश्यक औषधि अभाव भएको जिल्ला जनस्वास्थ्य कार्यालयले जनायो।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बहुविवाह | १ | २ | ३ |
| घरेलु हिंसा | २४ | | २४ |
| जम्मा | २५ | २ | २७ |

# ४.७ तनहुँ




**जम्मा जनसङ्ख्या**
३,२६,७४५

**महिला**
१,८४,६६४

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
४७,५३५

**कामका लागि बाहिरिएका**
४६,३८७

**अपाङ्गता भएका**
६,६६८

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७४.०८

**आश्रित जनसङ्ख्या**
१,४१,३००

**तनहुँमा गत वर्ष गैरराज्यपक्षबाट १२ जना पुरुषसहित ३१ जना पीडित भएका घटना अभिलेख गरिएकामा यस वर्ष राज्यपक्षबाट भएका घटनामा दुई जना महिलासहित सात जना तथा गैरराज्यपक्षबाट १३ जना पुरुषसहित २ सय १६ जना पीडित भए। स्थानीय तह, प्रदेश तथा प्रतिनिधि सभाको निर्वाचनका दौरान भएका हिंसाका घटना बढी अभिलेख भए।**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | | ४ | | ४ |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| महिला अधिकार | | | | १९७ | | १९७ |
| जातीय विभेद | | | | १ | | १ |
| गिरफ्तारी | ३ | ५ | ७ | | | |
| कुटपिट | | | | | ११ | ११ |
| हत्या | | | | १ | १ | ३ |
| जम्मा | ३ | ५ | ७ | ३०३ | १३ | ३१६ |

## कुटपिट/ दोहोरो झडप

### गैरराज्यपक्षबाट

घिरिङ गाउँपालिका-१ घर भएकी सो गाउँपालिकाकी उपाध्यक्ष सरस्वती सिग्देलको घरमा २०७४ मङ्सिर ९ गते राति नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूले आक्रमण गर्दा सिग्देलका छोराहरू २४ वर्षीय विदुरकुमार सिग्देल र २१ वर्षीय सफल सिग्देल घाइते भए। पीडितद्वयका बाबुआमा एमालेको कार्यक्रममा गएर फर्केपछि राजनीतिक प्रतिशोधका कारण नेपाली काङ्ग्रेसका कार्यकर्ता पदम थापाको नेतृत्वमा १० जनाको सङ्ख्यामा रहेका काङ्ग्रेस कार्यकर्ताहरूले जबरजस्ती पीडितको घरभित्र पसी पीडितद्वयमाथि रड, खुकुरीलगायतका घरेलु हतियारले आक्रमण गरेको पीडित पक्षको आरोप छ। पीडितद्वयको उपचार सोही रात मणिपाल अस्पताल, पोखरामा भयो। घटनामा संलग्नहरूलाई कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा मङ्सिर ११ गते उजुरी दर्ता गरिए पनि यस वर्षको अन्तसम्म कुनै कारबाही भएन।

*नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूको आक्रमणमा परी घाइते भएका सफल सिग्देल र विदुरकुमार सिग्देल*

## दुर्व्यवहार

बन्दीपुर गाउँपालिका-१ घर भएका भानु मावि बन्दीपुरका शिक्षक ४८ वर्षीय दीपबहादुर खत्रीलाई नेपाल कम्युनिष्ट पार्टी निकट अखिल क्रान्तिकारीका कार्यकर्ताले ०७४ असोज ४ गते मोसो दलेर दुर्व्यवहार गरे। विद्यालयको भवन निर्माणमा भ्रष्टाचार गरेको र शिक्षक सरूवामा अनियमितता गरेको आरोप लगाउँदै उनलाई मोसो दलिएको अखिल क्रान्तिकारीले जनायो। विद्यालयमा बसिरहेका खत्रीलाई विद्यालयको कम्पाउण्ड बाहिर बोलाएर क्रान्तिकारीका कार्यकर्ताहरूले मोसो दलेका थिए। प्रधानाध्यापक पदबाट केही दिनअघि मात्र राजीनामा दिएका खत्रीले विद्यालय निर्माणको क्रममा व्यापक भ्रष्टाचार गरेको उजुरी परेको नेपाल कम्युनिष्ट पार्टीका जिल्ला सचिव गोकुल पराजुलीले बताए। उजुरी नआएकोले कसैलाई पनि कारबाही नभएको प्रहरीले जनायो।

## बम विष्फोट

नेपाली काङ्ग्रेसका बरिष्ठ नेता तथा प्रतिनिधि सभामा तनहुँ क्षेत्र नम्बर १ नेपाली काङ्ग्रेसका उम्मेदवार रामचन्द्र पौडेललाई लक्षित गरी २०७४ मङ्सिर २ गते अज्ञात समूहले भानु नपा-९ नेपाल डाँडामा प्रेसर कुकर बम विष्फोट गरायो। नेपाली काङ्ग्रेसद्वारा लमजुङको बेसीशहरमा सोही दिन आयोजना गरिएको चुनावी सभालाई सम्बोधन गर्न जाँदै गरेका पौडेललाई लक्षित गरी डुम्रे-बेशीशहर सडक खण्डमा प्रेसर कुकर बम विष्फोट गराइएको थियो। सो विष्फोटमा परी पौडेल सवार बा १३ प ३७४६ नम्बरको गाडीको सिसा फुटेको थियो।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर ६८ जना कैदी र ४० थुनुवा गरी १ सय ८ जना छन्। कारागारमा महिला र बालवालिका छैनन्। ६५ वर्षमाथिका १० जना छन्। क्षमताभन्दा बढी कैदी बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। २०२५ सालमा बनेको यो कारागारको भवन पुरानो र जीर्ण छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रहेकामा दुवै जना कार्यरत छन्। यस वर्ष देवानीतर्फ ३ सय ५५ मुद्दा दर्ता भएकोमा १ सय ४५ फैसला भयो भने २ सय १० मुद्दा बाँकी रहेका छन्। त्यस्तै फौजदारीतर्फ ५ सय ६५ मुद्दा दर्ता भएकोमा ३ सय ८० मुद्दा फैसला भयो भने बाँकी १ सय ८५ रहेको छ। दुई वर्षभन्दा पुराना मुद्दा दुई वटा छ।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ८ प्रावि, ७३ निमावि र १ सय ८ मावि छन्। शिक्षकको दरवन्दी सङ्ख्या २ हजार ९ सय ७० रहेको छ। यस वर्ष ३० हजार ४ सय १३ बालक र ३४ हजार २ सय ५२ बालिका भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालयको तथ्याङ्क जिल्ला शिक्षा कार्यालयसँग छैन। ६ हजार ५ सय ४५ दलित बालक र ७ हजार ३ सय ५१ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ४ | ४ |
| जम्मा | ४ | ४ |

*सन् २०१६ मा बालबालिकामाथि हुने हिंसाका घटनाबाट एक बालकसहित ११ जना पीडित भएका घटना अभिलेख गरिएकामा यो वर्ष त्यस्ता घटनाबाट चार जना बालिका पीडित भएका छन्। सन् २०१७ मा चार जना बालिका बलात्कारका घटनाबाट पीडित भएका अभिलेख छ।*

**बलात्कार, यौन दुर्व्यवहार**

आठ वर्षीया बालिकालाई २०७३ चैत १३ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले चैत १४ गते उजुरी दियो। पीडित पक्षको उजुरीका आधारमा प्रहरीले व्यास नपा-१२, मुसेखोलाका ६० वर्षीय भिमबहादुर सार्कीलाई चैत १४ गते पक्राउ गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत १४ गते दमौली अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जबरजस्ती करणी उद्योगमा तनहुँ जिल्ला अदालतमा अदालतमा मुद्दा दायर गरेकोमा अदाततलले २०७४ साउन ३ गते १३ वर्षको कैद फैसला सुनायो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ८२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १ सय १३, खान/लाउन नदिएको ४१, विवाह दर्ता र नागरिकता नबनाएको २६, अर्की पत्नी ल्याएर हेला गरेको दुई वटा घटना रहेका छन्। यीमध्ये प्रहरीले १ सय ४९ वटामा मिलापत्र गरायो भने २१ उजुरीमा कानुनी प्रक्रियामा र १२ वटा घटनामा छलफल हुन बाँकी नै रहेको छ।*

*गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा आठ जना पीडित भएका थिए। यो वर्ष त्यस्ता घटनामा १ सय ९७ जना पीडित भएका अभिलेख छ। यो वर्ष १ सय ९२ जना घरेलु हिंसाका कारण पीडित भए। त्यसैगरी तीन जना बलात्कारका घटनामा र दुई जना बहुविवाहका कारण पीडित भएका तथ्याङ्क छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| बहुविवाह | २ | २ |
| घरेलु हिंसा | १९२ | १९२ |
| जम्मा | १९७ | १९७ |

**परिवारजनबाट हत्या**

मोरङ मधुमल्ला गाउँपालिका घर भई शुक्लागण्डकी नपा-७ मालेबगरमा डेरा गरी बस्दै आएकी ३५ वर्षीया बुद्धिमाया राईलाई २०७४ साउन ११ गते घन प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले २९ वर्षीय पति कुमार राईलाई सोही दिन पक्राउ गऱ्यो। सामान्य घरायसी विवादमा राईले टाउकोमा घनले हान्दा उनको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी सुरेन्द्र गुरुङले जानकारी दिए। शवको पोष्टमार्टम दमौली अस्पतालमा सोही दिन गरियो। आरोपितलाई जिल्ला अदालतले २०७४ भदौ १ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२८ वर्षीया एक महिलालाई ०७४ मङ्सिर १८ गते सामूहिक बलात्कार गरेको आरोपमा म्याग्दे गाउँपालिका-५का ३९ वर्षीय विक्रम थापा, २५ वर्षीय दिनेश थापा, २५ वर्षीय प्रवीण थापा, २५ वर्षीय भानुभक्त कुमाल र २५ वर्षीय नरेश कुमालविरुद्ध पीडित पक्षले मङ्सिर १९ गते प्रहरीमा उजुरी दियो। पीडित पक्षको उजुरीका आधारमा आरोपित सबै जनालाई मङ्सिर १९ गते प्रहरीले पक्राउ गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण मङ्सिर १० गते दमौली अस्पतालमा भयो। आरोपितहरू पुस ५ गतेदेखि जिल्ला अदालतको आदेशमा पुर्पक्षको लागि थुनामा रहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार**

**सम्पति क्षति**

अज्ञात समूहले ०७४ वैशाख ३० गते बिहान पृथ्वीराजमार्ग अर्न्तगत बन्दिपुर गाउँपालिका-१ स्थित बेलभञ्ज्याङमा डुम्रेबाट दमौलीतर्फ आउँदै गरेको ना ३ ख ९११६ नम्बरको ट्रकमा आगजनी गऱ्यो। आगजनीबाट ट्रक पुर्णरूपमा नष्ट भयो। सो घटनामा संलग्न भएको आरोपमा प्रहरीले गोरखा जिल्ला घर भएका नेपाल कम्युनिष्ट पार्टीका जिल्ला सचिव ४५ वर्षीय गोकुल पराजुली र सोही पार्टीकी जिल्ला सदस्य व्यास नपा-२ घर भएकी २५ वर्षीय ममता रूचाललाई सोही दिन व्यास

*अज्ञात समूहले आगजनी गरेको ट्रक*

नपा-१२ को घाँसिकुवाबाट पक्राउ गऱ्यो। पराजुली र श्रेष्ठ दुवै जिल्ला अदालतको आदेशमा जेठ ३० गते तारेखमा रिहा भए। त्यसपछि उक्त मुद्दामा यस वर्षको अन्त्यसम्म कुनै पनि फैसला र अन्य प्रक्रिया नभएको जिल्ला प्रशासन कार्यालयले जनायो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई वटा अस्पताल, तीन वटा प्राथमिक स्वास्थ्य केन्द्र र ४६ वटा स्वास्थ्य चौकी छन्। जिल्लामा सात डक्टरको दरबन्दी रहेकामा सात जना नै कार्यरत छन्। स्त्री रोग विशेषज्ञ छैनन्। अहेवको १ सय २ दरबन्दी रहेकामा ८३ जना कार्यरत छन्। अनमीको दरबन्दी १ सय २ रहेकामा ७१ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको यस वर्षको वार्षिक बजेट ४ करोड १५ लाख ४० हजार रहेको छ र औषधि खर्चबापतको रकम ११ लाख ३५ हजार रूपियाँ छ। जिल्लामा समय समयमा अत्यावश्यक औषधिको अभाव हुने गरेको छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | ३ | १ | ४ |
| जम्मा | १ | ३ | १ | ४ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | | | | ३ | ३ |
| बहुविवाह | | | | | ३ | ३ |
| घरेलु हिंसा | १ | १५ | ३ | १६० | १३ | १९३ |
| जम्मा | ३ | १५ | ३ | १६० | १६ | १९६ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | ३ |

# ४.८ नवलपरासी पूर्व




**जम्मा जनसङ्ख्या**
३,२१,७५५

**महिला**
१,६५,५१७

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
उपलब्ध नभएको

**कामका लागि बाहिरिएका**
उपलब्ध नभएको

**अपाङ्गता भएका**
उपलब्ध नभएको

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७०.७६

**आश्रित जनसङ्ख्या**
उपलब्ध नभएको

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अपहरण | | | | १ | १ |
| गिरफ्तारी | १० | १० | | | |
| कुटपिट | | | | ८ | ८ |
| बाल अधिकार | | | १५ | १ | १६ |
| अमानवीय व्यवहार | | | | १ | १ |
| घाइते | | | १ | | १ |
| हत्या | | | ४ | २ | ६ |
| जातीय विभेद | | | १ | | १ |
| महिला अधिकार | | | १३ | | १३ |
| जम्मा | १० | १० | ३३ | १३ | ४६ |

**सावीकको नवलपरासी जिल्लाबाट विभाजन भई हाल प्रदेश नम्बर चार अन्तर्गत रहेको यस जिल्लामा चारओटा नगरपालिका र चारओटा गाउँपालिका रहेका छन्। यस जिल्लामा जिल्लास्तरका प्रहरी कार्यालय र अदालत मात्रै छन्। जिल्लास्तरका अन्य कार्यालयहरू पश्चिमी नवलपरासीमा छन्। यस वर्ष जिल्लामा राज्यपक्षबाट भएका विभिन्न घटनामा १० जना पुरुष र गैरराज्य पक्षबाट भएका विभिन्न घटनामा ३३ जना महिला र १३ जना पुरूष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।**

## गिरफ्तारी

देवचुली नपा-२ घर भई सोही नपामा रहेको सिजी कम्पनी दिव्यपुरीमा कार्यरत नेपाल क्रान्तिकारी औद्योगिक मजदूर युनियनका अध्यक्ष ४२ वर्षीय महेश आचार्यलाई स्थानीय निर्वाचनलाई प्रभाव पार्न सक्ने र घटना समेत गराउन सक्ने आरोपमा प्रहरीले २०७४ वैशाख २९ गते पक्राउ गऱ्यो। जिल्ला प्रशासन कार्यालयले जेठ ८ गते आचार्यलाई १ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश सुनायो।

## दुर्व्यवहार

स्याङ्जा जिल्ला घर भई मालपोत कार्यालय, कावासोतीका प्रमुख ५५ वर्षीय खगेन्द्र घिमिरेलाई नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताहरूले सेवाग्राहीहरूलाई हप्काउने, थर्काउने गरेको तथा समयमा काम नगरेको आरोप लगाउँदै २०७४ भदौ २९ गते मोसो दलेर दुर्व्यवहार गरेको पीडित पक्षको आरोप छ। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले नेपाल कम्युनिष्ट पार्टीका जिल्ला सचिव दे वचुली नपा-११ का ५३ वर्षीय चित्तलसिंह रानालाई

भदौ ३० गते पक्राउ गऱ्यो। आरोपित असोज ९ गते ५ सय रुपियाँ धरौटीमा रिहा भएको जिल्ला प्रशासनले जनायो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

बर्दघाट सुस्ता पूर्वको जिल्ला अदालतमा चारजना न्यायाधीशको दरबन्दी रहेकामा दुईजना न्यायाधीश कार्यरत छन्। यस अदालतमा प्रदेश नं.४ मा रहेको बर्दघाट सुस्ता पश्चिम अदालतबाट स्थानान्तरण भएर आएका ५ सय ५९ थान र थप दर्ता भएका १ सय २२ थान मुद्दा रहेका छन्। यस अदालतबाट २४ थान मुद्दा फर्स्योट भएका छन्। अदालतका अनुसार फैसला हुन बाँकी दुई वर्ष पुराना मुद्दा यस अदालतमा छैनन्।

### बाल अधिकार

*जिल्लामा १५ जना बालिका र एक बालक बाल अधिकार हननसम्बन्धी विभिन्न घटनामा पीडित भए। जसमध्ये नवजात शिशुको हत्यामा एक, बलात्कारका घटनामा ११ र यौन दुर्व्यवहारका घटनामा तीन बालिका र एक बालक गरी चार जना बालबालिका पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| नवजात शिशुको हत्या | १ | | १ |
| बलात्कार | ११ | | ११ |
| यौन दुर्व्यवहार | ३ | १ | ४ |
| जम्मा | १५ | १ | १६ |

### बलात्कार, यौन दुर्व्यवहार

१० वर्षीया बालिकालाई २०७४ जेठ १७ गते बलात्कार गरेको आरोपमा हुप्सेकोट गाउँपालिका-१ का ४२ वर्षीय मनबहादुर बिकविरुद्ध पीडित पक्षले भोलिपल्ट इलाका प्रहरी कार्यालय नवलपुर कावासोतीमा उजुरी दियो। प्रहरीले सोही दिन आरोपितलाई पक्राउ गरी अदालत पेश गरेकामा जिल्ला अदालतले कात्तिक १९ गते दोषी ठहर गर्दै १६ वर्ष कैद सजाय सुनायो। बालिकाको स्वास्थ्य परीक्षण जेठ १८ गते जिल्ला अस्पताल परासीमा गरियो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*जिल्ला प्रहरी कार्यालयस्थित महिला बालबालिका सेवा केन्द्रमा यो वर्ष घरेलु हिंसाका ८६ ओटा उजुरी दर्ता भए। दर्ता घटनामध्ये ५५ ओटा उजुरीको मिलापत्र भएको र बाँकी ३१ ओटा उजुरी प्रक्रियामा रहेको सेवा केन्द्रले जनायो। यो वर्ष केन्द्रमा बहुविवाहका तीन ओटा घटनामा उजुरी परेका थिए भने बाँकी घटना गाली गलौज, कुटपिटसँग सम्बन्धित थिए।*

*यस वर्ष जिल्लामा १२ जना महिलामाथि हुने हिंसाका घटनामा पीडित भए। जसमध्ये घरेलु हिंसाका तीन, बहुविवाहका चार, बलात्कार प्रयाससम्बन्धी एक र यौन दुर्व्यवहार सम्बन्धी चार रहेका छन्। सन् २०१७ मा एक जना महिलाको परिवारजनबाट हत्या भयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| घरेलु हिंसा | ३ | ३ |
| बहुविवाह | ४ | ४ |
| बलात्कार प्रयास | १ | १ |
| यौन दुर्व्यवहार | ४ | ४ |
| जम्मा | १२ | १२ |

### परिवारजनबाट हत्या

हुप्सेकोट गाउँपालिका-२ खरखट्टाकी ४७ वर्षीया उमाकुमारी सार्कीलाई ५२ वर्षीय पति धनबहादुर सार्कीले सामान्य विवादका कारण २०७४ साउन २६ गते कुटपिट गरी हत्या गरेको भन्दै पीडित पक्षले साउन २७ गते इलाका प्रहरी कार्यालय नवलपुरमा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन पक्राउ गरी अदालत पेश गरेकामा जिल्ला अदालतले भदौ २१ गते पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो। शवको पोष्टमार्टम साउन २७ गते प्राथमिक स्वास्थ केन्द्र, चोरमारामा भयो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

### सबै प्रकारका जातीय विभेद

विनयीत्रिवेणी गाउँपालिका-३ का २० वर्षीया विष्णुकुमारी बिकको सोही ठाउँका २२ वर्षीय नविन श्रेष्ठसँग प्रेम सम्बन्धपश्चात बच्चा जन्माएको भए पनि कथित तल्लो जातकी महिला भन्दै नवीनका

परिवारले स्वीकार गरेन। पीडितले २०७३ पुस २४ गते प्रहरीमा उजुरी दिइन्। पीडित महिलाले विवाहपूर्व माइतीघरमा नै बच्चा जन्माएकी थिइन्। प्रहरीले सोही दिन पीडित र आरोपित पक्षलाई कार्यालयमा झिकाई छलफल गऱ्यो। पीडितलाई घर बनाएर सुरक्षित राख्ने सहमति भए पनि यो वर्षको अन्त्यसम्म बच्चाको जन्म दर्ता र विवाह दर्ता नगरेको पीडितले बताइन्। पीडित हाल माइतीघरमा नै बसेकी छन्।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संरचना एवम् सम्पति क्षति**

राप्रपा नेपालले स्थानीय तहको निर्वाचनमा प्रचारप्रसारमा प्रयोग गरेको बा. १३ च ७१५० नम्बरको टाटा सुमो गाडी पार्किङ गरिराखेको अवस्थामा कावासोती नपा-८ मा २०७४ वैशाख २६ गते अज्ञात समूहले आगजनी गरी क्षति पुऱ्यायो। घटनापछि पीडित पक्षले क्षतिपूर्तिको लागि सोही दिन इलाका प्रहरी कार्यालय कावासोतीमा निवेदन दिएको भए पनि यो वर्षको अन्त्यसम्म कोही पनि पक्राउ नभएको र क्षतिपूर्तिसमेत नपाएको पीडित पक्षले जनायो।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| नवजात शिशुको हत्या | | १ | १ |
| बलात्कार | १ | ९ | १० |
| यौन दुर्व्यवहार | | ४ | ४ |
| जम्मा | १ | १४ | १५ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | २ | १ | ३ |
| बहुविवाह | | ४ | ४ |
| बलात्कार प्रयास | | १ | १ |
| यौन दुर्व्यवहार | | ३ | ३ |
| जम्मा | २ | ९ | ११ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | ५ | ६ |

# ४.९ स्याङ्जा

**जम्मा जनसङ्ख्या**
**२,७८,६८८**

**महिला**
**१,५४,३३७**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**२**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**४**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**३३,४०५**

**कामका लागि बाहिरिएका**
**५०,४७६**

**अपाङ्गता भएका**
**४,४५१**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७६.६**

**आश्रित जनसङ्ख्या**
**१,२१,८२३**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ३ | | ३ |
| अमानवीय व्यवहार | | | | १ | १ |
| महिला अधिकार | | | ३३ | | ३३ |
| गिरफ्तारी | ६ | ६ | | | |
| कुटपिट | १ | १ | | ७ | ७ |
| धम्की | | | १ | | १ |
| हत्या | | | १ | ३ | ३ |
| जम्मा | ७ | ७ | ३८ | १० | ३८ |

**स्याङ्जामा गत वर्ष ३० जना महिला र बालबालिका पीडित भएकामा सन् २०१७ मा राज्यपक्षबाट सात जना पुरुष र गैरराज्यपक्षबाट ३८ महिलासहित ३८ जना पीडित भए।**

## झडप

### गैरराज्यपक्षबाट

वालिङ नपा-१ त्रीयासीकी ४९ वर्षीय पदमा अर्याललाई २०७४ मङ्सिर २१ गते भएको प्रदेश तथा प्रतिनिधि सभा निर्वाचनका क्रममा राम मन्दिर मावि मतदान केन्द्र चापाकोट नपा-४ मा नेपाली काङ्ग्रेसका कार्यकर्ताले दुर्व्यवहार गरेको पीडित पक्षले आरोप लगायो। स्याङजा क्षेत्र नं २ प्रतिनिधि सभा सदस्य उम्मेदवारसमेत रहेकी अर्यालले मङ्सिर २३ गते स्याङ्जा सदरमुकाममा पत्रकार सम्मेलन गरेर दोषीमाथि कारबाहीको माग गरिन्। राम मन्दिर मतदान केन्द्रमा नेपाली काङ्ग्रेसका कार्यकर्ताले बुथ कब्जा गरेको खबर पाएर गएकी अर्यालको मोबाइल खोसेर फाल्नुका साथै दुर्व्यवहार भएको उनले बताइन्। यो वर्षको अन्त्यसम्म घटनाका सम्बन्धमा प्रहरीले कुनै कारबाही अगाडि बढाएन।

नेपाली काङ्ग्रेसका कार्यकर्ताहरू वालिङ नपा-१ का ३० वर्षीय शोभाकान्त ढकाल, सोही ठाउँका ३६ वर्षीय कमलराज ढकाल, भीरकोट नपा-७ का ३९ वर्षीय भेषराज अर्याललाई नेपाली काङ्ग्रेसका कार्यकर्ताले २०७४ पुस १० गते कुटपिट गरी घाइते बनाएको पीडित पक्षको आरोप छ। स्याङजा प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर २ को चुनावी समीक्षाका लागि बसेको नेपाली काङ्ग्रेसको बैठकमा सो क्षेत्रका उम्मेदवार गोपालमान श्रेष्ठलाई असहयोग गरेको आरोपमा वालिङ नपा-१४ को २८ वर्षीय अर्जुन अर्याल, वालिङ नपा- ९ का २५ वर्षीय सुनिल खनाल, वालिङ नपा- ११ का ३० वर्षीय विनोद पराजुली,

वालिङ नपा- ९ का २८ वर्षीय संजय श्रेष्ठ, वालिङ नपा-९ का २६ वर्षीय ध्रुव पङ्गेनीले कुटपिट गरी घाइते बनाएको आरोपमा पीडित पक्षले पुस १२ गते वडा प्रहरी कार्यालय वालिङमा उजुरी दियो। कुटपिटबाट घाइते भएका अर्याल र ढकालको उपचार पोखरामा हुन नसकेपछि पुस ११ गते थप उपचारका लागि काठमाडौँ लगियो। यो वर्षको अन्त्यसम्म उनीहरूको उपचार काठमाडौँको बल्खुस्थित वयोधा अस्पतालमा भइरहेको छ। यो वर्षको अन्त्यसम्म आरोपित पक्राउ भएनन्।

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ५० जनाको छ। कारागारमा कैद तोकिएका ६५ जना र कैद नतोकिएका ४१ जना गरी १ सय ६ जना कैदी/बन्दी छन्। जसमा ६ जना महिला छन्। ६५ वर्ष माथिका चार जना कैदी छन् भने कारागारमा आश्रित बालबालिका छैनन्। कारागारमा खानेपानीको समस्या, अव्यवस्थित नाली कर्मचारीको लागि कार्यालय साँघुरो हुँदा काम गर्न समस्या रहेको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा दुवै जना कार्यरत छन्। यस वर्ष दर्ता भएका कूल मुद्दा ४ सय ७५ थान मध्ये २ सय ७९ थान फैसला भएका छन्। १ सय ९६ थान मुद्दा फैसला हुन बाँकी रहेको अदालतले जनायो। दुई वर्षभन्दा पुराना तीन थान देवानी र दुई थान फौजदारी मुद्दा बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा ३ सय ५९ प्रावि, ६७ निमावि, ८३ मावि र ८९ उच्च मावि छन्। २ हजार ५ सय ९९ शिक्षक दरबन्दी र ३ सय ९५ जना अनुदान कोटा रहेको छ। यस वर्ष २६ हजार ४ सय ५८ बालिका र २६ हजार ६ सय ८९ बालक भर्ना भए। ६ हजार १ सय २० दलित बालिका र ५ हजार ९ सय ९५ बालकका लागि ५० लाख ५६ हजार ८ सय रुपियाँ छात्रवृत्ति प्रदान गरिएको शिक्षा कार्यालयले जनायो। ११ जना द्वन्द्वपीडित बालबालिकालाई १ लाख ५२ हजार रुपियाँ गत वर्ष वितरण गरियो भने यस वर्ष ६ जना बालबालिकालाई द्वन्द्वपीडित छात्रवृत्ति वितरण गरिने कार्यालयले जनायो। वार्षिक बजेट स्थानीय तहमा जाने हुँदा शिक्षा कार्यालयसँग नभएको जिल्ला शिक्षा कार्यालयले जनायो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| जम्मा | ३ | ३ |

*सन् २०१६ मा बालबालिकामाथि हुने हिंसाका घटनामा १३ जना बालिका पीडित भएका घटना अभिलेख गरिएकामा यो वर्ष तीन जना बालिका बलात्कारका घटनाबाट पीडित भए।*

### बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई ०७४ भदौ १० गते बलात्कार गरेको आरोपमा प्रहरीले हरिनास गाउँपालिका-४ का २८ वर्षीय बमबहादुर बिकलाई सोही दिन पक्राउ गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल स्याङ्जामा असोज १० गते नै गरियो। आरोपितलाई जिल्ला अदालतले असोज ३१ गते पुर्पक्षको लागि थुनामा राख्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिटका १७, खानलाउन नदिएको भनी १८, गालिगलौज गरेको भन्दै १२ र मानसिक यातना दिएको भनी १० ओटा उजुरी दर्ता भएकामा २३ ओटामा मिलापत्र भएको प्रहरीले जनायो। १० ओटा उजुरी कानुनी प्रक्रियामा रहेका छन्। २४ जना उजुरीकर्ता सम्पर्कमा नआएको प्रहरीले जनायो ।*

*गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा सात जना पीडित भएका थिए। यो वर्ष त्यस्ता घटनामा २३ जना पीडित भएका अभिलेख छ। गत वर्ष घरेलु हिंसाका कारण दुई, बलात्कार घटनामा चार र यौन दुर्व्यवहार घटनामा एक जना पीडित भएकामा*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| घरेलु हिंसा | २३ | २३ |
| जम्मा | २३ | २३ |

*यो वर्ष २३ जना घरेलु हिंसाका कारण पीडित भएको अभिलेख छ।*

### स्वास्थ्य सेवाको अवस्था

स्याङ्जामा जिल्ला अस्पताल र चापाकोट अस्पताल गरी दुई ओटा अस्पताल र तीन ओटा प्राथमिक स्वास्थ्य केन्द्र छन्। ६३ ओटा स्वास्थ्यचौकी र एउटा उपस्वास्थ्य चौकी छ। ६ जना डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन् अन्य ४ सय ६१ दरबन्दी रहेकामा ४ सय ५५ जना कार्यरत छन् भने ६ ओटा रिक्त रहेको छ। अहेवको १ सय ३६ दरबन्दी रहेकामा १ सय ३३ जना कार्यरत छन्। स्टाफ नर्सको सात ओटा दरबन्दी रहेकामा ६ जना कार्यरत छन्। त्यसैगरी अनमीको १ सय ३८ दरबन्दी रहेकामा दुई ओटा रिक्त छन्। चापाकोट अस्पतालमा दुई जना डक्टरको दरबन्दी भएकामा एउटा रिक्त छ। अहेवको एउटा र स्टाफ नर्सको पाँच ओटा दरबन्दी रहेकामा सबैजना कार्यरत छन्। अनमीको तीन ओटा दरबन्दी रहेकामा एउटा रिक्त रहेको छ। एचएको पाँच ओटा दरबन्दी रहेकामा सबै रिक्त छ। यस वर्ष गत वर्ष जस्तो औषधि अभाव भएन। एकीकृत स्वास्थ्य कार्यक्रमका लागि २ करोड २० लाख ३५ हजार रुपियाँ र औषधि खर्च बापतको ५ लाख रुपियाँ बजेट रहेको छ भने सम्पूर्ण बजेट स्थानीय तहमा गएकाले जिल्लामा बजेट नभएको जिल्ला जनस्वास्थ्य कार्यालयले जनायो।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | ३ |
| जम्मा | ३ | ३ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | १९ | ४ | २३ |
| जम्मा | १९ | ४ | २३ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | ३ |

# ४.१० पर्वत




**जम्मा जनसङ्ख्या**
**१,४२,३७४**

**महिला**
**७४,८४४**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१८,४२६**

**कामका लागि बाहिरिएका**
**२१,७३५**

**अपाङ्गता भएका**
**३,६५३**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७३.८**

**आश्रित जनसङ्ख्या**
**६२,४८८**

**पर्वतमा सन् २०१६ मा ६२ महिला पीडित भएकामा सन् २०१७ मा ७१ महिला सहित ७३ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट मानव अधिकार उल्लङ्घनका घटनामा आठ जना पीडित भए। अघिल्लो वर्ष महिला र बाल अधिकारसँग सम्बन्धित मात्र घटना भएका थिए।**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ५ | | ५ |
| महिला अधिकार | | | ६५ | | ६५ |
| गिरफ्तारी | ८ | ८ | | | |
| कुटपिट | | | १ | ३ | ३ |
| जम्मा | ८ | ८ | ७१ | ३ | ७३ |

## कारागार र बन्दी

"ङ"श्रेणीको जिल्ला कारागारको क्षमता ६० जनाको छ। तर, ५४ कैदी र २४ थुनुवा गरी ७८ जना जना छन्। जसमा एक कैदी र तीन थुनुवा गरी चार जना महिला छन्। क्षमता भन्दा बढी कैदीबन्दी भएकाले व्यवस्थापनमा समस्या छ। यो जिल्ला कारागार २०४३ सालमा निर्माण भएको हो। कारागारका दुई ओटा भवन पुराना तथा जीर्ण छन्।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यसवर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ८१ र फौजदारीतर्फ ६० थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा प्रावि २ सय १६, निमावि ४५, मावि ५३ र उच्चमावि ३९ वटा छन्। २ हजार ५१ जना शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस जिल्लामा १८ हजार ३ सय ७१ बालिका र १७ हजार २ सय ७८ बालक भर्ना भए। यस जिल्लाका तीन वटा विद्यालयमा अपाङ्ग स्रोत कक्षा सञ्चालन भएका छन् भने १० वर्ष यता बनेका अधिकांश विद्यालयका भवन पनि अपाङ्गमैत्री नै छन्। यस वर्ष ३ हजार ७ सय २५ जना दलित बालक र ३ हजार ७ सय ५५ जना दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै यसवर्ष द्वन्द्वपीडित परिवारका तीन जना बालक र एक जना बालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*बाल अधिकार उल्लङ्घनतर्फ यस वर्ष चार बालिका बलात्कार घटनामा पीडित भए भने गत वर्ष एक बालिका पीडित भएका थिइन्। यस वर्ष अभिलेखित घटना अनुसार बालिका बलात्कारका एक घटनामा अदालतले दोषी ठहर गर्दै कैद सजायको फैसला सुनायो भने अन्य घटनाका आरोपितलाई कानुनी दायरामा ल्याई अनसुन्धानकै क्रममा रहेको छ। एक बालिका यस वर्ष बालविवाहको घटनामा पीडित भइन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालविवाह | १ | १ |
| बलात्कार | ४ | ४ |
| जम्मा | ५ | ५ |

### बलात्कार, यौन दुर्व्यवहार

नौ वर्षीया एक बालिकालाई कुश्मा नपा-७ बस्ने ४९ वर्षीय आइते भनिने आइबहादुर सार्कीले ०७४ वैशाख २८ गते बलात्कार गरेको भनी पीडितका आफन्तले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख २८ गते पर्वत जिल्ला अस्पतालमा गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो। प्रहरीले आरोपित सार्कीलाई वैशाख २८ गते पक्राउ गरेकामा जिल्ला अदालतले ०७४ भादौ ६ गते दोषी ठहर गर्दै १४ वर्ष जेल सजाय र १ लाख रुपियाँ क्षतिपूर्ति पीडितलाई तिर्नुपर्ने फैसला गऱ्यो।

## महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै ८५ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये मादक पदार्थ सेवन गरी कुटपिट ३१, खानलाउन नदिएको/बेवास्ता गरेको २३, विवाह दर्ता तथा नागरिकता नबनाइदिएको एक, बहुविवाह गरी हेला गरेको पाँच, सामान्य झैझगडाका २५ घटना छन्। ती घटनामध्ये ५७ वटा मिलापत्र, १० वटा कानुनी प्रक्रिया गएको र १३ वटा उजुरी पश्चात सम्पर्कमा नै आएनन् भने पाँच उजुरी प्रक्रियामै छन्।*

*गत वर्षको तुलनामा महिला अधिकारबाट पीडित हुनेको सङ्ख्यामा कमी आएन। गत वर्ष महिला अधिकारका घटनामा ६१ जना पीडित भएकामा यस वर्ष ६५ जना पीडित भए। महिला अधिकारतर्फ यस वर्ष घरेलु हिंसाबाट ६१, बहुविवाहबाट एक र बलात्कारका घटनामा तीन जना पीडित भए। यस वर्ष अभिलेखित घटना अनुसार बलात्कारका दुई घटनामा दोषी ठहर गर्दै कैद सजायको फैसला सुनायो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | ६१ | ६१ |
| जम्मा | ६५ | ६५ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२१ वर्षीय एक महिलालाई विहादी गाउँपालिका-३ रानीपानी बस्ने ३० वर्षीय गोविन्द पौडेलले ०७३ फागुन ४ गते बलात्कार गरेको भनी पीडितका आफन्तले ०७४ वैशाख ५ गते जिल्ला प्रहरी कार्यालय पर्वतमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण वैशाख ५ गते नै जिल्ला अस्पताल पर्वतमा भएको प्रहरीले जनायो। आरोपितलाई वैशाख ५ गते पक्राउ गरेकोमा जिल्ला अदालतले ०७४ जेठ ३१ गते दोषी ठहर गर्दै ८ वर्ष कैद र १ लाख रुपियाँ ५० हजार रुपियाँ क्षतिपूर्तिको सजाय गर्ने फैसला गऱ्यो।

### स्वास्थ्य सेवाको अवस्था

पर्वत जिल्लामा एउटा जिल्ला अस्पताल, ५२ ओटा स्वास्थ्य चौकी र दुई ओटा प्राथमिक स्वास्थ्य केन्द्र रहेका छन्। जिल्ला स्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार जिल्लामा चार जना डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्ला अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। अहेबको दरबन्दी १ सय १२ रहेकोमा ९४ जना कार्यरत छन्। त्यसैगरी पाँच जना स्टाफ नर्सको दरबन्दी रहेकामा सबै कार्यरत छन्। १ सय १३ जना अनमीको दरबन्दी रहेकामा १ सय ८ जना अनमी कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट २७ करोड र औषधि खर्चतर्फको बजेट ३५ लाख रुपियाँ छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | | १ | १ |
| बलात्कार | २ | २ | ४ |
| जम्मा | २ | ३ | ५ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | २ | | | १ | ३ |
| बहुविवाह | | | १ | | | १ |
| घरेलु हिंसा | १ | ३ | ४८ | २ | ७ | ६१ |
| जम्मा | १ | ५ | ४९ | २ | ८ | ६५ |

# ४.११ बागलुङ




- जम्मा जनसङ्ख्या
  २,६८,६०५
- महिला
  १,५२,७५१
- प्रतिनिधिसभा निर्वाचन क्षेत्र
  २
- प्रदेशसभा निर्वाचन क्षेत्र
  ४
- गरिबीको रेखामुनि रहेको सङ्ख्या
  ६१,१६३
- कामका लागि बाहिरिएका
  ४२,६२३
- अपाङ्गता भएका
  ६,१७५
- ५ वर्षमाथिको साक्षरता प्रतिशत
  ७१.५
- आश्रित जनसङ्ख्या
  १,२१,५३५

**बागलुङमा गत वर्ष गैरराज्यपक्षबाट भएका घटनामा ५५ जना पीडित भएकामा यो वर्ष राज्यपक्षबाट एक जना र गैरराज्यपक्षबाट ७४ जना पीडित भए।**

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागार बागलुङको क्षमता २५ जनाको रहेको छ। जसमा ७० कैदी र १२ थुनुवा गरी ८२ जना छन्। जसमध्ये १२ जना महिला छन्। कारागारमा दुई जना बालबालिका पनि छन्। क्षमताभन्दा तीन गुणा बढी कैदी/बन्दी भएकाले कारागारमा शौचालयको प्रयोग, पिउने पानी र सुत्ने स्थानमा समस्या हुने गरेको छ। यही कारण उनीहरुमा छालाको रोग तथा श्वासप्रश्वाससम्बन्धी समस्या देखिने गरेको छ। जिल्ला कारागार कति सालमा निर्माण भएको हो भन्ने एकीन तथ्य फेला पर्न सकेको छैन। कारागारका संरचना निकै पुराना भएका छन्। २०७२ वैशाख १२ गतेको भूकम्पको कारण कारागारका संरचना चर्किएका छन्। यस वर्ष पुनर्निर्माणको कुनै काम भएन। कारागारमा हिउँदको समयमा भने पानीको निकै समस्या हुने गरेको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा दरबन्दी अनुसार एक न्यायाधीश कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ७८ र फौजदारीतर्फ १ सय १ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्। यसैगरी तीन न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत बागलुङ इजलासमा चार जना न्यायाधीश छन्। एकजना काजमा रहेका छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १८ र फौजदारीतर्फ ६० थान छन्। दुई वर्ष पुराना मुद्दा छैनन्।

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | |
|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | जम्मा |
| बाल अधिकार | | | ४ | ४ |
| महिला अधिकार | | | ७० | ७० |
| गिरफ्तारी | १ | १ | | |
| जम्मा | १ | १ | ७४ | ७४ |

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा सामुदायिक र संस्थागत गरी ३ सय ६० प्रावि, ९० निमावि, ७४ मावि र ६५ उमावि छन्। यस वर्ष ११ हजार ६ सय ८ बालिका र ५७ हजार ६ सय ५ बालक भर्ना भएका छन्। तीन वटा अपाङ्गमैत्री विद्यालय रहेको बागलुङमा १० वटा धार्मिक विद्यालय छन्। जसमा ६ वटा प्रावि, तीन निमावि र एक मावि छन्। जिल्लामा कूल २ हजार ६ सय ४३ शिक्षकको दरबन्दी रहेकामा दरबन्दी अनुसार सबै कार्यरत छन् । प्राविदेखि निमाविसम्मका ९ हजार ६ सय ६९ जना दलित बालिका र ९ हजार ५२ जना दलित बालकलाई प्रतिव्यक्ति ४ सय रुपियाँका दरले र मावि तहका २ हजार ४ सय ७४ जना दलित बालबालिकालाई ५ सयका दरले छात्रवृत्ति वितरण गरिएको छ। जिल्लामा २३ जना द्वन्द्वपीडित परिवारका बालबालिकालाई पनि छात्रवृत्ति वितरण गरिएको छ।*

*सन् २०१६ मा बालबालिकामाथि हुने हिंसाका घटनाबाट ११ जना पीडित भएका घटना अभिलेख गरिएकामा यो वर्ष चार बालिका बलात्कार घटनामा पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ४ | ४ |
| जम्मा | ४ | ४ |

### बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७३ चैत २५ गते काठेखोला गाउँपालिका-७ का ३३ वर्षीय सन्जु चर्मकारले बलात्कार गरेको भन्दै पीडित पक्षले चैत २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ परीक्षण धौलागिरी अञ्चल अस्पतालमा चैत २८ गते भयो। प्रहरीले आरोपितलाई चैत २७ गते पक्राउ गरेकामा अदालतको आदेश अनुसार २०७४ वैशाख १२ गते पुर्पक्षको लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ९० महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका र खान/लाउन नदिएको ६९, विवाह दर्ता र नागरिकता नबनाएको एक, अर्की पत्नी ल्याएर हेला गरेका पाँच घटना छन्। यीमध्ये प्रहरीले ८० वटामा मिलापत्र गरायो भने १० उजुरी कानुनी प्रक्रियामा छन्।*

*गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा ४६ जना पीडित भएकामा यो वर्ष ७० जना पीडित भएका घटना अभिलेखमा छन्। सन् २०१६ मा बलात्कार घटनाबाट दुई जना, यौन दुर्व्यवहारबाट एक जना र घरेलु हिंसाका कारण ४३ जना पीडित भएका घटना अभिलेखित थिए भने यो वर्ष घरेलु हिंसाका कारण ६३ जना, बहुविवाहका कारण एक जना, बलात्कारबाट दुई जना र बलात्कार प्रयासबाट चार जना पीडित भएका घटना अभिलेखित छन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| बलात्कार प्रयास | ४ | ४ |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | ६३ | ६३ |
| जम्मा | ७० | ७० |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३५ वर्षीया एक महिलालाई २०७३ माघ २७ गते गल्कोट नपा-१ का २२ वर्षीय बलबहादुर बिकले बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले फागुन २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको फागुन २ गते धौलागिरी अञ्चल अस्पतालमा स्वास्थ परीक्षण भयो। प्रहरीले आरोपितलाई फागुन २ गते पक्राउ गरेकामा जिल्ला अदालतले दोषी ठहर गर्दै २०७४ असार १८ गते २ वर्ष ६ महिना कैद सजायको फैसला सुनायो।

### स्वास्थ्य सेवाको अवस्था

बागलुङ जिल्लामा एउटा अञ्चल अस्पताल, ५८ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा तीन डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। अहेवको १ सय २५ दरबन्दी रहेकामा १ सय ५ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ४ करोड ८९ लाख ८८ हजार रहेको छ। औषधि खर्चबापतको रकम ५ लाख रुपियाँ रहेको छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ४ | ४ |
| जम्मा | ४ | ४ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | | | २ | २ |
| बलात्कार प्रयास | १ | १ | | | ३ | ४ |
| बहुविवाह | | | | | १ | १ |
| घरेलु हिंसा | | | ५३ | ३ | ८ | ६३ |
| जम्मा | १ | १ | ५३ | ३ | १३ | ७० |

# प्रदेश ५

- क्षेत्रफल : १५,७३७ वर्ग कि.मि.
- जनसङ्ख्या : ४४,८८,५५५
- साक्षरता प्रतिशत : ६७.६७
- जिल्ला : १२
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : २६
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ५२
- उपमहानगरपालिका : ४
- नगरपालिका : ३२
- गाउँपालिका : ७३
- कूल वडा सङ्ख्या : ५८३

# प्रदेश परिचय ५

प्रदेश नं. ५ मा १२ जिल्ला रहेका छन् । त्यसमध्ये साबिकको नवलपरासी जिल्लाबाट टुक्र्याइएको पूर्वी नवलपरासी, रुकुम जिल्लाबाट टुक्र्याइएको पूर्वी रुकुमसहित गुल्मी, पाल्पा, रुपन्देही, कपिलवस्तु, अर्घाखाँची, प्यूठान, रोल्पा, बाँके र बर्दिया जिल्ला छन्। यस प्रदेशको जनसङ्ख्या ४४ लाख ८८ हजार ९ सय ५५ छ। यो प्रदेश १९ हजार ७ सय ३७ किलोमिटरमा फैलिएको छ। जुन नेपालको कूल क्षेत्रफलको १३.४१ प्रतिशत हो । यस प्रदेशमा प्रतिनिधि सभा निर्वाचन क्षेत्र २६ वटा छन् भने प्रदेश सभा निर्वाचन क्षेत्र ५२ वटा छन् । यस प्रदेशको कूल जनसङ्ख्यामध्ये ५३.०५ प्रतिशतको नेपाली, १३.२६ प्रतिशतको थारु, ११.१३ प्रतिशतको अवधि, ८.९६ प्रतिशतको भोजपुरी, ५.११ प्रतिशतको उर्दू, ४.९५ प्रतिशतको मगर, १.०९ प्रतिशतको मैथली र बाँकीको मातृभाषा अन्य रहेको छ । यस प्रदेशमा बुद्धजन्मस्थल लुम्बिनीका साथै अन्य कैयौं धार्मिक तथा पर्यटकीय स्थलहरू रहेका छन्। जलविद्युत, जडिबुटी तथा अन्य प्राकृतिक स्रोतहरूको उपयोग, कृषि तथा औद्योगिकरण गर्न सकिए यस प्रदेशको आर्थिक समृद्धि हुन धेरै समय लाग्दैन । यस प्रदेशका मानिसको औसत आयु ६७.५५ र प्रतिव्यक्ति आय ९ सय ४७ अमेरिकी डलर रहेको छ । यस प्रदेशमा तिनाउ खोला, रिडी खोला, माथिल्लो हुङ्दी, झिमरुक खोला, रुकुमगढ, साना जुम्दी खोला जलविद्युत परियोजना सञ्चालनमा छन्।

## सन् २०१७ र मानव अधिकार अवस्था

यस प्रदेशमा सन् २०१७ मा गैरराज्यपक्षबाट २९ महिलासहित ३८ जनाको हत्या भएको अभिलेख भयो । धम्की तथा कुटपिटका घटनामा ८७ जना पीडित भए जसमध्ये राज्य पक्षबाट २७ जना र गैरराज्यपक्षबाट ६० जना रहेका थिए। जातीय विभेदका घटनामा नौ जना, भेला तथा सङ्गठित हुने अधिकारबाट २२ जना, महिला अधिकार उल्लङ्घनका घटनामा १ हजार १ सय ५६ जना, अपहरण घटनामा दुई जना, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका घटनामा एक जना, बाल अधिकारका घटनामा १ सय ५८ जना, हिरासत वा थुनामा मृत्यु दुई जना, अमानवीय व्यवहारका घटनामा सात, घाइते ४३ र यातनाबाट एक जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### सन् २०१७ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



# ५.१ रुकुम पूर्व

**जम्मा जनसङ्ख्या**
**५३,०१८**

**महिला**
**२७,८१२**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**उपलब्ध नभएको**

**कामका लागि बाहिरिएका**
**उपलब्ध नभएको**

**अपाङ्गता भएका**
**उपलब्ध नभएको**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६२.०५**

**आश्रित जनसङ्ख्या**
**उपलब्ध नभएको**

**रुकुमलाई दुई भागमा विभाजन गरिएको छ। रुकुम पूर्वमा तीन गाउँपालिका छन् । यो वर्ष रुकुम पूर्वमा विभिन्न घटनामा नौ जना पीडित भएका छन्। अभिलेखित घटना अनुसार चार जना कुटपिटबाट पीडित भए। त्यसैगरी बलात्कार घटनामा एक जना बालिका, परिवारजनबाट एक जना महिलाको हत्या भएका घटना अभिलेख गरिएको छ।**

### धम्की/कुटपिट

**गैरराज्यपक्षबाट**

सिस्ने गाउँपालिका-५ मा २०७४ असार १२ गते नेपाली काङ्ग्रेस र माओवादी केन्द्रका कार्यकर्ताबीच झडप हुँदा नेपाली काङ्ग्रेस निकट तरुण दलका कार्यकर्ता ३० वर्षीय रेशम बुढाथोकी र माओवादी केन्द्रका कार्यकर्ता सिस्ने शिक्षा क्याम्पसका स्ववियु सभापति २५ वर्षीय श्रीकुमार बुढाथोकी घाइते भए। दाहिने हात भाँचिएका रेशमको नेपालगञ्जमा र टाउकोमा चोट लागेका श्रीकुमारको स्थानीय मेडिकलमा उपचार भयो। माओवादीका कार्यकर्ताले फलामको रड, लाठी र काङ्ग्रेसका कार्यकर्ताले बियरका बोतल प्रहार गरेको स्थानीयबासीले बताए। पीडित पक्षले यस वर्षको अन्त्यसम्म कहीं उजुरी दिएनन्।

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| कुटपिट | | ४ | ४ |
| बाल अधिकार | १ | | १ |
| हत्या | ३ | | ३ |
| महिला अधिकार | ३ | | ३ |
| जम्मा | ५ | ४ | ९ |

### बाल अधिकार

**बलात्कार, यौन दुर्व्यवहार**

तीन वर्षीया एक बालिकालाई २०७३ चैत २९ गते पुथाउत्तरगङ्गा गाउँपालिका-१० का १२ वर्षीय

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

एक बालकले बलात्कार गरेको भन्दै पीडित पक्षले चैत ३१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको जिल्ला अस्पताल सल्लेमा चैत ३१ गते स्वास्थ्य परीक्षण भयो। प्रहरीले आरोपितलाई चैत ३१ गते पक्राउ गरेकामा जिल्ला अदालतको आदेश अनुसार प्रहरीले २०७४ वैशाख ११ गते निजका बाबुको जिम्मा लगायो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार परिवारजनबाट हत्या**

पुथाउत्तरगङ्गा गाउँपालिका-७ की २८ वर्षीया बयानसरा कामीलाई २०७४ असार २६ गते ३८ वर्षीय पति टेकबहादुर कामीले धारिलो हतियार प्रहार गरी हत्या गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय, रुकुमले सोही दिन पक्राउ गऱ्यो। बयानसरी दोस्रो चरणको स्थानीय तहको निर्वाचनमा नेपाली काङ्ग्रेसबाट वडा सदस्यमा निर्वाचित दलित महिला सदस्य हुन्। शवको पोष्टमार्टम जिल्ला अस्पताल सल्ले रुकुममा भयो। जिल्ला अदालत रुकुमको आदेश अनुसार आरोपित भदौ ९ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बहुविवाह | ३ | ३ |
| जम्मा | ३ | ३ |

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

| महिला अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बहुविवाह | ३ | ३ |
| जम्मा | ३ | ३ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | ३ |

# ५.२ रोल्पा




**जम्मा जनसङ्ख्या**
**२,३०,७३५**

**महिला**
**१,२७,०३०**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**५७,५०४**

**कामका लागि बाहिरिएका**
**२३,५५७**

**अपाङ्गता भएका**
**७,४५८**

**५ वर्षामाथिको साक्षरता प्रतिशत**
**५८.३**

**आश्रित जनसङ्ख्या**
**१,१३,५०३**

**रोल्पामा गत वर्ष ३७ जना पीडित भएकामा यो वर्ष राज्यपक्षबाट २४ जना सहित ७० जना पीडित भएका घटना अभिलेखित छन्।**

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ५० जनाको छ। तर, कैद तोकिएका ५५ र थुनुवा १५ गरी जम्मा ७० जना छन्। यस्तै आश्रित बालिका एक जना रहेका छन्। यस कारागार वि.स. २०२९ सालमा निर्माण भएको हो। कारागार भवन जीर्ण रहेको र क्षमता भन्दाबढी बन्दीहरू भएकाले व्यवस्थापनमा समस्या छ।

## धम्की/कुटपिट

### गैरराज्यपक्षबाट

सुवर्णावती गाउँपालिका-६ गजुल निवासी नेपाल विद्यार्थी सङ्घ, रोल्पाका सदस्य २३ वर्षीय बिष्णु केसीलाई मङ्सिर १० गते सम्पन्न निर्वाचनमा काङ्ग्रेसको प्रतिनिधि बनेर बुथ कब्जा गर्न नदिएको भन्दै २०७४ मङ्सिर १२ गते माओवादी केन्द्रका कार्यकर्ताहरूले हतियार सहित घरमा गई आक्रमण गरेको नेपाल विद्यार्थी सङ्घ रोल्पाले आरोप लगायो। माओवादी केन्द्रका कार्यकर्ताले घरेलु हतियारले टाउकोमा प्रहार गरी मरणासन्न अवस्थामा छोडेर गएका पीडित केसीको घरपरिवारले बतायो। केसीको नेपालगञ्ज मेडिकल कलेजमा उपचार भयो। काङ्ग्रेसको प्रतिनिधि बनेकै कारण माओवादीका कार्यकर्ताले हत्या गर्न खोजेको नेपाल

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | | १ | १ |
| बाल अधिकार | | | | ४ | | ४ |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| अपहरण | | | | | १ | १ |
| महिला अधिकार | | | | १६ | | १६ |
| गिरफ्तारी | ६ | १८ | ३४ | | | |
| कुटपिट | | | | ४ | १५ | १९ |
| हत्या | | | | ३ | १ | ४ |
| जम्मा | ६ | १८ | ३४ | ३७ | १९ | ४६ |

विद्यार्थी सङ्घका पूर्वमहामन्त्री एवम् रोल्पाबाट प्रदेश सभा सदस्यका समानुपातिक उम्मेदवार मनोजमणि आचार्यले बताए। आरोपितलाई प्रहरीले पक्राउ नगरेको भन्दै नेविसङ्घले वक्तव्य निकाली दु:ख व्यक्त गऱ्यो।

### अपहरण

थवाङ गाउँपालिका-२ उवा निवासी थवाङ गाउँपालिकाका अध्यक्ष ४२ वर्षीय वीरबहादुर घर्ती 'वियोग' लाई २०७४ भदौ २९ गते राति नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताले अपहरण गरे। थवाङ गाउँपालिकाको गाउँसभाको तयारी गरी भदौ २९ गते राति थवाङ गाउँपालिका-२ कोइजवाडस्थित ससुराली जाने क्रममा बाटोबाटै अपहरणमा परेको प्रहरीले बतायो। उनको खोजीका लागि जिल्लाबाट प्रहरी, सशस्त्र प्रहरी, अनुसन्धान टोली परिचालन गरिएको थियो। माओवादी केन्द्रका तर्फबाट गाउँपालिकाको अध्यक्षमा निर्वाचित घर्तीले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले भदौ ३१ गते उद्घाटन गर्ने गरी गाउँसभाको तयारी गरेको भन्दै नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताले अपहरण गरेको विज्ञप्ति मार्फत जनाए। अध्यक्ष घर्ती भदौ ३१ गते अपहरण मुक्त भए।

*अपहरण गरिएका वीरबहादुर घर्ती*

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

स्थानीय तहको दोस्रो चरणको निर्वाचन भइरहेको अवस्थामा २०७४ असार १४ गते रोल्पा नपा-१० स्थित भनभने मतदान केन्द्रमा एक मतदाताले मतपेटिकामा एसिड खसाले। एसिडले आठ ओटा मतपत्र जलेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनायो। एसिड खसालेको आरोपमा प्रहरीले नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ता ३३ वर्षीय वीरबहादुर ओलीलाई असार १८ गते पक्राउ गरेकोमा प्रमुख जिल्ला अधिकारीको आदेश अनुसार असार २२ गते २० हजार रुपियाँ धरौटीमा रिहा भए। मतपेटिका जल्न थालेपछि मात्रै घटनाबारे थाहा भएको प्रहरीले जनायो। बिहान साढे ९ बजेको यो घटनापछि स्थगित भएको मतदान चार घण्टापछि पुन: सुचारु भएको थियो।

मङ्सिर १० गते सम्पन्न प्रतिनिधि सभा तथा प्रदेशसभा सदस्यहरूको निर्वाचनको प्रचार प्रसारमा रहेका उम्मेदवारहरूमाथि विभिन्न समय र ठाउँमा बम विष्फोट भयो। माओवादी केन्द्रका नेता एवम् रोल्पाबाट प्रतिनिधि सभाका लागि उम्मेदवार वर्षमान पुन 'अनन्त' चढेको गाडीलाई लक्षित गरी अज्ञात समूहले २०७४ कात्तिक २६ गते परिवर्तन गाउँपालिका-३ स्थित केवरी खोलामा गोली प्रहार गरेको थियो। यसैगरी निर्वाचन प्रचारप्रसारका क्रममा रहेका पुनलगायतका नेता चढेको गाडीलाई लक्षित गरी कात्तिक २५ गते अज्ञात समूहले माडी गाउँपालिका-१ मा एम्बुस विष्फोट गराएको थियो। विष्फोटबाट नेता पुन र सुरक्षाकर्मी चढेको गाडीमा सामान्य क्षति पुगेको थियो।

### अमानवीय व्यवहार

ललितपुर मनपा घर भई जिल्ला शिक्षा कार्यालय रोल्पामा कार्यरत जिल्ला शिक्षा अधिकारी ४३ वर्षीय चिरञ्जीवी पौडेललाई कार्यालयको बैठकमा सहभागी भएको बेला २०७४ भदौ १२ गते नेपाल कम्युनिष्ट पार्टी निकट विद्यार्थी सङ्गठन अनेरास्ववियु (क्रा.) का कार्यकर्ताले मोसो दलेर अमानवीय व्यवहार गरे। जिशिअ पौडेलले जिल्लाका विभिन्न विद्यालयको भवन निर्माण गर्दा ५ हजारदेखि २० हजार रुपियाँसम्म घुस लिएको आरोपमा मोसो दल्नुका साथै जुत्ताको माला समेत लगाइएको नेपाल कम्युनिष्ट पार्टी रोल्पाका सेक्रेटरी दलबहादुर खत्री 'जागृति' ले बताए।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी रहेकामा कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ७० र फौजदारीतर्फ ५१ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ७४ प्रावि, ८६ निमावि, ७७ मावि छन्। १ हजार ३ सय ५८ शिक्षक दरबन्दी रहेकामा सात दरबन्दी रिक्त छ। यस वर्ष ३७ हजार ९ सय ९७ बालक र ४३ हजार ५ सय ५ बालिका भर्ना भए। जिल्लामा १ सय ४८ अपाङ्गमैत्री विद्यालय छन्। १२ हजार ६ सय ७१ दलित बालक र बालिकालाई*

*छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका ३ सय १४ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*सन् २०१६ मा बालबालिकामाथि हुने हिंसाका घटनाबाट चार जना पीडित भएकामा सन् २०१७ मा चार जना पीडित भएका घटना अभिलेख भए। गत वर्ष बालविवाह घटनाका कारण दुई जना, यौन दुर्व्यवहार घटनाबाट एक जना र नवजात शिशुको हत्याबाट एक जना पीडित भएको घटना अभिलेख गरिएकामा यो वर्ष बलात्कारका घटनाका कारण चार जना बालिका पीडित भएका घटना अभिलेखित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ४ | ४ |
| जम्मा | ४ | ४ |

**बलात्कार, यौन दुर्व्यवहार**

नौ वर्षीया बालिकालाई २०७३ माघ १४ गते ३२ वर्षीय बाबुले बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन ९ गते जिल्ला अस्पताल, रेउघामा भयो। प्रहरीले आरोपितलाई ०७३ फागुन ८ गते पक्राउ गरेकामा जिल्ला अदालतले दोषी ठहर गर्दै २०७४ वैशाख २८ गते २२ वर्ष कैदको फैसला सुनायो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५१ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ३५, खान/लाउन नदिएको सात र सामान्य घरायसी झगडाका नौ घटना छन्। यीमध्ये प्रहरीले ३७ वटामा मिलापत्र गरायो भने १४ उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| बलात्कार प्रयास | १ | १ |
| घरेलु हिंसा | १३ | १३ |
| जम्मा | १६ | १६ |

*गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा २८ जना पीडित भएकामा यो वर्ष १६ जना पीडित भएका घटना अभिलेख भए। बलात्कार प्रयास घटनाबाट गत वर्ष एक जना पीडित भएकामा यस वर्ष बलात्कारबाट दुई जना पीडित भएको घटना अभिलेखमा छ। यो वर्ष घरेलु हिंसाबाट १३ जना बलात्कार प्रयासका घटनामा एक जना पीडित भएको घटना अभिलेख छ।*

**परिवारजनबाट हत्या**

सुवर्णवती गाउँपालिका-१ की ६५ वर्षीया लक्ष्मी शाहलाई २०७४ जेठ २८ गते घरायसी विवादमा ७४ वर्षीय पति गणेश शाहले धारिलो हतियार प्रहार गरी घाइते बनाए। पीडितको उपचारका क्रममा जेठ २९ गते बिहान भैरहवामा मृत्यु भयो। शवको जिल्ला अस्पताल, रेउघामा जेठ २९ गते पोष्टमार्टम भयो। गणेशलाई प्रहरी चौकी खुङ्ग्रीले जेठ ३० पक्राउ गरी जिल्ला अदालतमा जेठ ३० गते मुद्दा दर्ता गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

१८ वर्षीया एक युवतीलाई २०७४ वैशाख ३० गते सुनछहरी गाउँपालिका-१ का २२ वर्षीय सुनकुमार घर्तीले बलात्कार गरेको भन्दै पीडित पक्षले जेठ ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ ५ गते जिल्ला अस्पताल रेउघामा भयो। प्रहरीले आरोपितलाई जेठ ५ गते पक्राउ गरेकामा जिल्ला अदालतको आदेश अनुसार आरोपित जेठ २१ गते कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संरचना/सम्पत्ति क्षति**

थवाङ गाउँपालिकाको साइनबोर्ड नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताले २०७४ वैशाख ११ गते जलाए। गाउँपालिकाको नियमित कामका लागि गएका कर्मचारी कार्यालयमा बसेको अवस्थामा करिब सात/आठ जनाको सङ्ख्यामा आएका नेकपाका कार्यकर्ताले साइनबोर्ड झिकेर जलाइदिएको वडा कार्यालयका सचिव अधिकार बुढाले बताए। यसैगरी रुन्टीगढी गाउँपालिकाको साइनबोड वैशाख १० गते नेकपाका कार्यकर्ताले जलाए।

### स्वास्थ्य सेवाको अवस्था

रोल्पा जिल्लामा जिल्ला अस्पताल, ४९ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा चार डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। जिल्लामा २४ हेल्थ असिष्टेण्टको दरबन्दी रहेकोमा १७ कार्यरत छन्। अहेवको १ सय ५ दरबन्दी रहेकामा ७५ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १२ करोड रहेकोमा औषधि खर्चबापतको रकम ६ लाख रुपियाँ छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | १ | ४ |
| जम्मा | ३ | १ | ४ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | २ | २ |
| बलात्कार प्रयास | | | १ | १ |
| घरेलु हिंसा | ३ | १० | | १३ |
| जम्मा | ३ | १० | ३ | १६ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | २ |

# ५.३ प्यूठान

**जम्मा जनसङ्ख्या**
**२,३४,८२४**

**महिला**
**१,३४,०५८**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**७२,७५१**

**कामका लागि बाहिरिएका**
**३६,८५८**

**अपाङ्गता भएका**
**५,५३०**

**५ वर्षामाथिको साक्षरता प्रतिशत**
**५७.७७**

**आश्रित जनसङ्ख्या**
**१,१५,३६१**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ६ | | ६ |
| महिला अधिकार | | | ३६ | | ३६ |
| गिरफ्तारी | ३० | ३० | | | |
| हिरासत वा थुनामा मृत्यु | १ | १ | | | |
| कुटपिट | | | | १ | १ |
| हत्या | | | १ | | १ |
| जम्मा | ३१ | ३१ | ३३ | १ | ३४ |

**प्यूठानमा गत वर्षको तुलनामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना झण्डै तेब्बर अभिलेख भए। अभिलेखित घटना अनुसार यस वर्ष राज्यपक्षबाट २१ जना र गैरराज्यपक्षबाट ३४ जना पीडित भए। गत वर्ष १५ जना पीडित भएका घटना अभिलेख गरिएकामा यो वर्ष ५५ जना पीडित रहे।**

### धम्की/कुटपिट

#### गैरराज्यपक्षबाट

स्वर्गद्वारी नपा-२ का ४४ वर्षीय भीमबहादुर घर्तीमगरलाई २०७४ असार १३ गते राति सोही ठाउँका राष्ट्रिय जनमोर्चाका कार्यकर्ताले राजनीतिक प्रतिशोधका कारण कुटपिट गरे। टाउको र शरीरमा चोट लागेका घाइतेको उपचार बुटवलको लुम्बिनी अञ्चल अस्पतालमा भयो। पीडित पक्षले सोही दिन इलाका प्रहरी कार्यालय भिङ्ग्रीमा घटनाको जानकारी गराएकोमा कात्तिक १४ गते दुवै पक्षबीच मिलापत्र भयो।

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर, ४३ कैदी र ३४ थुनुवा गरी ७७ जना छन्। जसमा १० महिला छन्। तीन वर्षीय बालक र दुई वर्षीया बालिक गरी दुई जना आश्रित पनि छन्। ६५ वर्षमाथिका दुई जना पुरुष छन्। क्षमताभन्दा तेब्बर बढी बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। राणाकालमा घोडा बाध्ने ठाँउको रुपमा रहेको

कारागारको एक भवन पुरानो र जीर्ण छ।

स्वर्गद्वारी नपा-५ का २९ वर्षीय भुपेन्द्र गिरीले २०७४ वैशाख २८ गते राति इलाका प्रहरी कार्यालय भिङ्ग्रीको हिरासतमा कपडाको पासो लगाई आत्महत्या गरेको प्रहरीले जनायो। घटनाको छानबिन र क्षतिपूर्तिको माग गर्दै पीडित परिवार र स्थानीयबासीले आन्दोलन गरेपछि घटनाको विषयमा छानबिन गर्ने र पीडित पक्षलाई राहतका लागि सम्बन्धित निकायमा पहल गर्ने स्थानीय प्रशासन र पीडित पक्षबीच वैशाख २९ गते सहमति भयो। पत्नीलाई कुटपिट गरेको आरोपमा ०७४ वैशाख २८ गते प्रहरीले भुपेन्द्रलाई पक्राउ गरी हिरासतमा राखेको थियो। शवको वैशाख ३० गते जिल्ला अस्पताल बिजुवारमा पोष्टमार्टम भएको प्रहरीले जनायो। प्रशासन र पीडित पक्षबीच भएको सहमति यस वर्षको अन्त्यसम्म कार्यान्वयन भएन।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ७१ र फौजदारीतर्फ ८९ थान छन्। यस अदालतमा दुई वर्ष भन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा २ सय ६० प्रावि, ६३ निमावि, ५३ मावि र २१ उमावि छन्। १ हजार ५ सय ३७ शिक्षक दरबन्दी रहेकामा आठ दरबन्दी रिक्त छ। यस वर्ष ३० हजार ८ सय १ बालक र ३२ हजार ३ सय ७१ बालिका भर्ना भए। जिल्लामा २ सय ७० अपाङ्गमैत्री विद्यालय छन्। ७ हजार ३ सय ५९ दलित बालक र ७ हजार ८ सय १५ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद तथा द्वन्द्वपीडित परिवारका ३५ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*सन् २०१६ मा बालबालिकामाथि हुने हिंसाका घटनाबाट सात जना पीडित भएकामा सन् २०१७ मा ६ जना पीडित भएका घटना अभिलेख भए। यो वर्ष बलात्कारका घटनामा दुई जना र यौन दुर्व्यवहारका घटनामा चार जना पीडित भए। गत वर्ष बालविवाहका घटनाबाट दुई, बलात्कारको घटनामा एक, विद्यालयमा हुने शारीरिक हिंसाका कारण एक र यौन दुर्व्यवहारको घटनामा तीन जना गरी सात जना पीडित भएका घटना अभिलेख गरिएको थियो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| यौन दुर्व्यवहार | ४ | ४ |
| जम्मा | ६ | ६ |

### बलात्कार, यौन दुर्व्यवहार

११ वर्षीया एक बालिकालाई ०७४ भदौ १२ गते ऐरावती गाउँपालिका-६ का ५३ वर्षीय मानबहादुर रायमाझीले बलात्कार गरेको भन्दै पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा भदौ १२ गते उजुरी दिए। पीडितको जिल्ला अस्पताल बिजुवारमा भदौ १२ गते स्वास्थ्य परीक्षण भयो। प्रहरीले आरोपितलाई भदौ १३ गते घरबाट पक्राउ गरेकोमा जिल्ला अदालतको आदेश अनुसार आरोपित असोज ४ गते पुर्पक्षकालागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै ६३ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १२, खान/लाउन नदिएको सात, अर्की पत्नी ल्याएर हेला गरेको दुई र सामान्य घरायसी झगडाका ४२ घटना छन्। यीमध्ये प्रहरीले ४७ वटामा मिलापत्र गरायो भने ११ उजुरीमा कानुनी प्रक्रिया अघि बढेको र पाँच वटा सम्पर्कमा नआएको प्रहरीले जनायो।*

*गत वर्षको तुलनामा सन् २०१७ मा महिलामाथि हुने हिंसाका घटनामा तेब्बर बढी*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ८ | ८ |
| बलात्कार प्रयास | ३ | ३ |
| बहुविवाह | २ | २ |
| महिला बेचबिखन | १ | १ |
| घरेलु हिंसा | १३ | १३ |
| जम्मा | २६ | २६ |

*पीडित भए। सन् २०१६ मा घरेलु हिंसाका ६ घटना अभिलेखित थिए भने यस वर्ष १२ ओटा घटना अभिलेख भए। त्यसैगरी बलात्कारका घटनाबाट गत वर्ष एक जना पीडित भएकामा यस वर्ष आठ जना पीडित भएको घटना अभिलेखमा छ। त्यसैगरी यो वर्ष बहुविवाहका कारण दुई जना, बलात्कार प्रयासबाट तीन जना र बेचबिखनको घटनामा एक जना पीडित भएका घटना अभिलेख भयो।*

**परिवारजनबाट हत्या**

सरुमारानी गाउँपालिका-४ की ३३ वर्षीया गङ्गीसरा रेश्मीमगरलाई २०७३ माघ ४ गते राति घरमा रहेको अवस्थामा ३८ वर्षीय पति निमबहादुर रेश्मीमगरले कुटपिट गरि हत्या गरेको भन्दै मृतकका आफन्तले माघ ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले माघ ५ गते घरबाट पक्राउ गरेकोमा जिल्ला अदालत प्यूठानको आदेश अनुसार माघ २६ गते पुर्पक्षका लागि कारागार चलान भए। मृतकको माघ ५ गते जिल्ला अस्पताल बिजुवारमा पोष्टमार्टम भयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२४ वर्षीया महिलालाई २०७४ जेठ ३ गते माण्डवी गाउँपालिका-४ का ३० वर्षीय मनबहादुर पुनले बलात्कारको प्रयास गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा जेठ ४ गते उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ ५ गते घरबाट पक्राउ गऱ्यो। जिल्ला अदालत प्यूठानले दोषी ठहर गर्दै कात्तिक २८ गते २ वर्ष ६ महिना कैदको फैसला सुनायो। पीडितको जिल्ला अस्पताल बिजुवारमा जेठ ४ गते स्वास्थ्य परीक्षण भयो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संरचना/सम्पत्ति क्षति**

प्यूठान नपा-४ बिजुवारका बालाजु श्रेष्ठको आफ्नै घरमा रोकी राखेको बा ९ च ६५१४ नम्बरको गाडी ०७४ असार १२ गते राति माओवादी केन्द्रका कार्यकर्ताले तोडफोड गरे। स्थानीय तहको निर्वाचनमा एमालेले प्रयोग गरेको गाडी तोडफोडबाट अगाडि भागको सिसा फुटेको र छेउको भागमा क्षति पुगेको एमालेले जनायो। माओवादी केन्द्रका जिल्ला इन्चार्ज प्रकाश अधिकारीले आफ्ना कार्यकर्ताको घटनामा संलग्नता नरहेको बताउँदै पार्टीलाई गलत आरोप लगाएको प्रतिकृया दिए। यस वर्षको अन्त्यसम्म पीडित पक्षले कहीं उजुरी दिएनन।

प्यूठान नपा-७ मा रहेको नगरपालिकाको कार्यालयको साइनबोर्ड, स्वर्गद्वारी नपा-३ मा रहेको कार्यालयको बोर्ड र माण्डवी गाउँपालिका-३ मा रहेका साइनबोर्ड नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताले २०७४ वैशाख १० फाले। स्थानीय तहको निर्वाचन आफूहरूलाई मान्य नभएको बताउँदै नेकपाका कार्यकर्ताले निर्वाचनको विरोधमा साइनबोर्ड फालेको जनाए।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एउटा जिल्ला अस्पताल, ४६ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा १० डक्टरको दरबन्दी रहेकामा पाँच कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी एक जना रहेकामा रिक्त रहेको छ। अहेवको ९९ दरबन्दी रहेकामा ७४ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ४ करोड ६३ लाख ५९ हजार ४ सय एक र औषधि खर्चबापतको रकम १२ लाख ३५ हजार रुपियाँ छ।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | २ |
| यौन दुर्व्यवहार | ४ | ४ |
| जम्मा | ६ | ६ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | १ | | ७ | ८ |
| बलात्कार प्रयास | १ | १ | | १ | ३ |
| बहुविवाह | १ | | | १ | २ |
| महिला बेचबिखन | | | | १ | १ |
| घरेलु हिंसा | | | १२ | | १२ |
| जम्मा | २ | २ | १२ | १० | २६ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

# ५.४ गुल्मी

**जम्मा जनसङ्ख्या**
**२,७३,४३५**

**महिला**
**१,५७,७०२**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**२**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**४**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**७१,३६५**

**कामका लागि बाहिरिएका**
**५८,५६१**

**अपाङ्गता भएका**
**७,६७१**

**५ वर्षामाथिको साक्षरता प्रतिशत**
**७२.६**

**आश्रित जनसङ्ख्या**
**१,२५,२२४**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ८ | | ८ |
| अमानवीय व्यवहार | | | | १ | १ |
| महिला अधिकार | | | ४३ | | ४३ |
| जातीय विभेद | | | | ३ | ३ |
| गिरफ्तारी | १ | १ | | | |
| कुटपिट | | | | १ | १ |
| हत्या | | | १ | | १ |
| जम्मा | १ | १ | ५३ | ४ | ५६ |

**गुल्मीमा गत वर्ष राज्यपक्षबाट भएका घटनामा ५० जना र गैरराज्यपक्षबाट भएका घटनामा २३ जना पीडित भएकामा यो वर्ष राज्यपक्षबाट एक जना र गैरराज्यपक्षबाट ५६ जना पीडित भएका घटना इन्सेकमा अभिलेखित भयो।**

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर ५२ कैदी र सात थुनुवा गरी ५९ जना छन्। जसमध्ये सात जना महिला छन्। कारागारमा तीन वर्षीया आश्रित एक बालिका पनि छन्। क्षमता भन्दा बढी कैदी बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। सिदा, लत्ता कपडालगायका सेवा सुविधामा समयानुकूल वृद्धि नभएको, सुधारगृहको रूपमा विकास हुनुपर्ने कारागारलाई राज्यका निकायले उपेक्षा गरेको कैदी बन्दीहरूको गुनासो छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ६४ र फौजदारीतर्फ ८२ थान छन्। दुई वर्ष भन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ५० प्रावि, ६८ निमावि, १ सय २० मावि छन्। २ हजार ६ सय ५ जना शिक्षकको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यो वर्ष ६४ हजार एक सय १८ बालिका विद्यालय भर्ना भए। यस जिल्लामा १६ हजार १ सय ८८ दलित बालबालिकालाई जिल्ला शिक्षा कार्यालयले छात्रवृत्ति प्रदान गरिरहेको छ। जिल्लामा रहेको सबै विद्यालययमा*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालविवाह | ३ | ३ |
| बलात्कार | ५ | ५ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ८ | ८ |

*शौचालय सुविधा रहेका जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। तर संरक्षण र सरसफाइको प्रतीक्षामा रहेका छन्। जिल्लाका सबै विद्यालय बालमैत्री रहेको जिल्ला शिक्षा कार्यालयले दाबी गऱ्यो। जिल्लामा अपाङ्गमैत्री विद्यालय भने नभएको जिल्ला शिक्षा कार्यालयले जनायो।*

*सन् २०१६ मा बालबालिकामाथि हुने हिंसाका घटनाबाट चार जना पीडित भएका घटना अभिलेख गरिएकामा यो वर्ष आठ बालिका पीडित भए। जसमध्ये बलात्कारबाट पाँच, यौन दुर्व्यवहारबाट एक र बालविवाहबाट दुई जना पीडित भए। गत वर्ष बलात्कारबाट दुई, विद्यालयमा शारीरिक सजाय र यौन दुर्व्यवहारबाट एक-एक जना पीडित भएका थिए।*

**बलात्कार, यौन दुर्व्यवहार**

१३ वर्षीया दुई बालिकालाई २०७३ फागुन ७ गते रेसुङ्गा नपा-११ का १८ वर्षीय रमेश तडनामी र सोही ठाउँका १४ वर्षीय बालकले बलात्कार गरेको भन्दै पीडित पक्षले फागुन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित दुवैको स्वास्थ्य परीक्षण फागुन १० गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपित दुवैलाई फागनु १० गते पक्राउ गरेकामा जिल्ला अदालतको आदेश अनुसार चैत ३ गते आरोपित तडनामी पुर्पक्षका लागि कारागार चलान भए भने बालकलाई प्रहरीले अभिभावकको जिम्मा लगायो। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ३५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका २०, खानलाउन नदिएको ५०, गालीगलौज तथा धम्कीका ३०, अर्की पत्नी ल्याएर हेला गरेका तीन ओटा उजुरी छन् भने सामान्य झैझगडाका ३२ ओटा घटना दर्ता भए। यीमध्ये १ सय १५ ओटा घटनामा मिलापत्र गराइएको र १० ओटा उजुरी कानुनी प्रक्रियामा छन्। उजुरी दिएर सम्पर्कमा नआएका १० जना पीडित रहेको सेवा केन्द्रले जनायो।*

*गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा सात जना पीडित भएकामा यो वर्ष ४३ जना पीडित भएका घटना अभिलेखमा छन्। सन् २०१६ मा घरेलुहिंसाबाट पाँच र बहुविवाह घटनाबाट दुई जना पीडित भएका घटना अभिलेखित थिए भने यो वर्ष घरेलु हिंसाका कारण ३९ जना, बोक्सीको आरोपमा एक, बहुविवाहका कारण दुई जना र बलात्कारबाट एक जना पीडित भएका घटना अभिलेखित भए। गत वर्ष परिवारजनबाट एक महिलाको हत्या भएकोमा यस वर्ष पनि परिवारजनबाट एक महिलाको हत्या भयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बोक्सीको आरोप | १ | १ |
| बलात्कार | १ | १ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | ३९ | ३९ |
| जम्मा | ४३ | ४३ |

**परिवारजनबाट हत्या**

इस्मा गाउँपालिका-५ की ४५ वर्षीया कमला अर्याललाई २०७३ फागुन १७ गते ५९ वर्षीय पति यमबहादुर अर्यालले धारिलो हतियार प्रहार गरी हत्या गरेको भन्दै प्रहरीले आरोपितलाई सोही दिन पक्राउ गऱ्यो। शवको पोष्टमार्टम फागुन १८ गते जिल्ला अस्पतालमा भयो। जिल्ला अदालतले आरोपितलाई दोषी ठहर गर्दै २०७४ असार २५ गते सर्वस्वसहित जन्मकैदको फैसला सुनायो।

**सबै प्रकारका जातीय विभेद**

मुसिकोट नपा-४ का ४२ वर्षीय कर्णबहादुर सार्कीलाई खाना खाएको भाँडा नमाझेको आरोपमा २०७४ असार २४ गते सोही ठाउँका ४० वर्षीया शोभा कार्की र उनका २५ वर्षीय छोरा कृष्ण कार्कीले कुटपिट गरेको भन्दै पीडितले असार २५

गते जिल्ला प्रहरी कार्या( लय, गुल्मीमा उजुरी दिए। प्रहरीले आरोपित दुवैलाई असार २६ गते पक्राउ गऱ्यो। जिल्ला अदालतको आदेश अनुसार आरोपित दुवै साउन ८ गते ५०/५० हजार रुपियाँ धरौटीमा रिहा भए। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

*भाँडा नमाझेको आरोपमा कुटपिट गरिएका कर्णबहादुर सार्की*

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, चार प्राथमिक स्वास्थ्य केन्द्र र ७६ स्वास्थ्य चौकी छन्। जिल्लाभर मा १९ डक्टरको दरबन्दी भए पनि १३ रिक्त छन्। एक जना स्त्री रोग विशेषज्ञको दरबन्दी भए पनि रिक्त रहयो। जिल्लामा १ सय ६४ अहेवको दरबन्दी रहेकामा १ सय ३० कार्यरत छन्। सदरमुकाममा ५० शैयाको जिल्ला अस्पताल छ। १५ जनाको दरबन्दी रहेको अस्पतालमा दुई जना मात्र डक्टर छन्। राज्यले ७२ थरीका औषधि नि:शुल्क वितरण गर्ने भनेपनि तीन चार थरिका औषधी मात्र पाइन्छ। जिल्ला अस्पतालको भौतिक पूर्वाधार पनि कमजोर रहेको छ। गाउँका कतिपय स्वास्थ्य संस्थाहरूका आफ्नै भवन छैनन्। बर्थिङ सेन्टरहरूको अवस्था पनि अत्यन्तै नाजुक रहेको छ। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ३ करोड ४९ लाख ७९ हजार र औषधि खर्चवापतको रकम ३५ लाख रुपियाँ छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | १ | १ | | ३ |
| बलात्कार | | | ४ | ४ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| जम्मा | १ | १ | ५ | ८ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बोक्सीको आरोप | १ | | | १ |
| बलात्कार | | | १ | १ |
| बहुविवाह | | | ३ | ३ |
| घरेलु हिंसा | ३३ | ६ | १ | ३९ |
| जम्मा | ३३ | ६ | ४ | ४३ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
| हत्या | १ | १ |

# ५.५ अर्घाखाँची




**जम्मा जनसङ्ख्या**
**१,५३,६३१**

**महिला**
**१,११,०५७**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**५६,७३५**

**कामका लागि बाहिरिएका**
**३५,५२५**

**अपाङ्गता भएका**
**५,१६५**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७२.६**

**आश्रित जनसङ्ख्या**
**५१,८२४**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ३ | | ३ |
| अमानवीय व्यवहार | | | | १ | १ |
| महिला अधिकार | | | ८८ | | ८८ |
| गिरफ्तारी | १३ | १३ | | | |
| कुटपिट | १ | १ | | ३ | ३ |
| हत्या | | | ३ | ३ | ४ |
| जम्मा | १४ | १४ | ९३ | ६ | ९९ |

**मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा सन् २०१६ मा गैरराज्यपक्षबाट ८६ महिला सहित ५१ जना पीडित भएकामा सन् २०१७ मा ५३ महिलासहित ५५ जना पीडित भए। यो वर्ष राज्यपक्षबाट भएको मानव अधिकार उल्लङ्घनको घटनामा १४ जना पुरुष पीडित भए। सन् २०१६ मा राज्यपक्षबाट मानव अधिकार उल्लङ्घनका घटना अभिलेख भएको थिएन।**

### धम्की/कुटपिट

#### गैरराज्यपक्षबाट

मालारानी गाउँपालिका-८ निवासी नेकपा एमालेका कार्यकर्ता २७ वर्षीय कृष्ण पाण्डेलाई २०७४ जेठ १५ गते सोही ठाउँका नेकपा माओवादी केन्द्रका कार्यकर्ता २५ वर्षीय धार्मिक अर्याल, २६ वर्षीय श्याम थापा र २५ वर्षीय निराजन अर्यालको समूहले आक्रमण गरेको भन्दै पीडित पक्षले जेठ १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। जेठ १५ गते दिउँसो पीडित पाण्डे आफ्नो घरबाट सन्धिखर्क फर्कंदै गर्दा हसंपुर बामरुकमा स्थानीय तहको निर्वाचनको विषय र एमालेको राजनीति गरेको भन्दै उक्त समूहले कुटपिट गरेको पीडित पक्षले जानकारी दियो। पीडितको सोही दिन जिल्ला अस्पतालमा सामान्य उपचारपछि जेठ १६ काठमाडौं ट्रमा सेन्टरमा थप उपचार भयो। आरोपित तीनै जना फरार रहेकामा श्याम थापालाई प्रहरीले असार १ गते पक्राउ गऱ्यो। जिल्ला प्रशासन कार्यालयले असार ८ गते आरोपितलाई २९ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा हुने आदेश दियो। वर्षको अन्त्यसम्म अन्य दुई जना आरोपित फरार रहेको प्रहरीले जनायो। घटना यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

मालारानी गाउँपालिका-३ का माओवादी केन्द्रका कार्यकर्ता ३० वर्षीय नारायण खनाललाई २०७४ असार १४ गते एमाले कार्यकर्ताहरू सोही ठाउँका २४ वर्षीय सुभाष चौहान, २८ वर्षीय भानु खनाल, २५ वर्षीय सागर केसी, २१ वर्षीय अर्जुन खनाल, ३२ वर्षीय प्रदीप खनाल, २६ वर्षीय भीमबहादुर केसी, ४५ वर्षीय वीरबहादुर केसी, २४ वर्षीय शिवबहादुर केसी, २४ वर्षीय प्रकाश केसी, र २३ वर्षीय दीपक विकले स्थानीय तहको चुनाव अर्थात मतदानको दिन मतदाता परिचय पत्रको विषयमा विवाद भएपछि एमालेका कार्यकर्ताले कुटपिट गरेको भन्दै पीडित पक्षले १० जनाविरुद्ध असार १५ गते प्रहरीमा उजुरी दियो। पीडितको जिल्ला अस्पतालमा उपचार हुन नसकेपछि थप उपचारका लागि सोही दिन काठमाडौँ वीर अस्पताल लगियो। प्रहरीले असार १५ गते सुभाष चौहानलाई पक्राउ गऱ्यो भने जिल्ला प्रशासनले असार २५ गते ३५ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा गर्ने आदेश दियो। घटनाका अन्य आरोपितहरू यो वर्षको अन्त्यसम्म फरार रहेको जिल्ला प्रशासन कार्यालयले जानकारी दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

*कुटपिटबाट घाइते भएका कृष्ण पाण्डे*

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर, २२ कैदी र ११ थुनुवा गरी ३३ जना छन्। कारागारमा एक जना महिला छन्। कारागार २०७२ सालको भूकम्पका कारण चर्किएको छ। भवण जीर्ण भएकोले वर्षातको समयमा त्रास हुने कैदीबन्दी बताउँछन्।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ५० र फौजदारी ४३ गरी ९३ थान छन्। दुई वर्ष भन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय १६ आधारभुत र ७१ माबि गरी ३ सय ८७ विद्यालय छन्। जिल्लाभर २ हजार ४० शिक्षक दरबन्दी रहेकामा ५१ दरबन्दी रिक्त छ। यस वर्ष २३ हजार ७ सय ७८ बालक र २४ हजार ५ सय २४ गरी जम्मा ४८ हजार ३ सय २ बालबालिका भर्ना भए। जिल्लामा १ सय अपागइमैत्री विद्यालय छन्। दलितबाल बालिकाले पाउने छात्रावृत्ति रकम स्थानीय तहबाट वितरण हुने भएकाले छात्रावृत्ति वितरणको तथ्याङ्क नभएको जिल्ला शिक्षा कार्यालयले जानकारी दियो।*

*यस वर्ष बाल अधिकारका घटनामा तीन बालिका पीडित भए। गत वर्ष पाँच बालिका पीडित भएका थिए। गत वर्ष दुई जना बालिका बलात्कारका घटनामा पीडित भएका थिए भने यस वर्ष बलात्कारका घटनामा तीन जना बालिका पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| जम्मा | ३ | ३ |

### बलात्कार, यौन दुर्व्यवहार

आठ वर्षीया बालिकालाई २०७४ कात्तिक ११ गते १५ वर्षीय बालकले बलात्कार गरेको आरोपमा २०७४ कात्तिक १२ गते पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। सोही दिन प्रहरीले आरोपितलाई पक्राउ गऱ्यो। बालिकाको कात्तिक १२ गते जिल्ला अस्पताल, सन्धिखर्कमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतले कात्तिक २९ गते आरोपितलाई पुर्पपक्षका लागि थुनामा राख्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ८४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट, हेला गरेको, झैझगडाका ७२, खान/लाउन नदिएको ६, विवाह दर्ता र नागरिकता नबनाएको दुई, घरायसी झगडा चार*

*उजुरी छन्। जसमध्ये २२ जना सम्पर्कमा आएनन् भने ६२ उजुरीमा मिलापत्र गराएको सेवा केन्द्रले जनायो।*

*यो वर्ष बलात्कार एक, बलात्कार प्रयास दुई, बहुविवाह एक र घरेलु हिंसाबाट ८४ जना पीडित भए। बलात्कारपछि हत्या भएको एक घटना इन्सेकले अभिलेख गऱ्यो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| बलात्कार प्रयास | ३ | ३ |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | ८४ | ८४ |
| जम्मा | ८८ | ८८ |

**बलात्कारपछि हत्या**

२१ वर्षीया सुमित्रा नेपालीलाई २०७४ जेठ ३१ गते सन्धिखर्क नपा-२ का २२ वर्षीय रमेश वादीले बलात्कार तथा कुटपिट गरी घाइते अवस्थामा खेतमा फालेको भनी पीडित पक्षको सूचनाका आधारमा प्रहरीले आरोपितलाई असार १ गते गुल्मी जिल्ला गुल्मीदरबार गाउँपालिकाबाट पक्राउ गऱ्यो। पीडित पक्षले असार १ गते प्रहरीमा उजुरी दियो। घटनाको सूचनाको आधारमा प्रहरीले घटना भएकै दिन पीडितको घाइते अवस्थामा उद्दार गरी उपचारको लागि पाल्पा अस्पताल पठाएकोमा पीडितको उपचारककै क्रममा असार १ गते मृत्यु भयो। शवको सोही दिन जिल्ला अस्पतालमा पाल्पा पोष्टमार्टम भयो। आरोपितलाई जिल्ला अदालतले असार २५ गते पुर्पक्षको लागि थुनामा राख्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२५ वर्षीय महिलालाई २०७३ चैत ११ गते मालारानी गाउँपालिका मरेङ घर भई सन्धिखर्क नपा-१ मा व्यवसाय गर्ने ४४ वर्षीय पोमनारायण आचार्यले बलात्कार प्रयास गरेको आरोपमा पीडित पक्षले चैत १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १३ गते पक्राउ गऱ्यो। पीडितको २०७४ वैशाख १३ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको ०७४ वैशाख २८ गतेको आदेशले आरोपितलाई एक महिना कैद र २ हजार रुपियाँ जरिवानाको फैसला गऱ्यो।

## स्वास्थ्य सेवाको अवस्था

अर्घाखाँचीमा एउटा जिल्ला अस्पताल, ४२ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्ला अस्पतालमा चार डक्टरको दरबन्दी रहेकामा तीन कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। नर्सिङ स्टाफ ६ दरवन्दी रहेकोमा ६ जना कार्यरत छन्। जिल्ला अस्पतालको वार्षिक बजेट २ करोड ८३ लाख २६ हजार रुपियाँ रहेकामा औषधि खर्चबापत ४ लाख रुपियाँ छ।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | ३ |
| जम्मा | ३ | ३ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| बलात्कार | | | | १ | | १ |
| बलात्कार प्रयास | | १ | | १ | | २ |
| बहुविवाह | १ | | | | | १ |
| घरेलु हिंसा | | १ | ७२ | १ | १० | ८४ |
| जम्मा | १ | २ | ७२ | ३ | १० | ८८ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | २ | ४ |

# ५.६ पाल्पा

**जम्मा जनसङ्ख्या**
**२,५८,४२५**

**महिला**
**१,४६,०८७**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**२**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**४**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**५५,५१०**

**कामका लागि बाहिरिएका**
**३८,५०४**

**अपाङ्गता भएका**
**६,५३७**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७६.२**

**आश्रित जनसङ्ख्या**
**१,१०,५५७**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ८ | | ८ |
| महिला अधिकार | | | ४१ | | ४१ |
| गिरफ्तारी | २ | २ | | | |
| कुटपिट | | | १ | २ | ३ |
| हत्या | | | १ | | १ |
| जम्मा | २ | २ | ५१ | २ | ५३ |

**पाल्पामा गत वर्ष राज्यपक्षबाट भएका घटनामा दुई जना र गैरराज्यपक्षबाट भएका घटनामा १७ जना पीडित भएकामा यो वर्ष राज्यपक्षबाट दुई जना र गैरराज्यपक्षबाट ५३ जना पीडित भएका घटना अभिलेखित भए।**

## धम्की/कुटपिट

### गैरराज्यपक्षबाट

रामपुर नपा-४ का २९ वर्षीय ओमबहादुर खाँडको हत्याको विरोध गर्दै २०७४ भदौ १८ गते इलाका प्रहरी कार्यालय रामपुरमा स्थानीयबासीले गरेको प्रदर्शनका क्रममा स्थानीयले प्रहार गरेको ढुङ्गाबाट सोही प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार ३३ वर्षीय विक्रम विक, २९ वर्षीय प्रहरी जवान कृष्ण मल्ल र २९ वर्षीया प्रहरी जवान अमृता कोइरी घाइते भए। घाइते सबैको उपचार रामपुर अस्पतालमा भयो। आक्रोशित स्थानीयबासीले प्रहरी चौकीमा समेत आगजनी गरे। प्रदर्शनका कारण दिनभर रामपुर बजार बन्द भयो। प्रदर्शनलाई नियन्त्रणमा लिन प्रहरीले दुई सेल अश्रुग्यास समेत प्रहार गरेको थियो। ग्रामीण विकास बचत तथा ऋण सहकारी संस्था भलायटारमा कार्यरत ओमबहादुरको भदौ १७ गते धारिलो हतियार प्रहार गरी हत्या भएको थियो। हत्या घटनाका आरोपित कपिलवस्तु घर भई रामपुर नपा-४ बस्दै आएका २९ वर्षीय कृष्णकमल चौधरी, सोही ठाउँकी २२ वर्षीया गङ्गी थापा र सोही ठाउँकी २३ वर्षीया गुनकेशरी दर्लामीलाई प्रहरीले भदौ १८ गते पक्राउ गऱ्यो। जिल्ला अदालत पाल्पाको आदेशअनुसार भदौ १८ गते घटनाका आरोपित पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन। शवको पोष्टमार्टम भदौ १८ गते रामपुर अस्पतालमा भयो।

## कारागार र बन्दी

'ग' श्रेणीको पाल्पा कारागारको क्षमता ३ सय जनाको छ। तर कैद तोकिएका र नतोकिएका

गरी २ सय पुरुष र ६७ महिला बन्दी रहेका छन्। त्यस्तै तीन बालक र चार बालिका कारागारमा आश्रित रहेका छन्। महिला बन्दीलाई चार वर्ष अघि नयाँ भवनमा सारिएको छ भने पुरुष बन्दी भवन निर्माणमा ढिलाइ हुँदा पुरुष बन्दीहरू जोखिम मोलेर बस्न बाध्य छन्। २०७२ वैशाखको भूकम्पका कारण भत्किएका दुई वटा भवनको सामान्य मर्मत गरी बन्दीहरूलाई राखिएको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ७०, फौजदारीतर्फ १ सय ७ था मुद्दा रहेका छन्। दुई वर्ष भन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा २ सय ६६ प्रावि, ९८ आधारभुत र १ सय ३१ मावि छन्। जिल्लामा २ हजार ७ सय ९७ शिक्षक दरबन्दी रहेकोमा रिक्त छैनन। यस वर्ष २ हजार ८ सय ९६ बालक र २ हजार ९ सय ४४ बालिका भर्ना भए। त्यस्तै जिल्ला शिक्षा कार्यालयले १ हजार ७ सय ८५ दलित बालिका र १ हजार ७ सय १६ दलित बालकलाई छात्रवृत्ति वितरण गऱ्यो। ३ सय २५ वटा विद्यालयका नवनिर्मित भवन मात्रै अपाङ्गमैत्री छन्। बोटे समुदायका बालबालिकाका लागि सरकारले दिवा खाजा खर्च समेत उपलब्ध गराउँदै आएपनि खासै प्रभावकारी भएको छैन।*

*सन् २०१६ मा बालबालिकामाथि हुने हिंसाका घटनाबाट सात जना पीडित भएका घटना अभिलेख गरिएकामा यो वर्ष आठ बालिका पीडित भए। जसमध्ये बलात्कारबाट चार, यौन दुर्व्यवहारबाट तीन र विद्यालयमा शारीरिक दण्ड सजायबाट एक जना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ४ | ४ |
| विद्यालयमा शारीरिक सजाय | १ | १ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | ८ | ८ |

### बलात्कार, यौन दुर्व्यवहार

चार वर्षीया बालिकालाई २०७४ जेठ ४ गते रूपन्देही जिल्लाको गैँडहवा गाउँपालिका-४ घर भई रिब्दीकोट गाउँपालिकामा मोटर बाटोको काममा ज्याला मजदुरी गर्दै आएका १९ वर्षीय शिवकुमार तिवारीले यौन दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले जेठ ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ ४ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई जेठ ५ गते पक्राउ गरेकोमा दोषी ठहर गर्दै असार २६ गते अदालतले १० वर्ष कैद र ५० हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै महिला तथा बालबालिका सेवा केन्द्रमा ५९ महिलाले उजुरी दर्ता गराए। त्यसमा अधिकांश घटना आफ्नै पतिबाट, सासू र ससुराबाट पीडित भएका घटना छन्। ती घटनामध्ये ५४ घटनामा मिलापत्र भयो भने पाँच ओटा कानुनी प्रक्रियामा छन्। महिला तथा बालबालिका कार्यालयले आर्थिक अवस्था कमजोर भएका हिंसा पीडित महिलालाई आर्थिक सहयोग गर्नुका साथै न्यायिक प्रक्रियामा समेत सहयोग गर्दै आएको छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | ३९ | ३९ |
| जम्मा | ४१ | ४१ |

*गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा ६ जना पीडित भएकामा यो वर्ष ४१ जना पीडित भए। सन् २०१६ मा बलात्कारबाट दुई, बहुविवाह घटनाबाट तीन र बलात्कार प्रयासबाट एक जना पीडित भएका घटना अभिलेखित थिए भने यो वर्ष घरेलु हिंसाका कारण ३९ जना र बहुविवाहका कारण दुई जना पीडित भएका घटना अभिलेखित छन्। यस वर्ष परिवारजनबाट एक महिलाको हत्या भयो।*

### परिवारजनबाट हत्या

पूर्वखोला गाउँपालिका-५ की ४० वर्षीया सुकमाया परियारलाई २०७४ साउन २० गते ४५ वर्षीय पति रनवीर दमाइले घरायसी विववादका

क्रममा कोदालोले हानेर हत्या गरेको भन्दै प्रहरीले आरोपितलाई साउन २१ गते पक्राउ गऱ्यो। शवको जिल्ला अस्पताल, पाल्पामा साउन २१ गते पोष्टमार्टम भयो। जिल्ला अदालतको आदेश अनुसार आरोपित कात्तिक १२ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना/सम्पति क्षति

पाल्पा इञ्जिनियरिङ कलेजका विद्यार्थीले क्याम्पसमा प्रयोगात्मक सामग्रीको यथोचित व्यवस्था हुनुपर्ने लगायतका मागसहित गरेको चरणबद्ध आन्दोलनका क्रममा २०७४ पुस २ गते कलेज तोडफोड गरे। उनीहरूले माग पूरा नभएको भन्दै टायर बालेर प्रदर्शन गर्नुका साथै कम्प्युटर ल्याब र कलेजका भवनमा तोडफोड गरेका थिए। तोडफोडबाट झ्यालढोला, डेक्सबेञ्च, कम्प्युटर तथा भवनको भित्ता फुटेको कलेजले जनायो। तोडफोडमा संलग्न भएको भन्दै प्रहरीले नेविसङ्घका नेता प्रमोद अधिकारीलाई पुस २ गते पक्राउ गऱ्यो। विद्यार्थी र क्याम्पस प्रशासनबीच छलफल भएपछि अधिकारी पुस ३ गते रिहा भए।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्लास्तरीय आयुर्वेद स्वास्थ्य केन्द्र, दुई सरकारी अस्पताल र ६२ स्वास्थ्य चौकी छन्। जिल्लामा १६ डक्टरको दरबन्दी रहेकामा स्थायी र करार गरी दरबन्दी अनुसारका सबै कार्यरत छन्। १२ जना स्टाफ नर्सको दरबन्दी रहेकामा आठ जना कार्यरत छन्। ६ जना ल्याब असिस्टेन्टको दरबन्दी रहेकामा पाँच जना कार्यरत छन्। यसैगरी अहेव, हेल्थ असिष्टेन्ट, सिअहेवको दरबन्दी २ सय ४ रहेकामा १ सय ७९ जना कार्यरत छन्। १ सय ३३ जना अनमीको दरबन्दी रहेकामा १ सय २९ जना कार्यरत छन्। खोप सुपरभाइजर दुई, क्षयरोग/कुष्ठरोग सुपरभाइजर एक जना रहेका छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट १७ करोड ८१ लाख १८ हजार ९ सय ५८ रुपियाँ रहेकामा औषधि खरिदका लागि ४० लाख रुपियाँ छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | १ | ३ | ४ |
| विद्यालयमा शारीरिक सजाय | १ | | | १ |
| यौन दुर्व्यवहार | १ | १ | १ | ३ |
| जम्मा | २ | २ | ४ | ८ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बहुविवाह | | २ | २ |
| घरेलु हिंसा | ३५ | ४ | ३९ |
| जम्मा | ३५ | ६ | ४१ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

# ५.७ नवलपरासी पश्चिम

**जम्मा जनसङ्ख्या**
३,२१,७५३

**महिला**
१,६५,४२६

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
उपलब्ध भएन

**कामका लागि बाहिरिएका**
उपलब्ध भएन

**अपाङ्गता भएका**
उपलब्ध भएन

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७०.७६

**आश्रित जनसङ्ख्या**
उपलब्ध भएन

**नवलपरासी पश्चिममा यो वर्ष राज्यपक्षबाट ५५ जना र गैरराज्यपक्षबाट ८४ जना पीडित भएका घटना अभिलेखित छन्। यस जिल्लामा तीन नगरपालिका र चार गाउँपालिका रहेका छन्। यसै वर्ष नवलपरासीलाई दुई भागमा विभाजन गरिएको हो।**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | ५ | ५ | ४ | २ | ६ |
| बाल अधिकार | | | | ११ | २ | १३ |
| महिला अधिकार | | | | ५१ | | ५१ |
| भेला/सङ्गठित हुने अधिकार | | ४ | ४ | | | |
| जातीय विभेद | | | | | २ | २ |
| गिरफ्तारी | २ | ४८ | ५० | | | |
| कुटपिट | | | | | १ | १ |
| धम्की | | | | | २ | २ |
| हत्या | | | | ६ | ३ | ९ |
| जम्मा | २ | ५७ | ५९ | ७२ | १२ | ८४ |

## गोली/विष्फोटक पदार्थबाट घाइते

### गैररराज्यपक्षबाट

सुनवल नपा-३ स्थित पूर्व पश्चिम राजमार्गको सोमनाथ पुलमा २०७४ असार ११ गते नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताले राखेको बम विष्फोट हुँदा नेकपा माओवादी केन्द्रले आयोजना गरेको च्यालीका सहभागीलाई बोकेको लु १ ख ६७७३ नम्बरको बसमा सवार सोही नपा-१२ की ४४ वर्षीया मीना चौधरी, ४१ वर्षीया बेलाकुमारी कठरिया थारु, सोही ठाउँका १४ वर्षीय श्रीकान्त केवट, ४२ वर्षीय लेखनाथ सुवेदी, ४६ वर्षीया फुलकुमारी कठरिया थारु र ४२ वर्षीया पुनकुमारी चौधरी घाइते भए। घाइते सबैको रुपन्देहीस्थित लुम्बिनी अञ्चल अस्पतालमा उपचार भयो। घटनामा गम्भीर घाइते भएका लेखनाथ सुवेदीको भरतपुर मेडिकल कलेज चितवनमा थप उपचार भयो। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले सुनवल नपा-१३ का ५९ वर्षीय प्रेमप्रसाद ढकाल र सोही नपा-६ का ६५ वर्षीय पूर्णबहादुर

*बम विष्फोटनमा परी घाइते भएका श्रीकान्त केवट*

अस्पतालमा उपचार भयो। पीडितले ०७४ असार ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको भएपनि यस वर्षको अन्त्यसम्म घटनामा संलग्न कोही पक्राउ भएनन्।

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय ३० जनाको छ। १ सय ७९ जना कैदी र दुई सय थुनुवा गरी ३ सय ७९जना छन्। जसमा ६२ महिला छन्। कारागारमा चार जना आश्रित बालबालिका पनि छन्। कारागारमा नौ जना ज्येष्ठ नागरिक छन् भने २० जना विदेशी कैदी/बन्दी छन्।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

सरावल गाउँपालिका-६ घर भई स्थानीय तहको निर्वाचनमा सोही वडामा नेपाली काङ्ग्रेसका तर्फबाट अध्यक्ष पदका उम्मेदवार ५९ वर्षीय नन्दलाल तेली गुप्तालाई २०७४ असार ४ गते उम्मेदवारी दिएर घर फर्किने क्रममा पाँच/सात जनाको सङ्ख्यामा आएका अज्ञात व्यक्तिले बाटो छेकेर उम्मेदवारी फिर्ता लिन धम्की दिए। पीडित पक्षले असार ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। यस वर्षको अन्त्यसम्म घटनामा संलग्न कोही पक्राउ भएनन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा पाँच न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यो वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ६ सय ४५ र फौजदारीतर्फ ३ सय थान छन्। २ वर्षभन्दा पुराना मुद्दा छैनन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*बर्दघाट सुस्ता पश्चिममा प्रावि १ सय ६०, निमावि ६४, मावि ७३ र उमावि ३५ छन्। जसमा सामुदायिकमा २ सय ५ र संस्थागत तर्फ १ सय २७ रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार यस वर्ष जिल्लाका १९ हजार ५ सय नौ दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै ५८ जना सहिद परिवार र द्वन्द्वपीडित परिवारका बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*यो वर्ष ११ जना बालिका र दुई बालक पीडित भएको अभिलेख भयो। जसमध्ये बलात्कारबाट नौ, यौन दुर्व्यवहारबाट दुई, हत्या प्रयासबाट एक र बालविवाहबाट एक जना पीडित भए। यस वर्ष १४ वर्षीया एक बालिकालाई बाबु आमाले कुटपिट गरी हत्या गरेको घटना इन्सेकले अभिलेख गऱ्यो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| हत्याको प्रयास | १ | | १ |
| बालविवाह | १ | | १ |
| बलात्कार | ९ | | ९ |
| यौन दुर्व्यवहार | | २ | २ |
| जम्मा | ११ | २ | १३ |

#### परिवारजनबाट हत्या

पाल्हीनन्दन गाउँपालिका-२ की १४ वर्षीया उर्मिला यादवलाई २०७३ चैत ७ गते ४० वर्षीय बाबु शिवनाथ ऐर र ३५ वर्षीया आमा अमलावती ऐर यादवले हत्या गरी जलाएको भन्दै स्थानीयवासीले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। उर्मिला सोही ठाउँका एक युवासँग घर छोडेर भागेकी थिइन्। बाबु आमाले फिर्ता गरी घर ल्याएपछि कुटपिट गर्दा पीडितको मृत्यु भएको स्थानीयबासीले बताए। प्रहरीले चैत १२ गते आरोपित दुवैलाई पक्राउ गऱ्यो। जिल्ला अदालतको आदेश अनुसार आरोपित २०७४ वैशाख ८ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**बलात्कार, यौन दुर्व्यवहार**

६ वर्षीया बालिकालाई २०७४ वैशाख १८ गते सुनवल नपा-१२ का २० वर्षीय सुरज बिकले बलात्कार गरेको भन्दै पीडित पक्षले वैशाख २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २० गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई वैशाख २१ गते पक्राउ गरेकामा जिल्ला अदालतको आदेश अनुसार जेठ ८ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ६२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। यीमध्ये प्रहरीले १ सय ४४ वटामा मिलापत्र गरायो भने १२ उजुरी कानुनी प्रक्रियामा छन् भने ६ उजुरीका पीडित सम्पर्कमा आएनन्।*

*यो वर्ष ५१ जना पीडित भएका घटना अभिलेख भए। यो वर्ष घरेलु हिंसाका कारण ३३ जना, बेचबिखनबाट एक, बेचबिखन प्रयासबाट ६, बोक्सीको आरोपमा तीन, बहुविवाहका कारण दुई जना, बलात्कारबाट पाँच जना र बलात्कार प्रयासबाट एक जना पीडित भएका घटना अभिलेख भए। यस वर्ष दुई जना महिलाको परिवारजनबाट हत्या भयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखनको प्रयास | ६ | ६ |
| घरेलु हिंसा | ३३ | ३३ |
| बोक्सीको आरोप | ३ | ३ |
| बहुविवाह | ३ | ३ |
| बलात्कार | ५ | ५ |
| बलात्कार प्रयास | १ | १ |
| महिला बेचबिखन | १ | १ |
| जम्मा | ५१ | ५१ |

**परिवारजनबाट हत्या**

सुस्ता गाउँपालिका-३ की २८ वर्षीया जडावती मुसहरलाई २०७३ फागुन ७ गते ३२ वर्षीय पति मिन्नु मुसहरले सामान्य विवादका क्रममा मट्टितेल खन्याई आगो लगाए। उनको फागुन ८ गते लुम्बिनी अञ्चल अस्पतालमा उपचारका क्रममा मृत्यु भयो। मृतकका आफन्तले फागुन ८ गते इलाका प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले सोही दिन पक्राउ गरेकामा जिल्ला अदालतको आदेश अनुसार चैत ४ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**बेचबिखन प्रयास**

सिन्धुपाल्चोक जिल्लाका २० र १९ वर्षीया दुई किशोरीलाई २०७४ मङ्सिर ७ गते बर्दघाट नपा- १ का ४१ वर्षीय हरिबहादुर बिक र सोही नपा-४ निवासी ४३ वर्षीया राज कुमारी बिकले विनयी त्रिवेणी गाउँपालिकाको नेपाल भारत सीमा भैसालोटनबाट वैदेशिक रोजगारीका लागि लैजाने बहानामा भारतको मुम्बई बिक्रीका लागि लैजादै गर्दा प्रहरीले उद्दार गरी आरोपित दुवैजनालाई पक्राउ गऱ्यो। उद्दार गरिएका किशोरीलाई प्रहरीले आफन्तको जिम्मा लगायो। अदालतको आदेश अनुसार आरोपित पुस ४ गते पुर्पक्षको लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

४८ वर्षीया महिलालाई २०७३ पुस १७ गते बर्दघाट नपा-५ का २९ वर्षीय फर्सबहादुर चौधरीले बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन इलाका प्रहरी कार्यालय कावासोतीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस १७ गते जिल्ला अस्पतालमा भयो । प्रहरीले आरोपितलाई सोही दिन पक्राउ गरेकोमा २०७४ जेठ २९ गते पाँच वर्ष कैद र एक लाख पचास हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति दिनुपर्ने अदालतले फैसला सुनायो।

**सबै प्रकारका जातीय विभेद**

पाल्हीनन्दन गाउँपालिका-२ का २९ वर्षीय रामकरण हरिजनलाई छोरीको जन्म दर्ता गर्न गाविस गएको अवस्थामा २०७३ पुस २८ गते सोही ठाउँ घर भई वडा कार्यालय सहयोगी ४८ वर्षीय जङ्गली अहिर (यादव), रामग्राम नपा-४ घर भई सोही कार्यालयमा कार्यरत ४५ वर्षीय सचिव नन्दलाल कुमाल र सोही गाउँपालिका-४ घर भई वडा कार्यालयमा कार्यरत ४२ वर्षीय प्राविधिक जगरनाथ यादवले कार्यालय हाताभित्र चमार भनी अपमानजनक र विभेदकारी शब्द प्रयोग गरी कुटपिट गरेको भन्दै पीडित पक्षले पुस २९ गते

जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। घटनापछि फरार रहेका आरोपितमध्ये जङ्गलीलाई प्रहरीले माघ २६ गते पक्राउ गऱ्यो। प्रहरीले माघ २८ गते जिल्ला अदालतमा पेश गरेकोमा अदालतको आदेश अनुसार आरोपित माघ २८ गते १५ हजार रुपियाँ धरौटीमा रिहा भए। घटनाका आरोपित सचिव र प्राविधिक यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना/सम्पत्ति क्षति

नेकपा एमालेले निर्वाचन प्रचारप्रसारमा प्रयोग गरेको ६८४६ नम्बरको ट्रकमा २०७४ असार ७ गते राति अज्ञात समूहले आगजनी गऱ्यो। आगजनीबाट आंशिक रूपमा क्षति पुग्यो। पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म कोही पक्राउ भएनन्।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल, ६ प्राथमिक स्वास्थ्य केन्द्र र ६४ स्वास्थ्य चौकी छन्। १० जना डक्टरको दरबन्दी रहेकोमा सबै कार्यरत छन्। ८० जना हेल्थ असिस्टेन्टको दरबन्दी रहेकोमा तीन पद रिक्त छ। त्यसैगरी १ सय ९८ अहेव दरबन्दी मध्ये दुई जना रिक्त रहेको छ। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ४ करोड ९६ लाख ४५ हजार रुपियाँ छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्याको प्रयास | १ | १ |
| बालविवाह | १ | १ |
| बलात्कार | ९ | ९ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | १२ | १२ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएको | मिलापत्र | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | कानुनी दायरामा नल्याइएका | जम्मा |
| बेचबिखनको प्रयास | | | | ३ | | ३ |
| घरेलु हिंसा | | ३४ | ३ | ३ | २ | ३२ |
| बोक्सीको आरोप | | १ | | | | १ |
| बहुविवाह | | १ | | १ | | २ |
| बलात्कार | १ | | १ | ३ | १ | ५ |
| बलात्कार प्रयास | | | | १ | | १ |
| महिला बेचबिखन | | | | | १ | १ |
| जम्मा | १ | ३६ | ४ | १० | ४ | ४५ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | ७ | ८ |

# ५.८ रूपन्देही

**जम्मा जनसङ्ख्या**
**५,६०,४११**

**महिला**
**४,५५,८३६**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**५**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**१०**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१,५१,१७१**

**कामका लागि बाहिरिएका**
**६२,५०४**

**अपाङ्गता भएका**
**५,८५०**

**५ वर्षामाथिको साक्षरता प्रतिशत**
**६५.८**

**आश्रित जनसङ्ख्या**
**३,८४,६४३**

**रूपन्देहीमा गत वर्ष राज्यपक्षबाट भएका घटनामा एकजना र गैरराज्यपक्षबाट भएका घटनामा १ सय ४८ जना पीडित भएकामा यस वर्ष राज्यपक्षबाट २१ जना र गैरराज्यपक्षबाट ५ सय ४४ जना पीडित भए। अघिल्लो वर्ष गैरराज्यपक्षबाट भएका महिला अधिकार तथा बाल अधिकारका घटना धेरै रहेकामा सन् २०१७ मा पनि महिला अधिकार, बाल अधिकार हनन्का घटना धेरै रहे।**

## कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय भए पनि हाल कैदी १ सय ४ जना र बन्दी ३ सय ३० जना गरी जम्मा ४ सय ३४ जना कैदीबन्दी रहेका छन्। यस कारागारमा महिला कैदीबन्दी छैनन्। जिल्ला कारागारमा क्षमता भन्दा बढी कैदीबन्दी हुँदा सुत्न बस्न समेत कठिन र पालो कुरेर सुत्नु पर्ने बाध्यता छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा जिल्ला अदालत र उच्च अदालत तुल्सीपुर, बुटवल इजलास गरी दुई वटा अदालत छन्। जिल्ला अदालतमा सात जना न्यायाधीशको दरबन्दी रहेकामा ६ जना कार्यरत छन्। जिल्ला अदालतमा जम्मा मुद्दा सङ्ख्या ४ हजार ३ सय ४० मध्ये २ हजार ३ सय ८९ फैसला भएको र १

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | | ३८ | ५ | ४३ |
| महिला अधिकार | | | | ४९२ | | ४९२ |
| जातीय विभेद | | | | | १ | १ |
| गिरफ्तारी | १ | १० | ११ | | | |
| कुटपिट | ४ | ६ | १० | ३ | ४ | ६ |
| हत्या | | | | ३ | | ३ |
| जम्मा | ५ | १६ | २१ | ५३४ | १० | ५४४ |

हजार ९ सय ५१ फैसला हुन बाँकी छन्।

यसैगरी उच्च अदालत तुल्सीपुरको बुटवल, इजलासमा १२ जना न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। उच्च अदालतमा यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी तर्फ ४ सय पाँच र फौजदारीतर्फ ३ सय ३३ थान रहेका छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा सामुदायिक, संस्थागत र धार्मिक गरी तीन प्रकारका विद्यालय छन्। जसमा सामुदायिक विद्यालय प्रावि तहमा १ सय २८ , निमावि ९४, मावि ९२ र उच्च मावि ५० छन्। त्यस्तै संस्थागत विद्यालयहरूमा प्रावि १ सय २३ , निमावि ३०, मावि १ सय २८ र उच्च मावि ३१ रहेका छन्। धार्मिक विद्यालयहरूमा प्राविस्तरका १ सय १६, निमावि स्तरका ४ र मावि स्तरका दुई विद्यालय गरी कूल ७ सय ९८ वटा विद्यालय रहेका छन्। त्यस्तै शिक्षकको सङ्ख्या प्राविमा १ हजार ९ सय २८, निमावि स्तरमा ५ सय १५, माविस्तरमा ४ सय ३५, उच्च माविस्तरमा १ सय ६ गरी कुल २ हजार ९ सय ८४ जना रहेका छन्। जसमध्ये प्राविस्तरमा राहतमा ४ सय ३, अस्थायी २ सय ९५, निमाविस्तरमा राहतमा २ सय २४ र स्थायी ६९, माविस्तर राहतमा १ सय ६४ जना, अस्थायी ३८ जना र उच्च माविमा राहत ७२ जना र अस्थायी ३४ जना रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार रुपन्देहीमा हाल ७ हजार ६ सय ३२ जना बालबालिकाहरू विद्यालय बाहिर रहेका छन्।*

*रुपन्देहीमा यस वर्ष गैरराज्य पक्षबाट भएका विभिन्न घटनामा ३८ बालिका र ५ बालक गरी ४३ जना बालबालिका पीडित भए। जसमध्ये बालविवाह, बेचबिखन, बलात्कार तथा यौन दुर्व्यवहारका घटना रहेका छन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालबालिका बेचबिखन | ४ | ४ | ८ |
| बालविवाह | ३ | | ३ |
| बलात्कार | ३५ | | ३५ |
| यौन दुर्व्यवहार | ६ | १ | ८ |
| जम्मा | ३८ | ५ | ४३ |

*अघिल्लो वर्ष २८ बालिका पीडित भएको घटना अभिलेख गरिएको थियो।*

### बलात्कार, यौन दुर्व्यवहार

आठ वर्षीया बालिकालाई २०७४ साउन ९ गते बलात्कार गरेको आरोपमा प्रहरीले मकवानपुर जिल्ला भीमफेदी गाउँपालिका-१ स्थायी घर भई तिलोत्तमा नपा-३ सीमानगर बस्ने ३१ वर्षीय रवि खत्रीलाई २०७४ साउन १० गते पक्राउ गऱ्यो। पीडित पक्षले साउन १० गते प्रहरीमा उजुरी दिए। पीडित बालिकाको साउन १० गते नै लुम्बिनी अञ्चल अस्पताल बुटवलमा स्वास्थ्य परीक्षण भएको प्रहरीले जनायो। जिल्ला अदालतले मङ्सिर १४ गते आरोपितलाई दोषी ठहर गर्दै १० वर्ष कैद सजाय र पीडित पक्षलाई ५० हजार क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

### अमानवीय व्यवहार

१६ वर्षीया बालिकालाई २०७४ असार १९ गते बालिकाका बाबु सम्मरीमाई गाउँपालिका-६ का ४६ वर्षीय इन्नर यादव, १८ वर्षीय दाजु दिनेश यादव, ५५ वर्षीय माहिलो बाबु लालमोहन अहिर यादव, लालमोहनकी पत्नी केशमती यादवले अम्बाज इङ्लिस बोर्डिङ स्कुलका कम्प्युटर शिक्षक दिनेश लोधसँग प्रेमसम्बन्ध राखेको आरोपमा निर्घात कुटपिट गरे। पीडितलाई असार १९ गतेदेखि नै रोजगारीबाट समेत निकालिएको बोर्डिङका प्रिन्सिपल बजिउद्दिन मुसलमानले जानकारी दिए। मानव अधिकारकर्मीको टोलीले साउन ६ गते घटनाको अनुगमन गरेको थियो। टोलीसँग घटनास्थल वरपरका स्थानीयहरू बोल्न चाहेनन्। पीडित बालिकाले आफन्तलाई कारबाही नगर्न अधिकारकर्मी, पत्रकार र प्रहरीलाई अनुरोध गरेकी थिइन्।

कुटपिट गरेको आरोपमा परिवारका सदस्य र कुटपिटमा सघाउ पुऱ्याएको भन्दै २५ वर्षीय पशुपति कोइरी, १८ वर्षीय भुल्लर कुर्मी, दयानन्द यादव, प्रभुपति कोइरी, १८ वर्षीय जिल्फा केवट, ३५ वर्षीय मोहन यादव र २५ वर्षीय बग्गी अहिर यादवविरुद्ध साउन ६ गते प्रहरीले ज्यान मार्ने उद्योगमा मुद्दा दायर गऱ्यो। आरोपितहरूमध्ये बालिकाका बुबा इन्नर यादवलाई साउन ६ गते प्रहरीले पक्राउ गऱ्यो। घटनाका अन्य आरोपित भने यो वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो। आरोपित इन्नर यादव

जिल्ला अदालतको साउन ३२ गतेको आदेशले पुर्पक्षका लागि थुनामा छन्। आफू मातहत रहेको इलाकामा घटना भए पनि माथिल्लो निकायलाई जानकारी नगराएको आरोपमा इलाका प्रहरी कार्यालय मर्चवारका प्रमुख इन्स्पेक्टर उदयसिंह सिंजापतिलाई साउन ६ गते जिल्ला प्रहरी कार्यालय, सुर्खेत सरुवा गरिएको जिल्ला प्रशासन कार्यालयले जनायो। पीडितद्वयको अमुवा स्वास्थ केन्द्र मजगावाँमा उपचार भयो। उपचारपछि इलाका प्रहरी कार्यालय, मर्चवारमा भएको छलफलमा पीडित र आरोपित दुवै पक्षबीच आगामी दिनमा मिलेर बस्ने सहमति भयो। सो घटनापछि पीडित दिनेश लोध शिक्षणका लागि पुन: विद्यालय गएनन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यस वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय २८ जना महिलाहरूले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका, खान लगाउन नदिएको, गालीगलौज, धम्की र बहुविवाहका रहेका छन्। दर्ता भएका घरेलु हिंसाका घटना मध्ये १ सय ८५ ओटा घटनाहरूमा मिलापत्र भएको र बाँकी घटनामध्ये केही कानुनी प्रक्रियाका लागि र के ही सम्पर्कमा नआएको तथा अन्य सम्बन्धित निकायमा गएको महिला तथा बालबालिका सेवा केन्द्रले जनायो।*

*यस वर्ष गैरराज्यबाट भएका विभिन्न घटनामा परेर ४ सय ९२ जना महिला पीडित भए। अघिल्लो वर्ष १ सय ७ जना महिला पीडित भएको अभिलेख गरिएको थियो। यस वर्ष अभिलेख भएका घटनामा घरेलु हिंसाका घटनामा ४ सय २३ जना, बेचबिखनको प्रयासमा घटनामा ४३ जना, बोक्सीको आरोपमा दुईजना, बहुविवाहका घटनामा १० जना, बलात्कारका घटनामा सात, बलात्कार प्रयासका घटनामा एक, यौन दुर्व्यवहाका घटनामा पाँच, बेचबिखनका घटनामा एक जना पीडित भए।*

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

अपाङ्गता भएकी ४२ वर्षीया महिलालाई २०७३ पुस २१ गते बुटवल उमनपा-१२ का २७ वर्षीय सुरज चौधरीले बलात्कार प्रयास गरेको आरोपमा गाउँलेले सोही दिन प्रहरीमा उजुरी दिए। आरोपितलाई प्रहरीले सोही दिन पक्राउ गऱ्यो। पीडित महिलाको पुस २१ गते नै लुम्बिनी अञ्चल अस्पताल, बुटवलमा स्वास्थ्य परीक्षण भएको प्रहरीले जनायो। जिल्ला अदालतले २०७४ जेठ ७ गते आरोपितलाई दोषी ठहर गर्दै पाँच वर्ष कैद सजायको फैसला सुनायो।

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखनको प्रयास | ४३ | ४३ |
| बोक्सीको आरोप | २ | २ |
| बलात्कार | ७ | ७ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | १० | १० |
| महिला बेचबिखन | १ | १ |
| घरेलु हिंसा | ४२३ | ४२३ |
| यौन दुर्व्यवहार | ५ | ५ |
| जम्मा | ४९२ | ४९२ |

**बोक्सीको आरोपमा कुटपिट**

गैडहवा गाउँपालिका-४ की ५८ वर्षीया मालती केवटलाई २०७३ माघ २९ गते सोही गाउँपालिका- ७ का ५० वर्षीय रामनयन लोध र ३५ वर्षीय विनोद लोधले बोक्सी भएर आफ्ना परिवारका सदस्य बिरामी बनाएको भन्दै कुटपिट गरेको आरोपमा पीडित पक्षले सोही दिन इलाका प्रहरी कार्यालय सूर्यपुरवामा उजुरी दियो। आमालाई कुटपिट गरेको देखी छुट्टयाउन गएकी पीडितकी छोरी ३५ वर्षीया आरती केवटलाई समेत आरोपितले कुटपिट गरेका थिए। पीडितहरूको भीम अस्पताल, भैरहवामा उपचार भयो। प्रहरीले आरोपितद्वयलाई फागुन २४ गते पक्राउ गरी एक घण्टामै रिहा गरेको पीडित पक्षले बतायो। आरोपितद्वय रिहा भएपछि पीडितपक्षले स्थानीय सञ्चारमाध्यम मार्फत घटना सार्वजनिक गरे। स्थानीय सञ्चारकर्मीहरूको सहयोगमा सो घटना फागुन ४ गते जिल्ला प्रहरी कार्यालय, रुपन्देहीमा दर्ता भयो। सोही दिन पुन: पक्राउ भएका आरोपितहरूलाई जिल्ला अदालतले फागुन १८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएकामा २०७४ जेठ २३ गते १० हजार रुपियाँ धरौटीमा रिहा भए। वर्षको अन्त्यसम्म यस मुद्दाको फैसला भएन।

### सबै प्रकारका जातीय विभेद

गैडहवा गाउँपालिका-३ का ३४ वर्षीय रामकिशोर हरिजनलाई दलित भएकै कारण पटक-पटक छुवाछूतको नाममा धम्की दिने गरेको र २०७४ असोज २० गते नजिकै रहेको सहकारीमा मल लिन गएका बखत 'तँ दलित किन लाइनमा बसेको ?' भनी गाली बेइज्जती गरी हातपात गरेको भन्दै पीडितले सोही ठाउँका ४५ वर्षीय मोहनप्रसाद यादव र १८ वर्षीय राजु भन्ने निरज यादवविरूद्ध असोज २० गते जिल्ला प्रहरी कार्यालय, रुपन्देहीमा उजुरी दिए। आरोपित फरार रहेको र खोजी भइरहेको प्रहरीले जनायो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

#### भौतिक संरचना / सम्पत्ति क्षति

सिद्धार्थनगर नपा-९, अन्नपूर्ण टोल बस्ने २१ वर्षीय सौरभ गुरुङले २०७३ फागुन २९ गते मधेशी मोर्चाले आह्वान गरेको बन्दको अवज्ञा गरेको आरोपमा उनी सवार लु १५ प ७५५८ नम्बरको स्कुटर मायादेवी गाउँपालिका-४ रमवापुर चोकमा मोर्चाका कार्यकर्ताले जलाउनुका साथै निर्घात कुटपिट गरेको पीडितले बताए। कुटपिटबाट दाहिने हातको बुढीऔला भाँचिएका पीडितको भीम अस्पताल, भैरहवामा फागुन २९ गते उपचार भयो। घटनामा संलग्न रहेको आरोपमा सङ्घीय समाजवादी फोरमका केन्द्रीय सदस्य मायादेवी गाउँपालिका-५ का ३३ वर्षीय बसिउद्धिन खाँ, सोही गाउँपालिका-४ का २२ वर्षीय राजकुमार यादव, ४० वर्षीय नजामुद्धिन मुसलमान र सम्मरीमाई गाउँपालिका-१ का ४४ वर्षीय जमालुद्धिन मुसलमानलाई मायादेवी गाउँपालिका-४ बाट फागुन २९ गते प्रहरीले पक्राउ गऱ्यो। पीडितलाई एक लाख ७५ हजार खर्च रुपियाँ क्षतिपूर्ति बुझाएर घटनाका सबै आरोपितहरू चैत १२ गते रिहा भएको जिल्ला प्रहरी कार्यालयले जनायो।

### स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा एक अञ्चल आयुर्वेद अस्पताल, एक अञ्चल अस्पताल र एक जिल्ला अस्पताल गरी तीन ओटा सरकारी अस्पताल छन्। त्यस्तै दुई ओटा मेडिकल कलेज र आठ ओटा निजी अस्पताल छन्। जिल्लामा ६४ स्वास्थ चौकी, पाँच प्राथमिक स्वास्थ चौकी, एक शहरी स्वास्थ्य केन्द्र, ११ नगर स्वास्थ्य केन्द्र, दुई सामुदायिक स्वास्थ्य इकाइ केन्द्र रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा पाँच जना डक्टरको दरबन्दी रहेकामा चार जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार कार्यालयको वार्षिक बजेट ४ करोड ७२ लाख रुपियाँ र औषधि खर्च ६० लाख रुपियाँ छ। त्यस्तै लुम्बिनी अञ्चल अस्पताल, बुटवलमा डक्टरको दरबन्दी ९८ जना रहेकोमा हाल ७५ जना कार्यरत छन्।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालबालिका बेचबिखन | | | ३ | ३ |
| बालविवाह | | | २ | २ |
| बलात्कार | २ | ४ | १९ | २५ |
| यौन दुर्व्यवहार | १ | | ७ | ८ |
| जम्मा | ३ | ४ | ३१ | ३८ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएको | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखनको प्रयास | २ | | | | १७ | १९ |
| बोक्सीको आरोप | | १ | | | | १ |
| बलात्कार | १ | | | | ६ | ७ |
| बलात्कार प्रयास | | | | | १ | १ |
| बहुविवाह | | १ | ३ | १ | ५ | १० |
| महिला बेचबिखन | १ | | | | | १ |
| घरेलु हिंसा | ३ | १३ | ३९७ | ९ | १ | ४३३ |
| यौन दुर्व्यवहार | | १ | | | ४ | ५ |
| जम्मा | ७ | १६ | ४०० | १० | ३४ | ४६७ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | २ |

# ५.९ कपिलवस्तु




**जम्मा जनसङ्ख्या**
**६,२२,५५५**

**महिला**
**३,१०,३६१**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**३**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**६**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**२,०१,७७२**

**कामका लागि बाहिरिएका**
**२५,७५२**

**अपाङ्गता भएका**
**७,३३३**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५४.५**

**आश्रित जनसङ्ख्या**
**२,७७,८३४**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | ३ | ७ | १० |
| बाल अधिकार | | | | १४ | १ | १५ |
| महिला अधिकार | | | | १९८ | | १९८ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | १ | १५ | १६ | | | |
| जातीय विभेद | | | | ३ | १ | ३ |
| गिरफ्तारी | ३ | ३५ | ३८ | | | |
| कुटपिट | | | | १ | | १ |
| हत्या | | | | ४ | १ | ५ |
| जम्मा | ४ | ५० | ५४ | ३३३ | १० | ३३३ |

**कपिलवस्तुमा गत वर्ष गैरराज्यपक्षबाट भएका घटनामा २७ जना पीडित भएकामा यो वर्ष राज्यपक्षबाट ५४ जना र गैरराज्यपक्षबाट २ सय ३२ जना पीडित भएका घटना अभिलेखित भए। नेपाली काङ्ग्रेस र माओवादी केन्द्रको संयुक्त प्यानलका उम्मेदवारहरू स्थानीय तह निर्वाचनका लागि उम्मेदवारी गर्ता गराउन जाने क्रममा वाणगङ्गा नपा-४ गजेडहामा अज्ञात समूहले साइकलमा राखेको टाइम बम विष्फोट हुँदा सात महिने बालिकासहित १० जना घाइते भएको घटना पनि अभिलेख भयो।**

### गोली/विष्फोटक पदार्थबाट घाइते
### गैरराज्यपक्षबाट

वाणगङ्गा नपा-४ गजेडहामा अज्ञात समूहले साइकलमा राखेको टाइम बम विष्फोट हुँदा सोही नपा-७ का ३८ वर्षीय लालबहादुर थारू, सोही ठाउँका ४५ वर्षीय शेषराज गुप्ता, सोही नपा-५ का २२ वर्षीय विजय थारू, सोही ठाउँका २४ वर्षीय कमलेशप्रसाद लोनिया, ५० वर्षीय विजय थारू, सोही नपा-९ की २२ वर्षीया सुशीला गुरूङ, उनकी सात महिने छोरी मिनाक्षी गुरूङ, सोही ठाउँका २४ वर्षीय रूपलाल गुरूङ, २८ वर्षीय साबुदिन मनिहार र सोही नपा-४ का ६० वर्षीय चमकला पौडेल घाइते भए। घाइतेको अञ्चल अस्पताल बुटवलमा उपचार भयो। वाम गठबन्धनका उम्मेदवारहरू २०७४ असार ४ गते दिउँसो स्थानीय तह निर्वाचनका लागि उम्मेदवारी गर्ता गराउन जाने क्रममा सो विष्फोट भएको थियो। यस वर्षको अन्त्यसम्म घटनामा संलग्न पक्राउ भएनन्।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ३ सय जनाको छ। तर २ सय २५ कैदी र ९१ थुनुवा गरी ३ सय १६ जना छन्। जसमध्ये एक जना महिला छन्। कारागारमा आश्रित बालबालिका छैनन्। ६५ वर्षमाथिका १३ जना पुरुष रहेका छन्। बन्दी तथा कैदीलाई नयाँ कारागारमा सारिएको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा तीन न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ८ सय ३६ र फौजदारीतर्फ ३ सय ७९ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी सात र फौजदारी चार थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ७६ प्रावि, ७८ निमावि, ७७ मावि छन्। १ हजार ९ सय ८५ शिक्षक दरबन्दी रहेकामा ३९ दरबन्दी रिक्त छ। यस वर्ष ६९ हजार ३ सय २५ बालक र ६६ हजार १ सय २ बालिका भर्ना भए। जिल्लामा ३ सय ६५ अपाङ्गमैत्री विद्यालय छन्। १० हजार ८ सय २३ दलित बालक र १० हजार ६५ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका ७० बालबालिकालाई पनि छात्रवृत्ति दिइएको जिल्ला शिक्षा कार्यालयको जनायो।*

*सन् २०१६ मा बालबालिकामाथि हुने हिंसाका घटनाबाट पाँच जना पीडित भएका घटना अभिलेख गरिएकामा यो वर्ष १४ बालिका र एक बालक पीडित भए। जसमध्ये बलात्कारबाट १०, यौनदुर्व्यवहारबाट तीन, नवजात शिशुको हत्या एक र बेचबिखनबाट एक जना पीडित भए। यस वर्ष ६ वर्षीया एक बालिकालाई बलात्कारपछि हत्या भएको घटना अभिलेख भयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालबालिका बेचबिखन | १ | | १ |
| बलात्कार | १० | | १० |
| नवजात शिशुको हत्या | १ | | १ |
| यौन दुर्व्यवहार | ३ | १ | ३ |
| जम्मा | १४ | १ | १५ |

### बलात्कारपछि हत्या

शिवराज नपा-१० की ६ वर्षीया बालिकालाई २०७३ फागुन ३ गते सोही ठाउँका १८ वर्षीय भीमबहादुर कुँवरले बलात्कारपछि हत्या गरेको भन्दै पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितले बालिकालाई फागुन २ गते साँझ ७ बजे घरबाट अपहरण गरेकोमा फागुन ३ गते बिहान ७ बजे घरदेखि पाँच सय मिटर टाढा खोलामा बलात्कारपछि हत्या गरेको अवस्थामा शव फेला परेको प्रहरीले जनायो। प्रहरीले आरोपितलाई फागुन ३ गते पक्राउ गरेकोमा दोषी ठहर गर्दै जिल्ला अदालतले २०७४ वैशाख १० गते सर्वस्वसहित जन्म कैद तथा पीडित परिवारलाई महिला तथा बालबालिका कार्यालयमार्फत एक लाख क्षतिपूर्ति दिनुपर्ने फैसला सुनायो। अदालतको फैसला अनुसार यस वर्षको अन्त्यसम्म पीडितका परिवारले क्षतिपूर्ति रकम पाएनन्। शवको पोष्टमार्टम जिल्ला अस्पताल तौलिहवामा फागुन ३ गते भयो।

### बलात्कार, यौन दुर्व्यवहार

११ वर्षीया एक बालिकालाई २०७३ फागुन १२ गते महाराजगञ्ज नपा-१० का २० वर्षीय सद्दाम पठानले बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन प्रहरी चौकी हरदौनामा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल, तौलिहवामा फागुन १२ गते भयो। बालिकालाई आरोपितले यौन दुर्व्यवहार गरेको भन्दै आक्रोशित बालिकाका आफन्त र गाउँलेले फागुन १२ गते आरोपितको घरमा आगजनी गरेका थिए। प्रहरीले आरोपितलाई फागुन १२ गते पक्राउ गरेकोमा जिल्ला अदालतको आदेश अनुसार चैत ८ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय ११ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १५, खान/लाउन नदिएको ९१, विवाह दर्ता र नागरिकता नबनाएको १७, अर्की पत्नी ल्याएर हेला गरेको तीन र सामान्य घरायसी झगडाका ८५ घटना दर्ता भएका छन्। यीमध्ये प्रहरीले १ सय ५६ वटामा मिलापत्र गरायो भने ४५ उजुरी कानुनी प्रक्रियामा छन्। उजुरी दिएका मध्ये १० जना पीडित सम्पर्कमा नआएको सेवा केन्द्रले जनायो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखनको प्रयास | ३ | ३ |
| बलात्कार | ५ | ५ |
| बलात्कार प्रयास | ४ | ४ |
| बहुविवाह | २ | २ |
| महिला बेचबिखन | १ | १ |
| घरेलु हिंसा | १८३ | १८३ |
| जम्मा | १९८ | १९८ |

*गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा सात जना पीडित भएकामा यो वर्ष १ सय ९८ जना पीडित भएका घटना अभिलेख भए। सन् २०१६ मा घरेलुहिंसाबाट एक, बलात्कारबाट दुई र महिला बेचबिखनबाट चार जना पीडित भएका घटना अभिलेखित थिए भने यो वर्ष घरेलु हिंसाका कारण १ सय ८३ जना, बेचबिखनबाट एक, बेचबिखन प्रयासबाट तीन, बहुविवाहका कारण दुई जना, बलात्कारबाट पाँच जना र बलात्कार प्रयासबाट चार जना पीडित भएका घटना अभिलेखित छन्।*

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२२ वर्षीया महिलालाई २०७३ फागुन १३ गते बाणगङ्गा नपा- ९ का ५० वर्षीय रुपनारायण थारुले सार्वजनिक स्थलमा बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय पिपरामा फागुन १५ गते उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १५ गते पक्राउ गऱ्यो। पुर्पक्षका लागि चैत ९ गते कारागार चलान भएका आरोपितलाई अदालतले दोषी ठहर गर्दै २०७४ वैशाख २४ गते दुई वर्ष ६ महिना कैद सजायको फैसला सुनायो।

**परिवारजनबाट हत्या**

कपिलवस्तु नपा-१० की २३ वर्षीया पुनिता पासीलाई २०७३ पुस २२ गते २५ वर्षीय पति रामशंकर पासीले घरायसी झगडाका क्रममा हत्या गरेको आरोपमा प्रहरीले २०७३ पुस २४ गते आरोपितलाई पक्राउ गऱ्यो। पीडित पक्षले आरोपितका विरूद्ध ०७३ पुस २२ गते प्रहरीमा उजुरी दिए। शवको पोष्टमार्टम पुस २२ गते जिल्ला अस्पताल तौलिहवामा भयो। जिल्ला अदालत कपिलवस्तुले २०७४ वैशाख ७ गते सर्वस्व सहित जन्मकैदको फैसला गरेको जिल्ला अदालत कपिलवस्तुले जनायो।

**घरेलु हिंसा**

कपिलवस्तु नपा-६ तिलौराकोटकी ३५ वर्षीया मजार्दी मुराउलाई ४० वर्षीय पति रामलाल मुराउले २०७४ कात्तिक ७ गते बेलुकी घरमै निर्घात कुटपिट गर्दा गम्भीर घाइते भइन्। पाँच वर्षअघि घर छोडेर गएका पतिले घर आएको दिन नै पत्नीमाथि अनावश्यक लान्छना लगाउँदै संवेदनशील अङ्गमा समेत निर्घात कुटपिट गरेको पीडित पक्षको भनाइ छ। सोही दिन पीडित पक्षले प्रहरीलाई खबर गरी घटनाको जानकारी गरायो। पत्नी कुटपिट गर्ने मुराउलाई प्रहरीले कात्तिक ८ गते पक्राउ गरेको थियो। पतिको कुटपिटबाट गम्भीर घाइते भएकी पीडितको उपचार जिल्ला अस्पताल, तौलिहवामा भयो। जिल्ला प्रहरी कार्यालय, स्थित महिला तथा बालबालिका सेवा केन्द्रमा कात्तिक १४ गते भएको छलफलमा आरोपितले गल्ती नदोहोऱ्याउने भनेर प्रतिबद्धता गरे पछि पीडित र आरोपित पक्षबीच मिलापत्र भएको जिल्ला प्रहरी कार्यालय, कपिलवस्तुले जनायो।

**बेचबिखन तथा ओसारपसार प्रयास**

२४ वर्षीया युवतीलाई दलालले दिल्लीको एक होटलमा पुऱ्याई छाडेर भागेपछि एक महिना देखि होटलमा नजरबन्दमा रहेकी किशोरीको शान्ति पुनस्थापना गृह कृष्णनगरले २०७४ जेठ ३ गते उद्धार गरी नेपाल ल्यायो। सौतेनी आमाको यातना सहन नसकी विदेश जान निधो गरी दलाललाई ४ लाख रुपियाँ बुझाई सिंगापुर जाने भनी वैशाख ४ गते दिल्ली पुऱ्याइएकी युवतीलाई दलालले छाडेर भागेपछि होटलको नजरबन्दमा बस्दै आएकोमा इन्टरनेटबाट आफू नजरबन्दमा रहेको जानकारी कतार बस्ने आफ्ना फुपाजुलाई गराएकी थिइन्। किशोरीको फुपाजुले अधिकारकर्मी देवेन्द्र भट्टराईलाई किशोरीको बारे जानकारी गराएका थिए। देवेन्द्र भट्टराईको सूचनाका आधारमा शान्ति पुनस्थापना गृहमा जानकारी प्राप्त भएको र गृहका संयोजक भुमिराज भट्टराई र नानुमया भट्टराई उद्धारका लागि दिल्ली पुगी जेठ २ गते युवतीको उद्धार गरेका थिए। पीडितलाई हेल्पस देहरादुन नामक संस्थाका संयोजक विशाल थापाको सहयोगमा दिल्लीको पहाडगञ्जस्थित स्वीट ड्रिम इन होटलाट उद्दार गरिएको थियो। किशोरीलाई नजरबन्दमा होटलभित्र राख्ने संचालकलाई भारतीय प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान अगाडि बढाएको प्रहरीले जनायो। युवतीलाई बाग्लुङ जिल्ला

घर भएकी ४४ वर्षीया सबिना सेखले सिंगापुर पठाउने भन्दै भारतको दिल्ली पुऱ्याएको पीडितले बताइन्। आरोपित सविना यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो।

### सबै प्रकारका जातीय विभेद

बुद्धभूमि नपा-५ का ५१ वर्षीय सन्तबहादुर सुनार, उनकी बुहारी २५ वर्षीया सुष्मा सुनार र १६ वर्षीया छोरी अन्जना सुनारलाई २०७३ माघ २७ गते साँझ उसिनेको अण्डा बेचेको भन्दै सोही ठाउँका ३३ वर्षीय चुमानसिंह जिसीले कुटपिट तथा गालीगलौज गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय गोरुसिङ्गेमा फागुन ५ गते उजुरी दियो। प्रहरीले फागुन ६ गते आरोपितलाई पक्राउ गरी जातीय विभेदविरुद्ध मुद्दा दर्ता गरेकामा जिल्ला अदालतको आदेश अनुसार फागुन २९ गते तारेखमा हाजिर हुने गरी रिहा भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन अस्पताल, ७३ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा ११ डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी एक जना रहेकामा एक जना कार्यरत छन्। अहेवको २ सय १९ दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस्तै अनमीको १ सय ४६ जना दरबन्दी रहेकोमा सबै कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २५ करोड ५० लाख र औषधि खर्चबापतको रकम ९० लाख रुपियाँ रहेको छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालबालिका बेचबिखन | | | १ | १ |
| बलात्कार | ४ | १ | ५ | १० |
| नवजात शिशुको हत्या | १ | | | १ |
| यौन दुर्व्यवहार | | १ | २ | ३ |
| जम्मा | ५ | २ | ८ | १५ |

| महिला अधिकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएको | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखनको प्रयास | | | | | | २ | २ |
| बलात्कार | २ | | | | | ३ | ५ |
| बलात्कार प्रयास | | | १ | | | ३ | ४ |
| बहुविवाह | | | | १ | | १ | २ |
| महिला बेचबिखन | १ | | | | | | १ |
| घरेलु हिंसा | १ | ३ | | १६१ | १७ | १ | १८३ |
| जम्मा | ४ | ३ | १ | १६२ | १७ | १० | १९७ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | २ | १ | ५ |

# ५.१० दाङ




**जम्मा जनसङ्ख्या**
**५,४३,७५७**

**महिला**
**३,१८,६३०**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**३**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**६**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१,३७,२५५**

**कामका लागि बाहिरिएका**
**४३,१६०**

**अपाङ्गता भएका**
**१२,८८१**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५६.८**

**आश्रित जनसङ्ख्या**
**२,४७,३६८**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | ३ | ५ | ८ |
| बाल अधिकार | | | | १९ | १ | २० |
| अमानवीय व्यवहार | | १ | १ | | ३ | ३ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | १ | | १ |
| महिला अधिकार | | | | ७१ | | ७१ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | ३ | ३ | | | |
| गिरफ्तारी | | ३३ | ३३ | | | |
| हिरासत वा थुनामा मृत्यु | | १ | १ | | | |
| यातना | १ | | १ | | | |
| कुटपिट | | १ | १ | ३ | ११ | १३ |
| धम्की | | | | | १ | १ |
| हत्या | | | | ३ | ३ | ५ |
| जम्मा | १ | ३७ | ३८ | ९९ | ३३ | १३१ |

**दाङमा गत वर्ष १ सय ४० जना पीडित भएकोमा यो वर्ष राज्यपक्षबाट ३८ जना सहित १ सय ४५ जना पीडित भएका घटना अभिलेखित भयो। यस वर्ष सबै भन्दा बढी महिला अधिकारबाट ७१ जना पीडित भए भने बाल अधिकारबाट २० जना पीडित भए। नेपाली काङ्ग्रेस दाङले २०७४ मङ्सिर १२ गते तुलसीपुरमा आयोजना गरेको चुनावी सभा नजिकै अज्ञात समूहले बम विष्फोट गराउँदा सुरक्षार्थ खटिएका म्यादी प्रहरी विनोद चौधरीको मृत्यु भयो भने उक्त घटनामा अन्य आठ जना घाइते भए।**

## नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार

### बम विष्फोटमा परी मृत्यु

नेपाली काङ्ग्रेस दाङले २०७४ मङ्सिर १२ गते तुलसीपुरमा आयोजना गरेको चुनावी सभा नजिकै अज्ञात समूहले बम विष्फोट गराउँदा सुरक्षार्थ खटिएका एक म्यादी प्रहरीसहित नौ जना घाइते भए। विष्फोटमा तुलसीपुर उपमनपा-१२ का म्यादी प्रहरी २३ वर्षीय विनोद चौधरी, बबई गाउँपालिका-६ का ३६ वर्षीय नेपबहादुर खत्री, सोही ठाउँकी १८ वर्षीया सुनीता चौधरी, शान्तिनगर गाउँपालिका-२ का ५० वर्षीय हिमलाल रामजाली, तुलसीपुर उमनपा-७ की २२ वर्षीय जेनी डिसी, तुलसीपुर उमनपा-१७ का ४० वर्षीय वोमराज सुनार, तुलसीपुर उमनपा-१२ का म्यादी प्रहरी १९ वर्षीय विनोद चौधरी (ख), ढोरचौर गाउँपालिका-२ सल्यानका ४५ वर्षीय नरभूमि बुढाथोकी र बागचौर नपा-२ सल्यानकी ४० वर्षीया देवा डिसी घाइते भए। घाइतेमध्ये म्यादी प्रहरी विनोद चौधरी र सर्वसाधारण जेनी डिसी, देवा डिसी

*बम विष्फोटनमा परी मृत्यु भएका म्यादी प्रहरी विनोद चौधरी*

र नेपबहादुर खत्रीलाई थप उपचारकालागि सोही दिन राति नेपालगञ्ज रिफर गरियो। खुट्टा, पेटमा गम्भीर चोट लागेका म्यादी प्रहरी विनोद चौधरीको कोहलपुर शिक्षण अस्पतालमा उपचारको क्रममा मङ्सिर १३ गते बिहान मृत्यु भयो। गम्भीर घाइते जेनी डीसी र देवा डीसीको थप उपचार काठमाडौँमा भयो भने नेपबहादुर खत्रीको युनाइटेड अस्पताल नेपालगञ्जमा उपचार भयो। गम्भीर घाइते तीनै जना उपचारपछि घर फर्किसकेको प्रहरीले जनायो। अन्य पाँच जना राप्ती अञ्चल अस्पतालमा उपचार पछि मङ्सिर १३ गते नै डिस्चार्ज भए। यस वर्षको अन्त्यसम्म घटनाको कुनै पक्षले जिम्मेवारी लिएन। नेपाल सरकारले दिने भनेको दश लाख रुपियाँ र वीमा वापतको १५ लाख रुपियाँ यस वर्षको अन्त्यसम्म मृतकका परिवारले पाएन। शवको पोष्टमार्टम भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भयो। प्रहरीले किटानी जाहेरी मागेपछि मृतकका परिवारले यस वर्षको अन्त्यसम्म कहीं उजुरी नदिएको जनाए। नेपाल सरकारले दिने भनिएको दश लाख रुपियाँ र वीमा वापतको १५ लाख रुपियाँ निकासाको प्रकृयामा रहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

*बम विष्फोटनमा परी घाइते भएकी जेनी डीसी*

## कारागार र बन्दी

जिल्लामा 'ग' श्रेणीका दुईवटा कारागार छन्। ५० जना क्षमताको घोराही कारागारमा १ सय ३२ कैदी र ७७ थुनुवा गरी २ सय ९ जना छन। क्षमता भन्दा चारगुणा बढी कैदी/बन्दी रहेको कारागारमा सुत्ने समस्या यस वर्ष पनि रह्यो। ०६२ सालमा बनेको कारागारको प्रशासन र बन्दी/थुनुवा घर गरी दुईवटा भवन छन्। त्यसैगरी ४ सय ५० क्षमताको तुलसीपुर कारागारमा २३ महिला, २ सय ४३ पुरुष र तीन बालबालिका गरी २ सय ६९ जना छन्। ०३७ सालमा निर्मित एक पुरानो र ०७४ मा निर्मित एक नयाँ कारागार भवन संचालनमा छन्।

## धम्की/कुटपिट

### राज्यपक्षबाट

तुलसीपुर उमनपा-६ का ३७ वर्षीय टीका घर्तीलाई २०७३ माघ २३ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा कार्यरत हवल्दार सुनिल शाहीको नेतृत्वमा रहेका प्रहरीले कुटपिट गरेको भन्दै पीडित पक्षले माघ २४ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दियो। साथीहरूबीचको विवाद मिलाउन घरबाट हिँडेका नेपाल तरुण दल दाङका अध्यक्षसमेत रहेका घर्तीलाई प्रहरीको गस्ती टोलीले कुटपिट गऱ्यो। पीडितको स्थानीय मेडिकलमा माघ २४ गते उपचार भयो। इलाका प्रहरी कार्यालय, तुलसीपुरले प्रहरी आचरण विपरीत कार्य गरेको भन्दै कुटपिटमा संलग्न प्रहरी हवल्दार सुनील शाही, सूर्यबहादुर बीसी र प्रहरी जवान हिराराम रेउलेलाई माघ २७ गते विभागीय कारबाही गऱ्यो। इप्रका तुलसीपुरका प्रमुख डिएसपी लोकनाथ तिम्सिनाले विज्ञप्ति जारी गरी तीनै जनालाई बढुवा रोक्का लगायतका विभागीय कारबाही भएको बताए।

घोराही उमनपा-१७ निवासी नेपाली काङ्ग्रेस दाङका पूर्व सभापति ६७ वर्षीय विरकेशरी गौतमलाई २०७३ फागुन २० गते वडा प्रहरी कार्यालय घोराहीका इन्स्पेक्टर २८ वर्षीय सूर्यबहादुर थापाले अनाहकमा साढे दुई घण्टा हिरासतमा राखेको पीडित पक्षले आरोप लगायो। एक बालिकामाथि दुर्व्यवहार तथा कुटपिट गरेको आरोपमा २८ वर्षीय छोरा प्रवीण गौतम र शुभचिन्तक २४ वर्षीय रेखबहादुर बुढाथोकीलाई प्रहरीले पक्राउ गरेपछि घटना बुझ्न वडा प्रहरी कार्यालय पुगेका पूर्व सभापति गौतमलाई इन्स्पेक्टर

थापाको आदेशमा जवरजस्ती घिसारेर दिउँसो ३ बजे देखि साढे ५ बजेसम्म हिरासतमा थुनेको पीडितले बताए। छोरा थुनिनुको कारण र उसको अवस्था बुझ्न समेत नदिइ आवेशमा आएर गौतमलाई हिरासतमा राखेको भन्दै नेपाली काङ्ग्रेस दाङले ०७३ फागुन २१ गते विज्ञप्ति निकालेर इन्स्पेक्टरमाथि कारबाहीको माग गऱ्यो। तर पीडितले भने कतै उजुरी दिएनन्।

### गैरराज्यपक्षबाट

दंगीशरण गाउँपालिका-६ स्थित सिद्ध पृथ्वी जनता माबि श्रीगाउँ मतदान केन्द्रको गेटमा २०७४ मङ्सिर २१ गते मतदान केन्द्रमा मोवाइल फोन प्रयोगको विषयमा प्रहरीसँग विवाद हुँदा भएको झडपमा सोही ठाउँ निवासी नेपाली काङ्ग्रेसका कार्यकर्ताहरू ३४ वर्षीय टेकबहादुर केसी र २४ वर्षीय चित्रबहादुर केसी घाइते भए। टाउकोमा चोट लागेका केसीद्वयको कोहलपुर शिक्षण अस्पतालमा उपचार भयो। नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य एवम् उम्मेदवार दीपक गिरीले वामगठवन्धनका कार्यकर्ताहरूले आक्रमण गरेको भन्दै आक्रमणकारीमाथि कारबाहीको माग गरे। यो वर्षको अन्त्यसम्म कोही पक्राउ भएनन्। एमाले नेता एवम् दाङ निर्वाचन क्षेत्र नं. ३ का उम्मेदवार हिराचन्द्र केसीले गठवन्धनका कार्यकर्तामाथि सुनियोजित आक्रमण हुँदा झडप भएको बताए।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

नेपाली काङ्ग्रेसको तर्फबाट दाङ निर्वाचन क्षेत्र नं.२ (२) प्रदेशसभा उम्मेदवार ५० वर्षीय भरतबहादुर न्यौपानेलाई लक्षित गरी अज्ञात समूहले २०७४ मङ्सिर ११ गते बम विष्फोट गरायो। तुलसीपुर उमनपा-१९ छिल्लीकोटमा रहेको चुनावी सभालाई सम्बोधन गरी घोराही फर्कंदै गर्दा सक्राम भन्ने स्थानमा उम्मेदवार न्यौपाने चढेको रा १ ज ६१२ नम्बरको जीपलाई लक्षित गरी २ सयमिटर टाढा सडकमा क्यान बम विष्फोट गराएको प्रहरीले बतायो। विष्फोटबाट कुनै भौतिक तथा मानवीय क्षति भएन। उम्मेदवार न्यौपानेले बम विष्फोटको घटना लोकतन्त्रमाथिको प्रहार भन्दै विरोध गरे। यस वर्षको अन्त्यसम्म घटनाको कसैले जिम्मेवारी लिएन।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालत घोराहीमा तीन न्यायाधीशको दरबन्दी रहेकामा दुई जना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ४ सय २८ र फौजदारीतर्फ ५ सय ४४ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्। यसैगरी ६ न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत तुलसीपुरमा पाँच न्यायाधीशमात्र कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय ५६ र फौजदारीतर्फ ९७ थान छन् भने ४३ थान रिट छन्। दुई वर्ष पुराना मुद्दा छैनन् ।

### यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

दाङका प्रमुख जिल्ला अधिकारी ५६ वर्षीय गजेन्द्रबहादुर श्रेष्ठलाई २०७४ भदौ ५ गते भूमिसुधार तथा व्यवस्था मन्त्री ५२ वर्षीय गोपाल दहितले सार्वजनिक कार्यक्रममा गाली बेइज्जती एवम् दुर्व्यवहार गरे। पूर्व कमलरीलाई परिचय-पत्र वितरण गर्न दाङ आएका मन्त्री दहितले जिल्लामा आउँदा पुरानो गाडी दिएको र गाडीमा झण्डा समेत नराखिएको भन्दै सार्वजनिक रूपमा गाली बेइज्जती एवम् दुर्व्यवहार गरेको पीडितले बताए। बाढी पीडितलाई राहत बाँड्न हिँडेका प्रजिअ श्रेष्ठले प्राय: सबै सरकारी गाडी बाढी पीडितको पुनर्स्थापनामा लगाएकाले जिल्ला कृषि विकास कार्यालयको गाडी नेपालगञ्ज पठाएका थिए। प्रजिअमाथि मन्त्रीको दुर्व्यवहारको विरोधमा राष्ट्रसेवक कर्मचारी सङ्घ सङ्गठनले भदौ ५ गते संयुक्त विज्ञप्तिमार्फत भर्त्सना गरे। प्रजिअ श्रेष्ठले आफूमाथि अन्याय भएको बताए पनि यस वर्षको अन्त्यसम्म कहीं उजुरी दिएनन्।

दंगिशरण गाउँपालिका-२ की २५ वर्षीया सरिता कवरलाई २०७३ पुस १७ गते प्रहरी चौकी गोल्टाकुरीका हवल्दार ३५ वर्षीय मानबहादुर थापाले चौकीभित्रै कुटपिट गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय तुलसीपुरमा पुस १८ गते उजुरी दिए। घाइते कवरको राप्ती अञ्चल अस्पताल, तुलसीपुरमा उपचार भयो। आर्थिक समस्याका कारण समयमा ऋण तिर्न नसकेपनि हर्जानासहित रकम फिर्ता गर्छु भन्दाभन्दै प्रहरी हवल्दार थापाले चौकीमा मरणासन्न हुनेगरी कुटपिट गरेको पीडितले बताइन्। पीडितले जाहेरी दिएपछि पुस १८ गते इलाका प्रहरी कार्यालय तुलसीपुर झिकाइएका हवल्दार थापाको विभागीय कारबाही हुने भन्दै तत्कालका लागि प्रहरी चौकी

बागरमा सरुवा गरियो। पीडित कवर मुद्दाको छिनोफानो नहुँदै वैदेशिक रोजगारीमा गएपछि थप कारबाही केही भएन। एक लाख ५० हजार ऋण लिएको रकम भाका नाघिसक्दा समेत नदिएको भन्दै महिला समूहले प्रहरी चौकी, गोल्टाकुरीमा पुस १६ गते उजुरी दिएका थिए।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा २ सय ४९ प्रावि, ८१ निमावि, ५६ मावि र ३५ उमावि छन्। १ हजार ६ सय २६ शिक्षक दरबन्दी रहेकामा ३२ वटा दरबन्दी रिक्त छ। यस वर्ष १ लाख २ हजार १ सय ९७ मध्ये ४७ हजार ३ सय २९ बालक र ५४ हजार ८ सय ६८ बालिका भर्ना भए। जिल्लामा १ सय २६ अपाङ्गमैत्री विद्यालय छन्। ७ हजार ६ सय ६४ दलित बालक र ८ हजार ४ सय ३ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका १ सय बालबालिकालाई छात्रवृत्ति दिइयो भने ७ सय ३ जना मुक्त कमलरीहरूलाई पनि छात्रवृत्ति दिइयो।*

*यो वर्ष चारदेखि १६ वर्ष उमेर समूहका १४ बालिका बलात्कारको घटनाबाट पीडित भए भने पाँच जना यौन दुर्व्यवहारको घटनाबाट पीडित भए। बालिका बलात्कार तथा यौन दुर्व्यवहारका पाँच घटनामा अदालतले कैद फैसला गऱ्यो भने चार घटनाका आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो। इन्सेकको अभिलेख अनुसार बलात्कारको एक र यौन दुर्व्यवहारका चार घटनामा मिलापत्र भयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | १४ | | १४ |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| यौन दुर्व्यवहार | ५ | | ५ |
| जम्मा | १९ | १ | २० |

### बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई २०७३ माघ १५ गते ३५ वर्षीय बाबुले बलात्कार गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय तुलसीपुरमा माघ २३ गते उजुरी दिए। आमा वैदेशिक रोजगारीमा गएपछि बाबुले २०७२ साउनदेखि लगातार २०७३ माघ १५ सम्म बलात्कार गरेको पीडितले बताइन्। पीडितको राप्ती उपक्षेत्रीय अस्पताल घोराहीमा माघ २४ गते स्वास्थ्य परीक्षण भयो। प्रहरीले आरोपितलाई माघ २३ गते पक्राउ गरी बलात्कारसम्बन्धी मुद्दा चलाएकामा जिल्ला अदालतले दोषी ठहर गर्दै १८ वर्ष कैद र पीडितलाई ४० हजार क्षतिपूर्ति भराउने फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यसवर्ष घरेलु हिंसापीडित भन्दै ८७ महिलाले महिला तथा बालबालिका केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिटका ३५, घर निकाला २१, खान/लाउन नदिएको सात र अर्की पत्नी ल्याएर हेला गरेको १३ र सामान्य घरायसी झगडाका ११ घटना छन्। यीमध्ये प्रहरीले ८० वटामा मिलापत्र गरायो भने सात उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बोक्सीको आरोप | १ | १ |
| बलात्कार | १३ | १३ |
| बलात्कारको प्रयास | ३ | ३ |
| घरेलु हिंसा | ५३ | ५३ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | ७१ | ७१ |

*यस वर्ष महिला अधिकार उल्लङ्घनबाट ७१ जना पीडित भए। जसमध्ये घरेलु हिंसामा ५३, बोक्सीको आरोपमा एक, बलात्कार घटनामा १३, बलात्कार प्रयासबाट दुई र यौन दुर्व्यवहार घटनामा दुई जना पीडित भए। यो वर्ष परिवारजनबाट तीन महिला हत्या भयो भने एक महिलालाई हत्या प्रयास भएको इन्सेकले अभिलेख गऱ्यो।*

### परिवारजनबाट हत्या

तुलसीपुर उमनपा-४ की ४३ वर्षीया गोमा पुनलाई २०७४ जेठ ११ गते ५३ वर्षीय पति दिलबहादुर पुनले कुटपिट गरी हत्या गरेको भन्दै पीडित पक्षले जेठ १५ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दिए। मादक पदार्थ सेवन गरी दिलबहादुरले जेठ ११ गते मरणासन्न हुनेगरी कुटपिट

गर्दा घाइते भएकी गोमाको उपचारको क्रममा कोहलपुर मेडिकल कलेजमा जेठ १४ गते राति मृत्यु भयो। टाउको र शरीरका विभिन्न भागमा गम्भीर चोट लागेकी पुनको पोष्टमार्टम जेठ १५ गते राप्ती अञ्चल अस्पताल तुलसीपुरमा भयो। प्रहरीले जेठ १५ गते आरोपितलाई पक्राउ गरी कर्तव्य ज्यानसम्बन्धी मुद्दा चलायो। जिल्ला अदालतले आरोपितलाई जेठ २ ९ गते पुर्पक्षकालागि कारागार चलान गरेकामा यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**परिवारजनबाट हत्या प्रयास**

तुलसीपुर उमनपा-१५ की ३३ वर्षीया शारदा डाँगीलाई २०७४ पुस ८ गते ३८ वर्षीय पति खुमराज डाँगीले खुर्पा प्रहार गरी मार्ने प्रयास गरेको भन्दै पीडित पक्षले पुस ९ गते इप्रका तुलसीपुरमा उजुरी दिए। गर्दन र टाउकोमा चोट लागेकी घाइतेको राप्ती अञ्चल अस्पतालमा उपचार भयो। खुर्पा प्रहार गर्ने खुमराजले पत्नीलाई घाइते बनाएर तरकारी खेतीकालागि प्रयोग हुने विषादी सेवन गरेको अवस्थामा प्रहरीले पुस ८ गते फेला पारी अञ्चल अस्पतालमा भर्ना गऱ्यो। उपचारपछि डाँगीलाई ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दा चलाइने र अनुसन्धान भइरहेको प्रहरीले बतायो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

३२ वर्षीया महिलालाई २०७३ फागुन १३ गते शान्तिनगर गाउँपालिका-२ का ३५ वर्षीय रेउले घर्तीले बलात्कार गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय तुलसीपुरमा फागुन १८ गते उजुरी दियो। पीडितको राप्ती अञ्चल अस्पताल, तुलसीपुरमा फागुन १९ गते स्वास्थ्य परीक्षण भयो। आरोपितलाई प्रहरीले फागुन १९ गते पक्राउ गरेकामा जिल्ला अदालतले दोषी ठहर गर्दै पाँच वर्ष कैद र २५ हजार क्षतिपूर्ति भराउने फैसला सुनायो।

**बोक्सीको आरोपमा कुटपिट**

लमही नपा-४ की ३० वर्षीया विमला विकलाई बोक्सीको आरोप लगाउँदै २०७४ साउन १७ गते लमही नपा-४ का ४० वर्षीय कृष्णबहादुर बिक, उनकी ३५ वर्षीया पत्नी केशरी बिक र १९ वर्षीय छोरा सन्दीप बिकले कुटपिट गरेको भन्दै पीडित पक्षले साउन १८ गते वडा प्रहरी कार्यालय, लमहीमा उजुरी दिए। टाउको र शरीरका विभिन्न भागमा चोट लागेकी बिकको लमही अस्पतालमा साउन १७ गते उपचार भयो। प्रहरीले आरोपित कृष्णबहादुर, केशरी र सन्दीपलाई साउन १८ गते पक्राउ गरी मुद्दा चलाएकोमा जिल्ला अदालतले भदौ ११ गते २०/२० हजार धरौटीमा छोड्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**घरेलु हिंसा**

राजपुर गाउँपालिका-१ की २२ वर्षीया निशा बिकलाई २०७४ असोज ८ गते २६ वर्षीय पति डोलबहादुर विकले कुटपिट गरेको भन्दै पीडित पक्षले वडा प्रहरी कार्यालय, लमहीमा असोज ९ गते उजुरी दियो। चिर्पटले हिर्काउँदा टोउकामा चोट लागेकी घाइतेको राप्ती उपक्षेत्रीय अस्पताल घोराहीमा उपचार भयो। प्रहरीले असोज ९ गते आरोपितलाई पक्राउ गरी ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले असोज ३० गते ३६ हजार धरौटीमा छोड्ने आदेश दिएपनि धरौटी बुझाउन नसक्दा बिक पुर्पक्षकालागि सोहीदिन देखि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संरचना/सम्पत्ति क्षति**

नेपाली काङ्ग्रेसको तर्फबाट तुलसीपुर उपमनपा मेयर पदका उम्मेदवार ५२ वर्षीय गेहेन्द्र गिरी चढेको बा १४ च ६३५८ नम्बरको जीपमा २०७४ असार १२ गते राति ८ बजे अज्ञात समूहले तोडफोड गऱ्यो। असार १४ गतेको स्थानीय तह निर्वाचनको मौन अवधि चलिरहेका बेला तुलसीपुरबाट मानपुरस्थित आफन्त भेट्न जाँदै गरेका गिरी चढेको गाडीमा साइपर भन्नेस्थानमा एक्कासि

*निर्वाचन प्रचारका क्रममा तोडफोड गरिएका गाडी*

ढुङ्गा प्रहार हुँदा गाडीको सिसा फुटेर क्षति पुग्यो। प्रहरीले गिरी र तोडफोड भएको जीपलाई सुरक्षित तुलसीपुर ल्याए पनि घटनाको जिम्मा यो वर्षको अन्त्यसम्म कसैले लिएन।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा क्षेत्रीय, एउटा उपक्षेत्रीय, एउटा अञ्चल र एउटा जिल्ला अस्पताल छन्। ३६ स्वास्थ्य चौकी र २ प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्ला जनस्वास्थ्य मातहत सात डक्टरको दरबन्दी रहेकोमा तीन कार्यरत छन्। जिल्लामा स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। अहेवको १ सय १५ दरबन्दी रहेकामा १ सय १३ कार्यरत छन्। दाङमा सामुदायिक स्वास्थ्य इकाई चार, शहरी स्वास्थ्य केन्द्र १२ र संस्थागत क्लिनीक एउटा छ। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ७ करोड ३८ लाख ३१ हजार र औषधि खर्चबापतको रकम १२ लाख रुपियाँ छ। अधिकांश रकम प्रशासनिक तथा अभियानात्मक कार्यक्रममा खर्च हुन्छ। औषधि खरिदमा निकै कम बजेट छ भने यसवर्षदेखि औषधि खरिदका लागि स्थानीय तहमै सिधै बजेट जाने व्यवस्था सरकारले गरेको छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | ३ | ४ | १ | ६ | १४ |
| विद्यालयमा शारीरिक सजाय | | | | १ | | १ |
| यौन दुर्व्यवहार | | | १ | ४ | | ५ |
| जम्मा | १ | ३ | ५ | ६ | ६ | ३० |

| महिला अधिकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएको | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बोक्सीको आरोप | | | | | | १ | १ |
| बलात्कार | १ | १ | १ | ४ | | ६ | १३ |
| बलात्कार प्रयास | | | | | १ | १ | ३ |
| घरेलु हिंसा | | | १ | ५० | | ३ | ५३ |
| यौन दुर्व्यवहार | | | | | | ३ | ३ |
| जम्मा | १ | १ | ३ | ५४ | १ | १३ | ७१ |

| मारिएकाको घटना सङ्ख्या | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | १ | ३ | ५ |

# ५.११ बाँके




**जम्मा जनसङ्ख्या**
**५,४१,३४४**

**महिला**
**२,७५,८१४**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**३**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**६**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१,२७,६५०**

**कामका लागि बाहिरिएका**
**२१,३५५**

**अपाङ्गता भएका**
**७,४६८**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५१**

**आश्रित जनसङ्ख्या**
**२,२४,८३५**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | | १२ | १ | १३ |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| अपहरण | | | | १ | | १ |
| महिला अधिकार | | | | ६६ | | ६६ |
| जातीय विभेद | | | | १ | | १ |
| गिरफ्तारी | | २४ | २४ | | | |
| कुटपिट | २ | ११ | १३ | | २ | २ |
| हत्या | | | | ३ | | ३ |
| जम्मा | २ | ३५ | ३६ | ९४ | ४ | ९८ |

**बाँकेमा गत वर्ष १ सय ३ जना पीडित भएको मा यो वर्ष राज्यपक्षबाट ३७ जना सहित १ सय ३५ जना पीडित भएका घटना अभिलेखित भए। यस वर्ष सबै भन्दा बढी महिला अधिकारबाट ७७ जना पीडित भए भने बालअधिकारबाट १३ जना पीडित भए। खजुरा गाउँपालिका-७ स्थित नेपालगञ्ज गुलरिया सडक खण्डमा २०७३ चैत १ गते मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीचको झडपमा १० वर्षीय बालकसहित १२ जना घाइते भए।**

### धम्की/कुटपिट

#### राज्यपक्षबाट

खजुरा गाउँपालिका-७ स्थित नेपालगञ्ज गुलरिया सडक खण्डमा २०७३ चैत १ गते मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच झडप भयो। झडपमा सोही गाउँपालिका-५ का ४८ वर्षीय फारूक नाँउ, सोही ठाउँका २५ वर्षीय मुस्ताक साई, सोही गाउँपालिका-६ का १० वर्षीय इरफान साई, सोही ठाउँका २४ वर्षीय असलम भाट, ३२ वर्षीय जब्बार भाट, २८ वर्षीय रहम तुल्ला अन्सारी र ३५ वर्षीय समीम खाँ, ५५ वर्षीया गरिबा तेली, ७२ वर्षीय जमील भाट, ४० वर्षीय करिम खाँ, २७ वर्षीय महिन खाँ र २५ वर्षीय सज्जन यादव घाइते भए। घाइते सबैको नेपालगञ्ज मेडिकल कलेजमा उपचार भयो। जमील भाटको उपचारको क्रममा नेपालगञ्ज मेडिकल कलेजमा चैत ५ गते मृत्यु भएको मधेसी मोर्चाले जनायो। दमको बिरामीका कारण मृत्यु भएको पोष्टमार्टम प्रतिवेदनमा उल्लेख रहेको उपचारमा संलग्न चिकित्सकले बताए।

*लाठीचार्जबाट घाइते भएका बालक इरफान साई*

## कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता ३ सय जनाको छ। ३ सय ५७ कैदी र २ सय ८८ थुनुवा गरी ६ सय ४५ जना छन्। जसमध्ये महिलाको सङ्ख्या ५९ छ। कारागारमा दुई जना आश्रित बालक पनि छन्। ७० वर्षमाथिका १५ जना छन्। क्षमताभन्दा दुई गुणा बढी कैदी बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। वि.सं. २००० सालमा बनेको यो कारागारको भवन पुरानो र जीर्ण छ। बलात्कार घटनाको आरोपमा कारागारमा थुनामा रहेका नेपालगञ्ज उपमनपा-१४ का २७ वर्षीय अरविन्द्र कुमार बर्माले २०७४ असार १ गते सुरूङ खनेर भाग्ने प्रयास असफल भएपछि सोही दिन कारागार भित्र झुण्डिएर आत्महत्या गरेको कारागार प्रशासनले जनायो।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा पाँच जना न्यायाधीशको दरबन्दी रहेकोमा पाँच जना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी रहेका मुद्दामध्ये देवानीतर्फ १२ सय ५३ र फौजदारीतर्फ ९ सय २० थान रहेका छन्। यसैगरी उच्च अदालत तुलसीपुर इजलास ने पालगञ्जमा सात जना न्यायाधीश कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ २ सय ७७ र फौजदारीतर्फ २ सय ६६ छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा १ सय २१ प्रावि, ५८ निमावि, ५० मावि र २९ उमावि छन्। १ हजार ८ सय २६ शिक्षक दरबन्दी रहेकामा ४० दरबन्दी रिक्त छ। यस वर्ष ४८ हजार ८ सय ९७ बालक र ५० हजार ९ सय ५८ बालिका भर्ना भए। जिल्लामा २ सय ५१ अपाङ्गमैत्री विद्यालय छन्। ३ हजार ४ सय ७९ दलित बालक र ३ हजार ६ सय २० दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै सहिद परिवारका दुई र द्वन्द्वपीडित परिवारका १ सय ८ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*यो वर्ष १० देखि १५ वर्ष उमेर समूहका नौ बालिका बलात्कारको घटनाबाट पीडित भए। यस वर्ष विद्यालयमा शारीरिक दण्ड सजायबाट तीन बालिका र एक बालक पीडित भए। गत वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा १५ जना पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | ९ | | ९ |
| विद्यालयमा शारीरिक सजाय | ३ | १ | ४ |
| जम्मा | १३ | १ | १३ |

### बलात्कार, यौन दुर्व्यवहार

१० वर्षीया एक बालिकालाई २०७४ जेठ ४ गते कोहलपुर नपा-४ का ३५ वर्षीय कर्णबहादुर नेपालीले बलात्कार गरेको भन्दै जेठ ७ गते पीडित पक्षले इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ ७ गते भेरी अञ्चल अस्पतालमा भयो। आरोपितलाई प्रहरीले जेठ ७ गते घरबाट पक्राउ गऱ्यो। जिल्ला अदालतको आदेश अनुसार आरोपित जेठ १६ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ५७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १ सय ११, खान/लाउन नदिएको २०, विवाह दर्ता र नागरिकता नबनाएको दुई, अर्की पत्नी ल्याएर हेला गरेको १० र सामान्य घरायसी झगडाका १४ घटना छन्। यीमध्ये प्रहरीले १ सय ३ ओटामा मिलापत्र गरायो भने १३ उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ भने ४१ पीडित सम्पर्कमा आएनन्।*

*यस वर्ष महिला अधिकार उल्लङ्घनका घटनामा ७७ जना पीडित भए। अघिल्लो वर्ष चार जना महिलाको हत्या भएकोमा यो वर्ष तीन जना*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १३ | १३ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | ४ | ४ |
| बेचबिखनको प्रयास | ६ | ६ |
| घरेलु हिंसा | ५० | ५० |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | ६६ | ६६ |

*महिलाको परिवारजनबाट हत्या भयो। यस वर्ष घरेलु हिंसाबाट ५०, बहुविवाहका घटनामा चार, बलात्कार घटनाबाट १३, बलात्कार प्रयासमा एक, यौन दुर्व्यवहारबाट दुई र बेचबिखन प्रयासका घटनाबाट सात जना पीडित भए।*

**परिवारजनबाट हत्या**

नेपालगञ्ज उमनपा-१२ की २२ वर्षीया अनीता खटिकलाई २०७३ माघ ६ गते राति घर ायसी विवादमा २६ वर्षीय पति राजेन्द्र खटिकले आगो लगाई घाइते बनाए। पीडितको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा प्राथमिक उपचारपछि थप उपचार काठमाण्डौको शिक्षण अस्पतालमा भइरहेको अवस्थामा उनको माघ १८ गते मृत्यु भयो। आरोपितलाई प्रहरीले माघ १९ गते जमुनाहाबाट पक्राउ गऱ्यो। जिल्ला अदालतको आदेश अनुसार आरोपित फागुन १८ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कोहलपुर नपा-४ बेलनपुरकी २६ वर्षीया फुलटन बेरूवालाई २०७४ असार २६ गते राति २ ९ वर्षीय पति मोहमद अफताल बेरूवाले हत्या गरी पत्नीको टाउको लिएर इलाका प्रहरी कार्यालय कोहलपुरमा गए। झारफुक गर्न जाउँ भनी ६ र सात महिनाको दुधे बालक बोकेर गएकी फुलटनलाई पतिले सोही नपा-१५ मा धारिलो हतियारले हत्या गरेको प्रहरीले जनायो। प्रहरी घटनास्थलमा पुग्दा मृतकको गिँड नजिकै दुधे बालक हिलोमा छटपटाउँदै रोइरहेको अवस्थामा प्रहरीले बालकको उद्धार गऱ्यो। शवको पोष्टमार्टम भेरी अञ्चल अस्पताल नेपालगञ्जमा असार २७ गते भयो। जिल्ला अदालतको आदेश अनुसार आरोपित साउन २४ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**बेचबिखनको प्रयास**

१८, १९ र २५ वर्षीया तीन जना युवतीलाई २०७३ माघ २० गते दाङ जिल्ला तुलसीपुर उमनपा-१७ का ३२ वर्षीय यमबहादुर बस्नेतले वैदेशिक रोजगारीका लागि भारत लैजान लागेको अवस्थामा भारतीय एसएसबी र प्रहरीले रूपैडियाबाट युवतीलाई उद्धार गऱ्यो भने आरोपितलाई सोही दिन पक्राउ गऱ्यो। जिल्ला अदालतले दोषी ठहर गर्दै असार २९ गते बस्नेतलाई १० वर्ष कैद ५० हजार रूपियाँ जरिवानाको फैसला सुनायो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२७ वर्षीया एक महिलालाई २०७३ पुस १८ गते खजुरा गाउँपालिका-३ का २८ वर्षीय उदयराज खत्रीले बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले पुस २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको सोही दिन भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा स्वास्थ्य परीक्षण भयो। अरोपितलाई प्रहरीले सोही दिन पक्राउ गरेकोमा जिल्ला अदालतले दोषी ठहर गर्दै ०७३ फागुन २४ गते तीन वर्ष कैद सजायको फैसला सुनायो।

## आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संरचना/सम्पत्ति क्षति**

कोहलपुरस्थित बागेश्वरी बहुमुखी पब्लिक क्याम्पसमा २०७३ फागुन १६ गते राति अज्ञात समूहले क्याम्पस प्रमुख शिशिरकुमार शर्माको कार्यकक्षमा आगजनी गरे। कार्यकक्षमा रहेका महत्वपूर्ण कागजात, फर्निचर, कार्पेट गरी १ लाख रूपियाँ बराबरको क्षति भएको इलाका प्रहरी कार्यालय, कोहलपुरले जनायो।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अञ्चल अस्पताल, दुई ओटा उप स्वास्थ्य चौकी, ४३ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा तीन डक्टरको दरबन्दी रहेकामा दुई जना कार्यरत छन्। अहेवको १ सय ४३ दरबन्दी रहेकामा १ सय ३० जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ४० करोड ३९ लाख ७७ हजार ६ सय ४२ र औषधि खर्चबापतको रकम करिब १५ लाख रूपियाँ छ।

नेपालगञ्जस्थित माँ जानकी अस्पतालका डा. श्यामसुन्दर यादवलाई २०७४ असार २८ गते बिरामीको उपचारमा लापरबाही गरेको आरोपमा बिरामीका आफन्तले अमानवीय व्यवहार गरे। चिकित्सकमाथि हातपातको प्रयास गरेको र अस्पताल तोडफोड गरेको भन्दै जिल्लाका सरकारी तथा निजी अस्पतालमा आकस्मिक सेवाबाहेक अन्य स्वास्थ्य सेवा साउन ३ र ४ गते बन्द गरिएको नेपाल चिकित्सक सङ्घ भेरीका सचिव आरके झाले बताए। जिल्ला प्रहरी कार्यालयले घटनामा संलग्न रहेको आरोपमा कोहलपुर नपा-२ का २५ वर्षीय सन्दिप सिंह, २७ वर्षीय महेश खतिवडा, २७ वर्षीय यादव बस्याल र २८ वर्षीय कमल शाहीलाई साउन ४ गते पक्राउ गऱ्यो। आरोपितहरूलाई जिल्ला प्रशासन कार्यालयले साउन ६ गते प्रतिव्यक्ति ४ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | १ | | | ७ | ९ |
| विद्यालयमा शारीरिक सजाय | | | ३ | ३ | | ४ |
| जम्मा | १ | १ | ३ | ३ | ७ | १३ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएको | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | १३ | १३ |
| बलात्कार प्रयास | १ | | | १ |
| बहुविवाह | ३ | | ३ | ४ |
| महिला बेचबिखन | १ | | ३ | ३ |
| घरेलु हिंसा | | ४५ | ५ | ५० |
| यौन दुर्व्यवहार | | | ३ | ३ |
| जम्मा | ४ | ४५ | ३३ | ७३ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | ३ |

# ५.१२ बर्दिया

**जम्मा जनसङ्ख्या**
**४,४५,७८५**

**महिला**
**२,३५,५१४**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**२**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**४**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१,२१,१७८**

**कामका लागि बाहिरिएका**
**२५,०४४**

**अपाङ्गता भएका**
**८,१५७**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५८**

**आश्रित जनसङ्ख्या**
**१,७८,००५**

**बर्दियामा गत वर्ष ७२ जना पीडित भएकोमा यो वर्ष राज्यपक्षबाट २२ जना सहित एक सय जना १४ जना पीडित भएका घटना अभिलेखित भए। यस वर्ष सबै भन्दा बढी महिला अधिकारबाट ५१ र बाल अधिकारबाट २४ जना पीडित भए। गुलरिया नपा-११ लालपुरमा २०७४ असोज १५ गते मोहर्रमको ताजिया र दशैँको मूर्ती विजर्सन गर्ने समूहबीच बाटो प्रयोग गर्ने विषयमा झडप हुँदा १३ जना घाइते भए। बर्दियामा बाढीका कारण पीडित भएका मानिसहरूको पुर्नस्थापनाका सवाल ज्यूँका त्यूँ रहे। आरक्ष वरपर का बासिन्दा वन्यजन्तुको आक्रमणमा पर्ने गरेको, वन्यजन्तुले बालीनाली नष्ट पारिदिने लगायतका समस्याबाट पीडित छन्।**

## धम्की/कुटपिट

### राज्यपक्षबाट

बढैयाताल गाउँपालिका-९ जनतानगरमा २०७४ मङ्सिर १८ गते राति सोही गाउँपालिका-८ का ६५ वर्षीय नेत्रबहादुर रानाभाटले भोट आफ्नो पक्षमा पार्न पैसा बाँड्न र भोज खुवाउन लागेको भन्दै वाम गठबन्धनका कार्यकर्ताले नियन्त्रणमा लिए। रानाभाटलाई मुक्त गराउन इलाका प्रहरी कार्यालय मैनापोखरबाट खटिएका प्रहरीको लाठीचार्जबाट सोही ठाउँका ३० वर्षीय बालकृष्ण थारुको दाँहिने खुट्टा भाँचियो। उनको प्रारम्भिक उपचार स्थानीय औषधि पसलमा भयो भने थप उपचार नेपालगञ्जमा भयो। पीडितले न्यायको लागि यस वर्षको अन्त्यसम्म कतै निवेदन दिएनन्।

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | ४ | ९ | १३ |
| बाल अधिकार | | | | २४ | | २४ |
| महिला अधिकार | | | | ५१ | | ५१ |
| गिरफ्तारी | १ | १९ | २० | | | |
| कुटपिट | | २ | २ | २ | १ | ३ |
| हत्या | | | | १ | | १ |
| जम्मा | १ | २१ | २२ | ८२ | १० | ९२ |

*प्रहरीको कुटपिटबाट घाइते भएका बालकृष्ण थारु*

गुलरिया नपा-१ का २७ वर्षीय दिनेश यादवलाई हेल्मेट नलगाएको आरोपमा २०७४ भदौ ६ गते सोही ठाउँस्थित प्रहरी चौकीमा कार्यरत प्रहरी हवल्दार टेकबहादुर चन्दले कुटपिट गरे। प्रहरी चौकी नजिकको बाटो हुँदै दूध बेच्न जाने क्रममा मोटरसाइकलबाट ओराली असई भूमि चन्दले दुई झापड हिर्काएपछि हवल्दार टेकबहादुर चन्दले चौकी भित्र लगेर पर्खालमा टाउको ठोक्काइ कुटपिट गरे। घाइते यादवको प्रारम्भिक उपचार जिल्ला अस्पताल, गुलरियामा भयो भने थप उपचार नेपालगञ्जमा भयो। पीडितले यस वर्षको अन्त्यसम्म कहीं उजुरी दिएनन्।

## कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय २५ जनाको छ। तर कैदी १ सय ८१ जना र ८० जना थुनुवा गरी जम्मा २ सय ६१ जना छन्। जसमा १४ जना महिला छन्। क्षमताभन्दा दोब्बर कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। कारागारमा आश्रित एक बालिका छन्।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा दुई न्यायाधीशको दरबन्दीसहित एउटा जिल्ला अदालत छ। जसमा दुबै न्यायाधीश कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ६ सय ३८ र फौजदारीतर्फ ३ सय २५ थान छन्। दुई वर्ष भन्दा पुराना मुद्दा देवानी तर्फ १८ र फौजदारीतर्फ दुई मुद्दा रहेका छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय १ प्रावि, ८८ निमावि, ६५ मावि र ४१ उमावि छन्। २ हजार ३० शिक्षक दरबन्दी रहेकामा २२ दरबन्दी रिक्त छ। यस वर्ष ५० हजार ६ सय ४५ बालक र ५२ हजार ३ सय १० बालिका गरी १ लाख २ हजार ९ सय ५५ जना भर्ना भए। जिल्लामा १ सय ५५ ओटा अपाङ्गमैत्री विद्यालय छन्। ६ हजार ८ सय ९१ दलित बालक र ७ हजार ३८ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका २ सय ३७ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*यस वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा २४ जना बालिका पीडित भए। अघिल्लो वर्ष बालअधिकार उल्लङ्घनका घटनामा २४ बालिका र आठ जना बालक पीडित भएका थिए। यस वर्ष बाल अधिकार उल्लङ्घन भएकामध्ये ११ बालिका बलात्कार, नौ जना यौन दुर्व्यवहार बाट पीडित भए। यस वर्ष एक नवजात शिशुको हत्या भयो भने तीन बालिका बालविवाहबाट पीडित भए। बलात्कार घटनाका दुई बालिका परिवारजनबाट पीडित भएको पाइयो। इन्सेकको अभिलेख अनुसार पाँच वर्षदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कार र यौन दुर्व्यवहार घटनामा पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालविवाह | ३ | ३ |
| बलात्कार | ११ | ११ |
| नवजात शिशुको हत्या | १ | १ |
| यौन दुर्व्यवहार | ९ | ९ |
| जम्मा | ३४ | ३४ |

### बलात्कार, यौन दुर्व्यवहार

११ वर्षीया बालिकालाई २०७४ वैशाख ३० गते राजापुर नपा-४ का ४८ वर्षीय चिन्की थारुले बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय राजापुरमा वैशाख ३१ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ३१ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई वैशाख ३१ गते पक्राउ गऱ्यो। जिल्ला अदालतको

आदेश अनुसार जेठ १८ गते आरोपित पुर्पक्षका लागि कारागार चलान भएकोमा अदालतले दोषी ठहर गर्दै कात्तिक २३ गते पाँच वर्ष कैद सजायको फैसला सुनायो।

६ वर्षीया बालिकालाई २०७३ फागुन १३ गते राजापुर नपा-११ का ५४ वर्षीय दिवाकर उपाध्यायले बलात्कार गरेको भन्दै पीडित पक्षले फागुन १५ गते इलाका प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन १५ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई फागुन १४ गते पक्राउ गरेकोमा जिल्ला अदालतको आदेश अनुसार चैत १६ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

६ वर्षीया बालिकालाई २०७४ असोज १० गते बारबर्दिया नपा-११ का ५० वर्षीय हजुरबुबाले बलात्कार गरेको भन्दै पीडित पक्षले असोज १७ गते इलाका प्रहरी कार्यालय बनियाभारमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण असोज १७ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई असोज १७ गते पक्राउ गरेकोमा जिल्ला अदालतको आदेश अनुसार कात्तिक १० गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ३२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १ सय १२ जना, खानलाउन नदिएको १८ जना, विवाह दर्ता तथा नागरिकता नबनाएको दुई जना छन्। सबै घटनामा घटनामा मिलापत्र गराएको केन्द्रले जनायो।*

*यस वर्ष महिला अधिकार उल्लङ्घनका घटनामा ५१ जना पीडित भए। अघिल्लो वर्ष महिला अधिकार उल्लङ्घनका घटनामा २९ जना पीडित भएका थिए। यस वर्ष महिला बेचबिखन तथा ओसार पसारका घटनामा २०, बलात्कार घटनामा ११, बोक्सीको आरोपमा ६, घरेलु हिंसाका घटनामा सात, बहुविवाहमा तीन र बलात्कार प्रयासका घटनामा तीन जना पीडित भए। इन्सेकको अभिलेख अनुसार यस वर्ष परिवारजनबाट एक महिलाको हत्या भयो भने अघिल्लो वर्ष परिवारजनबाट तीन र अन्य पक्षबाट एक महिलाको हत्या भएको थियो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बोक्सीको आरोप | ६ | ६ |
| बलात्कार | ११ | ११ |
| बलात्कार प्रयास | ३ | ३ |
| बहुविवाह | ३ | ३ |
| महिला बेचबिखन | ३० | ३० |
| घरेलु हिंसा | ७ | ७ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ५१ | ५१ |

### परिवारजनबाट हत्या

बढैयाताल गाउँपालिका-२ की २५ वर्षीया रीता रेग्मीलाई २०७४ भदौ १ गते ५० वर्षीया सासू तिलाकुमारी क्षेत्री र ३० वर्षीय जेठाजु ओमबहादुर केसीले हत्या गरेको भन्दै पीडित पक्षले भदौ १२ गते इलाका प्रहरी कार्यालय मैनापोखरमा उजुरी दियो। शवको पोस्टमार्टम जिल्ला अस्पताल गुलरियामा भयो। प्रहरीले घटनाका आरोपित सासु र जेठाजुलाई भदौ ११ गते पक्राउ गरेकोमा अदालतको आदेश अनुसार असोज ४ गते दुबै जना पुर्पक्षका लागि कारागार भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३५ वर्षीया एक महिलालाई २०७३ चैत १२ गते भक्तपुर जिल्ला सूर्यविनायक नपा-८ घर भई बर्दिया ठाकुरबाबा नपा-६ बस्दै आएका ५९ वर्षीय हरिबहादुर थापाले बलात्कार गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा चैत १५ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत १५ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई चैत १५ गते पक्राउ गरेकोमा अदालतको आदेश अनुसार २०७४ वैशाख १ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### घरेलु हिंसा

बारबर्दिया नपा-४ की ३५ वर्षीया आशारानी थारुलाई २०७३ चैत २४ गते ३५ वर्षीय पति लालबहादुर थारुले गाउँको चौबाटोमा कुटपिट गरेको भन्दै पीडितले इलाका प्रहरी कार्यालय

बनियाभारमा चैत २४ गते उजुरी दिइन्। प्रहरीले आरोपितलाई चैत २४ गते पक्राउ गरेकोमा जिल्ला प्रशासन कार्यालयको आदेश अनुसार २०७४ वैशाख १२ गते पाँच हजार रुपियाँ धरौटी राखी तारेखमा रि हा भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना/सम्पत्ति क्षति

राजापुर नपा-१० स्थित वडा कार्यालयमा २०७४ वैशाख ३० गते राति अज्ञात व्यक्तिले आगजनी गर्दा कार्यालयको प्रशासन फाँटमा रहेका कागजपत्र जलेर क्षति भयो। मोटरसाइकलमा मास्क लगाएर दुई जनाको सङ्ख्यामा आएका व्यक्तिले प्रशासन फाँटमा रहेका कागजात आगजनी गरे। यस वर्षको अन्त्यसम्म घटनामा संलग्न पक्षको पहिचान नभएको प्रहरीले जनायो।

*आगजनीबाट क्षतिग्रस्त राजापुर नपा- १० वडा कार्यालय*

### सांस्कृतिक अधिकार

गुलरिया नपा- ११ लालपुरमा २०७४ असोज १५ गते मोर्हरमको ताजिया र दशैंको मूर्ती बिजर्सन गर्ने समूहबीच बाटो प्रयोग गर्ने विषयमा झडप हुँदा १३ जना घाइते भए। झडपमा स्थानीयबासी ३२ वर्षीया सुन्धारा रैदास, तीन वर्षीया रीता रैदास, १९ वर्षीय विष्णु राड, ६० वर्षीय गुडाना रैदास, ३६ वर्षीय देवीराम रैदास, ४५ वर्षीय जगतपाल राड, ४० वर्षीया चम्फि रैदास, ३५ वर्षीय सुखराना राड, २५ वर्षीय नजामुद्दिन खाँ, २४ वर्षीय सम्सेर खाँ, नौ वर्षीय सल्मान खाँ, ३९ वर्षीया कमरुल निसा खाँ, ७२ वर्षीया महुवा खाँ घाइते भए। उनीहरूको स्थानीय औषधि पसल र जिल्ला अस्पताल गुलरियामा उपचार भयो। विवादित समूहबीच दोहोरो झडप भई ढुङ्गा हानाहान हुँदा सोही ठाउँमा रहेको मस्जिदको टावरको सिसा फुटेका थिए भने ४२ वर्षीय नजाउद्दिन खाँको घरको टायलको छानामा क्षति भई अधिकांश ठाउँमा प्वाल परेको थियो। नजिकै रहेको कर्मलामा पनि आगजनी भएको थियो। यसैगरी झडप नियन्त्रणमा लिन प्रहरीले एक राउन्ड अश्रुग्यास र दुई राउण्ड हवाइ फायर गऱ्यो। विवाद समाधानका लागि जिल्ला प्रहरी कार्यालयमा २०७४ कातिक ७ गते विवादित समूहसहितको सर्वपक्षीय वैठकले मुस्लिम र हिन्दू समुदायका अगुवा सहभागी गराई ६ जनाको सद्भाव समिति र तीन जना सल्लाहाकार समिति बनायो। उनीहरूको अगुवाइ र पहलमा विवाद समाधान भयो।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा जिल्ला अस्पताल, ३० स्वास्थ्य चौकी, तीन प्राथमिक स्वास्थ्य केन्द्र, नौ शहरी स्वास्थ्य केन्द्र र ६ सामुदायिक स्वास्थ्य इकाई छन्। जिल्लामा १८ डक्टरको दरबन्दी रहेकामा १३ जना कार्यरत छन्। अहेवको दरबन्दी १ सय १५ रहेकामा १ सय १४ कार्यरत छन्। जिल्लामा अनमीको दर बन्दी ८६ रहेकामा ८३ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ४ करोड ६१ लाख ४६ हजार र औषधि खर्च बापतको रकम ८ लाख रुपियाँ छ।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | | ३ | | ३ |
| बलात्कार | | | ११ | ११ |
| नवजात शिशुको हत्या | | | १ | १ |
| यौन दुर्व्यवहार | ३ | | ६ | ९ |
| जम्मा | ३ | ३ | १९ | ३४ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बोक्सीको आरोप | | १ | | १ | २ |
| बलात्कार | १ | | | १० | ११ |
| बलात्कार प्रयास | | | | ३ | ३ |
| बहुविवाह | | | | ३ | ३ |
| महिला बेचबिखन | | | | ६ | ६ |
| घरेलु हिंसा | | ३ | १ | ३ | ६ |
| यौन दुर्व्यवहार | | १ | | | १ |
| जम्मा | १ | ५ | १ | २६ | ३४ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

# प्रदेश ६

- क्षेत्रफल : ३०,२११ वर्ग कि.मि.
- जनसङ्ख्या : १५,७०,५८४
- साक्षरता प्रतिशत : ५८.४५
- जिल्ला : १०
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : १२
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : २४
- नगरपालिका : २५
- गाउँपालिका : ५४
- कूल वडा सङ्ख्या : ७१८

# प्रदेश परिचय ६

प्रदेश ६ मा साबिकको कर्णाली अञ्चलका पाँच जिल्ला हुम्ला, डोल्पा, जुम्ला, कालीकोट र मुगु तथा रुकुम जिल्लालाई टुक्रयाएर बनाइएको रुकुम पश्चिम, जाजरकोट, दैलेख, सुर्खेत, सल्यान गरी १० जिल्लाहरू रहेका छन् । यो प्रदेशको जनसङ्ख्या १५ लाख ७० हजार ५ सय ८४ छ । यो प्रदेशको कूल क्षेत्रफल ३० हजार २ सय ११ वर्गकिलोमिटर रहेको छ जुन नेपालको कूल क्षेत्रफलको २०.५३ प्रतिशत हो । यस प्रदेशमा प्रतिनिधि सभा निर्वाचन क्षेत्र १२ र प्रदेश सभा निर्वाचन क्षेत्र २४ वटा छन् । सुर्खेत र दैलेखमा दुई दुई निर्वाचन क्षेत्र रहेका छन् भने बाँकी सबै जिल्लामा एक एक निर्वाचन क्षेत्र कायम गरिएको छ ।

यो प्रदेशका ९४.९० प्रतिशत जनसङ्ख्याको मातृभाषा नेपाली रहेको छ भने बाँकी प्रतिशतका मानिसहरू मगर, थारु, तामाङ, खाम, गुरुङ र शेर्पा भाषा बोल्छन् । यस प्रदेशका मानिसको प्रतिव्यक्ति आय ८ सय ६ अमेरिकी डलर र औसत आयु ६५.६७ वर्ष रहेको छ ।

यस प्रदेशको हुम्ला र डोल्पा जिल्ला अझैसम्म पनि सडक सञ्जालमा जोडिएका छैनन् । सडक सञ्जाल जोडिएका अन्य हिमाली जिल्लाको सडक गुणस्तरीय नभएका कारण बाह्रै महिना यातायातको सुविधा उपलब्ध हुँदैन । पर्यटन र जलविद्युतको प्रचुर सम्भावना रहेका यस प्रदेशको प्राकृतिक स्रोत र साधनको उपयोग गर्न सकिए प्रशस्त आर्थिक उपार्जन हुनसक्ने देखिन्छ ।

### सन् २०१७ र मानव अधिकार अवस्था

यस प्रदेशमा सन् २०१७ मा राज्यपक्षबाट दुई जनाको हत्या भयो भने गैरराज्यपक्षबाट २१ जनाको हत्या भएको अभिलेख भयो । धम्की तथा कुटपिटका घटनामा १ सय ३२ जना पीडित भए जसमध्ये राज्यपक्षबाट ३१ जना र गैरराज्यपक्षबाट १ सय १ जना रहेका थिए । जातीय विभेदका घटनामा १२ जना, भेला तथा सङ्गठित हुने अधिकारबाट एक जना, महिला अधिकार उल्लङ्घनका घटनामा २ सय ४८ जना, अपहरणको घटनामा एक जना, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका घटनामा दुई जना, बाल अधिकारका घटनामा २८ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो ।

## सन् २०१७ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



# ६.१ डोल्पा




**जम्मा जनसङ्ख्या**
३६,७००

**महिला**
१८,४६२

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१५,४५५

**कामका लागि बाहिरिएका**
४४७

**अपाङ्गता भएका**
७४५८

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
५४.१५

**आश्रित जनसङ्ख्या**
२१,०३५

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ३ | | ३ |
| अमानवीय व्यवहार | | | | १ | १ |
| महिला अधिकार | | | ६ | | ६ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | | | १ | १ |
| जातीय विभेद | | | | १ | १ |
| गिरफ्तारी | १ | १ | | | |
| कुटपिट | १ | १ | | ८ | ८ |
| जम्मा | ३ | ३ | ८ | ११ | १९ |

**डोल्पा जिल्लामा गत वर्ष १८ जना पीडित भएकोमा यो वर्ष राज्यपक्षबाट दुई जना सहित २१ जना पीडित भएका घटना अभिलेखित भए। यस वर्ष स्थानीय तहको निर्वाचन, प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनका क्रममा राजनीतिक दलका कार्यकर्ताबीचको झडप तथा कुटपिटबाट आठ जना पीडित भए। हिमाली जिल्ला डोल्पामा हालसम्म सडक पुगेको छैन। खाद्य वस्तुलगायत अत्यावश्यक सामग्री हवाइजहाजबाट लैजाने गरिएकाले असाध्यै चर्को मूल्य तिर्न स्थानीय बाध्य छन्। यसवर्ष मुडकेचुला, जगदुला गाउँपालिका, त्रिपुरासुन्दरी नगरपालिका र ठूलीभेरी नगरपालिकामा पर्ने सर्मी, काइगाउँ, कालिका, नर्कु, माझफाल, पहाडा, लिकु, त्रिपुराकोट, जुफाल लगायतका गाउँबस्तीमा खाद्यान्न आपूर्ति समयमा हुन सकेन। सरकारले खाद्यान्न अभाव हुने जिल्लामा समयमै पर्याप्त मात्रामा खाद्यन्न आपूर्ति गर्ने बताए पनि डोल्पामा झण्डै चार महिनासम्म खाद्यान्न अभाव रह्यो।**

### धम्की/कुटपिट

**राज्यपक्षबाट**

त्रिपुरासुन्दरी नपा-१ का २४ वर्षीय राजीव कठायतलाई २०७४ जेठ ५ गते त्रिपुराकोट प्रहरी चौकीमा कार्यरत प्रहरी जवान ४५ वर्षीय बहादुर बिकले न्यू कर्णाली होटलमा कुटपिट गरे। शरीरका विभिन्न भागमा नीलडाम रहेका पीडितको स्थानीय मेडिकलमा उपचार भयो। पीडितले यस वर्षको अन्त्यसम्म कहीं उजुरी दिएनन्।

त्रिपुरासुन्दरी नपा-१ स्थित धर्मशाला चौर मतदान केन्द्रमा २०७४ मङ्सिर १० गतेको प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा वारेसनामाको विषयमा नेपाली काङ्ग्रेसका टङ्कप्रसाद उपाध्याय र तरुण दलका अध्यक्ष तुलबहादुर बोहराको नेतृत्वमा बुथ कब्जाको प्रयास भएपछि टङ्कप्रसाद उपाध्याय र तुलबहादुर बोहराको दाहिने तिघ्रा र टाउकोमा चोट लाग्यो। घाइते दुवैको त्रिपुरासुन्दरी मेडिकल हल त्रिपुराकोट बगरमा उपचार भयो। झडपपछि मतदान एक घण्टा स्थगित भयो। त्रिपुराकोट प्रहरी चौकी इञ्चार्ज रोमहर्ष सिलवालले लाठी चार्ज गर्ने प्रहरी जवानमाथि कारबाही गर्ने प्रतिबद्धता जनाएपछि पुनः स्थगित मतदान सुरु भएको थियो।

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको रहेको छ। नौ जना कैद तोकिएका र तीन जना कैद नतोकिएका गरी १२ जना बन्दी रहेका छन्। ०३२ सालमा स्थापना भएको कारागार जीर्ण भएकाले पानी परेको बेला चुहिन्छ। हाल १ सय ५० जना क्षमताको नयाँ कारागार भवन निर्माणाधीन छ।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

काईके गाउँपालिका-६ मा नेपाली काङ्ग्रेस वडा अध्यक्ष र सदस्यका उम्मेदवार रहेका ४० वर्षीय भीमबहादुर रोकाय र ३५ वर्षीय लङ्कु बुढालाई २०७४ वैशाख १७ गते ठूलीभेरी नपा-१ निवासी एमालेका सभासद धनबहादुर बुढाको निर्देशनमा अपहरण गर्न खोजेपछि एमाले र काङ्ग्रेस कार्यकर्ताबीच झडप भयो। 'हाम्रो आधार इलाकामा उम्मेदवारी दिने साहास कसरी आयो' भन्दै नेकपा एमालेका ३८ वर्षीय कैलाश बुढा, ३५ वर्षीय नरेन्द्र रोकाया र २३ वर्षीय राप्रपाका कार्यकर्ता भनिने शेरबहादुर रोकायले कब्जामा लिएर कुटपिट गरे। एमाले कार्यकर्ताको कुटपिटबाट सामान्य घाइते बनेका काङ्ग्रेस कार्यकर्ताको डोल्पा अस्पतालमा उपचार भयो। घटनामा संलग्न भएको आरोपमा एमालेका कार्यकर्ता नरेन्द्र रोकाय, कैलाश बुढा र राप्रपाका शेरबहादुर रोकायलाई प्रहरीले वैशाख १८ गते पक्राउ गरेकोमा वैशाख १९ गते रिहा गऱ्यो।

त्रिपुरासुन्दरी नपा-१ मा २०७४ वैशाख ३० गते राति नेकपा एमाले र नेपाली काङ्ग्रेसका कार्यकर्ताबीच झडप भयो। निर्वाचन आचारसंहिता विपरीत एमालेका कार्यकर्ताले काङ्ग्रेसका कार्यकर्तालाई पैसाले किनेर चुनाव भाँड्न खोजेको आरोपमा नेपाल तरुण दलका अध्यक्ष तुलबहादुर बोहराको नेतृत्वमा रहेको समूहले एमालेका कार्यकर्तामाथि आक्रमण गरेपछि दुई पार्टीका कार्यकर्ता बीच झडप भयो। झडपमा सोही नपा-१ का एमाले कार्यकर्ता ४७ वर्षीय तिल बोहरा, नेपाली काङ्ग्रेसका कार्यकर्ता ३५ वर्षीय रणबहादुर बिष्ट घाइते भए। दायाँ खुट्टामा चोट लागेका घाइते दुवैको त्रिपुरासुन्दरी मेडिकलमा उपचार भयो। नेका कार्यकर्ताले त्रिपुराकोट प्रहरी चौकी इञ्चार्ज रोमहर्ष सिजवालसँग सहयोग मागे पनि प्रहरीले जिल्लाले आदेश नदिएसम्म परिचालन नहुने भन्दै घटनास्थल नगएपछि कुनै कारबाही भएन।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित जिल्ला अदालत रहेको छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी आठ र फौजदारी चार थान छन्। यस वर्ष १६ ओटा मुद्दा दर्ता भएकामा दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

### यातना तथा अन्य क्रुर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

जिल्ला समन्वय समिति डोल्पाका सचिव ४९ वर्षीय सागर मिश्रलाई ०७४ असार २६ गते आफ्नै कार्यकक्षमा बसिरहेको अवस्थामा मुड्केचुला गाउँपालिका-१ निवासी नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ता ३५ वर्षीय लङ्क बोहरा र ३८ वर्षीय लालबहादुर बोहरासहितको समूहले चन्दा नदिएको आरोपमा मोसो दल्नुका साथै कुटपिट गरे। घटनाका आरोपित दुवैलाई प्रहरीले सोही दिन दुनै बजारबाट पक्राउ गरेकामा असार २९ गते प्रहरीले रिहा गऱ्यो। जिल्ला समन्वय समितिमार्फत आर्थिक वर्षमा भएको खर्चको विवरण माग गर्दा सन्तोषजनक सूचना नदिएपछि मोसो दलेको नेपाल कम्युनिष्ट पार्टीले जनायो।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ८६ प्रावि, १४ निमावि, १५ मावि, पाँच उमावि छन्। ४ सय ६५ शिक्षक दरबन्दी रहेकोमा ४ सय ९ दरबन्दी र ५६ राहत कोटा गरेर सबै कोटामा शिक्षक कार्यरत छन्। यस वर्ष ४ हजार ८ सय १७ बालक र ४ हजार ९ सय ८५ बालिका भर्ना भए। जिल्लामा यस वर्ष १ हजार २ सय ७० जनजाति बालक र १ हजार ३१ जनजाति बालिका भर्ना भए। यस जिल्लामा एउटा अपाङ्गमैत्री विद्यालय छ। यसवर्ष ८ सय ९५ दलित बालक र ८ सय ६८ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। जिल्लाको वार्षिक बजेट १४ करोड ६५ लाख ३८ हजार रहेको मा प्रशासनिक खर्चतर्फ ७५ लाख ७० हजार ६ सय रुपियाँ खर्च भयो।*

*यो वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा दुई जना बालिका पीडित भए। गत वर्ष त्यस्ता घटना जिल्लामा भएको पाइएन। यस वर्ष एक जना बालिका यौन दुर्व्यवहारमा परिन् भने एक बालिका बालविवाहको घटनामा पीडित भइन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालविवाह | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | २ | २ |

### बलात्कार, यौन दुर्व्यवहार

१७ वर्षीया एक बालिकालाई २०७३ माघ २१ गते त्रिपुरासुन्दरी नपा-२ का २८ वर्षीय कुमार बुढाले यौन दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले त्रिपुराकोट प्रहरी चौकीमा माघ २२ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण भएन। प्रहरीले आरोपितलाई माघ २३ गते पक्राउ गरेकामा माघ २६ गते दुवै पक्षबीच प्रहरी चौकी त्रिपुराकोटमा भएको छलफलमा आरोपितले ७ हजार रुपियाँ पीडितलाई बुझाएपछि दुवै पक्षबीच मिलापत्र भयो। प्रहरीले आरोपितलाई माघ २६ गते रिहा गऱ्यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १० महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी हेला गरेको दुई, सम्बन्ध विच्छेदका चार, खान/लाउन नदिएका चार उजुरी दर्ता भए। सबै उजुरीमा मिलापत्र भयो।*

*यो वर्ष घरेलु हिंसाका घटनामा तीन जना पीडित भए। गत वर्ष ११ जना पीडित भएका थिए। तीन ओटै घटनाका पीडितले सम्बन्धित निकायमा उजुरी दिए पनि सबै घटनामा मिलापत्र भयो। बलात्कार घटनामा एक र बहुविवाहका कारण एक जना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बोक्सीको आरोप | १ | १ |
| बलात्कार | १ | १ |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | ३ | ३ |
| जम्मा | ६ | ६ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३५ वर्षीया महिलालाई २०७३ माघ २९ गते जगदुल्ला गाउँपालिका-४ का ४२ वर्षीय पति रामबहादुर रोकायले बलात्कार गरेको भन्दै पीडित पक्षले फागुन २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन २ गते भयो। प्रहरीले आरोपितलाई फागुन २ गते पक्राउ गरेकोमा जिल्ला अदालतले दोषी ठहर गर्दै २०७४ असार २० गते तीन वर्ष कैद सजायको फैसला सुनायो।

## आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

### खाद्यान्न अभाव

मुडकेचुला जगदुला गाउँपालिका, त्रिपुरासुन्दरी नपा र ठुलीभेरी नपामा पर्ने सर्मी, काइगाउँ, कालिका, नर्कु, माझफाल, पहाडा, लिकु, त्रिपुराकोट र जुफाल लगायतका गाउँबस्तीमा २०७४ भदौदेखि २०७४ मङ्सिरको अन्तिम हप्तासम्म खाद्यान्न आपूर्ति हुन सकेन। सरकारले कर्णालीका पाँच जिल्लामा

हरेक वर्ष दुवानी अनुदानमा खाद्यान्न उपलब्ध गराउँदै आएको भए पनि गतवर्ष झैं नेपालीको महान चाड बडादशैँ तथा तिहारमा समेत ती गाउँपालिका र नगरपालिकाका जनताले चामल पाएनन्। धान, मकै र सिमीलगायतका अन्नबाली र तरकारी हुने समयमा खडेरी परेकाले उत्पादनमा कमी आई गत वर्षको झैं यस वर्ष पनि जिल्लामा खाद्यान्नको अभाव भयो। सरकारले खाद्यन्न अभाव हुने जिल्लामा समयमै पर्याप्त मात्रामा खाद्यान्न आपूर्ति गर्ने बताए पनि डोल्पामा झण्डै चार महिनासम्म खाद्यान्न अभाव रहयो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा जिल्ला अस्पताल, २३ स्वास्थ्य चौकी छन्। जिल्लामा दुई डक्टरको दरबन्दी रहेकामा एक जनामात्र कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी चार जनाको रहेकामा तीन जना कार्यरत छन्। अहेवको ४९ दरबन्दी रहेकामा ३३ जना कार्यरत छन्। यसैगरी अनमीको २३ दरबन्दी रहेकामा २० जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ३ करोड ३९ लाख र औषधि खर्च बापतको रकम ३५ लाख रुपियाँ छ। यस वर्ष पनि आर्थिक अभावका कारण जिल्ला अस्पताल तथा स्वास्थ्य चौकीमा समेत अत्यावश्यक औषधिको अभाव भएको जिल्ला जनस्वास्थ्य कार्यालयले जनायो।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | जम्मा |
| बालविवाह | १ | | १ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | १ | १ | २ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | जम्मा |
| बोक्सीको आरोप | | १ | १ |
| बलात्कार | १ | | १ |
| बहुविवाह | १ | | १ |
| घरेलु हिंसा | | ३ | ३ |
| जम्मा | २ | ४ | ६ |

# ६.२ मुगु




जम्मा जनसङ्ख्या
५५,२८६

महिला
२७,२६१

प्रतिनिधिसभा निर्वाचन क्षेत्र
१

प्रदेशसभा निर्वाचन क्षेत्र
२

गरिबीको रेखामुनि रहेको सङ्ख्या
२५,७८४

कामका लागि बाहिरिएका
६५५

अपाङ्गता भएका
१,५१७

५ वर्षमाथिको साक्षरता प्रतिशत
५१.२५

आश्रित जनसङ्ख्या
३५,४०१

**मुगुमा गत वर्ष राज्यपक्षबाट भएका घटनामा १७ जना र गैरराज्यपक्षबाट भएका घटनामा १३ जना पीडित भएकामा यो वर्ष राज्यपक्षबाट चार जना र गैरराज्यपक्षबाट २५ जना पीडित भएका घटना इन्सेकमा अभिलेखित छन्। जिल्लाभर ०७४ मङ्सिर ५ गतेदेखि मङ्सिर २८ गतेसम्म फैलिएको मौसमी रुघाखोकीले बालबालिकादेखि ज्येष्ठ नागरिकसम्म गरी ११ जनाको बेलैमा उपचार नपाएर ज्यान गयो। स्वास्थ्य संस्थामा दरबन्दी अनुसारका स्वास्थ्यकर्मी नहुनु, निःशुल्क वितरण गरिने औषधिको अभाव हुनु, जनचेतनाको कमी हुनु जस्ता कारणले बर्सेनी यस्ता सामान्य कारणबाट सर्वसाधारणको मृत्यु हुने गरेको छ।**

### धम्की/कुटपिट

**राज्यपक्षबाट**

छायाँनाथ रारा नपा-७ की २३ वर्षीया पुनीता शाहीलाई २०७४ जेठ २१ गते रारा विमानस्थलको सुरक्षार्थ खटिएका प्रहरी जवानद्वय २५ वर्षीया सुनीता नगरकोटी र ३६ वर्षीय यमलाल अधिकारीले कुटपिट गरे। छिमेकी विद्या मल्लसँग जेठ २० गते झगडा गरेको आरोपमा शाहीलाई प्रहरीद्वयले गाउँमा गई कपाल लुछ्दै दाउराले कुटेको पीडितले आरोप लगाइन्। पीडित पक्षले घटनाका सम्बन्धमा जिल्ला प्रहरी कार्यालयमा जेठ २२ गते उजुरी दिएपछि औषधि खर्च उपलब्ध गराउने सर्तमा दुवै पक्षबीच जेठ २५ गते मिलापत्र भयो। यस वर्षको अन्त्यसम्म पीडितले औषधि खर्च पाइनन्।

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | १ | १ | २ |
| महिला अधिकार | | | | ९ | | ९ |
| कुटपिट | १ | ३ | ४ | | १३ | १३ |
| धम्की | | | | | १ | १ |
| जम्मा | १ | ३ | ४ | १० | १५ | २५ |

*प्रहरीको कुटपिटबाट घाइते भएकी पुनीता शाही*

### गैरराज्यपक्षबाट

छायाँनाथ रारा नपा-४ निवासी शिक्षक ३४ वर्षीय पञ्च सेजुवाल र सोही ठाउँका ३३ वर्षीय बसन्त रावललाई २०७४ मङ्सिर ८ गते नेकपा एमालेका कार्यकर्तामाथि आक्रमण गर्न खोजेको आरोपमा सोही ठाउँ निवासी एमालेका कार्यकर्ता ३१ वर्षीय नरेश भामको नेतृत्वमा रहेका १०/१५ जना व्यक्तिको समूहले कुटपिट गऱ्यो। एमाले कार्यकर्ताको कुटपिटबाट सेजुवालको टाउको र अनुहारमा चोट लागेको थियो। सेजुवालको टाउकोमा पाँच ओटा टाँका लगाइएको थियो। पीडित सेजुवालले चैना प्रहरी चौकीमा मङ्सिर १२ गते उजुरी दिए। प्रहरीले आरोपित र पीडित दुवै पक्षलाई बोलाई एमाले कार्यकर्ताले औषधि उपचारमा लाग्ने खर्च व्यहोर्ने सर्तमा मिलापत्र गराएको भएपनि पीडितले काठमाडौंमा आफ्नै खर्चमा उपचार गरे। यो वर्षको अन्त्यसम्म पीडितले उपचार खर्च पाएनन्।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

स्थानीय तह निर्वाचन, २०७४ को मतदान केन्द्र रहेको शोभा गाउँस्थित श्री हिमाल प्राथमिक विद्यालयमा २०७४ वैशाख २९ गते बिहान नेपाल कम्युनिष्ट पार्टीका स्थानीय कार्यकर्ता सुरजित रावतको नेतृत्वमा करिब १ सय जनाको समूहमा आएका व्यक्तिले मतदान केन्द्रका मतपत्र, मतपेटिका लगायतका सबै सामग्री लुटे। मतदानमा खटिएका कर्मचारी खाना खान लागेको अवस्थामा मतदाता परिचय-पत्र लिने बहाना बनाई आएको उक्त समूहले मतदानका सबै सामग्री लुटेको निर्वाचन कार्यालयले जनायो। वैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनमा सो मतदान केन्द्रका सबै सामग्री लुटिएपछि थप सुरक्षाकर्मी र निर्वाचन सामग्री व्यवस्था गरी वैशाख ३१ गते मतदान भयो।

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १५ जनाको भएको कारागारको पुरानो भवन छ। नयाँ भवन निमार्णको प्रक्रियामा छ। भवन नहुँदा जिल्ला अदालतले कैद र थुनुवा तोकेकालाई अन्य जिल्लाका कारागारमा चलानी गरिने गरेको छ। यो वर्ष चार कैदी र पाँच थुनुवा गरी नौ जना छन्। जसमध्ये आठ जनालाई जुम्ला कारागार र एक जनालाई दाङ कारागारमा पठाएको छ। जसमा दुई महिला छन्। आश्रित बालक छैनन्। आफ्नै भवन नहुँदा व्यवस्थापनमा समस्या छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी रहेकामा कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ सात र फौजदारीतर्फ ३० थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा ९३ प्रावि,२६ निमावि, १२ मावि र १० उमावि छन्। ६ सय ५१ शिक्षक दरबन्दी रहेकामा ७ दरबन्दी रिक्त छ। यस वर्ष ७ हजार ७ सय ११ बालक र ८ हजार ६ सय ५३ बालिका भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्। २ हजार १ सय ६ दलित बालक र २ हजार ४ सय ४५ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै सहिद परिवारका र द्वन्द्वपीडित परिवार १४ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

मुगुम कार्मारोङ्ग गाउँपालिका-७ मह गाउँमा रहेको श्री प्राथमिक विद्यालयमा २०७४ असोज १५ गतेदेखि विद्यालयमा कार्यरत शिक्षक चार महिनासम्म अनुपस्थित हुँदा त्यस विद्यालयमा कक्षा १ देखि ५ सम्मका विद्यार्थीको पठनपाठन हुन सकेन। विद्यालयका प्रअ हरिबहादुर बिटालुसहित अन्य दुई जना शिक्षक चार महिनासम्म विद्यालयमा अनुपस्थित हुँदा यस्तो समस्या आएको थियो।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै १० महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका चार, खान/लाउन नदिएको दुई, विवाह दर्ता र नागरिकता नबनाएको, अर्की पत्नी ल्याएर हेला गरेको दुई र सामान्य घरायसी झगडाका दुई घटना छन्। दर्ता गरिएका सबै उजुरीमा मिलापत्र गरिएको प्रहरीले जनायो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | ६ | ६ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ९ | ९ |

*गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा सात जना पीडित भएकामा यो वर्ष नौ जना पीडित भएका घटना अभिलेखमा छन्। सन् २०१६ मा बलात्कार घटनाबाट दुई जना, बलात्कार प्रयासबाट तीन जना, बहुविवाहका कारण एक जना र बेचबिखनका कारण एक जना पीडित भएका घटना अभिलेखित थिए भने यो वर्ष घरेलु हिंसाका कारण ६ जना, बहुविवाहका कारण दुई जना र यौन दुर्व्यवहार बाट एक जना पीडित भएका घटना अभिलेखित छन्।*

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

#### भौतिक संरचना/सम्पत्ति क्षति

छायाँनाथ रारा नपा–५ की ४० वर्षीया बिष्णु सुनार र सोही ठाउँका ६० वर्षीय दन्तलाल कामीले २०७४ वैशाख ३१ गते सम्पन्न स्थानीय निकायको निर्वाचनमा नेपाली काङ्ग्रेसको तर्फबाट वडा नम्वर ५ का वडा अध्यक्षका उम्मेदवार मुन कार्कीलाई मतदान नगरेको आरोपमा छायाँनाथ रारा नपा-५ का २७ वर्षीय दिपबहादुर बुढा, सोही ठाउँका २६ वर्षीय जिर सिंह नेपाली र २८ वर्षीय पदम कार्कीले पीडित दुवैको घर र शौचालय तोडफोड गरे। फरक विचार भएको कारण आफनो घर तोडफोड गरेको भन्दै पीडित पक्षले जेठ ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। नेपाली काङ्ग्रेसका स्थानीय कार्यकर्ताले तोडफोड भएको सबै सामग्री मर्मत गरिदिने भनेपछि दुवै पक्षबीच जेठ ९ गते मिलापत्र भएपनि यस वर्षको अन्त्यसम्म तोडफोड भएको घर र शौचालय मर्मत नभएको पीडित पक्षले जनायो।

### स्वास्थ्य सेवा

मुगु जिल्लामा एक जिल्ला अस्पताल, २९ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा चार डक्टरको दरबन्दी रहेकामा दुई कार्यरत छन्। स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। तीन जना स्टाफ नर्सको दरबन्दीमा दुई जना कार्यरत छन्। अहेवको ६८ दरबन्दी रहेकामा ६६ जना कार्यरत छन्। ३८ अनमीको दरबन्दीमा सबै कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ४ करोड २ लाख ३० हजार र औषधि खर्चबापतको रकम १० लाख रुपियाँ छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बहुविवाह | | | १ | १ | ३ |
| घरेलु हिंसा | १ | १ | ४ | | ६ |
| यौन दुर्व्यवहार | | | १ | | १ |
| जम्मा | १ | १ | ६ | १ | ९ |

# ६.३ हुम्ला




**जम्मा जनसङ्ख्या**
५०,८५८

**महिला**
२५,०२५

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
२७,५६२

**कामका लागि बाहिरिएका**
६८२

**अपाङ्गता भएका**
२,४११

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
४७.८२

**आश्रित जनसङ्ख्या**
२७,०१६

हुम्लामा गत वर्ष गैरराज्यपक्षबाट १० जना पीडित भएकोमा यो वर्ष राज्यपक्षबाट दुई जना सहित ४३ जना पीडित भएका घटना अभिलेखित भए। यस वर्ष सबै भन्दा बढी धम्की र कुटपिटबाट २८ जना पीडित भए। अन्य घटनाको तुलनामा स्थानीय तहको निर्वाचन, प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनमा राजनीतिक दलबीच झडपका घटना बढी भए।

यस वर्ष पनि नेपाल सरकारले तोके जतिको खाद्यान्न उपभोग गर्न नपाएको स्थानीयले गुनासो गरे। खाद्य डिपोमा यो वर्ष खाद्यान्न ढुवानी हुन नसक्दा स्थानीयबासीले खाद्यान्नको अभावमा दशैँ र तिहार चामल बिना मनाउन बाध्य भए। २०७४ असारमा पाँच केजीका दरले चामल वितरण भएकोमा त्यसपछि ढुवानीमा समस्या हुँदा स्थानीयबासीले मङ्सिरको अन्तिमसम्म खाद्यान्नको समस्या भोग्दै आए। जिल्लामा रहेका तीन ओटै खाद्य डिपोमा वर्ष भरिनै खाद्यान्न ढुवानी हुन सकेन। यस आर्थिक वर्षका लागि सरकारले विनियोजन गरेको १८ हजार क्वीन्टल चामलमध्ये एक दाना पनि ढुवानी नभएको र गएको आर्थिक वर्षबाट सरेको ३ हजार क्वीन्टलमध्ये १ हजार ८ सय क्वीन्टल चामल मात्र वितरण गर्न सकेको संस्थानका कर्मचारी कृष्ण अवस्थीले बताए। नेपाल सरकारले लामो समयसम्म हुम्लामा पठाउने सहुलियतको चामल नपाएको भन्दै जिल्ला समन्वय समितिका पदाधिकारीहरूले २०७४ असोज २४ गते सदरमुकाममा थाल बजाएर विरोध जनाए। उनीहरूले महान चाड दशैँमा समेत सहुलियतको चामल नपाएको भन्दै विरोध स्वरूप थाल बजाएर आधा घण्टा संस्थानको कार्यालयमा धर्ना दिएका थिए।

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | १ | | १ |
| बाल अधिकार | | | | ३ | ३ |
| महिला अधिकार | | | ९ | | ९ |
| कुटपिट | | | १ | २५ | २६ |
| धम्की | २ | २ | | २ | २ |
| जम्मा | २ | २ | ११ | ३० | ४१ |

*थाल बजाएर खाद्यान्न माग गर्दै जिल्ला समन्वय समितिका पदाधिकारीहरू*

### गोली/विष्फोटक पदार्थद्वारा घाइते

चङ्खेली गाउँपालिका-६ की १६ वर्षीया बाटुली बुढा २०७३ माघ ७ गते सोही ठाउँका ३५ वर्षीय बाचबहादुर बुढाले प्रहार गरेको गोली लागी घाइते भइन्। बालिकाका बुवासँग भएको विवादमा आरोपितले बालिकाको बुवालाई ताकेर प्रहार गरेको गोली घरमा सुतेकी बालिकालाई लागेको थियो। घाँटीमा चोट लागेकी घाइतेको मेल्छाम स्वास्थ्य चौकीमा उपचार भयो। पीडित पक्षले माघ १० गते जिल्ला प्रहरी कार्यालयमा ज्यान मार्ने उद्योगमा दिएको उजुरी माघ २३ गते दर्ता भयो। घटनाका आरोपितलाई प्रहरीले २०७४ साउन २८ गते पक्राउ गरेकामा जिल्ला अदालतको आदेश अनुसार आरोपित भदौ २० गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। नयाँ बनेको उक्त भवनको निर्माण कार्य नसकिँदा कारागारमा बन्दीहरू राखिएको छैन। दुई जना बन्दी रहेकामा यस वर्ष पनि कारागार सञ्चालनमा नआउँदा जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षमा नै राखिएको छ। पुरानो कारागारको अवस्था जीर्ण भएकाले नयाँ भवन निर्माण भइरहेको छ।

### धम्की/कुटपिट

#### राज्यपक्षबाट

खार्पुनाथ गाउँपालिका-५ का २८ वर्षीय गजेन्द्र रोकाय र सोही ठाउँका ३१ वर्षीय अमर ऐडीलाई २०७४ असोज १२ गते जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर ४५ वर्षीय विष्णुबहादुर सिंहले अमानवीय व्यवहार गरे। सोही ठाउँका ७५ वर्षीय नरवीर बुढा र सोही गाउँका ४५ वर्षीय शेरबहादुर रोकायको असोज ८ गते ढुङ्गा लागेर मृत्यु भएको भनिएको घटनाको सत्यतथ्य जानकारी माग गर्दै असोज १२ गते जिल्ला प्रशासन कार्यालयमा धर्ना दिन पुगेका स्थानीयबासीलाई 'मदिराले लठिएका' इन्स्पेक्टर सिंहले अपशब्द बोल्दै मुद्दा दर्ता हुन नदिने भनी धम्क्याए। प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद बास्कोटाले प्रहरीले गरेको अमानवीय व्यवहारप्रति दुखित भएको भन्दै यस विषयमा आन्तरिक रूपमा कारबाही गर्ने र आगामी दिनमा यस्तो घटना हुन नदिने आश्वासन दिए। जिल्ला प्रहरी कार्यालयका डिएसपी कमलप्रसाद नेपालले किटानी उजुरी आएपछि मात्र अनुसन्धान गर्ने बताए। सोही विषयमा असोज १४ गते बसेको छलफलमा इन्स्पेक्टर विष्णुबहादुर सिंहले माफी मागेपछि दुवै पक्षबीच मिलापत्र भयो।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

चङ्खेली गाउँपालिका-३ स्थित मिमी मेखाला गाउँमा २०७४ मङ्सिर १० गते भएको प्रतिनिधि तथा प्रदेश सभा सदस्यको निर्वाचनमा सो गाउँका १ सय १९ जना मतदाताहरूमध्ये जम्मा ६ जना मतदातले मात्र मतदान गरे। नेपाल सरकारले गाउँपालिका तथा वडापालिका विभाजन गर्दा पक्षपात गरेको र भौगोलिक आधारमा नभएको भन्दै मिमी मेखाला गाउँका १ सय १९ मतदाता सो निर्वाचनका दिन बेलुका ५ बजेसम्म मतदान गर्न नमानेको निर्वाचन अधिकृत प्रदीपसिंह धामीले जानकारी गराए। उक्त मतदान केन्द्रमा बेलुका अबेरसम्म मत नखसेपछि सुरक्षामा खटिएका नेपाली सेनाले २/४ राउण्ड गोली हवाइफायर गरे पछि मात्र त्यहाँका स्थानीयबासीले ६ वटा मत खसाल्न बाध्य भएको स्थानीयबासीले जनाए। त्यस्तै नाम्खा गाउँपालिका-५ को मुचुचाला गाउँमा पनि वैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनका क्रममा १ सय १२ जना मतदातामध्ये जम्मा ६ जना मतदाताले मतदान गरेका थिए। नेपाली काङ्ग्रेस, माओवादी केन्द्र र नेकपा एमालेबीच भएको विवादले सो मतदान केन्द्रका मतदाताहरूले मतदान गर्न नपाएको स्थानीयबासीले बताए। चङ्खेली गाउँपालिकाका १ सय १३ जना, नाम्खा गाउँपालिकाका १ सय ६ जना र खार्पुनाथ गाउँपालिकाका ४ सय जनासमेत हुम्लाका ६ सय १९ जना मतदाताहरू आफ्नो मताधिकारबाट वञ्चित भए।

खार्पुनाथ गाउँपालिका-५ निवासी स्थानीय तहका स्वतन्त्र उम्मेदवार ३६ वर्षीय प्रकाशबहादुर शाहीको टोलीलाई नेपाली काङ्ग्रेसका कार्यकर्ताले २०७४ वैशाख ३१ गते स्थानीय तहको निर्वाचनमा मतदान गर्न नदिएको भन्दै जिल्ला प्रशासन र मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पीडितहरू जेठ २ गते धर्नामा बसे। स्वतन्त्र पक्षको भनाइअनुसार नेपाली काङ्ग्रेसका कार्यकर्ताले यो भन्दा अघिका ६४ र ७० को निर्वाचनमा पनि अन्य पार्टीका कार्यकर्तालाई यसरी नै मतदान गर्न नदिएको आरोप लगाए। हुम्लाका करिब ४ सय मतदाताहरू मतदानबाट वञ्चित रहे। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे पनि मुख्य निर्वाचन र जिल्ला प्रशासन कार्यालयका अनुसार निर्वाचन आयोगले पुनः मतदान गर्न नमिल्ने जनायो।

सिमकोट गाउँपालिका-८ निवासी माओवादी केन्द्रका कार्यकर्ता १९ वर्षीय ज्ञानबहादुर रोकाया, सोही ठाउँका २२ वर्षीय कल्याण बुढा र नयाँ शक्ति पार्टीका २० वर्षीय परेकलाल रोकाया, २ ९ वर्षीय किसान बुढालाई २०७४ वैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनका क्रममा नेपाली काङ्ग्रेसका कार्यकर्ता २६ वर्षीय डम्मर शाही, २४ वर्षीय हंसबहादुर शाही र ३७ वर्षीय उब्जन शाही लगायतले कुटपिट गरे। स्याडागाउँमा नेकपा एमाले, माओवादी केन्द्र र नयाँ शक्तिका कार्यकर्ता एकजुट भएपछि बिहान ११ बजेतिर मतदानको क्रममा २५ वर्षीया जयपुरी बुढाको हातबाट छाप खोसेर ३० वर्षीय पति मानबहादुर बुढाले आफैँ मतदान गर्न खोजेपछि उक्त मतदान केन्द्रमा झडप भएको प्रहरीले जनायो। दुई पक्षबीच झडप भएपछि उक्त मतदान केन्द्रमा करिब एक घण्टासम्म मतदान कार्य रोकियो। थप सुरक्षाको लागि नेपाली सेनाको टोली घटनास्थलमा गएपछि अवस्था सामान्य भयो। टाउकोमा चोट लागेका चारै जना घाइतेको स्याडा स्वास्थ्य चौकीमा उपचार भयो। यस वर्षको अन्त्यसम्म पीडित पक्षले कहीं उजुरी दिएनन्।

*जिल्ला प्रशासन र मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मतदानको माग गर्दै धर्नामा बसेका स्थानीय बासिन्दा*

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दा मध्ये देवानीतर्फ ३९ र फौजदारीतर्फ चार थान रहेका छन्। यस वर्ष ५१ थान मुद्दा दर्ता भएकोमा देवानीतर्फ आठ थान फैसला भए। फौजदारी मुद्दा कुनै पनि फैसला भएनन्। दर्ता भएका उजुरीमध्ये गत वर्षबाट जिम्मेवारी सरेर आएका १३ थान हुन् भने यस वर्ष साउनबाट दर्ता भएका ३६ थान रहेका छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ९३ प्रावि, ५४ निमावि, १८ मावि र आठ उमावि छन्। जिल्लामा ५ सय ६८ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष ८ हजार ४ सय बालक र ९ हजार ३ सय बालिका विद्यालयमा भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्। बालमैत्री विद्यालय भने ५२ वटा छन्। १ हजार ६ सय दलित बालक र १ हजार ५ सय दलित बालिकालाई यो वर्ष छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका १ सय ४ जना बालबालिकालाई छात्रवृत्ति दिइयो। जिल्ला शिक्षा कार्यालयको यस वर्षको बजेट ९ करोड रुपियाँ छ, जसमध्ये प्रशासनिक खर्च १ लाख रुपियाँ छ।*

*यो वर्ष तीन जना बालक शिक्षकको कुटपिटबाट पीडित भए। स्थानीय तहको निर्वाचनका क्रममा स्वतन्त्र पक्षबाट अध्यक्षका उम्मेदवारले ईश्वर प्रावि शिक्षकले आफूलाई मतदान नगरेको भन्दै २०७४ जेठ ७ गतेबाट ११ गतेसम्म ताला लगाए। विद्यालयमा ताला बन्द हुँदा उक्त विद्यालयमा अध्यनरत ५४ बालबालिकाको पठनपाठन प्रभावित भयो। अघिल्लो वर्ष भने एक बालिका यौन दुर्व्यवहारबाट पीडित भएको एउटा घटना अभिले खित थियो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | पुरुष | जम्मा |
| विद्यालयमा शारीरिक सजाय | ३ | ३ |
| जम्मा | ३ | ३ |

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै २४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा खाना लाउन नदिएको पाँच, हेला गरेको चार र सामान्य घरायसी झगडाका १५ घटना छन्। यीमध्ये प्रहरीले २३ घटनामा मिलापत्र गरायो। एक उजुरी कानुनी प्रक्रियामा छ।*

*यस वर्ष महिला अधिकार उल्लङ्घनका घटनामा नौ जना पीडित भए। जसमध्ये घरेलु हिंसाका सात र बहुविवाहका दुई जना रहेका छन्। गत वर्ष भने पाँच जना पीडित भएको अभिलेखित भएको थियो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | ६ | ६ |
| जम्मा | ९ | ९ |

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

#### भौतिक संरचना क्षति

कोट मावि रोडीकोटमा २०७४ साउन ३० गते अज्ञात समूहले झ्याल फोरेर विद्यार्थी र शिक्षकको हाजिर रजिष्टर, यसै वर्ष माध्यमिक शिक्षा उत्तीर्ण भएका विद्यार्थीको लब्धाङ्कपत्र, गत वर्षको लेखा परीक्षण प्रतिवेदन, चेकबुक लगायतका कागजात च्यातेर नष्ट गऱ्यो। विद्यालयमा रहेका सम्पूर्ण सक्कली कागजात अभिलेख नरहने गरी नष्ट गरिएको विद्यालय प्रशासनले जनायो। विद्यालयले सर्केगार्ड इलाका प्रहरी चौकीमा भदौ १ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म घटनामा संलग्न पक्षको पहिचान भएन।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा जिल्ला अस्पताल र २६ स्वास्थ्य चौकी छन्। चार डक्टरको दरबन्दी रहे पनि दुईमात्र कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। अहेवको ५५ दरबन्दीमध्ये ३५ जना कार्यरत छन्। अनमीको भने ५५ दरबन्दीमा ५६ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १५ करोड रुपियाँ छ भने औषधि खर्चबापतको रकम २७ लाख रुपियाँ छ। यस वर्ष अघिल्लो वर्ष भन्दा पनि बढी औषधिको अभाव भयो।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| विद्यालयमा शारीरिक सजाय | १ | १ | २ |
| जम्मा | १ | १ | २ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बहुविवाह | १ | १ | २ |
| घरेलु हिंसा | ६ | | ६ |
| जम्मा | ८ | १ | ९ |

# ६.४ जुम्ला




**जम्मा जनसङ्ख्या**
**१,०८,५२१**

**महिला**
**५४,०२३**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**५२,६०२**

**कामका लागि बाहिरिएका**
**१,४६३**

**अपाङ्गता भएका**
**३,२४८**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५४.६६**

**आश्रित जनसङ्ख्या**
**६१,५१६**

**जुम्लामा गत वर्ष २२ जना पीडित भएका घटना अभिलेख गरिएकामा यो वर्ष राज्यपक्षबाट १६ जनासहित ३४ जना पीडित भएका घटना अभिलेखित छन्।**

**छाउपडी प्रथा उन्मूलन निर्देशिका २०६४ जारी भए पनि जुम्लामा छाउपडी प्रथा कायमै छ। विभिन्न सरकारी संस्था तथा सञ्चार माध्यमले जनचेतनामूलक कार्यक्रमदेखि सूचना सन्देश प्रवाह गरेर यो प्रथाले निम्त्याएको समस्या न्यून हुन सहयोग पुगेको छ। पहिले सात दिनसम्म छाउ बार्ने चलन भए पनि अहिले तीन दिनमा झरेको छ। यस वर्ष तिला गाउँपालिकाका ३ र ४ नम्बर वडाका राउतवाडा र जोगीवाडा छाउपडी मुक्त गाउँ घोषणा भए। अघिल्लो वर्ष कुडारी गाविस-५ ढिमकोट, लाम्रा गाविस-६ र ७ हियाखोला र डिल्लीचौर गाविस-३ तल्लोलोर्प गाउँ छाउपडी मुक्त गाउँ घोषणा गरिएको थियो।**

## धम्की/कुटपिट

### गैरराज्यपक्षबाट

जुम्ला बुहुमुखी क्याम्पसका प्रमुख ४६ वर्षीय बसन्तराज भण्डारी र स्वयिु निर्वाचन समिति जुम्लाका निर्वाचन अधिकृत तथा प्राध्यापक ४२ वर्षीय पदमबहादुर शाहीलाई २०७३ फागुन १२ गते हिमा गाउँपालिका-४ बुअगाउँ निवासी नेकपा माओवादी केन्द्र निकट अनेरास्वयिु (का.) जुम्लाका इञ्चार्ज २९ वर्षीय अम्मरजङ्ग शाहीले कुटपिट गर्नुका साथै कुर्सी तोडफोड गरे। अनेरास्वयिु (का.) ले गरेको अनिश्चितकालीन तालाबन्दीका क्रममा क्याम्पसले

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| महिला अधिकार | | | | १० | | १० |
| गिरफ्तारी | | ६ | ६ | | | |
| कुटपिट | ६ | ४ | १० | | ५ | ५ |
| हत्या | | | | १ | ३ | ३ |
| जम्मा | ६ | १० | १६ | ११ | ८ | १८ |

ताला खोली काम गरेको आरोपमा क्याम्पस प्रमुख र निर्वाचन अधिकृत माथि हातपात र कुर्सी तोडफोड गरेको सो सङ्गठनले जनायो। त्रिभुवन विश्वविद्यालयले एकमुष्ट भर्ना भएका विद्यार्थीलाई अध्ययन गर्न दिने तर मतदान गर्न नदिने भनी क्याम्पसलाई परिपत्र गरेको विषयमा विरोध गर्दै अनेरास्ववियु (क्रा.) जुम्लाले क्याम्पसमा तालाबन्दी गरेको थियो। यस वर्षको अन्तिमसम्म पीडित पक्षले कहीं उजुरी दिएन।

तातोपानी गाउँपालिका-२ डाँगीवाडाका ३७ वर्षीय वडा सदस्य मुनबहादुर डाँगीलाई २०७४ पुस १० गते सोही ठाउँका ४९ वर्षीय विष्णु अधिकारी, ३८ वर्षीय टङ्क अधिकारी र ३० वर्षीय प्रेम अधिकारीले कुटपिट गरे। वडा सदस्यको हैसियतले हिमशिखर माध्यमिक विद्यालय तातोपानीको योजना तर्जुमाका लागि बैठकमा गएका बेला सार्वजनिक बाटोको विवादका विषयमा कुटपिट गरेको पीडित डाँगीले बताए। पीडितले पुस ११ गते प्रहरीमा उजुरी गरेपछि पुस १२ गते कुटपिटका आरोपित तीनै जनालाई सदमुकाम खलङ्गा आएको बेला प्रहरीले पक्राउ गऱ्यो। आगामी दिनमा गाउँघरमा मिलेर बस्ने र यस्ता खालका गतिविधि नदोहोऱ्याउने, उपचार खर्च व्यहोर्ने सहमतिमा पुस १४ गते पीडितले उजुरी फिर्ता लिएर मिलापत्र गरे। कुटपिटबाट घाइते डाँगीको उपचार कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा गरियो।

*कुटपिटबाट घाइते वडा सदस्य मुनबहादुर डाँगी*

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय ८० जनाको छ। ४० जना कैदी र सात थुनुवा गरी ४७ जना छन्। जसमा चार महिला छन्। २०५८ कात्तिक २८ गते तत्कालीन नेकपा माओवादीले कारागारमा आगजनी गरी ध्वस्त पारेपछि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले नयाँ भवन निर्माण सुरु गरेको छ। कारागारमा भने खानेपानीको समस्या छ। कारागारमा खानेपानीको समस्या भएपछि तिला नदीको दुषित पानी खाने गरेका छन्।

## अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

कनकासुन्दरी गाउँपालिका-१ रियागाउँ निवासी नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ता युवा दस्ताका जिल्ला इञ्चार्ज ३० वर्षीय बीरबहादुर कठायतलाई निर्वाचन विरोधी गतिविधि गरेको आरोपमा २०७४ वैशाख २९ गते पातारासी गाउँपालिका-७ पटमारागाउँबाट प्रहरीले पक्राउ गऱ्यो। सूर्यबहादुर कठायतले जेठ १९ गते बन्दी प्रत्यक्षीकरणको रिट दायर गरेपछि उच्च अदालत सुर्खेत, इजलास जुम्लाको कारण देखाउ आदेशमा कारण खुल्न नसकेपछि जेठ २१ गते बीरबहादुर कठायत रिहा भए।

चन्दननाथ नपा-९ तलिउमका ४४ वर्षीय सुरेन्द्र गिरी, सोही ठाउँका ४० वर्षीय बिर्ख गिरी, ४५ वर्षीया चैती गिरी, ३९ वर्षीया दुर्गा गिरी, ३८ वर्षीया जनतारा गिरी, ३४ वर्षीय चक्र गिरी, ४४ वर्षीया कला गिरी, ३४ वर्षीय विष्णु गिरी, ३२ वर्षीया एकमाया गिरी, ३० वर्षीय मन्नु गिरी २०७४ वैशाख १२ गते सशस्त्र प्रहरीको लाठी चार्जबाट घाइते भए। टाउको, ढाड, तिघ्रा र अनुहारमा चोट लागेका घाइते सबैको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल, जुम्लामा उपचार भयो। बयालकाटिया गाउँ र तलिउम गाउँबीच शम्भुनाथ पारिपाल्त भन्ने वनको विषयमा वैशाख ११ गते विवाद भएपछि प्रशासन कार्यालयमा गएका पीडितलाई सशस्त्र प्रहरीले लाठी चार्ज गरेको थियो। झडपमा जिल्ला प्रहरी कार्यालयका प्रहरी जवान ३५ वर्षीय हिक्मत थापा घाइते भए। घाइतेहरूको उपचार खर्च प्रशासनले व्यहोरेको थियो।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यसवर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ३१ र फौजदारीतर्फ ३८ थान छन्। दुई वर्षभन्दा

पुराना मुद्दा फौजदारी तर्फ एक थान छ। यसैगरी तीन न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा दुई मात्र कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १३ र फौजदारी तर्फ ६६ थान छन्। दुई वर्ष पुराना मुद्दा देवानी र फौजदारी मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ९२ प्रावि, ३१ निमावि, ४६ मावि १५ उमावि छन्। ८ सय ७ शिक्षक दरबन्दी रहेकामा दरबन्दी रिक्त छैन। यस वर्ष १४ हजार ५ सय १४ बालक र १५ हजार ५ सय ४० बालिका भर्ना भए। जिल्लामा १ सय २ अपाङ्गमैत्री विद्यालय छन्। ३ हजार १ सय ५२ दलित बालक र ३ हजार २ सय ४५ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका १ सय १६ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*चार वर्षमा जुम्लाका २७ प्रतिशत बालबालिका कुपोषण मुक्त भएका छन्। जिल्ला स्वास्थ्य कार्यालय, जुम्लाका अनुसार सन् २०१२ मा गरिएको बेसलाइन सर्भेक्षण अनुसार जुम्लाका ८१ प्रतिशत बालबालिकामा कुपोषणको समस्या रहेकोमा अहिले ५४ दशमलव ५ प्रतिशतमा झरेको छ। पोषण तथा खाद्य सुरक्षा आयोजना अन्तर्गत जिल्लामा कुपोषणको समस्या न्यूनिकरणका लागि कृषि, स्वास्थ्य र पशु सेवा कार्यालयले काम गर्दै आएका छन्। पोषण तथा खाद्य सुरक्षाबारे जिल्लामा थुप्रै सङ्घसंस्था तथा सरकारी निकायले कार्यक्रम गरेपनि जिल्लाको पोषण तथा खाद्य सुरक्षामा भने परिवर्तन आएको छैन।*

*सन् २०१६ मा बालबालिकामाथि हुने हिंसाका घटनाबाट दुई जना पीडित भएकामा यो वर्ष एक जनाको हत्या भएको अभिलेख छ। गत वर्ष परिवारजनबाट एक जना र अन्यपक्षबाट एक जनाको हत्या र दुई जना बालिकामाथि यौन दुर्व्यवहार भएका घटना अभिलेखित थिए।*

### हत्या

पातारासी गाउँपालिका-१ पटमारा गाउँका ६ महिने बालक आसिक बुढालाई २०७४ मङ्सिर ४ गते २० वर्षीय बाबु क्षेत्रबहादुर बुढाले ढुङ्गा प्रहार गरी हत्या गरे। आरोपितलाई सोही दिन प्रहरीले पक्राउ गरेकोमा जिल्ला अदालतको आदेश अनुसार आरोपित मङ्सिर २१ गते पुर्पक्षका लागि कारागार चलान भए। मृतक बालकको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा मङ्सिर ४ गते पोष्टमार्टम भयो। यस वर्षको अन्तिमसम्म मुद्दाको फैसला भएन।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ३६ , खान/लाउन नदिएको १९, अर्की पत्नी ल्याएर हेला गरेको दुई ओटा घटना छन्। यीमध्ये प्रहरीले ५६ वटामा मिलापत्र गरायो भने एक उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ।*

*गत वर्षको तुलनामा सन् २०१७ मा महिलामाथि भएका हिंसका घटनामा कमी आएको अभिलेख छ। सन् २०१६ मा घरेलु हिंसाका ११ घटना अभिलेख गरिएकामा यस वर्ष ६ वटा घटना अभिलेखित छन्। त्यसैगरी बलात्कारका घटनाबाट गत वर्ष दुई जना पीडित भएकामा यस वर्ष एक जना पीडित भएको घटना अभिलेखमा छ। त्यसैगरी यो वर्ष बहुविवाहका कारण दुई जना, बलात्कार प्रयासबाट एक जना पीडित भएका घटना अभिलेख गरिएको छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | ६ | ६ |
| जम्मा | १० | १० |

### परिवारजनबाट हत्या

गुठीचौर गाउँपालिका-१ की ५० वर्षीया जयरुपा ऐडीलाई २०७३ माघ १९ गते ३० वर्षीय छोरा वीरबहादुर ऐडीले ढुङ्गा प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले आरोपितलाई सोही दिन घरबाटै पक्राउ गऱ्यो। आरोपितले ४५ वर्षीय बाबु गोरख ऐडीको समेत सोही दिन हत्या गरे। मृतक दुवै जनाको शवको पोष्टमार्टम माघ २० गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा गरियो। जिल्ला

अदालतले ०७४ असार १ गते आरोपितलाई आठ वर्ष कैदको फैसला सुनायो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

३० वर्षीया महिलालाई २०७४ भदौ १९ गते गुठीचौर गाउँपालिका-४ गज्याङकोटका ३५ वर्षीय पारस बुढाले बलात्कार गरेको भन्दै पीडित पक्षले भदौ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई भदौ २१ गते पक्राउ गरी अदालत पेश गरेकामा जिल्ला अदालतले भदौ २९ गते पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दियो। पीडितको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा भदौ २० गते स्वास्थ्य परीक्षण भयो। मुद्दा यस वर्षको अन्तिमसम्म मुद्दा फैसला भएन।

**स्वास्थ्य सेवाको अवस्था**

जुम्ला जिल्लामा १० सामुदायिक स्वास्थ्य इकाई, २९ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा एक डक्टरको दरबन्दी रहेकामा कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। सिअहेव ३० दरबन्दी रहेकामा २६ जना कार्यरत छन्। अहेवको ६० दरबन्दी रहेकामा ५५ जना कार्यरत छन्। अनमी ६० दरबन्दी रहेकामा ५६ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २ करोड ६ लाख ८४ हजार रुपियाँ र औषधि खर्चबापतको रकम ९ लाख ३५ हजार रुपियाँ छ। यस वर्ष स्थानीय तहमा औषधि खरिदका लागि बजेट गएको जिल्ला स्वास्थ्य कार्यालयले जनायो। समयमा गाउँपालिकाले औषधि खरिद नगरेकोले स्वास्थ्य चौकीमा समेत अत्यावश्यक औषधि अभाव देखिएको छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | १ | १ |
| बलात्कार प्रयास | | १ | | १ |
| बहुविवाह | | | ३ | ३ |
| घरेलु हिंसा | १ | | ५ | ६ |
| जम्मा | १ | १ | ८ | १० |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | ३ |

# ६.५ कालीकोट




**जम्मा जनसङ्ख्या**
१,३६,५४८

**महिला**
६८,११५

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
७८,७४५

**कामका लागि बाहिरिएका**
२,०५६

**अपाङ्गता भएका**
५,२६२

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
५६.८३

**आश्रित जनसङ्ख्या**
२०,५१२

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | ३ | ३ | | | |
| बालअधिकार | | | | ३ | | ३ |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| महिला अधिकार | १ | | १ | ११ | | ११ |
| जातीय विभेद | | | | १ | | १ |
| गिरफ्तारी | | २ | २ | | | |
| कुटपिट | २ | ३ | ५ | | ८ | ८ |
| धम्की | | | | | २ | २ |
| हत्या | | २ | २ | | १ | १ |
| जम्मा | ३ | १० | १३ | १५ | ११ | ३६ |

कालीकोटमा गत वर्ष ११ जना पीडित भएकोमा यो वर्ष राज्यपक्षबाट १३ जना सहित ३५ जना पीडित भएका घटना अभिलेखित भए। यस वर्ष प्रहरीको गोली प्रहारबाट दुई जनाको मृत्यु भयो। आफूले पाउने सेवा सुविधा नपाएको भन्दै म्यादी प्रहरीले सुरु गरेको प्रदर्शनमा प्रहरीले चलाएको गोली प्रहारबाट म्यादी प्रहरी विवेक ऐडीको मृत्यु भयो भने स्थानीय तहको निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताले मतपेटिका कब्जा गर्ने क्रममा प्रहरीले चलाएको गोलीबाट राप्रपाबाट वडा अध्यक्षका उम्मेदवार रहेका धनरुप वटालाको मृत्यु भयो।

कालीकोटका स्वास्थ्य संस्थामा यस वर्ष औषधिको अभाव देखियो। सरकारले औषधि खरिद गर्न स्थानीय तहमा रकम पठाए पनि समयमा औषधि खरिद नहुँदा यहाँका स्वास्थ्य संस्थामा औषधि अभाव भएको हो। स्वास्थ्य चौकीमा देखिएको औषधि अभावको समस्या यस वर्षको अन्त्यसम्म समाधान हुन सकेन।

पलाता गाउँपालिका अन्तर्गत खिन धौलागोहमा खडेरीले अन्नबाली उत्पादन हुन नसकेपछि २०७४ साउन १५ गतेदेखि त्यस क्षेत्रका स्थानीयबासीले खाद्यान्न सङ्कटको समस्या भोग्नु पऱ्यो। सरकारले ढुवानी अनुदानमा उपलब्ध गराउँदै आएको खाद्य संस्थानको चामल गाउँका डिपोमा ढुवानी गर्न नसकेपछि यस क्षेत्रमा खाद्यान्न सङ्कट भएको हो। सदरमुकाम मान्मबाट पश्चिम उत्तरी पलाता भेकमा पर्ने धौलागोह, खिन, थिर्पु, राम्नाकोट, नानीकोट र बदालकोटको ४ देखि ५

**नम्बर वडामा रहेको खाद्य सङ्कट यस वर्षको अन्त्यसम्म उक्त क्षेत्रमा खाद्यान्न समस्याको समाधान हुन सकेन। खडेरीले पलाता क्षेत्रका करिब ३५ हजार बासिन्दा प्रभावित भए।**

## नागरिक तथा राजनीतिक अधिकार सम्मानितरूपले बाँच्ने अधिकार

### हत्या

#### राज्यपक्षबाट

नरहरिनाथ गाउँपालिका-६ निवासी राप्रपाबाट स्थानीय तह निर्वाचन २०७४ मा वडा अध्यक्षका उम्मेदवार ३९ वर्षीय धनरुप वटालाको २०७४ वैशाख ३१ गते नन्दादेवी मावि शेरापाटा मतदान केन्द्रमा नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताले मतपेटिका कब्जामा लिएर जलाउन खोज्दा प्रहरीले चलाएको गोली लागी घटनास्थलमै मृत्यु भयो। मतपेटिका शिलबन्दी गर्ने क्रममा नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताले दुइगा प्रहार गरी मतपेटिका खोसेर जलाएपछि प्रतिकारका लागि गोली चलाउनु परेको प्रहरीले जनायो। मृतकको पोष्टमार्टम जिल्ला अस्पताल, कालीकोटमा भयो। घटनामा सोही ठाउँका ४५ वर्षीय व्यासी बिक, ३० वर्षीय दानबहादुर वटाला र ३२ वर्षीय कूलमान वटाला पनि घाइते भए। घाइते सबैजनाको उपचार क्षेत्रीय अस्पताल सुर्खेत र काठमाडौँमा भयो।

रास्कोट नपा-२ निवासी म्यादी प्रहरी २३ वर्षीय विवेक ऐडीको २०७४ पुस ७ गते सदरमुकाम मान्ममा म्यादी र नेपाल प्रहरीबीच भएको झडपमा प्रहरीले चलाएको गोली लागी मृत्यु भयो। आफूहरूले पाउनुपर्ने सेवासुविधा नपाएको भन्दै म्यादी प्रहरीहरू जिल्ला प्रहरी कार्यालय अगाडि प्रदर्शनमा उत्रिएका थिए। घटनापछि स्थानीय प्रशासनले जिल्ला सदरमुकाम मान्मबजार क्षेत्रमा पुस ९ गतेसम्म कर्फ्यू आदेश जारी गऱ्यो। सरकारले घटनाको छानबिन गर्न गृहमन्त्रालयका सहसचिव मानबहादुर बिकको संयोजकत्वमा नेपाल प्रहरीका डिआइजी रमेश खरेल, सशस्त्र प्रहरीका डिआइजी प्रवीण श्रेष्ठ र राष्ट्रिय अनुसन्धानका डिआइजी लक्ष्मण गुरुङसहितको टोली गठन गरेकामा टोलीले पीडित परिवार, प्रहरी, प्रशासन र अन्य सरोकारवालासँग भेटघाट गरी घटनाको छानबिन गरेको थियो। यस वर्षको अन्त्यसम्ममा प्रतिवेदन सार्वजनिक भएन। यस वर्षको अन्त्यसम्ममा मृतकका परिवारले राहत पाएका

*प्रहरीले चलाएको गाली लागी मृत्यु भएका म्यादी प्रहरी विवेक ऐडी*

छैनन्। प्रदेश तथा प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि जिल्लामा भर्ना भएका ९ सय ७३ जना म्यादी प्रहरीले आफूले पाउने सेवा सुविधामा नेपाल प्रहरीले अनियमितता गरेको भन्दै आन्दोलनमा उत्रिएका थिए। शवको पुस १२ गते जिल्ला अस्पताल कालीकोटमा पोष्टमार्टमपछि घरपरिवारले दाहसंस्कार गरे।

### धम्की/कुटपिट

#### राज्यपक्षबाट

खाँडाचक्र नपा-३ का १९ वर्षीय म्यादी प्रहरी अविराम पाण्डे, पचालझरना गाँउपालिका-६ का २१ वर्षीय प्रभुजन सेजुवाल, सोही गाउँपालिका-३ का २० वर्षीय लोकेन्द्र न्यौपाने र सान्नीत्रिवेणी गाउँपालिका-४ का २० वर्षीया नौरा बुढाले रोलकालको क्रममा अनुशासन उल्लङ्घन गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय कालीकोटमा कार्यरत हवल्दार ३१ वर्षीय प्रेम चन्दले मान्म बजारको खुल्लामञ्चमा लाइन लगाएर कुटपिट गरे। कुटपिटबाट अविराम पाण्डेको छाती र कानमा चोट लाग्यो। पीडितहरूले हवल्दार चन्दलाई कारबाहीको माग गर्दै जेठ ८ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए पनि यस वर्षको अन्त्यसम्ममा सुनुवाइ भएन।

#### गैरराज्यपक्षबाट

खाँडाचक्र नपा-२ का अनेरास्वियुका कार्यकर्ता १६ वर्षीय मदन सिंह, पलाता गाउँपालिका-८ का १७ वर्षीय मन्दिरराज रोकाया, खाँडाचक्र नपा-५ का १७ वर्षीय नवीन शाही २०७३ फागुन १८ गते स्ववियु निर्वाचनको प्रचारप्रसारको क्रममा माओवादी

केन्द्र निकट अनेरास्वियु (क्रा.) का कार्यकर्ताबीच झडप हुँदा घाइते भए। घाइते सिंहको जिल्ला अस्पताल तथा रोकाया र शाहीको आविष्कार मेडिकलमा उपचार भयो। पीडितहरूले यस वर्षको अन्त्यसम्ममा कहीं उजुरी दिएनन्।

रास्कोट नपा-४ निवासी एवम् न्युजअनलाइनका सम्पादक २९ वर्षीय पवित्रकुमार शाहीलाई २०७४ फागुन १७ गते आफ्नोविरुद्ध समाचार प्रकाशन गरेको आरोपमा माओवादी केन्द्र निकट अनेरास्वियु (क्रा.) का केन्द्रीय सदस्य २९ वर्षीय लक्ष्मण बम, जिल्ला अध्यक्ष २४ वर्षीय प्रमानन्द आचार्य र जिल्ला सदस्य २३ वर्षीय मनसिंह शाहीले मार्ने धम्की दिए। आरोपितले सामाजिक सञ्जाल फेसबुकमार्फत दैलेखका पत्रकार डेकेन्द्र थापाको हालत बनाउने धम्की दिएको पीडितले बताए। प्रेस चौतारी नेपाल कालीकोटले सोही दिन प्रेस विज्ञप्ति प्रकाशन गरी घटनाको भर्त्सना गऱ्यो।

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर, ४० कैदी र ११ थुनुवा गरी ५१ जना छन्। जसमा तीन महिला छन्। एक वर्षीय एक आश्रित बालक पनि छन्। क्षमताभन्दा झण्डै दुई गुणा बढी कैदी बन्दी भएकाले बस्न समस्या छ। २०३२ सालमा बनेको यो कारागारको भवन पुरानो र जीर्ण छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एक अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १६ र फौजदारीतर्फ २९ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी एक र फौजदारी दुई थान छन्।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

स्थानीय तहको निर्वाचन २०७४ को क्रममा माओवादी केन्द्रका कार्यकर्ताले सान्नी त्रिवेणी गाउँपालिकामा सञ्चालन गरेको चुनावी अभियानलाई २०७४ वैशाख २२ गते नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताले रोक लगाए। सोही गाउँपालिकाका अध्यक्षका उम्मेदवार दिलीप शाहीको नेतृत्वमा चुनावी घरदैलो अभियानमा गएको टोलीलाई नेपाल कम्युनिष्ट पार्टीका जिल्ला सदस्य निमार्णको समूहले कार्यक्रम गर्न नदिएको अध्यक्षका उम्मेदवार शाहीले बताए।

### गिरफ्तारी

नरहरिनाथ गाउँपालिका-८ निवासी नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा, कालीकोटका सदस्य २९ वर्षीय जगदिशनाथ योगीलाई निर्वाचन विरोधी समाचार लेखेको आरोपमा २०७४ मङ्सिर ४ गते प्रहरीले सदरमुकामबाट पक्राउ गऱ्यो। कालीकोटबाट प्रकाशन हुने जनप्रभात साप्ताहिकका सह-सम्पादक समेत रहेका पत्रकार योगीले नेपाल कम्युनिष्ट पार्टीले जारी गरेको प्रेस विज्ञप्तिलाई समाचार बनाउनुका साथै सामाजिक सञ्जाल फेसबुकमार्फत सार्वजनिक गरेको आरोपमा प्रहरीले पक्राउ गरेको जनायो। पत्रकार योगीलाई विनापूर्जी पक्राउ गरेको भन्दै नेपाल पत्रकार महासङ्घ जिल्ला शाखाको टोलीले मङ्सिर ५ गते प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैर र प्रहरी प्रमुख डिएसपी सुभाषचन्द्र बोहोराको ध्यानाकर्षण गरायो। पीडित मङ्सिर २७ गते रिहा भए।

रास्कोट नपा-६ निवासी जिल्ला सहकारी सङ्घ कालीकोटका अध्यक्ष ३८ वर्षीय कालीबहादुर महतारालाई निर्वाचन विरोधी गतिविधि गरेको आरोपमा २०७४ मङ्सिर १ गते प्रहरीले सदरमुकामबाट पक्राउ गऱ्यो। कालीकोटबाट प्रकाशन हुने जनप्रभात साप्ताहिकका प्रकाशक तथा नेपाल पत्रकार महासङ्घ कालीकोटका साधारण सदस्य समेत रहेका महतरालाई बिनापूर्जी पक्राउ गरेको भन्दै नेपाल पत्रकार महासङ्घ जिल्ला शाखाको टोलीले मङ्सिर ५ गते प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैरे र प्रहरी प्रमुख डिएसपी सुभाषचन्द्र बोहोराको ध्यानाकर्षण गरायो। पीडित मङ्सिर २५ गते रिहा भए।

### अमानवीय व्यवहार

सान्नीत्रिवेणी गाउँपालिका-४ निवासी माओवादी केन्द्र निकट शिक्षक सङ्गठनका जिल्ला अध्यक्ष ४१ वर्षीय रत्नसिंह साउदललाई स्वयिुको निर्वाचनमा मनोमानी गरेको आरोपमा २०७३ फागुन १६ गते नेविसङ्घका जिल्ला अध्यक्ष २९ वर्षीय नेत्र शाही, अनेरास्वियुका २६ वर्षीय लक्ष्मण शाही लगायतको समूहले सदरमुकामस्थित प्रतिमाचोकमा मोसो दलेर अमानवीय व्यवहार गरे। नन्दादेवी क्याम्पस कोटवाडाको स्वयिु निर्वाचनमा साउदले अनेरास्वियु (क्रा.) को समूहलाई आफूखुसी घोषणा गरेको नेविसङ्घले आरोप लगायो। घटना लगत्तै प्रहरीले दुवै आरोपितलाई घटनास्थलबाट पक्राउ गऱ्यो। घटनामा संलग्न शाहीद्वयले माफी मागेपछि

दुबै पक्षबीच फागुन १७ गते जिल्ला प्रहरी कार्यालयमा मिलापत्र भयो।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ३४ आधारभूत, ६१ माबि र ३२ उमाबि छन्। ९ सय ४९ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष २९ हजार ६ सय ६३ बालक र ३५ हजार ८ सय ८५ बालिका भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्। ८ हजार ६ सय ५६ दलित बालक र २६ हजार २ सय ६२ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित २ सय ६८ जना बालबालिकालाई छात्रवृत्ति दिइयो।*

*यस वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना बालिका पीडित भए। अघिल्लो वर्ष त्यस्ता घटनामा दुई जना बालिका पीडित भएका थिए। यस वर्ष बालविवाहबाट दुई जना बालिका पीडित भए भने एक बालिका बलात्कार घटनामा पीडित भइन्। बालविवाहको एक घटनामा बालिकाका घरपरिवारले प्रहरी कार्यालयमा उजुरी दिएपछि प्रहरीले बालविवाह रोकेको थियो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालविवाह | ३ | ३ |
| बलात्कार | १ | १ |
| जम्मा | ३ | ३ |

### बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई तिलागुफा नपा-४ का २८ वर्षीय लक्ष्मण शाही र सोही ठाउँका २५ वर्षीय दीपेन्द्र शाहीले २०७४ मङ्सिर १५ गते बलात्कार गरेको भन्दै पीडित पक्षले मङ्सिर १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण मङ्सिर १६ गते जिल्ला अस्पताल कालीकोटमा भयो। यस वर्षको अन्त्यसम्म आरोपित फरार रहेको प्रहरीले जनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै २२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १९, अर्की पत्नी ल्याएर हेला गरेको एक र सामान्य घरायसी झगडाका दुई घटना छन्। यीमध्ये प्रहरीले २० ओटामा मिलापत्र गरायो भने दुई उजुरी कानुनी प्रक्रियामा छन्।*

*महिला अधिकार उल्लङ्घनका घटनामा यस वर्ष १२ जना महिला पीडित भए भने सन् २०१६ मा महिला अधिकार उल्लङ्घनका घटनामा दुई महिला पीडित भएका थिए। यस वर्ष घरेलु हिंसाबाट सात, बोक्सीको आरोपमा दुर्व्यवहार एक, बहुविवाहको घटनामा दुई र बलात्कार प्रयासबाट एक महिला पीडित भए। घरेलु हिंसाका दुई घटनामा मिलापत्र भएको पाइयो भने एक घटनाका पीडितले कहीं उजुरी दिइनन्। उजुरी परेका अन्य घरेलु हिंसाका घटना यस वर्षको अन्त्यसम्म छलफलको क्रममा रहेको पाइयो। छोरा नजन्माएको आरोपमा दुई महिला घरेलु हिंसाबाट पीडित भए।*

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | |
|---|---|---|---|---|
| | महिला | जम्मा | महिला | जम्मा |
| बोक्सीको आरोप | | | १ | १ |
| बलात्कार प्रयास | | | १ | १ |
| बहुविवाह | | | ३ | ३ |
| प्रसूति सेवा | १ | १ | | |
| घरेलु हिंसा | | | ६ | ६ |
| जम्मा | १ | १ | ११ | ११ |

### बोक्सीको आरोपमा दुर्व्यवहार

खाडाचक्र नपा-३ की ४१ वर्षीया कला जैसीलाई ०७३ माघ २२ गते सोही ठाउँकी ४५ वर्षीया वेल्कोशा शाहीले बोक्सीको आरोपमा दुर्व्यवहार गरिन्। पीडितले जिल्ला प्रहरी कार्यालयमा माघ २३ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म कारबाही प्रक्रिया अघि बढेन।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२८ वर्षीया महिलालाई २०७३ माघ १८ गते खाँडाचक्र नपा-३ का ४१ वर्षीय गोगन शाहीले बलात्कार प्रयास गरेको पीडितले आरोपमा पीडितले माघ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ १८ गते भयो।

घटनाका आरोपित यस वर्षको अन्त्यसम्ममा फरार रहेको प्रहरीले जनायो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, २८ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा तीन डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। अहेवको ६१ दरबन्दी रहेकामा ४३ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ४ करोड १५ लाख २८ हजार ८ सय र औषधि खर्चबापतको रकम ५ लाख रुपियाँ छ।

खाँडाचक्र नपा-१ की २६ वर्षीया चन्द्रा शाहीको सुत्केरी अवस्थामा समयमा उपचार नपाउँदा रक्तश्राव भएपछि २०७४ मङ्सिर २६ गते जिल्ला अस्पताल, कालीकोटमा मृत्यु भयो। जिल्ला अस्पताल कालीकोटमा सुत्केरी अवस्थामा रहेका बिरामीहरूको उपचारको लागि आवश्यक पर्ने उपकरण नहुनु र रगतको अभावमा शाहीको मृत्यु भएको उनका घरपरिवारले बताए। पीडित पक्षले मङ्सिर २६ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म अनुसन्धान भइरहेको जिल्ला प्रशासन कार्यालयले जनायो।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | १ | १ | | २ |
| बलात्कार | | | १ | १ |
| जम्मा | १ | १ | १ | ३ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बोक्सीको आरोप | | १ | | १ |
| बलात्कार प्रयास | | | १ | १ |
| बहुविवाह | | | २ | २ |
| प्रसूति सेवा | | १ | | १ |
| घरेलु हिंसा | २ | १ | ४ | ७ |
| जम्मा | २ | ३ | ७ | १२ |

| हत्या | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | १ | ३ |

# ६.६ दैलेख




**जम्मा जनसङ्ख्या**
**२,६१,७७०**

**महिला**
**१,३४,७८०**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**२**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**४**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**५३,४२८**

**कामका लागि बाहिरिएका**
**११,२२१**

**अपाङ्गता भएका**
**७,६०७**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६२.४७**

**आश्रित जनसङ्ख्या**
**१,३७,४०५**

**दैलेखमा गत वर्ष ३५ जना पीडित भएको मा यो वर्ष राज्यपक्षबाट पाँच जना र गैरराज्यपक्षबाट ५८ जना पीडित भएको घटना अभिलेखित भए। यस वर्ष स्थानीय तहको निर्वाचन, प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनका क्रममा राजनीतिक दलका कार्यकर्ताबीचको झडप तथा कुटपिटका घटनामा १४ जना घाइते भए। यस वर्ष महिनावारी भएको अवस्थामा छाउगोठमा बसेका एक बालिकासहित दुई जनाको मृत्यु भयो।**

### धम्की/कुटपिट

#### राज्यपक्षबाट

जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान २२ वर्षीया रेखा कुँवरलाई २०७३ चैत २० गते सोही कार्यालयका प्रमुख ५३ वर्षीय डीएसपी केदार रजौरेले कार्यस्थलमा चुल्ठो समाएर लछारपछार गरेको भन्दै पीडित पक्षले मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालय, सुर्खेत र प्रहरी प्रधान कार्यालयको महिला तथा बालबालिका सेलमा चैत २२ गते उजुरी दियो। मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालय, सुर्खेतका इन्स्पेक्टर हरिहर खड्काको नेतृत्वमा घटना छानबिन गर्न गएको टोलीको प्रतिवेदनको आधारमा लिखित स्पष्टिकरण सोधिएको बाहेक आरोपितलाई यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

दैलेख बजार खानेपानी उपभोक्ता समितिका अध्यक्ष ५४ वर्षीय बलराम श्रेष्ठ, ४५ वर्षीय कोषाध्यक्ष भरत थापा, खानेपानी टेक्निसियनहरू ३७ वर्षीय टेकबहादुर खत्री र

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | १ | १३ | १४ |
| बाल अधिकार | | | | ४ | १ | ५ |
| महिला अधिकार | | | | ३० | | ३० |
| जातीय विभेद | | | | १ | | १ |
| कुटपिट | १ | ४ | ५ | | ३ | ३ |
| हत्या | | | | ४ | १ | ५ |
| जम्मा | १ | ४ | ५ | ४० | १८ | ५८ |

२३ वर्षीय शङ्कर भट्टराईलाई २०७३ फागुन ५ गते खानेपानीको पाइपलाइन जोड्ने काम गरिरहेको बेला जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार ३१ वर्षीय नन्दबहादुर बुढा, प्रहरी जवानद्वय २५ वर्षीय महेन्द्र शाही र २४ वर्षीय शिशिर सिंहले राति काम गरेको आरोपमा कुटपिट गरे। घटनाका विषयमा जिल्ला प्रहरी कार्यालयका प्रमुख डीएसपी केदार रजौरेले फागुन ७ गते पीडित पक्षसँग माफी मागी मुद्दाका रूपमा नल्याउन आग्रह गरेपछि यस वर्षको अन्त्यसम्म पीडित पक्षले कानुनी प्रक्रिया अघि बढाएन।

**अन्यपक्षबाट**

दुल्लु नपा-९ निवासी एमाले कार्यकर्ताहरू ५५ वर्षीय भगतलाल बानिया, ४३ वर्षीया बालकुमारी योगी, ३२ वर्षीया सुर्जा पाण्डे, ३५ वर्षीय सतानन्द पाण्डे, ४२ वर्षीय तिलक उपाध्याय, २८ वर्षीय फुर्ति पाण्डे र ३९ वर्षीय पूर्ण पाण्डेलाई २०७४ जेठ ४ गते स्थानीय तहको निर्वाचनमा नेपाली काङ्ग्रेसका उम्मेदवारलाई मतदान नगरेको आरोपमा दुल्लु नपा-९ घर भई नेपाली सेनाको रणभैरव गण लगनखेलमा कार्यरत रही घर विदामा आएका सिपाही २७ वर्षीय प्रेमबहादुर भण्डारी, सोही ठाउँका काङ्ग्रेस कार्यकर्ताहरू २३ वर्षीय नगेन्द्र भण्डारी, २५ वर्षीय शक्ति सुनार र २८ वर्षीय प्रेम सुनारले धारिलो हतियार प्रहार गरे। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा जेठ ६ गते उजुरी दियो। प्रहरीले चुनावी घटना भएकोले मुद्दा नचलाउने भन्दै यस वर्षको अन्त्यसम्म कारबाही प्रक्रिया अगाडि बढाएन। घर बिदामा आएका सिपाही दुल्लू नपा-९ मा नेपाली काङ्ग्रेसको तर्फबाट वडाध्यक्ष उम्मेदवार नेत्र भण्डारीको प्रचारमा खटेका थिए। भगतलाल बानियाको कोखा र टाउकोमा चोट लागेको थियो भने बालकुमारी योगीको पेटमा लागेको खुकुरीको चोटले उनको पाँच महिनाको गर्भ पतन भएको उपचारमा संलग्न स्वास्थ्यकर्मीले बताए। घाइतेहरूको दूल्लू अस्पतालमा प्राथमिक उपचारपछि भगतलाल, बालकुमारी र सुर्जाको थप उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भयो।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ८० जनाको छ। तर १ सय ३ जना कैदी र १९ जना थुनुवा समेत १ सय २१ जना छन्। त्यसमध्ये नौ जना महिला छन्। दुई वर्ष मुनिका दुई जना आश्रित बालबालिका छन्। क्षमता भन्दा डेढ गुणा बढी कैदी बन्दी भएकाले खानेपानीको व्यवस्थापन प्रमुख समस्या छ।

जिल्ला कारागार दैलेखमा २०७४ वैशाख ९ गते खानेपानीको विषयमा बन्दीबीच झडप हुँदा २९ वर्षीय नारायण शाही, ३१ वर्षीय उपेन्द्र पुन, २७ वर्षीय गणेश खत्री, २१ वर्षीय अर्जुन सार्की, २३ वर्षीय कृष्ण खत्री, २४ वर्षीय यामबहादुर शाही र ३१ वर्षीय बिमल तामाङ घाइते भए। घाइते सबैको जिल्ला अस्पतालमा उपचार भयो। घाइतेमध्ये नारायण शाहीको मुख र छातीमा चोट लागेको थियो भने अन्य सामान्य घाइते भए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा एक जना जिल्ला न्यायाधीशको दरबन्दी सहित जिल्ला अदालत छ। यो वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ २६ र फौजदारीतर्फ नौ थान छन्। दुई वर्ष भन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

**शिक्षाको अवस्था**

*यस जिल्लामा ४ सय २६ आधारभूत विद्यालय र ८७ माध्यमिक तहका विद्यालय छन्। कुल २ हजार ३ सय ६७ जना शिक्षकको दरबन्दी रहेकामा ३१ रिक्त छ। यस वर्ष ४७ हजार ७ सय २४ बालक र ४९ हजार १ सय ८५ बालिका विद्यालयमा भर्ना भए। यो जिल्लामा २ वटा अपाङ्गमैत्री विद्यालय छन्। जिल्ला शिक्षा कार्यालयले ११ हजार ९ सय ३५ जना दलित बालक र १३ हजार २ सय १३ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरेको जनायो। साथै सहिद परिवारका चार र द्वन्द्वपीडित परिवारका ८७ जना बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*गत वर्षको तुलनामा यो वर्ष बालबालिकाविरुद्ध हुने घटनामा कमी आयो। सन् २०१६ मा ६ बालिकासहित आठ जना पीडित भएकामा सन् २०१७ मा चार बालिकासहित पाँच जना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालविवाह | १ | | १ |
| नवजात शिशुको हत्या | | १ | १ |
| यौन दुर्व्यवहार | ३ | | ३ |
| जम्मा | ४ | १ | ५ |

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय १५ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दिए। जसमा कुटपिट गरी घर निकाला गरिएका ११, खानलाउन नदिएको १७, विवाह दर्ता र नागरिकता नबनाइदिएका १३, दोश्रो पत्नी ल्याई हेला गरेको भनिएका नौ र सामान्य झगडाका ६३ घटना छन्। ती मध्ये ९४ वटा मिलापत्र भए भने २१ वटा उजुरी कानुनी प्रक्रियामा छन्।*

*गत वर्षको तुलनामा सन् २०१७ मा महिलाविरुद्धका घटनामा वृद्धि भयो। सन् २०१६ मा यस्ता घटनाबाट २२ जना पीडित भएकामा यस वर्ष ३० जना पीडित भए। यस वर्ष परिवारजनबाट एक र अन्य पक्षबाट दुई महिलाको हत्या भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष बलात्कार घटनामा दुई, बलात्कार प्रयासबाट एक, बहुविवाहबाट नौ र घरेलु हिंसाका घटनामा १८ जना पीडित भए। बहुविवाहका दुई घटनामा यस वर्ष अदालतबाट फैसला भयो भने बलात्कार घटनाका कुनै मुद्दामा फैसला भएको पाइएन।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | ९ | ९ |
| घरेलु हिंसा | १८ | १८ |
| जम्मा | ३० | ३० |

### परिवारजनबाट हत्या

नौमुले गाउँपालिका-७ की ५६ वर्षीया हरिकला बस्नेतलाई २०७४ साउन २ गते राति ५२ वर्षीय पति दलबहादुर बस्नेत र उनकी जेठी सौता ५५ वर्षीया रामसरा बस्नेतले घाँटी थिचेर हत्या गरेको आरोपमा प्रहरीले साउन ४ गते दुवैलाई पक्राउ गऱ्यो। जिल्ला अदालतको आदेश अनुसार आरोपित दुवै साउन २४ गते पुर्पक्षको लागि कारागार चलान भए। शवको पोष्टमार्टम साउन ३ गते दैलेख जिल्ला अस्पतालमा भयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### अन्य पक्षबाट

कालीकोट जिल्ला तिलागुफा नपा-५ की २० वर्षीया मनशोभा न्यौपानेलाई ०७४ भदौ १८ गते सुर्खेत वीरेन्द्रनगर नपा-१ का ३३ वर्षीय लक्ष्मीप्रसाद आचार्यले आठबीस नपा-५ खिड्कीजिउलास्थित आले होटलमा बास बसेको अवस्थामा विष खुवाई हत्या गरेको भन्दै पीडितका बुबा लाल न्यौपानेले भदौ २० गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। सुर्खेतबाट कालीकोट घर जान हिँडेकी युवतीलाई आफ्नै ट्रकमा लगेर भदौ १६ गते दैलेख र कालीकोटको सीमानामा पहिरोले कर्णाली राजमार्ग अवरुद्ध भएपछि खिड्कीजिउलामा बास बसाली तीन दिनसम्म यौन शोषणपछि विष खुवाई हत्या गरेको आरोपितले स्वीकारेको प्रहरीले जनायो। प्रहरीले आरोपितलाई भदौ १८ गते घटनास्थलबाटै पक्राउ गऱ्यो। दैलेख जिल्ला अदालतको आदेश अनुसार आरोपित असोज १० गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन। मृतकको पोष्टमार्टम भदौ १९ गते दैलेख जिल्ला अस्पतालमा भयो।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१८ वर्षीया युवतीलाई २०७४ असोज ३ गते दिउँसो नारायण नपा-३ का ३२ वर्षीय यज्ञप्रसाद भट्टराईले साबुन किन्ने बाहानामा पसलमा आई बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण असोज ३ गते जिल्ला अस्पतालमा भयो। आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो।

### छाउगोठमा मृत्यु

छाउगोठमा सुतेकी चामुण्डा बिन्द्रासैनी नपा-६ लैनचौरकी १८ वर्षीया तुलसी शाहीलाई ०७४ असार २२ गते राति सर्पले टोक्यो। घरनजिकको छाउगोठमा अरु किशोरी साथीहरूसँगै बसिरहेकी तुलसीलाई राति १० बजे सर्पले टोकेपछि सोही राति घरपरिवारले जम्बुकाँध मेडिकलमा उपचारका लागि पुऱ्याएकोमा उपचारका क्रममा उनको असार २३ गते मृत्यु भयो। यसैगरी २०७४ जेठ ८ गते सोही नपा-४ की १४ वर्षीया लालसरा बिकको पनि छाउगोठमा ज्यान गयो। जिल्ला समन्वय समितिले यस वर्ष गरेको अध्ययनले जिल्लाभर ५ सय १३ घरमा छाउगोठ रहेका छन्।

### घरेलु हिंसा

महाबु गाउँपालिका-३ की २७ वर्षीया रञ्जना मल्ललाई २०७३ चैत १५ गते दुल्लू नपा-१३ की उनकी अमाजू २९ वर्षीया अम्बा शाही, सासू ५० वर्षीया बालु शाही र देवर १९ वर्षीय बीरेन्द्र शाहीले कुटपिट गरे। रञ्जनाका पति रेशम शाहीले तत्कालिन मालिका गाविस कार्यालयमा दिएको सम्बन्ध विच्छेदको मुद्दामा प्रतिउत्तर लगाउन मालिका पुगेको अवस्थामा उनीहरूले हत्या प्रयास गरेको भन्दै पीडितले सोही दिन प्रहरी कार्यालयमा जानकारी गराइन्। प्रहरीले घटनाका आरोपितलाई सोही दिन पक्राउ गऱ्यो। प्रहरीले घरेलु हिंसाको मुद्दा दर्ता गर्न नमानेको र मिलापत्र नगराई आरोपितलाई रिहा गऱ्यो। प्रहरीले उजुरी लिन नमानेपछि रञ्जनाले हुलाकबाट पठाएको मुद्दा समेत दर्ता भएन। रञ्जनाका पति पर्साको पथलैयास्थित राजस्व चुहावट नियन्त्रण कार्यालयमा कार्यरत सशस्त्र प्रहरी हवल्दार ३२ वर्षीय रेशमबहादुर शाहीले घरमा बस्न नदिएको, खान लाउन नदिएको भन्दै २०७३ माघ ७ गते रञ्जनाले दैलेख जिल्ला अदालतमा दिएको मानाचामल मुद्दामा २०७४ मङ्सिर १२ गते अदालतले मासिक ६ हजार तलब दिनुपर्ने फैसला सुनायो।

### स्वास्थ्य सेवाको अवस्था

दैलेख जिल्लामा दुई वटा अस्पताल, ५६ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। सात जना डक्टरको दरवबन्दी रहेकामा सबै कार्यरत छन्। ती सात जना मध्ये एमडीजीपी मेडिकल अफिसर नै पर्याप्त भएको भन्दै अघिल्ला वर्षमा दिँदै आएको स्त्रीरोग विशेषज्ञ यो वर्ष स्वास्थ्य सेवा विभागले दिएन। अहेव १ सय २४ जनाको दरबन्दीमध्ये ९९ जना कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट १९ करोड ७७ लाख १८ हजारमध्ये औषधि वापतको रकम ५० लाख रुपियाँ रहेको छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बालविवाह | | | १ | १ |
| नवजात शिशुको हत्या | १ | | | १ |
| यौन दुर्व्यवहार | १ | २ | | ३ |
| जम्मा | २ | २ | १ | ५ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| बलात्कार | | | | | २ | २ |
| बलात्कार प्रयास | | | १ | | | १ |
| बहुविवाह | | २ | १ | ४ | २ | ९ |
| घरेलु हिंसा | १ | १ | ६ | ५ | ५ | १८ |
| जम्मा | १ | ३ | ८ | ९ | ९ | ३० |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | ३ | ४ |

# ६.७ जाजरकोट




**जम्मा जनसङ्ख्या**
**१,७१,३०४**

**महिला**
**८५,७६७**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**६४,१७५**

**कामका लागि बाहिरिएका**
**४,१७४**

**अपाङ्गता भएका**
**६,८४८**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५७.२७**

**आश्रित जनसङ्ख्या**
**५८,५१२**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | | ३ | ३ |
| बाल अधिकार | | | | ४ | | ४ |
| अपहरण | | | | | १ | १ |
| महिला अधिकार | | | | १४ | | १४ |
| जातीय विभेद | | | | १ | | १ |
| गिरफ्तारी | | ५ | ५ | | | |
| कुटपिट | १ | १ | ३ | १ | ४ | ५ |
| हत्या | | | | ३ | १ | ३ |
| जम्मा | १ | ६ | ७ | ३३ | ८ | ३० |

**जाजरकोटमा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट ३३ जना पीडित भएकामा यो वर्ष ३७ जना पीडित भएको अभिलेख गरियो। अभिलेखित घटना अनुसार गत वर्ष राज्यपक्षबाट एक जना पीडित भएकामा सन् २०१७ मा सात जना पीडित भएको घटना अभिलेख छ।**

**यस जिल्लाका प्रजनन् उमेरका करिब ४७ प्रतिशत महिला पाठेघर खस्ने समस्याबाट पीडित भएको जनस्वास्थ्य कार्यालयले जनाएको छ। जिल्लाका १ तिहाइ भन्दा बढी स्वास्थ्य संस्थामा नियमित गुणस्तरीय सेवा प्रवाह हुँदैन। अपाङ्गता भएका व्यक्ति, द्वन्द्वपीडित, घरेलु हिंसापीडित महिला, विपद्को जोखिममा रहेका र संरक्षक विहीन तथा घरमूली रहेका र आफन्तको घरमा रहेका, टुहुरा बालबालिका, एकल महिला, ज्येष्ठ नागरिकको जीवन जोखिममा छ।**

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्ने अधिकार

### हत्या

#### गैरराज्यपक्षबाट

भेरी नपा-३ निवासी नेपाल विद्यार्थी सङ्घका पूर्व केन्द्रीय सदस्य एवम् पाँचतारा युवा संरक्षक मञ्चका अध्यक्ष ३७ वर्षीय रविन्द्रशमशेर शाहलाई २०७३ चैत १५ गते नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताले सोही नपा-३ स्थित जिल्ला अस्पताल नजिकको खलंगा-डोल्पा सडक खण्डअन्तर्गत जुम्लीभिरमा ढुङ्गाले हान्दै भिरबाट खसालेर हत्या गरे। मृतक रविन्द्रका दाजु रामजंग शाहले चैत २१ गते दिएको जाहेरीका आधारमा प्रहरीले घटनामा संलग्न भएको आरोपमा

नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताद्वय त्रिवेणी नलगाड नपा-८ का २९ वर्षीय ठगेन्द्रबहादुर सिंहलाई चैत १६ गते र भेरी नपा-१ का २५ वर्षीय डिलबहादुर रानालाई चैत १९ गते पक्राउ गऱ्यो। जिल्ला अदालतको आदेश अनुसार आरोपित दुवै जना २०७४ वैशाख १७ गते पुर्पक्षका लागि कारागार चलान भए। घटनापछि फरार रहेका कुशे गाउँपालिका-५ का ३४ वर्षीय बलबहादुर मल्ललाई रोल्पा जिल्लाको सुवर्णवती गाउँपालिकाबाट ०७४ मङ्सिर ९ गते प्रहरीले पक्राउ गरेकोमा जिल्ला अदालतको आदेश अनुसार आरोपित पुस ६ गते पुर्पक्षका लागि कारागार चलान भए। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा २०७३ चैत १६ गते भयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## धम्की/कुटपिट

### राज्यपक्षबाट

जुनिचाँदे गाउँपालिका-२ का ३८ वर्षीय जयलाल खड्का र जयलालकी पत्नी ३७ वर्षीया लाला खड्कालाई २०७४ असार २ गते जग्गाको विषयमा इलाका प्रहरी कार्यालय, गर्खाकोटबाट खटिएका ३७ वर्षीय प्रहरी हवल्दार धनबहादुर वलीले कुटपिट गरे। पीडित दम्पतीले न्यायका लागि जिल्ला प्रहरी कार्यालयमा असार ८ गते उजुरी दिए। जिल्ला प्रहरी कार्यालयले प्रहरी हवल्दार धनबहादुरलाई जिल्लामा बोलायो। जिल्ला प्रहरी कार्यालयमा असार १३ गते भएको छलफलमा आरोपितले आफूले गल्ती गरेको स्वीकार गर्दै पीडितलाई उपचार खर्च बापत ८ हजार रुपियाँ र अन्य खर्च ५ हजार रुपियाँ दिने सहमति गरे पछि घटनाको मिलापत्र भयो।

*प्रहरीको कुटपिटबाट घाइते जयलाल खड्का र लाला खड्का*

### गैरराज्यपक्षबाट

भेरी नपा-१ निवासी एमालेका कार्यकर्ता २१ वर्षीय ज्ञानु रावतलाई २०७४ वैशाख ३० गते स्थानीय तहको निर्वाचन प्रचार प्रसारको विषयमा सोही ठाउँ निवासी वाइसीएलका कार्यकर्ताहरू २४ वर्षीय डम्बर रेग्मी, २३ वर्षीय यज्ञ बस्नेत र

*वाईसीएल कार्यकर्ताको कुटपिटबाट घाइते ज्ञानु रावत*

२१ वर्षीय रोशन रोकायले कुटपिट गरे। दायाँ आँखा र टाउकोमा चोट लागेका ज्ञानुको जिल्ला अस्पताल जाजरकोटमा उपचार भयो। भेरी नपा-१ कोल्चौरमा चुनावी प्रचारप्रसारका क्रममा माओवादी केन्द्रले एमालेका कार्यकर्ताको घर घेरा हाली आफ्नो पार्टीका उम्मेदवारलाई भोट दिन दबाव दिएको विषयमा प्रहरी चौकीमा वैशाख ३० गते छलफल भएको र उक्त छलफलबाट फर्कने क्रममा माओवादी केन्द्रका कार्यकर्ताले आक्रमण गरेको पीडितले बताए। घटना सम्बन्धमा जेठ १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी परेको भए पनि जेठ ७ गते गाउँमा मिलापत्र भयो।

## अपहरण

कुसे गाउँपालिका-१ घर भई एमाले बाट निर्वाचित सोही वडाका वडाअध्यक्ष ३४ वर्षीय गोपाल नेपालीलाई २०७४ मङ्सिर ९ गते चार जनाको सङ्ख्यामा आएका नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताले कुशे गाउँपालिका कार्यालय नजिक आफन्तको घरबाट अपहरण गरे। नेपाल कम्युनिष्ट पार्टीका जिल्ला इञ्चार्ज हरिचन्द्र जैसीले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन रोक्ने उद्देश्यले वडाध्यक्षलाई आफ्ना पार्टीका कार्यकर्ताले अपहरण गरेको प्रतिक्रिया दिए। पीडित मङ्सिर १० गते कुशे गाउँपालिका-१ बट मुक्त भए। यस वर्षको अन्त्यसम्म पीडितले कहीं उजुरी दिएनन्।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १० जनाको छ। तर, ३८ कैदी र १६ थुनुवा गरी ५४ जना छन्। कारागारमा महिला र बालबालिका छैनन्। क्षमताभन्दा झण्डै पाँच गुणा बढी कैदी बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। ०४५ सालमा निर्माण गरिएको कारागार भवन जीर्ण अवस्थामा छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एक जिल्ला अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ २९ र फौजदारीतर्फ २० थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ८४ प्रावि, ८५ निमावि, ४३ मावि र २१ उमावि छन्। एक हजार ३ सय ५१ शिक्षक दरबन्दी रहेकामा १७ दरबन्दी रिक्त छ। यस वर्ष ३१ हजार ५ सय ६ बालक र ३३ हजार ६ सय ३४ बालिका भर्ना भए। जिल्लामा दुई अपाङ्गमैत्री विद्यालय छन्। १० हजार २ सय ८२ दलित बालक र १० हजार ७ सय ५५ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद परिवार र द्वन्द्वपीडित परिवारका १ सय २१ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*सन् २०१६ मा बालबालिकामाथि हुने हिंसाका घटनाबाट पाँच जना पीडित भएकामा सन् २०१७ मा चार जना पीडित भएका घटना अभिलेख गरिएको छ। यो वर्ष बलात्कार घटनाबाट तीन जना र यौन दुर्व्यवहार घटनाबाट एकजना पीडित भए। गत वर्ष बलात्कार र यौन दुर्व्यवहार घटनाबाट दुई/दुई जना पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ४ | ४ |

### बलात्कार, यौन दुर्व्यवहार

सात वर्षीया बालिकालाई २०७३ चैत १७ गते छेडागाड नपा-८ का ५५ वर्षीय टिके वादीले यौन दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा चैत २१ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा ०७३ चैत २१ गते भयो। प्रहरीले आरोपितलाई चैत २२ गते पक्राउ गरेकोमा जिल्ला अदालतको आदेश अनुसार २०७४ वैशाख १३ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ७८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ३०, खान/लाउन नदिएको १०, विवाह दर्ता र नागरिकता नबनाएको एक, अर्की पत्नी ल्याएर हेला गरेको १८ र सामान्य घरायसी झगडाका १९ घटना छन्। यीमध्ये प्रहरीले ४८ वटामा मिलापत्र गरायो भने ३० वटा उजुरी कानुनी प्रक्रियामा छन्।*

*गत वर्षको तुलनामा सन् २०१७ मा महिला माथि हुने हिंसाका घटना बढी अभिलेख भए। सन् २०१६ मा घरेलु हिंसाका चार ओटा घटना अभिलेख भएकामा यस वर्ष पाँच ओटा घटना अभिलेखित छन्। त्यसैगरी बलात्कारका घटनाबाट गत वर्ष दुई र बहुविवाहका कारण तीन जना पीडित भएका घटना अभिलेख गरिएकामा यस वर्ष बहुविवाहका कारण पाँच जना, बलात्कार र बलात्कार प्रयासका घटनाबाट दुई/दुई जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। गत वर्ष परिवारजनबाट हत्या भएका दुई ओटा घटना अभिलेख गरिएको थियो। यो वर्ष पनि त्यस्ता एउटा घटना अभिलेखित छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| बलात्कार प्रयास | ३ | ३ |
| बहुविवाह | ५ | ५ |
| घरेलु हिंसा | ५ | ५ |
| जम्मा | १४ | १४ |

### बलात्कार,बलत्कार प्रयास, यौन दुर्व्यवहार

४१ वर्षीया महिलालाई २०७४ जेठ २३ गते छेडागाड नपा-६ का २६ वर्षीय दलबहादुर विटालुले बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा जेठ २५ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल, जाजरकोटमा जेठ २५ गते भयो। प्रहरीले आरोपितलाई जेठ २६ गते पक्राउ गरेकोमा जिल्ला अदालतको आदेश अनुसार असार १८ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### स्वास्थ्य सेवाको अवस्था

जाजरकोटमा एउटा जिल्ला अस्पताल, तीन वटा प्राथमिक स्वास्थ्य केन्द्र र ३१ स्वास्थ्य चौकी छन्। जिल्लामा वरिष्ठ डक्टरको दरबन्दी आठ जनाको रहेकामा पूरै रिक्त छ। त्यसैगरी मेडिकल अधिकृतको चार जनाको दरबन्दीमा तीन जना कार्यरत र एक रिक्त रहेको छ। दन्तरोग विशेषज्ञको दरबन्दी एक रहेकोमा एक जना कार्यरत छन्। अहेवको ६९ जनाको दरबन्दी रहेकामा ५१ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ४ करोड २८ लाख र औषधि खर्चबापतको रकम ५ लाख रुपियाँ छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | ३ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ४ | ४ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | | २ | २ |
| बलात्कार प्रयास | | १ | | १ | २ |
| बहुविवाह | | | | ५ | ५ |
| घरेलु हिंसा | १ | | १ | ३ | ५ |
| जम्मा | १ | १ | १ | ११ | १४ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | २ | ३ |

# ६.८ रुकुम पश्चिम

**जम्मा जनसङ्ख्या**
**१,५५,५४५**

**महिला**
**८१,५५६**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
उपलब्ध नभएको

**कामका लागि बाहिरिएका**
उपलब्ध नभएको

**अपाङ्गता भएका**
उपलब्ध नभएको

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६२.०५**

**आश्रित जनसङ्ख्या**
उपलब्ध नभएको

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | ३३ | ३३ | | | |
| कुटपिट | | | ३ | १८ | ३० |
| बालअधिकार | | | ५ | १ | ६ |
| हत्या | | | ३ | | ३ |
| धम्की | | | | १ | १ |
| महिला अधिकार | | | ८ | | ८ |
| जम्मा | ३३ | ३३ | १८ | ३० | ३८ |

**रुकुम पश्चिममा यो वर्ष राज्यपक्षबाट २२ जना सहित ६० जना पीडित भएका घटना अभिलेखित भए। यस वर्ष ३० जना कुटपिटको घटनाबाट पीडित भए। स्थानीय तहको निर्वाचन, प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनका क्रममा राजनीतिक दलबीच झडपका घटना अन्य घटनाका तुलनामा बढी भए। पहिलो चरणको प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा मतदान भइरहेको समयमा आठविसकोट नपा-११ स्थित नेपाल राष्ट्रिय मावि गत्तसैना मतदान केन्द्रमा एक मतदाताले मतपेटिकामा एसीड हाले। बाम गठबन्धनका उम्मेदवार विना विभागीय मन्त्री जनार्दन शर्मा चढेको गाडीलाई लक्षित गरी अज्ञात समूहले बम विष्फोट गरायो। बम विष्फोटबाट कुनै क्षति भएन।**

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर, ६८ कैदी र १५ थुनुवा गरी ८३ जना छन्। जसमा आठ महिला छन्। दुई वर्षीय एकजना आश्रित बालक पनि छन्। ६५ वर्षमाथिका दुई जना छन्। क्षमताभन्दा झण्डै चार गुणा बढी कैदी बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। २०४१ सालमा बनेको यो कारागारको एक भवन पुरानो र जीर्ण छ।

### धम्की/कुटपिट

#### गैरराज्यपक्षबाट

सानीभेरी गाउँपालिका-९ का २८ वर्षीय पत्रकार नारायण ओलीलाई बसको छतमा यात्रु राखेर जोखिमपूर्ण यात्रा गराएको फोटो खिचेर सार्वजनिक

गरेको आरोपमा २०७४ कात्तिक ९ गते सोही ठाउँका यातायात व्यवसायी २७ वर्षीय चक्रबहादुर केसीले कुटपिट गर्दै मार्ने धम्की दिए। प्रेस सेन्टर रुकुमले कात्तिक ९ गते विज्ञप्ति जारी गर्दै दोषीलाई कारबाहीको माग गऱ्यो। सानीभेरी गाउँपालिका अध्यक्ष नरबहादुर पुन, वडा नं. ३ का अध्यक्ष बिर्खबहादुर विष्ट, वडा नं. ९ का अध्यक्ष शेरबहादुर खड्काको रोहबरमा कात्तिक १३ गते दुवै पक्षको छलफलमा आरोपितले आगामी दिनमा यस्तो कार्य नगर्ने प्रतिबद्धता जनाएपछि मिलापत्र भयो।

### गिरफ्तारी

बाँफिकोट गाउँपालिका-४ का १५ वर्षीय पुर्णजङ्ग खड्कासहित नेपाल कम्युनिष्ट पार्टीका जिल्लास्तरका १९ जना कार्यकर्तालाई स्थानीय तहको निर्वाचन विरोधी गतिविधि गरेको आरोपमा आठबिसकोट नपा-१ बाट प्रहरीले २०७४ वैशाख १८ गते पक्राउ गऱ्यो। पक्राउ भएका नेपाल कम्युनिष्ट पार्टी रुकुम जिल्ला सेक्रेटरी चन्द्रबहादुर बुढा, राप्ती ब्युरो सदस्य गम्भीर सिर्पाली, मुसिकोट बहुमुखी क्याम्पसका उप-प्रध्यापक हरिविष्णु ओली र पुर्णजङ्ग खड्कासहित १९ जनालाई प्रहरीले सार्वजनिक मुद्दा चलायो। प्रहरीले सोही दिन रुकुमको मुसिकोटबाट नेपाल कम्युनिष्ट पार्टीका ६ जना महिला कलाकारलाई पक्राउ गरी वैशाख २२ गते रिहा गऱ्यो। शान्तिपूर्ण रूपमा निर्वाचन बहिष्कार कार्यक्रम गरिरहेको अवस्थामा नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्तालाई विना पुर्जी पक्राउ गरी लामो समयसम्म प्रहरी हिरासतमा राखेको भन्दै सङ्घीय समाजवादी फोरम नेपाल र नयाँ शक्ति पार्टी नेपाल रुकुमले जेठ १५ गते संयुक्त विज्ञप्ति जारी गरी रिहाइको माग गरे। प्रहरीले पुर्णजङ्ग खड्का र उप-प्रध्यापक हरिविष्णु ओलीलाई जेठ १७ गते रिहा गऱ्यो। मुद्दा चलाइएका अन्य सबै प्रमुख जिल्ला अधिकारी वंशीकुमार आचार्यको आदेश अनुसार जेठ २३ गते पाँच/पाँच हजार रुपियाँ धरौटीमा रिहा भए पनि प्रहरीले तत्काल जिल्ला प्रशासन परिसरबाट पुनः पक्राउ गऱ्यो। पुनः पक्राउ भएपछि हिरासतमा भोक हडताल गरेका नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्तालाई प्रहरीले जेठ २४ गते तारेखमा रिहा गऱ्यो ।

*काङ्ग्रेस कार्यकर्ताको आक्रमणमा परी घाइते भएका माओवादी केन्द्रका कार्यकर्ताहरू भोगबहादुर खड्का, सुभाष खड्का र जीवन खड्का*

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

पहिलो चरणको प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनको मतदान भइरहेको समयमा २०७४ मङ्सिर १० गते आठबीसकोट नपा-११ स्थित नेपाल राष्ट्रिय मावि गत्तसैना मतदान केन्द्रमा मतपेटिकामा एक मतदाताले एसिड हाले। उक्त घटनामा संलग्न भएको आरोपमा नेपाली काङ्ग्रेसका कार्यकर्ता आठबीसकोट नपा-१२ का २८ वर्षीय केशव खड्कालाई प्रहरीले मङ्सिर १० गते पक्राउ गऱ्यो। मतपेटिका जलेपछि सो केन्द्रको समानुपातिक तर्फको मतदान स्थगित भयो। यसैगरी बाँफिकोट गाउँपालिका-५ को रत्न मावि काँडा मतदान केन्द्रको प्रदेश सभाको प्रत्यक्ष तर्फको मतपेटिकामा एक मतदाताले एसिड हाले। घटनामा संलग्न भएको आरोपमा बाँफिकोट गाउँपालिका-५ की ३५ वर्षीया कल्पना केसीलाई प्रहरीले मङ्सिर १० गते पक्राउ गऱ्यो। आठबीसकोट नपा अन्तर्गत हिमालय मावि स्यालाखदी मतदान केन्द्रमा एसिड खन्याउन तयारी गरेको आरोपमा आठबीसकोट नपा-३ की २५ वर्षीया रुपा बिकलाई प्रहरीले मङ्सिर १० गते पक्राउ गऱ्यो। खड्कालाई पक्राउ गर्न दुई राउण्ड हवाई फायर गरेको प्रहरीले जनायो। मतदान सुरु भएको केही समयपछि आठबीसकोट नपा-६ र ७ वडाका मतदान केन्द्र नजिक बम विष्फोट समेत भएको प्रहरीले जनायो। स्थगित भएका रूकुम (पश्चिम) का दुई केन्द्रमा मङ्सिर १५ गते पुनः मतदान भयो। जिल्ला अदालतको आदेश अनुसार आरोपित कल्पना केसी र रुपा बिक प्रतिव्यक्ति १० हजार रुपियाँ र केशव खड्का १ लाख रुपियाँ धरौटीमा मङ्सिर २४ गते रिहा भए।

प्रतिनिधि सभा निर्वाचनका लागि रुकुम (पश्चिम) बाट बाम गठबन्धनका साझा उम्मेदवार एवम् विना विभागीय मन्त्री जनार्दन शर्मा चढेको गाडिमाथि २०७४ कात्तिक २४ गते अज्ञात समूहले बम प्रहार गऱ्यो। चौरजहारीबाट सानीभेरी गाउँपालिकाको सिम्लीतर्फ आउँदै गर्दा चौरजहारी नपा-८ गोईरीमा मन्त्री शर्मालाई लक्षित गरी दुई वटा रेडबुलको बट्टामा बनाएको बम प्रहार गरेकोमा सँगै रहेका सुरक्षाकर्मीको सजगताका कारण मानवीय क्षति भएन। एउटा बम पड्किएको र अर्को बमलाई सुरक्षाकर्मीको टोलीले डिस्पोज गरेको प्रहरीले जनायो। निर्वाचन बिथोल्ने गतिविधिमा संलग्न समूहले यो घटना गराएको हुनसक्ने जिल्ला प्रहरी कार्यालय रुकुमका डिएसपी राजेन्द्रप्रसाद धमलाले बताए। घटनापछि सोही दिन नेकपा एमाले रुकुम (पश्चिम) का इञ्चार्ज शेरबहादुर केसी र माओवादी केन्द्रका इञ्चार्ज राजकुमार शर्माले संयुक्त प्रेस नोट जारी गर्दै घटनाको विरोध गरे।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीश दरबन्दी अनुसार कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ४९ र फौजदारीतर्फ १ सय १५ थान छन्। ९ महिनाभन्दा पुराना मुद्दा छैनन्।

## अमानवीय व्यवहार

जिल्ला समन्वय समिति, रूकुमका असिस्टेण्ट सवइन्जिनियर ४५ वर्षीय चिताराम खड्कालाई घुस लिएको आरोपमा २०७४ असार २२ गते नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताले सदरमुकाम खलङ्गास्थित मयूर होटलमा अमानवीय व्यवहार गरे। त्रिवेणी गाउँपालिकाको सडक निर्माण उपभोक्ता समितिबाट घुस लिन लागेको फेला परेकोले मोसो दलेको नेपाल कम्युनिष्ट पार्टी जिल्ला सेक्रेटरी चन्द्र बुढाले बताए। उपभोक्ता समितिबाट सवइन्जिनियर खड्काले बुझेको ८० हजार रुपियाँ नगदसमेत आफूहरूको कब्जामा रहेको उनले दावी गरे।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ३१ प्रावि, ८१ निमावि, ५२ मावि र ४० उमावि छन्। १ हजार ५ सय ५९ शिक्षक दरबन्दी रहेको र लामो समयदेखि दरबन्दी मिलान नहुँदा शिक्षक सङ्ख्या बढी भएको अनुमान छ । यस वर्ष ४१ हजार २ सय ४५ बालक र ४५ हजार ९ सय १ बालिका भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्। ७ हजार ७ सय ५० दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै सहिद द्वन्द्वपीडित परिवारका १ सय ४२ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*यो वर्ष बलात्कारका घटनाबाट एक, यौन दुर्व्यवहारका घटनाबाट एक, बाल विवाहबाट तीन बालिका र विद्यालयमा शारीरिक दण्ड सजायबाट एक बालक पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालविवाह | ३ | | ३ |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| बलात्कार | १ | | १ |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | ५ | १ | ६ |

### विद्यालयमा शारीरिक दण्ड सजाय

मुसिकोट नपा-६ का १३ वर्षीय अशोक शर्मालाई कक्षा कोठामा ढिला आएको आरोपमा २०७३ फागुन ८ गते यमुनानन्द नमूना माविमा अभ्यास शिक्षणमा कार्यरत शिक्षक देवबहादुर बुढाले कुटपिट गरे। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा फागुन ९ गते उजुरी दिए। घाइतेको काठमाडौँमा उपचार भयो। प्रहरीले आरोपित शिक्षकलाई फागुन १० गते पक्राउ गरेकामा घाइतेको उपचार खर्च तिर्ने सहमतिमा फागुन १२ गते दुवैपक्षबीच मिलापत्र भयो। शिक्षकले उपचार खर्चबापत पीडितलाई ५० हजार रुपियाँ तिरे।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३३ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी मानसिक यातना पाएका तीन, खान/लाउन नदिएको तीन, विवाह दर्ता र नागरिकता नबनाएको एक, अर्की श्रीमती ल्याएर हेला गरेको चार र सामान्य घरायसी झगडाका २२ घटना छन्। यीमध्ये प्रहरीले १५ वटामा मिलापत्र गरायो भने एउटा मुद्दा पूर्वी रुकुम पठाएको र एक मुद्दा सल्यान*

*पठाएको र बाँकी पाँच उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ।*

*यस वर्ष महिला अधिकार उल्लङ्घनबाट आठ जना पीडित भए। जसमध्ये परिवारजनबाट दुई र अन्यपक्षबाट एक महिलाको हत्या भएको इन्सेकले अभिलेख गऱ्यो। बोक्सीको आरोपमा एक, बहुविवाह घटनामा पाँच र बलात्कार घटनामा दुई जना पीडित भए। बहुविवाहका तीन घटनामा अदालतले फैसला गरेको पाइयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बोक्सीको आरोप | १ | १ |
| बहुविवाह | ५ | ५ |
| बलात्कार | ३ | ३ |
| जम्मा | ८ | ८ |

**परिवारजनबाट हत्या**

चौरजहारी नपा-१४ निवासी ३४ वर्षीया ललिता रानालाई २०७४ असार १९ गते ४६ वर्षीय पति डिल्लीबहादुर रानाले हत्या गरेको आरोपमा प्रहरीले आरोपितलाई असार २० गते घरबाट पक्राउ गऱ्यो। नुवाकोट स्वास्थ्य चौकीमा कार्यरत ललिता कार्यालयबाट घर फर्किन ढिला गरेपछि परपुरुषसँग लागेको आरोप लगाई असार १९ गते टाउकोमा घरेलु हतियार प्रयोग गरी हत्या गरेको प्रहरीले जनायो। शवको जिल्ला अस्पताल, सल्लेमा पोष्टमार्टम भयो। प्रहरीले असार ३० गते जिल्ला अदालतमा मुद्दा दायर गरेकोमा साउन १ गते अदालतको आदेश अनुसार आरोपित पुर्पक्षका लागि कारागार चलान भए। यसवर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**बोक्सीको आरोपमा दुर्व्यवहार**

मुसिकोट नपा-९ की ४० वर्षीया एक महिलालाई २०७४ वैशाख १८ गते मुसिकोट नपा-११ की ४९ वर्षीया रुपा खड्का, २२ वर्षीय सुरेश खड्का र २६ वर्षीया दिलमाया खड्काले बोक्सीको आरोप लगाएको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा वैशाख २० गते उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख २० गते घरबाट पक्राउ गरेकोमा जिल्ला अदालतको आदेश अनुसार जेठ ५ गते प्रति व्यक्ति ३० हजार रुपियाँ धरौटीमा तारेखमा रिहा भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

१८ वर्षीया युवतीलाई २०७४ मङ्सिर २५ गते आठबीसकोट नपा-३ का १७ र १३ वर्षीय दुई बालकले बलात्कार गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा मङ्सिर २८ गते उजुरी दियो। पीडितको जिल्ला अस्पताल सल्लेमा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई प्रहरीले मङ्सिर २८ गते घरबाट पक्राउ गऱ्यो। यो वर्षको अन्त्यसम्म आरोपितहरू हिरासतमा छन्।

## स्वास्थ्य सेवाको अवस्था

रुकुम जिल्लामा एउटा जिल्ला अस्पताल, ४१ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा दुई डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी नभएको र नवौँ तहको विशिष्ट चिकित्सले उक्त काम गरिहरेका छन्। अहेवको ९२ दरबन्दी रहेकामा ९० कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २ करोड र औषधि खर्चबापतको रकम १२ लाख रुपियाँ भएको जिल्ला स्वास्थ्य कार्यालय, रुकुमका प्रमुख डा. सविन पोखेलले जानकारी दिए। यस वर्ष औषधि खरिदको बजेट स्थानीय तहमै जाने भएकोले जिल्लामा सो रकम घटेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनायो।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | २ | | १ | ३ |
| विद्यालयमा शारीरिक सजाय | | १ | | १ |
| बलात्कार | | | १ | १ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| जम्मा | २ | १ | ३ | ६ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बोक्सीको आरोप | | १ | १ |
| बहुविवाह | ३ | २ | ५ |
| बलात्कार | | २ | २ |
| जम्मा | ३ | ५ | ८ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | ३ |

# ६.९ सल्यान

**जम्मा जनसङ्ख्या**
**२,४२,४४४**

**महिला**
**१,२६,४७५**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**६५,६०५**

**कामका लागि बाहिरिएका**
**१४,२१३**

**अपाङ्गता भएका**
**६,२३३**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६४.०४**

**आश्रित जनसङ्ख्या**
**२०,१७४**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ३ | | ३ |
| महिला अधिकार | | | २६ | | २६ |
| गिरफ्तारी | ११ | ११ | | | |
| कुटपिट | | | | ३ | ३ |
| हत्या | | | १ | | १ |
| जम्मा | ११ | ११ | ३० | ३ | ३३ |

**सल्यानमा गत वर्षको तुलनामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना यस वर्ष बढी अभिलेखित भए। अभिलेखित घटना अनुसार राज्यपक्षबाट ११ जना र गैरराज्यपक्षबाट ३३ गरी ४४ जना पीडित भए। गत वर्ष ४१ जना पीडित भएका घटना अभिलेख गरिएको थियो।**

**सरकारले कुपोषणका लागि राष्ट्रिय पोषण नीति तथा रणनीति, दोस्रो तथा दीर्घकालीन पोषण योजना, बहुक्षेत्रीय पोषण योजना लगायत कार्यक्रम ल्याएको भए पनि सल्यान जिल्लाको दुर्गम उत्तरी क्षेत्रका कतिपय गाउँमा २५ प्रतिशत बढी बालबालिकालाई कुपोषणको समस्या देखिएको छ। यसवर्ष १३ कुपोषित बालबालिकालाई पोषण पुनर्स्थापन केन्द्र घोराही र नेपालगञ्जमा रिफर गरिएको जिल्ला स्वास्थ्य कार्यालय, सल्यानले जनायो। उमेर अनुसार तौल नपुग्नु, बिरामी भइरहनु, झाडापखाला, निमोनिया, क्षयरोग आदि लागेर निको नहुने समस्या देखिने र समयमै उपचार नपाउँदा ज्यान जानसक्ने भएकोले कडा कुपोषितलाई रिफर गरिएको जिमाली स्वास्थ्य चौकीका इञ्चार्ज लोकबहादुर बस्नेतले बताए।**

## धम्की /कुटपिट

### गैरराज्यपक्षबाट

दार्मा गाउँपालिका-३ मा २०७४ वैशाख २६ गते नेकपा एमाले र माओवादी केन्द्रका कार्यकर्ताबीच भएको झडपमा सोही ठाउँका नेकपा एमालेका कार्यकर्ता २१ वर्षीय रमेश बिक, ३० वर्षीय जितबहादुर बाठा र २४ वर्षीय नरबहादुर नेपाली घाइते भए। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा

जेठ १ गते उजुरी दियो। घटनामा संलग्न रहेको आरोपमा सोही ठाउँका निवासी नेकपा माओवादी केन्द्रका कार्यकर्ताहरू ४६ वर्षीय नन्दराम केसी र १८ वर्षीय जनक चन्दलाई वैशाख २७ गते प्रहरीले पक्राउ गऱ्यो। घाइतेको स्थानीय मेडिकलमा सोही दिन उपचार भयो। स्थानीय तहको पहिलो चरणको निर्वाचन प्रचार प्रसार सकेर बसिरहेको स्थानमा हतियारसहित आएका माओवादी केन्द्रका कार्यकर्ताले एक्कासि आफूमाथि आक्रमण गरेको घाइतेले आरोप लगाए। अरोपित दुवै जना जेठ २३ गते प्रतिव्यक्ति ६५ हजार रुपियाँ धरौटीमा रिहा भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २० जनाको छ। तर, कैदी ३९ र थुनुवा ३९ गरी जना ७८ छन्। जसमा  नौ जना महिला छन्। कारागारमा एक जना आश्रित बालक पनि छन्। ६५ वर्षमाथिका एक जना पुरुष छन्। क्षमताभन्दा झण्डै चारगुणा बढी कैदी बन्दी भएकाले व्यवस्थापनमा समस्या छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ४३ र फौजदारीतर्फ १ सय २ थान बाँकी छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय २९ प्रावि, ९८ निमावि र ७७ मावि छन्। ५ सय ६८ शिक्षक दर बन्दी रहेकामा सबै कार्यरत छन् । यस वर्ष २ ९ हजार ७ सय ४९ बालक र ३३ हजार १ सय १७ बालिका भर्ना भए। जिल्ला शिक्षा कार्यालयसँग जिल्लाभर रहेका अपाङ्गमैत्री विद्यालयको तथ्याङ्क छैन। ५ हजार ७ सय ९ दलित बालक र ६ हजार २ सय २२ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद परिवारका र द्वन्द्वपीडित परिवारका बालबालिकाले प्राप्त गरेको छात्रवृत्तिको विवरण प्राप्त नभएको जिल्ला शिक्षा कार्यालयले जनायो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ३ | ३ |

*सन् २०१६ मा बलात्कार घटनाबाट एक र यौन दुर्व्यवहार घटनाबाट एक जना बालिका पीडित भएकामा सन् २०१७ मा तीन जना बालिका पीडित भएका घटना अभिलेखित भए । यो वर्ष बलात्कार घटनाबाट दुई जना र यौन दुर्व्यवहार घटनाबाट एकजना बालिका पीडित भए।*

### बलात्कार, यौन दुर्व्यवहार

आठ वर्षीया एक बालिकालाई फरक फरक मितिमा यौन दुर्व्यवहार गरेको भन्दै शारदा नपा-५ का २० वर्षीय जरसिंह यरी, ४२ वर्षीय चन्द्रप्रकाश शाक्य र २४ वर्षीय रमेश यरीविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा ०७४ पुस २ गते उजुरी दियो। प्रहरीले घटनाका आरोपित जरसिंह र चन्द्र प्रकाशलाई मङ्सिर २९ गते घरबाट पक्राउ गऱ्यो भने फरार रहेका अर्का आरोपित रमेश यरीलाई पुस १३ गते पक्राउ गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण मङ्सिर २७ गते जिल्ला अस्पताल सल्यनामा भयो। यस वर्षको अन्त्यसम्म आरोपित तीनै जना प्रहरी हिरासतमा छन्।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै २४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका आठ जना,  खान/लाउन नदिएको दुई वटा, विवाह दर्ता र नागरिकता नबनाएको एउटा  र सामान्य घरायसी झगडाका  १३ वटा घटना छन्। यीमध्ये प्रहरीले २२ वटामा मिलापत्र गरायो भने २ वटा उजुरी कानुनी प्रक्रियामा छन्।*

*सन् २०१६ मा घरेलुहिंसाका २१ घटना अभिलेख गरिएकामा यस वर्ष १० वटा घटना अभिलेखित भए। त्यसैगरी बलात्कारका घटनाबाट गत वर्ष आठ जना पीडित भएकामा यस वर्ष ११ जना पीडित रहे। त्यसैगरी यो वर्ष बहुविवाहका कारण दुई जना र बलात्कार प्रयासबाट तीन जना पीडित भएका घटना अभिलेख गरिएको छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ११ | ११ |
| बलात्कार प्रयास | ३ | ३ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | १० | १० |
| जम्मा | ३६ | ३६ |

**परिवारजनबाट हत्या**

बागचौर नपा-३ की ६० वर्षीया टिकी वलीलाई २०७३ माघ २५ गते सोही ठाउँका १९ वर्षीय भतिजा दीपक भण्डारीले हत्या गरे। शवको माघ २६ गते जिल्ला अस्पतालमा पोष्टमार्टम भयो। मृतकका आफन्तले माघ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ २६ गते पक्राउ गरेकोमा अदालतले दोषी ठहर गर्दै २०७४ असार ८ गते सर्वस्वसहित जन्मकैदको फैसला सुनायो।

**बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार**

३० वर्षीया एक महिलालाई छत्रेश्वरी गाउँपालिका-५ का २७ वर्षीय अम्मर बिक, दाङ दंगीशरण गाउँपालिका-६ का २९ वर्षीय नरबहादुर वली, दाङ तुल्सीपुर उमनपा-१२ का १८ वर्षीय शेरबहादुर वलीले २०७३ माघ १२ गते सामूहिक बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले माघ २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ २३ गते भयो। प्रहरीले आरोपितलाई माघ २१ गते पक्राउ गरेकोमा जिल्ला अदालतको आदेश अनुसार फागुन १७ गते पुर्पक्षका लागि कारागार चलान भए। अन्य दुई जना यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

२८ वर्षीया महिलालाई २०७३ फागुन २२ गते कपुरकोट गाउँपालिका-३ का ३७ वर्षीय प्रेम वलीले बलात्कार गरेको भन्दै पीडित पक्षले फागुन २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २२ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई फागुन २४ गते पक्राउ गरेकामा अदालतले दोषी ठहर गर्दै चैत १० गते ५ वर्ष कैद र ३५ हजार रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संरचना/सम्पत्ति क्षति**

स्थानीय तहको पहिलो चरणको निर्वाचन अन्तर्गत नेकपा एमाले बागचौर नगर कमिटीले प्रचार प्रसारका लागि प्रयोग गरेका भे १ च १५६२ नम्वरको बोलेरो जिप र रा ३ प ६९९८ नम्बरको मोटरसाइकल २०७४ बैशाख २८ गते राती अज्ञात समूहले आगजनी गऱ्यो। बागचौर नप-२ वागचौरमा पार्किङ गरेर राखेको अवस्थामा आगलागी भएको प्रहरीले जनायो। आगलागीबाट जिप तथा मोटरसाइकलमा क्षति पुगेको जिल्ला प्रहरी कार्यालयले जनायो। यस वर्षको अन्त्यसम्म पीडितले कहीं उजुरी दिएनन्।

बन्दको अवज्ञा गरेको आरोपमा थारमारे नपा चौरपानी पुतलीवास नजिक दीपक गिरीले चलाएको रा ३ प ७००५ नम्वरको मोटरसाइकल २०७४ वैशाख ३० गते नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताले जलाए। आफूहरूले चुनाव खारेजी गर्न माग गर्दै आह्वान गरेको बन्दका क्रममा मोटरसाइकल चलाएपछि मोटरसाइकल जलाएको नेपाल कम्युनिष्ट पार्टीले बतायो। यस वर्षको अन्त्यसम्म पीडितले कहीं उजुरी दिएनन्।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा जिल्ला अस्पताल, ४५ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। पाँच डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। अहेवको ९७ दरबन्दी रहेकामा ७० जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २ करोड, ९८ लाख ९९ हजार रहेको छ। जिल्ला स्वास्थ्य कार्यालयको औषधि खर्च बापतको रकम ४५ लाख रुपियाँ छ।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | २ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ३ | ३ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | १ | | १० | ११ |
| बलात्कार प्रयास | | १ | | | २ | ३ |
| बहुविवाह | | | २ | | | २ |
| घरेलु हिंसा | १ | | १ | ३ | ५ | १० |
| जम्मा | १ | १ | ४ | ३ | १७ | २६ |

| हत्या | | |
|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
| हत्या | १ | १ |

# ६.१० सुर्खेत




**जम्मा जनसङ्ख्या**
३,५०,८०४

**महिला**
१,८१,३८३

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१,०४,४५२

**कामका लागि बाहिरिएका**
२३,१५७

**अपाङ्गता भएका**
१०,२५१

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७३.१२

**आश्रित जनसङ्ख्या**
१,७३,२५८

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | २ | | २ |
| महिला अधिकार | | | १३४ | | १३४ |
| जातीय विभेद | | | ४ | ४ | ८ |
| कुटपिट | २ | २ | | ४ | ४ |
| धम्की | | | | १ | १ |
| हत्या | | | ५ | | ५ |
| जम्मा | २ | २ | १३५ | ९ | १४४ |

सुर्खेतमा गत वर्ष १ सय २४ जना पीडित भएकोमा यो वर्ष १ सय ४६ जना पीडित भएका घटना अभिलेखित भए। प्रहरी र जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा राखिएका थुनुवाहरूको कुटपिटबाट तेज सोनीको हात भाँचियो।

वि.सं. २०७१ साउन महिनाको २८ र २५ गतेको अविरल वर्षापछि आएको बाढी पहिरोका कारण वीरेन्द्रनगर नगरपालिका, लाटीकोइली, उत्तरगङ्गा, तातापानी, घाटगाँउ, साटाखानी, लेखपराजुल, हरिहरपुर, वावियाचौर, तरंगा, छिन्चु र कुनाथरीका २ हजार ३ सय २७ घरपरिवारका १२ हजार ३ सय ८५ जना विस्थापित भए। विस्थापित भएको तीन वर्षसम्म २ हजार ३ सय २७ घर परिवार जिल्लाको विभिन्न शिविरमा बसे पनि २०७३ वैशाख यता महिला प्रशिक्षण केन्द्र, कुनाथरी गाविसको गिरीघाट र तातापानी गाविसमा गरी झण्डै २ सय घरपरिवार यस वर्षको अन्त्यसम्म दयनीय अवस्थामा विस्थापित जीवन बिताइरहेका छन्। जिल्ला दैवी प्रकोप उद्धार समिति, विभिन्न सङ्घसंस्था, राजनीतिक दल र व्यापारीले २०७१ असोज २५ गतेसम्म उनीहरूलाई राहत स्वरुप लत्ताकपडा, भाँडाकुँडा वितरण गरे पनि त्यसयता कसैले उनीहरूलाई सहयोग गरेको छैन। राज्यले बाढीपीडित परिवारको पुनर्वास तथा पुनर्स्थापना गर्ने बारेमा विभिन्न कार्यक्रम ल्याए पनि प्रभावकारी हुन सकेको छैन। उनीहरूको उचित पुर्नवास तथा पुनर्स्थापनाका लागि यस वर्षको अन्त्यसम्म कुनै ठोस कदम चालिएको पाइएन।

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर, १ सय ५२ कैदी र २३ थुनुवा गरी १ सय ७७ जना छन्। जसमा १७ महिला छन्।

कारागारमा एक जना नाबालिका आश्रित छन्। कारागारको क्षमता भन्दा सात गुणा बढी कैदीबन्दी भएकाले व्यवस्थापनमा समस्या आएको जेलर लालबहादुर खत्रीले बताए। विसं २०२९ सालमा निर्माण गरिएको कारागार भवन जीर्ण छ। नौ वर्ष अघि निर्माण सुरु गरिएको सय क्षमताको सुधार गृह बन्दाबन्दै २०६९ चै तदेखि रोकिएको छ।

### धम्की/कुटपिट

#### राज्यपक्षबाट

वीरेन्द्रनगर नपा-५ का २४ वर्षीय तेज सोनी र २५ वर्षीय सन्तोष खड्कालाई जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा प्रहरी र हिरासतमा राखिएका थुनुवाहरूले २०७४ पुस ४ गते साँझ कुटपिट गरे। वीरेन्द्रनगर नपा-२ का २८ वर्षीय वाईसीएलका कार्यकर्ता गोविन्दप्रताप मल्लमाथि मङ्सिर २९ गते भएको आक्रमणमा संलग्न रहेको आरोपमा प्रहरीले पुस ४ गते नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा पुऱ्याए लगत्तै प्रहरी र हिरासतमा राखिएका थुनुवाहरूले कुटपिट गर्दा सोनीको दाहिने हात भाँचियो। सोनीसँगै नियन्त्रणमा लिइएका सन्तोष खड्का पनि कुटपिटबाट घाइते भए। पीडितहरूको स्थानीय देउती नर्सिङ होममा उपचार भयो। कुटपिटमा संलग्न व्यक्तिहरूमाथि पीडित पक्षले यस वर्षको अन्त्यसम्म उजुरी दिएनन्।

*प्रहरीको कुटपिटबाट घाइते तेज सोनी*

#### गैरराज्यपक्षबाट

वीरेन्द्रनगर नपा- १० निवासी युवा सङ्घ नेपाल सुर्खेतका अध्यक्ष ४१ वर्षीय खिमलाल देवकोटाले फरक मत राखेको आरोपमा पञ्चपुर नपा-२ सालकोटका २७ वर्षीय दिनेश रामजाली र २२ वर्षीय मोहन भण्डारी लगायतको समूहले २०७३ माघ २१ सालकोटको पलैंटेमा घेरा हाली कुटपिट गरे। पीडितको उपचार क्षेत्रीय अस्पताल सुर्खेतमा भयो। रामजाली र भण्डारी सहितको १५ जनाको सङ्ख्यामा रहेका नेपाली काङ्ग्रेस कार्यकर्ताहरूले बीच बाटोमा घेरा हाली 'तँ ठूलो नेता भएको' भन्दै लात्तीमुक्काले कुटपिट गरेको पीडितले बताए। सो समूहले नगद १८ हजार, २ तोलाको सुनको सिक्री, मो वाइल एक थान समेत लुटेको पीडितले आरोप लगाए। पीडितले ०७३ माघ २३ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा आरोपितहरूविरुद्ध उजुरी जाहेरी दिए पनि आरोपितहरू फरार रहे।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा दुईजना न्यायाधीशको दरबन्दी रहेकोमा दुवैजना कार्यरत छन्। यसवर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय २७ र फौजदारीतर्फ ७३ थान छन्। दुई वर्ष नाघेका मुद्दा छैनन्। यसैगरी आठ जना दरबन्दी रहेको उच्च अदालतमा चार जना न्यायाधीश छन्। यसवर्ष फैसला हुन बाँकी देवानीतर्फ ५८ र फौजदारीतर्फ १ सय ३४ थान छन्। दुई वर्ष नाघेका देवानी र फौजदारी मुद्दा छैनन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा ४ सय ५५ प्रावि, १ सय २ आधारभुत तह र १ सय ३६ मावि छन्। ३ हजार ५ सय ६६ शिक्षक दरबन्दी रहेकामा ६९ दरबन्दी रिक्त छ। यस वर्ष ४ हजार ९ सय ९२ बालक र ५ हजार १ सय ४३ बालिका विद्यालय भर्ना भए। जिल्लामा १ सय ३७ विद्यालय अपाङ्गमैत्री छन्। १ हजार ६ सय ८८ बालक र १ हजार ७ सय ९३ दलित बालबालिकालाई छात्रावृत्ति प्रदान गरियो। साथै शहीद परिवारका ३ सय २ र द्वन्द्वपीडित परिवारका २ सय ९४ परिवारका बालबालिकालाई पनि छात्रावृत्ति प्रदान दिइयो।*

*यस वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा दुई बालिका बलात्कार घटनाबाट पीडित भए। अघिल्लो वर्ष एक बालिका बलात्कार घटनाबाट र एक नवजात शिशुको हत्या भएको थियो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| जम्मा | २ | २ |

### बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया एक बालिकालाई २०७४ जेठ ३ गते वीरेन्द्रनगर नपा-२ का जुम्ली कान्छो भनिने २२ वर्षीय प्रकाश रोकायले बलात्कार गरेको भन्दै पीडित पक्षले जेठ ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण क्षेत्रीय अस्पताल सुर्खेतमा जेठ ४ गते भयो। प्रहरीले आरोपितलाई जेठ ५ गते घरबाट पक्राउ गऱ्यो। प्रहरीले जेठ २८ गते जिल्ला अदालत सुर्खेतमा मुद्दा दायर गरेकोमा अदालतको आदेश अनुसार आरोपित जेठ २९ गते पुर्पक्षका लागि कारागार चलान भए। यसवर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव दुर्व्यहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ३ सय २४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ८९, खानलाउन नदिएको १८, विवाह दर्ता र नागरिकता नबनाएको २३ र दाइजो नल्याएको, परपुरुषसँग लागेको तथा छोरा नजन्माएको आरोपमा हिंसा गरेका १ सय ९४ घटना रहेका छन्। जसमा प्रहरीले १ सय २६ वटा मिलापत्र गरायो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | ११७ | ११७ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | १२४ | १२४ |

*यस वर्ष बलात्कारबाट दुई, बलात्कार प्रयासबाट एक, यौन दुर्व्यवहारबाट एक, बहुविवाहबाट तीन र घरेलु हिंसाबाट १ सय १७ जना गरी १ सय २४ जना पीडित भए। अघिल्लो वर्ष ९९ जना महिला पीडित भएका थिए। यस वर्ष परिवारजनबाट पाँच महिलाको हत्या भएकामा दुई घटनामा अदालतले फैसला सुनायो।*

### परिवारजनबाट हत्या

जाजरकोट छेडागाड नपा-५ घर भई लेकबेशी नपा-६ मूलपानीमा बस्दै आएकी २० वर्षीया रामकली वादीलाई २४ वर्षीय पति भगत वादीले घरायसी विवादमा २०७४ वैशाख २३ गते हँसियाले घाँटी रेटी हत्या गरे। पत्नी रामकलीलाई घाँटी रेटी हत्या गरेपछि भगत आफैं नजिकै रहेको रामघाट प्रहरी चौकीमा पुगी मैले पत्नीको हत्या गरी आएको भनेपछि प्रहरीले पक्राउ गरी इलाका प्रहरी कार्यालय छिन्चुमा बुझाएको इप्रका छिन्चुका सई मुन्नीसिंह चौहानले बताए। घटनाको अनुसन्धानमा खटिएका सई चौहानले हत्या भएको कोठामा पुग्दा घाँटीदेखि तलको भाग मात्र फेला परेको र घरायसी खटपटका कारण रिसको झोकमा पत्नीको हत्या गरेको प्रहरी समक्ष स्वीकारेको बताए। शवको पोष्टमार्टम क्षेत्रीय अस्पतालमा वैशाख २४ गते भयो। इलाका प्रहरी कार्यालय छिन्चुले भगतविरुद्ध जिल्ला अदालतमा वैशाख २४ गते कर्तव्य ज्यान मुद्दा दायर गरेकोमा अदालतले कात्तिक १५ गते भगतलाई सर्वस्वसहित जन्म कैदको फैसला सुनायो।

गुर्भाकोट नपा-२ की ३० वर्षीया पञ्चकली कामीलाई ३० वर्षीय पति टेकबहादुर कामीले २०७४ भदौ २५ गते सुर्खेत र सल्यानको सीमानामा पर्ने जङ्गलमा पछ्यौराले घाँटी थिचेर हत्या गरे। आरोपितलाई सोही दिन प्रहरीले घर बाट पक्राउ गरी भदौ २६ गते जिल्ला अदालत सुर्खेतमा कर्तव्य ज्यान मुद्दा दायर गरेकोमा दोषी ठहर गर्दै अदालतले मङ्सिर २८ गते सर्वस्वसहित जन्मकैदको फैसला सुनायो। शवको पोष्टमार्टम भदौ २६ गते क्षेत्रीय अस्पताल सुर्खेतमा भयो।

### घरेलु हिंसा

भेरीगङ्गा नपा-२ लेखपराजुलकी ३० वर्षीया कमला बुढालाई परपुरुषसँग लागेको आरोपमा २०७४ साउन ५ गते जिल्ला प्रहरी कार्यालय, जुम्लामा कार्यरत प्रहरी जवान ३१ वर्षीय पति मानबहादुर बुढाले वीरेन्द्रनगर नपा-६ स्थित आईसिटी बेबी फेन्सी पसलमा कुटपिट गरे। आरोपितले 'म प्रहरी हुँ, तँलाई जतिखेर पनि मारिदिन सक्छु' भनी सार्वजनिकस्थलमा गालीबेइज्जती गरेको भन्दै पीडितले साउन ६ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिइन्। पीडितको उपचार क्षेत्रीय अस्पताल सुर्खेतमा भयो। पीडितले दिएको उजुरी माथि यस वर्षको अन्त्यसम्ममा

कुनै सुनुवाइ भएन। पीडित एक नाबालक छोरा र एक नाबालिका छोरीका साथ वीरेन्द्रनगरमा मजदूरी गरी बसेकी छन्।

### सबै प्रकारका जातीय विभेद

बरहाताल गाउँपालिका-८ कुनाथरी बगेनाका नौ वर्षीय नाबालक भीमबहादुर बिकलाई छिमेकी ४५ वर्षीय बाटु शाही र उनका छोरा १९ वर्षीय भरत शाहीले भान्छा छोएको भनी २०७३ चैत १७ गते घरमै लाठीले कुटपिट गरेको पीडितले आरोप लगाए। पीडितको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। पीडितकी आमा जैसरा बिकले चैत २० गते पीडकहरूकोविरुद्ध जातीय भेदभाव, छुवाछूत कसुर र सजाय ऐन २०६८ बमोजिम कारबाहीको माग गर्दै मुद्दा दायर गरिन्। आरोपित बाटु शाहीलाई ०७३ चैत २० गते प्रहरीले घरबाटै पक्राउ गऱ्यो। प्रहरीले जिल्ला अदालत सुर्खेतमा ०७४ चैत २१ गते मुद्दा दायर गरेकोमा अदालतको ०७४ वैशाख १० गतेको आदेशले आरोपित ७ हजार रुपियाँ धरौटीमा रिहा भए। यसवर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

बराहताल गाउँपालिका-८ दमारेका २५ वर्षीय बलबहादुर बिकले अन्तरजातीय विवाह गरेको आरोपमा उनका बुबा ५७ वर्षीय भक्तबहादुर बिक र ४८ वर्षीया आमा अमृता बिकलाई दैलेख डुङ्गेश्वर नपा-६ का २२ वर्षीय मोहन शाही र २४ वर्षीया नन्दा शाहीले २०७४ भदौ २५ गते उनीहरूको घरमा निर्घात कुटपिट गरे। कुटपिटबाट घाइते बलबहादुर, भक्तबहादुर र अमृताको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। शाहीसहित चार जनाले आफूहरूलाई हात बाँधेर कुटपिट गर्नुको साथै घरको अन्नपात नष्ट तथा भाँडाकुँडा र सोलारसमेत तोडफोड गरेको पीडितले आरोप लगाए। पीडित पक्षले असोज २ गते जातीय विभेद, कसुर र सजाय ऐन र ज्यान

*कुटपिटबाट घाइते भक्तबहादुर बिक*

मार्ने उद्योगमा मुद्दा दायर गरेकामा सम्पत्ति क्षतिबापत ७५ हजार र औषधि खर्च बापत २० हजार रुपियाँ दिने सर्तमा कात्तिक ६ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा दुवैपक्ष बीच मिलापत्र भयो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक क्षेत्रीय अस्पताल, एक अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र र ४५ स्वास्थ्य चौकी रहेका छन्। क्षेत्रीय अस्पतालमा २५ जना डक्टरको दरबन्दी रहेकोमा १८ जना, मेहेलकुना अस्पतालमा चार जना दरबन्दी रहेकोमा चार जना कार्यरत छन्। १ सय ३ जना अहेवको दरबन्दी रहेकोमा आठ जना रिक्त छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको विभिन्न शीर्षकमा गरी यस वर्षको वार्षिक बजेट १८ करोड ७१ लाख ५२ हजार रुपियाँ रहेको छ। औषधि खरिद बापत ७ लाख रकम प्राप्त भएको सो कार्यालय जनायो।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | २ |
| जम्मा | २ | २ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | | | १ | २ |
| बलात्कार प्रयास | | | | १ | १ |
| बहुविवाह | १ | १ | | १ | ३ |
| घरेलु हिंसा | १ | ३४ | ६१ | १० | ११६ |
| यौन दुर्व्यवहार | | १ | | | १ |
| जम्मा | ३ | ३६ | ६१ | १३ | १३४ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | ३ | ५ |

# प्रदेश ७

- क्षेत्रफल : १९,५३९ वर्ग कि.मि.
- जनसङ्ख्या : २५,५२,५१७
- साक्षरता प्रतिशत : ६१.५४
- जिल्ला : ९
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : १६
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ३२
- उपमहानगरपालिका : १
- नगरपालिका : ३३
- गाउँपालिका : ५४
- कूल वडा सङ्ख्या : ७३४

# प्रदेश परिचय ७

यस प्रदेशमा कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी, बाजुरा, बैतडी, बझाङ र दार्चुला गरी नौ जिल्लाहरू रहेका छन् । कैलाली जिल्लामा सबैभन्दा बढी पाँच, कञ्चनपुरमा तीन, अछाममा दुई र अन्य जिल्लामा एक/एक निर्वाचन क्षेत्र कायम गरिएको छ । यस प्रदेशको जनसङ्ख्या २५ लाख ५२ हजार ५ सय १७ रहेको छ । यो प्रदेशको क्षेत्रफल १९ हजार ५ सय ३९ वर्गकिलोमिटर रहेको छ जुन नेपालको कूल क्षेत्रफलको १३.२७ प्रतिशत हो ।

यस प्रदेशको कूल जनसङ्ख्यामध्ये ३०.४५ प्रतिशतको डोटेली, ३०.१७ प्रतिशतको नेपाली, १७.०१ प्रतिशतको थारु, १०.६४ प्रतिशतको बैतडेली, ५.५८ प्रतिशतको अछामी, २.६४ प्रतिशतको बझाङी र बाँकीको मातृभाषा अन्य रहेको छ ।

कृषि, पर्यटन, जडिबुटी तथा जलविद्युतको प्रचुर सम्भावना यस प्रदेशमा रहेको छ । सबै जिल्ला सदरमुकामहरू सडक सञ्जालमा जोडिएको भए पनि विकासका दृष्टिले अझै पनि पछाडि रहेका छन् । यस प्रदेशका मानिसको औसत आयु ६६.९३ र प्रतिव्यक्ति आय ६ सय ८५ अमेरिकी डलर रहेको छ । खाद्यान्न अभाव, रोजगारी नपाइनुजस्ता कारणले यस प्रदेशका मानिसहरू कठिन कामका लागि भारततिर जाने प्रचलन कायम छ ।

सरकारले यो प्रदेशको अस्थायी राजधानी कैलाली जिल्ला सदरमुकाम धनगढीलाई तोकेको छ । प्रदेश सभाको बहुमतले राजधानी कहाँ राख्ने भन्ने निर्णय गर्न सक्ने व्यवस्था भएकाले हाललाई अस्थायी केन्द्र तोकिएको हो ।

**सन् २०१७ र मानव अधिकार अवस्था**

यस प्रदेशमा सन् २०१७ मा गैरराज्यपक्षबाट नौ जना महिलासहित २३ जनाको हत्या भयो । धम्की तथा कुटपिटका घटनामा ५४ जना पीडित भए । जसमध्ये राज्यपक्षबाट एक जना रहेका थिए । जातीय विभेदका घटनामा १७ जना, महिला अधिकार उल्लङ्घनका घटनामा ३ सय ८६ जना, बाल अधिकार उल्लङ्घनका घटनामा ४२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो ।

## सन् २०१७ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



# ७.१ बाजुरा

**जम्मा जनसङ्ख्या**
१,४७,०५३

**महिला**
७५,७४३

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
८५,८६७

**कामका लागि बाहिरिएका**
८,०५४

**अपाङ्गता भएका**
५,८५५

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
५५.७

**आश्रित जनसङ्ख्या**
७५,६५५

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ३ | | ३ |
| महिला अधिकार | ९ | | ९ |
| जातीय विभेद | | ३ | ३ |
| कुटपिट | १ | १३ | १४ |
| धम्की | | १ | १ |
| हत्या | | १ | १ |
| जम्मा | १३ | १७ | ३० |

**बाजुरामा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २५ जना पीडित भएकामा सन् २०१७ मा ३० जना पीडित भए। ०७४ असार ४ गते नेपाली काङ्ग्रेस र नेकपा एमालेका कार्यकर्ता बीच मनोनयन दर्ता गर्ने क्रममा झडप हुँदा छेडेदह गाउँपालिका-५ निवासी नेकपा एमालेका कार्यकर्ता ५५ वर्षीय हंसबहादुर रावतको मृत्यु भयो।**

### नागरिक तथा राजनीतिक अधिकार

### सम्मानितरूपले बाँच्ने अधिकार

### हत्या

#### गैरराज्यपक्षबाट

छेडेदह गाउँपालिका-५ निवासी नेकपा एमालेका कार्यकर्ता ५५ वर्षीय हंसबहादुर रावतको २०७४ असार ४ गते नेपाली काङ्ग्रेस र नेकपा एमालेका कार्यकर्ताबीच स्थानीय तहको निर्वाचनको मनोनयन दर्ता गर्ने क्रममा झडप हुँदा घाइते भएकामा उपचारका लागि जिल्ला अस्पताल लैजाँदै गरेका बेला बाटोमै मृत्यु भयो। उनका आफन्त र शुभचिन्तकले घटनामा संलग्नलाई कारबाही र पीडित परिवारलाई सहयोग माग गर्दै साँफे-मार्तडी सडकखण्ड र बजार चार दिनसम्म बन्द गरे। नेकपा एमाले, नेपाली काङ्ग्रेस र प्रशासनबीच दोषीलाई कारवाही गर्ने, पीडित परिवारका बालबालिकालाई राज्यले निःशुल्क शिक्षाको व्यवस्था गर्ने र किरिया खर्च राज्यले दिने विषयमा

त्रिपक्षीय सहमति भएपछि पीडित पक्षले बन्द हड्ताल फिर्ता लिई शव बुझेका थिए। पीडित परिवारले छेडेदह गाउँपालिका-५ का ३३ वर्षीय लालबहादुर विष्ट, सोही गाउँपालिका-६ का ३२ वर्षीय कुम्भनाथ योगी, सोही गाउँपालिका-२ का ३२ वर्षीय बलबहादुर बुढा, सोही गाउँपालिका-२ का ३४ वर्षीय राजबहादुर सिंह, सोही गाउँपालिका-१ का २२ वर्षीय केशव रोकाया, सोही गाउँपालिका-५ का ३५ वर्षीय टेकबहादुर रावत, सोही गाउँपालिका-५ का ३२ वर्षीय ललितबहादुर रावत, २८ वर्षीय लोकेन्द्र रावत, २९ वर्षीय मानबहादुर रावत र ३४ वर्षीय देवबहादुर रावत गरी १० जनाको नाममा असार ५ गते उजुरी दियो। आरोपितमध्ये असार ५ गते पक्राउ परेका देवबहादुर रावतलाई अदालतले असार २७ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। अन्य आरोपित फरार रहे। पीडित परिवारलाई जिल्ला प्रशासन कार्यालयमार्फत ४० हजार रुपियाँ किरिया खर्च उपलब्ध गराइएको प्रमुख जिल्ला अधिकारी देवेन्द्र लामिछानेले बताए।

### धम्की/कुटपिट

सिरहा जिल्ला घर भई बिच्छुया माविमा कार्यरत शिक्षक तथा बूढीनन्दा नपा-५ स्थित नन्देश्वरी मावि कोटिला मतदान केन्द्रका सहायक मतदान अधिकृत विन्देश्वरप्रसाद यादवलाई २०७४ मङ्सिर ६ गते अज्ञात समूहले बडिमालिका नपाको पोरखे लेकको बाटोमा हिँड्दै गरेका बेला कुटपिट गऱ्यो। घाइते यादवको मङ्सिर ७ गते जिल्ला अस्पतालमा उपचार भयो। सो समूहले यादवसँग भएको नगद १२ हजार रुपियाँसमेत लुट्यो।

बूढीनन्दा नपा-२ स्थित रेडियो बूढीनन्दाका अध्यक्ष सर्पलाल गिरीलाई २०७४ असार ३० गते राति नेपाली काङ्ग्रेसका कार्यकर्ताले बूढीनन्दा नपा-२ का ४५ वर्षीय गोकर्ण गिरी, सोही नपा-६ का २७ वर्षीय वीरेन्द रोकाया, सोही ठाउँका २८ वर्षीय इन्द्र रोकाया र सोही नपा-८ का नरेन्द्र शाहीलगायतले सर्पलाललाई आजै सिध्याउनुपर्छ भन्दै धम्की दिए। उनीहरूले रेडियोको कार्यालयमा समेत ढुङ्गा प्रहार गरे। बूढीनन्दा नपाका मेयर पदम गिरीले रेडियोको ट्रान्समिटर बनाई दिने र आरोपितहरूले आइन्दा गल्ती नदोऱ्याउने भन्दै माफी मागेपछि साउन ४ गते जिल्ला प्रहरी कार्यालमा मिलापत्र भयो। ट्रान्समिटर बनाएको रकम भने पीडितले पाएनन्।

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको छ। कारागारमा २३ कैदी र ११ बन्दी गरी ३४ जना छन्। जसमा सबै पुरुष छन्। कैदी तथा बन्दीले आधारभूत सुविधा केही नभएको गुनासो गरेका छन्।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

बूढीगङ्गा नपा-१ मा चुनाव प्रचार प्रसारमा रहेका नेपाली काङ्ग्रेसका कार्यकर्ता ४० वर्षीय अम्मर थापा, सोही ठाउँका ४२ वर्षीय कृष्ण थापा, ४० वर्षीय ललित थापा, ६२ वर्षीय गौरे सनाई र ३० वर्षीय मदन नेपाली २०७४ मङ्सिर ७ गते राति अज्ञात समूहको आक्रमणमा परी घाइते भए। घाइतेहरूको मङ्सिर ८ गते जिल्ला अस्पतालमा उपचार भयो। आफूहरूमाथि बाम गठबन्धनका कार्यकर्ताले ढुङ्गा प्रहार गरेको भन्दै बूढीगङ्गा नपा-२ का २२ वर्षीय गणेश थापा, २२ वर्षीय देव रोकाया, ३० वर्षीय वीरबहादुर थापा, ३२ वर्षीय भानसिं थापा, २४ वर्षीय शङ्करबहादुर थापा, २२ वर्षीय मीन थापा, २१ वर्षीय मदन रोकाया र १९ वर्षीय प्रेम थापाविरुद्ध मङ्सिर ८ गते नेपाली काङ्ग्रेसले जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। वाम गठबन्धनका नेता/कार्यकर्ताले भने यसबारे आफूहरूलाई केही थाहा नभएको प्रतिक्रिया दिए।

गौमुल गाउँपालिका-५ का २८ वर्षीय पारस रोकाया, सोही ठाउँका २७ वर्षीय टङ्क रोकाया र ३२ वर्षीय सन्तोष रोकाया, २२ वर्षीय सुभाष रोकाया, २४ वर्षीया सुशीला रोकाया २०७४ जेठ २९ गते सोही गाउँपालिका-५ मा ४०/५० जनाको सङ्ख्यामा रहेका नेपाली काङ्ग्रेसका कार्यकर्ताको आक्रमणबाट घाइते भए। धारिलो हतियारले टाउकोमा चोट लागेका सन्तोषको प्राथमिक उपचार बाजुरा जिल्ला अस्पतालमा भयो भने थप उपचार नेपालगन्जमा भयो। गौमुल गाउँपालिका-५ का काङ्ग्रेसका वडा अध्यक्षका उम्मेदवार धनबहादुर रोकायाको नेतृत्वमा गएको टोलीले आक्रमण गरेको एमालेले बतायो। दुवै पक्षका नाममा उजुरी परेपछि घटनाको गाउँमै मिलापत्र भएको जिल्ला प्रहरी कार्यालयले बतायो।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एकजना न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन

बाँकी मुद्दामध्ये देवानी ६ र फौजदारी २७ थान छन्। दुई वर्ष भन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा प्रावि १ सय ६५, निमावि ४६, मावि ४१ र उमावि २० वटा छन्। १ हजार २५ जना शिक्षकको दरबन्दी रहेकामा १ हजार २० जना कार्यरत छन्। २२ हजार ३ सय ७१ बालक र २४ हजार ८ सय ३७ जना बालिका यस वर्ष विद्यालय भर्ना भए। १२ हजार ७ सय ५० दलित बालकलाई ६५ लाख ३२ हजार ५ सय र १५ हजार २ सय ३ जना बालिकालाई ७५ लाख ४१ हजार २ सय छात्रवृत्ति रकम वितरण गरियो। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट २२ करोड ८१ लाख ५ हजार रुपियाँ छ।*

*यो वर्ष बलात्कार घटनामा दुई र बालविवाहबाट एक गरी तीन जना बालिका पीडित भए। अघिल्लो वर्ष बलात्कारको घटनामा दुई र यौनजन्य दुर्व्यवहारबाट तीन गरी पाँच बालिका पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालविवाह | १ | १ |
| बलात्कार | ३ | ३ |
| जम्मा | ३ | ३ |

### बलात्कार, यौन दुर्व्यवहार

१२ वर्षीया एक बालिकालाई २०७३ माघ ७ गते बूढीगङ्गा नपा-१ का २६ वर्षीय दीपक परीले बलात्कार गरेको भन्दै पीडित पक्षले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण माघ ८ गते जिल्ला अस्पतालमा भयो। सोही दिन पक्राउ परेका आरोपितलाई अदालतले २०७४ वैशाख २० गते १० वर्ष कैद र ८० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति भराउने आदेश सुनायो।

१५ वर्षीया बालिकालाई २०७४ असोज ८ गते बूढीनन्दा नपा-३ का १८ वर्षीय रोशन बिक, १७ वर्षीय पुष्प बिक र १७ वर्षीय अर्जुन बिकले बलात्कार गरेको भन्दै पीडित पक्षले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण असोज २१ गते जिल्ला अस्पतालमा भयो। विवाह गर्ने बहानामा घरबाट बोलाएर बीच बाटोमा तीनै जनाले बलात्कार गरेको बालिकाले दिएको उजुरीमा उल्लेख छ। असोज २१ गते पक्राउ परेका रोशनलाई अदालतले कात्तिक १३ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। दुई आरोपित फरार रहे।

### महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ८१ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये ७९ घटना प्रहरी कार्यालयमा मिलापत्र भए भने दुई उजुरी कानुनी प्रक्रियामा छन्। प्रायः उजुरी पतिले मादक पदार्थ सेवन गरी कुटपिट गरेका रहेको सेवा केन्द्रले जनायो।*

*यो वर्ष महिला अधिकार उल्लङ्घनका घटनामा नौ महिला पीडित भए। जसमध्ये घरेलु हिंसाबाट सात, बलात्कारको घटनामा एक र बेचबिखनमा एकजना पीडित भए। अघिल्लो वर्ष यस्ता घटनामा २४ जना पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| महिला बेचबिखन | १ | १ |
| घरेलु हिंसा | ७ | ७ |
| जम्मा | ९ | ९ |

### बेचबिखन प्रयास

२७ वर्षीया महिलालाई २०७४ असार २३ गते त्रिवेणी नपा-८ का ३३ वर्षीय धनबहादुर गिरीले विवाह गराइ दिने प्रलोभन देखाइ भारतको पञ्जाव पुऱ्याई यौन शोषण गरेको र भारतको सीमापुरीमा अपरिचित भारतीयलाई बेचिदिएको भन्दै पीडित पक्षले असोज २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। धनगढीदेखि गौरीफन्टा नाका हुँदै भारतको पञ्जाव लगेको र ६ दिनसम्म यौनशोषण गरी भारतीयको जिम्मा लगाएकामा उनले पनि दुई महिनासम्म यौनशोषण गरेको उजुरीमा उल्लेख छ। भारतीय प्रहरीको सहायताले असोज ३ गते नेपाल आउन सफल भएको पीडितले बताइन्। पीडितको स्वास्थ्य परीक्षण असोज २० गते जिल्ला अस्पतालमा भयो। असोज १८ गते पक्राउ परेका

आरोपितलाई अदालतले कात्तिक १३ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२६ वर्षीया महिलालाई २०७४ भदौ २५ गते हिमाली गाउँपालिका-७ का ४० वर्षीय धर्मेन्द्र अधिकारीले बलात्कार गरेको भन्दै पीडित पक्षले असोज ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण असोज ३ गते जिल्ला अस्पतालमा भयो। उजुरीको भोलिपल्ट पक्राउ परेका आरोपितलाई अदालतले कात्तिक १३ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**घरेलु हिंसा**

बूढीनन्दा नपा-८ की ३० वर्षीया ज्ञानु जोशी रोकायालाई २०७३ पुस १७ गते ३८ वर्षीय पति जनकबहादुर रोकायाले कुटपिट गरेपछि पीडितको मुख, घाँटी र शरीरका अन्य भागमा चोटपटक लाग्नुको साथै उनको बायाँ हात भाँचिएको भन्दै पुस २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पुस २१ गते पक्राउ परेका आरोपितलाई जिल्ला अदालतले २०७४ भदौ २८ गते २ वर्ष कैद र १ लाख २५ हजार रुपियाँ जरिवानाको आदेश सुनायो।

*पतिको कुटपिटबाट घाइते भएकी ज्ञानु जोशी रोकाया*

**सबै प्रकारका जातीय विभेद**

छेडेदह गाउँपालिका-१ निवासी नेकपा एमालेका कार्यकर्ता २८ वर्षीय प्रेमबहादुर बिकलाई २०७४ असार ९ गते चुनाव प्रचार प्रसारका क्रममा भैंसी गोठ छोएको आरोपमा सोही गाउँपालिका-१ निवासी काङ्ग्रेसका कार्यकर्ता २९ वर्षीय राजेन्द्रबहादुर सिंहले २ हजार रुपियाँ जरिवाना तिर्न लगाए। दलित समुदायले गोठ छोएपछि देउता बिग्रने भएकोले देउतालाई खुसी पार्न पूजा गर्नुपर्ने जरिवाना तिर्नुपर्ने भन्दै यसरी पैसा तिराएका थिए। प्रेमसँग त्यति रकम नभएपछि छेडेदह गाउँपालिका-१ निवासी नेकपा ऐमालेका तर्फबाट वडा अध्यक्षका उम्मेदवार वीरबहादुर रावलले तिरिदिएका थिए। प्रेमले असार १० गते दलित विकास मञ्चमा न्यायका लागि पहल गरिदिन भन्दै निवेदन दिए। मञ्चले पीडकलाई कारबाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालयमा निवेदन दिए पनि दुवै पार्टीका नेताले छलफल गरी मिलापत्र गरे।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**सम्पत्ति क्षति/आगजनी**

त्रिवेणी नगरपालिकाका राप्रपाको तर्फबाट मेयरका उम्मेदवार हिमाल शाहीले सञ्चालन गरेको पोल्ट्री फर्ममा २०७४ जेठ ११ गते राति अज्ञात समूहले आगजनी गऱ्यो। आगजनीबाट ३ लाखभन्दा बढीको क्षति भएको शाहीले बताए। दोषीको पहिचान हुन सकेन।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एक जिल्ला अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र २६ स्वास्थ्य चौकी छन्। जिल्ला अस्पतालमा दुवै डक्टरको दरबन्दी रहेकामा दुई जना कार्यरत छन्। स्टाफ नर्स पाँच जनामा चार जना कार्यरत छन्। अहे व ५३ जनामा ५० जना कार्यरत छन्। अनमी ५० जनाको दरबन्दीमा ४४ जना कार्यरत छन्। ल्याब असिस्टेन्ट एक जनाको दरबन्दीमा एक जना कार्यरत र क्षयरोग, कुष्ठरोग सुपरभाइजर, ल्याब टेक्निसिएन, खोप सुपरभाइजरको दरबन्दी एक/एक जनामा सबै कार्यरत छन्। जिल्लामा स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। यो वर्ष जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट एक करोड ४५ लाख ४३ हजार ५ सय रुपियाँ छ।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | १ | | १ |
| बलात्कार | १ | १ | २ |
| जम्मा | २ | १ | ३ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | १ | १ |
| महिला बेचबिखन | | | १ | १ |
| घरेलु हिंसा | १ | ५ | १ | ७ |
| जम्मा | १ | ५ | ३ | ९ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

# ७.२ बझाङ




**जम्मा जनसङ्ख्या**
**२,०७,७१०**

**महिला**
**१,०५,५७४**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१,१०,४६५**

**कामका लागि बाहिरिएका**
**२२,८४५**

**अपाङ्गता भएका**
**४,५७६**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५५.६**

**आश्रित जनसङ्ख्या**
**१,१०,४०६**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | १ | | १ |
| महिला अधिकार | ७ | | ७ |
| जातीय विभेद | ३ | ११ | १४ |
| कुटपिट | १ | ११ | १२ |
| हत्या | १ | १ | २ |
| जम्मा | १३ | २३ | ३६ |

**बझाङमा गत वर्षा २० जना पीडित भएकामा सन् २०१७ मा ३६ जना पीडित भए। अन्य घटनाको तुलनामा स्थानीय तहको निर्वाचन, प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनका क्रममा राजनीतिक दलबीच झडपका घटना बढी भए। छबीस पाथिभेरा गाउँपालिकामा माओवादी केन्द्र र नेकपा एमालेका कार्यकर्ताबीच मतगणनाको विषयमा झडप हुँदा एमालेका चार जना कार्यकर्ता घाइते भए। यस वर्ष सबै भन्दा बढी जातीय विभेदका घटनामा १४ जना पीडित भए।**

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर, कैद तोकिएका ४२ र बन्दी नौ गरी ५१ जना छन्। २०४२ सालमा निर्माण भएको जिल्ला कारागारको भौतिक संरचना जीर्ण अवस्थामा छ। दुई वर्ष अघि बनाउन सुरु भएको महिला बन्दीगृह यस वर्ष पनि सम्पन्न भएन। कारागारमा दुई शौचालय भए पनि नुहाउन र कपडा सफा गर्न समस्या भएको कैदी बन्दीहरूको गुनासो छ।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

नेपाली काङ्ग्रेस र एमाले कार्यकर्ताबीच २०७४ असार १० गते बित्थडचिर गाउँपालिकाको सुनकुडामा झडप भयो। झडपमा बित्थडचिर गाउँपालिका-६ निवासी नेपाली काङ्ग्रेसका कार्यकर्ता क्रमश: २८ वर्षीय विकास नाथ, सोही गाउँपालिका-९ का ६० वर्षीय देउमल दमाई, सोही गाउँपालिका-७ का नरे दमाई, सोही गाउँपालिका-७ का १९ वर्षीय मेखराज जोशी, सोही गाउँपालिका-५ की २३ वर्षीय मनीषा धामी, सोही

गाउँपालिका-५ का १८ वर्षीय गणेश महरा घाइते भए। झडपमा बित्थडचिर गाउँपालिका-४ निवासी एमालेका कार्यकर्ता क्रमश: १८ वर्षीय नरबहादुर बिक र सोही ठाउँका १८ वर्षीय जयबहादुर बोहरा घाइते भए। आक्रोशित कार्यकर्ताहरूले बित्थडचिर गाउँपालिका-२ का केशव बोहराको मोटरसाइकलमा आगजनी गरेका थिए। घटनामा संलग्न भएको अरोपमा बित्थडचिर गाउँपालिका-२ निवासी नेकपा एमालेका कार्यकर्ता क्रमश ३५ वर्षीय प्रेम बोहरा, सोही गाउँपालिका-१ का लोकेन्द्र बोहरा, सोही ठाउँका २७ वर्षीय निराजन बोहरा, सोही गाउँपालिका-३ का २३ वर्षीय योगेन्द्र बोहरा, सोही गाउँपालिका-६ का २१ वर्षीय हर्मल बोहरा, सोही गाउँपालिका-२ का १८ वर्षीय लक्ष्मण बोहरा, सोही ठाउँका २५ वर्षीय श्याम बोहरा, सोही गाउँपालिका-६ का १९ वर्षीय अर्जुन खडायत, सोही गाउँपालिका-४ का भरत ढाँट, सोही ठाउँका १६ वर्षीय मानबहादुर बोहरा, सोही ठाउँका १९ वर्षीय धनबहादुर ढाँट र सोही ठाउँका ३६ वर्षीय वीरजित ढाँटलाई प्रहरीले असार १० गते पक्राउ गरेकोमा सर्वपक्षीय सहमतिमा सबै जना सोही दिन रिहा भए।

## सुगम तथा निष्पक्ष न्यायीक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १० र फौजदारीतर्फ १९ थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा ४ सय ४१ आधारभूत, ३९ मावि र ४१ उमावि छन्। ६२ वटा संस्थागत विद्यालय रहेका छन्। बालविकास केन्द्र २ सय ९३ रहेका छन्। १० हजार ३ सय ९५ दलित विद्यार्थीमध्ये ५ हजार ३ सय ७१ जना बालिका र ५ हजार २४ जना बालक रहेका छन्। शिक्षक दरबन्दी १ हजार ८ सय २१ रहेकामा बाँकी रहेका दरबन्दी परिपूर्ति भइरहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा ३६ वटा सामुदायिक अध्ययन केन्द्र, सुस्त मनस्थितिका दुई, सुस्त श्रवणको एक र दृष्टिविहीनका लागि एक विद्यालय छन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| नवजात शिशुको हत्या | १ | १ |
| जम्मा | १ | १ |

*यो वर्ष एक नवजात शिशुको हत्या भयो। अघिल्लो वर्ष बलात्कारका घटनामा दुई जना र यौनजन्य दुर्व्यवहारबाट एक गरी तीन बालिका पीडित भएका थिए।*

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ५८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ४६, अर्की पत्नी ल्याएर हेला गरेका १२ ओटा घटना छन्। तीमध्ये ५५ वटामा मिलापत्र भयो भने तीन घटना कानुनी प्रक्रियामा छन्।*

*यो वर्ष महिला अधिकार उल्लङ्घनका घटनामा सात महिला पीडित भए। घरेलु हिंसाबाट सात जना पीडित भएका हुन्। गत वर्ष यस्ता घटनमा नौ जना पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| घरेलु हिंसा | ७ | ७ |
| जम्मा | ७ | ७ |

### घरेलु हिंसा

बित्थडचिर गाउँपालिका-१ की २७ वर्षीया निर्मला बोहरा, उनका ६ वर्षीय छोरा बिनोद र चार वर्षीय छोरा सन्तोषलाई २०७४ भदौ २७ गते ३० वर्षीय पति गम्भीर बोहराले दिएको यातनाका कारण घर छोड्न बाध्य भइन्। गम्भीरले चार वर्षआगाडि दोस्रो विवाह गरेपछि लगातार यातना दिँदै आएको भए पनि भदौ २७ गते चार वर्षीय कान्छो छोरालाई मारी दिन्छु भनी खोलामा बगाइदिएको र स्थानीय पसलेले उद्दार गरेपछि दुवै छोरालाई लिएर आफू रातारात भाग्न बाध्य भएको पीडित निर्मलाले बताइन्। माइती घर बाजुरा जान हिँडेकी निर्मला मस्टा गाउँपालिकाको बस्थल र नौलावन भन्ने जङ्गलमा चार दिनसम्म हराइन्। करिब ३ हजार ५ सय मिटर उचाइमा रहेको जङ्गलमा जाडो र भोकका

कारण अर्धबेहोस अवस्थामा पल्टिरहेका उनीहरूलाई जयपृथ्वी नपाको कैलाश गाउँका भेडापालक सुरेन्द्र सिंहले उद्दार गरेका थिए।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा जिल्ला अस्पताल, ४५ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ६ सामुदायिक इकाई र तीन नगर स्वास्थ्य केन्द्र छन्। यस वर्ष जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ६ करोड ४२ लाख ११ हजार रहेको छ। जिल्ला स्वास्थ्य कार्यालयमा दुई जना डक्टर दरबन्दी रहेकामा दुई वर्षदेखि मेडिकल सुपरिटेन्डेन्ट पद रिक्त छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | जम्मा |
| नवजात शिशुको हत्या | १ | १ |
| जम्मा | १ | १ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| घरेलु हिंसा | ६ | १ | ७ |
| जम्मा | ६ | १ | ७ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | ३ |

# ७.३ दार्चुला




**जम्मा जनसङ्ख्या**
१,३८,०५७

**महिला**
७२,५००

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
७०,००३

**कामका लागि बाहिरिएका**
६,८६४

**अपाङ्गता भएका**
३,६६५

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
६५.४

**आश्रित जनसङ्ख्या**
६६,४०५

| घटनाको प्रकार | राज्य पक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ३ | | ३ |
| महिला अधिकार | | | १७ | | १७ |
| गिरफ्तारी | १ | १ | | | |
| कुटपिट | | | | ७ | ७ |
| धम्की | | | | १ | १ |
| हत्या | | | | ३ | ३ |
| जम्मा | १ | १ | ३० | १० | ३० |

**दार्चुलामा यो वर्ष राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा एक जना पीडित भएको अभिलेख भयो। गत वर्ष राज्यपक्षबाट मानव अधिकार उल्लङ्घनका घटना अभिलेख भएको थिएन। दार्चुलामा गत वर्ष गैरराज्यपक्षबाट मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ३७ जना पीडित भएकामा सन् २०१७ मा ३० जना पीडित भए। यस वर्ष जिल्लाका विभिन्न स्वास्थ्य संस्थामा सरकारले निःशुल्क वितरण गर्ने औषधिको अभाव भयो भने खाद्यान्न अभाव भएका समाचार पनि सार्वजनिक भए।**

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ४० जनाको छ। जसमा २५ पुरुष र १५ महिला रहन सक्छन्। तर, कैद तोकिएका ३७ जना र कैद नतोकिएका नौजना छन्। महिला बन्दी एक जना छन्। २०२२ सालमा बनेको यो कारागारमा भलिबल, चेस, लुँडो लगायतका खेलकुद सामग्री उपलब्ध हुन्। भने अधिकांश कैदी/बन्दी स्वेटर बुन्छन्। जिल्ला कारागारको भौतिक अवस्था जीर्ण छ। पाँच कोठा रहेको भवनमा चार कोठामा बन्दी र कैदी छन् भने एक कोठामा सुरक्षा गार्ड बस्दै आएका छन्।

## धम्की/कुटपिट

मार्मा गाउँपालिका- ५ निवासी स्थानीय तह निर्वाचनमा नेकपा एमालेका तर्फबाट वडा सदस्य पदका उम्मेदवार २७ वर्षीय कमलसिंह बोहरालाई २०७४

असार ४ गते स्थानीय तह निर्वाचनमा उम्मेदवार मनोनयनको क्रममा नेकपा माओवादी केन्द्रका कार्यकर्ताले लटिनाथ बजारमा कुटपिट गरे। एमाले कार्यकर्ताले हत्या प्रयास गरिएको भन्दै असार ५ गते जिल्ला प्रहरी कार्यालयमा वाईसीएल जिल्ला इञ्चार्ज एवम् मार्मा गाउँपालिका-१ का जयसिंह महर, कमलेशसिह ठगुन्ना, सोही गाउँपालिका- २ का नरबहादुर विष्ट, सोही गाउँपालिका- ३ का केशरसिंह धामी, सोही गाउँपालिका- ४ का करबीरसिंह धामी, डम्मसिंह धामी, धनसिंह धामी र सोही गाउँपालिका- ६ का शङ्करसिंह धामीविरुद्ध उजुरी दिए। घाइते बोहराको जिल्ला अस्पतालमा उपचार हुन नसके पछि थप उपचारका लागि नेपालगञ्ज लगियो। सोही घटनामा घाइते भएका एमाले कार्यकर्ता गोपालसिंह महता र अमरसिह बोहराको जिल्ला अस्पतालमा उपचार भयो। घटनापछि नेकपा माओवादी केन्द्रले विज्ञप्ति जारी गर्दै एमाले कार्यकर्ताले माओवादी कार्यकर्तामाथि आक्रमण गरेको आरोप लगायो। कसै माथि कारबाही भएन।

कुटपिटबाट घाइते कमलसिंह बोहरा

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

महाकाली नपा- ७ का ५१ वर्षीय महेन्द्रसिंह विष्टलाई निर्वाचन विरोधी गतिविधिमा संग्लन रहेको आरोपमा २०७४ मङ्सिर ७ गते प्रहरीले घरबाटै पक्राउ गऱ्यो। जिल्ला प्रशासन कार्यालयले मङ्सिर २४ गते २ हजार ५ सय रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

मालिकार्जुन गाउँपालिका-४ निवासी नेपाली काङ्ग्रेस कार्यकर्ताहरू २८ वर्षीय किसनसिंह धामी, शैल्यशिखर गाउँपालिका- ६ का ३२ वर्षीय मोहनसिंह धामी र जुम्ला जिल्ला सिँजा गाउँपालिका- १ का व्यापारी १९ वर्षीय विकास खत्री २०७४ मङ्सिर ४ गते प्रदेश तथा प्रतिनिधि सभा निर्वाचनको क्रममा शैल्यशिखर नगरपालिका- ६ पनेबजारमा वाम गठबन्धनका कार्यकर्तासँग झडप हुँदा घाइते भए। वाम गठबन्धका ११ जना कार्यकर्ताविरुद्ध नेपाली काङ्ग्रेसले जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। झडपका क्रममा वाम गठबन्धनका कार्यकर्ताहरूले से १ ज १५१ नम्बरको जीप र नेपाल प्रहरीको ना १ ज १२१२ नम्बरको गाडीमा सामान्य क्षति पुऱ्याए। घटनामा संग्लन रहेको भन्दै शैल्यशिखर नपा- ५ का २१ वर्षीय हरकसिंह रावल, सोही नपा- ६ का ४५ वर्षीय धनबहादुर धामी, ३२ वर्षीय केशवसिह धामी, सोही नपा- ८ का १९ वर्षीय खेमराज जोशी, सोही नपा- ५ का ३३ वर्षीय मदन डाँगा, सोही नपा- ६ का १७ वर्षीय मोहनसिंह धामी र ३४ वर्षीय पदमसिह धामी, यस्तै मार्मा गाउँपालिका- ४ का २२ वर्षीय वसन्तसिंह धामी, सोही गाउँपालिका- २ का १७ वर्षीय दमनसिंह धामी, १९ वर्षीय रविन्द्रसिह धामी र १८ वर्षीय गजेन्द्रसिंह धामीविरुद्ध प्रहरीले मङ्सिर ५ गते सार्वजनिक मुद्दा दर्ता गऱ्यो। उनीहरू सबैलाई जिल्ला प्रशासन कार्यालयले मङ्सिर १३ गते जनही ४५ हजार २ सय ६४ रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एकजना न्यायाधीशको दरबन्दी रहेको छ। यो अदालतमा फौजदारी मुद्दातर्फ ३७ थान र देवानीतर्फ २८ थान मुद्दा दर्ता भए। जसमध्ये यो वर्षको अन्त्यसम्म फौजदारीतर्फ ३२ थान र देवानीतर्फ २३ थान मुद्दा फैसला हुन बाँकी रहेका छन्। जिल्ला अदालतमा जिम्मेवारी सरिआएका फौजदारीतर्फ नौ मध्ये चार थान फैसला भए। यस्तै देवानीतर्फ १४ थान मुद्दा जिम्मेवारी सरिआएकोमा तीन थान फैसला भए।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ३० प्रावि, ६१ निमावि, ४६ मावि र २५ वटा उच्च मावि छन्। १ हजार ४१ शिक्षक दरबन्दी रहेकामा १७ रिक्त छन्। यस वर्ष कक्षा १ देखि ५ सम्म बालिका १० हजार २ सय ९८ जना र बालक ९ हजार ४ सय ९४ जना गरी १९ हजार ७ सय ९२ जना बालबालिका विद्यालय भर्ना भए। यस्तै कक्षा ६ देखि ८ सम्म बालिका ५ हजार ६ सय ७३ जना र बालक ५ हजार १ सय ४९ जना गरी १० हजार ८ सय २२ जना बालबालिका विद्यालय भर्ना भए। यस्तै कक्षा ९ र १० मा ३ हजार १ सय ८६ बालिका र*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ३ | ३ |

*३ हजार ५७ बालक गरी ६ हजार २ सय ४३ जना बालबालिका विद्यालय भर्ना भए। यसैगरी कक्षा १ देखि १० सम्म दलित बालिका २ हजार ६ सय ७७ जना र बालिका २ हजार ८ सय ९९ जना गरी ५ हजार ५ सय ७६ जना भर्ना भए। २ हजार २ सय ३२ छात्र र २ हजार ४ सय १२ दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो। अपाङ्गता छात्रवृत्ति ३ सय १३ जनालाई प्रदान गरियो। द्वन्द्वपीडित छात्रवृत्ति १२ छात्र र आठ छात्रलाई प्रदान गरियो।*

**बलात्कार, यौन दुर्व्यवहार**

१५ वर्षीया बालिकालाई २०७४ पुस ८ गते मालिकार्जुन गाउँपालिका-८ का २६ वर्षीय इन्द्रसिंह धामीले यौन दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले पुस १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस १० गते पक्राउ गऱ्यो। पीडितको पुस ९ गते जिल्ला अस्पताल दार्चुलामा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई पुस ११ गते जिल्ला अदालतले पाँच दिनको लागि म्याद थपको आदेश दियो।

**महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २४ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट १५, खान लगाउन नदिएको भन्दै दुई जना र गाली गलौजका सात उजुरी छन्। सबै घटना मिलापत्र भयो।*

*यो वर्ष महिलामाथि हुने हिंसाका घटनामा १७ जना महिला पीडित भए। गत वर्ष यस्ता घटनामा ३२ जना पीडित भए। यस वर्ष घरेलु हिंसा १२, बलात्कार प्रयासका घटनामा दुई जना, बेचबिखन प्रयासमा दुई जन, यौन दुर्व्यवहारमा एक जना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार प्रयास | ३ | ३ |
| बेचबिखन प्रयास | ३ | ३ |
| घरेलु हिंसा | १३ | १३ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | १६ | १६ |

**बेचबिखन प्रयास**

१९ वर्षीया महिलालाई ०७४ मङ्सिर १ गते लेकम गाउँपालिका-१ का २४ वर्षीया लक्ष्मणसिह धामीले विवाह गर्छु भन्दै भारत लगेर बेच्न लागेको आरोप लगाउँदै पीडितका अभिभावकले मङ्सिर २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। महिलालाई भारततर्फ लगेर बेच्न लागेको अवस्थामा बनबासाबाट परिवारले नै उद्दार गरेका थिए। आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२५ वर्षीया महिलालाई २०७४ असोज २० गते नौगाड गाउँपालिका-१ खारका २८ वर्षीय नन्दनसिंह डडालोले बलात्कार प्रयास गरेको आरोप लगाउँदै पीडितले भोलिपल्ट प्रहरी चौकी दल्लेखमा उजुरी दिइन्। असोज २२ गते पक्राउ परेका आरोपितलाई अदालतले कात्तिक १९ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। महिलाको असोज २१ गते जिल्ला स्वास्थ्य कार्यालयमा स्वास्थ्य परीक्षण भयो।

## स्वास्थ्य सेवाको अवस्था

दार्चुलामा दुईवटा जिल्ला अस्पताल, ४० स्वास्थ्य चौकी, सातवटा सामुदायिक स्वास्थ्य एकाई र दुई वटा शहरी स्वास्थ्य एकाई छन्। दुई मेडिकल सुपरिटेन्डेन्टको दरबन्दी रहेकामा दुवै रिक्त छ। मेडिकल अधिकृत तीन जना कार्यरत छन्। अहेवको ८४ दरबन्दी रहेकामा १० रिक्त छ। ३५ स्वास्थ्य संस्थामा बर्थिङ सेन्टर छ। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २२ करोड ८ लाख ६६ हजार २ सय ३९ रुपियाँ छ। औषधि खरिदको लागि ७२ लाख ३५ हजार रुपियाँ विनियोजन गरिएको छ।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | १ | २ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | १ | २ | ३ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार प्रयास | | | | २ | २ |
| बेचबिखनको प्रयास | १ | १ | | | २ |
| घरेलु हिंसा | | | १२ | | १२ |
| यौन दुर्व्यवहार | | | | १ | १ |
| जम्मा | १ | १ | १२ | ३ | १८ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | २ |

# ७.४ बैतडी




**जम्मा जनसङ्ख्या**
**२,५७,८८८**

**महिला**
**१,३८,८५६**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१,१४,३५५**

**कामका लागि बाहिरिएका**
**२१,०३५**

**अपाङ्गता भएका**
**७,७८८**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६३**

**आश्रित जनसङ्ख्या**
**१,२७,८२६**

| घटनाको प्रकार | राज्य पक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ४ | | ४ |
| महिला अधिकार | | | ४७ | | ४७ |
| जातीय विभेद | | | | १ | १ |
| गिरफ्तारी | ७ | ७ | | | |
| कुटपिट | | | | १ | १ |
| हत्या | | | ३ | | ३ |
| जम्मा | ७ | ७ | ५४ | ३ | ५६ |

**बैतडीमा गत वर्ष गैरराज्यपक्षबाट भएका घटनामा एक जना पुरुष र ३५ जना महिला पीडित भएका अभिलेख गरिएकामा सन् २०१७ मा राज्यपक्षबाट भएका घटनामा सात जना पुरुष र गैरराज्यपक्षबाट दुई जना पुरुषसहित ५६ जना पीडित भएको अभिलेख भयो।**

### धम्की/कुटपिट

#### गैरराज्यपक्षबाट

पुर्चौडी नपा-८ मल्लादेहीका शिक्षक गणेश साउदलाई २०७४ मङ्सिर २७ गते कुटपिट गरी घाइते बनाएको आरोपमा स्थानीय वीरसिंह साउदलाई गाँउलेहरूको उपस्थितिमा कान समातेर उठबस गराएपछि पुस ११ गते मिलापत्र भयो। विद्यालयबाट घर फर्कदै गरेका शिक्षकमाथि कुटपिट गरेको स्वीकार गरेपछि वीरसिंहलाई वडा कार्यालयमा कान समातेर उठबस गराएपछि घटना मिलापत्र भएको वडा अध्यक्ष जनक विष्टले बताए। घाइते शिक्षक कैलालीको घनगढीस्थित सेती अञ्चल अस्पतालमा उपचार भयो।

### कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। जहाँ २७ कैदी र ८ थुनुवा गरी ३५ जना छन्। जीर्ण अवस्थाका कारण यहाँ महिला कैदी र थुनुवा छैनन्। ६० वर्षमाथिका दुई जना कैदी छन्।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

डिलासैनी गाउँपालिका- १ पुजरीगाँउ निवासी कफलासैनी माविका शिक्षक ५६ वर्षीय बासुदेव बोहरालाई प्रदेश र प्रतिनिधि सभा निर्वाचन विरोधी गतिविधिमा संलग्न भएको आरोपमा २०७४

कात्तिक ३० गते जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले विद्यालयबाट पक्राउ गरी मङ्सिर २४ गते रिहा गऱ्यो।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ११ र फौजदारी २० थान छन्। सरेर आएका मुद्दा आठ छन्। यस वर्ष ४८ थान मुद्दा दर्ता भए।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*जिल्लामा ४ सय १७ प्राथमिक बालविकास केन्द्र, २० सामुदायिक केन्द्र, ३ सय ३६ प्रावि , १ सय ५ निमावि , ६९ मावि र ५४ उमावि छन्। प्रारम्भिक बालविकास केन्द्रमा ४ सय १९ शिक्षिका छन्। प्राविमा १ हजार ३ सय २४, निमाविमा ३ सय ६८ र माविमा २ सय ६२ शिक्षक/शिक्षिका कार्यरत छन्। यो वर्ष प्राविमा ४६ हजार ३ सय ४० छात्रा र ४३ हजार ७ सय ४४ छात्र गरी जम्मा ९० हजार ८४ जना विद्यार्थी भर्ना भए। निमाविमा २० हजार ८ सय ७६ छात्रा र २० हजार ५ सय ७४ छात्र गरी जम्मा ४१ हजार ४ सय ५० विद्यार्थी भर्ना भए। माविमा १२ हजार ७ सय ८ छात्रा र १२ हजार १ सय २६ छात्रा गरी जम्मा २४ हजार ८ सय ३४ विद्यार्थी भर्ना भए। प्राविमा ११ हजार ८ सय ७२ छात्रा र ११ हजार २ सय ८४ छात्र गरी जम्मा २३ हजार १ सय ५६ दलित भर्ना भए। निमाविमा ४ हजार ३ सय छात्रा र ४ हजार ५ सय १० छात्र गरी जम्मा ८ हजार ८ सय १० दलित भर्ना भए। मावि तहमा २ हजार ९६ छात्रा र २ हजार २ सय छात्र गरी जम्मा ४ हजार दुई सय ९६ भर्ना भए। कक्षा १ देखि ८ सम्मका २६ हजार ४ सय १७ छात्रा र १६ हजार ४ सय दलित छात्रले ४ सयका दरले छात्रवृत्ति पाए। कक्षा ९ र १० का १ हजार ८ सय ७७ विद्यार्थीले ५ सयका दरले छात्रवृत्ति पाए। गरिब तथा जेहेन्दारको कोटाबाट ७ सय ६४ जना विद्यार्थीले १ हजार सात सयका दरले छात्रवृत्ति पाए। द्वन्द्वपीडितको कोटाबाट ३० जना विद्यार्थीले १३ हजारका दरले छात्रवृत्ति पाए। यस्तै १ सय ३५ जना अपाङ्गता भएका विद्यार्थीले जनही ३ हजार १ सयका दरले छात्रवृत्ति पाए।*

*यो वर्ष एक बालिका बालविवाह घटनाबाट र तीन बालिका बलात्कार घटनाबाट पीडित भए। गत वर्ष दुई जना बालिका बलात्कार घटनाबाट पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालविवाह | १ | १ |
| बलात्कार | ३ | ३ |
| जम्मा | ४ | ४ |

#### कुपोषणबाट मृत्यु

सिगास गाउँपालिका-९ चौखामकी ४० वर्षीया मुना धामीकी पाँच वर्षीया छोरी बीना धामीको कुपोषणका कारण मृत्यु भयो। पाँच किलोमात्रै तौल भएकी विनाको समयमै उपचार नहुँदा २०७३ माघ २४ गते मृत्यु भएको पीडितका आफन्त जनकसिंह धामीले बताए। जन्मँदै सुकेनासले सताइएकी बिनालाई उपचार का लागि २०७३ पुसमा उपक्षेत्रीय अस्पताल डडेल्धुरा लगिएको थियो। डडेल्धुराले धनगढी 'रिफर' गरेपनि आर्थिक अभावले लैजान नसक्दा उनको मृत्यु भयो। चिकित्सकले धनगढीमा रहेको पोषण पुन:स्थापना गृहमा उपचारका लागि जान सल्लाह दिएपनि खर्च नहुँदा जान नसकेको पीडित पक्षको भनाइ छ। पोषणयुक्त खानेकुरा समयमा नखुवाएकै कारण बच्चामा कुपोषण भएको कुरा तीन महिनाअघि मात्रै स्वास्थ्य चौकीबाट थाहा पाएको मुनाले बताइन्। मुनाका पति क्षयरोगका बिरामी छन् र पनि उनी मजदूरीका लागि भारतको दिल्लीमा छन्।

बैतडी जिल्लामा १३ प्रतिशत बच्चामा कुपोषण रहेको जिल्ला स्वास्थ्य कार्यालयको तथ्याङ्कले देखाएको छ। जिल्ला स्वास्थ्य कार्यालय बैतडीले कुपोषित बालबालिकाहरूको निशुल्क उपचार गर्ने व्यवस्था गरेको जिल्ला स्वास्थ्य कार्यालय बैतडीका सम्पर्क व्यक्ति (हेल्थ असिस्टेन्ट) सन्तोष पाण्डेयले बताए।

#### बलात्कार, यौन दुर्व्यवहार

११ वर्षीया बालिकालाई २०७३ चैत १७ गते दार्चुलाको लेकम गाउँपालिका-४ खर्कडाका ५५ वर्षीय वीरभान पार्कीले बलात्कार गरेको अरोपमा पीडित पक्षले चैत १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण चैत १८ गते जिल्ला

अस्पतालमा भयो। चैत १७ गते पक्राउ परेका आरोपितलाई अदालतले २०७४ वैशाख २२ गते ८ वर्ष कैद र २० हजार रुपियाँ पीडितलाई भराउने फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष हिंसापीडित भन्दै ८१ महिलाले महिला तथा बालबालिका सेवा केन्द्र उजुरी दिए। जयमध्ये ७३ घटना मिलापत्र भए। आठ घटना कानुनी प्रक्रियामा गए।*

*यो वर्ष महिला माथि हुने हिंसाका घटनाबाट ४७ जना पीडित भए। यस्ता घटना मध्ये ४३ जना घरेलु हिंसा, दुई जना बलात्कार र दुई जना बलात्कार प्रयासका घटनाबाट पीडित भए। गत वर्ष बलात्कार घटनाबाट तीन र घरेलु हिंसाका कारण ३१ जना पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| बलात्कार प्रयास | २ | २ |
| घरेलु हिंसा | ४३ | ४३ |
| जम्मा | ४६ | ४६ |

### परिवारजनबाट हत्या

सुर्नया गाउँपालिका-४ भौनैलीकी २३ वर्षीया देवकी कुँवरको २०७३ पुस २४ गते २५ वर्षीय पति देवेन्द्र कुँवरले हत्या गरी दाहसंस्कार गरेको आरोपमा माइती पक्षले पुस २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गरायो। घटना लगत्तै पक्राउ परेका आरोपितलाई अदालतले २०७४ वैशाख ७ गते १० वर्ष कैद सजाय सुनायो।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३८ वर्षीया महिलालाई २०७३ माघ १४ गते मेलौली नपा-२ निवासी मलिकुल सुदार्शन मावि, लिखोडाका प्रधानाध्यापक ५२ वर्षीय रामबहादुर चन्दले बलात्कार गरेको आरोपमा पीडित पक्षले माघ १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ १५ गते जिल्ला अस्पतालमा भयो। उजुरी दिएकै दिन पक्राउ परेका आरोपितलाई ०७४ असार ३० गते अदालतले १० वर्ष कैद र ३० हजार रुपियाँ पीडितलाई भराउने आदेश सुनायो।

### सबै प्रकारका जातीय विभेद

शिवनाथ गाउँपालिका-६ कनालीका ३४ वर्षीय करन राना र उनकी ३० वर्षीया पत्नी राजु रानाले स्थानीय गैरदलित समुदायकी छात्रा १५ वर्षीया बालिकालाई पाटन नपा-६ मेल्चोराका दलित केटा पवन बयानी नामले चिनिने भरत लुहारसँग २०७४ माघ २८ गते भाग्न सहयोग गरेको भन्दै स्थानीय गैरदलित समुदाय र श्रीकृष्ण निमावि, कनाली विद्यालय व्यवस्थापन समितिले दलित शिक्षिका राजु रानालाई २०७३ चैत २५ गते विद्यालयबाट हटायो। श्री हिरापुर मावि बसेडीभ्वाँमा शिक्षण पेशा गर्दै आएका उनका पति करनलाई पनि स्थानीय र विद्यालय व्यवस्थापन समितिले २०७४ भदौ ११ गते निश्कासन गरेको भन्दै पीडितले जिल्ला शिक्षा कार्यालयमा भदौ १५ गते निवेदन दिए। रानाले विभिन्न समयमा गाउँपालिका र जिल्ला प्रहरी कार्यालयमा समेत निवेदन दिएको बताए। जातीय विभेद गर्दै विद्यालय र गाउँबाट निकालिएपछि उनी परिवारसहित जिल्ला सदरमुकाममा बस्दै आएका छन्। आफ्नो घरमा स्थानीय मणिलेक उमाविमा शिक्षण गर्दै आएका ४८ वर्षीय राजबहादुर चन्द, सोही विद्यालयमा शिक्षण गर्ने ४० वर्षीय चक्रबहादुर चन्द, श्री हीरापुर मावि बसेडीभ्वाँमा शिक्षण गर्दै आएका ५० वर्षीय जनकबहादुर चन्द, स्थानीय व्यापारी २४ वर्षीय दीपकबहादुर चन्द, स्थानीय व्यापारी ३८ वर्षीय रमेशबहादुर चन्द र स्थानीय ४५ वर्षीय

*आगलागीबाट क्षतिग्रस्त घर*

गोकर्ण चन्दले असोज ५ गते आगो लगाई घर जलाएर नष्ट गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा असोज १० गते पीडितले उजुरी दिए। आरोपितहरूलाई प्रहरीले असोज २२ गते पक्राउ गऱ्यो। एक बालिकाले आफूले आगो लगाएको भनेपछि प्रहरीले उनलाई पनि पक्राउ गऱ्यो। आरोपित ६ जनालाई जिल्ला अदालत बैतडीले कात्तिक १४ गते प्रतिव्यक्ति ४० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। बालिका कैलाली कारागारमा पुर्पक्षका लागि थुनामा छिन्।

### स्वास्थ्य सेवाको अवस्था

बैतडीमा एउटा जिल्ला अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ६५ स्वास्थ्य चौकी, १ सय २८ सुरक्षित प्रसूतिसेवा केन्द्र (बर्थिङ सेन्टर), ३ सय ३८ गाँउघर क्लिनिक, पाँच सामुदायिक स्वास्थ्य एकाई छन्। जिल्लामा डक्टरको पाँच दरबन्दी रहेकोमा एक रिक्त छ। एक स्त्रीरोग विशेषज्ञ डक्टर छन्। ६० हेल्थ असिस्टेन्टको दरबन्दी रहेकामा सात रिक्त छन्। एक सय ३८ अहेवको दर बन्दी रहेकामा १९ रिक्त छन्। एक सय ३९ अनमीको दरबन्दी रहेकामा १० रिक्त छन्। ६ स्टाफ नर्षको दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्लामा आठ सय ३१ महिला स्वास्थ्य स्वयमसेविका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १७ करोड ५८ लाख १८ हजार रहेकोमा ८६ लाख ६० हजार औषधिका लागि छुट्याइएको छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | | १ | १ |
| बलात्कार | १ | २ | ३ |
| जम्मा | १ | ३ | ४ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | | १ | २ |
| बलात्कार प्रयास | | | २ | २ |
| घरेलु हिंसा | | ४३ | | ४३ |
| जम्मा | १ | ४३ | ३ | ४७ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | १ | ३ |

# ७.५ डडेल्धुरा




**जम्मा जनसङ्ख्या**
**१,४५,०५३**

**महिला**
**८०,१२०**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**६०,४१५**

**कामका लागि बाहिरिएका**
**११,६७०**

**अपाङ्गता भएका**
**५,१५०**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६५.३**

**आश्रित जनसङ्ख्या**
**७१,८२७**

**डडेल्धुरामा गत वर्ष मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ४५ जना पीडित भएकामा सन् २०१७ मा १३ जना पीडित भए। यस वर्ष घरेलु हिंसाबाट ११ महिला पीडित भए भने एक महिलासहित दुई जनाको हत्या भएको अभिलेख भयो।**

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानितरूपले बाँच्ने अधिकार

### हत्या

#### गैरराज्यपक्षबाट

नवदुर्गा गाउँपालिका-१ का मानव अधिकार रक्षक ३७ वर्षीय शेरबहादुर साउदलाई २०७३ फागुन ८ गते सोही ठाउँका २४ वर्षीय भीमबहादुर भुलले खानेपानीको विवादमा खुकुरी प्रहार गरी हत्या गरे। शवको पोष्टमार्टम फागुन ८ गते उपक्षेत्रीय अस्पतालमा भयो। घटनामा संलग्न व्यक्तिलाई कानुनी कारबाहीको माग गर्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ८ गते पक्राउ गरेकामा जिल्ला अदालतको आदेश अनुसार आरोपित फागनु २२ गते पुर्पक्षका लागि कारागार चलान भए। अदालतले दोषी ठहर गर्दै २०७४ जेठ ७ गते भुललाई सर्वस्वसहित जन्म कैदको फैसला सुनायो।

### कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर, ४४ कैदी/बन्दी छन्। कारागारको जीर्ण अवस्थाका कारण महिला बन्दी छैनन्। क्षमताभन्दा दुई गुणा बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। पानी परेको बेला छाना चुहिने उक्त भवनमा त्रिपाल हालिएको छ।

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| महिला अधिकार | ११ | | ११ |
| हत्या | १ | १ | २ |
| जम्मा | १२ | १ | १३ |

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा जिल्ला अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ नौ र फौजदारीतर्फ ३३ थान छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा १ सय ९२ आधारभूत विद्यालय र ५९ माध्यमिक विद्यालय छन्। ७ सय ४५ शिक्षक दरबन्दी रहेको आधारभूत तहमा ७ सय ३७ शिक्षक कार्यरत छन्। माध्यमिक तहमा १ सय १४ दरबन्दी रहेकोमा १ सय १३ कार्यरत छन्। यस वर्ष १८ हजार १ सय ६४ छात्र र २० हजार ६ सय ३६ छात्रा गरी जम्मा ३८ हजार ८ सय छात्र छात्रा भर्ना भए। एकदेखि आठ सम्मका ४ हजार ५१ दलित विद्यार्थीले छात्रवृत्ति पाए। छात्रा तर्फ १६ हजार ५ सय २८ जनाले छात्रवृत्ति पाए। सीमान्तकृत छात्रवृत्ति १४ जनाले पाए। अपाङ्ग छात्रवृत्ति १ सय ३ जनाले पाए। माध्यमिक शिक्षा छात्रवृत्ति १ हजार ५ जनाले पाए। दलित छात्रवृत्ति कक्षा ९ र १० मा ७ सय ६५ जनाले पाए। द्वन्द्व पीडित छात्रवृत्ति २३ जना विद्यार्थीले पाए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्।*

*यस वर्ष बालअधिकार उल्लङ्घनका घटना अभिलेख भएनन्।*

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ५० महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा सबै उजुरीमा मिलापत्र भएको सेवा केन्द्रले जनायो ।*

*यो वर्ष महिला अधिकार उल्लङ्घनका घटनामा ११ महिला पीडित भए। जसमध्ये घरेलु हिंसाबाट ११ जना पीडित भए। सन् २०१६ मा महिला अधिकार उल्लङ्घनका घटनामा ४९ जना पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| घरेलु हिंसा | ११ | ११ |
| जम्मा | ११ | ११ |

#### परिवारजनबाट हत्या

आलिताल गाउँपालिका-७ की ३० वर्षीया जानकी बोहोरालाई २०७३ चैत १२ गते ३८ वर्षीय पति करी बोहोराले धारिलो हतियारले प्रहार गरी हत्या गरे। पत्नीको हत्या गरेलगत्तै आरोपितले पनि घर नजिकैको रुखमा झुण्डिएर आत्महत्या गरे।

### स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा उप-क्षेत्रीय अस्पताल एक, अस्पताल एक, स्वास्थ्य चौकी २४, नगर स्वास्थ्य केन्द्र तीन, सामुदायिक स्वास्थ्य एकाइ दुई र बर्थिङ सेन्टर १९ छन्। जिल्लामा स्त्रीरोग विषेषज्ञको दरबन्दी भए पनि रिक्त छ। २४ एचएको दरबन्दी मध्ये दुई रिक्त छ। ४८ अहेवको दरबन्दीमध्ये आठ रिक्त छन्। ३९ अनमीको दरबन्दी रहेकोमा दुई रिक्त छन्। पाँच स्टाफ नर्सको दरबन्दी रहेकामा सबै कार्यरत छन्। ४ सय ६२ महिला स्वास्थ्य स्वयमसेविका छन्। जिल्ला स्वास्थ्य कार्यालयको बजेट जसमा ४ करोड ४१ लाख ५१ हजार रुपियाँ छ र जसमा औषधी खरिदका लागि ३५ लाख रुपियाँ छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| महिला अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | जम्मा |
| घरेलु हिंसा | ११ | ११ |
| जम्मा | ११ | ११ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| हत्या | १ | १ | २ |

# ७.६ डोटी




**जम्मा जनसङ्ख्या**
**२,१४,०४३**

**महिला**
**१,१५,१५१**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१,०१,०००**

**कामका लागि बाहिरिएका**
**२३,५४४**

**अपाङ्गता भएका**
**७,३०२**

**५ वर्षामाथिको साक्षरता प्रतिशत**
**५६.३**

**आश्रित जनसङ्ख्या**
**१,१२,७५०**

**डोटीमा यो वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा गैरराज्य पक्षबाट एक जना पुरुष र ३८ जना महिलासहित ३५ जना पीडित भएकामा सन् २०१६ मा राज्यपक्षबाट भएका घटनामा एक जना पुरुष र गैरराज्यपक्षबाट ३४ महिला पीडित भएका थिए।**

## कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागार डोटी राणाकालीन समयमा निर्माण भएको हो। राणाकालीन समयमा यो डोटी राज्यको तेश्रो गौँडा मानिन्थ्यो। डोटी कारागारमा २५ जना पुरुष र पाँच जना महिला गरी जम्मा ३० जना कैदीबन्दी राख्न सक्ने क्षमता छ। तर, अहिले ३० जना पुरुष कैदीबन्दी, ४ जना महिला कैदीबन्दी र १ जना नाबालक गरी जम्मा ३५ जना रहेको जिल्ला कारागार डोटीका जेलर यज्ञराज पाठकले बताए। कैदीबन्दीहरूको उपचारका लागि एक जना एचए र एक जना अहेबको व्यवस्था गरिएको छ। कारागार भित्र रहेको पुस्तकालयमा पुस्तकहरू अभाव रहेको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी रहेकामा कार्यरत छन्। यस वर्ष जम्मा नौ थान देवानी मुद्दा रहेकोमा आठ थान फर्स्यौट भएका र एक थान फर्स्यौट हुन बाँकी छ। यसैगरी ४० थान फौजदारी मुद्दा रहेकामा ३१ थान फर्स्यौट भएका र ९ थान बाँकी रहेका छन्। दुई वर्ष भन्दा पुराना मुद्दा देवानीतर्फ एक थान रहेको छ।

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | १ | | १ |
| महिला अधिकार | ३७ | | ३७ |
| धम्की | | १ | १ |
| जम्मा | ३८ | १ | ३९ |

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा २ सय ८० प्रावि, ८२ निमावि, ५३ मावि र ३३ उच्चमावि छन्। राहत र दरबन्दी गरी १ हजार ५ सय ७५ मा १ हजार ५ सय ६० जना शिक्षक कार्यरत छन्। यस शैक्षिक सत्रमा २४ हजार ३ सय ९० बालक र २६ हजार ३ सय ९३ बालिका गरी जम्मा ५० हजार ७ सय ८३ बालबालिका विद्यालयमा भर्ना भए। जिल्लामा १ देखि १० कक्षासम्ममा २१ हजार १ सय ८४ जनालाई छात्रावृत्ति प्रदान गरिएको छ भने १ देखि १० कक्षासम्मका १६ हजार २ सय ६४ जना दलित छात्रछात्रालाई छात्रवृत्ति दिइएको छ। द्वन्द्वपीडित छात्रवृत्ति ५० जनालाई दिएको छ भने १ देखि १० कक्षासम्म अपाङ्गता छात्रवृत्ति ३५ जनालाई दिइयो। यसैगरी महिला छात्रवासमा २० जना रहेको जिल्ला शिक्षा कार्यालय डोटीले जनाएको छ।*

*बाल अधिकार उल्लङ्घनतर्फ गत वर्ष दुई जना पीडित भएकामा यो वर्ष एक जना बालिका बलात्कार घटनाबाट पीडित भइन्। गत वर्ष बलात्कार र यौन दुर्व्यवहार घटनाबाट एक/एकजना पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

### बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीय बालिकालाई २०७४ जेठ ३ गते डडेल्धुरा जिल्ला परशुराम नगरपालिका-१० का २० वर्षीय मीनबहादुर धामीले बलात्कार गरेको आरोप लगाउँदै पीडित पक्षले जेठ २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले सोही दिन पक्राउ गऱ्यो। अदालतले आरो पितलाई सोही दिन पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै महिला तथा बालबालिका सेवा केन्द्रमा २१ जनाले उजुरी दर्ता गराए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| बहुविवाह | ३ | ३ |
| महिला बेचबिखन | १ | १ |
| घरेलु हिंसा | ३३ | ३३ |
| जम्मा | ३८ | ३८ |

*यस वर्ष घरेलु हिंसाबाट ३२, बहुविवाहबाट दुई, बलात्कारबाट दुई र बेचबिखनबाट एक जना महिला पीडित भए। गत वर्ष यस्ता घटनामा ३१ जना पीडित भएका थिए।*

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

४० वर्षीया महिलालाई २०७४ साउन १४ गते सायल गाउँपालिका-४ का ३८ वर्षीय रनी बिष्टले बलात्कार गरेको आरोपमा पीडित पक्षले साउन १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन १६ गते पक्राउ गऱ्यो। महिलाको स्वास्थ्य परीक्षण साउन १६ गते जिल्ला अस्पतालमा भयो। आरोपितलाई अदालतले भदौ ८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा एक जिल्ला अस्पताल, दुईवटा प्राथमिक स्वास्थ्य केन्द्र र ४९ वटा स्वास्थ्य चौकी छन्। यसैगरी दुई वटा प्राथमिक स्वास्थ्य केन्द्रमा एक/एक जना डक्टरको दरबन्दी रहेकोमा दुई जना नै कार्यरत छन्। प्रसूति सेवा विशेषज्ञ एक जना छन्। स्टाफ नर्स चार दरबन्दी रहेकामा दुईजना कार्यरत छन्। दुई वटा प्राथमिक स्वास्थ्य केन्द्र मध्ये एक प्राथमिक स्वास्थ्य केन्द्रमा मात्रै एक जना स्टाफ नर्स कार्यरत छन्। ल्याव असिस्टेन्ट तीन जनाको दरबन्दीमा करारसहित पाँच जना कार्यरत छन्। अहेब १ सय ६ जनाको दरबन्दीमा ८१ जना कार्यरत छन् भने २३ जना रिक्त छन्। अनमी १ सय ८ जनाको दरबन्दीमा १ सय जना कार्यरत छन् भने आठ जना रिक्त छन्। खोप सुपरभाइजर एक जनाको दरबन्दीमा एक जना नै कार्यरत छन्। क्षयरोग कुष्ठरोग सुपरभाइजर एक जनाको दरबन्दीमा एक जना नै

कार्यरत छन्। हेल्थ असिस्टेन्ट ५४ जनाको दरबन्दीमा ४३ जना कार्यरत छन् । जिल्ला जनस्वास्थ्य कार्यालय डोटीको वार्षिक बजेट ५ करोड ९९ सय लाख ८८ हजार ४ सय ५०, औषधि खर्च ६ लाख ९९ सय हजार २ सय ९० रहेको छ। जिल्ला अस्पताल डोटीमा तीन जना डक्टरको दरबन्दी रहेकोमा दुई जना निकसयमन नामक संस्थाबाट गरी जम्मा पाँच जना डक्टर कार्यरत छन्।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | | २ | २ |
| बहुविवाह | १ | | १ | | २ |
| महिला बेचबिखन | | | १ | | १ |
| घरेलु हिंसा | | ३१ | १ | | ३२ |
| जम्मा | १ | ३१ | ३ | २ | ३६ |

# ७.७ अछाम

**जम्मा जनसङ्ख्या**
**२,६८,७७४**

**महिला**
**१,४४,०५७**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**२**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**४**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१,२०,८३१**

**कामका लागि बाहिरिएका**
**३१,०१५**

**अपाङ्गता भएका**
**८,६०२**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५५.७**

**आश्रित जनसङ्ख्या**
**१,४४,५६५**

| घटनाको प्रकार | राज्य पक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | २ | २ |
| बाल अधिकार | | | ६ | | ६ |
| महिला अधिकार | | | ६ | | ६ |
| कुटपिट | १ | १ | | ११ | ११ |
| हत्या | | | २ | ३ | ५ |
| जम्मा | १ | १ | १४ | १६ | ३० |

**अछाममा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा दुई जना पुरूषसहित १६ जना पीडित थिए। गत वर्ष अभिलेखित सबै घटनाका आरोपित गैरराज्य पक्षका थिए। सन् २०१७ मा अभिलेखित घटनामा एक जना पुरूष राज्य पक्षबाट र १६ जना पुरुषसहित ३० जना गैरराज्यपक्षबाट पीडित भए।**

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ८० जनाको छ। महिला पुरूष गरी कारागारमा २४ जना कैदी र ११ बन्दी रहेका छन्। जसमा महिला ६ जना कैदी र एक जना बन्दी छन्। कारागारमा दुई जना आश्रित बालक छन्।

## कुटपिट/धम्की

### राज्यपक्षबाट

मङ्गलसेन नपा-५ का ३३ वर्षीय यज्ञराज दुङ्गानालाई २०७४ असोज ३० गते सदरमुकाम मङ्गलसेनस्थित मनकामना होटलमा जिल्ला प्रहरी कार्यालय अछाममा कार्यरत सई ४० वर्षीय पदमबहादुर बुढामगरसहितको प्रहरी

टोलीले कुटपिट गऱ्यो। टाउको, घुँडा र पिठ्यूँमा चोट लागेको पीडितको सोही दिन जिल्ला अस्पतालमा उपचार भयो। पीडितले कात्तिक २ गते जिल्ला अदालत अछाममा आरोपितविरुद्ध मुद्दा दर्ता गरे पनि फैसला भएको छैन।

### गैरराज्यपक्षबाट

बान्नीगढी-जयगढ गाउँपालिका-५ लिडी निवासी काङ्ग्रेसका कार्यकर्ता ३८ वर्षीय डम्बर स्वाँरलाई सोही गाउँपालिका-३ जयगढ बजारमा २०७४ मङ्सिर २० गते बेलुकी ७ बजेतिर नेकपा (एमाले) का वैकल्पिक पोलिटब्यूरो सदस्य तथा पूर्व उद्योगमन्त्री कर्णबहादुर थापाको टोलीले कुटपिट गरेको भन्दै पीडितले सोही दिन इलाका प्रहरी कार्यालय जयगढमा उजुरी दिए। मुखमा चोट लागेका घाइतेको स्थानीय स्वास्थ्य संस्थामा उपचार भयो। आफूलाई एमालेका कार्यकर्ताले कुटपिट गरेको भन्दै पीडितले काङ्ग्रेस कार्यकर्ताहरूलाई घटनास्थलबाटै फोन गरेपछि साँफेबगर नपा-८ बयलपाटामा काङ्ग्रेसका कार्यकर्ताहरूले थापाको टोली चढेको १६६७ नम्बरको गाडीमा आगो लगाएका थिए।

मेल्लेख गाउँपालिका-७ का २२ वर्षीय भीम साउदलाई २०७४ मङ्सिर २१ गते सोही ठाउँस्थित दुर्गादेवी मतदान केन्द्रमा फर्जी मतका विषयमा विवाद हुँदा सोही गाउँपालिका-७ निवासी एमाले कार्यकर्ताहरू २८ वर्षीय एकीन्द्र साउद, १९ वर्षीय नरेश साउद, १९ वर्षीय पुष्प साउद र २२ वर्षीय चरण साउदले मतदान केन्द्रमै कुटपिट गरी घाइते बनाए। पीडितको टाउको, आँखा र खुट्टामा चोट लागेको थियो। पीडितको सामान्य उपचार बयलपाटा अस्पतालमा गरी थप उपचारका लागि नेपालगञ्ज मेडिकल कलेज कोहलपुरमा रिफर गरियो। घटनालाई राजनीतिक रूपमै मिलाउने भन्दै प्रहरीले पीडितको उजुरी दर्ता गरेन।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

कमलबजार नपा-२ बजुडामा वाम गठबन्धन र लोकतान्त्रिक पक्षका कार्यकर्ताबीच २०७४ मङ्सिर १९ गते साँझ झडप भयो। कमलबजार नपा-२ का स्थानीय २८ वर्षीय टेकेन्द्र विष्ट र अन्दाजी २८ वर्षीय खडक विष्टको मोटरसाइकल राख्ने विषयमा विवाद भएपछिको झडपमा सोही नपा-२ का ३५ वर्षीय गगनबहादुर खड्का सामान्य घाइते भए भने मोटरसाइकल तोडफोड भयो। घाइतेको सोही दिन कमलबजार प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भयो।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतलमा एक न्यायाधीशको दरबन्दी छ। यसवर्ष फैसला हुन बाँकी रहेका मुद्दा मध्ये देवानीतर्फ ६ थान, फौजदारीतर्फ ६ थान र सरकारवादी मुद्दा १० थान छन्। दुई वर्ष भन्दा पुराना देवानी तथा फौजदारी मुद्दा छैनन् अदालतमा बाल इजलासको पनि व्यवस्था रहेको छ।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा प्रावि ३ सय ४९, निमावि ७६, मावि ६३ र उमावि ३२ रहेको छ। जिल्लामा ९ सय ९३ जना शिक्षकको दरबन्दी रहेकोमा १ हजार ७ सय ९४ जना कार्यरत छन् भने ७ सय ७८ जना राहत कार्यरत शिक्षक छन्। यस वर्ष ९ हजार १ सय ६२ बालक र ४ हजार ६ सय ९४ बालिका विद्यालयमा भर्ना भए। जिल्लाका १४ हजार ५ सय १३ दलित बालक र १४ हजार ६ सय ९६ दलित बालिकालाई छात्रवृत्ति दिइयो। जिल्लाको बजेट २२ करोड ६४ लाखमा प्रशासनिक खर्च १० लाख १५ हजार रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालबालिका बेचबिखन | ३ | ३ |
| बलात्कार | ४ | ४ |
| जम्मा | ६ | ६ |

*गत वर्ष एक जना बालिका बलात्कारको घटनामा पीडित भएकामा यस वर्ष यस्ता घटनाबाट चार जना र बेचबिखन घटनामा दुई जना गरी ६ जना पीडित भएको अभिलेख छ।*

### बलात्कार, यौन दुर्व्यवहार

१० वर्षीया बालिकालाई २०७४ कात्तिक २ गते राति ढकारी गाउँपालिका-७ निवासी २२ वर्षीय खगेन्द्र बिकले बलात्कार गरेको आरोपमा पीडित पक्षले कात्तिक २ गते इलाका प्रहरी कार्यालय,

ढुङ्गाचाल्नामा उजुरी दियो। आरोपित खगेन्द्रलाई सोही राति प्रहरीले पक्राउ गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण कात्तिक ३ गते जिल्ला अस्पताल अछाममा भयो। आरोपितलाई अदालतले कात्तिक ७ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो।

**बेचबिखनको प्रयास**

१४ र ११ वर्षीया बालिकालाई २०७३ माघ ९ गते पञ्चदेवल-विनायक नपा-४ का ३२ वर्षीय रतन बिकले २५ हजार तलब, गरगहना र राम्रो घरमा राख्ने भन्दै भारतको कालापहाड पुऱ्याई बलात्कार सहित बेचबिखन प्रयास गरेको आरोप लगाउँदै पीडित पक्षले २०७४ भदौ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बालिकाहरूको स्वास्थ्य परीक्षण भदौ १३ गते जिल्ला अस्पतालमा भयो। आरोपितलाई प्रहरीले भदौ १४ गते पक्राउ गरी अदालत पेश गरेकोमा अदालतले पुस १६ गते जबरजस्तीकरणीमा ६ वर्ष, मानव ओसारपसारमा तीन वर्ष, हाडनाता करणीमा ३ महिना १८ दिन कैद र ५० हजार रुपियाँ क्षतिपूर्ति भराउने निर्णय सुनायो।

**महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यस वर्ष घरेलु हिंसा पीडित भन्दै महिला तथा बालबालिका सेवा केन्द्रमा ४७ वटा उजुरी दर्ता भए। जसमध्ये ३४ कुटपिट, १ मानसिक यातना र १२ गालीगलौजका घटना दर्ता भएकामा सबै घटना मिलापत्र गराइएको प्रहरीले जानकारी दियो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | ५ | ५ |
| जम्मा | ६ | ६ |

*गत वर्ष गैरराज्यपक्षबाट १२ जना महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहार का घटनामा पीडित भएका थिए। सन् २०१७ मा भने त्यस्ता ६ ओटा घटना अभिलेख गरियो। अभिलेखित घटना अनुसार ५ जना घरेलु हिंसा र एक जना बहुविवाहका कारण पीडित भए।*

**परिवारजनबाट हत्या**

बान्नीगढी-जयगढ गाउँपालिका-६ की २५ वर्षीया सरस्वती थापा र एक वर्षीया छोरी मनिषा थापा २०७४ जेठ ८ गते राति घरको धुरीमा एउटै डोरीमा झुण्डिएर मृत अवस्थामा फेला परे। शवको जिल्ला अस्पतालमा जेठ ९ गते पोष्टमार्टमपछि आफन्तले शव बुझे। घटनामा संलग्न भएको आशङ्कामा भोलिपल्ट पक्राउ परेका सरस्वतीका पति २७ वर्षीय पति गणेश थापालाई अदालतले जेठ ३० गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एक सरकारी र एक सामुदायिक अस्पताल रहेका छन्। जिल्लामा ७२ स्वास्थ्य चौकी छन्। जिल्लामा चार डक्टरको दरबन्दी रहेकोमा दुई जना दरबन्दी र सात जना करारमा कार्यरत छन्। जिल्लामा एक जना स्त्रीरोग विशेषज्ञको दरबन्दी पूरा नहुँदा करारमा काम गरिरहेका छन्। खोप सुपरभाइजरको एक दरबन्दी खाली छ। अहेवको दरबन्दी १ सय ५१ रहेकामा ४० जना अपुग छन्। अनमीको दरबन्दी १ सय ५१ रहेकोमा १३ जनाको दरबन्दी पूरा हुन सकेको छैन। त्यस्तै ७६ हेल्थ असिस्टेन्टको दरबन्दीमा ६१ जना मात्र कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको बजेट २ करोड २३ लाख ८७ हजार रहेकामा औषधिबापतको खर्च ६ लाख रूपियाँ मात्र छ।

## सन् २०१७ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालबालिका बेचबिखन | १ | १ |
| बलात्कार | ४ | ४ |
| जम्मा | ५ | ५ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | जम्मा |
| बहुविवाह | १ | | १ |
| घरेलु हिंसा | | ५ | ५ |
| जम्मा | १ | ५ | ६ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | ३ | ४ |

# ७.८ कैलाली




**जम्मा जनसङ्ख्या**
८,५०,५८५

**महिला**
४,४१,५६१

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
५

**प्रदेशसभा निर्वाचन क्षेत्र**
१०

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
२,५६,८२१

**कामका लागि बाहिरिएका**
६२,६४४

**अपाङ्गता भएका**
१५,३७८

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
६६.३

**आश्रित जनसङ्ख्या**
३,५२,६६०

| घटनाको प्रकार | राज्य पक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | १ | १ | | | |
| बाल अधिकार | | | | १८ | | १८ |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| महिला अधिकार | | | | ३०१ | | ३०१ |
| गिरफ्तारी | १ | ८ | ९ | | | |
| कुटपिट | | | | ३ | १ | ३ |
| हत्या | | | | ३ | ३ | ५ |
| जम्मा | १ | ९ | १० | ३३३ | ५ | ३३८ |

**कैलालीमा यो वर्ष गैरराज्यपक्षबाट हुने मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका २ सय २८ घटना अभिलेखित भए। गत वर्ष यो सङ्ख्या १ सय ६७ मात्र थियो। यसै वर्ष सम्पन्न विभिन्न चरणका निर्वाचनका क्रममा निर्वाचन विरोधी गतिविधिका कारण गैरराज्यपक्षबाट भएका घटनामा वृद्धि भएको देखियो। गत वर्ष राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा ३० जना पीडित भएकामा यो वर्ष १० जनामात्रै पीडित भएको अभिलेख भयो।**

### आफैंले बोकेको विष्फोटक पदार्थबाट मृत्यु

धनगढी उमनपा-४ खानेपानी रोडमा २०७४ असार १२ गते राति आफैंले बोकेको बम विष्फोट हुँदा नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका जिल्ला सदस्य धनगढी उमनपा-१२ जुगेडाका २९ वर्षीय चन्द्रबहादुर सिंहको मृत्यु भएको प्रहरीले जनायो। बम विष्फोटनमा परी गम्भीर घाइते भएका सिंहलाई प्रहरीले उपचारका लागि सेती अञ्चल अस्पतालमा लगेको थियो। मृत्यु हुनुअघि सिंहले नै आफ्नो परिचय खुलाएको र उपचारको क्रममा ११:४० बजे मृत्यु भएको एसपी अर्जुन चन्दले बताए।

### गोली/विस्फोटक पदार्थद्वारा घाइते

**राज्यपक्षबाट**

टिकापुर नपा- ६ भकरैयाका १९ वर्षीय वीरेन्द्र जैसी २०७३ फागुन १ गते राति गस्तीमा गएको प्रहरीले चलाएको गोली लागेर घाइते भए। जैसीको कोखा नजिकैको भागमा गोली

लागेको थियो। उनलाई सोही दिन उपचारका लागि काठमाडौँ लगिएकामा उपचारपश्चात घर फर्किए। गस्तीमा गएको प्रहरी टोलीले काठ तस्करहरूलाई पक्राउ गर्न खोज्दा गाउँलेहरूले प्रहरीमाथि आक्रमण गर्न थालेपछि प्रहरीले सुरक्षाका लागि गोली चलाउँदा जैसी घाइते भएको एसपी अर्जुन चन्दले बताए।

### कुटपिट/धम्की

#### गैरराज्यपक्षबाट

बर्दगोरीया गाउँपालिका- २ बौनिया निवासी २२ वर्षीय पत्रकार लक्ष्मी जैसी, उनकी २२ वर्षीय पत्नी दुर्गा जैसी र ५० वर्षीया आमा नन्दादेवी जैसीमाथि २०७४ मङ्सिर २ गते राति अज्ञात समूहले धारिलो हतियार प्रहार गरी घाइते बनायो। जनता टेलिभिजिनका सम्वाददाता र नेपाल पत्रकार महासङ्घ कैलाली शाखाका सदस्य समेत रहेका पत्रकार लक्ष्मी र उनका परिवार घरमा सुतिरहेका बेला घटना भएको थियो। घाइतेहरूका मङ्सिर ३ गतेदेखि ५ गतेसम्म कोहलपुर मेडिकल कलेजमा उपचार भयो। आरोपित पत्तो लागेन।

*धारिलो हतियार प्रहार गरी घाइते बनाइएका पत्रकार लक्ष्मी जैसी*

### दुर्व्यवहार

निजी विद्यालयमा शुल्क वृद्धिको विरोधमा आन्दोलनरत संयुक्त विद्यार्थी सङ्गठनले विद्यालयको लेखा शाखामा लगाइएको ताला तोडेको भन्दै २०७४ वैशाख १७ गते धनगढी उमनपा-८ स्थित मोर्डनएरा स्कुलका प्रिन्सिपल एवम् प्याब्सन कैलालीका पूर्वअध्यक्ष आरसी यादवलाई मोसो दलेर दुर्व्यवहार गऱ्यो।

घटनामा संलग्न रहेको आरोपमा ०७४ वैशाख २१ गते पक्राउ गरिएका धनगढी उपमनपा-१ का ३० वर्षीय बिमल धामी, सोही उमनपाका २७ वर्षीय धर्मराज भट्ट र सोही उमनपाका रमेश साउदलाई वैशाख १६ गते १ हजार ५ सय धरौटीमा जिल्ला प्रशासन कार्यालयले रिहा गर्ने आदेश दियो।

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय २५ जनाको छ। कारागारमा २ सय ६५ कैदी, १ सय २ थुनुवा गरी ३ सय ६७ जना छन्। जसमध्ये १९ जना विदेशी पुरुष कैदी र २ सय २९ जना स्वदेशी पुरुष कैदी छन्। १७ जना महिला कैदीमध्ये दुई जना विदेशी महिला कैदी छन्। ८३ जना स्वदेशी पुरुष र ६ जना विदेशी पुरुष थुनुवा छन्। ११ जना स्वदेशी महिला थुनुवामा छन्। दुई आश्रित बालक पनि छन्। क्षमताभन्दा तीन गुणा बढी कैदी बन्दी भएकाले व्यवस्थापनमा समस्या छ।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

लम्की चुहा नपा-१ का वीरेन्द्र बिकलाई निर्वाचन विरोधी गतिविधिमा संलग्न रहेको आरोपमा २०७४ जेठ १४ गते प्रहरीले पक्राउ गरी अपहरण मुद्दा लगायो। वीरेन्द्रका बुबा जङ्गबहादुर बिकले असार ४ गते इन्सेक क्षेत्रीय कार्यालय धनगढीमा आफ्नो छोरालाई रिहा पश्चात सुरक्षित स्थानसम्म पुऱ्याई दिन सहयोग माग गर्दै लिखित निवेदन दिए।

अदालतले असार ४ गते ३० हजार रुपियाँ धरौटीमा बिकलाई रिहा गर्ने आदेश दिएकोमा अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज समेत रहेका वीरेन्द्रलाई प्रहरीले पुन: गिरफ्तार गऱ्यो। कैलाली जिल्ला अदालत बार इकाईले प्रहरी हस्तक्षेपको विरोध गऱ्यो। अदालतको आदेशमा उनी असार ९ गते रिहा भए।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा तीन जना न्यायाधीशको दरबन्दी रहेकामा दुई जना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ २ सय ७३ र फौजदारीतर्फ २ सय ९७ थान छन्। व्यक्तिगत फौजदारी अर्न्तगत १ सय ९६ र सरकारवादी फौजदारी अर्न्तगत १ सय १ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा मध्ये देवानी १४ र फौजदारी दुई थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा ५ सय ७२ सामुदायिक र ३ सय ४८ संस्थागत गरी जम्मा ९ सय २० वटा विद्यालय छन्। जिल्लाको सामुदायिक विद्यालयमा कक्षा १ देखि कक्षा १२ सम्मका विद्यार्थीहरूको जम्मा सङ्ख्या १ लाख ४० हजार ४ सय २० रहेको छ। जसमध्ये ७८ हजार ८ सय ८९ जना बालिका र ६१ हजार ५ सय ३१ जना बालक अध्ययन गरिरहेका छन्। जिल्लामा २ हजार ९ सय ७४ शिक्षक दरबन्दी रहेकामा आठ जना शिक्षकको पद रिक्त छ। यस वर्ष मुक्त कमलरी छात्रवृत्ति १ हजार ५७ जनालाई, द्वन्द्वपीडित छात्रवृत्ति २ सय ४२ जनालाई र आवासीय छात्रावासको सुविधा २ सय ६० जनालाई उपलब्ध गराइयो।*

*गत वर्ष बालबालिका माथि हिंसाका घटनाबाट १२ जना पीडित भएको अभिलेख गरिएकामा सन् २०१७ मा त्यस्ता घटनामा १८ जना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालविवाह | १ | १ |
| बलात्कार | १४ | १४ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | १८ | १८ |

### बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७३ फागुन ७ गते अत्तरिया नपा-४ का १८ वर्षीय रवि भट्टले बलात्कार गरेको आरोपमा पीडितका आफन्तले फागुन ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई सोही दिन प्रहरीले पक्राउ गऱ्यो। पीडितको स्वस्थ्य परीक्षण फागुन ९ गते सेती अञ्चल अस्पतालमा भयो। आरोपितलाई २०७४ मङ्सिर ५ गते जिल्ला अदालतले ६ वर्ष कैद सजाय र पीडितलाई १ लाख रुपियाँ भराउनु पर्ने आदेश सुनायो।

### महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यस वर्ष घरेलु हिंसाबाट पीडित भएको भन्दै १ सय ९९ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। तीमध्ये १ सय ६० घटनामा मिलापत्र भए भने १६ घटना कानुनी प्रक्रियामा छन् र १३ घटनाका उजुरीकर्ता सम्पर्कमा नआएको सेवा केन्द्रले जनायो।*

*यो वर्ष जिल्लामा १ सय ९६ जना महिला घरेलु हिंसाका घटनामा, बलात्कार घटनामा एक जना, बेचबिखनको प्रयासमा चार जना महिला पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखनको प्रयास | ४ | ४ |
| बलात्कार | १ | १ |
| घरेलु हिंसा | १९६ | १९६ |
| जम्मा | २०१ | २०१ |

### बेचबिखन प्रयास

२० वर्षीया, २४ वर्षीया र २८ वर्षीया महिलालाई राम्रो जागिर लगाई दिने प्रलोभन देखाएर कैलालीको सीमा नाका त्रीनगरबाट भारततर्फ लैजाँदै गरेको आरोपमा २०७४ साउन २५ गते प्रहरीले टिकापुर नपा-१३ का शिवराज सञ्जेल र सोही ठाउँका कमल चौधरीलाई पक्राउ गऱ्यो। तीन जना महिलासहित आरोपितहरू भारतीय बजारतर्फ गइरहेको अवस्थामा शङ्का लागेर सोधपुछ गर्दा उनीहरूको कुरा बाझिएपछि प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय कैलालीका एसपी अर्जुन चन्दले बताए। २० वर्षीया, २४ वर्षीया महिलाका परिवारहरू सम्पर्कमा आएपछि पीडितलाई साउन २७ गते परिवारको जिम्मा लगाइयो। पीडितहरूले लिखित निवेदन नदिएपछि पक्राउ गरिएका दुवै जना साउन २७ गते रिहा भए।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना/सम्पत्ति क्षति

घोडाघोडी नपा-७ कीर्तिपुर निवासी कैलाली निर्वाचन क्षेत्र नम्बर- ३ (ख) प्रदेश सभाका नयाँ शक्ति पार्टीका उम्मेदवार ३७ वर्षीय कृष्णकुमार चौधरीले चुनावी प्रचार प्रसारमा प्रयोग गर्दै आएको बा ११ च ५२१८ नम्बरको स्कारपियो गाडीमा २०७४ मङ्सिर १७ गते राति घोडघोडी नपा-७ का वडा सदस्य नवीन विष्टको नेतृत्वमा रहेको टोलीले तोडफोड गर्दा गाडीको अगाडि र पछाडिको सिसा फुट्यो। तोडफोडमा संलग्न रहेका विष्टको टोलीविरुद्ध चौधरीले इलाका प्रहरी कार्यालय सुखडमा मङ्सिर

१७ गते उजुरी दिए पनि कसैलाई कारबाही भएन।

बजार अनुगमनका क्रममा ०७४ असोज ७ गते कैलालीको टीकापुर पुगेका आपूर्ति राज्यमन्त्री कर्णबहादुर बिकमाथि स्थानीय व्यवसायीहरूले आक्रमणको प्रयास गर्दै उनी चढेको बा १ झ ९६९९ नम्बर गाडीमा तोडफोडसमेत गरे। अनुगमनको नाममा व्यापारीलाई दु:ख दिएको आरोप लगाउँदै अनुगमनको विरोधमा उत्रिएका व्यवसायीहरूले मन्त्रीको गाडीमा रहेको नेपालको झन्डा च्यात्नुका साथै ढुङ्गामुढा गर्दै गाडीको सिसा फुटाएपछि प्रहरीले राज्यमन्त्री बिकलाई सुरक्षित रूपमा होटेलमा पुऱ्याएका थिए। तोडफोडमा संलग्न भएको भन्दै प्रहरीले टिकापुर नपा- १ निवासी उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष सुरेन्द्र गिरी र सोही नपा निवासी महासचिव रामबहादुर भण्डारीलाई असोज ७ गते पक्राउ गरेकामा असोज ८ गते सर्वपक्षीय सहमतिका अधारमा रिहा गरियो।

लम्कीचुहा नपा-६ गुलरामा निर्वाचन प्रयोजनका लागि स्थापना गरिएको नेपाली काङ्ग्रेसको सम्पर्क कार्यालयमा २०७४ वैशाख ३ गते राति अज्ञात समूहले तोडफोडसँगै आगजनी गऱ्यो। घरमालिक डवल बिष्ट बाहिर निस्किँदा तोडफोड गर्ने समूहले उनलाई पनि कुटपिट गरेको प्रहरीले जनायो। पीडक पत्ता लागेनन्।

### स्वास्थ्य सेवाको अवस्था

कैलाली जिल्लामा मालाखेती अस्पताल, टिकापुर अस्पताल र सेती अञ्चल अस्पताल गरी तीन अस्पताल छन्। ३७ स्वास्थ्य चौकी र ५ प्राथामिक स्वास्थ्य केन्द्र छन्। तीन वटै अस्पतालमा गरी ४९ डक्टरको दरबन्दी रहेकामा जम्मा २४ जना कार्यरत छन्। अञ्चल अस्पताल बाहेक अन्य अस्पतालमा स्त्रीरोग विशेषज्ञको पद रिक्त छ। स्टाफ नर्सको दरबन्दी ३३ रहेकामा २४ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ७ करोड १४ लाख ३४ हजार ४६ सय रुपियाँ रहेको छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | | | | | १ | १ |
| बलात्कार | २ | | ३ | | ८ | १३ |
| यौन दुर्व्यवहार | | १ | | १ | १ | ३ |
| जम्मा | २ | १ | ३ | १ | १० | १७ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखनको प्रयास | | | १ | १ | २ |
| बलात्कार | | | | १ | १ |
| घरेलु हिंसा | २ | १८८ | ४ | २ | १९६ |
| जम्मा | २ | १८८ | ५ | ४ | १९९ |

| मारिएकाको घटना सङ्ख्या | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | १ | १ | ४ |

# ७.९ कञ्चनपुर

**जम्मा जनसङ्ख्या**
**४,८४,८८५**

**महिला**
**२,५८,३६५**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**३**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**६**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१,४०,३८१**

**कामका लागि बाहिरिएका**
**३८,३५८**

**अपाङ्गता भएका**
**५,०७२**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७०.७**

**आश्रित जनसङ्ख्या**
**२,०८,२२२**

**कञ्चनपुरमा यस वर्ष राज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा दुई जना पीडित भए। गत वर्ष राज्यपक्षबाट भएका घटनामा चार जना पीडित भएका थिए। गैरराज्यपक्षबाट हुने मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा गत वर्ष ६६ जना पीडित भएकोमा यस वर्ष ६२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। चाँदनी र दोधारा क्षेत्रका बासिन्दाले राज्यले दिनुपर्ने सुविधाबाट बञ्चित हुनुपरेको गुनासो गरे भने पुर्नवास क्षेत्रमा भारतीय सुरक्षाकर्मीले नेपालीमाथि गर्ने दुर्व्यवहारका घटना सार्वजनिक भए।**

| घटनाको प्रकार | राज्य पक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ६ | | ६ |
| महिला अधिकार | | | ५१ | | ५१ |
| गिरफ्तारी | २ | २ | | | |
| कुटपिट | | | | २ | २ |
| हत्या | | | | ३ | ३ |
| जम्मा | २ | २ | ५७ | ५ | ६२ |

## कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता ७५ पुरुष र २० महिला गरी ९५ जनाको छ। कारागारमा २ सय ३ कैदी र ४७ थुनुवा गरी २ सय ५० जना छन्। जसमा १९ जना महिला छन्। चार जना आश्रित बालक पनि छन्। क्षमताभन्दा झण्डै तीन गुणा बढी कैदी बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। कारागारको दुई भवनमध्ये एक नयाँ र एक पुरानो जीर्ण छ।

## गैरकानुनी थुना

भीमदत्त नपा -१८ कटान निवासी मानसखण्ड दैनिकका सम्पादक ५० वर्षीय खेम भण्डारी र सोही पत्रिकाका कार्यकारी सम्पादक २६ वर्षीय गणेश भट्टलाई समाचारको विषयलाई लिएर २०७४ असार ३ गते प्रहरीले पक्राउ गऱ्यो। प्रहरीले पीडित भण्डारीलाई पत्रिकाको कार्यालयबाट र भट्टलाई भीमदत्त नपा -४ महेन्द्रनगर बजारबाट पक्राउ गरेको थियो। मानसखण्ड दैनिक पत्रिकामा लगातार होटल सञ्चालक कञ्चन नाथ र पुजा नाथ पक्राउ परेको विषयमा प्रहरीसँग जोडिएर समाचार छापिएका कारण रीसिइवी साँध्न आफ्नो सञ्चार गृह बन्द हुने गरी पक्राउ गरिएको पीडितले बताए। कञ्चनका बाबु खेमराज नाथले पत्रिकामा आएका समाचारले छोरीको चरित्र हत्या गरेको भन्दै जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरमा असार २ गते उजुरी दिएपछि पत्रकार भण्डारी र भट्टलाई पक्राउ गरिएको डिएसपी भीम दाहालले बताए। नेपाल पत्रकार महासङ्घले असार ३ गते एक विज्ञप्ति प्रकाशन गरी घटनाको विरोध गऱ्यो। दुवै पत्रकारलाई प्रहरीले असार ४ गते विनासर्त रिहा गऱ्यो।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रहेकामा दुई जना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय ८८ र फौजदारीतर्फ २ सय २६ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी ३० र फौजदारी १२ थान छन्।

यसैगरी चार न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत महेन्द्रनगर इजलासमा चार जना न्यायाधीश कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ८२ र फौजदारीतर्फ १ सय ६० थान छन्। दुई वर्ष पुराना मुद्दा देवानी चार र फौजदारी एक थान रहेका छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ९६ प्रावि, ५८ निमावि, ५७ मावि र ५० उमावि छन्। १ हजार ८ सय ९८ शिक्षक दरबन्दी रहेकामा २९ दरबन्दी रिक्त छ। यस वर्ष ७१ हजार ८ सय ८६ बालक र ७२ हजार ९ सय ४३ बालिका विद्यालय भर्ना भए। जिल्लामा ५०*

## भारतीय सीमा सुरक्षा बलको ज्यादती

पुनर्वास नपा- ५ का २५ वर्षीय गोविन्द गौतमको २०७३ फागुन २६ गते पुनर्वास नपा- ८ आनन्द बजार नजिकै रहेको नेपाल भारत सीमा क्षेत्रमा भारतीय सुरक्षाकर्मीहरूले प्रहार गरेको गोली लागी मृत्यु भयो। हतियार सहित नेपाल प्रवेश गरेका भारतीय सुरक्षाकर्मीले पुनर्वास नपा- ८ आनन्दबजार स्थित कल्भर्ट तोड्न थालेपछि स्थानीयवासीहरूले प्रतिकार गरेका थिए। स्थानीयवासीले कल्भर्ट नतोड्न भनी प्रतिकार गर्दा भएको झडपमा भारतीय सीमा सुरक्षावलका सुरक्षाकर्मीले चलाएको गोली लागी घाइते भएका गौतमलाई उपचारका लागि धनगढी लैजाँदै गर्दा बाटोमै मृत्यु भएको थियो। शवको पोष्टमार्टम फागुन २७ गते सेती अञ्चल अस्पताल धनगढीमा भयो। गौतमलाई शहीद घोषणा गर्नुपर्ने र दोषीहरूलाई कारबाही गरिनुपर्ने माग राखी महेन्द्रनगरका स्थानीय युवाहरूले फागुन २६ गते प्रदर्शन गरे। मृतक गौतमलाई नेपाल सरकारले फागुन २७ गते शहीद घोषणा गर्नुको साथै उनका परिवारलाई नगद १० लाख रुपियाँ सहयोग गरिने निर्णय गरेपछि पीडित परिवारले फागुन २९ गते दाहसंस्कार गरेका थिए।

सो घटनामा भारतीय सुरक्षाकर्मीले कुटपिट गर्दा बेलौरी नपा-५ शान्तिपुरका ३३ वर्षीय टिकाराम चापागाई घाइते भए। चापागाईको टाउको, छाती र पिठ्यूँमा चोट लागेको थियो। पीडितलाई फागुन २७ गते उपचारका लागि सेती अञ्चल अस्पताल, धनगढीमा भर्ना गरिएकोमा त्यहाँ उपचार हुन नसकेपछि २०७४ वैशाख १२ गते थप उपचारका लागि काठमाडौँ लगियो। उनको शिक्षण अस्पताल, महाराजगञ्जमा उपचार भयो।

*अपाङ्गमैत्री विद्यालय छन्। ८ हजार ७ सय ५४ दलित बालक र ११ हजार ३ सय ३ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका ५५ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*यो वर्ष बलात्कारका घटनामा ६ जना बालिका पीडित भए। गतवर्ष बलात्कार घटनामा तीन, बेचबिखनबाट तीन र यौन दुर्व्यवहारबाट एकजना पीडित भएका घटना अभिलेख गरिएको थियो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ६ | ६ |
| जम्मा | ६ | ६ |

**बलात्कार, यौन दुर्व्यवहार**

१५ वर्षीया एक बालिकालाई भीमदत्त नपा- १ का २४ वर्षीय करनसिंह ऐरले बलात्कार गरेको आरोप लगाउँदै बालिकाका अभिभावकले २०७४ कात्तिक २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई सोही दिन प्रहरीले पक्राउ गऱ्यो। पीडितको कात्तिक २४ गते महाकाली अञ्चल अस्पताल महेन्द्रनगरमा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई जिल्ला अदालतले ०७४ मङ्सिर १४ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश सुनायो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ९७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ८७, खान/लाउन नदिएको, विवाह दर्ता र नागरिकता नबनाएको १० घटना छन्। यीमध्ये ६४ वटा घटनामा मिलापत्र भएको, १६ घटनामा*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | १ | १ |
| बेचबिखन प्रयास | ३ | ३ |
| घरेलु हिंसा | ४६ | ४६ |
| जम्मा | ५१ | ५१ |

*कानुनी कारबाही प्रक्रिया अगाडि बढाएको र १५ जना उजुरीकर्ता सम्पर्कमा नआएको सेवा केन्द्रले जनायो।*

*यस वर्ष महिलामाथि हुने विभिन्न घटनामा ५१ जना पीडित भए। यसमध्ये घरेलु हिंसामा ४६, बहुविवाहमा एक, बलात्कारमा एक, बलात्कार प्रयासमा एक, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा दुई जना पीडित भए।*

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

३८ वर्षीया मानसिक सन्तुलन ठीक नभएकी महिलालाई बलात्कार प्रयास गरेको आरोपमा २०७४ असोज २० गते प्रहरीले भीमदत्त नपा-४ का २६ वर्षीय गजेन्द्र विष्टलाई पक्राउ गऱ्यो। भीमदत्त नपा-९ सुकासालमा रहेको झाडीमा महिलालाई जबरजस्ती गर्न खोजिरहेको समयमा स्थानीय महिलाले देखेर प्रहरीलाई खबर गरेपछि सोही दिन प्रहरीले आरोपितलाई पक्राउ गरेको थियो। पीडित महिलाको असोज २० गते महाकाली अञ्चल अस्पताल, महेन्द्रनगरमा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई पुस २ गते जिल्ला अदालतले २ वर्ष ६ महिना कैद सजायको आदेश सुनायो।

## आर्थिक, समाजिक र सांस्कृतिक अधिकार

**सम्पत्ति क्षति**

भारतीय सीमा सुरक्षाकर्मीले चलाएको गोली लागेर मृत्यु भएका गोविन्द गौतमलाई शहीद घोषणा गर्नुपर्ने र दोषीहरूलाई कारबाही गरिनु पर्ने माग राखी महेन्द्रनगरका स्थानीय युवाहरूले २०७३ फागुन २६ गते प्रदर्शन गरे। सोही क्रममा भीमदत्त नपा- ४ बजारस्थित होटेल न्यू आनन्दमा रहेको भारत दिल्लीका ४१ वर्षीय वीरेन्द्रकुमार रायको भारतीय नम्बरको कारलाई युवाहरूले तोडफोड गरे। भीमदत्त नपा- ४ बजारस्थित होटेल ओपेराबाट भारततर्फ जान लागेका तीन वटा मोटर साइकलमा आगजनी गरे। आफूहरूले आह्वान गरेको बन्दको अवज्ञा गरेको आरोपमा नेकपा माओवादी केन्द्रका कार्यकर्ताले फागुन २७ गते जिल्ला प्राविधिक कार्यालय परिसरमा प्रवेश गरी कार्यालयमा रहेका कुर्सी र टेबुल बाहिर निकालेर तोडफोड गरे।

नेकपा माओवादी केन्द्र निकट अखिल क्रान्तिकारीले कञ्चनपुर जिल्लालाई लोडसेडिङ मुक्त गर्नुपर्ने मागलाई बेवास्ता गरेको भन्दै २०७४ साउन १५ गते नेपाल विद्युत प्राधिकरण वितरण

शाखा कार्यालय, महेन्द्रनगरमा तालाबन्दी गर्नुका साथै कार्यालय प्रमुखको कार्यकक्षमा तोडफोड गऱ्यो।

भीमदत्त नपा-४ महेन्द्रनगरस्थित कञ्चन विद्यामन्दिर सामुदायिक कलेजमा २०७३ माघ २६ गते राति अज्ञात समूहले आगजनी गऱ्यो। कलेजका चौकीदार दिलबहादुर चौधरीलाई कोठामा थुनेर कलेजको लेखाशाखामा भएका कागजपत्र र सामानहरूमा आगो लगाइएको थियो। घटनाका आरोपित पत्ता लागेनन्।

### स्वास्थ्य सेवाको अवस्था

कञ्चनपुर जिल्लामा एउटा अञ्चल अस्पताल, १८ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा ३२ डक्टरको दरबन्दी रहेकामा आठ जना कार्यरत छन्। स्त्रीरोग विशेषज्ञको दरबन्दी एक जनाको छ। अहेवको ५८ दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १ करोड ९२ लाख र औषधि खर्चबापतको रकम ८ लाख रुपियाँ छ।

**सन् २०१७ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | १ | ४ | ६ |
| जम्मा | १ | १ | ४ | ६ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | | १ | १ |
| बलात्कार प्रयास | | १ | | | १ |
| बहुविवाह | | | | १ | १ |
| बेचबिखन प्रयास | १ | | | | १ |
| घरेलु हिंसा | | | ४६ | | ४६ |
| जम्मा | १ | १ | ४६ | २ | ५० |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | २ | ३ |

# मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्याङ्क २०१७ २

परिशिष्ट १

## नेपाल– घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | | गैरराज्यपक्षबाट | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | नखुलेको | जम्मा | महिला | पुरुष | नखुलेको | जम्मा | |
| **घाइते** | | | | | | | | | |
| बम विष्फोटबाट | | | | | ३४ | ४६ | | ८० | ८० |
| दोहोरो झडपमा | | २ | | २ | ३१ | ४३ | | ६४ | ६६ |
| आगो लगाएर | | | | | १ | १ | | २ | २ |
| एसिड छर्केर | | | | | | १ | | १ | १ |
| गोली लागेर | १ | ३६ | | ३८ | २ | ९ | | ११ | ४८ |
| धारिलो हतियारबाट | | | | | ४ | ३३ | | ३८ | ३८ |
| **जम्मा** | १ | ३८ | | ३९ | ५३ | १३३ | | १८५ | २२४ |
| **बाल अधिकार** | | | | | | | | | |
| बालबालिका बेचबिखन | | | | | १६ | ८ | | २३ | २३ |
| बालविवाह | | | | | २६ | | | २६ | २६ |
| बलात्कार | | | | | ५२८ | | | ५२८ | ५२८ |
| नवजात शिशुको हत्या | | | | | ११ | ३ | | १४ | १४ |
| विद्यालयमा शारीरिक सजाय | | | | | ५ | ६ | | ११ | ११ |
| यौन दुर्व्यवहार | | | | | १८० | ११ | | १८१ | १८१ |
| हत्याको प्रयास | | | | | १ | | | १ | १ |
| **जम्मा** | | | | | ७५६ | २८ | | ७८३ | ७८३ |
| **अमानवीय व्यवहार** | | | | | | | | | |
| बोक्सोको आरोप | | | | | | १ | | १ | १ |
| अन्य | | १ | | १ | २ | ८ | | ९ | १० |
| अनुहारमा मोसो लगाएको | | | | | २ | ३३ | | ३५ | ३५ |
| जुत्ताको माला लगाएको | | | | | | १ | | १ | १ |
| **जम्मा** | | १ | | १ | ४ | ३२ | | ३६ | ३८ |
| **आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार** | | | | | | | | | |
| आफ्नो सम्पत्तिको अधिकार | | | | | १ | ८ | १ | ९ | ९ |
| अन्य | | | | | १ | १ | | २ | २ |
| धार्मिक स्वतन्त्रता | | | | | | १ | | १ | १ |
| **जम्मा** | | | | | २ | ९ | १ | १२ | १२ |
| **अपहरण** | | | | | | | | | |
| अपहरण | | | | | २ | १६ | | १८ | १८ |

| घटनाको प्रकार | राज्यपक्षबाट | | | | गैरराज्यपक्षबाट | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | नखुलेको | जम्मा | महिला | पुरुष | नखुलेको | जम्मा | |
| **महिला अधिकार** | | | | | | | | | |
| बेचबिखनको प्रयास | | | | | ७३ | | | ७३ | ७३ |
| बोक्सीको आरोप | | | | | ३३ | | | ३३ | ३३ |
| बलात्कार | | | | | २६५ | | | २६५ | २६५ |
| बलात्कार प्रयास | | | | | १२२ | | | १२२ | १२२ |
| बहुविवाह | | | | | २४८ | | | २४८ | २४८ |
| महिला बेचबिखन | | | | | ४० | | | ४० | ४० |
| प्रसूति सेवा | २ | | | २ | | | | | २ |
| घरेलु हिंसा | | | | | २७३३ | | | २७३३ | २७३३ |
| यौन दुर्व्यवहार | | | | | ४४ | | | ४४ | ४४ |
| **जम्मा** | २ | | | २ | ३५५८ | | | ३५५८ | ३५६० |
| **अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार** | | | | | | | | | |
| भेला/सङ्गठित हुने अधिकार | २१ | ६० | | ८१ | | ४ | | ४ | ८५ |
| लाठी चार्ज | १७ | ३७ | ३२ | ८६ | | | | | ८६ |
| **जम्मा** | ३८ | ९७ | ३२ | १६७ | | ४ | | ४ | १७१ |
| **सबै प्रकारका जातीय विभेद** | | | | | | | | | |
| सार्वजनिक स्थलमा प्रवेशबाट वञ्चित | | | | | ३ | ३ | | ६ | ६ |
| अन्तरजातीय विवाह | | | | | ४ | २ | | ६ | ६ |
| जागिरबाट निष्काशन | | | | | | १ | | १ | १ |
| जातीय छुवाछूत | | | | | ११ | २० | | ३१ | ३१ |
| विभिन्न अवसरबाट वञ्चित | | | | | | १ | | १ | १ |
| **जम्मा** | | | | | १८ | २७ | | ४५ | ४५ |
| **गिरफ्तारी** | | | | | | | | | |
| **जम्मा** | ३४ | ४४१ | | ४६५ | | | | | ४६५ |
| **हिरासत वा थुनामा मृत्यु** | | | | | | | | | |
| **जम्मा** | | ४ | | ४ | | | | | ४ |
| **यातना** | | | | | | | | | |
| **जम्मा** | १ | ६ | | ७ | | | | | ७ |
| **कुटपिट** | | | | | | | | | |
| **जम्मा** | २० | ५९ | | ७९ | ४० | ३२४ | | ३६४ | ४४३ |
| **धम्की** | | | | | | | | | |
| जम्मा | | २ | | २ | ७ | २६ | | ३३ | ३५ |

| घटनाको प्रकार | राज्यपक्षबाट | | | | गैरराज्यपक्षबाट | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | नखुलेको | जम्मा | महिला | पुरुष | नखुलेको | जम्मा | |
| **हत्या** | | | | | | | | | |
| घाँटी रेटेर | | | | | १ | २ | | ३ | ३ |
| घाँटी थिचेर | | | | | १ | १ | | २ | २ |
| घाँटी काटेर | | | | | २ | १ | | ३ | ३ |
| घन प्रहारबाट | | | | | १ | | | १ | १ |
| ढुङ्गाले किचेर | | | | | ४ | ४ | | ८ | ८ |
| बम विष्फोटनबाट | | | | | | १ | | १ | १ |
| बलात्कारपछि | | | | | २१ | | | २१ | २१ |
| दोहोरो झडपमा मृत्यु | | | | | १ | १ | | २ | २ |
| आफूले बोकेको बम विष्फोटबाट मृत्यु | | | | | | १ | | १ | १ |
| आगो लगाएर | | | | | ५ | २ | | ७ | ७ |
| झुण्ड्याएर | | | | | ९ | १ | | १० | १० |
| विष खुवाएर | | | | | ३ | १ | | ४ | ४ |
| लाठी प्रहारबाट | | | | | ४ | ५ | | ९ | ९ |
| कुटपिट गरी | | | | | ४५ | ४२ | | ८७ | ८७ |
| गोली हानी | | ११ | | ११ | ३ | ७ | | १० | २१ |
| खुकुरी प्रहारबाट | | | | | ४ | ३ | | ७ | ७ |
| धारिलो हतियार प्रहारबाट | | | | | ३६ | ३१ | | ६७ | ६७ |
| **जम्मा** | | ११ | | ११ | १४० | १०४ | | २४४ | २५५ |
| **कुल जम्मा** | ८६ | ६५९ | ३२ | ७७७ | ४५७९ | ७०२ | १ | ५२८२ | ६०५९ |

**परिशिष्ट २**

## पेसागत आधारमा पीडित सङ्ख्या

| पेशा | राज्यपक्षबाट | | | | गैरराज्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | नखुलेको | जम्मा | महिला | पुरुष | नखुलेको | जम्मा |
| कृषक | १२ | १३५ | | १४७ | १२७५ | २२२ | | १४९७ |
| उद्योग व्यवसायी | ४ | २३ | | २७ | ३५ | १३ | | ४८ |
| जागिरे/कर्मचारी | | २ | | २ | ९ | २८ | | ३७ |
| अशक्त अपाङ्ग व्यक्ति | | | | | २१ | | | २१ |
| इञ्जिनियर | | | | | | २ | | २ |
| स्वास्थ्य कार्यकर्ता | | १ | | १ | ६ | २ | | ८ |
| गृहिणी | ६ | | | ६ | २२९८ | | | २२९८ |
| मानव अधिकारकर्मी | | १ | | १ | १ | | | १ |
| पत्रकार | १ | ११ | | १२ | ३ | २३ | | २६ |
| मजदुर | | ७ | | ७ | १२५ | २७ | | १५२ |
| कानुन व्यवसायी | | १ | | १ | | १ | | १ |
| प्रहरी | २ | ६ | | ८ | ५ | १९ | | २४ |
| राजनीतिक कार्यकर्ता | ४८ | ३९९ | | ४४७ | २१ | २२७ | | २४८ |
| बन्दी | | | | | | ६ | | ६ |
| सामाजिक कार्यकर्ता | | २ | | २ | २ | ३ | | ५ |
| विद्यार्थी | १० | ३८ | | ४८ | ६३७ | ७७ | | ७१४ |
| शिक्षक | १ | १० | | ११ | ५ | २९ | | ३४ |
| नाबालक | | | | | ४१ | ८ | | ४९ |
| नखुलेको | २ | २३ | ३२ | ५७ | ९५ | १५ | १ | १११ |
| जम्मा | ८६ | ६५९ | ३२ | ७७७ | ४५७९ | ७०२ | १ | ५२८२ |

## परिशिष्ट ३ प्रदेश १ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | ५ | ५ | ९ | ३३ | ३२ |
| बाल अधिकार | | | | १६१ | ५ | १६६ |
| अमानवीय व्यवहार | | | | ३ | ३ | ६ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | | ६ | ६ |
| महिला अधिकार | | | | ३५३ | | ३५३ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | | | | १ | १ |
| सबै प्रकारका जातीय विभेद | | | | १ | | १ |
| गिरफ्तारी | ५ | ३८ | ३३ | | | |
| कुटपिट | १ | २ | ३ | ४ | ३८ | ३२ |
| धम्की | | | | १ | १ | २ |
| हत्या | | १ | १ | १६ | ३६ | ४३ |
| जम्मा | ६ | ३६ | ४२ | ५५९ | ९३ | ६९४ |

## परिशिष्ट ४ प्रदेश २ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | ६ | ६ | १९ | ३२ | ५१ |
| बाल अधिकार | | | | १०८ | | १०८ |
| अमानवीय व्यवहार | | | | १ | १३ | १४ |
| अपहरण | | | | १ | ५ | ६ |
| महिला अधिकार | | | | ४२३ | | ४२३ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | ३२ | ७० | १०२ | | २ | २ |
| सबै प्रकारका जातीय विभेद | | | | १ | १ | २ |
| हिरासत वा थुनामा मृत्यु | | १ | १ | | | |
| यातना | | १ | १ | | | |
| कुटपिट | २ | ७ | ९ | ८ | ३३ | ४१ |
| धम्की | | | | ३ | ३ | ६ |
| हत्या | | ५ | ५ | ३८ | ३१ | ५९ |
| जम्मा | ३४ | ९० | १२४ | ६०२ | ११० | ७१२ |

## परिशिष्ट ५ प्रदेश ३ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | | गैरराज्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | नखुलेको | जम्मा | महिला | पुरुष | नखुलेको | जम्मा |
| घाइते | १ | १८ | | १९ | ७ | ३६ | | ४३ |
| बाल अधिकार | | | | | २०५ | ४ | | २०९ |
| अमानवीय व्यवहार | | | | | | ४ | | ४ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | | | २ | १ | ३ |
| अपहरण | | | | | | २ | | २ |
| महिला अधिकार | १ | | | १ | ३३४ | | | ३३४ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | ५ | ६ | ३२ | ४३ | | | | |
| सबै प्रकारका जातीय विभेद | | | | | १ | १ | | २ |
| गिरफ्तारी | १ | ३२ | | ३३ | | | | |
| हिरासत वा थुनामा मृत्यु | | १ | | १ | | | | |
| यातना | | ५ | | ५ | | | | |
| कुटपिट | | ५ | | ५ | ५ | ४२ | | ४७ |
| धम्की | | | | | १ | ९ | | १० |
| हत्या | | ३ | | ३ | २४ | २४ | | ४८ |
| जम्मा | ८ | ७० | ३२ | ११० | ५७७ | १२४ | १ | ७०२ |

## परिशिष्ट ६ प्रदेश ४ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | १ | १ | २ |
| बाल अधिकार | | | | ५९ | ३ | ६२ |
| अमानवीय व्यवहार | | | | | ३ | ३ |
| अपहरण | | | | | ७ | ७ |
| महिला अधिकार | | | | ६५९ | | ६५९ |
| सबै प्रकारका जातीय विभेद | | | | २ | | २ |
| गिरफ्तारी | ४ | १०४ | १०८ | | | |
| कुटपिट | | ५ | ५ | ३ | ४० | ४३ |
| धम्की | | | | २ | | २ |
| हत्या | | | | ७ | ५ | १२ |
| जम्मा | ४ | १०९ | ११३ | ७३३ | ५९ | ७९२ |

## परिशिष्ट ७ प्रदेश ५ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | ५ | ५ | १४ | ३४ | ३८ |
| बाल अधिकार | | | | १४८ | १० | १५८ |
| अमानवीय व्यवहार | | १ | १ | | ६ | ६ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | १ | | १ |
| अपहरण | | | | १ | १ | २ |
| महिला अधिकार | | | | ११५६ | | ११५६ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | १ | २१ | २२ | | | |
| सबै प्रकारका जातीय विभेद | | | | ३ | ६ | ९ |
| गिरफ्तारी | १३ | २१२ | २२५ | | | |
| हिरासत वा थुनामा मृत्यु | | २ | २ | | | |
| यातना | १ | | १ | | | |
| कुटपिट | ६ | २१ | २६ | १२ | ४५ | ५६ |
| धम्की | | | | | ३ | ३ |
| हत्या | | | | ३९ | ९ | ३८ |
| जम्मा | २१ | २६२ | २८३ | १३६४ | १०४ | १४६८ |

## परिशिष्ट ८ प्रदेश ६ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | ३ | ३ | २ | १५ | १६ |
| बाल अधिकार | | | | २३ | ५ | २८ |
| अमानवीय व्यवहार | | | | | २ | २ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | १ | १ | २ |
| अपहरण | | | | | १ | १ |
| महिला अधिकार | १ | | १ | २४६ | | २४६ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | | | | १ | १ |
| सबै प्रकारका जातीय विभेद | | | | ६ | ५ | १२ |
| गिरफ्तारी | | ४६ | ४६ | | | |
| कुटपिट | ११ | १८ | २९ | ४ | ९० | ९४ |
| धम्की | | २ | २ | | ६ | ६ |
| हत्या | | २ | २ | १६ | ५ | २१ |
| जम्मा | १२ | ७२ | ८४ | ३०० | १३२ | ४३२ |

## परिशिष्ट ९ प्रदेश ७ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | १ | १ | | ३ | ३ |
| बाल अधिकार | | | | ४३ | | ४३ |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| महिला अधिकार | | | | ३८६ | | ३८६ |
| सबै प्रकारका जातीय विभेद | | | | ३ | १४ | १७ |
| गिरफ्तारी | १ | १८ | १९ | | | |
| कुटपिट | | १ | १ | ४ | ४६ | ५० |
| धम्की | | | | | ३ | ३ |
| हत्या | | | | ९ | १४ | २३ |
| जम्मा | १ | ३० | ३१ | ४४४ | ८० | ५३४ |

## परिशिष्ट १० पीडित हुनेहरूको सङ्ख्या : घटनाको प्रकार र महिना

| घटनाको प्रकार | Jan | Feb | Mar | Apr | May | Jun | Jul | Aug | Sep | Oct | Nov | Dec | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| यातना | १ | | | | ५ | | | | | १ | | | ७ |
| गिरफ्तारी | | ७ | १ | १० | १०३ | ११५ | | | ३ | | ३०३ | २३ | ४६५ |
| घाइते | ९ | ७ | १० | १० | ४६ | ३६ | १ | | १ | ३४ | ४९ | २१ | २३४ |
| भेला/सङ्गठित हुने अधिकार | | | ५६ | ७ | ६१ | ४६ | | | १ | | | | १७१ |
| महिला अधिकार | ३९६ | ३८८ | ३०८ | ३७९ | ३५० | २०१ | ३१५ | ३१० | २६० | ३१२ | २५६ | ८५ | ३५६० |
| अपहरण | | | १ | | १० | | ३ | १ | २ | | १ | | १८ |
| कुटपिट | ११ | ३४ | ४१ | २५ | ७४ | ८६ | १४ | १४ | १७ | १३ | ७६ | ३८ | ४४३ |
| हिरासत वा थुनामा मृत्यु | | | | | १ | १ | | १ | १ | | | | ४ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | १ | | २ | १ | १ | १ | | | ५ | १ | १२ |
| हत्या | २७ | २५ | ३२ | १६ | २६ | २२ | १९ | २३ | २१ | १५ | ३० | ९ | २५५ |
| बाल अधिकार | ६२ | ६८ | ७७ | ७३ | ८३ | ५३ | ८९ | ६९ | ६० | ८२ | ३२ | ३५ | ७८३ |
| अमानवीय व्यवहार | ३ | ४ | ८ | १ | | ४ | २ | २ | ८ | १ | १ | ३ | ३७ |
| सबै प्रकारका जातीय विभेद | ८ | ४ | ३ | ५ | ४ | ९ | ३ | ४ | ३ | १ | १ | | ४५ |
| धम्की | ३ | १ | ७ | १ | ४ | ११ | १ | १ | २ | | ३ | १ | ३५ |
| जम्मा | ५२० | ५३८ | ५४५ | ५२७ | ७६९ | ५८५ | ४४८ | ४२६ | ३७९ | ४५९ | ६४७ | २१६ | ६०५९ |

## परिशिष्ट ११ जातजातिका आधारमा पीडित सङ्ख्या

| जातजाति | राज्यपक्षबाट | | | | गैरराज्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | नखुलेको | जम्मा | महिला | पुरुष | नखुलेको | जम्मा |
| सन्यासी | ७ | ८ | | १५ | ३६ | | | ३६ |
| ब्राम्हण | ३३ | १५७ | | १८० | ५४३ | १४५ | | ६८८ |
| बैश्य | | १ | | १ | ३ | | | ३ |
| बनिया | | १० | | १० | ३६ | ३ | | ३९ |
| दलित | ८ | ७७ | | ८५ | १०५८ | १०६ | | ११६४ |
| आदिवासी | | ६ | | ६ | ३५ | ७ | | ४२ |
| मण्डल | ३ | ३५ | | ३८ | १०३ | ९ | | ११२ |
| मुस्लिम | १ | ३२ | | ३३ | २५९ | १७ | | २७६ |
| नेवार | | | | | ८ | १ | | ९ |
| जनजाति | १२ | १३५ | | १४७ | १३०५ | १६१ | | १४६६ |
| क्षेत्री | २२ | १४२ | | १६४ | ८४६ | २१२ | | १०५८ |
| कोइरी | २ | ७ | | ९ | ३३ | ७ | | ४० |
| कायस्थ | १ | १ | | २ | १ | | | १ |
| तेली | १ | १२ | | १३ | ५२ | १० | | ६२ |
| गोडिया | १ | १ | | २ | ४ | | | ४ |
| यादव | ४ | ४० | | ४४ | १४० | १५ | | १५५ |
| नखुलेको | १ | ५ | ३२ | ३८ | १३७ | ९ | १ | १४७ |
| जम्मा | ८६ | ६५९ | ३२ | ७७७ | ४५७९ | ७०२ | १ | ५२८२ |

## परिशिष्ट १२ भौतिक संरचनामा क्षति

| घटनाको प्रकार | जम्मा |
|---|---|
| राजनीतिक पार्टी कार्यालयहरू | ७ |
| सरकारी सवारी साधानहरू | ११ |
| सरकारी कार्यालयहरू | ८ |
| सञ्चार क्षेत्र | २ |
| सामुदायिक भवन | १ |
| बैङ्क | १ |
| नागरिक उड्डयन कार्यालय | १ |
| निजी सवारी साधन | १०९ |

| | |
|---|---|
| निजी घर | ७ |
| निजी कार्यालयहरू | ४ |
| नगरपालिका भवन | ३ |
| प्रहरी चौकी | २ |
| निजी सम्पत्ति | ७ |
| जिल्ला वन कार्यालय | १ |
| विद्यालय | ७ |
| क्याम्पस | २ |
| जम्मा | १७३ |

परिशिष्ट ११

# सन् २०१७ मा जेलमा रहेका कैदी बन्दीहरूको सङ्ख्या

| प्रदेश | क्रसं | जिल्ला | श्रेणी | जेलको क्षमता | सन् २०१७ को अन्त्यमा जेलमा रहेकाहरूको सङ्ख्या | | | | | आश्रित | | जेलमा मृत्यु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | थुनुवा | कैदी | जम्मा | पुरुष | महिला | बालक | बालिका | |
| १ | १ | ताप्लेजुङ | ङ | ३५ | ३३ | ६५ | ९६ | ६५ | | | | |
| | २ | सङ्खुवासभा | घ | ३५ | ३४ | ६१ | १०५ | ९८ | ६ | | | |
| | ३ | सोलुखुम्बु | ङ | ३५ | ३० | ४९ | ६९ | ६५ | ४ | | | |
| | ४ | ओखलढुङ्गा | घ | ३५ | ११ | ४६ | ५८ | ४९ | ९ | १ | | |
| | ५ | खोटाङ | ङ | ९९ | ३३ | ६६ | ९९ | ९० | ९ | ३ | | |
| | ६ | भोजपुर | घ | ३५ | १६ | ६९ | ९६ | ९० | ६ | | | |
| | ७ | धनकुटा | ङ | ४० | ५ | ४९ | ५४ | ४९ | ५ | १ | | |
| | ८ | तेह्रथुम | ङ | ३५ | ६० | १८ | ८८ | ८१ | ६ | | | |
| | ९ | पाँचथर | ङ | ३५ | ३६ | ९३ | ११९ | १०५ | १४ | १ | १ | |
| | १० | इलाम | घ | १३५ | ५४ | १९८ | ३५३ | ३३४ | १८ | | | |
| | ११ | झापा | ख | ३०० | ३६४ | ४६४ | ८३८ | ७३९ | ६३ | ३ | १ | |
| | १२ | मोरङ | ख | ३०० | ३३७ | ४९७ | ७३४ | ६७३ | ६१ | ६ | | १३ |
| | १३ | मोरङ (बाल सुधार गृह) | | | | | ७७ | ७७ | | | | |
| | १४ | सुनसरी | ख | १६०० | ४३३ | ९८१ | १४०३ | १४०३ | | | | |
| | १५ | उदयपुर | ङ | ५० | ८१ | ५६ | १३७ | १३९ | ८ | | | |
| २ | १ | सप्तरी | घ | १३५ | १०५ | १८३ | ३८७ | ३७१ | १६ | | १ | |
| | २ | सिरहा | घ | १५० | १५४ | १७४ | ३३८ | ३०५ | ३३ | | | १ |
| | ३ | महोत्तरी | ख | १३५ | ३६७ | १५४ | ४३१ | ३८१ | ४० | १ | | |
| | ४ | सर्लाही | घ | १०० | कैदी छैनन् | | | | | | | |
| | ५ | रौतहट | ख | १०० | ९३ | ७८ | १७० | १६१ | ९ | | | |
| | ६ | पर्सा | ख | ७०० | ६०७ | ६०५ | १३१३ | १११० | १०३ | १ | १ | |
| ३ | १ | दोलखा | श्रेणी विहीन | १७ | ३५ | ५४ | ८९ | ८९ | | | | |
| | २ | रसुवा | ङ | ३५ | ३५ | ८० | १०५ | ९९ | ६ | | | |
| | ३ | धादिङ | ख | १५० | १४३ | ७१ | ३१४ | १९६ | १८ | १ | १ | |
| | ४ | नुवाकोट | घ | ८० | ३८ | १११ | १४९ | १३३ | १६ | | १ | |
| | ५ | काठमाडौँ (केन्द्रीय) | क | १५०० | ७३६ | ८३४ | १५६० | १५६० | | | | |
| | ६ | काठमाडौँ (भद्रबन्दी गृह) | क | ५०० | ३३८ | ४३५ | ६५३ | ६५३ | | | | |
| | ७ | काठमाडौँ (डिल्लीबजार) | क | ३०० | ३६६ | ३१९ | ५८५ | ५८५ | | | | |
| | ८ | काठमाडौँ (महिला) | घ | ३०० | १६८ | १६८ | ३३६ | | ३३६ | ५ | ५ | |
| | ९ | भक्तपुर(बाल सुधार गृह) | ग | १५० | ३८ | १०० | १३८ | १३८ | | १३३ | ६ | |
| | १० | ललितपुर | क | ६०० | ३३५ | ४७५ | ८०० | ८०० | | | | |
| | ११ | काभ्रेपलाञ्चोक | घ | ६१ | १३४ | ११४ | ३४८ | ३४८ | | | | |
| | १२ | रामेछाप | घ | ३०० | ३६ | ३४५ | ३७१ | ३६५ | ६ | | | |
| | १३ | सिन्धुली | घ | ३५ | ३३ | ७३ | ९५ | ८९ | ६ | | | |
| | १४ | मकवानपुर | ख | १३०० | ३०४ | ५११ | ८१५ | ८१५ | | | | |
| | १५ | चितवन | घ | ३५५ | ३८८ | ३०९ | ५९७ | ५४१ | ५६ | ५ | | |

| प्रदेश | क्र.सं. | जिल्ला | श्रेणी | जेलको क्षमता | सन् २०१७ को अन्त्यमा जेलमा रहेकाहरूको सङ्ख्या | | | | | आश्रित | | जेलमा मृत्यु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | थुनुवा | कैदी | जम्मा | पुरुष | महिला | बालक | बालिका | |
| ४ | १ | गोरखा | ङ | ५५ | ३१ | ६९ | १०० | ९३ | ८ | | | |
| | २ | मनाङ | श्रेणी विहीन | | | ९ | ९ | ९ | | | | |
| | ३ | मुस्ताङ | ङ | ३५ | ७ | ० | ७ | ६ | १ | | | |
| | ४ | म्याग्दी | घ | ३३ | ३१ | ६१ | ८३ | ७८ | ४ | | | |
| | ५ | कास्की | घ | १०० | १६३ | ५१९ | ६८१ | ६३७ | ५४ | | | |
| | ६ | कास्की (बाल सुधार गृह) | | | | | ५३ | ५३ | | | | |
| | ७ | लमजुङ | ङ | ३५ | ० | ७५ | ७५ | ६९ | ६ | | | |
| | ८ | तनहुँ | घ | ३५ | ४० | ६८ | १०८ | १०८ | | | | |
| | ९ | स्याङजा | ङ | ५० | ४१ | ६५ | १०६ | १०० | ६ | | | |
| | १० | पर्वत | ङ | ६० | ३४ | ५४ | ७८ | ७४ | ४ | | | |
| | ११ | बागलुङ | ङ | ३५ | १३ | ७० | ८३ | ७० | १३ | १ | १ | |
| ५ | १ | रुकुम (पूर्वी) | जेल छैन | | | | | | | | | |
| | २ | रोल्पा | घ | ५० | १५ | ५५ | ७० | ७० | | १ | | |
| | ३ | प्यूठान | घ | ३५ | ३४ | ४३ | ७७ | ७७ | | ३ | | |
| | ४ | गुल्मी | घ | ३५ | ७ | ५३ | ५९ | ५३ | ७ | | १ | |
| | ५ | अर्घाखाँची | ङ | ३५ | ११ | ३३ | ३३ | ३३ | १ | | | |
| | ६ | पाल्पा | ग | ३०० | ५८ | ३३८ | ३८६ | ३१८ | ६८ | ३ | | |
| | ७ | नवलपरासी (पश्चिम) | ङ | १३० | २०० | १७९ | ३७९ | ३१७ | ६३ | ३ | ३ | |
| | ८ | रुपन्देही | ग | १०० | ३३० | १०४ | ४३४ | ४३४ | | | | |
| | ९ | कपिलवस्तु | घ | ३०० | ९१ | ३३५ | ३१६ | ३१५ | १ | | | |
| | १० | दाङ (घोराही) | ग | ५० | ७७ | १३३ | २०९ | २०९ | | | | |
| | ११ | दाङ (तुलसीपुर) | ग | ४५० | | ३६६ | ३६६ | ३४३ | ३३ | १ | ३ | |
| | १२ | बाँके | ग | ३०० | ३८८ | ३५७ | ६४५ | ५८६ | ५९ | ३ | | १ |
| | १३ | बर्दिया | ग | १२५ | ८० | १८१ | ३६१ | ३४७ | १४ | | १ | |
| ६ | १ | डोल्पा | ङ | ३५ | ३ | ९ | १३ | १३ | | | | |
| | २ | मुगु | घ | १५ | कारागार भवन निर्माण प्रक्रियामा रहेकाले कैदी बन्दी अन्यत्र पठाउने गरिएको छ। | | | | | | | |
| | ३ | हुम्ला | घ | ३५ | कारागार भवन निर्माण प्रक्रियामा रहेकाले कैदी बन्दी छैनन् । | | | | | | | |
| | ४ | जुम्ला | घ | १८० | ७ | ४० | ४७ | ४३ | ४ | | | |
| | ५ | कालिकोट | घ | ३५ | ११ | ३४० | ३५१ | ३४८ | ३ | १ | | |
| | ६ | दैलेख | घ | ८० | १९ | १०३ | १२२ | ११३ | ९ | ३ | | |
| | ७ | जाजरकोट | घ | १० | १६ | ३८ | ५४ | ५४ | | | | |
| | ८ | रुकुम (पश्चिम) | घ | ३५ | १५ | ६८ | ८३ | ७५ | ८ | ३ | | |
| | ९ | सल्यान | घ | ३० | ३९ | ३९ | ७८ | ६९ | ९ | १ | | |
| | १० | सुर्खेत | ङ | ३५ | ३३ | १५३ | १७५ | १५८ | १७ | | १ | |
| ७ | १ | बाजुरा | ङ | ३५ | ११ | ३३ | ३४ | ३४ | | | | |
| | २ | बझाङ | ङ | ३५ | ९ | ४३ | ५१ | ५१ | | | | |
| | ३ | दार्चुला | घ | ४० | ९ | ३७ | ४६ | ४५ | १ | | | |
| | ४ | बैतडी | ख | ३५ | ८ | ३७ | ३५ | ३५ | | | | |
| | ५ | डडेलधुरा | ख | ३५ | ८ | ३७ | ३५ | ३५ | | | | |
| | ६ | डोटी | ख | ३० | ४ | ३० | ३४ | ३० | ४ | १ | | |
| | ७ | अछाम | ङ | ८० | ११ | ३४ | ३५ | ३८ | ७ | ३ | | |
| | ८ | कैलाली | घ | १२५ | १०३ | ३६५ | ३६७ | ३३९ | ३८ | ३ | | |
| | ९ | कञ्चनपुर | ग | ९५ | ४७ | ३०३ | ३५० | ३३१ | १९ | ४ | | |
| | | | जम्मा | १२५५९ | ७३५८ | १३१३६ | १९५१४ | १८१६६ | १३९० | ५५ | १९ | १५ |

अनुसूची ३

# सन् २०१७ को मानव अधिकार स्थितिबारे राजनीतिक दलका धारणा

## नेकपा एमाले

सन् २०१७ नेपालको मानव अधिकारका दृष्टिले मिश्रितखालको रह्यो। कतिपय पक्षमा हामीले उल्लेखनीय उपलब्धि हासिल गरेका छौं भने कतिपय सन्दर्भमा मानव अधिकारको स्थिति निकै चुनौतीपूर्ण देखिएको छ। नेकपा (एमाले) को दृष्टिमा सन् २०१७ मा नेपालको मानव अधिकार स्थितिका प्रतिनिधिमूलक प्रवृत्तिहरूलाई सङ्क्षेपमा प्रस्तुत गरिएको छ :

१. २०७२ असोजमा संविधान सभाद्वारा नेपालको संविधान जारी भएसँगै सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थालाई संस्थागत गरी राजनीतिक स्थिरता, दिगो शान्ति र आर्थिक समृद्धि हासिल गर्ने विश्वसनीय आधारशीला निर्माण भएको छ। संविधानमा प्रत्याभूत समानता, मानव सम्मान, पहिचान र अवसरको प्रवर्द्धन, सबैखालका विभेद र असमानता अन्त्य जस्ता विशेषताको कार्यान्वयन गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरण एवं समतामूलक र न्यायपूर्ण समाज निर्माणको प्रक्रिया सुरु भएको छ। संविधान कार्यान्वयनसँगै नेपाली जनताले आधारभूत अधिकार प्रत्याभूति गर्न पाउने ऐतिहासिक अवसर सिर्जना भएको छ।

२. संविधान कार्यान्वयनको सिलसिलामा गत: वर्ष स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाका ऐतिहासिक निर्वाचनहरू सम्पन्न भएका छन्। राज्यशक्तिको दुरुपयोग र केही हिंसाका घटनाबाहेक निर्वाचन आधारभूतरूपमा शान्तिपूर्णतवरले सम्पन्न भएको छ। निर्वाचनमा जनताको उत्साहपूर्ण सहभागिता र जनअभिमतमार्फत् स्थानीय तहदेखि केन्द्रसम्मै निर्वाचित जनप्रतिनिधिहरूबाट मुलुक शासित हुने स्थिति निर्माण हुनु विवेच्य वर्षको उल्लेखनीय उपलब्धि हो। निर्वाचित प्रतिनिधिहरूको अभावमा लामो समयदेखि रिक्त स्थानीय तहहरूमा निर्वाचनपश्चात् बेग्लै उत्साह देखापरेको छ भने मुलुकमा पहिलोपल्ट सिर्जना भएका सातवटै प्रदेशले नयाँ सरकारको आगमन पर्खिरहेका छन्। प्रतिनिधि सभामा वाम गठबन्धनको झण्डै दुईतिहाइ बहुमतमार्फत मुलुकले लामो समयदेखिको अस्थिरता, अवसरवादी राजनीतिक जोडघटाउ तथा राजनीतिक अस्थिरताले सिर्जना गरेको बाह्य हस्तक्षेप, आर्थिक अनुशासनहीनता तथा राज्यसंरचना निरन्तर कमजोर हुँदै जाने स्थिति अन्त्य हुने विश्वसनीय जग खडा भएको छ। यस वर्षको सर्वाधिक महत्वपूर्ण उपलब्धिका रूपमा हामीले संविधान कार्यान्वयनको निर्णायक कडीका रूपमा रहेको तीनै तहको निर्वाचन, त्यसमार्फत् प्राप्त नयाँ जनादेश र लामो सङ्क्रमणकाल अन्त्यलाई लिएका छौं।

३. नेपाल मानव अधिकारसम्बन्धी प्रमुख नौवटा महासन्धिमध्ये सातवटा महासन्धिसहित ३९ वटा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि अनुमोदन गरी पक्ष राष्ट्र भएको छ। महासन्धिहरू अनुमोदनपश्चात् तिनमा भएका प्रावधानको स्थानीयकरण गर्न नयाँ संविधान, कानुन, नीति तथा कार्ययोजना तर्जुमा गरिएका छन्।

मानव अधिकारलाई स्थानीय तहसम्म अनुभूत गराउने अभिप्रायले महासन्धिहरूमा उल्लेख भएबमोजिमका राष्ट्रिय संरचनाहरू निर्माण गर्ने, नीतिहरू तर्जुमा गर्ने र कार्यान्वयन गर्ने कार्य सुरुवात भएको छ।

चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना लागु हुनु, नेपाल प्रहरीलगायतका सुरक्षा एकाइहरूमा मानव अधिकारलगायत महिला तथा बालबालिकाका सवालहरू हेर्नका लागि सेलहरूको व्यवस्था हुनु, महिलाका मुद्दाको

सुनुवाइमा गोपनीयता, बाल इजलास, यातनाविरुद्धको क्षतिपूर्ति, लैङ्गिक हिंसाविरुद्धका ऐनहरू, छुवाछूतलाई सार्वजनिक अपराध मान्ने गरी कसुर सजाय ऐनको व्यवस्था, समावेशीकरणलाई सामाजिक न्यायको विषय बनाउँदै शासनमा समान सहभागिताको प्रावधान जस्ता विषय सकारात्मक छन्।

४. निर्वाचनका क्रममा उम्मेदवारलक्षित बम विष्फोटका घटना भए। दोलखा, बाजुरालगायत जिल्लामा प्रतिपक्षका कार्यकर्ताको हत्या गरियो। यसका कारण निर्वाचन भयरहित बन्न सकेन। निर्वाचन प्रक्रियामा राज्यको तर्फबाट नै आचारसंहिता उल्लङ्घन भयो। राज्यकोष दुरुपयोग गरेर बहालवाला मन्त्रीहरू प्रचारमा जानु, निर्वाचनलक्षित गरी पटकपटक मन्त्रिमण्डल हेरफेर गर्ने, कर्मचारी सरुवा गर्ने, निर्वाचनमा खटिने कर्मचारीलाई मतदानबाट वञ्चित गरिने जस्ता कार्यले नागरिक तथा राजनीतिक अधिकारको सम्मान गर्न सकेको देखिएन।

५. नेपालको संविधानले प्रत्याभूत गरेको स्वतन्त्रपूर्वक पेशा/व्यवसाय गर्ने, देशभित्र र बाहिर आवत-जावत गर्ने, सङ्घ/संस्था खोल्ने र त्यसमा आबद्ध हुने, बिनाहातहतियार शान्तिपूर्वक भेला हुने तथा प्रदर्शन गर्ने, अभिव्यक्तिलगायतका स्वतन्त्रताविपरीत नेकपा (एमाले) को 'मेची-महाकाली राष्ट्रिय अभियान' लाई प्रदेश नं. २ मा अवरुद्ध गरियो। अभियानअन्तर्गत २०७३ फागुन २३ गते राजविराजमा सभा सकिएपछि सरकारको तर्फबाट गोली चल्यो, पाँचजना नागरिकको ज्यान गयो। सरकारले शान्तिपूर्ण राजनीतिक गतिविधि गर्ने अधिकारको रक्षा गर्न सकेन भने कतिपय दलको व्यवहार अलोकतान्त्रिक, अराजक र असहिष्णु रहयो।

६. सशस्त्र द्वन्द्वका क्रममा हत्या, अङ्गभङ्ग, बलपूर्वक बेपत्ता, अपहरण, यातना तथा कुटपिट, यौनजन्य हिंसा, सम्पत्ति कब्जा एवम् नष्ट तथा बलपूर्वक विस्थापनलगायतका घटनाहरूको अनुसन्धान गर्न 'सत्य निरूपण तथा मेलमिलाप आयोग' र 'बेपत्ता व्यक्तिहरूको छानबिन आयोग' गठन भई छानबिन कार्य अघि बढेको भए पनि पीडितले न्याय महसुस गर्न सकेका छैनन्। घटना भएको दशक बढी समय बितिसक्दा पनि र आयोग गठन भएको तेस्रो वर्षसम्ममा पनि पीडित व्यक्तिहरूले न्याय एवम् परिपूरण प्राप्त गर्न सकेका छैनन्।

७. नेपालमा ५० हजारभन्दा बढी नागरिक सङ्गठन सामाजिक सांस्कृतिक रूपान्तरण, आर्थिक समृद्धि, नागरिक सशक्तीकरण, जनअधिकारको रक्षा तथा प्रवर्द्धनका लागि कार्यरत छन्। ती सङ्गठनको भूमिकालाई क्रमशः सङ्कुचनमा पार्ने कोसिस गरिँदैछ। नागरिक सङ्गठनहरूको व्यवस्थापन गर्ने नीति नियम केन्द्र सरकारसँग समेत प्रष्ट रहेको देखिँदैन।

८. गरिबीको बहुआयामिक सूचकाङ्कले नेपालमा २६ प्रतिशतभन्दा माथि गरिबी रहेको र प्रदेश नं. २ र ६ गरिबीको अत्याधिक चपेटामा परेको यथार्थ सार्वजनिक भएको छ। विश्व भोकमरी सूचकको विश्लेषणबमोजिम नेपाल ४४औँ नम्बरमा छ। खाद्यान्नको अधिकार आधारभूत अधिकारका रूपमा प्रत्याभूत गरिएको भए तापनि जनसङ्ख्याको ठूलो हिस्सा खाद्यान्नको अधिकारबाट वञ्चित रहेको अवस्था छ। दलित, सीमान्तकृत, जोखिममा रहेका समुदाय, पिछडिएको वर्ग र कर्णाली तथा सुदूरपश्चिम क्षेत्रको गरिबी दर उच्च छ। गरिबी निवारण तथा खाद्य अधिकार प्रत्याभूति सम्बन्धमा राज्यको भूमिका प्रभावशाली हुन सकेको छैन।

९. २०७२ वैशाख १२ गतेको भूकम्प र त्यसपछिका पराकम्पबाट घरबारबिहीन नागरिकलाई सुरक्षित ओतमुनि ल्याउने काम बिल्कुलै प्रभावकारी हुन सकेको छैन। तीन वर्षा र तीन हिउँद त्रिपालमुनि बिताउन बाध्य पीडितहरूको पीडाप्रति सरकार संवेदनशील हुन नसकेको यथार्थ पुनर्निर्माण प्राधिकरणमा पटक-पटक हस्तक्षेप गर्दै नेतृत्व परिवर्तन गर्ने र पीडितहरूको घाउमा मलम लगाउने जिम्मेवारी पाएका व्यक्तिलाई पुनर्निर्माणको काम अलपत्र पारेर निर्वाचनमा उम्मेदवार बनाउने कुराले नै स्पष्ट पार्छ। तराईका

बाढीपीडितको समस्या पनि उस्तै छ। शीतलहर, आगलागी, झाडापखाला, भाइरल ज्वरो जस्ता प्राकृतिक या मानवनिर्मित विपत्तिहरूबाट नागरिकलाई सुरक्षा दिने कुरामा राज्य संवेदनहीन देखिएको छ। भूमिहीनका समस्या यथावत छ।

१०. नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहसम्म अनिवार्य तथा नि:शुल्क, माध्यमिक तहसम्म नि:शुल्क शिक्षा पाउने हक हुने कुरा सुनिश्चित गरेको छ। यसका अतिरिक्त मातृभाषी, दलित, अपाङ्गता भएका व्यक्तिहरूका लागि शिक्षामा विशेष व्यवस्था गरिएको छ।

यद्यपि, अझै पनि उल्लेख्य सङ्ख्यामा नानीहरू विद्यालयको पहुँचदेखि बाहिरै रहने, विद्यालय भर्ना भएकामध्ये ठूलो सङ्ख्यामा बीचैमा पढाइ छाड्न (ड्रप आउट) बाध्य हुने, निजी तथा सामुदायिक विद्यालयबीच, हुने र नहुनेबीच, सहरी क्षेत्र र ग्रामीण क्षेत्रबीच शिक्षामा विभेद र असमानता झन बढ्दै जाने जस्ता समस्याले आमनागरिकलाई शिक्षामा समान पहुँच हासिल गर्न झन् जटिल बन्दै गएको देखिन्छ।

११. नेपालले मातृ र शिशु मृत्युदरमा हासिल गरेको उपलब्धि सकारात्मक देखिन्छ। यद्यपि, नि:शुल्करूपमा उपलब्ध हुने भनिएका औषधिहरूको अभाव, गुणस्तरीयतामा प्रश्न, सरकारी अस्पतालहरूमा व्यवस्थापन पक्ष कमजोर हुँदा स्वास्थ्य सेवा प्रभावित भएको छ। ग्रामीण क्षेत्रका अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा चिकित्सक एवम् स्वास्थ्यकर्मीहरूको अभाव देखिन्छ। स्वास्थ्य संस्थाहरूमा पूर्वाधार र सरसफाइको अभाव पाइएको छ।

१२. रोजगारी अभाव र असुरक्षाका कारण युवा जनशक्ति विदेशिने क्रम बढ्दै गएको छ। वैदेशिक रोजगारमा गएका कामदारहरूको सुरक्षा, सम्मान र हकका लागि खासै काम भएको देखिँदैन। उनीहरूबाट प्राप्त विप्रेषणले मुलुकको अर्थतन्त्रलाई महत्वपूर्ण योगदान गरेको देखिन्छ तर ती कामदारहरू स्वदेश फर्केपछिको जीविकोपार्जन, परिवारको सुरक्षा, उनीहरूका बालबालिकाको सुरक्षाको अवस्था कमजोर छ। कृषि श्रमिकहरूको न्यूनतम् ज्याला निर्धारण हुन सकेको छैन। रोजगारदाता र श्रमिकबीचको आयको असन्तुलनले असमानताको दर दिनानुदिन बढिरहेको देखिन्छ।

१३. संविधानत: महिला अधिकारको व्यवस्था सकारात्मक छ। राजनीतिमा महिला सहभागिता, सम्पत्तिमा समान हक, अंश र वंशमा समान हक, सेवा प्रवेशमा विशेष व्यवस्था, सेवाको सुरक्षा जस्ता प्रावधानहरू कानुनीरूपमै लागु गरिएका छन्। यद्यपि महिला हिंसाको अवस्था जटिल देखिन्छ। मानव अधिकार उल्लङ्घनका घटनामा सबैभन्दा बढी पीडितहरू महिला देखिएका छन्। शारीरिक तथा मानसिक शोषण, सांस्कृतिक शोषण, बेचविखन, छाउपडी, यौन शोषण, यौन हिसा, कार्यस्थलमा हुने हिंसा, भ्रुण हत्या जस्ता घटनाबाट महिला उत्पीडित भएका देखिन्छ। परिणामत: कमजोर स्वास्थ्य, मातृ मृत्युदर बढ्ने, साक्षरता दरमा कमी, विद्यालय छाड्ने, उच्च शिक्षासम्म पुग्न कठिनाइ हुने, रोजगारीमा अवसर प्राप्त गर्न नसक्ने, सेवा प्रवेश गर्न नसक्ने, घरधन्दामा समय बिताउनु परिरहेको जस्ता परिणाम देखिएका छन्। यस्तो अवस्थाले सामाजिक न्याय र समानताको हकको अनुभूति दिन नसकेको देखिन्छ।

१४. एउटा अध्ययनले ३३ दशमलव ९ प्रतिशत बालबालिका बालश्रममा र करिब ६ लाख बालबालिका जोखिमयुक्त श्रममा रहेको देखाएको छ। सहरी तथा तराई-मधेसका क्षेत्रमा घरेलु, औद्योगिक क्षेत्रमा, यातायात क्षेत्रमा, होटल आदि व्यवसाय र मनोरञ्जनको क्षेत्रमा बाल श्रमिकहरू अझै पनि संलग्न छन् भने पहाडी र हिमाली क्षेत्रमा बालबालिका भरियाका रूपमा समेत संलग्न भएका देखिन्छ।

१५. संविधानत: कुनै पनि आधारमा कुनै पनि नागरिकप्रति असमानतापूर्ण व्यवहार तथा भेदभाव नगरिने व्यवस्था रहेको भए पनि यद्यपि समाजमा दलित समुदायमाथि हुने सामाजिक भेदभाव कायम नै देखिन्छ। दलित समुदायको मानव विकास सूचकाङ्क शून्य

दशमलव ४३४ छ। संविधानले दलित समुदायका लागि विशेष र सामाजिक न्यायको हक व्यवस्था गरेको छ। प्रतिनिधित्व प्रणालीमा दलित समुदायलाई स्थानीय तह र समानुपातिक निर्वाचन प्रणालीमा विशेष प्रावधान राखे पनि दलित समुदायको आत्मसम्मान, सामाजिक समानता र प्रतिष्ठा प्राप्तिका लागि अझै धेरै गर्नुपर्ने देखिन्छ।

१६. समानता र अविभेदको सिद्धान्तअनुरूप अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार सम्बन्धमा मौलिक हकमा विशेष व्यवस्था भए पनि परिवार, समुदाय र राष्ट्रले अपाङ्गता भएका व्यक्तिहरूको विषयलाई अधिकारमुखी अवधारणाबाट हेरेको देखिँदैन। अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्गमैत्री भौतिक संरचना, भौतिक साधन र विशेष शिक्षा तथा सुविधा अभाव देखिन्छ।

१७. बढ्दो भ्रष्टाचार मानव अधिकारको चुनौतीका रूपमा छ। नागरिकलाई सरकारले दिनैपर्ने सेवा नदिने, झुलाउने, घूस लिने, कमिसन लिने, कमजोर भौतिक पूर्वाधार निर्माण गर्ने जस्ता कार्य भइरहेका छन्। राज्यकोषबाट बिनामापदण्ड रकम वितरण गर्ने प्रवृत्ति बढ्दै गएको छ। त्यसले विधिको शासन स्थापनामा अवरोध सिर्जना गरेको देखिन्छ।

१८. मानव अधिकार उल्लङ्घन गर्ने वा अपराध गर्नेलाई राजनीतिक संरक्षण दिने क्रम रोकिएको छैन। अदालतका फैसला कार्यान्वयन गर्न कठिनाइ छ भने मानव अधिकार आयोगका सिफारिसहरू कार्यान्वयन नभएको अवस्था विद्यमान छ। मानव अधिकार उल्लङ्घन, हनन् एवम् ज्यादती भएको भनी परेका उजुरीउपर अनुसन्धान गरी क्षतिपूर्ति एवम् कानुनी कारबाहीका लागि गरिएका सिफारिस सरकारले कार्यान्वयन गर्न सकेको देखिँदैन। मानव अधिकार सम्मानका लागि सरकार स्वयंले आयोगको काम, कारबाही र भूमिका स्वीकार गरेको देखिनुपर्छ।

१९. मानव अधिकारसँगै मानव कर्तव्य पनि जोडिन आउँछ। हरेक निकाय र व्यक्तिले मानव अधिकारका सिद्धान्तलाई व्यावहारिकरूपमा स्वीकार गरेको हुनुपर्छ। मानव अधिकारका सवालहरूको निरुपणको विषय मूलत: राज्यबाट सम्बोधन हुनुपर्ने भए तापनि मानव अधिकारको संरक्षण, प्रवर्द्धन र अनुगमनमा नागरिक सङ्गठनहरूको भूमिका महत्वपूर्ण छ। यसर्थ माथि उल्लिखित चुनौतीहरूको सामना गर्न राज्य, नागरिक सङ्गठन, निजी क्षेत्र र सञ्चार क्षेत्रको प्रभावकारी समन्वय तथा साझेदारी हुन जरुरी छ। यसका लागि राज्यले उपयुक्त वातावरण निर्माण गर्नुपर्छ।

**प्रदीप ज्ञवाली**

सचिव, केन्द्रीय सचिवालय, नेकपा एमाले

## नेपाली काङ्ग्रेस

सन् २०१७ को मुलुकको मानव अधिकारको सूचकाङ्क सन् २०१६ को तुलनामा उल्लेख्य सकारात्मक रहेको भनी दावी गर्नुपर्ने अवस्था रहेन। सन् २०१७ को प्रारम्भसँगै मुलुक नयाँ संविधानअनुसार पुनर्संरचित स्थानीय तहको निर्वाचनउन्मुख भएका कारण स्थानीय तहको निर्वाचनमा भाग नलिएका राजनीतिक दल बम बिष्फोट, आगजनीलगायत निर्वाचन बिथोल्ने हिंसाजनित गतिविधिमा समेत सक्रिय रहे। नेकपा (एमाले) लगायतका दलहरूले निर्वाचनमा फरक मत राख्ने नेपाली काङ्ग्रेस पार्टीका उम्मेदवारहरू, स्थानीय नेता तथा कार्यकर्ताहरूउपर साङ्घातिक आक्रमण गर्ने, बन्धक बनाउने, निर्वाचनमा उम्मेदवार हुनबाट वञ्चित गराउने, धाक, धम्की दिने तथा विभिन्न मानसिक यातना दिइ अवरोध खडा गर्ने, मतदान केन्द्र कब्जामा लिनेलगायतका गैरकानुनी घटनाक्रम गराइए।

नेपाली काङ्ग्रेसका सभापति एवं मुलुकका प्रधानमन्त्रीलाई समेत त्रसित बनाउने दुरासयका साथ उहाँको रात्रि मुकामनजिक बम बिष्फोट, उहाँ सहभागी चुनावी कार्यक्रम नजिक बम बिष्फोट, पार्टी केन्द्रीय पदाधिकारी तथा केन्द्रीय सदस्यहरूमाथि तथा उहाँहरू सवार गाडीमाथि बम आक्रमण गरी कतिपय नेताहरूको हत्याको प्रयाससमेत गरियो।

२०७४ मङ्सिर १२ गते दाङको तुलसीपुरमा नेपाली काङ्ग्रेसका सभापति एवं सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवासहित नेपाली काङ्ग्रेसका शीषर्स्थ नेताहरू सम्मिलित चुनावी आमसभास्थल नजिक गराइएको बम विष्फोटनमा परी निर्वाचनमा

खटिएका म्यादी प्रहरी जवान विनोद चौधरीको असामयिक र दु:खद् निधन हुनुका साथै अन्य सातजना गम्भीर घाइते हुन पुगे। यसैगरी, नेपाली काङ्ग्रेसका नेता रामचन्द्र पौडेललाई लक्षित गरी तनहुँको भानु न.पा. मा उहाँ सवार गाडीमा प्रेसर कुकर बम प्रहार गरी क्षतिग्रस्त बनाउनुका साथै सुरक्षार्थ खटिएका सुरक्षाकर्मीलाई घाइते बनाइयो। नेपाली काङ्ग्रेसका महामन्त्री प्रा.डा. शशाङ्क कोइरालाको चुनावी कार्यक्रममा नवलपरासी क्षेत्र नं. १ मा प्रयोगमा रहेको गाडीमा पनि आगजनी गरी पूर्णरूपमा क्षतिग्रस्त बनाइयो। पार्टी केन्द्रीय सदस्य एवं नुवाकोट क्षेत्र नं. १ का नेपाली काङ्ग्रेसका प्रतिनिधि सभा सदस्य उम्मेदवार डा. रामशरण महत र सोही क्षेत्रको प्रदेश निर्वाचन क्षेत्र नं. २ का उम्मेदवार रमेश महत सवार गाडीमा कात्तिक २४ गते बिहान प्रेसर कुकर बम आक्रमण गर्दा उपेन्द्र मिश्र, भेषकुमार तामाङ, सविन लामा, रमेश राईलगायतका चुनावी अभियानमा संलग्न पार्टीका कार्यकर्ताहरू गम्भीर घाइते हुन पुगे।

त्यसरी नै सोलुखुम्बुमा पार्टी केन्द्रीय सदस्य एवं प्रतिनिधि सभा सदस्य उम्मेदवार बलबहादुर केसी र प्रदेश सभा क्षेत्र नं. १ का उम्मेदवार प्रकाशसिंह कार्कीमाथि बाटोको जङ्गलमा लुकेर बसेका वाम गठबन्धनका कार्यकर्ताहरूद्वारा ढुङ्गामुढा प्रहार गर्दा पार्टी जिल्ला कोषाध्यक्ष पेमा तामाङलगायत आधा दर्जनभन्दा बढी स्थानीय पार्टी कार्यकर्ता सख्त घाइते हुन पुगे। पार्टी केन्द्रीय सदस्य एवं काठमाडौँ क्षेत्र नं. ४ का पार्टीका प्रतिनिधि सभा सदस्य उम्मेदवार गगनकुमार थापाको चुनावी घरदैलो कार्यक्रमका क्रममा बूढानीलकण्ठ चपलीमा उहाँलाई नै लक्षित गरी बम आक्रमण गर्दा उहाँको कान, ढाड र खुट्टामा चोटपटक लाग्न गई उहाँ गम्भीर घाइते हुनुभयो भने उहाँसँगै रहनुभएका ध्रुव खड्का, जयराज लामिछाने, रामकाजी श्रेष्ठ, सुमन खड्का, रवीन्द्र कार्की, पुष्पबहादुर श्रेष्ठ, राधिका कार्की, काशिलाल श्रेष्ठ, रीमा बस्नेत र रोशनराम थापासमेत सख्त घाइते हुनुभयो। काठमाडौँ क्षेत्र नं. ६ का पार्टीका प्रतिनिधि सभा उम्मेदवार भीमसेनदास प्रधानको ठमेलस्थित घरमा बम राखी आतङ्कित गर्ने प्रयास गरीयो।

यसरी नै पार्टीका केन्द्रीय सदस्य एवं तनहुँ क्षेत्र नं. २ प्रदेश सभा क्षेत्र नं. १ का उम्मेदवार प्रदीप पौडेलको शुक्लागण्डकी नगरपालिकास्थित घरमा बम प्रहार गरीयो। नेपाली काङ्ग्रेस झापाका सभापति एवं क्षेत्र क्षेत्र नं. २ का प्रतिनिधि सभाका सदस्य उम्मेदवार उद्धव थापाको घरमा बम विष्फोट गराई घर तथा पार्किङमा रहेको गाडीमा समेत पूर्णरूपमा क्षति पुऱ्याइयो। पार्टीका नवलपुर प्रतिनिधि सभा क्षेत्र नं. २ का उम्मेदवार विष्णुकुमार कार्की र पार्टीका नवलपरासी जिल्ला सभापति एवम् उक्त क्षेत्रको प्रदेश सभा क्षेत्र नं. १ का उम्मेदवार विष्णुकुमार लामिछाने सवार गाडीमा मङ्सिर ९ गते बिहान वाम गठबन्धनका हिंसात्मक जत्थाले बम प्रहार गरे। त्यस्तै समूहले नै ओखलढुङ्गाको चिशङ्खुगढी वडा नं. २ मा चुनावी अभियानमा रहेका नेपाली काङ्ग्रेसका स्थानीय नेता राजकुमार ढुङ्गानासहित पाँचजना सवार गाडी नियन्त्रणमा लिइ आक्रमणको प्रयास गरेकामा स्थानीयको प्रतिरोधपछि भाग्न बाध्य भएका थिए।

२०७४ मङ्सिर १३ गते उदयपुर जिल्ला क्षेत्र नं. २ का नेपाली काङ्ग्रेसका उम्मेदवार नारायणबहादुर कार्कीउपर बम प्रहार गरी गम्भीर घाइते बनाइयो भने सोही घटनामा निरा कटुवाल, धनमाया धौलाकोटी, राजन कार्कीसहित अन्य ३ जना पनि घाइते हुनुभयो। सोही जिल्ला क्षेत्र नं. १ का प्रतिनिधि सभा सदस्य उम्मेदवार एवं पार्टी केन्द्रीय सदस्य डा. नारायण खड्काको गाडीमा मङ्सिर १२ गते बम प्रहार गरी क्षति पुऱ्याइयो। नेपाली काङ्ग्रेसका पूर्वमहामन्त्री एवं झापा क्षेत्र नं. ३ का प्रतिनिधि सभा सदस्य उम्मेदवार कृष्णप्रसाद सिटौलाको चन्द्रगढीस्थित घरमा बम प्रहार गरी क्षति पुऱ्याइयो।

स्थानीय तह, प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको अवधिभर नै नेकपा (एमाले) का अराजक र उदण्ड जत्थाको निशानामा नेपाली काङ्ग्रेसका देशभरका पार्टीका उम्मेदवार तथा चुनावी अभियानमा सक्रिय नेता/कार्यकर्ता परि नै रहे। बाजुराको बूढीगङ्गा नगरपालिका १ मा मङ्सिर ७ गते चार दर्जनभन्दा बढीको सङ्ख्यामा आएका एमालेका कार्यकर्ताले धारिलो हतियार प्रहार गरी नेपाली काङ्ग्रेसका स्थानीय कार्यकर्ता कृष्णबहादुर थापा, अम्म थापा, ललित थापा, गोपाल थापा, गोरे सनाइ र लाल नेपालीलगायतलाई गम्भीर घाइते बनाउनुका साथै उनीहरूको साथमा रहेका नगद, मोबाइल, ज्याकेट, घडी तथा डायरीसमेत लुटेका थिए। धादिङमा गाउँ समितिका पार्टी सभापति सन्तोष बस्ताकोटीलाई एमालेका कार्यकर्ताले सुतिरहेको अवस्थामा बिहान ६:०० बजे ओछ्यानमै खुकुरी प्रहार गरी मरणासन्न बनाए। नेकपा (एमाले) का कार्यकर्ताद्वारा स्थानीय तहको निर्वाचनका क्रममा मतदान केन्द्र कब्जा गर्ने र

नागरिकको भयरहित वातावरणमा मतदान गर्न पाउने अधिकारसमेत अपहरण गर्ने प्रयास गरीयो। बझाङको जय पृथ्वी न.पा. वडा नं. ७ को सुलिपीपलचौर उच्च मा.वि. मतदान केन्द्र, अछामको चौरपाटी गाउँपालिका वडा नं. ४ को वैद्यनाथ मा.वि. मतदान केन्द्र, साँफेबगर नगरपालिका वडा नं. ६ चन्द्रोदय प्रा.वि. भाग्यश्वर मतदान केन्द्र कब्जामा लिइ उनीहरूले एकलौटी मतदान गरे।

निर्वाचनमा भयरहित वातावरणमा प्रत्येक वालिग मतदाताले आफूले रोजेको उम्मेदवारलाई आफ्नो मतदान गर्न पाउनु उसको नैसर्गिक अधिकार हो। सन् २०१७ को वर्षमा मुलुकमा सम्पन्न स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचनमा कथित वाम गठबन्धनका नाममा राज्यका सुरक्षा अङ्गहरूलाई समेत आतङ्कित पार्दै आफूहरूसँग असहमत राजनीतिक दल, दलका नेता, कार्यकर्ता, समर्थक तथा शुभेच्छुकहरूसमेतलाई भय र त्रासमा पार्ने कार्य गरियो।

फलस्वरूप, निर्वाचनको समयमा मुलुकमा बम बिष्फोट, आगजनी, उम्मेदवारकेन्द्रित साङ्घातिक आक्रमणका घटना गराई भय र सन्त्रासको वातावरण सिर्जना गर्ने प्रशस्त प्रयास गरियो। तथापि सङ्घीय गणतन्त्र नेपालको संविधानअनुसार मुलुकमा स्थानीय तहदेखि केन्द्रसम्मका सबै निकायको निर्वाचन सम्पन्न हुने क्रममा रहेको छ र मुलुक नयाँ अध्यायमा प्रवेशको चरणमा रहेको छ। यो उपलब्धिलाई अत्यन्त सकारात्मकरूपमा लिँदै सन् २०१७ को वर्षमा भएका मानव अधिकार उल्लङ्घनका घटना न्यूनीकरण गर्नका लागि सन् २०१८ को वर्षमा सरकारी निकाय, मानव अधिकार आयोग, मानव अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घ/संस्था, नागरिक समाजलगायत सरोकारवाला सम्पूर्ण निकाय र व्यक्तिसमेत अत्यन्त जिम्मेवार र सजग रहन जरुरी देखिन्छ।

**कृष्णप्रसाद पौडेल**
मुख्य सचिव, नेपाली काङ्ग्रेस

## नेकपा माओवादी केन्द्र

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रत्येक वर्ष झैं यस वर्ष पनि 'नेपाल मानव अधिकार वर्ष पुस्तक' प्रकाशित गर्न लागेकोमा खुशी लागेको छ ।

मानव अधिकारको पूर्ण प्रत्याभूतिको निम्ति जीवनमरणको सङ्घर्ष गर्दै आएको हाम्रो पार्टी शान्ति प्रक्रियाको थालनीदेखि नयाँ संविधान जारी भएको अवधि र त्यो संविधानको कार्यान्वयन क्रमशः हुँदै गएको वर्तमानसम्मको अवधि मानव अधिकारको प्रत्याभूतिको क्रमिक र चरणबद्ध रूपमा विकास हुँदै आएको अवधिको रूपमा बुझ्ने र त्यसरी नै ग्रहण गर्नुपर्दछ भन्ने मान्यता राख्दछ।

मानव अधिकारका सबभन्दा आधिकारिक दस्तावेज संविधान नै हो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको घोषणासँगै नेपाली समाजमा युगान्तकारी परिवर्तन भएको छ। संविधानले जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणालगायत लोकतालिन्त्रक मूल्य र मान्यता कायम गर्नुका साथै शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र खाद्य सम्प्रभुतालगायतका विषयलाई मौलिक हकको रूपमा कायम गरी वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक, धार्मिक, भाषिक, विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृति र सामाजिक न्याय सुनिश्चित गर्ने लक्ष्यसहित समाजवादप्रति प्रतिबद्ध राज्य व्यवस्थाको परिकल्पना गरेको छ।

नयाँ संविधान जारी भई कार्यान्वयन हुने सन्दर्भमा सन् २०१७ अत्यन्त महत्वपूर्ण वर्ष बन्यो। स्थानीय तहदेखि सङ्घीय तहसम्मको निर्वाचन यही वर्ष सम्पन्न भयो। संविधानले तोकेको समयासीमाभित्रै तीनै तहको निर्वाचन सम्पन्न हुनु र निर्वाचनमा व्यापक जनसहभागिता हुनु नेपाली जनताले आफ्नो नागरिक, राजनीतिक अधिकारप्रति देखाएको सचेत चासोको प्रतिबिम्ब हो भन्नु अत्युक्ति हुँदैन। निर्वाचनले मानव अधिकारलाई थप सुनिश्चित गरेको छ। एकात्मक र केन्द्रमा रहेको राज्यव्यवस्थालाई सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहमा कायम भई राज्यसत्ता जनताको प्रत्यक्ष पहुँचमा पुग्ने व्यवस्थाले राज्यको सेवा सुविधा अब स्थानीय तहमै पाउने स्थिति बनेको छ। राज्यका सम्पूर्ण अङ्गहरूमा समानुपातिक सहभागिताको नीतिअनुरूप शासनसत्तामा सबै जाति, लिङ्ग, क्षेत्र, समुदायको समानुपातिक सहभागिताको सुनिश्चितता भएको छ। यसरी समानुपातिक प्रतिनिधित्व र समावेशीकरण नेपाली लोकतन्त्रको अङ्ग बनेको छ।

मानव अधिकारको स्थिति मापन गर्ने अनगिन्ती सूचकहरू हुन्छन् । त्यसमध्ये अभिव्यक्ति स्वतन्त्रता, सङ्गठन गर्ने स्वतन्त्रता, प्रेस स्वतन्त्रता, निर्वाचन र जनसहभागिता आधारभूत सेवाहरू खाना, नाना र छानामा पहुँच, सरकारद्वारा स्थापित मानव अधिकार संस्थाहरूको क्रियाशीलता र सरकारको त्यसप्रतिको जवाफदेहीता, भ्रष्टाचारको अवस्था,

पारदर्शिता आदि महत्वपूर्ण सूचकहरू हुन् । यी सूचकहरूलाई आधार मान्दा सन् २०१७ नेपालमा मानव अधिकारको स्थिति सन्तोष गर्ने र निराश हुने दुवै अवस्था रहेन ।

अभिव्यक्ति र प्रेस स्वतन्त्रता सङ्घ, सङ्गठन खोल्ने स्वतन्त्रता, निर्वाचन र जनसहभागितालाई हेर्ने हो भने यो सन्तोषजनक रहृयो तर नयाँ संविधानले अङ्गीकार गरेका कैयौँ मौलिक हकको कार्यान्वयन भने यस वर्ष हुन सकेन, भ्रष्टाचार र पारदर्शिताको अवस्था विगत वर्षहरू जस्तै रहे । न्यायालय जुन रूपमा राजनीतिक दबावमुक्त हुनुपर्ने हो त्यो अवस्थामा सिर्जना हुन सकेन । जेलभित्रको अवस्था सुधारका लागि राज्यले गरेको प्रयत्न एकाध स्थान बाहेक अन्यत्र विकास हुन सकेन । सीमान्तकृतहरूको आवाज अझै मूलधारमा र राज्यको मुख्य एजेण्डा बन्न सकेन ।

यो वर्ष सङ्क्रमणकालीन न्याय निरूपण हुनुपर्ने वर्ष थियो । परन्तु सङ्क्रमणकालीन न्यायका लागि गठित सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगले आशा गरेजस्तो परिणाम दिन सकेन । यी आयोगको लक्ष्य अनुरूप कार्य सम्पादन गराउन राज्य असफल भयो र सङ्क्रमणकालीन न्यायका लागि गठित आयोगको कार्य क्षमताको विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा आलोचना हुन पुग्यो ।

सबैभन्दा दु:खद पक्ष यस वर्ष पनि भूकम्पबाट घरबारविहीन भएकाले बास पाउन सकेनन्। टहरोमा नै यो हिउँद बिताउन बाध्य भए। खाना, नाना र छानाको अभावमा करिब ४ दर्जन बढी नागरिकको ज्यान गयो। यसैगरी तराईमा शीतलहरका कारण दर्जनौँ नागरिकको मृत्यु हुन पुग्यो। यो वर्ष पनि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार प्रत्याभूतिका पक्षमा विगत वर्षहरूजस्तै कुनै महत्वपूर्ण विकास भएन। मानव अधिकारको पूर्ण प्रत्याभूति आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको प्रत्याभूतिको अभावमा सम्भव छैन। यो वर्ष नेपालको संविधानले व्यवस्था गरेका मौलिक हक उपयोग गर्ने उपयुक्त कानुनहरू निर्माण हुन सकेनन्।

नेपालले मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ लगायत मानव अधिकारसम्बन्धी कैयौँ महासन्धिहरूमा अनुबन्ध भएर मानव अधिकारको क्षेत्रमा अन्तर्राष्ट्रिय प्रतिबद्धता जाहेर गरेको छ। यो मानव अधिकारको क्षेत्रमा कोसेढु ा हो। तर मानव अधिकारको विषय व्यक्तिगत स्वतन्त्रता र सुरक्षाको प्रत्याभूतिमात्र नभएर यो समुदाय र राष्ट्रको स्वतन्त्रता, सुरक्षा र समृद्धिको पनि विषय हो। सिङ्गो समुदाय र राष्ट्रको स्वतन्त्रता, सुरक्षा र समृद्धिको प्रत्याभूति नभइकन व्यक्तिको मानव अधिकार अधुरै र खण्डित भइरहने हुँदा अबको सन्दर्भमा मानव अधिकारलाई व्यक्ति, समुदाय र राष्ट्रका अधिकारका रूपमा स्थापित गर्न आवश्यक छ। त्यही अनुरूप सन्धि/महासन्धिहरू जरुरी हुन्छ। त्यसतर्फ इन्सेकले आफ्नो तर्फबाट पनि पहल अघि बढाओस् भन्नेतर्फ ध्यानाकर्षण गराउन चाहन्छु।

सङ्क्षेपमा सन् २०१७ लाई मानव अधिकारको दृष्टिले मूल्याङ्कन गर्दा संविधान कार्यान्वयनको थालनी वर्ष र नेपाली जनताले लामो सङ्घर्ष र बलिदानबाट प्राप्त जनअधिकार बहालीका लागि पहल भएको वर्षका रूपमा लिनुपर्छ। तसर्थ यो वर्ष मानव अधिकार प्रत्याभूतिका हिसाबले निराशाजनक वर्ष नभई अधिकार प्रत्याभूत गर्न आशाको दियो बलेको वर्षका रूपमा लिनुपर्छ.। कतिपय राजनीतिक कारणले गर्दा मानव अधिकारका क्षेत्रमा गर्न सकिने कतिपय प्रगति भएन। त्यसैले यो वर्ष पूर्ण सन्तोषजनक वर्ष पनि हुन सकेन।

मानव अधिकारको पूर्ण प्रत्याभूतिको मूल आधार सम्बन्धित देशको राजनीति हो। राजनीतिले पूर्ण लोकतन्त्रको मार्ग अवलम्बन गरेमात्र मानव अधिकार प्रत्याभूतिमा गति र प्रगति हुन सक्छ। आगामी वर्ष मानव अधिकारको क्षेत्रमा नेपालले उल्लेख्य विकास गर्नेछ भन्ने हाम्रो विश्वास छ।

**प्रल्हाद बुढाथोकी**
मुख्य सचिव, केन्द्रीय कार्यालय

## राजपा नेपाल

इन्सेकद्वारा हरेक वर्ष नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको कुरा प्रशंसनीय छ र सोही क्रममा यस वर्ष पनि 'नेपाल मानव अधिकार वर्ष पुस्तक २०१८' प्रकाशन गर्न लागेको कुराले हामी हर्षित भएका छौँ। देशको समग्र मानव अधिकारको अवस्थाप्रति राजपा नेपालको अवधारणासमेत प्रस्तुत गर्न लागेकामा इन्सेक परिवारलाई राजपा नेपाल हार्दिक धन्यवाद ज्ञापन गर्छ।

'मानव अधिकार' व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार हुन् र यसले नेपाल पक्ष भएको मानव अधिकारसम्बन्धी

अन्तर्राष्ट्रिय निहित अधिकारसमेतलाई जनाउँछ। नेपालमा राष्ट्रिय स्तरमा संवैधानिक अङ्गका रूपमा मानव अधिकार आयोग गठन भएको कुरा सर्वविदितै छ। राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ दफा २ (च) अनुसार लोकतान्त्रिक शासन पद्धतिका आधारभूत मान्यताहरूमध्ये मानव अधिकार सम्बर्धन एवं संरक्षण पनि एक हो। मानव अधिकारको सम्बर्धन एवं संरक्षणले शान्ति र विकासको आधारशीला तयार हुने हुँदा राष्ट्रिय जनता पार्टी नेपालले सदैव मानव अधिकारप्रति सजग रहँदै यसलाई उच्च प्राथमिकतामा राखेको छ।

नेपालले मानव अधिकार, मानवीय कानुन र अन्तर्राष्ट्रिय श्रम सङ्गठनसमेत गरी विभिन्न ३९ वटा अन्तर्राष्ट्रिय दस्तावेजको पक्ष राष्ट्र भएर मानव अधिकारको सम्मान र संरक्षणका लागि प्रतिबद्धता जनाइसकेको अवस्था छ। साथै नेपालको संविधान र कानुनहरूमा समेत नागरिकका वैयक्तिक अधिकारहरू उल्लेख गरिएका छन्। ती अन्तर्राष्ट्रिय एवं राष्ट्रिय दस्तावेजमा उल्लेख भएका अधिकारबारे सबै पक्षलाई जानकारी प्राप्त गर्ने अवसर प्रदान गर्नु आवश्यक देखिएको छ। यस सन्दर्भमा नेपाल जस्तो अविकसित राष्ट्रमा मानव अधिकारको अवस्था सन्तोषजनक छैन। यसका विभिन्न कारणमध्ये राजनीतिक अस्थिरता, आर्थिक विपन्नता, सचेतनाको कमी, अख्तियार दुरुपयोग, राज्यद्वारा गरिने विभेद एवं सामाजिक कुरीति तथा कुसंस्कारहरू प्रमुख हुन्।

नेपालको सङ्क्रमणकाल मानव अधिकारविरुद्धको कार्य गर्ने एवं दण्डहीनता प्रवर्धनका लागि अनुकूल वातावरणका रूपमा विकसित हुँदै गएको छ। नेपालको नयाँ संविधानले समेत मानव अधिकारको संरक्षण तथा सम्बर्धनका लागि व्यवस्था गरेको भए पनि त्यो व्यवहारमा लागु भएको छैन। देशका विभिन्न भागमा भइरहेका हत्या, हिंसा, लुटपाट, बलात्कार एवं सामाजिक तथा राजनीतिक विभेदका घटनामा कुनै कमी आएका छैनन्। मानव अधिकारको संरक्षण तथा संबर्धन गर्ने निकाय आफैँ मानव अधिकार उल्लङ्घनका घटना गराउन अग्रसर भएका देखिन्छन्। राज्य आतङ्क सिर्जना भइरहेका छन्। प्रहरी तथा सेनाको संलग्नतामा निर्दोष तथा निहत्था व्यक्तिमाथि बर्बर ढङ्गले गोली तथा लठ्ठी बर्साउने काम भइरहेका छन्। व्यक्ति स्वतन्त्रपूर्वक बाँच्ने अधिकार पाउनका लागिसमेत लालायित देखिएका छन्। भय र त्रासको वातावरण सर्वत्र व्याप्त छ। नेपाल सरकारद्वारा गठित मानव अधिकार आयोग निरीह एवं मुकदर्शक भएको छ। यस परिस्थितिमा मानव अधिकारको कठिन अवस्था सहजै अनुमान गर्न सकिन्छ।

विगतको एक वर्षलाई मात्र पनि हेर्ने हो भने राजनीतिक पूर्वाग्रहबाट प्रेरित भएर राजनीतिक दलका नेता तथा कार्यकर्तामाथि राज्यद्वारा नियन्त्रण गर्ने नाममा व्यापक मानव अधिकार हनन भएका छन्। प्रतिपक्षी राजनीतिक दलका नेता एवं कार्यकर्ताहरूमाथि व्यापक धरपकड, झुटा मुद्दा लगाउने, कुटपिट गर्ने काम राज्य पक्षबाट गरिएका छन्। सामाजिक अपराधका घटना नियन्त्रण गर्न र कानुनी राज्य स्थापना गर्न सरकार असफल देखिएको छ। सामाजिक एवं राजनीतिक विभेदका कारण मानव अधिकार उल्लङ्घनका घटना बढ्दै गएका छन्। मानव अधिकार आयोगको प्रतिवेदन वा अन्य कुनै पनि घटना छानबिन आयोगको प्रतिवेदनलाई सार्वजनिक गरी कार्यान्वयन गर्नुको साटो त्यस्ता प्रतिवेदन दराजमा थन्काउने काममात्र गरिँदै आएको छ।

वास्तवमा सन् २०१७ मानव अधिकारका दृष्टिले अत्यन्तै कष्टकर रह्यो। मानव अधिकार हननमा यो वर्ष पनि सकारात्मक उपलब्धि हासिल भएको देखिँदैन। मानव अधिकार आयोग वा अन्य कुनै पनि छानबिन आयोगको प्रतिवेदन सरकारले अनिवार्यरूपमा लागु गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना गर्नुपर्छ। मानव अधिकारबारे जनचेतना विकास गरी यसको संरक्षण तथा संबर्धनका निमित्त सबै पक्ष उत्ति नै जिम्मेवार हुनुपर्ने आजको आवश्यकता रहेको छ।

अत: राज्यद्वारा मानव अधिकारप्रति संवेदनशील भई व्यक्तिको सार्वभौम अधिकारप्रति सम्मान गर्नुपर्ने भावना विकास नभएसम्म एवं सामाजिक तथा राजनीतिक क्षेत्रमा समेत कानुनी राज्यप्रति जनविश्वास नबढेसम्म मानव अधिकारको अवस्थामा सुधार आउने छैन। राजपा नेपाल आगामी वर्षमा राज्य पक्ष एवं सामाजिक तथा राजनीतिक क्षेत्रका व्यक्तिहरूद्वारा समेत मानव अधिकारको रक्षा एवं संबर्धनप्रति सचेत रहन अपिल गर्छ।

**कौशलेन्द्र मिश्र**
महासचिव

अनुसूची ४

# सन् २०१७ को मानव अधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा

## राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकारको क्षेत्रमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रत्येक वर्ष मानव अधिकार उल्लङ्घन र अपराधका घटना समावेश गरी 'नेपाल मानव अधिकार वर्ष पुस्तक' मार्फत सार्वजनिक गर्दै आएको छ, जसले सरोकारवालालाई आफ्नो भूमिक निर्वाह गर्न घच्घच्याइरहेको छ। यसपटक मुलुकको मानव अधिकार अवस्था, राज्य, गैरराज्य वा व्यक्तिगतरूपमा गराइएका मानव अधिकार हनन र आपराधिक प्रकृतिका घटनालगायत विषय समेटी प्रकाशित हुन लागेको मानव अधिकार वर्ष पुस्तकको म सफलता र निरन्तरताको कामना गर्छु।

मानव अधिकार संस्कृतिको विकासबिना सभ्य मुलुकको परिकल्पना गर्न सकिदैन। सरोकारवालाहरू यस सम्बन्धमा निरन्तर सचेत एवम् क्रियाशील हुन जरुरी छ। विशेषत: मानव अधिकारको सम्मान, संरक्षण एवम् परिपालनसम्बन्धी पहिलो दायित्व राज्यमाथि हुन्छ। आफूले गरेका प्रतिबद्धताबाट राज्य पन्छिन पाउँदैन। राज्य आफ्नो सो दायित्वभित्र रही कार्य पूरा गरे/नगरेको सम्बन्धमा निगरानी गर्ने र राज्य प्रतिबद्धताबाहिर गए जिम्मेवार बनाउने भूमिका राष्ट्रिय मानव अधिकार आयोग एवम् मानव अधिकारको क्षेत्रमा क्रियाशील सङ्घ/संस्थाको काँधमा छ।

मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिलाई नेपालले अनुमोदन गरेको छ। संविधान तथा कानुनमा मानव अधिकारका विषयलाई विशेष प्राथमिकताका साथ स्थान दिएको छ। मानव अधिकार राष्ट्रिय कार्ययोजना निर्माण गर्नुका साथै कार्यान्वयनका लागि विषयगत संयन्त्रहरू निर्माण भई कार्य भएको अवस्था छ। संविधानत: गठन गर्ने भनिएका मानव अधिकारसँग सम्बन्धित विभिन्न आयोगका लागि ऐन निर्माण हुनुले पनि ती समुदायमा सकारात्मक सन्देश दिएको छ। संविधानत: स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भएको छ।

यी सकारात्मक प्रयत्नका बाबजुद पनि समग्र मानव अधिकारको अवस्था सन्तोषजनक देखिएको छैन। मौलिक हक कार्यान्वयनका लागि कानुन निर्माण हुन सकेको छैन। सङ्क्रमणकालीन संयन्त्रमार्फत सम्बोधन हुनुपर्ने पीडितको पीडा सर्वोच्च अदालतको निर्देशनबमोजिम कानुन संशोधन हुन नसक्दा, दक्ष जनशक्तिको अभाव आदि कारण हुन सकेको छैन। अध्यादेशमार्फत सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग म्याद थप्ने प्रयत्न भए पनि पीडितको पीडा सम्बोधन हुन सक्ने भरपर्दो आधार देखिएको छैन। वैदेशिक रोजगार, छाउपडी प्रथा, छुवाछूत तथा जातीय विभेद, घरेलु हिंसामा कमी आउन नसक्दा मानव अधिकारको अनुभूति हुन सकेको छैन। सरकारबाट समयमा नै मानव अधिकार सन्धि समितिमा बुझाउनुपर्ने कतिपय आवधिक प्रतिवेदनसमेत पेश नहुँदा अन्तर्राष्ट्रिय जगतमा मुलुक र सरकारप्रति राम्रो सन्देश प्रवाह हुन सकेको छैन।

आयोगले मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाको हैसियतमा संविधान, ऐन र रणनीतिक योजनामा आधारित भई मानव अधिकारको संरक्षण, संवर्द्धनलगायतका कार्य गर्दै आएको छ। 'सबैका लागि घर-घरमा मानव अधिकार : शान्ति र विकासको आधा' भन्ने आह्वानलाई प्राथमिकतामा राखी कार्यहरू सम्पादन हुँदै आएका छन्। यस आवमा आयोगमा २ सय १० उजुरी दर्ता भएका छन्। मानव अधिकारका विविध विषयमा ३ सय ५० पटक अनुगमन भएको छ। पुराना र नयाँ गरी २ सय २० उजुरीमाथि अनुसन्धान भएको छ भने २ सय १ उजुरीमाथि निर्णय भएको छ। मानव अधिकार प्रवर्द्धनसम्बन्धी ३ सय ६९ वटा कार्य सम्पन्न भएका छन्। यस अविधमा १५ वटा प्रकाशन, ३७ प्रेस विज्ञप्ति र १३ वटा प्रेस नोट जारी हुनुका साथै दुईवटा पत्रकार सम्मेलन सम्पन्न भएको छ। मानव अधिकारसँग आबद्ध सङ्घ/संस्थाद्वारा आयोजित ४ सय ४ वटा कार्यक्रममा स्रोत व्यक्ति/विषय विज्ञका रूपमा उपस्थिति जनाएको छ। यस्तै मानव अधिकारसम्बन्धी विभिन्न सामग्री तथा वृत्तचित्र निर्माण,

प्रकाशनलगायतका कार्यले निरन्तरता पाइरहेका छन्।

कानुन निर्माणमा सरकार एवम् सरोकारवाला निकायहरूलाई सहयोग पुऱ्याउन मानव अधिकारको दृष्टिकोणबाट कानुनको पुनरावलोकन गरी सम्बद्ध निकायमा कार्यान्वयनका लागि पठाएको छ। कतार र नेपालको मानव अधिकार आयोगबीच प्रवासी कामदारहरूको विषयमा भएको समझदारीपत्रलाई कार्यरूप दिन रणनीतिक योजनामा हस्ताक्षर हुनु प्रमुख उपलब्धि हुन्। मानव अधिकार संस्कृति विकासका लागि आयोगले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा सरोकारवालाहरूसँग सहकार्य र समन्वयमा कार्य गर्दै आएको छ।

माथि उल्लिखित उपलब्धिका बाबजुद पनि आयोग चुनौतीभन्दा बाहिर छैन। दण्डहीनता आजको प्रमुख चुनौती बन्दै गएको छ। राजनीतिमा अपराधीकरण र अपराधमा राजनीतीकरणको निरन्तरताको अवस्था छ। आयोगका सिफारिस कार्यान्वयन नहुनु, सरकारबाट अपेक्षित सहयोग प्राप्त नहुनु, कानुनी अपर्याप्तता, भूकम्पबाट क्षतिग्रस्त आयोगको भवन निर्माण नहुनुको बीचमा आयोगले कार्यसम्पादन गर्नुपरेको अवस्था छ। उल्लिखित चुनौती सम्बोधन गर्न आयोगले सरकार एवम् सरोकारवालालाई घच्घच्याइरहेको छ। यी विविध चुनौतीका बाबजुद आयोग सबै भूगोल, क्षेत्र, भाषा, संस्कृति, वर्ग, समुदायको न्यायोचित आवाज सम्बोधन गर्नका लागि प्रयत्नशील छ।

अन्त्यमा, पुनः यस वर्ष पुस्तकको सफलता एवम् मानव अधिकारको संरक्षण र सम्वर्द्धनको क्षेत्रमा संस्थाको भूमिका स्मरणीय रहन सकोस्, शुभकामना !

**मोहना अन्सारी**
सदस्य/प्रवक्ता
राष्ट्रिय मानव अधिकार आयोग

## राष्ट्रिय महिला आयोग

महिलाको हक हित संरक्षण एवम् संवर्धन गरी महिला सशक्तीकरणमार्फत विकासको मूलप्रवाहमा महिलालाई प्रभावकारीरूपमा समाहित गर्दै महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्ने उद्देश्यका साथ वि.सं. २०५८ साल फागुन २३ गते राष्ट्रिय महिला आयोगको स्थापना तत्कालीन कार्यकारिणीको निर्णयबाट भएको हो। वि.सं. २०६३ सालमा राष्ट्रिय महिला आयोग ऐन, २०६३ बन्यो, उक्त ऐनले आयोगलाई एक अविच्छिन्न उतराधिकारवाला स्वशासित संस्थाको मान्यता दियो भने मौजुदा संविधानको भाग २७ धारा २५२ ले आयोगलाई संवैधानिक निकायका रूपमा मान्यता प्रदान गरेको छ। उक्त व्यवस्था कार्यान्वयन गर्नका लागि राष्ट्रिय महिला आयोग ऐन २०७४ जारी भई लागुसमेत भइसकेको छ।

नेपालको संविधानले राष्ट्रिय महिला आयोगलाई लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गर्ने र महिला हिंसा वा सामाजिक कुरीतिविरुद्ध महिला अधिकारको प्रवर्धन गर्ने जस्ता विशेष जिम्मेवारी र दायित्व प्रदान गरेको छ। आयोगले यी जिम्मेवारी र दायित्व पूरा गर्न विभिन्न समयमा महिला अधिकारको संवर्धन र महिला हिंसाविरुद्ध सचेतना अभिवृद्धि गर्न विभिन्न अभियान सञ्चालान गर्दै आएको छ। महिलाको हक, हित र अधिकार संवर्धन गर्ने कार्यमा सक्रिय रहनु, महिलासम्बन्धी नीति तथा योजना निर्माणमा सहयोग पुऱ्याउन विभिन्न आवश्यक कार्य गर्नु राष्ट्रिय महिला आयोगका नियमित कार्य नै हुन्। यसका लागि राष्ट्रिय महिला आयोगले विभिन्न क्षेत्र र निकायले गर्ने कामहरूको लैङ्गिक अध्ययन तथा अनुगमन गरी सिफारिस गर्नेलगायत कार्य गर्दै आएको छ।

राष्ट्रिय महिला आयोगको नेतृत्वमा विभिन्न सङ्घ/संस्थाबाट स्थानीय तहको निर्वाचन, २०७४ को पहिलो र दोस्रो चरणको निर्वाचनको लैङ्गिक अनुगमन भएको छ। लैङ्गिक अनुगमनका क्रममा पहिलो र दोस्रो चरणमा सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा जम्मा ३८ वटा जिल्लाका ४ सय ४२ मतदान स्थलको अनुगमन गरिएको थियो। २०७४ साल वैशाख ३१ गते सम्पन्न भएको पहिलो चरणको स्थानीय निर्वाचनमा प्रदेश नं. ३, ४ र ६ का ३२ जिल्लाको अनुगमनका लागि ४६ वटा संस्था तथा तिनका सञ्जालअन्तर्गत २ जना ९२ जना अनुगमनकर्ता परिचालन गरिएका थिए। २०७४ साल असार १४ गते सम्पन्न भएको दोस्रो चरणको निर्वाचनमा राष्ट्रिय महिला आयोग र विभिन्न छ जिल्लाका करिब ६० जना अनुगमनकर्ताले प्रदेश नं. १, ५ र ७ का ६ जिल्लामा लैि क अनुगमन गरेका थिए।

राष्ट्रिय महिला आयोगमा पछिल्लो एक वर्षमा दर्ता भएका घरेलु हिंसाका ३ सय ५६ र महिला हिंसाका ६९ उजुरीका तथ्याङ्क हेर्दा महिला हिंसाको अझ विकराल स्थिति छर्लङ्ग हुन्छ। महिला न घरभित्र

सुरक्षित छन् न त घरबाहिर नै। आर्थिक निर्भरताले गर्दा महिला आफ्नै परिवारका सदस्यबाट नै हिंसा सहन बाध्य छन्। सन् २०१७ को लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको समापन समारोह र मानव अधिकार दिवसको अवसरमा हिंसामा परेका महिलाका लागि उजुरी प्राप्त गर्ने नयाँ व्यवस्थाका रूपमा 'खबर गरौं ११४५' हेल्पलाइन सञ्चालनमा ल्याएको छ।.यसको उपयोग गरी लैङ्गिकतामा आधारित हिंसा न्यूनीकरणमा सहयोग पुऱ्याउन आमनागरिक सरोकारवाला संस्थासँग अपिल गर्छ।

मुलुक लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भएपछि सातवटै प्रदेशमा आवश्यकताअनुसार आफ्नो कार्यालय स्थापना गर्न सक्ने व्यवस्थासमेत संविधानले नै सुनिश्चित गरेको छ। तसर्थ विगतभन्दा अब राष्ट्रिय महिला आयोगको कार्य जिम्मेवारी बृहत् हुन गई आम नेपाली महिलाको लैङ्गिक न्याय र महिला अधिकार सुनिश्चित गर्ने भरोसाको संस्था बनेको छ।

**तुलसीराम सेढाई**
सचिव
राष्ट्रिय महिला आयोग

## राष्ट्रिय दलित आयोग

इन्सेकले मानव अधिकार वर्ष पुस्तक २०१८ प्रकाशन गर्न लागेकोमा शुभकामना। नेपालमा सदियौंदेखि विद्यमान जातीय भेदभाव तथा छुवाछूत जस्तो कुसंस्कारका कारण आज सिङ्गो मानव जगत तहसनहस भएको छ। राष्ट्रिय विकासको मूल प्रवाहबाट किनाराकृत गरीएका दलित समुदायमाथि पेशा र वंशका आधारमा गरींदै आएको जातीय भेदभाव र छुवाछूत अन्त्य गरी दलित समुदायको आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक र सांस्कृतिक क्षेत्रमा समान सहभागिताको प्रत्याभूति गरी दलित मानव अधिकारको सुनिश्चितता गर्दै जातीय भेदभाव तथा छुवाछूतरहित समतामूलक समाज निर्माण गरी सबैका लागि स्वतन्त्रता, समानता, सामाजिक न्याय, मानव अधिकारको सहज उपभोग सुनिश्चित हुने वातावरण सिर्जना गरी दलित समुदायलाई राष्ट्र विकासको मूलधारमा ल्याउने लक्ष्यका साथ राष्ट्रिय दलित आयोगले आफ्नो स्थापनाकालदेखि नेपाली समाजमा कलङ्ककका रूपमा रहेको जातीय भेदभावका घटना अनुगमन गरी सम्बन्धित निकायमा सिफारिस गर्ने, दलित समुदाय लक्षित आवश्यक नीति निर्माणका लागि सरकारलाई सुझाव दिने जस्ता कार्य गर्दै आइरहेको छ।

परम्परागतरूपमा समाजमा जकडिएर रहेको जातीय भेदभाव तथा छुवाछूत जस्तो कुसंस्कारले नेपाली समाजको संरचना र धार्मिक तथा सांस्कृतिक आस्थामा थुप्रै विसङ्गति जन्माएको र कतिपय अवस्थामा यस्तो कुरीतिले हिंसाजन्य अपराधलाई समेत प्रश्रय दिएकाले यस प्रकारको सामाजिक कुरीति अन्त्य गरी भेदभावरहित समतामूलक समाज निर्माण गर्नु आवश्यक भएको छ। सबै किसिमका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ ले कानुनका सामु सबै जातजाति समान हुनेछन् भन्ने प्रमुख अवधारणालाई आत्मसात गरेको छ। नेपाल यो अन्तर्राष्ट्रिय महासन्धिको सन् १७७१ देखि नै पक्ष राष्ट्र भएको हो।

नेपालको संविधान २०७२ को प्रस्तावनामा नै सबै प्रकारका जातीय छुवाछूत अन्त्य गर्ने सङ्कल्प गरीएको छ भने संविधानको धारा १६ सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ स्वतन्त्रताको हक, धारा १८ समानताको हक, धारा २४ छुवाछूत तथा भेदभावविरुद्धको हक, धारा ४० मा दलित हक, धारा २५५ मा राष्ट्रिय दलित आयोगको व्यवस्थालगायतका दलित समुदायको पक्षमा उल्लेख्य व्यवस्था गरेको छ। राज्यले सबै नागरीकलाई समान व्यवहार गरीरहेको परिप्रेक्ष्यमा विडम्बना जातीय भेदभाव तथा छुवाछूतसँग सम्बन्धित घटनाहरू भइरहेका छन्। २०७३ साल साउन १ गतेदेखि २०७४ असार मसान्तसम्म आयोगमा दर्ता हुन आएका जातीय भेदभाव तथा छुवाछूतसँग सम्बन्धित उजुरीहरू ५६ वटा चलेकामा दुईवटा फैसला भएको र नौवटा मुद्दा चलिरहेका छन्।

**रामबहादुर विश्वकर्मा**
प्रशासकीय अधिकृत

## परराष्ट्र मन्त्रालय

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले नेपाल मानव अधिकार वर्ष पुस्तक-२०१८ प्रकासन गर्न लागेको थाहा पाउँदा हामीलाई खुशी लागेको छ।

नेपालको संविधानले मानव अधिकारका मुलभूत सिद्धान्तलाई विस्तृत रूपमा व्याख्या गरेको छ। नेपाल २४ ओटा अन्तर्राष्ट्रिय मानव अधिकारसँग सम्बन्धित दस्तावेज तथा सात महासन्धिको पक्ष राष्ट्र तथा संयुक्त राष्ट्रसङ्घको सदस्य रहेको कारण मानव अधिकारको सम्मान र प्रवर्धन गर्न सधैं तत्पर रहेको छ। नेपालको मानव अधिकारप्रतिको प्रतिबद्धता यसले

वर्षौंदेखि अङ्गीकार गरेको घरेलु कानुन, संस्थागत, नीति तथा प्रशासनिक माध्यमले उजागर गर्दछन्।

सम्माननीय प्रधानमन्त्रीले संयुक्त राष्ट्रसङ्घको ७२ औँ महाभेलालाई सम्बोधन गर्दै 'सबै मानव जाति समान हुन् र एक अर्कामा अन्तरसम्बन्ध राख्छन्। उनीहरूलाई विकासको अधिकार दिइनु पर्छ। नेपालको संविधानले सबै नेपालीको इच्छालाई समाहित गरेको छ साथै यसले अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्ड अनुरूप मानव अधिकार तथा यसका मुलभूत स्वतन्त्रताले सुनिश्चित गरेको छ। हामी जनताको मानव अधिकार तथा यसको संवर्द्धनका लागि पूर्ण रूपमा कटिबद्ध छौँ' भन्ने धारणा राख्नु भएको थियो।

नेपालले आफू पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय महासन्धि मार्फत जनाएका प्रतिबद्धता तथा दायित्वहरूका बारेमा सम्बन्धित निकायलाई जानकारी गराउँदै आएको छ। नेपालले अन्तर्राष्ट्रिय महासन्धि अन्तर्गत सबै प्रकारका जातीय विभेदको अन्त्य तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्यसम्बन्धी आफ्नो प्रतिवेदन २०१७ मा प्रस्तुत गरिसकेको छ। असक्त व्यक्तिको अधिकारसम्बन्धी महासन्धि अन्तर्गत नेपालको आवधिक प्रतिवेदन मानव अधिकार समितिमा विचाराधीन रहेको छ। संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्मा २०१८-२०२० सम्मको लागि नेपाल निर्वाचित हुनुले पनि यसले मानव अधिकारप्रति गरेको प्रतिबद्धतालाई उजागर गर्दछ।

नेपालले विश्वव्यापी मान्यता प्राप्त मानव अधिकारको संवर्द्धन तथा प्रवर्धनका साथै आप्रवासी कामदारको हित र अधिकारका लागि आफ्नो प्रयास जारी राखेको छ। परराष्ट्र मन्त्रालय तथा विदेशमा रहेका वैदेशिक नियोगले निरन्तर रूपमा आप्रवासी कामदारहरूलाई कानुनी सहायता तथा परामर्श प्रदान गर्दै आइरहेका छन्। यस्ता नियोगहरू श्रम शोषणमा परेका तथा बिरामी तथा अशक्त नेपालीहरूलाई सुरक्षित तबरले स्वदेश फिर्ता पठाउने कार्यमा सक्रिय रहेका छन्।

परराष्ट्र मन्त्रालय अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्र, चौथो मानव अधिकार कार्ययोजनाका साथै राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरूलाई कार्यान्वयन गर्ने कार्यमा संलग्न रहँदै आएको छ। अन्त्यमा, यस मन्त्रालय नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन तथा यसको सफलताको कामना गर्दछ।

**प्रतीक कार्की**
शाखा अधिकृत

## गृह मन्त्रालय

नेपालमा मानव अधिकार अवस्थाका सन्दर्भमा सन् २०१७ विगतका वर्षहरूको तुलनामा उत्कृष्ट रहेको छ। यस वर्ष निर्वाचनका सन्दर्भमा केही घटना भए तापनि मानव अधिकार उल्लङ्घनका खास घटना नभएको अवस्था छ। नेपालको संविधानले व्यवस्था गरेअनुरूप मुलुकमा निर्वाचन सम्पन्न गर्नका लागि स्थानीय तह निर्वाचन ऐन, प्रदेश सभा निर्वाचन ऐन, सङ्घीय निर्वाचन ऐन, राष्ट्रिय सभा निर्वाचन ऐन, नियमावली, निर्देशिकाहरू तर्जुमा गरिएको साथै निर्धारित समयमा स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा स्थानीय तह, प्रदेश सभा र सङ्घीय संसद्को निर्वाचन सम्पन्न भएको छ। यसबाट आमजनताले आफ्नो राजनीतिक आधारको पूर्णरूपले उपभोग गर्ने अवसर प्राप्त भएको छ।

निर्वाचनका सन्दर्भमा भएका छुटपुट घटनाबारे छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्ने र दोषीलाई कारबाही गर्नका लागि आयोग गठन भई कार्यारम्भ भएको छ। मधेस आन्दोलनका क्रममा भएका घटनाहरुको छुट्टै छानबिन गरी सत्यतथ्य बाहिर ल्याउने, दोषीउपर कारबाही गर्ने, पीडितलाई क्षतिपूर्ति दिनेलगायतका विषयहरू छानबिन गर्न मधेस आयोग गठन भई सोको विस्तृत प्रतिवेदनसमेत प्राप्त भएको अवस्था छ।

राजनीतिक र प्रशासनिक पुनर्संरचनासहितको तीन तहको राज्यका संरचना तदनुरूप तीनवटै तहका निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र स्वतन्त्ररूपबाट सम्पन्न भई लामो समयदेखिको सङ्क्रमणकालीन अवस्थाबाट दिगो, शान्ति स्थिरता र समावेशीकरणसहितको राज्यको नीतिबमोजिमका लक्ष्य प्राप्तिउन्मुख वर्षका रूपमा एवम् मानव अधिकार प्रवर्धनका दृष्टिमा सन् २०१७ महत्वपूर्ण एवम् सफल वर्षका रूपमा रहेको छ।

**ईश्वरराज पौडेल**
सहसचिव

## नेपाली सेना

१. नेपाली सेना सदैव नेपाली जनतामा अन्तर्निहित सार्वभौमसत्ताको व्यवहार प्रत्याभूति गर्ने विषयलाई आत्मसात गर्दै विश्वव्यापीरूपमा स्वीकृत आधारभूत मानव अधिकारको पालना/संरक्षण गर्न कटिबद्ध छ।

२. नेपाली सेनालाई आधुनिकीकरण गर्ने तथा व्यावसायिक सेनाका रूपमा विकास गर्दै लैजाने सिलसिलामा सैनिक ऐन, २०६३ को दफा २० मा भएको प्रावधानबमोजिम नेपाली सेनामा सञ्चालन हुने हरेक किसिमका तालिममा अन्तर्राष्ट्रिय मानवीय कानुन र मानव अधिकारसम्बन्धी विषय समावेश गरी सकल दर्जालाई तालिम तथा प्रशिक्षण गरिँदै आइरहेको छ।

३. विश्वमा भइरहेका सशस्त्र द्वन्द्वलाई व्यवस्थित गर्नका लागि युद्धसम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू तर्जुमा भएका छन्। तथापि, सशस्त्र द्वन्द्व आफैँमा जटिल अवस्था भएको हुँदा उक्त कानुनहरूले वर्जित गरेका घटनाहरूसमेत देख्न/सुन्नमा आएको पाइन्छ। नेपालको सन्दर्भमा भएको द्वन्द्व आफ्नै किसिमको भएको र नेपाली स्वयम्ले नै शान्तिमा रूपान्तरण गरेको सन्दर्भमा विस्तृत शान्ति सम्झौता, २०६३ मा भएका प्रावधानअनुरूप मानव अधिकारको गम्भीर उल्लङ्घन गरेको भन्ने विषयलाई सम्बोधन गर्न गठन भएको तथा गठन हुने सङ्क्रमणकालीन न्यायलाई आफ्नो कार्य सम्पन्न गर्न पूर्ण सहयोग गर्ने नै छ।

४. नेपालको संविधानले परिकल्पना गरेअनुरूपको सङ्घीय राज्य स्थापनाका क्रममा हालसालै सम्पन्न भएको स्थानीय निकाय, प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनलाई सफल बनाउन राज्यका अन्य अङ्गका साथै नेपाली सेनाले मानव अधिकार तथा मानवीय कानुनलाई मध्यनजर राखी कार्य सम्पन्न गरेको छ।

५. अन्तमा, मानव अधिकारको क्षेत्रमा कटिबद्ध भई लाग्ने अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को सफलताको कामना गर्दै त्यस संस्थाद्वारा प्रकाशित हुन लागेको 'नेपाल मानव अधिकार वर्ष पुस्तक २०१८' को सन्दर्भमा हार्दिक शुभकामना व्यक्त गर्छु।

**राजेश्वर भट्टराई**
प्राड सहायक रथी, निर्देशक

## नेपाल प्रहरी

मानव अधिकार तथा सामाजिक न्यायका लागि सन् १९८८ देखि कार्यरत अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले 'मानव अधिकार वर्ष पुस्तक' प्रकाशनलाई निरन्तरता दिएको कुराले हामीलाई खुसी लागेको छ। कुनै पनि राष्ट्रको मानव अधिकारको अवस्था त्यस देशका नागरिक कति सुसूचित छन् भन्ने कुराले निर्क्योल गर्छ। कानुन पालना गर्ने/गराउने कुरा त्यसबेला मात्र सम्भव हुन्छ जुनबेला नागरिक कानुनको सम्मान दिलदेखि नै गर्न तत्पर रहन्छन् र राज्यका प्रतिनिधिहरू जनताका हक अधिकारको संरक्षणमा तल्लीन।

देशमा मानव अधिकारको अवस्था सन् २०१७ मा कस्तो रह्यो भन्नुभन्दा पनि नेपाल प्रहरीले मानव अधिकार संरक्षण, प्रवर्धनका क्षेत्रमा कसरी काम गरिरहेको छ भन्ने कुरा सम्प्रेषण गर्न सकिएमा त्यसले यस पुस्तकका माध्यमबाट जनतासँगको सामीप्यता थप्नेछ भन्ने विश्वास हामीले लिएका छौँ।

यसै वर्ष तीन चरणमा गरी स्थानीय निकायहरूको चुनाव सम्पन्न हुनुका साथै केन्द्र र प्रदेशको चुनाव पनि दुई चरणमा सम्पन्न भइसकेका छन्। यस वर्षका लागि शान्तिपूर्णरूपमा चुनाव सम्पन्न गर्नु नै हाम्रा लागि ठूलो चुनौती थियो र छिटफुट घटनाबाहेक सम्पूर्ण चुनावी अवस्था विश्लेषण गर्दा शान्तिपूर्णरूपमा चुनाव सम्पन्न भएको हाम्रो निष्कर्ष छ। निर्वाचनमा नै केन्द्रित रहनुपर्ने यस अवस्थामा पनि नेपाल प्रहरीले सेवा प्रवाह एवम् कानुन कार्यान्वयनका क्रममा सुशासन कायम गर्दै मानव अधिकारको संरक्षण एवम् प्रवर्धनका लागि निम्न कुरामा विशेष जोड दिएर कार्य गऱ्यो :

**तालिम** : नेपाल प्रहरीले विशेषगरी प्रोएक्टिभ एवम् रिएक्टिभ दुवै एप्रोचलाई ध्यान दिएर काम गरेको छ। मानव अधिकारको संरक्षण एवम् प्रवर्धन गर्दै

सुशासन प्रवाह गर्नका लागि यसको पहिलो सर्त भनेको नै सक्षम मानव संसाधन हो भन्ने महसुस गरी कानुन कार्यान्वयन एवम् सेवा प्रवाहका क्रममा प्रहरी कर्मचारीबाट हुन सक्ने मानव अधिकार हननका क्षेत्र पहिचान गरी प्रहरी कर्मचारीलाई प्रदान गरिने सबै आधारभूत तालिममा मानव अधिकार विषय समावेश गरी प्रशिक्षण प्रदान गरेको छ भने भिड नियन्त्रणका क्रममा बढी बल प्रयोग नहोस् भन्ने उद्देश्यका साथ बल प्रयोगको सिद्धान्त तथा हातहतियारको प्रयोग, भिड नियन्त्रण तथा व्यवस्थापन, हिरासत व्यवस्थापन, नागरिकमैत्री सेवा, मानव अधिकारलगायत महिला तथा बालबालिका सम्बन्धमा समेत विभिन्न उन्नत तालिम, अनुशिक्षणहरू झण्डै ७ हजारभन्दा बढी प्रहरी कर्मचारीलाई प्रदान गरियो।

**सहकार्य** : नेपाल प्रहरीले प्रहरी कर्मचारीहरूबाट हुन सक्ने मानव अधिकार हनन रोक्नका लागि विविध सङ्घ/संस्थासँग समन्वय, सहकार्य गरिआएको छ। विशेषगरी विभिन्न सङ्घ/संस्थासँग अन्तरक्रिया गरी प्राप्त रचनात्मक सुझाव कार्यान्वयन गरिने, कतिपय सङ्घ/संस्थाको सहकार्य एवम् सहयोगमा कर्मचारीका लागि तालिम प्रदान गरिएको थियो भने कतिपय सङ्घ/संस्थाको बैठकमा सहभागी भई प्रहरी सङ्गठन एवम् घटनाविशेष सम्बन्धमा उठेका टिकाटिप्पणीलाई सङ्गठनको धारणा एवम् भएका सत्यतथ्य उजागर गर्ने गरिएको थियो। मानव अधिकार आयोगबाट प्राप्त निर्देशन कार्यान्वयनका साथै मानव अधिकार आयोग, विदेशी नियोगहरू र काठमाडौँ स्कुल अफ लसँगको सहकार्यमा कर्मचारीलाई मानव अधिकार एवम् सम्बन्धित विषयहरूमा प्रशिक्षण प्रदान गरिएको थियो। काठमाडौँ स्कुल अफ लले विगत दुई वर्ष नेपाल प्रहरीका ३५ जना सिनियर प्रहरी कर्मचारीलाई सुशासन एवम् मानव अधिकारको संरक्षण र प्रवर्धनमा विभिन्न चरणमा तालिम प्रदान गरी मित्रराष्ट्र डेकमार्कको अध्ययन भ्रमण गराई उनीहरूबाट नै आफू कार्यरत कार्यालयहरूमा परियोजना सञ्चालन गरी प्रहरी कार्यालयहरूमा मानव अधिकारको अवस्था सुदृढ पार्ने कार्य गरिएको थियो। यही कार्यक्रमअन्तर्गत जुनियर प्रहरी अधिकारी एवम् प्रहरी जवान, हवल्दारका लागिसमेत मानव अधिकार तालिमहरू प्रदान गरियो। यसर्थ गत वर्ष जनशक्ति उत्पादनका हिसाबबाट पनि उपलब्धिमूलक रहयो।

**भौतिक स्रोत साधनको व्यवस्थापन एवम् प्रहरी कार्य तथा अपराध अनुसन्धानमा वैज्ञानिक स्रोत साधनको प्रयोग** : मानव अधिकारको पूर्ण प्रत्याभूतिका लागि दक्ष जनशक्तिका साथै प्रहरी काम कारबाहीमा वैज्ञानिक स्रोत साधनको प्रयोग पनि आवश्यक हुन्छ। नेपाल प्रहरीले नागरिकमैत्री कार्यालय निर्माण, हिरासत कक्षहरूमा सिसिटिभी जडान, अन्तर्वार्ताका लागि उपकरणसहितको आधुनिक कक्ष, महिला तथा बालबालिकामाथि हुने हिंसा, अपराध अनुसन्धानका लागि तालिम प्राप्त प्रहरी (महिला) सहितको छुट्टै कक्ष एवम् भवनहरू निर्माण, अनुसन्धानमा पोलिग्राफसमेतल प्रयोगमा ल्याई दोषी व्यक्तिलाई कानुनी दायरामा ल्याउने कार्य गरियो।

**अपराध अनुसन्धानमा प्रभावकारिता** : प्रमाणमुखी अनुसन्धान पद्धतिलाई पूर्ण कार्यान्वयनमा ल्याउन र अनुसन्धानका विविध आयामहरूमा सुधार गरी दक्ष जनशक्ति तयार गर्नका लागि ३ वर्षे क्राइम एक्सन प्लान (क्याप) कार्यान्वयन भइरहेको छ। यसले प्रहरीको अनुसन्धानको पाटो सुधार गरी पीडितको हक अधिकार संरक्षण गरेको छ भने पुराना मुद्दा एवम् भएका अपराधको सफल अनुसन्धानको दृष्टिकोणबाट पनि गत वर्ष नेपाल प्रहरीका लागि सुखद् रहयो। त्यसैगरी लामो समयदेखि फरार अभियुक्तहरूलाई प्राथमिकतामा राखी उल्लेख्य सङ्ख्यामा पक्राउ गरिनुका अतिरिक्त ठूलो मात्रामा लागु औषध एवम् अवैध सुन एवम् कारोवारी पक्राउ, मानव बेचबिखन तथा वैदेशिक रोजगारीका नाममा हुने बेचबिखन तथा ठगी, अवैध वन पैदावर एवम् वन्यजन्तुको ओसारपसार नियन्त्रणमा प्रहरीलाई ठूलो सफलता प्राप्त भएको छ।

**अपराध रोकथाम** : सेवा प्रवाह, भएका अपराधको अनुसन्धान मात्र नभएर प्रहरीले प्रदान गर्ने सेवा, यसको काम गर्ने तौरतरिका र प्रक्रिया सम्बन्धमा कानुनी जानकारी नहुने र सरकारी निकायमा पहुँच नभएका आमनागरिकलाई समेत केन्द्रित गरी विविध चेतनामूलक कार्यक्रम सञ्चालन गरिआएको छ। सामुदायिक प्रहरी सेवा, जिल्लास्थित महिला तथा बालबालिका सेवा केन्द्रहरू तथा अन्य प्रहरी कार्यालयले मुस्कानसहितको सेवा, प्रहरी मेरो साथी आदि कार्यक्रममार्फत विविध सामाजिक अपराध, जस्तै- लागु पदार्थ दुर्व्यसन, लैङ्गिक हिंसा, घरेलु हिंसा, वैदेशिक रोजगारमा जाँदा हुने ठगी, जातका आधारमा हुने भेदभाव र छुवाछूत, मानव बेचबिखन तथा ओसारपसार

आदि अपराधविरुद्ध सचेतना फैलाउँदै आमनागरिक एवम् सेवाग्राहीसँगको सम्बन्ध सुदृढ पार्ने कार्य गरियो।

**विशिष्टीकृत एकाइ तथा अनुसन्धान र कारबाही (संयन्त्र)** : नेपाल प्रहरीले सन् २००३ देखि प्रहरी प्रधान कार्यालयमा विशिष्टीकृत एकाइका रूपमा मानव अधिकार सेल स्थापना गऱ्यो जुन मानव अधिकार एकाइ हुँदै हाल मानव अधिकार शाखाका रूपमा रहेको छ र सबै प्रदेश कार्यालयमा मानव अधिकार शाखा छ।

प्रहरीले मुद्दा दर्ता हुनेसम्मका सबै प्रहरी कार्यालयमा प्रवक्ता तोकी सर्वसाधारण एवम् जानकारी चाहने व्यक्तिका लागि सूचना उपलब्ध गराउने, कुनै पनि प्रहरी कार्यालय वा कर्मचारीबाट प्रदान हुनुपर्ने सेवा ठीक समयमा ठीकतवरबाट प्रदान नभएमा वा कुनै पनि प्रहरी कर्मचारीले कुनै पनि आमनागरिकलाई दुर्व्यवहार गरेमा, यातना दिएमा वा कुनै पनि प्रकारको मानव अधिकार हनन हुने काम कारबाही गरेमा दोषी कर्मचारीविरुद्ध लिखित, मौखिक वा कुनै पनि तवरबाट उजुरी गर्न सकिने व्यवस्था नेपाल प्रहरीमा छ। विशेषत: कार्यालय प्रमुखको सम्पर्क नं. एवम् उक्त सम्बन्धित कार्यालय भन्दा दुई तह माथिसम्मका कार्यालय प्रमुखहरूको नाम, सम्पर्क नं. सबैले देखिने स्थानमा राख्नुपर्ने अनिवार्य व्यवस्था छ। त्यसका अलवा कुनै पनि माथिल्लो अधिकृतलाई भेटी सर्वसाधारणले आफ्नो समस्या राख्न सक्ने, दोषीउपर उजुरी गर्न सक्ने व्यवस्था पनि छ। त्यसका साथै केन्द्रमा मानव अधिकार शाखा, प्रहरी महानिरीक्षकको प्रत्यक्ष निगरानीमा रहेको उजुरी छानबिन शाखामा समेत उजुरी गर्न सकिने गरी संयन्त्र तयार गरिएको छ। घटनाको प्रकृति हेरी केन्द्रबाट नै समिति गठन गरी छानबिन गरिनेदेखि सम्बन्धित कार्यालयहरूले समेत छानबिन गरी गल्ती गर्ने कर्मचारीहरूमाथि कारबाही गर्ने गरिन्छ।

समग्रमा गत वर्ष पनि चुस्तदुरुस्त सेवा प्रवाह, कानुनको सशक्त कार्यान्वयन, भएका अपराधको सफल अनुसन्धान गरी पीडितलाई न्याय र दोषीलाई कारबाहीको दायरामा ल्याउने, प्रहरी कर्मचारीलाई तालिम प्रदान गरी सेवाग्राहीको हक अधिकारको सुनिश्चितता, विविध सचेतनामूलक कार्यक्रममार्फत आमनागरिकलाई सुसूचित गर्ने कार्य र मानव अधिकार उल्लङ्घन गर्ने कर्मचारीलाई कारबाहीको दायरामा ल्याई पीडितलाई न्याय दिलाई नेपाल प्रहरी मानव अधिकारको संरक्षण र प्रवर्धनमा सदैव क्रियाशील रहिआएको छ र रहिरहनेछ। अनौपचारिक क्षेत्र सेवा केन्द्रले मानव अधिकारको संरक्षण एवम् प्रवर्धनमा पुऱ्याएको योगदानका लागि धन्यवादसहित आगामी दिनहरूमा नेपाल प्रहरीलाई रचनात्मक सुझावको अपेक्षा गर्दै सहकार्यको निरन्तरताका लागि अनुरोधसहित सदैव संस्थाको प्रगतिको कामना गर्छौं।

**बमबहादुर भण्डारी**
अतिरिक्त प्रहरी महानिरीक्षक
अपराध अनुसन्धान विभाग
प्रहरी प्रधान कार्यालय, नक्साल

## सशस्त्र प्रहरी बल

१. मानव अधिकारको सार्वभौमिक सिद्धान्त भनेको मूलभूत स्वतन्त्रताको संरक्षण गर्नुका साथै मानवको राजनीतिक, सांस्कृतिक एवम् आर्थिक अधिकार सुनिश्चित तथा रक्षा गर्नु हो। मानव अधिकार स्थितिका बारेमा सामाजिक न्यायका निम्ति स्थापित अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सत्यतथ्यमा आधारित रही प्रकाशनमा ल्याउन गइरहेको 'मानव अधिकार वर्ष पुस्तक २०१८' को सफलताको कामना गर्दै आगामी दिनहरूमा नागरिकको मानव अधिकार संरक्षण एवम् संवर्द्धन गर्ने कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सफल हुनेछ भन्ने विश्वास यस सङ्गठनले लिएको छ।

२. मानव अधिकार र मानवीय कानुनप्रति राज्यले गरेका विभिन्न सन्धि, सम्झौता, घोषणापत्रमार्फत व्यक्त गरेका प्रतिबद्धताअनुरूप राज्यले दायित्व सुम्पेको अवस्थामा सशस्त्र प्रहरी बल, नेपालले नेपाली जनताको संविधानप्रदत्त मानव अधिकारको संरक्षण गर्ने/गराउने कार्यमा सधैं विश्वसनीयता कायम राख्दै मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्दै आइरहेको छ। नेपालमा मानव अधिकार हनन तथा दण्डहीनतालाई प्रश्रय नदिने नीति अवलम्बन गरेअनुरूप सशस्त्र प्रहरी बल नेपालका कुनै पनि सदस्यबाट मानव अकिार उल्लङ्घन भएको जुनसुकै माध्यमबाट प्राप्त उजुरी वा घटनाहरूउपर तत्काल अनुसन्धान गरी दोषी ठहरिएमा सङ्गठनले आवश्यकतानुसार सशस्त्र प्रहरीहरूलाई विभागीय कारबाही गर्दै

आइरहेको छ। नागरिकका संविधानप्रदत्त मौलिक हक अधिकारको संरक्षण गर्दै मानव अधिकारलाई जनताको सेवा र आफ्नो व्यावसायिक दक्षताको मापदण्ड बनाई समाजमा कानुन कार्यान्वयन गर्ने जस्तो अत्यन्तै महत्त्वपूर्ण एवम् संवेदनशील जिम्मेवारी बोकेको सशस्त्र प्रहरी बल, नेपालले सीमा क्षेत्रमा हुने मानव बेचबिखन जस्ता जघन्य अपराध रोकथामका लागि सूक्ष्मरूपमा निगरानी गर्दै आएको र आफ्नो स्थापनाकालदेखि हालसम्म कुशलपूर्वक हरेक क्रियाकलापलाई परिष्कृत एवम् परिमार्जित गर्दै मानव अधिकारको संरक्षण एवम् संवर्द्धन गर्न सदैव प्रतिबद्ध छ।

३. मानव अधिकार संरक्षणमा प्रभावकारिता, निष्पक्षता ल्याउने उद्देश्यले सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाका राष्ट्रसेवकहरूलाई मानव अधिकारसम्बन्धी प्रशिक्षण दिने, मानव अधिकारको संरक्षण र संवर्द्धनमा सशस्त्र प्रहरी बल, नेपालको भूमिका सम्बन्धमा स्थानीय स्तरसम्म सरकारी निकाय, नागरिक समाज, राजनीतिक दलका प्रतिनिधिहरू सहभागी गराई कार्यशाला गोष्ठी सञ्चालन गर्ने, मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी उन्नत तालिमहरूमा सशस्त्र प्रहरी कर्मचारीहरूलाई सहभागी गराउने, सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरूलाई लैङ्गिक विभेद, जातीय विभेद, बालविवाह, ज्येष्ठ नागरिकमाथिको दुर्व्यवहारसम्बन्धी ज्ञान दिलाउने चेतनामूलक कार्यक्रम सञ्चालन एवम् प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी कार्यरत जनशक्तिबाटै प्रशिक्षक उत्पादन गर्ने कार्य गर्दै आइरहेको छ। सशस्त्र प्रहरी बल, नेपालमा हुल तथा दङ्गा व्यवस्थापन कार्यमा परिचालित रहँदा समानुपातिकता, वैधानिकता, व्यावसायिक सुझबुझ र आवश्यकताको सिद्धान्तलाई आत्मसात गरी सशस्त्र प्रहरी बल, नेपालमा सञ्चालन हुने सबै तहका आधारभूत तथा उन्नत तालिमहरूमा मानव अधिकारसम्बन्धी विषयवस्तुलाई अनिवार्यरूपमा समावेश गर्नुका साथै तालिम पाठ्यक्रममा समयानुकूल परिमार्जन गर्दै सशस्त्र प्रहरी बल, नेपालका कर्मचारीलाई विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ/संस्थासँग समन्वय गरी आन्तरिकरूपमा मानव अधिकार एवम् अन्तर्राष्ट्रिय मानवीय कानुन (टट कोर्स अन आइएचआरएल) तथा आइएचएल एन्ड ह्युमन राइट्स एन्ड डेमोक्रेटिक पोलिसिङसम्बन्धी तालिम सञ्चालन गरी हालसम्म ७ हजार ३ सय ६१ जना सशस्त्र प्रहरी कर्मचारीलाई मानव अधिकारसम्बन्धी तालिम प्रदान गरिसकिएको छ।

४. आन्तरिक सुरक्षा संयन्त्र सुदृढ भएमा मात्र मानवको स्वतन्त्रता तथा मानवीय मूल्य एवम् मान्यता सुरक्षित अनि सुनिश्चित रहन्छ। मानव स्वतन्त्रता अन्ततः मानवीय प्रतिष्ठा तथा नैसर्गिक अधिकारहरूमा समाहित हुन्छ। यी सबैको संरक्षण र रक्षा गर्ने पहिलो दायित्व निःसन्देह सुरक्षा निकायमा कार्यरत कर्मचारीहरूको हुने भएकाले उल्लिखित मूल दायित्वलाई आत्मसात गर्दै राज्यद्वारा सुम्पिएका जिम्मेवारीहरू सम्पादन गर्ने क्रममा लैङ्गिक हिंसा मानव अधिकारको उल्लङ्घन मात्र नभई यसले उत्पादकत्वमा अवरोध पुऱ्याउने, मानव संसाधनमा कमी ल्याउने र सङ्गठन विस्तारमा समेत प्रत्यक्ष असर पार्ने कटु यथार्थलाई गहन मनन गरी सङ्गठनमा कार्यरत महिला सशस्त्र प्रहरी कर्मचारीहरूको हक हितको संरक्षण, सशक्तीकरण एवम् विकासका लागि अधिकारहरू प्रदान गर्ने उद्देश्यका साथ महिला हिंसाविरुद्ध उजुरी सुन्ने व्यवस्था गर्नका निमित्त सङ्गठनभित्रै लैङ्गिक सेलहरू गठन गरी गुनासो सुन्ने व्यवस्थासमेत गरिएको छ।

५. सशस्त्र प्रहरी बल, नेपालका कर्मचारीहरूलाई समयसमयमा मानव अधिकार संरक्षण र संवर्द्धन गर्न अभिप्रेरित गर्ने उद्देश्यले जानकारीमूलक विभिन्न हातेपुस्तिका प्रकाशन गरी वितरण गर्दै आइरहेको र यसै क्रममा काठमाडौँ स्कुल अफ लको सहयोगमा 'बल प्रयोग र मानव अधिकारसम्बन्धी जानकारीमूलक हातेपुस्तिका, २०७३' प्रकाशन गरिएको छ।

६. अन्तमा, सशस्त्र प्रहरी बल, नेपालले 'सशस्त्र प्रहरी ऐन, २०५८' मा उल्लिखत कार्यादेश

एवम् समयसमयमा नेपाल सरकारले तोकेको कार्य सम्पादन गर्दा मानव अधिकारको उच्च सम्मान, संरक्षण एवम् संवर्द्धन गर्न कटिबद्ध रहेको स्मरण गराउँदै केन्द्रद्वारा प्रकाशन हुन लागेको 'मानव अधिकार वर्ष पुस्तक २०१८' ले मानव अधिकारको संरक्षण र संवर्द्धनका क्षेत्रमा थप टेवा पुग्ने विश्वास लिएको छु।

**बाबुराम पाण्डे**
सशस्त्र प्रहरी नायव महानिरीक्षक

## नेपाल पत्रकार महासङ्घ

लोकतन्त्र र प्रेस स्वतन्त्रताबीच अन्योन्याश्रित सम्बन्ध हुन्छ। लोकतान्त्रिक शासन व्यवस्थामा प्रेस स्वतन्त्रता हुन सक्छ भने प्रेस स्वतन्त्रता भए लोकतन्त्रको संस्थागत विकास हुन सक्छ। तर लोकतन्त्र हुँदैमा प्रेस स्वतन्त्रताको पूर्ण प्रत्याभूति भने हुँदैन। सरकार, राजनीतिक दलका साथै विभिन्न पक्षको आचरण तथा व्यवहारमा भर पर्छ। नेपालमा गणतन्त्र स्थापना भई राजनीतिक सङ्क्रमणको चरण समेत समाप्त हुन लागेको छ। संविधान तथा कानुनमा प्रेस स्वतन्त्रता भए पनि व्यवहारमा प्रेस स्वतन्त्रताको पूर्ण अभ्यास हुन सकेको छैन। सन् २०१७ लाई मात्र हेर्दा नेपालमा प्रेस स्वतन्त्रता, पत्रकार र मिडियाको सुरक्षालगायतमा समस्या कायमै रहेको पाइएको छ।

नेपाल पत्रकार महासङ्घको अनुगमन एकाइका अनुसार सन् २०१७ मा नेपालमा प्रेस स्वतन्त्रता उल्लङ्घनका ७१ वटा घटना भएका छन्। जसमा बेपत्ता, पक्राउ, दुर्व्यवहार, धम्की, अनलाइन ब्लक, रेडियोको प्रसारणमा अवरोध, नेपाल पत्रकार महासङ्घमा तालाबन्दी, पत्रकारमाथि आक्रमण, मिडियाका कर्मचारीमाथि आक्रमण छन्।

पत्रकार दुर्व्यवहार ११, पत्रकारलाई धम्की १२, मिडिया अवरोध ७, पत्रकार महासङ्घमा तालाबन्दी ५, पत्रकार आक्रमण १८, मिडिया कब्जा १, मिडिया कर्मचारी आक्रमण १, पत्रकार पक्राउ १, पक्राउ १०, प्रहरी नियन्त्रण ३, बेपत्ता १, आक्षेप १।

नेपाल पत्रकार महासङ्घ पत्रकारहरूको छाता सङ्गठन हो। महासङ्घमा १३ हजारभन्दा बढी पत्रकार आबद्ध छन्। पत्रकारको पेशागत तथा भौतिक सुरक्षा, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालगायतका मुद्दालाई महासङ्घले महत्वका साथ उठाउँदै आएको छ। त्यति हुँदाहुँदै पनि राज्य तथा गैरराज्य पक्षबाट पत्रकारलाई भौतिक आक्रमण गर्ने, धम्की दिने, मिडियामा अवरोध सिर्जना गर्ने प्रयास हुँदै आएका छन्। यस्ता घटनाको महासङ्घले सबैखालले प्रतिवाद गर्दै आएको छ। राज्यका तर्फबाट प्रेसका अधिकार सङ्कुचन गर्ने प्रयासका विरुद्ध महासङ्घले आवाज उठाउँदै आएको छ।

मुलुकमा स्थानीय तहको निर्वाचन, प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भइसकेको छ। २०७३ सालमा जारी भएको आमसञ्चार नीतिलाई टेकेर सङ्घीय संरचनाअनुसार मिडियासम्बन्धी विभिन्न कानुन बन्दैछन्।

यसका लागि सूचना तथा सञ्चार मन्त्रालयमार्फत पहल भइरहेका छन्। स्थानीय तहसँग सम्बन्धित कानुनहरूको मस्यौदा बनाउन र निर्देशिका जारी गर्न सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय सक्रिय छ। तर प्रारम्भिक गतिविधि हेर्दा उनीहरू लोकतान्त्रिक पद्धतिअनुसार मिडियामैत्री हुने र बढीभन्दा बढी अधिकार दिने पक्षमा देखिएका छैनन्। त्यसप्रति नेपाल पत्रकार महासङ्घ सचेत भएर लागिसकेको छ। र, यसमा हातेमालो गर्न महासङ्घ सबैलाई आह्वान गर्छ।

**गोविन्द आचार्य**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ

अनुसूची ५

# क्रिया-प्रतिक्रिया

मानव अधिकारको अवस्थालाई वर्ष पुस्तकले सधैँ उजागर गरेको पाइएको छ। मानव अधिकारको अवस्था र यसको सुधारका लागि गरेका प्रयास राम्रा छन्। इन्सेकले वर्ष पुस्तक प्रकाशन मात्रै नभएर मानव अधिकारको सवालमा महत्वपूर्ण काम गरेको छ। यसलाई अझ बहृत्तररूपमा अगाडि बढाउने विश्वास लिएको छु।

**उद्धव न्यौपाने**
सहायक प्रमुख जिल्ला अधिकारी, भोजपुर

मानव अधिकार वर्ष पुस्तक समग्र जिल्लाको मानव अधिकार अवस्थाको सूचक हो। हुन त यो देशकै अवस्था सूचक हो। यसले जुन ढङ्गले काम गरेको छ एकदमै सरहानीय छ। तथ्याङ्क सङ्कलनमा जसरी सशक्त काम गरेको छ, सोहीअनुसार अन्य अधिकार र जनचेतनाका क्षेत्रमा खासै उल्लेख्य काम गर्न नसकेको हुँदा त्यसतर्फ पनि ध्यान दिए अझ राम्रो हुने थियो।

**लक्ष्मण खड्का**
प्रमुख, जिल्ला समन्वय समिति, भोजपुर

मानव अधिकार उल्लङ्घनका घटना धेरै सुनिन्छ। सुनिए जति वास्तविक नहुने भएको हुँदा त्यसलाई व्यावहारिकरूपमा पनि हेरिनुपर्छ। कसैलाई अन्याय पर्नु र पार्नुहुँदैन। यस विषयमा सोच्नु जरूरी छ। तर कतिपय घटनालाई मानव अधिकारसँग जोडेर दायित्वभन्दा बाहिर रहेर अतिरञ्जित पनि बनाइँदै आएको छ। यसतर्फ सचेत हुनु जरूरी छ।

**नन्दमणि राई**
सभापति, नेपाली कङ्ग्रेस, भोजपुर

मानव अधिकार वर्ष पुस्तक मानव अधिकार सारको वास्तविक रूप हो। यसले समग्र मानव अधिकारको अवस्था कस्तो छ भन्ने विषय छर्लङ्गै देखाउँछ। पुस्तकले मानव अधिकारको

अवस्था कहाँ छ भन्ने कुरा देखाउने भएको हुँदा यस क्षेत्रमा काम गर्ने निकायलाई पनि सहज बनाएको छ।

**शरणकुमार राई**
सचिव, नेकपा एमाले, भोजपुर

हाम्रो आर्थिक अवस्था र त्यसले निमार्ण गर्ने वा प्रभाव पार्ने राजनीतिक, संवैधानिक व्यवस्थाले मानव अधिकारको अवस्था निर्क्योल गर्छ। आर्थिक व्यवस्था, राजनीतिक र संवैधानिक परिस्थितिकाविच कस्तो सम्बन्ध छ भन्ने कुराले हाम्रो समग्र मानव अधिकारको भविष्य प्रभावित हुने हुदाँ यसतर्फ नेपाल मानव अधिकार वर्ष पुस्तकको ध्यान जान सके राम्रो होला।

**सुरेन्द्र पौडेल**
सचिव, नेकपा एमाले जिल्ला कमिटी, धनकुटा

मानव अधिकार वर्ष पुस्तकले समाजमा भएका मानव अधिकार उलङ्घनका घटनाको राम्रो चित्रण गरेको छ। मानव अधिकारको सम्मान, सम्वर्द्धन र संरक्षणको समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइएको छ। इन्सेकले आफ्नो कार्यक्रमलाई ग्रामीण क्षेत्रका आवाजविहीन जनताका आवाजका रूपमा समेट्न सक्नुपर्छ। कतिपय घटना सम्बन्धित निकायसम्म आउन सकेका छैनन्। यिनलाई पनि बाहिर ल्याउनुपर्छ।

**कोपिला शङ्कर**
अध्यक्ष, पारालिगल सहयोग समिति, धनकुटा

वर्ष पुस्तकले हरेक वर्ष देशभरिकै मानव अधिकार उल्लङ्घनका घटनाको सत्यतथ्य एउटै पुस्तकमा प्रकाशित गरी सामाजिक क्षेत्रमा ठूलो योगदान पुऱ्याएको छ। भावी दिनमा यस पुस्तकले मानव अधिकार उल्लङ्घनका अन्य विषयलाई पनि समेट्नुपर्ने देखिन्छ। अपराध धेरै प्रकारका भए पनि सीमित अपराधमा मात्र पीडितले क्षतिपूर्ति पाउने व्यवस्था छ। क्षतिपूर्ति नपाउने पीडित परिवारको मानव अधिकारको स्थिति पनि उजागर गर्नुपर्छ।

**टीका पौडेल (भारद्वाज)**
अधिवक्ता, इलाम

कानुनी शासन बहाली गर्ने सन्दर्भमा मानव अधिकार उल्लङ्घन घटनाका अभिलेखीकरणले सार्वजनिक निकायलाई सजग गराएको छ। आगामी दिनमा सत्यतथ्य घटना प्रकाशन गर्नुका साथै महत्वपूर्ण घटना नछुटाई प्रकाशन गर्न सुझाव दिन चाहन्छु।

**एकदेव अधिकारी**
प्रमुख जिल्ला अधिकारी, खोटाङ

इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले घटनाको गहिरो अध्ययन गरेर प्रकाशन गर्ने भएकाले यसलाई भरपर्दो, विश्वसनीय सूचनाका रूपमा लिन सकिन्छ। यसले राज्यपक्ष र गैरराज्य पक्षबाट भएका घटनालाई निष्पक्ष तथा स्वतन्त्र तरिकाले प्रकाशन गर्दै आएको छ। गैरराज्य पक्षबाट भएका घटना प्रायः नागरिकसमक्ष जानकारी हुने गरे तापनि राज्य पक्षबाट भएका घटना भने लुप्त नै रहने गरेको पाइन्छ। तर यो पुस्तकले दुवै पक्षबाट भएका घटनालाई यथार्थपरक तथा निष्पक्ष ढङ्गले चित्रण गर्ने गरेको छ।

**बबि चाम्लिङ**
प्रमुख, जिल्ला समन्वय समिति, खोटाङ

समाजमा भएका मानव अधिकार हनन्का घटनालाई प्रकाशनमा ल्याई मानव अधिकारको संस्कार संस्कृतिमा सहयोग पुऱ्याएको छ। पीडितलाई न्याय र पीडकलाई कानुनी दायरामा ल्याउन सहयोग पुऱ्याउन सहायता गरेको छ। आगामी दिनमा अझ परिष्कृत ढङ्गबाट आओस्।

**बिमलकाजी श्रेष्ठ**
अध्यक्ष, गैसस महासङ्घ, खोटाङ

वर्ष पुस्तक नियाल्दा मानव अधिकार हननको घटनामा खासै कमी नआएको देखिन्छ। यस्तअ घटना अभिलेखीकरण गर्ने कार्य अवश्य पनि चुनौतीपूर्ण छ। इन्सेकको यो कदममा सबै नागरिक, नागरिक समाज, सङ्घ/संस्था र सरकारी निकायले सहयोग गर्न जरूरी छ। वर्ष पुस्तकका घटना अझै तथ्याङ्कपरक हुन आवश्यक छ।

**दुर्गा भण्डारी(बराल)**
प्रमुख महिला विकास अधिकृत, मोरङ

वर्ष पुस्तकमा प्रस्तुत विचार र विश्लेषण समाचोलना गर्दा सबै कुरामा सहमति जनाउन नसकिएला तर पुस्तकको प्रस्तुतिले यस सम्बन्धमा बहसलाई निरन्तरता दिन मद्दत पुऱ्याएको तथ्य अविश्मरणीय छ। 'मानव अधिकार हुने खानेका लागि भर र हुँदा खानेका लागि आँखा तरी मर' कदापि हुनुहुँदैन। यो कटु यथार्थ पुस्तकले विचार गरोस्।

**विपुलेन्द्र चक्रवर्ती**
वरिष्ठ अधिवक्ता, विराटनगर-१०, मोरङ

पुस्तकमा समावेश सामग्री सत्यतथ्यमा आधारित रहेको पाइयो। यस्ता प्रकाशनलाई यस क्षेत्रमा काम गर्ने सङ्घ/संस्थाले सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्न सक्ने देखिन्छ। वर्ष पुस्तकमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका

विषय अझ बढी समावेश गर्न सकिए थप सान्दर्भिक हुने देखिन्छ।

**लवदेव ढुङ्गाना**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, जिल्ला शाखा, पाँचथर

पुस्तकले पीडितलाई न्याय दिलाउन, पीडकलाई दण्डित गर्नमात्र नभई आमनागरिकलाई सचेत पार्ने काम गरेको छ। साथै जिल्लामा भएका सम्पूर्ण प्रकारका घटना समावेश हुने हुँदा यसले घटना न्यूनीकरण गर्नका लागि वार्षिकरूपमा योजना बनाउन सहयोग गरिरहेको छ।

**इन्द्र गिरी**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, सङ्खुवासभा

इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकले जिल्लाको मानव अधिकारको अवस्था र कमी/कमजोरी समेत उजागर गर्ने हुँदा सरोकारवाला निकायलाई थप जिम्मेवार बनाउँदै आगामी दिनमा यसलाई सच्याएर अगाडि बढ्न मद्दत गर्छ।

**सुमन शाक्य**
प्रमुख, जिल्ला समन्वय समिति, सङ्खुवासभा

मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धनमा क्रियाशील संस्था इन्सेकद्वारा बर्सेनि प्रकाशित हुने मानव अधिकार वर्ष पुस्तकमार्फत नेपालमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाका साथ मानव अधिकारको अवस्था छर्लङ्ग हुन्छ। यसो हुँदा यस पुस्तकले मानव अधिकार उल्लङ्घनकर्तालाई हतोत्साही र राज्यका निकायलाई मानव अधिकारको संरक्षण, सम्वर्द्धन र सम्मानमा सचेत तुल्याउछ।

**सन्तोष खड्का**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, सङ्खुवासभा

घरेलु हिंसा, महिला बेचबिखन तथा ओसारपसार, बालबालिका, बलात्कार, अपाङ्ग, ज्येष्ठ नागरिकलगायतका सवालमा इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकमा समेटिएको पाइन्छ। यसका साथै पुस्तकमा प्रकाशन भएका डाटाका आधारमा देशको मानव अधिकार अवस्था चित्रण गर्न सहज भएको छ। मानव अधिकार उल्लङ्घनरहित समाज निर्माण अभियानमा इन्सेकको ध्यान जान सकोस्, शुभकामना।

**लक्ष्मी ढुङ्गाना**
महिला मानव अधिकारकर्मी, सङ्खुवासभा

वर्ष पुस्तकले समेटेका घटना पीडितले न्याय पाउनेमात्र नभएर सञ्चारकर्मीका लागिसमेत उपयोगी सामाग्री भएको छ। समग्र देशको मानव अधिकारको अवस्था तथ्यपूर्णरूपमा पाउन यो पुस्तकले सहयोग पुऱ्याएको छ।

**अमर खड्का**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, सुनसरी

पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनाहरू दोहोरिन नदिन नैतिक दबाब सिर्जना गरेको छ। मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा उल्लेखनीय काम गरिरहेको इन्सेकले आगामी दिनमा अझ बढी निश्पक्ष, निर्भिक र प्रभावकारी ढङ्गले काम गर्न सकोस्।

**लक्ष्मण तिवारी**
सांसद, प्रदेश नं. १ तथा अध्यक्ष नेकपा एमाले जिल्ला कमिटी, तेह्रथुम

इन्सेकको तथ्याङ्क समाजले चाहेको भन्दा बेग्लै रहेकाले शब्द चयन गर्दा कानुनी कुरालाई समेत ख्याल गर्दा अझ राम्रो हुने थियो। यसका साथै घटनाको संवेदनशीलता हेरी अभिलेखीकरण गर्नुपर्छ जस्तो लाग्छ।

**प्रदीपराज कँडेल**
प्रमुख जिल्ला अधिकारी, उदयपुर

वर्ष पुस्तकले मानव अधिकारको वर्तमान अवस्थामात्र झल्काउने नभई राज्य पक्षलाई मानव अधिकार रक्षामा गम्भीर बन्न र गैरराज्य पक्षलाई पनि जिम्मेवार बन्न भूमिका खेल्छ। जिल्लामा तयार पारिएका अभिलेखले अझ सहकार्य गरेर अगाडि बढ्न मद्दत पुऱ्याउँछ।

**नवराज भट्ट**
एसपी, जिल्ला प्रहरी कार्यालय, उदयपुर

घोषित वा अघोषितरूपमा रहेको सामाजिक कानुनको धज्जी उडाइ कलङ्कित काम

गर्नेलाई दण्ड गर्ने र न्यायमा बसी आफ्नो इमान्दारिता देखाउनेलाई पुरस्कृत गर्ने एक किसिमको दस्तावेजका रूपमा मानव अधिकार वर्ष पुस्तकमा प्रकाशन भएका तथ्यलाई लिएको छु। तिनले शारीरिक दण्ड त दिलाउँदैनन् तर गलत पक्षलाई मानसिक दण्ड भने अवश्य दिलाउँछन्। त्यस्तै परैवीको कार्य मानव अधिकार वर्ष पुस्तक २०१८ ले गर्ने विश्वास लिएको छु।

**अभितकुमार चौधरी**
शिक्षक, सुदनवती देवीलाल फूलमन्ती जनता माबि, सीतापुर-भुर्की, सप्तरी

मानव अधिकार वर्ष पुस्तकमा समेटिएका विषयवस्तु तथा तथ्याङ्कले स्पष्टरूपमा नेपालमा मानव अधिकारको अवस्था देखाएको छ। यस दस्तावेजले राज्यलाई मानव अधिकारको क्षेत्रमा सचेत र सजग गराउँदै मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्नुपर्नेमा जोड दिएको छ।

**सुजता तुम्बाहाम्फे**
इन्स्पेक्टर तथा इन्चार्ज, महिला तथा बालबालिका सेवा केन्द्र, सप्तरी

वर्ष पुस्तकमा समेटिएका घटनाले समाजलाई थप जिम्मेवार बनाउनुका साथै सरकारलाई सचेत बनाउने काम गरेको छ। अपराधविहीन समाज हुँदैन, त्यसैले समाजमा हुने अपराधका घटनालाई पुस्तकमा समेटेर अपराध न्यूनीकरण गर्नका साथै दण्डहीनता अन्त गर्न पुस्तकले योगदान पुऱ्याएको छ।

**शिवहरि भट्टराई**
पूर्वउपाध्यक्ष (पूर्वाञ्चल), नेपाल पत्रकार महासङ्घ, सिरहा

राज्यका निकायको संलग्नतामा हुने मानव अधिकार उल्लङ्घनका घटनाबाहेक, त्यस्ता निकाय जसको निष्क्रियताका कारण हुने घटना र आपराधिक कार्य रोक्न नसक्दा हुने क्षति र न्यायको सुनिश्चिता नहुँदा हुने कार्यलाई पनि मानव अधिकार उल्लङ्घनका रूपमा पुस्तकमा समेट्नुपर्छ।

**दीपेन्द्रबहादुर सिंह**
प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, जनकपुर

इन्सेकले वार्षिकरूपमा प्रकाशित गर्ने गरेको वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घनका घटना अभिलेखीकरण हुने भएकाले राज्य पक्ष पनि सचेत हुने गरेको छ। पुस्तकमा सत्यतथ्य घटना मात्रै प्रकाशन हुने गरेकाले यसको विश्वनीयता पनि बढ्दै गएको छ। जसले गर्दा प्रहरीले यातना नदिने र हालका दिनमा मानव अधिकारप्रति पूर्णरूपमा सचेत हुने क्रम पनि बढेको छ।।

**कुवेर कडायत**
एसपी, जिल्ला प्रहरी कार्यालय, महोत्तरी

वर्ष पुस्तक तथ्यहरूमा आधारित छ। सरकारले दायित्व पूरा नगर्दा हुने मानव अधिकार हननका विषयसमेत समेट्नुपर्छ। मानव अधिकार उल्लङ्घनका घटना कम गर्न गाउँगाउँमा जनचेतनाका कार्यक्रम पुऱ्याउनुपर्छ।

**कमलेश मण्डल**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, महोत्तरी

वर्ष पुस्तकले पीडितलाई न्याय दिलाउन साक्षीको काम गरेको छ। यसलाई सत्यतथ्यको पर्याय भन्नुपर्छ। आगामी दिन आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार रक्षातर्फ थप काम गर्नुपर्छ।

**डबल पाण्डे**
प्रमुख, जिल्ला समन्वय समिति, दोलखा

१० वर्षे सशस्त्र द्वन्द्व र २०६२/०६३ को जनआन्दोलनका घटना लिपिबद्ध गर्न वर्ष पुस्तकले ठूलो भूमिका निर्वाह गरेको छ। जनताको नैसर्गिक अधिकार छर्लङ्ग पार्ने र वर्षौं वर्षसम्मको इतिहास जीवित गर्ने वर्ष पुस्तकको काम सराहनीय छ।

**जीवन लामा**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा, दोलखा

लोकतन्त्र, मानव अधिकारसम्बन्धी दस्तावेजका रूपमा प्रकाशन हुँदै आएको यो वर्ष पुस्तकले मानव अधिकारको अवस्थाबारे जानकारी गराउनुका साथै राज्यलाई जिम्मेवार बनाउने काम गर्दै आएको छ। यो पुस्तक विभिन्नखाले हिंसाका दोषीलाई कानुनी दायरामा ल्याएर कारबाही गर्न, मौलिक हक र

मानव अधिकार सुनिश्चित गर्न र राज्यलाई जिम्मेवार बनाउन सहयोगी बन्नेछ भन्ने शुभकामना।

**नुरहरि खतिवडा**
सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, सिन्धुली

मानव अधिकार उल्लङ्घनका घटना सङ्कलन, अध्ययन प्रतिवेदन सार्वजनिकीकरण आदिले सम्बन्धित पक्षलाई खबरदारी गर्ने कार्य सकारात्मक छ। साथै मानव अधिकार उल्लङ्घन गर्ने पक्षलाई दबाब दिने कार्य पनि सराहनीय छ। तथ्यपरक सूचना प्रकाशनले न्याय सम्पादनलाई समेत सहज बनाउँदै आएको छ।

**कृष्णप्रसाद बराल**
जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, सिन्धुली

नेपालभरिका मानव अधिकारसँग सम्बन्धित विभिन्न घटना सङ्कलन गरी इन्सेकले हरेक वर्ष प्रकाशित गर्दै आएको मानव अधिकार वर्ष पुस्तक अति नै सराहनीय, प्रशंसनीय र उपलब्धिमूलक दस्तावेज बन्न पुगेको छ। यो पुस्तकले सरोकारवाला निकायहरूलाई अझ जिम्मेवार बनाउँदै मानव अधिकार संरक्षण र प्रवर्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास छ।

**टीकाबहादुर केसी**
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, सिन्धुली

बोक्साबोक्सी, छाउपडी र कुमारी जस्ता प्रथा नेपालका केही जिल्लामा अझै कायम रहेको वर्ष पुस्तकले छर्लङ्ग पारेको छ। यी प्रथा अन्त्यका लागि कानुन पर्याप्त मात्रमा हुन जरूरी छ। सत्य सूचना सम्प्रेषण गर्न यो पुस्तकले जागरण ल्याएको छ।

**रूद्रबहादुर खड्का (सिन्धुली)**
केन्द्रीय सदस्य, मानव अधिकार एलाइन्स, केन्द्रीय समिति काठमाडौँ

हाम्रो समाजमा जातीय विभेद अझै पनि कायम छ। यसलाई निर्मूल पार्न सबैको साथ र सहयोग खाँचो छ। महिला हिंसाका घटना दिनानुदिन वृद्धि भइरहेका छन्। सशस्त्र द्वन्द्वका पीडितले पाउनुपर्ने सहायता अझै पाउन सकेका छैनन्। त्यसलाई न्यूनीकरण गर्न वर्ष पुस्तकमार्फत स्थानीय तहमा बहस, छलफल र अन्तरक्रिया पैरवी गर्नुपर्छ।

**खड्गबहादुर खत्री**
प्रमुख, कमलामाई नगरपालिका, सिन्धुली

वर्ष पुस्तक प्रकाशनबाट राज्य र गैरराज्य दुवै पक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटना सार्वजनिक भएबाट पीडकहरू निरुत्साहित हुन जाने र पीडितले राहत महसुस गर्नेछन्।

**मुनु सिग्देल**
अध्यक्ष, नेकपा एमाले, मकवानपुर

यो पुस्तक मुख्यगरी राज्य र गैरराज्य पक्षबाट हनन भएका घटनाको सङ्गालो हो। पुस्तकले मुलुक कुन दिशातिर लम्किरहेको छ भन्ने बताउँछ।

**इन्द्रबहादुर बानियाँ**
सभापति, नेपाली कङ्ग्रेस, मकवानपुर

वर्ष पुस्तक सबै विषय समेटेर सन्तुलित ढङ्गले प्रकाशित हुनुपर्छ। आग्रह र पूर्वाग्रहबाट मुक्त हुनुपर्छ। यो पुस्तक पढ्दा मुलुकको मानव अधिकारको अवस्था छर्लङ्ग हुन्छ।

**प्रेमबहादुर पुलामी**
इन्चार्ज, नेकपा माओवादी केन्द्र, मकवानपुर

वर्ष पुस्तकमा प्रकाशित सामग्री धेरै राम्रा छन्। न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकासहित सबै जिल्लाको मानव अधिकार उल्लङ्घनको अवस्था र तथ्य/तथ्याङ्क प्रस्तुत भएबाट यो पुस्तक थप पठनीय र सङ्ग्रहणीय बनेको छ। मुलुक सङ्घीयतामा प्रवेश गरेर सङ्घ, प्रदेश र स्थानीय तहमा विभाजित भएको वर्तमान सन्दर्भमा आगामी पुस्तक त्यही ढाँचामा प्रकाशित हुन्छ भन्ने आशा राख्छु।

**शिवप्रसाद सिम्खडा**
प्रमुख जिल्ला अधिकारी, काभ्रेपलाञ्चोक

हरेक वर्ष प्रकाशित हुँदै आएको वर्ष पुस्तकमा कारागार र बन्दी शीर्षकमा कारागारको अवस्था उल्लेख भएकामा निकै खुसी लागेको छ। कारागार र जेल नभनेर भदौबाट सुधार गृह भन्नुपर्ने कुरा ऐनमा समेटेपछि हामीले यसलाई सुधार गृह भन्दै आएका छौँ। वर्ष पुस्तकले पनि यसै भन्ने हो कि ?

**महेशकुमार पोखरेल**
कारागार प्रमुख, धुलिखेल कारागार, काभ्रेपलाञ्चोक

वर्ष पुस्तकले देशभरको मानव अधिकारको अवस्था तथा घटनाबारे जानकारी गराउँछ। जसले गर्दा

जिल्लाको मानव अधिकार अवस्था र आगामी दिनमा गर्नुपर्ने कार्यबारे योजना बनाउन मद्दत पुग्छ। त्यसैले यो पुस्तकलाई सरोकारवालासहित सबैको पहुँचयोग्य बनाउनुपछ।

**चोमेन्द्र न्यौपाने**
प्रमुख जिल्ला अधिकारी, रसुवा

वर्ष पुस्तक अध्ययन गर्दा रसुवाका सबै घटना यथार्थपरक पाएँ। वर्ष पुस्तक प्रकाशन आमनागरिकलाई मानव अधिकारको सूचना दिने हिसाबले निकै राम्रो काम हो। यसले निरन्तरता पाउनुपर्छ।

**ज्ञानेन्द्र न्यौपाने**
पत्रकार एवम् अध्यक्ष मानव अधिकार संरक्षण मञ्च, रसुवा

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई वर्ष पुस्तकमा समेटेर जान आवश्यक छ। भूमिहीन, सुकुमवासी, बिर्ता तथा मोही जस्ता भूमिको सवालमा पीडित नागरिक धेरै छन्। वर्षौंदेखि जमिन जोत्दै आएका किसानसँग त्यसको कानुनी स्वामित्व छैन। अब वर्ष पुस्तकले यस्ता विषयमा बढी ध्यान दिनुपर्ला।

**कुलप्रसाद भट्ट**
प्रमुख, जिल्ला समन्वय समिति, रसुवा

वर्ष पुस्तकले पीडितलाई न्याय दिलाउन र पीडकलाई दण्डित गर्नेमात्र नभई आमनागरिकलाई सचेत पार्ने काम पनि गरेको छ। यो पुस्तक प्रकाशनले नेपालमा मानव अधिकार उल्लङ्घनका घटना न्यून गर्न उल्लेखनीय भूमिका खेल्न सकेको छ।

**बाबुलाल तामाङ**
अध्यक्ष, नागरिक समाज, रसुवा

राज्य पक्षलाई मानव अधिकारप्रति संवेदनशील भई कार्य गर्न मार्गनिर्देशनसमेत गर्ने भएकाले देशभरिका मानव अधिकार हननका वास्तविक घटनालाई सूक्ष्मरूपले केलाएर इन्सेकले आगामी दिनमा अझ सशक्तरूपमा पस्कने आशा छ।

**शरदकुमार थापा क्षत्री**
प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, रसुवा

मानव अधिकार उलङ्घनका घटना सार्वजनिक गरेर पीडितलाई न्याय र दोषीलाई कानुनी कारबाहीमा ल्याउन तथा यस्ता घटना न्यूनीकरणमा सहयोग पुऱ्याउने काम राम्रो छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रका आधार समेटिएको वर्ष पुस्तक सङ्ग्रहणीय अति उपयोगी सामग्री बन्न पुगेको छ।

**कर्ण्याल तामाङ**
अध्यक्ष, नेकपा एमाले, रसुवा

वर्ष पुस्तक अध्ययन गर्दै आएको छु। चेपाङको खाद्य अधिकारको विषय जिल्लाको प्रमुख समस्या हो। मानव अधिकारभित्र रहेको मौलिक अधिकारका विषय उठान गरिरहेको भए पनि यसका विषय यस वर्ष पुस्तकमा समावेश गरियोस्। अपाङ्गता भएकाको अधिकारका विषय कम समावेश भएको जस्तो लागेको छ।

**जगन्नाथ नेपाल**
प्रमुख, जिल्ला समन्वय समिति, धादिङ

वर्ष पुस्तक दुब्लाउँदै जाओस्, मानव अधिकार मोटाउँदै जाओस्। मानव अधिकारका लागि आवाज उठाउनेहरूले आआफ्नो दायित्व पूरा गरे कि गरेनन् भन्ने विषय मानव अधिकार प्राप्तिका लागि महत्वपूर्ण छ। मानव अधिकार वर्ष पुस्तकले घटना उजागर गर्नेमात्र नभएर पीडित हुन नदिने उपायका लागि पनि काम गरोस्।

**उमेश कोइराला**
न्यायाधीश, जिल्ला अदालत, धादिङ

वर्ष पुस्तकमा घटना र तथ्याङ्क राख्ने गरिएको छ। घटना कसरी भयो र यस किसिमका घटना कम गर्न कसले के गर्नुपर्छ भन्ने विषयसमेत उल्लेख भए अझ राम्रो।

**श्याम भण्डारी**
प्रमुख जिल्ला अधिकारी, धादिङ

वर्ष पुस्तक तथ्याङ्कहरूमा आधारित छ। तथ्यहरू र समावेश विषय मानव अधिकार र व्यक्तिका अधिकार छन्। अब राजनीतिक विषयमात्र नभएर आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयहरूसमेत समावेश गर्दा उपयुक्त होला।

**योगनाथ ढकाल**
जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, धादिङ

प्रहरी शान्ति सुरक्षा कायम गर्न प्रतिबद्ध भएकाले मानव अधिकारप्रति पनि प्रतिबद्ध भएर खटिइरहेको छ। झुटा उजुरी गरेर दुःख दिने जस्ता केही घटना आउने गरेकाले प्रहरीले निष्पक्ष अनुसन्धान गर्ने गरेको छ। घटनाको जानकारीसँगै कसरी भयो भन्ने विषय पनि यस पुस्तकमा राख्दा राम्रो हुन्छ।

**ध्रुवराज राउत**

प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, धादिङ

वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घन हुने कार्य न्यूनीकरण गर्न सहयोग गरेको छ। अधिकार प्राप्त गर्न नसक्ने नागरिक, पछाडि पारिएका वर्ग, अपाङ्गता भएका व्यक्ति, दलित, महिला आदिका अधिकारका लागि इन्सेक प्रतिनिधिलाई गाउँगाउँमा खट्ने वातावरण मिलाउनु आवश्यक छ।

**कृष्णप्रसाद अर्याल**

सदस्य, नेकपा एमाले जिल्ला कमिटी, धादिङ

भूकम्पपीडितको विषय उठान गरी मानव अधिकारका हिसावले सबैले आवाज उठाएर समस्या समाधान गर्नुपर्ने भएको छ। धादिङ जिल्लामा दुर्घटना बढी हुने भएकाले नागरिकको ज्यान जोगाउन राज्यले पहल गर्नुपर्ने हुन्छ। तर भएको छैन। धादिङमा निर्वाचनका बेला १४ हजार मत बदर भयो। अब वर्ष पुस्तकले यस्ता विषयमा पनि आवाज उठाउनुपर्छ।

**विजय बुर्लाकोटी**

सदस्य, नेकपा माओवादी केन्द्र जिल्ला कमिटी, धादिङ

वर्ष पुस्तक नेपालको मानव अधिकारको आधिकारिक दस्तावेज हो। महिला र बालिकामाथि हुने हिंसापछिको अवस्थाबारे वर्ष पुस्तकमा उल्लेख गर्नु जरूरी छ। राज्यले संरक्षण गर्नुपर्ने पीडितहरूका बारेमा पनि उल्लेख हुनुपर्छ।

**राधिका सापकोटा**

महासचिव, महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल

वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घनका घटना आधिकारिकरूपमा समेटिएको छ। मानव अधिकारका क्षेत्रमा काम गर्ने धेरै संस्था भए पनि इन्सेकले वर्ष पुस्तक प्रकाशन गरेर धन्यवादको पात्र बनेको छ।

**सीतारामप्रसाद बर्मा**

अध्यक्ष, मानव अधिकार सङ्गठन, धादिङ

पीडित र चेपुवामा परेका जनताको आवाज सम्बन्धित निकायमा पुऱ्याएर अधिकार रक्षामा लाग्नु सबै नागरिक पक्षका सङ्घ/संस्थाको कर्तव्य हुन आउँछ। यस्तो अवस्थामा जनताको अधिकार रक्षा गर्न इन्सेक सदा कटिबद्ध रहने आशा छ।

**कृष्णप्रसाद सिग्देल**

अध्यक्ष, नवलपरासी जिल्ला अदालत बार एकाइ परासी, नवलपरासी

वर्ष पुस्तक सबैको साझा दस्तावेज बनेको महसुस गरेकी छु। यसबाट मुलुकको मानव अधिकारको अवस्थालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याएर राज्यलाई दबाब सिर्जना गर्ने काम भएको छ। जसले पीडित पक्षलाई न्याय प्राप्त गर्न महत्वपूर्ण सहयोग पुऱ्याएको छ।

**लक्ष्मी क्षत्री**

सचिवालय सदस्य, नेकपा एमाले नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

वर्ष पुस्तकमा प्रकाशित घटनाबाट पीडितलाई न्याय दिलाउन र पीडकलाई कानुनी दायरामा ल्याउन सहयोग पुगेको छ। स्थानीय तह र सामाजिकरूपमा पछाडि पारिएका समुदायबीच मानव अधिकारसम्बन्धी चेतनामूलक कार्यक्रम लैजाने र अधिकार तथा अधिकार उल्लङ्घनमा हुने सजायबारे पनि जानकारी गराउँदै सचेतना जगाउने कार्य बढाउनुपर्ने देखिन्छ।

**उदय रानामगर**

प्रमुख जिल्ला अधिकारी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

घरेलु हिंसा, बेचबिखनका घटना उजागर गरेर जनतालाई सचेत गराउने माध्यम वर्ष पुस्तक बनेको छ। आगामी दिन अझै राम्रो तथ्य/तथ्याङ्क ल्याउन सफल रहोस् र समाजमा लुकेका घटना बाहिर ल्याओस्।

**विष्णुमाया पौडेल**

प्रमुख, महिला तथा बालबालिका कार्यालय, लमजुङ

यो पुस्तकमा प्रकाशित हुने घटना सुगमताका आधारमा मात्र नभई दूरदराज र दुर्गम क्षेत्रको अवस्थालाई पनि चित्रण गर्न सफल होस्। घटनाहरू यथार्थपरक हुन् भन्न चाहन्छु।

**भूमिप्रसाद शर्मा**

सेस्तेदार, लमजुङ जिल्ला अदालत

मानव अधिकार उल्लङ्घनका विषयदेखि लिएर मानव अधिकार संरक्षण र सम्बर्द्धनका विषयमा पुस्तकमा जुन कुरा उल्लेख भएका छन् त्यो प्रशंसनीय छ। निरन्तरताका लागि शुभकामना।

**युवराज मैनाली**
प्रमुख जिल्ला अधिकारी, लमजुङ

वर्ष पुस्तकले मानव अधिकारको गम्भीर उल्लङ्घनका घटना उजागर गर्ने गरेको छ। मानव अधिकारको प्रत्याभूति, सम्मान र कानुनी राज्य स्थापना गर्ने कार्यमा इन्सेकको महत्वपूर्ण भूमिका छ। सो क्षेत्रमा सक्रिय भूमिका खेल्ने व्यक्ति/संस्थालाई प्रोत्साहन र उल्लङ्घन गर्ने व्यक्ति/संस्थालाई सुधार गर्ने अवसर सिर्जना गर्न प्रभावकारी अनुगमन जरुरी छ।

**विष्णुबहादुर थापा**
प्रमुख जिल्ला अधिकारी, बागलुङ

वर्ष पुस्तक मानव अधिकारको अवस्थाबारे जानकारी दिने महत्वपूर्ण दस्तावेजका रूपमा छ। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अभिलेखीकरणबाट मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति हुनुका साथै सामाजिक न्याय स्थापनाका लागि सरोकारवालालाई अझ संवेदनशील भई कार्य गर्न अभिप्रेरित गरेको छ।

**डिलकुमारी शर्मा**
महिला विकास अधिकृत, महिला तथा बालबालिका कार्यालय, बागलुङ

वर्ष पुस्तक प्रकाशनले मानव अधिकार उल्लङ्घनका घटनामा कमी ल्याओस् भन्ने चाहन्छु। यस पुस्तकमा घटना सङ्ख्या बढाउनेभन्दा वास्तविक मानव अधिकार उल्लङ्घनका घटनालाई थप उजागर गर्नुपर्ने देखिन्छ। साथै पीडितको न्यायमा पहुँच र पीडितमैत्री न्याय प्रणालीको विकास होस् भन्ने चाहन्छु।

**दीपक रेग्मी**
एसपी, जिल्ला प्रहरी कार्यालय, बागलुङ

मानव अधिकारसँग सम्बन्धित विभिन्न घटना सङ्कलन गरी इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तकले राज्यलाई सचेत बनाउने एवम् मानव अधिकारको सम्बन्धमा सजग गराउने कार्य गरेको छ।

**राजेश पन्थी**
प्रमुख जिल्ला अधिकारी, पर्वत

देशभित्र भएका मानव अधिकार उल्लङ्घनका घटना समेटेर प्रत्येक वर्ष प्रकाशित हुने मानव अधिकार वर्ष पुस्तक आफैंमा एउटा बृहत् दस्तावेज हो। जसले मानव अधिकार उल्लङ्घन र अपराधलाई फरक गर्दै वास्तविक पीडितसमक्ष पुगी घटनाको सत्य र तथ्य बुझी घटना प्रकाशित गर्ने हुँदा यस्ता घटना कम गराउन सहयोग पुग्छ।

**दिलिप घिमिरे**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, पर्वत

पुस्तकमा समेटिने सामाजिक घटना अध्ययनबाट मुलकमा बढ्दो क्रममा रहेका अपराधको स्थिति, त्यसका कारण र निराकरणका उपायसमेत सुझाउन महत्वपूर्ण ठानेको छु। मूलभूतरूपमा शान्ति सुरक्षा, अमनचयन कायम राखी अपराधविहीन समाजको परिकल्पना गर्न यो सहायकसिद्ध हुने विश्वास छ।

**गोविन्द आचार्य**
स्रेस्तेदार, गोरखा जिल्ला अदालत

वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटना समेटेर तथ्याङ्क राख्नु राम्रो पक्ष हो। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीबाहेक अन्य घटना पनि पुस्तकमा समेट्न सके अझै राम्रो हुन्थ्यो।

**किशोरजङ्ग थापा**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा, गोरखा

वर्ष पुस्तकमा बढ्दो बेरोजगारी, वैदेशिक रोजगार, मानव बेचबिखन, बालबालिकाको शिक्षा, स्वास्थ्यलगायत विषय समेट्दै प्राप्त सूचना र घटनालाई तथ्यपरक र प्रमाणिक बनाउन आवश्यक छ। यसो गर्न सकियो भने यस क्षेत्रमा अध्ययन विश्लेषण, अन्वेषणका लागि सहयोगी हुने र कार्यान्वयनमा लैजान पनि अनुकूल हुनेछ।

**रमेश अधिकारी**
उपप्राध्यापक, गोरखा क्याम्पस, गोरखा

देश सङ्घीयतामा गएपछि वर्ष पुस्तकले प्रत्येक स्थानीय तहका घटना विवरण सङ्कलन गर्न सक्नुपर्छ। ग्रामीण भेगमा भएका घटना अझै पनि कति प्रहरीसमक्ष नआउने र दर्ता गर्न हिच्किचाउने गरेको पाइन्छ। पुस्तकले यसतर्फ जोड दिनुपर्छ अब।

**भेषराज रिजाल**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, गोरखा

पछिल्लो समय नेपालमा राजनीतिक आन्दोलनको समाप्तिपछि आर्थिक, सामाजिक र सांस्कृतिक आन्दोलन र तत्तत् क्षेत्रका अधिकारबारे बढी वकालत भएको पाइन्छ। जनजीविकासँग प्रत्यक्ष सम्बन्धित आर्थिक, सामाजिक र सांस्कृतिक कुरा, जातीय विभेद, लैङ्गिक हिंसा, शिक्षा, स्वास्थ्य र खाद्य अधिकारलगायतका विषयमा बढी वकालत आवश्यक हुन्छ।

**केदार सिग्देल**
अध्यक्ष, नेकपा एमाले, तनहुँ

वर्ष पुस्तक देशको मानव अधिकार अवस्थाको ऐना भएको हुँदा यो आफैँमा तथ्यपरक र निष्पक्ष हुनुपर्छ। यो एउटा आधारस्तम्भ भएको हुँदा राजनीतिक पूर्वाग्रह प्रेरित हुनुहुँदैन। साथै पुस्तकमा जनताको आधारभूत अधिकारका विषयलाई पनि जोडदाररूपमा उठाउनुपर्छ।

**अतिन्द्रकेशरी न्यौपाने**
सदस्य, केन्द्रीय महाधिवेशन आयोजक समिति, नेकपा माओवादी केन्द्र

सशस्त्र द्वन्द्वका समयमा भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको इन्सेकले वर्ष पुस्तकमा अभिलेखीकरण गरेकै कारण सरकारलाई राहत तथा पुनर्स्थापनाका कार्यक्रममा सहयोग पुगेको छ। कतिपय जिल्लामा द्वन्द्वपीडित पहिचान गर्न वर्ष पुस्तकलाई नै आधार मान्ने गरिएको छ। यो नै वर्ष पुस्तकका सन्दर्भमा सबैभन्दा महत्वपूर्ण अवसर हो।

**तुल्सीराम पौडेल**
निमित्त प्रमुख जिल्ला अधिकारी, तनहुँ

वर्ष पुस्तक निकै उपयोगी र सूचनामूलक छ। अझै बढी त सञ्चारकर्मीका लागि बहुउपयोगी छ। विगतको द्वन्द्वका क्रममा भएका घटनाबारे अहिले समाचार बनाउनुपरेमा पत्रकारको भरपर्दो स्रोतका रूपमा वर्ष पुस्तक नै रोजिन्छ। पुस्तक थप परिमार्जित र परिस्कृतरूपमा आओस्।

**ओमकार आचार्य**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, तनहुँ शाखा

मानव अधिकार हनन गतिविधि सङ्गालोका रूपमा रहेको यस पुस्तक मानव अधिकार सम्बन्धमा जान्न चाहने जोकोहीका लागि दरिलो खुराक भएको छ। पुस्तक प्रकाशनबाट मानव अधिकार हननका घटनामा कमी आउनुका साथै घरेलु हिंसामा परेका महिला तथा बालबालिकाको स्थिति उजागर भई राज्यलाई यस्ता क्षेत्रमा नीति नियम एवम् कार्यक्रम सञ्चालन गर्न सहयोग पुग्ने अपेक्षा छ।

**सीताकुमारी सुन्दास**
प्रमुख, जिल्ला समन्वय समितिको कार्यालय, स्याङ्जा

वर्ष पुस्तक नेपालको मानव अधिकारको क्षेत्रमा अत्यन्त महत्वपूर्ण र मानव अधिकारसँग आबद्ध सम्पूर्ण पक्षलाई नभईनहुने सामग्रीका रूपमा देखिएको छ। नेपाल प्रहरीले मानव अधिकार सम्बर्द्धन र प्रवर्धनमा गरेको प्रयासलाई समेत यो पुस्तकले उजागर गर्दै जाने विश्वास छ।

**प्रदीपकुमार श्रेष्ठ**
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, स्याङ्जा

राज्यको उपस्थिति नपुगेको ठाउँमा राज्यको मूल प्रवाहमा आउन नसकेका सीमान्तकृत वर्ग, समुदाय, जाति, लिङ्ग आदि क्षेत्रमा आफ्नो उपस्थिति जनाइ त्यहाँको मानव अधिकारको अवस्था उजागर गर्न वर्ष पुस्तकको भूमिका केन्द्रित हुनुपर्छ।

**नन्दप्रसाद आचार्य**
स्रेस्तेदार, जिल्ला अदालत, स्याङ्जा

मानवका हक अधिकार सुनिश्चित गर्नका लागि उसले गरेका दुर्व्यवहार उतार्ने हुँदा यस पुस्तकको महत्व ठूलो छ। पुस्तकभित्रका लेख सदाझैँ निष्पक्ष तथा यथार्थतामा आधारित होउन् भन्ने कामना छ।

**कृष्णबहादुर केसी**
सभापति, नेपाली काङ्ग्रेस जिल्ला कार्यसमिति, कास्की

द्वन्द्वपीडितको सवाल, खाद्यान्न अभाव, छाउपडी, कथित बोक्सीको आरोप, धामीझाँक्री प्रथा अझै हट्न सकेको छैन। देशका केही ठाउँमा अझै मुखिया प्रथा कायम छ। मुक्त कमैया र हलियालाई व्यवस्थित गर्न सकिएको छैन। कतिपय ठाउँमा छुवाछुत प्रथा कायमै छ। यस्ता सवाल वर्ष पुस्तकमा समेटिनुपर्छ।

**बखानसिङ तमु**
संयोजक, नेकपा माओवादी केन्द्र, कास्की

वर्ष पुस्तकले नेपालको मानव अधिकारको अवस्था, राज्यको मानव अधिकारप्रतिको संवेदनशीलता तथा सरोकारवालाको मानव अधिकारप्रतिको चेतना

उत्खनन् गर्ने प्रयत्न गरेको छ। अधिकारको साथमा कर्तव्यलाई पनि प्रवर्धन गर्नु उचित होला।

**खगराज आचार्य**
मानव अधिकारकर्मी, पोखरा

वर्ष पुस्तक नेपालको समग्र मानव अधिकारको अवस्थासम्बन्धी सशक्त सूचना प्रवाहको माध्यम बनिरहेको अनुभूति भएको छ। साथै यो जिम्मेवार निकायलाई मानव अधिकारप्रति जवाफदेही बनाउन पनि महत्वपूर्ण माध्यम बनेको छ। असल र सभ्य समाज निर्माणको आधारशीला भनेको न्याय र समानताको हक अधिकारमा सबैको समान पहुँच पुग्नु हो। वर्ष पुस्तक त्यसैतर्फ केन्द्रित छ भन्ने लाग्छ।

**कृष्ण थापा**
अध्यक्ष, नेकपा एमाले, कास्की

वर्ष पुस्तकले जिल्लाको मानव अधिकारको अवस्था जान्न/बुझ्न धेरै सहज बनाएको छ। इन्सेकले ल्याएको अभिलेखका आधारमा जिल्लामा मानव अधिकारको अवस्था सुधारका लागि के गर्ने भनी कार्ययोजना बनाउन सकिन्छ। अहिले पनि अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकले पाउनुपर्ने सुविधा व्यावहारिकरूपमा पाउन सकेका छैनन्। यस विषय पनि पुस्तकमा समावेश गरिनुपर्छ।

**मेघराज शर्मा**
वरिष्ठ पत्रकार, पाल्पा

वर्ष पुस्तक मुलुकको मानव अधिकारको साझा दस्तावेज बनेको छ। यसले मुलुकको मानव अधिकारको अवस्थालाई राष्ट्रिय र अन्तर्राष्ट्रियकरण गरेर, राज्यलाई दबाब सिर्जना गरेर, पीडितलाई न्याय दिलाउनका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको महसुस भएको छ।

**शिवराज सुवेदी**
प्रमुख, बुटवल उपमहानगरपालिका, रूपन्देही

वर्ष पुस्तकले मानव अधिकार अवस्थाको लेखाजोखा गर्दै मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको यथार्थता उजागर गरी आमनागरिकको मौलिक हक तथा मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनमा सरोकारवाला राज्य एवम् गैरराज्य पक्षलाई हरपल सजग र सचेत बनाइराख्न निर्वाह गरेको भूमिका प्रशंसनीय छ।

**पवनकुमार भट्टराई**
डिएसपी, इलाका प्रहरी कार्यालय बुटवल, रूपन्देही

इन्सेकले नियमितरूपमा प्रकाशन गर्दै आएको वर्ष पुस्तकले नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म सातवटै प्रदेशको समग्र मानव अधिकारको अवस्था र जिल्लागतरूपमा विगतका वर्षमा भएका गम्भीर मानव अधिकार उल्लङ्घनका घटनालाई आमनेपाली जनमानसमा छर्लङ्ग बनाइदिएको छ। जसबाट राज्य र त्यसका निकायलाई आफ्नो दायित्व र कर्तव्यप्रति उत्तरदायी बन्न सहयोग पुगेको छ।

**शिवप्रसाद गौडेल**
अधिवक्ता तथा संयोजक, जवाफदेहिता निगरानी समिति, रूपन्देही

वर्ष पुस्तक सूचनामूलक र उपयोगी छ। समाजमा हुने यस्ता घटनाको अभिलेख अवस्था विश्लेषण गर्न उपयोगी हुन्छ नै, साथै मानव अधिकारको अवस्था र प्रवृत्ति जान्न तथा सरकारी तथा अन्य क्षेत्रका सरोकारवाला पक्ष पहिचान गर्नसमेत वर्ष पुस्तक सहयोगी हुने अपेक्षा छ। अब वर्ष पुस्तक पनि सङ्घीय ढाँचाअनुसार आउनु उपयुक्त हुनेछ।

**रमेशकुमार केसी**
प्रमुख जिल्ला अधिकारी, बाँके

वर्ष पुस्तकले विगतमा झैं मानव अधिकारको क्षेत्रमा खोज, अनुसन्धान तथा प्रवृत्ति आकलन गरेर अनुसन्धानकर्ता तथा मानव अधिकारकर्मीलाई सहयोग पुऱ्याउने नै छ भन्ने अपेक्षा छ। यस्ता घटनाको अभिलेखीकरण दूरदराज र ग्रामीण भेगका अझै बढी समावेश हुन सके सुनमा सुगन्ध हुने देखिन्छ।

**मुरारीप्रसाद खरेल**
क्षेत्रीय निर्देशक, राष्ट्रिय मानव अधिकार आयोग, नेपालगन्ज

वर्ष पुस्तकले राज्यले गर्नुपर्ने काम गरेको छ। यस पुस्तकले जिम्मेवार निकायलाई जवाफदेही बनाउन सहयोग पुऱ्याएको छ। इन्सेकको प्रतिवेदनले महिला तथा बालबालिका बढी पीडित भएको देखाएको छ। जुन गम्भीर पक्ष हो।

**शङ्करबहादुर थारू**
संयोजक, जिल्ला समन्वय समिति, बर्दिया

वर्ष पुस्तक जिल्लासँगै देशकै मानव अधिकार अवस्थाको दस्तावेज हो। बलात्कार घटनामा प्रहरीकोमा उजुरी दर्ता गर्न ढिलो भएको पुस्तक अध्ययनबाट थाहा हुन्छ। घटनाका प्रमाण नष्ट हुने र पीडितले न्याय पाउने सम्भावना कम हुने अवस्था आउन नदिन विशेष सतर्कता आवश्यक छ।

**गञ्जबहादुर एमसी**
सहायक प्रमुख जिल्ला अधिकारी, बर्दिया

मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना सङ्कलन र अभिलेखीकरण गर्ने इन्सेकको कार्य उदाहरणीय छ। वर्ष पुस्तकमा कानुनीरूपमा दर्तामा आएका घटना र पहुँचमा भएका घटनामात्रै आएको देखिन्छ। यसबाहेकका घटनामा पनि ध्यान दिनु आवश्यक छ।

**विष्णुप्रसाद तिमिल्सिना**
अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ, बर्दिया

वर्ष पुस्तक मुलुककै मानव अधिकार दस्तावेज हो। यसमा समेटिने घटनामा संवेदनशील हुन आवश्यक छ। फौजदारी कानुनअन्तर्गत अदालतमा मुद्दा चल्नुपर्ने कतिपय घटना पनि समाजमै मिलाउने गरेको पाइन्छ। यो अति गम्भीर विषय हो। यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

**नरेन्द्र शर्मा**
अध्यक्ष, उपभोक्ता हित संरक्षण मञ्च, बर्दिया

इन्सेकले निरन्तररूपमा २६ वर्षदेखि प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकले हरेक वर्ष समाजमा भइरहेका घटना अभिलेखीकरण गरी मानव अधिकारको अवस्थाबारे जानकारी दिँदै आएको छ। यसमा समेटिएका घटनाका विवरणगत र तथ्याङ्कगत सूचना पत्रकारलाई समाचार सङ्कलन र लेख्नका पनि सहयोगी बन्दै आएका छन्।

**राजेन्द्र धिताल**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ शाखा, बर्दिया

इन्सेकद्वारा प्रकाशित हुँदै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालको मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। यो अधिकारका क्षेत्रमा नेपालको दस्तावेज नै बनेको छ। आर्थिक अधिकारलाई पनि यसमा महत्वका साथ उल्लेख गर्न जरूरी छ।

**बालकृष्ण वली**
संयोजक, बर्दिया नागरिक समाज सञ्जाल, बर्दिया

इन्सेकले गाउँ/बस्ती गई मानव अधिकार उल्लङ्घनका घटनाका विषयमा अध्ययन, अनुसन्धान गरी सत्यतथ्य उजागर गरी समाजको ऐनाको रूपमा काम गरिरहेको छ। धेरै मेहनत गरेर यो पुस्तक तयार पारिने भएकाले यसमा संलग्न मानव अधिकार उल्लङ्घनका घटना यथार्थ लाग्छन्।

**जङ्गबहादुर खड्का,**
उपाध्यक्ष, बर्दिया जिल्ला अदालत बार एसोसिएसन

मानव अधिकार अवस्थाको दस्तावेजका रूपमा रहेको वर्ष पुस्तकमा समेटिने मानव अधिकार उल्लङ्घनका घटना अझै पनि अपूरा छन्। आगामी दिनमा सूचनाको हक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारका साथै व्यक्तिगत हत्याका घटना पनि समेट्नुपर्छ।

**गणेशकञ्चन भारती**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ शाखा, सुर्खेत

मानव अधिकार उल्लङ्घनका घटनाका साथै व्यक्तिगत हत्याका घटना अभिलेखीकरण गरी दोषीलाई कारबाहीको दायरा तथा पीडितलाई न्याय दिलाउनेतर्फ इन्सेकले थप जिम्मेवारीका साथ भूमिका निर्वाह गरोस्।

**नन्द भण्डारी**
अध्यक्ष, जिल्ला बार एसोसिएसन, सुर्खेत

मुलुकको समग्र मानव अधिकारको दस्तावेजका रूपमा रहेको वर्ष पुस्तक तटस्थ, वस्तुपरक र निष्पक्ष हुनुपर्छ। यसलाई मध्यनजर गर्दै वर्ष पुस्तकले आगामी दिनमा मानव अधिकार संरक्षण सम्वर्द्धनमा थप जिम्मेवारी बहन गरोस्।

**अनन्त पौडेल**
कोषाध्यक्ष, नेपाली काङ्ग्रेस जिल्ला कार्यसमिति, सुर्खेत

नेपालको मानव अधिकार अवस्थाबारे विस्तृत विवरण प्रकाशन गर्दै आएको वर्ष पुस्तक समयसापेक्ष, परिष्कृत र जनताको विश्वसनीय बन्नेतर्फ अग्रसर बन्दै जाओस्।

**धुव्रकुमार शाही**
अध्यक्ष, नेकपा एमाले जिल्ला कमिटी, सुर्खेत

वर्ष पुस्तक नेपालको मानव अधिकारको समग्र अवस्था चित्रण गर्न सफल छ। यसले देशभर कुन कुन पक्षबाट मानव अधिकार उल्लङ्घन हुँदै आएको छ भन्ने जानकारी निकै राम्रोसँग दिने भएकाले प्रभावकारी पनि छ।

**कमल थपलिया**
कार्यालय सचिव, स्थानीय शान्ति समिति, प्यूठान

मानव अधिकार हनन र उल्लङ्घनका घटना समेटेर हरेक वर्ष प्रकाशन हुने मानव अधिकार वर्ष पुस्तकले देशको मानव अधिकारको यथार्थ चित्रण गर्ने गरेको छ। प्रकाशित घटना जिल्लाबाट सम्पादन भई आवश्यक सुझावसमेत समेटिएर सत्यतथ्यमा आधारित भई आउने भएकाले यो महत्वपूर्ण दस्तावेज बन्न सकेको छ।

**पार्वता आचार्य**
संयोजक, जिल्लास्तरीय मानव अधिकार सञ्जाल, प्यूठान

इन्सेकले प्रकाशन गर्ने वर्ष पुस्तक मुलुककै मानव अधिकार अवस्थाको दस्तावेजका रूपमा छ। समग्र मुलुकको मानव अधिकार उल्लङ्घनको अभिलेखीकरण भूमिकामा यसले गर्दै आएको कार्य सराहनीय पक्ष हो।

**विजयसिंह भारती**
सचिव, नेपाल पत्रकार महासङ्घ, प्यूठान

वर्ष पुस्तक प्रकाशनबाट नागरिकलाई मानव अधिकार प्रत्याभूतिका लागि सचेतीकरण र पैरवी हुँदै आएको छ। मानव अधिकार उल्लङ्घनका घटनाको विवरण तयार गर्ने क्रममा सरोकारवालासँग पर्याप्त छलफल एवम् अन्तरक्रिया गर्ने गरेको पाइन्छ। जसले घटनाक्रमको विश्वसनीयतासमेत बढाएको छ।

**बिश्वराज न्यौपाने**
प्रमुख जिल्ला अधिकारी, दैलेख

वर्ष पुस्तकमा छापिएका मानव अधिकार हननका घटनामध्ये कतिपय अवस्थामा आरोपित व्यक्ति निर्दोष ठहरिन सक्ने भएकाले अदालती न्याय निरूपण प्रक्रिया पूरा भइसकेका वा फैसला भइसकेका घटनामात्र उल्लेख गरिएको भए राम्रो हुन्थ्यो।

**यामराज थापा**
अध्यक्ष, बार एसोसिएसन, दैलेख

वर्ष पुस्तकमा मानव अधिकार हननका घटना प्रकाशन हुँदा धेरै पीडितहरूले न्याय महसुस गरेको पाएकी छु। बलात्कार तथा यौनजन्य घटनामा पीडितको नाम गोप्य राखिए पनि आफूलाई पीडा पुऱ्याउने पीडकको नाम सार्वजनिक भएबाट न्यायिक निकायबाट पाएको न्यायसरहकै अनुभूति गरेको म आफैँसँग धेरै व्यक्तिले सुनाएका छन्।

**गीता बुढा**
निमित्त महिला विकास अधिकृत, दैलेख

मानव अधिकार हननका घटना अभिलेखीकरण गरेर इन्सेकले राज्यको कार्यलाई सघाएको छ। सरकारी संयन्त्रले गरेको भए राज्य पक्षको कमजोरी औँल्याउने आँट गर्न सक्दैनथे। जुन काम इन्सेकबाट वर्ष पुस्तकमार्फत हुन सकेको छ।

**रेखा थापा**
स्ववियू सभापति, नारायण क्याम्पस, दैलेख

इन्सेकले लामो समयदेखि निरन्तररूपमा प्रकाशन गर्दै आएको वर्ष पुस्तक मुलुकको मानव अधिकार स्थितिलाई सबैको गम्भीर सरोकारको विषय बनाउन सफल भएको छ। वर्ष पुस्तकमा मानव अधिकारसम्बन्धी तथ्य र तथ्याङ्कको प्रस्तुतिले मानव अधिकार संरक्षण एवम् प्रवर्धन गर्नुपर्ने कर्तव्य भएका निकाय, अधिकारी र सरोकारवालालाई आफ्नो कार्यप्रति समीक्षा र मूल्याङ्कन गरी कर्तव्य निर्वाह गर्न क्रियाशील हुन दबाब सिर्जना भएको छ।

**मदनबहादुर धामी**
न्यायाधीश, जिल्ला अदालत, सल्यान

इन्सेकले वर्षैपिच्छे प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तक नियमित अध्ययन गर्छु। यस पुस्तकले मानिस भएर जन्म लिएपश्चात मानवका नाताले उपभोग गर्न पाउने मानिसका विभिन्न अधिकार नेपालमा कुन कुन पक्षबाट कसरी हनन भएको छ भन्ने छर्लङ्ग पार्ने गरेको छ।

**भरतबहादुर बिक**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, सल्यान

वर्ष पुस्तकले मानव अधिकार संरक्षण र सम्बर्द्धनमा सहयोग पुऱ्याएको छ। संरक्षणकर्ताको

मनोबल बढदै र संरक्षण गर्न सहजता गर्दै आएको छ भने अर्कोतर्फ हनन गर्न सक्ने क्षेत्रको मनोबल घट्दै आएको देखिन्छ।

**कमलप्रसाद नेपाल**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, हुम्ला

मानव अधिकार वर्ष पुस्तक इन्सेकले लामो समयदेखि समाजसँग जोडिएका महिला हिंसालगायतका अन्य विषय समावेश गरी लिपिबद्ध गर्दै आएकामा आगामी वर्षहरूमा पनि निरन्तरताको कामना छ।

**दानबहादुर रावत**
निमित्त स्रेस्तेदार, जिल्ला अदालत, हुम्ला

इन्सेकले कार्यक्षेत्र विस्तार गरी गाउँगाउँमा भएका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना सङ्कलन गर्नुपर्छ। यस जिल्लाका मुख्य समस्या शिक्षा, स्वास्थ्य र खाद्य सुरक्षाका विषयमा समेत वर्ष पुस्तकमा विशेष चर्चा गरियोस्।

**ऋद्धिप्रकाश सिटौला**
निमित्त प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, हुम्ला

वर्ष पुस्तकबाट पीडकलाई पनि मानव अधिकार उल्लङ्घन गर्नुहुँदैन भन्ने बोध हुन्छ। विकट र दुर्गमका नागरिकले मानव अधिकारका सवाल उपभोग गर्न पाएका छन् कि छैनन् भन्ने विषय वर्ष पुस्तकमा समावेश गर्न उत्तिकै आवश्यक छ।

**दामोदर भण्डारी**
सांसद, प्रतिनिधि सभा, बैतडी

मानव अधिकार उल्लङ्घनका घटनाको सत्यतथ्य रिपोर्टिङले पीडितलाई न्याय र पीडकलाई सजाय हुने हुनाले इन्सेक यसमा विशेष चनाखो हुन जरूरी छ। मानव अधिकार उल्लङ्घन विवरणले मानव अधिकार उल्लङ्घन गर्नुहुँदैन भन्ने नागरिकमा बोध गराउन सक्नु यसको विशेषता हो।

**विष्णुप्रसाद गौतम**
न्यायाधीश, जिल्ला अदालत, बैतडी

वर्ष पुस्तकमा उल्लङ्घनका घटना समावेश गरेर मानव अधिकार उल्लङ्घन गरे सर्वजनिकरूपमा बदनाम र खोट लाग्छ भन्ने बोध हुने हुँदा भएका घटना सबैसामु ल्याउन जरूरी देखिन्छ। जातजाति, लिङ्ग, वर्ग, क्षेत्र, भाषा, धर्मका आधारमा हुने भेदभाव, छुवाछूत, शोषण, हिंसा, दुर्व्यवहारको अन्त्यलगायतका सवालमा सैद्धान्तिकरूपमा होइन, व्यवहारमा परिणत गर्न यो पुस्तकले जोड दिनुपर्छ।

**सिद्धराज जोशी**
प्रमुख जिल्ला अधिकारी, बैतडी

मानव अधिकारको विश्वव्यापी घोषणापत्रले अङ्गीकार गरेका मानव अधिकारका आधारभूत मान्यताहरूको संरक्षण, सम्वर्धन र प्रचलनका लागि वर्ष पुस्तक एक प्रमुख सन्दर्भ सामग्रीका रूपमा छ।

**हेरम्ब शर्मा**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, बैतडी

सबै नागरिकले आफ्नो अधिकार उपभोग गर्नुका साथै अर्काको अधिकारबारे पनि जिम्मेवार हुन त्यत्तिकै जरूरी छ। मानवता र मानव अधिकार जोडिएका विषय हुन्।

**नरेन्द्र नापा**
सभापति, नेपाली कङ्ग्रेस, बैतडी

वर्ष पुस्तकले पीडितलाई राहत पुग्ने र मानव अधिकारका सवालमा आमजनतालाई सचेत गराउन महत्वपूर्ण भूमिका खेलेको महसुस गरेकी छु। उजागार हुन नसकेका बढीभन्दा बढी मानव अधिकार उल्लङ्घनका घटनालाई पुस्तकमा समेट्न सके यसको महत्व अझै बढ्नेछ।

**भारती सिंह**
अध्यक्ष, महिला मानव अधिकार रक्षक सञ्जाल, कञ्चनपुर

वर्ष पुस्तकले नेपालको मानव अधिकार अवस्थाका विषयमा जानकारी दिनुका साथै मानव अधिकार पालना गर्न सरोकारवालालाई सचेत गर्ने गरेको छ। मानव अधिकारको अवस्था अध्ययन तथा अनुसन्धान गर्न चाहने र सरोकारवालाका लागि यो स्रोत सामग्रीका रूपमा उपयुक्त छ।

**ज्ञानवहादुर सेठी**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर

इन्सेकले तथ्य सङ्कलनमा मेहनत गर्ने गरेका कारण पुस्तकमा समेटिएका विषयवस्तु र घटना विश्वसनीय छन्। मानव अधिकार अवस्थाका विषयमा

जानकारी लिन पुस्तक उपयोगी दस्तावेजका रूपमा देखिन्छ।

**खेमराज भट्ट**
जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, कञ्चनपुर

वर्ष पुस्तकले देशभरको मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनाको सत्यतथ्य जानकारी सबै सरोकारवालालाई सुसूचित गराएर मानव अधिकारको रक्षा गरेको छ। प्रदेश नम्बर ७ मा विभिन्न कारणले भएका उल्लङ्घनका घटना पनि यसमा प्रकाशन हुनु खुसीको कुरा हो।

**मोहनराज जोशी**
सहायक प्रमुख जिल्ला अधिकारी, कैलाली

देशभर भएका मानव अधिकार उल्लङ्घनका घटना उजागर गर्दै त्यस्ता घटना नियन्त्रण गर्न र मानव अधिकार उल्लङ्घनमा संलग्न व्यक्तिलाई सचेत एवम् दण्डित गराउन वर्ष पुस्तकले अहम् भूमिका खेल्दै आएको छ।

**प्रकाशबहादुर भण्डारी**
न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, कैलाली

वर्ष पुस्तकले मानव अधिकारलाई सशक्त र मजबुत बनाउन अहम् भूमिका खेलेको छ। यसले नागरिकलाई आफ्नो अधिकार बोध गराएको छ भने मानव अधिकार उल्लङ्घनका घटनामा कमी ल्याउन सघाएको छ।

**विनोद घिमिरे**
एसपी, जिल्ला प्रहरी कार्यालय, कैलाली

वर्ष पुस्तक आफैँमा मानव अधिकारको एक दस्तावेज हो। जसले थुप्रै मानव अधिकार उल्लङ्घन गर्ने व्यक्तिलाई सचेत गराउँछ। र, उनीहरूका लागि राम्रो मार्गनिर्दशन दिएको छ।

**हिमालय बिष्ट**
सचिव, जिल्ला बार एकाइ, कैलाली

वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटना लिपिबद्ध गर्ने गरेको छ। पुस्तकमा उठाइएका घटनाबाट हाम्रो समाजलाई कसरी रूपान्तरण गर्ने तथा प्रवर्धन गर्ने भन्ने विषयमा सहयोग पुग्छ।

**गम्भीरसिंह ऐर**
अधिवक्ता, कैलाली

वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनसम्बन्धी सत्यतथ्य घटना प्रकाशित गर्दै आएको छ। मानव अधिकार उल्लङ्घनका सवालमा अनुकरणीय खबर तथा विचार प्रकाशित गर्ने गरेको छ। जसले गर्दा नागरिकलाई आफ्ना अधिकार रक्षामा सघाउ पुगेको छ।

**देवराज भट्ट**
अधिवक्ता, कैलाली

वर्ष पुस्तकले जिल्लामा भएका मानव अधिकारसम्बन्धी घटना उजागर गर्नु राम्रो पक्ष हो। साथै आगामी दिनमा हुन सक्ने यस्ता घटनाका विषयमा सम्बन्धित निकायलाई समेत सचेत गराउन यसले सहयोग पुऱ्याउँदै आएको छ।

**टेकसिंह कुवर**
निमित्त प्रमुख जिल्ला अधिकारी, बझाङ

वर्ष पुस्तकले मानव अधिकारका क्षेत्रमा काम गर्ने सङ्घ/संस्था र पत्रकारलाई सहयोग पुगेको छ। किनकि पुस्तकले नेपालमा मानव अधिकारको अवस्था कस्तो छ भनेर छर्लङ्ग पार्दै आएको छ।

**जगदीश रोकाया**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा, बझाङ

विभिन्न जिल्लाका घटना दस्तावेजका रूपमा प्रकाशन गरी सार्वजनिकसमेत गर्ने गरेकाले वर्ष पुस्तक महत्वपूर्ण सामग्री बन्न सकेको छ। इन्सेकले गरेको यो कार्य यसै कारण सराहनीय छ।

**दमन भण्डारी**
सचिव, नेकपा एमाले, बझाङ

वर्ष पुस्तकले मुलुकको मानव अधिकारको विषयवस्तुमा वार्षिकरूपमा समीक्षा गरेको हुन्छ। यस पुस्तकले राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा मुलुकमा अपराध कति भयो र अपराधीलाई कानुनको दायरामा ल्याउन राज्य कति सफल भयो भन्नेसमेत जानकारी दिन्छ। जसले जवाफदेहिता बहनमा सघाउने गरेको छ।

**टोपबहादुर खड्का**
उपाध्यक्ष, नेकपा मओवादी केन्द्र, बझाङ

वर्ष पुस्तकले मानवताविरोधी सबैखाले महिला हिंसा, घरेलु हिंसा न्यूनीकरण गर्ने काममा टेवा

पुऱ्याएको छ। साथै सरकारलाई मार्गदर्शनसमेत गरेको छ।

**सुवास कठायत**
संवाददाता, कान्तिपुर टेलीभिजन, बझाङ

मानव अधिकार संरक्षण र सम्वर्द्धनका लागि वर्ष पुस्तकमा समेटिएका तथ्याङ्कले सघाउ पुऱ्याएका छन्। यसबाट समस्त पाठक वर्गले मानव अधिकारका विषयमा भए/गरेका त्रुटि र तिनको समाधानका लागि सरोकारवाला निकायले पनि आफूलाई सच्याउने मौका पाउने छन्। मानव अधिकारको चेतना ग्रामीण भेगका सीमान्तकृत वर्गसम्म पुऱ्याउन सके राम्रो हुन्थ्यो।

**लुकबहादुर क्षत्री**
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बाजुरा

वर्ष पुस्तक एकदमै राम्रो छ। पुस्तकमा घटनाको विवरण सही किसिमले आएको पाइन्छ। अझ कतै मानव अधिकार उल्लङ्घनका घटना लुकेका छन् कि ? इन्सेकले गाउँस्तरमा पुगेर ल्याउनु आवश्यक छ।

**नरेन्द्रकुमार रोकाया**
प्रमुख, जिल्ला समन्वय समिति, बाजुरा

वर्ष पुस्तकले लोकतन्त्र विस्तार, संविधानप्रदत्त मौलिक हक तथा मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्धनमा राज्य पक्ष र गैरराज्य दुवै पक्षलाई सजग र सचेत रहन प्रेरित गर्छ।

**कमला शाही**
महिला विकास अधिकृत, महिला तथा बालबालिका कार्यालय, बाजुरा

घटना सार्वजनिकसँगै अधिकारका सवालमा दुर्गम तथा स्थानीय तहमा थप जनाकारी प्रत्याभूत गर्न आवश्यक देखिन्छ। बाहिर आउन नसकेका घटनालाई पनि इन्सेकले बाहिर ल्याउन थप महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ।

**प्रकाशबहादुर सिंह**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, बाजुरा

वर्ष पुस्तक पीडितको पक्षमा रही प्रकाशनमात्र भइरहेको छैन, यसले उनीहरूको मानव अधिकार सुनिश्चितताका लागि पनि विशेष बहस र पैरवी गर्दै न्याय दिनमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ।

**कृष्ण ओली**
स्टेसन म्यानेजर, रेडियो बाजुरा

वर्ष पुस्तक सबैका लागि उपयोगी बनेको छ। मुलुकमा व्याप्त दण्डहीनता र कानुनी शासनको अभावमा मानव अधिकारको अवस्थामा सुधार आउन नसकेको कुरा विदितै छ। त्यस कारण मानव अधिकार वर्ष पुस्तकमार्फत न्यायिक स्वतन्त्रता दण्डहीनताको खबरदारी होस् र राज्यका हरेक निकायलाई जवाफदेहिता र जिम्मेवार बनाउन यस पुस्तकको महत्वपूर्ण भूमिका रहोस्।

**चक्रराज जोशी**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, डडेल्धुरा

देशभर भएका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना समेटेर हरेक वर्ष प्रकाशित हुने मानव अधिकार वर्ष पुस्तकले सम्बन्धित निकायलाई खबरदारी गर्ने कार्यमा प्रभावकारी भूमिका निर्वाह गर्दै आइरहेको छ। यो पुस्तक मानव अधिकारको क्षेत्रमा ऐतिहासिक दस्तावेज भएकाले यसलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक छ।

**डा. तारा जोशी**
अध्यक्ष, नेकपा एमाले, डडेल्धुरा

वर्ष पुस्तकले राज्यको पहुँचबाट विमुख, आर्थिक सामाजिक एवम् सांस्कृतिक उत्पीडन र विभेदमा परेका समुदायलाई मानव अधिकारको प्रत्याभूति दिलाउने दिशातिर उन्मुख हुने आशा र विश्वास लिएको छु।

**उत्तर बिष्ट**
केन्द्रीय सदस्य, नेपाल पत्रकार महासङ्घ

समग्र मुलुकको मानव अधिकार उल्लङ्घनको अभिलेखीकरणको भूमिका निर्वाह गर्दै आइरहेको वर्ष पुस्तक तथ्यपरक र विश्वसनीय छ। साथै इन्सेकले सत्य, तथ्य र निष्पक्षतामा ध्यान दिएर पुस्तकलाई विश्वसनीय दस्तावेजका रूपमा अगाडि ल्याउन सकोस्।

**हिक्मतबहादुर सिंह**
सचिव, नेपाल पत्रकार महासङ्घ, डडेल्धुरा

अनुसूची ६

# नेपाल मानव अधिकार वर्ष पुस्तक २०१८ तयारीका क्रममा संलग्न व्यक्तिहरू

## परिच्छेद लेखनमा संलग्न व्यक्तिहरू

**परिच्छेद १** : सन् २०१७ को मानव अधिकार स्थिति : समग्र मूल्याङ्कन
**लेखक** : विजयराज गौतम
कार्यकारी निर्देशक, इन्सेक

**सन् २०१७ : मानव अधिकार प्रतिविम्ब**
**संयोजन** : विमलचन्द्र शर्मा

**परिच्छेद २**
२.१ **न्यायपालिका**
**लेखक** : तेजमान श्रेष्ठ
२.२ **कार्यपालिका**
**लेखक** : यज्ञप्रसाद अधिकारी
२.३ **व्यवस्थापिका**
**लेखक** : प्रा. डा. रामकुमार दाहाल

**परिच्छेद ३**
**३.१ अति सीमान्तकृतको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था : पाँचथरका माझी**
**लेखक** : मङ्गल बेघा
**३.२ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कसीमा महोत्तरीका मुसहर**
**लेखक** : अजयकुमार साह
**३.३ रसुवाको भूकम्प : सकसमा विस्थापन र पुनर्स्थापना**
**लेखक** : हेमनाथ खतिवडा
**३.४ केन्द्रविन्दु गोरखा : भूकम्पपछिको सुस्त पुनर्निर्माण**
**लेखक** : हरिराम उप्रेती
**३.५ बर्दियाका बाढीपीडित : पुनर्स्थापनाको बेवास्तामा**
**लेखक** : मानबहादुर चौधरी
**३.६ कालीकोटमा कुपोषण : बालबालिकामा परेको असर**
**लेखक** : कालीबहादुर मल्ल
**३.७ बालविवाह : बैतडीको अवस्था**
**लेखक** : नरीदत्त बडु

## जिल्ला प्रतिनिधिहरू

### प्रदेश १

| | | |
|---|---|---|
| १.१ | ताप्लेजुङ | - देवराज गुरुङ |
| १.२ | सङ्खुवासभा | - बाबुराम बास्तोला |
| १.३ | सोलुखुम्बु | - पासाङ बम्जन तामाङ |
| १.४ | ओखलढुङ्गा | - शिवप्रसाद ढुङ्गाना |
| १.५ | खोटाङ | - सुनिता मगर |
| १.६ | भोजपुर | - किरण राई |
| १.७ | धनकुटा | - सन्तोष रुचाल |
| १.८ | तेह्रथुम | - भगिश्वर लिम्बू |
| १.९ | पाँचथर | - मङ्गल बेघा |
| १.१० | इलाम | - कोकिला ढकाल |
| १.११ | झापा | - अर्जुनकुमार बस्नेत |
| १.१२ | मोरङ | - ईन्दिरा भट्टराई |
| १.१३ | सुनसरी | - शेखर ढकाल |
| १.१४ | उदयपुर | - भरत खड्का |

### प्रदेश २

| | | |
|---|---|---|
| २.१ | सप्तरी | - मनोहरकुमार पोखरेल |
| २.२ | सिरहा | - दुर्गा परियार |
| २.३ | धनुषा | - विनोदकुमार रविदास |
| २.४ | महोत्तरी | - अजय साह |
| २.५ | सर्लाही | - सन्तोष सिंह |
| २.६ | रौतहट | - विपीन गौतम |
| २.७ | बारा | - लक्ष्मी साह सोनार |
| २.८ | पर्सा | - कृष्णचन्द्र लामिछाने |

### प्रदेश ३

| | | |
|---|---|---|
| ३.१ | दोलखा | - उद्धव पोखरेल |
| ३.२ | सिन्धुपाल्चोक | - नातिबाबु धिताल |
| ३.३ | रसुवा | - हेमनाथ खतिवडा |
| ३.४ | धादिङ | - सीताराम अधिकारी |
| ३.५ | नुवाकोट | - नवदीप श्रेष्ठ |
| ३.६ | काठमाडौं | - सुभाष साह |
| ३.७ | भक्तपुर | - सविना केसी |
| ३.८ | ललितपुर | - केशवराज भट्ट |
| ३.९ | काभ्रेपलान्चोक | - भोजराज तिमल्सिना |
| ३.१० | रामेछाप | - नवराज पथिक |
| ३.११ | सिन्धुली | - विमला पाण्डे |

| | | |
|---|---|---|
| ३.१२ | मकवानपुर | - प्रताप विष्ट |
| ३.१३ | चितवन | - दीपेन्द्र अधिकारी |

**प्रदेश ४**

| | | |
|---|---|---|
| ४.१ | गोरखा | - हरिराम उप्रेती |
| ४.२ | मनाङ | - सुरेशकुमार थापा |
| ४.३ | मुस्ताङ | |
| ४.४ | म्याग्दी | - अमृतकुमार पौडेल |
| ४.५ | कास्की | - सङ्गीता भाट |
| ४.६ | लमजुङ | - दलबहादुर मजकोटी |
| ४.७ | तनहुँ | - प्रकाशचन्द्र भट्टराई |
| ४.८ | नवलपरासी पूर्व | - नारायण पराजुली |
| ४.९ | स्याङ्जा | - हिमलाल पराजुली |
| ४.१० | पर्वत | - किशोर सापकोटा |
| ४.११ | बागलुङ | - सिर्जना पन्त |

**प्रदेश ५**

| | | |
|---|---|---|
| ५.१ | रुकुम पूर्व | - मनिषा केसी |
| ५.२ | रोल्पा | - माधव कुमार ओली |
| ५.३ | प्यूठान | - रवीन्द्र पाण्डे |
| ५.४ | गुल्मी | - टोपलाल अर्याल |
| ५.५ | अर्घाखाँची | - नारायणप्रसाद भुसाल |
| ५.६ | पाल्पा | - यज्ञमूर्ति तिमिल्सिना |
| ५.७ | नवलपरासी पश्चिम | - नारायण पराजुली |
| ५.८ | रुपन्देही | - रीमा बिसी |
| ५.९ | कपिलवस्तु | - नन्दराम पौडेल |
| ५.१० | दाङ | - जयनारायण पुन |
| ५.११ | बाँके | - विनोद पाण्डे |
| ५.१२ | बर्दिया | - मानबहादुर चौधरी |

**प्रदेश ६**

| | | |
|---|---|---|
| ६.१ | डोल्पा | - विष्णुप्रसाद देवकोटा |
| ६.२ | मुगु | - जीवन सेजुवाल |
| ६.३ | हुम्ला | - नन्द सिंह |
| ६.४ | जुम्ला | - मानदत्त रावल |
| ६.५ | कालीकोट | - कालीबहादुर मल्ल |
| ६.६ | दैलेख | - अमर सुनार |
| ६.७ | जाजरकोट | - दिनेशकुमार श्रेष्ठ |
| ६.८ | रुकुम पश्चिम | - मनिषा केसी |
| ६.९ | सल्यान | - मीना बुढाथोकी |
| ६.१० | सुर्खेत | - दुर्गा थापा |

**प्रदेश ७**

| | | |
|---|---|---|
| ७.१ | बाजुरा | - पदमबहादुर सिंह |
| ७.२ | बझाङ | - प्रकाश बिक |
| ७.३ | दार्चुला | - नरेन्द्रसिंह कार्की |
| ७.४ | बैतडी | - नरीदत्त बडु |
| ७.५ | डडेल्धुरा | - भुपेन्द्र विष्ट |
| ७.६ | डोटी | - दीर्घबहादुर खत्री |
| ७.७ | अछाम | - शिवराज ढुङ्गाना |
| ७.८ | कैलाली | - रविना चौधरी |
| ७.९ | कञ्चनपुर | - कोमलनिरञ्जन भाट |

**सन्दर्भ सामग्री स्रोत**

इन्सेक पुस्तकालय

**फोटो स्रोत**

इन्सेक जिल्ला प्रतिनिधिहरू

## पुरस्कृत जिल्ला प्रतिनिधिहरू

यस वर्ष पत्येक प्रदेशबाट एक/एक जनालाई 'उत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। 'उत्कृष्ट जिल्ला प्रतिनिधि'लाई प्रशंसापत्र र ७ हजार रुपियाँ प्रदान गरिन्छ।

**प्रदेश १** : ईन्दिरा भट्टराई, मोरङ

**प्रदेश २** : मनोहरकुमार पोखरेल, सप्तरी

**प्रदेश ३** : सिताराम अधिकारी, धादिङ

**प्रदेश ४** : हरिराम उप्रेती, गोरखा

**प्रदेश ५**: टोपलाल अर्याल, गुल्मी

**प्रदेश ६** : नन्द सिंह, हुम्ला

**प्रदेश ७** : नरेन्द्रसिंह कार्की, दार्चुला

इन्सेक पुस्तक १८७/२०७४




नेपालको संविधानले तोकेको समयसीमाभित्र स्थानीय तह तथा प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन सम्पन्न भई परिणामसमेत प्राप्त भएको छ । मतदाताको उत्साहपूर्ण सहभागितामा सम्पन्न यी निर्वाचनले जनताको लोकतन्त्रप्रतिको आस्था र विश्वास उजागरमात्रै गरेको छैन, परिवर्तन र समृद्धिप्रतिको उत्कट चाहना पनि प्रस्फुटन भएको छ । लामो सङ्क्रमणकाल अन्त्यको दिशातर्फ देशलाई डोऱ्याउन यी निर्वाचनले महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा सर्वत्र गरिएको छ ।

लामो राजनीतिक सङ्क्रमणका नाममा देशले विकासको बाटो ठम्याउन सकेन । यसबीचमा राजनीतिक नेतृत्वले पटकपटक "सङ्क्रमणकाल" को बहाना बनाए र आफ्ना कमजोरीलाई ढाकछोप गर्ने प्रयास गरिरहे । सर्वसाधारण भने यसैमा चित्त बुझाएर बस्न बाध्य भए । अब गठन हुने सरकारले सङ्क्रमणकाल अन्त्य गरी देशलाई समृद्धिको मार्गतर्फ डोऱ्याउने आशा जनताले गरेका छन् ।

मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, काठमाडौँ
पत्र मञ्जुषा: २७२६, काठमाडौँ
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
इमेल: insec@insec.org.np
वेबसाइट: www.insec.org.np, www.inseconline.org

ISBN 978-9937-9239-0-3